# जिल्ला अदालतका

# फैसलाहरूको संगालो

## २०७०



**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

**हरिहरभवन, ललितपुर**

**२०७०**

# जिल्ला अदालतका फैसलाहरूको

## संगालो

## २०७०

प्रकाशक

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

हरिहरभवन, ललितपुर

**संकलन, सम्पादन तथा संयोजन:** श्री ज्योति पाण्डे, अनुसन्धान अधिकृत

**लेआउट/डिजाइन :** श्री विष्णुबहादुर बरुवाल, प्रकाशन सहायक

**प्रकाशक :** राष्ट्रिय न्यायिक प्रतिष्ठान
हरिहरभवन ललितपुर, नेपाल

**Library of Congress Control No.** N-2013-331907-S

**प्रकाशित :** ४०० प्रति

**सर्वाधिकार :** राष्ट्रिय न्यायिक प्रतिष्ठान
२०७०

**मुद्रक :** फरम्याट प्रिन्टिङ्ग प्रेस, हाँडीगाउँ, काठमाडौं

हरिहरभवन, ललितपुर, नेपाल
फोन नं. : ९७७-१-५५४९०५७, ५५४९०६७
फ्याक्स : ९७७-१-५५३०६६२
पोष्ट बक्स नं २४८६५

E-mail: info@njanepal.org.np
URL: www.njanepal.org.np

Hariharbhawan, Lalitpur, Nepal
Tel: 977-1-5549057, 5549067
Fax : 977-1-5530662
Post Box No.: 24865

# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

National Judicial Academy, Nepal

(Estd. under the National Judical Academy Act, 2006)

*"....committed to Excellency of Nepalese Law and Justice Sector."*


## मन्तव्य

जिल्ला अदालतबाट भएका फैसलाहरूबारे पक्ष वा निजको कानून व्यवसायी वा सरोकारवाला व्यक्ति र पुनरावेदन सुन्ने रोहमा पुनरावेदन अदालत वा सर्वोच्च अदालतबाट मात्र जानकारीमा राख्ने गरिन्छ । यही कुरालाई महसुस गरी जिल्ला अदालतका माननीय न्यायाधीशज्यूहरूबाट भएका फैसलाहरूमध्ये वहाँहरूलाई उत्कृष्ट लागेका कुनै पाँच फैसला २०६९ पौष मसान्तसम्म पठाई दिन भनी प्रतिष्ठानले अनुरोध गरेकोमा विभिन्न विषयका हामीलाई प्राप्त भएका फैसलाहरूको छनौट गर्दा तथ्यको प्रस्तुति, प्रमाणको मूल्याङ्कन, विवेचना एवं कानूनको उचित प्रयोग र व्याख्या, मेहनत, लगन, वस्तुनिष्ठता, भाषा, शैली र स्तर समेतलाई **विज्ञ समूहबाट** आधार बनाई छनौट भएबमोजिम फैसला प्रकाशन गर्ने गरिएको छ । फैसलाहरू माथिल्लो तहमा विचाराधीन रहेका पनि हुन सक्छन् । तसर्थ यसमा प्रकाशित भएकै आधारमा यी फैसलाउपर पुनरावेदन परेको अवस्थामा अन्यथा हुन नसक्ने भन्ने पनि होइन । छनौटमा नपरेका कतिपय फैसलाहरू प्रकाशित गर्न नसकिएकोमा हामीलाई खिन्नता महसुस भएको छ । अपितु समस्त फैसलाहरू हाम्रो अभिलेखमा सुरक्षित छन् र आवश्यकता अनुसार न्यायिक शिक्षाको लागि प्रयोग गर्न सकिने छ ।

जिल्ला अदालतका माननीय न्यायाधीशहरूका फैसला जनसमक्ष ल्याउने यो हाम्रा निरन्तर प्रयास हो । आगामी वर्षमा पनि धेरै भन्दा धेरै माननीय न्यायाधीशज्यूहरूको सक्रिय सहभागिता, सहयोग, सद्भाव र समर्थन हामीलाई प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं । यी प्रतिनिधिमूलक फैसलाले अदालतले गर्ने निर्णय, त्यसमा निहित कानूनको प्रयोग र व्याख्या, सम्बन्धित न्यायाधीशको तार्किकता, वस्तुनिष्ठता, मेहनत र लगन समेतलाई प्रतिविम्वित गरेको छ भन्ने लागेको छ ।

अन्त्यमा, यस प्रकाशनको लागि हौसला र प्रोत्साहन दिनु भएकोमा **का.मू . प्रधान न्यायाधीश सम्माननीय श्री दामोदर प्रसाद शर्माज्यूप्रति** हार्दिक आभार व्यक्त गर्दछु । संकलित फैसलाहरू प्रकाशनका लागि छनौट गरिदिनु हुने **सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरु प्रति** कृतज्ञता व्यक्त गर्दछु । प्रतिष्ठानको यस प्रयासमा आफ्ना फैसला पठाई सहयोग पुऱ्याउनु हुने **जिल्ला अदालतका माननीय न्यायाधीशज्यूहरु प्रति** पनि सराह्रना व्यक्त गर्दछु । यस प्रकाशनको कार्यमा आफ्ना अमूल्य परामर्श दिई हरतरहबाट प्रकाशन योग्य बनाउने प्रतिष्ठानका संबन्धित सबैप्रति र खासगरेर फैसला संकलन गरी सम्पादन संयोजन गर्ने अनुसन्धान अधिकृत श्री ज्योति पाण्डेलाई र प्रतिष्ठानका सवै सहयोगी मित्रहरुलाई धन्यवाद दिन चाहान्छु । अस्तु,

माघ, २०७०

(राघब लाल वैद्य)
कार्यकारी निर्देशक


हरिहरभवन, ललितपुर, नेपाल
फोन नं.: ०१-५५४९०५७, ०१-५५४९०६७
फ्याक्स ०१-५५३०६६२
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Hariharbhawan, Lalitpur, Nepal
Ph.: +01-5549057, +01-5549067
Fax: +01-5530662
Post Box No.: 24865

# विषय सूची


| सि.नं. | पक्ष/विपक्ष | न्यायाधीशको नाम | पृष्ठ |
|---|---|---|---|
| | **भाग - १ : फौजदारी मुद्दा** | | |
| | **कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, सवारी ज्यान, गर्भपतन, अपहरण, मानव बेचविखन तथा ओसार पसार** | | |
| १. | नेपाल सरकार विरुद्ध रामदेव मुखिया समेत | मा.जि.न्या.श्री बलभद्र बास्तोला | १-१२ |
| २. | नेपाल सरकार विरुद्ध सेतेमान वल समेत | मा.जि.न्या.श्री टेकनारायण कुँवर | १३-२८ |
| ३. | नेपाल सरकार विरुद्ध वेदराज तिमल्सेना समेत | मा.जि.न्या.श्री हरिप्रसाद वगाले | २९-४० |
| ४. | नेपाल सरकार विरुद्ध रामचन्द्र सरदार | मा.अ.जि.न्या.श्री ब्रजेश प्याकुरेल | ४१-४६ |
| ५. | नेपाल सरकार विरुद्ध रामेश्वर श्रेष्ठ समेत | मा.जि.न्या.श्री भोजराज अधिकारी | ४७-७० |
| ६. | नेपाल सरकार विरुद्ध मिरा परियार समेत | मा.जि.न्या.श्री डिल्लीरमण तिवारी | ७१-८२ |
| ७. | नेपाल सरकार विरुद्ध राजकुमार दर्लामी समेत | मा.जि.न्या.श्री माधवेन्द्रराज रेग्मी | ८३-९२ |
| ८. | नेपाल सरकार विरुद्ध कुमार चौधरी | मा.अ.जि.न्या.श्री ब्रजेश प्याकुरेल | ९३-९६ |
| ९. | नेपाल सरकार विरुद्ध राजकुमार सोना | मा.जि.न्या.श्री टेकनारायण कुँवर | ९७-११४ |
| | **जबरजस्ती करणी** | | |
| १० | नेपाल सरकार विरुद्ध विक्रम यादव | मा.जि.न्या.श्री राजेन्द्र खरेल | ११५-१२४ |
| ११ | नेपाल सरकार विरुद्ध शिव मण्डल समेत | मा.अ.जि.न्या.श्री ब्रजेश प्याकुरेल | १२५-१३२ |
| १२ | नेपाल सरकार विरुद्ध अनन्त राज मानन्धर समेत | मा.जि.न्या.श्री कुलप्रसाद शर्मा | १३३-१४६ |
| १३ | नेपाल सरकार विरुद्ध रञ्जित गिरी | मा.जि.न्या.श्री रमेशकुमार खत्री | १४७-१५६ |
| १४ | नेपाल सरसार विरुद्ध मोहम्मद सफिफ खान | मा.जि.न्या.श्री पूर्णप्रसाद बास्तोला | १५७-१६४ |
| १५ | नेपाल सरकार विरुद्ध शिवु मुखिया समेत | मा.जि.न्या.श्री रितेन्द्र थापा | १६५-१७६ |
| | **कुटपीट, अवैध वन पैदावार निकासी, बोक्सीको आरोप, यातना, लागु औषध, बहु विवाह, करकाप, किर्ते जालसाज, झुठ्ठा विवरण दिई नागरिकता लिएको** | | |
| १६ | नेपाल सरकार विरुद्ध होमबहादुर तुम्सिङ्ग मगर समेत | मा.जि.न्या.श्री टेकनारायण कुँवर | १७७-१८६ |
| १७ | बसन्त कुमार मण्डल विरुद्ध जुबेर अन्सारी समेत | मा.जि.न्या.श्री रितेन्द्र थापा | १८७-१९४ |
| १८ | नेपाल सरकार विरुद्ध देवीराम पन्थी | मा.जि.न्या.श्री माधवेन्द्रराज रेग्मी | १९५-२०२ |
| १९ | नेपाल सरकार विरुद्ध देवेन्द्र महतो समेत | मा.जि.न्या.श्री नारायणप्रसाद श्रेष्ठ | २०३-२०८ |
| २० | नेपाल सरकार विरुद्ध छविलाल घिमिरे समेत | मा.जि.न्या.श्री जगतनारायण प्रधान | २०९-२१८ |
| २१ | नेपाल सरकार विरुद्ध हेमराज नेम्बाङ्ग समेत | मा.जि.न्या.श्री गिरिराज गौतम | २१९-२२८ |

| | | | |
|---|---|---|---|
| २२ | नेपाल सरकार विरुद्ध काशीराम अधिकारी समेत | मा.जि.न्या.श्री भोजराज अधिकारी | २२९-२४४ |
| २३ | नेपाल सरकार विरुद्ध विष्णुकुमार सेढाईं समेत | मा.जि.न्या.श्री टेकनारायण कुँवर | २४५-२५४ |
| २४ | नेपाल सरकार विरुद्ध जुतती मण्डल समेत | मा.जि.न्या.श्री रितेन्द्र थापा | २५५-२६४ |
| २५ | गंगा गिरी विरुद्ध धनबहादुर गिरी | मा.जि.न्या.श्री कुलप्रसाद शर्मा | २६५-२७२ |
| २६ | बमबहादुर क्षेत्री विरुद्ध हविकला क्षेत्री | मा.जि.न्या.श्री लिप्तबहादुर थापा छेत्री | २७३-२७८ |
| २७ | शुक्रराज वाग्ले विरुद्ध विनोद अर्याल समेत | मा.जि.न्या.श्री लिप्तबहादुर थापा छेत्री | २७९-२८६ |
| २८ | अर्जुन गुरुङ्ग विरुद्ध बसन्तबहादुर कुँवर समेत | मा.जि.न्या.श्री भोजराज अधिकारी | २८७-२९४ |
| २९ | नविन कुमार झा विरुद्ध बलिराम राय भूमिहार समेत | मा.जि.न्या.श्री नरिश्वर भण्डारी | २९५-२९८ |
| ३० | किशोर गोदार विरुद्ध नारद उप्रेती समेत | मा.अ.जि.न्या.श्री ब्रजेश प्याकुरेल | २९९-३०४ |
| ३१ | नेपाल सरकार विरुद्ध चन्देश्वर शाह समेत | मा.अ.जि.न्या.श्री ब्रजेश प्याकुरेल | ३०५-३१० |
| ३२ | नेपाल सरकार विरुद्ध टार्जन रोक्का मगर समेत | मा.जि.न्या.श्री डिल्लीरमण तिवारी | ३११-३२४ |
| ३३ | नेपाल सरकार विरुद्ध सज्जाद मोहम्मद खुराम | मा.जि.न्या.श्री भोजराज अधिकारी | ३२५-३३४ |
| ३४ | नेपाल सरकार विरुद्ध Stiegler Kristian Peter समेत | मा.जि.न्या.श्री भोजराज अधिकारी | ३३५-३४६ |


**भाग २ :**

**देवाली मुद्दा - अंश, लेनदेन, जग्गा खिचोला हक कायम, अपुताली हक कायम, हक फिर्ता, दुषित दर्ता वदर, नाता कायम गरी न्वारन गराई पांउ**


| | | | |
|---|---|---|---|
| ३५ | गणेशप्रसाद पौडेल विरुद्ध हरिप्रसाद पौडेल समेत | मा.जि.न्या.श्री माधवेन्द्रराज रेग्मी | ३४७-३५४ |
| ३६ | धानादेवी रावल समेत विरुद्ध धनबहादुर रावल समेत | मा.जि.न्या.श्री जगतनारायण प्रधान | ३५५-३६४ |
| ३७ | नारायणप्रसाद भट्टराई विरुद्ध मणिराम वेल्वासे | मा.जि.न्या.श्री माधवेन्द्रराज रेग्मी | ३६५-३७० |
| ३८ | कमलला खड्का विरुद्ध पवित्रा पुन खड्का | मा.जि.न्या.श्री अर्जुन अधिकारी | ३७१-३७६ |
| ३९ | मर्नी देवी ग्वार्नी विरुद्ध जीवछ राय यादव | मा.जि.न्या.श्री नरिश्वर भण्डारी | ३७७-३८० |
| ४० | भुपाल बहादुर थापा विरुद्ध रोशनबाबु थापा समेत | मा.जि.न्या.श्री लिप्तबहादुर थापा छेत्री | ३८१-३८६ |
| ४१ | लक्ष्मी देवी कपाली  समेत कपिल शम्शेर जंगबहादुर राणा | मा.जि.न्या.श्री चन्द्रबहादुर सारु | ३८७-३९६ |

| | | | |
|---|---|---|---|
| ४२ | अञ्जु श्रेष्ठ विरुद्ध सागर प्रधान | मा.जि.न्या.श्री रमेशकुमार खत्री | ३९६-४०६ |
| ४३ | परमहंस प्रसाद कहार गौड विरुद्ध प्रेमसागर बढई | मा.जि.न्या.श्री बिनोदमोहन आचार्य | ४०७-४१० |
| ४४ | सुनिता सुनार विरुद्ध सुरेशकुमार सुनार | मा.जि.न्या.श्री अर्जुन अधिकारी | ४११-४१६ |
| ४५ | पार्वती वर्तौला चापागाँई विरुद्ध | मा.जि.न्या.श्री टेकनारायण कुँवर | ४१७-४२६ |
| | **भाग - ३**<br>**रिट प्रकृतिका निवेदन** | | |
| ४६ | चन्देश्वर ठाकुर विरुद्ध प्रमेश्वर राय यादव समेत | मा.जि.न्या.श्री नरिश्वर भण्डारी | ४२७-४३० |

**श्री धनुषा जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री बलभद्र बास्तोला**
**जाहेरी फैसला**
**सम्बत २०६७ सालको स.फौ.नं. २१८**
**नि.नं. ५३०**

**मुद्दा :- अपहरण कर्तव्य ज्यान ।**

**वादीको नाम, थर, वतन**

जिल्ला धनुषा गा.वि.स.दुहवी वा.नं.८ मा बस्ने बौएलाल यादवको जाहेरीले नेपाल सरकार............१
साक्षी..........
कागज.............

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला धनुषा दुहवी गा.वि.स. वा.नं.८ मा बस्ने रामदेव मुखिया.........................................१
ऐ.ऐ.मा बस्ने विनोदकुमार मुखिया...................१
ऐ.ऐ.मा बस्ने रामबाबु यादव..........................१
साक्षी..................
कागज..........

**अदालतबाट बुझेको**
**साक्षी.................**
**कागज.................**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.वं.२९ नं.ले यसै अदालतको क्षेत्राधिकारभित्रको भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकारको छ :-

जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित वकिया चौरीमा रहेको सजन मुखियाको खेतको पश्चिमपट्टिको आलीको २ फिट चौडाइ रहेको, उक्त आलीको उत्तरपट्टि छेउमा पूर्व टाउको, गरी मृतक लास सेतो रंगको धोतीले छोपेको अवस्थामा रहेको, मृतक लासभन्दा पश्चिममा सूर्यनारायण यादवको खेतको पूर्व उत्तर कुनामा अं. डेढ फिट पानीमा रहेको उक्त पानीमा मानिस हिँडेको गोरेटो बाटो रहेको, सोही खेतमा पश्चिमपट्टि डेढ फिट लामो कपाल रहेको, कपाल हटाई हेर्दा गन्ध आइरहेको, मृतक लासभन्दा १० फिट उत्तर आलीमा डेढ फिट लामो कपाल सुकेको अवस्थामा रहेको, मृतक लासको दुवै हातको पाखुरादेखि हतकेलासम्म धारिलो हतियारले काटेको डाम देखिएको, मासु र हतकेला नरहेको, फिरपताको हाडबाट शरीरको भित्री भागसम्म प्वाल देखिएको, मृतक लासको पछाडिपट्टि कम्मरको भागमा ३ ठाउँमा धारिलो हतियारले रोपेको घाउ प्वाल रहेको, बीचको घाउ प्वालबाट १ फिट लामो आन्द्रा निस्केको अवस्थामा रहेको, मृतक लासको टाउको बीच भागमा ३ वटा ठाउँमा रोपेको घाउ देखिएको, दुवै कान धारिलो हतियारले काटेको अवस्थामा रहेको, दुवै आँखा नरहेको, नाकको आकार मात्रा रहेको, अनुहारको मासुको भाग नरहेको, घाँटीको रुद्रघण्टीसम्मको मृतक लासको पूरै शरिरको छाला फुटेको शरीरभरि सानो कीरा लागेको अवस्थामा रहेको भनी घटनास्थल लास जाँच प्रकृति मुचुल्का ।

मृतक दीपेशकुमार यादवको घटनास्थलमा रहेको लासको फोटोहरू ।

मिति २०६७/६/२३ गते दिनको १/२ बजेको समयमा जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.८ स्थित रहेको लभका टोल नजिकबाट म जाहेरवालाको नाति वर्ष ५ को दीपेशकुमार यादवलाई रामदेव मुखिया, विनोदकुमार मुखिया, रामबाबु यादव समेत मिली अपहरण गरी लगी कर्तव्य गरी मारी जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित सजन मुखियाको पोखरी र सूर्यनारायण यादवको धान खेतको बीच आलीमा गलिएको अवस्थामा मिति २०६७/६/२६ गतेका दिन १२:०० बजेको समयमा फेला परेकोमा विपक्षीहरूलाई खोजतलास पक्राउ गरी मुलुकी ऐन ज्यान सम्बन्धी तथा अपहरण शरीर बन्धक अनुसार कारबाही गरी पाऊँ भनी बौएलाल यादवको जाहेरी दरखास्त ।

जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.८ करमाही टोलस्थित रामदेव मुखियाको घर रहेको, अगाडिपट्टि खपडाको छाना र टाटीको घर रहेको, पछाडिपट्टि पक्की एकतले घर रहेको, सो घरको पूर्वपट्टिको कम्पाउण्डको पर्खाल रहेको, सो कम्पाउण्डको पर्खालमा कालो रंगको कपाल गुटमुटिएको अवस्थामा रहेको, पक्की घरदेखि ५० फिट दक्षिण बाँस घारीमा बाँसको सुकेको पातमा डेढ सेन्टी मिटर लामो रगत जस्तो पदार्थ सुकेको अवस्थामा रहेको, सोही निर रातो रंगको डोरा धागो गुटमुटिएको अवस्थामा रहेको, सो पात, धागो र कपाल प्रहरीले बरामद गरी लगेको भनी बरामदी मुचुल्का ।

मिति २०६७/६/२३ गते दिनको १/२ बजेको समयमा रामदेव मुखिया, निजको छोरा विनोदकुमार मुखिया र रामबाबु यादवले वर्ष ५ को दीपेशकुमार यादवलाई बिस्कुट खुवाउँदै खेततर्फ लगेको हो, सोही रातिको समयमा लक्ष्मेश्वर यादवको छोरा खेल्न गएकोमा घर फर्की आएन, निजलाई अपहरण गरी लगेको हो, निज लक्ष्मेश्वर यादव र रामदेव मुखियाबीच असमा नेपालमा नोकरी गर्ने सम्बन्धमा विवाद रिसइवी रहेको कारण निज विनोदकुमार मुखिया, रामदेव मुखिया र निजको गुटमेलका रामबाबु यादव समेतले दीपेशकुमार यादवलाई अपहरण गरी लगी कर्तव्य गरी मारी मृतक लास खेतमा फालेको हो भनी धनिकलाल मुखिया समेतले घटना वारदात सम्बन्धमा गरिदिएको कागज ।

मृतक दीपेशकुमार यादवको हेड इन्जुरी र ब्लिडिङ डियुटु कौज अफ वेएपन कटको कारण मृत्यु भएको हो भनी शव परीक्षण प्रतिवेदन ।

मिति २०६७/६/२३ गते दिनको १/२ बजेको समयमा म लगायत प्रतिवादी रामदेव मुखिया र विनोद मुखिया समेत अवका टोलदेखि वकिया चौरीतर्फ जाने सडकमा बसिरहेकोमा निज वर्ष ५ को दीपेशकुमार यादव एक्लै खेलिरहेको देखी निजलाई म समेतले बिस्कुट खुवाई निजलाई खेत खेतै बाँस घारीमा लगी बाँस घारीबाट रामदेव मुखियाको छोरा राम आश्रे मुखियाले बनाएको नयाँ घरमा लगी थुनी निजलाई कर्तव्य गरी र मार्ने योजना बनाई सोही राति अं.९ बजेको समयमा म लगायत रामदेव मुखिया र विनोदकुमार मुखिया समेत भई छुरा प्रहार गरी दीपेशकुमार यादवलाई मारी मृतक लासलाई सोही राति तीनै जना भई जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित बकिया चौरीको सूर्यनारायण यादवको धान खेतमा लगी फालिदिएको हो । रामदेव मुखियाले दीपेशकुमार यादव लडाई दुवै खुट्टा थिची राखेको, प्रतिवादी विनोदकुमार मुखियाले टाउकोमा छुराले २/३ चोटि प्रहार गरी काटेको र कम्मरको भाग, कुम, पाखुरा समेतमा छुराले यत्रतत्र प्रहार गरी काटी मारेको हो भनी पक्राउ प्रतिवादी रामबाबु यादवले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

मिति २०६७/६/२३ गतेका दिन अं. १/२ बजेको समयमा मेरो छोरा विनोदकुमार मुखिया र रामबाबु यादव समेत भई वर्ष ५ को दीपेशकुमार यादवलाई अपहरण गरी लगी मेरो महिला छोरा राम अश्रे मुखियाले बनाएको नयाँ पक्की घरमा थुनी राखेको हो, सोही राति अं.९ बजेको समयमा रामबाबु यादवले दीपेशकुमार यादवलाई समाती घरमा सुताई दवै खुट्टा समाती राखेको, मेरो छोरा विनोदकुमार मुखियाले छुराले निज

दीपेशकुमार यादवको टाउकोमा २/३ पटक घोची, कम्मरमा घोची, हात पाखुरा, पिठयुँ समेतमा छुराले यत्रतत्र प्रहार गरी मारेको हो, म सो घरको ढोका छेकी बसी कोही मानिस आउँछ भनी हेरिराखेको थिएँ, म समेत भई निज नाबालक वर्ष ५ को दीपेशकुमार यादवलाई मारी मृतक लास पालैपालो तीनै जनाले बोकी जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित वकिया चौरीको धान खेतमा लगी फालेको हो, दीपेशकुमार यादवलाई छुरा प्रहार गरी मारेपछि सो छुरा छोरा विनोदकुमार मुखियाले साथमा बोकी गएको हो, लास फालिसकेपछि सो छुरा लिई गई लास फालेको खेतभन्दा पूर्वको सिसम घारीमा फालेको हो, म लगायत छोरो विनोदकुमार मुखिया सहयोगी रामबाबु यादव समेत मेरो घरमा बसी दीपेशकुमार यादवलाई कर्तव्य गरी मार्ने योजना बनाएको हो भनी पक्राउ प्रतिवादी रामदेव मुखियाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

घटनास्थलबाट बरामद भएको कपाल, रगत समेत परीक्षणको लागि पठाइएको भनी पत्र ।

जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.८ स्थित करमाही टोलस्थित राम आश्रे मुखियाको न्याँ घर पूर्व मोहडा भएको घर रहेको सो घर पक्की एकतल्ले रहेको, सो घर बरण्डा कोठा, किचेन, शौचालय, बाथरुम समेत भई २ वटा कोठा १ वटा किचेन कोठा शौचालय कोठा, बाथरुम समेत रहेको उत्तर छेउको पूर्व मोहडाको कोठामा झ्याल ढोका बन्द रहेको सो कोठामा १ वटा खाली खाट मात्र रहेको, सो कोठाभन्दा सटेको दक्षिण पूर्व ढोका भएको कोठामा झ्याल ढोका बन्द रहेको, सो कोठाको ढोका खोली भित्र प्रवेश गरी हेर्दा कोठा खाली अवस्थामा रहेको, सोही कोठामा प्रतिवादी रामदेव मुखिया, विनोदकुमार मुखिया र रामबाबु यादव समेत मिली जाहेरवाला बौएलाल यादवको नाति वर्ष ५ को दीपेशकुमार यादवलाई छुरा प्रहार गरी मारी मृतक लास बोकी खेतमा लगी फालेको बुझिएको, सो घर कोठा सम्पूर्ण कोठा, बरण्डा किचेन समेत पानीले धोई पखाली सफा गरेको अवस्थामा रहेको घटनास्थल घरको भनी घटनास्थल प्रकृति मुचुल्का ।

जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित सजन मुखियाको सिसम घारी रहेको, सो सिसम घारी अं.१ कठ्ठा जग्गामा रहेको, सो सिसम घारीमा भुइँमा घाँस पातहरू केलाउँदै हेर्दा तलासी गर्दै जाँदा सिसम घारीको बीच भागमा घाँस पातभित्र शीतले भिजेको, शीतले भिजी खिया जस्तो लागेको स्प्रिङ्ग भएको छुरा (चक्कु) थान-१ रहेको, सो छुराको बिँड पहेंलो रंगको रहेको सो बिँड छुरा मोडिएको अवस्थामा १७ सेन्टिमिटर लामो रहेको छुराको स्प्रिङ्ग थिच्दा छुराको धार निस्केको अवस्थामा नाप्दा धार १४ सेन्टिमिटर लामो रहेको, धारदेखि बिँडसम्म साढे ३० सेन्टिमिटर लामो रहेको सो छुरा प्रहरीले उठाई लगेको भनी बरामदी मुचुल्का ।

मिति २०६७/६/२३ गते दिउँसो २ बजेको समयमा प्रतिवादी रामदेव मुखिया, विनोद मुखिया र रामबाबु यादव समेतले लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दीपेशकुमार यादवलाई अपहरण गरी लगी कर्तव्य गरी मारी जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित वकिया चौरी नजिक मृतक लास फालेको हो, निज लक्ष्मेश्वर यादव र विनोदकुमार मुखियाबीच असमा नेपालमा नोकरी गर्ने सम्बन्धमा विवाद रहेको कारण विनोदकुमार मुखिया, निजको बुवा रामदेव मुखिया, निजको गुटमेलका रामबाबु यादव समेतले अपहरण गरी लगी कर्तव्य गरी मारी फालेको हो भनी घटना विवरण कागज ।

मिति २०६७/६/२३ गते दिउँसो २ बजेको समयमा प्रतिवादी रामदेव मुखिया, विनोद मुखिया र रामबाबु यादव समेतले लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दीपेशकुमार यादवलाई अपहरण गरी लगी कर्तव्य गरी मारी जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित वकिया चौरी नजिक मृतक लास फालेको हो, निज लक्ष्मेश्वर यादव र विनोदकुमार मुखियाबीच असमा नेपालमा नोकरी गर्ने सम्बन्धमा विवाद रहेको कारण विनोदकुमार मुखिया, निजको बुवा रामदेव मुखिया, निजको गुटमेलका रामबाबु यादव समेतले अपहरण गरी लगी कर्तव्य गरी मारी फालेको हो भनी विकु मण्डलको कागज ।

मिति २०६७/६/२३ गते दिउँसो २ बजेको समयमा प्रतिवादी रामदेव मुखिया, विनोद मुखिया र रामबाबु यादव समेतले लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दीपेशकुमार यादवलाई अपहरण गरी लगी कर्तव्य गरी मारी जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित वकिया चौरी नजिक मृतक लास फालेको हो, मृतकको बाबु निज लक्ष्मेश्वर यादव र विनोदकुमार मुखियाबीच असमा नेपालमा नोकरी गर्ने सम्बन्धमा विवाद रहेको कारण विनोदकुमार मुखिया, निजको बुवा रामदेव मुखिया, निजको गुटमेलका रामबाबु यादव समेतले अपहरण गरी लगी कर्तव्य गरी मारी फालेको हो भनी समेत व्यहोराको धनिकलाल मुखिया, नवलकिशोर राय, श्रवणकुमार कुसियैत, जगदेव सहनी र रामपुकार मण्डल समेतले लेखाएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादीहरूले मृतक दीपेशकुमार यादवलाई अपहरण गरी लगी घरमा थुनी राखी ज्यान मार्ने समेतको कार्य मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिने र ज्यान सम्बन्धी महल समेत बमोजिमको कसुरभित्र पर्ने हुँदा प्रतिवादीहरू विनोदकुमार मुखिया, रामदेव मुखिया र रामबाबु यादवले दीपेशकुमार यादवलाई अपहरण गरी घरमा लगी थुनी मारेको हुँदा निजहरूको उक्त कार्य अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १ नं. विपरीत ३, ७ र ९ नं. अनुसारको कसुरमा सोही महलको ३ बमोजिमको सजाय ७ र ९ नं. बमोजिमको थप सजाय र प्रतिवादी विनोदकुमार मुखियाले उक्त अपहरित बालकलाई कर्तव्य गरी छुरा प्रहार गरी ज्यान मारेको समेतका आधारबाट ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३ (१) नं. को कसुरमा निज प्रतिवादी विनोदकुमार मुखियालाई सोही महलको १३ (१) नं. अनुसार सजाय हुन, प्रतिवादीमध्येका रामबाबु यादवको हकमा ज्यान सम्बन्धी महलको १ नं. विपरित १३ (४) नं. को कसुरमा निज प्रतिवादी रामबाबु यादवलाई सोही महलको १३(४) नं. अनुसारको सजाय र प्रतिवादीमध्येका रामदेव मुखियाको हकमा मृतकलाई भाग्न उम्कन नपाउने गरी ढोकामा बसी अन्य व्यक्ति आउँछन् भनी कुरी बसेको हुँदा निजको उक्त कार्य ज्यान सम्बन्धी महलको १ नं. विपरित १७ (२) नं. को अनुसारको कसुरभित्र पर्ने हुँदा उक्त कसुरमा निज रामदेव मुखियालाई सोही महलको १७ (२) नं. अनुसार सजाय हुन माग दाबी लिई अभियोग पत्र दायर भएको ।

जाहेरवालाको नाति दीपेशकुमार यादवलाई अपहरण गरी कर्तव्य गरी मारेको छैन । म उपरको जाहेरी लगायतका कागजात झुठा हो । मिति ०६७।६।२३ गते देखि २५ गतेसम्म ससुराली काशीपुर गएको र २६ गते घर फर्केको हुँ । घटना सम्बन्धमा कुनै जानकारी छैन । अभियोग दाबीको कसुर नगरेकोले अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्र.रामबाबु यादवले अदालतमा गरेको बयान ।

मिति २०६७।६।२३ गते भारत मधुवनी जिल्लाको जयनगर गएको २०६७।६।२४ गते गाउँ घर फर्की आएको हुँ । यी प्रतिवादीहरूसँग मेरो भेट छैन । जाहेरी दरखास्त लगायतका कागजात झुठा हो जाहेरवालाको नातिलाई अपहरण गरेको छैन र कर्तव्य गरी मारेको पनि छैन । म उपर जाहेरी लगायतका अभियोग दाबी झुठा हो । तसर्थ अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने समेत व्यहोारको प्रतिवादी रामदेव मुखियाले अदालतमा गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी अ.व.११८ को देहाय २ बमोजिम हाल यी प्रतिवादीहरू रामबाबु यादव, रामदेव मुखियालाई कानुन बमोजिम सिदा पाउने गरी थुनामा राख्न कारागार शाखा महोत्तरीमा पठाइदिनू भन्ने मिति ०६७।८।६।२ मा भएको आदेश ।

प्रतिवादी विनोदकुमार मुखियाको नाउँको म्यादी पुर्जी आजका मितिसम्म तामेल भई आएको मिसिलबाट देखिन आएन, निज प्रतिवादीहरू रामदेव मुखिया र रामबाबु यादव करिब ११ महिनादेखि थुनामा बसेको देखिँदा निजहरूको हकमा प्रमाण बुझ्ने कार्य अ.वं.१२२ नं.ले मिल्ने नै देखिँदा घटनास्थल लास जाँच मुचुल्कामा बस्ने बरामदी मुचुल्कामा बस्ने घटना विवरण कागज गर्ने वस्तुस्थिति मुचुल्कामा बस्ने मानिस र जाहेरवालालाई समेत जि.स.व.का.धनुषा मार्फत बकपत्रको लागि झिकाउनू भनी जि.प्र.का.धनुषामा लेखी

पठाउनू र सोही दिन प्रतिवादीहरूका साक्षी निज मार्फत उपस्थित गराई बकपत्र गर्नका लागि पेस गर्नू भन्ने मिति २०६८।६।२६ को आदेश ।

मिति २०६७।६।२३ गते रामदेव मुखियाको छोराले पठाएको पैसा लिन जयनगर गएका थिए । उक्त मितिको बिहानदेखि निज गाउँ घरमा थिएनन् । रामदेव मुखिया गाउँघरमा नेताको काम समेत गर्दथे । वौएलाल यादवको भाइलाई स्कुलको मास्टरको जागिर सम्बन्धमा विवाद त्यही रिसइवीले रामदेवमाथि जाहेरवालाले किटानी जाहेरी दिएका हुनसक्छ । रामदेव मुखिया निर्दोष हुन्, निजले सफाइ पाउनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी रामदेव मुखियाका साक्षीहरू रामसिरिठ मुखिया र इन्दल यादवले यस अदालतमा गरेको बकपत्र ।

मृतकलाई अपहरण गरी मारेको सम्बन्धमा मलाई थाहा छैन, मिति ०६७।६।२३ गते अपहरण बारेमा गाउँमा हल्ला भएको थिएन । रामबाबु यादव २२ गते ससुराली गएर लास फेला परेको दिन आफ्नो घरमा आएका हुन् । निज रामबाबुले मृतकलाई अपहरण गरी मारेको छैन । निज निर्दोष हुन् भन्ने प्रतिवादी रामबाबु यादवका साक्षी रामवरण मुखिया र रामसेवक रायले यस अदालतमा गरेको बकपत्र ।

जाहेरवाला वौएलाल यादव बरामदी मुचुल्काका रामसुन्दर यादव, रामहृदय यादव, बुधेश्वर मुखिया, सत्रुधन मुखिया, कागज गर्ने धनिकलाल मुखिया, इन्दल मुखिया, रामदिहल यादव, परदेशिया मुसहर, विकु मण्डल, वस्तुस्थिति मुचुल्का मानिस समेतलाई अ.वं.११५ नं. बमोजिम म्याद जारी गरी पेस गर्नू भन्ने समेत व्यहोराको मिति ०६८।८।११ को आदेश ।

०६७।६।२८ मा बरामदी मुचुल्कामा भएको सहीछाप मेरो हो, के के वस्तु बरामद गरेको हो मलाई थाहा छैन । कागजमा छाप मात्र लगाएको हो भनी अ.वं.११५ नं. बुझिएका मानिस शत्रुधन मुखियाले, त्यस्तै ०६७।७।२९ गतेको वस्तुस्थिति मुचुल्कामा लेखाएको व्यहोरा मैले लेखाएको हैन । प्रहरीले जबरजस्ती सहीछाप गर भनेकाले गरेको हो भन्ने रामपुकार मण्डल तथा बुधेश्वर मुखिया, लवनकुमार कुसयैत र नवलकिशोर रायले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६७।६।२३ गते म गाउँ घरमा थिएँ । ०६७।६।२३ गते खेत र पोखरीको बीचमा रहेको खेतको आलीमा बच्चा काटिएको र गलेको अवस्थामा भेटिएको हो । बच्चालाई कसले मारेको हो मैले देखिन । घटना विवरण सम्बन्धमा भएको सहीछाप मेरो हो भन्ने अ.वं.११५ नं. बुझिएका मानिस इन्दल यादव, रामदियाल यादवले गरेको बकपत्र ।

घटना वारदात सम्बन्धमा भएको सहीछाप र व्यहोरा मेरो नै हो । मृतकको बुवा र विनोद मुखियाबीचमा आसमा नेपाल सम्बन्धमा विवाद थियो । मृतकलाई कसले अपहरण गरे मलाई थाहा छैन भन्ने अ.वं.११५ नं. बमोजिम बुझिएका मानिस धनिकलाल मुखियाले यस अदालतमा गरेको बकपत्र ।

बच्चालाई मारिदिएको भनी गरिदिएको कागजमा भएको व्यहोरा र सहीछाप मेरो हो । प्रहरीमा कागज गर्दा प्रतिवादीहरूको नाम भनेको र लेखाएको छैन । प्रतिवादीहरू लास बरामद भएको दिन नै पक्राउ परेका हुन् भन्ने अ.वं.११५ नं. बमोजिम बुझिएका मानिस रामसुन्दर यादवले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६७।७।२५ मा प्रहरीमा भएको कागजमा गरेको सहीछाप मेरै हो । मृतकलाई कसले अपहरण गरेको हो मलाई थाहा छैन । बच्चा अपहरण भएको कुरा मानिसहरूले हल्ला गरेपछि थाहा पाएको । बच्चाको लास मैले पनि देखेको हो । लास काटकुट पारिएको अवस्थामा थियो भन्ने अ.वं.११५ नं. बमोजिम बुझिएका मानिस परदेशिया मुसहरले यस अदालतमा गरेको बकपत्र ।

मिति ०६७।६।२३ गते म घरमै थिएँ । बिहान १० बजेतिर खेत हेर्न गएर १२-१ बजे घरमा आइपुग्दा दीपेश हराएको सुनेपछि खोजतलास गर्दा नभेटेपछि सोही दिनको बेलुकी प्रहरी चौकीमा मौखिक जानकारी गराएँ । चौकीबाट घर आउँदा गाउँकै धनिकलाल र नवल रायले बच्चालाई विस्कुट देखाई रामदेव मुखिया,

विनोद मुखिया र रामबाबु यादवले गाउँको दक्षिणतर्फ लगेका हुन् भनेका हुन् भनी भने । लगेको देख्ने श्रवण कुसयैत पनि हो । बच्चालाई खोजी गर्दा २३, २४ र २५ गतेसम्म नभेटिएपछि २६ गते दिउँसो १ बजेतिर घाँस काट्ने मानिसहरूले बच्चालाई मृत अवस्थामा देखेपछि हल्ला भई म लगायतका छिमेकी मानिसहरू समेत लास रहेको स्थानमा जाँदा हात कान काटेको आँखा निकालेको छुरा रोपिएको थियो । तत्कालै प्रहरी आई मुचुल्का गरी मृतक लास र अभियुक्तहरूलाई पक्राउ गरी ल्याएका हुन् । जाहेरी मैले दिएको हो । जाहेरी व्यहोरा साँचो हो भनी जाहेरवालाले यस अदालतमा गरेको बकपत्र ।

फरार प्रतिवादी विनोदकुमार मुखियाको अंश रोक्का गरी पेस गर्नू भन्ने यस अदालतको मिति ०६८।११।२१ को आदेशानुसार मिति २०६८।१२।२ गतेमा प्रतिवादी विनोदकुमार मुखियाको अंश रोक्का सम्बन्धमा भई आएको मुचुल्का मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री परमेश्वर पराजुलीले र जाहेरवालाका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री दीपेन्द्रकुमार साहले जाहेरवालाको छोरा लक्ष्मेश्वर यादव र प्रतिवादी विनोदकुमार मुखियाको बीचमा आसमा नेपालमा नोकरी गर्ने सम्बन्धमा विवाद भएको तथा जाहेरवालाको भाइ सुरैतलाल यादव र प्रतिवादी रामदेव मुखियाको बीचमा विद्यालयबाट सरुवा गरेको विषयमा समेत विवाद रहेको कारणबाट लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दीपेशकुमार यादवलाई दिउँसो २ बजेको समयमा यी प्रतिवादीहरूले बिस्कुट देखाई अपहरण गरी लगी कर्तव्य गरी मारेको हुँदा निज प्रतिवादीहरूलाई अभियोग दाबी अनुसार सजाय हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादी रामबाबु  यादवको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री हेमबहादुर कार्कीले मृतकको मृत्यु भएको दिनपछि कहीँ कतै जाहेरवालाले उजुर नगरी लास भेटिएपछि अन्य मानिसहरूले भनेको भरमा जाहेरवालाले जाहेरी दिनुभएको अवस्था तथा आसमा नेपालको जागिरको विवाद थियो भनी उठाइएको विषय पनि मिसिल संलग्न कागजातमा कहीँ कतैबाट पुष्टि भएको छैन र मृतक दीपेशकुमारको मृत्यु टाउको चोटको कारण रक्तश्राव भई मरेको शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको र को कसले निजलाई हतियारले प्रयोग गरेको हो भनी मिसिल संलग्न कागजातबाट खुलेको अवस्था नभएको रामबाबु यादवले अदालतमा बयान गर्दा पूर्ण इन्कारी भई बयान गरेको र सो बयानलाई पुष्टि हुने गरी निजका साक्षी रामवरण मुखिया र रामसेवक रायले बकपत्र लेखाई दिएको अवस्था छ। त्यस्तै अ.वं.११५ नं. बमोजिम बुझिएका मानिसहरू रामपुकार मण्डल, शत्रुधन मुखिया समेतका मानिसहरू एवं जाहेरवाला स्वयंले समेत रामबाबु यादवले दीपेशकुमार यादवलाई अपहरण गरी लगी हतियार प्रयोग गरी कर्तव्य गरी मारेको देखेको छैन भनी अदालतमा आई बकपत्र गरिदिएको अवस्था हुँदा प्रतिवादी रामबाबु यादवले आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो ।

त्यस्तै अर्का प्रतिवादी रामदेव मुखियाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री श्यामकुमार मिश्रले रामदेव मुखियाले मृतक दीपेशकुमार यादवलाई अपहरण गरी लगेको नदेखेको र ज्यान मार्ने कार्यमा निजको संलग्नता पनि थियो भनेर किटानीसाथ जाहेरवाला स्वयंले नलेखाई अरू व्यक्तिले भनेर थाहा पाएको भनी उल्लेख गरेको अवस्था रामदेव मुखिया र जाहेरवालाका भाइ सुरैतलाल यादवको बीचमा शिक्षक पदको सरुवा सम्बन्धमा विवाद भएकाले प्र.रामदेव मुखियालाई अपहरण तथा ज्यान जस्तो गम्भीर कसुरमा झुठो आरोप लगाई जाहेरी दर्ता गराएका हुन् । प्रतिवादी रामदेव मुखिया यस अदालतमा बयान गर्ने क्रममा घटना वारदात

आफूले गराएको कुरामा पूर्ण रूपमा इन्कारी भई बयान गरेको अवस्था र निजको बयान व्यहोरालाई निजका साक्षी रामसिरिठ मुखिया, इन्दल मुखिया समेतले अदालतमा आई बकपत्र गरी पुष्टि गरिदिएका छन् भने अ.वं.११५ नं. बमोजिम बुझिएका मानिसहरू रामपुकार मण्डल, शत्रुधन मुखिया, बुधेश्वर मुखिया, श्रवणकुमार कुसियैत, नवलकिशोर राय, इन्दल यादव, रामदयाल यादव समेतका मानिसहरूले प्रतिवादी रामदेव मुखिया घटनामा संलग्न छैनन् । व्यहोरामा प्रहरीले जबरजस्ती डर देखाई हामीलाई सहीछाप गराएका हुन् भनी उल्लेख गरी बकपत्र गरिदिएको तथा जाहेरवाला स्वयंले यी प्रतिवादी रामदेव मुखिया घटनामा संलग्न छन् भनी किटानसाथ अदालतमा आई बकपत्र गर्न नसकेको अवस्थामा प्रतिवादी रामदेव मुखियाले अपहरण तथा ज्यान सम्बन्धी जस्तो गम्भीर अपराधबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो ।

प्रस्तुत मुद्दामा निर्णयतर्फ विचार गर्दा मृतक दीपेशकुमार यादवको अपहरण तथा हत्यामा यी प्रतिवादीहरूको संलग्नता छ, छैन ? संलग्नता भए कुन कुन प्रतिवादीहरूको के कस्तो संलग्नता छ र उनीहरूलाई के कति सजाय हुनुपर्ने हो भनी निर्णय गर्नुपर्ने देखिन आयो ।

यसमा मिति २०६७।६।२३ गते दिनको १/२ बजेको समयमा जाहेरवालाका नाती दीपेशकुमार यादवलाई प्रतिवादीहरूले अपहरण गरी घरमा लगी थुनी मारेको हुँदा निजहरूको उक्त कार्य अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १ नं. विपरीत ३, ७ र ९ नं. अनुसारको कसुरमा सोही महलको ३ नं. बमोजिम सजाय गरी ७ र ९ नं. बमोजिमको थप सजाय गरी र प्रतिवादी विनोदकुमार मुखियाले उक्त अपहरित बालकलाई कर्तव्य गरी छुरा प्रहार गरी ज्यान मारेको देखिँदा ज्यान सम्बन्धी महलको १ नं. विपरित १३ (१) नं.को कसुरमा १३ (१) नं. बमोजिम सजाय हुन, प्रतिवादीमध्येको रामबाबुको हकमा निजले मर्नेको खुट्टा समाती मर्नेको जीउमा हात हाली मार्ने संयोग पारेको तथ्य स्थापित हुँदा ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३ (४) नं.को कसुरमा १३ (४) नं. अनुसार सजाय हुन र प्रतिवादीमध्येका रामदेव मुखियाले मृतकलाई भाग्न उम्कन नपाउने गरी ढोकामा बसी अन्य व्यक्ति आउँछन् भनी कुरी बसेको हुँदा उक्त कार्य ज्यान सम्बन्धी महलको १ नं. विपरीत १७ (२) नं.को कसुर हुँदा ऐ. १७(२) बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग माग दाबी भएको पाइयो ।

जाहेरवालाले जाहेरी दिँदा प्रतिवादीहरूको आपराधिक क्रियाकलापको विरोध म जाहेरवालाको छोरा लक्ष्मेश्वर यादवले गरेको कारण तथा प्रतिवादीमध्ये विनोद मुखियाले आसमा नेपालमा सामाजिक परिचालक काम गर्ने चाहना राखेकोमा उक्त पदमा मेरो काहिँलो छोरा लक्ष्मेश्वर यादव नियुक्त भयो । सो नियुक्ति पाए लगतै प्रतिवादी विनोद मुखियाले मैले काम गर्ने मौका पाउन थालेको ठाउँमा तिमीले काम गर्‍यौ मलाई काम गर्ने अवसरबाट वञ्चित गरेकोले क्षति चाँडै व्यहोर्नुपर्छ भनी मेरो छोरालाई धाक धम्की दिई आएका थिए । प्रतिवादीमध्येका रामबाबु यादवले आजभन्दा १½ महिना अगाडि तिम्रो छोरालाई अपहरण गराइदिन्छु भनी धम्की लगाई आएका थियो । मिति २०६७।६।२३ गते दिनको १-२ बजेको समयमा लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दीपेशकुमार यादव खेल्न गाउँ टोलमा निस्कँदा जबरजस्ती तरिकाले मुख थुनी समाती अपहरण गरी लगी हत्या गरी कर्तव्य गरी धान खेतमा फालिदिएको हो । नाती दीपेशकुमारलाई धारिलो हतियारले शरीरका विभिन्न भाग हात, टाउको, पिठ्यूँ, पेट, कान आँखा लगायतमा काटी हत्या गरेकोले मुलुकी ऐन ज्यान सम्बन्धी महल तथा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल बमोजिम सजाय गरी पाऊँ भन्ने जाहेरी व्यहोरा लेखाएको पाइन्छ ।

घटनास्थल प्रकृति मुचुल्का हेर्दा जिल्ला धनुषा गा.वि.स. दुहवी वडा नं.६ स्थित सजन मुखिया र सूर्यनारायण यादवको खेतको बीच आलीको २ फिट चौडाइ रहेको उक्त आलीको उत्तरपट्टिको छेउमा सेतो रंगको धोतीले मृतक लास छोपिएको अवस्थामा रहेको सोही खेतमा पानीमाथि १½ फिट लामो कालो कपाल उत्रिएको अवस्थामा रहेको भन्ने देखिन्छ ।

लासको शारीरिक अवस्थाको विवरण हेर्दा मृतक लासको कपाल नरहेको, मृतक लास घोप्टे अवस्थामा आलीमा रहेको, मृतक लासको शरीरमा रहेको रातो रंगको गन्जीको पछाडिको भागमा धारिलो हतियारले काटेको अवस्थामा रहेको भनी लेखिएको पाइन्छ ।

लासको विवरणमा टाउकोमा कपाल नरहेको मृतक लासको दुवै हातको पाखुरादेखि हत्केलासम्म धारिलो हतियारले काटेको डाम देखिएको, मासु र हत्केला नरहेको, मृतक लासको पछाडिको दुवै साइडको हातको फिरपताको मासु धारिलो हतियारले काटिएको अवस्था रहेको, फिरपताको हाडबाट शरीरको भित्री भागमा प्वाल देखिएको, मृतक लासको पछाडिपट्टि कम्मरको भागमा ३ (तीन) ठाउँमा धारिलो हतियारले रोपेको घाउ प्वाल रहेको, बीचको घाउ प्वालबाट १ फिट लामो अन्द्रा निस्केको अवस्थामा रहेको, टाउकोको बीच भागमा ३ (तीन) ठाउँमा रोपेको घाउ देखिएको, दुवै कान धारिलो हतियारले काटेको अवस्थामा रहेको, कानको भाग शरीरमा नरहेको, मृतकको दुवै आँखा नरहेको, मृतकको अनुहारको मासुको भाग नरहेको, घाँटीको रुद्रघण्टीसम्मको भाग पूरै कालो देखिएको भन्ने समेत व्यहोराको लास विवरण व्यहोरा भएको पाइन्छ ।

मृतक दीपेशकुमार यादवको लासको विभिन्न फोटोहरू मिसिल सलंग्न रहेको पाइन्छ। उक्त फोटोहरूबाट समेत लास विवरणमा उल्लिखित व्यहोरा पुष्टि र प्रमाणित भएको देखिन्छ। प्रतिवादी रामदेव मुखियाको घरको पूर्वपट्टिको पर्खालको प्वालमा कालो रंगको कपाल गुटमुटिएको अवस्थामा बरामद गरेको र पक्की घर पछाडिको बाँसघारीबाट बाँसको सुकेको पातमा १½ सेन्टिमिटर लामो रगत जस्तो रातो पदार्थ सुकेको अवस्था र सोहीनिर रातो रंगको डोरा (धागो) गुटमुटिएको अवस्थामा बरामद गरेको भन्ने बरामदी मुचुल्का देखिन्छ ।

त्यसैगरी घटनास्थलस्थित सजन मुखियाको सिसम घारीको बीच भागमा घाँसपातभित्र शीतले भिजेको, शीतले भिजी खियाजस्तो लागेको स्प्रिङ भएको छुरा (चक्कु) थान १ रहेको सो छुराको बिँड पहेंलो रंगको रहेको, सो बिँड छुरा मोडिएको अवस्थामा १७ से.मि.लामो रहेको छुराको स्पिङ थिच्दा छुराको धार निस्केको अवस्थामा नाप्दा धार १४ से.मि. लामो रहेको धारदेखि बिँडसम्म ३०½ सेमि लामो रहेको भन्ने बरामदी मुचुल्काको व्यहोरा देखिन्छ ।

शव परीक्षण प्रतिवेदनबाट कज अफ डेथ इज हेड इन्जुरी एन्ड ब्लिडिङ डियुटु टु सार्प विपन कट भनी लेखिएको पाइन्छ ।

प्रतिवादीहरूमध्ये विनोदकुमार मुखिया फरार भएको र अन्य दुई प्रतिवादी रामदेव मुखिया र रामबाबु यादव अदालत समक्ष कसुरमा इन्कारी बयान गरे तापनि अनुसन्धान अधिकारी समक्ष आफू समेतलाई गडाउ गरी एकआपसमा पोल बयान गरेको अवस्था देखिन्छ। यी प्रतिवादीहरूले अनुसन्धान अधिकारी समक्ष गरेको साविती बयान, जाहेरवालाले अदालतमा आई जाहेरी व्यहोरा पुष्टि र प्रमाणित हुने गरी गरेको बकपत्र, बुझिएका व्यक्ति धनिकलाल मुखियाले जाहेरवालाका परिवार तथा प्रतिवादी विनोदकुमार यादवबीच आसमा नेपालको बारेमा रिसइवी थियो भन्दै प्रहरीमा गरेको कागजको व्यहोरा मेरै हो भनी गरेको बकपत्र तथा शव परीक्षण एवं लास विवरण मुचुल्का समेतका आधारमा यी प्रतिवादीहरूमध्ये विनोदकुमार मुखियासँग पूर्वरिसइवी भएको सोही रिसइवीको आधारमा दीपेशकुमार यादवलाई अपहरण गरी शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गरी कर्तव्य गरी मारेको तथ्य स्थापित हुन आएको पाइयो ।

अत्र निज दीपेशकुमार यादवलाई कुन कुन प्रतिवादीहरू संलग्न भै अपहरण गरी कर्तव्य गरी मारेका हुन् भनी विचार गर्दा जाहेरवालाले यी प्रतिवादीहरू उपर दिएको किटानी जाहेरीमा कुन प्रतिवादीले के कसरी अपहरण गरी हत्या गरेका हुन् भनी प्रतिवादीहरूले गरेको अपराधको छुट्टाछुट्टै उल्लेख गर्न नसकेको भए तापनि प्रतिवादी रामदेव मुखियाले जाहेरवालाको घर र आफ्नो घर एउटै गाउँमा छ भन्दै जाहेरवाला वौएलाल

यादवको परिवारसँग पहिलादेखि नै मेरो मनमुटाव छ । निज जाहेरवालाको छोरा लक्ष्मेश्वर यादवको नोकरी मेरो छोरा विनोदकुमार मुखिया सिटमा आसमा नेपालमा भएकोमा सो सम्बन्धमा रिसइवी चल्दै आएको छ । मिति २०६७।६।२३ गतेका दिन अं.१-२ बजेको समयमा मेरो छोरा विनोदकुमार मुखिया रामबाबु यादव समेत भै जाहेरवालाको नाति वर्ष ५ को दीपेशकुमार यादवलाई अपहरण गरी लगी मेरो माहिलो छोरा रामआश्रे मुखियाले वनाएको नयाँ पक्की घरमा थुनी रातको अं.९.०० बजेको समयमा प्रतिवादी रामबाबु मुखियाले छुराले निज दीपेशकुमार यादवको टाउकोमा २/३ वार सदस्यसँग पूर्वरिसइवी रहेको तथ्य निजको बयानबाट समेत स्थापित हुन आएको देखिन्छ ।

बरामद भएको कपाल मानिसको हो भनी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनबाट देखिन आएको छ ।

मौकामा बुझिएका धनिकलाल मुखियाले अदालतमा बकपत्र गर्दा प्रतिवादी विनोदकुमार मुखिया आसमा नेपालको कुनै पदमा हुँदा सोही पदमा जाहेरवालाको छोरा लक्ष्मेश्वर पनि हुन चाहेको कारण वादविवाद भै रिसइवी रहन गएको हो भनी बकपत्र गरिदिएको पाइन्छ । जाहेरवालाले साक्षीको रूपमा राखेका व्यक्ति रामसुन्दर यादवले घटना विवरण कागज गर्दा जाहेरीमा उल्लिखित प्रतिवादीहरूले मृतक दीपेशकुमार यादवलाई खेततर्फ लगिरहेको अवस्थामा देखेको थिएँ । वारदातको बेलुकी प्रतिवादीहरू आफ्नो घरमा थिएनन् । आसमा नेपालको जागिरका सम्बन्धमा लक्ष्मेश्वर यादव र प्रतिवादी विनोदकुमार मुखियाबीच वादविवाद भएको थियो । सोही कारण यी प्रतिवादीहरू मिली दीपेशकुमार यादवलाई अपहरण गरी लगी कर्तव्य गरी मारी लास खेतमा लगी फालेका हुन् भनी कागज गरेकोमा अदालतमा बकपत्र गर्दा सो व्यहोरा र सहीछाप मेरै हो भनी भनेकोबाट अभियोग माग दाबी पुष्टि र प्रमाणित हुन आएको देखिन्छ । त्यसैगरी मौकामा कागज गर्ने परदेशिया मुसहरले आसमा नेपालको जागिरको सम्बन्धमा विवाद रहेको कारण यी प्रतिवादीहरूले मृतकलाई अपहरण गरी मारी मृतक लास खेतमा लगी फालेका हुन् भन्ने व्यहोराको कागज गरी अदालतमा समेत आई बकपत्र गर्दा सो व्यहोरा र सहीछाप मेरो हो भनी बकपत्र व्यहोरा लेखाएको पाइन्छ ।

जाहेरवाला वौएलाल यादवले बकपत्र गर्दा मिति ०६७।६।२३ गते यी प्रतिवादीहरूले बच्चालाई विस्कट देखाई गाउँको दक्षिणतिर लगेका हुन भनी धनिकलाल र नवल रायले भनेका हुन । २३ गतेबाट २५ गतेसम्म खोजतलास गरियो । २६ गते मृत अवस्थामा लास भेटिएको भनी घाँस काट्ने मानिसले भनेपछि सो ठाउँमा पुग्दा लास देखेको हो । तत्कालै प्रहरी आई प्रतिवादी रामबाबुलाई समाती घटनास्थल प्रकृति मुचुल्का र लास जाँच मुचुल्का तयार गरेको हो । रामदेव मुखिया पनि घटनास्थलमै पक्राउ परेका हुन् । आसमा नेपालको रिक्त रहेको शिक्षक पदको नियुक्तिको सम्बन्धमा प्रतिवादी विनोद मुखिया र मेरो छोरा लक्ष्मेश्वर यादवबीच वादविवाद र रिसइवी भएको थियो । मेरो छोरालाई ज्यान मार्ने धम्की समेत दिँदै आएका थिए भनी बकपत्र गरेको अवस्था छ ।

माथि विवेचित जाहेरी व्यहोरा तथा जाहेरवालाको बकपत्र, मौकामा कागज गर्ने परदेशिया मुसहर तथा घटना विवरण कागज गर्ने रामसुन्दर यादव तथा धनिकलाल मुखियाले गरेको कागज तथा बकपत्रबाट यी प्रतिवादी रामदेव मुखियाका छोरा प्रतिवादी विनोदकुमार मुखियाको र जाहेरवालाको छोरा लक्ष्मेश्वर यादवबीच आसमा नेपालको जागिरका सम्बन्धमा वादविवाद भई रिसईवी भएको तथ्य स्थापित भएको र सोही रिसइवी भएको कारणबाट जाहेरवालाका नाति तथा लक्ष्मेश्वर यादवको छोरा दीपेशकुमार यादवलाई अपहरण गरी लगी रामदेव मुखियाको छोरा रामआश्रे मुखियाको नयाँ पक्की घरमा धारिलो हतियारले टाउको तथा अन्य भागमा काटी दीपेशकुमार यादवको कर्तव्यबाट मृत्यु भएको पुष्टि र प्रमाणित हुन आयो । उक्त कार्यमा निज प्रतिवादी रामदेव मुखियाले मृतकलाई कर्तव्य गरी मार्ने अवस्थामा घरको ढोका छेकी मार्न संयोग पारी दिएको

भनी निजले अनुसन्धान अधिकारी समक्ष गरेको साविती बयानबाट देखिन आउँदा निजको सो कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीत १७ (२) नं. अनुसारको कसुर गरेको देखिन आयो । सो देखिनाले निज प्रतिवादी रामदेव मुखियालाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १७ (२) नं. बमोजिम ५ वर्ष कैद हुने ठहर्छ ।

५ वर्षका नाबालक दीपेशकुमार यादवलाई निजका बाबु आमा वा संरक्षकको मञ्जुरीबेगर एक स्थानबाट अर्को स्थानमा लगेको कार्य अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १ नं.अनुसारको अपहरण कसुर गरेको देखिन आयो । त्यसैगरी सोही महलको ३ नं. बमोजिम ज्यान लिने उद्देश्यले १ नं. विपरीतको कसुर गरेको स्थिति देखिँदा निज प्रतिवादी रामदेव मुखियालाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ ं. बमोजिम ७ वर्ष कैददेखी १५ वर्षसम्म कैद र रु.५०,०००।- देखि २,००,०००।- सम्म जरिवाना हुने कानुनी व्यवस्था भएको देखिएकोमा यी प्रतिवादीलाई न्यूनतम सजाय गरे पनि न्यायको मकसद पूरा हुने देखिँदा निजलाई ७ वर्ष कैद र रु.५०,०००।- जरिवाना समेत हुने ठहर्छ ।

यी प्रतिवादीहरू समेत भै संगठित रूपमा अपहरण गरेको नभै मृतकका बाबुसँगको रिसले निजलाई अपहरण गरेको देखिँदा निज उपरको ७ नं. अनुसार थप सजाय गर्न न्यायको रोहबाट मनासिब नदेखिँदा ७ नं.को कसुर पुग्न नसक्ने ठहर्छ ।

७ नं.को कसुर पुग्न सक्ने नदेखिए तापनि अपहरित व्यक्ति ५ वर्षको नाबालक भएको र सो नाबालकलाई अपहरण गरेको देखिँदा ऐ.को ९ नं. बमोजिम थप २ वर्ष कैद समेत हुने ठहर्छ ।

अर्का प्रतिवादी रामबाबु यादवले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा हामी तीनै जना भएर बिस्कुट खुवाई फकाई जाहेरवालाको नाति दीपेशकुमार यादवलाई लभका टोलदेखि वकिया चौरीतर्फ जाने सडकबाट खेत खेतै बाँसघारीमा लगी बाँसघारीबाट रामदेव मुखियाको छोरा रामआश्रे मुखियाको नयाँ घरमा लगी थुनी राति अं.९ बजेको समयमा म र रामदेव मुखियाले दीपेशकुमार यादवलाई समाती लडाइ दुवै खुट्टा दुवै जनाले थिची राखेको र प्रतिवादी विनोदकुमार मुखियाले टाउकोमा २/३ चोटि प्रहार गरी काटेको र कम्मरको भाग, कुम पाखुरा समेतमा छुराले यत्रतत्र प्रहार गरी काटी मारेको हो । प्रतिवादी विनोदकुमार मुखियाले १ वर्ष अगाडिदेखि आसमा नेपालद्वारा सञ्चालित बाल कक्षामा शिक्षक पदमा काम गर्दै आएको थियो । अन्दाजी ३ महिना अगाडिदेखि विनोद कुमारले काम गर्ने शिक्षक पदमा मृतक दीपेशकुमार यादवको बुवा लक्ष्मेश्वर यादवको जागिर भएको र विनोद कुमार सो पदबाट हटेकोमा सोही कारण विनोदकुमार मुखिया निजको बाबु रामदेव मुखियाले मलाई भेटी सो बारेमा कुरा गरी निज लक्ष्मेश्वरको छोरा दीपेशकुमार यादवलाई कर्तव्य गरी मार्न सल्लाह गर्दा सहमति भै दीपेशकुमार यादवलाई अपहरण गरी कर्तव्य गरी मारेको हो भनी कसुर गर्नुपर्नाको कारण सहित घटना वारदातबारे वर्णन गरी आफू समेतलाई गढाउ गरी अन्य प्रतिवादी समेतलाई पोल गरी कसुरमा साविती बयान गरेको पाइयो ।

निजको सो साविती बयानलाई सहप्रतिवादी रामदेव मुखियाको अनुसन्धान अधिकारी समक्षको बयानले पनि पुष्टि र प्रमाणित गरेको देखिन्छ । निज प्रतिवादी समेत घटना वारदात स्थलमा संलग्न भएको भन्ने जाहेरी व्यहोरा तथा जाहेरवालाको बकपत्र, मौकामा घटना वारदात सम्बन्धमा कागज गर्ने परदेशिया मुसहर घटना विवरण कागज गर्ने रामसुन्दर यादव र धनिकलाल मुखियाले गरेको कागज तथा बकपत्र समेतबाट यी प्रतिवादी रामबाबु यादव वारदात स्थलमा मौजुद भै मौकामा घटनास्थलबाट पक्राउ परेको भन्ने वादीका साक्षीको बकपत्र तथा अनुसन्धान अधिकारी समक्ष मर्नेको खुट्टा समाती मर्नेको जीउमा हात हाली मार्न संयोग पारेको तथ्य मिसिल संलग्न उल्लिखित प्रमाणबाट स्थापित हुन आउँदा निजले गरेको उल्लिखित कार्य ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३ (४) नं.को कसुर गरेको पुष्टि र प्रमाणित हुन आयो । सो १३(४) नं.को कसुर पुष्टि र प्रमाणित हुन आएकोले निजलाई ऐ.१३ (४) नं. बमोजिम जन्म कैद हुने ठहर्छ ।

यी प्रतिवादीहरू समेत भै संगठित रूपमा अपहरण गरेको नभै मृतकका बाबुसँगको रिसले निजलाई अपहरण गरेको देखिँदा निज उपरको ७ नं. अनुसार थप सजाय गर्न न्यायको रोहबाट मनासिब नदेखिँदा ७ नं.को कसुर पुग्न नसक्ने ठहर्छ ।

७ नं.को कसुर पुग्न सक्ने नदेखिए तापनि अपहरित व्यक्ति ५ वर्षको नाबालक भएको र सो नाबालकलाई अपहरण गरेको देखिँदा ऐ.को ९ नं. बमोजिम थप २ वर्ष कैद समेत हुने ठहर्छ ।

प्रतिवादी विनोदकुमार मुखिया सुरु म्यादै गुजारी फरार भएकोले निजको हकमा अ.वं.१९० नं. बमोजिम मुलतबी राखिदिएको छ ।

अरू कुरामा तपसिल बमोजिम गर्ने गरी अ.वं.१८६ नं.बमोजिम यो मुद्दा आज जाहेरी फैसला गरिदियाँ ।

## तपसिल

१. प्रतिवादी रामबाबु यादवलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद तथा अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम ७ वर्ष र ९ नं. बमोजिम थप २ वर्ष गरी ९ वर्ष कैद र रु.५०,०००।- जरिवाना हुने ठहरेकाले निज मिति २०६७।७।५ गतेदेखि थुनामा रहेको देखिँदा उक्त थुनामा बसेको बसेको अवधिबाटै कैद कट्टा हुने गरी कैदी पुर्जी ठेकी कारागार शाखा जलेश्वरमा कैदी पुर्जी पठाइदिनू र जरिवानाको लगत कस्नु ।

२. प्रतिवादी रामदेव मुखियालाई ज्यान सम्बन्धी महलको १७(२) नं. बमोजिम ५ वर्ष र अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम ७ वर्ष र ९ नं. बमोजिम थप २ वर्ष गरी ९ वर्षकै र रु.५०,०००।- जरिवाना हुने ठहरकोले दण्ड सजायको ८ नं. बमोजिम ठूलो सजाय ९ वर्ष कैद हुने हुँदा निज मिति २०६७।७।५ गतेदेखि थुनामा रहेको देखिँदा उक्त थुनामा बसेको अवधिबाटै कैद कट्टा हुने गरी ९ वर्ष कैद पुर्जी ठेकी कारागार शाखा जलेश्वरमा कैदी पुर्जी पठाइदिनू र जरिवानाको लगत कस्नू ।

३. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी विनोदकुमार मुखियाले सुरु म्यादै गुजारी बसेकाले निजको हकमा अ.वं.१९० नं. बमोजिम मुलतबी हुने ठहरेकाले निजको हकमा नियमानुसार मुद्दा मुलतवी डायरीमा दर्ता गरिराख्नू ।

४. पुनरावेदन परे पुनरावेदनको रोहबाट र पुनरावेदन नपरे पुनरावेदनको अवधि नाघेपछि प्रस्तुत मुद्दाको मिसिल साधक सदरको लागि पुनरावेदन अदालत जनकपुरमा पठाइदिनू ।

५. यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरू रामबाबु यादव र रामदेव मुखियाका नाउँमा पुनरावेदनको म्याद जारी गरी पठाई दिनु साथै फैसलाको प्रतिलिपी सहितको जानकारी जिल्ला सरकारी वकिल कार्यालय धनुषामा पठाइदिनू ।

६. सरोकारवालाले नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू र प्रस्तुत मुद्दाको डायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

फाँट ना.सु. दिनेश सुवेदी

जिल्ला न्यायाधीश

**इति संवत् २०६९ साल ज्येष्ठ २ गते रोज ३ शुभम्.................**

**श्री मकवानपुर जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री टेकनारायण कुंवर**
**फैसला**
**संवत् २०६८ सालको 068-CR-0060**
**नि.नं. ६३१**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जि.मकवानपुर बसामाडी गा.वि.स वडा नं. १ नेवारपानी बस्ने मानबहादुर नेगी समेतको जाहेरीले वादी नेपाल सरकार ....................................१ | मानबहादुर वलको छोरा जि.मकवानपुर छतिवन गा.वि.स वडा नं.९ बस्ने सेतेमान वल .............................१ |
| ऐ को प्रमाण | सुबोधसिंह भोलनको छोरा ऐ.ऐ. बस्ने राजेन्द्र भोलन...१ |
| साक्षी ............................ | जितबहादुर भोलनको छोरा ऐ.ऐ. बस्ने चेतबहादुर भोलन.........................................................१ |
| कागज ........................... | लालबहादुर घ्यावाको छोरा ऐ.ऐ. बस्ने गणेश घ्यावा...१ |
| | सुनबहादुर थोकरको छोरा ऐ.ऐ. बस्ने सूर्य थोकर......१ |
| | ऐ को प्रमाण |
| | साक्षी ............................... |
| | कागज ................................ |

**मुद्दाः - कर्तव्य ज्यान ।**
दायर मिति २०६८।७।३०।४

**तथ्य खण्ड**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ -

**(क) संक्षिप्त तथ्य :-**

जि.मकवानपुर छतिवन गा.वि.स वडा नं. ९ दोभानस्थित पूर्वमा सुकौरा खोला, पश्चिममा आफ्नै जग्गा, उत्तरमा कमानसिंहको घर, दक्षिण आफ्नै जग्गा यति चारकिल्लाभित्र पूर्व मोहडा गरी बनेको एकतले जस्ताले छाएको काठको घरको माथिल्लो तल्लामा जानलाई उत्तरतर्फ भऱ्याङ हुँदै माथिल्लो तल्लामा गई हेर्दा मृतकको विस्तरामा रगतले भिजेको अवस्थामा मृतक ठूलीकान्छी वलको लास रहेको, घाँटीको दायाँतर्फ ५ इन्च लम्बाइ, ३ इन्च गहिराइ धारिलो हतियारले काटेको चोट रहेको, दायाँ हातको नाडीमा २ इन्च लम्बाइ धारिलो हतियारले काटी घाउ रहेको, पेन्टीमा वीर्यजस्तो तरल पदार्थको दाग रहेको योनीबाट वीर्य आएको भन्ने समेत व्यहोराको घटनास्थल एवम् लास जाँच प्रकृति मुचुल्का ।

मेरो जेठी श्रीमती वर्ष ३४ की ठूलीकान्छी वल माइती घर नेवारपानीमा टीका लगाउनका लागि गएकोमा मिति २०६८।६।२६ गते बिहान घरमा आउँदै छु भनी फोन गरेकीले रामधुनी गाउँसम्म लिन भतिजा बुद्ध वलसमेत २ जना र छोराहरू २ जनालाई पठाई मेरो कान्छी श्रीमती मिना लुङवा वल बिरामी भएकोले

झाँक्रीसँग झारफुक गर्नका लागि छोरी विपना समेतलाई लिई ससुराली घरमा गएका थियौ । रातमा श्रीमती ठूलीकान्छी वल र भतिजा सोमबहादुर वलसँगै टाँसिएको कोठामा सुतेकोमा ऐ २७ गते बिहान निज श्रीमती ठूलीकान्छी वलको हत्या भएको खवर आएकोले घरमा जाँदा श्रीमतीको मृत्यु भैसकेको अवस्थामा देखेँ । हत्या गर्ने अपराधीलाई पत्ता लगाई कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको सेतेमान वलको जाहेरी ।

मेरो छोरी वर्ष ३४ की ठूलीकान्छी वललाई मिति २०६८।६।२६ गते राती आफ्नै कोठामा सुतेको ठाउँमा ज्वाइँ सेतेमान वल, गणेश घ्यावा, चेतबहादुर भोलन, राजेन्द्र भोलन र सूर्य थोकर र अन्य २।३ जना समेतले घाँटीमा धारिलो हतियार प्रहार गरी काटी कर्तव्य गरी मारेको हुँदा पक्राउ गरी कानुनी कारबाही गरी हदैसम्मको सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको मानबहादुर नेगीको जाहेरी ।

मृतक ठूलीकान्छी वलको घाँटीमा धारिलो हतियारले काटी रक्तश्राव भएको कारण मृत्यु भएको भन्ने समेत व्यहोराको जिल्ला स्वास्थ कार्यालय मकवानपुरबाट प्राप्त शव परीक्षण प्रतिवेदन ।

मृतक ठूलीकान्छी वलको र मेरो घर खोला वारि पारि ५।१० मिनेटको बाटोमा पर्छ । निजको घाँटी रेटी हत्या भएको कुरा मिति २०६८।६।२७ गते बिहान थाहा पाई मृतकको लास हेर्न जाँदा घाँटीको दायाँतर्फ धारिलो हतियारले काटेको, हातको नाडीमा काटिएको, सुरुवाल एउटा खुट्टामा मात्र अल्झिएको, तल सारेको, योनी आसपासमा वीर्य लागेको देखिएको, वलत्कार पछि घाँटी काटी हत्या गरेको जस्तो अवस्थामा देखेकी हुँ । निज मृतकको पति सेतेमान वल र ठूलीकान्छी वलको बीचमा पहिला राम्रो सम्बन्ध थियो । २०६८ साल असार १५ गते निज सेतेमान वलले गाउँकै मीना लुङवालाई कान्छी श्रीमतीको रूपमा भित्राएपछि सेतेमान वल र मृतक ठूलीकान्छी वलको बीचमा वादविवाद झैं झगडा भई सेतेमानले श्रीमती ठूलीकान्छी वललाई कुटपिट गर्थे । निजकै योजना र षड्यन्त्रबाट चेतबहादुर भोलन, गणेश घ्यावा, राजेन्द्र भोलन, सूर्य थोकर लगायतका व्यक्तिहरूले वलत्कार गरी हत्या गरेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको बुझिएका मानिसहरू सुशीला कुमारी लुङवा समेतले गरी दिएको कागज ।

मिति २०६८।६।२६ गते बिहान काका सेतेमान वलले काकी ठूलीकान्छी वल नेवार पनी माइतबाट आउँदैछ, हर्नामाडी रामधुनी गाउँसम्म लिन जानु भन्नुभएकोले भाई बुद्ध वल, काकाको छोराहरू प्रकाश वल, विकास वल र म समेत २ जना रामधुनीमा जाँदा काकी आई सक्नुभएको रहेछ । काकीले चावी मामाको घरमा छुट्यो भनी भाइहरू ३ जना लाई पठाउनु भयो । म र काकी घरमा गएकोमा बेलुका काकी गाउँतिर जानुभयो । मलाई थकाइ लागेकोले खाना नखाई बेलुका ६ बजेतिर सुतेँ । अर्को कोठामा सुत्नुभएको काकीको बिहान ७ बजेतिर हत्या भएको देखी आइतमान नेगीलाई भनी काकालाई खबर गरेको हो । सुत्नुअघि पक्राउमा परेका राजेन्द्र भोलन, चेतबहादुर भोलन, गणेश घ्यावा र फरार रहेका सूर्य थोकर समेत आइतमान नेगीको घरमा क्यारिमबोर्ड खेलिसकेपछि रक्सी खाँदै गरेको देखेको हुँ भन्ने समेत व्यहोराको बुझिएका मानिसहरू सोमबहादुर तामाङ समेतले गरी दिएको घटना विवरण कागज ।

जिल्ला मकवानपुर छतिवन गा.वि.स.वडा नं. ९, घुम्तीदमार बस्ने अभियुक्त गणेश घ्यावाको घरमा निजै गणेश घ्यावाको खाटमुनिबाट कालो रंगको प्लास्टिकको थैलोमा बेरेको अवस्थामा बिँडको भाग ४ इन्च, फलामको भाग ९ इन्च भएको धारिलो नाङ्गो फलामे खुकुरी १ थान बरामद भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी गणेश घ्यावाको घर खानतलासी एवम् बरामदी मुचुल्का ।

मिति २०६८।६।२६ गते राति पौने बाह्र बजेको समयमा सेतेमान वल, भीमबहादुर रुम्बा, मंगल सिं रुम्बा, राजकुमार लुङवा समेत ५ जना व्यक्तिहरू मीना लुङवा बिरामी भएकोले फुकिदिन जान भनी लिन आएका रहेछन् । म जान भ्याउँदिन, भोलि आउँला भनी चामल र खरानी फुकी पठाएँ । भोलिपल्ट २७ गते बिहान मेरो ९८४५०५९३९९ नं. को मोबाइलबाट सेतेमान वलको ९८४५४०३६२१ नं. मा फोन गर्दा मेरो

घरमा जेठी श्रीमती ठूलीकान्छी वलले आत्महत्या गरेछ भन्यो । निजको घरमा जाँदा ठूलीकान्छी वलको हत्यामा निजकै लोग्ने सेतेमान वल माथि शंका लाग्छ भन्ने समेत व्यहोराको बुझिएका मानिसहरू झाँक्ति कृष्णबहादुर थिङ समेतले गरी दिएको कागज ।

मिति २०६८।६।२६ गते बिहान काकी ठूलीकान्छी वल माईती मामाको घरबाट आउँदैछ । रामधुनी गाउँसम्म लिन जाउ भनी दाजु सोमबहादुर वल, भाईहरू विकास वल, प्रकाश वल र म समेत २ जना रामधुनीमा आउँदा १२ बजेको थियो । काकी ठूलीकान्छी वल आईसक्नु भएको रहेछ । त्यहाँ खाजा खायौं । काकीले घरको ढोकाको चावी मामाको घर नेवारपानीमा छुटेछ, लिनु जानु भनेकाले काका सेतेमान वलको छोरा भाईहरू विकास वल, प्रकाश वल र म समेत ३ जना चावी लिन आयौं । उता घरमा काकी ठूलीकान्छी वल, दाई सोमबहादुर वल जानुभएको थियो । मामाको घर आएपछि राती हुन्छ भोली जानु भनेकोले भोलिपल्ट बिहान चावी लिई घरमा जाँदा काकी ठूलीकान्छी वललाई कर्तव्य गरी मारी सकेको रहेछ भन्ने समेत व्यहोराको बुद्ध वलले गरी दिएको घटना विवरण कागज ।

**(ख) प्रतिवादीहरूको मौकाको बयान :-**

म मिति २०६८।६।२६ गते राती कान्छी श्रीमती मीना लुङवालाई झाँक्ति भएको ठाउँमा झारफुक गर्न भनी ससुराली घरमा छोरी विपना वललाई समेत लिई गएको थिएँ । सो रातमा मेरो जेठी श्रीमती वर्ष ३४ कि ठूलीकान्छी वललाई सुतेकै ठाउँमा घाँटी काटी हत्या भएको खवर ऐ. २७ गते बिहान थाहा पाएको हुँ । मैले गणेश घ्यावा समेतलाई हत्या गर्न लगाएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी सेतेमान वलले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

म संगै पक्राउमा परेका सेतेमान वलको निर्देशन आदेश अनुसार ठूलीकान्छी वललाई मिति २०६८।६।२६ गते राती १२।१ बजेको समयमा निजकै कोठामा गणेश घ्यावा, सूर्य थोकर, चेतबहादुर भोलन र म समेत २ जना भई जवरजस्ती करणी गरीसकेपछि खुकुरीले घाँटीमा रेटी काटी हत्या गरेका हौं भन्ने समेत व्यहोराको प्रतिवादी राजेन्द्र भोलनले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

मृतक ठूलीकान्छी वलको लोग्ने सेतेमान वलकै निर्देशन योजना अनुसार राजेन्द्र भोलन, गणेश घ्यावा, सूर्य थोकर र म समेत भई मिति २०६८।६।२६ गते राती जवरजस्ती करणी गरी सकेपछि खुकुरीले घाँटीमा रेटी काटी हत्या गरेका हौं भन्ने समेत व्यहोराको प्रतिवादी चेतबहादुर भोलनले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

म संगै पक्राउमा परेका सेतेमान वलको निर्देशन योजना अनुसार ठूलीकान्छी वललाई निजकै घर सुत्ने कोठामा साथीहरू राजेन्द्र भोलन, चेतबहादुर भोलन, सूर्य थोकर र म समेत चारजना भई मिति २०६८।६।२६ गते राती १२।१ बजेको समयमा जवरजस्ती करणी गरी सकेपछि खुकुरीले घाँटीमा रेटी काटी हत्या गरेका हौं । वारदातमा प्रयोग भएको खुकुरी खोलामा धोई घरमा म सुत्ने खाटमुनि राखेको छु भन्ने समेत व्यहोराको प्रतिवादी गणेश घ्यावाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

**(ग) अभियोग मागदाबी :-**

प्रतिवादी सेतेमान वलको योजना, षडयन्त्र र आदेशमा प्रतिवादीहरू राजेन्द्र भोलन, चेतबहादुर भोलन, गणेश घ्यावा र सूर्य थोकरले मृतक ठूलीकान्छी वललाई पालैपालो जबरजस्ती करणी गरी घाँटी रेटी कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. १३(१) नं. र १६ नं. को कसुरमा सोही ऐन र सोही महलको १३(१) नं. र १६ नं. बमोजिम सजाय गरी पाउँ । साथै सेतेमान वललाई सोही ऐन सोही महलको १

नं. र १४ र १६ नं. को कसुरमा सोही महलको १३ (४) नं. र १६ नं. ले सजाय गरी पाउँ । मृतक ठूलीकान्छी वललाई हत्या गर्नु पूर्व जवरजस्ती करणी गरेको देखिन आएकोले जवरजस्ती करणीको कसुर गर्ने प्रतिवादीहरू गणेश घ्यावा, राजेन्द्र भोलन, चेतबहादुर भोलन र सूर्य थोकरलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ (क) नं. को कसुरमा सोही ऐनको ३ (३) नं. र ३ क. नं. बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग मागदाबी ।

प्रतिवादीहरू राजेन्द्र भोलन, चेतबहादुर भोलन, गणेश घ्यावा, सूर्य थोकर समेत उपर मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ (५) नं. र ३ (क) नं. बमोजिम सजाय हुनुपर्नेमा टाइपको भूलबाट ३ (३) नं. हुन गएकोले उक्त महलको ३ (५) नं. बमोजिम हुन जिल्ला अदालत नियमावली २०५२ को नियम १७ बमोजिम संशोधन गरी पाउन सादर अनुरोध गरिन्छ भन्ने च.नं.३८३ मिति २०६८।८।१ को जिल्ला सरकारी वकिल कार्यालय मकवानपुर हेटौंडाको पत्र ।

**(३) प्रतिवादीहरूको अदालतमा भएको बयान :-**

मिति २०६८।६।१९ गते मेरो जेठी श्रीमती ठूलीकान्छी वल टीका लगाउन भनी माइत बसामाडी गा.वि.स. १ नेवारपानी आएकी थिइन् । म र कान्छी श्रीमती घरमै रहेकोमा कान्छी श्रीमती बिरामी भएको हुँदा मिति २०६८।६।२६ गते मैले जेठी श्रीमतीलाई फोन गरी घरमा आउने होइन भन्दा निजले म हेटौंडामा आइसकेको छु, रामधुनी भन्ने ठाउँसम्म छोराहरूलाई लिन पठाइदिनु, बाखा पनि छ, झोलाहरू छ । मैले बोकेर ल्याउन सक्दिन भनिन् । मैले म कान्छी र छोरीलाई लिई झाँक्री भएको ठाउँमा जान्छु भनी छोराहरूलाई जेठी श्रीमती लिन पठाई म करिब १ घन्टाको बाटो सिङ्गापुर भन्ने ठाउँमा झाँक्री कहाँ छोरी समेत लिई गएको थिएँ । रामधुनीमा छोराहरू पुग्दा श्रीमतीले घरको चाबी बिर्सिइछन् र छोराहरूलाई चाबी लिन बसामाडी पठाई भतिजो सोमबहादुरलाई लिई घरमा गई छिमेकीले घरको ताला फुटाई घरमा सुतेको भन्ने कुरा भोलिपल्ट मिति २०६८।६।२७ गते थाहा पाएको हुँ । छिमेकीले फोन गरी मेरो ससुरालीको छिमेकी सुष्मितालाई भनेपछि मात्र मेरो श्रीमतीको हत्या भएको कुरा सुनी म घरमा आउँदा हत्या भएको देखेको हुँ । को, कसले मेरो श्रीमतीलाई कर्तव्य गरी मारे मलाई थाहा छैन । मैले मेरो श्रीमतीलाई कर्तव्य गरी मारेको होइन । म निर्दोष छु, मेरो कुनै संलग्नता र सहयोग समेत नहुँदा मलाई अभियोग माग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सेतेमान वलले यस अदालतमा गरेको बयान ।

मिति २०६८।६।२६ गते म गाउँमै रहेको पसलमा थिएँ । बेलुकीपख मृतकसँग मैले नचिनेका २।३ जना केटाहरू समेत आएको देखेको थिएँ । भोलिपल्ट बिहान मात्र मृतकलाई मारेछ भन्ने सुनी थाहा पाएँ । मृतक माइतीबाट आएको भनेका थिए । माइतीपट्टिको मानिसहरू होला भन्ने सोची सोधखोज गरेनौं । मृतकलाई मारेको सुनी हेर्न जाँदा निजसंग आउने केटाहरू देखिन । मृतकलाई को, कसले कर्तव्य गरी मारे मलाई थाहा छैन । मैले कर्तव्य गरी मारेको नहुँदा मलाई अभियोग मागदाबी बमोजिम सजाय हुनुपर्ने होइन, म निर्दोष छु भन्ने समेत व्यहोराको प्रतिवादी गणेश घ्यावाले यस अदालतमा गरेको बयान ।

मिति २०६८।६।२६ गते बेलुकीपख गाउँकै दोकानमा म क्यारेमबोर्ड खेलिरहेको अवस्थामा मृतकले एउटा बाख्रो लिई आएको र निजसंग ३ जना केटाहरू समेत आएको देखेको थिएँ । मैले नचिनेको केटाहरू हुँदा माईती खलक होलान् भन्ने सोची म घरतिर गई खाना खाई बसेँ । भोलिपल्ट बिहान मात्र मृतकलाई कर्तव्य गरी मारेको भनी हल्ला खल्ला हुँदा म हेर्न जाँदा मृतकको मृत्यु भएको देखेको हुँ । को, कसले कर्तव्य गरी मारे मलाई थाहा छैन । मैले मृतकलाई कर्तव्य गरी मारेको होइन । म निर्दोष हुँदा मलाई अभियोग मागदाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी चेतबहादुर भोलनले यस अदालतमा गरेको बयान ।

मिति २०६८।६।२६ गते बेलुकीपख म समेत गाउँमै साथीहरूसंग क्यारेमबोर्ड खेली बसेको अवस्थामा मृतक एउटा बाखा लिई माइतबाट आएको देखेको थिएँ । निजको पछि पछि मैले नचिनेका ३ जना मानिसहरू पनि आएको देखी मृतकको माइती गाउँले आफन्तहरू होलान् भन्ने सोची हामी त्यही बाटोमा पर्ने पसलमा बसी खेली बेलुका करिव ७ बजेको समयमा म आफ्नो घरमा गई खाना खाई सुतेको हुँ । भोलिपल्ट बिहान ७ बजेको समयमा गाउँघरमा हल्लाखल्ला हुँदा थाहा पाई म पनि हेर्न जाँदा मृतकको मृत्यु भएको देखेको हुँ । मृतक मेरो गाउँ घरको आमा समानको मानिस हुन् । मृतकलाई को कसले कर्तव्य गरी मारे थाहा छैन । मैले मृतकलाई कर्तव्य गरी मारेको होइन, म निर्दोष हुँदा अभियोग माग दाबी बमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी राजेन्द्र भोलनले यस अदालतमा गरेको बयान ।

फरार प्रतिवादी सूर्य थोकरका नाउँमा यस अदालतबाट जारी भएको वारेन्ट सहितको ७० दिने म्यादी पुर्जी मिति २०६८।८।२३।६ मा तामेल भएकोमा सो तामेली मितिले म्यादभित्र हाजिर नभई म्यादै गुजारी बसेका रहेछन् ।

**(ङ) सम्बद्ध कानुन :-**

मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं., १३ (१) नं., १३ (२) नं., र १६ नं., मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ (क) नं., ३ (३) नं. समेत ।

**(च) बुझिएका साक्षी प्रमाणहरू :-**

यस अदालतको आदेशानुसार निम्न लिखित साक्षी प्रमाणहरू बुझ्दा निम्न बमोजिमको अवस्था देखिएको ।

उक्त घटना भएको दिन म पर्सा जिल्लामा मेरो जग्गा भएकोले खेती गर्न गएको थिएँ । सोही दिन ४.०० बजे हेटौडा बसपार्कमा झरी आफ्नो घर बसामाडी, नेवारपानी पुग्दा यस्तो काण्ड परेको रहेछ । घरका सबैजना वारदातस्थलमा गएको तर म उक्त स्थानमा गएको थिइन । प्रहरीले उक्त लास मुर्दाघरमा ल्याएर राखेको भोलिपल्ट म अस्पताल आएर हेर्दा छोरीलाई मारेको रहेछ । हामीले ज्वाइँलाई दोषी भनेर जाहेरी हाले पनि निज दोषी रहेनछन् । वास्तवमा दोषी अहिले बुझ्दा गणेश घ्यावा, सूर्य थोकर लगायत अन्य प्रतिवादीहरू रहेछन् भन्ने समेत व्यहोरा उल्लेख गरी प्रतिवादी सेतेमान वलको हकमा प्रतिकूल साक्षीको रूपमा र अन्य प्रतिवादीलाई दोषी करार गरी जाहेरवाला मानबहादुर नेगीले यस अदालतमा गरेको बकपत्र ।

उक्त घटना हुँदा म घटनास्थलमा थिइन । माइतीबाट घर गएको छोरी ज्वाइँको घरमा नै मृत्यु भएकोले को को भई के कुन तवरबाट मारे मलाई थाहा छैन । यो कुरा मेरो ज्वाइँलाई नै थाहा होला र जबर जस्ती करणी पनि को को भई गरेका हुन् ? म उक्त ठाउँमा नभएकोले मलाई थाहा छैन भन्ने समेत व्यहोराको मौकामा कागज गर्ने लीलामाया नेगीले यस अदालतमा गरेको बकपत्र ।

मृतक ठूलीकान्छीको श्रीमान् सेतेमान वलले कान्छी श्रीमती ल्याएको र मिति २०६८।६।२६ गते मृतक ठूलीकान्छी माइतीबाट घर आएको रात नै निजको वलात्कार गरी जघन्य रूपमा घाँटी रेटेर हत्या गरेको कुरा मैले भोलिपल्ट देखेको हुँ । पछि प्रहरी घटनास्थलमा पुगी सोधपुछ गर्ने क्रममा प्रतिवादी सेतेमान वलले कान्छी श्रीमती ल्याएकोले आफ्नो जेठी श्रीमती ठूलीकान्छीलाई निजले नै मारेको होला भनी शंकाको भरमा अर्को वास्तविक हत्यारा पत्ता नलागुन्जेलसम्म निजलाई नै थुनामा राख्नुपर्छ भनी भनेका थियौं । पछि प्रतिवादी मध्ये सेतेमान वल, राजेन्द्र भोलन र चेतबहादुर भोलन ३ जना निर्दोष रहेछन् । प्रतिवादी मध्ये गणेश घ्यावालाई सोध्दा मैले ठूलीकान्छीलाई वलात्कार गरेर हत्या गरेको हुँ भनी पटक पटक म तथा निजको आफ्नै हजुरआमा समेतलाई भनेको हुँदा गणेश घ्यावा र अर्का फरार प्रतिवादी सूर्य थोकरलाई चाँडो पक्राउ गरी सजाय हुनुपर्छ

भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने मानिस लक्ष्मीमाया दोङले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६८।६।२६ गते घटनाको प्रकृति हेर्दा मृतक ठूलीकान्छीलाई वलात्कार गरी हत्या भएको रहेछ । सो समयमा अपराधी पत्ता नलागेको अवस्थामा निजका पति सेतेमान वलको संलग्नतामा नै उक्त घटना घटेको हो कि भन्ने शंका गरिएको हो । वास्तवमा पछि बुझ्दा यो घटना प्रतिवादी गणेश घ्यावा र सूर्य थोकरले घटाएको भन्ने बुझिन आयो । प्रतिवादी सेतेमान वल, राजेन्द्र भोलन र चेतबहादुर भोलनको यो घटनामा संलग्नता नभएको भन्ने समेत व्यहोराको घटना विवरण कागजका मानिस आईतमान नेगीले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादी चेतबहादुर भोलनलाई मैले सानैदेखि चिनेको हुँ । निजले जबरजस्ती करणी गरी मृतकलाई कर्तव्य गरी मारेको भन्ने व्यहोरा गलत हो । निज त्यस्तो अपराध गर्ने व्यक्ति होइनन् । तर अपराध गर्ने व्यक्तिलाई चाहिँ पत्ता लगाएर कारवाही गरिनुपर्छ । प्रतिवादी चेतबहादुर भोलन निर्दोष हुँदा निजले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी चेतबहादुर भोलनका साक्षी विपना स्याङ्तानले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादी राजेन्द्र भोलनलाई सानैदेखि चिनेको र सँगै पढेका साथी हौँ । निज त्यस्तो अपराध गर्ने व्यक्ति होइनन् । निज गाउँघरमा राम्रो बानी व्यहोरा भएको तथा त्यस्तो अपराधमा संलग्न नभएको हुँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी प्रतिवादी राजेन्द्र भोलनका साक्षी मीनकुमार वलले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६८।६।२६ गतेका दिन प्रतिवादी सेतेमान वल कान्छी श्रीमती बिरामी भएको हुँदा निज श्रीमतीलाई लिई उपचार गराउन भनी ससुराली गाउँ गएका थिए । उपचारको क्रममा सो रात निज ससुराली गाउँमा नै बसेको हो । यता सो रात ठूलीकान्छीको मृत्यू भएको भनी भोलिपल्ट प्रतिवादी सेतेमान वललाई फोन मार्फत तिम्रो जेठी श्रीमतीको मृत्यु भयो भनी खबर गरेपछि मात्रै निज ससुराली गाउँबाट घर फर्केका हुन् । सो घटनामा सेतेमान वलको संलग्नता नरहेको हुँदा निजले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भन्ने समेत व्यहोराको प्रतिवादी सेतेमान वलका साक्षी राजकुमार रुम्बाले यस अदालतमा गरेको बकपत्र ।

## ठहर खण्ड

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटाले यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा आरोपित कसुर गरेकोमा आफू सावित भई अन्य अभियुक्तहरूलाई पोल गरी सो कसुर गर्दाको अवस्थाका तथ्यहरू स्वीकार गरेको समेत देखिँदा र अपराधमा प्रयोग भएको दशी समेत बरामद भएको हुँदा अभियोग माग दाबी बमोजिम सजाय होस् भनी प्रस्तुत गर्नुभएको बहस समेत सुनियो । प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अमृतकुमार लामा यी प्रतिवादीहरूले स्वतन्त्र अदालत समक्ष बयान गर्दा इन्कार रहेको अवस्था छ । वकपत्र गर्दा केही मानिसहरूले प्रतिवादीहरूलाई निर्दोष भनेका छन् । ठोस प्रमाणवाट पुष्टि नभएसम्म शंकाको भरमा दोषी करार गर्नु प्रतिवादी उपर अन्याय हुने भएकोले सफाइ पाउनुपर्दछ भनी गर्नुभएको बहस पनि सुनियो । उक्त बहस तथा अभियोग दाबी र मिसिल संलग्न अन्य प्रमाणहरू हेर्दा निम्न प्रश्नमा निर्णय दिनुपर्ने देखियो ।

क) मृतकको मृत्यु कर्तव्यबाट भएको हो होइन

ख) यदि मृतकको मृत्यु कर्तव्यबाट भएको हो भने सो कसुरमा को, कसको संलग्नता रहेको छ

ग) मृतकलाई कर्तव्य गरी मार्नुपूर्व जबरजस्ती करणी गरेको हो होइन ?

घ) यदि जबरजस्ती करणी गरेको हो भने को कसको संलग्नता छ ?

ङ) कसुरमा संलग्न प्रतिवादीहरूलाई अभियोग दाबी अनुसार सजाय हुनुपर्ने हो, होइन

च) सजाय गर्दा को कसलाई के कति गरिनुपर्ने हो

सर्वप्रथम, फरार प्रतिवादी सूर्य थोकरको हकमा अ.बं. १९० नं. बमोजिम मुल्तवी राखिदिएको छ।

अब, उपरोक्त प्रश्नहरूको उत्तर खोजिनुपूर्व प्रस्तुत मुद्दाको संक्षिप्त तथ्यको बारेमा स्पष्ट हुनु आवश्यक देखिएको छ। मुद्दाको तथ्य यस प्रकार रहेको छ -

घटना मिति २०६८।६।२६ गते रातको समयमा घटेको देखिन्छ। मृतक ठूलीकान्छी वलको प्रतिवादी सेतेमान वलसँग विवाह भई १७।१८ वर्षदेखि दाम्पत्य जीवन चलिरहेकोमा पति सेतेमान वलले कान्छी श्रीमती विवाह गरेको कारणबाट घर झगडा हुँदै आएको तथ्यहरू मिसिलमा उजागर भएको स्थिति छ। मृतकको मृत्यु घाँटी रेटी भएको देखिन्छ। मृतकको विस्तरामा रगतले भिजेको अवस्थामा मृतक ठूलीकान्छी वलको लास रहेको, घाँटीको दायाँतर्फ छ इन्च लम्बाइ, ३ इन्च गहिराइ धारिलो हतियारले काटेको चोट रहेको, दायाँ हातको नाडीमा २ इन्च लम्बाइ धारिलो हतियारले काटी घाउ रहेको, पेन्टीमा वीर्य जस्तो तरल पदार्थको दाग रहेको योनीबाट वीर्य आएको भन्ने समेत व्यहोराको घटनास्थल एवम् लास जाँच प्रकृति मुचुल्काबाट खुल्दछ। प्रस्तुत मुद्दामा मृतकका पति सेतेमान वलको योजना, षडयन्त्र र निर्देशनमा अन्य प्रतिवादीहरू राजेन्द्र भोलन, गणेश घ्यावा, सेतेमान वल र चेतबहादुर भोलनले यौनिक आक्रमण (जबरजस्ती करणी) गरी हत्या गरेको अभियोग लगाइएको स्थिति छ। घटनामा प्रयोग भएको धारिलो हतियार खुकुरी दशीको रूपमा बरामद भई प्रस्तुत गरिएको छ। मृतक सुत्ने कोठामा रगतले विभिन्न ठाउँमा भिजेको सिरक तथा सिरानी देखिएको छ। लास जाँच विवरणमा विभिन्न साइजका धारिलो हतियार प्रहार गरी भएका घाउहरू देखिएको छ भने शव परीक्षण प्रतिवेदनबाट त्यसप्रकार Cut Injury हरू देखिएको र सो धारिलो हतियार बरामद भएको अवस्था छ।

अब, **मृतकको मृत्यु कर्तव्यबाट भएको हो होइन** भन्ने पहिलो प्रश्नको सम्बन्धमा हेर्दा घटनास्थल एवम् लास जाँच प्रकृति मुचुल्काको व्यहोरामा “घरको माथिल्लो तल्लामा मृतकको विस्तरामा रगतले भिजेको अवस्थामा मृतक ठूलीकान्छी वलको लास रहेको, घाँटीको दायाँतर्फ ५ इन्च लम्बाइ, ३ इन्च गहिराइ धारिलो हतियारले काटेको चोट रहेको, दायाँ हातको नाडीमा २ ईन्च लम्बाई धारिलो हतियारले काटी घाउ रहेको, पेन्टीमा वीर्य जस्तो तरल पदार्थको दाग रहेको योनीबाट वीर्य आएको” भन्ने समेत उल्लेख छ। त्यस्तै जिल्ला स्वास्थ कार्यालय मकवानपुरबाट प्राप्त शव परीक्षण प्रतिवेदनमा "Massive external haemerrhage due to large vessel cut injury" भन्ने समेत व्यहोरा लेखिएको देखिन्छ। साथै मृतकको external examination मा विभिन्न साईजको काटिएको घाउँ चोट र रक्त प्रवाह भएको शव परीक्षण प्रतिवेदनबाट खुल्न आएको छ। मृतकलाई कर्तव्य गरी मार्नमा प्रयोग भएको खुकुरी समेत बरामद भई आएको स्थिति छ। जाहेरवालाले किटानीका साथ कर्तव्य गरी मारेको भनी जाहेरी दिएको र मौकामा बुझिएका विभिन्न व्यक्तिहरूले गरेको कागज व्यहोरा तथा बकपत्र समेतबाट मृतक ठूलीमाया वलको मृत्यु कुनै स्वाभाविक प्रक्रियाबाट नभई कसैको कर्तव्यबाट भएको हो भन्ने तथ्य निर्विवाद रूपमा स्थापित भएको छ।

अब दोस्रो प्रश्न, **यदि मृतकको मृत्यु कर्तव्यबाट भएको हो भने सो कसुरमा को, कसको संलग्नता रहेको छ** भन्ने सम्बन्धमा निर्णयार्थ हेर्दा, प्रतिवादीहरू सेतेमान वल, गणेश घ्यावा, चेतबहादुर भोलन, राजेन्द्र भोलन र सूर्य थोकर समेतले मेरो छोरी वर्ष ३४ की ठूलीकान्छी वललाई मिति २०६८।६।२६ गते राति आफ्नै कोठामा सुतेको ठाउँमा घाँटीमा धारिलो हतियार प्रहार गरी काटी कर्तव्य गरी मारेको हुँदा पक्राउ गरी कानुनी कारबाही गरी हदैसम्मको सजाय गरी पाऊँ भनी मृतकका पिता मानबहादुर नेगीको किटानी जाहेरी

परेको देखिन्छ । माथि पहिलो प्रश्नमा विवेचित आधार प्रमाणबाट मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने कुरा प्रमाणित भएको स्थिति छ । प्रतिवादीहरूमध्येका व्यक्ति मृतकका पति सेतेमान वलले अदालतमा र अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा आरोपित कसुरमा आफू इन्कार रही बयान गरे तापनि मृतक श्रीमती ठूलीकान्छी वललाई सुतेकै ठाउँमा घाँटी काटी हत्या भएको भन्ने तथ्यलाई स्वीकार गरेको अवस्था छ । तर अन्य सह-अभियुक्त हरूले एकआपसमा पोलापोल गरी बयान गरेको स्थिति छ । जसमा प्रतिवादी राजेन्द्र भोलनले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा "मसँगै पक्राउमा परेका सेतेमान वलको निर्देशन आदेश अनुसार ठूलीकान्छी वललाई मिति २०६८।६।२६ गते राति १२।१ बजेको समयमा निजकै कोठामा गणेश घ्यावा, सूर्य थोकर, चेतबहादुर भोलन र म समेत ४ जना भई जबरजस्ती करणी गरिसकेपछि खुकुरीले घाँटीमा रेटी काटी हत्या गरेका हौं" भन्ने उल्लेख गरेको देखिन्छ । त्यसैगरी अर्का सह-अभियुक्त प्रतिवादी चेतबहादुर भोलनले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा "मृतक ठूलीकान्छी वलको लोग्ने सेतेमान वलकै निर्देशन, योजना अनुसार राजेन्द्र भोलन, गणेश घ्यावा, सूर्य थोकर र म समेत भई मिति २०६८।६।२६ गते राति जबरजस्ती करणी गरिसकेपछि खुकुरीले घाँटीमा रेटी काटी हत्या गरेका हौं" भनी आफू सावित रही अरूलाई पोल गरेको अवस्था छ । त्यस्तै प्रतिवादी गणेश घ्यावाले पनि अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा "मसँगै पक्राउमा परेका सेतेमान वलको निर्देशन योजना अनुसार ठूलीकान्छी वललाई निजकै घर सुत्ने कोठामा साथीहरू राजेन्द्र भोलन, चेतबहादुर भोलन, सूर्य थोकर म समेत चारजना भई मिति २०६८।६।२६ गते राति १२।१ बजेको समयमा जबरजस्ती करणी गरिसकेपछि खुकुरीले घाँटीमा रेटी काटी हत्या गरेका हौं । वारदातमा प्रयोग भएको खुकुरी खोलामा धोई घरमा म सुत्ने खाटमुनि राखेको छु" भन्ने समेत व्यहोरा उल्लेख गरी बयान गरेको पाइन्छ । निजको बयान अनुसार मृतकलाई मार्नमा प्रयोग गरिएको भनिएको खुकुरी निज प्रतिवादीको घरबाट बरामद गरी सनाखत समेत गराइएको स्थिति छ । यी प्रतिवादीहरूले अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि त्यस्तो इन्कारी कुनै वस्तुनिष्ठ र ठोस प्रमाणबाट पुष्टि गर्न गराउन सकेको पाइँदैन । प्रमाण ऐन, २०३१ को दफा २७ ले "प्रचलित नेपाल कानुन बमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ" भन्ने कानुनी व्यवस्था भइरहेको परिप्रेक्ष्यमा सोही ऐनको दफा ९ (१) (२) (क) अनुसार निज प्रतिवादीहरूको विरुद्धमा प्रमाणमा लिन मिल्दछ ।

अपराध गर्ने कार्यमा कुन प्रतिवादीको कस्तो रूपमा संलग्नता रहेको थियो भनी आफू समेत साविती भई एक अर्कालाई पोल गरी वास्तविक घटनाक्रमलाई उजार हुने गरी मौकामा निज प्रतिवादीहरूले साविती बयान गरेका छन् । सो एक अर्काको पोल बयान निजै प्रतिवादीहरूले गरेको साविती बयानसँग मेल खाएकोबाट सो पोल बयानमा विश्वास गर्न सकिने नै देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ९ (१) मा "मुद्दाका कुनै पक्षले व्यक्त गरेका कुनै कुरा निजका विरुद्ध प्रमाण लिन हुन्छ" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ । निज प्रतिवादीहरूले गरेको उक्त साविती बयानहरू स्वाभाविक भएको पुष्टि हुन आएकाले सो साबिती बयानलाई अन्यथा हो भनि मान्न सकिने भरपर्दो आधार मिसिलबाट देखिन आएन । वस्तुतः प्रतिवादीहरूले गरेको उक्त साविती बयानहरू तथ्यगत रूपमा समेत पुष्टि हुन गएकोले सो साबिती बयानहरूलाई प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन आएको छ । त्यस्तै "वारदातमा आफू साबित भई पोल गर्ने सहअभियुक्तको बयानमा विश्वास गर्नु नपर्ने कुनै कारण देखिँदैन" भनी (**ने.का.प.२०४२ निं.नं.२२६६, अंक २, पृष्ठ १४४** मा **पुनरावेदक प्रतिवादी विष्णुबहादुर गिरी समेत विपक्षी वादी वेदकुमारीको जाहेरीले श्री ५ को सरकार** भएको **खुन डाँका** मुद्दा) सिद्धान्त प्रतिपादन भएको पाइन्छ । सह-अभियुक्तहरूले कसुरमा आफू समेत साबिती भई पोल गरेको कुरा

घटनास्थल मुचुल्का समेतमा उल्लिखित व्यहोरा समेतबाट पुष्टि हुन आएकोले र उक्त प्रतिपादित नजिर समेतबाट निज सहअभियुक्तहरूको पोल बयानलाई प्रमाणमा लिन मिल्ने नै देखिन्छ ।

प्रतिवादी सेतेमान वलको मृतक ठूलीमायासँग रिसइवी रहेको र मार्ने योजना बनाइरहेका थिए भनी अन्य प्रतिवादीहरूले स्वीकार गरेका छन् । मौकामा बुझिएका व्यक्तिहरूले पनि सो तथ्यलाई पुष्टि गरिदएको अवस्था छ । निज प्रतिवादीहरूले सेतेमान वलको योजना र निर्देशन अनुसार ठूलीमाया सुतिरहेको ठाउँमा पुगेपछि निजलाई करणी गरी मार्नुपर्छ भनी भनेका र सो कुरालाई अन्य प्रतिवादीहरूले कुनै प्रतिक्रिया नजनाई निजको मार्ने योजनामा सहमति जनाएको एवम् सो कार्यलाई परिणाममा पुऱ्याउन प्रतिवादीहरू मृतकको घर कोठाभित्र प्रवेश गरी सूर्य थोकरले टाउकोतर्फ समाती कपडाले मुख थुनेको, चेतबहादुर भोलनले दायाँ हात, राजेन्द्र भोलनले बायाँ हात समातेको, गणेश घ्यावाले खुट्टातर्फ समाती पहिलोपटक करणी गरेको, त्यसपछि सूर्य थोकर, चेतबहादुर भोलनले करणी गरेपछि राजेन्द्र भोलनले करणी गरेको भन्ने देखिन्छ । यसरी चारै जनाले करणी गरिसकेपछि बेहोस जस्तो भएको पीडित मृतकलाई सूर्य थोकरले खुट्टातर्फ, चेतबहादुर भोलनले टाउकोतर्फ र राजेन्द्र भोलनले हातमा समाती गणेश घ्यावाले आफ्नो घरबाट ल्याएको खुकुरीले घाँटीमा प्रहार गरी घाँटी रेटी, काटी रगतको भल बगेपछि केही छिनमै मृतकको मृत्यु भएको देखिन्छ । मध्यरातको समयमा मृतकको घरभित्र प्रवेश गरिसकेपछि मृतकसँग कुनै वादविवाद नै नगरी पीडितको मुख थुनी पहिले सामूहिक रूपमा जबरजस्ती करणी गर्ने कार्य गरिएको र अन्त्यमा धारिलो हतियार खुकुरीले घाँटी रेटी मारेको भन्ने प्रतिवादीहरूले गरेका बयानबाट देखिन आएको छ । मर्ने व्यक्तिसँग कुनै विषयमा सो रातको समयमा वादविवाद झगडा भई तत्काल रिस उठेको थियो भन्ने कुरा कुनै पनि तथ्यबाट पुष्टि भएको नदेखिँदा उक्त वारदात मृतकको पति सेतेमान वलको योजना र निर्देशनमा गणेश घ्यावा सहितका अन्य प्रतिवादीहरूबाट बहुतै सुविचारित ढंगले सम्पन्न गरिएको मनसाय प्रेरित हत्या नै हो भन्ने प्रमाणित हुन आउँदछ ।

यसका अतिरिक्त मृतकको मृत्यु घरको माथिल्लो तल्लामा मृतकको विस्तरामा नै भएको देखिन्छ । घटनास्थल एवम् लास जाँच प्रकृति मुचुल्कामा उल्लिखित व्यहोरामा "रगतले भिजेको अवस्थामा मृतक ठूलीकान्छी वलको लास रहेको, घाँटीको दायाँतर्फ छ इन्च लम्बाइ, ३ इन्च गहिराइ धारिलो हतियारले काटेको चोट रहेको, दायाँ हातको नाडीमा २ इन्च लम्बाइ धारिलो हतियारले काटी घाउ रहेको, पेन्टीमा वीर्य जस्तो तरल पदार्थको दाग रहेको योनीबाट वीर्य आएको" भन्ने समेत व्यहोरा लेखिएबाट मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने कुरामा विवाद नरहेको र यी प्रतिवादीहरू बाहेक अन्य कुनै व्यक्तिको आपराधिक कार्यबाट मृतकको मृत्यु भएको भन्ने समेत नदेखिएको स्थितिमा अनुसन्धानको क्रममा संकलित सबुद प्रमाणहरूको आधारमा निज प्रतिवादीहरू नै प्रस्तुत वारदातका मुख्यकर्ताहरूको रूपमा देखिन आएको छ । सो तथ्यलाई मौकामा बुझिएका मानिसहरूको कागज व्यहोराले समेत समर्थन गरेको देखिन्छ । जस अनुसार बुझिएका सुशीलाकुमारी लुङवा समेतले गरी दिएको कागज व्यहोरामा "निज मृतकको पति सेतेमान वलले गाउँकै मीना लुङवालाई कान्छी श्रीमतीको रूपमा भित्राएपछि सेतेमान वल र मृतक ठूलीकान्छी वलको बीचमा वादविवाद भै झगडा भई सेतेमानले श्रीमती ठूलीकान्छी वललाई कुटपिट गर्थे । निजकै योजना र षड्यन्त्रबाट चेतबहादुर भोलन, गणेश घ्यावा, राजेन्द्र भोलन, सूर्य थोकर लगायतका व्यक्तिहरूले बलात्कार गरी हत्या गरेकोमा विश्वास लाग्छ" भन्ने समेत उल्लेख छ । सोही व्यहोरालाई घटना विवरणको कागज गर्ने सोमबहादुर तामाङले समर्थन गरी व्यहोरा लेखाईदिएका छन् । मौकामा बुझिएका अर्का व्यक्ति झाँक्री कृष्णबहादुर थिङले पनि यिनै प्रतिवादीहरू उपर आरोपित कसुर गरेको तर्फ संकेत गरी कागज गरिदिएको अवस्था छ । अतः माथि उल्लिखित आधार तथा कारण र प्रमाणको विश्लेषणबाट प्रतिवादी सेतेमान वलको कान्छी श्रीमती समेत रहेकोमा विवाद नभएको, निज प्रतिवादी सेतेमान वल र निजको जेठी श्रीमती मृतक ठूलीकान्छी वलको बीचमा पारिवारिक

भै-झगडा हुने गरेको, त्यस्तो भै-झगडा सेतेमान वलले कान्छी श्रीमती भित्र्याएबाट सुरु भएको देखिएको, सौता सौतेनीको मामलामा पति पत्नीबीच हुन सक्ने भै-झगडाको प्रकृति कहिलेकाहीं रिसको आवेगमा गम्भीर अमानवीय दुर्घटनामा सम्म पुग्न सक्ने परिस्थितिलाई इन्कार गर्न सकिने अवस्था नरहेको, पतिले कान्छी श्रीमती भित्र्याएपछि स्वाभाविक रूपमा जेठी श्रीमतीप्रति घृणा, द्वेष र खराब मनसाय लिई अमानुषिक व्यवहार समेत गरिनु नेपाली सामाजिक परिप्रेक्ष्यमा नौलो नरहेको स्थितिमा यी प्रतिवादी सेतेमान वलले पनि जेठी श्रीमतीसँग बदलाको भावना राखी निज श्रीमतीलाई आफ्नो आँखाको कसिङ्गर ठानी सधैंको लागि पन्छाउने योजना, षड्यन्त्र र मनसाय राखी अन्य व्यक्तिहरूको समेत सहयोग लिई मृतकलाई कर्तव्य गरी मारेको भन्ने निज उपरको जाहेरी तथा अभियोग दाबी सही सत्य नै प्रमाणित हुन आउँदछ । उक्त जाहेरी तथा अभियोग दाबीमा कसुरदारको रूपमा उल्लिखित अन्य प्रतिवादीहरू गणेश घ्यावा, चेतबहादुर भोलन, राजेन्द्र भोलन समेतले प्रतिवादी सेतेमान वललाई पोल गर्दै आरोपित कसुर स्वीकार गरी अनुसन्धानको क्रममा गरेको बयान अन्यथा प्रमाणित नभइरहेको समेत स्थितिमा अभियोगपत्र साथ उपस्थित गराइएका माथि उल्लिखित प्रतिवादीहरूको कर्तव्यबाट नै मृतकको मृत्यु भएको ठहर्दछ ।

तेस्रो प्रश्न, **मृतकलाई कर्तव्य गरी मार्नुपूर्व जबरजस्ती करणी गरिएको हो होइन र** भन्ने सम्बन्धमा विचार गर्दा, मिसिल संलग्न रहेका मुख्यतः तीनवटा प्रमाणलाई विश्लेषण गर्नुपर्ने देखिएको छ । पहिलो, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, दोस्रो, प्रतिवादीहरूको अन्यथा प्रमाणित नभएको मौकाको साविती बयान र तेस्रो, जाहेरवाला तथा मौकामा बुझिएका मानिसहरूको कथन । घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्कामा “मृतक ठूलीकान्छी वलको पेन्टीमा वीर्य जस्तो तरल पदार्थको दाग रहेको, योनीबाट वीर्य आएको” भन्ने उल्लेख छ । त्यस्तै प्रतिवादीहरूमध्येका राजेन्द्र भोलनले मृतक ठूलीकान्छी वलको हत्या गर्नुपूर्व निजलाई करणी गरेको सम्बन्धमा आफू साबित रही अन्य प्रतिवादीहरूलाई समेत पोल गरी निम्न बमोजिम उल्लेख गरेको देखिन्छ ।

(मृतक ठूलीकान्छीको घरमा म समेतका साथीहरू गणेश घ्यावा, चेतबहादु? भोलन ? सुरेश थोक? समेत द्ध जना गयौं : भऱ्याङ्गबाट माथि तलामा गयौं । झ्याल खुल्ला थियो । झ्यालबाट हेर्दा, कोठामा ठूलीकान्छी वल एक्लै सुतिरहेकी थिइन् । त्यो दृश्य देखेपछि गणेश घ्यावाले करणी गरी हत्या गरौं भनेकाले हामीहरूले हुन्छ भनी ढोकामा जाँदा ढोका ढप्काएको मात्र रहेछ । अनि चारै जना कोठाभित्र प्रवेश गऱ्यौं । ठूलीकान्छी वललाई सूर्य थोकरले टाउकोतर्फ समाती कपडाले मुख थुने । चेतबहादुर भोलनले दाया हात, मैले बायाँ हात समात्यौ । गणेश घ्यावाले खुट्टातर्फ समाती पहिलो पटक करणी गरे । त्यसपछि सुर्य थोकर, चेतबहादुर भोलनले करणी गरेपछि मैले करणी गरेको हुँ । चारै जनाले करणी गरिसकेपछि बेहोस जस्तो भएको थियो । सूर्य थोकरले खुट्टातर्फ समाते, चेतबहादुर भोलनले टाउकोतर्फ र मैले हात समातें । गणेश घ्यावाले आफ्नो घरबाट ल्याएको खुकुरीले घाँटीमा प्रहार गर्दा हल्का हातमा लाग्यो, त्यसपछि घाँटीको दायाँतर्फ रेटी, काटी रगतको भल बगेपछि केही छिनमै मृत्यु भएपछि लासलाई सिरकले छोपी त्यही छाडी आ-आफ्नो घरतर्फ गएका हौं । (स.ज.९) ठूलीकान्छी वलको हत्या गर्नू भनी निजकै पति सेतेमान वलले भनेका हुन् । ठूलीकान्छी वल एक्लै छ, करणी गरी हत्या गर्ने भन्ने योजना निजै गणेश घ्यावाले बनाएका हुन् ।”

अर्का प्रतिवादी गणेश घ्यावा र चेतबहादुर भोलनले समेत माथि उल्लिखित प्रतिवादी राजेन्द्र भोलनले गरेको बयान व्यहोरालाई समर्थन गर्दै मृतक ठूलीकान्छी वललाई सबभन्दा पहिला सामूहिक रूपमा करणी गरी हत्या गरेको तथ्यलाई स्वीकार गरी अनुसन्धान अधिकारी समक्ष साविती बयान गरेको र सो साविती बयान अन्यथा प्रमाणित गर्न सकेको स्थिति देखिँदैन । मृतकलाई जबरजस्ती करणी समेत गरी हत्या गरेको भनी निज प्रतिवादीहरू उपर किटानी जाहेरी परेको, जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्रको माध्यमबाट

सो जाहेरी व्यहोरालाई पुष्टि गरिदिएको, मौकामा बुझिएका तथा घटना विवरणका केही मानिसहरूले पनि जबरजस्ती करणी भएको भनी उक्त जाहेरी अनुसारकै कागज गरिदिएको स्थिति छ । प्रतिवादीहरूका साक्षीले अभियुक्तलाई निर्दोष देखाई बकपत्र गरिदिए तापनि निज साक्षीहरू घटनाका प्रत्यक्षदर्शी नभएकोले सुनी जान्ने प्रमाणको रूपमा उपस्थित साक्षीको कथनलाई भरपर्दो प्रमाण मान्न सकिने अवस्था छैन । घटना विवरणका आइतमान नेगीले प्रतिवादीमध्येका सेतेमान वल, राजेन्द्र भोलन र चेतबहादुर भोलन निर्दोष छन् । प्रतिवादी गणेश घ्यावा र सूर्य थोकरले मात्र घटना घटाएको हो भनी केही प्रतिवादीको हकमा सफाई र केही प्रतिवादीको हकमा गढाउ गरी बकपत्र गरिदिए तापनि सफाइ हुने गरी गरेको प्रतिकूल बकपत्र पुष्टि हुने कुनै प्रमाण पेस भएको स्थिति नहुँदा त्यस्तो बकपत्रलाई मात्र सफाइको मनासिब आधार मान्न मिल्ने देखिँदैन । मृतक उपर वलात्कार र हत्या भएको तथ्यलाई भने निज साक्षी आइतमान नेगीले समर्थन नै गरेको देखिँदा यी विवेचित आधार प्रमाणहरूबाट मृतक ठूलीकान्छी वलको मृत्यु हुनुपूर्व निजमाथि जबरजस्ती करणी भएको तथ्य सुस्पष्ट रूपमा स्थापित हुन आउँदछ ।

अर्को ठहर गर्नुपर्ने प्रश्न, यदि **जबरजस्ती करणी गरेको हो भने सो आपराधिक कार्यमा को कसको संलग्नता छ ?** भन्ने सम्बन्धमा हेर्दा, माथि तेश्रो प्रश्नमा विवेचित आधार, कारण र प्रमाणहरूलाई नै मुख्य आधार मान्नुपर्ने हुन्छ । यसरी हेर्दा, मृतकका पति सेतेमान वलले मृतकलाई मार्ने योजना बनाए अनुसार अन्य प्रतिवादीहरू राजेन्द्र भोलन, चेतबहादुर भोलन र गणेश घ्यावासमेतले आफू कसुरमा सावित रही अन्य प्रतिवादीहरूलाई पोल गरी मृतकलाई कर्तव्य गरी हत्या गर्नुपूर्व सामूहिक रूपमा पालैपालो जबरजस्ती करणी गरेको तथ्यलाई स्वीकार गरेको अवस्था छ । यसै सन्दर्भमा सर्वोच्च अदालतबाट रामशरण महत विरुद्ध अनिल श्रेष्ठको जाहेरीले नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा **(ने.का.प. २०६३, अंक ८, नि.न. ७७४९, पृ.१०३४)** सहअभियुक्तको पोललाई प्रमाणमा लिन सकिने भनी व्याख्या भएको छ । उक्त व्याख्या अनुसार अन्य आधारभूत स्वतन्त्र प्रमाणहरूबाट वारदात वा कसुर कायम हुन सक्ने स्थितिमा सहअभियुक्तको पोललाई थप निश्चयका लागि प्रमाणमा लिन सकिने हुन्छ भनी व्याख्या भएको पाइन्छ । प्रस्तुत मुद्दामा पनि अन्य संकलित प्रमाणबाट यी प्रतिवादीहरू कसुरदार हुन् भन्ने देखिएकोले सहअभियुक्तको पोलबाट समेत निज प्रतिवादीहरू कसुरदार रहेछन् भनी थप पुष्टि हुन आउँछ । यिनै प्रतिवादीहरूले जबरजस्ती करणी समेत गरी कर्तव्य गरी ज्यान मारेको भनी किटानी जाहेरी परेको, जाहेरवालाले अदालतमा बकपत्र गरी आफ्नो जाहेरी व्यहोरा पुष्टि गरेको, मौकामा बुझिएका आइतमान नेगी समेतले गणेश घ्यावा र सूर्य थोकरले जबरजस्ती करणी गरी घटना घटाएको हो भन्ने उल्लेख गरी बकपत्र गरेको देखिँदा उपरोक्त प्रतिवादीहरू राजेन्द्र भोलन, चेतबहादुर भोलन र गणेश घ्यावा समेतले पीडित मृतकलाई हत्या गर्नुपूर्व जबरजस्ती करणी जस्तो जघन्य यौन हिंसात्मक कार्य गरेको ठहर्छ । अब, निर्णयार्थ प्रस्तुत अन्तिम प्रश्न, कसु?मा स)लग्न प्रतिवादीहरूलाई अभियोग दाबी अनुसार सजाय हुनुपर्ने हो होइन ?, सजाय गर्दा को कसलाई के कति सजाय गा?नुपर्ने हो भन्ने सन्दर्भमा निर्णय दिनुपर्ने भएको छ । यस परिप्रेक्ष्यमा पुनः अभियोजनकर्ताले लिएको अभियोग माग दाबीलाई दृष्टिगोचर गरिनु वाञ्छनीय हुन आउँछ । सो दाबीतर्फ हेर्दा, प्रतिवादी सेतेमान वलको षडयन्त्र र आदेशमा अन्य प्रतिवादीहरू राजेन्द्र भोलन, चेतबहादुर भोलन, गणेश घ्यावा र सूर्य थोकरले मृतक ठूलीकान्छी वललाई पालैपालो जवरजस्ती करणी गरी घाँटी रेटी कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. १३(१) नं. र १६ नं. को कसुरमा सोही ऐन र सोही महलको १३(१) नं. र १६ नं. बमोजिम सजाय गरी पाऊँ भनी दाबी लिएको स्थिति छ । प्रतिवादी सेतेमान वललाई सोही ऐन सोही महलको १ नं. र १३ (२) र १६ नं. को कसुरमा सोही महलको १३ (२) नं. र १६ नं. ले सजाय गरी पाऊँ भनी दाबी लिंदै मृतक ठूलीकान्छी वललाई हत्या गर्नु पूर्व जबरजस्ती करणी गरेको देखिन आएकोले जबरजस्ती करणीको कसुर गर्ने प्रतिवादीहरू गणेश घ्यावा, राजेन्द्र भोलन, चेतबहादुर

भोलन र सूर्य थोकरलाई मु.ऐन, जवरजस्ती करणीको महलको १ नं. र ३ (क) नं. को कसुरमा सोही ऐनको ३(३)नं. र ३ (क) नं. बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग मागदाबी गरेको अवस्था छ। यसरी उपरोक्त अभियोग माग दाबीको प्रकृति हेर्दा, मूलतः दुई प्रकारको कसुर कायम गरी सजाय प्रस्ताव गरेको देखिन्छ। पहिलो, कर्तव्य ज्यानतर्फको कसुर र सजाय तथा दोस्रो, जबरजस्ती करणीतर्फको कसुर र सजाय। प्रतिवादी सूर्य थोकर फरार रहेकोले निजको हकमा माथि नै अ.बं.१९० नं. बमोजिम मुल्तवी राख्ने निर्णय भइसकेको हुँदा हाल थप विवेचना गरिरहन परेन। उपस्थित प्रतिवादीहरूमध्ये सेतेमान वललाई कर्तव्य ज्यानतर्फ मात्र र अन्य प्रतिवादीहरू राजेन्द्र भोलन, गणेश घ्यावा र चेतबहादुर भोलनलाई कर्तव्य ज्यान एवं जबरजस्ती करणी समेत तर्फको अभियोगमा सजाय प्रस्ताव गरिएको स्थिति छ।

उक्त अभियोग माग दाबी गरिएको कानुनी व्यवस्था अनुसार मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. मा "कसैले कुनै मानिसको ज्यान मार्न वा मार्न लगाउन हुँदैन" भन्ने कानुनी व्यवस्था छ। त्यस्तै अभियोग दाबी लिइएको ज्यान सम्बन्धीको १३ (१) नं. मा "धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी रोपी धोची ज्यान मारेमा जति जना भई हतियार छाडेको छ, उति जना ज्यानमारा ठहर्छन्। सर्वस्व सहित जन्म कैदको सजाय गर्नुपर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ। यसैगरी उक्त महलको १६ नं. मा "ज्यान मार्ने काममा वा ज्यान मर्न सक्ने कुनै कुरामा मुख्य भै षड्यन्त्र गर्ने वा त्यस्तो काम गर्न लगाउनेलाई ज्यान मरेको रहेछ भने १० वर्ष देखि १५ वर्षसम्म कैदको सजाय गर्नुपर्छ" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। यसका अतिरिक्त उक्त महलको १३ (४) नं. मा "जुनसुकै कुरा गरीकन पनि ज्यान मार्नामा वचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नलाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जीउमा हात हाली पक्री समातिदिनेलाई जन्मकैद गर्नुपर्छ" भन्ने व्यवस्था भएको पाइन्छ।

यसैगरी उक्त अभियोग दाबी अनुसार मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा १६ वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ। सोही महलको दफा ३ क. नं. मा व्यवस्था भए अनुसार "महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच बर्ष कैद गर्नु पर्छ।" त्यस्तै सोही महलको ३ (३) नं. बमोजिम सजाय हुन भनी अभियोग पत्रमा उल्लेख भएकोमा मृतक व्यक्ति उक्त ३ (३) नं. को उमेर समूहको नदेखिई ३ (५) नं. उमेर समूहको देखिएको र जिल्ला सरकारी वकिल कार्यालयबाट च.नं.३८३ मिति २०६८।८।१ को पत्रद्वारा टाइपको भूलबाट सो ३ (३) उल्लेख भएकोमा ३ (५) नै कायम गरी पाऊँ भनी जिल्ला अदालत नियमावली २०५२ को नियम १७ बमोजिम संशोधन गरी पाऊँ भनी अनुरोध गरेकोले उक्त महलको ३ (५) नं. को कानुनी व्यवस्थालाई हेर्नुपर्ने हुन्छ। सो दफा अनुसार हेर्दा "बीस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म कैद सजाय हुनेछ" भन्ने कानुनी व्यवस्था छ।

यस प्रकार उपरोक्त बमोजिम लिइएको अभियोग माग दाबी, कायम गरिएको कसुर र माग गरिएको सजाय सम्बन्धी विद्यमान कानुनी व्यवस्थाको परिप्रेक्ष्यमा माथि प्रकरण प्रकरणमा प्रतिव्यक्ति प्रतिप्रमाणका आधारमा गरिएको विश्लेषण समेतलाई मध्यनजर राखी प्रत्येक कसुरदारलाई कसुरको मात्रा अनुसार सजाय तोकिनुपर्दछ। प्रस्तुत मुद्दामा अपराधको मुख्य योजनाकार मृतकका पति सेतेमान वल नै रहेको अवस्था छ। निजको योजना र निर्देशन मुताबिक अन्य प्रतिवादीहरू गणेश घ्यावा, राजेन्द्र भोलन र चेतबहादुर भोलन समेतले मृतकको निर्ममतापूर्वक सामूहिक बलात्कार गरी खुकुरीले घाँटी रेटी बिभत्स हत्या गरेको स्थिति छ।

रातको समयमा आफ्नो घरमा सुतिरहेको एउटी निर्दोष नारीलाई उपरोक्त ढंगले जबरजस्ती करणी र हत्या गरिनु नितान्त अमानवीय एवं क्रूर आपराधिक कार्य हो । साथै उक्त कार्य महिला उपर हुने गम्भीर प्रकृतिको हिंसात्मक अपराध पनि हो । एउटा निर्बल, कोमल, निःशस्त्र र विवश महिला उपर हत्याको योजना बनाई हत्या गरिनुपूर्व सामूहिक वलात्कार गरी खुकुरीले घाँटी रेटेर बिभत्स तरिकाले मार्ने कार्यमा सक्रिय रहेका प्रतिवादीहरूको सो जघन्य आपराधिक कार्यलाई जति भर्त्सना गरे पनि पुग्दैन । यद्यपि कतिपय अवस्थामा आपराधिक कार्यमा संलग्न अपराधीहरूलाई दण्डको सुधारात्मक सिद्धान्त (Reformative Theory) को आधारमा सजाय गरिने आधुनिक दण्डशास्त्रको मान्यता रहेको छ तापनि हत्या र वलात्कार जस्ता जघन्य अपराध त्यसमा पनि महिला हिंसासँग सम्बन्धित अपराधमा अपराधीलाई दिइने सजाय प्रतिरोधात्मक सिद्धान्त (Preventive Theory) का आधारमा निर्धारण गरिनुपर्छ भन्ने मान्यता पनि कायमै छ । त्यसैले त्यस्तो जघन्य एवं निर्मम आपराधिक कार्यका योजनाकार र त्यसलाई साकार रूप दिने हत्यारा/अपराधीलाई कानुनमा व्यवस्था भए बमोजिम कठोर सजाय दिँदा अपराधको नियन्त्रण र समाजका भावी पिँढीलाई सभ्य समाजको निर्माणमा उत्प्रेरित गर्न सकिने हुन्छ ।

यसरी आधुनिक दण्डशास्त्रमा कसुरदारलाई सुधारको अवसर दिनुपर्ने र कसुरलाई घृणा गरिनुपर्दछ भन्ने मान्यता रहेको छ तापनि सजाय गर्दा अपराधको गाम्भीर्यताको अनुपातमा सजायको मात्रा निर्धारण गरिनुपर्दछ । Herschl Prins ले भने अनुसार उचित सजाय तोक्ने काम निश्चय पनि एउटा अत्यन्त जटिल कार्य हो । मानवअधिकार सम्बन्धी कानुनले फौजदारी कानुन र न्यायप्रणालीलाई अभियुक्त, पीडित र समाजप्रति संवेदनशील हुन अभिप्रेरित गरेको हुन्छ । दण्ड निर्धारण सम्बन्धी यिनै दार्शनिक आधारहरूलाई समेत मध्यनजर राखी प्रस्तुत मुद्दामा सजाय निर्धारण हुन आवश्यक छ ।

निश्चय पनि मनसायपूर्वक गरिएको अपराधलाई कसुरको मात्राको गाम्भीर्यता बढाउने अपराधको श्रेणीमा राख्न सकिन्छ । कुनै पनि अपराध कसुरदारले मनसाय राखेर, आवेशवश वा भवितव्यवश कसरी गऱ्यो ? भन्नेजस्ता परिस्थितिजन्य कुराले उसलाई हुने सजायमा तात्विक महत्व राख्दछ र न्यायकर्ताबाट सो हेरिनु पनि पर्दछ । यसै दार्शनिक मान्यताका आधारमा विभिन्न कानुनले नै फौजदारी अपराधहरूमा मनसाय राखी अपराध गर्ने अपराधकर्मीलाई बढी सजाय, आवेशवश अपराध गर्नेलाई सोभन्दा कम सजाय एवम् भवितव्यवश अपराध गर्नेलाई ज्यादै कम सजाय हुने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत वारदातमा एक जना निर्दोष महिला त्यसमा पनि आफ्नै पतिले मार्ने योजना बनाई अन्य व्यक्तिहरूलाई प्रयोग गरी सबभन्दा पहिलो सामूहिक वलात्कार र तत्पश्चात् धारिलो हतियार खुकुरीले घाँटी रेटी हत्या गरेको दृश्य अत्यन्त दर्दनाक रूपमा प्रतिविम्बित हुन आएको छ ।

हाम्रो कानुन प्रणालीमा कसुरदारलाई हुने सजायका सम्बन्धमा कतिपय ऐनमा कसुरको मात्रा भन्ने शब्दावली प्रयुक्त भएको पाइन्छ । यद्यपि कसुरदारलाई हुने सजाय निश्चित रूपमा कानुनमा नै तोकिएको पाइन्छ तापनि कतिपय अवस्थामा न्यूनतम र अधिकतम सजायको हद तोकी कति सजाय गर्ने भन्ने कुरा न्यायकर्ताको स्वविवेकमा छाडिदिएको पाइन्छ । यसको विधायिकी मनसाय भनेको अपराधीले उम्कन नपाओस्, समाजमा यस प्रकृतिका जघन्य अपराधहरूको रोकथाम होस् र निरपराध व्यक्तिले सजाय भोग्नु नपरोस् एवम् वास्तविक न्याय परोस् भन्ने नै हो । यस सैद्धान्तिक परिप्रेक्ष्यमा प्रस्तुत मुद्दाको वारदातको गम्भीरतम प्रकृतिलाई हेर्दा, कानुनले तोकेको उच्चतम सजाय गरिनु नै उपयुक्त हुन आउँदछ । तसर्थ निम्न प्रतिवादीहरूलाई निम्न बमोजिम सजाय गरिनु कानुन र न्यायको दृष्टिकोणबाट उचित देखिएकोले सो बमोजिम सजाय हुने ठहर्छ ।

**प्रतिवादी सेतेमान वल :-** मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं., १३ (४) नं. र १६ नं. को कसुर गरेको प्रमाणित भएको हुँदा निजलाई ज्यान मारेको तर्फ सोही महलको १३ (४) नं. बमोजिम जन्म कैद (२० वर्ष)

र सो ज्यान मार्ने षड्यन्त्र गरेकोमा सोही १६ नं. बमोजिम थप १५ (पन्ध्र) वर्ष समेत जम्मा ३५ (पैंतीस) वर्ष कैद हुने ठहर्छ ।

**प्रतिवादीहरू राजेन्द्र भोलन :-** मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं., १३ (१) नं. र १६ नं. को कसुर गरेको प्रमाणित भएको हुँदा निजलाई ज्यान मारेको तर्फ सोही महलको १३ (१) नं. बमोजिम सर्वस्व सहित जन्म कैद र १६ नं. बमोजिम ज्यान मार्ने षड्यन्त्र गरेकोमा सोही १६ नं. बमोजिम थप १२ (बाह्र) वर्ष कैद हुने ठहर्छ । साथै मृतकलाई कर्तव्य गर्नुपूर्व जबरजस्ती करणी समेत गरेको देखिँन आएकोले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ क. नं. को कसुरमा सोही महलको ३ (५) नं. बमोजिम ७ (सात) वर्ष र ३ क. नं. बमोजिम सामूहिक रूपमा जबरजस्ती करणी गरेकोमा थप ५ (पाँच) वर्ष गरी जम्मा ४४ (चौवालीस) वर्ष कैद हुने ठहर्छ ।

**प्रतिवादी गणेश घ्यावा :-** मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं., १३ (१) नं. र १६ नं. को कसुर गरेको प्रमाणित भएको हुँदा निजलाई ज्यान मारेको तर्फ सोही महलको १३ (१) नं. बमोजिम सर्वस्व सहित जन्म कैद र १६ नं. बमोजिम ज्यान मार्ने षड्यन्त्र गरेकोमा सोही १६ नं. बमोजिम थप १२ (वाह्र) वर्ष कैद हुने ठहर्छ । साथै मृतकलाई कर्तव्य गर्नुपूर्व जबरजस्ती करणी समेत गरेको देखिन आएकोले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ क. नं. को कसुरमा सोही महलको ३ (५) नं. बमोजिम ७ (सात) वर्ष र ३ क. नं. बमोजिम सामूहिक रूपमा जबरजस्ती करणी गरेकोमा थप ५ (पाँच) वर्ष गरी जम्मा ४४ (चौवालीस) वर्ष कैद हुने ठहर्छ ।

**प्रतिवादी चेतबहादुर भोलन :-** मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं., १३ (१) नं. र १६ नं. को कसुर गरेको प्रमाणित भएको हुँदा निजलाई ज्यान मारेको तर्फ सोही महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद र १६ नं. बमोजिम ज्यान मार्ने षड्यन्त्र गरेकोमा सोही १६ नं. बमोजिम थप १२ (बाह्र) वर्ष कैद हुने ठहर्छ । साथै मृतकलाई कर्तव्य गर्नुपूर्व जबरजस्ती करणी समेत गरेको देखिन आएकोले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ क. नं. को कसुरमा सोही महलको ३ (५) नं. बमोजिम ७ (सात) वर्ष र ३ क. नं. बमोजिम सामूहिक रूपमा जबरजस्ती करणी गरेकोमा थप ५ (पाँच) वर्ष गरी जम्मा ४४ (चौवालीस) वर्ष कैद हुने ठहर्छ । उपरोक्त बमोजिम ठहर्नाले अरूमा तपसिलमा लेखिए अनुसार गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.वं. १८६ नं. बमोजिम फैसला गरिदिएको छ ॥

## तपसिल खण्ड

- फरार रहेको प्रतिवादी सूर्य थोकरका हकमा अ.बं.१९० नं. बमोजिम मुल्तवी रहने ठहरेकाले निज प्रतिवादी आफैं हाजिर हुन आए वा पक्राउ परी आए उसै बखत र हाजिर नभए पक्राउ परी नआए अंश रोक्का मुचुल्का भएका मितिले २ (दुई) वर्ष नाघेपछि मुल्तवीबाट जगाई निजको हकमा कारबाही किनारा गर्ने गरी मुल्तवी किताबमा दर्ता गरी राख्नू । साथै निज प्रतिवादीको अंश हकको सम्पत्ति रोक्का राख्नू ........................................................................................................१
- प्रतिवादी सेतेमान वललाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं., १३ (४) नं. र १६ नं. को कसुर गरेमा निजलाई ज्यान मारेको तर्फ सोही महलको १३ (४) नं. बमोजिम जन्म कैद (२० बर्ष) र सो ज्यान मार्ने षड्यन्त्र गरेकोमा सोही १६ नं. बमोजिम थप १५ (पन्ध्र) वर्ष समेत जम्मा ३५ (पैतीस) बर्ष कैद हुने ठहरेकाले निज प्रतिवादी मिति २०६८।७।७ गतेदेखी प्रहरी हिरासतमा रही यस अदालतका मिति २०६८।८।२६ का आदेशले मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिँदा प्रहरी हिरासतमा रहेकै

मितिबाट कैद कट्टि मिनाहा दिई कानुन बमोजिम कैद म्याद ठेकी असुल गर्नू भनी तहसिल फाँटमा लगत दिनू ....................................................................................................................२

- प्रतिवादी राजेन्द्र भोलनलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं., १३ (१) नं. र १६ नं. को कसुर गरेमा निजलाई ज्यान मारेको तर्फ सोही महलको १३ (१) नं. बमोजिम सर्वस्व सहित जन्म कैद र ज्यान मार्ने षड्यन्त्र गरेकोमा सोही १६ नं. बमोजिम थप १२ (बाह्र) वर्ष कैद र मृतकलाई कर्तव्य गर्नुपूर्व जबरजस्ती करणी समेत गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ (क) नं. को कसुर गरेमा सोही महलको ३ (५) नं. बमोजिम ७ (सात) वर्ष र ३ क. नं. बमोजिम सामूहिक रूपमा जबरजस्ती करणी गरेकोमा थप ५ (पाँच) वर्ष गरी जम्मा ४४ (चौवालीस) वर्ष कैद हुने ठहरेकाले निज प्रतिवादीको अंश हकको सम्पत्ति सर्वश्व गरी निज प्रतिवादी मिति २०६८।६।२६ गतेदेखि प्रहरी हिरासतमा रही यस अदालतका मिति २०६८।६।२६ का आदेशले मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिँदा प्रहरी हिरासतमा रहेकै मितिबाट कैद कट्टी मिनाहा दिई कानुन बमोजिम कैद म्याद ठेकी असुल गर्नू भनी तहसिल फाँटमा लगत दिनू..........................................................................................३
- प्रतिवादी गणेश घ्यावालाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं., १३ (१) नं. र १७ नं. को कसुर गरेमा निजलाई ज्यान मारेको तर्फ सोही महलको १३ (१) नं. बमोजिम सर्वश्व सहित जन्म कैद र ज्यान मार्ने षड्यन्त्र गरेकोमा सोही १७ नं. बमोजिम थप १२ (बाह्र) वर्ष कैद र मृतकलाई कर्तव्य गर्नुपूर्व जबरजस्ती करणी समेत गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ (क) नं. को कसुर गरेमा सोही महलको ३ (५) नं. बमोजिम ७ (सात) वर्ष र घ क. नं. बमोजिम सामूहिक रूपमा जबरजस्ती करणी गरेकोमा थप ५ (पाँच) वर्ष गरी जम्मा ४४ (चौवालीस) वर्ष कैद हुने ठहरेकाले निज प्रतिवादीको अंश हकको सम्पत्ति सर्वस्व गरी निज प्रतिवादी मिति २०६८।७७ गतेदेखि प्रहरी हिरासतमा रही यस अदालतका मिति २०६८।८।२६ का आदेशले मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिँदा प्रहरी हिरासतमा रहेकै मितिबाट कैद कट्टी मिनाहा दिई कानुन बमोजिम कैद म्याद ठेकी असुल गर्नू भनी तहसिल फाँटमा लगत दिनू .........................................................................................४
- प्रतिवादी चेतबहादुर भोलनलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं., १३ (१) नं. र १६ नं. को कसुर गरेमा निजलाई ज्यान मारेको तर्फ सोही महलको १३ (१) नं. बमोजिम सर्वस्व सहित जन्म कैद र ज्यान मार्ने षड्यन्त्र गरेकोमा सोही १६ नं. बमोजिम थप १२ (बाह्र) वर्ष कैद र मृतकलाई कर्तव्य गर्नुपूर्व जबरजस्ती करणी समेत गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ (क) नं. को कसुर गरेमा सोही महलको घ (५) नं. बमोजिम ७ (सात) वर्ष र घ क. नं. बमोजिम सामूहिक रूपमा जबरजस्ती करणी गरेकोमा थप ५ (पाँच) वर्ष गरी जम्मा ४४ (चौवालीस) वर्ष कैद हुने ठहरेकाले निज प्रतिवादीको अंश हकको सम्पत्ति सर्वस्व गरी निज प्रतिवादी मिति २०६८।७७ गतेदेखि प्रहरी हिरासतमा रही यस अदालतका मिति २०६८।८।२६ का आदेशले मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिँदा प्रहरी हिरासतमा रहेकै मितिबाट कैद कट्टी मिनाहा दिई कानुन बमोजिम कैद म्याद ठेकी असुल गर्नू भनी तहसिल फाँटमा लगत दिनू .........................................................................................५
- यस अदालतको ईन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्नुहोला भनी थुनुवा प्रतिवादीहरू सेतेमान वल, राजेन्द्र भोलन, गणेश घ्यावा र चेतबहादुर भोलन समेतलाई पुनरावेदनको म्याद दिनू र फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल

कार्यालय मकवानपुरलाई फैसलाको जानकारी दिनू ...........................................................७

- फैसलाको प्रतिलिपि सहित जाहेरवालालाई फैसलाको जानकारी दिनू .......................................८
- सरोकारवाला व्यक्तिले फैसला कागजातको नक्कल माग्न आए कानुन बमोजिमको दस्तुर लिई दिनू..९
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी यस अदालतको फैसला उपर पुनरावेदन परे पुनरावेदन साथै राखी, पुनरावेदन नपरे साधक सदरको लागि मिसिल पुनरावेदन अदालत हेटौडामा पठाउन अभिलेख फाटमा बुझाइदिनू ...............................................................................................१०

ना.सु. ईश्वरप्रसाद पुडासैनी
कम्प्युटर टाइप गर्ने ज्योतिका तिमल्सिना
मुद्दा फाँट (क)
पाना २२ को फैसला

**जिल्ला न्यायाधीश**

**ईति संवत् २०६९ साल असार १९ गते रोज ३ शुभम् ....................................**

**श्री सिन्धुली जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री हरिप्रसाद वगाले**
**फैसला**
**मद्दा नं.068-CR-0032**

**मुद्दा : कर्तव्य ज्यान ।**
**नि.नं.५२**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| सिन्धुली जिल्ला खाङ्साङ गा.वि.स. वडा नं. २ बस्ने इन्द्रप्रसाद पहाडीको जाहेरीले नेपाल सरकार । | सिन्धुली जिल्ला, लाम्पनटार गा.वि.स. वडा नं. ४ बस्ने नरनाथ तिमल्सिनाको छोरा वेदनाथ भन्ने वर्ष ४१ को वेदराज तिमल्सिना ..............................१<br>ऐ. ऐ. बस्ने वेदनाथ भन्ने वेदराज तिमल्सिनाको श्रीमती गीता भन्ने वर्ष ३९ की चन्द्रकुमारी तिमल्सिना.......२ |
| ऐ.को सबुद प्रमाण<br>साक्षी : १२<br>कागज : | ऐ. को सबुद प्रमाण<br>साक्षी : ८<br>कागज : |

**अदालतबाट बुझेको**
**वादी पक्षको साक्षी :**
**जाहेरवाला इन्द्रप्रसाद पहाडी**
**विश्वनाथ पहाडी, पोष्टराज पहाडी**
**सुमित्रा परियार, अर्जुन घिमिरे**
**शिवप्रसाद पहाडी, बमबहादुर पिठाकोटे**
**विष्णुप्रसाद पहाडी , देविका तिमल्सिना**
**प्रतिवादीको साक्षी**
**कर्णबहादुर मगर, ज्ञानप्रसाद तिमल्सिना**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :-

जिल्ला सिन्धुली, लाम्पनटार गा.वि.स., वडा नं.४ स्थित पूर्वमा विश्वनाथ पहाडीको घरमाथिको डाँडा, पश्चिममा लाम्पनटार जाने बाटो, उत्तरमा चकमके जाने बाटो तथा बाँसघारी खोल्सी, दक्षिणमा बाँसघारी खोल्सी यति चार किल्लाभित्र बाँसघारी गैरीपाखा जंगल रहेको, सोही जंगलको पश्चिम साइडको डाँडाको भित्तामा आँपको रूख रहेको, सोही आँपको रूखको पश्चिमतर्फ गएको हाँगामा प्लास्टिकको कालो हरियो रंगको डोरीमा झुन्डिएको अवस्थामा मृतक रमेश पहाडीको लास रहेको, मृतक लासको घाँटीमा अंग्रेजी U आकारको

१ इन्च गहिरो डोरीको डाम रहेको, मृतकको अनुहार लगायतको विभिन्न भागमा कमिला लागेको अवस्थामा रहेको, लासको टाउकोमा पुरानो घाउ रहेको र सो घाउमा २ वटा टाँका लगाएको, नाक सुख्खा, मुख खुल्ला, माथिल्लो २ वटा दाँत देखिएको, मलद्वारबाट दिसा निस्केको, लिङ्गबाट वीर्य जस्तो तरल पदार्थ निस्केको, नङ निलो कालो, देखिनुका साथै दुवै हात सोझो रहेको, खुट्टा सामान्य सोझो अवस्थामा रहेको भन्ने समेत व्यहोराको मिति २०६८।१२।२२ गतेको लास प्रकृति तथा घटनास्थल मुचुल्का ।

म जाहेरवालाको छोरा वर्ष १८ को रमेश पहाडी विगत २ वर्षदेखि सिन्धुली जिल्लाको लाम्पनटार गा.वि.स., वडा नं.४ मा बस्ने रामु पोखरेल भन्ने विश्वनाथ पहाडीको घरमा डेरा कोठा गरी बसी उ.मा.वि. लाम्पनटारमा कक्षा १२ मा अध्ययनरत रहेकोमा मिति २०६८।१२।१८ गते राति छोरा रमेश पहाडी विपक्षी प्रतिवादी वेदनाथ तिमल्सिनाको छोरी देवकी तिमल्सिनासँग कुरा गरिरहेको अवस्थामा विपक्षी वेदनाथ तिमल्सिनाले देखी किन मेरो छोरीसँग गफ गरेको भनी विपक्षीहरू वेदनाथ तिमल्सिाना र निजकै श्रीमती गीता तिमल्सिनाले बिनाकारण मेरो छोरालाई कुटपिट गरी गम्भीर घाइते बनाएकोमा छोरालाई निजकै साथीहरूले चकमके बजारमा उपचार गराई ल्याई राखेकोमा तत्पश्चात् छोरा रमेश पहाडी बेपत्ता भएको भनी घरबेटी मार्फत सुनी थाहा पाएको थिएँ । मिति २०६८।१२।२१ गते चकमकेमा आई छोराको खोजतलास गर्दा कहीं कतै फेला नपरेको र खोजतलासकै क्रममा मिति २०६८।१२।२२ गते बिहान अं.८:४५ बजेको समयमा सोही ठाउँको बाँसगैरी पाखामा रहेको आँपको रूखमा झुन्डिएको अवस्थामा छोरा रमेश पहाडीको लास फेला परेकोले घटनास्थलमा गै घटनास्थलको प्रकृति हेर्दा निज छोरा आफैं झुन्डिई आत्महत्या गरेको जस्तो नभएको र छोरा रमेश हराउनुभन्दा अगाडि विपक्षीहरूसँगै भएको अवस्थामा गाउँकै मानिसहरूले देखेको र सो पश्चात् हराएको हुँदा निज विपक्षीहरूले मेरो छोरा रमेशलाई कुटपिट गरी गम्भीर घाइते बनाइसकेपछि मऱ्यो भनी आफू फस्ने डरले आत्महत्या गरी मरेको जस्तो भान बनाई छोरालाई रूखमा लगी झुन्ड्याई कर्तव्य गरी मारेकोमा मलाई पूर्ण विश्वास भएकोले निज विपक्षीहरूलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम कारबाही होस् भन्ने समेत व्यहोराको मृतकको बाबु इन्द्रप्रसाद पहाडीको जाहेरी दरखास्त ।

रमेश पहाडीको मृत्यु Asphyxia due to hanging को कारणबाट भएको भन्ने समेत व्यहोराको शव परीक्षण प्रतिवेदन ।

जाहेरवाला इन्द्रप्रसाद पहाडी मेरो आफ्नै साढुदाइ नाता पर्नुहुन्छ भने निजको छोरा पनि छोरा नाता पर्छ । जाहेरीमा उल्लिखित प्रतिवादी गीता तिमल्सिना मेरो श्रीमती हुन् । जाहेरवालाको छोरा रमेश पहाडी मेरो गाउँकै विश्वनाथ पहाडीको घरमा डेराकोठा गरी उ.मा.वि. लाम्पनटारमा कक्षा १२ मा अध्ययनरत रहेको थियो । यस्तैमा मिति २०६८।१२।१८ गते मेरो श्रीमती प्रतिवादी गीता तिमल्सिना माइत गएकी थिईन् । घरमा मेरो छोरी वर्ष १६ की देविका तिमल्सिना लगायत मसिना बच्चाहरू थिए । सो दिन राति गाउँकै होमनाथ पहाडीको घरमा पूजा थियो । पूजामा निम्तो दिएकाले म र छोरी देवीका तिमल्सिना पूजामा गएकोमा राति अं.९:०० बजे छोरी घरमा आइन् । अं.१०:०० बजे रातितिर म घरमा आउँदा जाहेरवालाको छोरा रमेश पहाडी मेरै घरमा मेरै छोरी देविका तिमल्सिनासँग अनैतिक कार्य गरिरहेको अवस्थामा मैले देखी होहल्ला गर्दा निज रमेश पहाडी भाग्ने क्रममा मैले निजको टाउकोमा बाँसको भाटाले एक भाटासम्म हिर्काएको हो । मिति २०६८।१२।२० गते बेलुका रमेश पहाडी हरायो भनी गाउँमा हल्लाखल्ला भएपछि खोजतलासको अवस्थामा मिति २०६८।१२।२२ गते बिहान मेरो घरबाट करिब २० मिनेटको दूरीमा पूर्व साइडमा रहेको बाँसगैरी पाखामा आँपको रूखको हाँगामा प्लाष्टिकको डोरीको पासो लगाई झुन्डी मरेको अवस्थामा रमेश पहाडीको मृतक लास बाख्रा चराउन गएकी गाउँकै सुमित्रा नेपालीले मृत अवस्थामा फेला पारेकी हुन् । निज रमेश पहाडीलाई म समेतले कर्तव्य गरी मारे मराएको होइन । निज आफैं झुन्डिई आत्महत्या गरेको हुन् भन्ने समेत व्यहोराको

प्रतिवादी वेदनाथ भन्ने वेदराज पहाडीले अधिकार प्राप्त अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

जाहेरवालाको छोरा वर्ष १८ को रमेश पहाडी जिल्ला सिन्धुली, लाम्पनटार गा.वि.स., वडा नं.४ बस्ने विश्वनाथ पहाडीको घरमा डेरा कोठा गरी लाम्पनटार क्याम्पसमा कक्षा १२ मा अध्ययनरत रहेकोमा मिति २०६८।१२।१८ गते राति अं.९:०० बजेको समयमा प्रतिवादी वेदनाथ तिमल्सिनाकै घरमा निजकै छोरी देविका तिमल्सिनालाई जाहेरवालाको छोरा रमेश पहाडीले अनैतिक कार्य गरिरहेकै बेला प्रतिवादी वेदनाथ तिमल्सिनाले देखी रमेश पहाडीलाई वेदनाथ तिमल्सिनाले कुटपिट गर्दा रमेश पहाडीको टाउको फुटी घाइते भएको थियो । सो पश्चात् निजलाई चकमके बजारमा रहेको गणेश गौतमको मेडिकलमा लगी उपचार गराएको थियो । मिति २०६८।१२।२० गते बेलुकाबाट रमेश पहाडी बेपत्ता भएको कुरा सुनेको थिएँ र खोजतलासकै क्रममा मिति २०६८।१२।२२ गते बाँसगैरी पाखाको आँपको रूखमा झुन्डिएको अवस्थामा रमेश पहाडीको लास फेला परेको थियो । मृतक लासको अवस्था र घटनाको प्रकृति हेर्दा रमेश पहाडीलाई प्रतिवादी वेदनाथ तिमल्सिना समेतले कर्तव्य गरी मारे मराएको होइन र निज रमेश पहाडी र प्रतिवादीको छोरी देविका तिमल्सिना हाड नातामा दाजु बहिनी पर्ने भएको र रमेश पहाडीले आफ्नै बहिनीसँग अनैतिक सम्बन्ध राखेको कारण लाजले आफैं झुन्डिई आत्महत्या गरेको भन्ने समेत व्यहोराको जाहेरीमा उल्लिखित साक्षीहरूमध्येका सुमित्रा परियार, देवप्रसाद दाहाल, यतीराज उपाध्याय दुलाल समेतको घटना विवरण कागज ।

रमेश पहाडी करिब २ वर्ष अगाडिदेखि मेरो चिनजान भएकोमा निज कक्षा १२ मा अध्ययनरत रहेकोमा मिति २०६८ मार्गदेखि मेरै घरमा डेरा कोठा लिई बसेकोमा सो बेला करिब ४ महिना अगाडिदेखि म र रमेशबीच माया प्रेमको रूपमा एक अर्कालाई मन पराउन थाल्यौं र माया पनि गर्न थाल्यौं । सो कुरा मेरो बुबाले थाहा पाउनुभयो । त्यसपछि बुबाले रमेश पहाडीलाई कोठा सर्नु भनेपछि मिति २०६८ साल चैत्र महिनादेखि मेरै गाउँकै विश्वनाथ पहाडीको घरमा डेरा लिई बस्न थालेपछि निज रमेश र मबीच पत्र मार्फत एकआपसमा आफ्नो कुरा आदानप्रदान गर्न थालेपछि सोही क्रममा मिति २०६८।१२।१८ गते बेलुका गाउँकै होमनाथ पहाडीको घरमा पूजा भएकाले बुबा र म लगायत मेरो घर परिवारका मानिस पूजामा गएका थियौं । आमा गीता तिमल्सिना माइत जानुभएको थियो । सो पूजामा रमेश पनि गएकोमा मेरो रमेशसँग भेट भयो । मेरो टाउको दुख्यो भनी अं.९:०० बजे राति म घरमा आएँ । एकछिनपछि रमेश पनि मेरो घरमा आई म सुत्ने गरेको कोठाको ढोका खुल्लै भएकोले निज भित्र पसी मलाई समाई अनैतिक कार्य गर्न खोज्दा मैले नाइँ भन्दा पनि मलाई जबरजस्ती अनैतिक कार्य गर्न लाग्दाको अवस्थामा रातिको अं.१०:०० बजेतिर बुबा टुप्लुक्क आइपुग्नुभई रमेशले मलाई अनैतिक कार्य गर्दै गरेको अवस्थामा नै बुबाले रमेशलाई के गरेको भन्दा हामी दुवै जना भाग्ने क्रममा बुबाले निज रमेशको टाउकोमा बाँसको भाटाले हान्दा टाउको फुटेको थियो । म भागी साथी शान्ताको घरमा गई लुकी बसेपछि राति नै बुबाले घरमा लानुभयो । त्यसपछि मलाई निगरानीमा राखी घरबाट बाहिर जान नदिएपछि म घरमै बसें । मिति २०६८।१२।२० गते बेलुका अं.१६:३० बजे निज रमेश हराई बेपत्ता भै खोजतलासको क्रममा निज मिति २०६८।१२।२२ गते बिहान अं.७:०० बजेको समयमा गाउँकै सुमित्रा नेपालीले बाख्रा चराउन जाँदा बाँसघारी गैरीपाखाको जंगलमा आँपको रूखमा प्लाष्टिकको डोरीको पासो लगाई झुन्डिई मरेको अवस्थामा लास फेला परेपछि गाउँमा हल्ला हुँदा मैले थाहा पाएकोमा मलाई घटनास्थलमा जान दिएनन् । मैले निजको लास देख्न पाइन । घटना हुनुभन्दा अगाडि मिति २०६८।१२।१७ गते रमेशले मलाई लेखेको चिठ्ठी यसै साथ छ । निजलाई मेरो बुबाले मारे मराएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी वेदनाथ तिमल्सिनाको छोरी देविका तिमल्सिनाले गरेको घटना विवरण कागज ।

जाहेरवालाको छोरा रमेश पहाडीले प्रतिवादीको छोरीसँग अनैतिक सम्बन्ध राखेको कारणले गर्दा प्रतिवादी वेदनाथ तिमल्सिना र निजको श्रीमती गीता तिमल्सिना समेतले निज रमेश पहाडीलाई वारदात

मितिमा कुटपिट गरी मिति २०६८।१२।२० गते बेलुका अपहरण गरी लगी कुटपिट गरी मारी झुन्ड्याइदिएको अवस्थामा निजको लास मिति २०६८।१२।२२ गते फेला परेको हुँदा निज रमेश पहाडीलाई प्रतिवादीहरू वेदनाथ तिमल्सिना समेतले नै कर्तव्य गरी मारी झुन्ड्याइदिएको हो भन्ने समेत व्यहोराको जाहेरीमा उल्लिखित साक्षीहरूमध्येकै अर्जुन घिमिरे, विष्णुप्रसाद पहाडी, पोष्टराज पहाडी, शिवप्रसाद पहाडी र बमबहादुर पिठाकोटी समेतले अनुसन्धान क्रममा गरिदिएको घटना विवरणको कागज ।

जाहेरवालाको छोरा वर्ष १८ को रमेश पहाडी जिल्ला सिन्धुली, लाम्पनटार गा.वि.स., वडा नं.४ बस्ने विश्वनाथ पहाडीको घरमा डेरा गरी उ.मा.वि. लाम्पनटार क्याम्पसमा कक्षा १२ मा अध्ययनरत रहेकोमा मिति २०६८।१२।१८ गते राति अं.९:०० बजेको समयमा प्रतिवादी वेदनाथ तिमल्सिनाकै घरमा निजकै छोरी देविका तिमल्सिनालाई जाहेरवालाको छोरा रमेश पहाडीले अनैतिक कार्य गरिरहेकै बेला प्रतिवादी वेदनाथ तिमल्सिनाले देखी रमेश पहाडीलाई वेदनाथ तिमल्सिनाले कुटपिट गर्दा रमेश पहाडीको टाउको फुटी घाइते भएको थियो । सो पश्चात् निजलाई चकमके बजारमा रहेको गणेश गौतमको मेडिकलमा लगी उपचार गराएको थियो । मिति २०६८।१२।२० गते बेलुकाबाट रमेश पहाडी बेपत्ता भएको कुरा सुनेको थिएँ र खोजतलासकै क्रममा मिति २०६८।१२।२२ गते बाँसगैरी पाखाको आँपको रूखमा झुन्डिएको अवस्थामा रमेश पहाडीको लास फेला परेको थियो । मृतक लासको अवस्था र घटनास्थलको प्रकृति हेर्दा रमेश पहाडीलाई प्रतिवादी वेदनाथ तिमल्सिना समेतले कर्तव्य गरी मारे मराएको होइन । प्रतिवादी वेदनाथ तिमल्सिनाको छोरी देविका तिमल्सिना र जाहेरवालाको छोरा रमेश पहाडी हाडनाताका दाजु बहिनी पर्ने भएको र रमेश पहाडीले आफ्नै बहिनीसँग अनैतिक सम्बन्ध राखेको कारण लाजले आफैं झुन्डिई आत्महत्या गरेको हो भन्ने समेत व्यहोराको अनुसन्धानको क्रममा बुझिएका पर्शुराम तिमल्सिना, कृष्णप्रसाद पहाडी, विश्वनाथ पोखरेल (पहाडी) र गणेशप्रसाद गौतम समेतले गरिदिएको घटना विवरण कागज ।

सिन्धुली जिल्ला, गा.वि.स. लाम्पनटार, वडा नं.४ बस्ने रामु भन्ने विश्वनाथ पहाडी (पोखरेल) को घरमा डेरा गरी उ.मा.वि.लाम्पनटारमा विज्ञान संकायतर्फ कक्षा १२ मा अध्ययनरत रमेश पहाडीले आफ्नै हाडनाताकी बहिनी पर्ने प्रतिवादीकी छोरी देविका तिमल्सिनासँग अनैतिक कार्य गरेकै कारण प्रतिवादी वेदनाथ भन्ने वेदराज तिमल्सिना र गीता तिमल्सिना समेतको मिलोमतोमा योजनाबद्ध तरिकाले रमेश पहाडीलाई कुटपिट गरी मरणासन्न अवस्थामा पारी अपराधबाट बच्नको लागि निजलाई रूखमा झुन्डाइदिएको भन्ने किटानी जाहेरी दरखास्त, मृतकको लास जाँच र घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन, बमबहादुर पिठाकोटी समेतका मानिसहरूले गरिदिएको घटना विवरण कागजको व्यहोराबाट कर्तव्य गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरूको उक्त आपराधिक कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीत दफा १३(३) नं. को कसुर अपराध भएको हुँदा निज प्रतिवादीहरू वेदनाथ भन्ने वेदराज तिमल्सिना र गीता तिमल्सिना समेतलाई सोही ऐनको दफा १३(३) नं. बमोमिज सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग-पत्र ।

रमेश पहाडी २ महिना अगाडि मेरै घरमा डेरा गरी बसी आफू पढ्ने र मेरो छोरा छोरीलाई पनि पढाउने समेतका काम गर्थे । त्यस बखत निजले मेरी छोरी देविकासँग अनैतिक सम्बन्ध राख्दै आएका रहेछन् । उक्त सम्बन्धमा निज रमेश र मेरी छोरीलाई कोठामा निर्वस्त्र (नाङ्गो) अवस्थामा एउटै ओछ्यानमा मैले र मेरी श्रीमती गीताले देखेपछि तिमीहरूले यस्तो काम गर्नु राम्रो होइन । हाडनाताभित्रको सम्बन्ध हुँदा भोलि समाजले स्वीकार्दैन तिमी आजैबाट मेरो घरबाट निस्की अन्तै डेरा खोज भनी निज रमेशलाई हामीले घरबाट निकालासम्म गरेका हौं । मिति २०६८।१२।१८ गते मेरी श्रीमती आफ्नो माइती घर मझुवा दोभानस्थित बेलटार गएकी हुँदा घरमा म लगायत छोरा एक र छोरी ३ समेत थियौं । छोरा छोरीहरू छिमेकी मायानाथ पहाडीको घरमा कीर्तन हेर्न भनी राति गएका थिए । रातको १:०० बजेतिर कीर्तन सकेर छोराछोरी घरमा आएका हुन् ।

मचाहिँ गाई ब्याएको र अम्रो झर्न बाँकी हुँदा कुरेर बसेको थिएँ । जाहेरीमा उल्लेख भए अनुसार हामीले जाहेरवालाका छोरा रमेश पहाडीलाई कुटपिट गरी कर्तव्य गरी मारे मराएका हैनौं । मेरी छोरी र मर्ने केटो रमेश नातामा दाजु बहिनी हुन् । निजहरूबीच माया प्रीति बसी प्रेमी-प्रेमिकाको सम्बन्ध भएजस्तो मलाई लाग्दैन । मिति २०६८।१२।१८ गतेको राति १२:०० बजेको समयमा र सोभन्दा पहिला २ पटक मेरी छोरी र रमेशलाई एकै ओछ्यानमा नाङ्गै अवस्थामा देखेको हुँ । निजलाई कोही कसैले मारेको नभई हाडनाताको सम्बन्ध रहेका व्यक्ति मेरी छोरीसँगको अनैतिक सम्बन्ध रहेको कारण आत्मग्लानि भै आफैं झुन्डिएर मरेको हुनुपर्छ । मैले मारेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी वेदनाथ भन्ने बेदराज तिमल्सिनाले यस अदालतमा गरेको बयान ।

जाहेरवालाको छोरा मृतक रमेश पहाडी आफ्नो घरबाट अध्ययनको सिलसिलमा मेरो घरमा २०६८ साल फागुनसम्म डेरा गरी बसेका थिए । निज हाम्रो घरमा डेरा गरी बस्दा हाम्रो छोरी देविका तिमल्सिनासँग नाजायज सम्बन्ध राख्ने गरेको कुरा थाहा पाई निजलाई हामीहरूले सम्झाई बुझाई गर्दा निजले २०६८ साल फागुन १५ गतेबाट हाम्रो घर छोडी हाम्रै छिमेकी रामप्रसाद पहाडीको घर डेरामा गरी बस्दै आएका थिए । मिति २०६८।१२।१८ गते राति हाम्रो गाउँ घरमा रामनवमी महोत्सवको उपलक्ष्यमा भजन कीर्तन कार्यक्रम थियो । उक्त कीर्तनमा मेरो पति वेदराज, छोरी देविका र मृतक रमेश पहाडी समेत गएका रहेछन् । कीर्तन चलिरहेको अवस्थामा टाउको दुख्यो भनी छोरी देवका घरमा आई सुतेकी अवस्थामा निज रमेश पहाडीले सो कुरा थाहा पाई हाम्रो छोरी घरमा एक्लै भएको मौका छोपी हाम्रो घरमा आई छोरीसँग नाजायज सम्बन्ध राख्दै गर्दा मेरो पति वेदराज तिमल्सिनाले देखी रमेश भाग्न लाग्दा पति वेदराजले नजिकै बाँसको भाटा भेटी सोही भाटाले हिर्काउँदा निज समेश पहाडीलाई हल्का चोट लागेको थियो भन्नेसम्म सुनेकी हुँ । आफ्नो हाडनाताको व्यक्तिसँग नाजायज सम्बन्ध राखेको कुरा गाउँ घरमा हल्ला खल्ला भएकोले सामाजिक लोक लाजको कारण निज आफैं रूखमा झुन्डिई आत्महत्या गरी मरेको हुनुपर्छ । मैले समेत निजलाई कर्तव्य गरी मारेको होइन भन्ने समेत व्यहोराको फरारी प्रतिवादी गीता भन्ने चन्द्रकुमारी तिमल्सिनाले यस अदालतमा हाजिर भै गरेको बयान ।

मेरो छोरा मृतक रमेश पहाडी एस.एल.सी. पास गरेपछि सिन्धुली जिल्लाको लाम्पनटार गा.वि.स. वडा नं. ४ स्थित चकमके भन्ने ठाउँमा बसी लाम्पनटार उ.मा.वि. मा विज्ञान संकायमा १२ मा पढ्दै गरेको थियो । २०६८ साल पुस महिनादेखि यिनै प्रतिवादीहरूको घरमा डेरा गरी बसेकोमा २०६८ साल फागुन महिनासम्म प्रतिवादीहरूकै घरमा बसी त्यसपछि प्रतिवादीहरूकै घर नजिक रहेको कृष्णप्रसाद पहाडीको घरमा डेरा सरी सोही घरमा डेरा गरी लाम्पनटार उ.मा.वि. मा पढ्दै गरेको थियो । ०६८ साल चैत्र २० गते मेरो छोरा रमेशले मलाई दिउँसो फोन गरी बिनाकारण सानी आमा गीता भन्ने चन्द्र कुमारी तिमल्सिना र सानो बुबा वेदराज तिमल्सिनाले मलाई कुटपिट गरी ओठ मुख सुन्निएको छ, कानमाथि निधार कञ्चटमा चोट लागेको छ भनी मलाई फोनमा भनेको थियो । सोही दिन बेलुका अं. ८.०० बजेको समयमा छोरा रमेशले डेरा गरी बसेको घरबेटी कृष्णप्रसाद पहाडीले मेरो छोरा कुमार पहाडीलाई फोन गरी भाइलाई खाना खान बोलाउँदा निज कोठमा रैनछ भनेकाले मैले छोरालाई सोही दिन राति नै फोन गर्दा सम्पर्क नभएकाले म छोरा बस्ने गरेको ठाउँ लाम्पनटार गै सोधपुछ गर्दा समेत पत्ता नलागेकोले एकै पटक २०६८।१२।२२ गते बिहान अं. ८.४५ बजेको समयमा डेरा गरी बसेको घरदेखि केही माथि आँपगैरी पाखो भन्ने ठाउँमा मेरो छोरा आँपको रूखमा झुन्डिएको अवस्थामा फेला पर्‍यो भन्ने खबर सुनी घटनास्थलमा म समेत गई हेर्दा मृतक छोराको ओठ मुख सुन्निएको, कम्मरमा डोरीले बाँधिएको जस्तो डाम रहेको, निधारमाथि र कानमाथि कञ्चटमा समेत घाउ रहेको, खुट्टामा पनि खोस्रिएको घाउ रहेको लासको प्रकृतिबाट मेरो छोरा रमेश पहाडीलाई यिनै प्रतिवादीहरूले कुटपिट गरेको

चोट पीडाबाट निजको मृत्यु भएकोमा मलाई पूरा विश्वास लाग्छ भन्ने समेत व्यहोराको जाहेरवाला इन्द्रप्रसाद पहाडीले यस अदालतमा गरेको बकपत्र ।

मृतक रमेश पहाडी मेरो घरमा पढ्न भनी बसेको १५, १६ दिन भएको थियो । लास भेटिएको २ दिन अगाडि बेलुकीको ४.३० बजेतिर भाञ्जा मृतक रमेश पहाडी खानेपानीको पाइप बनाउन भनी गएका थिए । रमेशको टाउकोमा चोट पनि थियो । मैले के भयो भनी सोध्दा साइकल सिक्दा लडेर चोट लागेको भनी मलाई भनेका थिए । मैले मृतक भाञ्जा रमेशलाई तिमी पानी बनाउन जानु पर्दैन भन्दा भन्दै मैले भनेको नमानीकन गए । त्यसपछि उनी फर्केर आएनन् । मृतक रमेश आफैं झुन्डिई आत्महत्या गरेका हुन् । यी प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेका होइनन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने मानिस विश्वनाथ पहाडीले यस अदालतमा गरेको बकपत्र ।

जाहेरवालाको छोरा मृतक रमेश पहाडी पढ्न भनी लाम्पनटार गा.वि.स. वडा नं. ४ स्थित कृष्ण पहाडीको घरमा बसी उ.मा.वि.लाम्पनटारमा पढ्दै गरेको थियो । मिति २०६८।१२।१८ गतेका दिन राति प्रतिवादीहरूको गाउँ छिमेकमा कीर्तन पूजा कार्यक्रम रहेको र उक्त कीर्तनमा राति जाहेरवालाको छोरा रमेश पहाडी, प्र. वेदराज तिमल्सिना र वेदराजको छोरी देविका समेत गएको र जाहेरवालाको छोराले प्रतिवादीको छोरी देविकासँग कुरा गरेको भन्ने सामान्य विषयलाई लिएर प्रतिवादी वेदराज तिमल्सिनाले जाहेरवालाको छोरालाई कुटपिट गरेको भन्ने कुरा निज रमेशले काठमाडौंमा आफ्नो भाइ नाता पर्ने सन्तोष पहाडीलाई फोनबाट भनेको र सो कुरा सन्तोष पहाडीले मिति २०६८।१२।१९ गते मलाई फोनबाटै जानकारी गराएको थियो । ऐ. २० गते राति एक्कासि रमेश पहाडी बेपत्ता भएको र ऐ. २२ गते बिहान ८.४५ बजेतिर रूखमा झुन्डिई मरेको अवस्थामा फेला परेको भन्ने खबर पाई म सिन्धुलीबाट घटनास्थल पुगेको हुँ । घटनास्थलमा गई मृतक लासको अवस्था हेर्दा लासको शरीरमा विभिन्न ठाउँमा घाउचोट लागेको र घटनास्थलको प्रकृति हेर्दा प्रतिवादीहरूले नै सुनियोजित रूपमा जाहेरवालाको छोरा रमेश पहाडीलाई कर्तव्य गरी झुन्ड्याई मारेकोमा पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने पोष्टराज पहाडीले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६८।१२।२२ गतेका दिन बिहान ७.०० बजेको समयमा म आफ्नै घर नजिक रहेको बाँसगैरी पाखामा बाख्रा चराउन भनी गएको थिएँ । बाख्रा चराउँदै गएको अवस्थामा सोही पाखमा आँपको रूखमा प्लाष्टिकको डोरीले घाँटीमा पासो लगाई रमेश पहाडी झुन्डिई मरेको अवस्थामा मैले देखेकी हुँ । मैले देख्नासाथ हल्ला खल्ला गरी मेरो बुबा जगतबहादुर दर्नाल समेतले प्रहरी चौकी चकमकेमा खबर गरेका हुन् । घटना वारदात पूर्व मिति २०६८।१२।१८ गते राति गाउँकै पूजा कीर्तनमा मृतक रमेश पहाडी, प्रतिवादीको छोरी देविका र प्रतिवादी वेदराज समेत गएको र पूजाबाट घर फर्की आउँदा प्रतिवादी वेदराजको घरमा निजकै छोरी देविकासँग यौन सम्पर्क गर्दै गरेको अवस्थामा प्रतिवादी वेदराजले फेला पारेको र मृतक रमेश भाग्न खोज्दा प्रतिवादीले बाँसको भाटाले हिर्काउँदा सामान्य चोट लागेको भन्नेसम्म सुनेका हुँ । मृतक रमेश २०६८।१२।२० गते गते बेलुका हराएको भन्ने पनि मैले सुनेकी हुँ । २१ गते दिनभरि पनि मेरो बुबा समेत भै खोजतलास गर्दा निज हराएको ३ दिनपछि झुन्डी मरेको अवस्थामा फेला परेको हो । निज मृतक रमेश पहाडीलाई कोही कसैले पनि कर्तव्य गरी मारे मराएको होइन । दाजु बहिनी नाता पर्ने व्यक्तिसँग यौन सम्बन्ध राखेको कुरा निजका आफन्तहरू र निज पढ्ने क्याम्पसमा समेत थाहा भएकाले निज लाजको कारणबाट आफैं आत्महत्या गरी मरेका हुन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने सुमित्रा परियारले यस अदालतमा गरेका बकपत्र ।

जाहेरवालाका छोरा लाम्पनटार क्याम्पसमा पढ्न भनी वेदराजकै घरमा बसेका थिए । सो घरमा बस्दा निज मृतक रमेश पहाडीको वेदराजकै छोरीसँग माया प्रेम सम्बन्ध भएको शंका गरी निज रमेशलाई

उसको सानो बुबा नाता पर्ने वेदराजले आफ्नो घरबाट अन्यत्रै सरी जान भनेकोले निज अन्यत्रै बस्न थालेकोमा रमेश हराएको कुरा निजकै दाजुले मलाई काठमाडौंबाट फोन गरी जानकारी गराएपछि म र निजका काका भई खोजतलास गऱ्यौं । फेला पार्न नसकेपछि चकमके प्रहरी चौकीमा पनि पुग्यौं । त्यहाँ लिखित निवेदन पनि दिएका थियौं । ०६८।१२।२२ गते बिहान क्याम्पसबाट फर्कंदै गरेकी एक जना बहिनीलाई सोध्दा निजबाट झुन्डिई मरेको अवस्थामा छन् भन्ने कुरा जानकारी पाएँ । तत्पश्चात् म घटनास्लमा पुगी लासको अवस्था र लास रहेको ठाउँको अवस्था हेर्दा मृतकलाई कर्तव्य गरी मारी वा मरणासन्न अवस्थामा पुऱ्याई सो स्थानसम्म लगी झुन्ड्याइदिएको हो । यी मृतकलाई प्रतिवादी वेदनाथ भन्ने वेदराज तिमल्सिना र गीता तिमल्सिनाले नै आफ्नी छोरी र मृतक रमेशबीचको प्रेम सम्बन्धको कारणले झुन्ड्याई कर्तव्य गरी मारेका हुन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने मानिस अर्जुन घिमिरेले यस अदालतमा गरिदिएको बकपत्र ।

प्रतिवादीहरूले मृतक रमेश पहाडीलाई कर्तव्य गरी मारेका होइनन् । लास भएको ठाउँमा म पनि गएको थिएँ । लास झुन्डिएको अवस्था हेर्दा मृतक आफैं झुन्डिई आत्महत्या गरेका हुन् । निज झुन्डिएर मर्नुपर्ने घरायसी कारण होला, सो मलाई थाहा छैन । मृतक आफैं झुन्डिई मरेका हुँदा प्रतिवादीहरूलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी कर्णबहादुर मगरले यस अदालतमा गरिदिएको बकपत्र ।

प्रतिवादीहरूले जाहेरवालाको छोरा मृतक रमेश पहाडीलाई कर्तव्य गरी मारे मराएको होइन । मृतक रमेश पहाडीले आफ्नो बहिनी नाता पर्ने प्रतिवादीहरूको छोरी देविकासँग हाडनातामा यौन सम्बन्ध राखेको कुरा सबैले थाहा पाएको हुँदा आत्मग्लानि भई लाजले आत्महत्या गरी आफैं झुन्डिई मरेका हुन् । प्रतिवादीहरू निर्दोष भएकाले निजहरूले सफाइ पाउनुपर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादी पक्षको साक्षी ज्ञानप्रसाद तिमल्सिनाले यस अदालतमा गरिदिएको बकपत्र ।

मृतक रमेश विश्वनाथ पहाडीको घरमा बसी अध्ययन गर्ने क्रममा मिति २०६८।१२।२० गतेबाट हराएका हुन् । ऐ. २१ गते बिहान ५ बजे इन्द्रप्रसाद पहाडीको श्रीमतीबाट रमेशको मृत्यु भयो अरे भन्ने खबर सुनें र घटनास्थलमा सोही दिन दिउँसो १.१५ बजे पुगेको हुँ । त्यहाँ पुगेर लासको अवस्था हेर्दा रमेश पहाडीलाई कर्तव्य गरी आँपको रूखमा झुन्ड्याइएको भन्ने बुझें । मिति २०६८ साल चैत्र १८ गते मृतकले प्रतिवादी वेदनाथको छोरीसँग गफ गरेको भन्ने विषयमा प्रतिवादी वेदनाथले मृतकलाई कुटपिट समेत गरेको कारण समेतबाट यी प्रतिवादी वेदनाथ र निजकै श्रीमती गीता तिमल्सिना भएर मृतकलाई कर्तव्य गरी झुन्ड्याई मारेका हुन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने मानिस शिवप्रसाद पहाडीले यस अदालतमा गरिदिएको बकपत्र ।

मृतक रमेश पहाडी हराएपछि निजको सम्बन्धमा बुझ्न म २०६८।१२।२१ मा जिल्ला प्रहरी कार्यालय आएको थिएँ र ऐ. २२ गते बिहान गाउँबाट रमेशको लास भेटिएको भन्ने खबर आयो । सोही दिन प्रहरीले मृतकको लास पोष्टमार्टमको लागि ल्याइपुऱ्यायो । मैले लासको अवस्था हेर्दा टाउकोमा चोट थियो । अन्य भागमा नीलडाम भएको हुँदा मृतक रमेशलाई कर्तव्य गरी मारिएको शंका लाग्यो । निजलाई को कसले कर्तव्य गरी मारे सो सम्बन्धमा मलाई थाहा छैन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने बमबहादुर पिठाकोटीले यस अदालतमा गरिदिएको बकपत्र ।

मृतकको लास अन्त्येष्टि गर्नका लागि लैंजानुभन्दा अगाडि लासलाई ओल्टाई पल्टाई हेर्दा लासको टाउकोमा २ ओटा टाँका थियो । दाहिने कानमा चोट लागेको, ओठ सुन्निएको, तिघ्रामा नीलडाम, कम्मरमा पूरै नीलडाम थियो, पाखुरामा पनि नीलडाम, पिंडौलामा काटिएको, गोडाको औंलामा पनि काटिएको लासको अवस्था हेर्दा मृतकलाई प्रतिवादीहरूकै कर्तव्यबाट नै मारिएको हो । को को भई के कस्तो परिवन्दबाट

मृतकलाई कर्तव्य गरियो, कहिले गरियो भन्ने सम्बन्धमा मलाई थाहा छैन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने मानिस विष्णुप्रसाद पहाडीले यस अदालतमा गरिदिएको बकपत्र ।

२ वर्ष अगाडि कक्षा ११ मा पढ्न रमेश पहाडी खाङसाङबाट लाम्पनटार आउनुभएको थियो । त्यसै बेलादेखि मृतकसँग मेरो चिनाजान भएको हो । मृतक मेरो ठूली आमा ठूलो बुबाको छोरा भएको हुँदा दाजु नाता पर्दछ । मिति २०६८।१२।२१ गते मृतक रमेश पहाडीको लास फेला परेको हो । मृतक आफैं मरेका हुन् । मृतक र मबीच अनैतिक सम्बन्ध भएको कारण मुख देखाउन नहुनेसम्मको लाज मानी सोही लाजको कारण मृतक मरेको जस्तो लाग्छ । यस मुद्दामा मेरो बुबा र आमा कुनै पनि संलग्नता छैन । मिसिल संलग्न मृतक र मैले लेखेका चिठ्ठीहरू हुन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने प्रतिवादीहरूको छोरी देविका तिमल्सिनाले यस अदालतमा गरिदिएको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता नारायणबहादुर थापा र प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रेमचन्द्र दहालले गर्नुभएको बहस सुनी अभियोग माग दाबीतर्फ हेर्दा, यसमा प्रतिवादीहरूको आफ्नै छोरी देविका तिमल्सेनासँग जाहेरवालाका छोरा रमेश पहाडीले अनैतिक यौन सम्बन्ध राखेको कारण निज प्रतिवादीहरूले आपसमा मिलोमतो गरी योजनाबद्ध तरिकाले रमेश पहाडीलाई कुटपिट गरी मरणासन्न अवस्थामा पारी आफू अपराधबाट बच्नका लागि रूखमा लगी झुन्डाई कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आएकोले प्रतिवादीहरूलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३(३) नं.को कसुर अपराधमा सोही महलको १३(३) नं.बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग माग दाबी देखिन्छ ।

अब यी प्रतिवादीहरूले अभियोग माग दाबी बमोजिम आरोपित कसुर अपराध गरेका हुन् होइनन् भन्ने सम्बन्धमा मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रतिवादीमध्येका वेदनाथ भन्ने वेदराज तिमल्सेनाले मौकामा अधिकार प्राप्त अनुसन्धान अधिकारी र यस अदालतमा समेत बयान गर्दा जाहेरवाला साढु दाइका छोरा रमेश पहाडी गाउँकै विश्वनाथ पहाडीको घरमा डेरा गरी उ.मा.वि. लाम्पान्टारमा कक्षा १२ मा अध्ययनरत थिए । मिति २०६८।१२।१८ गते मायानाथ पहाडीको घरमा पूजा कीर्तन थियो । सो दिन मेरी श्रीमती गीता माइत गएकी र छोरी देविका तिमल्सेना सोही पूजामा गएकी थिइन् । त्यहाँबाट छोरी राति घर फर्की आएपछि निज कोठामा सुत्न गएकीमा म हेर्न जाँदा निज छोरी र रमेश पहाडी निर्वस्त्र (नाङ्गो) अवस्थामा एउटै ओछ्यानमा सुती अनैतिक शारीरिक सम्बन्ध राखिरहेको देखी हल्लाखल्ला गर्दा निज रमेश पहाडी भाग्न लागेकाले निजलाई टाउकोमा १ भाटा हिर्काएको हुँ । त्यसपछि निजलाई घरबेटीका छोरा कृष्ण पहाडीले गणेशप्रसाद गौतमको मेडिकलमा लगी उपचार गराए छन् । निज रमेश पहाडी ऐ. चैत्र २० गते बेलुका हराएको भन्ने हल्ला भयो । खोजतलास गर्दा ऐ.२२ गते बिहान बाँसगैरी पाखाको आँपको रूखमा झुन्डिएर मरेको अवस्थामा बाख्रा चराउन गएकी सुमित्रा परियारले देखी हल्ला गर्दा लास भेटिएको हो । निजलाई मैले कर्तव्य गरी मारेको होइन । निजले बैनी नाता पर्ने मेरी छोरीसँग अनैतिक यौन सम्बन्ध राखेको कुरा गाउँ घर र निज पढ्ने क्याम्पसमा समेत हल्ला भएको हुँदा लोकलाजले आफैं झुन्डिएर आत्महत्या गरेका हुन् । यसभन्दा २ महिना अगाडि मेरो घरमा डेरा गरी बस्दा समेत निजले मेरी छोरी देविकासँग अनैतिक सम्बन्ध राखेको कुरा त्यति बेलै थाहा पाई यस्तो हाडनाताको सम्बन्धलाई समाजले स्वीकार गर्दैन भनी निजलाई अन्यत्रै डेरा गरी बस भनी घरबाट निकालेको हुँ । निज मृतक रमेश पहाडीलाई मैले समेत

कर्तव्य गरी मारेको होइन भनी आरोपित कसुरमा इन्कारी भै बयान गरेको देखिन्छ । त्यसैगरी निजकी श्रीमती सहप्रतिवादी गीता भन्ने चन्द्रकुमारी तिमल्सेना मौकामा फरार रही यस अदालतबाट वारेन्ट सहितको म्यादी पुर्जी जारी भए पश्चात् म्यादैभित्र निवेदनसाथ यस अदालतमा उपस्गित भै बयान गर्दा मृतक रमेश पहाडी मेरो फुपू दिदीको नाति अर्थात् भान्जी दिदीको छोरा हुँदा मेरो पनि छोरा नाताका हुन् । निज २०६८ साल मंसिरदेखि अध्ययनको सिलसिलामा मेरो घरमा डेरा गरी ऐ. फाल्गुण १५ गतेसम्म बसेका थिए । मेरा घरमा बस्दा हाम्री छोरी देविकासँग यौन सम्बन्ध राख्ने गरेको कुरा थाहा पाई निजलाई सम्झाई बुझाई यस्तो गर्नु हुँदैन भनी डेरा सार्न लगाएको हो । मिति २०६८।१२।१७ गते माइती घर बेलटारमा गै ऐ. १८ गते रात पनि त्यही बसेको हुँ । मृतककै बुढामावली र मेरो माइती घर एउटै भएकाले निज समेत बेलटारमा गएका हुँदा निजसँग ऐ. चैत्र १८ गते भेट भै दिनभर त्यहीं बसेका थियौं । सो दिनको बेलुका निज आफ्नो डेरा फर्केका हुन् । सोही रातमा गाउँमा रामनवमीको उपलक्ष्यमा भजन कीर्तन भएको हुँदा सो भजन कीर्तनमा मेरा पति र छोरी समेत गएका रहेछन् । छोरी सो कीर्तनबाट घर आई सुतेको अवस्थामा निज रमेश पहाडी पनि हाम्रो घरमा आई निज छोरीसँग नाजायज यौन सम्बन्ध राख्दै गर्दा मेरा पति वेदराज तिमल्सेनाले फेला पारी निज रमेश भाग्न लाग्दा मेरा पतिले भाटाले निजलाई हिर्काउँदा हल्का चोट लागेको थियो भन्नेसम्म सुनेकी हुँ । सो वारदातको समयमा म माइतीघरमा हुँदा मैले निजलाई हिर्काएको र आरोपित कर्तव्यको कसुर गरेको होइन । निजले हाडनाता पर्ने बहिनीसँग नाजायज सम्बन्ध राखेको र सो कुरा गाउँ घरमा हल्ला खल्ला भएकोले सामाजिक लोक लाजको कारण आफैं रूखमा झुन्डिई आत्महत्या गरी मरेको हुनुपर्छ भनी बयान गरेको पाइयो ।

प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा घटना विवरण कागज गर्नेमध्येका वारदातस्थलभन्दा लामो दूरी रहेको खाङसाङ गा.वि.स. र हत्पते गा.वि.स. का विष्णुप्रसाद पहाडी, पोष्टराज पहाडी, शिवप्रसाद पहाडी, बमबहादुर पिठाकोठी र अर्जुन घिमिरेले मौकामा कागज गर्दा तथा यस अदालतमा बकपत्र गर्दा समेत प्रतिवादीको छोरीसँग मृतकले अनुचित सम्बन्ध राखेको कारण प्रतिवादीहरूले कुटपिट गरी घाइते बनाई मृतकलाई झुन्ड्याई मारेको भनी शंका व्यक्त गरे तापनि निजहरू वारदातको चश्मदिद गवाह नभएका र जाहेरवाला तथा मृतकका घर छिमेकी गाउँले भएको हुँदा निजहरूले वारदात घटेपछि थाहा पाई अनुमान र शंकाको भरमा बकपत्र गरेको देखिन्छ । सोही घटना विवरणको कागज गर्ने देवप्रसाद दाहाल, यतीराज उपाध्याय, परशुराम तिमल्सिना, कृष्णप्रसाद पहाडी, गणेश गौतम मृतकका घरबेटी विश्वनाथ पहाडी र बाख्रा चराउन जाँदा मृतकको झुन्डिएको अवस्थामा लास देख्ने पहिलो व्यक्ति सुमित्रा परियारले समेत प्रतिवादीहरूको छोरीसँग मृतकले अनैतिक सम्बन्ध राखेको कुरा गाउँ घर र मृतक पढ्ने क्याम्पस समेतमा हल्ला भएको र आफ्नै बहिनी नाता पर्नेसँग अनुचित सम्बन्ध राखेको कारणले गाउँ समाजको लोकलाजले आफैं झुन्डिई आत्महत्या गरेका हुन् । निजलाई प्रतिवादीहरूले कर्तव्य गरी मारेका होइनन् भनी किटानी रूपमा लेखाइदिएका र निजहरूमध्ये सुमित्रा परियारले सोही मौकाको कागजलाई समर्थन हुने गरी यस अदालतमा बकपत्र गरेकी छन् भने अर्का वादी पक्षकै साक्षी मृतकका घरबेटी विश्वनाथ पहाडीले यस अदालतमा बकपत्र गर्दा मृतक मेरो भाञ्जा नाताका भएका र निजलाई वारदात घटी लास भेटिनुपूर्व २ दिनअगाडि साँझपख निजको टाउकोमा चोट देखी के भएको भनी सोध्दा निजले साइकल सिक्दा लडेर चोट लागेको भनी भनेका थिए । सोही बेला निज खानेपानी पाइप बनाउन भनी गएकोमा निज फर्की आएनन् । निजलाई प्रतिवादीहरूले कर्तव्य गरी मारेका होइनन्, निज आफैं आत्महत्या गरी झुन्डिई मरेका हुन् भनी बकपत्र गरेका छन् । त्यसैगरी प्रतिवादीका साक्षीहरू ज्ञानप्रसाद तिमल्सिना र कर्णबहादुर थापाले मृतकले बहिनी नाता पर्नेसँग हाडनाताको यौन सम्बन्ध राखेको र सो कुरा सबैले थाहा पाएको हुँदा लाजले आफैं झुन्डिई आत्महत्या गरेका हुन् । निजलाई प्रतिवादीहरूले कर्तव्य गरी मारेका होइनन् भनी बकपत्र गरेको पाइयो । यसका अतिरिक्त प्रतिवादीहरूको छोरी

देविका तिमल्सिनाले मौकामा अनुसन्धानको क्रममा र यस अदालतमा बकपत्र गर्दा मेरा दाजु पर्ने मृतक रमेश पहाडी र मेरोबीचमा माया प्रेम बसी अनैतिक सम्बन्ध रहेको र समाजमा मुख देखाउनेसम्मको लाज भएको कारणले मृतकले झुन्डिई आफैं आत्महत्या गरेका हुन् । मिसिल संलग्न चिठीपत्रहरू मृतक र मैले एकआपसमा लेखेका चिठीपत्रहरू हुन् । हामी यौनक्रीडास्थलबाट भाग्दा मेरो बुबाले भाटाले हिर्काएको भन्नेसम्म सुनेकी हुँ । मैले देखेको होइन भनी लेखाइदिएको देखियो । त्यसैगरी प्रतिवादीहरूले मृतक छोरालाई कर्तव्य गरी मारी झुन्ड्याएका हुन् भनी मौकामा किटानी जाहेरी दिने जाहेरवालाले यस अदालतमा बकपत्र गर्दा मृतक छोरा कक्षा १२ मा पढ्दा प्रतिवादीहरूको घरमा डेरा लिएकोमा पछि कृष्णप्रसाद पहाडीको घरमा डेरा लिई बसेका थिए । मिति २०६८।१२।२० मा निज छोराले मलाई फोन गर्दा छोरीसँग कुरा गरेको भन्ने विषयमा प्रतिवादीहरू सानी आमा र सानो बुबाले मलाई कुटपिट गरे । मेरो कञ्चटमा समेत चोट लागेको छ भनी भनेका थिए भन्ने समेत बकपत्र गरेको देखिए तापनी उक्त समयसम्म मृतक मर्ने अवस्थाका नभएका र तत्पश्चात् प्रतिवादीहरूले मृतकलाई पुनः कुटपिट गरी जाहेरी अनुसारको कर्तव्य गरेको भन्ने तथ्य पनि अनुसन्धानबाट खुलेको पाइँदैन ।

वस्तुतः मृतकको लास प्रकृति मुचुल्का हेर्दा आँपको रूखमा लास झुन्डिएको अवस्थामा भेटिएको, निलो प्लास्टिकको डोरीको पासो लगाएको, नाक मुखमा कमिला लागेको, मुख खुला रहेको, घाँटीमा U आकारको १ इन्चको डोरीको डाम रहेको, मलद्वारबाट दिसा र लिंगबाट वीर्यजस्तो तरल पदार्थ निस्केको, लास जमिनबाट १३ फिट उचाइमा रहेको, खुट्टामा खोस्रिएको सामान्य दाग देखिएको र टाउकोमा पुरानो घाउ समेत देखिएको भन्ने उल्लेख भएको पाइन्छ । त्यसैगरी मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा मृतकको घाँटीको हाड Fracture भएको, गर्धनको देब्रे साइडको कानमुनि पासोको गाँठो रहेको, घाँटीमा पासोको Ligature Mark रहेको समेतको आधारमा मृत्युको कारणमा The cause of death is Asphyxia due to hanging अर्थात् झुन्डिएर श्वास प्रश्वास क्रिया बन्द भै मृत्यु भएको हो भनी ३ जना चिकित्सकहरूको राय प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । यसका अतिरिक्त मृतकले प्रतिवादीहरूको छोरीलाई लेखेको मिसिल संलग्न पत्रमा हाम्रो प्रेममा बाधा अवरोध भएको खण्डमा आत्महत्या गरेर मर्ने जस्ता भावनाहरू व्यक्त गरी लेखेको समेत पाइयो ।

उपरोक्त वर्णित आधार प्रमाणहरूबाट मृतकले प्रतिवादीहरूकी छोरीसँग अनैतिक यौन सम्बन्ध राखेको अवस्थामा करणीस्थलमा नै फेला पारी प्रतिवादीमध्येका वेदराज तिमल्सिनाले मृतकलाई सामान्य चोट पर्ने गरी हिर्काएको सम्म देखिए तापनि निजले प्रहार गरेका भाटाको चोट पीडाले मृतक मर्न सक्नेसम्मको अवस्था नदेखिएको, एवं जाहेरी अनुसार प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारी झुन्ड्याएका भन्ने तथ्य पनि लास प्रकृति तथा शव परीक्षण प्रतिवेदनको लक्षणबाट नदेखिनुका साथै प्रतिवादीहरूले आरोपित कसुर गरेको भन्ने तथ्य निर्विवाद तथा स्वतन्त्र रूममा वादी पक्षबाट पुष्टि गराउन सकेको अवस्था विद्यमान रहेको र केवल शंकाको भरमा परेको जाहेरीको भरमा अभियोजन गरेको स्थिति देखिन्छ । तसर्थ फौजदारी कसुरमा शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेतका आधारमा यी प्रतिवादीहरूले आरोपित कर्तव्य ज्यानको कसुरबाट सफाइ पाउने ठहर्छ । निज प्रतिवादीहरू उपरको वादी नेपाल सरकारको अभियोग माग दाबी पुग्न सक्दैन । सो ठहर्नाले तपसिल कुरामा तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन अ.ब. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरू आरोपित कसुरबाट सफाइ पाउने ठहरेकाले केही गरिरहनु परेन ............................................................................................................१

यस फैसला उपर चित्त नबुझे ७० दिनभित्र श्री पुनरोदन अदालत जनकपुरमा पुनरावेदन गर्नू भनी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय सिन्धुलीलाई पुनरावेदन म्याद दिनू ........................................................................................................................२

अभियोगपत्र साथ पेस भएका दशीका सामानहरू मुद्दाको अन्तिम किनारा लागेपछि कानुन बमोजिम नष्ट गरिदिनू..........................................................................................................................३

सरोकारवालाले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई सारी सराइदिनू.........................................४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू..........................................५

माननीय जि.न्या.ज्यूले बोली टिपाए बमोजिम
टिपी यो फैसला कम्प्युटर टाइप गर्ने
फा. ना.सु. डेडकुमार ढकाल । न्यायाधीश

**ईति संवत् २०६९ साल मंसिर १९ गते रोज ३ शुभम्......................**

**श्री सुनसरी जिल्ला अदालत**
**इजलास**
**अतिरिक्त जिल्ला न्यायाधीश ब्रजेश प्याकुरेल**
**फैसला**
**संवत् २०६७ सालको स.फौ.नं. २६-०६७-०४५३५**
**निर्णय नं.५०७**

**मुद्दा :- कर्तव्य ज्यान ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला सुनसरी खनार गा.वि.स. वडा नं. ४ बस्ने माला सरदारको जाहेरीले नेपाल सरकार..........................१ | जिल्ला सुनसरी खनार गा.वि.स. वडा नं. ४ बस्ने महिलालको छोरा कानुनचन्द्र बहादुर भन्ने रामचन्द्र सरदार....................................................१ |
| ऐ. को प्रमाण :-<br>साक्षी :-<br>कागज :- | ऐ. को प्रमाण :-<br>साक्षी :-<br>कागज :- |

**अदालतबाट बुझेको**
**साक्षी :-**
**प्रमाण :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकार अन्तर्गतको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

१. जिल्ला सुनसरी खनार गा.वि.स. वडा नं. ४ स्थित रहेको रामचन्द्र सरदारको घर कोठाभित्र भुइँको भागमा रगत जमेको, भुइँ तथा टेबलमा दविया रहेको, कोठाको भित्ता तथा कपडाहरूमा रगत लागेको, चुराका टुक्रा तथा केश कपालको टुक्राहरू रहेको सोही स्थानमा रामचन्द्र सरदारले भागो देवी सरदारलाई काटी घाइते बनाएको भन्ने स्थानको घटनास्थल मुचुल्का ।

२. मेरो आमा भागो देवी सरदारलाई मिति २०६७।१०।६ गते राति अं. ८ बजेको समयमा बुबा कानुन भन्ने रामचन्द्र सरदारले धारिलो हतियारले काटी सक्त घाइते बनाएको र उपचारार्थ लँदै गर्दा निजको बाटैमा मृत्यु भएको तथा प्रतिवादी रामचन्द्र सरदार भागी फरार भएको हुँदा पक्राउ गरी आवश्यक कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको मालादेवी सरदारको जाहेरी दरखास्त ।

३. मृतक भागो देवी सरदारको बायाँ कुम, घांटीको बायाँ साइडको भाग र बायाँ गालादेखि टाउको घुच्चुकसम्मको भागमा धारिलो हतियारले काटी मासु क्षतविक्षत अवस्थामा देखिएको भन्ने समेत व्यहोराको लास प्रकृति मुचुल्का ।

४. मृतक भागो देवी सरदार मेरो श्रीमती हुन, मिति २०६७।१०।६ गते म दिन भर रिक्सा चलाई साँझको समयमा माछा समेत बोकी घरमा जाँदा श्रीमती भागो देवीले मलाई जथाभागी गालीगलौज गर्दै हातपात

समेत गरेकीले मैले दाउले निजको घाँटीमा पटक पटक प्रहार गरेर घाइते बनाएको थिएँ । निजलाई उपचारार्थ अस्पताल लाँदा मेरै हतियार चोटको कारण निजको मृत्यु भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी कानुनचन्द्र भन्ने रामचन्द्र सरदारले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

५. मिति २०६७।१०।६ गते राति हामी घरैमा बसिरहेको अवस्थामा बुवा रामचन्द्र सरदारले रक्सी खाएर घरमा आई आमा भागो देवीसँग झगडा गरेको र प्रतिवादीले दवियाले आमाको घाँटीमा काटी रगतपच्छे बनाएको देखी म कोठाबाट भागेको र पछि आमालाई उपचारार्थ लाँदा मृत्यु भएको भन्ने समेत व्यहोराको बुझिएका संजित सरदारले गरेको कागज ।

६. मिति २०६७।१०।६ गते रातिको ८ बजेको समयमा प्रतिवादी रामचन्द्र सरदारको छोरा संजित सरदार मेरो पसलमा रुँदै आई बुवा रामचन्द्रले आमा भागो देवीलाई दवियाले काटेको कुरा बताएको हुँदा म समेत निजको घरमा गै हेर्दा भागो देवीलाई रगतपच्छे अवस्थामा लडी ढुक ढुकी मात्र बाँकी रहेको अवस्थामा फेला पारी उपचारको लागि घोपा लाँदा लाँदै निजको मृत्यु भएको हो भन्ने समेत व्यहोराको बुझिएका नवीन सरदारको कागज ।

७. मेरो छोरी भागो देवी सरदारलाई ज्वाइँ प्रतिवादी रामचन्द्र सरदारले कुटपिट गर्ने, झगडा गर्ने गरेको कुरा सुन्दै आएको र मिति २०६७।१०।६ गते राति छोरी भागो देवीलाई प्रतिवादी रामचन्द्रले काटी हत्या गरेको कुरा मलाई खनारबाट जाने मानिसहरूले सुनाएको र भोलिपल्ट निजको घरमा आई हेर्दा छोरीलाई धारिलो हतियारले काटेको कारण मृत्यु भएको लास देखेको हुँ भन्ने समेत व्यहोराको बुझिएका सुगियादेवीको कागज ।

८. मिति २०६७।१०।६ गते राति २० बजेको समयमा प्रतिवादी रामचन्द्र सरदारले आफ्नो श्रीमती भागो देवी सरदारलाई धारिलो हतियार दाउले घाँटीमा प्रहार गरी घाइते बनाएको र निज भागो देवीलाई उपचारार्थ लाँदा लाँदै निजको मृत्यु भएको हो भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

९. धारिलो हतियारको कडा र गम्भीर प्रहारबाट दिमाग समेतमा चोट परेको कारण भागो देवीको मृत्यु भएको हो Cause of death is due to instantaneous death as a result of injury to the brain and spinal and by heavy sharp force. भन्ने समेत व्यहोराको पोस्टमार्टम रिपोर्ट ।

१०. माथि उल्लिखित घटनास्थल मुचुल्का, मालादेवी सरदारको जाहेरी, लास प्रकृति मुचुल्का, प्रतिवादी रामचन्द्र सरदारले गरेको बयान, बुझिएका संजित सरदार, नवीन सरदार, सुगिया देवी सरदारले गरेको कागज, वस्तुस्थिति मुचुल्का, पोस्टमार्टम रिपोर्ट समेतको आधारमा मृतक भागो देवी र प्रतिवादी कानुनचन्द्र सरदार श्रीमान् श्रीमती भई निजहरूका बीचमा केही समयदेखि सम्बन्ध राम्रो नभई भै झगडा कुटपिट हुँदै आएको र मिति २०६७।१०।६ गते राति कानुनचन्द्र बहादुर भन्ने रामचन्द्र सरदार घरमा आई श्रीमतीसँग भै झगडा गरी प्रतिवादीले सोही मौकामा खाटमुनि राखेको धारिलो जखमी हतियार दविया निकाली श्रीमती भागो देवीको गर्धन घाँटी लगायतको भागमा पटक पटक प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले प्रतिवादी रामचन्द्र सरदारको सो कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ र १३(१) नं. बमोजिम बर्खिलाप कसुर देखिँदा निज प्रतिवादी रामचन्द्र सरदारलाई ऐ. महलको १३(१) बमोजिम सजाय गरी पाऊँ भन्ने व्यहोराको अभियोग दाबी रहेको देखिन्छ ।

११. जाहेरवाली जेठी श्रीमतीको छोरी हुन् भने मृतक भागो देवी सरदार कान्छी श्रीमती हुन् । मिति २०६७।१०।६ गते राति मृतक भागो देवी निजको ८ वर्षको छोरा, ६ वर्षको छोरी समेत गरी ४ जना घरमा थियौं । भागो देवीसँग ९ वर्षअघि विवाह भई १ छोरा र १ छोरीको समेत जायजन्म भएकोमा निज भागो देवीको चरित्र बिग्रिँदै गएको, रक्सी खाने परपुरुषसँग यौनसम्पर्क राख्ने गरेकाले सो समेत नगर भनी सम्झाउँदा

समेत नमानी निजले घरमै ल्याई परपुरुषसँग सम्पर्क राखेको देखेपछि सधैंझैं २०६७।१०।६ गते पनि माछा र रक्सी लिएर आएँ, श्रीमतीले आफूले माछा रक्सी खाई मलाई खान नदिएपछि झगडा भयो मलाई भाँचिएको टेबुलको खुट्टाले हिर्काएपछि मलाई धेरै रिस उठी छोरा छोरीलाई तेरी आमालाई काटिदिन्छु भनी सोद्धा छोरा छोरीले समेत काट भनेको हुँदा फलामे दाउले गर्धनमा २ पटक हानेपछि खुन निस्कियो त्यसपछि म भागें, श्रीमती भागो देवी सरदारलाई म आफैंले काटी मारेको हुँ । अनुसन्धान अधिकारी समक्ष भएको बयान व्यहोरा मेरो हो । मैले मेरी श्रीमती भागो देवी सरदारलाई मैले धारिलो हतियार प्रयोग गरी मारेको हुँ भनी प्र. रामचन्द्र सरदारले यस अदालतमा गरेको बयान ।

१२. यस अदालतको मिति २०६७।११।१ गतेको आदेशानुसार प्रतिवादी कानुनचन्द्र बहादुर भन्ने रामचन्द्र सरदारलाई मुद्दा पुर्पक्षको निमित्त थुनामा राखेको देखिन्छ । साथै यस अदालतको आदेशानुसार र जाहेरवाला समेतलाई बकपत्रको लागि उपस्थित गराइदिनू भनी पत्राचार भएकोमा जाहेरवाला समेतलाई बकपत्रको लागि उपस्थित नगराइएको देखिन्छ ।

## अदालतको ठहर

१३. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकार तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता हरिकुमार पोखरेलले गर्नुभएको बहस सुनियो । प्रतिवादी कानुनचन्द्र बहादुर भन्ने रामचन्द्र सरदारले धारिलो जखमी हतियार दाउको प्रयोग गरी श्रीमती भागो देवीलाई काटी कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले प्रतिवादीको सो कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ र १३(१) नं. बर्खिलाप कसुर देखिँदा निज प्रतिवादी रामचन्द्र सरदारलाई ऐ. महलको १३(१) नं. बमोजिम सजाय गरी पाऊँ भन्ने व्यहोराको अभियोग दाबी भएको प्रस्तुत मुद्दामा निम्न प्रश्नमा निर्णय गर्नुपर्ने देखियो :

(क) मृतक भागो देवीको मृत्यु कर्तव्यबाट भएको हो वा होइन ?

(ख) प्रतिवादीले अभियोग दाबी बमोजिमको कसुर अपराध गरेका हुन् होइनन् ? र

(ग) प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय हुने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

१४. निर्णयतर्फ विचार गर्दा सर्वप्रथम मृतक भागो देवीको मृत्यु कर्तव्यबाट भएको हो वा होइन भन्ने सम्बन्धमा अध्ययन गर्दा मिसिल संलग्न लास प्रकृति मुचुल्का विवरणमा मृतक भागो देवी सरदारको बायाँ कुम, घाँटीको बायाँ साइडको भाग र बायाँ गालादेखि टाउको घुच्चुकसम्मको भागमा धारिलो हतियारले काटी मासु क्षतविक्षत अवस्थामा देखिएको भन्ने उल्लिखित व्यहोरा, भागो देवीको मृत्यु धारिलो हतियारको कडा र गम्भीर प्रहारबाट दिमाग समेतमा चोट परेको कारण भएको हो भन्ने समेत व्यहोराको पोस्टमार्टम रिपोर्ट, वारदातस्थल भनिएको प्रतिवादी रामचन्द्र सरदारको घर कोठाभित्र भुइँको भागमा रगत जमेको, भुइँ तथा टेबलमा दविया रहेको, कोठाको भित्ता तथा कपडाहरूमा रगत लागेको, चुराका टुक्रा तथा केश कपालको टुक्राहरू रहेको भन्ने घटनास्थल प्रकृति मुचुल्काको व्यहोरा तथा मेरो श्रीमती भागो देवीले मलाई जथाभागी गालीगलौज गर्दै हातपात समेत गरेकीले मैले दाउले निजको घाँटीमा पटक पटक प्रहार गरी मेरै हतियार चोटको कारण निजको मृत्यु भएको हो भन्ने समेतको प्रतिवादीको बयान व्यहोरा लगायतका प्रमाणहरूबाट घटना वारदात घटेको र भागो देवीको मृत्यु कर्तव्यबाटै भएको भन्ने कुरा निर्विवाद रूपमा स्थापित हुन आयो ।

१५. अब दोस्रो प्रश्न अर्थात् प्रतिवादीले अभियोग दाबी बमोजिमको कसुर अपराध गरेका हुन् होइनन् भन्ने

सम्बन्धमा अध्ययन गर्दा प्रतिवादी रामचन्द्र सरदारले अधिकार प्राप्त अधिकारी तथा अदालतमा समेत बयान गर्दा निज भागो देवीको चरित्र बिग्रिँदै गएको, रक्सी खाने परपुरुषसँग यौनसम्पर्क राख्ने गरेकाले सो समेत नगर भनी सम्झाउँदा समेत नमानी निजले घरमै ल्याई परपुरुषसँग यौनसम्पर्क राखेको देखेपछि सधैंझैं २०६७।१०।६ गते बेलुका पनि माछा र रक्सी लिएर आएँ । श्रीमतीले आफूले माछा रक्सी खाई, मलाई खान नदिएपछि रक्सी खाने विषयमा वादविवाद भएको र आफूले श्रीमतीलाई १ थप्पड हिर्काउँदा श्रीमतीले पनि मलाई भाँचिएको टेबुलको खुट्टाले हातको पाखुरामा २ पटक हिर्काएको र श्रीमतीले तेरो तागत भए लु मलाई काटमार भनी गाली गर्दै तेर्सिन आएको हुँदा मलाई धेरै रिस उठी छोरा छोरीलाई तेरी आमालाई काटिदिन्छु भनी सोद्धा छोरा छोरीले समेत काट भनेको हुँदा घरमा भएको खसी काट्ने फलामको दाउले गर्धनमा २ पटक हानेपछि खुन निस्किएको देखी डरले भागेको हो । श्रीमती भागो देवी सरदारलाई म आफैंले काटी मारेको हुँ भनी बयान गरेको अवस्थाबाट प्रस्तुत कसुर वारदात यी प्रतिवादी रामचन्द्रको कर्तव्यबाटै भएको भन्ने तथ्य पुष्टि हुन आएको पाइन्छ । वारदात समय र स्थानमा प्रतिवादी रामचन्द्र सरदार तथा निजका नाबालक छोराछोरी बाहेक अन्य व्यक्तिको उपस्थिति रहेको पनि पाइँदैन । वारदात हुँदा घटनास्थलमा रहेका निजका वर्ष ९ का छोरी संजीत सरदार तथा घटना विवरणका व्यक्ति नवीन सरदारले अनुसन्धानको क्रममा उल्लेख गरेको व्यहोरा प्रतिवादी रामचन्द्रले अदालतमा व्यक्त गरेको घटनाको सत्य तथ्यसँग मिले भिडेको अवस्था हुँदा निजहरूले अदालतमा बकपत्र नगरे पनि निजहरूको भनाइलाई अन्यथा मान्न सकिने अवस्था देखिँदैन । प्रतिवादी रामचन्द्र सरदारले अधिकार प्राप्त अधिकारी तथा अदालतमा वारदात एवं कसुर स्वीकार गरी गरेको स्वतन्त्र बयानलाई अन्यथा मान्नुपर्ने अवस्था पनि छैन । साथै मिसिल संलग्न घटनास्थल मुचुल्का अनुसार वारदात घटेको स्थानमा भित्ता, तखती, भाँडा, भुइँ जत्रतत्र रगत लागेको जमेको लतपतिएको अवस्था छ । प्रतिवादीले प्रहार गरेको भनिएको फलामे दाउ बरामद भएको र सो ठाउँमा रगत लागेको अवस्था छ । घटनास्थलबाट बरामद भएका उल्लिखित फलामे दाउ, चुरा, रौं, पोते लगायत परीक्षणको लागि पठाएकोमा प्राप्त रौं मानवको भन्ने यकिन भएको तर अन्य परीक्षणमा रगत भन्ने नदेखिए पनि वारदात स्थलबाट बरामद फलामको दाउ बाहेक अन्य हतियार नदेखिएको, मृतकको लास प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदन अनुसार धारिलो हतियारको चोट समेत रहे भएबाट प्रतिवादीको अदालतमा समेत भएको बयानलाई पुष्टि गरिरहेकै पाइन्छ । उल्लिखित तथ्य एवं प्रमाणहरूलाई आधार मान्दा कर्तव्यबाट मृत्यु भएको भागोदेवीको ज्यान यी प्रतिवादी रामचन्द्र सरदारको धारिलो हतियार प्रहारबाट भएको कुरामा विवाद देखिएन ।

१६. तर प्रतिवादीले के कुन कारण र परिस्थितिले कर्तव्य ज्यान जस्तो गम्भीर अपराध गरेका हुन् भन्ने कुरा निर्क्यौल गर्नु उपयुक्त हुने देखिन्छ । मृतक र प्रतिवादी लोग्ने स्वास्नी रहेको र निजहरूबीच ज्यानै लिनुपर्नेसम्मको पूर्व रिसईवी रहे भएको भने देखिँदैन । प्रतिवादीले अदालतमा समेत बयान गर्दा आफ्नो श्रीमती भागो देवीको चरित्र बिग्रिँदै गएको, रक्सी खाने, परपुरुषसँग यौनसम्पर्क राख्ने गरेकाले सो समेत नगर भनी सम्झाउँदा समेत नमानी निजले घरमै ल्याई परपुरुषसँग सम्पर्क राख्ने गरेको भन्ने भनाइतर्फ विचार गर्दा कतै सोही कारण प्रस्तुत वारदात घटेको हो कि भन्नलाई वारदातको दिन मृतकले परपुरुषसँग यौनसम्पर्क राखेको भन्ने प्रतिवादीकै बयानबाट खुलेको छैन । न त वारदात स्थलमा महजुद रहेका मृतकका नाबालक छोराछोरीहरूको अनुसन्धानको व्यहोराबाट सो कुरा पुष्टि भै रहेको पाइन्छ । परपुरुषसँग यौनसम्पर्क राखेकै कारण ज्यान मार्नुपरेको भए त्यस्तो घटना देखेकै समयमा रिसको आवेगले घटना घट्नुपर्ने थियो । तर त्यस्तो भएको देखिँदैन । आफ्नी श्रीमतीले परपुरुषसँग पहिलेदेखि नै यौनसम्पर्क राख्ने

गरेको कुरा निज प्रतिवादीलाई पहिलेदेखि नै जानकारी भएको भन्ने निजकै बयानबाट खुलिरहेको अवस्थामा वारदातको दिन श्रीमतीले परपुरुषसँग यौनसम्पर्क गरेको अवस्था पनि नभएको अवस्थामा सोही रिसको कारण ज्यान मारेको भन्ने अर्थ गर्न मिल्ने देखिँदैन ।

१७. प्रतिवादीले बयान गर्दा सधैंझै २०६७।१०।६ गते बेलुका पनि माछा र रक्सी लिएर आफू घर आएको । श्रीमतीले आफूले माछा रक्सी खाएको तर निजलाई खान नदिएपछि सोही विषयमा झगडा भएको । झगडा हुँदा आफुले श्रीमतीलाई १ थप्पड हिर्काउँदा श्रीमतीले आफूलाई भाँचिएको टेबुलको खुट्टाले हातको पाखुरामा २ पटक हिर्काएको र श्रीमतीले तेरो तागत भए लु मलाई काटमार भनी गाली गर्दै तेर्सिन आएको हुँदा रिस उठी छोरा छोरीलाई समेत तेरी आमालाई काटिदिन्छु भनी सोद्धा छोरा छोरीले समेत काट भनेको हुँदा फलामे दाउले गर्धनमा २ पटक हानेपछि खुन निस्किएको देखी डरले भागेको हो । श्रीमती भागो देवी सरदारलाई आफैंले काटी मारेको हुँ भनी बयान गरेको अवस्थाबाट श्रीमतीसँग भएको सामान्य विवाद र झगडाको कारण प्रतिक्रियाको रूपमा घरमा भएको खसी काट्ने फलामको दाउ खोजी ल्याई सो हतियारले पटकपटक प्रहार गरी काटेको अवस्थाबाट निजले मार्छु नै भनी चोट छोडेको देखिन्छ । यस प्रकार प्रतिवादीले आफ्नै श्रीमतीलाई मार्नुपर्नेसम्मको पूर्व रिसईवी नभए पनि तत्काल विकसित भएको परिस्थितिले रिसको आवेगमा हतियारको चोट छोडेको र पटकपटक प्रहार गरेको अवस्थाबाट मृतकलाई मार्छु नै भन्ने बिचारले हतियार प्रहार गरी सोही कारणबाट भागो देवीको मृत्यु भएको देखिँदा प्रतिवादीले वादी नेपाल सरकारको अभियोग दाबी अनुसारको मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं.को कसूर अपराध गरेको देखियो ।

१८. अतः तेस्रो प्रश्न अर्थात् प्रतिवादीलाई अभियोग दाबी अनुसार सजाय हुने हो वा होइन भनी विचार गर्दा प्रतिवादी रामचन्द्र सरदारको कर्तव्यबाट भागो देवीको मृत्यु भएको भन्ने कसुर पुष्टि भएको हुँदा प्रतिवादी कानुनचन्द्र बहादुर भन्ने रामचन्द्र सरदारलाई सोही महलको १३(१) नं. बमोजिम सर्वस्व सहित जन्म कैदको सजाय हुने ठहर्दछ ।

१८. **मुलुकी ऐन अदालती बन्दोबस्तको १८८ नं. बमोजिम हुन व्यक्त राय**

अभियोग दाबी अनुसार कसुर ठहर भएका प्रतिवादी कानुनचन्द्र बहादुर भन्ने रामचन्द्र सरदारको सन्दर्भमा समग्र मिसिल अध्ययन गरी प्रतिवादीको अदालतमा भएको बयान र अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान समेत हेर्दा प्रतिवादीले मृतकलाई कर्तव्य गरी ज्यानै मार्नुपर्ने सम्मको पूर्व रिसइवी एवं तयारी केही नभएको अवस्था देखिन्छ । तत्काल रक्सी खाने कुरामा विवाद भै दुवै पक्षले हात हालाहाल गरेको र विभिन्न गालीगलौज गरी प्रतिवादीलाई मारकाट गर्न मृतकले नै उक्साएको हुँदा रिसको झोंकमा धारिलो हतियारको चोट छोडी काटेको भन्ने अवस्था देखिन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा समेत कसुर स्वीकार गरी आफूबाट गल्ती भएकै हो कानुनले जो ठहर्छ भनी समर्पण गरी साना छोराछोरी छन् कमाई पाल्न पाऊँ भनी याचना समेत गरेको पाइन्छ । वादी पक्षका साक्षीहरू बकपत्र गर्न अदालत आएको अवस्था नभै प्रतिवादीकै साविती बयान र अन्य परिस्थितिजन्य प्रमाणहरूको आधारबाट इन्साफमा पुग्नुपरेको अवस्था समेत विचारणीय छ । निज प्रतिवादीको पेसा रिक्सा चालक भएको र मृतकतर्फबाट जन्मेका छोरा-१, छोरी-१ गरी २ सन्तान नाबालक रहेको देखिन्छ । निजको आश्रयमा रहेका ती नाबालक छोराछोरीहरूको पालनपोषण शिक्षा स्वास्थ्य लगायत सुदूरभविष्यका आवश्यकताहरूको परिपूर्ति गर्ने दायित्व समेत भएका प्रतिवादीलाई सजाय गर्न वारदात एवं घटना परिस्थिति एवं निजको स्वीकारोक्ति समेतलाई विचार गर्दा उल्लिखित सर्वस्व सहित जन्म कैदको सजाय गर्दा चर्को पर्ने हो कि भन्ने देखिएकोले दण्ड सजायको प्रयोजनको लागि कानुनमा अपवादको रूपमा रहेको अदालती बन्दोबस्तको १८८ नं. को व्यवस्था बमोजिम १२ वर्ष कैद गर्दा अभियोजन पक्ष तथा न्यायको

मकसद पूरा हुने देखेकोले सो बमोजिम हुन छुट्टै राय समेत व्यक्त गरेको छु । अन्य कुराका हकमा तपसिल बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

**तपसिल**

१ यो इन्साफमा चित्त नबुझे ७० दिनभित्रमा श्री पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन गर्नू भनी प्रतिवादी रामचन्द्र सरदारलाई पुनरावेदनको म्याद दिनू । साथै फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय सुनसरीलाई पठाइदिनू ..........................................................................................१

२ माथि इन्साफ खण्डमा लेखिए बमोजिम कानुनचन्द्र बहादुर भन्ने रामचन्द्र सरदारलाई सर्वस्व सहित जन्म कैदको सजाय हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादी मुद्दाको पुर्पक्षको निमित्त मिति २०६७।१०।८ गतेदेखि थुनामा बसेको देखिँदा सोही मितिदेखि लागू हुने गरी सर्वस्व सहित जन्म कैदको लगत कसी कैदम्याद ठेगी कैदी पुर्जी सम्बन्धित कारागारको नाउँमा लेखी पठाइदिनू, निज प्रतिवादी रामचन्द्र सरदारको अंश रोक्का राख्नू ....................................................................................................२

३ पुनरावेदन परे पुनरावेदनको रोहबाट पुनरावेदन नपरे अ.बं १८८ नं. बमोजिम व्यक्त राय सहितको साधक सदरको लागि मिसिल पुनरावेदन अदालत विराटनगरमा पठाइदिनू ............................................३

४ यसमा आ.व. २०६८/०६९ को जिन्सी लगत नं. २५७ मा आम्दानी बाँधिएको परीक्षण भई आएको दविया थान २ दुई जफत हुन्छ, नियमानुसार गर्नू.......................................................................४

५ सरोकारवालाले नक्कल मागे कानुनको रीत पुऱ्याई सारी सराइदिनू र मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू ....................................................................................५

यो पाना ६ को फैसला माननीय जि.न्या.
ज्यूबाट बोली टिपाए बमोजिम लेख्ने
ना.सु. लेखबहादुर कोइराला फाँट
कम्प्युटर : कान्त

**जिल्ला न्यायाधीश**

**ईति संवत् २०६८ साल चैत्र २९ गते रोज ४ शुभम्......................**

**श्री काठमाडौं जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री भोजराज अधिकारी**

**फैसला**

**संवत् २०६६ सालको स.फौ.नं.-१८६७, २०३६ र २३५९**

**निर्णय नं.:- २५९, २६० र २६१**

**मुद्दा :- कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग ।**

**वादीको नाम, थर, वतन**

गोविन्दबहादुर कार्की समेतको जाहेरीले जाहेरीले नेपाल सरकार...............................१

साक्षी :-

कागज :-

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला भक्तपुर, चित्तपोल गा.वि.स. वडा नं. ४ बस्ने रामशरण श्रेष्ठको छोरा वर्ष २७ को आशिष भन्ने रामेश्वर श्रेष्ठ......................१

जिल्ला काभ्रेपलान्चोक, नयाँगाउँ गा.वि.स. वडा नं. ८ बस्ने बहादुरसिं लामाको छोरा वर्ष २३ को पासाङ्ग लामा भन्ने लालकुमार तामाङ.........................................................................१

जिल्ला काभ्रेपलान्चोक, दाप्चा गा.वि.स. वडा नं. ३ घर भई जिल्ला काठमाडौं, गोठाटार गा.वि.स. वडा नं. ८ बस्ने रत्नबहादुर तामाङको छोरा पाल्देन लामा तामाङ...............................................१

ऐ. ऐ. बस्ने रत्नबहादुर तामाङको छोरा अं.वर्ष २७ को फुर्वा लामा तामाङ.........................................................................१

ऐ. ऐ. बस्ने छयास तामाङको छोरा वर्ष ४१ को रत्नबहादुर तामाङ लामा...........................................................................१

ऐ .ऐ. खहरेतान गा.वि.स. वडा नं. ३ घर भई जिल्ला काठमाडौं, का.म.न.पा. ३५ बस्ने पाल्सान लामाको छोरा वर्ष ३१ को गणेश लामा...........................................................................१

ऐ. गा.वि.स. भुकुण्डेबेसी सिसाखानी वडा नं. ३ घर भई हाल जिल्ला काठमाडौं का.म.न.पा.३५ टाउन प्लानिङ्ग बस्ने प्रेम लामाको छोरा वर्ष २६ को विक्रम लामा तामाङ........................................१

ऐ. गा.वि.स. क्षेत्रवास वडा नं. ५ दाप्चा बस्ने अर्जुनबहादुर लामाको छोरा वर्ष २९ को स्याले भन्ने संजीव लामा............................१

ऐ. बनेपा न.पा. वडा नं. ४ बस्ने रामकाजी प्रजापतिको छोरा वर्ष २७को अनिश प्रजापति.......................................................१

जिल्ला काभ्रे, भुम्लुसल्ले गा.वि.स. वडा नं. २ बस्ने जितबहादुर तामाङको छोरा वर्ष २५ को दावा भन्ने जितेन्द्रमान तामाङ......................१
जिल्ला काभ्रे, गा.वि.स. सरमथली वडा नं. ८ बस्ने धनबहादुर तामाङको छोरा वर्ष ३७ को विष्णु लामा भन्ने विष्णु तामाङ......................१
गुणमान लामाको छोरा जिल्ला काभ्रे, दाप्चा गा.वि.स.घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं.३२ मैतीदेवी बस्ने वर्ष ३९ को अमृतमान लामा..............................................................१
साक्षी-
कागज-

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको २९ नं.बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको सक्षिप्त तथ्य एवं ठहर खण्ड यसप्रकार छ :-

**तथ्य खण्ड**

मिति २०६६/१०/६गते बिहान अं.९.५० बजेको समयमा काठमाडौ जिल्ला गोठाटार-८ काँडाघारी सडकमा मोटरसाइकलमा आएका केही व्यक्तिहरूले राजाराम थापालाई गोली प्रहार गर्दा निज र सन्तोष कार्की समेतलाई गोली लागि घाइते भई उपचारको लागि पठाएको, घटनास्थल सडकको बीच सडकदेखि १० फिट सडकको उत्तरी किनारमा ९ एम.एम.(यू.एस.ए.) लेखेको पेस्तोलको गोली एक फेलापरेको, सडकको बीच भागबाट १४ फिट दक्षिणतर्फ सडकको किनारमा ९ एम.एम.(यू.एस.ए.) लेखिएको पेस्तोलको एम.एफ.एस.९८ लेखिएको खोका एक थान फेलापरेको, घटनास्थल सडकमा नम्बर नदेखिएका २ वटा मोटरसाइकल जली खरानी भई अवशेष रहेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०६६/१०/६ गते बिहान अं.९.५० बजेको समयमा काठमाडौ जिल्ला गोठाटार-८ स्थित राजाराम थापा र सन्तोष कार्की समेतलाई गोली प्रहारगरी घाइते भई उपचारको लागि पठाएको, सो घटना घटाई भाग्न लागेका पछि नाम खुल्न आएका जिल्ला काभ्रेपलान्चोक नयाँ गाउँ-८ बस्ने पासाङ लामा र जिल्ला भक्तपुर चित्तपोल-४ बस्ने रामेश्वर श्रेष्ठलाई स्थानीय उत्तेजित समूहले कुटपिट गर्दा घाइते भएको अबस्थामा फेला पारी तलासी गर्दा रामेश्वर श्रेष्ठको साथबाट लुकाई राखेको अबस्थामा अटोमेटिक पेस्तोल मेड इन यु.एस.ए.लेखेको ९ एम.एम.९ राउन्डको ७११७ नं को पेस्तोल र सो पेस्तोलभित्र रहेको म्याग्जिनमा ९ एम.एम.२७ के.एफ.ओ.४ लेखेको गोली राउन्ड ३ फेला परेको, पासाङ्ग लामाको साथबाट खुकुरी थान एक फेला पारी बरामद गरेको भन्ने समेत व्यहोराको बरामदी मुचुल्का ।

मिति २०६६/१०/६गते बिहान अं.९.५० बजेको समयमा काठमाडौ जिल्ला गोठाटार ८ स्थित सडकमा रत्नबहादुर तामाङले घर निर्माण सम्बन्धी सामग्री राखेको विषयमा राजाराम थापासँग विवाद हुँदा

रत्नबहादुर तामाङले ५ वटा मोटरसाइकल सहित बोलाएका व्यक्तिहरूले गोली प्रहार गर्दा जिल्ला दोलखा शैलुङ्गेश्वर-१ घर भई काठमाडौं जिल्ला गोठाटार-७ बस्ने वर्ष १० को सन्तोष कार्की घाइते भई उपचारको लागि पठाएकोमा निज बालकको मृत्यु भएको, गोली प्रहारबाट राजाराम थापा लगायत गजेन्द्र बस्नेत, शोभा कार्की समेत घाइते भएका, सोही घटनाको विषयमा स्थानीय मानिसहरू उत्तेजीत भई घटनामा संलग्न पासाङ्ग लामा र रामेश्वर श्रेष्ठलाई कुटपिट गर्दा घाइते भई उपचारको लागि अस्पताल पठाएको र निज दुईजनाको साथबाट लुकाई राखेको अवस्थामा पेस्तोल, खुकुरी समेत फेला परेको हुँदा आवश्यक अनुसन्धान तथा कारबाही होस् भन्ने समेत व्यहोराको प्रहरी सहायक निरीक्षक कमल खड्काको प्रतिवेदन ।

मिति २०६६/१०/६ गते बिहान अं.९.५० बजेको समयमा काठमाडौं जिल्ला, गोठाटार-८ स्थित काँडाघारीमा गोली प्रहारबाट घाइते भई उपचारको क्रममा काठमाडौं मेडिकल कलेज सिनामंगलमा मृत्यु भएका वर्ष १० को बालक सन्तोष कार्कीको दायाँ छातीको नजिक ०.४ मिलिमिटर गोलो आकारको घाउ भएको, दायाँतर्फ कोखा नजिक ०.३ मिलिमिटरको गोलो घाउ भएको, मृतकले लगाएको सुइटर गोलीले छेडिएको भन्ने समेत व्यहोराको लास जाँच प्रकृति मुचुल्का ।

मिति २०६६/१०/६ गते बिहान अं.९.५० बजेको समयमा काठमाडौं जिल्ला गोठाटार गा. वि.स.वडा नं.-८ स्थित प्रतिवादी रत्नबहादुर तामाङले बाटो छेकिने गरी रोडा राखेको विषयमा विवाद परेको, सो विवादको बिषयमा आपसी समझदारी भई स्थानीय व्यक्तिहरू समेतको रोहबरमा मेलमिलाप भएकोमा विरुद्ध खण्डमा उल्लिखित रत्नबहादुर लामा, निजका छोरा पाल्देन लामा, फुर्वा लामा समेतको संलग्नतामा प्रतिवादी खण्डमा लेखिएका नाम थाहा भएका र अन्य नाम थाहा नभएका व्यक्तिहरूलाई बोलाई रत्नबहादुरको निर्देशनमा ५/७ वटा मोटरसाइकल लिई आई राजाराम थापालाई खोज्दै आई निज बसेको ठाउँमा प्रतिवादीमध्येका पासाङ्ग लामा, रामेश्वर श्रेष्ठ, बिक्रम लामा लगायतले गोली प्रहार गर्दा म जाहेरवालाको भतिज वर्ष १० को सन्तोष कार्कीलाई प्रतिवादीहरूले चलाएको गोली लागी मृत्यु भएको, निज प्रतिवादीहरूले चलाएको गोली लागी शोभा कार्की, राजाराम थापा, गजेन्द्र बस्नेत घाइते भएका छन्, अपराधमा संलग्न नाइके गणेश लामा पनि हुन्, घटनामा संलग्न भई फरार रहेका रत्नबहादुर तामाङको निर्देशनमा रिसइबी लिई घटना घटाउने सबैलाई कानुनी कारबाही हुनुपर्छ भन्ने समेत व्यहोराको गोविन्दबहादुर कार्कीको जाहेरी दरखास्त ।

मिति २०६६/१०/६ गते बिहान म जाहेरवालाको दाजु राजाराम थापा मर्निङवाक गर्ने सिलसिलामा जाँदा काठमाडौं जिल्ला गोठाटार-८ खहरेस्थित प्रतिवादीमध्ये रत्नबहादुर लामा र निजका छोरा पाल्देन लामाले निमाण गर्न लागेको घर अगाडि बाटो थुनिने गरी गिट्टी थुपारेको विषयमा निजहरूसँग सामान्य विवाद भई हात हालाहाल भएको थियो, स्थानीय व्यक्तिहरू र निजहरूबीच समझदारी गरी मेलमिलाप भएको थियो । सोही दिन बिहान अं.९:५० बजेको समयमा दाजु राजाराम थापा र म घर अगाडि बसिरहेको अबस्थामा रत्नबहादुर लामाको निर्देशनमा बोलाई योजना मिलाई ५/६ वटा मोटरसाइकलमा पेस्तोल, तरबार, खुँडा, रड लिई आएका प्रतिवादीमध्येका पासाङ्ग लामाले म जाहेरवालालाई पेस्तोल ताकी हटाई दाजु राजाराम थापालाई ज्यान मार्ने नियतले गोली प्रहार गरे र निजसँगै आएका रामेश्वर श्रेष्ठले पनि ताकी  ताकी गोली हानेको हो । निजहरूले हानेको गोली सन्तोष कार्कीको कोखामा लागी मृत्यु भएको हो । राजाराम थापाको दुईवटै खुट्टामा ५ गोली लागेको, शोभा कार्कीको हातमा लागेको, गजेन्द्र बस्नेतको पैतलाको भागमा लागी घाइते भई उपचारको क्रममा भएको हुँदा सामान्य विवाद भएको कुरालाई रिसईबी लिई ज्यान मार्ने नियत राखी घटना घटाएको हुँदा प्रतिवादीहरूलाई कानुनी कारबाही गरी क्षतिपूर्ति तथा घा-खर्च समेत दिलाई पाऊँ भन्ने समेत व्यहोराको श्रीराम थापाको जाहेरी दरखास्त ।

मिति २०६६/१०/६ गते बिहान ९:५० बजेको समयमा काठमाडौं जिल्ला, गोठाटार-८ स्थित रामेश्वर श्रेष्ठ समेतले चलाएको गोलीबाट वर्ष १० को सन्तोष कार्कीको मृत्यु भएको घटना सम्बन्धमा गोप्य सुराकीबाट बुझ्दा जाहेरीमा उल्लेख भएका बाहेक जिल्ला काभ्रे अन्तर्गत घर भई काठमाडौंको बिभिन्न स्थानमा बस्ने गरेको अं. वर्ष ३३ को यमराज लामा, मिलन लामा, लालु तामाङ, विजय गुरुङ, सोविन लामा समेत संलग्न भन्ने भएको खुलेको हुँदा वारदात पश्चात् फरार व्यक्तिहरूको खोजतलास भइरहेको भन्ने समेत व्यहोराको प्रहरी नायब निरीक्षक राजेन्द्र अधिकारीको प्रतिवेदन ।

मिति २०६६/१०/६गते बिहान म मर्निङवाक गरेको अवस्थामा बाटो अवरोध हुनेगरी गिट्टी राखिएकोले मैले कसको हो भनी सोध्दा रत्नबहादुर तामाङले तेरो के टाउको दुख्यो भनी जवाफ दिए । तैपनि मैले सार्वजनिक बाटो हो, यस्तो गर्नु भएन भनी सम्झाइ बुझाइ गर्दा ज्यान, धनको धम्की दिएर एक्कासि निज रत्नबहादुरको छोरा पाल्देन लामा आई मलाई हात खुट्टाले हिर्काए । मैले त्यस्तो ठूलो गल्ती के गरेको छु भनी सम्झाएँ, त्यसै क्रममा निजकै अर्को जेठो छोरा आई हातपात गर्न थाले । स्थानीय मानिसहरू जम्मा भई प्रहरी समेतको रोहवरमा एकआपसमा झै-झगडा नगर्ने गरी मौखिक सहमति भयो, त्यसपछि म तथा श्रीराम थापा र बलराम थापा घर अगाडि गई घामतापी बसेका थियौं । अं.९:३०बजेतिर ५ वटा मोटरसाइकलमा कोहीमा ३ जना, कोहीमा २ जना भई हामी घाम तापी बसेको ठाउँ अगाडि ल्याई रोके । कसैलाई खोजेका होलान् भन्ने लाग्यो । मलाई संकेत गरे जस्तो लाग्यो । यो कुरा भाइलाई पनि भनें । ५ जना व्यक्ति केही अन्तरमा मतिर सोझिँदै आए । दुई जनाले सिधै ताकी गोली प्रहार गरे । मैले छल्ने क्रममा मेरो दुवै खुट्टामा गोली लागी घाइते भएँ । स्थानीय मानिसहरूले गोली प्रहार गर्ने नाम सुनेका रामेश्वर श्रेष्ठ र पासाङ्ग लामालाई समाती उत्तेजित भीडले अपराधीहरूले प्रयोग गरेका २ वटा मोटरसाइकल जलाएछन् । निज अपराधीहरूले मानवीय क्षति पुऱ्याई भाग्ने क्रममा प्रहार गरेको गोली लागी काठमाडौ जिल्ला गोठाटार-७ बस्ने वर्ष १० को सन्तोष कार्कीको उपचारको क्रममा मृत्यु भएको छ भने गजेन्द्र बस्नेत, शोभा कार्की घाइते भएका छन् । मेरो पनि एउटा खुट्टामा ३ वटा र अर्को खुट्टामा दुई गोली लागी बी.एन्ड वी. अस्पतालमा उपचार भइरहेको छ । घटनाको विषयमा बुझ्दा मुख्य योजनाकार रत्नबहादुर भई निज तथा निजका छोरा फुर्वा लामा, पाल्देन लामाले टेलिफोन समेतको सम्पर्कबाट आपराधिक गिरोहका व्यक्तिहरू बोलाई योजना बनाई बा.३५प.९१ नं.समेतका मोटरसाइकल प्रयोग गरी घटना घटाएको हो । अपराधीहरू रत्नबहादुर तामाङ, पाल्देन तामाङ, फुर्वा तामाङ, बिक्रम लामा, संजीव लामा, यमराज लामा, मिलन लामा, लालु तामाङ, विजय गरुङ, सोविन लामा समेत भएको थाहा पाएको छु । घटना यिनै व्यक्तिहरूबाट भएको हो । मेरो उपचारको क्रममा ३ लाख जति खर्च भएको छ भन्ने समेत व्यहोराको घाइते राजाराम थापाको घटना विवरण कागज ।

रामेश्वर श्रेष्ठ बस्ने गरेको कोठा खानतलासी गर्दा कुनै प्रमाणमा लाग्ने चिज वस्तु फेला नपरेको भन्ने समेत व्यहोराको खानतलासी मुचुल्का ।

रामेश्वर श्रेष्ठको शरीरमा विभिन्न नाप साइजका घाउचोट भएको भन्ने समेत व्यहोराको घाउजाँच केस फारम रिपोर्ट ।

पासाङ्ग लामाको शरीरमा विभिन्न नाप साइजका घाउचोट भएको भन्ने समेत व्यहोराको घाउजाँच केस फारम रिपोर्ट ।

घाइते शोभा कार्कीको दायाँ हातमा गोली लागेको घाउचोट भएको भन्ने समेत व्यहोराको घाउजाँच केस फारम रिपोर्ट ।

मिति २०६६/१०/६ गते बिहान सरस्वती पूजा र स्कुलको रिजल्ट सुनी दिदी सरस्वती कार्कीको छोरा वर्ष १० को सन्तोष कार्की समेतका बच्चा बच्ची गोठाटार ८ भीमेश्वर बोर्डिङ स्कुलबाट घर कोठातिर

लिई आउदै थिएँ । घटनास्थलमा राजाराम थापा समेत व्यक्तिहरू रहेछन् । एक्कासि ३/४ चोटि गोली हानेको आबाज सुनें । पहिला एकजनाले मात्र गोली चलाएको जस्तो देखें । मेरो दायाँ हातमा गोली लाग्यो । म बेहोस भएँ । उपचारको लागि काठमाडौं मेडिकल कलेज सिनामंगलमा ल्याएका रहेछन् भन्ने होस खुलेपछि थाहा भयो । मेरो दिदीको छोरा सन्तोष कार्कीलाई अपराधीहरूले प्रहार गरेको गोली लागी घाइते भई उपचारको क्रममा मृत्यु भएको कुरा समेत थाहा पाएँ । मेरो हातमा लागेको गोलीको घाउचोटको अप्रेसन भई उपचारकै क्रममा छु । २५/३० हजार जति खर्च भइसकेको छ । मैले थाहा पाए अनुसार अपराधीहरूले प्रयोग गरेका २ वटा मोटरसाइकल स्थानीय मानिसहरूले जलाइदिएको, गोली प्रहार गर्नेमध्येका रामेश्वर श्रेष्ठ, पासाङ्ग लामा भन्ने लालकुमार तामाङले प्रयोग गरेको हतियार पेस्तोल, खुकुरी सहित समाती प्रहरीमा बुझाएको हो । उक्त घटना वारदातमा अरू संलग्न व्यक्तिहरू रत्नबहादुर तामाङ, पाल्देन तामाङ, फुर्वा तामाङ, समेत भागेका छन् । सो घटना गिट्टी बाटोमा थुपारी बाटो अवरोध गरेको विषयमा अवरोध नगर्नु भन्दा रिसईवी लिई आफ्ना सम्पर्कका व्यक्तिहरू बोलाई योजना मिलाई गरेको भन्ने बुझिएको, साथै अपराधीहरूकै गोलीबाट राजाराम थापा समेत पनि घाइते भई उपचारको क्रममा रहेका छन् । अपराधीहरूले बा.३५ प.९१ नं.समेतका मोटरसाइकल प्रयोग गरेको र यस्ता घट्ना घटाउने अपराधीहरूको वारेमा सोधपुछ गर्दा बिक्रम लामा, विजय गुरुङ, संजीव लामा, यमराज लामा, मिलन लामा, लालु तामाङ, सोविन लामा भन्ने समेत भएको बुझें । यी अपराधीहरूले निर्दोष बालकको हत्या गरेकाले खोजी कारबाही हुनुपर्छ भन्ने समेत व्यहोराको घाइते शोभा कार्कीको घटना विवरण कागज ।

मिति २०६६/१०/६ गते बिहान म साथी विजय गुरुङसँगै रहेको अवस्थामा साथी विजयको मोबाइलमा फोन आई रत्नबहादुरलाई समस्या परेको छ । भएको सामान सबै लिई गोठाटार आउन पर्‍यो भनेकाले मैले आफ्नो कोठामा भएको पेस्तोल लिई विजय गुरुङसँगै मोटरसाइकलमा रत्नबहादुरको निर्माणाधीन घर नजिकै पुग्यौं । त्यहाँ रत्नबहादुर र निजको छोराहरू पाल्देन तामाङ, फुर्वा तामाङ समेत १४/१५ जना जम्मा भएका थिए । रत्नबहादुरले मलाई बिहान राजाराम भन्नेले अपशब्द प्रयोग गर्‍यो, निजलाई जसरी भए पनि ठीक पार्नुपर्छ भनेकोले मैले र पासाङ्गले पेस्तोल लिई अगाडि जाने र पछि हुनेले पेस्तोल, खुकुरी, तरबार, रड समेतका सामान लिने भनी कामको बाँडफाँड भयो । हाम्रा साथीहरूमा विजय गुरुङ., सोविन लामा, बिक्रम लामा, यमराज लामा, मिलन लामा, लालु तामाङ, अरू एक दुईजनाको नाम थाहा छैन, हामीबीच रत्नबहादुरको निर्देशनमा म र पासाङ लामा अगाडि जाने योजना भई ५ वटा मोटरसाइकलमध्ये कुनैमा ३ जना कुनैमा २ जना चढी राजाराम थापाको घरतर्फ गयौं । रत्नबहादुरको माइलो छोरा पाल्देन तामाङले घर तथा राजाराम थापालाई चिनाइदिए । मोटरसाइकल केही पर रोकी म र पासाङ्ग अगाडि अरू साथी केही अन्तरमा आउने गरी गयौं । हामीमध्ये ५ जनासँग पेस्तोल थियो । अरूसँग खुकुरी रड समेत थियो । म सोविन लामाको मोटरसाइकलमा चढी गएको थिएँ । राजाराम थापालाई देख्नेबित्तिकै पूर्वयोजना अनुसार पासाङ र मैले एकै साथ गोली हान्यौं । राजाराम थापाले छल्दा केही गोली निजको खुट्टामा लाग्यो, साथै पछि नाम सुनी थाहा भएका १० वर्षको बालक सन्तोष कार्कीलाई पनि एक गोली लागी घाइते भई उपचारको क्रममा निजको मृत्यु भएछ । स्थानीय मानिसले म र पासाङ्ग लामालाई कुटपिट गरे, मेरो साथमा भएको पेस्तोल समेत प्रहरीले फेला पारे । साथी पासाङ्ग लामाले निजको साथमा भएको पेस्तोल साथी बिक्रम लामालाई दिन भ्याएकोले पेस्तोल फेला परेन, खुकुरी मात्र फेला पर्‍यो । साथीहरूले चलाएको गोली लागी शोभा कार्की, गजेन्द्र बस्नेत घाइते भएको भन्ने थाहा पाएँ । बा.३५ प.९१ नं.को मोटरसाइकल पनि साथीले चढी लगेका हुन् । बरामद भएको पेस्तोल रु.२५,०००।-मा ४ महिना अगाडि विजय गुरुङले खरिद गरी ल्याएको हो । घटनापछि भागेका अरू कहाँ लुकेका छन् थाहा छैन । घटना आर्थिक प्रलोभनबाट भएको हो । गणेश लामाले रत्नबहादुर तामाङको जे, जस्तो परे पनि काम गर्नु

भनेका हुन् । मिति २०६६/५/१५ गते का.म.न.पा.३३ मा अभिमान सिंह बस्नेतलाई गोली प्रहार गर्दा पनि म समेत थियौं भन्ने समेत व्यहोराको प्रतिवादी रामेश्वर श्रेष्ठले अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

मिति २०६६/१०/६ गते बिहान अं.८:०० बजेको समयमा रत्नबहादुर तामाङको छोरा पाल्देन तामाङले मेरो बाबुसंग राजाराम भन्नेले निकै निहुँ खोजेको छ । जसरी पनि ठीक पार्नुपर्छ । अरू साथीहरू पनि जम्मा गरिसकेको छु भनेकाले मेरो बा.३२प.४०६३ नं.को मोटरसाइकल लिई आउन लाग्दा मैले पाल्देनलाई म गणेश लामाको मान्छे हुँ निजको आदेशबिना आउन सक्दिन भन्दा रत्नबहादुरले गणेश लामासँग कुरा गरी निज गणेश लामाले रत्नबहादुर हाम्रा मान्छे हुन् । जसरी पनि काम गर्नुपर्छ भनेको हुँदा उक्त मोटरसाइकल लिई रत्नबहादुरको घर नजिक पुगी भेट भयो र अरू साथीहरू पनि आइपुगेका रहेछन् । परिचय भयो, रत्नबहादुरले विवादको जानकारी गराई राजारामलाई जसरी पनि ठीक पार्नुपर्छ भनेपछि हामी १४/१५ जनाबीच काम बाँडफाँड गरी कसैले मोटरसाइकल चलाउने, कसैले पेस्तोल, खुकुरी, रड, खुँडा बोक्ने भन्ने कुरा भयो र पाल्देन तामाङले मलाई एउटा पेस्तोल दियो । खुकुरी कम्मरमा लुकाएँ । मेरो मोटरसाइकल पाल्देनले चलाई म पछाडि बसी अरू ४ वटा मोटरसाइकल केहीमा ३ जना केहीमा २ जना भई राजाराम थापा भएतिर गयौं । मोटरसाइकल केही पर रोकी म र रामेश्वर श्रेष्ठ पेस्तोल लिई अगाडि गयौं । अरू साथीहरूलाई फलोअपमा राख्यौं, राजाराम थापा भएको स्थानमा पुगी रामेश्वर श्रेष्ठ र मैले टाउकोमा ताकी एकैचोटि फायर गर्‍यौं । राजारामले छली खुट्टामा लाग्यो । निजले हार गुहार गरेबाट मानिसहरू जम्मा हुन थालेपछि मेरो साथमा भएको पेस्तोल बिक्रम लामाले लिई भागेका हुन् । रामेश्वर र मलाई स्थानीय मानिसहरूले समाती कुटपिट गरे । प्रहरी आई थप कुटपिट हुनबाट जोगाए । मेरो र साथीको पल्सर जलाइदिए साथीहरूले प्रहार गरेको गोली लागी वर्ष १० को बालक सन्तोष कार्कीको उपचारको क्रममा मृत्यु भएछ । अरू शोभा कार्की र गजेन्द्र बस्नेत पनि घाइते भएका रहेछन् । घटनाको समयमा विजय गुरुङ., सोविन लामा, फुर्वा तामाङ, पाल्देन तामाङ, बिक्रम लामा, संजीव लामा, यमराज लामा, मिलन लामा, लालु तामाङ समेत थियौं । ५ जनासँग पेस्तोल थियो । अरूसँग पेस्तोल, खुकुरी, रड, खुँडा, तरबार थियो । गणेश लामाले काम भएपछि रत्नबहादुरले रुपैयाँ दिए लिनु नदिए नमाग्नु भनेका थिए । अरू के, कता छन् थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी पासाङ्ग लामा भन्ने लालकुमार तामाङले अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

मिति २०६६/१०/६ गते बिहान अं.९.५० बजेको समयमा काठमाडौं जिल्ला गोठाटार-८ स्थित काँडाघारी सडकमा रामेश्वर श्रेष्ठ समेतले प्रहार गरेको गोली लागी सन्तोष कार्कीको मृत्यु भएको घटना सम्बन्धमा गोप्य रूपबाट बुझ्दा जिल्ला काभ्रे, बनेपा-४ बस्ने वर्ष अं.२७ को अनिश प्रजापतिले बा.३५ प.९१ नं.को मोटरसाइकल प्रयोग गरी घटनामा संलग्न भएको भन्ने बुझिएको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मिति २०६६/१०/६ गते काठमाडौ जिल्ला गोठाटार-८ काँडाघारीको घटनामा प्रयोग भएको बा.३५ प.९१ नं.को मोटरसाइकल खोजतलास गर्ने क्रममा जिल्ला काभ्रे डराउने पोखरी ४ पिलटारस्थित रोखी खोलाको बगरमा बेवारिसे अवस्थामा फेला परेको भन्ने समेत व्यहोराको बरामदी मुचुल्का ।

Gun shot injury on Left foot भन्ने समेत व्यहोराको गजेन्द्र बस्नेतको घाउ जाँच केस फारम रिपोर्ट ।

घाइते राजाराम थापाको दुवै खुट्टाको घुँडामुनि गोली लागेको भन्ने समेत व्यहोराको राजाराम थापाको घाउजांच केशफारम रिपोर्ट ।

मिति २०६६/१०/६ गते बिहान अं ९:५० बजेको समयमा काठमाडौं जिल्ला गोठाटार-८ काँडाघारीस्थित घटनास्थल नजिकै झगडा भयो भन्ने हल्ला भएकाले बाटोमा निक्लिदा म भएको ठाउँदेखि अं.६०/७० मिटर उत्तर पूर्वमा झगडा भएको रहेछ र एक्कासि मेरो बायाँ खुट्टाको गोलीगाँठोदेखि मुनिको भागमा गोली लाग्यो ।

घटनास्थलमा ड्याङ्ग डुङ्ग गरेको आवाज पनि सुने । घटनास्थलकै बाटो भएर मेडिकल गई ड्रेसिड गराएँ, रगत बगेको कारण अप्ठ्यारो महसुस भई स्थानीय मानिसहरूको सहयोगबाट अस्पताल पुगी उपचार भएको हो । घटनाका विषयमा बुझ्दा स्थानीय राजाराम थापा, शोभा कार्की समेत घाइते भई अस्पतालमा उपचार भइरहेको, घटनास्थलमा अपराधीहरूले प्रहार गरेको गोली लागी वर्ष १० को सन्तोष कार्कीको उपचारको क्रममा मृत्यु भएको रहेछ । घटना बाटोमा राखेको गिट्टीको विषयमा रत्नबहादुर तामाङले राजाराम थापासँग विवाद गरी समझदारी भएपछि रत्नबहादुर लगायत निजका छोरा पाल्देन तामाङ, फुर्वा तामाङ र निजका ग्रुपका व्यक्तिहरू पासाङ्ग लामा, रामेश्वर श्रेष्ठ, विजय गुरुङ समेत थुप्रै व्यक्तिहरू भएको तथा घटनामा संलग्न व्यक्तिहरूमध्ये रामेश्वर श्रेष्ठ र पासाङ्ग लामा हतियार खुकुरी सहित पक्राउ भएको, अरू व्यक्तिहरू रत्नबहादुर तामाङ समेत फरार भएको थाहा छ । यो घटना अत्यन्त दर्दनाक र निर्दोष बालकको हत्या भएको छ भन्ने समेत व्यहोराको गजेन्द्र बस्नेतले अनुसन्धानको क्रममा गरेको घटना विवरण कागज ।

मिति २०६६/१०/६ गते काठमाडौं जिल्ला गोठाटार-८ स्थित काँडाघारीमा प्रतिवादीहरूले गोली प्रहार गर्दा सन्तोष कार्कीको हत्या भएको घटना सम्बन्धमा सो घटनामा संलग्न रहेका प्रतिवादीमध्ये पाल्देन लामा वारदातपछि फरार रहेकोमा खोजतलास गरी निज पाल्देन लामालाई पक्राउ गरी दाखिला गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मिति २०६६/१०/६ गते बिहान अं.६:३० बजेको समयमा काठमाडौं जिल्ला, गोठाटार-८ स्थित बन्दै गरेको घर नजिक बाटोमा गिट्टी राखेको विषयमा बाबु रत्नबहादुरसँग नाम सुनी थाहा भएका राजाराम थापाको वादविवाद भयो । म र दाइ फुर्वा लामाले राजारामलाई पछाडिबाट हान्यौं । स्थानीय मानिसहरू र प्रहरी समेत आई गिट्टी हटाउने छलफल सहमति भयो । मलाई यो कुरा असैह्य भई मेरो मोबाइलबाट साथीहरू विजय गुरुङ, रामेश्वर श्रेष्ठ, पासाङ्ग लामालाई फोन गरी अरू साथी पनि खोजी तु आउनु भनें । बिहान ८:३० बजेतिर साथीहरू बन्दै गरेको घर नजिक आए । पासाङ्ग लामालाई बोलाउँदा गणेश लामाको आदेशबिना नजाने कुरा गरेपछि बाबु रत्नबहादुरले गणेश लामालाई घटना सम्बन्धी जानकारी गराइसक्नुभएको थियो । साथीहरू मोटरसाइकल लिई आए । १४/१५ जना भइयो । बाबु रत्नबहादुरले बिहान भएको विवादको जानकारी गराई जसरी भए पनि राजाराम थापालाई ठीक पार्नुपर्छ भनेपछि योजना बनायौं । योजनामा रामेश्वरले आफूसँग भएको पेस्तोल लिने, पासाङ्ग लामाले मसँग भएको पेस्तोल र खुकरी लिने अरू साथीहरूले कसैले पेस्तोल, कसैले खुकुरी, रड, तरबार, खुँडा लिने भनी ५ वटा मोटरसाइकलमा कुनैमा ३ जना कुनैमा २ जना भई जाने भन्ने सल्लाह भई राजाराम थापाको घरतर्फ गयौं । मैले साथीहरूलाई संकेत गरी मोटरसाइकल केही पर रोक्यौं । रामेश्वर श्रेष्ठ र पासाङ्ग लामा राजारामतिर गए । हामीले फ्लोअप गर्‍यौं । राजारामलाई देख्नेबित्तिकै रामेश्वर श्रेष्ठ र पासाङ्ग लामाले पेस्तोलबाट गोली प्रहार गरे । गोली निजको खुट्टामा लागेछ । अरू साथीहरू विजय गुरुङ समेतले पनि फायर गरे । १४/१५ पटक फायर भयो । मसँग खुकुरी थियो । स्थानीय मानिसहरू आई रामेश्वर श्रेष्ठ र पासाङ्ग लामालाई समाते । पासाङ्गले पेस्तोल साथीलाई पास गरिसकेका थिए । रामेश्वरसँग भएको पेस्तोल र पासाङ्गले राखेको खुकुरी फेला परेछ । स्थानीय मानिसहरूले २ वटा मोटरसाइकल जलाइदिए । गोली चल्दा मैले बोलाएका साथीहरूले चलाएको गोली लागी वर्ष १० को बालक सन्तोष कार्की घाइते भई उपचारको क्रममा मृत्यु भएको र गजेन्द्र बस्नेत, शोभा कार्की, राजाराम घाइते भएका हुन् । घटनामा मैले वोलाएका रामेश्वर, पासाङ्ग, विजय र निजहरूको आ-आफनो सम्पर्कबाट बोलाएका सोविन लामा, बिक्रम लामा, संजीव लामा, लालु तामाङ, अनिश प्रजापति समेतको संलग्नता छ भन्ने समेत व्यहोराको प्रतिवादी पाल्देन लामाले अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

मिति २०६६/१०/६ गते बिहान काठमाडौं जिल्ला, गोठाटार-८ स्थित रत्नबहादुर लामाले बाटो अबरोध हुने गरी राखेको गिट्टीको विषयमा राजाराम थापासँग विवाद गरी रत्नबहादुरको छोरा पाल्देन लामा, फुर्वा लामाले निज राजाराम थापालाई हातपात गरेको विषयमा स्थानीय मानिसहरू समेतको रोहबरमा मौखिक सहमति भएको थियो। त्यसपछि सबै आफ्नो घरतर्फ गए। राजाराम थापा समेत आफ्नो घरतर्फ आई बसेका थिए। १५/२० मिनेटपछि ४/५ वटा मोटरसाइकलमा चढी आएका व्यक्तिहरूले राजाराम यहाँ छ भन्ने कुरा सुने लगतै ड्याङ्गडुङ्ग गोली ताकी हानेको देखें। म नजिकै थिएँ गोली हान्ने रामेश्वर श्रेष्ठ, पासाङ्ग लामा हुन्। निजहरूसँग पेस्तोल थियो। अरू व्यक्तिहरूसँग तरबार खुकुरी लिएको देखें। ठूलो मानवीय क्षति हुने डरलाग्दो स्थिति भयो। के कसरी राजाराम थापाले ज्यान बचाउन गोली छल्दा दुवै खुट्टामा लागी घाइते भए। अपराधीहरूले हानेको गोली लागी स्थानीय गजेन्द्र बस्नेत तथा शोभा कार्की, नाबालक सन्तोष कार्की पनि घाइते भएका रहेछन्। घाइतेलाई उपचारको लागि पठाएकोमा नाबालक सन्तोष कार्कीको उपचारको क्रममा मृत्यु भएछ। स्थानीय मानिसहरू उत्तेजित भई गोली हान्नेमध्येका रामेश्वर श्रेष्ठ र पासाङ्ग लामालाई पेस्तोल खुकुरी सहित समातेको र अपराधीहरूले प्रयोग गरेका २ वटा मोटरसाइकल जलाइदिए। कसले जलायो थाहा भएन। सो घटना रत्नबहादुर लामा मुख्य भई घटना घटाउने नियत राखी निज रत्नबहादुरका छोरा पाल्देन लामा, फुर्वा लामाले आफ्ना सम्पर्कका नाम सुनी थाहा भएका बिक्रम लामा, संजीव लामा, यमराज लामा, मिलन लामा, लालु तामाङ, विजय गुरुङ, सोविन लामा, अनिश प्रजापति समेतका व्यक्तिहरू भएको र घटना वारदात भएदेखि सबै फरार रहेको प्रस्ट थाहा पाएँ। यस घटनामा गणेश लामाको पनि भूमिका रहेछ। यस्ता व्यक्तिहरूलाई कानुन बमोजीम कारबाही हुनुपर्छ भन्ने समेत व्यहोराको राधेश्याम रायमाझी, गंगाबहादुर थापा, बलराम थापा समेतले अनुसन्धानको क्रममा गरेको एकै मिलानको घटना विवरण कागज।

मिति२०६६/१०/६ गते काठमाडौ जिल्ला, गोठाटार गा.वि.स.वडा नं.८ स्थित काँडाघारीमा भएको घटना सम्बन्धमा वारदात पस्चात फरार रहेका अभियुक्तहरूको खोजतलास गर्दा फेला नपरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन।

सन्तोष कार्कीको छातीमा गोली लागी मृत्यु भएको भन्ने समेत व्यहोराको पोस्टमार्टम प्रतिवेदन।

मेरो दाजुको छोरा मेरो भतिजो सन्तोष कार्कीलाई रत्नबहादुर तामाङ समेतले गोली हानी हत्या गरेका हुन्। कानुनको दायरामा ल्याउनुपर्छ र मृतकको बाबुआमा शोकाकुल भई गाउँमै रहेको हुँदा निजहरूको छोराको बारेमा वोल्ने अधिकार सुरक्षित हुनुपर्छ भन्ने समेत व्यहोराको बासुदेव कार्कीको घटना विवरण कागज।

मिसिल संलग्न घटनास्थल मुचुल्का, वरामदी तथा खानतलासी मुचुल्का, प्रहरी सहायक निरीक्षक कमल खड्काको प्रतिवेदन, मृतक सन्तोष कार्कीको लास प्रकृति मुचुल्का, गोविन्द कार्की तथा श्रीराम थापाले दिएको जाहेरी दरखास्त, घाइतेहरू राजाराम थापा, शोभा कार्की तथा गजेन्द्र बस्नेतले घटना विवरणको सम्बन्धमा खुलाई लेखाई दिएको कागज तथा निजहरूको घा जाँच केस फारम, पक्राउ घाइते प्रतिवादीहरू रामेश्वर श्रेष्ठ र पासाङ्ग लामाको घाजाँच केस फाराम, पक्राउ प्रतिवादीहरू पासाङ्ग लामा भन्ने लालकुमार तामाङ, आशिष भन्ने रामेश्वर श्रेष्ठ र पाल्देन लामाले अनुसन्धानको क्रममा गरेको बयान, घटना घटेको तत्काल देख्ने तथा जानकारी पाउने व्यक्तिहरू राधेश्याम रायमाझी, गंगाबहादुर थापा, बलराम थापा समेतले गरिदिएको घटना विवरण कागज, मृतक सन्तोष कार्कीको पोस्टमार्टम रिपोर्ट, प्रहरी प्रतिवेदन समेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट काठमाडौ जिल्ला, गोठाटार वडा नं.-८ खहरे स्थित प्रतिवादी रत्नबहादुर लामाले निर्माण गर्न लागेको घरको अगाडी सडकमा सवारी आवागमन अवरोध हुने गरी थुपारेको गिट्टीको विषयलाई लिएर मिति २०६६/१०/६ गते बिहान अं ६:३० बजे सोही स्थानमा बस्ने घाइते रत्नबहादुर लामाको छोराहरू प्रतिवादी पाल्देन लामा, फुर्वा लामाले राजाराम थापालाई धाक धम्की दिई कुटपिट समेत गरेको विषयलाई लिएर स्थानीय

मानिसहरू र प्रतिवादीहरूसमेत भेला जम्मा भई दुवै पक्षविच छलफल हुँदा बाटो अवरोध हुने गरी राखिएको गिट्टी हटाउने समझदारी कायम भएको कुरालाई रिसईवीको रूपमा लिई प्रतिवादी रत्नबहादुर र निजका छोराहरू पाल्देन लामा र फुर्वा लामाले आपराधिक सोच बनाई आपराधिक कार्यमा संलग्न भई रहने आ-आफ्ना सम्पर्कमा रहेका आशिष भन्ने रामेश्वर श्रेष्ठ, पासाङ्ग लामा भन्ने लालकुमार तामाङ समेतका व्यक्तिहरूलाई फोनगरी तिनीहरूले आफ्ना गठमेलका अन्य प्रतिवादीहरूलाई खबर गरी सबै प्रतिवादीहरू काठमाडौ जिल्ला, गोठाटार-८, खहरेस्थित प्रतिवादी रत्नबहादुर लामाको निर्माणाधीन घर नजिक भेला जम्मा भई आपराधिक योजना बनाई प्रतिवादीहरूले एकआपसमा आपराधिक कामको बाँडफाँड समेत गरी २०६६/१०/६ गते बिहान ९:५० बजेको समयमा ५ वटा मोटरसाइकलमा प्रतिवादीहरू हातहतियारले सु-सज्जित भई घाइते राजाराम थापाको घरतर्फ गई निज समेतलाई मार्ने नै उद्देश्यले अन्धाधुन्ध गोली प्रहार गर्दा राजाराम थापा छलिएको कारणबाट दुवै खुट्टामा ५ वटा गोली लागे पनि मर्मस्थानमा गोली नलागेको कारणबाट निजको मृत्यु भने हुन नपाएको र सो घटना वारदातबाट शोभा कार्की, गजेन्द्र बस्नेत समेतलाई गोली लागी घाइते भएका र नाबालक सन्तोष कार्कीको बायाँ छाती तथा दायाँतर्फको कोखा नजिक गोली लागी सोही चोट पीरको कारणबाट निजको मृत्यु भएको देखिंदा कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योगको कार्य गरेकाले प्रतिवादीहरू आशिष भन्ने रामेश्वर श्रेष्ठ र पासाङ्ग भन्ने लालकुमार तामाङले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १, १३ तथा १५ नं.बमोजिमको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही महलको १३ (१)तथा १५ नं.बमोजिम र अन्य प्रतिवादीहरू फुर्वा लामा(तामाङ), पाल्देन लामा(तामाङ) विक्रम लामा, स्याले भन्ने संजिव लामा, विजय गुरुङ, सोविन लामा, यमराज लामा, मिलन लामा, लालु तामाङ, अनिश प्रजापति, अमृत लामा, दावा लामा, विष्णु लामा समेतका व्यक्तिहरूले आपराधिक घटना वारदात घटाउन सहयोग मद्दत गरी निजहरूले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १, १५ र १७ नं. अनुसारको कसुर अपराध गरेको देखिंदा निज प्रतिवादीहरूलाई सोही महलको १५ तथा १७(१) नं.बमोजिम सजाय गरी पाउन तथा प्रतिवादी गणेश लामालाई ऐ.महलको १/१७ नं.को कसुरमा सोही महलको १७(३)नं.अनुसार सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको मिति २०६६/११/३ गतेको अभियोगपत्र ।

उक्त वारदातमा म संलग्न थिइनँ । उक्त वारदात हुनुभन्दा एक घन्टाअघि राजाराम लगायतका त्यस ठाउँका स्थानीय भलाद्मीसँग प्रहरीको रोहवरमा हाम्रो मेलमिलाप भएपछि म र मेरो बुबा रत्न लामा मेरो चलिरहेको धुलिखेलको साइटमा गएको बेला उक्त घटना घटेको हो । घटनामा को, कसको संलग्नता थियो मलाई केही जानकारी थिएन, छैन । रत्न लामा, फुर्वा लामा लगायतका प्रतिवादीहरूको वारदातमा संलग्नता छैन । हामी र राजाराम लगायतका व्यक्तिहरूसँग मेलमिलाप भइसकेपछि हामी आ-आफ्नो काम व्यवसायमा लागेपछि उक्त वारदात घट्न गएको हुँदा उक्त अभियोग झुट्टा हो भन्ने समेत व्यहोराको प्रतिवादी पाल्देन लामाले यस अदालत समक्ष गरेको बयान ।

म उक्त दिन बिहान बौद्धबाट मेरो बालुवाखानी सरस्वतीखेल हुँदै घर काभ्रेतर्फ जाने क्रममा काँडाघारी पुगेपछि मान्छेको भीडमा हो-हल्ला हुँदै थियो । केको भीड र हल्ला हो भनी हेर्न जाँदा, मलाई भीडको मान्छेले ढुङ्गाले हानेर भुईंमा लडायो । त्यसपछि म माथि जथाभावी कुटपिट गर्न थालेपछि के, कसरी भुइँमा जाकिएको अवस्थामा मैले पेस्तोल देखें । म आवेशमा आउनुका साथै आफ्नै ज्यान बचाउन पनि मैले जथाभावी रूपमा त्यही पेस्तोलले हानेको हुँ । कतिपटक प्रहार गरें थाहा छैन । उक्त पेस्तोलको गोलीले को, कसलाई लाग्यो मैले केही पत्तो पाइनँ । बरामदी मुचुल्का झुट्टा हो । मसँग खुकुरी लगायतका हतियार फेला परेको होइन । उक्त मैले चलाएको पेस्तोल के, कहाँ पुग्यो म आफैं मरणासन्न अवस्थामा भएकोले केही पत्तो पाइनँ । निजहरूको किटानी जाहेरी व्यहोरा झुट्टा हो । मैले आफ्नो आत्मरक्षाको लागि मात्र पेस्तोल प्रयोग गरेको हुँ । मेरो वारदातमा

जाने तयारी, नियत थिएन । प्रहरी समक्ष भएको बयान व्यहोरा मेरो होइन । मलाई नसोधी निजहरूले आफैंले लेखेर ल्याएको कागजमा सहीछाप गराएको हो । उक्त वारदातमा म कसैको निर्देशन, सल्लाहमा सामेल नभई आफ्नो बाटोबाट घर जाने क्रममा अचानक भएको हो । अन्य प्रतिवादीहरूको बयान बारे मलाई थाहा भएन । निजहरूसँग मेरो कुनै सम्बन्ध नै छैन भन्ने समेत व्यहोराको प्रतिवादी पासाङ्ग भन्ने लाल कुमार तामाङले यस अदालत समक्ष गरेको बयान ।

उक्त वारदात के, कसरी घट्न गयो, को-कसले घटाए मलाई केही थाहा छैन । म जग्गाको कारोबार गर्ने भएकोले सोही सिलसिलामा पुग्दा गोठाटारमा मानिसहरूको भीडभाड एवं होहल्ला सुनें र आफैंले देखें । अनि के भएको रहेछ भनी म त्यहाँ पुग्नासाथ मलाई पछाडिबाट भीडबाट को, कसले टाउकोमा हिर्काए, त्यसपछि लाठी, इँटा इत्यादिले हिर्काउने कार्य गरी त्यो भीडले को, कसबाट वरामद गरेको बन्दुकले ममाथि प्रहार गर्दा मैले रोकें, म घाइते भएपछि अस्पताल एम्बुलेन्सबाट लगेका थिए । त्यहींबाट प्रहरीले नियन्त्रणमा लिएका हुन् । यसभन्दा बढी मलाई थाहा छैन । म उपर किन त्यसरी किटानी जाहेरी परेको हो थाहा छैन । निजहरूको जाहेरी व्यहोरा झुट्टा हो । मसंगबाट पेस्तोल तथा गोली समेत वरामद भएको भन्ने वरामदी मुचुल्काको व्यहोरा झुट्टा हो । मसँग कुनै चिजवस्तु बरामद भएको छैन र मैले पेस्तोल बोक्ने गरेको पनि छैन । म उपर आरोप लगाई गरेको घटना विवरण कागज झुट्टा हो । मैले कसुर नै नगरेको हुँदा अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी आशिष भन्ने रामेश्वर श्रेष्ठले यस अदालत समक्ष गरेको बयान ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरू आशिष भन्ने रामेश्वर श्रेष्ठ, प्रतिवादी पासाङ्ग भन्ने लालकुमार तामाङ र पाल्देन लामालाई मुद्दा पुर्पक्षको निमित्त थुनामा राख्नू भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६६/११/०५ मा भएको आदेश ।

मेरो गोठाटारमा रहेको जग्गाका सँधियार कृष्णसँग बाटोको विषयमा बिवाद भइरहेको थियो । मैले मेरो जग्गामा घर निर्माण गर्नुपर्‍यो भनी गिट्टी झारेको थिएँ । स्थानीय राजाराम थापा त्यहाँको बालुवाको काम गर्ने गुण्डागर्दी गर्ने, कमिसन लिने नाइके रहेछन् । मैले आफ्नो घर बनाउन गिट्टी झारेको निहुँमा मिति २०६६/१०/६ गते बिहान करिब ६:३० बजेतिर निजहरू आई मलाई र मेरो छोरा पाल्तेन लामालाई कुटपिट गरी घाइते बनाए । इँटाले हानेपछि हामी आफ्नो कोठा लाग्यौं, मलाई राजाराम थापाको समूहले घर घेरेपछि मेरो घरबेटीले चुक्कुल लगाई ज्यान बचाइदिएको हो । त्यसपछि कोटेश्वर प्रहरी बिटबाट प्रहरी आई छलफल गराई मिलापत्र गराएको हो । त्यसपछि म र मेरो छोरो काभ्रे आफ्नो काममा लागेका हौं । घटना घटेको समयमा म उक्त स्थानमा थिइनँ । मेरो निर्देशनमा घटना घटेको भन्ने जाहेरी दरखास्तको व्यहोरा झुट्टा, फजुल हो । मिलापत्र भइसकेपछि म काभ्रे लागेको हुँ । म काभ्रे निर्माण व्यवसायी संघको अध्यक्ष हुँ । म लामाको छोरा, मेरो बुवा बाजेहरू पुजारी हुन् । मैले अहिलेसम्म एउटा अण्डा फुटाउने कार्य समेत गरेको छैन । केही हिंसा नगरोस् भनी ७ वर्षको उमेरमा हाम्रो परम्परा अनुसार मेरो टुपी काटिदिएको हो । यो वारदातमा मेरो कुनै किसिमको संलग्नता छैन । राजनीतिक प्रतिशोध लिन पनि म विरुद्ध कागज तयार गरिएको हो । घटना भएको समयमा म त्यहाँ थिइनँ । घटनाको कुरा मैले काभ्रेमा रहेको बेला फोन, एफ.एम.रेडियो टेलिभिजनबाट थाहा पाएको हुँ । रिसइवीले खडा गरिएका कागजातका आधारमा लगाइएको म उपरको सम्पूर्ण अभियोग दाबी झुठा हो । मैले अपराध गराउन कुनै निर्देशन दिएको छैन । म निर्दोष हुँदा सफाइ पाउनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी रत्नबहादुर लामाको यस अदालत समक्ष भएको बयान ।

प्रस्तुत मुद्दामा प्रतिवादी रत्नबहादुर लामालाई मुद्दा पुर्पक्षको निमित्त थुनामा राख्नु भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६७/०३/३२ मा भएको आदेश ।

प्रतिवादीमध्येका रत्नबहादुर लामा मेरो छिमेकी गा.वि.स.का बासिन्दा भएको र निज निर्माण व्यवसायीमा संलग्न भएको हुँदा सामान्य चिनजान छ। रिसईवी झगडा केही छैन। अन्य कुनै पनि प्रतिवादीहरूसँग चिनजान छैन। साथै रिसइवी झगडा समेत केही छैन। म मिति २०६६/१०/०३ गते दुवई गएको थिएँ र मिति २०६६/१०/१० गते सवदेश फर्केको हुँ। मैले नेपाल आएपछि मात्र विभिन्न पत्रपत्रिका र समाचार माध्यामबाट घट्ना सुनेको हुँ। मैले जाहेरवालालाई चिन्दिन। जाहेरी दरखास्तको व्यहोरा झुट्ठा हो। म घटना घटेको समयमा नेपालमै छैन। मलाई फसाउन बद्नियत राखी मेरो नाम नाइके भनी संलग्न गराएको हो। मसँग विदेशमा रत्नबहादुरको सम्पर्क भएको छैन। निजले किन त्यस्तो झुट्ठा बयान व्यहोरा लेखाए मलाई थाहा भएन। मैल पासाङ्ग लामा भन्ने लाल कुमार तामाङलाई चिन्दिनँ। मैले रत्नबहादुरलाई सामान्य रूपले चिनेको मात्र हुँ। निजका छोराहरूलाई म चिन्दिनँ। घटना घटेको समयमा म विदेशमा भएको व्यक्तिलाई किन झुट्ठा आरोप लगाए मलाई थाहा भएन। म आफू कुनै पनि प्रकारले उक्त घटनामा संलग्न छैन। घटनाको समयमा म दुबईमा भएको कुरालाई प्रमाणित गर्न राहदानीको प्रतिलिपि अध्यागमनबाट गए आएको प्रमाण, दुवई गएको फ्लाइटको टिकटसमेत साथै भिसा समेतको प्रतिलिपि पेस गरेको छु भन्ने समेत व्यहोराको प्रतिवादी गणेश लामाले यस अदालत समक्ष गरेको बयान।

प्रस्तुत मुद्दामा प्रतिवादी गणेश लामालाई मुद्दा पुर्पक्षको निमित्त नगद धरौट रु.२७,०००।- वा सो बराबरको जेथा जमानी लिई तारेखमा राख्नु भन्ने समेत व्यहोराको यस अदालतबाट भएको आदेश।

प्रस्तुत मुद्दामा जाहेरवाला गोविन्दबहादुर कार्की, श्रीराम थापा अनुसन्धानका क्रममा बुझिएका मानिस गंगाबहादुर थापा, गजेन्द्र बस्नेत, वासुदेव कार्की, शोभा कार्की, राधेश्याम रायमाझी, बलराम थापा, नारायण ढुङ्गेल, मेघनाथ दाहाल घटना विवरणका मानिस राजाराम थापा तथा प्रतिवादी आशिष भन्ने रामेश्वर श्रेष्ठको साक्षी सागर खड्गी र मदन तण्डुकार प्रतिवादी पाल्देन लामाका साक्षी चन्द्रबहादुर लामा, पवन लामा स्याङ्गतान तथा प्रतिवादी रत्न लामाको साक्षी साइला लामा, कृष्णकुमार लामा, बलराम लामाको बकपत्र मिसिल सामेल रहेको।

मिति २०६६ साल माघ ६ गते का.जि.गोठाटार, गा.वि.स.वडा नं.८ मा भएको ज्यान मार्ने उद्योग र कर्तव्य ज्यान घटनामा गोली चलाउने, खुकुरी लिएर जाने, रड खुँडा समेतका हतियार प्रयोग गरेको घटनामा मेरो संलग्नता छैन, किन मेरो समेत उल्लेख गरी जाहेरवालाहरूले जाहेरी दिए थाहा भएन। सो समयभन्दा अगाडि नै म मोटरसाइकल दुर्घटनामा परी घाइते भई मेरो बायाँ हातका २ वटा औंला नचल्ने बायाँ खुट्टा, बायाँ हात समेत भाँचिन गई बी.एन्ड.वी. अस्पतालमा उपचार गराई बसेको थिएँ, सो काँडाघारीमा भएको उल्लिखित घटनामा मेरो संलग्नता नै छैन। किन मेरो नाम समेत उल्लेख गरी जाहेरी दिए थाहा भएन, मैले सोही एरियामा विगत ३/४ वर्षदेखि बालुवाको काम गर्दै आएको र निज जाहेरवालाहरू पनि बालुवा सम्बन्धी काम गर्ने हुँदा बालुवाको विषयलाई लिएर म र निज घाइते राजाराम थापाशीच समय समयमा सामान्य विवाद हुने गर्दथ्यो, सो घटना काभ्रेका मानिसहरूले घटाएको भनिएको र मेरो घर पनि काभ्रे भएको र बालुवासम्बन्धी समय समयमा हुने विवादको रिसइवी लिई मेरो नाम समेत उल्लेख गरी जाहेरी दिएको हुन सक्छ, म घाइते भई घरमा बसेको (द्यभम च्भकत) मानिस त्यहाँ उपस्थित हुन सक्ने सम्भावना नै थिएन, उक्त मितिमा म का.जि.का.म.न.पा.वडा नं.२४ बानेश्वर स्थित आफ्नै डेरा कोठामा बसेको थिएँ, उल्लेखित मितिमा राजाराम थापा समेतका मानिसहरूलाई गोली हान्ने कुटपिट गर्ने समेतका कार्यमा हातहतियार लिई घटना घटाउने कार्यमा मेरो संलग्नता छैन। म सो घटनामा संलग्न नभएको हुँदा मलाई अभियोग मागदाबी बमोजिम सजाय हुनु पर्ने होइन। म निर्दोष छु, सफाइ पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी स्याले भन्ने संजीव लामाले यस अदालत समक्ष गरेको बयान।

प्रस्तुत मुद्दामा प्रतिवादी स्याले भन्ने संजीव लामालाई पुर्पक्षको निमित्त थुनामा राख्नू भन्ने समेत व्यहोराको यस अदालतको मिति २०६७/१०/०५मा भएको आदेश ।

प्रतिवादी स्याले भन्ने संजीव लामाका साक्षी रोशनराज पाण्डे तथा प्रतिवादी गणेश लामाको साक्षी सार्कीमान बलले गरेको बकपत्र मिसिल सामेल रहेको ।

प्रतिवादी विक्रम लामाका नाउँमा यस अदालतबाट जारी भएको म्यादी पूर्जी मिति २०६६/१२/२२ मा तथा प्रतिवादी अनिश प्रजापतिका नाउँमा यस अदालतबाट जारी भएको म्याद मिति २०६७/१२/०१ मा तामेल भएकोमा उक्त तामेली म्यादभित्र निज प्रतिवादी हाजिर नभै सुरु म्यादै गुजारी बसेको ।

प्रतिवादी फुर्वा लामा तामाङका नाउँमा यस अदालतबाट जारी भएको म्याद बेपत्ते तामेल भई आएकोमा निज प्रतिवादीको हकमा अभियोग पत्रमा उल्लिखित वतनवाहेक अर्को वतन भए खुलाई पठाइदिनु भनी जिल्ला सरकारी वकिल कार्यालयमा लेखी पठाइएकोमा निज प्रतिवादीको अर्को वतन नभएको भन्ने समेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौको च.नं.२१४५ मिति २०६८/०८/२२ को पत्र मिसिल सामेल रहेको ।

सो घटनामा यी प्रतिवादी अमृतमान लामाको मतलवीको भूमिका निर्वाह भएको देखिंदा निज उपर मुलुकी ऐन, ज्यानसम्वन्धी महलको १७(३) नं.बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको मिति २०६६/१२/१५ मा पेस हुन आएको पूरक अभियोग पत्र ।

उक्त घटनाको सम्बन्धमा मलाई तत्काल केही थाहा थिएन । उक्त घटना घटेको कुरा मिति २०६६/१०/०७ गते पत्रपत्रिका लगायत सञ्चार माध्यमबाट मैले थाहा पाएको हुँ । सञ्चार माध्यमबाटै १० वर्षको बच्चा गोली लागी मरेको अन्य केही घाइते भएको भन्ने थाहा भएको हुँ । उक्त घटना घटाउने सम्बन्धमा मेरो कुनै संलग्नता, भूमिका केही छैन । अनुसन्धानका क्रममा भएको मेरो बयान ठिकै हो । मैले कुनै कसुर गरेको छैन भन्ने समेत व्यहोरको प्रतिवादी अमृतमान लामाले यस अदालत समक्ष गरेको बयान ।

प्रस्तुत मुद्दामा प्रतिवादी अमृतमान लमाबाट नगद धरौट रु.२७,०००।-वा सो बराबरको जेथाजमानी दिए लिई तारेखमा राख्नू भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६६/१२/१७ मा भएको आदेश ।

गोविन्दबहादुर कार्की समेतको जाहरीले वादी नेपाल सरकार प्रतिवादी पासाङ्ग लामा भन्ने लालकुमार तामाङ समेत भएको कर्तव्य ज्यान मुद्दामा वादरात पश्चात् फरार रहेको विजय गुरुङ, सेविन लामा, यमराज लामा, मिलन लामा, लालु तामाङ, अमृत लामा, दावा लामा र विष्णु लामाको हकमा एकिन वतन तथा बाबुको नाम समेत नखुलेको हुँदा एकिन वतन समेत खुली आएका वा पक्राउ परेका बखत कानुन वमोजिम पेस गरिने भनी मिति २०६६/११/३ मा अभियोग पेस गरिएकोमा तीमध्येका प्रतिवादी विष्णु तामाङ र दावा भन्ने जितेन्द्रमान लामा हालसम्म पक्राउ पर्न नसकेको भए तापनि सोही वारदातमा संलग्न रहेका प्रतिवादी पाल्देन लामाले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा मैले चिनजानका अमृत लामा, विष्णु लामा भन्ने विष्णु तामाङ वारदातमा प्रत्यक्ष रूपमा उपस्थित भएको भन्ने नखुले तापनि पाल्तेन लामाले फोन गरी सहयोग माग्दा केही परेमा हामी छौं भनी सो वारदातमा मतलबीको भूमिका निर्वाह गरेको कुरा निज दावा लामा भन्ने जितेन्द्रमान तामाङ र विष्णु लामा भन्ने विष्णु तामाङले मतलवीको भूमिका निर्वाह गरेको कुरा प्रतिवादी पाल्तेन लामाको वयानबाट पुष्टि भएको देखिंदा निज प्रतिवादीहरूको सो कार्य मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १/१७ नं. विपरीतको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरू दावा भन्ने जितेन्द्रमान तामाङ र विष्णु लामा भन्ने विष्णु तामाङउपर सोही महलको १७(३) नं.वमोजिम सजाय गरी पाउन मागदाबी लिई पेस हुन आएको पूरक अभियोग पत्र ।

म उक्त घट्ना घटेको समयमा दुवईमा थिएँ, म नेपाल बाहिर भएकोले घटनामा म थिइनँ । म विदेशबाट २०६६ माघ ९/१० गते तिर मात्र फर्केको हुँ । फर्कपछि मात्र उक्त घटना घटेको थाहा पाएको हुँ । तसर्थ मेरो घट्नामा संलग्नता छैन । मैले पाल्देन लामालाई चिनेको छैन । उसको बाबु रत्नबहादुर लामालाई निर्माण व्यवसायी संघको अध्यक्ष भएकोले चिनजान भएको हो । म पनि निर्माण व्यवसायमा नै संलग्न भएको हुँदा चिनजान भएको हो । मलाई फसाउन त्यस्तो झुट्ठो बयान दिएको हुनुपर्छ । मैले अभियोग दावी अनुसारको कसुर अपराध गरेको छैन । तसर्थ सफाई पाऊँ । मैले उक्त घटाउन मतलबी, सहयोगीको कुनै पनि किसिमले भूमिका निर्वाह गरेको छैन । मसँग पेस्तोल छैन भन्ने समेत व्यहोराको प्रतिवादी विष्णु लामा भन्ने विष्णु तामाङले यस अदालत समक्ष उपस्थित भई गरेको बयान ।

प्रस्तुत मुद्दामा प्रतिवादी विष्णु लामा तामाङबाट नगद धरौट रु.२७,०००।-वा सो वरावरको जेथाजमानी दिए लिई तारेखमा राख्नु भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६७/०४/०२ मा भएको आदेश ।

घटना घटेको भनिएको मिति २०६६/१०/०६ गते बिहान करिब ८ बजेतिर आई १० बजेतिरसम्म मैतीदेवीमा रहेको गोल्ड जिममा शारीरिक व्यायाम गरी बसेको थिएँ । उक्त घटनामा मेरो संलग्नता छैन । उक्त घटनाको सम्बन्धमा टी.भी., रेडियो, पत्र-पत्रिकाबाट थाहा पाएको हुँ । प्रस्तुत मुद्दाका प्रतिवादीहरू रत्नबहादुर लामा, विष्णु तामाङसँग मेरो चिनजान छ । म र उनीहरू निर्माण व्यवसायमा आवद्ध भएकोले चिनजान भएको हो । अन्य कुनै पनि प्रतिवादीहरूसँग चिनजान छैन । को कसको निर्देशन र योजनामा घटना घटेको हो मलाई थाहा भएन । निर्माण व्यवसायी संघको काभ्रेको अध्यक्ष भएको नाताले रत्नबहादुर लामालाई चिनेको हुँ । अभियोग मागदाबी सम्बन्धमा मेरो भन्नु केही छैन म कुनै प्रकारले उक्त घटनामा संलग्न छैन भन्ने समेत व्यहोराको प्रतिवादी दावा भन्ने जितेन्द्रमान लामाले यस अदालत समक्ष गरेको बयान ।

प्रस्तुत मुद्दामा प्रतिवादी दावा भन्ने जितेन्द्रमान लमाबाट नगद धरौट रु.२७,०००।- वा सो बराबरको जेथाजमानी दिए लिई तारेखमा राख्नू भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६७/०४/०७ मा भएको आदेश ।

मिति २०६६/०९/२९ गते माघे संक्रान्ति मनाउन श्रीमती सहित मेरो ससुराली जिल्ला मकवानपुर, पाथीभारा गएको थिएँ । ६/७ दिनको बसाइपछि मिति २०६६/१०/०५ गते साँझको समयमा घरमा आएँ । उक्त घटनाको बारेमा पत्रपत्रिकाहरू मार्फत मिति २०६६/१०/०७ गते थाहा पाएको हुँ । मेरो मोबाइलमा कसैको फोन आएको छैन । यस घटनामा मेरो कुनै संलग्नता छैन भन्ने समेत व्यहोराको प्रतिवादी अमृत लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

## ठहर खण्ड

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दा बुझिएसम्मका प्रमाणहरूको आधारमा फैसला गरिदिए हुने भएकोले मिसिल अध्ययन गर्दा, प्रतिवादीहरू आशिष भन्ने रामेश्वर श्रेष्ठ र पासाङ्ग भन्ने लालकुमार तामाङ उपर मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १, १३ तथा १५ नं.बमोजिमको कसुरमा निज प्रतिवादीहरूलाई सोही महलको १३(१)तथा १५ नं.बमोजिम र अन्य प्रतिवादीहरू फुर्वा लामा (तामाङ), पाल्देन लामा (तामाङ) विक्रम लामा, स्याल भन्ने संजीव लामा, अनिश प्रजापति समेतका हकमा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १, १५ र १७ नं.अनुसारको कसुरमा निज प्रतिवादीहरूलाई सोही महलको १५ तथा १७(१)नं. बमोजिम सजाय गरी पाउन तथा प्रतिवादी गणेश लामालाई ऐ.महलको १/१७ नं.को कसुरमा सोही महलको १७ (३)नं.अनुसार, प्रतिवादी अमृतमान लामाको हकमा निजउपर मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १७(३)नं.बमोजिम सजाय सजाय गरी पाऊँ

भन्ने पुरक अभियोगपत्र एवं प्रतिवादीहरू दावा भन्ने जितेन्द्रमान तामाङ र विष्णु लामा भन्ने विष्णु तामाङ उपर सोही महलको १७(३) नं.बमोजिम सजाय गरी पाउँ भन्ने दाबी भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकार र प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता र विद्वान् अधिवक्ताहरूको बहस जिकिर सुनियो ।

बहसको क्रममा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री शिवशंकर प्रसाद चौधरीले मिति २०६६/१०/०६ मा प्रतिवादीहरूले प्रहार गरेको गोली लागी बालक सन्तोष कार्कीको मृत्यु भएको छ भने राजाराम थापा, शोभा कार्की र गजेन्द्र बस्नेत घाइते भएका छन् । प्रतिवादीमध्येका रामेश्वर श्रेष्ठ र पासाङ्ग लामा हामीले गोली चलाएको भनी मौकामा सावित भएका छन् । प्रतिवादीमध्येका रत्नबहादुर तामाङ र राजाराम थापाबीच बिहान रोडा, बालुवाको विषयमा विवाद भएको र त्यसको केही समयपछि वारदात भएको कुरा तत्काल पक्राउ परेका ३ जना व्यक्तिको वयानबाट प्रमाणित छ । एकजना बालक सन्तोष कार्कीको गोली लागी मृत्यु भएको र अन्य ३ जनालाई गोली लागेको कुरामा विवाद छैन, हानेको गोली अनिच्छित व्यक्तिलाई लागे पनि इच्छाएका घटना घटेको छ । अनिच्छित घटना घटेको अवस्थामा पनि प्रतिवादीहरूले कसुरको दायित्वबाट उन्मुक्ति पाउने अवस्था हुँदैन । प्रतिवादीहरूबाट हतियारहरू बरामद भएको छ । २ वटा मोटरसाइकलहरू जलाइएका छन्, प्रतिवादीहरू उपर किटानी जाहेरी परेको छ । प्रत्यक्षदर्शीहरूले अदालतमा आई बकपत्र गरीदिएका छन् । त्यसैले, प्रतिवादीहरू उपरको अभियोग दाबी प्रमाणित हुँदा सबै प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम सजाय होस् भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादीमध्येका रत्नबहादुर तामाङ र पाल्देन लामाको तर्फबाट उस्थित विद्वान् अधिवक्ताहरू सानुबाबु पोखरेल, रमेश मैनाली र रमनकुमार श्रेष्ठले फौज्दारी मुद्दामा मनसाय तत्व अनिवार्य मानिन्छ तर बालक सन्तोष कार्कीको मृत्यु प्रतिवादीहरूको मनसायबाट भएको होइन भन्ने कुरामा विवाद छैन । हाम्रो पक्ष रत्नबहादुर लामा मिलापत्र भइसकेपछि धुलीखेल पुगेको कुरा निजको बयान र साक्षीहरूको बकपत्रबाट प्रमाणित छ । जाहेरवालाले भनेदेखि बाहेक कहींबाट पनि रत्नबहादुरले योजना बनाएको भन्ने कुरा प्रमाणित छैन । पेस्तोलबाट गोली चलेको त देखिन्छ तर त्यो गोली रत्नबहादुर कै योजनामा चलेको भन्ने प्रमाणित हुने आधार छैन । जाहेरवाला गोविन्द कार्कीले सुनेको आधारमा जाहेरी दिएको भनी अदालतमा बकपत्र गरिदिएका छन् । राजाराम थापाले एक कल फोन गरेको भनेका छन् तर गणेश लामा देश बाहिर रहेको र कल डिटेलबाट सो प्रमाणित नहुँदा दाबी प्रमाणित छैन र कसैलाई बोलाउँदैमा उनले सो कार्य गर्न बोलाएको भन्ने पनि हुँदैन । बुद्ध धर्मप्रति आस्थावान व्यक्ति रत्न लामाले योजना बनाए भन्ने कुरा कल्पना पनि गर्न सकिने अवस्था छैन भने पाल्देन लामाले पनि प्रहार गरे भन्ने भनाइ प्रमाणित भएको छैन । उक्त घटना वारदातमा रत्नबहादुर लामाको उपस्थिति थिएन भन्ने कुरा अभियोगबाटै प्रमाणित छ । जाहेरीमा ज्यान सम्बन्धीको १७ नं.वमोजिम सजाय गर्न माग गरिएकोमा अभियोग लगाउँदा १६ नं.को दाबी लिइएको छ । जाहेरवालाले प्रत्यक्ष देखेर जाहेरी दिएको होइन भनेका छन् तर प्रत्यक्ष देख्ने नारायण र मेघनाथले रत्नबहादुर लामा योजनाकार होइनन् भनेका छन् । त्यसैले, सुनेर जाहेरी दिनेको कुरा पत्याउने कि, देखेर भन्ने व्यक्तिको कुरा पत्याउने ? त्यसैले अभियोग लाग्दैमा दोषी करार गर्न मिल्दैन । अभियोग शंकारहित रूपमा प्रमाणित हुनुपर्दछ । प्रस्तुत मुद्दामा मेरा पक्षहरू उपरको अभियोग शंकारहित रूपमा प्रमाणित नहुँदा निजहरूलाई सजाय गर्दा अन्याय पर्न जाने हुँदा सफाइ दिइनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यसैगरी पाल्देन लामाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री विक्रम राईले Transfer of malice भन्ने Doctrine प्रस्तुत मुद्दामा आकर्षित हुँदैन । मेरो पक्ष पाल्देनले दिएको भनेको हतियार बरामद भएको अवस्था पनि छैन । पासाङ्गले मौकामा बयान गर्दा पाल्देनले हतियार दिएको र सो वारदातपछि सो हतियार

विक्रमलाई दिएको भनेका छन् तर अदालतमा बकपत्र गर्दा जाहेरवालाहरूले विक्रमको उपस्थिति नदेखाएबाट पाल्देन उपरको अभियोग प्रमाणित हुने अवस्था छैन । मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १७(१) मात्र होइन अरू पनि दफाहरू छन् । त्यसै दफाले सजाय गर्नुपर्ने भए अरू दफा बमोजिम पनि गर्न सकिन्छ तर पाल्देन उपरको दावी प्रमाणित नहुँदा सफाइ दिईनुपर्दछ भनी एवं अर्का प्रतिवादी पासाङ्ग लामाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शरदकुमार खड्काले प्रस्तुत मुद्दाका प्रमुख व्यक्ति राजारामलाई हान्न खोज्दा सो गोली Transfer भई वालक सन्तोष कार्कीको मृत्यु भएकोमा प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपर २ वटा दावी लिइएको छ । प्रतिवादीहरूले के कसूर गरे भन्ने दावी आफैं स्पष्ट छैन । एउटै कसुरमा २ वटा दाबी लिन पाईंदैन । कार्य सरेको मान्ने हो भने ज्यानको मात्र दाबी लिनुपर्ने हो । मृतक सन्तोष कार्कीलाई गोली हान्नुपर्ने कुनै कारण थिएन । राजारामलाई गोली हान्दा लागेको अवस्था छ । राजारामलाई हानेको गोली सन्तोषलाई लाग्छ भने त्यो कसरी ज्यान मुद्दा सरेको हुन सक्छ । प्रस्तुत मुद्दामा दाबी लिएको ज्यान मार्ने उद्योगतर्फको दाबी कुटपिटमा परिणत हुन्छ भने सन्तोषको मृत्युलाई भवितव्यबाट भएको मान्नुपर्ने हुन्छ । मेरो पक्षले आत्मरक्षाको लागि गोली चलाएको अवस्था छ । अभियोग दाबी लिंदैमा कर्तव्य ज्यानको वारदात कायम हुन सक्तैन । सुरुमा अभियोग लगाउँदा केही प्रतिवादीहरू उपर ज्यान सम्बन्धीको १/१५/१७(१) को दाबी लिएको देखिन्छ भने पूरक अभियोग ल्याउँदा तिनै प्रतिवादीहरू उपर १७(३)को दाबी लिएको अवस्था समेत हुँदा यस्तो हचुवा अभियोगपत्रको आधारमा मेरो पक्षलाई कसुरदार ठहर गर्न मिल्दैन । त्यसैले अभियोग दाबीबाट पूर्ण रूपमा सफाइ दिइयोस् भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यसैगरी अर्का प्रतिवादी रामेश्वर श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री केदार उप्रेती, श्री नारदमुनि प्याकुरेल (श्रीराम) ले हामीले अपनाई आएको फौज्दारी न्यायको सिद्धान्त अनुसार प्रतिवादीले कसुर प्रमाणित गरिरहनु पर्दैन, अभियोजन पक्षले प्रमाणित गर्नुपर्दछ । प्रस्तुत मुद्दामा सबै प्रमाणहरू शंकास्पद छन् । आशिष भन्ने रामेश्वर श्रेष्ठको मौकाको बयानबाट एकैचोटि २ जनाले फायर खोलेको कुरा उल्लेख छ । सोमध्ये कसको गालीले बालक सन्तोषको मृत्यु भयो प्रस्ट हुन सकेको छैन । मौकामा एउटा मात्र बन्दुक बरामद भएको देखिएको छ । मेरो पक्षको मार्नुपर्नेसम्मको कुनै पनि कारण छैन । मेरो पक्षले कसैलाई चिनेको पनि छैन । कसै उपर कसुर कायम गरिसकेपछि सजाय गर्दा बहुत विचार पुऱ्याएर गर्नुपर्दछ । तर प्रस्तुत मुद्दामा शंकाको प्रशस्त गुन्जाइस हुँदा र शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने सिद्धान्त समेत हुँदा हाम्रो पक्ष्य आफैं पीडित समेत रहेको अवस्था हुँदा मेरा पक्षलाई सफाइ दिइयोस् भनी बहस प्रस्तुत गर्नुभयो ।

अर्का प्रतिवादीहरू संजीव लामा र गणेश लामाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री नरबहादुर योगी र योगेन्द्र अधिकारीले पासाङ्गलाई अपराध गर्न गणेश लामाले पठाएको आधारमा गणेशलाई अभियोग लगाइएको छ । निज उपर किटानी जाहेरी पनि छैन भने निज २०६६/१०/०३ गते दुबई गई ऐ.१० गते दुबईबाट फर्केको कुरा निजको Passport, Visa र Departure report समेतबाट पुष्टि हुन्छ । अभियोजन पक्षले सो समयमा टेलिफोन गरेको कुरा पनि प्रमाणित गर्न सकेको छैन । विदेशमा रहेको व्यक्तिलाई ज्यान सम्बन्धीको १७(३) को दाबी लिंदैमा कसुरदार कायम हुन सक्तैन । मेरा पक्ष संजीव लामाले के कसुर गरेको थियो जाहेरवालाले भन्न सकेको अवस्था छैन । बकपत्र गर्दा कसैले पनि मेरो पक्षको संलग्नता देखाउन सकेका छैनन् । मेरो पक्षको हात चल्दैन भन्ने कुरा निजको स्वास्थ्य जाँच गर्ने डा.को report बाट प्रमाणित भइरहेको छ । त्यसैले अशक्त अवस्थाको हाम्रो पक्षलाई सफाइ दिइयोस् भनी बहस प्रस्तुत गर्नुभयो ।

उपरोक्त बमोजिम वादी प्रतिवादी दुवै पक्षका कानुन व्यवसायीहरूको तर्कपूर्ण बहस जिकिरहरू सुनी प्रतिवादीहरू उपर उपरोक्त बमोजिमको अभियोग दाबी भएको प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूमा निर्णय दिनुपर्ने देखिन आयो ।

- अभियोग दाबी बमोजिमको ज्यान मार्ने उद्योग र कर्तव्य ज्यानको वारदात घटेको हो, होइन ?
- उपस्थित प्रतिवादीहरू क कसको उक्त वारदात घटाउने कार्यमा संलग्नता देखिन्छ ?
- प्रतिवादीहरूको उक्त वारदातमा संलग्नता भए को, कसलाई के कति सजाय हुनुपर्ने हो ?

उपरोक्त बमोजिमको प्रश्नहरूमध्ये पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा, मिति २०६६/१०/६ गते बिहान अं.९.५० बजेको समयमा काठमाडौं जिल्ला गोठाटार-८, काँडाघारी सडकमा मोटरसाइकलमा आएका केही व्यक्तिहरूले राजाराम थापालाई गोली प्रहार गर्दा निज र सन्तोष कार्की समेतलाई गोली लागि घाइते भई उपचारको लागि पठाएको, घटनास्थल सडकको बीच सडकदेखि १० फिट सडकको उत्तरी किनारमा ९ एम.एम.(यू.एस.ए.) लेखेको पेस्तोलको गोली एक फेलापरेको, सडकको बीच भागबाट १४ फिट दक्षिणतर्फ सडकको किनारमा ९ एम.एम.(यू.एस.ए.) लेखिएको पेस्तोलको एम.एफ.एस.९८ लेखिएको खोका एक थान फेलापरेको, घटनास्थल सडकमा नम्बर नदेखिएका २ वटा मोटरसाइकल जली खरानी भई अवशेष रहेको भन्ने घटनास्थल मुचुल्का, उक्त घटना घटाई भाग्न लागेका पासाङ लामा र रामेश्वर श्रेष्ठलाई स्थानीय उत्तेजित समूहले कुटपिट गर्दा घाइते भएको अवस्थामा फेला पारी तलासी गर्दा रामेश्वर श्रेष्ठको साथबाट अटोमेटिक पेस्तोल र गोली राउन्ड ३ फेला परेको, पासाङ्ग लामाको साथबाट खुकुरी बरामद गरेको भन्ने बरामदी मुचुल्का, मिति २०६६/१०/६ गते बिहान अं.९:५० बजेको समयमा गोली प्रहारबाट घाइते भई उपचारको क्रममा मृत्यु भएका वर्ष १०को बालक सन्तोष कार्कीको दायाँ छातीको नजिक ०.४ मिलिमिटर गोलो आकारको घाउ भएको, दायाँतर्फ कोखा नजिक ०.३ मिलिमिटरको गोलो घाउ भएको, मृतकले लगाएको सुइटर गोलीले छेडिएको भन्ने लासजाँच प्रकृति मुचुल्का, प्रतिवादी रत्नबहादुर तामाङले बाटो छेकिने गरी रोडा राखेको विषयमा विवाद परी सो विवादको विषयमा आपसी समझदारी भई स्थानीय व्यक्तिहरू समेतको रोहबरमा मेलमिलाप भएकोमा रत्नबहादुरको निर्देशनमा ५/७ वटा मोटरसाइकल लिई आएका व्यक्तिहरूले राजाराम थापालाई खोज्दै आई निज बसेको ठाउँमा आई पासाङ्ग लामा, रामेश्वर श्रेष्ठ, बिक्रम लामा लगायतले गोली प्रहार गर्दा, वर्ष १० को सन्तोष कार्कीलाई प्रतिवादीहरूले चलाएको गोली लागी मृत्यु भएको, निज प्रतिवादीहरूले चलाएको गोली लागी शोभा कार्की, राजाराम थापा, गजेन्द्र बस्नेत घाइते भएका छन्, घटनामा संलग्न भई फरार रहेका रत्नबहादुर तामाङको निर्देशनमा रिसईबी लिई घटना घटाएको भन्ने गोविन्दबहादुर कार्की तथा श्रीराम थापाको छुट्टाछुट्टै जाहेरी दरखास्त, मिति २०६६/१०/६ गते बिहान म मर्निङवाक गरेको अवस्थामा बाटो अवरोध हुने गरी गिट्टी राखिएकोले मैले कसको हो भनी सोध्दा रत्नबहादुर तामाङले तेरो के टाउको दुख्यो भनी जवाफ दिए । तैपनि मैले सार्वजनिक बाटो हो, यस्तो गर्नु भएन भनी सम्झाइ बुझाइ गर्दा ज्यान, धनको धम्की दिएर एक्कासि निज रत्नबहादुरको छोरा पाल्देन लामा आई मलाई हात खुट्टाले हिर्काए । त्यसै क्रममा निजकै अर्को जेठो छोरा आई हातपात गर्न थाले । स्थानीय मानिसहरू जम्मा भई प्रहरी समेतको रोहबरमा एक आपसमा झै-झगडा नगर्ने गरी मौखिक सहमति भई म तथा श्रीराम थापा र बलराम थापा घर अगाडि गई घाम तापी बसेका थियौं । अं.९:३० बजेतिर ५ वटा मोटरसाइकलमा कोहीमा ३ जना, कोहीमा २ जना भई हामी बसेको ठाउँ अगाडि ल्याई रोकी ५ जना व्यक्ति केही अन्तरमा मतिर सोझिँदं आए । दुईजनाले सिधै ताकी गोली प्रहार गरे । मैले छल्ने क्रममा मेरो दुवै खुट्टामा गोली लागी घाइते भएँ । स्थानीय मानिसहरूले गोली प्रहार गर्ने रामेश्वर श्रेष्ठ र पासाङ्ग लामालाई समाती उत्तेजित भीडले अपराधीहरूले प्रयोग गरेका २ वटा मोटरसाइकल जलाइदिएछन् । निज अपराधीहरूले प्रहार गरेको गोली लागी वर्ष १० को सन्तोष कार्कीको उपचारको क्रममा मृत्यु भएको छ भने गजेन्द्र बस्नेत, शोभा कार्की घाइते भएका छन् । मेरो पनि एउटा खुट्टामा ३ वटा र अर्को खुट्टामा दुई गोली लागी बी.एण्ड बी. अस्पतालमा उपचार भइरहेको छ भनी घाइते राजाराम थापाले लेखाइदिएको घटना

विवरण कागज, घटनास्थलमा राजाराम थापा समेतका व्यक्तिहरू रहेछन् । एक्कासि ३/४ चोटि गोली हानेको आबाज सुनें । पहिला एकजनाले मात्र गोली चलाएको जस्तो देखें । मेरो दायाँ हातमा गोली लाग्यो । म बेहोस भएँ । उपचारको लागि काठमाडौं मेडिकल कलेज सिनामंगलमा ल्याएका रहेछन् भन्ने कुरा होस खुलेपछि थाहा भयो । मेरो हातमा लागेको गोलीको घाउचोटको अप्रेसन भई उपचारकै क्रममा छु भन्ने घाइते शोभा कार्कीले गरिदिएको घटना विवरण कागज, घटनास्थल नजिकै झगडा भयो भन्ने हल्ला भएकाले बाटोमा निक्लिँदा एक्कासि मेरो बायाँ खुट्टाको गोलीगाँठोदेखि मुनिको भागमा गोली लाग्यो । घटनास्थलमा ड्याङ्ग डुङ्ग गरेको आवाज पनि सुनें । स्थानीय मानिसहरूको सहयोगबाट अस्पताल पुगी उपचार भएको हो भन्ने गजेन्द्र बस्नेतले अनुसन्धानको क्रममा गरेको घटना विवरण कागज, Gun shot injury on Left foot भन्ने समेत व्यहोराको गजेन्द्र बस्नेतको घाउ जाँच केस फारम रिपोर्ट, घाइते राजाराम थापाको दुवै खुट्टाको घुँडामुनि गोली लागेको भन्ने घाउजाँच केस फारम रिपोर्ट, घाइते शोभा कार्कीको दायाँ हातमा गोली लागेको घाउचोट भएको भन्ने घाउ जाँच केस फारम रिपोर्ट तथा Autopsy Report, जाहेरवाला गोविन्दबहादुर कार्की, श्रीराम थापा अनुसन्धानका क्रममा बुझिएका मानिस गंगाबहादुर थापा, गजेन्द्र बस्नेत, वासुदेव कार्की, शोभा कार्की, राधेश्याम रायमाझी, बलराम थापा, नारायण ढुङ्गेल, मेघनाथ दाहाल घटना विवरणका मानिस राजाराम थापाको यस अदालत समक्ष भएको बकपत्र समेतका मिसिल संलग्न प्रमाणहरूको आधारमा मिति २०६६/१०/०६ गते वर्ष १० को नाबालक सन्तोष कार्कीको गोली लागी मृत्यु भएको र राजाराम थापा, गजेन्द्र बस्नेत र शोभा कार्कीलाई गोली लागी घाइते भएको मिसिल संलग्न प्रमाणहरूबाट प्रमाणित भएको हुँदा अभियोग दाबी बमोजिम ज्यान सम्बन्धीको १ नं. विपरीतको कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगको घटना घटेको प्रमाणित भएको देखियो । अभियोग दाबी बमोजिम ज्यान सम्बन्धीको १ नं. विपरीतको कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगको घटना घटेको प्रमाणित भएको देखियो ।

अब, अभियोग दाबीमा प्रतिवादी बनाई अदालतमा मद्दाको पुर्पक्ष गरिरहेका प्रतिवादीहरू क-कसको उक्त वारदात घटाउने कार्यमा संलग्नता छ भन्ने सम्बन्धमा मिसिल संलग्न प्रमाणहरूको विश्लेषण गरी हेर्दा, जाहेरवाला गोविन्दबहादुर कार्की र श्रीराम थापाले रत्नबहादर तामाङले घर निर्माण गर्नको लागि जग्गा अगाडि रोडा, बालुवा बाटोमा राखेको विषयमा राजाराम थापासँग मिति २०६६/१०/०६ मा वाद विवाद भएकोमा छलफल गरी मिलापत्र भइसकेपछि निजै रत्न लामाको निर्देशनमा पासाङ्ग लामा, रामेश्वर श्रेष्ठ, पाल्देन तामाङ समेतले चलाएको गोली लागी वर्ष १० को सन्तोष कार्कीको मृत्यु भएको र शोभा कार्की, राजाराम थापा र गजेन्द्र बस्नेतलार्य गोली लागी घाइते भएको हुँदा प्रतिवादीहरूलाई कारबाही गरी पाऊँ भनी जाहेरी दिएको देखिन आउँछ । प्रतिवादीमध्येका रामेश्वर र पासाङ्ग लामाले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा, मिति २०६६/१०/६गते बिहान म साथी विजय गुरुङसँगै रहेको अवस्थामा साथी विजयको मोबाइलमा फोन आई रत्नबहादुरलाई समस्या परेको छ भएको सामान सबै लिई गोठाटार आउन पर्‍यो भनेकाले मैले आफ्नो कोठामा भएको पेस्तोल लिई विजय गुरुङसँगै मोटरसाइकलमा रत्नबहादुरको निर्माणाधीन घर नजिकै पुग्यौं । त्यहाँ रत्नबहादुर र निजको छोराहरू पाल्देन तामाङ, फुर्वा तामाङसमेत १४/१५ जना जम्मा भएका थिए । रत्नबहादुरले मलाई बिहान राजाराम भन्नेले अपशब्द प्रयोग गर्‍यो, निजलाई जसरी भए पनि ठीक पार्नुपर्छ भनेकोले मैले र पासाङ्गले पेस्तोल लिई अगाडि जाने र पछि हुनेले पेस्तोल, खुकुरी, तरबार, रड समेतका सामान लिने भनी कामको बाँडफाँड भयो म र पासाङ लामा अगाडि जाने योजना भई ५ वटा मोटरसाइकलमध्ये कुनैमा ३ जना कुनैमा २ जना चढी राजाराम थापाको घरतर्फ गयौं । रत्नबहादुरको माइलो छोरा पाल्देन तामाङले घर तथा राजाराम थापालाई चिनाइदिए । मोटरसाइकल केही पर रोकी म र पासाङ्ग अगाडि अरू साथी केही अन्तरमा आउने गरी गयौं । हामीमध्ये ५ जनासँग पेस्तोल थियो । अरूसँग खुकुरी रड समेत थियो । राजाराम थापालाई देख्नेबित्तिकै

पासाङ र मैले एकैसाथ गोली हान्यौं । राजाराम थापाले छल्दा केही गोली निजको खुट्टामा लाग्यो, साथै १० वर्षको बालक सन्तोष कार्कीलाई पनि एक गोली लागी घाइते भई उपचारको क्रममा निजको मृत्यु भएछ । स्थानीय मानिसले म र पासाङ्ग लामालाई कुटपिट गरे, मेरो साथमा भएको पेस्तोल समेत प्रहरीले फेला पारे । साथी पासाङ्ग लामाले निजको साथमा भएको पेस्तोल साथी विक्रम लामालाई दिन भ्याएकोले पेस्तोल फेला परेन, खुकुरी मात्र फेला पऱ्यो । साथीहरूले चलाएको गोली लागी शोभा कार्की, गजेन्द्र बस्नेत घाइते भएको भन्ने थाहा पाएँ भनी प्रतिवादी रामेश्वर श्रेष्ठले अनुसन्धानका क्रममा बयान गरेको देखिन्छ भने अर्का प्रतिवादी पासाङ्ग लामा भन्ने लालकुमार तामाङले बयान गर्दा, रत्नबहादुर तामाङको छोरा पाल्देन तामाङले मेरो बाबुसँग राजाराम भन्नेले निकै निहुँ खोजेको छ । जसरी पनि ठीक पार्नुपर्छ । अरू साथीहरू पनि जम्मा गरिसकेको छु आउनुपऱ्यो मोटरसाइकल लिई रत्नबहादुरको घर नजिक पुगें, अरू साथीहरू पनि आइपुगेका रहेछन् । हामी १४/१५ जनाबीच काम बाँडफाँड गरी कसैले मोटरसाइकल चलाउने, कसैले पेस्तोल, खुकुरी, रड, खुँडा बोक्ने भन्ने कुरा भयो र पाल्देन तामाङले मलाई एउटा पेस्तोल दियो । खुकुरी कम्मरमा लुकाएँ । मेरो मोटरसाइकल पाल्देनले चलाई म पछाडि बसी अरू ४ वटा मोटरसाइकल सहित राजाराम थापा भएतिर गयौं । मोटरसाइकल केही पर रोकी म र रामेश्वर श्रेष्ठ पेस्तोल लिई अगाडी गयौं । अरू साथीहरूलाई फ्लोअपमा राख्यौं, राजाराम थापा भएको स्थानमा पुगी रामेश्वर श्रेष्ठ र मैले टाउकोमा ताकी एकैचोटि फायर गऱ्यौं । राजारामले छली खुट्टामा लाग्यो । निजले हारगुहार गरेबाट मानिसहरू जम्मा हुन थालेपछि मेरो साथमा भएको पेस्तोल विक्रम लामाले लिई भागेका हुन् । रामेश्वर र मलाई स्थानीय मानिसहरूले समाती कुटपिट गरे । साथीहरूले प्रहार गरेको गोली लागी वर्ष १० को बालक सन्तोष कार्कीको उपचारको क्रममा मृत्यु भएछ । अरू शोभा कार्की र गजेन्द्र बस्नेत पनि घाइते भएका रहेछन् भनी भनेको देखिन्छ । अदालत समक्ष बयान गर्दा, म जग्गाको कारोबार गर्ने भएकोले सोही सिलसिलामा गोठाटारमा पुग्दा मानिसहरूको भीडभाड एवं होहल्ला सुनी के भएको रहेछ भनी म त्यहाँ पुग्नासाथ मलाई पछाडि भीडबाट को, कसले टाउकोमा हिर्काए, त्यसपछि लाठी, ईँटा इत्यादिले हिर्काउने कार्य गरी म घाइते भएपछि एम्बुलेन्सबाट मलाई अस्पताल लगेका थिए । मसँग कुनै चिज वस्तु बरामद भएको छैन र मैले पेस्तोल बोक्ने गरेको पनि छैन भनी उल्लेख गराएका र अर्का प्रतिवादी पासाङ्ग भन्ने लालकुमार तामाङले बयान गर्दा, आफू उक्त दिन बिहान बौद्धबाट घर काभ्रेतर्फ जाने क्रममा काँडाघारी पुगेपछि मान्छेको भीडमा हो-हल्ला हुँदै थियो । के को भीड र हल्ला हो भनी हेर्न जाँदा मलाई भीडको मान्छेले ढुङ्गाले हानेर भुईंमा लडायो । त्यसपछि ममाथि जथाभावी कुटपिट गर्न थालेपछि के कसरी भुइँमा जाकिएको अवस्थामा मैले पेस्तोल देखें । म आवेशमा आउनुका साथै आफ्नै ज्यान बचाउन पनि मैले जथाभावी रूपमा त्यही पेस्तोलले हानेको हुँ । कतिपटक प्रहार गरें थाहा छैन । उक्त पेस्तोलको गोलीले को, कसलाई लाग्यो मैले केही पत्तो पाइनँ । उक्त मैले चलाएको पेस्तोल के कहाँ पुग्यो म आफैं मरणासन्न अवस्थामा भएकोले केही पत्तो पाइनँ मैले आफ्नो आत्मरक्षाको लागि मात्र पेस्तोल प्रयोग गरेको हुँ भनी आफूले अभियोग दाबी बमोजिमको कसुर नगरेको भने तापनि निज आशिष भन्ने रामेश्वर श्रेष्ठ घटनास्थलमा मौजुद रहेको कुरा स्वीकार गरी बयान गरेको र पासाङ्ग भन्ने लालकुमारले बन्दुक फायर गरेको कुरा समेत स्वीकारेको देखिँदा यी प्रतिवादीहरूलाई तत्कालै जनमानसले कुटपिट गरेको देखिएकोले पनि निजहरूको वारदातस्थलमा उपस्थिति रहेको देखिएको र मिति २०६६/१०/६ गते बिहान अं.९.५० बजेको समयमा मोटरसाइकलमा आएका केही व्यक्तिहरूले राजाराम थापालाई गोली प्रहार गर्दा निज र सन्तोष कार्की समेतलाई गोली लागी घाइते भई उपचारको लागि पठाएको, घटनास्थल सडकको बीच सडकदेखि १० फिट सडकको उत्तरी किनारमा ९ एम.एम.(यू.एस.ए.) लेखेको पेस्तोलको गोली एक फेलापरेको, सडकको बीच भागबाट १४ फिट दक्षिणतर्फ सडकको किनारमा ९एम.एम. (यू.एस.ए.) लेखिएको पेस्तोलको एम.एफ.एस. ९८ लेखिएको खोका एक थान

फेला परेको, घटनास्थल सडकमा नम्बर नदेखिएका २ वटा मोटरसाइकल जली खरानी भई अवशेष रहेको भन्ने मौकाको घटनास्थल मुचुल्काबाट देखिएको र उक्त घटना घटाई भाग्न लागेका पासाङ्ग लामा र रामेश्वर श्रेष्ठलाई स्थानीय उत्तेजित समूहले कुटपिट गर्दा घाइते भएको अवस्थामा फेला पारी निजहरूको तलासी गर्दा रामेश्वर श्रेष्ठको साथबाट अटोमेटिक पेस्तोल मेड इन यु.एस.ए. लेखेको ९ एम.एम.९ राउन्डको ७११७ नं को पेस्तोल र सो पेस्तोलभित्र रहेको म्यागिजनमा ९ एम.एम.२७ के.एफ.ओ.४ लेखेको गोली राउन्ड ३ फेला परेको, पासाङ्ग लामाको साथबाट खुकुरी थान एक बरामद भएको भन्ने मौकाको बरामदी मुचुल्का एवं प्रतिवादी पाल्देन लामाले गरेको बयान व्यहोरा, अन्य मौकामा कागज गर्ने मानिसहरू गंगाबहादुर थापा, गजेन्द्र बस्नेत, वासुदेव कार्की, शोभा कार्की, राधेश्याम रायमाझी, बलराम थापा, नारायण ढुङ्गेल, मेघनाथ दाहाल समेतको घटना विवरण कागज एवं यस अदालतको बकपत्रबाट समेत प्रतिवादीहरू आशिष भन्ने रामेश्वर श्रेष्ठ, पासाङ्ग भन्ने लालकुमार तामाङको संलग्नता र निजहरूको गोली प्रहारबाट राजाराम थापा, गजेन्द्र बस्नेत, शोभा कार्की घाइते भएका र वर्ष १० का सन्तोष कार्कीको मृत्यु भएको कुरा प्रमाणित भएको छ देखिन्छ भने प्रतिवादी पाल्देन लामाले यस अदालत समक्ष बयान गर्दा, उक्त वारदात हुनुभन्दा एक घन्टाअघि राजाराम लगायतका त्यस ठाउँका स्थानीय भलाद्मीसँग प्रहरीको रोहवरमा हाम्रो मेलमिलाप भएपछि म र मेरो बुबा रत्न लामा धुलिखेलको साइटमा गएको बेला उक्त घटना घटेको हो। हामी र राजाराम लगायतका व्यक्तिहरूसँग मेलमिलाप भइसकेपछि हामी आ-आफ्नो काम व्यवसायमा लागेपछि उक्त वारदात घट्न गएको भनी एलिबीको जिकिर लिए पनि निजले अनुसन्धानका क्रममा बयान गर्दा, मिति २०६६/१०/६ गते बिहान अं.६:३० बजेको समयमा बाटोमा गिट्टी राखेको विषयमा बाबु रत्नबहादुरसँग राजाराम थापाको वादविवाद भयो। स्थानीय मानिसहरू र प्रहरी समेत आई गिट्टी हटाउने छलफल सहमति भयो। मलाई यो कुरा असैह्य भई मेरो मोबाइलबाट साथीहरू विजय गुरुङ, रामेश्वर श्रेष्ठ, पासाङ्ग लामालाई फोन गरी अरू साथी पनि खोजी तु आउनु भनें साथीहरू मोटरसाइकल लिई आए। १४/१५ जना भइयो। बाबु रत्नबहादुरले बिहान भएको विवादको जानकारी गराई रामेश्वरले आफूसँग भएको पेस्तोल लिने, पासाङ्ग लामाले मसँग भएको पेस्तोल र खुकुरी लिने अरू साथीहरूले कसैले पेस्तोल, कसैले खुकुरी, रड, तरबार, खुंडा लिने भनी ५ वटा मोटरसाइकलमा कुनैमा ३ जना कुनैमा २ जना भई जाने भन्ने सल्लाह भई राजाराम थापाको घरतर्फ गयौं। मैले साथीहरूलाई संकेत गरी मोटरसाइकल केही पर रोक्यौं। रामेश्वर श्रेष्ठ र पासाङ्ग लामा राजारामतिर गए। हामीले फ्लोअप गऱ्यौं। राजारामलाई देख्नेबित्तिकै रामेश्वर श्रेष्ठ र पासाङ्ग लामाले पेस्तोलबाट गोली प्रहार गरे। अरू साथीहरू विजय गुरुङ समेतले पनि फायर गरे। १४/१५ पटक फायर भयो। स्थानीय मानिसहरू आई रामेश्वर श्रेष्ठ र पासाङ्ग लामालाई समाते। पासाङ्गले पेस्तोल साथीलाई पास गरिसकेका थिए। रामेश्वरसँग भएको पेस्तोल र पासाङ्गले राखेको खुकुरी फेला परेछ भनी आफू उक्त घटना वारदातमा मौजुद रहेको भनी सो वारदातमा आफ्नो संलग्नता रहेको व्यहोरा खुलाई बयान गरेको देखिएको र निजको सो बयान व्यहोरा अन्य प्रतिवादीहरूको अनुसन्धानको क्रममा भएको बयान, पीडित एवं घाइते राजाराम थापा, गजेन्द्र बस्नेत, शोभा कार्कीले लेखाइदिएको घटना विवरण कागज र यस अदालत समक्ष गरिदिएको बकपत्र समेतबाट मौकामा वारदातस्थलमा निजको उपस्थिति रहेको भन्ने पुष्टि भइरहेको देखिए तापनि मौकामा निजको साथबाट कुनै किसिमको हातहतियार बरामद भएको नदेखिएको अवस्थामा निज हातहतियार सहित मौजुद भएको भन्ने कुरा प्रमाणित हुन सकेको पाइएन।

अर्का प्रतिवादी रत्नबहादुर लामाको योजना र निर्देशनमा नै उक्त घटना वारदात भएको भन्ने अभियोजन पक्षको माग दाबी रहेको देखिए तापनि निजले यस अदालत समक्ष बयान गर्दा, उक्त मिति २०६६/१०/६ गते बिहान करिब ६:३० बजेतिर आफ्नो घर निर्माणको लागि राखिएको गिट्टी बालुवाको विषयलाई लिएर स्थानीय

राजाराम थापा समेतका मानिसहरूसँग विवाद भई कोटेश्वर प्रहरी बिटबाट प्रहरी आई छलफल गराई मिलापत्र गराएको हो । त्यसपछि आफू र छोरो काभ्रे धुलिखेलतर्फ आफ्नो काममा लागेका हौं, घटना घटेको समयमा आफू उक्त स्थानमा थिइन । सो वारदातमा आफ्नो कुनै किसिमको संलग्नता छैन, सो अपराध गराउन आफूले कुनै निर्देशन दिएको छैन भनी कसुर गरेकोमा समेत इन्कार रही बयान गरेको देखियो । मौकामा जाहेरी दिने गोविन्दबहादुर कार्की, श्रीराम थापाको जाहेरी व्यहोरा एवं घटना विवरण कागज लेखाइदिने राजाराम थापा, शोभा कार्की, राधेश्याम रायमाझी, गंगाबहादुर थापा, बलराम थापा समेतका व्यक्तिहरूले लेखाइदिएको कागज समेतबाट यी प्रतिवादी रत्नबहादुरसँग उक्त मितिमा राजाराम थापाको विवाद भएको विषयलाई लिएर निज रत्नबहादुरको निर्देशनमा अन्य प्रतिवादीहरूले उक्त घटना घटाएको भनी लेखाईदिएको पाईयो । यी प्रतिवादीको सो घट्ना वारदातमा प्रत्यक्ष संलग्नता रहे भएको भनी कोही कसैले लेखाएको देखिंदैन भने यी प्रतिवादी रत्नबहादुर लामाले आफू उक्त घटना हुँदाका अवस्था काभ्रे धुलिखेल गइसकेको थिएँ भनी बयान गरेको भए पनि निज काभ्रे धुलिखेलमा रहेको कुराको पुष्टि हुने कुनै खम्बिर प्रमाण निजले गुजार्न सकेको देखिंदैन ।

निजको घटना वारदातमा उपस्थिति रहेको भन्ने नदेखिएको र उक्त घटना वारदातको योजनाकारको रूपमा एवं निजको निर्देशनमा उक्त घटना घटेको मिसिल संलग्न कागज प्रमाणबाट शंकारहित रूपमा प्रमाणित हुन नआएको भए तापनि सो घटनाको दिन बिहान आफू र राजाराम थापाका बीच विवाद भएको तथ्यमा समेत निज प्रतिवादी स्वीकार रहेको देखिएको र मिलापत्र भइसकेपछि तत्काल घटना वारदात घटेको अवस्था भएकोले र निजको एलिबीको जिकिर प्रमाणित नभएको अवस्थामा निज वारदात घटानउने मत सल्लाहमा पसेको कुरालाई मिसिल संलग्न परिस्थितिजन्य प्रमाणलाई नकार्न नसकिएकोले निज उक्त घटनाको मतसल्लाहमा सम्म पसेको देखिन आयो ।

अर्का प्रतिवादी स्याले भन्ने संजीव लामाको हकमा हेर्दा, निजले यस अदालत समक्ष बयान गर्दा, उक्त कसुरमा आफ्नो संलग्नता नरहेको भनी कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि जाहेरवालासँग आफ्नो बालुवाको विषयमा समेत विवाद भएको कुरा निजले स्वीकार गरेको र मौकामा पक्राउ परेका अन्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा यी प्रतिवादी समेत सो वारदातमा साथै रहेको भनी लेखाइदिएको बयान कागज समेतका मिसिल संलग्न प्रमाणहरूबाट उक्त वारदातमा निजको उपस्थिति रहेको नै देखियो ।

अन्य प्रतिवादीहरू गणेश लामा, अमृतमान लामा, जितेन्द्रमान तामाङ, विष्णु लामा भन्ने विष्णु तामाङको हकमा हेर्दा, निज प्रतिवादीहरूले उक्त घटना वारदातस्थलमा आफूहरूको कुनै किसिमको उपस्थिति नरहेको भनी कसुर गरेकोमा पूर्ण इन्कार रही बयान गरेका छन् । निजहरूका साक्षी समेतले निजहरूको सो इन्कारी बयान व्यहोरालाई समर्थन हुने गरी यस अदालत समक्ष आई बकपत्र गरिदिएको देखिन्छ । यी प्रतिवादीहरूको सो वारदातमा संलग्न भएको भन्ने दाबी नै नरहेको र सुरुको अभियोगपत्रमा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १७(१) को दाबी लिएकोमा पूरक अभियोगमा सोही महलको १७(३) नं.को दाबी लिई अभियोग पेस हुन आएको पाइयो । उक्त घटना वारदातमा निज प्रतिवादीहरूको यो यस किसिमले उपस्थिति रहेको भनी मौकामा कागज गर्ने व्यक्तिहरूले कागज गर्दा खुलाउन नसकेको र प्रतिवादी गणेश लामा र विष्णु लामा समेत सो घटना समयमा विदेश दुबईमा रहेको भनी निजहरूले बयान गर्दा उक्त कसुरमा इन्कार रही बयान व्यहोरा लेखाउनुको साथै निजहरू अन्यत्र विदेश रहेको कुराको सम्बन्धमा निजहरूको पासपोर्ट, भिसा एवं Departure report समेतबाट उक्त घटना वारदात पश्चात् निज दुवईबाट फर्की आएको भन्ने देखिएको निजहरूका साक्षीले यस अदालत समक्ष गरेको बकपत्रबाट समेत निजहरूको उक्त बयान व्यहोरालाई पुष्टि हुने गरी बकपत्र गरिदिएको समेतबाट यी प्रतिवादीहरू गणेश लामा र विष्णु लामा उक्त घटना वारदातमा अन्यत्र विदेश रहेको कुरा पुष्टि हुन आइरहेको र प्रतिवादी गणेश लामासँग फोन सम्पर्क भएको भन्ने कुराको

प्रमाणित गर्ने कल डिटेल समेत पेस हुन सकेको नदेखिएकोले निजहरूले सो घटना वारदातमा कुनै किसिमले संलग्नता देखाए भनी मान्न मिल्ने अवस्था नै नदेखिएको र अन्य प्रमाणहरूबाट पनि निज प्रतिवादीहरू गणेश लामा, विष्णु लामा, अमृतमान लामा र जितेन्द्रमान तामाङ उक्त वारदात घटाउने मतसल्लाहमा पसेको भन्ने कुरा समेत प्रमाणित हुन सक्ने अवस्था मिसिल संलग्न कुनै पनि कागज प्रमाणबाट देखिन आएन ।

अब प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने हो होइन भन्ने अर्को तेस्रो तथा अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा, प्रस्तुत मुद्दामा मिति २०६६/१०/०६ गते बिहान राजाराम थापा र प्रतिवादी रत्नबहादुर लामाका बीच सडकमा रोडा बालुवा थुपारेको विषयमा वादविवाद सुरु भै सो सम्बन्धमा छलफल गरी मिलापत्र भइसकेपछि पुनः भएको गोली प्रहारबाट राजाराम थापा, गजेन्द्र बस्नेत र शोभा कार्की घाइते भएका र सोही गोली हान्ने क्रममा स्कुलबाट घर फर्कने क्रममा सडकमा हिँडिरहेका अबोध बालक सन्तोष कार्कीलाई गोली लागी सोही गोली लागेको कारणबाट निज बालक सन्तोष कार्कीको मृत्यु भएको कुरा मिसिल संलग्न प्रमाणबाट प्रमाणित छ । विवाद छैन ।

अभियोजन पक्षले प्रतिवादीहरू उपर अभियोग दाबी लिंदा आशिष भन्ने रामेश्वर श्रेष्ठ र पासाङ्ग भन्ने लालकुमार तामाङउपर मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १, १३ तथा १५ नं.बमोजिमको कसुरमा सोही महलको १३ (१)तथा १५ नं.बमोजिम र अन्य प्रतिवादीहरू फुर्वा लामा (तामाङ), पाल्देन लामा (तामाङ) विक्रम लामा, स्याले भन्ने संजीव लामा, अनिश प्रजापति, अमृत लामा, दावा लामा, विष्णु लामा समेतका उपर मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १, १५ र १७ नं.अनुसारको कसुरमा सोही महलको १५ तथा १७(१) नं.बमोजिम सजाय गरी पाउन तथा प्रतिवादी गणेश लामालाई ऐ.महलको १/१७ नं.को कसुरमा सोही महलको १७(३)नं.अनुसार सजाय गरी पाऊँ भनी अभियोग दाबी लिएको देखियो ।

मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३ र १५ नं. बमोजिमको कसुर ठहर हुन मनसाय तत्व र मार्नुपर्नेसम्मको कारण अनिवार्य हुनुपर्ने भन्ने फौजदारी विधिशास्त्रको मान्यता छ । हाम्रो सर्वोच्च अदालतबाट धेरै कर्तव्य ज्यान मुद्दाहरूमा उक्त फौज्दारी विधिशास्त्रको सर्वमान्य सिद्धान्तहरूलाई आत्मसात गरी नजिरहरू प्रतिपादन गरिएको पाइन्छ । प्रस्तुत मुद्दामा बालक सन्तोष कार्कीलाई मार्नुपर्नेसम्मको मनसाय तत्व थियो भनी अभियोजन पक्षले अभियोग दाबी लिंदा खुलाउन सकेको पाइँदैन । तर प्रतिवादीहरूले आपराधिक योजना बनाई एकआपसमा आपराधिक कामको बाँडफाँड समेत गरी २०६६/१०/६ गते बिहान ९:५० बजेको समयमा ५ वटा मोटरसाइकलमा प्रतिवादीहरू हातहतियारले सुसज्जित भई घाइते राजाराम थापाको घरतर्फ गई निज समेतलाई मार्ने नै उद्देश्यले अन्धाधुन्ध गोली प्रहार गर्दा राजाराम थापा छलिएको कारणबाट दुवै खुट्टामा ५ वटा गोली लागे पनि मर्मस्थानमा गोली नलागेको कारणबाट निजको मृत्यु भने हुन नपाएको र सो घटना वारदातबाट शोभा कार्की, गजेन्द्र बस्नेत समेतलाई गोली लागी घाइते भएका र नाबालक सन्तोष कार्कीको बायाँ छाती तथा दायाँतर्फको कोखा नजिक गोली लागी सोही चोट पीरको कारणबाट निजको मृत्यु भएको देखिंदा प्रतिवादीहरूले मृतक सन्तोष कार्कीलाई नै मार्न भनी गोली प्रहार नगरेको भए तापनि त्यसरी गोली प्रहार गर्दा अन्य व्यक्तिहरू पनि मर्न सक्छन् भन्ने जानी जानी मानिसकै ज्यान मार्ने उद्देश्य र मनसायबाट गोली प्रहार गरेको र सोही कारणबाट मृत्यु भएकोबाट Transfer of Malafied intention को सिद्धान्त समेतको आधारमा मनसाय सरेको मानिने हुँदा प्रतिवादीहरूलाई सजाय हुनुपर्ने भनी अभियोग दाबी लिएको पाइयो ।

फौज्दारी मुद्दामा वारदातको घटना प्रकृति अनुसार एउटालाई मार्छु भनी प्रहार गरेको चोट जसलाई प्रहार गरेको हो उसलाई नलागी अर्कोलाई लाग्न गएको अवस्थामा कर्ताको आपराधिक दुराशय एउटाबाट अर्कोमा सर्दछ र यो अवस्थालाई दुराशयको स्थानान्तरण (Transfer of malice) भनी फौज्दारी न्यायमा विवेचना गर्ने गरेको पाइन्छ । हाम्रो सम्मानित सर्वोच्च अदालतले पनि दुराशयको स्थानान्तरण (Transfer of malice)

को सिद्धान्तलाई मान्यता दिंदै टेकबहादुर रेउलेको जाहेरीले वादी नेपाल सरकारविरुद्ध नरबहादुर रेउले भएको कर्तव्य ज्यान मुद्दामा (ने.का.प.२०६१,अंक-११ नि.नं.७४६६ पृष्ट- १४८६) "लक्षित व्यक्ति उपर कार्य गर्दा जुन अपराध मानिन्छ । एउटा मानिसलाई मार्ने नियतले गरेको प्रहार अर्को अनिच्छित मानिसलाई लागेर मृत्यु हुन पुगेको अवस्थामा कर्ताको आपराधिक मनसाय समाप्त भएको मानिने न भै सरेको मानिने हुँदा मनसाय प्रेरित हत्याको फौज्दारी दायित्व सिर्जना हुने" भनी व्याख्या भएको देखिएको । त्यस्तैगरी सम्मानित सर्वोच्च अदालतबाट अन्य मुद्दाहरूमा समेत (Transfer of malice) को सिद्धान्तलाई मान्यता दिंदै फैसला गरेको देखिन आउँछ । प्रस्तुत मुद्दामा पनि बालक सन्तोष कार्कीलाई मार्नुपर्नेसम्मको कारण र मनसाय प्रतिवादीहरूको नभए तापनि अर्थात अनिच्छित घटना घटेको भए तापनि गोली प्रहार गर्दा मानिस मर्न सक्ने सम्भावना जहिलेसुकै रहने र राजाराम थापालाई प्रहार गर्दा अन्य व्यक्तिहरूलाई समेत गोली लागी बालक सन्तोष कार्कीको सोही गोलीको कारणबाट मृत्यु भएको देखिनाले प्रस्तुत मुद्दामा (Transfer of malice) को सिद्धान्त आकर्षित हुने देखिन आयो ।

प्रस्तुत मुद्दामा बहसको क्रममा प्रतिवादीका कानुन व्यवसायीहरूले बालक सन्तोष कार्कीको मृत्यु भएको भए तापनि प्रतिवादीहरूको निजलाई मार्ने मनसाय नहुँदा सो वारदात भवितव्य ज्यानको कायम गरी प्रतिवादीहरूलाई सजाय गरिनुपर्दछ भनी बहस जीकिर लिएको समेत अवस्था छ । ज्यान सम्बन्धी महलको भवितव्य ज्यानको कसुर कायम हुन के कस्ता व्यवस्था छ भनी हेर्दा ज्यान सम्बन्धी महलको ५ नं.मा "ज्यान लिने इविलाग वा मनसाय न भै कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भै कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने कानुनी व्यवस्था भएको पाइँदा उक्त ज्यान सम्बन्धीको ५ नं.को व्यवस्था अनुसार भवितव्य हुन ज्यान लिनेसम्मको इविलाग वा मनसाय नभएको र गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको अवस्थामा हुनुपर्ने हुन्छ । भवितव्यमा आपराधिक मनसाय तत्वको अभाव हुन्छ र परिणामको हेक्का पनि हुँदैन । कानुनले निषेध नगरेको कुनै कार्य गर्दा कारणवस मानिस मर्न गएमा भवितव्य मानिने हो तर कानुनले वर्जित गरेको मानिस मार्ने नियतले हतियार चलाई प्रहार गर्दा, लक्षित मानिसको सट्टा अर्कोलाई लागी त्यो मानिस मर्न गएमा त्यस्तो मृत्यु भवितव्य अन्तर्गत पर्दछ भन्न सकिंदैन भनी सम्मानित सर्वोच्च अदालतबाट टेकबहादुर रेउलेविरुद्ध नरबहादुर रेउलेको मुद्दामा नै व्याख्या भएको र प्रस्तुत मुद्दामा प्रतिवादीहरूले प्रहार गरेको हतियारको प्रकृति र उपरोक्त बमोजिमको सम्मानित सर्वोच्च अदालतबाट दुराशयको स्थानान्तरण र भवितव्य ज्यानको सम्बन्धमा प्रतिपादित सिद्धान्तहरूको आधारमा प्रतिवादीहरूले गरेको कार्य विद्वान् कानुन व्यवसायीहरूको जिकिर बमोजिमको भवितव्य ज्यानको परिभाषाभित्र पर्ने देखिन आएन ।

तसर्थ प्रस्तुत मुद्दामा प्रतिवादीहरूको भूमिका र संलग्नताको अवस्थालाई विचार गरी देहाय बमोजिम सजाय हुने देखिन आयो ।

अब, प्रस्तुत वारदातमा को, को प्रतिवादीहरूको के, कस्तो भूमिका र संलग्नता रहेको देखिन्छ भन्ने सम्बन्धमा विचार गर्दा, प्रतिवादीमध्येका फुर्वा लामाको नामको म्याद बेपत्ते तामेल भएको, निजको अर्को वतन खुलाउन जि.स.व.का.काठमाडौंको नाममा आदेश हुँदा निजको अभियोगपत्रमा उल्लिखित वतन बाहेक अर्को वतन नभएको भनी जि.स.व.का.काठमाडौंबाट मिति २०६८/०८/२२ को पत्र प्राप्त भएको हुँदा निजको हकमा प्रस्तुत मुद्दा जिल्ला अदालत नियमावली, २०५२ नियम १९ क(४) बमोजिम तामेलीमा राखिदिएको छ ।

प्रतिवादीहरूमध्येका विक्रम लामा र अनिश प्रजापतिको नाउँको म्याद तामेल भई निजहरू उपस्थित नभएको हुँदा निजहरूको हकमा प्रस्तुत मुद्दा अ.वं.१९० नं.ले मुल्तवी राखिदिएको छ ।

प्रतिवादीहरूमध्येका आशिष भन्ने रामेश्वर श्रेष्ठ र पासाङ्ग लामा भन्ने लालकुमार तामाङको सम्बन्धमा विचार गर्दा, प्रतिवादीहरूले मौकामा बयान गर्दा, आफूहरूले चलाएको गोली लागी सन्तोष कार्कीको मृत्यु भएको र राजाराम थापा समेत घाइते भएको कुरा स्वीकार गरेका, अदालतमा समेत प्रतिवादी पासाङ्ग लामाले गोली प्रहार गरेको कुरा स्वीकार गरेको, प्रतिवादी रामेश्वर श्रेष्ठ कसुर गरेकोमा इन्कार रहे तापनि वारदातको समयमा आफू पुगेको र आफू समेत कुटपिटको कारणबाट घाइते भएको कुरा स्वीकार गरेको हुँदा नाबालक सन्तोष कार्कीलाई लास जाँच मुचुल्काबाट एउटा गोली लागेको देखिए तापनि पेस्तोल रामेश्वर श्रेष्ठबाट बरामद भएको देखिएको, पासाङ्ग लामाले अदालतमा बयान गर्दा, आफूले पेस्तोलबाट गोली प्रहार गरेको कुरा स्वीकार गरेको पाइएको हुँदा यी प्रतिवादीहरूमध्येका यसैले गरेको गोली प्रहारबाट नाबालक सन्तोष कार्कीको मृत्यु भएको भन्ने प्रमाणित नभए तापनि दुवैको वारदातमा उपस्थिति रहेको, दुवैले गोली प्रहार गरेको प्रमाणित भएको अवस्थामा दुवै प्रतिवादीको मिलोमतोमा प्रहार भएको गोली लागी सन्तोष कार्कीको मृत्यु भएको प्रमाणित भएको हुँदा प्रतिवादीहरू आशिष भन्ने रामेश्वर श्रेष्ठ र पासाङ्ग लामा भन्ने लालबहादुर तामाङलाई अभियोग दाबी बमोजिम मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्व सहित जन्म कैद हुने ठहर्छ ।

प्रतिवादीमध्येका पाल्देन लामा यस अदालत समक्ष बयान गर्दा, कसुर गरेकोमा इन्कार रही राजारामसँग मेलमिलाप भइसकेपछि धुलिखेलमा गएको भनी वारदातको समयमा अन्यत्र रहेको जिकिर लिएको भए तापनि सो कुरा शंकारहित रूपमा प्रमाणित गर्न नसकेको, अनुसन्धानको क्रममा बयान गर्दा आफू समेत भई वारदात घटाउन गएको कुरा स्वीकार गरेको हुँदा निजको पनि वारदातमा उपस्थिति रहेको कुरा प्रमाणित भइरहेको देखिन्छ । निजउपर ज्यान सम्वन्धीको १७(१) को दाबी भए तापनि निजले ऐ.१७(१) बमोजिमको कसुर गरेको मिसिल संलग्न प्रमाणहरूबाट शंकारहित रूपमा प्रमाणित नभएको हुँदा निजलाई ऐ. ऐनको १७(२) नं.ले ५ (पाँच) वर्ष कैद हुने ठहर्छ ।

प्रतिवादीमध्येका रत्नबहादुर लामाले यस अदालत समक्ष बयान गर्दा, अभियोग दाबी वमोजिम कसुर गरेको कुरामा इन्कार रहे तापनि आफू वारदातको समयमा धुलिखेलमा रहेको भन्ने कुरा प्रमाणित गराउन नसकेकोले निजले मुख्य भई षड्यन्त्र गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट प्रमाणित नभएको भए तापनि निज र राजाराम थापाबीच मेलमिलाप भइसकेपछि सो वारदात घटेको र निजको अन्यत्र रहेको जिकिर प्रमाणित नभएको अवस्थामा निज वारदात घटाउने मतसल्लाहमा पसेको कुरालाई परिस्थितिजन्य प्रमाणबाट नकार्न नसकिने हुँदा निज प्रतिवादी रत्नबहादुर लामालाई मुलुकी ऐन, ज्यान सम्बन्धीको १७(३) नं.बमोजिम १ वर्ष ७ महिना कैद हुने ठहर्छ ।

अब प्रतिवादीमध्येका स्याले भन्ने संजीव लामाको हकमा हेर्दा, निजले यस अदालत समक्ष बयान गर्दा, कसुरमा आफ्नो संलग्नता नरहेको कुरा स्वीकार गरको भए तापनि जाहेरवालासँग बालुवाको विषयमा विवाद भएको कुरा स्वीकार गरेको मिसिल संलग्न प्रमाणहरूबाट निजको वारदातमा उपस्थिति रहेको देखिइरहेको हुँदा निजको स्वास्थ्य अवस्था समेतलाई मध्यनजर गरी निजलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको १७(३) नं.ले १ वर्ष ६ महिना कैद हुने ठहर्छ ।

अब प्रतिवादीहरू गणेश लामा, अमृतमान लामा, जितेन्द्रमान तामाङ, विष्णु लामा भन्ने विष्णु तामाङको वारदातमा उपस्थिति रहेको नदेखिएको र अन्य प्रमाणहरूबाट पनि निजहरू उक्त वारदात घटाउने मतसल्लाहमा पसेको भन्ने कुरा प्रमाणित नभएको हुँदा निजहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ ।

प्रस्तुत वारदातमा मर्ने सन्तोष कार्कीको प्रतिवादीहरूसँग चिनजान रिसईवी रहेको अवस्था छैन । एउटा वारदात घटाउन गएको अवस्थामा अर्को नचाहेको अनिच्छित घटना घटेको अवस्था छ । जुन वारदात घटाउन गएका हुन् सो वारदात पनि घटेको नै अवस्था छ । त्यसले बालक सन्तोष कार्कीको एउटा गोली

लागी मृत्यु भएको अवस्था र अनिच्छित घटना घटेको कारणबाट निजको मृत्यु हुन पुगेको घटनाको अवस्था र परिस्थितिलाई विचार गर्दा ठहर भए बमोजिम सर्वस्व सहित जन्म कैदको सजाय गर्दा प्रतिवादीहरूलाई चर्को पर्ने हो कि भन्ने चित्तमा लागेकाले प्रतिवादीहरू आशिष भन्ने रामेश्वर श्रेष्ठ र पासाङ्ग लामा भन्ने लालकुमार तामाङलाई १० (दस) वर्ष मात्र कैद सजाय गर्न मनासिब देखी अ.वं.१८८ नं.बमोजिम यो राय व्यक्त गरेको छु। साधक जाहेर गर्नू। अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

प्रस्तुत पाना  ३१ को फैसला मा.न्या.ज्यूले
बोली टिपाए बमोजिम टिपी कम्प्युटर टाइप
गर्ने ना.सु. सुरथप्रसाद तिमल्सेना, फाँट नं.-१८।

**जिल्ला न्यायाधीश**

**ईति संवत् २०६८ साल माघ २३ गते रोज २ शुभम्......................**

**श्री वागलुङ जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री डिल्लीरमण तिवारी**

**फैसला**

**संवत् २०६८ सालको ०६८-CR-००५४ (र.न.०६२-०६८-००२३०) नि.नं ६८**

**मुद्दा ः-आगोलागी ज्यान मार्ने उद्योग ।**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जिल्ला वागलुङ हटिया गा.वि.स वडा न.३ बस्ने वीरेन्द्र श्रेष्ठको जाहेरीले नेपाल सरकार ..........................१ | जिल्ला वागलुङ हरिचौर गा.वि.स वडा नं. ४ बस्ने नरबहादुर परियारकी छोरी वर्ष २० की मिरा परियार....................................................१<br>जिल्ला वागलुङ हटिया गा.वि.स.वडा नं. ४ स्थायी वतन भएका तिलबहादुर कुँवरको छोरा वर्ष ३५को छमसिंह कुँवर भन्ने भीमबहादुर कुँवर.................१ |
| **वादीका साक्षी** | **प्रतिवादीको साक्षी** |
| जाहेरवाला वीरेन्द्र श्रेष्ठ र प्रहरीमा कागज गर्ने सुरेन्द्र श्रेष्ठ समेतका मानिसहरू ...............................१ | मिना खत्री, गुमानसिं दर्जी, ओमबहादुर पन्त, तिलक उप्रेती, चन्द्रबहादुर |
| कागज | कागज |
| अभियोगपत्रसाथ पेश भएका कागजातहरू.............१ | x |

अदालतबाट वुझेको साक्षी

जाहेरवाला विरेनद्र श्रेष्ठ, प्रहरीमा कागज गर्ने मन वहादुर कार्की, सन्त वहादुर साहनी, रामकाजी श्रेष्ठ, सुरेन्द्र श्रेष्ठ, श्याम सुन्दर मण्डेल, सौकात मियाँ, चन्द्र वहादुर कुवर, मिना खत्री, तिलक उप्रेति, ओम वहादुर पन्त,

कागज

x

मुलुकी ऐन अ.व.२९ नं.तथा न्याय प्रशासन ऐन २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्र भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य, विवरण एवं ठहर यस प्रकार छ ।

मिति २०६८/११/२८ गते राति र ऐ ३० गते राति अं ०१:०० बजेको समयमा जिल्ला वागलुङ हटिया गा.वि.स.वडा नं. ३ स्थित वीरेन्द्र श्रेष्ठको घरमा मानिस सुतिरहेको अवस्थामा ऐ. हरिचौर गा.वि.स वडा नं ४ बस्ने वर्ष २० की मिरा परियार समेतले आगो लगााई ज्यान मार्ने उद्योग गरेको र उक्त आगलागीबाट अं रु. २,००,०००।- बराबरको क्षति भएको हुँदा निजहरूलाई पक्राउ गरी मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. र आगलागी महलको १ र २ नं बमोजिम हदैसम्मको सजाय कारबाही गरी पाऊँ भन्ने व्यहोराको जाहेरी दरखास्त ।

जिल्ला वागलुङ हटिया गा.वि.स वडा नं ३ स्थित पूर्वमा श्यामसुन्दर नेपालीको घर, पश्चिममा रामप्रसाद नेपालीको घर, उत्तरमा वागलुङ-बुर्तिवाङ मोटरबाटो र दक्षिणमा वागलुङ-बुर्तिवाङ पुरानो मोटरबाटो

यति चार किल्लाभित्र रहेको १७ हात लम्बाइ १५ हात चौडाइ भई दक्षिण मोहोडा भएको, तीनतले पक्की घर उक्त घरको दक्षिणतर्फको खापावाल ढोका जली नष्ट भएको, तल्लो भागको संगार जलेको, माथिल्लो भागको दलिन जली क्षति भएको र उक्त घटनास्थलमा मट्टीतेलको बोतल, जलेका काठका टुक्राहरू, सलाईका काँटीहरू, प्लाष्टिकको कालो ड्रम समेत बरामद भएको भन्ने व्यहोराको चार किल्ला सहितको घटनास्थल मुचुल्का ।

म मिति २०६८ साल माघ महिनादेखि माइतीघर जिल्ला वागलुङ हरिचौरमा आई बसेकी हुँ । २०६८ साल भदौ महिनामा बालुवा बोकी ज्याला मजदुरीको काम गर्दै आएकी छु । जिल्ला वागलुङ हटिया गा.वि.स वडा नं ४ घर भई ऐ ३ हटिया बजारमा फेन्सी पसल गरी वस्ने काले दाइ भन्ने छमसिंह कुँवरसँग मजदुरी काम गर्ने क्रममा परिचय भएको हो । मिति २०६८ साल फाल्गुन महिनाको २७ गतेका दिन मेरो छोरीलाई कपडा सिलाउनको निमित्त म वागलुङ बजारमा आएकी थिएँ । निज छमसिंह कुँवरले मलाई देखी मोटी भनी बोलाए । मैले अहिले हतार छ, पछि आउँछु भनी कपडा सिलाउने पसलमा गई कपडा छाडी घर फर्कने क्रममा निज छम सिहंको पसलमा गएँ । निजले २८ गतेका बेलुका मेरो घर पसलमा आउनु, सानो काम छ भनी भनेको हुँदा मिति २०६८/११/२८ गतेका बेलुका अं १९:०० बजेको समयमा निजको पसलमा आएं । निजको पसलमा आई १० मिनेट जति बसेपछि मेरो काम छ, आधा लिटर मट्टीतेल किनेर ल्याउ भनी रु ५०।-को नोट दिए । मैले वीरबल भन्ने व्यक्तिको पसल अगाडिबाट रु ५०।- दिई प्लाष्टिकको बोतलमा मट्टीतेल खरिद गरी झोलामा राखी ल्याएँ र निज छमसिंह कुँवरलाई दिएँ । निजले टेबुलमा राखे, किन बोलाउनुभएको दाजु म जान्छु, अरू के काम छ भनी मैले सोध्दा, एकछिन बस यहाँ काम छ भनी मलाई राखे र पसलको सटर समेत तानी पसल बन्द गरी निज र म पसलभित्र बस्यौ, मैले किन सटर तानेको दाइ म घरमा जाने हो भनी सोद्धा एकछिन बस भने, त्यसपछि तिमी र म भई आगो लगाउन जाने हो । कुन ठाउँ भन्ने मसँग तिमी गएपछि आफैं देख्छौ, पछि कोही कसैले देखे, थाहा पाए भने मेरो नाम नभन्नु । अरू अरूको नाम भन्नु काम भइसकेपछि मसँग सुटुक्क आउनु म तिमीलाई रु. दुई लाख दिन्छु भनेपछि मिति २०६८/११/२८ गतेका राति अन्दाजी ११:४५ बजेको समयमा निज छमसिंह कुँवर र म भई उक्त जाहेरवालाको घर भएको स्थानमा गयौं । मट्टीतेल मेरो झोलामा थियो । सलाई काले दाइ भन्ने छमसिंह कुँवरसँग थियो । बाटोमा कार्कीको घर अगाडि दाउराको टेको थियो । त्यहाँबाट ३ वटा दाउरा तानी मैले अँगालोमा राखी, बोकी हिँडें । निज छमसिंह कुँवरले त्यही घर आगो लगाउने हो भनी मैले बोकी राखेका दाउरा तानी उक्त अगाडिको ढोकामा राखे । मैले मेरो झोलाबाट मट्टीतेल निकाली उक्त दाउरामा खनाई सलाई कोरी आगो लगाएँ । त्यसपछि निज छमसिंह कुँवर आफ्नो घरतिर लागे । मानिसहरू कराए । म घटनास्थलदेखि माथि गहुँ बारीमा गई लुकी बसें । उक्त रातभरि जौ र गौ बारीमा लुकी बसें । मिति २०६८/११/२९ गतेका बिहान मात्र मेरो घरमा गई बसें, ऐ ३० गतेका बेलुका अन्दाजी १८:०० बजेतिर वागलुङ बजारबाट मेरो सामान आउँछ लिन जान्छु भनी आमालाई भनी निज छमसिंह कुँवरसँग रु. दुई लाख माग्न आएँ । काम पूरा भएको छैन, काम पूरा गर्नुपर्‍यो, भनेको पैसा दिउँला भनेपछि मैले अब आगो लगाउदिनँ भनेको पैसा पूरै दिनुहोस् भनें । निजले पुनः आज आगो लगाएपछि मात्र दिन्छु आज राति आगो लगाऊ भनेर भनेपछि पैसाको आसमा मैले हुन्छ भनें । त्यसपछि अन्दाजी १९:०० बजेतिर निजले पसल बन्द गरी मैले खाना खाई आउँछु, तिमी सेराटीको सिस्नुघारी भन्ने स्थानमा बस्नु । त्यहीं भेटौंला भनेको हुँदा म उक्त स्थानमा गई बसें । राति अन्दाजी ११:४५ बजेको समयमा निज छमसिंह कुँवर म भएको स्थानमा आए र जाऔं भनी दुवै जना आगो लगाउन गयौं । कार्कीको घर अगाडि रहेको दाउराको टेकोबाट दाउरा अँगालोमा राखी निज जाहेरवाला वीरेन्द्र श्रेष्ठको घर पछाडि गेटको प्वालबाट दाउरा भित्र छिराई गेटबाट माथि चढी बरन्डामा गई प्लास्टिकको कुर्चीमा दाउरा टेकाई, झोलाबाट मट्टीतेलको बोतल निकाली खनाई सलाई कोरी आगो लगाई घरको ढोकाको सँघारमा तेल खनाई पुनः आगो बाली निज छमसिंह कुँवर र म उक्त स्थानबाट भागी गएका

हौं । घटनास्थलबाट फेला परेका दाउरा तथा मट्टीतेल सहितको बोतल समेत हामीहरूले प्रयोग गरेको हो भन्ने व्यहोराको प्रतिवादी मिरा परियारले अधिकार प्राप्त अधिकारी समक्ष गरेको साविती बयान कागज ।

मिति २०६८/११/२८ गतेका बेलुका जिल्ला वागलुङ हरीचौर गा.वि.स. वडा नं. ४ बस्ने मिरा परियारले प्लास्टिकको बोतल ल्याई आधा लिटर मट्टीतेल रु. ५०। दिई लगेकी हुन् । निजले मट्टीतेल मागेको हुँदा मैले निजलाई मट्टीतेल बिक्री गरेको हुँ भन्ने व्यहोराको सन्तबहादुर साहनीले गरेको घटना विवरण कागज ।

जाहेरवाला वीरेन्द्र श्रेष्ठ मेरा छिमेकी हुन् । निजको घरमा आगलागी हुँदा जलेका दाउराका ठुटाहरू मेरो घरका दाउरा हुन् । उक्त दाउराका टुक्राहरू मलाई देखाउँदा हेरी देखी सनाखत समेत गरिदिएँ । उक्त दाउरा त्यहाँ कसरी पुगे भनी बुझ्दा मिरा परियार समेतले मेरो दाउराको टेकोबाट लगेको भन्ने सुनी थाहा पाएको हुँ भन्ने व्यहोराको मनबहादुर कार्कीले गरेको घटना विवरण कागज ।

मेरो घरमा आगो लगाई ज्यान मार्ने उद्योग गर्ने छमसिंह कुँवर भन्ने भीमबहादुर कुँवरको समेत संलग्नता रहेको हुँदा निजलाई समेत पक्राउ गरी कारबाही गरी पाऊँ भन्ने व्यहोराको वीरेन्द्र श्रेष्ठको थप जाहेरी दरखास्त ।

२०६८ सालको भदौ महिनामा मेरो पसलको नजिक बालुवा बोकी ज्याला मजदुरीको काम गर्ने बेलामा निज मिरा परियारलाई मैले देखेको हुँ । त्यसपछि २०६८ सालको तीज पर्वमा निजले कुर्ता सुरवाल र चप्पल किन्न मेरो पसलमा आएकी थिइन् । मैले बाँकी दिइन । निज रिसाउँदै मेरो पसलबाट गएकी हुन् । त्यस पश्चात् मैले निजलाई देखेको छैन । मिति २०६८/११/२८ गतेका बेलुका वीरेन्द्र श्रेष्ठको घरमा आगलागी हुँदा निज मिरा परियारले रु. दुई लाख दिन्छु भनी मैले भनेको र मट्टीतेल समेत किन्न रु. ५०। दिएको र आगो लगाएको भन्ने आफ्नो बयान पोलबाट मलाई पोलिछन् । मैले यस्तो कुनै कार्य गरेको होइन, म ७ वर्ष विदेशमा बसी पैसा कमाई हाल फेन्सी स्टोर सञ्चालन गरी आफ्नो व्यापार गरी जीविकोपार्जन गरी आएको छु । एक महिलालाई दुई लाख दिई साथी बनाई वीरेन्द्र श्रेष्ठको घर आगो लगाउने कुनै कारण उद्देश्य समेत केही पनि छैन । निजलाई हटियामा पक्राउ गर्दा १५/१६ जनाको नाम पोलेकी थिइन् । पछि मलाई फेरि पोलिन् । निजको बोलीमा कुनै सत्यता छैन । आगो लगाउने मेरो कुनै उद्देश्य, रिसइवी केही पनि छैन । आगो लगाउने भए एक्लै पनि लगाउने थिएँ । अरू कुनै केटा साथीहरू लिने थिएँ । यसभन्दा पहिला पनि वीरेन्द्र श्रेष्ठको घरमा आगो लगाउने काम भइरहन्छ । निज मिरा परियारलाई मैले उधारो सामान नदिएका कारण मलाई पोलेकी हुन् । म उक्त वारदातमा संलग्न छैन भन्ने व्यहोराको प्रतिवादी छमसिंह कुँवर भन्ने भीमबहादुर कुँवरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको इन्कारी बयान कागज ।

मिति २०६८/११/२८ गतेका राति म आफ्नै घरमा नै थिएँ । जाहेरवाला वीरेन्द्र श्रेष्ठ मेरा छिमेकी हुन् । निजको घर र मेरो घर नजिकै पर्दछ । घटनास्थल भनिएको स्थान र मेरो घर नजिकै पर्दछ । मिति २०६८/११/२८ गतेका राति, पनि म आफ्नै घरमा सुतिरहेको थिएँ । उक्त रातिको १२:४५ बजेको समयमा जाहेरवाला वीरेन्द्र श्रेष्ठको घरको दक्षिणतर्फको भागबाट आगोलागी भएछ, उल्लिखित व्यहोरा निज जाहेरवालाको श्रीमतीले थाहा पाई रुँदै, कराउँदै रातको समयमा बाहिर निस्केपछि मात्र आगो बलिरहेको देखी म समेतका स्थानीय मानिसहरू भेला जम्मा भई, उक्त दिन राति आगो निभाएको हो । २ वटा ढोकासम्म आगो लागी जलेका थिए । त्यस पश्चात् मिति २०६८/११/३० गतेका रातमा १ बजेको समयमा निज जाहेरवाला वीरेन्द्र श्रेष्ठको घरमा आगलागी भएको हो । उक्त आगो हामीहरूले निभाएको हो । आगो मिरा परियारले नै लगाएकी र निजसँगै जिल्ला वागलुङ हटिया गा.वि.स. वडा नं. ४ बस्ने वर्ष ३५ को छमसिंह भन्ने भीमबहादुर कुँवर समेत भई लगाएको, निज मिरा परियारबाट सुनी थाहा पाएको हुँ । निज प्रतिवादीहरूले घरमा मानिस सुतेको अवस्थामा मानिस मार्ने उद्देश्यले आगो लगाएको, बेलैमा थाहा पाई आगो निभाएका कारण ज्यान बाँच्न

सफल भएको र उक्त आगलागीबाट रु. दुई लाख मूल्य बराबरको क्षति भएको हुँदा, निजहरूलाई कडा कानुनी कारबाही हुनुपर्दछ भन्ने व्यहोराको बुझिएका मानिसहरू सुरेन्द्र श्रेष्ठ समेतले लेखाई दिएको घटना विवरण कागज ।

प्रतिवादीहरूले मुलुकी ऐन ज्यान सम्बन्धी महलको दफा १ र १५ नं. ऐन तथा मुलुकी ऐन आगो लगाउनेको महलको दफा १ र २ नं. ऐनमा वर्णित प्रकृतिको कसुर अपराध हुँदा त्यस्तो अपराध गर्ने निज प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योग गरेतर्फ मुलुकी ऐन ज्यान सम्बन्धी महलको दफा १५ नं. अनुसार सजाय हुन र आर्थिक कारोबार रहेको तहविल रहेको घरमा आगो लगाएतर्फ मुलुकी ऐन आगो लगाउनेको महलको दफा ६ नं. ऐन अनुसार सजाय गरी आगलागीबाट क्षति भएको रु. २,००,०००।- सोही महलको दफा १० नं. अनुसार प्रतिवादीहरूबाट जाहेरवालालाई भराई दिन माग दाबी लिइएको छ । माग दाबी अनुसार सजाय हुन पक्राउमा परेका प्रतिवादीहरू र सक्कल मिसिल यसै अभियोग पत्रसाथ प्रस्तुत गरिएको छ । माग दाबी अनुसार होस् भन्ने समेत व्यहोराको अभियोगपत्र ।

म र प्रतिवादी छमसिंह कुँवर भन्ने भीमबहादुर कुँवर समेत भै जाहेरवालाको घरमा मिति २०६८।११।२८ गते र ऐ ३० गते राति १२ बजेको समयमा आगलागी गरेका हौं । मिति २०६८।११।२८ गते राति १२ बजेको समयमा छमसिंहको पसलबाट मट्टीतेल आधा लिटर, दाउरा ३ वटा लगि जाहेरवालाको घरमा गएको हो । त्यस समयमा सबै सुनसान थियो । जाहेरवालाको घरमा मानिस बस्ने नबस्ने, बैंक भए, नभएको पनि मलाई थाहा थिएन । छमसिंहले मसँग आगो लगाउन जाऔँ भने । मैले कहाँ भनी सोधें, मसँग गएपछि थाहा हुन्छ भनी निजको पसलबाट मलाई अगाडि लगाई निज पछि पछि हिँडे । मैले मट्टीतेल समातें । छमसिंहले सलाई लिई हिँडे । दाउरा कार्कीको घरबाट लगेको हो । सोही २८ गते राति निज छमसिंहले जाहेरवालाको घरमा आगो लगाए, मलाई बाटोमा मानिस हेर्न लगाए । गाउँ समाजले थाहा पाएपछि छमसिंह तल भागे, म माथितिर भागें । त्यसपछि मैले सो रात गहुँबारीमा काटें । छमसिंहसित भेट भएन । मिति २०६८।११।३० गतेका दिन पुनः छमसिंहको पसलमा भेटघाट भै जाहेरवालाको घरमा बेलुका भेट्ने सल्लाह भयो । सल्लाह अनुरूप राति ११.४५ बजेको समयमा जाहेरवालाको घरमा भेट भयौं । दुवै जना कार्कीको घरमा गै दाउरा ल्याई छमसिंहले गेट नाघी जाहेरवालाको घरमा गए । मैले बाहिरबाट दाउरा पुग्न दिएँ । उक्त दिन जोहरवालाको घरमा पछाडिबाट निज छमसिंहले नै आगो लगाएका हुन् । त्यसपछि हामी समाजका मानिसहरूले थाहा पाएकाले म खोलातिर भागें, माथि ढुंगामा बसेको बेलामा समाजले फेला पारी मलाई समाती जाहेरवालाको घरमा लगेका हुन् । मलाई सोधेपछि मलाई छमबहादुरले दुई लाख रुपैयाँ दिन्छु । मेरो नाम नभन भनेकाले समेत जाहेरवालाको घरमा सोही रात उक्त कुरा भनेकी हुँ भनी यस अदालतमा मिरा परियारले जाहेरवालाको घरमा यी दुवै प्रतिवादी मिलेर आगो लगाएकोमा स्वीकार गरी गरेको साविती बयान ।

मिति २०६८।११।२८ गतेका दिनभर म मेरो व्यापार गरी साँझ ९.३० बजेको समयसम्म हटिया बजारमा थिएँ । त्यसपछि पसल बन्द गरी घर जाने क्रममा हटिया बजार होटलमा बसी रक्सी र मासु खाई हटिया बजारभन्दा आधा घण्टा फरक पर्ने मेरो घरमा गएको हुँ । घरमा मेरो भाइको छोराको व्रतबन्ध भएकोले त्यहाँ गई, आई मेरो घरमा बसेको हुँ । जाहेरवालासँग मैले रु. ६ लाख ४० हजारको ढिकुडी खेलेको हुँ । निजले खोलेको सहकारीमा मेरो १ लाखको सेयर छ । निजसँग मेरो कुनै पनि रिसइवी छैन । केरकारको लागि मलाई प्रहरी चौकी हरिचौरमा लगेकोमा जाहेरवालाले यो मानिसले यस्तो गर्दैन भनेकाले छाडिदिएका हुन् । त्यसपछि पुनः प्रहरी आई २०६८।१२।२ गते तपाईलाई वागलुङमा बुझ्नुपर्नेछ भनी भनेकाले २०६८।१२।६ गते म आफैं वागलुङ जिल्ला प्रहरी कार्यालयमा आएको हुँ । त्यहाँ मलाई आगो लगाएको भनी डर त्रास देखाई कुटपिट समेत गरेका हुन् । मैले आगो नलगाएको र म व्यवसाय गरी दिनदिनै मेरो घरमा साँझ ६ बजे पसल बन्द गरी

जान्छु । घर जाने बेलामा हटियामा मिना खत्रीकोमा सधैं नास्ता खाएर जान्छु । यस मुद्दाका प्रतिवादी मिरालाई मैले चिन्दिन । निजको बयान मैले सुनें । मेरो पसलमा २०६८ सालको भाद्र महिना तीजको समयमा कुर्ता चप्पल उधारो मागेकी थिइन् । मैले उक्त सामान नदिएको कारणबाट रिसाएकीले यस्तो व्यहोरा लेखाएकी हुन् भन्ने समेत व्यहोराको प्रतिवादी छमसिंह कुँवर भन्ने भीमबहादुर कुँवरले अदालतमा गरेको बयान ।

यस मुद्दामा मलाई थाहा जानकारी भएसम्मको कुरा के भने मिति २०६८।११।३० आगो लाग्ने क्रममा म पनि छिमेकी भएकोले वीरेन्द्रको घरमा आगो लागेको मैले देखेको हुँ । त्यो आगो निभाउन म पनि गएकी हुँ । जाँदा मिरा परियार भागेको मैले देखेको हुँ, अँध्यारो भएका कारणले मैले अरूलाई देखिन । धटनास्थल र मेरो घर २ मिटर टाढा पर्दछ भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने मनबहादुर कार्कीले यस अदालतमा गरेको बकपत्र ।

२०६८।११।२८ मा दिनभरि म दोकानमा व्यापार गरी बेलुकी ८:३० बजे दोकान बन्द गरी घर गए । घर पसलबाट लगभग ४५ मिनेटको दूरीमा पर्दछ । घरमा पुगेपछि लालबहादुरको छोराको छेवरमा निम्तो रहेछ, त्यहाँ जाँदा भीमबहादुर कुँवर लगायतका मानिसहरू खाजा नास्ता गरिरहनुभएको थियो । त्यहाँ भजन समेत थियो । सो पार्टीमा म छमसिंह अन्य ४०-५० जना समेत भै रातिको दुई बजेसम्म बसी बिदावादी भै गएका हौं । प्रतिवादीमध्येकी मिरा परियारले बयान गर्दा निज छमसिंहलाई पोल गर्नुको कारण निज मिरा परियार छमसिंहको पसलमा कुर्ता सलवार उधारोमा माग्न गएकी र नदिएको कारणबाट निजलाई पोल गरेकी हुन् । छमसिंह निर्दोष छन्, यसमा शंका गर्नुपर्ने कुनै कारण छैन । उक्त दिन प्रतिवादी  छमसिहं हटिया बजारमा खाजा खाएर घरमा कान्छो बुवा बिरामी भएका कारणले घरमा बिरामीको बारेमा सल्लाह गर्न जानुभएको थियो । उहाँ वीरेन्द्र श्रेष्ठको घरमा आगो लगाउन जानुभएको होइन । आगो लगाउने ठाउँमा भोलिपल्ट म पनि गएको थिएँ । सो ठाउँमा झन्डै दस हजारको क्षति भएको छ । मिरा परियारलाई हटिया बजारभित्र कुनै गिरोहले सञ्चालन गरेको हुनसक्छ । मिरा परियारको घरमा प्रशासन सहितका एक दर्जन टोली जाँदा मिरा परियारकी आमाले हिजो बेलुका मिरा परियारका भाईबहिनी काठमाडौंबाट आएका र पैसा लिएर आउँछौं भनी निस्केकोमा मिरा घरमा आइन, कहाँ गई बच्चा रोइरहेको छ भनेकाले मिरामाथि मलाई शंका लाग्दछ । मिरा परियार छमसिंहबीच के कसरी कहिले रिसइवी भएको भन्ने विषयमा छमसिंहले भनेर हो । अरू कुरा मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी भीमबहादुर कुँवरका साक्षी तिलक उप्रेती, ओमबहादुर पन्तले र यस अदालतमा एकै मिलान व्यहोराको छुट्टाछुट्टै गरेको बकपत्र ।

पसलमा आगो लागेको, आगो लगाएको मैले देखिन । आगो लगाएको बारेमा मिरा परियारलाई थाहा होला । मैले मिरा परियारले भनेर थाहा पाएकी हुँ । छमबहादुरको बारेमा मलाई थाहा भएन । सो समयमा प्रतिवादी मिरा परियारलाई चिन्दिनथे । निजलाई मैले तेल भरिदिएको हुँ भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने सन्तबहादुर सहानीले गरेको बकपत्र ।

यसमा मलाई थाहा जानकारी भएसम्म २०६८।११।२८ गते आगलागी भएको हो । त्यस समयमा जाहेरवालाकी श्रीमतीले होहल्ला गरेकाले हामी लगायतका मानिसहरू त्यहाँ गएका हौं । त्यहाँ गएपछि आगो निभाएका हौं । त्यसपछि सोही ३० गतेका दिन पुन आगलागी भएको हो । फेरि पनि हारगुहार भयो । म समेत भै आगो निभाउन गइयो । मानिस नभेटिए पनि घटनास्थलमा सलाई र मट्टीतेल राखेको बोत्तल फेला परेको थियो । प्रहरी अनुसन्धानपछि मिरा परियार फेला परेकी हुन् । निजले प्रहरी तथा अदालतमा बयान गर्दा भने अनुसार भीमबहादुरले मिरा परियारलाई दुई लाख रुपैयाँ दिन्छु । आगो लगाऊ भनी भनेका रहेछन् भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने रामकाजी श्रेष्ठले यस अदालतमा गरेको बकपत्र ।

मेरो पसल घर र छमसिंहले पसल गर्ने घर ८-१० मिनेटको दूरीमा पर्दछ । निज छमसिंह आफ्नो पसलबाट घरमा जाने क्रममा बाटोमा मेरो होटल व्यवसाय गरेको घर पर्दछ । प्रतिवादी छमसिंह प्राय: पसलबाट घर जाने क्रममा मेरो होटलमा पसी रक्सी मासु र भुजा खाने गर्नुहुन्थ्यो । २०६८।११।२८ गतेका दिन बेलुका पनि निज प्रतिवादी रक्सी मासु खाएर आफ्नो घरतर्फ जानुभएको हो । व्रतबन्धमा जानु छ भनी निजले भन्नुभएको थियो । निजका जेठा बुवाको नातिको व्रतबन्ध थियो । मिति २०६८।११।३० गतेका दिन पनि निज प्र वादी साँझ ७:३० बजे मेरो घरबाट आफ्नो घरतर्फ जानुभएको हो । छमसिंह कुँवर राम्रो मान्छे हो, मिरा परियारले रिसइवीको कारणबाट यस्तो पोल लगाएकी हुन् । प्रतिवादी मिरा परियारले छमसिंहको पसलमा चप्पल र कुर्ता सलवार उधारो माग्न आउँदा नदिएकाले निजले रिसइवी लिएकी र सो समयमा निजले तँलाई पख भनी गएकी थिइन् । जाहेरवाला र छमसिंह मिलेर बस्ने छिमेकीहरू हुनुहुन्छ । मिरा परियारले घरी को घरी को गरी धेरै जनालाई पोलेकी छन् भन्ने व्यहोराको प्रतिवादी छमसिंह कुँवरकी साक्षी मिना खत्रीले गरेको बकपत्र ।

यसमा मलाई थाहा भएसम्म मिति २०६८।११।२८ र ऐ ३० गते जाहेरवालाको घरमा आगो लागेको हो । उक्त दुवै दिन म आगलागी भएको ठाउँमा गएको थिएँ । ३० गते आगो लगाउन जाँदा प्रतिवादीमध्येकी मिरा परियारलाई खोलातर्फ भाग्दै गरेको, म आफैंले देखेको हुँ भनी प्रहरीमा कागज गर्ने सुरेन्द्र श्रेष्ठले गरेको बकपत्र ।

उक्त दिनमा म मेरो घरदेखि १० मिनेट तल लालबहादुरको छोराको व्रतबन्ध भएकोले बिहानदेखि दिनभर त्यहीं थिएँ । रातिमा पनि २ बजेसम्म भजन कीर्तन थियो । उक्त दिन यी प्रतिवादी छमसिंह पनि त्यहीं आएका थिए । २ बजेपछि हामीहरू पनि सुत्न गएका हौं । जाहेरवाला र प्रतिवादी छमसिंहबीच राम्रो सम्बन्ध थियो । २०६८।११।३० हटियामा म पानी बनाउन आएको थिएँ । हटियाबाट घर जाँदा बाटोमा निज छमसिंह पनि भेट भएका थिए । हामीसँगै गफ गर्दै घरतर्फ गएका हौं । बाटोमा चन्द्रबहादुरको घर पर्दछ । निजलाई प्यारालाइसिस भएकाले मानिसहरू जम्मा भएका थिए । त्यहीं बसी रातको १.४५ बजे आ-आफ्नो घरमा गएका हौं । प्रतिवादी मिराले लगाएको पोल झुट्टा हो भन्ने व्यहोराको प्रतिवादी छमसिंहका साक्षी चन्द्रबहादुर कुँवरले गरेको बपकत्र ।

मिति २०६८।११।२८ गते पहिलो पटक राति १२।१ बजेतिर जाहेरवालाको घरमा आगलागी भएको हो । हामी छिमेकीका नाताले राति उठेर खलबल गरी आगो निभाएको हो । २०६८।११।३० गते पुन: आगो लगाइयो । उक्त दिन १२।१ बजेसम्म आगो निभाइसेकपछि एक जना केटी भागेको देखेपछि हुलियाको आधारमा जाहेरी दिइएको हो । प्रहरीले २-३ दिनपछि समातेको हो । निजको भनाइ अनुसार छमसिंहले दुई लाख दिन्छु भनी आगो लगाउन लगाएका हुन् भनी भनेकी थिइन् । आगो लगाएको समयमा घरमा मानिसहरू थिए भन्ने व्यहोराको प्रहरीमा कागज गर्ने सुरेन्द्र श्रेष्ठ, श्यामसुन्दर मण्डलले र सौकात मियाँले गरेको बकपत्र ।

मिति २०६८।११।२८ गते मेरो घरमा मेरो परिवार तथा ३० गतेका राति मेरो परिवार र दाजु रविन समेत सुत्नुभएको थियो । दुवै दिनमा मेरो घरमा आगो लागेको र छिमेकीको सहयोगमा आगो निभाई मानवीय क्षति हुन नपाएको हो । मेरो घरमा आगो लगाउन दाउरा र मट्टीतेल समेत प्रयोग भएकोले उक्त आगलागीबाट अन्दाजी २ लाख रुपैयाँको क्षति भएको छ । मेरो प्रगति देखी गोप्य रूपमा रिसइवी लिई मेरो घर परिवार समेतलाई सिध्याउने उद्देश्यले मिरा परियारलाई प्रयोग गरी छमसिंह भन्ने मीनबहादुर कुँवरको संलग्नतामा आगलागी गरिएको हो । यी घटनामा छमसिंहको संलग्नता नभएको भए खाली चप्पल कुर्ता उधारो नपाएको निहुँमा पोल गरेको भनेर भनेको कुरा झुट्टा हो । आगो लगाउन छमसिंह समेतको संलग्नता छ भन्ने व्यहोराको जाहेरवाला वीरेन्द्र श्रेष्ठले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री रमानाथ पौडेल तथा जाहेरवालाको तर्फबाट उपस्थित रहनुभएका अधिवक्ता श्री राजुप्रसाद गौतम, अधिवक्ता श्री केशवराज पराजुली तथा प्रतिवादी छमसिंहको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री पद्मनाथ शर्मा, अधिवक्ता श्री हरिप्रसाद शर्मा र अधिवक्ता श्री कृष्णप्रसाद शर्मा र प्रतिवादी मिरा परियारका तर्फबाट उपस्थित रहनुभएका वैतनिक अधिवक्ता श्री बलराम शर्माले गर्नुभएको बहस समेत सुनी, मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा- अभियोग दाबी बमोजिम कसुर अपराध यी प्रतिवादीहरूले गरेका हुन् होइनन् ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

मिति २०६८।११।२८ गते राति र ऐ ३० गते राति अं. १.०० बजेको समयमा जिल्ला वागलुङ हटिया गा.वि.स वडा नं ३ स्थित वीरेन्द्र श्रेष्ठको घरमा मानिस सुतिरहेको अवस्थामा ऐ हरिचौर गा.वि.स वडा नं ४ बस्ने मिरा परियार समेतले आगो लगाई ज्यान मार्ने उद्योग गरेको र उक्त आगलागीबाट रु. २,००,०००। बराबरको रकम क्षति भएको हुँदा निजहरूलाई ज्यान सम्बन्धीको १ र आगलागीको १, २ नं बमोजिम हदैसम्मको सजाय गरी पाऊँ भन्ने व्यहोराको जाहेरी दरखास्त । आगलागी भएको भनिएको घर दक्षिणतर्फको खापावाल ढोका जली नष्ट भएको, तल्लो भागको संघार जलेको, माथिल्लो भागको दलिन जली क्षति भएको, उक्त घटनास्थलमा मट्टीतेलको बोतल, जलेका काठका टुक्राहरू, सलाईका काँटीहरू, प्लाष्टिकको कालो ड्रम बरामद भएको भन्ने घटनास्थल मुचुल्का । वागलुङ जिल्ला हटिया गा.वि.स वडा नं ४ घर भई ऐ ३ हटिया बजारमा पसल गरी बस्ने काले दाइ भन्ने छमसिंह कुँवरले रु. २,००,०००। लाख दिउँला वीरेन्द्र श्रेष्ठको घरमा आगो लगाउँ भनी रु. ५०। को नोट दिई मट्टीतेल खरिद गर्न लगाई, मट्टीतेल समेत खरिद गरी निज छमसिंह कुँवर र म भई वीरेन्द्र श्रेष्ठको घरमा आगो लगाएका हौं भनी अधिकार प्राप्त अधिकारी समक्ष मिरा परियारले गरेको साविती बयान । वीरेन्द्र श्रेष्ठको घरमा आगो लगाउने कुनै कारण, उद्देश्य, रिसइवी केही पनि छैन । आगो लगाउने भए एक्लै पनि लगाउने थिएँ । केटा साथीहरू लिने थिएँ । मिरा परियारलाई पक्राउ गर्दा १५/१६ जनाको नाम पोलेकी थिइन् । पछि मलाई पोलिछन् । मैले उधारो सामान नदिएका कारण मलाई पोलेकी हुन् । उक्त वारदातमा म संलग्न छैन भन्ने समेत व्यहोराको अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी भीमबहादुर कुँवरले गरेको बयान । प्रतिवादीमध्येकी मिरा परियारले प्रतिवादी छमसिंह कुँवर भन्ने भीमबहादुर समेत भई जाहेरवालाको घरमा उक्त मितिमा आगो लगाएका हौं भनी अधिकार प्राप्त अधिकारी समक्ष गरेको साविती बयान व्यहोरालाई पूर्ण रूपमा समर्थन हुने गरी अदालतमा समेत साविती बयान गरेको पाइन्छ । प्रतिवादी छमसिंह कुँवर भन्ने भीमबहादुर कुँवर अदालत समक्ष जाहेरवालाको घरमा म समेतको संलग्नतामा आगो लगाएको होइन । प्रतिवादी मिरा परियारलाई मैले मेरो पसलबाट उधारो सामान नदिएको रिसइवीको कारणबाट मलाई पोल लगाएकी हुन् भनी यस अदालतमा गरेको इन्कारी बयान । प्रतिवादी छमसिंहका साक्षीहरू मिना खत्री लगायतले निज प्रतिवादी निर्दोष छन् । अर्की प्रतिवादी मिरा परियारले रिसइवीको कारणबाट यी प्रतिवादी छमसिंहलाई पोल गरेकी हुन् भन्ने व्यहोराको बकपत्र तथा प्रहरीमा कागज गर्ने वादी पक्षका सरकारी साक्षीहरू सुन्दर श्रेष्ठ सौकात मियाँ लगायतका व्यक्तिले छमसिंह समेतको संलग्नतामा आगलागी भएको हो भन्ने समेत व्यहोराको यस अदालतमा गरेको बकपत्र मिसिल सामेल रहेछ ।

यसमा मौकामा बुझिएका सौकात मियाँ, श्यामसुन्दर मण्डल, सुरेन्द्र श्रेष्ठ समेतका मानिसहरूले अदालतमा उपस्थित भई बकपत्र गर्दा समेत प्रतिवादीमध्येकी सहप्रतिवादी मिरा परियारले अर्का सहप्रतिवादी छमसिंह भन्ने भीमबहादुर कुँवरले जाहेरवालाको घरमा हामी दुवै जना भएर आगो लगाएका हौं भनी आगो

लगाएको स्वीकार गरी गरेको साविती बयान व्यहोरालाई समर्थन, पुष्टि हुने गरी नै निजहरूले बकपत्र गरेको पाइन्छ । मौकामा बुझिएका कुनै पनि मानिसहरूले यी प्रतिवादी छमसिंह कुँवर निर्दोष हुन् । आगो लगाउने काममा निजको कुनै भूमिका नै छैन भनी किटानीसाथ भन्न सकेको पनि पाइँदैन । मौकामा आफूहरूले गरेको घटना विवरण कागजको व्यहोरा सही साँचो हो भनी बकपत्र गरेको अवस्था एकातिर छ भने यी प्रतिवादी भीमबहादुर कुँवरले सहप्रतिवादी मिरा परियारले आफूलाई पोल गर्नुपर्नाको मनासिब माफीको कारण उल्लेख गर्न सकेको पनि पाइँदैन । यदि उक्त वारदातमा यी प्रतिवादी छमसिंह कुँवरको कुनै संलग्नता नै नभएको भए, बिनाकारण र बिनाआधार त्यसै सहप्रतिवादी मिरा परियारले छमसिंहलाई पोल गर्नु नपर्ने । छमसिंह भन्ने भीमबहादुर कुँवर दोषी भएर नै मिरा परियारले निजलाई पोल गरेकी रहिछन् भन्ने पुष्टि हुन्छ । त्यसैगरी सहप्रतिवादी मिरा परियारले उक्त वारदातमा आफूले कसुर गरेको नभै आफू निर्दोष सावित हुनाको निमित्त मात्र यी छमसिंह भन्ने भीमबहादुर कुँवरलाई फसाउनको निमित्त मात्र निजलाई पोल गरेको नभई स्वयम् आफू समेतले आगो लगाएका हौं भनी आफू समेत उक्त कसुरमा साविती भई सजाय भोग्न तयार भई भीमबहादुर कुँवरलाई पोल गरेको अवस्था हुँदा, सहप्रतिवादीको पोललाई अन्यथा ठानी निजको भनाइलाई विश्वास गर्न नसकिने पनि मिसिलबाट देखिँदैन ।

अर्कोतर्फ सहप्रतिवादी मिरा परियारले अर्को सहप्रतिवादी भीमबहादुरलाई प्रहरी अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष मात्र भीमबहादुर कुँवरलाई पोल गरेको अवस्था नभई स्वतन्त्र निकाय अदालत समक्ष समेतमा भीमबहादुर कुँवरकै भनाइमा लागि दुवैको मिलेमतोमा जाहेरवालाको घरमा आगो लगाएको कुरा पूर्ण रूपमा स्वीकार गरी साविती बयान गरेकी हुँदा सहप्रतिवादीको पोललाई प्रमाणको रूपमा लिन नमिल्ने समेत मिसिलबाट देखिँदैन । त्यसैले सहप्रतिवादी मिरा परियारको बयानलाई प्रमाणमा लिन पर्ने नै देखिन्छ ।

त्यस्तैगरी अर्कोतर्फ यसरी सहप्रतिवादी मिरा परियारले छमसिंहलाई समेत पोल गरी आगो लगाएको कुरा स्वीकार गरेको अवस्थामा बुझिएका कुनै पनि मानिसहरूले सहप्रतिवादी मिरा परियारले पोल गरेको कुरा खण्डन हुने गरी मिरा परियारको भनाइलाई विश्वास गर्न नपर्ने, नसकिने गरी अदालतमा बकपत्र गर्न सकेको पनि मिसिलबाट देखिँदैन । सहप्रतिवादी भीमबहादुर कुँवर र निजका साक्षीले बाहेक कुनै पनि प्रमाणबाट प्रतिवादी मिरा परियारको पोल खण्डन हुने कुनै पनि भरपर्दो, विश्वासिलो, पत्यारलायक प्रमाणहरू मिसिलबाट नदेखिइरहेको अवस्थामा सहप्रतिवादीको पोललाई प्रमाणको रूपमा ग्रहण गर्न पर्ने नै हुँदा सहप्रतिवादी भीमबहादुर कुँवर समेत प्रस्तुत वारदातका कसुरदार रहेछन् भन्ने प्रस्ट हुन आउँछ ।

यी प्रतिवादीहरू उपर मुलुकी ऐन आगो लगाउनेको ६ नं र १० नं समेतको अभियोग माग दाबी रहेको हुँदा सो सम्बन्धमा विचार गर्दा- मुलुकी ऐन आगो लगाउनेको ६ नं. मा भएको कानुनी व्यवस्था हेर्दा - सरकारी कागजपत्र वा तहबिल भएको घर वा ठाउँमा आगो लगाउने र मुख्य भई वचन दिनेलाई ४ वर्षदेखि १२ वर्षसम्म कैद गर्नुपर्छ । जंगी खजना रहेको घर वा ठाउँमा आगो लगाउनेलाई र मुख्य भई वचन दिनेलाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । लेखिएदेखि बाहेकका सरकारी घरमा आगो लगाउनेलाई यसै महलको ४ नं बमोजिम सजाय हुन्छ भन्ने कानुनी व्यवस्था भएको देखिन्छ ।

प्रस्तुत वारदातमा आगलागी भएको भनिएको घर त्यस्तो सरकारी कागजपत्र वा तहविल रहेको घर नभई व्यक्ति विशेषको रहेको देखिन्छ । जसको घरमा आगलागी भएको हो, सो घरधनी जाहेरवाला स्वयम्ले अदालतमा उपस्थित भई बकपत्र गर्दा - स.ज. २२ मा .....मेरो मनी ट्रान्सफरमा पैसा राख्ने बैंक होइन, मात्र देश विदेशबाट आएको रकम दिने मात्र काम भएको हुँदा प्रतिवादीले मसँग रकम झिक्ने, राख्ने काम गरेका छैनन् भनी र स.ज. २० मा .......सो मुचुल्कामा लेखिएको र जलेका खापा र ढोका सिसौं लगायतका काठको भएका र प्रत्येकको मूल्य कति पर्दछ भनी मलाई काठ सम्बन्धी ज्ञान नहुँदा मूल्य यकिन गर्न सक्दिन । लम्बाइ,

चौडाइ र गोलाइ थान यकिन गर्न सकिन भनी बकपत्र गरेबाट पनि अभियोग दाबी बमोजिमको तहबिल मौजदात रहेको घर भएको भन्ने पुष्टि हुन सकेको पनि पाइँदैन । एउटा व्यक्ति विशेषले आफ्नो घर प्रयोग गरी "मनी ट्रान्सफर" सम्मको कारोबार गरेको घरलाई अभियोग दाबी बमोजिमको सरकारी कागजपत्र, तहबिल मौजदात रहेको घर भनी ठहर गर्नु न्यायसंगत र मनासिब मानिदैन । तसर्थ प्रस्तुत वारदातमा मुलुकी ऐन आगो लगाउनेको महलको ६ नं बमोजिम कसुर अपराध यी प्रतिवादीहरूले गरेका हुन् भन्ने सकिने अवस्था देखिएन । तसर्थ सबुद प्रमाणको अभावमा अभियोग दाबी पुग्न सक्दैन भने अर्कोतर्फ ऐ एनको सोही महलको १० नं बमोजिम माग दाबी रहेतर्फ समेत विचार गर्दा- "मौकामा बुझिएका सरकारी गवाहमध्ये सौकात मियाँ, श्यामसुन्दर मण्डल, सुरेन्द्र श्रेष्ठले जाहेरवालाको बिगो रु. २,००,०००। भनी वकपत्र गरिदिए तापनि स्वयम् जाहेरवाला वीरेन्द्र श्रेष्ठले अदालतमा गरेको बकपत्रको स.ज. २० मा .......सो मुचुल्कामा लेखिएको र जलेका खापा र ढोका सिसौं लगायतका काठको भएका र प्रत्येकको मूल्य कति पर्दछ भनि मलाई काठ सम्बन्धी ज्ञान नहुँदा मूल्य यकिन गर्न सक्दिन । लम्बाइ, चौडाइ र गोलाइ थान यकिन गर्न सकिन भन्ने व्यहोराको बकपत्र गरे समेतबाट जसको घरमा आगोलागी भई हानि नोक्सानी भएको हो भनिएको छ । सोही सम्बन्धित व्यक्ति स्वयम् जाहेरवालाले स्पष्ट रूपमा आफ्नो नोक्सानी भएको बिगो यकिन गर्न नसकिरहेको अवस्थामा अभियोग माग दाबी बमोजिम सोही ऐनको सोही महलको १० नं बमोजिमको माग दाबी पुग्न सक्ने समेत मिसिलबाट देखिन पुष्टि हुन नआएको अवस्था हुँदा हचुवाको भरमा अनुमान गरेर क्षति भएको बिगो भनी प्रतिवादीहरूबाट भराउन मिल्ने देखिँदैन ।

यसरी माथि विवेचना गरिए बमोजिम प्रतिवादीहरू उपरको किटानी जाहेरी दरखास्त, प्रतिवादीहरूको बयान, बुझिएका मानिसहरूको भनाइ एवं घटनास्थल मुचुल्का समेतबाट जाहेरवालाको घरमा आगलागीसम्म भएको भन्ने पुष्टि हुन आयो । प्रतिवादीमध्येकी सहअभियुक्त मिरा परियारले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा अर्का सहप्रतिवादी छमसिंह भन्ने भीमबहादुर कुँवर समेतको मिलेमतो, सरसल्लाह एवं सहमतिमा दुवै जनाले जाहेरवालाको घरमा आगो लगाएका हौं भनी दुवै प्रतिवादीले आगो लगाएकोमा स्वीकार गरी साविती बयान गरेकी र अदालतमा समेत स्वतन्त्र रूपमा बयान गर्दा समेत सहप्रतिवादी भीमबहादुर कुँवर समेत भई दुवै जनाले जाहेरवालाको घरमा आगो लगाएका हौं भनी साविती बयान गरेको पाइन्छ भने प्रतिवादी मिरा परियारले अर्का सहप्रतिवादी भीमबहादुर कुँवरलाई पोल उजुर गर्नुपर्नाको कारण स्वयम् निज प्रतिवादी छमसिंह कुँवर उपर कुनै त्यस्तो रिसइवी  भई मुद्दामा नै फसाउनुपर्नेसम्मको मनसाय समेत रहे भएको भन्ने पनि प्रस्तुत मिसिलबाट देखिँदैन । प्रतिवादी भीमबहादुर कुँवरले अधिकार प्राप्त अधिकारी एवं अदालतमा समेत इन्कारी बयान गरी प्रतिवादी मिरा परियारलाई आफूले १ वर्ष पहिला तीजमा कुर्ता सलवार उधारो नदिएको हुँदा त्यही रिसइवीले मलाई पोल गरेकी हुन् भनी बयान गरे तापनि १ वर्ष पहिलाको कुरालाई लिएर त्यत्तिकै उधारो नपाउँदैमा यी प्रतिवादीलाई मुद्दामा फसाउनुपर्ने अवस्था हो भनी पत्यार लायक मान्न सकिँदैन । कसैले पनि आफू समेतले सजाय भोग्न तयार भई कसुर नै नगरेको मानिसलाई कसुरदार बनाउन खोजेको भनी मान्न सकिने अवस्था समेत मिसिलबाट देखिँदैन ।

तसर्थ मिसिल संलग्न उल्लिखित विभिन्न आधार प्रमाणहरूबाट समेत प्रस्तुत वारदातमा जाहेरवालाको घरमा यी दुवै प्रतिवादीहरूको संलग्नतामा आगो लागि भएको रहेछ भन्ने पुष्टि हुन आएको हुँदा यी दुवै प्रतिवादीहरू मिरा परियार र छमसिंह भन्ने भीमबहादुर कुँवरले अभियोग दाबी बमोजिम मुलुकी ऐन आगो लगाउनेको १ नं बमोजिमको कसुर अपराध गरेको ठहर्छ । सो ठहरेकाले निज प्रतिवादीहरूलाई जनही सोही ऐनको सोही महलको ५ नं बमोजिम ४ वर्ष कैद सजाय हुने ठहर्छ । यी प्रतिवादीहरू उपरको मुलुकी ऐन आगो लगाउनेको ६ र १० नं बमोजिमको अभियोग माग दाबी पुग्न सक्दैन ।

साथै यी प्रतिवादीहरू उपर मुलुकी ऐन आगो लगाउनेको २ नं र ज्यान सम्बन्धीको १ र १५ नं बमोजिमको सजायको माग दाबी समेत रहेतर्फ विचार गर्दा प्रतिवादीमध्येकी मिरा परियारले जाहेरवालाको घरमा सहप्रतिवादी भीमबहादुर कुँवर समेत भई दुवै जनाले आगो लगाएका हौं भनी आगो लगाएकोसम्म स्वीकार गरी साविती बयान गरे तापनि अदालतमा भएको स्वतन्त्र बयानको स.ज. ६ मा "जाहेरवालाको घरमा मानिस बस्ने नबस्ने, बैंक भए नभएको पनि मलाई केही थाहा थिएन ।" भन्ने समेत व्यहोराको बयान गरेकी र यी प्रतिवादीहरूलाई उक्त दिन, उक्त घरमा मानिसहरू भएको जानी जानी आगो लगाएका हुन् भनी अनुमान गर्न सकिने अवस्था पनि देखिँदैन भने सबुद प्रमाण, आधारबिना अनुमान र शंका गर्नु पनि न्यायसंगत देखिँदैन । तसर्थ निज प्रतिवादीहरू मिरा परियार र छमसिंह भन्ने भीमबहादुर कुँवरले मुलुकी ऐन आगो लगाउनेको २ नं र ज्यान सम्बन्धीको १ र १५ नं बमोजिमको कसुर अपराध गरेको ठहर्दैन । त्यसैले मुलुकी ऐन आगो लगाउनेको २ र ज्यान सम्बन्धीको १ र १५ नं बमोजिमको अभियोग दाबीबाट यी प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ । सो ठहर्नाले अरू तपसिलका कुरामा तपसिल बमोजिम नै हुने गरी अ.व. १८६ नं बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

१) माथि इन्साफ खण्डमा लेखिए बमोजिम मिरा परियार र छमसिंह भन्ने भीमबहादुर कुँवरले मुलुकी ऐन आगो लगाउनेको १ नं बमोजिमको कसुर अपराध गरेकोले निज प्रतिवादीहरूलाई जनही सोही ऐनको सोही महलको ५ नं बमोजिम ४ (चार) वर्ष कैद सजाय हुने ठहरी फैसला भएकोले प्रतिवादी मिरा परियार मिति २०६८।१२।५ गतेदेखि प्रहरी हिरासतमा र छमसिंह भन्ने भीमबहादुर कुँवर मिति २०६८।१२।९ गतेदेखि हिरासतमा बसेका र यस अदालतको मिति २०६८।१२।३० का थुनछेक आदेशले पुर्पक्षको लागि थुनामा बसी आएको देखिँदा सोही हिरासतमा बसेको मितिबाट निजहरूलाई लागेको कैद कट्टी हुने गरी देहाय बमोजिमको लगत कसी कैद पुर्जी दिई कैद सजायको कार्यान्वयन गर्नू ......................................१

| प्रतिवादीहरू | लागेको कैद सजाय | कैद कट्टी हुने मिति | कैदमा बस्नुपर्ने अवधि | छुटी जाने मिति |
|---|---|---|---|---|
| मिरा परियार | ४ वर्ष कैद | २०६८।१२।५ | २०७२।१२।४ | २०७२।१२।५ |
| छमसिंह भन्ने भीमबहादुर कुँवर | ४ वर्ष कैद | २०६८।१२।९ | २०७२।१२।८ | २०७२।१२।९ |

२) यस अदालतको इन्साफमा चित्त नबुझे स.मु.स ऐन, २०४९ को दफा २६(१) बमोजिम सत्तरी (७०) दिनभित्र श्री पुनरावेदन अदालत वागलुङमा पुनरावेदन गर्नू भनी प्रतिवादीहरू मिरा परियार र छमसिंह भन्ने भीमबहादुर कुँवरलाई पुनरावेदनको म्याद दिनू.................................................................२

३) प्रतिवादीहरू उपरको अभियोग दाबी बमोजिमको माग दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले प्रस्तुत मुद्दाको फैसलामा चित्त नबुझे स.मु.स ऐन २०४९ को दफा २६ बमोजिम सत्तरी (७०) दिनभित्र श्री पुनरावेदन अदालत वागलुङमा पुनरावेदन गर्नू भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय वागलुङमा पुनरावेदनको म्याद पठाइदिनू...............................................................३

४) सरोकारवालाले फैसलाको नक्कल सहितका कागजातहरूको प्रतिलिपि माग गरे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू ..........................................................................४

५) प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी पुनरावेदन परे मिसिल पुनरावेदन अदालत वागलुङमा पठाइदिने गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू........................................................५

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाए
बमोजिम टिपी फैसला तयार गर्ने
ना.सु नवराज रेग्मी
क.अ होमनाथ शर्मा

न्यायाधीश

**इति संवत् २०६९ साल मंसिर ५ गते रोज ३ शुभम् ..............................**

**श्री अर्घाखाँची जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री माधवेन्द्रराज रेग्मी**
**फैसला**
**संवत् २०६९ सालको स.फौ.नं. ६४-०६८-००२४९**
**निर्णय नं.:- ६**

**मुद्दा- ज्यान मार्ने उद्योग ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला अर्घाखाँची सिमलपानी गा.वि.स. वडा नं. १ बस्ने वर्ष ३६ को थानेश्वर पहराईको जाहेरीले नेपाल सरकार.....................................................१ | जिल्ला अर्घाखाँची सिमलपानी गा.वि.स. वडा नं. ५ पावरा बस्ने वर्ष २५ को खिमबहादुर भन्ने राजकुमार दर्लामी .....................................................१ |
| साक्षी | ऐ.ऐ. बस्ने वर्ष २४ की माया दर्लामी................१ |
| जाहेरवाला थानेश्वर पहराई, पीडितहरू खमानसिंह पहराई र अम्मरसिंह पहराई तथा प्रहरीमा कागज गर्ने मानिसहरू, वस्तुस्थिति मुचुल्काका मानिसहरू । | साक्षी<br>गंगा कार्की, प्रेमबहादुर दर्लामी, लिलबहादुर पहराई । |
| कागज | कागज |
| x | x |

**अदालतबाट बुझेको**
**साक्षी :– खमानसिंह पहराई, अम्मरसिंह पहराई, गंगा कार्मी ।**

**प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।**

मिति २०६८/०६/२० गते जिल्ला अर्घाखाँची सिमलपानी गा.वि.स. वडा न. १ बिक्रम सोतास्थित पूर्व सिमलपानी बैरिया जाने कच्ची मोटरबाटो, पश्चिम जानकी सोमरेको खेत, उत्तर केशव रास्कोटीको कच्ची घर, दक्षिणमा जानकी सोमरेको खेत यति चार किल्लाभित्र जानकी सोमरेको कच्ची घर, उक्त घरको दक्षिणतर्फ रहेको घर अगाडि आँगन, उक्त घरको मूल ढोका अगाडि पिँढी भत्किएको अवस्थामा रहेको, उक्त आँगनमा रगत जस्तो पदार्थ देखिने टाटाहरू रहेको, घटनास्थल चार किल्लाभित्रबाट तत्काल ४ फिट ५ इन्च लामो सुकेको काठको लाठी, उक्त लाठीको फेदको गोलाइ ४.५ इन्च, टुप्पोको भागको गोलाइ ३.५ इन्च भएको अर्ध बाङ्गो लाठी बरामद गरिएको घटनास्थल मुचुल्का ।

मिति २०६८/६/२० गते जिल्ला अर्घाखाँची सिमलपानी गा.वि.स. वडा न. १ बस्ने देवु सोमरेले ऐ. वडा नं १ बस्ने लिली कुमारी रास्कोटीलाई कुटपिट गरी सख्त घाइते बनाएकोले निज घाइतेलाई उपचारका लागी जिल्ला कपिलवस्तु जितपुर ४ नं स्थित United Health Care Hospital मा उपचारार्थ लगिएको र घाइतेको स्वास्थ्य अवस्था गम्भीर हुँदा त्यहाँ उपचार हुन नसकि थप उपचारको लागी अन्य अस्पतालमा लैजानु भनी रिफर गरी पठाएकोले थप उपचारको लागि खर्चको आवश्यकता भएकोले मेरो दाजु खमान सिहं पहराई

तथा ऐ.ऐ. वस्ने अम्मर सिहं पहराई समेतका मानिसहरू नगद धन पैसा लिन भनी उल्लिखित अस्पतालबाट आ-आफ्नो घर सिमलपानीतर्फ जाँदै गर्दा मिति २०६८/६/२० गते राति अन्दाजी १२ बजेको समयमा विपक्षीमध्येका खिमबहादुर भन्ने राजकुमार दर्लामी तथा निजको श्रीमती माया दर्लामीले मेरो दाजु खमानसिहं पहराई तथा ऐ.ऐ. बस्ने अम्मरसिंह पहराई कति बेला आइपुग्लान् र पुरानो रिसइवी साँधी मारौंला भनी जिल्ला अर्घाखाँची सिमलपानी गा.वि.स. वडा न. १ स्थित देवु सोमरेको घर आँगनमा लुकीछिपी बसेका रहेछन्। निज विपक्षीहरूले मेरो दाजु खमानसिंह पहराई तथा अम्मरसिंह पहराई, देवु सोमरेको घर आँगन अगाडि आइपुग्दा राजकुमार दर्लामी तथा निजको श्रीमती माया दर्लामीले ज्यान मार्ने उद्देश्यबाट धारिलो हतियार खुकुरी समेत प्रहार गरी टाउको र हात समेतमा चोट पुऱ्याई निज पीडितहरू बेहोस भई हल्ला हुँदा म समेत घटनास्थल पुग्दा कुल्चने र हान्ने लछारपछार गरिरहेको अवस्था, मलाई देख्नासाथ निजहरू भागी गएका, बेहोस दाजुहरूलाई तत्काल उपचार गर्न United Health Care Hospital मा लगेकोमा त्यहाँबाट मेडिकल कलेजमा रिफर गरी सोही मेडिकल कलेजमा उपचार भइरहेकोले निज पीडितहरू यहाँ आउन नसक्ने भएकाले जाहेरी दिएको छु। मार्ने नै उद्देश्यबाट टाउको जस्तो अति गम्भीर र संवेदनशील अंगमा खुकुरी प्रहार गर्नुबाट मार्ने नियत प्रस्ट देखिएकोले कानुन बमोजिम गरी पाऊँ भन्ने व्यहोराको जाहेरी दरखास्त।

उक्त वारदात मिति समयमा पीडित खमानसिंह पहराई तथा अम्मरसिंह भन्ने अम्मरबहादुर पहराईको टाउको तथा हातमा धारिलो हतियार खुकुरी समेत प्रयोग भई चोट लागेको घाउहरू भएको र निजहरू मर्ने भन्ने उल्लेख भएको युनिभर्सल मेडिकल कलेज, भैरहवाबाट भएको निज पीडितहरूको नाउँको घाउ जाँच केस फाराम।

वारदात पश्चात् फरार रहेका प्रतिवादीहरू खिमबहादुर भन्ने राजकुमार दर्लामी तथा माया दर्लामीलाई खोजतलास गरी पक्राउ गरी दाखिला गर्न खटाई पठाएकोमा हालसम्म निज प्रतिवादीहरू फेला नपरेको भन्ने मिति २०६८/०९/१५ गते तथा मिति २०६८/११/२६ गतेको प्रहरी प्रतिवेदन।

वारदात पश्चात् भागी फरार रहेका प्रतिवादीहरू राजकुमार दर्लामी तथा माया दर्लामी लुकीछुपी बसेको अवस्थामा पक्राउ परेकोले कानुन बमोजिम आवश्यक कारबाही गरी पाऊँ भन्ने मिति २०६८/१२/२१ गतेको प्रहरी प्रतिवेदन।

मिति २०६८/१२/२१ गते पक्राउ गरी ल्याइएका प्रतिवादीहरू राजकुमार दर्लामीको घरबाट खुकुरी र माया दर्लामीको माइती घरबाट वारदातमा प्रयोग भएको भनिएको हँसिया बरामद गरी बरामदी मुचुल्का सहित दशी पेस गरिएको भन्ने मिति २०६९/०१/०३ गतेको प्रहरी प्रतिवेदन।

उक्त वारदात मिति समयमा पूर्वरिसइवी रहेका पीडित खमानसिंह पहराई तथा अम्मरसिंह पहराई अस्पतालबाट घरतर्फ आउँदै गरेको र उक्त वारदात घटनास्थलमा आइपुग्दा म र मेरो श्रीमान राजकुमार दर्लामीको पूर्वयोजना बमोजिम मेरो माईति जानकी सोमरेको घरमा लुकीछिपी बसेका थियौं र निजहरू त्यहाँ आइपुग्दा पीडित खमानसिंह पहराई तथा अम्मरसिंह पहराईलाई मेरो दाजु नाता पर्ने देवु सोमरेसँग सामान्य वादविवाद भइरहेको अवस्थामा ज्यान मार्ने उद्देश्यले मैले धारिलो हँसिया र मेरो श्रीमान् राजकुमार दर्लामीले खुकुरी हातमा लिई घरभित्रबाट एक्कासि बाहिर आई निज पीडित खमानसिंह पहराई तथा अम्मरसिंह पहराई माथि छपाछप प्रहार गरेका हौ र हामीले प्रहार गरेको कारण निजहरूको शरीरको विभिन्न अङ्गमा घाउ चोट लागी बेहोस भै दुवै जना भुइँमा लड्न पुगेको अवस्था गुहार हुँदा जाहेरवाला थानेश्वर पहराई आएको देखी अब घाइतेहरू मर्छन् भन्ने ठानी उक्त स्थानबाट भागेका हौं। पीडितहरूलाई मैले र मेरो श्रीमान्ले प्रहार गर्दा लागेको घाउ चोटहरू हुन्। रातको समयमा के कुन अंगहरूमा चोट लाग्न गयो यकिन थाहा भएन। वारदातमा जानकी सोमरे र देवु सोमरेको कुनै संलग्नता छैन भन्ने समेत व्यहोराको अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी माया दर्लामीले गरेको बयान कागज।

उक्त वारदात मिति समयमा म र मेरो श्रीमती जेठान नाता पर्ने देवु सोमरेको घरमा गई बसेका थियौ । सो समयमा खमानसिंह पहराई र अम्मरसिंह पहराई देवु सोमरेको घर आँगनमा आई निजहरू विच सामान्य वादविवाद भईरहेको अवस्थामा म र मेरो श्रीमति बिच भएको पुर्व योजना अनुसार अब मौका यही नै हो, यिनीहरूलाई मारेर सिध्याउनुपर्छ भन्ने उद्देश्यले मैले खुकुरी र मेरी श्रीमती माया दर्लामीले हँसियाले निज पीडितहरू माथि प्रहार गरेका हौं, सोही प्रहार गरेको चोटको कारण पीडितहरू बेहोस भै दुवै जना भुइामा लड्न पुगेको अवस्था गुहार हुँदा जाहेरवाला थानेश्वर पहराई आएको देखी अब घाइतेहरू मर्छन् भन्ने ठानी उक्त स्थानबाट भागेका हौ । मैले र मेरो श्रीमती माया दर्लामीले पीडितहरूलाई प्रहार गर्दा रातको समयमा के कुन अंगहरूमा चोट लाग्न गयो यकिन भएन, हामीबीचको पूर्वरिसइवीका कारण ज्यान मार्ने उद्देश्यले उक्त धारिलो हतियारहरू प्रहार गरिएको हो वारदातमा जानकी सोमरे र देवु सोमरेको कुनै संलग्नता छैन, देखाइएको खुकुरीले नै मैले पीडितहरूलाई प्रहार गरेको हुँ भन्ने समेत व्यहोराको अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी राजकुमार दर्लामीले गरेको बयान कागज ।

उक्त वारदात मिति समयमा पूर्वरिसइवीको कारण राजकुमार दर्लामी र माया दर्लामीले पूर्वयोजना बनाई निज पीडित खमानसिंह पहराई तथा अम्मरसिंह पहराईलाई ज्यान लिने उद्देश्यले धारिलो हतियार खुकुरी तथा हँसिया प्रहार गर्दाको अवस्थामा निज जाहेरवाला थानेश्वर पहराई लगायत हामी समेत आएको थाहा पाई निज प्रतिवादीहरू दुवै जना वारदात स्थलबाट भागी फरार भएका हुन् । निज पीडित घाइते दुवै जना रगताम्य भई बेहोस अवस्थामा जमिनमा पल्टिएको देखेपछि तत्काल उपचारको लागि नलगिएको भए दुवै जनाको मृत्यु भइसक्ने अवस्था थियो । निज प्रतिवादी राजकुमार दर्लामी गाउँघरमा रहँदा बस्दा भय त्रासको वातावरण सिर्जना गरी पूरै समाजलाई आतंकित बनाउने, ज्यान मारिदिन्छु भन्ने जस्ता धाक, धम्कीहरू दिइरहने भएकाले निज दुवै जनालाई कडाभन्दा कडा कारबाही होस् भन्ने एकै मिलान व्यहोरा भएको राजन श्रीस, बाबुराम कुमाल, तुलबहादुर रास्कोटीले गरिदिएको वस्तुस्थिति मुचुल्का ।

मिति २०६८/०६/२० गते राति अन्दाजी १९:०० बजेको समयमा स्थानीय तुलबहादुर रास्कोटीको श्रीमती लिली कुमारी रास्कोटीलाई जिल्ला अर्घाखाँची सिमलपानी गा.वि.स. वडा नं. १ बस्ने देवु सोमरेले कुटपिट गरी सख्त घाइते बनाएकोले निजलाई उपचारको लागि कपिलवस्तु जितपुर ४ नं. स्थित युनाइटेड हेल्थ केयरमा लगेको, अस्पतालका चिकित्सकले बिरामीको अवस्था गम्भीर रहेकोले प्राथमिक उपचार पश्चात् थप उपचारका लागि अन्यत्र लैजान भनी रिफर गरेकोले थप उपचारका लागि धन पैसाको आवश्यकता पर्छ भन्ने महसुस गरी बिरामी लिली कुमारी रास्कोटीलाई निजको श्रीमान् तथा अन्य स्थानीय मानिसहरूको जिम्मा लगाई भैरहवा मेडिकल कलेजतर्फ पठाई म खमानसिंह पहराई तथा अम्मरसिंह पहराई दुवै जना रुपैयाँ जुटाउन भनी सिमलपानी घरतर्फ आउँदै गर्दा वारदात स्थल देवु सोमरेको घर बाटैमा पर्ने हुँदा देवु सोमरे घरमै रहेकोले सो घटना सम्बन्धमा सोधपुछ हुदाँ मेरो र देवु सोमरेबीच सामान्य वादविवाद हुँदाको अवस्थामा पूर्वरिसइवी रहे भएका निज प्रतिवादीहरू राजकुमार दर्लामी तथा माया दर्लामी घरभित्रबाट हातमा खुकुरी, हँसिया लिई आई एक्कासि हामी दुवै जना माथि प्रहार गर्दा चोट लागी बेहोस भई लड्न पुग्यौं । सो बखत जाहेरवाला थानेश्वर पहराई आएको देखेपछि निजहरू भागेका रहेछन् । तत्काल उपचार नपाएको भए मरिसक्ने अवस्था थियो । ज्यान मार्ने उद्देश्यले हामीमाथि प्रहार गरेका हुन् । निज दुवै जना प्रतिवादीहरूलाई कानुन बमोजिम कडा कारबाही गरी क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भनी पीडित अम्मरसिंह पहराई तथा खमानसिंह पहराईले गरेको छुट्टाछुट्टै कागज ।

पूर्वरिसइवी भएका प्रतिवादी राजकुमार दर्लामी र माया दर्लामीले पीडित घाइते अम्मरसिंह तथा खमानसिंह पहराइलाई पूर्वरिसइवी साँध्नका लागि देवु सोमरेसँग भएको सामान्य वादविवादको अवस्थामा एक्कासि प्रतिवादी राजकुमार दर्लामीले खुकुरी र प्रतिवादी निजकी श्रीमती माया दर्लामीले हँसियाँ लिई आई ज्यानै मार्ने उद्देश्य राखी प्रहार गर्दा चोटपटक लाग्न गई सोही चोटका कारण निज पीडितहरू बेहोस भई भुइँमा लड्न पुगेका, सो कुरा खुकुरी र लाठी समेतको धारिलो हतियार प्रहार भएको भन्ने घाइतेहरूको घाउ जाँच केस फाराम समेतबाट पुष्टि भएको तथा पीडितहरूले हारगुहार गर्दा जाहेरवाला थानेश्वर पहराई सो ठाउँमा आएको अवस्था, अब पीडितहरू मर्छन् भन्ने ठानी प्रतिवादीहरू छाडी भागी गएको भन्ने कुरा प्रमाणित हुन आई प्रतिवादी खिमबहादुर भन्ने राजकुमार दर्लामी र माया दर्लामीले गरेको उक्त कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीत १५ नं. अनुसारको कसुर अपराध हुँदा निजहरू दुवै जनालाई सोही ऐनको सोही महलको १५ नं. अनुसार सजाय गरी पाउन माग दाबी लिइएको अभियोग पत्र ।

मिति २०६९/६/२० गते बडादसैंको दिन टीका लगाउन हामी पति पत्नी भई ससुराली जि.अ.खाँ. सिमलपानी गा.वि.स. वडा नं. १ मा गएका थियौं । ससुरालीमा टीका लगाई खानपिन गरी सुतिसकेका थियौं । राति करिब २, ३ बजेतिर विष्णु पहराई आई मेरो सासूलाई बाहिर बोलाए सासू बाहिर गएपछि तेरो छोरा कहाँ छ, देबे कहाँ छ घर घेरेर हात खुट्टा भाँची देओ भन्न थाले, मेरो श्रीमती सासू आमासँगै बाहिर गएकी थिइन् अनि म पनि बाहिर गएँ । मेरी श्रीमतीलाई खमानसिंह पहराईले टिपेर कुखुराको धुममाथि फालिदिए, मलाई पछाडिबाट १ जनाले २ हातले घाँटीमा समाते अगाडिबाट २ जनाले लात्ता मुक्काले हाने अनि म फुत्किएर भाग्दै गर्दा समाते, मलाई समाउन पुगेकाले सोही ठाउँमा रहेको बारबाट एउटा लाठी निकाली सोही लाठीले अम्मरसिंह पहराईको टाउकोमा हानेको हुँ । अनि उनीहरू त्यहाँबाट आ-आफ्नो घरतर्फ लागेका हुन् । हामी पति पत्नी र जेठान देवु सोमरे भई हाम्रो घरमा गयौं । जाहेरी गलत हो । खमानसिंह पहराई र अम्मरसिंह पहराईलाई मार्ने उद्देश्यले प्रहार गरेको होइन । मेरो श्रीमतीलाई खमानसिंहले टिपेर कुखुराको खोरमा फाली फेरि घाँटी समाउन गएकाले श्रीमतीले त्यही ठाउँमा रहेको हँसियाले खमानसिंहलाई हानेकी हुन् । ज्यान मार्ने नियत होइन भन्ने समेत व्यहोराको प्रतिवादी खिमबहादुर भन्ने राजकुमार दर्लामीले यस अदालतमा गरेको बयान ।

मेरो दाजु देवु सोमरेलाई खमानसिंह, थानेश्वरले दिउँसै घेरा हालेका, दाजुलाई सो कुरा थाहा भई नजिकैका छिमेकी अनिलले शौचालयमा लुकाएर राखेका थिए । त्यसपछि घरमा राति एक्कासि ५०/६० जना गई मेरो आमालाई बाहिर फाली तेरो छोरा कहाँ लुकाइस् भनी अभद्र व्यवहार गरेका हुन् । त्यति बेला आमा, भाउजू चिच्याएको सुनेर दाजु आउनुभयो, हामीले पनि त्यति बेला थाहा पाएर उठ्यौं । मेरा दाजुलाई र श्रीमान्लाई समेत एकाएक कुट्न थाले । म छुट्टाउन जाँदा मलाई धकले र कुखुराको धुममाथि टिनमा फाले । दाजुलाई भाउजूले भित्र कोठामा लगेपछि फेरि मेरो घाँटीमा ती मानिसहरूले च्याप्न आए । त्यसपछि, त्यही धुममा भएको हँसियाले आफ्नो ज्यानको सुरक्षा गर्न भनी हिर्काउन लाग्दा खमानसिंहको हातमा लागेको हो । ती घाइते भएपछि अलि पछि हच्के । मेरो दाजु र श्रीमान्ले नै गाडीको व्यवस्था गरी हस्पिटल लग्नुभयो । अरू कुरा पछि हुन्छ भनी पहिला उपचार गराउन लग्नुभएको हो । खुकुरी तथा लाठी अरू केहि पनि प्रहार गरेकी हैन भन्ने समेत व्यहोरको प्रतिवादी माया दर्लामीले यस अदालतमा गरेको बयान ।

मिसिल संलग्न उल्लिखित तत्काल प्राप्त तथ्य र आधार प्रमाणहरूलाई विचार गर्दा यी प्रतिवादीहरू कसुरदार हुन् भन्ने मनासिब आधार रहेकोले पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई नियमानुसारको सिदा खान पाउने गरी अ.वं. १२१ नं. बमोजिम थुनुवा पुर्जी दिई यी प्रतिवादीहरू खिमबहादुर भन्ने राजकुमार दर्लामी र माया दर्लामीलाई अ.वं. ११८ को देहाय दफा २ बमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनामा राख्न कारागार

कार्यालय अर्घाखाँचीमा पठाइदिनू भन्ने समेत व्यहोराको मिति २०६९/१/१५ गते र मिति २०६९/२/४ यस अदालतबाट गरेको थुनछेक आदेश ।

मिति २०६८/६/२० गतेका दिन लिली रास्कोटी र देवु सोमरे (प्र. राजकुमारको जेठान) बीच के विषयमा हो झगडा भएको रहेछ। देवु सोमरेले लिलि रास्कोटीलाई कुटपिट गरी गम्भीर अवस्थामा रहेकीले उपचारार्थ मैले मोटरसाइकलमा राखी जिल्ला कपिलवस्तु ४ नं. मा रहेको अस्पतालमा लगे त्यहाँ उपचार हुन नसक्ने भनी डक्टरले भैरहवा मेडिकल केलेजमा लग्न भनेकाले पैसा खोज्नका लागि म घरतर्फ लागे बिरामीलाई भैरहवा अस्पतालमा पठाई म, देवु सोमरेको दाई इन्द्र सोमरे र दुर्गाबहादुर सोमरेको घरमा गएँ। इन्द्रबहादुर र दुर्गाबहादुरले बूढो घरमा गएर सल्लाह गरौंला भने अनि देवु बस्ने घरमा गयौं। त्यहाँ गएर देवुले यस्तो कुटपिट गर्नु भएछ किन पिटियो भन्दा प्र. माया दर्लामी अकस्मात पछाडिपट्टिबाट आएर मलाई खुकुरीले हानेकी हो। निजको खुकुरी प्रहारबाट मेरो टाउकोमा ६ वटा टाँका लगाएको छु। दुवै हातमा घाउ चोट लागेको छ। प्र. राजकुमार दर्लामीले ममाथि प्रहार गरे नगरेको सम्बन्धमा मलाई केही थाहा भएन, म खुकुरी प्रहारबाट बेहोस भएँ। भैरहवा मेडिकल कलेजमा २ दिनपछि मेरो होस आएको हो भन्ने समेत व्यहोराको पीडित खमानसिंह पहराईले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६८।६।२० गते देवु सोमरेले लिली रास्कोटीलाई कुटपिट गरेकाले पहिला कपिलवस्तुको ४ नं मा रहेको अस्पतालमा पठाइएकोमा ४ नं. मा उपचार हुन नसकि भैरहवामा रिफर गरेकाले मेरो काका पैसा लिन खमानसिंह पहराई घरमा आउनुभयो। काकासँग बाटामै भेट भएपछि हामी दुई जना खमानसिंह र म भई देवु सोमरेको घरमा पैसाको सरसल्लाह गर्नका लागि गयौं देवु सोमरेसँग निजको घरमा भेट भएन। देवु सोमरेको आमा, भाउजू र श्रीमतीसँग भेट भएको हो। निजहरूसँग पैसाको बारेमा कुरा गर्न लागेको समयमा एक्कासि मेरो टाउकोमा प्रहार गऱ्यो र म बेहोस भएँ, पछि मेरा साथी राजन श्रीस समेतले मलाई प्रहार गर्ने मानिस यी प्रतिवादी खिमबहादुर भन्ने राजकुमार दर्लामी हुन् भनी भनेकाले थाहा पाएको हुँ। जाहेरवाला थानेश्वर पहराई घटनास्थलमा आई हारगुहार मागेपछि प्रतिवादीहरू भागी गएका हुन् भन्ने कुरा गाउँका साथीहरू तथा मेरी श्रीमती समेतले भनेकाले थाहा पाएको हुँ। मेरो ज्वाइँ बाबुराम कुमाल, मेरो श्रीमती विष्णु पहराई, काका खमानसिंहको श्रीमती समेतले उपचारार्थ ४ नं. मा लगेकोमा सो स्थानमा उपचार हुन नसकी भैरहवा मेडिकल कलेजमा पुऱ्याई मेरो तथा काका खमानसिंहको उपचार भएको हो। म उक्त अस्पतालमा १३ दिन बसेको हुँ भन्ने समेत व्यहोराको पीडित अम्मरसिंह पहराईले यस अदालतमा गरेको बकपत्र ।

खमानसिंह पहराई र अम्मरसिंह पहराईको उक्त दिन दिउँसो देवु सोमरेसँग झगडा भएको थियो। प्रतिवादीहरू दसैंको टीका लगाउन ससुराली घर गएका रहेछन्। पीडित दुई जना अम्मर र खमानले देवु सोमरेलाई बाहिर बोलाई कुटपिट गर्न थालेपछि प्र. माया दर्लामी बाहिर निस्की मेरो दाइलाई किन कुटपिट गर्छौ भन्दा मायालाई कपालमा समाती पर फालिदिएछन्। त्यसपछि झगडा बढ्दै गइसकेपछि प्रतिवादी राजकुमार दर्लामी बाहिर निस्किसकेपछि दुबै पक्षको कुटपिट भएको हो। दसैंको टीकाको दिन दुवै थरले मादक पदार्थ सेवन गरेका थिए। प्रतिवादीहरूले योजना बनाएर ज्यान मार्ने हिसाबले कुटपिट गरेका नभई तत्काल उठेको विवादबाट कुटपिट भएको हो। प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगमा सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीहरूका साक्षी गंगा कार्कीले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. एवं न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्रको

भई पेस भएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् जिल्ला न्यायाधिवक्ता श्री आनन्दप्रसाद शर्माले प्रतिवादीहरूले पूर्वरिसइवीले ज्यान मार्ने उद्देश्यले कुटपिट गरेका भनी किटानी जाहेरी परेको छ । प्रतिवादीहरूले हँसिया समेतले हानेकोमा सावित छन् । घाउँ जाँच फारामहरूबाट घाँउ चोट समेत देखिएको छ । प्रतिवादीहरूले कुटपिट गर्दैगर्दा जाहेरवाला आएको देखी प्रतिवादीहरू भागी गएको भन्ने थाहा पाएको भन्ने समेत पीडितले गरेको बकपत्र समेतबाट प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम कसुर ठहर भई सजाय हुनुपर्छ भन्ने समेतको बहस प्रस्तुत गर्नु भयो । त्यसैगरी प्रतिवादीको तर्फबाट उपस्थित वैतनिक कानुन व्यवसायी विद्वान् अधिवक्ता श्री के.बी. भुसालले प्रतिवादीहरूले ज्यान मार्ने उद्देश्यले हानेको होइन भनी यस अदालतमा बयान गरेका छन् । ज्यान मार्नुपर्नेसम्मको रिसइवी छैन, तेस्रो पक्षको उपस्थितिको कारण प्रतिवादीहरूले अरू थप प्रहार गर्न नपाई भागी गएको भन्ने पुष्टि भएको छैन, जाहेरवाला बकपत्र गर्न आएको छैन, पीडितहरूले बकपत्र गर्दा पनि मार्नुपर्नेसम्मको रिसइवी देखाउन नसकेको र रिसइवी छैन भनी बकपत्र गरेका समेतबाट कसुर ठहर हुने होइन भन्ने समेतको गर्नुभएको बहस समेत सुनी प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसुर गरेको हो, होइन सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरूले अम्मरसिंह पहराई तथा खमानसिंह पहराईलाई खुकुरी हँसिया समेतले प्रहार गरी घाउ चोट बनाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत ऐ.को १५ नं. को कसुर अपराध गरेकाले निज प्रतिवादीहरू दुवै जनालाई सोही १५ नं. बमोजिम सजाय हुन माग दाबी लिई प्रस्तुत अभियोग पत्र दायर भएको देखिन्छ ।

प्रतिवादीहरूले पूर्वरिसइवी साध्न २०६८/६/२० गते राति देवु सोमरेको घरमा लुकीछिपी बसी ज्यान मार्ने उद्देश्यले धारिलो हतियार खुकुरी समेत प्रहार गरी दाजु खमानसिंह र अम्मरसिंह समेत बेहोस भई रातको समय हल्ला हुँदा म समेत घटनास्थल पुग्दा विपक्षीहरूले बेहोस दाजुहरूको शरीरमा हान्ने कुल्चने गरी लछारपछार गरिरहेकोमा म समेतलाई देख्नासाथ विपक्षीहरू भागी गएकोले तत्काल उपचारार्थ अस्पताल लग्दा युनाइटेड हेल्थ केयर हस्पिटल कपिलवस्तु, जितपुरबाट भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा रिफर गरी उपचार भइरहेकोले ज्यान मार्ने उद्योगमा कारबाही गरी पाऊँ भनी थानेश्वर पहराईको जाहेरी दरखास्त परेको देखिन्छ । प्रतिवादीहरू अधिकार प्राप्त अधिकारी समक्ष अभियोग दाबीको कसुर गरेमा सावित रही बयान गरेको र यस अदालतमा बयान गर्दा २०६८/६/२० गते दसैंको दिन टीका लगाउन माइत ससुराली गएकोमा खानपिन गरी सुतेकोमा राति २/३ बजेतिर विष्णु पहराईले सासूलाई बोलाई तेरो छोरा देवे कहाँ छ हात खुट्टा भाँचिदेओ भन्न थालेको र सासू आमा सँगै मेरी श्रीमती माया दर्लामी पनि बाहिर गएकी थिइन् । म पनि बाहिर जाँदा मेरी श्रीमतीलाई खमानसिंह पहराईले कुखुराको धुममाथि फाली मलाई पनि १ जनाले पछाडिबाट घाँटीमा समाती अगाडि २ जनाले लात्ती मुक्कले हाने, म फुत्किएर भाग्दै गर्दा समेत मलाई समाएकोले सोही ठाउँमा रहेको बारबाट लाठी निकाली अम्मरसिंह पहराईको टाउकोमा हानेको हुँ । खमानसिंहलाई श्रीमतीले त्यही ठाउँमा रहेको हँसियाले हानेकी हुन् । ज्यान मार्ने नियत मनसायले हानेको होइन, आइलागेकाले जाइलागेको मात्र हो समेत भनी बयान गरेको देखिन्छ । प्रतिवादी राजकुमारको घरबाट खुकुरी र प्र. माया दर्लामीको माइती घरबाट हँसिया बरामद भएको बरामदी मुचुल्काबाट देखिएको छ ।

मिसिल संलग्न घाउ जाँच केस फाराममा अम्मर पहराईकोमा Cut injury on rt fronto parietal region of scalp approx 10×1 cm. Blunt injury, Type of weapon/object used मा hit by stick. र fatal उल्लेख भएको देखिन्छ । त्यसैगरी अर्का पीडित खमानसिंह पहराईको घाउ जाँच केस फाराममा Nature of injury size and site मा cut injury on left side of head approx. 2×1 cm., left for arm approx. 4×2cm. र on right

wrist 3×2 cm. उल्लेख गरी Type of injury मा sharp injury र type of weepon/ object used मा Khukuri र मर्ने नमर्नेमा Fatal उल्लेख भएको देखिन्छ। घटनास्थल आँगन मूल ढोका अगाडि पिँढी भत्किएको, आँगनमा रगत जस्तो पदार्थहरू देखिने रगतका टाटाहरू रहेको भन्ने समेत घटनास्थल मुचुल्काबाट देखिन आउँछ। प्रतिवादीहरूले पुरानो रिसइवी साध्न ज्यान मार्ने उद्देश्यले अम्मरसिंह र खमानसिंह पहराईलाई खुकुरीले हानी ज्यान मार्ने उद्योग गरेका भनी किटानी जाहेरी परेकोमा प्रतिवादीहरू अधिकार प्राप्त अधिकारी समक्ष खुकुरी हँसिया समेत लाठी समेतले पीडितहरूलाई कुटपिट गरेमा सावित रहेका र यस अदालतमा बयान गर्दा प्र. राजकुमार दर्लामीले बारको लाठी निकाली हानेको र प्र. माया दर्लामीले हँसियाले हानेको भन्दै ज्यान मार्ने उद्देश्यले हानेको होइन भनी बयान गरेको देखिन्छ। मिसिल कागज प्रमाण हेर्दा २०६८/६/२० गतेको साँझ लिलीकुमारी रास्कोटीलाई प्रतिवादीहरूको दाजु जेठान देवु सोमरेले कुटपिट गरी घाइते बनाएको र निजलाई उपचार गर्न युनाइटेड केयर हस्पिटल कपिलवस्तु जितपुर लग्दा अरू अस्पतालमा रिफर गरेको, थप उपचार खर्चको आवश्यकता भएकोले यी पीडित खमानसिंह र अम्मरसिंह पहराई समेतका मानिस पैसा लिन भनी घरतर्फ आउँदै गर्दा बाटोमा देवु सोमरेको घर भई सो दिन यी प्रतिवादीहरू दसैंको टीका लगाउन गई सोही ससुराली माइतीघरमा रहेको अवस्था लिलीकुमारीलाई भएको कुटपिटको सम्बन्धमा देवु सोमरेसँग सोधपुछ गर्न लाग्दा भएको वादविवाद बढ्दै गई यी प्रतिवादीहरूलाई कुखुराको धुममाथि फ्याँक्ने घाँटी अठ्याउने समेत गरेबाट यी प्रतिवादीहरूले लाठी खुकुरी समेत प्रहार गरी अम्मरसिंह पहराई र खमानसिंह पहराई घाइते भएको भन्ने देखिन आउँछ। सो अवस्था प्र. राजकुमारले मौकाको बयानमा यी पीडित समेतले अवैध काठ कटान गरी बिक्री वितरण गर्न लैजान लाग्दा बरामद गरी राखी दिएको पूर्वरिसईवी रहेको भनी उल्लेख भएको सम्म देखिन्छ। जाहेरवालाले पुरानो रिसइवी साँध्न मारौंला भनी प्रतिवादीहरू लुकी ढुकी बसेको भन्नेसम्म उल्लेख गरी जाहेरी दिएको देखिन्छ, के-कस्तो पुरानो रिसइवी भन्ने उल्लेख भएको नदेखिएको र वादी पक्षको गवाह जाहेरवालालाई वादी पक्षले यस अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको देखिँदैन। वादी पक्षकै गवाह पीडित खमानसिंह पहराईले बकपत्र गर्दा मलाई माया दर्लामीले खुकुरीले प्रहार गरेकी हुन्। राजकुमारले हाने नहानेको थाहा भएन भन्दै देवु सोमरेले लिलीलाई कुटपिट गरी देवु सोमरेसँग उपचारको लागि पैसा माग्न गएको कारण र राजकुमार दर्लामीले काठ लग्न मगाएको टिप्पर प्रहरीमा बुझाइदिएको कारणले प्रतिवादीहरूले कुटपिट गरेका हुन् भनी बकपत्र गरेको देखिन्छ। ज्यान मार्ने उद्देश्यले हानेका हुन् भनी बकपत्र गर्न सकेको देखिँदैन।

अर्का पीडित अम्मरसिंह पहराईले बकपत्र गर्दा प्रतिवादीको जेठान देवु सोमरेको घरमा पैसा माग्न गएका कारण म र काका समेतलाई एक्कासि प्रहार गरेका कारण बेहोस भएको जाहेरवाला थानेश्वर पहराई आई हारगुहार गरेपछि प्रतिवादीहरू भागी गएको भन्ने थाहा पाएको प्रतिवादीहरूसँग अन्य रिसइवी केही थिएन समेत भनी बकपत्र गरेको देखिन्छ। जाहेरवालाले हल्ला भई घटनास्थलमा पुग्दा प्रतिवादीहरूले पीडितहरूलाई हान्ने कुल्चने गरिरहेको भन्ने उल्लेख गरे पनि निज यस अदालतमा उपस्थित भई जाहेरी समर्थन हुने गरी बकपत्र गर्न आएको देखिँदैन। निज जाहेरवालाको उपस्थितिको कारण प्रतिवादीहरूलाई अरू थप कुटपिट प्रहार गर्न अन्य कोही कसैको उपस्थिति वा अन्य कारणबाट व्यवधान उत्पन्न भई पीडितहरूलाई थप कुटपिट प्रहार हुन नपाएको भन्ने पनि मिसिल प्रमाणबाट खुल्दैन र पुष्टि हुन सकेको पनि देखिँदैन। पीडितमध्येको अम्मरसिंह पहराईले प्रतिवादीसँग कुनै रिसईवी नभएको भनि वकपत्र गरेको र अर्का पीडित खमानसिंह र प्रतिवादी राजकुमारबीच दाउरा काठ लग्न नदिएको भन्ने सामान्य रिसइवी बाहेक ज्यान मार्नुपर्नेसम्मको अन्य कुनै पूर्वरिसइवी देखिन नआएको अवस्था देखिएको र प्रतिवादीहरूले ज्यानै मार्ने उद्देश्यले मनसाय सहित तयारी गरी प्रस्तुत वारदात घटाएको भन्ने समेत वादी पक्षले प्रमाणबाट पुष्टि गर्न सकेको देखिन आएन। दसैंको टिका

लगाउन गएको अवस्था देवु सोमरेले लिलीकुमारीलाई गरेको कुटपिट सम्बन्धमा थप उपचार खर्च लिन आउँदै गर्दा देवु सोमरेको घरमा निजसँग घटनाबारे बुझ्न यी पीडितहरू समेत गएको अवस्था वादविवाद भई विवाद बढ्न गई प्रतिवादीहरूलाई कुखुराको धुममा फ्याँक्ने, घाँटी अठ्याउने समेत गरेबाट प्रतिवादीहरूले पनि लाठी र हँसियाले पीडितहरूलाई हानेको ज्यान मार्ने उद्देश्यले हानेको होइन भनी यस अदालतमा कुटपिट गरेमा सावित रहेका र निजहरूको घर, माइतीहरूबाट हँसिया, खुकुरी तथा लाठी समेत बरामद भइरहेको स्थितीभई मिसिल संलग्न पीडितहरूको घाउ जाँच केस फाराममा उल्लिखित घाउ चोटको आकार प्रकृति हेर्दा र प्रयोग भएको हतियार लाठी, खुकुरी समेत उल्लेख भएको देखिन आएबाट खुकुरी र लाठी प्रहार भएको भन्ने देखिएको छ । प्रतिवादीहरूले पीडितसँग ज्यानै लिनुपर्नेसम्मको रिसइवी रहे भएको भन्ने देखिन नआएको, तयारी गरेको भन्ने पनि खुल्न नआएको, प्रतिवादीहरूले पीडितहरू घाइते भएपछि पनि अरू थप प्रहार कुटपिट गर्न अन्य बाधा अबरोध उत्पन्न भई अरु थप प्रहार कुटपिट हुन नपाएको भन्ने समेत देखिन नआएको तथा प्रस्तुत वारदात देवु सोमरेसँग पीडितहरू समेतसँग विवाद बढ्न गई प्रतिवादीहरूलाई कुखुराको धुममा फाली, घाँटी अठ्याएको कारण प्रतिवादीहरूले पनि पीडितहरूलाई कुटपिट गरेको उल्लिखित तबरबाट देखिन आई कुटपिट गरेमा प्रतिवादीहरू सावितै रहेको देखिदा घटना प्रकृति समेतको रूपबाट प्रस्तुत वारदात अभियोग दावी बमोजिम ज्यान मार्ने उद्योगको कसुर देखिन नआई कुटपिटको वारदात देखिएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गत पर्ने देखिन नआएकोले सोही ऐनको दफा २७ बमोजिम सरोकारवाला पीडितले सकार गरेमा वादी पक्ष कायम गरी यसै मिसिलबाट कुटपिटमा कारबाही किनारा गरिदिने ठहर्छ । ज्यान मार्ने उद्योगतर्फको वादी दाबी पुग्न सक्दैन । सो ठहर्नाले अरू तपसिलका कुरामा तपसिल बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम आजै अड्डैबाट यो फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादीहरू उपरको ज्यान मार्ने उद्योगतर्फ वादी दाबी पुग्न नसकी कुटपिटमा परिणत हुने ठहरी फैसला भएकाले पुर्पक्षका लागि थुनामा रहेका प्रतिवादी खिमबहादुर भन्ने राजकुमार दर्लामी र माया दर्लामीलाई अन्य कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट थुनामुक्त गरिदिनू भनी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाउनू..............................................................१

माथि ठहर खण्डमा लेखिए बमोजिम ज्यान मार्ने उद्योगतर्फको वादी दाबी पुग्न नसकी कुटपिटमा परिणत हुने ठहरेकाले यो मुद्दाको अन्तिम किनारा लागेपछि जाहेरवाला कुटपिटमा मुद्दा सकार गर्न आए प्रस्तुत मुद्दाबाटै कारबाही किनारा गर्ने व्यहोराको ७ दिने सूचना दिई हाजिर हुन आए कुटपिटतर्फ दुनियावादी दायरीमा दर्ता गरी नियमानुसार गर्नु....................................................................................................२

अभियोग पत्रसाथ दाखेल भएका खुकुरी थान १, हँसिया थान १ र लाठी थान १ जिन्सी खातामा आम्दानी बाँधिएको देखिँदा कानुन बमोजिम लिलाम गरी आएको रकम राजस्व आम्दानी गर्नू................................३

यो इन्साफमा चित्त नबुझे सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्नू भनी जिल्ला सरकारी वकिल कार्यालय अर्घाखाँचीलाई फैसलाको प्रतिलिपि साथै राखी पुनरावेदनको म्याद दिनू...............................................................४

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने नियमानुसारको दस्तुर लिई नक्कल सारी सराइदिनू......................५

यो मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू .......................................६

जिल्ला न्यायाधीश

फाँटवालाः- ना.सु.नारायण ब. भट्टराई
टाइप गर्ने :- स.क.अ. सीता घिमिरे

**इति संवत् २०६९ साल भाद्र महिना ६ गते रोज ४ मा शुभम् .....**

**श्री सुनसरी जिल्ला अदालत**
**इजलास**
**अतिरिक्त जिल्ला न्यायाधीश ब्रजेश प्याकुरेल**
**फैसला**
**संवत् २०६८ सालको स.फौ.नं. २६-०६८-०६२०१**
**निर्णय नं.७५५**

**मुद्दा :- मानव अपहरण तथा शरीर वन्धक लिने उद्योग ।**

**वादीको नाम, थर, वतन**

जिल्ला सप्तरी दमनपट्टी गा. वि. स. वडा नं. ३ घर भै हाल जिल्ला सुनसरी इनरुवामा डेरा गरी बस्ने कान्तिपुर दैनिकको समाचारदाता अवधेशकुमार झाको जाहेरीले नेपाल सरकार..........................१

ऐ. को प्रमाण :-
साक्षी :-
कागज :-

**प्रतिवादीको नाम, थर, वतन**

कैलाश चौधरीको छोरा जिल्ला सप्तरी राजविराज न.पा. वडा नं. १ बस्ने श्रवण भन्ने निलेश कुमार चौधरी.....................................................१

ऐ. को प्रमाण :-
साक्षी :-
कागज :-

**अदालतबाट बुझेको**
**साक्षी :-**
**प्रमाण :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकार अन्तर्गतको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

१. मिति २०६८।६।२६ गतेका दिन मेरो मोबाइल नं. ९८४२८२०५०४ नं. मा ९८०७७२१४८६ नं. सिम मोबाइलबाट मलाई उक्त नं. मा फोन गरेर तं पत्रकार जे मन लाग्यो सोही कुरा छाप्छस्, तँलाई म तेरो डेरा कोठाबाट नै उठाइदिन्छु तँलाई अपहरण गर्छु, मार्छु भन्ने जस्ता शब्दहरू फोन मार्फत धम्की दिएको र मलाई डर त्रासमा पारेको र मैले उक्त कुरा पपुलर एफ.एम.का साथीहरूलाई सुनाउँदा सोही नं. बाट पुनः फोन गरी धम्की दिएको हुँदा आवश्यक कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको अवधेश कुमार झाले दिएको जाहेरी दरखास्त ।
२. पक्राउ परेका प्रतिवादी निलेश कुमार चौधरीको शरीर तलासी लिंदा निजबाट बैंकको एटीएम कार्ड, नगद रु ६५०।- पर्स, मेमोरी कार्ड सिम समेतका वस्तु बरामद भएको भन्ने समेत व्यहोराको बरामदी मुचुल्का ।
३. मिति २०६८।६।२६ गते म आफ्नो घर जि. सप्तरी राजविराज न. पा. वडा नं. १ बाट करिव १ मिटरको दूरीमा मेरो पसलमा रहेको र मेरो पसलमा सेम्पो सकिएकोले मैले राजविराजस्थित रहेको पशुपति साहको पसलबाट उधारो सामान ल्याउने भएकोले मैले निज पशुपति साहलाई निजको मोबाइल नं. ९८४२८२०५०८ नं. मा फोन गर्दा भूलवश ९८४२८२०५०४ नं. मा डायल हुन गई सम्पर्क हुँदा सो नं. मा सम्पर्क भएका जाहेरवाला कान्तिपुर समाचारदाताबीच सम्पर्क हुँदा वादविवाद भएकोले मैले रिसको आवेशमा तँलाई उठाउँछु, अपहरण गर्छु

मार्छु जस्ता शब्दहरू प्रयोग गरेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी निलेश कुमार चौधरीले गरेको बयान ।

४. मिति २०६८।६।२६ गतेका राति इनरुवाका कान्तिपुर समाचारदाता अवधेश कुमार झालाई पछि नाम थाहा भएका निलेश कुमार चौधरीले मोबाइल मार्फत विभिन्न प्रकारले धाक धम्की दिँदै तँलाई उठाउँछु, मार्छु, भन्ने जस्ता शब्दहरू प्रयोग गरेर धम्की दिएको कुरा हामीलाई भनेपछि हामीहरूले उक्त नम्बरमा फोन गर्दा पुनः हामीहरूलाई समेत निजले धाक धम्की दिएका हुन् भन्ने समेत व्यहोराको बुझिएका श्यामानन्द पाठक र मो. इकवाल अहमदले एकै मिलान हुने गरी लेखाइदिएको घटना विवरण कागज ।

५. मिति २०६८।६।२६ गते विरुद्ध खण्डका प्रतिवादी निलेश कुमार चौधरीले कान्तिपुर समाचारदाता अवधेश कुमार झालाई फोनबाट तं पत्रकारलाई जे मन लाग्यो त्यही लेख्छस्, तँलाई तेरो डेरा कोठाबाट उठाइदिन्छु, अपहरण गर्छु र ज्यान समेत मार्छु भन्ने जस्ता धाक धम्की दिँदै डर त्रास देखाएको हो भन्ने समेत व्यहोराको सतार अन्सारी समेतले लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

६. संकलन हुन आएका कल डिटेल्सको विवरणहरू ।

७. प्रतिवादी श्रवण भन्ने निलेश कुमार चौधरीले मुलुकी ऐन अपहरण गर्ने, शरीर वन्धक लिनेको महलको ५ नं. बर्खिलाप कसुर गरेको हुँदा निज प्रतिवादीलाई ऐ. महलको ३ नं. बमोजिम हुने सजायको आधा सजाय ऐ. को ५ नं. बमोजिम गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र मागदाबी ।

८. म उपरको जाहेरी झुठ्ठा हो । मिति २०६८।६।२६ गते मेरो मोबाइल नं. ९८०७७२१४८६ बाट राजविराज वडा नं. ११ बस्ने पशुपति साहको ९८४२८२०५०८ मा डायल गरेकोमा भूलवश लास्टको अंक ८ को सट्टा ४ अंक डायल भएछ र यी जाहेरवालाको फोनमा गएछ । निज जाहेरवालाले फोन रिसिभ गरेपछि मैले पशुपति छ भनी सोधें, निजले पशुपति छैन के काम छ भनी सोधे अनि मैले स्याम्पु उल्टो पठाइदिएको रहेछ भनी भन्दासाथ निज जाहेरवालाले तँ बोल्ने को होस् भनी भन्दा मैले निलेश हुँ भनी भनेपछि मलाई अश्लील शब्दले गाली गलौज गरेर फोन राखिदिए । त्यसपछि मैले पुनः सोही नम्बरमा डायल गरी तँपाई को हो भनी सोधें, निजले आफ्नो नाम नभनी तैंले तेरो बाबुलाई फोन गरेको भनी फोन पुनः राखिदिए । त्यसपछि मैले पुनः फोन गरी निजले फोन रिसिभ गरेपछि मैले पनि मलाई जसरी निजले गाली गलौज गरेका थिए मैले पनि त्यसैगरी गाली गलौज गरी फोन राखिदिएँ । त्यसपछि निज जाहेरवालाले अरू नम्बरबाट रातभर मलाई पटक पटक फोन गरी मेरो नाम थर वतन र पेसा समेत मलाई सोधपुछ गर्ने र आफ्नो नाम चाहिँ नबताउने गरेपछि सो सिम नै मैले मोबाइलबाट झिकेको हुँ । मैले यी जाहेरवालालाई उठाएर लैजाने, अपहरण गर्ने, गोली हान्ने मारी दिने जस्ता शब्दहरू प्रयोग गरेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी श्रवण भन्ने निलेश कुमार चौधरीले यस अदालतमा गरेको बयान ।

९. यस अदालतबाट मिति २०६८।७।२३ मा भएका आदेशानुसार मिति २०६८।७।२४ मा प्रतिवादीले नगद रु. ८०,०००।- धरौटी दाखेल गरी पुर्पक्ष निमित्त तारेखमा रुजु रहेको ।

१०. जाहेरवाला अवधेश कुमार झा र प्रतिवादीका साक्षी उपेन्द्र साहले गरेको बकपत्र मिसिल सामेल रहेको ।

## अदालतको ठहर

११. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता हरिकुमार पोखरेल तथा प्रतिवादी तर्फबाट उपस्थित विद्वान् अधिवक्ता मोहन कोइरालाले गर्नुभएको बहस समेत सुनी मिसिल अध्ययन गरी हेर्दा अभियोग माग दाबी बमोजिम प्रतिवादीले कसुर गरेको हो होइन ? निजलाई सजाय हुने हो होइन ? भन्ने विषयमा निर्णय गर्नुपर्ने देखियो ।

१२. प्रतिवादी श्रवण यादव भन्ने निलेश कुमार चौधरीले मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको

५ नं. विपरीत कसुर गरेको हुँदा निज प्रतिवादीलाई ऐ. महलको ३ नं. बमोजिम हुने सजायको आधा सजाय ऐ. महलको ५ नं. बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको मुख्य अभियोग दाबी रहेछ ।

१३. प्रस्तुत मुद्दामा निर्णयतर्फ विचार गर्दा जाहेरवालाले सुरु जाहेरी दिँदा प्रतिवादीले आफ्नो मोबाइलबाट निजको मोबाइलमा फोन गरी तँ पत्राकार जे मन लाग्यो सोही कुरा छाप्छस् म तेरो डेरा कोठाबाटै उठाइदिन्छु, अपहरण गर्छु, मार्छु भनी विभिन्न अपशब्द बोली धम्की दिएको भनी व्यहोरा लेखेको पाइन्छ । प्रतिवादीले अधिकार प्राप्त अधिकारी तथा अदालतमा समेत बयान गर्दा आफू सप्तरी जिल्ला राजविराज वडा नं. १ मा पसल व्यवसाय गरी बस्ने व्यक्ति भएको र आफ्नो पसलमा सामान ल्याउने प्रयोजनको लागि व्यापारीलाई मोवाइलबाट फोन गर्दा मोबाइल नं. को अन्तिम १ अंक फरक पर्न गै जाहेरवालाको नम्बरमा सम्पर्क हुन पुगेको र निजसँग वादविवाद हुादा निजले समेत आफूलाई विभिन्न अश्लील शब्दले गाली गलौज गरेको हुँदा मैले पनि त्यसैगरी गाली गलौज गरी फोन राखिदिएको हुँ । जाहेरवालालाई अपहरण गर्ने, मारिदिने जस्ता शब्दहरू प्रयोग गरेको होइन भन्ने समेतको बयान रहेको पाइन्छ ।

१४. सर्वप्रथम त प्रतिवादी सप्तरी राजविराज पसल व्यवसाय गरी बस्ने साधारण व्यवसायीले जाहेरवाला सुनसरी इनरुवा डेरा गरी बस्ने कान्तिपुर दैनिकका समाचारदाता अवधेश कुमार झा उपर मोबाइल फोन मार्फत गाली, गलौज, अपशव्द प्रयोग गरी अपहरण गर्ने तथा ज्यान मार्नेसम्मको धम्की दिने कार्य गर्नुपर्नाको कारण के कस्तो रहेछ भनी हेर्दा जाहेरवालाको जाहेरी व्यहोरा अनुसार निज पत्रकार भएको कारण निजले जे मन लाग्यो सोही कुरा छापेको भन्ने निहुँमा निज उपर प्रतिवादीले धम्की दिएको भन्ने जाहेरवालाको मुख्य भनाइ देखियो । तर जाहेरवालाले आफ्नो जाहेरी व्यहोरामा वा अदालतमा बकपत्र गर्दा के कस्ता व्यहोराहरू पत्रिकामा प्रकाशित गरेको कारण प्रतिवादीले धम्की दिएको भनी खुलाउन सकेको पाइँदैन । प्रतिवादीविरुद्धको कुनै समाचार प्रकाशित गरेको वा निजले प्रकाशित गरेको कुनै अमुक समाचारको कारण प्रतिवादीले धम्की दिनुपर्ने कारण भै धम्की दिएको भन्ने व्यहोरा स्पष्ट पार्न सकेको पाइँदैन । प्रस्तुत वारदातको मूल जरिया जाहेरवालाले पत्रिकामा प्रकाशित गरेको सामग्रीलाई आधार बनाइए पनि त्यस्तो कुनै सामग्रीको कारण प्रतिवादीले निजलाई अपहरण गर्ने वा ज्यान मार्नेसम्मको धम्की दिनुपरेको भन्ने देखिएको छैन ।

१५. प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष र अदालतमा समेत बयान गर्दा आफू पसल व्यवसाय गरी बस्ने व्यक्ति भएको र पसलको लागि सामान उधारोमा ल्याउन अर्का स्थानीय व्यापारी पशुपति साहलाई निजको मो. नं. ९८४२८२०५०८ नं. मा फोन गर्दा भूलवश जाहेरवालाको ९८४२८२०५०४ मा डायल हुन गएको र जाहेरवाला समेतले आफूलाई विभिन्न गाली गलौज अपशव्द प्रयोग गरेको कारण आफूले पनि गाली गलौजसम्म गरेको हो अपहरण गर्ने वा मार्ने धम्की दिएको होइन भनी बयान गरेको पाइन्छ । यदाकदा फोन वा मोबाइलबाट लक्षित नम्बरमा डायल गर्दा अंक प्रयोगको सामान्य त्रुटि हुने र फोन अन्यत्र जाने घटनालाई सामान्य र मानवीय गल्तीको रूपमा लिने गरिन्छ । यस्तो अवस्थामा दुवैतर्फका प्रयोगकर्ताहरू संयमित र सभ्य हुन नसक्दा भनाभन र आरोप प्रत्यारोपको अवस्था नआउला भनी भन्न सकिने अवस्था पनि छैन । फोन सम्पर्क र संवादको त्रुटिको कारण भनाभनसम्म भएकोमा अपहरण वा ज्यान मार्ने धम्की दिनेसम्मको कसुर भएको हो वा होइन भन्ने सम्बन्धमा विशेषगरी अनुसन्धानकर्ताले प्रतिवादीको नियत र भनाइमा के कति सत्यता छ वा छैन भनी छुट्याउन पर्ने हुन्छ । प्रस्तुत मुद्दामा पनि प्रतिवादीले भनेझैं निजले आफ्नो व्यापारको सन्दर्भमा पशुपति साहलाई फोन गर्न लागेको भन्ने तथ्य सम्बन्धमा निज पशुपति साहलाई बुझेको र निजको फोन नं. उल्लिखित नं. सँग मिल्ने भिड्ने छ वा छैन भने विषयमा अनुसन्धान भए गरेको पाइँदैन । तर मिसिल संलग्न प्रतिवादीको मोबाइलको ऋबीि मभतबर्षक मा उल्लिखित मो.नं. ९८४२८२०५०८ मा प्रतिवादीले समय समयमा पटक पटक फोन गर्ने गरेको तथ्य मिसिल संलग्न Call details बाट पनि खुलेको पाइन्छ । यस्तो अवस्थामा फोन सम्पर्क र संवादको त्रुटिको

कारण गलत नम्बर डायल भएको र पक्षहरूबीच संवादमा संयमता कायम हुन नसकेको कारण भनाभनसम्म भएको अवस्थालाई अपहरण उद्योग जस्तो कसुरजन्य कार्य भनी भन्न मिल्ने अवस्था देखिएन ।

१६. जाहेरवाला अवधेश कुमार झाले अदालतमा उपस्थित भै बकपत्र गर्दा आफ्नो जाहेरी व्यहोराको समर्थनमा बकपत्र गरेको भए तापनि निजको जाहेरी एवं बकपत्र व्यहोरा सम्बन्धमा प्रतिवादीले प्रमाण ऐनले निर्दिष्ट गरे बमोजिम जिरह गर्न पाउनुपर्नेमा सो प्रक्रियामा जाहेरवाला सहभागी नरही अनुपस्थित रहेबाट जाहेरवालाको जाहेरी व्यहोरा र बकपत्र व्यहोरालाई कसुरमा इन्कार रहेका प्रतिवादीको सन्दर्भमा विश्वसनीय मान्न मिल्ने देखिएन । प्रतिवादीविरुद्धको आफ्नो जाहेरी व्यहारोलाई पुष्टि गराउन जाहेरवालाले प्रमाण परीक्षणका सम्पूर्ण प्रक्रिया अनुसरण गरी परीक्षणको कसीमा खरो उत्रिनु जरुरी छ। अन्यथा जाहेरवालाको जाहेरी लगायतका व्यहोरालाई न्यायको रोहमा ग्रहण गर्न सकिँदैन । प्रस्तुत मुद्दा पनि जाहेरवालाको जाहेरी र अपूर्ण बकपत्रको आधारमा प्रतिवादीले कसुर गरेको भनी ठहर गर्न मिल्ने अवस्था देखिएन ।

१७. तसर्थ प्रस्तुत मुद्दामा माथि विवेचना गरिएको आधार एवं प्रमाणहरूको मूल्याङ्कनबाट प्रतिवादी श्रवण भन्ने निलेश कुमार चौधरीले वादी नेपाल सरकारको अभियोग दाबी बमोजिम मानव अपहरण तथा शरीर बन्धक लिने उद्योगको कसुर अपराध गरेको नदेखिँदा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्दछ। अरू तपसिलमा लेखिए बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ।

## तपसिल

१ प्रतिवादी श्रवण भन्ने निलेश कुमार चौधरीके, माथि इन्साफ खण्डमा लेखिए बमोजिम अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएको हुँदा केही गर्नु परेन...........................................................................१

२ यो फैसला उपर चित्त नवुझे ७० दिन म्यादभित्र श्री पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन गर्नू भनी जिल्ला सरकारी वकिल कार्यालय सुनसरीलाई पुनरावेदनको म्याद दिनू................................................ २

३ प्रतिवादीबाट बरामद भै अभियोग पत्रसाथ पेस भएको नगद रु. १,६००।- यस अदालतको आदेशानुसार र. नं. २१९५९ मिति २०६८।७।२४ मा धरौटी रहेको र अन्य सामानहरू जिन्सीमा आम्दानी बाँधिएको देखिँदा उक्त नगद र जिन्सी सामान समेत प्रतिवादीले फिर्ता माग गर्न आए निज प्रतिवादीलाई फिर्ता दिनू.............................३

४ यस अदालतबाट मिति २०६८।७।२३।४ मा भएका आदेशानुसार मिति २०६८।७।२४ मा प्रतिवादीले नगद धरौटी रु. ८०,०००।- दाखेल गरी पुर्पक्ष निमित्त तारेखमा रुजु रहेको देखिँदा मुद्दा अन्तिम भएपछि उक्त धरौटी रु. ८०,०००।- फिर्ता पाऊँ भनी प्रतिवादीले ऐनका म्यादभित्र फिर्ता माग गर्न आए धरौटीबाट फिर्ता दिनू ..........४

५. सरोकारवालाले नक्कल मागे कानुनको रीत पुऱ्याई सारी सराइदिनू र मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू ....................................................................................................५

यो पाना ४ को फैसला माननीय जि.न्या.
ज्यूबाट बोली टिपाए बमोजिम लेख्ने                                        जिल्ला न्यायाधीश
ना.सु. गुणराज भट्टराई फाँट २
कम्प्युटर : कान्त

**ईति संवत् २०६९ साल आषाढ २८ गते रोज ५ शुभम्.....................**

**श्री मकवानपुर जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री टेकनारायण कुंवर**
**फैसला**
**२०६८-CR-०१४०**
**नि.नं. ६३३**

**मुद्दा : मानव बेचविखन तथा ओसार पसार :**
**दायर मिति २०६८।११।१७**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| मूलघर भारत भै हाल जि.मकवानपुर हे.न.पा ट श्याम खनालको घरमा डेरा गरी बस्ने खलिपा साहको छोरी वर्ष १९ की परिवर्तित नाम मन्जरी साह समेतको जाहरीले वादी नेपाल सरकार ..........................१ | पूर्वघर भारत सुगौल भई हाल जि. पर्सा वीरगंज उप.महा.न.पा वडा नं. १२ बस्ने कपिलदेव प्रसाद सोनारको छोरा वर्ष २२ को राजकुमार सोनार.......१ |
| ऐ को प्रमाण | ऐ को प्रमाण |
| साक्षी ............................ | साक्षी .............................. |
| कागज .......................... | कागज ............................ |

**तथ्य खण्ड**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

**(क) संक्षिप्त तथ्य : -**

१. म तथा मेरो बहिनी समेत २ जनालाई पहिला विवाह गरी गौना नभएको घर भारत सुगौली जाँदा भेट भएका प्रतिवादी राजकुमार सोनारले मेरो साथीको मोबाइलमा फोन गरी मसँग विवाह गरी दिल्लीमा लगी तिमीहरूलाई राम्रो जागिर लगाई दिने भनी विभिन्न प्रलोभनमा पारी पटक-पटक फोन गरी मिति २०६८।१०।७ गते बिहान वीरगन्ज बोलाई रेलबाट हामी दुवै जनालाई भारतको दिल्ली पुऱ्याई एकजना वंगाली आईमाईकोमा लगी जिम्मा लगाई निज राजकुमारले छाडी आएकोमा पछि बुझ्दा हामीलाई एक/एक लाखमा बिक्री गरेको थाहा भएपछि आँखा छली भागी प्रहरी मार्फत नेपाल आई यो जाहेरी दिएका छौं । निज राजकुमार सोनारलाई पक्राउ गरी कानुन बमोजिम गरी पाऊँ भन्ने समेत व्यहोराको मञ्जरी साह र सीता साहको संयुक्त जाहेरी दरखास्त ।

२. म तथा मेरो बहिनी सीता साहलाई निज प्रतवादी राजकुमार साह सोनारले विभिन्न प्रलोभनमा पारी जागिर लगाई दिने, मिठो खान र राम्रो ठाउँमा बस्न पाईने एवम् घरमा आमा वावु समेतलाई सुख हुने जस्ता प्रलोभनमा पारी मिति ०६८।१०।७ गते वीरगन्जबाट दिल्ली समेत पुऱ्याई बिक्री गरेपछि हामीलाई झुक्याई भागी आएका हुन् । प्रतिवादी राजकुमार सोनारलाई कारबाही हुनुपर्छ भन्ने समेत व्यहोराको नाम परिवर्तिन मञ्जरी साह र सीमा साहको बयान कागज ।

३. उल्लिखित पीडितहरूको बयान मिति २०६८।१०।२२ मा यस अदालतबाट प्रमाणित भएको ।

४. जि.मकवानपुर, हे.न.पा. ६ मा बस्ने मञ्जरी साह र सीता साह मिति ०६८।१०।७ गते हराएकाले खोजतलास गर्दा गराउँदा राजकुमारले विभिन्न प्रलोभनमा पारी ललाई फकाई भारतको रक्सौलमा विक्री समेत गरेको भन्ने खुल्न आई पीडितलाई उद्धार गरी ल्याई ऐ. १८ गते नेपाल माइती नेपालमा आएको हुँदा कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको माइती नेपाल शाखा कार्यालय हेटौंडाको पत्र ।

५. निज प्रतिवादी राजकुमार सोनारलाई अन्य मानिसहरूसँग राखी सनाखत गराउँदा समेत मैले चिनेको भारतमा पुर्‍याई बिक्री गर्ने मानिस हुन् भनी पीडितले गरेको सनाखत कागज ।

६. जाहेरवालाहरूले प्रतिवादी राजकुमार सोनारलाई मेरो फो.नं. ९८०६९९३७६८ नं. दिएका रहेछन् । निजले सोही नं. मा फोन गरी जाहेरवालालाई बोलाइदिनु भन्दा मैले निजहरूलाई फोन दिँदा निजहरूले धेरै बेरसम्म गफ गर्ने गरेका थिए । प्रतिवादीलाई चिन्दिन, जाहेरवालाहरू छिमेकी हुन् । निजहरूलाई चिन्दछु । मिति २०६८।१०।७ गतेदेखि निजहरू हराएका थिए । निजहरू आएपछि राजकुमारले भारतको कोठीमा लगेर बिक्री गरेको भनी पीडितहरूले बताएका हुन् भन्ने समेत व्यहोराको शान्ति गुरुङको कागज ।

७. जाहेरवालाहरू मञ्जरी साह र सीमा साह दुवै जना हाल नाम थाहा भएका प्रतिवादी राजकुमार सोनारले विभिन्न प्रलोभनमा पारी भारतको वेश्यालयमा लगी बिक्री गरेका रहेछन् भन्ने कुरा पीडितले भागी आएर भनेपछि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको घटना विवरणका मुरलीमाया थापा मगर, वसन्ती गुरुङ, यामकुमारी परियार.........समेतको घटना विवरण कागज ।

**ख) प्रतिवादीको मौकाको बयान : -**

८. पीडित जाहेरवालाहरू मेरो पूर्व घर भारत सुगौली जाँदा आउँदा भेट भएपछि निजहरूलाई पटक पटक फोनगरी विवाह गर्ने बहानामा बोलाई मिति २०६८।१०।७ गते वीरगन्जबाट दिल्ली पुर्‍याई निजहरूलाई वेश्यालयमा लगी तत्काल रु. ५०,०००।- लिएको र बाँकी रु. १,५०,०००।- पछि लिने सर्तमा रु. २,००,०००।- मा निजहरू दुवै जनालाई वेश्यालयमा बेची हिँडेको हुँ । पछि निजहरू कसरी फर्की आउन सफल भए थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी राजकुमार सोनारले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

**ग) अभियोग मागदाबी :-**

९. प्रतिवादी राजकुमार सोनारले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा घ (१) विरुद्धको कार्य गरी सोही ऐनको ४ (१) को (क) र (ख) ४ (२) को (क) (ख) को कसुर गरेको सिद्ध हुन आएकोले निज पक्राउ परेका प्रतिवादी राजकुमार सोनारलाई सोही ऐनको दफा १५ (१) को (क) तथा (ङ) (१) तथा दफा १५ (२) (ख) बमोजिम सजाय गरी दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति समेत भराई दफा २२ बमोजिम नैतिक पतन देखिने कसुर गरेको ठहर गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग मागदाबी ।

**घ) प्रतिवादीको अदालतको बयान :-**

१०. जाहेरवालामध्ये एउटा मेरो भाउजू नाता पर्ने भएको हुँदा पहिला चिनजानको मानिस हुन् । निजले मेरो फोन नं. लिएकी र कहिलेकाहीँ फोन गर्ने गरेकी थिइन् । मिति २०६८।१०।७ गते पनि निजले मलाई फोन गरी वीरगन्ज आएको, तपाई एकछिन आउनुहोस् भनी मलाई बसपार्कमा बोलाएकी हुँदा मैले नाता पर्ने मानिस हुन् किन बोलाएकी रहिछिन् भनी म आफ्नो काम छोडी बसपार्क जाँदा दुई जना आएका रहिछन् ।

कहाँ जान लाग्नुभएको भन्दा हामी घर छोडी आएको, हामीलाई बस्न मिलाइदिनुपर्‍यो भन्दा मैले बस्ने ठाउँ छैन । मेरो घरमा छोरी जन्मेको छ, तपाईहरू अन्यत्र गई बस्नुहोस् भनी म आई आफ्नो काम गरी बसेको हुँ । निजहरू त्यसपछि कहाँ गए मलाई थाहा भएन । त्यसको बेलुका निजको दाईले मलाई फोन गरी सोध्नुभयो । मैले वीरगन्ज आएको थियो, कहाँ गयो थाहा भएन भनें । भोलीपल्ट, पर्सिपल्ट समेत फोन गरे र मलाई भेट्न समेत गए । मैले बसपार्कमा भेटेको कुरा थाहा भएको सम्म कुरा भनिदिएँ । जोहरवालाहरूलाई को को भई के कसरी भारत पुर्‍याए मलाई थाहा छैन । मैले निजहरूलाई भारत लगी बिक्री गरेको छैन । पछि जाहेरवालाहरूका बुवाले रु.३,००,०००।- देऊ, म छाडिदिन्छु भनेका थिए, म निर्दोष छु किन पैसा दिने भनी भनेको थिएँ, सोही रिसइवी समेत राखी यो मुद्दा लगाएको हो । अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी राजकुमार सोनारले यस अदालतमा मिति २०६८।११।१८ गते गरेको बयान ।

**ङ) बुझिएका साक्षी प्रमाणहरू :-**

११. म बैनीको घर विदेश भारतको सुगौली जाँदा निज प्रतिवादी राजकुमार सोनारसँग चिनजान भएको हो । चिनजान भएपछि फोनमा हामी दुवै जनाको गफ भयो । फोन गर्दा तिमीलाई म राम्रो काम लगाइदिन्छु । राम्रो पैसा आउँछ भनेर फोनद्वारा मलाई फकाउन लाग्यो । तिमी आएनौ भने म मरिदिन्छु, तिमी र म भएर सँगै काम गरौं भनी फकाएपछि हामी घरबाट २०६८।१०।७ गते बिहान ५.०० बजे हेटौंडा आई गाडी चढी वीरगन्ज पुग्यौं । वीरगन्जबाट भारत रक्सौलमा गाडी चढी भारतको नयाँदिल्ली पुग्यौं । त्यसपछि हामी नयाँदिल्लीको स्टेसनमा बसिरहँदा निज प्रतिवादीले नचिनेको आइमाई लिएर आयो र तिमीहरूलाई मैले लिएर आएको मानिसले काममा लगाइदिन्छ भनेर फकायो । ती अपरिचित महिलाले हामीलाई घरमा लगी खान र बस्न दिइन् । भोलिपल्ट ती महिला मर्निङवाकमा घुम्न गएको बेला हामी त्यहाँबाट भागी प्रहरी चौकीमा गयौं । भएको सम्पूर्ण व्यहोरा भन्यौं । प्रहरीले माइती भारतलाई सम्पर्क गराई हामी माइती भारतमा पुग्यौं । माइती भारतले माइती भैरहवालाई सम्पर्क गरी माइती भैरहवा हुँदै हामीलाई माइती नेपाल हेटौंडामा बुझाएको हो भन्ने समेत व्यहोराको जाहेरवाला मञ्जरी साहले यस अदालतमा गरेको बकपत्र ।

१२. प्रतिवादी राजकुमार सोनारले जि.मकवानपुर हे.न.पा ६ बस्ने कान्छीमाया गुरुङको मोबाइलमा फोन गरी पीडितहरूलाई फोनबाट नै ललाई फकाई जागिर लगाइदिन्छु भनी वीरगन्ज बोलाएको रहेछ । निज पीडितहरू जागिर पाउने आशले राजकुमार सोनार भएको ठाउँ वीरगन्ज गएछन् । वीरगन्ज पुगेपछि राजकुमारले पीडितहरूलाई इन्डिया पास गराएछ । इन्डिया पुगेपछि पीडितहरूलाई प्रहरी तथा माइती नेपालले उद्दार गरी नेपाल फर्काएको भन्ने कुरा निज पीडितहरूले भनेबाट थाहा पाएको हुँ । पीडितहरू मेरो छिमेकी हुन् भन्ने समेत व्यहोराको घटना विवरणमा कागज गर्ने मानिस मुरलीमाया थापा मगरले यस अदालतमा गरेको बकपत्र ।

१३. पीडितहरूले राजकुमार सोनारसँग कुराकानी मोबाइलबाट गर्दा निज राजकुमार सोनारले मासिक रु.२५,०००।- आउने जागिर दिउँला, आउ भनी बोलाएपछि निज पीडितहरू राजकुमार सोनार भएका ठाउँमा गए । निज पीडितहरूलाई माइती नेपाल संस्थाले उद्धार गरेको भन्ने कुरा पीडितहरूले फर्की आएपछि भनेबाट थाहा पाएको हुँ भन्ने समेत व्यहोराको घटना विवरणमा कागज गर्ने मानिस यामकुमारी परियारले यस अदालतमा गरेको बकपत्र ।

१४. प्रतिवादीले जाहेरवालाहरूलाई लगाई फकाई दिल्ली पुर्‍याएको छैन । निज प्रतिवादी दिल्ली पनि गएका

छैन । मिति २०६८।१०।१० गते निज प्रतिवादी आफ्नै घरमा थिए । २०६८।१०।१० गतेका दिन ११.०० बजे प्रहरी आई निजलाई पक्राउ गरेको हो । निज प्रतिवादी चेलीबेटी बेचबिखन गर्ने खालको व्यक्ति होइनन् । निज निर्दोष छन् । निजले अभियोग माग दाबी बमोजिम काम नगरेको हुनाले निजलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी रामचन्द्र साह सोनार र लालबाबु समेतले यस अदालतमा गरेको बकपत्र ।

**च) सम्बद्ध कानुन :-**

१५. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा घ (१), दफा ४ (१) (क) र (ख), दफा ४ (२) को (क) (ख) दफा १५ (१) (क) (ङ) (१) दफा १५ (२) (ख) दफा १७ र २२ नं. समेत ।

## ठहर खण्ड

१६. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटाले पीडितलाई यी प्रतिवादीले भारतको दिल्लीमा राम्रो काममा लगाई दिन्छु भनी ललाई फकाई, प्रलोभन दिई भारतको दिल्ली पुऱ्याई बिक्री गरी रकम लिई आएको तथ्य पुष्टि भएकोले अभियोग दाबी अनुसार प्रतिवादीलाई सजाय हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो । पीडितको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय (पी.पी.आर.का प्रतिनिधि) श्री ईश्वरी अधिकारी र श्री ललिता श्रेष्ठले पीडितहरू निजै प्रतिवादीको आपराधिक कार्यबाट पीडित भएकोले हदैसम्म सजाय हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो : त्यस्तै प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ईश्वरराज ढकालले पीडित भनिएका व्यक्तिहरू आफ्नो राजी खुसीले गएका र नाताभित्रकै मानिसहरू भएको हुँदा प्रतिवादीले आरोपित कसुर गरेको भन्न सकिँदैन : अभियोगबाट सफाइ पाउनुपर्छ भनी बहस गर्नुभयो :

१७. सर्वप्रथम अभियोग दाबी अवलोकन गर्दा, प्रतिवादी राजकुमार सोनारले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) विरुद्धको कार्य गरी सोही ऐनको दफा ४ (१) को (क) र (ख), दफा ४ (२) को (क) र (ख) को कसुर गरेको सिद्ध हुन आएकोले निज पक्राउ परेका प्रतिवादी राजकुमार सोनारलाई सोही ऐनको दफा १५ (१) को (क) तथा (ङ) (१) र दफा १५ (२) (ख) बमोजिम सजाय गरी दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति समेत भराई दफा २२ बमोजिम नैतिक पतन देखिने कसुर गरेको ठहर गरी पाऊँ भन्ने समेत व्यहोरा उल्लेख गरी प्रस्तुत अभियोग पत्र दायर हुन आएको छ ।

१८. अब निर्णयको क्रममा उपरोक्त बहस छलफल, अभियोग दाबी र संकलित सबुद प्रमाणहरूको मूल्यांकन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न लिखित मुख्य प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो :-

- यी प्रतिवादीले पीडितहरूलाई भारतको दिल्लीसम्म पुऱ्याएका हुन्, होइनन् ?
- यदि दिल्ली पुऱ्याएका हुन् भने बिक्री गर्ने उद्देश्यले लगेको र बिक्री गरेका हुन्, होइनन् ?
- बिक्री गरेको भए प्रतिवादीलाई के कस्तो सजाय हुनुपर्ने हो ?
- अभियोग दाबीमा उल्लेख भए अनुसार छुट्टाछुट्टै सजाय गर्न मिल्छ, मिल्दैन ?
- छुट्टाछुट्टै सजाय हुने हो भने त्यसका कानुनी आधार र कारणहरू के के हुन् ?

१९. निर्णयार्थ प्रस्तुत गरिएका माथि उल्लिखित प्रश्नहरूको निरुपण गर्नुपूर्व प्रस्तुत मुद्दाको संक्षिप्त तथ्यको बारेमा जानकार रहनु उचित हुन आउँछ। यस क्रममा मुद्दाको तथ्यगत अवस्था हेर्दा यी प्रतिवादी राजकुमार साह सोनारले पीडित मञ्जरी साह र सीमा साहलाई ललाई फकाई गरी भारतको दिल्लीमा

पुऱ्याई बिक्री गरेको हुँदा कानुन बमोजिम कारवाही होस् भनी पीडितहरूबाट जाहेरी परेको अवस्था छ। पीडितमध्येका मञ्जरी साह प्रतिवादीको भाउजू नाता पर्ने देखिन्छ। अर्का पीडित सीमा साह चाहिँ मञ्जरी साहको साथी रहेछन्। पीडितहरूमध्येका मञ्जरी साह र प्रतिवादीको विचमा बारम्बार मोबाइल फोनमा कुराकानी हुने गरेको तथ्यमा विवाद छैन। यस सिलसिलामा वारदात भएको दिनमा पनि उनीहरूबीच फोनमा कुराकानी भई वारदात मिति २०६८।१०।७ गते प्रतिवादीको अनुरोधमा जाहेरवाला मञ्जरी साह र सीमा साहको यी प्रतिवादीसँग वीरगन्ज बसपार्कमा भेट भएको अवस्था छ। सो तथ्यलाई स्वयम् प्रतिवादीले स्वीकार गरेको पाइन्छ। उक्त दिन यी प्रतिवादीले जाहेरवालालाई ललाई, फकाई पीडितहरूलाई लिएर गई राम्रो काम खोजिदिनको लागि भनी सँगसँगै भारतको दिल्लीतर्फ प्रस्थान गरेको भन्ने तथ्यहरूबाट देखिएको छ। दिल्लीमा पीडितहरूलाई एकजना बंगाली महिलाको घरमा पुऱ्याई पीडितलाई त्यहीं नै छाडी प्रतिवादी एक्लै नेपाल फर्की आएको अवस्था छ। सो बंगाली महिलाको घरमा अन्य ३०।३५ जना नेपाली चेलीहरू पनि रहेको देखी र पीडितहरूलाई वेश्यावृत्तिको कार्यमा लगाउने तयारी बुझेपछि निज पीडितहरू त्यहाँबाट भागी माइती इन्डियाको सहयोग मार्फत भैरहवा माइती नेपाल हुँदै हेटौँडा माइती नेपालमा आइपुगेको भन्ने तथ्यबाट देखिएको छ। प्रतिवादीले पीडितहरूलाई भा.रु. दुई लाखमा बिक्री गरेको भन्ने समेत जाहेरवालाको भनाइ रहेको छ।

२०. अब, माथि उल्लिखित मुद्दाको तथ्य र समग्र पृष्ठभूमिको आधारमा निर्णयार्थ प्रस्तुत प्रश्नका सम्बन्धमा क्रमश विचार गरिनु आवश्यक छ। तर ती प्रश्नहरूमा प्रवेश गर्नु अगाडि बेचबिखन तथा ओसार पसार सम्बन्धी अपराधको सैद्धान्तिक पाटोतर्फ पनि सूक्ष्म दृष्टि पुऱ्याइनु वाञ्छनीय हुन आउँदछ। यस सिलसिलामा मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधको परिभाषा र यसका तत्वहरूको सम्बन्धमा पनि जानकारी राखिनु उचित हुन आउँछ। यो एउटा गम्भीर प्रकृतिको अपराध हो, जसबाट पीडितको आधारभूत मानव अधिकारको उल्लँघन हुन जान्छ। साथै यो एउटा लैंगिकतामा आधारित हिंसा मात्र नभई मानवता विरोधी अपराधको रूपमा परिभाषित अन्तर्राष्ट्रिय संगठित अपराध पनि हो। यस अपराधलाई हाल विश्वमा प्रचलित प्रमुख तीनओटा संगठित अपराधहरू लागूऔषधको कारोबार र अवैध हातहतियार कारोबार पछिको तेश्रो ठूलो अन्तर्राष्ट्रिय संगठित अपराधको रूपमा मानिएको छ। यथार्थमा महिला बेचिबिखनलाई मानव बेचिबिखनको फराकिलो क्षेत्रभित्र विभिन्न प्रयोजनको लागि हुने जबरजस्ती वा इच्छाविरुद्ध देशभित्र वा बाहिर स्थानान्तरण गरिने क्रियाकलापको एउटा अंगको रूपमा हेर्नुपर्ने हुन्छ।

२१. अन्तर्राष्ट्रिय कानुनको सन्दर्भमा हेर्दा बीसौं शताब्दीको प्रारम्भदेखि मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई निषेध गर्ने अभियानको थालनी भएको पाइन्छ। सन् १९०४ मा सम्पन्न गोरा दासहरूको बिक्री रोकथाम गर्ने अन्तर्राष्ट्रिय संझौता (International Agreement for the Suppression of the White Slave Traffic, 1904), सन् १९२१ को महिला तथा बालबालिकाको बेचबिखन रोकथाम सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Suppression of the Traffic of Women and Children, 1921), सन् १९२६ को दासता सम्बन्धी महासन्धि, सन् १९३३ को वयस्क महिलाको बेचबिखन तथा ओसारपसार रोकथाम सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Suppression of the Traffic in Women of Full Age, 1933), सन् १९४९ को मानव बेचबिखन तथा अर्काको वेश्यावृत्तिको शोषणको रोकथाम सम्बन्धी महासन्धि, (Convention for the Suppression of the Traffic in Persons and of the Exploitation of the Prostitution of Others, 1949) र मानव विशेषगरी महिला तथा बालबालिका विरुद्धको बेचबिखनलाई रोक्न, दवाउन र सजाय गर्न अन्तर्राष्ट्रिय रूपमा संगठित अपराध विरुद्धका महासन्धिको उपलेख, २००० (Protocol to Prevent, Suppress and Punish Trafficking in

Persons, Especially Women and Children, supplementing the United Nations Convention against Transnational Organized Crime, 2000) ले मानव बेचबिखनलाई निषेध र नियन्त्रण गर्ने सम्बन्धमा उल्लेख्य प्रयास गरेको पाइन्छ ।

२२. त्यसैगरी मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९, बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ र यसको ऐच्छिक प्रलेख, २००० तथा अन्तर्राष्ट्रिय श्रम संगठनको निकृष्ट बाल श्रम सम्बन्धी महासन्धि, १९९९ लगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरूले मानव अधिकारको संरक्षण, सम्मान र संवर्द्धनको सम्बन्धमा विशेष व्यवस्थाहरू गर्दै आएका छन् । त्यस्तै महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को धारा ६ ले पक्ष राष्ट्रहरूले महिलाको सबै प्रकारको बेचविखन तथा महिलाको वेश्यावृत्तिको शोषण दमन गर्न कानुनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् भन्ने उद्घोष गरेको छ । महासन्धिका यी व्यवस्थाहरूको पालना र सम्मान गर्नु पक्ष राष्ट्रहरूको अन्तर्राष्ट्रिय दायित्व एवम् कर्तव्य हो । Vienna Convention on the Law of the Treaties, 1969 को Article 26 मा "Pacta sunt servanda" को सिद्धान्तलाई आत्मसात गर्दै "Every treaty in force is binding upon the parties to it and must be performed by them in good faith" भन्ने उल्लेख गरिएको छ । तसर्थ, मानव अधिकारको हनन मानव बेचबिखनको कारण र परिणाम दुबै हो भन्ने सन्दर्भमा यी दस्तावेजहरूको अहम् महत्व रहेको छ ।

२३. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरूमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधलाई निम्न बमोजिम परिभाषित गरिएको पाइन्छ : United Nations Convention against Transnational Organized Crime 1998, अन्तर्गत जारी भएको Protocol to Prevent, Suppress and Punish Trafficking in persons, especially women and children supplementing the UN Convention against Transnational organized crime 1998, को धारा घ अनुसार मानव बेचिबिखन भन्नाले ओसारपसारको डर, त्रास, धम्की, शक्ति, छलकपट, धोका, शक्तिको दुरूपयोग साथै जोखिमपूर्ण अवस्थाको दुरूपयोग गरी कुनै व्यक्तिलाई कुनै पनि प्रकारको शोषणको लागि भर्ना गर्नु, स्थानान्तरण गर्नु, त्यस्तो कार्यलाई सहयोग पुऱ्याउनु वा उक्त कार्यको लागि सहयोग प्राप्त गर्नु तथा बेचिबिखन गरिने व्यक्तिमाथि नियन्त्रण भएको व्यक्तिलाई उपरोक्त कार्यमा सहयोग प्राप्त गर्नको निम्ति रकमहरू वा फाइदाहरू दिनु लिनुलाई बुझाउँदछ ("Trafficking in person" Shall mean the recruitment, transportation, transfer, harboring or receipt of persons by means of threat or use of force or other forms of coercion, of abduction, of fraud, of deception, of the abuse of power or of a position of vulnerability or of giving or receiving of payments or benefits to achieve the consent of person having control over another person for the purposes of exploitation of the prostitution of the others or other forms of sexual exploitation, forced labour services, slavery, or practices similar to slavery servitude or the removal of organs) भनी परिभाषा गरिएको छ । उक्त परिभाषा अनुसार बल, धम्की, अपहरण, जालसाजी वा झुक्याई वा शक्तिको दुरूपयोग गरी पीडितको संवेदनशील अवस्थाको फाइदा लिएर शोषणजन्य काममा लगाउने उद्देश्यले सहमति प्राप्त गर्ने हिसाबले कुनै व्यक्तिलाई कब्जामा लिने, ओसारपसार गर्ने, लुकाउने आदि जस्ता जुनसुकै कुरालाई समेट्छ । सो परिभाषा केवल वेश्यावृत्ति वा यौन शोषण गराउने उद्देश्यले गरिएको कार्यमा मात्र सीमित नभै बलपूर्वक काममा लगाउने, दास वा दासताजन्य काममा लगाउने, मानव अंग झिक्ने जस्ता कार्यसमेत यसमा समेटिएको पाइन्छ ।

२४. उपरोक्त परिभाषा आउनुअघिको १९४९ मा जारी भएको बेचबिखन सम्बन्धी सन्धि (Convention on Trafficking) ले यौन व्यवसाय वा वेश्यावृत्तिसँग सम्वद्ध गरेर बेचबिखनको परिभाषा गरेको पाइन्छ । सो अनुसार - "To procure, entice or lead away, for the purpose of prostitution, another person, even with the consent of that person and to exploit the prostitution of another person even with the consent of that person." साथै बेचबिखन (Trafficking) भन्ने शब्दले वेश्यालयको व्यवसाय र आर्थिक स्रोत जुटाउने कार्य तथा जानाजानी कुनै घर वा अरूको वेश्यावृत्तिको लागि त्यस्तै कुनै अर्को ठाउँ भाडामा दिने कार्यलाई समेत जनाउने व्यवस्था गरेको पाइन्छ ।

२५. यसै क्रममा वेश्यावृत्ति रोक्ने सम्बन्धी सार्क महासन्धिमा भनिएको छ - Trafficking means the moving, selling or buying of women and children for prostitution within and outside a country for monetary or other consideration with or without the consent of the person being trafficked. यसरी संयुक्त राष्ट्रसंघको संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गत जारी भएको प्रोटोकलको तुलनामा १९४९ को मानव बेचबिखन सम्बन्धी महासन्धि तथा सार्क महासन्धि समेत सीमित अर्थमा जारी भएको देखिन्छ ।

२६. नेपालमा हाल प्रचलित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ ले फराकिलो अर्थमा मानव बेचबिखनको परिभाषा गरेको छ । ऐनको दफा ४ (१) अनुसार **कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने व्यवस्था छ :-**

क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,
घ) वेश्यागमन गर्ने ।

**त्यसैगरी कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ :-**

क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।

२७. उपरोक्त परिभाषाहरूले मानव बेचबिखनभित्र खासगरेर वेश्यावृत्तिका उद्देश्यले महिलाको बेचबिखन वा ओसारपसार गर्ने कार्यलाई मध्यनजर राखेर कानुनको निर्माण हुने गरेको देखिन्छ । तर मानव बेचबिखन, वेश्यावृत्ति र अध्यागमनको मुद्दालाई धेरैजसो जोडेर वा एकै अर्थमा बुझ्ने कोसिस गर्नाले पनि यो समस्याको बारेमा समग्र रूपमा बुझ्न नखोजेको देखिन्छ ।

२८. उपरोक्त परिभाषा अनुसार मानव बेचविखन तथा ओसारपसारको अपराध हुनको लागि मुख्यतः तीनओटा तत्वहरू आवश्यक पर्दछन् । जस्तै कार्य (Action), माध्यम (Means) र उद्देश्य (Purpose) : यी तत्वहरूको संयोजनबाट मानव बेचबिखनका अपराधीहरूले पीडितहरूलाई विभिन्न तरिकाले नियन्त्रण गर्दछन् र लोभ्याउँछन् । पीडितलाई राम्रो रोजगारीको अवसर देखाएर, राम्रो जीवनस्तरको लोभमा पारेर, वा विदेश यात्रा गराएर आफ्नो उद्देश्य पूरा गर्ने गर्दछन् । मानव ओसारपसारको प्रक्रिया अन्तर्गत Recruitment,

Transportation, Transfer, Harboring, Receipt of person and Exploitation जस्ता मुख्य विधिहरू अपनाइने गर्दछ र सो विधि मूलतः मानिसलाई बेचेर लिइने आर्थिक फाइदाको निम्ति नै प्रयोग हुन्छ। उक्त विधि अपनाउँदा threat, force, fraud, deception, abduction, other forms of coercion, abuse of power position of vulnerability, giving or receiving of payments or benefits जस्ता माध्यमहरू (means/methods) को प्रयोग गरिएको हुन्छ। यस्तो कार्यको निम्ति छलकपट गरेर पीडितको सहमति लिएको देखिन्छ तापनि त्यस्तो सहमति नै भए पनि प्रतिरक्षाको आधार हुन सक्तैन।

२९. मानव बेचबिखनको सिकार बालक, पुरुष जो पनि हुन सक्ने भए पनि त्यसको खास असर महिलामाथि पर्ने गरेको हुनाले मानव बेचबिखनबाट महिलामा परेको वा पर्ने असर, त्यसको कारण र त्यसको कानुनी उपचारको हिसाबले व्यापक विचार गर्न जरुरी देखिन्छ। मानव बेचबिखनलाई दुर्भाग्यपूर्ण र अभिशापपूर्ण व्यापारको रूपमा लिइन्छ। खास गरेर वेश्यावृत्तिको लागि गरिने बेचबिखनलाई मनोरञ्जन र राजस्वको स्रोतको रूपमा समेत लिइएको पाइन्छ। त्यसैले महिला नै खास गरेर पीडितको रूपमा रहेको पाइन्छ। विश्वमा करिब १० अर्ब डलरको वार्षिक व्यापार गर्दै यस अपराधले हतियार बिक्री र लागूऔषधपछिको तेस्रो स्थान हासिल गरेको पाइन्छ। मानव बेचबिखनको सिलसिलामा दस वर्षमुनिको बालिकासम्म पनि नछुटेको उदाहरण पाइन्छ भने मूलतः ११ वर्षदेखि १८ वर्षको बालिकाहरू विशेष रूपले जोखिममा परेको देखिन्छ। त्यसमा पनि खासगरेर निरक्षर, बेरोजगार, गरिब परिवारका महिला तथा बालिकाहरू बेचबिखनमा परेको देखिन्छ। यस अपराधका कार्यकर्ताहरूले सो बाहेक एकल महिला, लोग्नेबाट परित्यक्त महिला, विधवा वा अविवाहितहरूलाई विशेष रूपले लक्षित गरेको पाइन्छ। सञ्जाल सहितको यो संगठित अपराध अन्तर र्राष्ट्रिय रूपमा फैलिएको हुनाले खासगरेर कम विकसित अर्थतन्त्रबाट विकसित अर्थतन्त्रतर्फ बेचबिखनको कसुरहरू उन्मुख भएको देखिन्छ। उदाहरणार्थ, बर्सेनि ६ लाख महिलाहरू युरोपमा र ५०,००० महिलाहरू संयुक्त राज्य अमेरिकामा बेचबिखनमा पर्दछन् भन्ने अनुमान छ। जापानमा २ लाख महिलाहरू र दक्षिण एसियाभित्रै पनि हजारौंको संख्यामा महिला बेचबिखन हुने अनुमान छ। नेपालबाट मात्रै भारतमा बर्सेनि ७ देखि १५,००० महिलाहरू बेचबिखन हुने गरेको विभिन्न अनुसन्धान प्रतिवेदनहरूको अनुमान छ।

३०. अब, उपरोक्त सन्दर्भको सैद्दान्तिक विवेचना पश्चात् प्रस्तुत मुद्दामा ठहर गर्नुपर्ने पहिलो प्रश्न **यी प्रतिवादीले पीडितलाई भारतको दिल्ली पुऱ्याई बिक्री गरेका हुन्, होइनन्** ? भन्ने सम्बन्धमा निर्णयार्थ हेर्दा प्रतिवादी माथि पीडित मञ्जरी साह र सीमा साहको मिति २०६८।१०।२० मा परेको संयुक्त किटानी जाहेरीलाई हेरौं : सो जाहेरीमा निम्न व्यहोरा उल्लेख छ :-

> "म तथा मेरो वहिनी समेत २ जनालाई पहिला विवाह गरी गौना नभएको घर भारत सुगौली जाँदा भेट भएका प्रतिवादी राजकुमार सोनारले मेरो साथीको मोबाइलमा फोन गरी मसँग विवाह गरी दिल्लीमा लगी तिमीहरूलाई राम्रो जागिर लगाइदिने भनी विभिन्न प्रलोभनमा पारी पटक/पटक फोन गरी मिति २०६८।१०।७ गते विहान वीरगन्ज बोलाई रेलबाट हामी दुवै जनालाई भारतको दिल्ली पुऱ्याई एक जना वंगाली आइमाईकोमा लगी जिम्मा लगाई निज राजकुमारले छाडी आएकोमा पछि बुझ्दा हामीलाई वेश्यावृत्तिमा लगाउन एक/एक लाखमा बिक्री गरेको थाहा भएपछि पछि आँखा छली भागी प्रहरी मार्फत नेपाल आई यो जाहेरी दिएका छौं। निज राज कुमार सोनारलाई पक्राउ गरी कानुन बमोजिम गरी पाऊँ।"

३१. पीडितले आफ्नो जाहेरी व्यहोरालाई समर्थन गर्दै मिति 2068/10/22 मा अनुसन्धान अधिकारी समक्ष बयान गरेका छन् : सो बयान सोही मितिमा यस अदालतबाट मानव बेचविखन तथा ओसारपसार र नियन्त्रण

ऐन, २०६४ को दफा ६(२) बमोजिम प्रमाणित गरिएको अवस्था छ : यसरी कानुनतः स्वतन्त्र अदालतमा पीडितको बयान प्रमाणित भएको अवस्था एवम प्रमाण ऐन, २०३१ को दफा १०(१) (क) बमोजिम पीडित व्यक्तिले घटनाको तत्काल पछि व्यक्त गरेको कुरा अदालतले प्रमाणमा ग्रहण गर्न हुने व्यवस्था समेत रहेको परिप्रेक्ष्यमा पीडित जाहेरवालाहरूको जाहेरी एवम् प्रमाणित बयानलाई अन्यथा हो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार प्रतिवादी समक्ष रहन्छ । पीडित जाहेरवालाहरूलाई भारतको दिल्लीस्थित बंगाली महिलाले सञ्चालन गरेको वेश्यालयमा बिक्री गरी प्रतिवादी नेपाल फर्किए पश्चात् पीडितहरू वेश्यालयको सम्भावित कठोर नारकीय जीवनबाट उम्की भारतीय प्रहरी समक्ष पुगेको र माइती भारत नामक संस्था मार्फत माइती नेपालको भैरहवा हुँदै माइती नेपालको हेटौंडा कार्यालयबाट उद्धार भई आएको अवस्था छ । यसरी एक पटक वेश्यालयमा बेचिई आफूप्रति अपराध गर्ने व्यक्तिको सम्बन्धमा स्वयम् पीडितले जाहेरी दिई बयान प्रमाणित समेत भइसकेको अवस्थामा अभियोग दाबीमा लगाइएको अभियोगमा प्रतिवादीको संलग्नता नरहेको कुरा शंकारहित तवरले प्रमाणित गर्नुपर्ने दायित्व अर्थात् प्रमाणको भार प्रतिवादी माथि नै रहन्छ । यस मुद्दामा प्रतिवादी राजकुमार सोनारले सो दायित्व पूरा गरेको पाइँदैन ।

३२. प्रतिवादी राजकुमार सोनारले अनुसन्धान अधिकारी समक्ष साविती बयान दिएको अवस्था छ । सो साविती बयान अन्यथा प्रमाणित भएको नपाइँदा प्रमाण ऐन, २०३१ को दफा ९ अनुसार निजको विरुद्दमा लाग्ने प्रमाणको रूपमा स्थापित भएको छ । यद्यपि निज प्रतिवादीले यस अदालतमा बयान गर्दा उक्त अनुसन्धानको क्रममा गरेको साविती बयानलाई इन्कार गरेको देखिए तापनि मानव बेचविखन तथा ओसारपसार र नियन्त्रण ऐन, २०३१ को दफा ९ अनुसार "प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस अन्तर्गतको कसुर गरेको अभियोग लागेमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनुपर्नेछ" भन्ने कानुनी व्यवस्था भएअनुसार आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार कुनै वस्तुनिष्ठ प्रमाण प्रस्तुत गरी पूरा गर्न सकेको देखिँदैन । निज प्रतिवादीले अदालतमा गरेको केवल कोरा इन्कारीजस्तो एकल आधारलाई मात्र निजको निर्दोषिता सिद्ध गर्ने प्रमाण मान्न सकिने स्थिति हुँदैन । मौकाको साविती बयानमा निज प्रतिवादीले आफूले गरेको कसुर अपराध कबुल गर्दै निम्न व्यहोरा व्यक्त गरेको पाइन्छ । जुन व्यहोरा अन्यथा प्रमाणित भएको स्थिति छैन र निज प्रतिवादीको सो बयानलाई झुठा हो कि भनी अन्यथा सम्झनुपर्ने केही कारण छैन ।

> "म कहिलेकाहीँ भारतको सुगौली स्थित घरमा जाँदा जाहेरवाला सीमा साह र निजको दिदी मञ्जरी साहसँग चिनजान भएको थियो । निजहरूको सम्पर्क नम्वर पनि लिई बेला बेलामा मैले फोन गर्ने गरेको थिएँ । निजहरू बेरोजगार भएको कारण निजहरूलाई मैले राम्रो काम लगाइदिउँला । मसँग भारतको नयाँ दिल्लीमा हिँड । राम्रो काम खोजिदिन्छु । म पनि सोही स्थानमा नै काम गरी बस्छु भनेको थिएँ । दुवै जना दिदी बहिनीहरू चौघडा स्थित माइतीघरमा आएको छ भन्ने कुरा थाहा पाई म वीरगन्जमा बसेको अवस्थामा मिति २०६८।१०।६ गते बेलुकी मैले फोन गरी जाहेरवालाहरू दुवै जनालाई अनेक किसिमको प्रलोभन देखाई तिमीहरू भोलि जसरी भए पनि वीरगंन्जमा आउनु राम्रो काम गर्न नयाँदिल्ली जानुपर्छ भनेपश्चात् निजहरू दुवै जना प्रलोभनमा परी मिति २०६८।१०।७ गतेका दिन वीरगंन्ज आए पश्चात् बसपार्कमा भेट भएपछि टाँगामा चढी रक्सौल गयौं । सो रात रेलवे स्टेसनमा बास बसी दिल्ली जाँदा मिति २०६८।१०।९ गते अं. १४.०० बजेको समयमा नयाँदिल्ली पुगेपछि दुवै जनालाई तिमीहरू यहीँ बस : म केही बेरमा आउँछु भनी जाहेरवालाहरूलाई स्टेसनमा राखी म कोठी सञ्चालन गर्ने नाम थाहा

नभएको बंगाली महिलाको घरमा पुगी २ जना केटी ल्याएको छु, किन्ने हो ? भन्दा निजले हुन्छ भनी भा.रु.१,००,०००।- का दरले बिक्री गरी निज महिलालाई करिब डेढ घण्टा जति पछि स्टेसनमा जाहेरवालाहरू भएको स्थानमा आई तिमीहरूलाई काम दिने दिदी निज बंगाली महिलाको जिम्मा लगाई पठाई म सो स्थानबाट नेपाल फर्की आएको हो । पीडितहरू उक्त स्थानबाट भागी नेपाल आई मलाई खोजतलास गरीरहेको अवस्थामा मिति २०६८।१०।२८ गते बसबाट ओर्लन लाग्दाको अवस्थामा पक्राउ गरेका हुन् ।"

३३. अतः यी प्रतिवादीले अनुसन्धानको क्रममा गरेको उक्त साविती बयानबाट पीडितको जाहेरी व्यहोरा सिलसिलेवार रूपमा समर्थन भएको देखिन्छ । एकातिर पीडितलाई भारतीय प्रहरीले उद्धार गरी नेपाल पठाएको तथ्यमा विवाद छैन भने अर्कोतिर उक्त तथ्यले प्रतिवादीको प्रहरीमा भएको सावितिलाई समर्थन गरेको अवस्था छ । निज प्रतिवादीको सो साविती बयान व्यहोराबाट निम्न कुराहरू स्थापित भएको छ, जो कसुर प्रमाणित गर्न पर्याप्त आधारको रुपमा रहेको छ :-

- पीडित तथा जाहेरवाला निज प्रतिवादीको पूर्वपरिचित व्यक्ति देखिएको ।
- पीडितलाई राम्रो काम लगाइदिन्छु भन्ने बहानामा बेलाबेलामा फोन गर्ने गरेको ।
- प्रतिवादीले पीडितलाई राम्रो काम खोजिदिन्छु भनी भारतको दिल्लीमा पुऱ्याएको ।
- दिल्लीस्थित एकजना बंगाली महिलालाई जिम्मा लगाई बेची फर्किएको ।
- प्रतिवादीले सो कार्य बापतमा प्रतिव्यक्ति भा.रु.१,००,०००।- बुझी लिएको ।
- पछि पीडितहरू उक्त कोठीबाट भागी नेपाल आई प्रतिवादीको खोजतलास गरी जाहेरी दिएको ।

३४. अतः निज प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष गरेको साविती बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) अनुसार "मुद्दाका कुनै पक्षले व्यक्त गरेका कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ" भन्ने कानुनी आधारमा अन्यथा प्रमाणित भएको अवस्था नहुँदा तथा प्रमाण ऐन, २०३१ को दफा ९ अनुसारको स्वेच्छापूर्वकको सावितिलाई प्रमाणमा लिन मिल्ने नै हुँदा उक्त सावितिलाई प्रतिवादीको विरुद्धमा प्रमाणमा लिन मिल्दछ । वस्तुतः प्रतिवादीले अनुसन्धानको क्रममा गरेको साविती बयान मुद्दाको तथ्यगत रूपमा समेत पुष्टि हुन आएकोले सो सावितीलाई शंकाको दृष्टिकोणबाट हेर्न मिल्दैन ।

३५. यसरी प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई भारतको दिल्लीसम्म पुऱ्याएकोमा पीडित र प्रतिवादीको बीच मुख मिलिरहेको अवस्था हुँदा सो तथ्यमा कुनै विवाद देखिँदैन । अर्काकी स्वास्नीलाई भगाई विदेश भारत लगेकोमा बिक्री गर्ने उद्देश्य बाहेक त्यसरी लैजानुको उचित कारण देखाउन नसकेको र प्रतिवादीले यस अदालतमा गरेको बयानको स.ज.३ मा पीडितहरूमध्ये १ जना आफ्नो भाउजू नाता पर्ने भएको हुँदा चिनजान भएको, निजले आफ्नो फोन नं. लिई फोन गर्ने गरेको र वारदात मिति २०६८।१०।७ गते पीडितसँग वीरगन्ज बसपार्कमा भेट भएको तथ्यसम्मलाई अस्वीकार नगरी वीरगन्ज बसपार्कको सो भेट पश्चात्को घटनाक्रमबारे प्रस्ट नपारी अन्य आरोपित तथ्यहरूका सम्बन्धमा कुनै कुरा उल्लेख नगरी यथार्थ ढाकछोप गर्न खोजेको देखिन्छ । प्रतिवादीले पहिले पनि बेला बेलामा भेट्ने गरेको र वारदातको दिनमा समेत फोनमा कुरा गरी कुन उद्देश्यबाट पीडितलाई वीरगन्ज बसपार्कमा बोलाई भेटघाट गरेको हो ? भन्ने सम्बन्धमा कुनै विश्वासनीय आधार तथा कारण र भेटघाटको प्रयोजन देखाउन, खुलाउन सकेको पाइँदैन । यसर्थ परिस्थितिजन्य प्रमाणको आधारमा हेर्दा समेत यी प्रतिवादीले आरोपित कसुरजन्य कार्य गरेको प्रमाणित हुन आउँछ । यस सम्बन्धमा सर्वोच्च अदालतबाट **लक्ष्मी गुरुङको जाहेरीले श्री ५ को सरकार विरुद्द घुसने भन्ने नवीन दमाई** भएको जीउ मास्ने बेच्ने मुद्दामा अर्काकी स्वास्नीलाई भगाई विदेश लगेकोमा बिक्री गर्ने उद्देश्य बाहेक त्यसरी लैजानेको उचित कारण देखाउन नसकेको भन्ने समेत

आधारमा बिक्री गर्न लगेको भन्ने स्वाभाविक अनुमान गरी सजाय गरिएको सन्दर्भ समेत प्रस्तुत मुद्दामा आकर्षित हुन आउँदछ ।

३६. यसका अतिरिक्त पीडितहरू मिति २०६८।१०।७ गते रक्सौल पुगी यी प्रतिवादीसँग त्यहीँ स्टेसनमा बास बसी भोलिपल्ट बिहान ट्रेन चढी २०६८।१०।९ गते दिउँसो २:०० बजे दिल्ली पुगेको, त्यहाँ पुगेपछि प्रतिवादी राजकुमारले तिमीहरू यहीँ बस्दै गर, म एकछिनमा आउँछु भनी स्टेसनमा छाडी गएको, त्यसको डेढ घण्टापछि एक जना मोटी गोरी करिब ३५ वर्ष जतिको बंगाली महिलाको साथमा फर्केको र पीडितलाई निज महिलाको जिम्मा लगाई पैसा कमाउने काममा लगाइदिनुहुन्छ भनेको, राजकुमारलाई पनि साथै हिँड भनी पीडितले अनुरोध गरेकोमा नमानी कतै लागेको भन्ने पीडितहरूको जाहेरी तथा प्रमाणित बयानमा उल्लेख छ । तत्पश्चात् ती बंगाली महिलाले तिमीहरूले यहाँ वेश्यावृत्ति गर्नुपर्छ, मैले राजकुमार सोनारसँग प्रतिव्यक्ति भा.रु. १००,०००।- का दरले दुई जनाको रु.२,००,०००।- तिरेर किनेको छु । सो भुक्तान नहुन्जेल तिमीहरूले मैले भने बमोजिम वेश्यावृत्ति गर्नुपर्छ भनेकी र त्यहाँ करिब ३५।३६ जना अन्य केटीहरू पनि रहेको तथ्य पीडितहरूको जाहेरीमा उल्लेख छ । सो को भोलिपल्ट बिहान पीडितहरू त्यहाँबाट भागी नजिकैको प्रहरी चौकीमा उजुर गर्न गएका र प्रहरीले भारत स्थित माइती इन्डियामा पुऱ्याइदिएपछि त्यहाँबाट भैरहवा माइती नेपालमा पुऱ्याई भैरहवाबाट माइती नेपाल, रोकथाम गृह, हेटौँडाको सहयोगमा उद्दार भएको अवस्था देखिन्छ :

३७. साथसाथै पीडितमध्येका सीमा साह बकपत्रको निमित्त अदालतमा उपस्थित नभएतापनि अर्का पीडित मञ्जरी साहले जाहेरी तथा पीडितको बयानमा उल्लिखित व्यहोरालाई नै जस्ताको तस्तै समर्थन गर्दै अदालतमा उपस्थित भई बकपत्र गरिदिएको स्थितिबाट यी प्रतिवादी उपरको अभियोग दाबी शंकारहित रूपमा थप प्रमाणित हुन आएको छ । पीडितको बकपत्र नभएकै अवस्थामा पनि अनुसन्धान अधिकारी समक्ष पीडितले गरेको बयान अदालतमा प्रमाणित भइसकेको भए त्यस्तो प्रमाणित बयानलाई वस्तुनिष्ठ प्रमाणको रूपमा ग्रहण गर्न सकिने भन्ने सम्बन्धमा तेजबहादुर रानामगर विरुद्ध नेपाल सरकार भएको जीउ मास्ने बेच्ने मुद्दा (ने.का.प.२०६९, अंक ४, नि.नं. ८८०४, पृ ५६८-५७३) मा भएको व्याख्या प्रस्तुत मुद्दाको सन्दर्भमा पनि प्रासंगिक हुन आउँछ । उक्त व्याख्या अनुसार "जीउ मास्ने बेच्ने जस्तो गम्भीर प्रकृतिको मुद्दामा पीडित व्यक्तिले मौकामा गरेको बयान प्रमाणित गराउनुपर्ने कानुनी व्यवस्थाको खास प्रयोजन र महत्व हुन्छ । सो कुरालाई नजरअन्दाज गरी केवल पीडितको बकपत्रलाई मात्र कसुर स्थापित गर्ने प्रमाणको रूपमा हेरिनुपर्छ भन्ने सूत्रवत मान्यता राख्नु न्यायोचित र विवेकसम्मत नहुने" भनी उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दामा त अझै २ जना पीडितमध्ये १ जना (मञ्जरी साह) ले अभियोग दाबी पुष्टि हुने गरी बकपत्र गरी दिएको हुँदा अर्को एक जना पीडितको बकपत्र नहुनु मात्र सफाइको आधार बन्न सक्तैन ।

३८. प्रस्तुत वारदातको सम्बन्धमा घटना विवरणमा कागज गर्ने वादीतर्फका साक्षी यामकुमारी परियार र मुरलीमाया थापामगरले समेत अदालत समक्ष उपस्थित भई गरिदिएको बकपत्र पनि प्रस्तुत अभियोग दाबी पुष्टि गर्ने अर्को थप प्रमाणको रूपमा रहेको छ । निज साक्षीहरूले अनुसन्धानको क्रममा प्रतिवादीलाई कसुरमा गडाउ गर्दै व्यक्त गरेको कथनलाई नै समर्थन गर्दै यी प्रतिवादीले पीडितलाई फोनबाट नै ललाई फकाई जागिर लगाइदिन्छु भनी वीरगन्ज बोलाई इन्डिया पास गराएका र इन्डिया पुगेपछि प्रहरी र माइती नेपालले उद्दार गरी नेपाल फर्काएका हुन् भनी बकपत्र गरिदिएको अवस्था छ । मौकाका साक्षीको सो भनाइबाट अभियोग पत्रको दाबी अझै खम्बिर रूपमा प्रमाणित हुन गएको छ ।

३९. त्यस्तै प्रतिवादीका साक्षी लालबाबु र रामचन्द्र साहले यी प्रतिवादीले जाहेरवालाहरूलाई ललाई फकाई

दिल्ली पुऱ्याएका छैनन्, निज दिल्ली पनि गएका छैनन्, घटना घटेको भनिएको दिन मैले निज प्रतिवादीलाई घरमा नै भेटेको थिएँ भनी बकपत्र गरे तापनि स्वयम् प्रतिवादी राजकुमार सोनारले पीडितहरूसँग भेटघाट हुने गरेको, मोबाइलमा कुराकानी भएको, वारदातको दिन वीरगन्ज बसपार्कमा बोलाई भेटेको, दिल्लीसम्म पुऱ्याएको र बंगाली आइमाईको जिम्मा लगाई रकम लिएको तथ्यलाई स्वीकार गरी मौकामा अनुसन्धान अधिकारी समक्ष सावित भई गरेको बयान व्यहोराबाट निज प्रतिवादीका साक्षीको बकपत्र स्वतः खण्डित हुन आएको छ । प्रतिवादीले घटना वारदातको पुष्टि हुने गरी व्यक्त गरिएको उक्त तथ्ययुक्त बयान अन्यथा प्रमाणित हुन सकेको छैन । यसबाट प्रतिवादीका साक्षीको भनाइ र प्रतिवादीको भनाइ एकआपसमा बाझिन गएको छ । यस स्थितिमा प्रतिवादीको भनाइ नै सत्य साँचो मान्नुपर्ने हुँदा साक्षीले गरेको बकपत्रलाई प्रमाणमा लिन मिल्ने देखिएन । यसका अतिरिक्त प्रतिवादीका साक्षी रामचन्द्र साहले आफ्नो बकपत्रको स.ज. ६ मा प्रतिवादी राजकुमार सोनारको यी पीडितहरूसँग मोबाइलबाट विवाह गर्ने कुरा हुन्थ्यो भन्ने तथ्य उल्लेख गरेबाट प्रतिवादी राजकुमार साह सोनारले पहिलेदेखि नै पीडितलाई ललाई फकाई गरी बेचविखन गर्ने आफ्नो योजना सार्थक तुल्याउने पूर्वाभ्यास वा कसरत गर्दै आएको भन्ने देखिन आउँछ । किनभने पीडितमध्येका एक जना पहिले नै विवाहित रहेकोमा विवाद छैन । साथै विवाह गर्छु भन्ने तथ्यबाट कुनै बहाना बनाई भारतको दिल्ली पुऱ्याई बेचिएको भन्ने पीडित जाहेरवालाको आरोप नै पुष्टि हुन आउँछ । यसका अतिरिक्त पीडितलाई उद्दार गरी माइती इन्डियाले भैरहवा नाका हुँदै माइती नेपालसँग जिम्मा लगाएको भन्ने तथ्यमा विवाद नभएकोले र पीडितहरू अपरिचित मुलुक भारतको दिल्लीसम्म आफुखुसी जानुपर्ने अन्य कुनै कारण र प्रयोजन देखिन नआएकोले यी प्रतिवादीमाथिको आरोपित अभियोग थप पुष्टि भएको अवस्था छ ।

४०. अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाण अर्थात् प्रतिवादी उपरको किटानी जाहेरी, पीडितको प्रमाणित बयान, प्रतिवादीको मौकाको साविती बयान, अनुसन्धानको क्रममा बुझिएका मानिसहरूको कागज र अदालतमा भएको बकपत्र, पीडित मञ्जरी साहको बकपत्र तथा माइती इन्डिया तथा माइती नेपालको पीडित उद्दार कार्य समेतका वस्तुनिष्ठ प्रमाणहरूबाट यी प्रतिवादी राजकुमार सोनारले पीडितहरूलाई भारतको दिल्ली पुऱ्याई बंगाली महिलाले सञ्चालन गरेको बेश्यालयमा बिक्री गरेको तथ्य सुस्पष्ट रुपमा प्रमाणित हुन आई निज प्रतिवादीले अभियोग दावी अनुसारको कसुर गरेको ठहर्छ ।

४१. अब, अन्तिम प्रश्नः **प्रतिवादीलाई सजाय हुनुपर्ने हो, होइन ? र, अभियोग दाबीमा उल्लेख भए अनुसार छुट्टाछुट्टै सजाय गर्न मिल्छ मिल्दैन ? यदि छुट्टाछुट्टै सजाय हुने हो भने त्यसका आधार र कारणहरू के के हुन् ?** भन्नेतर्फ विचार गर्दा सर्वप्रथम मानव बेचबिखन र ओसारपसारको अपराधलाई नयाँ अवधारणाबाट हेर्ने भूमण्डलीय सोचको विकासतर्फ पनि सूक्ष्म अवलोकन गरिनु आवश्यक छ । यसमा एकातिर मानव अधिकारको आधारमा पीडित तथा उद्धार गरिएका व्यक्तिलाई पुनःस्थापना गरी निजहरूको मानव अधिकार संरक्षण गर्ने कुरा समावेस गर्न थालिएको छ भने अर्कोतिर यस्तो अपराधमा अपराधीलाई दिईने दण्ड नरम नभई कडा हुने कुरा क्रमशः विकसित भएको देखिन्छ । यस अवधारणामा जीउ मास्ने बेच्ने कार्यलाई गम्भीर अपराधको रूपमा हेरी कडा सजायद्वारा यसको नियन्त्रण गर्ने अपेक्षा राखिन्छ । कडा कानुनी व्यवस्था र धेरै चर्को सजायद्वारा अपराध नियन्त्रण गर्न सकिन्छ भन्ने मान्यता यसमा रहन्छ । यसमा पनि दमनकारी र सशक्तिकरण गरी दुई किसिमका रणनीति रहेका हुन्छन् । पहिलोले फौजदारी कानुनको प्रयोग गरी न्याय व्यवस्थाको माध्यमद्वारा अपराध नियन्त्रण गर्ने, अनुसन्धान र अभियोजन बलियो बनाउने धारणा राख्दछ । परिणामतः अपराधसँग लड्ने, पीडितलाई साक्षी बनाउने र पीडित पुनः पीडित हुन सक्ने,

शोषण र आप्रवासनका अरू पक्षलाई अलि कम महत्व दिइन्छ। अपराधबाट पीडितको भन्दा अपराधको रोकथाममा ध्यान पुऱ्याइन्छ। दोस्रो, सशक्तिकरण रणनीति अन्तर्गत पीडितलाई आफ्नो अधिकार बुझ्ने फौजदारी कानुनी प्रक्रियाको बारेमा जानकारी दिने, पीडितलाई सहयोग पुऱ्याउने Victim Assistance कार्यक्रम संचालन गर्ने, कानुनी सहायता दिने, निजको रक्षा र आत्मरक्षाको लागि ज्ञान, सीप दिने, PIL and Class Action को प्रयोग गरी समूहकै अधिकारको रक्षा गर्ने जस्ता कुरा यसमा पर्दछन्। यसको परिणाम पीडित सक्षम हुने, यो समस्यालाई सार्वजनिक बनाउने, राजनीतिक फोरममा पुऱ्याउने र आफ्नो हक संरक्षण गर्न सक्ने देखिन्छ। तर अपराध नियन्त्रणको उद्देश्यलाई दोस्रो उपागमले कदापि प्रतिस्थापित गर्न सक्तैन।

४२. प्रश्तुत मुद्दाको सन्दर्भमा **छुट्टाछुट्टै** सजाय गर्न कानुनतः मिल्ने नै हुँदा सो बमोजिम सजाय निर्धारण गर्दा यी प्रतिवादी उपर निम्न बमोजिमको अभियोग दाबी रहेको कुरालाई नै पुतः दृष्टिगोचर गर्नुपर्दछ। कसुर र सजाय सम्बन्धी कानुनी व्यवस्था एवम् अभियोग माग दावी निम्न बमोजिम छ :

४३. "प्रतिवादी राजकुमार सोनारले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६२ को दफा घ (१) विरुद्धको कार्य गरी सोही ऐनको ४ (१) को (क) र (ख) ४ (२) को (क) (ख) को कसुर गरेको सिद्ध हुन आएकोले निज पक्राउ परेका प्रतिवादी राजकुमार सोनारलाई सोही ऐनको दफा १छ (१) को (क) तथा (ङ) (१) तथा दफा १छ (२) (ख) बमोजिम सजाय गरी दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति समेत भराई दफा २२ बमोजिम नैतिक पतन देखिने कसुर गरेको ठहर गरी पाऊँ" भन्ने अभियोग दाबी रहेको छ। उक्त अभियोग अनुसार यी प्रतिवादीलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा घ (१) विरुद्धको कार्य गरी सोही ऐनको ४ (१) को (क) र (ख) ४ (२) को (क) (ख) को कसुर गरेकोले निम्न ३ प्रकारको सजाय गरियोस भनी सजाय प्रस्ताव गरेको अवस्था छ :

दाबी लिइएको कसुरतर्फ कानुनी व्यवस्था :-

१. दफा ३(१) :- कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन।

२. दफा ४ (१)(क) :- कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछ - कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने।

३. दफा ४ (१)(ख) :- कसैले देहायको कुनै कार्य गरेमा मानव बेचविखन गरेको मानिनेछ :- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने।

४. दफा ४ (२)(क) :- कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ : किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने।

ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफुसंग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने।

४४. तसर्थ, उक्त अनुसार दाबी लिइएको कसुर र सजायलाई पृथक् पृथक् विश्लेषण गर्नु उपयुक्त हुन आउँछ। प्रस्तावित सजाय तथा क्षतिपूर्ति समेतको हकमा लिइएको दाबीका सम्बन्धमा हेर्दा ऐनमा उल्लिखित निम्न व्यवस्थालाई दृष्टिगोचर गरिनुपर्दछ :-

**दाबी लिइएको सजाय र क्षतिपूर्ति तर्फको कानुनी व्यवस्था** :-

**दफा १५(१)(क)** :- दफा घ बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :- मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना :

**दफा १५(१)(ङ)(१)** :- किन्न बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई दस वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना :

**दफा १५(२)(ख)** :- किन्ने वा बेच्ने वा दुवै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसुर गरे वापत छुट्टा छुट्टै सजाय ।

**दफा १७ क्षतिपूर्ति** :- अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिव माफिकको क्षतिपूर्ति भराई दिनुपर्नेछ ।

**दफा २२** :- यस ऐन बमोजिमको कसुर अदालतमा मुद्दा दर्ता गर्दाको बखत सम्बन्धित सरकारी वकिलले अभियुक्तले नैतिक पतन देखिने कसुर गरेको हो भनी दाबी लिन सक्नेछ ।

४५. यसप्रकार प्रस्तुत मुद्दामा सरकारी अभियोक्ताबाट माथि उल्लेख भए अनुसारको कानुनी दफाहरू उल्लेख गरी कसुर तथा सजायको माग दाबी गरेकोमा प्रतिवादी राजकुमार साह सोनार माथि विभिन्न प्रकरणमा विश्लेषण गरिएको आधारमा कसुरदार ठहरिसकेको हुनाले निज कसुरदारलाई के कस्तो सजाय गरिनु न्यायोचित हुन जान्छ भन्ने सन्दर्भमा सूक्ष्म अवलोकन गरिनुपर्ने भएको छ । विद्यमान ऐनको व्यवस्थालाई हेर्दा प्रतिवादी उपरको अभियोग प्रमाणित भएको स्थिति हुँदा र निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(१)(क)(ख) तथा दफा ४(२)(क)(ख) को कसुर गरेकोमा प्रथमतः सोही ऐनको दफा १५(१) को (क) बमोजिम मानिस बेचेकोमा हुने सजाय अर्थात् २० (बीस) वर्ष कैद र रु २०,००,०००।- (दुईलाख रुपैया) जरिवाना तथा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम किन्न बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजाने कार्य गरेकामा छुट्टै तथा थप सजायको रूपमा १४ चौध वर्ष कैद र रु.१,००,०००।- (एक लाख रुपैयाँ जरिवाना समेत हुने ठहर्छ ।

४६. अब, माथि उल्लिखित दफा १५(१) को (क) बमोजिमको सजाय गरिसकेपछि थप सजाय अर्थात् दफा १५(१)(ङ)(१) बमोजिमको सजाय गरिनुपर्ने हो होइन भन्ने सम्बन्धमा समेत सजाय निर्धारणका क्रममा गम्भीरतापूर्वक विचार गर्नुपर्ने भएको छ । प्रतिवादीलाई उक्त बमोजिम छुट्टै तथा थप सजाय किन गरिनुपर्ने हो भन्नेतर्फ हेर्दा निज प्रतिवादी उपर सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश लगेकोमा समेत सजायको माग दाबी लिइएको अवस्था छ । पीडितलाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले दिल्ली लगेको भन्ने कुरा प्रतिवादीको मौकाको बयानबाटै प्रस्ट हुन्छ । सो अनुसार **मिति २०६८।१०।७ गते वीरगन्जबाट दिल्ली पुऱ्याई निजहरूलाई वेश्यालयमा लगी तत्काल रु.५०,०००।- लिएको र बाँकी रु.१,५०,०००।- पछि लिने सर्तमा रु.२,००,०००।- मा निजहरू दुवै जनालाई वेश्यालयमा बेची हिँडेको हुँ** भन्ने उल्लेख छ । तसर्थ निज प्रतिवादीले **वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश लगेको** मा समेत कानुनतः सजाय हुने प्रकृतिको अर्थात् ऐनको दफा १५(१)(ङ)(१) बमोजिमको थप कसुर गरेको स्थिति समेत देखिन्छ ।

४७. प्रस्तुत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ एउटा विशेष ऐन हो र यो ऐन आउनुको पछाडि रहेका विभिन्न सैद्दान्तिक आधारहरूमध्ये मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर संगठित अपराध नियन्त्रण गर्ने उद्देश्य प्रमुख रूपमा रहेको छ। त्यसको लागि नै कानुनमा कडा प्रत्येक आपराधिक कार्य पिच्छे सजाय जोडिँदै जाने गरी थप सजायको प्रावधान राखिएको हो। त्यसकारण उक्त ऐनको दफा १५(२)(ख) मा **किन्ने वा बेच्ने वा दुवै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसुर गरे बापत छुट्टाछुट्टै सजाय हुनेछ** भन्ने कानुनी व्यवस्था भएको मान्नुपर्दछ।

४८. यस परिप्रेक्ष्यमा प्रस्तुत वारदातका कसुरदार राजकुमार साह सोनारले गरेको आपराधिक कार्य उक्त कानुनी व्यवस्थाको परिधिभित्र छ, छैन भनी पर्गेल्नुपर्ने हुन्छ। यस दृष्टिकोणबाट हेर्दा निज प्रतिवादीले पीडितलाई बेच्ने कार्य गरेकोमा विवाद भएन। सो बेचेवापत रकम लिएको पनि पुष्टि भएको छ। निजले गरेको सो कसुरजन्य कार्य उल्लिखित ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ख) मा परिभाषित कार्य भएकोमा पनि माथिका प्रकरणहरूमा विश्लेषण गरिएका समग्र तथ्यहरूबाट स्पष्ट भएको छ। उक्त दफा अनुसार पीडितलाई वेश्यावृत्तिमा लगाउने पीडकको उद्देश्य प्रस्ट रूपमा प्रमाणित भएको छ भने पीडितलाई सो उद्देश्य पूर्तिका लागि विभिन्न प्रकारले ललाई फकाई झुक्याई भारतको दिल्लीसम्म पुऱ्याएको स्थिति हुँदा प्रस्तुत ऐनले त्यस्तो अपराधका कर्तालाई कडा सजाय दिइनुपर्दछ भन्ने मान्यताका साथ व्यवस्था गरेको थप सजाय हुने कानुनी प्रावधान स्वतः आकर्षित हुन्छ। निज प्रतिवादीलाई उक्त उल्लिखित दफा १५(२)(ख) को कानुनी व्यवस्था **किन्ने वा बेच्ने वा दुवै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसुर गरे बापत छुट्टाछुट्टै सजाय हुनेछ** भन्ने कानुनी आधारमा नै विश्लेषण गरिनुपर्दछ।

४९. एउटै अपराधका पीडित व्यक्ति माथि कसुरदारले पृथक् पृथक् आपराधिक कार्य गरेकोमा विशेष कानुनको रूपमा रहेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को उक्त व्यवस्थाले अपराध नियन्त्रणको सिद्धान्त अँगालेको छ। यो अति गम्भीर मानता विरोधी अपराध भएकोले छुट्टाछुट्टै सजायको परिकल्पना गरी दोषी व्यक्तिलाई थप सजाय गर्नुपर्दछ भन्ने विधायिकी मनसाय हो। प्रचलित मुलुकी ऐनको व्यवस्था अनुसार जन्मकैद नै २० वर्षभन्दा बढी छैन भन्ने मान्यतालाई विशेष ऐन हुनुको कारणबाट प्रस्तुत मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा तोकिएको थप सजाय सम्बन्धी व्यवस्था प्रभावित हुन सक्तैन। यसका अतिरिक्त मुलुकी ऐन प्रारम्भिक कथनको ४ नं. ले पनि विषय विषयमा बनेका विशेष ऐनको कानुनी व्यवस्थाको हकमा सोही विशेष ऐनले नै प्राथमिकता पाउने भएकोले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा तोकिएको थप सजाय सम्बन्धी व्यवस्था मुलुकी ऐनको उक्त सामान्य व्यवस्थाबाट पराजित हुने देखिँदैन।

५०. तसर्थ प्रतिवादी प्रमाणहरूबाट दोषी प्रमाणित भएमा यस ऐनमा तोकिए बमोजिमको सजाय गर्नु न्यायकर्तालाई कानुनी बाध्यात्मकता रहन्छ र प्रश्तुत मुद्दामा सोही अनुसार सजाय गर्न उपयुक्त हुने हुनाले अभियोग दाबी अनुसार उक्त ऐनको दफा १५(१)(ङ)(१) मा व्यवस्थित थप सजाय समेत जोडी सजाय लागू हुने ठहर गरिनु मनासिब हुन आउँछ :

५१. यसप्रकार यी प्रतिवादी राजकुमार साह सोनारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को (क) बमोजिम मानिस बेचेकोमा हुने सजाय अर्थात् २० (बीस) वर्ष कैद र

रु.२,००,०००।- (दुई लाख रुपैयाँ) जरिवाना तथा दफा १५(१)(ङ(१) अनुसार छुट्टै तथा थप सजायको रूपमा १४ चौध वर्ष कैद र रु.१,००,०००।-( एक लाख रुपैयाँ जरिवाना समेत जोडिने गरी जम्मा ३४ चौंतीस वर्ष कैद र रु.३,००,०००।- (तीन लाख रुपैयाँ जरिवाना समेत हुने ठहर्छ ।

५२. अब, पीडितलाई भराइदिनुपर्ने क्षतिपूर्तिको सम्बन्धमा पनि केही विवेचना गरौं । बेचिएका व्यक्तिको मानव अधिकारको न्यूनतम मापदण्डमध्ये क्षतिपूर्तिको अधिकार पनि एक हो । यस सम्बन्धमा UN declaration of basic principles and abuse of power, Resolution adopted by UNGA on Nov. 29,1985. (General Rules for Victims of Crime) ले पीडितको मानव अधिकार बारेमा मार्गदर्शन गरेको पाइन्छ । हाम्रो प्रचलित एवम विद्यमान मानव बेचबिखन विरुद्दको ऐन, २०६४ को दफा १७ ले पनि पीडितको सो अधिकारको संरक्षण गरेको छ । प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई ललाई, फकाई, गुमराहमा पारी भारतको वेश्यालयमा बिक्री गरी जघन्य एवम् मानव अधिकार विरोधी कसुर गरेको ठहर भएको हुँदा उक्त ऐनको दफा ञठ बमोजिम पीडित मञ्जरी साह र सीमा साहलाई प्रतिवादीबाट क्षतिपूर्ति समेत भराइदिनुपर्ने हुन्छ ।

५३. अपराधका कारण पीडितलाई पर्ने असरहरू शारीरिक पीडा, मानसिक पीडा तथा मनोबैज्ञानिक असर, सामाजिक असर र आर्थिक असर नै हुन् । यसरी क्षतिपूर्ति भराउँदा मूलतः पीडितले भोग्नुपरेको तात्कालिक शारीरिक एवम् मानसिक पीडाको अतिरिक्त आर्थिक तथा उनीहरूले भावी जीवनमा सहनुपर्ने कथित सामाजिक लाञ्छना वा धब्बा (Social stigma) लाई समेत ख्याल गरिनुपर्ने हुन्छ । यी पीडितहरूमा मानसिक पीडा तथा मनोवैज्ञानिक असर अन्तर्गत डराउने, असुरक्षित महसुस हुने, भय त्रास बढ्ने, तर्सने, नराम्रो सपना देख्ने, असहाय बोध हुने, नैराश्यता पैदा हुने, बानी व्यहोरा अस्वाभाविक हुने, एकोहोरो हुने, टोलाउने, बेचैनी हुने, एकाग्रता नहुने, स्मरण शक्ति घट्ने, सही सूचना दिन नसक्ने, दोषी मनोभावना हुने, नबोल्ने, विद्रोही वा आक्रामक हुने, आत्महत्या गर्न खोज्ने, आत्म विश्वास गुमाउने इत्यादि परिस्थितिहरूको सामना गर्नुपर्ने सम्भावना रही नै रहन्छ । सामाजिक असर अन्तर्गत पीडितको सामाजिक प्रतिष्ठामा आँच आउने, सामाजिक रूपमा बहिष्कृत हुन सकिने, पारिवारिक विखण्डन, सामाजिक सहभागिता घट्ने आदि सम्भावनाहरूलाई नकार्न मिल्दैन । त्यस्तै पीडित माथि पर्ने आर्थिक असर पनि विचारणीय हुन्छ । अपराधको कारण सम्पत्तिको क्षति हुने, कार्यक्षमतामा ह्रास आई आय घट्ने, उपचार र न्यायका लागि सम्पत्ति खर्च हुने व्यापार व्यवसायमा असर पर्ने तथा परिवारका अन्य सदस्यको आर्थिक जिम्मेवारी बढ्नेजस्ता सम्भावनाहरू उनीहरू माथिका आर्थिक असरहरू हुन् ।

५४. क्षतिपूर्तिको रकम निर्धारण गर्दा प्रतिवादीको आर्थिक हैसियतलाई समेत विचार गर्नुपर्दछ । यी प्रतिवादी उपर उजुरी नगर्नको लागि पीडितलाई रकम दिने प्रयास प्रतिवादी पक्षबाट भएको भन्ने कुरा मिसिल प्रमाणबाट खुल्न आएको छ । प्रतिवादीको बयान समेतबाट निज प्रतिवादी राजकुमार साह सोनारको अर्थिक हैसियत अत्यन्त गरिब वा असहाय भन्ने पनि देखिँदैन । निजले गरेको अपराध आफैमा जघन्य र अमानवीय कार्य हो भन्नेमा दुईमत छैन । यद्यपि अदालतबाट भराइदिने जतिसुकै ठूलो धनराशिले पनि पीडितको असह्य पीडालाई पूरताल गर्न सक्तैन तापनि माथि विवेचित आधारमा प्रतिवादीबाट पीडितहरूलाई जनही रु. .३,०००००।-का दरले क्षतिपूर्ति समेत भराई दिन उपयुक्त देखिँदा प्रतिवादीबाट पीडितहरू मञ्जरी साहलाई रु.३,०००००।- र सीमा साहलाई रु. .३,०००००।- क्षतिपूर्ति भराई दिने ठहर्छ ।

५५. साथै निज प्रतिवादीले आफ्नै भाउजू नाता समेतको पीडितलाई धोकाधडी गरी नारकीय जीवन व्यतीत गर्नुपर्ने भारतको दिल्लीस्थित वेश्यालयमा मानिसलाई किञ्चित पनि नठानी आफूले नगद लिई पशुसरह बिक्री गरेको कार्य सामाजिक रूपमा निन्दनीय, मानवीय दृष्टिकोणबाट अस्वीकार्य र नैतिक दृष्टिकोणबाट

नितान्त निकृष्टतम कार्य देखिन आएकोले निज प्रतिवादीको सो कार्य उक्त ऐनको दफा २२ बमोजिम नैतिक पतन देखिने फौजदारी कसुर ठहर्छ । सो अनैतिक कार्य गरेकोमा निज प्रतिवादीलाई नैतिक पतन हुने कार्य गरेको घोषणा गर्न यो इजलास उपयुक्त ठान्दछ । तसर्थ सो को अभिलेख समेत राखिदिने ठहर्छ । सो ठहर्नाले अरू तपसिलमा लेखिए बमोजिम गर्ने गरी मु.ऐन, अ.वं. १८६ नं. बमोजिम फैसला गरी दिएको छु ।

## तपसिल खण्ड

- प्रतिवादी राजकुमार सोनारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को (क) बमोजिम मानिस बेचेकोमा हुने सजाय अर्थात् २०(बीस) वर्ष कैद र रु.२००,०००।- (दुई लाख रुपैयाँ) जरिवाना तथा दफा १५(१)(ङ)(१) अनुसार छुट्टै तथा थप सजायको रूपमा १४ चौध वर्ष कैद र रु. १,००,०००।- (एक लाख रुपैयाँ जरिवाना समेत जोडिने गरी जम्मा ३४ चौतीस वर्ष कैद र रु. ३,००,०००।- (तीन लाख रुपैयाँ जरिवाना हुने र उक्त ऐनको दफा २२ बमोजिम नैतिक पतन देखिने फौजदारी कसुर समेत गरेको ठहरेकोले निज प्रतिवादी मिति २०६८।१०।२२ गते पक्राउ परी प्रहरी हिरासतमा रही यस अदालतको मिति २०ट८।११।१८ को आदेशानुसार मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिँदा निज प्रतिवादीहरूलाई लागेको कैद सजाय पक्राउ परेको मितिदेखि नै कैद कट्टी मिनाहा दिई कानुन बमोजिम कैद म्याद ठेकी असुल गर्नू । लागेको जरिवाना बुझाए बुझी लिई कैद भुक्तान भएपछि छाडिदिनू । जरिवाना नबुझाए जरिवाना बापत पनि कानुन बमोजिम कैद म्याद ठेकी असुल गर्नू भनी तहसिल फाँटमा लगत दिनू.......................................................................१
- प्रतिवादी राजकुमार सोनारबाट पीडितहरू मञ्जरी साहलाई रु. ३,००,०००।- र सीमा साहलाई रु. ३,००,०००।- क्षतिपूर्ति भराई दिने ठहरेकोले पुनरावेदनको अवस्था नाघेपछि उल्लिखित क्षतिपूर्ति प्रतिवादीवाट भराई पाऊँ भनी प्रतिवादीको यसै सरहदको जेथा देखाई कानुनका म्यादभित्र पीडितहरू मञ्जरी साह र सीमा साहको दरखास्त परे कानुन बमोजिम भराई दिनू भनी तहसिल फाँटमा लगत दिनू.......................................................................................................................२
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्न जानू भनी प्रतिवादी राज कुमार सोनारलाइ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम पुनरावेदनको म्याद दिनू र फैसलाको प्रतिलिपि सहित जिल्ला सरकारी वकिल कार्यालय मकवानपुर हेटौंडालाई फैसलाको जानकारी दिनू.......................................................................३
- प्रस्तुत फैसलाको प्रतिलिपि सहित पीडित (जाहेरवाला) मञ्जरी साह र सीमा साहलाई फैसलाको जानकारी दिनू.......................................................................................४
- सरोकारवालाले नक्कल माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू .......................५
- दायरीको लगत कट्टा गरी मिसिल पुनरावेदन परेमा पुनरावेदन अदालत हेटौंडामा पठाइदिनू, पुनरावेदन नपरे सुरक्षित साथ राख्न अभिलेख फाँटमा बुझाइदिनू ...............................................६

ना.सु. राजन अर्याल

**न्यायाधीश**

मुद्दा फाँट (ख)

**ईती संवत् २०६९ साल असार १९ गते रोज ३ शुभम्......................................**

**श्री नवलपरासी जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्र खरेल**
**फैसला**
**संवत् २०६९ सालको स.फै.नं. ०६९-CR-००१७**
**निर्णय नं.२०७**

**मुद्दा :- जबरजस्ती करणी ।**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. १ सण्डा बस्ने सुरेन्द्र चौधरीको श्रीमती वर्ष ३० की राधिका चौधरीको जाहेरीले नेपाल सरकार.............१ | जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. १ सण्डा बस्ने सीताराम यादवको छोरा वर्ष १८ को विक्रम यादव.............................................१ |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ एवं मुलुकी ऐन अ.वं.२९ नं.बमोजिम यसै अदालतको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र निर्णय यस प्रकार छ :-

**प्र.ना.नि.विजयकुमार सिंहको प्रतिवेदन**

मिति २०६९/०४/११ गते १८:०० बजेको समयमा जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. १ सण्डा गाउँ बस्ने विक्रम यादवले ऐ.ऐ. बस्ने राधिका चौधरीको ७ वर्षकी नाबालिका छोरीलाई जबरजस्ती करणी गरेको भन्ने प्रहरी नियन्त्रण कक्षबाट सूचना प्राप्त भई निज विक्रम यादवलाई पक्राउ गरी दाखिला गर्नको लागि मलाई मौखिक खटाइएकोमा विक्रम यादवको खोजतलास गर्दा घरमै फेला पारी आवश्यक कारबाहीका लागि दाखिला गरेको छु भन्ने समेत व्यहोराको प्र.ना.नि.विजयकुमार सिंहको प्रतिवेदन ।

**राधिका चौधरीले दिएको जाहेरी दरखास्त**

मेरो ७ वर्षकी नाबालिका छोरी नाम परिवर्तित पूजा चौधरी घरमै खेल्दै बसेको अवस्थामा छिमेकमा बस्ने जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. १ सण्डा बस्ने विक्रम यादवले मेरो घरमा धेरै चाउचाउ मिठाई राखेको छु मेरो घरमा जाऊ भनी ललाइ फकाइ आफ्नो टी.भी. कोठामा लगी टी.भी.को आवाज ठूलो बनाई उक्त कोठामा भएको खाटमा जबरजस्ती पल्टाई छोरीको मुख थुनी जबरजस्ती करणी गर्दा छोरीले उठ्ने चिच्याउने प्रयास गर्दासमेत उठ्न चिच्याउन नदिई मुख थुनी दिई निर्ममतापूर्वक करणी गरेकोले निज विक्रम यादवलाई पक्राउ गरी कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको राधिका चौधरीले दिएको जाहेरी दरखास्त ।

**नाम परिवर्तित पूजा चौधरीले बकी खुलाई दिएको घटना विवरण कागज**

मिति २०६९/४/११ गते अं. १७:३० बजेको समयमा म हाम्रै गाउँ बस्ने विक्रम यादवको घरमा गएकी थिएँ, निज विक्रम यादवले मलाई भित्र आऊ, मैले तिमीलाई मिठाइ चक्लेट चाउचाउ खान दिन्छु भनी

ललाइ फकाइ मलाई आफ्नो कोठामा लगे । कोठामा गइसकेपछि टी.भी.को आवाज चर्को गरी बजाई मलाई एक्कासि समाई सोही कोठामा रहेको काठको बार भएको रसीले बुनेको खटियामा जबरजस्ती पल्टाई मैले लगाएको स्कट, पेन्टी, कट्टु खोली मलाई बोल्न चल्न नदिई आफनो उत्तेजित लिंग जबरजस्ती मेरो गुप्ताङ्गमा छिराउन लाग्दा पीडा सहन नसकी छपटपाउँदा समेत निजले मलाई हलचल गर्न नदिई जबरजस्ती गरी आफ्नो लिंग मेरो गुप्ताङ्गमा घर्षण गराई मलाई जबरजस्ती करणी गरेका हुन् भन्ने समेत व्यहोराको पीडित वर्ष ७ की नाम परिवर्तित पूजा चौधरीले बकी खुलाइदिएको घटना विवरण कागज ।

**स्वास्थ्य परीक्षण प्रतिवेदन**

नाम परिवर्तित पूजा चौधरीको स्वास्थ्य परीक्षण गर्दा निजको गुप्ताङ्गमा रगत बग्न लागेको जस्तो देखिने सानो घाउ देखिएको, गुप्ताङ्गमा वरिपरि सेतो पदार्थ पाइएको र स्वाब बनाई परीक्षणको लागि प्रहरी जिम्मा लगाई पठाइएको भन्ने समेत व्यहोराको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

**प्रतिवादी विक्रम यादवको अधिकार प्राप्त अधिकारी समक्षको बयान कागज**

मिति २०६९/०४/११ गते साँझ १८:०० बजेको समयमा जाहेरवाला राधिका चौधरीको छोरी नाम परिवर्तित पूजा चौधरी खेल्दै मेरो घरमा आएपछि मैले निजलाई चक्लेट, चाउचाउ खान दिन्छु भनी ललाई फकाई टी.भी. कोठामा लगी टी.भी. स्टार्ट गरी आवाज ठूलो बनाइसकेपछि सोही कोठामा रहेको खटियामाथि पल्टाई निज पूजा चौधरीले लगाएको कट्टु र स्कर्ट खोली मेरो लिंग उत्तेजित गराई पूजाको योनीमा पसाल्दा निजले पीडा सहन नसकी छटपटाउने, रुने गर्न लागेकीले मैले हलचल गर्न नदिई जबरजस्ती आफ्नो लिंग नाम परिवर्तित पूजा चौधरीको योनीमा घर्षण गराउँदा वीर्य स्खलन भइसकेपछि निजलाई बोकी आफ्नो घरअगाडि लगी छाडिदिएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी विक्रम यादवको अधिकार प्राप्त अधिकारी समक्षको बयान कागज ।

**घटनास्थल प्रकृति मुचुल्का**

जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. १ सण्डास्थित पूर्व जीवन यादवको गोठ, पश्चिम इँटा विच्छ्याइएको सडक, उत्तर जीवन यादवको घर, दक्षिण गोरेटो बाटो यति चारकिल्लाभित्र पश्चिम मोहडा हुने गरी बीचबाट गल्ली भएको ९ वटा कोठा भएको सीताराम यादवको पक्की घर सोही घरको पश्चिम किनारादेखि पूर्व गल्लीदेखि दक्षिण दोस्रो नम्बरको कोठा रहेको भित्र पसी हेर्दा ढोकादेखि पश्चिम दक्षिणमा काठको भऱ्याङ रहेको, सोही भऱ्याङदेखि दक्षिण २ फिटको दूरीमा पश्चिम दिवालको किनारामा काठको टेबुल रहेको, सोही टेबुलमाथि कलर टी.भी. रहेको र भऱ्याङदेखि पूर्व प्लास्टिकको रसीले बुनेको खाट रहेको, सोही खाटमाथि मिति २०६९/०४/११ गते साँझ विक्रम यादवले नाम परिवर्तित पूजा चौधरीलाई जबरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

**श्री आदर्श उच्च माध्यमिक विद्यालय परासी, नवलपरासीको पत्र**

जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. १ सण्डा बस्ने सीताराम यादवको छोरा विक्रम यादवको जन्म मिति भर्ना अभिलेख अनुसार मिति २०५१/०१/०१ गते भएकोमा मिति २०६९/०४/२६ गते रामग्राम नगरपालिका कार्यालयबाट जन्म मिति २०५६/०४/१५ गते भएको भन्ने जन्म दर्ता पेस गरेको भन्ने समेत व्यहोराको श्री आदर्श उच्च माध्यमिक विद्यालय परासी, नवलपरासीको पत्र ।

**रामग्राम नगरपालिका कार्यालयको पत्र**

मिति २०५३।२।२८ गते साविक परासी आर्दश गा.वि.स.वडा नं.२ बस्ने सीताराम यादव सूचक भई लखन यादवको नाति, सीताराम यादव तथा विन्द्रावती यादवको छोरा विक्रम यादवको जन्म मिति २०५१।१।१ गते भएको हो, पुनः निजै सीताराम यादव पुनः सूचक भई लखन यादवको नाति सीताराम यादव तथा विन्द्रावती यादवको छोरा विक्रम यादवको जन्म मिति २०५६।४।१५ गते भएको हो भनी मिति २०६९।४।२३ गते जन्म दर्ता गराएको भन्ने समेत व्यहोराको रामग्राम नगरपालिका कार्यालयको पत्र ।

**वस्तुस्थिति मुचुल्का**

मिति २०६९।४।११ साँझ विक्रम यादवले जाहेरवालाको ७ वर्ष की छोरी नाम परिवर्तन गरिएकी पूजा चौधरीलाई ललाई फकाई गरी चाउचाउ, मिठाई, विस्कुट खान दिन्छु भनी आफ्नो घरको टी.भी. कोठामा लगी खाटमाथि जबरजस्ती करणी गरेको हो भन्ने समेत व्यहोराको श्रीराम चौधरी समेतका मानिसहरूले बकी लेखाइदिएको करिब एकै मिलानको वस्तुस्थिति मुचुल्का ।

**अभियोग दाबी**

मेरो वर्ष ७ की नाबालिका छोरी पूजा चौधरीलाई प्रतिवादीले चक्लेट चाउचाउ खान दिन्छु भनी ललाइ फकाइ गरी आँगनमा खेलिरहेको छोरीलाई आफ्नो कोठामा लगी निजले लगाएको कपडाहरू खोली प्रतिवादी विक्रम यादवले बोल्न कराउन नदिई मुखसमेत थुनिदिई पीडित छोरी पूजाको गुप्ताङ्गमा आफ्नो लिङ्ग घर्षण गराई जबरजस्ती करणी गरेकाले कानुन बमोजम गरी पाऊँ भन्ने राधा चौधरीको किटानी जाहेरी दरखास्त रहेकोमा पीडित नाम परिवर्तित पूजा चौधरीको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा निजको गुप्ताङ्गबाट रगत बग्न लागेको जस्तो देखिने, सानो घाउ देखिएको, जबरजस्ती करणी भएको जस्तो देखिएको पाइएको, गुप्ताङ्गको वरिपरि सेतो पदार्थ पाइएको र योनी खुकुलो पाइएको भन्ने उल्लेख भएको पाइन्छ। प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा निज नाम परिवर्तित पीडित पूजा चौधरीलाई मैले चाउचाउ र चक्लेट खान दिन्छु भनी ललाइ फकाइ गरी आफ्नो कोठामा लगी टी.भी. लाई ठूलो आवाजमा खोली पीडित नाम परिवर्तित पूजालाई खटियामा पल्टाई निजले लगाएको पेन्टी समेत खोली आफ्नो उत्तेजित लिङ्ग निज पीडितको योनीमा छिराउन खोज्दा पीडित कराएकोले मैले छोडी गएको हुँ भन्ने साविती बयान गरेको पाइन्छ र प्रतिवादीको परीक्षण प्रतिवेदनमा निजको कट्टुमा वीर्य लागेको देखिएको भन्ने उल्लेख भएको देखिन्छ। त्यस्तैगरी पीडितले गरिदिएको कागज र वस्तुस्थिति मुचुल्का व्यक्ति भगवती चौधरी समेतले कागज गर्दा पीडित नाम परिवर्तित पूजा चौधरीलाई चाउचाउ र चक्लेट खान दिन्छु भनी ललाइ फकाइ गरी आफ्नो घरको कोठामा लगी टी.भी. को आवाज ठूलो पारी पीडितलाई बोल्न कराउन नदिई खटियामा पल्टाई आफ्नो उत्तेजित लिङ्ग निज पीडितको (योनी) गुप्ताङ्गमा घर्षण गराई जबरजस्ती करणी गर्दा निज पीडित कराएको भन्ने प्रतिवादीको बयान भए तापनि पीडितको परीक्षण रिपोर्टबाट जबरजस्ती करणी भएको पाइएको भन्ने समेतका आधार प्रमाणबाट पीडित नाबालिका वर्ष ७ की पूजा चौधरीलाई प्रतिवादी विक्रम यादवले जबरजस्ती करणी गरेको सप्रमाण पुष्टि हुन आएको हुँदा निज प्रतिवादी विक्रम यादवले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र १ (३) बमोजिमको कसुर अपराध गरेको सप्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी विक्रम यादवलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ (१) नं. बमोजिम सजाय गरी पाऊँ र ऐ. को १० नं. बमोजिम प्रतिवादी विक्रम यादवबाट पीडितलाई क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको अभियोग दाबी ।

**प्रतिवादी विक्रम यादवले अदालत समक्ष गरेको बयान :-**

उक्त जाहेरी दरखास्त झुट्टा हो । मैले जाहेरवालाको छोरीलाई जबरजस्ती करणी गरेको छैन । पीडित नाम परिवर्तित पूजा चौधरी र बुन्धुना चौधरी उक्त मितिमा मेरो घरमा आई टी.भी. हेरिरहेका थिए । म साँझ घरमा आउँदा ६:३० बजेको थियो । मैले घरमा आई उनीहरूलाई आफ्नो घरमा जाओ, मेरो घरमा नबस, तिमीहरूले गाउँको केटासँग करणी गराएको मैले देखेको थिएँ । तिमीहरूले किन त्यस्तो काम गराएको हो, मेरो घरमा नबस, आफनो घरमा जाओ भनेको र निजहरूले घर जान नमानेकाले मैले हातले उचालेर घर बाहिर पठाएको थिएँ । उनीहरू दुवै जना आ-आफनो घरमा गए, मैले उनीहरू दुवैजनाले गाउँको रमेश यादवको छोरा नाटे भन्ने केटासँग सो घटना घट्नुभन्दा २ दिनअघि करणी गराएको देखेको थिएँ । उनीहरू घरमा गएपछि नाम परिवर्तित पूजा चौधरीको घरका बाबु र दाइ र आमा समेतले मलाई गाली गरी हात मुक्काले प्रहार गरी प्रहरी बोलाई मलाई प्रहरीले पक्राउ गरी ल्याएको हो । मैले पीडितलाई करणी गरेको छैन भन्ने समेतको प्रतिवादी विक्रम यादवको अदालत समक्षको बयान ।

**थुनछेक आदेश**

प्रतिवादी विक्रम यादवलाई मुलुकी ऐन अ.वं.११८ को देहाए २ बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्न जिल्ला कारागार कार्यालय नवलपरासीमा पठाइदिनू भनी यस अदालतबाट मिति २०६९।५।६ मा भएको थुनछेक आदेशानुसार निज प्रतिवादी हालसम्म थुनामा रहेको देखियो ।

**जाहेरवाली राधीका चौधरीले गरेको बकपत्र**

प्रतिवादी विक्रम यादवले मेरो छोरी नाम परिवर्तन गरिएकी पूजा चौधरीलाई म खेतमा गएको मौका र छोरी घरमा एक्लै भएको मौकामा छोरी विक्रमको घरमा खेल्न गएको अवस्थामा निज प्रतिवादीले मेरो छोरीलाई घरभित्र लगी जबरजस्ती करणी गरेका हुन्, छोरीको योनी सुन्निएको, रातो भएको थियो, छोरीलाई बोल्न चल्न नदिई मुख थुनिदिई प्रतिवादीले करणी गरेका हुन् भन्ने समेत व्योराको जाहेरवाली राधिका चौधरीले गरेको बकपत्र ।

**पीडित पूजा चौधरीले गरेको बकपत्र**

मिति २०६९।४।११ गतेका दिन प्रतिवादीको भाउजूले मलाई बोलाउनुभएकोले म निजको घरमा गएको थिएँ, मसँग बहिनी पनि थिई । विक्रम यादवले मलाई चाउचाउ र चक्लेट दिन्छु भनी टी.भी. कोठामा लिएर गई टी.भी.को आवाज ठूलो पारी मेरा पेन्टी र स्कट खोली मलाई जबरजस्ती करणी गर्न थाले, म कराउन लाग्दा मुख थुनिदिएका थिए । मलाई दुखेको थियो र अलि अलि रगत पनि आएको थियो । मलाई खटियामा सुताएर करणी गरेका थिए, करणी गरिसकेपछि म घरमा गई आमालाई सबै कुरा बताएकी थिएँ भन्ने समेत व्यहोराको पीडित पूजा चौधरीले गरेको बकपत्र ।

**अंश रोक्का मुचुल्का**

मिति २०६९।९।१० प्रतिवादी विक्रम यादवको अंश रोक्का मुचुल्का भई मिसिल सामेल रहेको ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक एवं दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री खडगबहादुर खड्काले पीडित नाबालिकाको अनुसन्धान अधिकारी तथा अदालत समक्षको बयान, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा जाहेरवालाको अदालत समक्षको बकपत्र समेतबाट प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भएकोले निजलाई अभियोग दाबी बमोजिम सजाय गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो । प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ध्रुवराज नन्दले प्रतिवादी उपरको अभियोग दाबी शंकारहित रूपमा स्थापित हुन सकेको छैन । मेरो पक्ष नाबालक भएको हुँदा बालबालिका ऐन बमोजिम प्रस्तुत मुद्दाको कारबाही गर्नुपर्नेमा सामान्य कानुन अन्तर्गत भएको कारबाही मिलेको छैन भनी प्रस्तुत गरेको बहस जिकिर सुनियो ।

विद्वान् जिल्ला न्यायाधिवक्ता एवं विद्वान् अधिवक्ताले प्रस्तुत गरेको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा यो मुद्दामा निम्न विषयमा निर्णय दिनुपर्ने देखियो ।

१ प्रतिवादी विक्रम यादव नाबालक हुन् वा होइनन् र यो मुद्दामा बालबालिका ऐन २०४८ आकर्षित हुने हो वा होइन ?

२ प्रतिवादीले आरोपित कसुर गरेको हो वा होइन ?

३ प्रतिवादीले आरोपित कसुर गरेका भए निजलाई के कति सजाय हुनुपर्ने हो ?

४ प्रतिवादीबाट पीडितले क्षतिपूर्ति पाउने हो वा होइन ? क्षतिपूर्ति पाउने भए कति पाउने हो ?

१. यसमा पीडित नाबालिका वर्ष ७ की नाम परिवर्तन गरिएकी पूजा चौधरीलाई प्रतिवादी विक्रम यादवले चाउचाउ र चक्लेट खान दिन्छु भनी ललाइ फकाइ गरी आफ्नो घरको कोठामा लगी टी.भी. को आवाज ठूलो पारी पीडितलाई बोल्न कराउन नदिई खटियामा पल्टाई आफ्नो उत्तेजित लिङ्ग निज पीडितको गुप्ताङ्गमा घर्षण गराई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र (३) बमोजिमको कसुर अपराध गरेको सप्रमाण पुष्टि हुन आएकाले निज प्रतिवादी विक्रम यादवलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ (१) नं. बमोजिम सजाय गरी ऐ. को १० नं. बमोजिम प्रतिवादी विक्रम यादवबाट पीडितलाई क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने समेतको वादी नेपाल सरकारको तर्फबाट अभियोगपत्र दायर हुन आएको देखियो ।

२. सर्वप्रथम प्रतिवादी विक्रम यादव नाबालक हुन् वा होइनन् र यो मुद्दामा बालबालिका ऐन २०४८ आकर्षित हुने हो वा होइन ? भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा प्रतिवादी विक्रम यादवको उमेर अभियोगपत्रमा १८ वर्ष भनी उल्लेख भएकोमा निजले अदालत समक्ष बयान गर्दा आफ्नो उमेर १५ वर्ष भनी लेखाएको पाइन्छ । प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले निज १६ वर्षभन्दा कम उमेरको भएकोले बालबालिका ऐन, २०४८ तथा बाल न्याय कार्यविधि २०६३ बमोजिम यो मुद्दाको कारबाही हुनुपर्छ भनी बहस जिकिर समेत गर्नुभएकोमा प्रतिवादीले पेस गरेको स्थानीय पञ्जिकाकारीबाट मिति २०६९।४।२३ मा लिएको जन्म दर्तामा निज विक्रम यादवको जन्म मिति २०५६।४।१३ भएको भनी उल्लेख गरिएको पाइन्छ भने रामग्राम नगरपालिका बडा न. १ सण्डा बस्ने सीताराम यादव सूचक भई लखन यादवको नाति निज सीताराम यादवको तथा बिन्द्रावती यादवको छोरा विक्रम यादवको जन्म मिति २०५१।१।१ मा भएको भनी मिति २०५३।२।२८ मा जन्म दर्ता प्रमाणपत्र लिएको मिसिल संलग्न रामग्राम नगरपालिकाको मिति २०६९।९।२४ को पत्रसमेतबाट देखिन्छ । प्रतिवादीका बाबुले विक्रम यादवको जन्म दर्ता प्रमाणपत्र

२०५३ सालमा बनाई सोही आधारमा स्कुलमा समेत जन्म दर्ता कायम भइरहेकोमा प्रस्तुत मुद्दामा यी प्रतिवादीलाई आरोपित गरी जाहेरी दरखास्त मिति २०६९।४।१२ मा परे पश्चात् पुनः मिति २०६९।४।२३ मा विक्रम यादवको जन्म मिति २०५६।४।१३ कायम गरी अर्को जन्म दर्ता गराएको पाइयो । यसरी प्रतिवादीले पीडित नाबालिकालाई जबरजस्ती करणी गरेको भनी निजका विरुद्ध जाहेरी परेपछि आरोपित कसुर र सजायबाट बच्नको लागि प्रमाण सिर्जना गर्ने र न्यायिक प्रक्रियामा भ्रम उत्पन्न गराउने नियतले सिर्जना गरिएका संदिग्ध र विवादास्पद मिति २०६९।४।२३ मा लिइएको जन्म दर्तालाई प्रस्तुत मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिलेन । तसर्थ प्रतिवादीको उमेर १८ वर्षको देखिकोले बालबालिका ऐन, २०४८ बमोजिम यो मुद्दाको कारबाही र किनारा गरिरहन पर्ने देखिएन ।

३. प्रतिवादीले आरोपित कसुर गरेको हो वा होइन भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा मेरो वर्ष ७ की नाबालिका छोरी नाम परिवर्तन गरिएकी पूजा चौधरी घरमा खेल्दै बसेको अवस्थामा प्रतिवादी विक्रम यादवले चाउचाउ र मिठाई दिन्छु भनी फकाई टी.भी. कोठामा लगी टी.भी.को आवाज ठूलो बनाई छोरीलाई खाटमा जबरजस्ती पल्टाई छोरीको मुख थुनी जबरजस्ती निर्ममतापूर्वक करणी गरेको भनी पीडितकी आमा राधिका चौधरीले किटानी जाहेरी दिएको देखिन्छ । पीडित नाबालिका नाम परिवर्तन गरिएकी पूजा चौधरीले घटनाको सम्पूर्ण विवरण खोली चाउचाउ र बिस्कुट दिन्छु भनी टी.भी.कोठामा लगी बोल्न चल्न नदिई आफ्नो लिङ्ग मेरो गुप्ताङ्गमा घर्षण गराई जबरजस्ती प्रतिवादीले करणी गरेको भनी अनुसन्धान अधिकारी समक्ष घटना विवरण कागज गरिदिएको छ भने निज पीडितले अदालत समक्ष उपस्थित भै बकपत्र गर्दा उक्त दिन प्रतिवादीको भाउजूले मलाई बोलाउनुभएकोले म निजको घरमै थिएँ, मसँग मेरो बहिनी पनि थिई, विक्रम यादवले मलाई चाउचाउ र चक्लेट दिन्छु भनी टी.भी. भएको कोठामा लिएर गई टी.भी. ठूलो आवाजमा खोले, त्यसपछि मेरो पेन्टी स्कट खोली मलाई जबरजस्ती करणी गर्न थाले, म कराउन लाग्दा मेरो मुख थुनेको थियो, मलाई दुखेको थियो र अलि अलि रगत पनि आएको थियो भनी उल्लेख गरी अनुसन्धान अधिकारी समक्षको घटना विवरण कागजलाई पुष्टि गरिदिएको देखिन्छ भने जाहेरवाली राधिका चौधरीले समेत सुरु जाहेरीको समर्थन हुने गरी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भनी अदालत समक्ष बकपत्र गरेको पाइन्छ । पृथ्वीचन्द्र अस्पतालको मिति २०६९।४।१२ को स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको गुप्ताङ्गमा रगत बग्न लागेको जस्तो देखिने, सानो घाउ देखिएको र निजको गुप्ताङ्ग वरिपरि पुरुषको वीर्य जस्तो देखिने पदार्थ पाइएको छ भन्ने उल्लेख भएको देखिन्छ । प्रतिवादीले अदालत समक्ष बयान गर्दा कसुरमा इन्कार रहे पनि अनुसन्धान अधिकारी समक्ष बयान गर्दा पीडितले लगाएको कट्टु स्कट खोली मेरो लिङ्ग उत्तेजित गराई पूजाको योनीमा पसाल्दा निजले पीडा सहन नसकी छट्पटाउने गर्न लागेकीले मैले हलचल गर्न नदिई जबरजस्ती आफ्नो लिङ्ग निजको योनीमा घर्षण गराउँदा वीर्य स्खलन भइसकेपछि निजलाई बोकी आफ्नो घर अगाडि लगी छाडेको हुँ भनी कसुरमा सावित भएको पाइन्छ ।

४. नाबालिका पीडितले प्रतिवादी विक्रम यादवले आफूलाई जबरजस्ती करणी गरेको भनी घटनाको सम्पूर्ण विवरण खोली अनुसन्धान अधिकारी र अदालत समक्ष बकपत्र गरेको र सो बकपत्र गर्दा अनुसन्धान अधिकारी समक्ष निज नाबालिकाले गरेको घटना विवरण कागज र अदालत समक्षको बकपत्रमा कुनै किसिमको विरोधाभास समेत रहेको पाइँदैन । यौन र करणी जस्ता विषयमा पूरै अनभिज्ञ रहने पीडितको उमेर, शारीरिक तथा मानसिक अवस्थालाई विचार गर्दा निजले प्रतिवादीलाई बिनाकारण र आधारमा आरोप लगाएको हो भनी अनुमान गर्न सकिँदैन । प्रतिवादीले नाबालिका पीडितलाई घरको कोठाभित्र लगी टी.भी. को आबाज ठूलो पारी एकान्त ठाउँमा करणी गरेको तथ्य मिसिलबाट देखिएको अवस्थामा निज

पीडित नै सबैभन्दा भरपर्दो (realiable) र विश्वासिलो (truthfull) साक्षी रहेकी छन्। निजले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज र अदालत समक्ष गरेको बकपत्रलाई अदालतले नजर अन्दाज गर्न मिल्दैन। पीडित नाबालिकाको अनुसन्धान अधिकारी तथा अदालत समक्षको सो बकपत्र नै प्रस्तुत मुद्दामा सबैभन्दा विश्वसनीय र आधारभूत प्रमाण हो। जबरजस्ती करणी मुद्दामा पीडितको अदालत समक्षको बकपत्र अन्य स्वतन्त्र प्रमाणबाट समर्थित (corroborate) नभएको अवस्थामा पनि प्रमाणको रूपमा ग्रहण गर्न अदालतले हिचकिचाउनुपर्ने देखिँदैन। यो मुद्दामा प्रतिवादी अदालतसमक्ष कसुरमा इन्कार रहे पनि अनुन्धान अधिकारी समक्षको निजको साबिती बयान, पीडितको अनुसन्धान अधिकारी समक्ष भएको घटना विवरण कागज र अदालत समक्षको बकपत्र, जाहेरवालाको अदालत समक्षको बकपत्र तथा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन समेत माथि विवेचना गरिएका आधार र कारणहरूबाट यी प्रतिवादी विक्रम यादवले पीडित नाबालिकालाई जबरजस्ती करणी गरेको भन्ने अभियोग दाबी पुष्टि हुन आयो।

जबरजस्ती करणीको अपराध महिला र बालिकामाथि हुने गम्भीर प्रकारको अपराध हो। जबरजस्ती करणीको अपराधबाट पीडितमा शारीरिक, मानसिक र मनोवैज्ञानिक क्षति हुन्छ जुन अपूरणीय पनि हुन्छ। जबरजस्ती करणीबाट पीडित बालिकाहरूमा शारीरिक मानसिक, मनोवैज्ञानिक र सामाजिक रूपमा दीर्घकालीन रूपमा नकारात्मक असरहरू पर्दछन्। जबरजस्ती करणीको अपराधबाट पीडितको स्वतन्त्र मानवीय अस्तित्व, मान सम्मान र शरीरमाथिको अधिकारमा समेत गम्भीर आघात पर्दछ। जबरजस्ती करणीबाट यो मुद्दाका पीडित जस्ता बालिकाहरूमा पर्ने असर अझ गम्भीर प्रकारको हुन्छ। यो अपराधबाट बालिकाहरूको शारीरिक विकासमा अवरोध हुनुको साथै गम्भीर प्रकारको दीर्घकालीन मनोवैज्ञानिक असर र सामाजिक कलंक (social stigma) को कारण पीडित बालिकाहरूको व्यक्तित्व विकासमा पनि अवरोध हुन्छ।

Rape is the ultimate violation of the self. It is a humiliating event in a women's life which leads to fear for existence and sense of powerlessness. Rape is not merely a psysical assult. It is destructive of the whole personality of the victim. A rapist not only violates the victim's personal integrity but leaves indelible marks on the very soul of the helpless female of girl[१].

Rape is thus not only a crime against person of a women (the victim), it is a crime against entire society. It destroys the entire psychology of a women and pushes her into deep emotional crisis. It not only by sheer will power that she rehabilitates herself in the society, which, on coming to know of the rape, looks down upon her in derision and contempt. Rape is therefore the most hated crime. It is a crime against basic human rights[२].

५. अब, निज प्रतिवादीलाई के कति सजाय हुने र के कति क्षतिपूर्ति भराइदिनुपर्ने हो भन्ने सम्बन्धमा विचार गर्दा माथि उल्लिखित भारतीय तथा बंगलादेशका सर्वोच्च अदालतका तथा नेपालको सर्वोच्च अदालतले जबरजस्ती करणीका विभिन्न मुद्दाहरूमा गरेका फैसलाहरूबाट समेत जबरजस्ती करणीको अपराधको गम्भीरता तथा पीडित महिला तथा समाजप्रति यो अपराधले पार्ने नकारात्मक प्रभावलाई सजिलै बुझ्न सकिन्छ। कसैले जबरजस्ती करणी गरेको प्रमाणबाट पुष्टि भई सजाय निर्धारण अदालतले अपराधीप्रति नरमता अपनाउनु उचित होइन। तर नाबालक तथा किशोरावस्थाका व्यक्तिले गरेका कसुरमा सजाय निर्धारण गर्दा न्यायकर्ता सतर्क र संवेदनशील हुनुपर्ने हुन्छ। प्रस्तुत मुद्दाका प्रतिवादी विक्रम यादव १८ वर्षको किशोरावस्थाको व्यक्ति हुन्। किशोरावस्था, शारीरिक, मानसिक, संवेगात्मक (emotional) तथा सामाजिक परिपक्वतातर्फ उन्मुख अवस्था हो र यो अवस्था मानिसको विकासको संक्रमणकालीन समयावधि

---

1 Ali Amin and 5 others vs State High Court Division Bangladesh Lamdmark judgement on Violence Against women and Children SAROQ p 121 )

2 Bodhisattwa Gautam v subhra Chakaraboatry (1996) 1SCC 4901

पनि हो । किशोरावस्थामा किशोरहरूमा आचरणगत विकार (conduct disorder) देखिने सम्भावना पनि रहन्छ । सो उमेर समूहका व्यक्तिहरूका यौनप्रति उत्पन्न हुने जिज्ञासा र अपरिपक्क मानसिक अवस्था तथा आचरणगत समस्याहरूका कारण जबरजस्ती करणीजस्तो कसुरमा संलग्न हुने सम्भावना रहन्छ । त्यसकारण किशोरावस्थाका यी प्रतिवादी विक्रम यादवले अभियोग दाबी बमोजिमको कसुर गरेका कुरा पुष्टि भएको अवस्थामा निजलाई कति सजाय निर्धारण गर्न उपयुक्त हुन्छ भन्ने सम्बन्धमा प्रचलित कानुनी व्यवस्था हेर्दा मुलुकी ऐन जबरजस्ती करणीको महलको ३ (३) (१) मा १० वर्षमुनिका बालिकाको जबरजस्ती करणी गरेमा १० वर्षदेखि १५ वर्षसम्म सजाय हुने कानुनी व्यवस्था रहेको छ । सो कानुनी व्यवस्थामा विधायिकाले जबरजस्ती करणी मुद्दाका प्रतिवादीलाई सजाय निर्धारण गर्दा यान्त्रिक रूपमा नभई न्यायकर्तालाई न्यायिक स्वविवेक प्रयोग गर्न सक्ने ठाउँ दिइएको छ । प्रस्तुत मुद्दाका प्रतिवादी विक्रम यादव १८ वर्षका किशोरावस्थाको व्यक्ति देखिएकोले किशोरावस्थाका व्यक्तिमा हुन सक्ने शारीरिक, मानसिक, संवेगात्मक (**emotional**) अपरिपक्कता तथा यौनप्रति उत्पन्न हुने जिज्ञासा समेतका माथि उल्लिखित आधार र कारणहरूबाट निजलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको (३) (१) मा भएको न्यूनतम सजाय तोक्नु नै कानुन तथा विवेकसम्मत हुने हुँदा निज प्रतिवादी विक्रम यादवलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(१) बमोजिम १० (दस) वर्ष कैद सजाय हुने र पीडित नाबालिकाको उमेर र जबरजस्ती करणीबाट निजको शारीरिक तथा कलिलो मानसिक अवस्थामा पर्न सक्ने क्षति समेत विचार गर्दा प्रतिवादी विक्रम यादवबाट जबरजस्ती करणीको महलको १० नं.बमोजिम पीडित नाम परिवर्तन गरिएकी पूजा चौधरीले रु.५००००।- (पचास हजार) क्षतिपुर्ति समेत भरी पाउने समेत ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

प्रतिवादी विक्रम यादवके माथि इन्साफ खण्डमा लेखिए बमोजिम अभियोग दाबी बमोजिमको कसुर गरेको पुष्टि भै निज प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(१) वमोजिम १० (दस) वर्ष कैद सजाय हुने ठहरी फैसला भएकाले निज प्रतिवादी मिति २०६९।४।११ देखि हालसम्म प्रहरी एवं न्यायिक हिरासतम रहेको देखिँदा निजलाई भएको सो कैद वर्ष १० सोही मिति २०६९।४।११ देखि कट्टा हुने गरी लगत कसी कानुन बमोजिम गरी असुल उपर गर्नू........................................................................................१

प्रतिवादी विक्रम यादवबाट जवरजस्ती करणीको महलको १० नं.बमोजिम पीडित नाम परिवर्तन गरिएकी पूजा चौधरीले रु.५००००।- (पचास हजार) क्षतिपूर्ति समेत भरी पाउने समेत ठहरी फैसला भएकाले प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि वा पुनरावेदनको अवस्था नाघेपछि भरी पाउने ठहरेको क्षतिपूर्ति प्रतिवादीबाट भराई पाऊँ भनी पीडितले प्रतिवादीको यसै सरहदको जेथा देखाई दरखास्त दिन आए कानुन बमोजिम गरी सो क्षतिपूर्तिको रकम प्रतिवादीबाट पीडितलाई भराइदिनू.............................................................२

प्रतिवादी विक्रम यादवलाई यस फैसलामा चित्त नवुझे श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्न दिनू..............................................................................................................३

जिल्ला सरकारी वकिल कार्यालयलाई प्रस्तुत फैसलाको जानकारी दिनू..............................................४

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सराइदिनू.......................................५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल पुनरावेदन परे पुनरावेदन अदालत बुटवलमा र पुनरावेदन नपरे साधक जाँचको लागि पुनरावेदन अदालत बुटवलमा पठाई निकासा भै आए बमोजिम गर्नू.........................६

मा.जि.न्या. ज्यूले बोली टिपाए बमोजिम फैसला
लेखनमा कम्प्युटर टाइप गरी सहयोग गर्ने ना.सु.

श्यामप्रसाद अर्याल

जिल्ला न्यायाधीश

**ईति संवत् २०६९ साल माघ १७ गते रोज ४ मा शुभम्...............**

**श्री सुनसरी जिल्ला अदालत**
**इजलास**
**अतिरिक्त जिल्ला न्यायाधीश ब्रजेश प्याकुरेल**
**फैसला**
**संवत् २०६८ सालको स.फौ.नं. २६-०६८-०५१४३**
**निर्णय नं. ६४९**

**मुद्दा :- जबरजस्ती करणी ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जि. सुनसरी प्रकाशपुर गा.वि.स. वडा नं. ७ बस्ने निरन्जन कविरथ मण्डलको जाहेरीले नेपाल सरकार...१ | जिल्ला सुनसरी लौकही गा.वि.स. वडा नं. ७ वस्ने निखिल मण्डलको छोरा शिव मण्डल................१<br>ऐ.ऐ.बस्ने हरिभूषण मण्डलको छोरा गौतम मण्डल.१<br>ऐ. ऐ. वडा नं. ८ वस्ने जनार्दन मण्डलको छोरा निरन्जन मण्डल.........................................१ |
| ऐ. को प्रमाण :-<br>साक्षी :-<br>कागज :- | ऐ. को प्रमाण :-<br>साक्षी :-<br>कागज :- |

**अदालतबाट बुझेको**
**साक्षी :-**
**प्रमाण :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकार अन्तर्गतको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

१. मिति २०६८।१।१ गते मेरो छोरी नाबालिका वर्ष १४ की पी.के. मण्डल (परिवर्तित नाम) आफ्नो भाउजूको माइतीघर जि. सु. लौकही बजारमा गएकी थिइन्, उक्त स्थानमा लागेको मेलामा नाचको कार्यक्रम समेत भएकोले ३ गते बिहानको राति अं. ४ बजेको समयमा छोरी घर फर्कने क्रममा प्रतिवादी शिव मण्डलले पीडित आउँदै गरेको थाहा पाई बाटो ढुकी बसी अँध्यारोमा छोरीलाई पक्रिएको र छोरीले कराउन खोज्दा निज शिव मण्डलसँगै आएका अन्य ३ जनाले छोरीको मुख थुनी बोल्न कराउन समेत नदिई पालैपालो सामूहिक जबरजस्ती करणी गरेको र सो कुरा पीडित छोरीले बताएकोले थाहा पाएको हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी आवश्यक कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको निरन्जन कविरथ मण्डलले दिएको जाहेरी दरखास्त ।

२. जि. सु. लौकही गा. वि. स. वडा नं. ७ स्थित पूर्वमा वासु मण्डलको बाँस झ्याङ्ग, पश्चिममा पारसलाल मण्डल कविरथको खेत, उत्तरमा निजैको खेत र दक्षिणमा पारसलालकै खेत यति चार किल्लाभित्र पानी जम्ने ठाउँको झार, घाँस माडिएको स्थानमा पीडितलाई जबरजस्ती करणी गरेको भनी पीडितले देखाएको घटनास्थल मुचुल्का ।

३. पीडितको मिति २०६८।१।५ मा भएको स्वास्थ्य परीक्षणमा Hymen Raptured र Discharge Vagina मा Blood Stain देखिएको, Vaginal Swab मा Spermetoza नदेखिएको र चिकित्सकले दिएको धारणा Opinion) मा पीडित उपर करणी भएको वा नभएको सम्बन्धमा यकिनसाथ भन्न नसकिने भन्ने व्यहोरा रहेको पाइन्छ ।

४. मिति २०६८।१।१ गते म भाउजूको घरमा भाउजूसँगै निजको घर लौकही आएको थिएँ । ऐ. २ गते राति सोही स्थानमा लागेको मेलामा नाच हेर्न म, भाउजू र सोल्टी गोवर्धन मण्डल गएको र बिहानको ४ बजेको समयमा मैले भाउजू लक्ष्मीदेवीलाई बोलाउन भनी निजको घरमा गई बोलाउँदा भाउजू नआउनुभएकोले म एक्कलै नाच हेर्न आउँदाको अवस्थामा एकान्त स्थलमा मलाई शिव मण्डल, काले मोटे भन्ने निरन्जन मण्डल र गौतम मण्डल तथा १ जना नचिनेको समेत गरी ४ जनाले घेराउ गरी ज्यानै मार्नेसम्मको धाक धम्की दिँदै पक्रेर मेरै सलले मेरो मुख थुनी करिव १०० मिटरको दूरीसम्म बोकेर लगी खेतबारीमा लडाई कसैले खुट्टा, कसैले हात पक्रेर शिव मण्डलले पेन्टको चेन खोली उत्तेजित लिङ्ग बनाई एकपटक मेरो योनीमा लिङ्ग प्रवेश गराई करणी गऱ्यो । त्यसपछि निरन्जन मण्डलले जबर्जस्ती करणी गर्नुभयो । तेस्रोपटक मलाई निरन्जन मण्डलले र अर्को नचिनेको मानिसले चौथा पटक जबर्जस्ती करणी पालैपालो गरेका हुन् । निजहरूले वीर्य स्खलन गरे गरेनन् थाहा भएन । सो वारदातमा मैले लगाएको रातो (कट्टु) पेन्टी च्यापच्यापी भिजेको थियो । पालैपालो जबरजस्ती करणी गरेर निजहरू भागी गएका हुन् । उक्त कुरा मैले बुवा जाहेरवाला र आमा समेतलाई जानकारी गराएको हुँ । सो क्रममा मैले लगाएको कट्टु च्यापच्यापी भिजेको थियो र सो कट्टु पनि मैले यस कार्यालयमा दाखिला गरेको छु भन्ने समेत व्यहोराको पीडित पी.के. मण्डल (परिवर्तित नाम) को कागज ।

५. मिति २०६८।१।१ म तथा मेरो नन्द समेत लौकही आएका थियौ र ऐ. २ गते राति नाच गानको कार्यक्रम भएकोले हेर्न गएको र पीडित अं. ४ बजेको समयमा अर्को नाता पर्ने भाउजू बोलाउन गई फर्की आउँदा चिन्तित अवस्थामा आएको देखी किन ढिलो आएको भनी सोधनी गर्दा अर्को नातामा भाउजू पर्ने लक्ष्मीलाई बोलाउन गएको तर निज नआएकोले नाच गान स्थलमा फर्की आउँदा एकान्त स्थलमा चिनेको शिव मण्डल समेतले बोले कराएमा मार्ने समेतको धाक धम्की दिँदै बोकी बाँस झ्याङ्ग नजिक लगेर चारैजनाले जबरजस्ती करणी गरेको कुरा रुँदै बताएकी थिइन् भन्ने समेत व्यहोराको बुझिएकी मञ्जु कविरथको कागज ।

६. मेरो छोरी वर्ष १४ की पी.के. मण्डल लौकही ७ स्थितमा लागेको मेलामा नाच हेर्न गएकीमा मिति २०६८।१।३ गते बिहानको अं. ४ बजेको समयमा छोरी घर फर्कन लागेको अवस्थामा विरुद्ध खण्डका प्रतिवादी शिव मण्डल समेत तथा ३ जना नचिनेका गरी ४ जना भई मुख थुनी बोल्न कराउन नदिई जबरजस्ती करणी गरेको कुरा छोरीले बताएपछि थाहा पाएर सो कुरा श्रीमान् समेतलाई जानकारी गराएको हुँ भन्ने समेत व्यहोराको दैमन्ती कविरथले गरेको कागज ।

७. मिति २०६८।१।३ गते लौकही गा.वि.स. वडा नं. ७ स्थितमा लागेको मेला हेरी घर फर्कने क्रममा विरुद्ध खण्डका प्रतिवादी शिव मण्डल समेतका ३।४ जनाले पीडित प.के. मण्डल (परिवर्तित नाम) लाई जबरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएका हौं भन्ने समेत व्यहोराको दिनेश्वर मण्डल समेतले लेखाइदिएको वस्तुस्थिति मुचुल्का ।

८. यसमा निरन्जन कविरथ मण्डलको जाहेरी, घटनास्थल मुचुल्का, पीडित पी.के. मण्डलको स्वास्थ्य परीक्षण रिपोर्ट, पीडितले लेखाइदिएको कागज, मञ्जु कविरथको कागज, वस्तुस्थिति मुचुल्का समेतको आधारमा पीडित पी.के. मण्डललाई नाच हेर्न आएको मौका पारी प्रतिवादीहरू शिव मण्डल, गौतम मण्डल र

निरन्जन मण्डलले बोकी लगी एकान्त स्थानमा लगी कराएमा मार्ने समेतको धाक धम्की समेत दिई पालै पालो जबरस्ती करणी गरेको पुष्टि हुन आएकाले प्रतिवादीहरूको उपरोक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणी महलको १ र ३(२) बर्खिलाप कसुर देखिँदा प्रतिवादी त्रय शिव मण्डल, निरन्जन मण्डल तथा गौतम मण्डललाई ऐ. महलको ३(२) बमोजिम सजाय गरी ऐ ऐनको १० नं. बमोजिम पीडितलाई क्षतिपुर्ति दिलाई भराई पीडित पी.के. मण्डल उपर सामूहिक जबरजस्ती करणी गर्ने प्रतिवादीहरूलाई ऐ. महलको ३(क) नं. बमोजम थप सजाय समेत गरी पाउन फरार रहेका तीनैजना प्रतिवादीहरूलाई अदालतबाटै म्याद जारी गरी पाऊँ भन्ने व्यहोराको अभियोगपत्र रहेको देखिन्छ ।

९. फरार प्रतिवादीहरूको नाउँमा म्याद जारी हुँदा समेत निजहरू उपस्थित हुन वा पक्राउ परी आएको नपाइँदा यस अदालतको आदेशानुसार वादीका साक्षी जाहेरवाला निरन्जन कविरथ मण्डल तथ पीडित पी.के. मण्डलले गरेको बकपत्र मिसिल संलग्न रहेको देखिन्छ ।

१०. जाहेरवाला एवं पीडितसँग चिनजान छैन, घटना घट्यो भनेको मिति समयमा घरमा नभै भारत मावली घर गएको हुँदा म उपर अभियोग लगाई जाहेरवाला, पीडित तथा कागज गर्ने मानिसहरू तथा मुचुल्का गरिदिने मानिसहरूले लगाएको आरोप झुट्ठा हो, आफू निर्दोष हुँदा सजाय पाउनुपर्ने होइन सफाइ पाऊँ भनी प्र. गौतमकुमार मण्डल र २०६८।१।७ गते नै भारत ससुराली घर गएको भन्ने समेत व्यहोराको एकै मिलानको प्र. निरन्जनकुमार मण्डलले यस अदालतमा गरेको इन्कारी बयान ।

११. यस अदालतको आदेशानुसार प्रतिवादी गौतमकुमार मण्डलको साक्षी दुर्योधन मण्डल, प्र. निरन्जनकुमार मण्डलको साक्षी राजकुमार मण्डलले वकेको वकपत्र मिसिल संलग्न रहेको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण गर्ने डा. संजीव भारद्वाजले बकेको बकपत्र मिसिल संलग्न रहेको देखिन्छ । प्रतिवादी शिव मण्डल म्यादमा हाजिर नभै फरार रहेकोले निजको भागको अंश रोक्का गर्ने आदेश भई सोही आदेशानुसार भई आएको अंश रोक्काको मुचुल्का मिसिल संलग्न रहेको देखिन्छ ।

## अदालतको ठहर

१२. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकार तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता हरिकुमार पोखरेल तथा प्रतिवादीहरू तर्फबाट उपस्थित विद्वान् अधिवक्ता द्वय हेमराज पोखरेल तथा रामप्रसाद घिमिरेले गर्नुभएको बहस समेत सुनी अभियोग दावी बमोजिमको कसुर अपराध प्रतिवादीहरूले गरेका हुन् होइनन् र प्रतिवादीहरूलाई सजाय हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

१३. निर्णयतर्फ विचार गर्दा सर्वप्रथम फरार प्रतिवादी शिव मण्डलको हकमा हाल मुद्दा मुल्तवीमा राखिदिने ठहर्दछ । प्रस्तुत मुद्दामा जाहेरवाला निरन्जन कविरथले आफ्नो १४ वर्षकी छोरी पी.के. मण्डल (नाम परिवर्तित) लाई २०६८।१।३ गते बिहानको राति ४ बजेको समयमा शिव मण्डल र अन्य ३ जनाले मेलाबाट फर्किंदाको अवस्थामा बाटो ढुकी जबरजस्ती समाई मुख थुनी बोल्न कराउन नदिई सामूहिक रूपमा जबरजस्ती करणी गरेको कुरा निज पीडितले बताउँदा थाहा पाएको आधारमा जाहेरी दिएको देखिन्छ ।

१४. पीडितको मिति २०६८।१।५ मा भएको स्वास्थ्य परीक्षणमा Hymen Raptured र Discharge Vagina मा Blood Stain देखिएको, Vaginal Swab मा Spermetoza नदेखिएको र चिकित्सकले दिएको धारणा Opinion) मा पीडित उपर करणी भएको वा नभएको सम्बन्धमा यकिनसाथ भन्न नसकिने भन्ने व्यहोरा रहेको पाइन्छ ।

१५. पीडित पी.के. मण्डलले आफ्नै आमा दैमन्ती कविरथको रोहवरमा गरेको कागजमा घटना वारदातलाई

पुष्टि गर्दै प्रतिवादीहरूले घेराउ गरी पक्री बोल्न कराउन नदिई मेरो सलले मुख थुनी वारदात स्थलमा लगी ज्यान मार्नेसम्म धम्की दिई लाठी घरेलु हतियार समेत देखाई खेतबारीमा लडाई टाउको दक्षिण खुट्टा उत्तरतर्फ पारी उत्तानो पारी कसैले खुट्टा समाते कसैले हात समाते र शिव मण्डलले पेन्टको चेन खोली उत्तेजित लिङ्ग वनाई एकपटक मेरो योनीमा लिङ्ग प्रवेश गराई करणी गर्‍यो । त्यसपछि निरन्जन मण्डलले जबरजस्ती करणी गर्नुभयो । तेस्रोपटक मलाई निरन्जन मण्डलले र अर्को नचिनेको मानिसले चौथोपटक जबरजस्ती करणी पालै पालो गरेका हुन । निजहरूले वीर्य स्खलन गरे गरेनन् थाहा भएन । म चिन्तित नर्वस अवस्थामा थिएँ । सो क्रममा मैले लगाएको कट्टु च्यापच्याप्ती भिजेको थियो भनी व्यहोरा लेखाएको पाइन्छ ।

१६. निज पीडितको आमा दैमन्ती कविरथ, मञ्जु कविरथ लगायतले प्रतिवादीहरूले पीडित उपर जबर्जस्ती करणी गरेका हुन् भनी कागज गरेको र वस्तुस्थिति मुचुल्काका व्यक्तिले करणी गरेको भन्ने सुनेको हो देखेको होइन । करणी भए नभएको यकिन थाहा छैन । भनी कागज गरेको पाइन्छ ।

१७. मिसिल संलग्न पीडितको शरीरबाट निकालिएको भेजिनल स्वाव तथा पीडितले वारदातको समयमा लगाएको रातो कट्टु परीक्षण हुँदा भेजिनल स्वावमा Semen could not be conformed भन्ने र कट्टुमा Semen could not be deceted भन्ने व्यहोरा देखिन्छ । कट्टुमा लागेको रगत Human Blood भन्ने भए पनि त्यसको Groop पत्ता लाग्न नसकेको अवस्था छ ।

१८. प्रतिवादीहरू तत्काल फरार रही म्यादभित्र पनि अनुपस्थित रहेको कारण एकतर्फी वादी पक्षका प्रमाण वुझ्ने बकपत्रको कार्य पूरा भइसकेपछि अ. वं. १२७ नं. निवेदनसाथ प्रतिवादीहरू निरन्जन मण्डल तथा गौतम मण्डल उपस्थित भै बयान गर्दा पीडित तथा जाहेरवाला लगायत कसैलाई नचिनेको, वारदात समयभन्दा अगाडि नै कोही भारत ससुराली गएको कोही मामा घर गै पछि आउँदा थाहा जानकारी पाएको भन्ने व्यहोरा लेखाई आफूहरूले अभियोग दाबी अनुसार कसुर नगरेको भन्ने जिकिर लिई बयान गरेको भए तापनि निजहरूको हकमा थुनछेक आदेश गर्दा पीडितको स्वास्थ्य परीक्षण प्रतिवदेनमा उल्लिखित कतिपय तथ्यहरूले वारदात घटेको हो कि भन्ने आशंका गर्न सकिने अवस्था विद्यमान रहेको कारण बकपत्र गर्ने पीडित तथा जाहेरवालाको भनाइलाई मात्र आधार मान्न नसकिने भै थप प्रमाण बुझ्नुपर्ने देखिएकोले तत्काल मुद्दाको पुर्पक्षको लागि उपस्थित भएका प्रतिवादीहरूलाई थुनामा राख्ने गरी आदेश भएको र प्रतिवादीका साक्षीहरूले अदालतमा उपस्थित भै बकपत्र गर्दा प्रतिवादीहरू निर्दोष रहेको, वारदात समयमा अन्यत्रै रहेको तथा अभियोग दाबी अनुसारको कसुर नगरेको भनी बकपत्र गरेको पाइन्छ ।

१९. तत्काल प्रतिवादीहरूलाई थुनामा राखी पुर्पक्ष गर्न आदेश दिँदा लिइएका मुख्य आधारमा पीडितको स्वास्थ्य परीक्षण प्रतिवदेनमा देखिएको अस्पष्टता सम्बन्धमा उक्त प्रतिवेदन तयार गर्ने चिकित्सकलाई बकपत्र गर्न उपस्थित गराई बकपत्र हुँदा निज डाक्टर संजीव भारद्वाजले पीडितको स्वास्थ्य परीक्षण हुँदा निजको मानसिक अवस्था हिँडाइ सामान्य रहेको । शरीरमा कुनै घा खत वा सामान्य चोट पटक नभएको । निजको प्रजनन अङ्ग बाहिर सामान्य रहेको, कन्याजाली च्यातिएको । गुप्ताङ्गबाट सामान्य किसिमको रगत मिसिएको चिप्लो पानी आएको भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ । पीडितको योनीको भित्री भाग सामान्य थियो । पीडितले १३ वर्षको उमेरदेखि महिनावारी हुन सुरु भएको र मिति २०६७।२।२६ गते (अर्थात् वारदातको ७ दिनअघि) महिनावारी भएको भनी बताएको र त्यस्तो महिनावारी हुँदा २ देखि ८ दिनसम्म महिनावारीको रगत देखिन सक्दछ । त्यसैले पीडितको महिनावारी भएको रगत जाँचमा देखिएको हुन सक्दछ भनी व्यहोरा लेखाएको देखिन्छ ।

२०. प्रस्तुत मुद्दामा पीडित पी.के. मण्डलले आफू उपर जबरजस्ती करणी भएको भनी बुवा जाहेरवाला निरन्जन

कविरथ मण्डललाई व्यक्त गरेको घटना विवरणको आधारमा जाहेरवालाले दिएको किटानी जाहेरी, स्वयं पीडितले अनुसन्धानको क्रममा गरेको कागज व्यहोरा र पीडितको स्वास्थ्य परीक्षण प्रतिवदेनमा उल्लिखित व्यहोरा समेतका मुख्य तथ्य प्रमाणका आधारमा प्रतिवादीहरूविरुद्ध मुद्दाको अनुसन्धान कार्य सम्पन्न गरी अभियोजन भएको देखिन्छ ।

उल्लिखित तथ्यले प्रस्तुत मुद्दाको वारदात देख्ने चस्मदिद कोही नभै जाहेरवालाको जाहेरी दरखास्तको स्रोत स्वयं पीडित मात्रै हो भन्ने कुरामा विवाद छैन । पीडितको भनाइलाई नै आधार मानी वारदातको तत्कालै निजको बाबु निरञ्जन कविरथले जाहेरी दिँदा केवल शिव मण्डल उपर मात्र किटानी व्यहोरा लेखाई अन्य नचिनेका ३ जना व्यक्तिहरू भन्ने उल्लेख गरेको पाइन्छ । अर्थात् पीडितले तत्काल मौका वारदातमा प्रतिवादी शिव मण्डल बाहेक अन्य ३ जना व्यक्तिलाई नचिनेको भन्ने तथ्य उक्त जाहेरी व्यहोराले प्रस्ट पारेको छ । तर वारदातको केही समय पश्चात् मुद्दाको अनुसन्धानको क्रममा स्वयं पीडितले अनुसन्धान अधिकारी समक्ष कागज गर्दा विरुद्ध खण्डका सबै प्रतिवादीहरूको वारदातमा उपस्थिति रहेको र प्रतिवादी शिव मण्डलले पहिले, त्यसपछि प्रतिवादी निरन्जन मण्डलले र तेस्रोपटक निरन्जन मण्डल तथा अर्को नचिनेको व्यक्तिले चौथोपटक करणी गरेको भनी नाम किटान गरी तीनजना प्रतिवादीहरूले पालै पालो गरी ४ पटकसम्म करणी गरेको भन्ने व्यहोरा लेखाएको पाइन्छ । निज पीडितले लेखाएको व्यहोरामा प्रतिवादी गौतम मण्डलको वारदात स्थलमा उपस्थिति देखाए पनि जबर्जस्ती करणी गर्ने कार्यमा निजको संलग्ता देखाएको पाइँदैन । यस प्रकार घटना वारदात सम्बन्धमा यथार्थ तथ्य जानकारी राख्ने स्वयं पीडितको फरक फरक भनाइको कारण हालसम्म फरार रहेका प्रतिवादी शिव मण्डल बाहेक अन्य उपस्थित हुन आएका प्रतिवादीहरूको सन्दर्भमा विश्वसनीय मान्न सकिने अवस्था देखिएन । फौज्दारी मुद्दामा जाहेरी नै पहिलो र अकाट्य प्रमाणको रूपमा रहेको हुन्छ । जाहेरी व्यहोरासँग नमिल्ने र फरक तथ्य उल्लिखित प्रमाण ठोस आधारहरूबाट पुष्टि नभै प्रमाण ग्राह्य हुन सक्दैन ।

२१. तत्काल फरार रही प्रारम्भिक प्रमाण समेत वुझ्ने कार्य सम्पन्न भए पश्चात् उपस्थित हुन आएका प्रतिवादीहरू निरन्जन मण्डल तथा गौतम मण्डल कसुरमा पूर्ण इन्कार रही आफुहरू वारदात समयमा अन्यत्र रहेको भनी बयान गरी आफ्नो साक्षीहरूबाट पनि सोही व्यहोराको बकपत्र भए गरेको अवस्था देखिए पनि निजहरूको बयान र प्रमाणलाई मात्र आधार मानी मुद्दाको निष्कर्षमा पुग्न उपयुक्त नहुने हुंदा जाहेरवाला, पिडीत तथा प्रमाणका व्यक्तिहरूको भनाइ एवं पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन समेतको बुँदाहरूलाई विश्लेषण गर्न उपयुक्त हुने देखिन्छ ।

२२. प्रस्तुत मुद्दाको प्रमाण बुझ्ने क्रममा जाहेरवाला, पीडित एवं निजको आमालगायतका वादीका प्रमाणका व्यक्तिको बकपत्रमा निजहरूले एकै मिलानको व्यहोरा लेखाएको पाइन्छ। पीडितको भनाइ अनुसार वारदात भएको भनिएको मितिमा प्रतिवादीहरूले पीडित पी.के. मण्डललाई जबरजस्ती करणी गरेको होइन । उक्त राति नाच हेरी फर्कने क्रममा तत्काल नचिनेका हालका प्रतिवादीहरूसँग बाटोमा भेट भई नराम्रो कुरा गरेको विषयमा मैले निजहरूलाई गाली गरेको सम्म हो । प्रहरी कार्यालयमा मैले सोही व्यहोरा भनेको थिए व्यहोरा नसुनाई सो कागजमा सहीछाप गरेकी हुँ । हाल उक्त कागज सुनी पाउँदा आफूमाथि जबरजस्ती करणी भएको भनी लेखाएको रहेछ, सो व्यहोरा मैले लेखाएको होइन । मैले निज प्रतिवादीहरूले नराम्रो कुरा गरेकोले गाली गरेको कुरा सुनाएको थिएँ । पछि बाटोमा फेरि त्यस्तो कुरा गर्लान्, त्यस कारण प्रहरीमा जानकारी गराउनुपर्दछ भनी बुवा र म प्रहरी कार्यालयमा गएको थिएँ । एउटा निवेदन दिनुपर्दछ भनेको थियो तयार गरेको कागजमा बुवाले सही गर्नुभएको हो भन्ने व्यहोरा लेखाएको पाइन्छ । जाहेरवाला निरन्जन कविरथ तथा पीडितको आमाले समेत पीडितको बवकपत्र व्यहोरालाई नै समर्थन गरी एउटै व्यहोरा लेखाई वकपत्र गरिदिएको देखिन्छ । एकातर्फ अनुसन्धानमा कागज गर्दा पीडितले आफू

उपर ३ जना प्रतिवादीले खेतबारीमा उत्तानो पारी हात खुट्टा र मुख समेत थुनी ४ पटक सम्म करणी गरेको भनी किटान व्यहोरा लेखाई सोही आधारमा मुद्दाको अनुसन्धान र अभियोजन गरिएको पाइन्छ भने अर्कोतर्फ निजै पीडित लगायत जाहेरवालाले अदालतमा बकपत्र गर्दा जबरजस्ती करणीको कसुर भएको होइन प्रतिवादीहरूले बाटोमा हिँड्दा नराम्रो कुरा गरेको विषयमा आफू र बुवा प्रहरीमा उजुरी गर्न जाँदा लेखेर तयार गरेको कागजमा सही गराएका थिए । प्रतिवादीहरूले जबरजस्ती करणी गरेको भन्ने व्यहोरा लेखाएको होइन भनी अनुसन्धानमा आफूले दिएको जाहेरी व्यहोरा, वारदात सम्बन्धमा गरेको कागज व्यहोरा समेत खण्डित हुने गरी बकपत्र गरेको पाइन्छ । यस प्रकार जाहेरवालाले जाहेरीमा उल्लेख गरेको प्रतिवादीको नाम र पीडितले अनुसन्धानमा कागज गर्दा उल्लेख गरेको थप प्रतिवादीको किटानी नामका कारण पीडितको अनुसन्धानको कागज व्यहोराको विश्वसनीयतामा प्रश्न खडा भएको अवस्थामा तिनै पीडित र जाहेरवाला लगायतले जाहेरी व्यहोरा, वारदात सम्बन्धमा व्यक्त भनाइ सम्पूर्ण खण्डित हुने गरी प्रतिवादी निर्दोष देखिने गरी बकपत्र गरेबाट प्रस्तुत मुद्दामा जाहेरवाला निरन्जन कविरथ, पीडित पी.के. मण्डल, पीडितको आमा दैमन्ती कविरथको लेखाइ तथा भनाइमा विश्वास गर्न सकिने अवस्था देखिएन ।

२३. मिसिल संलग्न पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र उक्त स्वास्थ परीक्षण गर्ने चिकित्सक डा. संजीव भारद्वाजको बकपत्र व्यहोरा समेत हेर्दा पीडितको योनीको Hymen Raptured भने र Discharge Vaginal मा Blood Stain भन्ने उल्लेख भए तापनि निजको शरीरमा कुनै घां खत वा चोटपटक नभएको, प्रजनन अंग बाहिर तथा योनीको भित्री भाग सामान्य रहेको, वारदात भनिएको दिनभन्दा ७ दिन अगाडि अर्थात् २०६७।१२।२६ मा महिनावारी भएको र महिनावारी हुँदा २ देखि ८ दिनसम्म रगत देखिन सक्दछ त्यसैले जाँच हुँदा रगत देखिएको हुन सक्दछ भनी व्यहोरा लेखाएको पाइन्छ । त्यस्तै पीडितको भेजिनल स्वाव तथा कट्टु परीक्षण हुंदा परिक्षण प्रतिवदेनमा भेजिनल स्वावमा Semen could not be conformed भन्ने र कट्टुमा Semen could not be detected भन्ने व्यहोरा उल्लेख भै आएको पाइन्छ । उल्लिखित तथ्यहरूलाई विश्लेषण गर्दा प्रतिवादीहरू तीनजनाले एकै समयमा एउटै स्थानमा ४ पटकसम्म जबरजस्ती करणी गर्दा पीडितको शरीरमा कुनै घां चोट नदेखिनु, पीडितको प्रजनन अंग बाहिर तथा योनीको भित्री भाग सामान्य हुनु, पीडितको भेजिनल स्वावमा पुरुष वीर्य नदेखिनु र पीडितको कट्टुमा समेत पुरुष वीर्य पत्ता नलाग्नुले पीडित उपर यी प्रतिवादीहरू निरन्जन मण्डल तथा गौतम मण्डलले सामूहिक रूपमा जबरजस्ती करणी गरेका थिए भन्ने तथ्य पुष्टि हुन सकेको पाइँदैन ।

२४. पीडितले अनुसन्धानमा कागज गर्दा प्रतिवादीहरूले घेराउ गरी ज्यान मार्नेसम्मको धाक धम्की दिई पक्रेर मेरै सलले मेरो मुख थुनी करिब १०० मिटरको दूरीसम्म वोकेर लगी खेतबारीमा लडाई कसैले खुट्टा, कसैले हात पक्री पालै पालो जबरजस्ती करणी गरेर निजहरू भागी गए भन्ने पीडितको भनाइ र पीडितले देखाएको घटनास्थलको प्रकृति हेर्दा "पानी जम्ने ठाउँको झार, घाँस माडिएको" भन्ने तथ्य निजै पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा शरीरको पछाडि भाग, हातका कुहिना आदिमा घा चोट, खोस्रिएको अवस्था र जीउमा वा निजले लगाएको कपडामा हिलो माटो लागेको थियो भन्ने तथ्य कहीं कतैबाट खुल्न सकेको पाइँदैन ।

२५. तसर्थ प्रस्तुत मुद्दामा पीडितको कागज तथा जाहेरवालीको जाहेरी तथा बकपत्र, प्रतिवादीहरूको बयान, साक्षीको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा प्रतिवेदन तयार गर्ने चिकित्सक डाक्टरको बकपत्र व्यहोरा अनुसार प्रतिवादीहरू गौतम मण्डल तथा निरञ्जन मण्डलले पीडित उपर जबरजस्ती करणीको कसुर गरेको अवस्था नदेखिँदा प्रतिवादीहरूले कसुरबाट सफाइ पाउने ठहर्दछ । सो ठहर्नाले अन्य कुराका हकमा तपसिल बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

१ माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरू निरन्जन कुमार मण्डल र गौतम कुमार मण्डलले अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएको हुँदा केही गरिरहन परेन..............................१

२ माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्र. शिव मण्डलको हकमा मुद्दा मुल्तवीमा रहने ठहरी फैसला भएको हुँदा निजको हकमा मुल्तवी दायरीमा दर्ता गरी फरारीको लगत सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाइदिनू...............................................................................................................२

३ यो इन्साफमा चित्त नबुझे ७० दिनभित्रमा श्री पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन गर्नू भनी जिल्ला सरकारी वकिल कार्यालय सुनसरी इनरुवालाई फैसलाको जानकारी सहित पुनरावेदनको म्याद दिनू.............................................................................................................................३

४ सरोकारवालाले नक्कल मागे कानुनको रीत पुर्‍याई सारी सराइदिनु र मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू ......................................................................................४

यो पाना ६ को फैसला माननीय जि.न्या.
ज्यूबाट बोली टिपाए बमोजिम लेख्ने                                        जिल्ला न्यायाधीश

ना. सु. लेखबहादुर कोइराला फाँट, कम्प्युटर : कान्त

**ईति संवत् २०६९ साल जेष्ठ २८ गते रोज १ शुभम्............**

**श्री सुर्खेत जिल्ला अदालत**
**बन्द-इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री कुलप्रसाद शर्मा**
**फैसला**
**निर्णय नं.: १७२**
**र.नं.: ७८-०६८-०१६६०**
**मुद्दा नं. ०१६६०**

**मुद्दाः - जबरजस्ती करणी ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला सुर्खेत गुटु गा.वि.स. वडा नं.२ बस्ने परिवर्तित नाम सुकलाल थापाको जाहेरीले नेपाल सरकार........। | जिल्ला सुर्खेत लाटिकोइली गा.वि.स वडा नं.८ बस्ने भोला भन्ने अनन्त राजमानन्धर..........................। |
| साक्षी : जना २ | ऐ.ऐ बस्ने सरोज जी.सी...................................। |
| कागज : दृश्य छायाङ्कन भी.सी.डी थान १, पीडित परिवर्तित नाम वीरेन्द्रनगर एकले गरेको बयान डी.भी.डी. थान १.............................................। | ऐ.ऐं बस्ने बलराम रावल.................................। |
| | ऐ.ऐ. बस्ने हेमराज गिरी (चौधरी)........................। |
| | ऐ.वडा नं. २ बस्ने कृष्ण डांगी..........................। |
| | ऐ.वी.न.न.पा.वडा नं.११ बस्ने सीता चन्द (रावत)....। |
| | ऐ.ऐ. वडा नं.६ बस्ने विनु नेपाली......................। |
| | साक्षी : जना १३...........................................। |
| | कागज.......................................................। |

**अदालतबाट बुझेको**
**जाहेरवाला : परिवर्तित नाम सुकलाल थापा.......................................................।**
**जाहेरवाला : परिवर्तित नाम वीरेन्द्रनगर एक................................................।**
**साक्षी : देवबहादुर चौधरी........................................................................।**
**साक्षी : डेगे भन्ने डम्मरबहादुर महतरा............................................।**
**प्र. साक्षी : राघव श्रेष्ठ...................................................................।**
**प्र. साक्षी : श्याम नेपाली.....................................................।**

प्र.साक्षी : दृश्य छायाङ्कन भी.सी.डी. थान १, पीडित परिवर्तित नाम वीरेन्द्रनगर एकले गरेको बयान डी.भी.डी. थान १..........................................................................................................।

**प्रस्तुत मद्दाको संक्षिप्त विवरण र तथ्य यस प्रकार रहको छ :-**

सुर्खेतमा एकजना युवतीको सामूहिक बलात्कार गरेको खबर सार्वजनिक रूपमा बजारमा भिडियो सिडी तयार गरी बिक्रीमा आएको सम्बन्धमा छानबिन गरी दोषीमाथि कारबाही गरिदिन हुन उक्त घटनाको भिडियो यसै निबेदनसाथ पेस गरेको छौं भन्ने समेत व्यहोराको महिला मानव अधिकार रक्षक सञ्जाल सुर्खेत

समेतका संघ संस्थाहरूको संयुक्त दिवेदन । मिति २०६८।४।२८ गतेका दिन जिल्ला सुर्खेत समेतका लाटीकोइली गा.वि.स वडा नं. ८ बस्ने भोला भन्ने अनन्तराज मानन्धर समेतका प्रतिवादीहरूले मेरो छोरी परिवर्तित नाम वीरेन्द्रनगर एकलाई अपहरण गरी काँक्रेविहार जंगलमा लगी सामूहिक रूपमा पालैपालो जबरजस्ती करणी गरी उक्त दृश्य भिडियो रेकर्ड गरी फिल्म बनाई जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरू लगायत प्रतिवादी तेजेन्द्र बोहरा समेत भई मेरो छोरीलाई जबरजस्ती क्वाटरबाट आफ्नो कब्जामा लिई बेपत्ता बनाएकाले निज प्रतिवादीहरूलाई अपहरण गरी जबरजस्ती करणी गरेको अपराधमा पक्राउ गरी कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त ।

कम्प्युटरको माध्यमबाट मलाई देखाइएको भिडियोमा भएको दृश्य मैले देखें, उक्त दृश्यमा देखिएकी बलात्कृत युवती मेरो छोरी परिवर्तित नाम वीरेन्द्रनगर एक हुन् भने बलात्कार गर्दे गरेको युवक हेमराज गिरी हुन् भनी देखी चिनी सनाखत गरिदिएँ भन्ने समेत व्यहोराको जाहेरवालाले गरेको सनाखत कागज ।

मजकुर कार्यालयको क्रम संख्या ३३३७ को सञ्चार आदेशानुसार जिल्ला सुर्खेत मैनतडा ८ बस्ने धर्मबहादुर कार्कीको घरमा बन्धक बनाई राखिएको भनिएकी पीडितलाई उद्धार गरी दाखिला गरेको छु भन्ने समेत व्यहोराको प्रहरी चौकी मेहलकुना सुर्खेतमा कार्यरत प्र.ह. कमलबहादुर बटालाको प्रतिवेदन ।

मलाई देखाइएको उक्त भिडियोको दृश्य मैले देखें, सो दृश्यमा देखिएकी बलात्कृत युवती म नै हो, बलात्कार गर्दै गरेको युवक प्रतिवादीमध्येको हेमराज गिरी हो, उक्त भिडियो वारदातको समयमा मलाई अपहरण गरी लिई जबरजस्ती करणी गर्नेमध्येका प्रतिवादी भोला भन्ने अनन्तराज मानन्धरले खिचेको दृश्य हो भन्ने समेत व्यहोराको परिवर्तित नाम वीरेन्द्रनगर एकले गरेको सनाखत कागज ।

जिल्ला सुर्खेत लाटिकोइली गा.वि.स. वडा नं. ९ काँक्रेविहार जंगलस्थित जन्तीसाल भन्ने स्थानको दक्षिण किनार नजिक भेल जातको रूख रहेको, सो रूखदेखि ६ फिट दक्षिणमा सुकेको सिसमको रूखदेखि उत्तर २ फिट दूरीको जमिनमा पाती घाँसको बुट्यान भएको खोल्सो रहेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०६८।४।२८ गतेका दिन बिहान १०:०० बजेको समयमा मेरो साथी सीता चन्द (रावत) ले मलाई फोन गरी तं सँग भेट गर्नु छ क्याम्पस नजिकको छात्राबास नेर आइजा भनी बोलाएकीले म उक्त स्थानमा जाँदा निज सीता चन्द (रावत) र अर्की साथी विनु नेपाली त्यहाँ भएकाले निजहरूसँग कुराकानी हुने क्रममा सीता चन्द (रावत) ले आज खाजा खान घुम्न जाउँ भनेकीले म निजहरूको साथमा लागि काँक्रेविहारको बाटो हिँड्दै जाने क्रममा सीताको साथी यकिन नाम थाहा नभएको डेगे भन्ने केटाले पछाडि एउटी केटीलाई बसाली मोटरसाइकल चलाई सोही स्थानमा गएकाले निजसँग सीता चन्द (रावत) र विनु नेपालीले कुरा गर्न थालेको बखत ऐ.ऐ. मितिको साँझ अं.५.०० बजेको समयमा काठमाडौंबाट एउटा केटा साथीले मलाई फोन गरेकाले मैले मोबाइलमा निजहरूभन्दा केही अगाडि पुगेको बखत एक्कासि झाडीबाट जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादी भोला भन्ने अनन्तराज मानन्धर, कृष्ण डाँगी, बलराम रावल, सरोज जीसी, हेमराज गिरी (चौधरी) समेत आई कसैले मेरो मुख थुन्ने कसैले मेरो हातखुट्टा समाती लतार्दै काँक्रेविहार जंगलभित्रको जन्तीसाल भन्ने स्थानमा अपहरण गरी लगी विभिन्न प्रकारका डर त्रास देखाई मलाई जमिनमा पल्टाई मैले लगाएको पेन्टी खोली दिई टिसर्ट माथि खिची नग्न बनाई म रोई कराई गर्दा समेत नछाडी सबैभन्दा पहिले कृष्ण डाँगीले मलाई जबरजस्ती करणी गऱ्यो, त्यसपछि भोला भन्ने अनन्तराज मानन्धरले र त्यसपछि हेमराज गिरीले मलाई जबरजस्ती करणी गर्दै गएका बखत भोला भन्ने अनन्तराज मानन्धरले मोबाइलबाट दृश्य खिचेका

र म सो अवस्थामा रोई कराई गरेकीले निज भोला भन्ने अनन्तराज मानन्धरले चुप लाग रन्डी भनेका थिए भने सरोज जीसी र बलराम रावल समेतले मलाई घेरी हाँसिरहेका थिए, यसरी निज प्रतिवादीहरूले मलाई सामूहिक रूपमा पालैपालो जबरजस्ती करणी गर्ने क्रममा हेमराज गिरी (चौधरी) जबरजस्ती करणी गर्दै गरेका बखत म बेहोस भएकाले त्यसपछि को-को ले मलाई जबरजस्ती करणी गरे थाहा भएन, भोलिपल्ट बिहान मेरो होस खुलेपछि म घरमा आई डर त्रास र लाजले गर्दा सो कुरा मैले बुवा आमालाई नभनेकीमा एक जना व्यक्तिले मलाई फोन गरी म भोलाको साथी हुँ, त्यो कुरा कोही कसैलाई नभन्नु भनेमा मारिदिन्छु भनी डर त्रासमा पारेकाले सो कुरा मैले कसैलाई नभनी बसेकीमा मसँग पहिले चिनजान भएको पत्रकार हुँ भन्ने कैलाली जिल्ला घर भएको एड्भोकेसी फोरम सुर्खेतमा काम गर्ने तेजेन्द्र बोहोरा आई निजले म केस मिलाइदिन्छु भिडियो रकर्ड गरेको दृश्य समेत सबै हटाउन लगाउँछु केही दिन चुप लागेर बस जो आए सोधे पनि होइन भन्नु भोला भन्ने भूषण मानन्धर वकिलको छोरा हो जति पैसा र जग्गा जमिन भन्छौं त्यति समेत दिलाइदिन्छु भनी फकाई फुलाई गरी गएकामा दिउँसो १.०० बजेको समयमा तेजेन्द्र बोहोरा पुनः आई भूषण मानन्धरलाई भेट्न जाऊँ भनी मलाई आफ्नो मोटरसाइकलमा बसाली एड्भोकेसी फोरम सुर्खेतको अफिसमा ल्याउँदा त्यहाँ भूषण मानन्धर मात्र थिए निज भूषण मानन्धरले भोला भन्ने अनन्तराज मानन्धर मेरो छोरा हो, त्यो कुरा कोही कसैलाई नभन्नु मेरो बेइज्जत हुन्छ तिमी मेरी छोरी जस्तै हौ पैसा पनि दिन्छु जागिर पनि मिलाइदिन्छु भनी फकाई फुलाई गरेपछि तेजेन्द्र बोहोराले मलाई मोटरसाइकलमा त्यहाँबाट हामीहरू बस्ने गरेको क्वाटरमा पुऱ्याइदिई फर्की गएकामा साँझ झिसमिसे अँध्यारो भएको अवस्थामा तेजेन्द्र बोहरा आई मलाई बोलाएकाले म कोठाबाट बाहिर निस्की हेर्दा निजको केही पछाडि मैले चिन्न नसकेका ३/४ जना मानिसहरू उभिएका थिए, सोही अवस्थामा तेजेन्द्र बोहराले मलाई तिमी यहाँ बस्न खतरा हुन सक्छ अन्यत्र गई बस्नुपर्छ भनी डर त्रासमा पारी बाध्य बनाई आफ्नो मोटरसाइकलमा बसाली यकिन नाम थाहा नभएकी शान्तिनगर बस्ने ममता भन्ने महिलाको घरमा लगी निज महिलासँग के-के कुरा गरी निजले मलाई आज रात यही बस्नु भोलि ममताको मैनतडास्थित माइती घरमा गई बस्नु, मैले नबोलाएसम्म नआउनु भनी फर्की गएकाले निज ममता भन्ने महिलाले सो रात मलाई त्यही राखी भोलिपल्ट मैनतडास्थित आफ्नो माइती घरमा लगी बाहिर ननिस्कनु भनी कोठामा राखेको अवस्थामा प्रहरीले उदार गरी ल्याएको हुँदा निज जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरू लगायत योजनाकार सीता चन्द (रावत), ममता भन्ने महिला, मलाई बन्धक बनाउनका निमित्त प्रलोभन तथा निर्देशन दिने भूषण मानन्धर समेतलाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको पीडित परिवर्तित नाम वीरेन्द्रनगर एकले गरेको कागज ।

जाहेरी दरखास्तमा उल्लिखित वारदात मिति २०६८।४।२८ गतेको दिन म लाटीकोइली गा.वि.स. वडा नं. ८ स्थित लाटीकोइली डाँडामा जात्रा हेर्न गएको अवस्थामा ऐ. ऐ. मितिको साँझ अं. ५.०० बजेको समयमा भोला भन्ने अनन्तराज मानन्धर मलाई भेट्न सोही जात्रामा आई आज काँक्रेविहार जंगलमा नयाँ घटना घटेको छ तँलाई देखाउँछु हेर्न जाऊँ भनेकाले म समेत निजको पछि पछि मेरो आफ्नै मोटरसाइकलमा सवार भई गई काँक्रेविहारस्थित जंगलको जन्तीसाल भन्ने स्थानमा पुगेपछि सोही स्थानको चौतारीमा निजले आफ्नो मोबाइल निकाली मलाई भिडियो देखायो सो भिडियो मा हेमराज गिरीले एउटा युवतीलाई करणी गरेको दृश्य थियो, सो देखाई निज अनन्तराज मानन्धरले करणी गर्ने भए जाऊँ त्यो केटी खेततर्फ भागेकी छे भनेकाले मैले यताउता हेर्दा निज केटीलाई देखेन, सो पछि उक्त स्थानदेखि २० मिटर टाढाको चौतारोमा बलराम रावत, कृष्ण डाँगी, हेमराज गिरी र अन्य २ जना ना थाहा नभएका केटाहरूलाई देखेका थिए, सो पछि हामी सबैजना एकजना नाम थाहा नभएको चौधरीको पसलमा गई मादक पदार्थ सेवन गर्ने क्रममा आज काँक्रेविहार जंगलमा के भएको हो भनी सोध्दा कृष्ण डाँगीले केटी मैले ल्याएको हो, मैले पनि निज परिवर्तित नाम बीरेन्द्रनगर एकलाई जबरजस्ती

करणी गरें, हेमराज गिरी र भोला भन्ने अनन्तराज मानन्धरले पनि निजलाई जबरजस्ती करणी गरेका हुन्, हेमराज गिरीले करणी गर्ने क्रममा भोला भन्ने अनन्तराज मानन्धरले उक्त भिडियो खिचेका हुन् भन्ने कुरा गरेका थिए, मैले निज केटीलाई जबरजस्ती करणी गरेको होइन, वारदात पश्चात् मात्र गएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी सरोज जीसीले गरेको बयान कागज ।

वारदातको अवस्थामा म वारदात स्थल नजिकै बसी रक्सी र मासु खाइरहेको थिएँ, निज पीडित परिवर्तित नाम बीरेन्द्रनगर एकलाई सबैभन्दा पहिला कृष्ण डाँगीले जबरजस्ती करणी गरेका हुन्, त्यसपछि भोला भन्ने अनन्तराज मानन्धरले र त्यसपछि हेमराज गिरीले जाहेरवालाको छोरीलाई जोरजुलुम गरी जबर जस्ती करणी गर्दै गरेको अवस्थाको दृश्य भोला भन्ने अनन्तराज मानन्धरले आफ्नो मोबाइलबाट भिडियो रेकर्ड गरेका हुन्, सो पछि हामी सबै नाम थाहा नभएको चौधरी होटलमा गई मादक पदार्थ सेवन गर्दै गरेको बखत भोला भन्ने अनन्तराज मानन्धरले जबरजस्ती करणी गरेको दृश्य आफ्नो मोबाइलबाट देखाउँदा केटी कराएको आवाज निस्केकोले बन्द गर भनी मैले मोबाइल बन्द गर्न लगाएको हुँ, घटनास्थलमा मेरो उपस्थिति भए तापनि मैले जाहेरवालाको छोरीलाई मुख थुन्ने समेतको कार्य गरेको होइन, कम्प्युटरको माध्यमबाट मलाई भिडियोमा देखाइएको दृश्यमा भएको बलात्कृत युवती परिवर्तित नाम वीरेन्द्रनगर एक हुन् भने बलात्कार गर्दै गरेको युवक हेमराज गिरी हुन् भन्ने समेतको व्यहोराको प्रतिवादी बलराम रावलले गरेको बयान कागज ।

निजको यौनी भित्र बाहिर कुनै घाउ चोट छैन, निजको कन्याजाली नभएको भन्ने समेत व्यहोराको पीडितको स्वास्थ्य तथा यौनाङ्ग परीक्षण रिपोर्ट ।

जिल्ला सुर्खेत मैनतडा गा.वि.स. वडा नं. ८ स्थित धर्मबहादुर कार्कीको घरको बीच तलामा तीनवटा कोठा रहेको सो कोठामध्ये पूर्वतर्फको कोठामा जाहेरवालाको छोरी परिवर्तित नाम वीरेन्द्रनगर एक बसेको तथा राखिएको अवस्थामा प्रहरीले निज पीडित युवतीलाई उद्धार गरी लगेको चार किल्ला प्रकृति विवरण ठीक छ भन्ने घटनास्थल मुचुल्का ।

मेरी विवाहित छोरी ममता नगाल (कार्की) ले आफ्नो साथमा तत्काल नाम थाहा नभएकी पछि जानकारीमा आएकी परिवर्तित नाम वीरेन्द्रनगर एकलाई लगी मेरो घरमा आएकीले तीज चाडबाडको समय भएकाले मेरो छोरीको साथी होलिन्, चाडबाड मनाउन आएका होलान् भनी मैले कुनै सोधखोज गरिन, निज महिला मेरो घरमा पुगेकै दिनदेखि मेरो घरमा नै बसिरहेकी थिइन्, सोही क्रममा मिति २०६८।५।१४ गतेका दिन म आफ्नो घरमा भएको अवस्थामा प्रहरीहरू मेरो घरमा पुगी तपाईंको घरमा कोही महिला पुरुष पाहुना आई केही दिनदेखि बसेका छन् कि भनी सोधेकाले मैले एउटा केटी छन् भने पछि मैले निज केटीलाई बाहिर बोलाएपछि निजलाई प्रहरीले आफ्नो साथमा लगी गएका हुन्, सो घटना सम्बन्धमा मलाई थाहा भएन पछि सुनी थाहा पाए अनुसार मिति २०६८।४।२८ गतेका दिन सुर्खेत लाटीकोइली गा.वि.स. स्थित काँक्रेविहार जंगलमा लगी केटाहरूको समूहले निज महिलालाई पालैपालो जबरजस्ती करणी गरी भिडियो रेकर्ड गरेको भन्ने कुरा सुनी थाहा पाएको हुँ, वारदात पश्चात् मेरो घरमा पीडित के कसरी पुगिन्, मलाई थाहा छैन, निज पीडितलाई लाटीकोइली गा.वि.स. अन्तर्गत बस्ने भोला मानन्धर समेतका केटाहरूको समूहले जबरजस्ती करणी गरी भिडियो समेत रेकर्ड गरेको र उक्त रेकर्ड सुर्खेत जिल्लाभरि वितरण गरेका हुन् भन्ने सुनेको हुँ, निज पीडित महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी समेत गर्ने सबै प्रतिवादीहरूलाई कानुन बमोजिम कडाभन्दा कडा कारबाही हुनुपर्छ भन्ने समेत व्यहोराको धर्मबहादुर कार्कीले गरेको कागज ।

मिति २०६८।४।२८ गतेका दिन मसँग पूर्व चिनजान भएकी हटिया लाइन बस्ने विनु नेपाली मेरो घरमा आई म आमासँग झगडा गरी आएकी छु, एकान्त ठाउँमा बस्न मन लागेको छ भनेकीले कहाँ जानेभन्दा हाम्रो साथी हाल परिवर्तित नाम वीरेन्द्रनगर एकलाई बोलाउ मेरो मोबाइलमा पैसा छैन भनी मेरो मोबाइल

मागी वीरेन्द्रनगर एकलाई फोन गरी क्याम्पस नजिक छात्रावास नजिक बोलायौं, बोलाएपछि निज आएकीले हामी ३ जनालाई नै काँक्रेविहार जंगलतर्फ घुम्न जाउँ भनी कुरा गरी विनु नेपालीले मेरो मोबाइलबाट को कसलाई फोन गरी बोलाएको एकै छिनमा मैले तत्काल नचिनेको हाल देखेमा चिन्ने एकजना केटा मोटरसाइकल ल्याई आएकाले हामी तीनजना नै सोही मोटरसाइकलमा बसी लाटीकोइली गा.वि.स. को कुनौठी भन्ने स्थानमा झरी केही समय चौतारामा बसी सो नजिकै रहेको एकजना चौधरीको होटलमा नास्ता खाई विनु नेपालीले काँक्रेविहारतर्फ घुम्न जाउँ भनेकीले म लगायत वीरेन्द्रनगर एक र विनु नेपाली बाटोबाटै हिँड्दै जाने क्रममा मलाई पिसाब लागेकाले म पिसाब गर्न थालेका बखत मेरो साथी डेके भन्ने व्यक्ति एकजना केटी बसाली मोटरसाइकल चलाई आएको देखी रोक भन्दाको अवस्थामा परिवर्तित नाम वीरेन्द्रनगर एक र विनु नेपाली काँक्रेविहार जंगलतर्फ गए सो समयमा निज बीरेन्द्रनगर एकको के कहाँबाट फोन आएकोले फोन गर्दै काँक्रेविहार जंगलतर्फ जाँदै थिइन्, केही छिनपछि सीता सीता भन्दै बोलाएकीले म आउँदै छु भने सोही समयमा मैले नचिनेका ४/५ जना केटाहरू आई त रन्डी यहाँ के गर्न आएकी छेस् भन्दै गाली गर्दै २ झापु गालामा हानेकाले मेलै हाल परिवर्तित नाम वीरेन्द्रनगर एकलाई बोलाउँदा यसको ग्याङ धेरै छन् कि भनी मलाई गाली गरेका थिए, सो पछि म निज पीडित परिवर्तित नाम वीरेन्द्रनगर एकलाई खोजतलास गर्न जाँदा जंगलमा नदेखेकाले म खेतखेतै आफ्नो घरतर्फ गएकी हुँ मैले विनु नेपालीलाई पनि भेटाउन सकिनँ, निज परिवर्तित नाम वीरेन्द्रनगर एक र मलाई काँक्रेविहार जंगलमा भिडियो रेकर्ड गरेको छ भन्ने कुरा सुनी थाहाँ पाएकोले मैले बदनाम हुन्छ भनी कसैलाई नभनी बसेकी थिएँ भन्ने समेत व्यहोराको प्रतिवादी सीता चन्द (रावत) ले गरेको बयान कागज ।

मसँग पूर्व चिनजान भएका एड्भोकेसी फोरम सुर्खेतमा कार्यरत तेजेन्द्र बोहराले मलाई आफ्नो ९८४८०६९७७१ नं. मोबाइलबाट मेरो ९८४८१६१०९१ नं. को मोबाइलमा फोन गरी तपाई केही समयपछि निज तेजेन्द्र बोहरा आफूले चलाउने गरेको कालो होन्डा मोटरसाइकलमा तत्काल नाम थाहा नभएकी पछि जानकारीमा आएकी परिवर्तित नाम वीरेन्द्रनगर एकलाई बसाली मेरो घरमा आई निज पीडितलाई मलाई देखाउँदै यिनी मेरो नानु हुन्, केही समय तिमीसँग राख सुध्रिन्छिन् भनेकाले मैले मैनतडा माइती जानुपर्नेछ भनेकीले निज तेजेन्द्र बोहोराले उतै लगी राख्नु भनी निज पीडितालाई मसँग छाडी निज तेजेन्द्र बोहरा मेरो घरबाट गएका थिए, सो पश्चात् मैले निज पीडितलाई एक रात आफ्नै घरमा बसाली भोलिपल्ट आफ्नै साथमा लगी माइती घर मैनतडामा राखेकी हुँ, सोही अवधिमा म आफ्नो कामले अन्यत्र गएको अवस्थामा पीडितलाई प्रहरीले उद्धार गरी ल्याएको कुरा मैले थाहा पाएकी हुँ, निज पीडितलाई त्यसरी सामूहिक रूपमा जबरजस्ती करणी भएको कुरा मलाई थाहा थिएन, निज तेजेन्द्र बोहराले पीडितलाई बन्धक बनाउनलाई मलाई जिम्मा लगाएको थाहा नभई मैले निज पीडितलाई आफ्नो घर लगायत आफ्नो माइती घरमा समेत राखेकी हुँ, जाहेरी दरखास्तमा उल्लिखित मिति र समयमा प्रतिवादी भोला भन्ने अनन्तराज मानन्धर समेतले पीडितलाई पालैपालो सामूहिक रूपमा जबरजस्ती करणी गरेका हुन् भन्ने कुरा पीडितलाई प्रहरीले मेरो माइती घरबाट उद्धार गरी ल्याएकै दिन सुनी थाहा पाएकी हुँ भन्ने समेत व्यहोराको प्रतिवादी ममता नगाल (कार्की) ले गरेको बयान कागज ।

जाहेरी दरखास्तमा उल्लिखित वारदात मिति २०६८।४।२८ गते दिउँसो अं ११/१२ बजेको समयमा म आफ्नो साथीहरूलाई भेटघाट गर्न जाने भनी अत्याँचौर गाउँमा गएकोमा फर्की आउने क्रममा ऐ.ऐ. मितिको साँझ ४/५ बजेको समयमा हाल पक्राउ प्रतिवादी तथा मैले पहिलेदेखि नै चिनेकी सीता चन्द (रावत) लाई काँक्रेविहार जंगलस्थित जन्तीसाल भन्ने स्थान नजिकको बाटो छेउमा बसेको अवस्थामा देखे तापनि मैले निजलाई कुनै वास्ता नगरी मोटरसाइकल समेत नरोकी आफ्नो घर फर्की आएको थिएँ, सो वारदात सम्बन्धमा

उक्त दिन मलाई कुनै कुरा थाहा भएन भोलिपल्ट मसँग चिनजान भएका केटाहरूले सो वारदातको अवस्थामा जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीले करणी गर्दा रेकर्ड गरेको दृश्य मोबाइलबाट देखाउँदा देखी चिने अनुसार उक्त दृश्यमा बलात्कार गर्दै गरेका युवक जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरूमध्येका हेमराज गिरी (चौधरी) र बलात्कृत युवती मैले पहिले चिनेकी हाल परिवर्तित नाम बीरेन्द्रनगर एक उक्त दृश्यमा देखिएका थिए, सो वारदातको बारेमा पछि सुनी थाहा पाए अनुसार जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरूले जाहेरवालाको छोरी पीडितलाई अपहरण गरी काँक्रेविहार जंगलको जन्तीसाल भन्ने स्थानमा लगी सामूहिक रूपमा पालैपालो जबरजस्ती करणी गरी उक्त रेकर्ड गरेको दृश्य प्रतिवादी भोला भन्ने अनन्तराज मानन्धरले खिचेको र सो वारदातपछि पीडित बेपत्ता भएको तथा बन्धक बनाई राखेको अवस्थामा प्रहरीले उद्धार गरी ल्याएको भनी हालै सुनी थाहा पाए तापनि पीडितलाई सो वारदात पश्चात् निज प्रतिवादीहरू समेत अन्य को कसको मिलेमतोमा बन्धक गराई राखेको भन्नेबारेमा मलाई केही थाहा छैन । अतः उक्त वारदातमा संलग्न प्रतिवादीहरूलाई कानुन बमोजिम कारबाही हुनुपर्छ भन्ने समेत व्यहोराको डेके भन्ने डम्मर महतराले गरेको कागज तथा सोही व्यहोरासँग एकै मिलान हुने लक्ष्मी चौधरीले गरेको कागज ।

जाहेरी दरखास्तमा उल्लिखित वारदात मिति र समयमा म आफ्नै घरमा नै थिएँ । सो दिनको अं. १.०० बजेको समयमा ३ जना केटी र १ जना केटा मोटरसाइकलमा चढी गई मेरो नास्ता पसल नजिकको चौतारीमा बसी केही समयपछि तिनीहरू मेरो पसलमा आई नास्ता खाई दिनको अं.२.०० बजेको समयमा मेरो पसलबाट निस्की काँक्रेविहार जंगलको बाटो हुँदै गएका थिए, के कहाँ गएका थिए मलाई थाहा भएन, साँझ अं. ६.०० बजेको समयमा हाल मलाई फोटो देखाएका तालुमा कपाल नभएको अनन्तराज मानन्धर भन्ने व्यक्ति र नामथर वतन थाहा नभएका २ जना केटाहरू समेत ३ जना केटाहरूले मेरो नास्ता पसलमा गई नास्ता खाई गएका थिए, ऐ. २९ गते बाटोमा हिँड्ने मानिसहरूले हिजो साँझको समयमा जन्तीसाल भन्ने जंगलमा एकजना युवतीलाई कृष्ण डाँगी समेत ५ जना केटाहरूले सामूहिक रूपमा जबरजस्ती करणी गरी फोटो समेत खिचेको दृश्य केटाहरूले मोबाइलमा राखेका छन् भन्ने कुरा सुनी थाहा पाएको थिएँ, भिडियो हेर्ने मानिसहरूले युवती चिच्चाएको कराएको अवस्थामा युवकले जबरजस्ती करणी गरेको छ भन्ने कुरा गरेकाले सुनी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको देवबहादुर चौधरीले गरेको कागज ।

मिति २०६८/४/२८ गते बिहान आमाले मलाई गाली गर्नुभएकाले म बिहानै सीता चन्द (रावत) को घरमा गई निज सीता चन्द (रावत) सँग आमासित झगडा भई आएकी हुँ, एकान्त स्थानमा घुम्न मन लागेको छ, वास्तविक नाम परिवर्तित वीरेन्द्रनगर १ लाई बोलाउ भने, पछि निज सीता चन्द (रावत) ले आफ्नो मोबाइलबाट फोन गरी म र विनु क्याम्पस नजिकको छात्रावास निर आउँछौं, तिमी पनि त्यहाँ आउनु भनेकीले म र सीता चन्द (रावत) उक्त स्थानमा गई बसेका बखत वीरेन्द्रनगर एक सो स्थानमा आइसकेपछि हामीहरू ३ जना नै रंगशाला भएको स्थान नजिकको पीपल रूख भएको ठाउँमा गई बसी १ जना नाम थाहा नभएको व्यक्तिले ल्याई आएको नम्बर थाहा नभएको मोटरसाइकलमा बसी हामी ३ जना नै लाटीकोइली गा.वि.स.९ स्थित कुनैठी भन्ने स्थानमा झरी सो स्थानको एउटा होटलमा गई नास्ता खाई हामी ३ जना नै पैदल हिँडी बाटै बाटो दक्षिणतर्फ जाने क्रममा सीता चन्द (रावत) ले मलाई दिशा लागेको छ भनी दिशा गर्न लागिन् भने म र परिवर्तित नाम वीरेन्द्रनगर एकसँगै बाटोमा हिँडिरहेको अवस्थामा निज वीरेन्द्रनगर एकको मोबाइलमा के कहाँबाट फोन आएकोले निजले फोन उठाई फोन गर्दै जाँदै थिइन्, म पछि-पछि जाँदै गर्दा मलाई बान्ता हुने जस्तो भएकाले म पानी खोज्दै पानी भएको ठाउँमा गई बान्ता (बमिट) गर्दै गरेको अवस्थामा केटाहरू कहाँबाट आई मलाई गालामा हानेपछि म खेत-खेतै दौड्दै आफ्नो मानिसको घरमा गई बसें, निज सीता चन्द (रावत) र बीरेन्द्रनगर एक के कहाँ गए थाहा भएन, पछि पत्रपत्रिका हेर्दा सो वारदातको बारेमा थाहा पाएकी हुँ, निज

पीडितलाई मैले कुनै प्रकारको प्रलोभन देखाई सो स्थानमा लगेकी होइन, कोही कसैले सो स्थानमा ल्याउनु पनि भनेका थिएनन् भन्ने समेत व्यहोराको प्रतिवादी विनु नेपालीको बयान कागज ।

मिति २०६८/४/२८ गते साँझ अं. ५.०० बजेको समयमा म बिरामी भएको र लोक सेवा आयोगको नापी निरीक्षक पदमा नाम निस्केकोले औषधि खान र पढ्न जानका लागि घरमै थिएँ, अपराह्न ६.१५ बजेतिर घर नजिक टाकटुके जात्रा लाग्ने भएकाले जात्रा हेर्न गई ७:३० बजेतिर जात्रा हेरी घरमा फर्केको हुँ । जाहेरवालीलाई चिन्दैन जाहेरीको व्यहोरा झुट्टा हो । जाहेरवालीलाई जबरजस्ती करणी गरेको होइन । करणी गर्नमा सहयोग गरेको घेरा हालेको होइन भनी प्रतिवादी सराजे जी.सी. ले अदालतमा गरेको बयान ।

मिति २०६८/४/२८ गते निजको दर खानका लागि दिदीलाई बुवाले बोलाउनुभएकाले खाना पकाउन आमालाई सहयोग गर्नका लागि दिनभर घरमा बसी दिदीलाई खाना खुवाई बेलुका ५.०० बजेतिर घर नजिकै लाटिकोइली डाँडामा भएको नारायण मन्दिर नजिक लाग्ने टाककुटे जात्रा हेरी साँझ ७०० बजेतिर घर फर्केको हुँ, पीडित र अन्य प्रतिवादीसँग मेरो भेट भएन, जाहेरीको व्यहोरा झुट्टा हो भनी प्रतिवादी बलराम रावलले अदालमा गरेको बयान ।

मिति २०६८/४/२८ गते हाम्रो परिवारलाई मामाको घरमा खाना खान बोलाएकाले उक्त दिन बिहान अं.७.०० बजेदेखि साँझ अं.७:३० बजेसम्म मामाको घरमा बसी त्यसपछि सम्पूर्ण परिवार आफ्नो घरमा आएका हौँ, जाहेरी दरखास्तको व्यहोरा र पीडितले गरेको कागज झुट्टा हो मैले अनुसन्धानमा गरेको बयानको व्यहोरा मेरो होइन डर त्रास देखाई जबरजस्ती सही गराएका हुन् भनी प्रतिवादी विनु नेपालीले अदालतमा गरेको बयान ।

मिति २०६८/४/२८ गते बिहानदेखि रातिसम्म म आफ्नै घरमा मेरो २ बस्नेकी छोरी भएकीले छोरी हेरी माइती बुवाको घरमा थिए, जाहेरवाला पीडित र अन्य प्रतिवादीसँग मेरो भेट भएन भनी प्रतिवादी सीता चन्द (रावल) ले अदालतमा गरेको बयान ।

मिति २०६८/४/२८ गते म पसल खोली बसेको थिएँ, उक्त दिन मेरो पसलमा मोटरसाइकलमा कुनै केटाकेटी आई नास्ता खाएका होइनन्, प्रहरीमा कागज गराउँदा मैले भनेको कुरा लेखेका होइनन्, प्रहरीले आफैं लेखी सही गराएका हुन्, मैले केटाकेटीलाई चिन्दैन भनी प्रहरीमा कागज गर्ने देवबहादुर चौधरीले गरेको बकपत्र ।

जबरजस्ती करणी गर्ने मानिस चिन्दैन, श्रावण २८ गतेको कुरा हो, जाहेरीको व्यहोरा मैले लेखाएको होइन, जिल्ला प्रहरी कार्यालयमा बोलाई सही गर भनेपछि सही गरी दिएको हुँ भनी जाहेरवाला सुकलाल थापाले गरेको बकपत्र ।

मिति २०६८/४/२८ गते दिनभरि म र बलराम रावत सुर्खेत लाटिकोइली र सत्यनारायण चोकमा जात्रा हेरी साँझ ७:०० बजेतिर आ-आफ्नो घरमा गएका हौं । निज वारदात स्थलमा छैनन् भनी बलराम रावतका साक्षी राघव श्रेष्ठले गरेको बकपत्र ।

मिति २०६८/४/२८ गते रक्षाबन्धन भएकाले मैले भान्जी भएकीले विनु नेपालीलाई खान वोलाएकीले निज मेरो घरमा थिइन्, बिहान ७:०० बजे आई साँझ ७:३० बजे घर फर्केकी हुन्, घटनास्थलमा विनु नेपाली थिइनन् भनी प्रतिवादी विनु नेपालीको साक्षी श्याम नेपालीले गरेको बकपत्र ।

मिति २०६८/४/२८ गते म मेरो घरमा थिएँ, प्रतिवादी सरोज जी.सी. आफ्नै घरमा थिएँ, उनको र मेरो घर नजिकै छ, साँझपख लाटीकोइली ८ मा हुने जात्रामा अं. ६:१५ बजेदेखि म र सरोज जी.सी. ले जात्रा हेरी अन्दाजी ७:३० बजेतिर घरतर्फ लागेका हौं, घटना स्थलमा सरोज जी.सी. छैनन्, सरोजलाई लगाएको आरोप झुट्टा हो भनी प्रतिवादी सरोज जी.सी.का साक्षी रामविक्रम जी.सी.को बकपत्र ।

मैले जबरजस्ती करणी गरेको कुरा हल्ला सुनेको हुँ, को को भई जबरजस्ती करणी गरे थाहा भएन, प्रहरीमा गरेको कागजको व्यहोरा मेरो होइन, सहीछाप मेरो हो भनी बुझिएका डेगे भन्ने डम्मर महतराले गरेको बकपत्र ।

## अदालतको ठहर

नियमानुसार साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अ.वं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री पाराश्वर ढुङ्गाना र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता प्रेमध्वज शाही, विद्वान् अधिवक्ता र श्री नन्दबहादुर भण्डारीले गर्नुभएको बहस र पेस गर्नुभएको बहस नोट समेत मिसिल संलग्न सम्पूर्ण कागजहरू अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहाय विषयमा न्याय निरोपण गर्नुपर्ने देखिन आयो ।

(१) फरार प्रतिवादीहरूको हकमा के गर्ने ?
(२) जबरजस्ती करणीको वारदात घटेको हो ? होइन ?
(३) अभियोग लागेका मतियार प्रतिवादीहरूको वारदातमा संलग्नता छ, छैन ? संलग्न प्रतिवादीलाई के कस्तो सजाय हुने वा नहुने के हो ?
(४) पीडितलाई प्रतिवादीहरूबाट क्षतिपूर्ति दिलाई भराइदिने हो, होइन ?

माथि उल्लिखित प्रश्नहरूमध्ये प्रथमतः पहिला प्रश्नतर्फ विचार गर्दा वारदात घटेको मिति २०६८/४/२८ गतेदेखि आरोपित मुख्य अपराधी भनिएका प्रतिवादी भोला भन्ने अनन्तराज मानन्धर प्रतिवादी हेमराज गिरी र प्रतिवादी कृष्ण डाँगी फरार रहेको र निजहरू उपर प्रस्तुत घटनामा मु. ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुर गरेमा सोही महलको ३ नं. बमोजिम सजाय गरी सामूहिक बलात्कारको अपराध भएकाले सोही महलको ३ (क) नं. बमोजिम सजाय गरी ऐ. महलको १० नं. बमोजिम पीडकहरूबाट पीडित वीरेन्द्रनगर १ लाई क्षतिपूर्ति दिलाई पाऊँ भनी अभियोग पत्र पेस भएकोमा यस अदालतबाट जारी भएको म्यादमा हाजिर नभई फरार रहेका माथि उल्लिखित प्रतिवादी भोला भन्ने अनन्तराज मानन्धर, प्रतिवादी हेमराज गिरी र प्रतिवादी कृष्ण डाँगीको अंश रोक्का गर्ने कार्य सम्पन्न भएको हुँदा निजहरूको हकमा पछि हाजिर हुन आएमा सोही बखत र हाजिर हुन नआए अंश रोक्का भएको मितिले दुई वर्ष नाघेपछि कारबाही हुने गरी निजहरूको हकको कारबाही मुलुकी ऐन, अ.वं. १९० नं. बमोजिम मुल्तवीमा राखिदिने ठहर्छ ।

अब दोस्रो प्रश्नतर्फ विचार गरी हेर्दा प्रस्तुत मुद्दामा पर्न आएको जाहेरी दरखास्त र वारदात पश्चात् जिल्ला सुर्खेत मैनतडा गा.वि.स. वडा नं. ८ स्थित धर्मबहादुर कार्कीको घरको बीच तलामा ३ कोठा रहेको सो कोठामध्ये पूर्वतर्फको कोठामा जाहेरवालाको छोरी पीडित वीरेन्द्रनगर एक बसेको तथा राखिएको अवस्थामा प्रहरीले निज पीडित युवतीलाई उद्धार गरी लगेको भन्ने घटनास्थल मुचुल्का देखिएबाट लामो समय अपरहणमा परेकी पीडित वीरेन्द्रनगर एकलाई सुर्खेत मैनतडाबाट प्रहरीले खोजतलास गर्दा फेला परेपछि निजले दिएको घटना विवरण कागज र अनुसन्धानको क्रममा बुझिएका मानिस देवबहादुर चौधरीको कागज हेर्दा मिति २०६८/४/२८ गते साँझको अन्दाजी ६:०० बजेको समयमा हाल मलाई फोटो देखाएका तालुमा कपाल नभएको अनन्तराज मानन्धर भन्ने व्यक्ति र नाम, वतन, थाहा नभएका २ जनाकेटाहरू समेत मेरो नास्ता पसलमा नास्ता खाई गएका थिए । जन्तीसाल भन्ने जंगलमा एकजना युवतीलाई कृष्ण डाँगी समेत ५ जना केटाहरूले सामूहिक रूपमा जबरजस्ती करणी गरी फोटो समेत खिचेको दृश्य केटाहरूले मोबाइलमा राखेका

छन् भन्ने कुरा सुनी थाहा पाएको थिएँ । भिडियो हेर्ने मानिसहरूले युवती चिच्चाएको कराएको अवस्थामा युवकले जबरजस्ती करणी गरेको भन्ने सुनको हुँ भनी गरेको मौका ए पश्चात्मा भएको कागज र जाहेरी दरखास्तमा उल्लिखित मिति र समयमा प्रतिवादी भोला भन्ने अनन्तराज मानन्धर समेतले पीडितलाई पालैपालो सामूहिक रूपमा जबरजस्ती करणी गरेका हुन् भन्ने कुरा पीडितलाई प्रहरीले मेरो माइतीघरबाट उद्धार गरी ल्याएपछि थाहा पाएकी हुँ भन्ने ममता कार्कीको कागज व्यहोरा र वारदात स्थलमा रहे बसेका सहयोगी मतियारहरूको पक्राउ पश्चात् निजहरूले दिएको बयान कागज र अदालत समक्ष भएको पीडितको बकपत्र र पीडितको मौकाको भिडियो सिडीको अभिलेखबाट जबरजस्ती करणीको सामूहिक बलात्कारको वारदात भएको भन्ने तथ्य निर्विवाद स्थापित भइरहेको पाइन्छ ।

अब तेश्रो प्रश्न अर्थात् मतियार प्रतिवादीहरूको प्रस्तुत मुद्दामा के कस्तो संलग्नता छ ? यिनीहरूलाई के कस्तो सजाय हुने वा नहुने के हो ? भनी समष्टिमा विश्लेषण गरी माथि उल्लिखित फरार प्रतिवादीहरू बाहेकका पक्राउमा परेका बलात्कार वारदातका सहयोगी प्रतिवादीहरूको हकमा विचार गर्दा मिति ०६८ साल श्रावण २८ गते प्रतिवादी विनु नेपाली र प्रतिवादी सीता चन्दले पीडित बीरेन्द्रनगर एक (परिवर्तित नाम) लाई बोलाई घटनास्थल लगेको भन्ने पीडितको कागजबाट देखिन्छ । पीडितको घटना विवरण कागज र अनुसन्धान कर्ताले न्यायिक अनुसन्धानको क्रममा (The Process of Criminal justice) को दौरानमा पीडितसँग लिएको Visual Record को कथनबाट घटना विवरणलाई विभत्स अपराधको रूपमा देख्न सकिन्छ । पीडितले व्यक्त गरेको कथनबाट निज उपर प्रतिवादीहरूको एकपछि अर्को प्रताडनाको उद्‌घाटन उक्त अभिलेखबाट भइरहेको देखिन्छ । एकपछि अर्को प्रतिवादीले करणी गरेको र प्रतिवादीमध्येकै मानिसले त्यस प्रकार भएको बलात्कारको छायांकन गरेको कुरा पीडितको सो Visual Report बाट देखिन्छ । पीडितलाई जोर जुलुम दबाबमा पारि Video Record गरेको भन्ने कतैबाट देखिँदैन । उक्त Visual अभिलेख हेर्दा घटना अस्वाभाविक रूपमा पीडादायी तवरले सामूहिक बलात्कारको रूपमा प्रस्तुत भएको भन्ने प्रस्ट देखिन्छ । प्रहरी समक्ष कागज गर्ने पीडितको बयान कागजमा पीडितको मनोविज्ञान हेर्दा पीडित सामूहिक बलात्कार (Gang Rape) को सिकार भएको सहजै देखिन्छ ।

पीडितले दिएको छायांकन समेतको श्रव्य दृश्य रहेको सिडी र निजले अनुसन्धान गरेको कागज व्यहोरा हेर्दा जबरजस्ती करणी गर्ने मानिसहरू र घटनास्थलमा हेरी, जिस्काई बस्ने, लतार्ने कार्य गर्ने प्रतिवादीहरूको पृथक् पृथक् क्रियाको बारेमा क्रमबद्ध तवरले उल्लेख गरेको । प्रतिवादी विनु नेपाली, प्र. सीता चन्दले फोन गरी बोलाएको मोटरसाइकल समेतको प्रयोग गरी गराई पीडितलाई घटनास्थलमा लगेको र प्र.बलराम रावत र प्र. सरोज जी.सी.ले बलात्कार हुँदा हेरी बसेको जिस्काएको भनी उल्लेख गरेको सिलसिलेवार विवरण प्रस्तुत गरेको देखिन्छ । अदालतमा बकपत्र गर्दा यी मतियार प्रतिवादीहरूलाई बचाउने नियतले आफ्नो भनाइ राखे पनि Video Record मा उल्लिखित कथन र अर्को Blue– Scene देखिने सिडीमा भएको दृश्यले पीडितको अदालतमा भएको बकपत्रको व्यहोरा केही झुट्टा केही साँचो भन्ने देखिन आउँछ । त्यसैले पीडित सामूहिक बलात्कारको पीडामा संघर्ष गर्दा बलात्कारीहरूको मतियारहरू घटनास्थलमा हेरी, हाँसी, जिस्काई, बसेका छन् भन्ने पीडितको मौकाको कागज र श्रव्यदृश्यको तथ्यलाई अन्यथा अविश्वास गर्ने आधार देखिँदैन । अदालत समक्ष पेस भई परीक्षण भएका सिडीहरूको वस्तु तथ्यबाट घटनाको सीधा सीधा अर्थ गर्दा आरोपित मुख्य अभियुक्तहरू (principle offenders) हरूले आलोपालो जबरजस्ती करणी गरेको र अभद्र तवरले त्यस प्रकारको घटनाको छायांकन गरेको देखिन्छ भने आरोपित सहयोगीहरू घटनास्थलमा रहे बसेको भन्ने पुष्टि भइरहेको छ । जाहेरवाला एवं निजको छोरी पीडितले बकपत्र गर्दा केही तथ्य मौकामा उल्लेख गरेभन्दा फरक ढंगले व्यक्त गरेको सन्दर्भलाई लिएर प्रतिवादीका तर्फबाट प्रतिरक्षा गर्न विद्वान् अधिवक्ताले पीडित र जाहेरवालाले विपरीत

बकपत्र (Hostile) गरी बकपत्र गरेको र मेरा पक्षहरू कसुरमा इन्कार रहेबाट अन्य कुनै ठोस प्रमाणले पुष्टि नगर्दासम्म प्रतिवादीहरूलाई कसुरदार भन्न मिल्ने अवस्था रहेन भनी लिएको जिकिरतर्फ विचार गर्दा जबर जस्ती करणी जस्तो संगिन फौजदारी अपराधमा पीडितलाई प्रतिवादीहरूले आफू अनुकूल पेस गर्न गराउन सक्ने अवस्था रहने हुँदा निजको विपरीत बकाइले घटनामा प्रतिवादीहरू संलग्न छैनन् भन्ने अर्थ गर्न सकिँदैन । सम्मानित सर्वोच्च अदालतले **नेपाल सरकारविरुद्ध कृष्णबहादुर के.सी.** भएको **जबरजस्ती करणी मुद्दा**को न्याय निरोपण गर्दा पीडित एवं जाहेरवाला अदालतमा आई बकपत्र नगरेको फितलो कारणबाट त्यसलाई आधार बनाई जबरजस्ती करणी जस्तो फौजदारी कसुर र त्यसबाट पीडितलाई पर्ने असरको ख्यालै नगरी अरू प्रमाणहरू हुँदा हुदै यान्त्रिक ढंगबाट प्र. लाई सफाइ दिन मिल्दैन भनी व्याख्या गरेको (**स.अ.व.२०६७ फागुन, अंक २२, पृ.१९**) सन्दर्भ समेतलाई विचार गर्दा पीडित अदालतमा आउँदै नआएको अवस्थामा समेत अपराध स्थापित भई प्रतिवादी दोषी ठहर हुन सक्दछ भने प्रस्तुत मुद्दामा पीडित एवं अर्का जाहेरवाला अदालत उपस्थित भएर प्रहरीले अभिलेख गरेको (Visual Record) र प्रतिवादीहरूमध्येकै प्रतिवादीहरूले छायाङ्कन गरेको Blue Seane Video Record लाई पीडितले स्वीकार गरी सनाखत गरिसकेपछि बकपत्रको कागजमा कहीँ कतै मतियार र केही प्रतिवादीहरूलाई बचाउने इरादा राखी घटनास्थलमा थिएनन् भन्ने भनाइकै आधारमा मात्र प्रतिवादीहरूलाई निर्दोषिताको सुविधा प्राप्त हुने स्थिति नहुँदा विद्वान् अधिवक्ताको तर्कसँग यो इजलास सहमत हुन सक्दैन ।

पीडितका बाबु सुकलाल थापा (परिवर्तित नाम) को मौका कागज जाहेरी र पीडितले गरेको घटना विवरण कागज प्रस्तुत मुद्दाका महत्वपूर्ण प्रमाण रहेबाट ती प्रमाणहरूलाई अनुसन्धान अधिकारीले श्रव्यदृशयको अभिलेखीकरण गरी प्रस्तुत गरेको तथ्यले पीडितको कथित आंशिक विपरीत बकपत्र (Partial–Hostile) लाई सत्य साँचो हो भन्न सकिँदैन । पीडितले मौकामा उल्लेख गरेको अभिव्यक्ति प्रभाव र दबाबमुक्त अवस्थाको सत्यको उद्घाटन हो भन्ने प्रस्तुत भएका सिडीहरूको अध्ययनबाट सहजै अनुमान गर्न सकिन्छ ।

घटना कसरी भएको हो ? कहिले ?, कहाँ ?, को कसले ?, के कस्तो कार्य गरी ? वारदातमा प्रतिवादीहरू संलग्न थिए भनी अनुसन्धानमा महिला अधिकारीबाट पीडितलाई सोधपुछ गरिएको पीडितको मौकाको अनुसन्धान तहकिकातको सिलसिलामा तयार भएको कागज प्रमाणलाई प्रतिवादीहरूले अन्यथा प्रमाणित गर्ने गरी कुनै भरपर्दा प्रमाण पेस गर्न सकेको पाइँदैन । प्रमाण स्वरूप आएका सिडीहरू हेर्दा पीडित उपर प्रतिवादीको जबरजस्ती आक्रमणको दृश्य बलात्कारको रूपमा देखिन्छ । जसलाई देख्न र पीडितको रोदनको चित्कार समेत सुन्न पनि सकिन्छ । पीडितको क्रन्दन र उसको पीडा आवाजबाट व्यक्त हुँदा निजलाई सो घटनामा सरिक गराउने प्रतिवादी सीता चन्दको नाम किटानी रूपमा अभिव्यक्त भएको दुर्लभ प्रमाण सोही अभिव्यक्त कथनबाट पाइन्छ । त्यसैले एकान्त स्थल जंगलमा प्रतिवादीहरूले समूहका बीच मुख्य फरार अपराधीहरूले पालैपालो एकपछि अर्को गरी बलात्कार गरेको र मतियारहरूले पीडितलाई जिस्काई हेरी बसेका थिए भन्ने पीडित वीरेन्द्रनगर एकलाई अविश्वास गर्नुपर्ने अन्यथा कारण देखिँदैन ।

घटनास्थलमा प्रतिवादीमध्येका हेमराज गिरीले प्रहरी आयो भनेपछि मूल प्रतिवादीहरू र मतियार प्रतिवादीहरू भागेको भन्ने पीडितको कागज देखिएको र प्र. बलराम रावलले घटनास्थलमा उपस्थित भई प्र. भोला मानन्धर, प्र. कृष्ण डाँगी, प्र. हेमराज गिरीले एकपछि अर्को भई पीडितलाई जबरजस्ती करणी गरेका हुन्, सो समयमा म घटनास्थलमा हेरी बसेको थिएँ भनी सरकारी वकिल समक्ष बयान गरेको देखिँदा घटनामा सहयोगी प्रतिवादीहरू प्रत्यक्ष अप्रत्यक्ष रूपमा उपस्थित रहेको भन्ने पीडित वीरेन्द्रनगर एकलाई अविश्वास गर्नुपर्ने अन्यथा कारण देखिँदैन ।

यसरी अपराधमा प्रतिवादीहरू संलग्न हुँदाहुँदै पनि अदालतको लामो प्रयास पश्चात् अदालती

बन्दोबस्तको ११५ नं. बमोजिम पीडितलाई अदालतमा उपस्थित गराई बकपत्र गराउँदा पीडितको तथ्य (Fact) लाई अन्यत्र मोड्ने (Mislead) चेष्टा गरी बकपत्र गर्दा केही तथ्यगत भिन्नता देखाए पनि मौकाको घटना विवरणलाई पुष्टि गर्ने गरी निज पीडितले प्रहरी समक्ष दिएको श्रव्यदृश्य कथन (Visual Record) को सत्यतालाई दबाउन सकेको पाइँदैन । त्यसैले पनि प्रमाण ऐन, २०३१ को दफा १०(१) बमोजिम घटनाबाट पीडित वीरेन्द्रनगर एकले अनुसन्धानको क्रममा गरेको सत्य तथ्यको घटनालाई अदालत समक्षको बकपत्रले खण्डित गर्न सकेको भन्न मिल्दैन । प्रतिवादीमध्येका एक प्रतिवादीले जबरजस्ती करणी गरे भन्ने पीडितले कतै आफू अनुकूल र कतै अरू प्रतिवादीहरूलाई चिन्दिन भनी प्रतिवादी अनुकूल दिएको विपरीत बकपत्रले तथ्ययुक्त घटना र घटनामा संलग्न पात्रहरूलाई बदल्न सकिँदैन । किनकि पीडितले अदालतमा बकपत्र गर्दा पनि आफूले भन्दै नभनेको कुरा अभिलेख गरिएको हो भनी युक्तिसंगत आधार दिई बकपत्र गर्न सकेको पनि पाइँदैन ।

अदालत समक्ष आएका सिडीमा यौनिक क्रियामा संलग्न प्रतिवादीलाई किटान गरी बकपत्र गर्ने पीडितले सो बखत त्यस्तो दृश्य मोबाइलमा खिच्ने मानिस अपरिचित अर्थात् चिन्दै नचिनेका मानिस थिए भनी गरेको बकपत्र हास्यास्पद देखिन्छ । त्यस्तो यौनिक गतिविधि भइरहँदा एक अपरिचित मानिसले लामो समयसम्म Visual Record गरिरहँदा अर्को अपरिचित मानिसले करणी गरिरहने भन्ने सवाल मनासिब देखिँदैन । त्यसैले पनि पीडितको कथन प्रतिवादीमध्येका केही प्रतिवादीलाई कसुरदार कायम गरियोस् र केहीलाई सफाइ मिलोस् भन्ने नियतबश बकपत्र भएको देखिन आउँदछ ।

सामान्यतया फौजदारी अपराधमा साक्षीहरूलाई डर, धाक, धम्की, दिएर वा कुनै आर्थिक प्रलोभन वा अनुचित प्रभावमा पारेर पनि विपरीत बकपत्र गराइन्छ भन्ने सत्यलाई हाम्रो सर्वोच्च अदालतले समेत स्वीकार गरेको पाइन्छ । **जनक त्रिपाठीविरुद्ध नेपाल सरकार** भएको **जबरजस्ती करणी मुद्दामा** समेत प्रलोभनमा पारेर प्रतिवादी वा अभियुक्तहरूले साक्षीलाई Hostile बनाउँछन् र यस्तोमा साक्षीलाई Winning away गरेको भनिन्छ । अन्य प्रमाण भएमा Winning away गर्दैमा अपराध कायम नहुने वा प्रतिवादी अभियुक्तलाई सफाइ प्राप्त हुने होइन, त्यस्तोमा झुट्ठा बकपत्र गरेमा साक्षी वा पीडितलाई पनि सजाय हुन सक्छ भनी मान्यता स्थापित भएको पाइन्छ । ( **ने.का.प.२०६२, असार अङ्क ३, भाग ४७, नि. नं. ७५०५**) त्यस कारण प्रस्तुत सामूहिक बलात्कार (Gung Rape) को अपराधमा मौकामा संकलित भएका लिखित र छायांकित प्रमाणहरूलाई पीडितका बाबुले मौकाको जाहेरीमा उल्लेख गरे जस्तो र पीडितले मौकामा भनेजस्तो यथार्थपरक तथ्यलाई कोही कसैले स्वार्थबश वा प्रभाववश अन्यथा भन्न खोज्दैमा स्थापित तथ्यलाई विस्थापित गर्न सकिँदैन ।

अतः पीडितको मन, मस्तिष्क र दिमागले मौकामा घटनालाई व्यक्त गरेको लिखित कागज र अभिलेख कथन समेतका प्रमाणबाट प्रतिवादीहरूको घटनाको समयमा घटनापूर्व र घटनापश्चात् देखिएको कर्तव्य र भूमिकामा प्रतिवादीहरूको उपस्थित निःसन्देह देखिन्छ । मेला हेर्ने बहाना बनाई पीडितलाई बोलाउने, मोटरसाइकलमा चढी घटनास्थलमा लाने लैजाने क्रिया प्र. विनु नेपाली र प्र. सीता चन्दले गरेको तथ्य यिनै प्रतिवादीहरूको अधिकार प्राप्त अधिकारी समक्षको बयानलाई पीडितको कागजले समर्थन गरेको र भिडियो सिडीले सो कुरालाई थप पुष्टि गरेको हुँदा आरोपित प्रतिवादीहरू सीता चन्द र विनु नेपाली वारदातका प्रवल मतियार रहेछन् भन्ने देखिन्छ भने प्र. बलराम रावलले करणी गरी हेरी बस्ने र सरोज जी.सी.ले घटनास्थलमै मुख्य अभियुक्तमध्येका प्र.भोला मानन्धरसँग छायांकित सिडीमा प्रोनोग्राफी भिजुयल दृश्य हेरी घटनास्थलमा पीडितलाई खोज्ने क्रियाबाट प्रतिवादीहरू वारदातका मतियार रहेछन् भन्ने देखिन्छ ।

यस प्रकार गलत कार्यैका लागि पीडितलाई घटनास्थल लैजाने प्र. सीता चन्द र प्र. विनु नेपालीका साथै वारदात स्थलमा रहे बसेर बलात्कारको घटनाबाट पीडितलाई बचाउने र घटना घट्न नदिने संवेदनशीलता नदेखाउने मतियारको रूपमा रहेका प्रतिवादी बलराम रावल र प्रतिवादी सरोज जी.सी. ले जबरजस्ती करणी

महलको ४ नं. को कसुर गरेको रहेछन् भन्ने अवस्था निःसन्देह प्रमाणित अवस्थामा देखिन्छ ।

तसर्थ, कलिलै उमेरकी पीडित उपर भएको प्रस्तुत बलात्कारको क्रियाले पीडितको व्यक्तिगत, शारीरिक, मानसिक, सामाजिक, आर्थिक, पारिवारिक, बौद्धिक, शैक्षिक, पेसागत एवं चारित्रिक पक्षमा परेको प्रभाव र असरले पीडितलाई भएको क्षतिको मूल्याङ्कन सहज र सरल देखिँदैन । न्याय निरुपणको माथि उल्लिखित चौथो प्रश्नको हकमा पीडितलाई को कसबाट क्षतिपूति भराउने भन्ने विषयमा आज यी मतियार प्रतिवादीहरूले जबरजस्ती करणीको अपराध नगरेको हुँदा निजहरूबाट यो प्रश्नले माग गरेको क्षतिपूर्ति पीडितले पाउने पाउने अवस्था रहेन । फरार रहेका मुख्य अभियुक्त (Principle offenders) को हकमा पछि फैसला हुँदा दाबी बमोजिमको दफा १० को क्षतिपूर्ति रकम उसै बखत निर्धारण हुने हुँदा हाल त्यस विषयमा यी प्रतिवादीहरूलाई भागीदार बनाउन कानुन सम्मत देखिएन ।

त्यसो हुँदा माथि विवेचित आधार प्रमाण समेतबाट **मु.ऐन, जबरजस्ती करणीको महलको ४ नं. को कसुरमा आरोपित प्रतिवादीहरू प्र.विनु नेपाली, प्र. सरोज जी.सी. र प्र. बलराम रावलले दाबीको कसुर गरेको ठहर्नाले निजहरूलाई जनही वर्ष ०१/०६ महिना कैद हुने ठहर्छ** । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम प्रस्तुत मुद्दा फैसला गरिदिएको छु । अरू तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि इन्साफ खण्डमा प्रतिवादी सरोज जी.सी.लाई एक वर्ष छ महिना कैद हुने ठहरी फैसला भएकोमा निज मिति २०६८/५/१३ गतेदेखि २०६८/६/२ गतेसम्म दिन १९ (उन्नाईस) थुनामा बसेकोले उक्त कैद एक वर्ष छ महिनामा १९ दिन कैद कट्टा गरी बाँकी कैद एक वर्ष पाँच महिना एघार दिन हुँदा पुनः पुर्पक्ष निमित्त मिति २०६८/८/१३ देखि थुनामा बसेकोले सो मितिले मिति २०७०/१/२३ गतेसम्म कानुन बमोजिम कैदमा राखी मिति २०६८/१/२४ गते कैदबाट मुक्त गरिदिनू भनी लगत कसी श्री कारागार कार्यालय सुर्खेतमा लेखी सोही बमोजिम रीतपूर्वकको कैदी पुर्जी प्रतिवादी सरोज जी.सी.लाई दिनू ....................................................१

माथि इन्साफ खण्डमा प्रतिवादी बलराम रावतलाई १ वर्ष ६ महिना कैद हुने ठहरी फैसला भएकोमा निज २०६८/५/१३ गते दिन २०६८/६/२ गतेसम्म दिन १९ (उन्नाईस) थुनामा बसेको देखिँदा निजलाई लागेको कैदबाट दिन १९ कट्टा गरी बाँकी कैद १ वर्ष ५ महिना ११ दिन बाँकी हुँदा पुनः पुर्पक्षका निमित्त २०६८/८/२ देखि थुनामा बसेकोले सो मितिदेखि मिति २०६८/१/१२ सम्म कैदमा राखी २०७०/१/१३ गते कैदबाट छाडिदिनू भनी लगत कसी श्री कारागार कार्यालय सुर्खेतमा लेखी पठाउनू र रीतपूर्वकको कैदी पुर्जी प्रतिवादी बलराम रावतलाई दिनू .........................................................................................................२

माथि इन्साफ खण्डमा प्रतिवादी विनु नेपालीलाई १ वर्ष ६ महिना कैद हुने ठहरी फैसला भएकाले निज २०६८/५/२५ गते देखि २०६८/६/२ गते सम्म दिन ७ (सात) थुनामा बसेको देखिँदा लागेको कैदबाट दिन ७ कट्टा गरी बाँकी कैद १ वर्ष ५ महिना २३ दिन हुँदा पुनः पुर्पक्षको लागि मिति २०६८/८/२ देखि थुनामा बसेको देखिँदा सो मितिदेखि लागू हुने गरी मिति २०७०/१/२४ गतेसम्म कैदमा राखी मिति २०७०/१/२५ गते कैदबाट छाडिदिनू भनी लगत कसी श्री कारागार कार्यालय सुर्खेतमा लेखी पठाउनू र रीतपूर्वकको कैदी पुर्जी प्रतिवादी विनु नेपालीलाई दिनू.................................................................................३

प्रतिवादी सीता चन्द (रावत) लाई १ वर्ष ६ महिना कैद हुने ठहरी फैसला भएकोमा निज २०६८/५/१५ देखि

२०६८/६/२ गते सम्म दिन १७ (सत्र) थुनामा बसेको देखिँदा सो लागेको कैदबाट कटाई बाँकी कैद १ वर्ष ५ महिना १३ दिन बेरुजु हुँदा लगत कसी असुल उपर गर्नू ......................................................४

यस अदालतको इन्साफ खण्डमा चित्त नबुझे ७० (सहत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत सुर्खेतमा पुनरावेदन गर्नू भनी प्रतिवादी सरोज जी.सी., बलराम रावत, विनु नेपाली र सीता चन्द (रावत) लाई पुनरावेदनको म्याद दिनू र फैसलाको प्रतिलिपि साथै राखी श्री जिल्ला सरकारी वकिल कार्यालय सुर्खेतलाई जानकारी दिनू........... ..........................................................................................................................५

फरार प्रतिवादी भोला भन्ने अनन्तराज मानन्धर, हेमराज गिरी (चौधरी), कृष्ण डाँगीको हकमा अ.वं. १९० नं. बमोजिम मुल्तवी राख्नू .........................................................................................६

प्रतिवादी सरोज जि.सी. र प्रतिवादी बलराम रावतले जनही धरौटी रु २५०००।- (पच्चीस हजार) राखेको देखिँदा निजहरूले कैद भुक्तान गरी मुद्दा अन्तिम भएपछि राखेको धरौटी फिर्ता पाऊँ भनी निवेदन दिन आए निजहरूलाई उक्त धरौटी फिर्ता दिनू.............................................................................७

प्रस्तुत मुद्दामा पेस भएका सिडी थान २ सिलबन्दी लाहाछाप लगाई श्रेस्तेदार समेत फाँटवालाले सहीछाप गरी सुरक्षित राख्नू...............................................................................................८

प्रमाण स्वरूप दाखिल भएका सिडीहरूको प्रतिलिपि गोप्यताको कारणले अदालत बाहेक कोही कसैलाई उपलब्ध नगराउनू...................................................................................................९

दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाइदिनू......................................१०

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू.....................................११

कुलप्रसाद शर्मा
(जिल्ला न्यायाधीश)

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाए बमोजिम
कम्प्युटर गर्ने : ता.आनन्द चौधरी
फाँटवाला : डिट्ठा गणेश के.सी.

**इति संवत् २०६९ साल पौष १८ गते रोज ४ शुभम्......................**

**श्री काभ्रेपलाञ्चोक जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश रमेशकुमार खत्री**
**फैसला**
**संवत् २०६६/०६७ सालको स.वा.फौ.मि.नं. :- २**
**निर्णय नम्बर :- ४२८**

**मुद्दा :- जबरजस्ती करणी ।**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| बद्रीप्रसादको जाहेरीले नेपाल सरकार ..................१ | भुवन गिरीको छोरा का.प.जि. पनौती न.पा. वडा नं. ५ वस्ने वर्ष १८ को रञ्जित गिरी......................१ |
| प्रमाण :- | प्रमाण :- |
| लिखित :- सानुमैया, जाहेरवाला, नाम परिवर्तित पीडित कविता, नाम परिवर्तित पीडित सरिता | लिखतः- |
| साक्षी :- | साक्षी :- रेशम गिरी, हिमाल राय |
| विशेषज्ञ :- डा. गेहनाथ बराल, डा. अर्चना वैद्य | |

**अदालतबाट बुझेको**
**साक्षी :-**
**लिखत :-**

न्याय प्रशासन ऐन २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं. २९ नम्बर समेतले यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको पक्षहरूको गोपनियता कायम राख्ने निर्देशिका २०६४ बमोजिम जाहेरवाला र पीडितको आमाको थर उल्लेख नगरी पीडितहरूको बास्तविक नाम परिवर्तिन गरी सरिता र कविता भन्ने परिवर्तित नाम उल्लेख गरी मुद्दाको संक्षिप्त तथ्य र ठहर निम्नानुसार उल्लेख गरिएको छ :-

१. मिति २०६६।३।२९ गते अं. १५:०० बजेको समयमा मेरा आफ्नै घरमा कोही नभएको अवस्थामा रञ्जित गिरीले मेरो नाबालिका छोरीहरू नाम परिवर्तित वर्ष १० की सरिता र वर्ष ४ की कवितालाई ललाई फकाई, धाक धम्की देखाई जारजस्ती करणी गरेको हुँदा निजलाई पक्राउ गरी कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको जाहेरी ।
२. का.प.जि. पनौती न.पा. वडा नं. ५ स्थित पूर्वमा हरिबहादुर थापाको घर, पश्चिम मकै बारी उत्तरमा मकै बारी दक्षिणमा मकै बारी यति चार किल्लाभित्र बद्रीप्रसादको एकतले कच्ची घर रहेको सो घरभित्र तीनवटा खाट रहेको सो खाटमध्ये पश्चिमतर्फको खाटमा नाम परिवर्तित सरिता र कवितालाई मिति २०६६।३।२९ गते अं. १५:०० बजेको समयमा रञ्जित गिरीले जबरजस्ती करणी गरेको भन्ने व्यहोराको घटना प्रकृति मुचुल्का ।
३. जाहेरवालालको छोरीहरू पीडित नाम परिवर्तित वर्ष १० की सरिता र वर्ष ४ की कविताको कन्याजाली च्यातिएको भन्ने व्यहोरा समेतको परोपकार प्रसूति गृह थापाथलीको परीक्षण प्रतिवेदन ।

४. मिति २०६६।३।२९ गते अं. १५:०० बजेको निजहरूसँग समयमा नाम परिवर्तित वर्ष १० कि सरिता र वर्ष ४ की कविता मात्र घरमा भएको बखत मैले विभिन्न यौन उत्तेजित कुराहरू गरी मेरो यौन अंश उत्तेजनामा आएकोले निज सरिता र कवितालाई घरभित्र रहेको खाटमा मैले जबरजस्ती करणी गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी रञ्जित गिरीको बयान ।

५ मिति २०६६।३।२९ गतेका दिन घरमा कोही नभएको म र कविता मामा घरमा खेलिरहेको अवस्थामा रञ्जित गिरीले मेरो घरमा आई विभिन्न लोभलालच तथा धाक धम्की देखाई निजले बाँधी भित्र रहेको खाटमा पल्टाई निजले मेरो यौनीमा निजको लिंग घुसाउँदा दुखी रोई कराई निज बाहिर गई केही समयपछि फेरी घरभित्र आई बहिनी कवितालाई पनि करणी गरेको हो भन्ने समेत व्यहोराको पीडित सरिताले गरेको कागज ।

६. मिति २०६६।३।२९ गतेका दिन घरमा कोही नभएको म र सरिता मामा घरमा खेलिरहेको अवस्थामा रञ्जित गिरीले मेरो घरमा आई विभिन्न लोभलालच तथा धाक धम्की देखाई निजले बाँधी भित्र रहेको खाटमा पल्टाई निजले पहिले दिदी सरिताको र आफ्नो समेत कपडा खोली दिदी तल र निज रन्जित गिरी माथि भई केही समय हल्लिई पछि निज बाहिर निस्की केही समय पछि मलाई समेत भित्र लगी खाटमा सुताई कपडा खोली मेरो यौनीमा निजको लिंग घुसाउँदा दुखी रोई कराई गर्दा निज बाहिर निस्की बेलुकी घर गएको हो भन्ने समेत व्यहोराको पीडित कविताले गरेको कागज ।

७. मिति २०६६।३।२९ गते अं. १५:०० बजेको समयमा नाम परिवर्तित वर्ष १० की सरिता र वर्ष ४ की कविता मात्र घरमा भएको बखत रञ्जित गिरीले विभिन्न लोभलालच तथा धाक धम्की देखाई जबरजस्ती करणी गरेको हुँदा निजलाई कानुन बमोजिम हदैसम्मको सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको चिनीमाया तामाङले गरेको कागज ।

८. मिति २०६६।३।२९ गते अं. १५:०० बजेको समयमा जाहेरवालाको घरमा कोही नभएको बेला पीडित बालिकाहरूलाई विभिन्न प्रकारको धाक धम्की देखाई हात समेत बाँधी निजको घरभित्र रहेको खाटमा पल्टाई जबरजस्ती करणी गरेको भन्ने कुरा गाउँमा हल्ला भएपछि सुनी थाहा भएको हो भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

९. प्रतिवादी रञ्जित गिरीले पीडित वर्ष १० की सरिता र वर्ष ४ की कविता निजहरू बाहेक घरमा कोही नभएको मौका पारी घरभित्र प्रवेश गरी डर, त्रास, धाक, धम्की दिई हात समेत बाँधी खाटमा पल्टाई जबर जस्ती करणी गरेको कुरा पुष्टि हुन आएकाले प्रतिवादी रञ्जित गिरीको त्यस्तो कार्य मुलुकी ऐन जबरजस्ती करणीको १ नं. को कसुरजन्य कार्य भएको हुँदा उक्त कसुरजन्य कार्य गर्ने व्यक्ति रञ्जित गिरीलाई सोही जबरजस्ती करणीको ३ नं. को देहाय (१) अनुसार सजाय गरी पाउन र प्रतिवादीबाट जबरजस्ती करणीको १० नं. अनुसार मनासिब माफिकको क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने अभियोग माग दाबी भराई पाऊँ भन्ने अभियोग माग दाबी ।

१०. मिति २०६६।३।२९ गते दिउँसो २:३० बजेको समयमा म खोलामा लुगा धुन गएको थिए । लुगा धोइसकेपछि म आफ्नै घरमा फर्की आउँदा नाम परिवर्तित सरिता र कवितालाई सगुन के.सी.को घरमा देखेको हुँ, मैले तिमीहरू घर जानु पर्दैन भनी गाली गरें, म आफ्नो घरतर्फ पँधेरामा आइपुग्दा पनि नाम परिवर्तित सरिता र कविता आइपुगेका थिएनन्, सरिताले कवितालाई बोलाउँदै थियो, मैले के भयो भनी सरितालाई सोध्दा डर लाग्यो भनी भन्यो म निजकै घरमा ढोकाको छेउमा लुकें, कविता र सरिता आयो, म बाहिर निस्कें, त्यसपछि सरिताले सुरुवाल फेरिदेउ भनी सुरुवाल फेदै नफेरी नाम परिवर्तित कविता खोल ओढी सुती, मैले आढेको खोलले नै नाम परिवर्तित कवितालाई मैले बाँधेको हुँ पछि पुनः खोलिदिएको हुँ मैले

निजलाई जबरजस्ती करणी गरेको छैन । अभियोग दाबी बमोजिम कसुर नगरेको हुँदा आरोपित कसुरबाट सफाइ पाऊँ भन्ने समेत व्यहोरा उल्लेख गरी प्रतिवादी रञ्जित गिरीले यस अदालतमा गरेको बयान ।

११. तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी रञ्जित गिरी कसुरदार देखिएको र कसुरदार रहेको भन्ने मनासिब आधार समेत देखिँदा मुलुकी ऐन अ.वं. ११८ को देहाय २ मा भएको कानुनी व्यवस्था बमोजिम प्रतिवादीलाई मुद्दाको पुर्पक्षको लागि थुनामा राख्नुपर्ने अवस्था देखिएकोले कानुन बमोजिम थुनुवा पुर्जी दिई सोही बमोजिम सिधा खान पाउने गरी कारागार कार्यालय धुलिखेलमा थुनामा राख्न पठाइदिने भन्ने व्यहोराको यस अदालतबाट मिति २०६६।४।२८ मा भएको थुनछेक आदेश ।

१२. उक्त मितिमा म पँधेरामा पानी लिन जाँदा रञ्जित गिरी नुहाइरहेका थिए, पानी भरेर घर फर्किंदै गर्दा रञ्जित गिरी पनि मेरो पछि पछि मसँगै घरमा गएको हो । बच्चीहरू पारिपट्टि सगुन के.सी. को घरमा मैले देखेको हुँ । रञ्जित गिरी त्यस्तो ज.क. गर्ने खालको मान्छे होइन । त्यो घटना सत्य होइन । रिसइवीले रञ्जितलाई अभियोग लगाइएको हो । रञ्जितलाई सजाय हुनुपर्ने होइन, अभियोग दाबी झुट्टा हुँदा प्र.रञ्जित गिरीले सफाइ पाउनुपर्छ भन्ने समेत व्यहोरा उल्लेख गरी प्रतिवादीका साक्षी रेशम गिरीले यस अदालतमा गरेको बकपत्र ।

१३. त्यो घटना सत्या होइन । रञ्जितको आमाको मानसिक अवस्था ठीक नभएको र पहिले पनि विष सेवन गरेको जाहेरवालाको श्रीमतीसँग झैझगडा गर्ने हुँदा सो रिसइवीले रञ्जितलाई अभियोग लगाइएको हो । रञ्जितलाई सजाय हुनुपर्ने होइन, अभियोग दाबी झुट्टा हुँदा प्र. रञ्जित गिरीले सफाइ पाउनुपर्छ भन्ने समेत व्यहोरा उल्लेख गरी प्रतिवादीका साक्षी हिमाल रायले यस अदालतमा गरेको बकपत्र ।

१४. पीडितहरूको स्वास्थ्य परीक्षण मैले गरेको हुँ, उक्त परीक्षणमा निजहरूको स्वास्थ्य सामान्य रहेको, कन्या जाली च्यातिएको भए पनि नयाँ घाउ नभएको र योनीको मार्गको पानीको परीक्षणमा शुक्रकिट नदेखिएकको हो । कन्या जालीमा प्वाल गर्भावस्थामा नै हुन्छ बच्चा जन्मिँदा Majority प्वाल परिसकेको वा च्यातिएको हन्छ अन्य कारणहरूमा साइकल चढ्ने, दौडने, लड्ने, रजस्वला हुने, चोटपटक लाग्ने, ज.क. जस्तो घटनाले पनि कन्या जाली च्यातिन सक्छ, प्रस्तुत मुद्दामा जबरजस्ती करणी भएको वा नभएको भन्ने सम्बन्धमा केही भन्न सकिँदैन भन्ने समेत व्यहोरा उल्लेख गरी अ.व.११५ नं. बमोजिम बुझिएका डा.गेहनाथ बरालले यस अदालतमा गरेको बकपत्र ।

१५. पीडितहरूको स्वास्थ्य परीक्षण मैले गरेको हुँ उक्त परीक्षणमा निजहरूको स्वास्थ्य सामान्य रहेको, कन्या जाली च्यातिएको भए पनि नयाँ घाउ नभएको कन्या जालीमा प्वाल गर्भावस्थामा नै हुन्छ बच्चा जन्मिदा Mojority प्वाल परिसकेको वा च्यातिएको हुन्छ अन्य कारणहरूमा साइकल चढ्ने, दौडने, लड्ने रजस्वला हुन, चोटपटक लाग्ने, ज.क. जस्तो घटनाले पनि कन्या जाली च्यातिन सक्छ, प्रस्तुत मुद्दामा जबरजस्ती करणी भएको वा नभएको भन्ने सम्बन्धमा केही भन्न सकिँदैन भन्ने समेत व्यहारा उल्लेख गरी अ.वं.११५ नं. बमोजिम बुझिएका डा. अर्चला वैद्य समेतले यस अदालतमा गरेको बकपत्र ।

१६. मिति २०६६।३।२९ गते बिहान काममा गएको र साँझ घर फर्किंदा छोरीहरू नाम परिवर्तित सरिता र कविता रोइरहेका रहेछन् । मैले के भयो भनी सोध्दा सरिताले रञ्जित गिरीले दिउँसो घरमा आएर कट्टु खोली ओछ्यानमा सुताई करणी गरेको र सानी छोरी कवितालाई पनि हात बाँधी सुताई करणी गरेको नानीहरू चिच्याएपछि रञ्जित गिरी भागेको भन्ने कुरा मलाई रुँदै सुनाइन् । रञ्जित गिरीले पहिले पनि छोरी सरितालाई करणी गर्ने गरेको र सो कुरा भनेमा मारिदिन्छु भनी रञ्जित गिरीले बच्चाहरूलाई डर त्रास देखाएको रहेछ । पहिले करणी गरेको बेलामा छोरीले दुख्यो मात्र भनेको र मैले तेल लगाई छोरीको यौनाङ्ग सेकिदिएको थिएँ । छोरी करणी गरेको कुरा डरले भनेकी थिइन । मिति २०६८।३।२९ गते सबै कुरा

मलाई बताइन् । मैले सो कुरा यी रञ्जित गिरीको आमालाई भन्दा हामीलाई मारिदिने धम्की दिई झगडा गर्न आए । छोरीहरूले मलाई पालैपालो आफ्नो यौनाङ्ग दुखेको कुरा गरेका थिए । यसपछि प्रहरीमा उजुरी गरेको हुँ भन्ने समेत व्यहोरा खुलाई अनुसन्धानका क्रममा कागज गर्ने मानिस सानुमैयाले यस अदालतमा गरेको बकपत्र ।

१७.मिति २०६६।३।२९ गते बिहान श्रीमान् श्रीमती काममा गएका थियौं र साँझ घरमा फर्किंदा छोरीहरू नाम परिवर्तित सरिता र कविता रोइरहेका रहेछन् । सरिता र कविताले रञ्जित गिरीले दिउँसो घरमा आएर कट्टु खोली ओछ्यानमा सुताई करणी गरेको आमालाई भनेछन् । रञ्जित गिरीले मेरो पहिले पनि मेरा घरमा आउने जाने गर्थ्यौं । रञ्जित गिरीले पहिले पनि छोरी सरितालाई करणी गर्ने गरेको र सो कुरा भनेमा मारिदिन्छु भनी रञ्जित गिरीले बच्चाहरूलाई डर त्रास देखाएको रहेछ । पहिले करणी गरेको बेलामा छोरीले दुख्यो मात्र भनेकोले घाउ भयो होला भनी तेलले मालिस समेत गर्ने गरेको थियौं । पहिले छोरीले करणी गरेको कुरा डरले हामीलाई नभनेकी रहेछ । रञ्जित गिरीले घरमा कोही नभएको बेला छोरीहरूलाई कट्टु खोलेर ओछ्यानमा सुताई करणी गरेको कुरा छोरीहरूले भनेपछि थाहा पाई मैले जाहेरी दिएको हो भन्ने समेत व्यहोरा उल्लेख गरी जाहेरवाला बद्रीप्रसाद तिमल्सिनाले यस अदालतमा गरेको बकपत्र ।

१८. रञ्जित गिरी पहिले पनि हाम्रो घरमा आउने जाने गर्थ्यो, हामी दाई मानेर खेल्ने गर्थ्यौं । मिति २०६८।३।२९ गते दिउँसो अं.३:०० बजेको समयमा पनि रञ्जित गिरी हाम्रो घरमा आएको र मेरो बहिनीको कट्टु खोली नचाहिँदो काम गरेको हो । रञ्जित गिरीले हाम्रो कट्टु खोलेर हामी दुवै जनालाई बलात्कार गरेको हो, त्यसपछि कोही कसैलाई भनेमा मारिदिन्छु भनी रु ५० रुपैयाँ दिन्छु चाउचाउ बिस्कुट दिन्छु भन्यो । हामी चिच्यायौं । रञ्जित गिरी भाग्यो, म रोएँ बहिनी नाम परिवर्तित कविता आई । फेरि रञ्जित गिरी हाम्रो घरमा आयो । त्यसपछि बहिनीलाई पनि ओछ्यानमा सुताएर बलात्कार गऱ्यो बहिनी रोई । बहिनीले मेरो हात बाँधेको थियो भनेर मलाई भनी । त्यसपछि रञ्जित गिरीले हामीलाई मारिदिन्छु भनी तर्सायो । हामी घरभित्र आयौं रञ्जित गिरी भाग्यो । घटनाको बारेमा बेलुका सबै मम्मीलाई भन्यौं भन्ने समेत व्यहोरा उल्लेख गरी पीडित नाम परिवर्तित सरिता तिमल्सिनाले यस अदालतमा गरेको बकपत्र ।

१९. निज रञ्जित गिरीले मेरो कट्टु खोली बलात्कार गऱ्यो । मेरो दिदीलाई पनि कट्टु खोलेर बलात्कार गरेको हो । निजले मलाई बलात्कार गर्दा मलाई दुखेकोले चिच्याए कराएँ रोएँ त्यसपछि मम्मी आएपछि सबै कुरा मम्मीलाई भनें, मलाई र मेरो दिदीलाई हाम्रो घरको कोठाको खाटमा बलात्कार गरेको हो भन्ने समेत व्यहोरा पीडित कविताले यस अदालतमा गरेको बकपत्र ।

२०. प्रतिवादीको उमेर सम्बन्धमा विवाद खडा भएको हुँदा सम्बन्धित विशेषज्ञलाई प्रतिवादीको वारदात गर्दाको उमेर हालको उमेर यकिन खुलाउनको लागि लेखी पठाउनू भन्ने यस अदालतको मिति २०६८।३।२० को आदेश ।

२१. मिति २०६८।३।२० को पूर्व आदेशमा प्रतिवादीको उमेर यकिन खुलाउने आदेश भएकोमा जिल्ला स्वास्थ्य कार्यालय काभ्रेबाट सो कार्य गर्न नसक्ने भनी च.नं. १९ मिति २०६८।५।७ बाट लेखी आएको देखिँदा वारदात हुँदाको मिति २०६६।३।२९ को समयमा प्रतिवादी रञ्जित गिरी कतिदेखि कति वर्षसम्मको हुन सक्ने हो उमेर यकिन गर्न सकिने साधन सम्पन्न अस्पतालबाट निज प्रतिवादीको उमेर परीक्षण गराई सोको परीक्षण प्रतिवेदन प्राप्त भएपछि नियमानुसार पेस गर्नू भन्ने यस अदालतको मिति २०६९।५।१८ को आदेश ।

२२. यस अदालतको च.नं.३८७ मिति २०६८।५।१९ मा प्रतिवादी रञ्जित गिरीको उमेर परीक्षण गर्न पठाइएकोमा जिल्ला सरकारी वकिल कार्यालयको च.नं ४३७, द.नं.१५७५ मिति २०६८।११।१४ को पत्रबाट परीक्षण प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको देखिन्छ ।

## अदालतको ठहर

नियमानुसार दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस भएको प्रस्तुत मुद्दामा बादीतर्फबाट विद्वान् जि.न्या.ब. श्री शारदाप्रसाद कोइरालाले प्रतिवादी रञ्जित गिरी उपर किटानी जाहेरी छ । पीडितहरूले प्रतिवादीलाई मौकामा किटान गरी अदालतमा बकपत्र गर्दा समेत किटान गरेका छन् । पीडितहरूको शारीरिक जाँचबाट जबरजस्ती करणी भएको पुष्टि भएको छ । प्रतिवादीलाई अभियोग दाबी अनुसार सजाय गर्ने गरी फैसला गरी पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो । त्यस्तै प्रतिवादीतर्फबाट विद्वान् अधिवक्ता श्री उत्तमप्रसाद सापकोटाले मेरो पक्षलाई झुट्टा अभियोग लगाइएको छ । किटानी जाहेरी भने तापनि पीडितले लेखाएको व्यहोरा र जाहेरी व्यहोरा विरोधाभासपूर्ण छ । जो प्रमाणमा ग्राह्य छैन । बिशेषज्ञले गरेको बकपत्रबाट करणी बाहेक अन्य कारणले पनि कन्या जाली च्यातिन सक्ने देखिन आएको छ । कन्याजाली च्यातिएको पाइएको अवस्थाबाटै स्वतः करणी भएको पुष्टि हुने होइन । मेरो पक्ष नाबालक हो भन्ने कुरा जन्म दर्ता, स्कुलमा भएको अभिलेख र उमेर जाँच प्रतिवेदन समेतबाट देखिएको हुँदा शारीरिक रूपमा बिकसित भई नसकेको नाबालिका मेरो पक्षले दुईजना पीडितहरूलाई जबरजस्ती करणी गरेको भन्ने पत्याउनै नसकिने अवस्था हुँदा मेरो पक्षलाई सफाइ हुने गरी फैसला गरी पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् जिल्ला न्यायाधिवक्ता र विद्वान् अधिवक्ताले गर्नुभएको बहस सुनी सम्बन्ध मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी रञ्जित गिरी उपर वादी नेपाल सरकारतर्फबाट वर्ष ४ की कविता र वर्ष १० की सरिता (दुवै नाम परिवर्तित) लाई घरमा कोही नभएको मौका पारी डर, त्रास, धाक, धम्की, दिई हात समेत बाँधी खाटमा पल्टाई जबरजस्ती करणी गरेको भनी मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं. को कसुरमा ऐ. महलको ३ नं. को देहाय (१) अनुसार सजाय गरी ऐ. को १० नं.बमोजिम क्षतिपूर्ति समेत दिलाई पाउन अभियोग दाबी लिएको देखिएकोमा प्रतिवादी रञ्जित गिरीले अभियोग दाबीबारे यस अदालतमा बयान गर्दा मेरो उमेर १४ वर्ष भयो । वारदात भएको भनिएको समयमा म खोलामा कपडा धुन गएको थिएँ । फर्केर घर आउँदा नाम परिवर्तितलाई सगुन के.सी.को घरमा देखेको हो । मैले तिनीहरूलाई घर जान पर्दैन भनी गाली गरी पधँैरामा आइपुग्दा तिनीहरू आइपुगेका थिएनन् । नाम परिवर्तितहरूले एक आपसमा बोलाउँदै गए । के भयो भनी कविता (नाम परिवर्तित) लाई सोध्दा डर लाग्यो भनिन् । म निजहरू कै घरमा लुकें । कविताले सुरुवाल फेरिदेऊ भनिन् । सरिता (नाम परिवर्तित) खोल ओढी सुतिन् । मैले ओढेको खोलले नै सरितालाई बाँधी पछि खोलिदिएको हो । नाम परिवर्तितहरूलाई जबरजस्ती करणी गरेको होइन । अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान सुनाउँदा सुनी पाएँ । व्यहोरा पढी बाची सुनाएको थिएन, सही गर् भनेकाले सही गरेको हो । अभियोग दाबी अनुसारको कसुर गरेको नहुँदा सफाई पाऊँ भन्ने समेत व्यहोरा उल्लेख गरेको पाइन्छ ।

उपरोक्त अभियोग दाबी, प्रतिवादीको बयान जिकिर र सम्बद्ध मिसिल अध्ययन गरी इन्साफतर्फ विचार गर्दा बद्रीप्रसादले दिएको जाहेरी दरखास्तमा प्रतिवादी रञ्जित गिरी हाम्रो घरमा आउने जाने गर्दथ्यो । हाामी छोरीहरूलाई घर छाडी बाहिर काममा जाने गर्दथ्यौं । हामी घरमा नभएको समयमा वर्ष १० की सरिता (नाम परिवर्तित) लाई डर धाक देखाई हात बाँधी प्रलोभनमा पारी केही समयदेखि जबरजस्ती करणी गर्दै

आएको र मिति ०६६।३।२९ गतेका दिन वर्ष ४ की कविता (नाम परिवर्तित) ले गुप्ताङ्ग दुखेको भनेकाले के कसो भएको भनी सोधनी गर्दा रञ्जित गिरीले जबरजस्ती करणी गरेको कुरा खुल्न आएको हुँदा कारबाही गरी पाऊँ भन्ने समेत व्यहोरा खुल्न आएको देखिन्छ। पीडित वर्ष ४ की कविताले मौकामा गरेको कागज हेर्दा मिति ०६६।३।२९ मा घरमा दिदीसँग खेलिरहेको अवस्थामा रञ्जित गिरी आई दिदीलाई घरभित्र लगी उत्तानो पारी खाटमा सुताई रञ्जित गिरीले आफ्नो कट्टु खोली दिदीको कट्टु पनि खोली दिदीमाथि चढी हल्लिएपछि दिदी आइया भनी रुन कराउन थालेपछि रञ्जित गिरी बाहिर निस्किए। केही समयपछि रञ्जित गिरी आई तँलाई पनि दिदीलाई जस्तै गर्छु भन्दा मैले नाइँ भन्दा मेरो हात कपडाले बाँधी उत्तानो पारी सुताई निजको लिङ्ग मेरो योनीमा पसाउँदा म पीडा सहन नसकी रुन कराउन लागेपछि रञ्जित गिरीले छाडी बाँधेको कपडा समेत खोली दिए। कसैलाई भनिस् भने मारिदिन्छु भनी घर गए। बेलुका आमा मेलाबाट आएपछि सुनाएको हो भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिन्छ। त्यस्तै वर्ष १० की सरिताले मिति ०६६।३।२९ गतेका दिन घरमा आमाबुबा नभएको अवस्था रञ्जित गिरी घरमा आई विभिन्न प्रलोभन देखाई जबरजस्ती पलंगमा सुताई कपडा खोली निजको लिंग मेरो योनीमा घुसाई करणी गरेको हो। पछि बहिनीलाई समेत जबरजस्ती करणी गरेको हो भन्ने समेत व्यहोरा उल्लेख गरी कागज गरेको देखिन्छ।

पीडितहरूको शारीरिक जाँच प्रतिवेदन व्यहोरा हेर्दा कन्याजाली च्यातिएको पाइन्छ। कुनै प्रकारको नयाँ घाउ देखिँदैन भन्ने समेत खुलेको देखिन आएको छ। मिति ०६६।३।२९ को वारदातको सम्बन्धमा ६ दिनपछि शारीरिक जाँच भएको देखिँदा नयाँ (Fresh) चिन्ह फेला पर्न नसक्ने कुरालाई इन्कार गर्न सकिने अवस्था छैन।

पीडितहरूको शारीरिक जाँच गर्ने चिकित्सकले बकपत्र गर्दा कन्याजाली च्यातिन सक्ने अवस्था भनी साइकल चढ्ने, खेल्ने, दौड्ने, आदि र बलात्कार जस्तो घटनामा पनि च्यातिन सक्छ भनी उल्लेख गरेको देखिएकोमा प्रतिवादीतर्फका विद्वान् अधिवक्ताले कन्याजाली च्यातिएको अवस्थाले स्वतः जबरजस्ती करणीको पुष्टि हुँदैन। न्यायिक प्रक्रियामा यस्तो मूल्यांकन स्वाभाविक हुन सक्दैन भन्ने कुरा बहसमा उठाउनुभएको छ। केटी मानिसहरूको योनांगका कन्याजाली (hymen) विविध कारणले च्यातिन सक्छ भन्ने कुरा चिकित्सा विज्ञानद्वारा प्रमाणित अवस्था हो। खासगरेर खेलकुद सम्बन्धी क्रियाकलाप (Sporting activities like horse riding, cycling) संलग्न केटी मानिसको सो सम्बन्धी खेलको कारणले कन्याजाली च्यातिन सक्ने कुरालाई Rule out गर्न सकिँदैन।

प्रस्तुत मुद्दाको सन्दर्भमा पीडितहरूको उमेर १० वर्ष र ४ वर्ष देखिएको छ। यी पीडितहरू विशेष प्रकारको खेल Cycling, horse riding आदिमा संलग्न हुने अवस्था छैन र त्यस्तो देखिएको पनि छैन। दुवै पीडितहरूको कन्याजाली च्यातिएको हुँदा निजहरूको उमेर, शारीरिक अवस्था र दैनिक क्रियाकलाप आदिका आधारमा निजहरूले उल्लेख गरेको करणीको कार्य बाहेक अन्य कारणले कन्याजाली च्यातिएको भनी निष्कर्षमा पुग्न मिल्ने अवस्था छैन।

जाहेरवाला र मौकामा बुझिएकी सानुमैया तथा पीडितहरूले यस अदालतमा उपस्थित भई प्रतिवादी रञ्जित गिरीले जबरजस्ती करणी गरेको हो भनी बकपत्र गरेको देखिन आएको छ। वारदातबाट पीडितहरू सरिता र कविताले मौकामा लेखाएको व्यहोरा र तदनुसार यस अदालतमा गरेको बकपत्र प्रमाण ऐन २०३१ को दफा १० (१)(ख) ले प्रमाणमा लिन मिल्ने नै हुन्छ। त्यस्तै जाहेरवाला र मौकामा बुझिएकी सानुमैयाले यस अदालतमा मौकामा लेखाएको व्यहोरा खम्बिर हुने गरी बकपत्र गरेको देखिँदा यस्तो बकपत्र व्यहोरा समेत प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिन आएको छ।

प्रतिवादी रञ्जित गिरीले यस अदालतमा इन्कार भई बयान गरेको भए तापनि मौकामा अधिकार

प्राप्त अधिकारी समक्ष गरेको बयान हेर्दा मेरो घर पनौती न.पा. वार्ड नं. २ नैकिनटारमा बस्दै आएको छु। जाहेरवालाको परिवार २ वर्षदेखि मेरो घर नजिकै बस्दै आएका छन्। उनीहरूको घरमा सधैंजसो आउने गर्थे। जाहेरवालाहरू बाहिर काम गर्न जाने, मेरो घरमा पनि कोही नहुने हुँदा तिनीहरूको घरमा गई यौनजन्य कुरा गर्ने गरी आएकोमा माघ महिना हो, सरिता (नाम परिवर्तित) लाई निजको घरको खाटमा सुताई करणी गरेको हो। यो कुरा कसैलाई नभन्नु भनिस् भने मारिदिन्छु भनी पीडितलाई धक्की दिएको थिएँ। त्यसको २ महिनापछि फेरि सरितालाई करणी गरें। सो बेला सरिताले गुप्ताङ्ग दुखेको कुरा गरेकीमा साधारण घरेलु उपचार गरेको थाहा हुन आएको हो। मिति ०६६।३।२९ गतेका दिन अं ३ बजेको समयमा कोही नभएको मौका जाहेरवालाको घरमा गई यौनजन्य कुरा गर्दा लिंग उत्तेजित भई पीडितहरूलाई देखाउँदा सरिता बाहिर गएकोले कविता (नाम परिवर्तित) लाई हातमा कपडाले बाँधी खाटमा पल्टाई कविताको योनीमा लिंग छिराउँदा रोइन्। निजलाई छाडी कसैलाई नभन्नु भनिस् भने मारिदिन्छु भनी घर गएँ। बेलुका निजको आमा बुबा आएपछि सबै कुरा भनिछन्। कबिताकै घरमा निजलाई जबरजस्ती करणी गरेको हो भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिन्छ। मौकामा यस प्रकार साबित भई बयान गर्ने प्रतिवादीले अदालतमा बयान गर्दा इन्कार भई बयान गरे तापनि प्रतिवादी उपर किटानी गरी जाहेरी पर्नुपर्ने कारण के हो ? बयानमा स्पष्ट छैन। वर्ष १० र वर्ष ४ का अबोध बालबालिकाले किन प्रतिवादी उपर किटान गरेको हो ? प्रतिवादीले स्पष्ट गर्ने प्रयाससम्म गरेको अवस्था छैन। कुनै कारणबिना बालिकाहरूको जीवनमा आँच आउने गरी लहडबाजीमा झुट्टा कुराको उजुरी दिए होलान् भनी सम्झन मिल्ने अवस्था समेत छैन।

अधिकार प्राप्त अधिकारी समक्ष भएको साबिति बयान अन्य प्रमाणबाट समर्थित भएमा त्यसलाई प्रमाणमा लिने हाम्रो स्थापित मान्यता (rule of Prudence) हो। प्रतिवादीको उपरोक्तानुसारको मौकाको अधिकार प्राप्त अधिकारी समक्ष भएको साबिती बयान पीडितहरूले लेखाएको व्यहोरा र निजहरूको शारीरिक जाँच प्रतिवेदनमा उल्लिखित व्यहोराबाट समर्थित भएको देखिँदा मौकाको साबित बयान प्रतिवादीका विरुद्ध प्रमाणमा लिन मिल्ने कुरामा अन्यथा भन्न मिल्ने अवस्था देखिँदैन।

प्रतिवादीले बयान गर्दा मिति ०६६।३।२९ मा कबितालाई मात्र जबरजस्ती करणी गरेको भन्ने उल्लेख गरेको भए तापनि जाहेरवाला लगायत पीडितहरूले मौकामा लेखाएको व्यहोरा र बकपत्रबाट सरिता समेतलाई जबरजस्ती करणी गरेका भन्ने स्थापित भएको हुँदा प्रतिवादी रञ्जित गिरीले बादी दाबी बमोजिम पीडितहरू दुवै जनालाई जबरजस्ती करणी गरेको भन्ने बादी पक्षको अभियोग दाबीलाई अन्यथा भन्न सकिने स्थिति रहेन।

वादी पक्षले प्रतिवादीको उमेर १८ वर्ष उल्लेख गरी अभियोग दाबी लिएकोमा प्रतिवादीले अदालतमा बयान गर्दा निजको उमेर १४ वर्ष लेखाएको जन्म दर्तालगायत स्कुलको प्रमाण पत्र समेत मिसिलमा देखिएको र प्रतिबादीको उमेर जाँच समेत भएको हुँदा यसबारे समेत विवेचना गर्नुपर्ने देखिएको छ। मिसिल संलग्न Santalum Album Academy बाट मिति ०६७।५।१ मा प्रहरी प्रमुख बनेपालाई लेखेको पत्रमा रञ्जित गिरीको बुबाले पेस गरेको जन्म दर्ता प्रमाणपत्रको आधारमा विद्यालयको रेकर्डमा रञ्जित गिरीको जन्म मिति ०५३।३।१२ रहेको भन्ने उल्लेख गरेको देखिन्छ। उक्त विद्यालयबाट जारी भएको रञ्जित गिरीको जन्म मिति खुल्ने अभिलेख Application for Admission form बाट उक्त Form मिति ०६५।४।१९ मा भरेको भन्ने देखिन आएकोमा मिसिल संलग्न रञ्जित गिरीको नाउँको जन्म दर्ता भने मिति ०६६।४।४ मा जारी भएको देखिन्छ। विद्यालयले बाबुले पेस गरेको जन्म दर्ता प्रमाणपत्रको आधारमा विद्यालयमा खडा गरेको अभिलेखमा उल्लेख गरेको जन्म मिति भन्ने उल्लेख गरेकोमा बाबुले मिति ०६५।४।१५ मा स्कुलको भर्ना अभिलेख भरेको, जन्म दर्ता प्रमाणपत्र चाहिँ मिति ०६६।४।४ मा मात्र जारी भएको देखिँदा करिब एक वर्ष अगाडिको मितिमा भरिएको स्कुलको भर्ना फर्ममा एक वर्षपछि प्राप्त गरेको जन्म दर्ता प्रमाणपत्रको आधार कसरी उल्लेख हुन पुग्यो स्पष्ट छैन। मिसिल

संलग्न Application for Admission form मा उल्लिखित विवरण र उक्त स्कुलको मिति ०६९।३।२ को पत्रसाथ प्राप्त Application for Admission form को छाया प्रतिमा उल्लिखित विवरण भिडाउँदा मिसिलमा रहेको Application for Admission form को छाया प्रति नै हालस्कुलबाट प्राप्ट छाया प्रति हो ? भन्ने पुष्टि भएको अवस्था छैन । सक्कल प्रति र त्यसको छाया प्रति विवरणको हिसाबले दुरुस्त हुनुपर्नेमा उल्लिखित विवरण पूरै फरक परेको देखिँदा स्कुलले पहिले नै कायम रहेको अभिलेख उपलब्ध गराउँदाभन्दा पनि व्यहोरा थप्दै, सिर्जना गर्दै प्रेषित गर्ने गरेको भन्ने अनुभूति भएको छ । यसरी स्कुलबाट जारी भएको जन्म मिति खुल्ने भनिएका प्रमाणहरू र स्कुलको पत्राचार समेत शंकास्पद देखिन आएको छ ।

त्यस्तै मिसिल संलग्न पनौती न.पा.बाट मिति ०६६।४।४ मा जारी भएको देखिएको जन्म दर्ता प्रमाणपत्रको छाया प्रति सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दाको वारदातबारे मिति ०६६।४।२ मा घटनास्थल मुचुल्का तयार गरेको भन्ने मिसिलबाट देखिन आएको छ। प्रतिवादीका नाउँको जन्मदर्ता जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ बमोजिम घटना घटेको अर्थात् प्रतिवादीको जन्म भएको मितिले ३५ दिनभित्र दर्ता गरेको भन्ने देखिन आएको छैन । उक्त जन्म दर्ता प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएपछि मिति ०६६।४।४ मा दर्ता गरेको भन्ने मिसिलबाट देखिएको छ । जन्म दर्ता गर्ने अधिकारी नवीनभक्त कर्माचार्यले बाबुले विवरण भरी पेस गरेकोले जन्म दर्ता गरिदिएको भन्नेसम्म व्यहोरा उल्लेख गरी कागज गरेको पाइन्छ । जन्म दर्ता गर्दा जन्म मिति खुल्ने कुनै प्रमाणको आधार लिई वा सम्बन्ध निकायबाट छानबिन गरी दर्ता गरेको भन्ने देखिन आएको छैन । कुनै प्रमाण पेस नभई छानबिन नै नगरी जबरजस्ती करणी सम्बन्धी अपराधको अनुसन्धान प्रक्रिया प्रारम्भ भए पनि अभियोग लाग्न सक्ने शंकित व्यक्तिका बाबुले भनेकै आधारमा जारी गरिएको प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति प्रतिवादीको यकिन जन्म मिति हो भनी निष्कर्षमा पुग्न न्यायोचित हुने देखिएन ।

यस सम्बन्धमा प्रतिवादीतर्फका विद्वान् अधिवक्ताले सरकारी निकायबाट जारी गरिएको प्रमाणपत्र बदर नभएसम्म त्यसको उल्लिखित जन्म मितिलाई अदालतले अन्यथा भन्न मिल्ने हुँदैन, त्यो जे, जुन रूपमा छ प्रमाणमा लिनुपर्छ भन्ने समेत बहस प्रस्तुत गनुभएको छ । त्यसतर्फ हेर्दा बदर गर्न माग गर्ने, नगर्ने त्यसलाई जालसाज वा कीर्ते करार गराउन प्रयत्न गर्ने, वा नगर्ने त्यो पक्षसँग सम्बन्धित कुरा हो । बदर वा यस्तै अन्य उपायको प्रयत्न सम्बद्ध पक्षले नगरेको अवस्थामा पनि प्राप्त प्रमाणको स्वतन्त्र मूल्यांकन गरी न्याय निरुपण गर्ने अन्तरनिहित अधिकार (Inherent Right) अदालतमा रहने नै हुन्छ । यसर्थ विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन ।

चिकित्सकले उमेर जाँच गरिदिएको प्रतिवेदन सम्बन्धमा हेर्दा बाल न्याय (कार्यविधि) नियमावली २०६३ को नियम १५ ले उमेर निर्धारणको सम्बन्धमा गरेको व्यवस्थालाई उल्लेख गर्नु वाञ्छनीय हुन जान्छ । उक्त नियमावलीको नियम १५ ले (क)(ख)(ग)र(घ) गरी चार खण्डमा व्यवस्था गरी खण्ड (क) मा अस्पतालबाट जारी भएको बालकको जन्म प्रमाणपत्र, खण्ड (ख) मा त्यस अनुसारको प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी गरिएको प्रमाणपत्र, खण्ड (ग) मा बिद्यालय भर्ना हुँदा उल्लेख गरेको जन्म मिति र खण्ड (घ) मा उपरोक्त कुनै प्रमाणपत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर आदि उल्लेख गरेको पाइन्छ ।

प्रस्तुत मुद्दामा माथि विवेचना भए अनुसार प्रतिवादीतर्फबाट निजको उमेर खुल्ने स्कुलबाट दिएको जन्म मिति सम्बन्धी कागजात र स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्म मितिको प्रमाणपत्र पेस भएकोमा ती प्रमाणहरूको स्वतन्त्र रूपमा मूल्यांकन गरी प्रतिवादीको उमेरबारे निष्कर्षमा पुग्न सकिने अवस्थामा सरकारी चिकित्सकबाट प्रतिवादीको उमेर जचाएको मिसिलबाट देखिँदा सो सरकारी

अस्पतालबाट प्रमाणित उमेर समेतको विवेचना गर्नुपर्ने देखिन आयो । सरकारी चिकित्सकबाट प्राप्त रायमा यकिन उमेर खुलेको नभई हुन सक्ने रायसम्म प्राप्त भएको देखिँदा यस्तो रायमा यकिन गरी प्रतिवादीको उमेर यही हो भनी किटान गर्न सक्ने अवस्था देखिन आएन । सरकारी अस्पतालबाट खुल्न आएको उमेरलाई न्याय निरोपणको रोहमा रायसम्म मान्नुपर्ने र प्राप्त रायबाट प्रतिवादीको यही हो उमेर भन्ने यकिन हुन नसकी जाँच गरेको समयमा प्रतिवादीको उमेर १७ वर्षदेखि १८ वर्ष हुन सक्ने भनी सम्भावना व्यक्त गरेको रायमा भर गरी प्रतिवादी अपराध हुँदाको अवस्थामा नाबालक रहेछ भनी यकिन गरी निष्कर्षमा पुग्न उपयुक्त हुने देखिन आएन ।

यसर्थ विवेचित उपरोक्त आधारबाट प्रतिवादी रञ्जित गिरीको जन्म दर्ता प्रमाणपत्र प्रस्तुत मुद्दाको अनुसन्धान कार्य प्रारम्भ भएपछि जारी गरेको देखिन आएको, स्कुलको अभिलेख समेत सोही जन्म दर्ता प्रमाणपत्रको आधारमा तयार गरेको भन्ने स्कुलको पत्राचारबाट देखिएकोमा जन्म दर्ता प्रमाणपत्र जारी हुनुभन्दा अगावै स्कुलको अभिलेख भरेको भन्ने देखिन आई प्राप्त अभिलेखबाटै स्कुलको व्यहोरा शंकास्पद देखिन आएको स्कुलबाट जारी अभिलेख र सोको छाया प्रति एकरूपता नदेखिई शंकास्पद देखिएको, सरकारी अस्पतालबाट खुलेको उमेर सम्बन्धी राय यकिन नभई सम्भावनामा आधारित देखिएकोले प्रतिवादी नाबालक भन्ने प्रतिवादीतर्फका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन । किटानी जाहेरी व्यहोरा, पीडितहरूको कागज व्यहोरालगायत शारीरिक जाँच प्रतिवेदन, प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान कागज र जाहेरवाला एवं मौकामा बुझिएकी सानुमैया तथा पीडितहरूले अदालतमा बकपत्र गर्दा लेखाएको व्यहोरा समेतबाट प्रतिवादी रञ्जित गिरीले वादी पक्षको अभियोग दाबी बमोजिम वर्ष ४ की कविता (नाम परिवर्तित) र वर्ष १० की सरिता (नाम परिवर्तित) लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीले मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं. को कसुर गरेको ठहर्छ । प्रतिवादीलाई ऐ. ऐनको ऐ. महलको ३ नं. को देहाय (१) बमोजिम सजाय भई प्रतिबादीबाट पीडितहरूलाई ऐ. ऐनको ऐ. महलको १० नं. बमोजिम क्षतिपूर्ति समेत भराइदिने ठहर्छ ।

प्रतिवादीलाई हुने सजायको हकमा विचार गर्दा पीडितहरूको संख्या, निजहरूको उमेर र प्रतिवादीको उमेर समेतलाई सन्तुलनमा मूल्यांकन गरी सजाय तोक्नु न्यायोचित हुने देखिएकाले प्रतिवादीलाई उपरोक्त आधारमा कैद वर्ष १२ हुने ठहर्छ ।

पीडितहरूको भारी पाउने क्षतिपूर्तिका हकमा कसुरको गाम्भीर्यता समेतलाई विचार गर्नुपर्ने देखिन आएकोमा दुईजना पीडितहरूलाई ज्यादै कलिलो उमेरमा जबरजस्ती करणी गरेको आपराधिक कार्य गम्भीर हो भन्नेमा अन्यथा हुन सक्दैन । यद्यपि क्षतिपूर्ति भराउने कुराले प्रतिवादीको आर्थिक हैसियतसँग प्रत्यक्ष सम्बन्ध राख्ने हुन्छ । यसर्थ कसुरको गाम्भीर्यता र प्रतिवादीको आर्थिक हैसियत समेतलाई विचार गर्नुपर्ने देखिएकाले प्रतिवादीको बाबुको नाममा रहेको जग्गाको क्षेत्रफल, प्रतिवादीको परिवार संख्या र सो जग्गा समेत दृष्टिबन्धक पारित गरिदिएको अवस्था समेतलाई ध्यानमा राख्दा प्रतिवादी रञ्जित गिरीबाट पीडितहरूलाई जनही पचहत्तर हजारका दरले रु. एक लाख पचास हजार क्षतिपूर्ति भराइदिने ठहर्छ ।

## तपसिल

- प्रतिवादी रञ्जित गिरीले फैसलाको राय किताबमा सही गरी फैसला सुनी पाएको हुँदा निज प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु परेन, फैसलाको जानकारी जि.स.व.का.लाई दिनू................................१
- माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी रञ्जित गिरीले मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. को कसुर गरेको र ऐ.ऐनको ऐ. महलको ३ नं. को देहाय १ बमोजिम निज प्रतिवादीलाई

कैद वर्ष १२ सजाय हुने ठहरेकाले निज प्रतिवादी प्रस्तुत मुद्दाको अनुसन्धान तथा पुर्पक्षको क्रममा मिति २०६६।४।४ देखि थुनामा रहेको देखिँदा निज प्रतिवादीलाई मिति २०७८।४।३ गतेसम्म कैदमा राखी मिति २०६६।४।४ गते प्रस्तुत मुद्दाबाट कैद मुक्त गरिदिने गरी लगत कसी सो अनुसारको कैदी पुर्जी कारागार कार्यालय काभ्रेमा लेखी पठाइदिनू..................................................................२

- माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी रञ्जित गिरीबाट मुलुकी ऐन जबरजस्ती करणको महलको १० नं. बमोजिम भराई ठहरेको क्षतिपूर्ति जनही ७५,०००।- (पचहत्तर) हजारका दरले रु १,५०,०००।-(एक लाख पचास हजार) भराई पाऊँ भनी मुद्दा अन्तिम भएपछि जि.स.व.का.काभ्रे मार्फत पीडित सरिता र कविताले निवेदन गरे प्रतिवादीको जायजेथाबाट भराइदिनू..........................................................................................................३
- पीडित र सरिता र कविताले भरी पाउने ठहरेको उपरोक्त क्षतिपूर्तिका हकमा सोही परिवर्तित नामवाट भराइदिनुपर्ने हुँदा वादी पक्ष जि.स.व.का.काभ्रे मार्फत पीडित सरिता र कवितालाई झिकाई निजहरूको समेत परिवर्तित नामबाट सही गराई छवि चित्र सहितको परिवर्तित नामको परिचय पत्र यस अदालतका श्रेस्तेदार अधिकृतबाट पीडितहरूलाई उपलब्ध गराउनू र एक/एक प्रति छवि चित्र सहितको परिचयपत्र गोप्य गरी मिसिल सामेल समेत राख्नू। अदालतबाट उपलब्ध गराएको उक्त परिचयपत्र र त्यसमा खुलेको नामवाट पीडितहरूलाई क्षतिपूर्ति भराउने समेतका कार्यमा निवेदन लिने, भराउने लगायत अन्य आवश्यक कार्य समेत सम्पन्न गर्नू.................................................४
- प्रस्तुत मुद्दा कारबाहीको सिलसिलामा यस अदालतबाट प्रतिवादीका बाबु भुवन गिरीका नाउँको का.प.जि. सुब्बा गाउँ गा.वि.स. वडा नं. ५ कि. नं. १०९२ को जग्गा रोक्का गर्ने गरी आदेश भई तदनुसार पत्राचार गर्दा मालपोत कार्यालयबाट दोहोरो रोक्को गर्न नमिल्ने भनी पत्राचार भएको देखिन आएकोमा क्षतिपूर्ति भराइदिनुपर्ने गरी फैसला भएको हुँदा प्रतिवादी रञ्जित गिरीका बाबु भुवन गिरीको नाउँमा दर्ता भएको उपरोक्त कि.नं. १०१२ को जग्गाको हिमाल राय भन्ने व्यक्तिको नाउँको दृष्टिबन्धक फुकुवा भएको बखत यस मुद्दामा उक्त जग्गा रोक्का राखिदिनू भनी मालपोत कार्यालय काभ्रेमा अविलम्ब लेखी पठाइदिनू .......................................................................................५
- पीडितहरूलाई फैसलाको जानकारी दिन उपयुक्त देखिँदा जि.स.व.का.काभ्रे मार्फत पीडितहरूलाई फैसलाको जानकारी दिनू..........................................................................................६
- प्रतिवादीले यस अदालतमा गरेको बयानमा पीडितहरूको पहिचान खुलेको देखिँदा प्रतिवादीले गरेको बयानको प्रमाणित प्रतिलिपि पक्षहरूलाई दिनुपर्ने अवस्थामा सही पहिचान हटाई परिवर्तित नाम उल्लेख गरी उपलब्ध गराउनू...............................................................................७
- सरोकारवालाले मिसिल संलग्न कागजातको नक्कल माग गरे नियमानुसार दिनू........................८
- प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू.............................९

मा.न्या. ज्यूले बोली टिपाए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने : क.अ. गणेशकुमार श्रेष्ठ
फाँट : ना.सु. राजन हमाल

**(जिल्ला न्यायाधीश)**

**ईति संवत् २०६९ साल आषाढ ६ गते रोज ४ शुभम्.............................................**

**श्री रुपन्देही जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री पूर्णप्रसाद बास्तोला**
**फैसला**
**संवत् २०६८ सालको मु.नं.०८-अच-०४०५**
**नि. नं. १२१**

**मुद्दा : जबरजस्ती करणी**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| अख्तर जहाँ मुसलमानको जाहेरी नेपाल सरकार........१ | जिल्ला रुपन्देही पोखरभिण्डी गा.वि.स.वडा नं. १ बस्ने इमरान भन्ने मोहम्मद सफिक खान..........१ |
| साक्षी :- | |
| अख्तर जहाँ मुसलमान समेतका व्यक्तिहरू । | साक्षीः- |
| कागजः- | दोस मोहम्मद नाउ, रामनरेश चौहान, चौथी धोवी समेत । |
| अभियोग पत्र संलग्न कागजातहरू.........................। | कागजः- |

**अदालतबाट बुझेको**
**साक्षीः-**
**अख्तर जहा मुसलमान.........।**
**कागजः-**
**×**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन अं. वं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

**तथ्य खण्ड**

मिति २०६९/१/२९ गतेको दिन इमरान खानले मेरो नाबालिका छोरी वर्ष ४ की परिवर्तित नाम A लाई जबरजस्ती करणी गरेको हुँदा कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको अख्तर जहाँ मुसलमानको निवेदन ।

Vaginal Swaab for Sprem Not seen भन्ने समेत व्यहोराको A को स्वास्थ्य परीक्षण प्रतिवेदन ।

Vaginal Swaab for Sprem Not seen भन्ने समेत व्यहोराका मोहम्मद सफिक खानको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

मिति २०६९/१/२९ गतेको दिन म घरमानै बसीरहेको अवस्थामा निवेदिका अन्टी नाताकी छोरी परिवर्तित नाम A खेल्दै मेरो घरमा आएकी र घरमा कोही नभएकोले मलाई करणी गर्न इच्छा जागी निज A लाई ललाई फकाई टीभी कोठामा लगी मेरो काखमा राखी निजले लगाएको सुरुवाल घुँडासम्म झारी दुवै साप्रा जोडी सोही बीचबाट तथा निजलाई सोही विस्तरामा उत्तानो पारी निजको योनीमा बिस्तारै घर्षण गराई

निजको योनीमा वीर्य स्खलन गराइदिएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खानले प्रहरीमा गरेको बयान कागज ।

जाहेरवालाले पीडित परिवर्तित A लाई भारत लिई गएको भन्ने बुझिएको हुँदा उपस्थित गराउन नसकिएको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवादेन ।

जिल्ला रुपन्देही पोखरभिण्डी गा.वि.स. वडा नं.१ पोखरभिण्डीस्थित पक्की घर रहेको सो घरको बायाँतर्फबाट २ नं. कोठामा उत्तरतर्फ सिरानी दक्षिणतर्फ खुट्टा राखी सुत्ने विस्तरा रहेको सोही विस्तरामा मिति २०६९/१/२९ गतेको दिन प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खानले परिवर्तित नाम A लाई जबरजस्ती करणी गरेको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६९/१/२९ गतेको दिन अख्तर जहाँ मुसलमानको छोरी परिवर्तित नाम A लाई इमराज भन्ने मोहमद सफिक खानले खल्दै गरेको अवस्थामा जबरजस्ती करणी गरेको भनी थाहा पाएको हुँ, हाल निज निवेदिका माइती घरतिर गएकी छन् भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी उपरको किटानी जाहेरी निवेदन, पीडितको शारीरिक परीक्षण, प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खानले घटनाको सिलसिलेवार तथ्य सहित गरेको साविती बयानलाई पीडितको शारीरिक परीक्षणबाट पुष्टाइँ हुन आएको एवं वस्तुस्थिति मुचुल्काका मानिसको कागज समेतवाट प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खानले वर्ष ४ की अवोध नाबालिका परिवर्तित नाम A लाई ललाई फकाई विस्तरामा लगी निजको योनीमा आफ्नो लिङ्ग घर्षण गराई वीर्य स्खलन गराई करणी गरेको स्पष्ट हुन आएकोले निज प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खानको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुर अपराध हुँदा उक्त कसुर अपराधमा निज प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खानलाई सोही महलको ३(१) नं. अनुसार सजाय गरी ऐ. को १० नं. तथा १० ग नं. अनुसार कसुरदारबाट पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने व्यहोराको अभियोग पत्र ।

जाहेरी व्यहोरा झुट्टा हो, म कक्षा ८ मा पढ्दै गरेको विद्यार्थी हुँ, निज जाहेरवाला मेरो अन्टी हुनुहुन्छ र पीडित A मेरो बैनी हुन्, मेरो अंकल कतारमा हुनुहुन्छ, मिति २०६९/१/२८ गते मेरो परिवारसँग अन्टीको झगडा भएको थियो, मसँग पनि दादीमाको विषयमा झगडा भएको थियो, त्यसको अर्को दिन मिति २०६९/१/२९ गते आफ्नो घरमा गृहकार्य गर्दै थिएँ, अन्टीको छोरा र पीडित भनिएकी मेरी बैनी मेरो घरमा आई बोल्न थाले, मैले तिमीहरू अब भेरो घरमा नआउ भनेर मैले त्यो बैनीलाई डर देखाएर बिस्तारै जाऊ भनेर एकपटक पिटेको थिएँ, निज रुँदै घरतर्फ गई म आफ्नो होमवर्क सकेर नवाज पढ्न जान लाग्दा एक्कासि प्रहरी आई मलाई पक्रेर लगेका हुन्, मैले जबरजस्ती करणी गरेको होइन, पारिवारिक विवाद भएकाले रिसको आवेशमा जाहेरी दिएकी हुन्, प्रहरीमा पनि यस्तै भनेको थिएँ तर मलाई बयान पढेर सुनाएनन् उल्टै पिट्न थालेपछि मैले डरले सही गरिदिएको हो, म निर्दोष छु, त्यसैले मलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी मोहम्मद सफिक खानले यस अदालतमा गरेको बयान ।

जबरजस्ती करणीको घटना भएको होइन, पारिवारिक झगडाको कारणले गर्दा आवेशमा आई मैले उजुर गरे पनि घटना घटेको होइन, उजुरी फिर्ता गरी पाऊँ भनी निवेदन समेत हुलाकबाट दिएको हुम्, उक्त निवेदनमा परेको व्यहोरा एवं सहीछाप मेरो हो । पीडित A को शारीरिक जाँच रिपोर्ट प्रतिवादीको कारणले होइन भन्ने समेत व्यहोराको जाहेरवाली अख्तर जहाँ मुसलमानले यस अदालतमा गरेको बकपत्र ।

## ठहर खण्ड

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री गोविन्द उपाध्यायले जाहेरवालाकी छोरी पीडितलाई प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खानले जबरजस्ती करणी गरेको भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरी जाहेरी दिएको देखिन आउनुको अलावा पीडित A (परिवर्तित नाम) लाई जबरजस्ती करणी गरेको भनी प्रतिवादी मौकामा सावित रही बयान गरेको सो तथ्यलाई पीडितको शारीरिक परीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेको समेतका आधारवाट प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय गरी पीडितलाई क्षतिपूर्ति समेत दिलाई पाऊँ भनी र प्रतिवादीका तर्फवाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री हरिशकरलाल दासले जाहेरी दरखास्त सत्य तथ्यमा आधारित छैन, त्यसमा पनि अदालतमा बकपत्र गर्दा जाहेरवाली Hostile रहेको अवस्था छ, प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयान स्वेच्छापूर्वक भएको होइन, यस अदालतमा गरेको बयानमा प्रतिवादी आरोपित कसुरप्रति इन्कार रहेको अवस्था छ, अभियोग दाबी साक्षी सवुद समेतबाट समर्थित हुन सकेको छैन, तसर्थ यी प्रतिवादी निर्दोष भन्ने कुरा देखिइरहेको अवस्था हुँदा अभियोग दाबीबाट निजले सफाइ पाउनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खान उपर पीडित ४ वर्षीया बालिका A (नाम परिवर्तित) लाई जबरजस्ती करणी गरी जबरजस्ती करणीको महलको १ नं. को कसुर अपराध गरेकाले निजलाई ऐ. महलको ३(१) नं. अनुसार सजाय गरी ऐ.ऐनको १० नं. तथा १० ग नं. अनुसार पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ भन्ने अभियोग दाबी देखिन आएको प्रस्तुत मुद्दामा देहायका विषयमा मुख्य रूपमा निर्णय दिनुपर्ने देखिन आयो :-

(क) प्रस्तुत वारदात जबरजस्ती करणीको १ नं. अन्तर्गतको कसुर हो होइन ?

(ख) यदि जबरजस्ती करणी अन्तर्गतको वारदात हो भने यसमा प्रतिवादीको संलग्नता छ छैन ?

(ग) प्रतिवादीको संलग्नता भए निज प्रतिवादीलाई के कति सजाय हुनुपर्ने हो त ?

प्रथमतः पहिलो प्रश्नतर्फ विचार गर्दा मिति २०६९/१/२९ गते अ. १२ बजेको समयमा प्रतिवादी इमरान खानले मेरी छोरी '४' लाई जबरजस्ती करणी गरेकोले स्वास्थ्य परीक्षण गराई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने जाहेरवाली अख्तर जहाँ मुसलमानको जाहेरी पश्चात् पीडित बालिकाका स्वास्थ्य परीक्षण भएकोमा Mild Abrasion Present over labia Majora over Antero lateral aspect on bothsiders भन्ने उल्लेख भएको परीक्षण प्रतिवेदनबाट देखिन आएको छ भने प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खानको अनुसन्धान अधिकारी समक्ष भएको बयान हेर्दा जाहेरवाली नाताले अन्टी (काकी) पर्ने र निजको घर र प्रतिवादीको घर अन्दाजी १०० मिटरको फरकमा रहेको मिति २०६९/१/२९ गतेको दिन विद्यालय बन्द भएकाले आफ्नै घरमा बसिरहेको घरका अन्य सदस्यहरू काम विशेषले घरबाहिर गएको र घरमा यी प्रतिवादी एक्लै बसी विद्यालयले दिएको गृहकार्य गरिररहेको अवस्था जाहेरवालीकी छोरी ४ वर्षीया बालिका खेल्दै प्रतिवादीको घरतर्फ आइरहेको देखी निजलाई करणी गर्ने इच्छा जागेपछि पीडित बालिकालाई ललाई फकाई गरी पीडितको हात समाती डाऱ्याउँदै आफ्नो घर टीभी कोठामा लगेको र सो कोठामा भएको विस्तरामा बसी पीडितलाई उचाली काखमा राखेपछि प्रतिवादीको लिङ्ग उत्तेजित हुन गएको र पीडितले लगाएको सुरुवाल घुँडासम्म झारी दुवै साप्रा जोडी सोही बीचबाट लिङ्ग छिराई तल माथि गराउँदा पूर्णरूपमा उत्तेजना आई बीर्य स्खलन हुन लागेपछि पीडितलाई सोही विस्तारामा उत्तानो पारी उत्तेजित लिङ्ग पीडितको योनीमा बिस्तारै बिस्तारै घर्षण गराएपछि बीर्य स्खलन भएको र पीडितको योनीमा भएको वीर्य कपडाले पुछी फालिदिएको भन्ने व्यहोराबाट पनि उक्त परीक्षण प्रतिवेदनलाई समर्थित गरेको स्पष्ट देखिन आएको छ ।

यसरी अभियुक्तले पीडितलाई नियन्त्रणमा लिई आफ्नो घरमा कोही नभएको मौका पारी घरको कोठामा लगी विस्तारामा सुताई यौनजन्य क्रिया गरेको कुरा निज अभियुक्तको उपरोक्त बयान एवं विशेषज्ञबाट प्राप्त राय प्रतिवेदनबाट देखिन आएको छ । जहाँसम्म परीक्षण प्रतिवेदनमा पीडितको कन्याजाली (Hymen) च्यातिने र योनीमा बीर्य देखिने जस्ता कुराहरू केही उल्लेख नभएको एवं Vaginal swab मा Sperm नदेखिएको भन्ने आधारमा पीडित उपर जबरजस्ती करणीको वारदात भएको भन्ने कुरामा स्पष्टता नभएको भनी प्रतिवादीका कानुन व्यवसायीले उठाएको शंकाजन्य स्थितिलाई मूल्यांकन गर्दा सामान्य रूपमा लिङ्ग योनीभित्र पस्नु वा पसाउने प्रयास गर्नु नै जबरजस्ती करणीको वारदात स्थापित हुनलाई पर्याप्त आधार बन्दछ । मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. ले पनि योनीभित्र लिङ्ग प्रवेश गरेकै हुनुपर्ने वा वीर्य स्खलन भएको हुनुपर्ने र पीडितको कन्याजाली च्यातिएकै हुनुपर्ने भन्ने नभएको, यसै सन्दर्भमा "जबरजस्ती करणीको वारदात कायम हुनुको लागि योनीभित्र लिङ्ग प्रवेश गरेको हुनुपर्ने वा योनीभित्र वीर्य स्खलन भएको हुनुपर्ने वा पीडितको कन्याजाली च्यातिएको हुनुपर्ने उल्लेख भएको अवस्थामा लिङ्ग र योनीबीच सामान्य घर्षण पर्याप्त देखिन" भनी सम्मानित श्री सर्वोच्च अदालतबाट पुनरावेदक/प्रतिवादी भीमबहादु पोखरेलविरुद्ध प्रत्यर्थी/वादी नेपाल सरकार भएको जबरजस्ती करणी मुद्दा (ने.का.प.२०६३, नि.नं.७६८२, अंक ४, पृष्ठ ४६२ ) मा प्रतिपादित सिद्धान्त समेतका आधारमा अभियुक्तले पीडित उपर निजको योनीमा लिङ्ग घर्षण गराई वीर्य स्खलन गराएको भन्ने अभिव्यक्तिबाट स्पष्ट रूपमा पीडित उपर जबरजस्ती करणीको वारदात भएको तथ्य स्थापित हुन आएको छ ।

अब प्रस्तुत वारदात जबरजस्ती करणीको वारदात हो भने त्यसमा प्रतिवादीको संलग्नता छ छैन ? भन्ने दोस्रो प्रश्नतर्फ हेर्दा प्रतिवादीले यस अदालतमा बयान गर्दा पीडितलाई जबरजस्ती करणी गरे नगरेको के हो त ? भनी सोधिएको प्रश्नमा जाहेरी व्यहोरा झुट्ठा हो, जाहेरवाली अन्टी नाताकी भएकी र पीडित बहिनी भएकोमा मिति २०६९/१/२९ गते प्रतिवादी आफ्नो घरमा स्कुलबाट दिएको गृहकार्य गर्दै गरेको अवस्थामा अन्टीको छोरा र पीडित भनिएकी बहिनी निजको घरमा आई के बोल्न थाले अनि प्रतिवादीले तिमीहरू यहाँ नआऊ भनेर बहिनीलाई एक थप्पड हानेकोमा निज रुँदै आफ्नो घरतर्फ गएकोमा एक्कासि प्रहरी आई पक्रेर लगेको हुन् र आफूले पीडितलाई जबरजस्ती करणी गरेको होइन भन्ने निज प्रतिवादीको यस अदालतमा भएको बयान देखिन्छ ।

मिति २०६९/१/२९ गते प्रतिवादीको परिवारसँग जाहेरवालीको परिवारको झगडा भएको सोही पारिवारिक विवाद भएको रिसको आवेशमा यस प्रकारको जाहेरी दिइएको भन्ने पनि प्रतिवादीको बयान व्यहोरा रहेको छ, उक्त बयानको स.ज.३ मा जाहेरावली आफ्नो अन्टी हुनुहुन्छ र पीडित बहिनी पर्दछिन्, दुवैलाई चिनेको छु, मरो परिवार र निजको परिवारमा पारिवारिक खटपट छ, खासै त्यस्तो रिसइवी केही छैन भन्ने निजै प्रतिवादीले लेखाएको व्यहोराबाट यी प्रतिवादी उपर त्यस्तो गहन किसिमको रिसइवी भै निजलाई फसाउन पर्ने अवस्था रहेको भन्ने निजकै बयान व्यहोराबाट देखिन आउँदैन । यसको अलावा अनुसन्धान अधिकारीसमक्ष भएको बयान स्वइच्छाको होइन, डर त्रासमा परी सहीछाप गरेको भन्ने निजको भनाइ भए पनि वारदात भनिएको दिन यी प्रतिवादी आफ्नै घरमा रहेका छन् र जहाँ वारदात भएको भनिएको छ, पीडित पनि निजको घरमा आएको तथ्यलाई निज प्रतिवादीले नै उल्लेख गरिरहेको अवस्था छ र प्रतिवादीले आरोपित कसुरको इन्कारी बुँदाको रूपमा व्यक्त गर्दा पीडित समेत आएर के बोल्न थाले भनिएको छ जसमा के कुरा बोलेर यी प्रतिवादीको रिस आवेश बढ्न गयो र पीडितलाई थप्पड हिर्काउन पऱ्यो, सो कुरा स्पष्ट खुलाउन सकेको देखिँदैन । जबकि घटनाको सत्य तथ्य उल्लेख गरी प्रतिवादीबाट अनुसन्धान अधिकारीसमक्ष जुन बयान भएको छ, त्यो बयान के कस्तो कारण परिबन्दबाट निजलाई डर त्रासमा पारी गर्न लगाइएको हो, सोको स्पष्ट रूपमा

चुनौती दिन सकेको पाइएन । तसर्थ प्रमाण, २०३१ को दफा ९(२) क समेतका आधारमा मौकामा भएको निज प्रतिवादीको बयान निजका विरुद्धमा प्रमाणमा लिन मिल्ने नै देखिन आयो ।

यसको साथै घटनाको अघिल्लो दिन मिति २०६९/१/२८ गते जाहेरवालीको परिवारसँग झगडा विवाद भएको रिस आवेशमा प्रस्तुत मुद्दाको जाहेरी परेको भन्ने प्रतिवादीको यस अदालतमा भएको बयान व्यहोरालाई दृष्टिगत गर्दा पनि एकातर्फ जाहेरवालीसँग खासै रिसइवी नभएको भन्ने निजको भनाइ माथि उद्धृत गरिसकेको छ तथापि झगडा विवादका कारण जाहेरी परेको भन्न थप भनाइका सम्बन्धमा विवेचना गर्दा प्रतिवादी र जाहेरवालीबीच गम्भीर झगडा भै एक अर्कालाई फसाउनुपर्नेसम्मको अवस्था सिर्जना भएको भन्ने कुरा मिसिलबाट देखिँदैन । जाहेरवालीले प्रतिवादी उपर दिएको किटानी जाहेरीलाई परीक्षण प्रतिवेदनमा उल्लिखित पीडितको योनीमा देखिएको Injury ले पुष्टि समेत गरेको छ, यदि प्रतिवादीले भने जस्तो झुट्टा जाहेरी दिएको भए पीडितको योनीमा त्यस किसिमको घाउ चोट कसरी पर्न गयो त ? त्यसतर्फ प्रतिवादीले केही बताउन सकेको पाइँदैन । अर्कातर्फ वारदात समयको भोलिपल्ट नै जाहेरी दरखास्त परिसकेको छ जसबाट पनि प्रतिवादीलाई फसाउन धेरै समयपछि उम्रेको विचार (After thought) का आधारमा जाहेरी दिइएको भन्न सकिने अवस्था देखिँदैन । यसका साथै ४ वर्षीया बालिकाको भावी जिन्दगीलाई सामाजिक एवं मनोवैज्ञानिक असर पर्ने गरी एउटा जोखिमपूर्ण कामको रूपमा त्यस प्रकारको जाहेरीको सिर्जना गरियो होला भन्न सकिने अवस्था प्रस्तुत मिसिलवाट देखिँदैन ।

त्यसैगरी महिलाहरूले उठाउने यौन दुर्व्यवहारका सन्दर्भको सत्यताको सम्बन्धमा अदालतले महिलाहरूले नभए नघटेका घटनालाई कपोलकल्पित रूपमा आफ्नो इज्जतलाई दाउमा राखी चर्चामा ल्याउन चाहँदैनन् भन्ने कुरालाई पनि मध्यनजर राख्नुपर्ने अवस्था देखिन्छ भने प्रस्तुत मुद्दामा त्यसरी नभए नगरेको कुरालाई झुट्टा रूपमा प्रदर्शित गर्न खोजिएको स्पष्ट आधार देखिँदैन । भारतीय दण्ड विधानमा जबरजस्ती करणीको अपराधको सम्बन्धमा कोही पनि इज्जतदार महिलाले आफ्नो सतित्व जस्तो अमुल्य कुरामा आँच आउने गरी नभएको कुरा गरी जबरजस्ती करणी जस्तो आरोप लगाउन सक्दैनन् भन्ने कुरालाई स्वीकार्दै सफिकको मुद्दामा (1980 cr lj 1944-Sc) मा न्यायाधीश अैयरले No Women of honour will accuse another of rape xince she sacrifices by what is dearest to her भनी उल्लेख गरेको पाइन्छ ।

यसै सन्दर्भमा जाहेरवालीले किटानी जाहेरी दिइसकेपछि यस अदालतमा बकपत्र गर्दा सो जाहेरी व्यहोराको विरुद्ध (Hostile) व्यहोरा लेखाएको तर्फ हेर्दा पनि खासगरी अन्य मुद्दाहरू लगायत जबरजस्ती करणीको मुद्दामा अदालतमा कारबाही चलिसकेपछि साक्षीका रूपमा प्रस्तुत हुँदा जाहेरी पक्ष समेत (Hostile) भई मुद्दाको कारबाही किनारामा प्रतिकूल अवस्था सिर्जना हुने गरेको विगतको अनुभवले देखाउँछ । जसको कारण घर गाउँको सामाजिक दबाब एवं अन्य प्रभाव समेतले अपराध गर्ने पक्ष शक्तिशाली भएको अवस्थामा विभिन्न रूपले न्यायिक निरोपणको कार्यलाई प्रभावित गर्न खोज्ने प्रचलन कमजोर कानुनको शासन, भएको मुलुकमा हुँदै पनि आएको देखिन्छ । यस स्थितिमा मौखिक प्रमाणलाई मात्र भर नगरी भौतिक सवुदमा नै बढी आधारित हुनुपर्ने हुन्छ । जुन प्रस्तुत मुद्दामा स्पष्ट रूपमा देखिन आएको छ ।

त्यसैगरी पहिला अनुसन्धान अधिकारीसमक्ष जबरजस्ती करणी भएको हो भनी कागज गरी दिएको र सो कुरा प्रतिवादीको बयान लगायतका अन्य प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा पछि अदालतमा आएर जबरजस्ती करणी भएको होइन भनी पीडित तथा अन्य व्यक्तिले बकपत्र गरेको आधारमा मात्र प्रतिवेदनको स्वीकारोक्ति तथा चिकित्सकीय प्रतिवेदनको प्रतिकूल हुने गरी जबरजस्ती करणी भएको होइन भन्ने निष्कर्षमा पुग्न नसकिने भनी ने.का.प.२०६६.अंक ५१, नि.नं.८१७, पृ. १०३८, पुनरावेदक/वादी नेपाल सरकारविरुद्ध प्रत्यर्थी/प्रतिवादी नारायणबहादुर रावत भएको जबरजस्ती करणी मुद्दामा सम्मानित श्री सर्वोच्च अदालतबाट

भएको फैसला प्रस्तुत मुद्दामा समेत सान्दिर्भिक हुन आउँछ । यी प्रतिवादी उपर मौकामा परेको स्पष्ट किटानी जाहेरी, प्रतिवादीले घटनाको सत्य तथ्य समेत उजागर गरी गरेको अनुसन्धानको बयान अन्यथा देखिन नसकेको अवस्था एवं मुख्य रूपमा पीडितको योनीमा देखिएको Mild Abrasion Present over labia Majora over Antero lateral aspect on bothsides भन्ने  परीक्षण प्रतिवेदन समेतवाट प्रतिवादी उपर झुठ्ठा आरोप लगाइएको भन्ने निजको यस अदालतमा भएको इन्कारी बयान आधारयुक्त एवं विश्वसनीय नदेखिँदा माथि विवेचित तथ्य र प्रमाण समेतका आधारमा यी प्रतिवादीले बालिका उपर जबरजस्ती करणीको वारदात घटाएको स्पष्ट रूपमा देखिन आयो ।

अब तेस्रो प्रश्नको विषय सजाय सम्बन्धमा विचार गर्दा प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खानले ४ वर्षीया अवोध बालिकालाई ललाई फकाई आफ्नो घरको कोठाको विस्तारामा लगी जबरजस्ती करणीको १ नं. को कसुर अपराध गरेकोले निजलाई ऐ. महलको (३) १ नं. अनुसार सजाय गरी ऐ. को १० नं. तथा १० को ग नं. बमोजिम पीडितलाई क्षतिपूति दिलाई पाऊँ भन्ने अभियोग दाबी रहेकोमा जहाँसम्म यी अभियुक्तलाई के कति सजाय हुनुपर्ने हो भन्ने सम्बन्धमा हेर्दा यस्ता प्रकारका मुद्दाहरूमा खासगरी अभियुक्तबाट भएको कार्य प्रकृति, अपराधको गम्भीर्यता, पीडितसँगको सम्बन्ध, सामाजिक दायित्वहरू, पीडितलाई पुऱ्याउनुपर्ने राहत एवं उसको मानव अधिकार जस्ता कुराहरूलाई पनि नितान्त ध्यान दिन जरुरी देखिन्छ । किनभने जबरजस्ती करणीको वारदात पीडित महिलाको वैयक्तिक स्वतन्त्रता र आत्मनिर्णयको अधिकारमा ठाडै आघात पर्ने अमानवीय महिलाको मानव अधिकार विरुद्धको कार्य हो । यसले पीडित महिलाको मानसिक, पारिवारिक, आध्यात्मिक जीवनमा नराम्रो असर पार्ने मात्र होइन महिलाको आत्मसम्मान र अस्तित्वमा नै आँच पुऱ्याउन सक्दछ । अर्कोतर्फ अपराध पीडित महिला विरुद्ध मात्र नभई सिंगो समाज विरुद्धको अपराध हो, त्यसैले जुनसुकै देशको कानुनले पनि जबरजस्ती करणीलाई गम्भीर फौजदारी अपराध मानी अपराधीलाई सजायको व्यवस्था गरिएको छ ।

यसका साथै प्रस्तुत मुद्दामा भएको जबरजस्ती करणीको वारदात ४ वर्षीया अवोध बालिका उपर भएको देखिन्छ, यस स्थितिमा यस्ता प्रकृतिका अपराधबाट पीडित बालिकाको शारीरिक, मानसिक एवं पारिवारिक जीवनमा एउटा नकारात्मक प्रभाव रहन सक्छ । यी समग्र पक्षहरूलाई समेत विचार गर्दा प्रतिवादी इमरान भन्ने सफिक खानलाई जबरजस्ती करणी महलको १ नं.को कसुरमा सोही महलको ३ (१)नं. बमोजिम १० (दस) वर्ष कैद हुने ठहर्छ ।

फौज्दारी मुद्दामा पीडकलाई सजाय गर्नुका साथसाथै पीडितलाई क्षतिपूर्ति दिलाउने व्यवस्था गर्नु पनि उत्तिकै महत्वपूर्ण कुरा हो । पीडिति उपर गम्भीर अमानवीय क्षति भएको भन्ने कुरामा दुईमत छैन । तथापि प्रतिवादीको आर्थिक स्थिति एवं आयस्रोत समेतलाई मध्यनजर गर्दा यी प्रतिवादी कक्षा ८ मा पढ्दै गरेको घरको खेती गृहस्थीबाट सामान्य खान लाउन पुग्ने स्थितिको देखिएकोले सो अवस्था समेतलाई विचार गरी उक्त महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रु. ५०,०००।- (पचास हजार) क्षतिपूर्ति समेत भराइदिने ठहर्छ । अरू कुरामा तपसिल बमोजिम गर्नू ।

## तपसिल खण्ड

प्रतिवादी इमरान भन्ने मोहम्मद सफिक खानले, माथि ठहर खण्डमा लेखिए बमोजिम १० (दस) वर्ष कैद हुने ठहरी फैसला भएकाले निज प्रतिवादी मिति २०६९/१/२९ देखि अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रही यस अदालतका आदेशले हालसम्म पुर्पक्षका लागि थुनामा रहेको देखिँदा निजलाई ठहरेको कैदको लगत कसी

उक्त कैद सोही प्रहरी हिरासतमा रहेको मिति २०६९/१/२९ देखि कट्टा हुने गरी रीतपूर्वकको कैदी पुर्जी दिई अशुल उपर गर्नू..........................................................................................................१

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीबाट पीडितलाई रु.५०,०००।- (पचास हजार) क्षतिपूर्ति समेत भराइदिने ठहरी फैसला भएकाले पुनरावेदनको अवस्थापछि कानुन बमोजिम उक्त क्षतिपूर्तिको रकम प्रतिवादीबाट पीडितलाई भराइदिनू ..............................................................................................२

माथि इन्साफ खण्डमा लेखिए बमोजिम हुने ठहरी फैसला भएकोले यस इन्साफ उपर चित्त नबुझे स.मु.स. ऐन, २०४९ को दफा २६ बमोजिमका म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत बुटवलसमक्ष पुनरावेदन गर्नू भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू र फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीलाई दिनू..........................................................................................................................३

सरोकारवालालाई नियमानुसार नक्कल दिनू ..........................................................................४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू.......................................५

माननीय न्यायाधीशज्यूले बोली टिपाए बमोजिम
फैसला कम्प्युटर गर्ने :- शा.अ. लक्ष्मीकुमारी कार्की ।
फाँटवाला :- शाखा अधिकृत यज्ञमूर्ति ज्ञवाली ।

जिल्ला न्यायाधीश

**इति संवत् २०६९ साल मार्ग १२ गते रोज ३ मा शुभम्..............**

**श्री सप्तरी जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री रितेन्द्र थापा**
**फैसला**
**संवत् २०६३ सालको सं.फौ.नं.१०४**
**निर्णय नं. :- २९६**

**मुद्दा :- जबर्जस्ती करणी**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जि.स.गा.वि.स.संकेत १०४।३ वा.नं.२ बस्ने संकेत नं. १०४।१ को जाहेरीले नेपाल सरकार................१<br>साक्षीः-<br>प्रमाणः- | जि.सप्तरी, १ नं.जोगिनिया गा.वि.स.वा.नं.२ बस्ने जनक मुखियाको छोरा अं.वर्ष २५ को शिवु मुखिया......................................................१<br>जि.स.गोवरगाढा गा.वि.स.वा.नं.३ मा जन्म भई हाल जि.स.१ नं.जोगिनिया गा.वि.स.वा.नं.२ बस्ने सुरत मुखियाको छोरा अं.वर्ष ४० को जगदीश मुखिया ...१<br>साक्षीः-<br>प्रमाणः- |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं.२९ नं.समेतले यसै अदालतको क्षेत्राधिकारभित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :-

मिति ०६३।८।१४ गते राति अं.१२ बजे शिवु मुखिया समेतका ६ जना मानिसहरू मेरो घरमा प्रवेश गरी मलाई बाँधी कटुवा बन्दुक देखाई, कुटपिट समेत गरी होहल्ला गरे मारिदिने धम्की अन्य परिवार समेतलाई दिई मेरो वर्ष १४ की छोरी संकेत नं. १०४।२ लाई अपहरण गरी लगी जि.स.गोवरगाढा गा.वि.स.वा.नं.२ मुडीकट्टा भन्ने कोसी बगरमा लगी निजहरूले मेरो छोरीलाई जबर्जस्ती करणी गरेको हुँदा कानुन बमोजिम गरी पाऊँ भन्ने संकेत नं. १०४।१ खड्गको जाहेरी ।

She looks as her stated age. Laceration over walls of the vaginal introitus with posterior, Fourchettle lacerated. Hymen ruptured with residual ring with recent traumatic injury. Tear over left labia majora. Tenderness, swelling and redness over above sides. High vaginal swab report shows spermatozoa not found . भन्ने समेत व्यहोराको मिति २०६३।८।१५ को पीडितको स्वास्थ्य जाँच प्रतिवेदन ।

पूर्वमा कोसी नदी, पश्चिममा लक्षण महतोको घर, उत्तर लक्ष्मण खड्गको घर, दक्षिण माधव मुखियाको घर यति चार किल्लास्थित जि.स.१ नं.जोगिनिया गा.वि.स.वा.नं.२ मा रहेको जाहेरबाला संकेत नं. १०४।१ को उत्तर फर्केको फुसको छाना भएको भुइँतल्ले घरको पश्चिम कोठाबाट निजकी छोरी बर्ष १४ की संकेत नं. १०४।२ लाई शिवु मुखिया समेतका मानिसहरूले मिति ०६८।८।१४ गते राति अपहरण गरी लगेको घटनास्थल मुचुल्का ।

मिति ०६३।८।१४ गते राति खाना खाई केही बेर पढी सुतेकोमा अं.१२:०० बजे मलाई घरबाट शिवु मुखिया, जगदीश मुखिया र अन्य ४ जना नचिनेका तराईवासी जस्ता देखिनेहरूले अपहरण गरी लगी

कोसी बगरको पटेर र कास घारीभित्र पुर्‍याई शिवु मुखियाले मैले लगाएको सुरुवाल खोली सुकेको कास र पटेरमा सुताई मेरो स्तन समाई करणी गर्‍यो । त्यसपछि अन्य जगदीश मुखिया समेतले पालैपालो सामुहिक करणी गरे । म बेहोस भएँ । होसमा आई ब्युँझदा एक्लै रहेछु । हिँड्ने ताकत आएन । निजहरूले यसलाई मारेर फ्याँकिदिनुपर्दछ समेत भने । तर बिहान भएपछि निजहरू गए । म अलि माथि आएपछि वसाइनका मानिसहरूले देखी मलाई पुलिस चौकीमा ल्याइदिएका हुन् भन्ने पीडित वर्ष १४ की संकेत नं. १०४।२ ले गरी दिएको कागज ।

जि.स.गोवरगाढा गा.वि.स.वा.नं.२ स्थित पूर्वमा सप्त कोसी नदी, पश्चिम बालुवा सहितको बगर, उत्तर बालुवा भएकै बगर, दक्षिण पानी जमेको खाडल यति चार किल्लाभित्र रहेको कास र पटेर केही माडिएको, सो स्थानमा रहेको बलौटे जमिनमा मानिसका पाइला जस्ता डाव समेत देखिएको, सोही स्थानमा मिति ०६३।८।१४ गते राति जाहेरवालाकी छोरी वर्ष १४ की संकेत नं. १०४।२ खड्गलाई शिवु मुखिया समेतका मानिसहरूले सामूहिक जबर्जस्ती करणी गरेको हो भन्ने घटनास्थल मुचुल्का ।

मिति ०६३।८।१४ गते राति अं.१२:०० बजेको समयमा मेरो छिमेकी शिवु मुखिया समेतका मानिसहरू कोसी बाँधबाट हातमा टर्च लाइट बाल्दै मेरो छोरा संकेत नं. १०४।१ खड्गको घर आँगनमा प्रवेश गरी छोरालाई बोलाई निजहरूले आफ्नो नियन्त्रणमा लिई छोरालाई बाँधी होहल्ला गरे मारिदिने धम्की दिई नातिनी संकेत नं. १०४।२ लाई कोठाबाट निकाली कोसी बगर घरदेखि पूर्व लगेको मैले देखेको छु, सो अवस्थामा म जागै थिएँ । होहल्ला गर्‍यौं, प्रहरीलाई खबर गर्‍यौं, सबैले खोजतलास गर्‍यौं फेला पार्न सकेनौ । भोलिपल्ट नातिनीलाई को.बसाइनमा मानिसहरूले कोसी बगरमा फेला पारी थानामा ल्याई दिएका छन् भन्ने सुनी हेर्न आएँ र निजलाई करणी गरे भन्ने नातिनीकै मुखबाट सुनेको छु भन्ने पीडित संकेत नं. १०४।२ को हजुरबुवाले लेखाइदिएको कागज ।

मिति ०६३।८।१४ गते राति अं.१२:०० बजेतिर गाउँकै शिवु मुखिया, जगदीश मुखिया र अन्य नचिनेका ४ जना मानिसहरूले मेरो पतिलाई बोलाई गम्छाले बाँधी होहल्ला गरेमा मारिदिने धम्की दिई कुटपिट गरी जगदीश मुखियाले छोरी संकेत नं. १०४।२ लाई घर कोठाबाट बाहिर निकाले, मलाई समेत मार्ने धम्की दिई छोरीलाई अपहरण गरी घर पूर्व कोसी बगरतर्फ लगेका हुन् । तत्काल होहल्ला गरी प्रहरीलाई खबर गर्‍यौं । भोलिपल्ट छोरीलाई बसाइनका मानिसहरूले कोसी बगरमा फेला पारी प्रहरी कार्यालयमा ल्याइदिएका छन् भन्ने सुनी आई छोरीलाई सोधपुछ गर्दा निजहरूले मलाई कोसी बगरमा लगी पालैसँग जबर्जस्ती करणी गरे भन्ने छोरीकै मुखबाट थाहा पाएको छु भन्ने पीडितको आमाले गरी दिएको कागज ।

मिति ०६३।८।१४ गते राति मेरो घरभन्दा दक्षिण जाहेरवालाको घरभन्दा पूर्व कोसी बाँधमा संकेत नं. १०४।१ समेत निजको परिवारहरू रुवाबासी गरेको सुनी म पुग्दा निज संकेत नं. १०४।१ लाई पाता फर्काएर गम्छाले बाँधेको देखी तत्काल गम्छा मैले खोलिदिएको छु । निजबाट बुझ्दा गाउँकै जगदीश मुखिया, शिवु मुखिया समेतका मानिसहरूले जबर्जस्ती घरभित्र प्रवेश गरी मलाई बाँधी कुटपिट गरी छोरीलाई अपहरण गरी लगेको भन्ने मैले तत्काल सुनें । भोलिपल्ट थानामा संकेत नं. १०४।२ ले मलाई घरबाट उठाई कोसी बगरमा लगी शिवु मुखिया समेतका मानिसहरूले जबर्जस्ती करणी गरे भन्ने थाहा पाएको छु भन्ने लक्ष्मण खड्गले गरिदिएको कागज ।

मिति ०६३।८।१५ गते बिहान कोसीको डिलबाट दिसा गरी फर्कँदै गर्दा एकजना अं.१२।१४ वर्षकी बालिका रुँदै कराउँदै आइरहेको अवस्थामा देखी निजलाई सोधपुछ गर्दा आफ्नो नाम संकेत नं. १०४।२ हो हाल म हनुमाननगर स्कुलमा ७ कक्षामा पढ्दै छु भनी आफ्नो वतन समेत बताइन्, निजलाई मैले देख्दा शरीर थाकेजस्तो आलस्य अवस्थामा फेला पारेको हो भन्ने समेतको राजेन्द्र रायले गरिदिएको कागज ।

प्रतिवादीमध्ये जगदीश मुखियाको बुवाको नाम उल्लेख गरी जाहेरवाला संकेत नं. १०४।१ ले दिएको नवेदन । संकेत नं. १०४।१, संकेत नं. १०४।२ को शरीरमा चोट भएको पाइएको घाउ जाँच केस फारम रिपोर्ट ।

जनक मुखिया र निजको छोरा शिवु मुखियाको नाममा १ नं. जोगिनिया गा. वि. स. अन्तर्गत ज. ध. श्रेस्ता पुर्जामा निजहरूको जग्गा नदेखिएको र गोवरगाढा गा. वि. स. वा. नं. २ बस्ने सुरत मुखिया र निजको छोरा जगदीश मुखियाको समेत १ नं. जोगनिया गा.वि.स. अन्तर्गतको ज.ध. श्रेस्ता पुर्जामा निजहरूको जग्गा जमिन नदेखिएको भन्ने मालपोत कार्यालय राजविराजको च.नं. ४०१६ मिति २०६३।९।१३ को पत्र ।

मिति ०६३।८।१४ गते राति अं.१२:०० बजे जाहेरबाला संकेत नं. १०४।१ लाई बाँधी कुटपिट समेत गरी शिवु मुखिया, जगदीश मुखिया समेतका मानिसहरूले जाहेरबालाको छोरी वर्ष १४ की संकेत नं. १०४।२ लाई अपहरण गरी लगी निजहरूले सामूहिक जबर्जस्ती करणी गरेकोमा विश्वास लाग्छ भन्ने फुलेश्वर खङ्ग खत्वे समेतले एकै मिलान हुने गरी लेखाइदिएको वस्तुस्थिति मुचुल्का ।

पीडित संकेत नं. १०४।२ लाई प्रतिवादीहरू शिवु मुखिया, जगदीश मुखिया र नाम खुल्न नआएका अन्य ४ जना भै जबर्जस्ती करणी गरेकोले नाम खुल्न आएका प्रतिवादीहरूलाई मुलुकी ऐन जबर्जस्ती करणीको महलको १ नं.को कसुरमा ऐ.महलको ३ नं.को देहाय (३) बमोजिम सजाय गरी सामूहिक रूपमा जबर्जस्ती करणी गरेबापत ३क नं बमोजिम थप कैद सजाय गरी ऐ महलको १० नं बमोजिम पीडितलाई प्रतिवादीबाट क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

संकेत नं. १०४।२ ले वारदातको अवस्थामा लगाएको सुगा रंगको सुरुवाल, नमुना १ तथा निजको भेजिनल स्वाव नमुना नं. २ मा मानव वीर्य spermatozoa भेटिएको भन्ने केन्द्रीय प्रहरी प्रयोगशालाको ०६३।०६४ CPSL ११००(D) B.S. १८० को प्रतिवेदन ।

इलाका प्रहरी कार्यालय, हनुमान नगर को च. नं. ५७६ मिति २०६४।३।२६ को पत्रसाथ पक्राउ भै उपस्थित गराइएका प्रतिवादी शिवु मुखियाले जगदीशको छोरी जाहेरवालाको भाइले लगेको थियो । निज जगदीश मेरो भिनाजु नाताको भएकोले जाहेरवालासँग मेरो रिसइवी थियो । २०६३।८।१४ गते राति अं. १२ बजे म प्र. जगदीश सँगसँगैं कोसी व्यारेजमा माछा मार्दै थिएँ । मैले जाहेरवालालाई कुटपिट गरेको वा निजको छोरीलाई जबर्जस्ती करणी गरेको छैन । को कसले करणी गरे मलाई थाहा छैन । म १४ गतेभन्दा २।३ दिनअघि माछा मार्न गएको र १६ गते घरमा आएको थिएँ । पहिले कसैलाई चिनिन भनेर पछि आमाले यसको नाम भन भनी सिकाइदिएकोले झुठो पोल गरेकी हुन् भन्ने समेत व्यहोरा लेखाई यस अदालतमा गरेको बयान ।

प्रतिवादी जगदीश मुखियाको नाउँको म्याद मिति २०६७।१२।७ मा तामेल भएकोमा हालसम्म हाजिर नभएको ।

२०६३।८।१४ गते राति अं. १२ बजे प्र. शिवु मुखिया हामीसँगै कोसी ब्यारेजमा माछा मारिरहेका थिए । शिवु मुखियाले पीडितलाई कुनै किसिमले जबर्जस्ती करणी गरेका होइनन् आरोप झुठा हो । राजनीतिक पार्टीको आस्थाको आधारमा रिसइवीले झुठा आरोप लगाई फसाउन खोजेको हो भन्ने समेत व्यहोराको प्रतिवादी शिवु मुखियाका साक्षी परियर मुखियाले गरेको बकपत्र ।

जाहेरी दरखास्तको व्यहोरा पढी वाची सुनी पाएँ, सोमा भएको व्यहोरा र सहीछाप मेरो हो । २०६३।८।१४ गते राति अं. १२ वजेको समयमा शिवु मुखिया समेतका ५ जना मेरो घरमा आई मलाई कराई बाँधी घर खोल भनी धाक धम्की दिई लाठी हतियार समेत देखाई घर खोल्न लगाई मेरो नाबालक छोरीलाई कब्जामा लिई पूर्वपट्टिको बाँधमा लगि जबर्जस्ती करणी गरेको भन्ने छोरीले प्रहरीमा भनेकोले जाहेरी दरखास्त

दिएको हो । घटनामा शिवु मुखिया जगदीश मुखियालाई यकिन चिनें, अरूलाई मैले चिनिन । मेरो आँखामा पट्टी बाँधी हात पछाडि फर्काई बाँधी मलाई लाठीले घोपी ब्युँझाई छोरी सुतेको ढोका खोल्न लगाई जगदीश र शिवु मुखिया घर पस्यो, बाँकी ४ जना बाहिर बस्यो, त्यसपछि छोरीलाई उठाएर टप्पुतिर लग्यो । भन्ने समेत व्यहोराको जाहेरवाला संकेत नं. १०४।१ ले यस अदालतमा गरेको बकपत्र ।

२०६३।८।१४ गते राति अं. १२ बजेको समयमा मलाई शिवु मुखिया र जगदीश मुखिया समेत अरू ४ जनालाई नचिनेको र शिवु मुखिया र जगदीश मुखियालाई चिनें । यिनीहरूले मलाई जबर्जस्ती गरणी गरेका हुन्, उनीहरूले घरभन्दा पूर्वपट्टि टप्पु मलारमा लगी मलाई सबैजनाले करणी गरेको हो । बुवाले ढोका खोल्नु भनी भनेपछि मैले ढोका खोलेको हो । मलाई घरबाट शिवु मुखियाले निकालेको हो । निज शिवु मुखियाले कपडा खोल् भनेर भन्यो, मैले नमानेपछि मारेर फालिदिन्छु भने पश्चात् मैले आफैं कपडा खोलें । त्यसपछि शिवु मुखियाले बलात्कार गरे भन्ने समेत व्यहोराको संकेत नं. १०४।२ ले गरेको बकपत्र ।

यस अदालतको मिति ०६६।७।१५ तथा मिति ०६६।७।२७ को समर्थन आदेशले प्रतिवादी शिवकुमार मुखिया पुर्पक्षको निमित्त थुनामा रहेको ।

## यस अदालतको ठहर

नियम बमोजिम साप्ताहिक एवं दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गरी हेर्दा मुद्दा फैसला गरिदिनुपर्ने देखियो । बादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् जिल्ला न्यायाधीवक्ता श्री नारायणबहादुर थापाले प्रतिवादीहरू जाहेरवाला तथा पीडित समेतले चिन्न सक्ने मानिस हुन्, चिकित्सकको प्रतिवेदनले करणी भएको प्रमाणित गरेको छ, पीडितको कपडामा वीर्य रहेको प्रमाणित छ, जाहेरवाला र पीडित स्वयंले पनि वारदातको मूल व्यहोरा जस्ताको तस्तै अदालतमा बकपत्र गरेको अवस्था छ, तसर्थ प्रस्तुत मुद्दामा वस्तुनिष्ठ प्रमाणले प्रतिवादीहरूले पीडितलाई जबर्जस्ती करणी गरेको पुष्टि भएको हुँदा अभियोग दाबी बमोजिम सजाय गरी पाऊँ भनी बहस गर्नुभयो ।

प्रतिवादीतर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री नवीन सिंहले जाहेरवालाको बकपत्रको स.ज. १० मा आँखामा पट्टी बाँधेको अवस्थामा देखेको भन्ने लेखाएको हुँदा बन्द आँखाले देखेको कुरा प्रमाणमा लिन मिल्दैन, जाहेरवाला र संकेत नं. १०४।२ को तथा निज स्वयंको बकपत्र आपसमै बाझिएको हुँदा प्रमाणमा लिन मिल्दैन । वीर्य रहेको प्रतिवेदन भए पनि मेरो पक्षकै वीर्य हो भन्ने प्रमाणित छैन, मेरो पक्ष वारदात समयमा माछा मार्न परियर मुखियासँग रहेको निजले करणी नगरेको भनी साक्षीले बकपत्र गरेकै हुँदा निजको बयान व्यहोरा प्रमाणित छ, १४ गतेको वारदात पश्चात् पीडित भनिएकी व्यक्ति १५ गते नै प्रहरीको सम्पर्कमा आएको छ, तर जाहेरी दरखास्त निजले नदिई बाबुले दिएको र निजको कागज १९ गतेमात्र भएको छ, । तसर्थ मेरो पक्ष उपर नियतवश झुठा अभियोग लगाइएको हुँदा निजले सफाइ पाउनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

पीडित संकेत नं. १०४।२ लाई प्रतिवादीहरू शिवु मुखिया, जगदीश मुखिया तथा अन्य नाम थर वतन खुल्न नआएका ४ जना जति व्यक्ति समेतले जबर्जस्ती करणी गरेका हुँदा जबर्जस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३ नं. को देहाय (३) तथा सामूहिक रूपमा जबर्जस्ती करणी गरेका हुँदा सोही महलको ३क नं. बमोजिम सजाय गरी सोही महलको १० नं. बमोजिम पीडितलाई क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने अभियोग दाबी रहेको छ । यस मुद्दामा नाम खुल्न आएका र अभियोग पत्रमा प्रतिवादी कायम गरिएका प्रतिवादी मध्ये जगदीश मुखियाको नाउँमा जारी भएको म्याद पुर्जी मिति २०६७।१२।७ मा रीतपूर्वक तामेल भएकोमा निज फरार नै रहेको अवस्था हुँदा निजका हकमा अदालती बन्दोवस्तको महलको १९० नं. बमोजिम हुने गरी मुद्दा मुल्तवीमा रखिदिएको छ । वारेन्ट तथा म्यादी पुर्जी जारी भै मिति २०६४।३।२५ गते पक्राउमा

परी यस अदालतका आदेशानुसार मुद्दा पुर्पक्षका लागि थुनामा रहेका अर्का प्रतिवादी शिवु मुखियाका हकमा सम्म निम्न प्रश्नको निरोपण गरी निर्णय गर्नुपर्ने भएको छ । :-

१. जाहेरवाला संकेत नं. १०४।२ सँग जबर्जस्ती करणीको वारदात भएको हो, होइन ?

२. यी प्रतिवादी शिवु मुखियाको संलग्नता छ, छैन ?

३. निज उपर के कस्तो व्यवहार हुने हो ?

पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा जाहेरी दरखास्त समेतका कागजातमा वारदात मिति २०६३।८।१४ गते राति अं. १२ बजे भएको भन्ने खुलेको छ । जाहेरी दरखास्त पीडितका तर्फबाट निजका बाबुले दिएको देखिन्छ । दरखास्त व्यहोरामा चिनेका प्रतिवादीहरू २ जना र नचिनेका ४ जना समेत भै पीडितलाई घरबाट लिएर गै मुडी फट्टाको बगरमा लगी पालोसँग करणी गरेको भन्ने उल्लेख छ । दरखास्त व्यहोरा पीडितलाई उपचार गराई सोधपुछ गरिएको आधारमा उल्लेख भएको अवस्था छ । तथापि, पीडितले २०६३।८।१९ गते अनुसन्धान अधिकारी समक्ष कागज गर्दै यस अदालतमा उपस्थित भै बकपत्र गर्दा पनि आफूलाई जबर्जस्ती करणी गरिएको भन्ने उल्लेख गराइदिएको देखिन्छ । मिति २०६३।८।१९ को घटनास्थल प्रकृति मुचुल्काबाट वारदात भएको बगर काँस पटेर घारीभित्र काँस तथा पटेर माडिएको देखिन्छ । उक्त वारदातको भोलिपल्ट अर्थात् ०६३।८।१५ मा सगरमाथा अञ्चल अस्पतालमा भएको पीडित संकेत नं. १०४।२ को शारीरिक परीक्षण प्रतिवेदन हेर्दा उक्त प्रतिवेदनमा निम्न व्यहोरा उल्लेख गरिएको देखिन्छ :-

- पीडितको उमेर उल्लेख भए अनुसारकै देखिने,
- Laceration over walls of the vaginal introitus,
- Posterior Fourchettle lacerated,
- Hymen ruptured with residual ring with recent traumatic injury,
- Tear over left labia majora
- Tenderness, swelling and redness over above sides
- High vaginal swab report shows spermatozoa not found

यसरी चिकित्सक बोर्ड गठन भै दिइएको जाँच प्रतिवेदनमा उल्लिखित योनीमार्गमा रहेका घाउ, कन्याजाली भर्खरैको घाउचोट सहित च्यातिएको अवस्था, देब्रे योनीको देब्रे पर्खाल (left labia majora) च्यातिएको, Fourchettle lacerated भएको अवस्थाले पीडितसँग हिंस्रक र जबर्जस्ती यौन कार्य, करणी भए गरिएको पुष्टि हुन्छ । पीडितको यौनाागंमा देखिएका उल्लिखित लक्षणहरूले जाहेरी दरखास्त र पीडित स्वयंको बकपत्रमा उल्लिखित जबर्जस्ती करणी गरिएको भन्ने तथ्यलाई पुष्टि गरिरहेको छ । जाहेरी दरखास्तमा लेखिएको जाहेरवाला समेतलाई बाँधछाँध गरी डरधाक हतियार सहितको धम्की दिई राति घरबाट पीडित नाबालिकालाई लगिएको व्यहोरा, घटनास्थल प्रकृति व्यहोरा तथा चिकित्सक जाँच प्रतिवेदन जस्ता तथ्यगत् आधारका अतिरिक्त पीडितको उमेर १४ वर्ष मात्र रहेकोले जबर्जस्ती करणीको महलको १ नं. ले गरेको परिभाषालाई मध्यनजर गर्दा कानुनी अर्थमा समेत यी संकेत नं. १०४।२ सँग जबर्जस्ती करणीको वारदात भएको तथ्य शंकारहित तवरबाट स्थापित हुन आयो ।

अब, उक्त वारदातमा यी प्रतिवादी शिवु मुखियाको संलग्नता छ, छैन भन्ने **दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा**, घटना विवरण कागज तथा वस्तुस्थिति मुचुल्का समेतका अनुसन्धान क्रममा तयार भएका सबै कागजहरूमा यी प्रतिवादीले जाहेरवालालाई जबर्जस्ती करणी गरेको भन्ने समेतको व्यहोरा उल्लेख भएको दखिन्छ । यद्यपि, यस्तो कागज गर्ने सबैजना अदालत समक्ष उपस्थित भै बकपत्र गरेको स्थिति छैन । प्रतिरक्षी कानुन व्यवसायीले तर्क गर्नु भए अनुरूप प्रमाण ऐन, २०३१ को दफा १८ ले यस्ता व्यक्तिहरूले अदालत समक्ष आई उपस्थित भै बकपत्र गरेमा प्रमाणमा लिने अवस्था हुने हो । तथापि, यी कागजमा उल्लेख गरिएका केही

तथ्य वस्तुगत भौतिक प्रमाणसँग संगतीपूर्ण रहेको देखिन्छ । यी कागजहरूमा संकेत न. १०४।२ लाई घरबाट प्रतिवादीहरूले लगी कोसीको बगरमा जबर्जस्ती करणी गरेको भन्ने व्यहोरालाई बगरमा काँस पटेर माडिएको, पीडितको भित्री कपडामा लागेका दागहरूमा पुरुष वीर्य फेला परेको विधि विज्ञान जाँच प्रतिवेदन, पीडितको योनांगको अवस्था र चोटपटकले सत्य सावित गरेको छ । यसै पनि कागज गर्ने व्यक्तिहरूमध्ये पीडितको आमा बाहेक अन्य प्रत्यक्षदर्शी नभै पीडितलाई घरबाट लगेपछि तत्काल उपस्थित भै परिस्थिति बुझेका व्यक्ति भएको देखिन आउँछ । तसर्थ अनुसन्धान अधिकारी समक्षको निजहरूको भनाइले अन्य प्रमाणलाई विश्लेषण गर्न सहायक हुने अवस्था छ ।

यस मुद्दामा पीडितको घरमा भएको वारदात जहाँबाट निजलाई करणी गरिएको स्थलमा लगिएको छ, र अर्को कोसीको बगर( मुडीफट्टाको बगर उल्लेख गरिएको ) जहाँ जबर्जस्ती करणी गरिएको स्थल भनी देखाइएको छ, गरी दुईवटा वारदातस्थल रहेको देखिन्छ । यसै अनुरूप घरको वारदातमा प्रत्यक्षदर्शीको रूपमा प्रतिवादी स्वयं, पीडित, पीडितको बाबु जाहेरवाला तथा परिवारका अन्य सदस्य रहेको देखिन्छ भने दोस्रो वारदात स्थलको प्रत्यक्षदर्शीमा प्रतिवादी नै र पीडित मात्र रहने अवस्था छ । यी प्रत्यक्षदर्शीमध्ये जाहेरवाला, पीडित र प्रतिवादी शिवु मुखियाले मात्र अदालतका सामु दिएको भनाइ मिसिल सामेल रहेको देखिन्छ । अन्यको उपस्थिति छैन ।

अदालत समक्ष मिति २०६८।९।२७ मा भएको जाहेरवालाको बकपत्र हेर्दा जाहेरी दरखास्तलाई सनाखत गर्दै सहीछाप र लेखिएको व्यहोरा पनि आफ्नै भएको उल्लेख गराएको देखिन्छ । उक्त बकपत्रमा समेत २०६३।८।१४ गते राति १२ बजेको समयमा शिवु मुखिया समेतका ६ जना आई हतियार देखाई डरधाक धम्की दिई आफूलाई बाँधी आफ्नो छोरीलाई कब्जामा लिई कोसीको बगरतिर लगी जबर्जस्ती करणी गरेको भनी लेखाइदिएको पाइन्छ । यस व्यहोरालाई प्रतिरक्षी अधिवक्ताले स.ज. १० बाट निजको आँखामा पट्टी बाँधिदिएको भन्ने देखिँदा निजले मानिस चिनेको र वारदात देखेको व्यहोरा विश्वसनीय भएन, प्रमाण योग्य छैन भनी तर्क गर्नुभएको छ ।

जाहेरवाला र प्रतिवादी एउटै वडाका बासिन्दा भएको देखिँदा आवाज र हाउभाउबाट समेत आवाज चिन्न सकिने अवस्थालाई इन्कार गर्न सकिँदैन भने, यो बकपत्र ५ वर्षपछि भएको छ । बकपत्र गराउँदाको अवस्था, प्रश्न सोधाई, र स्मृतिको स्तर अनुरुप नै जवाफ लेखाइने हुन्छ । जवाफ लेखाउँदा यी ल्याप्चे सहीछाप गर्ने व्यक्तिले पछि के अर्थ आउन सक्छ भनी तत्क्षण विश्लेषण गरी लेखाउने स्थिति पनि हुँदैन । तसर्थ बकपत्रलाई बुझ्दा प्रत्येक शब्द र हरफलाई पक्रेर भन्दा पनि बकपत्र गर्ने व्यक्ति समग्रमा के भन्दैछ, के अवस्थाको चित्रण गर्दैछ भन्ने कुरा सिंगो बकपत्र अध्ययन गरेर मनन गर्नुपर्ने हुन्छ । उक्त स. ज. १० मा “मेरो आँखामा पट्टी बाँधी हात पछाडिपट्टि फर्काई बाँधी मलाई लाठीले घोपी ब्युँझाई छोरी सुतेको ढोका खोल्न लगाई जगदीश र शिवु मुखिया घरमा पस्यो, बाँकी ४ जना बाहिर बस्यो, त्यसपछि छोरीलाई उठाएर टप्पुतिर लग्यो” भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । विद्वान् अधिवक्ताको तर्क मुताविक यस स.ज. लाई बुझ्ने हो भने ढोकै नखोली आँखामा पट्टी बाँधेको र पछि लाठीले घोचेर उठाएको तत्पश्चात् छोरी सुतेको ढोका खोल्न लगाई प्रतिवादीहरू भित्र पसेको भनी अस्वाभाविक र असम्भव अर्थ लाग्ने हुन्छ । सम्पूर्ण बकपत्र अध्ययन गर्दा बकपत्र गर्नेले यस जवाफमा प्रतिवादीहरूको उपस्थिति देखाएको, ढोका खोल्न लगाइएको, निजको हात बाँधिदिएको, आँखामा पट्टी बाँधिदिएको, छोरीलाई उठाएर टप्पुतिर लगेको भन्ने तथ्यहरू नै लेखाएको बुझिन आउँछ ।

यसैगरी यस अदालतमा उपस्थित भै बकपत्र गर्ने पीडित स्वयंले बकपत्रको स.ज. ५ मा यी प्रतिवादी

शिवु मुखिया समेतले घरबाट टप्पु बगरमा लगी जबर्जस्ती करणी गरेको भनी लेखाई स. ज. १३ मा आफूलाई यिनै शिवु मुखियाले घरबाट निकालेको र स. ज. २३ मा पनि यी प्रतिवादीले बलात्कार गरेको भनी स्पष्टसँग लेखाइदिएको देखिन्छ । यस बकपत्र सम्बन्धमा पनि प्रतिवादीतर्फबाट रहनुभएका अधिवक्ता श्री नवीन सिंहले बकपत्रको स. जं ५ मा सबैले करणी गरेको भनी लेखाएकोमा स. ज. २३ मा १ जनाले मात्र करणी गरेको भनी लेखाएको हुँदा बकपत्र आफैंमा बाझिएको छ, बावुको बकपत्रमा ढोका तोडेर प्रतिवादीहरू भित्र पसेका भनिएको छ तर छोरीको बकपत्रमा बाबुले भनेर आफैंले ढोका खोलेको उल्लेख छ, बाबुको बकपत्रमा हतियार देखाएको भनेको छ, तर छोरीको बकपत्रमा यस्तो व्यहोरा छैन त्यसैले यस्तो बकपत्र प्रमाणमा लिन मिल्दैन भन्ने जिकिर लिनुभएको छ ।

बकपत्र गरिने र बकपत्रलाई बुझिनुपर्ने दृष्टिकोण सम्बन्धमा माथि नै उल्लेख भइसकेको छ। उल्लिखित विश्लेषण यस बकपत्रका लागि पनि सान्दर्भिक छ । यस बकपत्रलाई हेर्दा सवाल ५ मा एउटा तथ्यमा मात्र सीमित नरही वारदात मिति, स्थान, संलग्नता र कसरी करणी गरिएको भन्ने समेत खुलाइदिन सोधिएको देखिन्छ। जवाफ पनि स्वाभाविक रूपमा सोही सवालको सन्दर्भमा हुने हुन्छ। त्यसैले यो जवाफ नं ५ मा बकपत्र गर्नेको समग्र तर संक्षिप्तमा वारदातको वर्णन रहेको देखिन्छ । जिरहकर्ता यी प्रतिवादी शिवु मुखियाको प्रतिरक्षी भएको स्थितिमा निजको प्रश्न गराई पनि यिनै प्रतिवादीकै सन्दर्भमा हुने हुन्छ । जवाफ नं. १३ र १७ हेरियो भने पनि यस तथ्यको पुष्टि हुन्छ । निज शिवुले कपडा खोल्न लगाएको प्रसंग उठेपछि सोधाइ अनुरूपकै जवाफ दिने क्रममा स.ज. २३ मा शिवु मुखियाले बलात्कार गरेको प्रसंग लेखाइदिएको देखिन्छ ।

यो बकपत्र वारदातको ५ वर्षपछि भएको छ, पीडित हुँदा १४ वर्ष रहेको संकेत नं. १०४।२ बकपत्र गर्दा १९ वर्ष पुगिसकेको अवस्था छ । बकपत्रवाला जबर्जस्ती करणीबाट पीडित भएको तथ्य माथि स्थापित भइसकेको छ । जबर्जस्ती करणीबाट पीडित व्यक्तिले समयको अन्तरालमा जिरहको क्रममा सोधिएको फुटकर प्रश्नको जवाफमा सामान्य तलमाथि हुनु अस्वाभाविक हुँदैन, वरु स्वाभाविक हुन्छ । यिनै प्रतिवादी समेत भै घरबाट धम्की दिई जबर्जस्ती लगेर करणी गरेको तथ्यमा अनुसन्धानको क्रमदेखि ५ वर्षपछि बकपत्र गर्दा समेत पीडितको भनाइमा कुनै विरोधाभास पाइँदैन । यसरी मूलभूत कुरामा फरक नदेखिएको अवस्थामा सानातिना कुरामा भएको भिन्नपनाको आधारमा भौतिक दसी प्रमाणले समेत पुष्टि गरिरहेको बकपत्रको प्रामाणिक मूल्य नहुने भन्न मिल्दैन । विद्वान्को यो जिकिरसँग सहमत हुन सकिएन ।

यी प्रतिवादी पक्राउ भै अदालतमा उपस्थित गराइएपछि निजले गरेको बयान हेर्दा अभियोग दाबीको कसुरमा इन्कार रहेको देखिन्छ । आफ्नो इन्कारी बयानको आधारमा निजले आफू वारदात समयमा माछा मार्न कोसी नदीमै रहेको भनी अन्यत्र रहेको (Plea of alibi ) जिकिर लिएको देखियो । निजतर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री नवीन सिंहले पनि यो जिकिर साक्षीबाट पुष्टि भएको हुँदा प्रतिवादीले सफाइ पाउनुपर्ने भनी तर्क गर्नुभएको छ । प्रतिरक्षी पक्षको यस जिकिर पुष्टि गर्न साक्षीको प्रमाण प्रस्तुत गरिएको छ । निजले उपस्थित गराएको साक्षी परियर मुखियाले वारदातको समयमा यी प्रतिवादी निजसँगै कोसी नदीमा माछा मारिरहेको हुँदा निजले दाबीको कसुर नगरेको भन्ने व्यहोराको बकपत्र गरिदिएको देखिन्छ ।

फौज्दारी मुद्दामा अभियोग दाबी शंकारहित तवरमा (At the level of beyond any reasonable doubt) अभियोजन पक्षले नै प्रमाणित गर्नुपर्ने हुन्छ । प्रतिरक्षीले यो जिकिर लिंदैमा अभियोजन पक्षको उक्त भार प्रतिवादीमा सर्न सक्ने होइन । तर पनि, यस्तो अभियोजन पक्षको दाबी शंकारहित तवरले प्रमाणित भएको छ भनी अदालत सन्तुष्ट रहेको अवस्थामा प्रतिवादीले लिएको यो जिकिर भने निजले नै वस्तुगत रूपले आफू वारदातको समयमा त्यस्तो स्थानमा थिएँ जहाँबाट वारदात स्थलमा उपस्थित हुन सम्भव नै हुँदैन भन्ने कुरा प्रमाणित गर्नुपर्ने हुन्छ । यसरी प्रतिवादीले आफ्नो जिकिर शंकारहित तवरमा स्थापित गरेको अवस्थामा भने

वादीतर्फबाट प्रस्तुत प्रमाणमा शंका गर्नुपर्ने अवस्था हुन्छ । जसको सुविधा अभियुक्तले पाउने हुन्छ । यसबाट यो जिकिर आफैंमा सफाइ पाउने आधारको रूपमा नभई वादीको प्रमाणको स्तरलाई न्यून गर्ने आधारको रूपमा रहन्छ ।

हाम्रो प्रमाण ऐन, २०३१ को दफा २७ ले प्रचलित नेपाल कानुन बमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ भन्ने तथा दफा २८ ले कुनै खास कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्तिले नै सो कुरा प्रमाणित गर्ने भार निजमाथि नै हुने व्यवस्था गरेको छ । यसैलाई व्याख्या गर्दै लक्ष्मण भुजेलको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी विलास महतो सुडी समेत, मुद्दा खुन डाका मुद्दामा मा सम्मानित सर्वोच्च अदालतबाट आफ्नो (Alibi) को जिकिर प्रमाणित गर्ने भार जिकिर लिनेमा नै रहने, प्रमाणित गर्न नसकेमा उक्त कुरा निजको विरुद्धमा प्रमाण लाग्ने भन्ने सिद्धान्तलाई स्थापित गरिएको छ । यसैगरी संवत् २०६२ सालको स.फौ.पु.नं.३३५३ को चार्ल्स गुरुमुख शोभराज वि.प्र.ह. गुणहरि अधिकारीको जाहेरीले नेपाल सरकार कुनै अभियुक्तले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी अन्यस्थल (Alibi) को जिकिर लिन्छ भने सो जिकिरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्त उपर नै रहन्छ । यस्तो अन्यस्थल Alibi को जिकिर तथ्यपरक, निश्चयात्मक तथा लिखतको प्रमाणबाट समर्थित हुन सके मात्र सो जिकिर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुन सक्ने हुन्छ र सो जिकिर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकिर लिने व्यक्तिका विरुद्ध नै प्रमाण लाग्न जान्छ भनी व्याख्या गरिएको छ ।

प्रस्तुत मुद्दामा प्रतिवादीले अस अदालतमा वयान गर्दा वारदात समयमा निज परियर मुखिया साथमा रहेका थिए भन्ने जिकिर लिएको नभै जगदीश सँगसँगै कोसी ब्यारेजमा माछा मार्दै थिएँ भन्नेसम्मको जिकिर लिएको देखिन्छ । तर, निजका साक्षी परियर मुखियाले आफूसँग रहेको भनी लेखाएको हुँदा प्रतिवादीको बयान र उक्त बकपत्र नै असंगतपूर्ण अवस्थाको देखिन्छ । निज साक्षी परियर मुखियाको यस्तो बकपत्रको आधारमा मात्र प्रतिवादीको Alibi को जिकिर तथ्यपरक, निश्चयात्मक र वस्तुगत रुपमा पुष्टि भएको भन्न मिलेन । अर्कोतर्फ प्रतिवादीको बयानमा उल्लिखित २।३ कोसको दूरी रहेकोलाई सत्य मान्ने हो भने पनि प्रतिवादी रहेको भनेको स्थानबाट पीडितको घर र जबर्जस्ती करणी भएको वारदात स्थल पुग्न असम्भव रहेको स्थिति पनि छैन । तसर्थ, यसै जिकिरका आधारमा प्रतिवादी वारदातमा संलग्न नै नभएको भन्ने प्रतिपक्षी जिकिरसँग सहमत हुन सकिएन ।

कुमारीत्व भंग भएको जस्तो गम्भीर स्थितिलाई सार्वजनिक गर्दै आफ्नो र छोरीको सामाजिक प्रतिष्ठा र आत्मसम्मानलाई दाउमा राखी यी प्रतिवादीले जबर्जस्ती करणी गरेको भनी जाहेरवालाले छोरीको तर्फबाट जाहेरी दिने, पीडितले कागज गर्ने र अनुसन्धानका हरेक कारबाहीमा संलग्न हुनुपर्ने भरपर्दो कारण प्रतिवादीले देखाउन सकेको देखिँदैन । निजको बयानको स.ज. ४ मा सहअभियुक्तको छोरी जाहेरवालाको भाइले ल्याएको र निज सहअभियुक्त आफ्नो भिनाजु भएको कारणले यो झुठा उजुरी गरेको भनी लेखाइदिएको देखिन्छ । प्रथमतः जबर्जस्ती करणीको वारदात झुठा नभै सप्रमाण स्थापित भइसकेको छ । प्रतिवादीले लेखाएको उक्त पोल गर्नुपर्ने कारण यसरी करणी गर्ने व्यक्तिलाई उन्मुक्ति दिई यी प्रतिवादीलाई नै फसाउनुपर्ने स्तरको भएको देखिन आउँदैन । यसैगरी प्रतिवादीले गरेको बयानमा अभियोग लगाउनुपर्ने कारणमा बिहावारी र पारिवारिक सम्बन्धको कारण लेखाएकोमा निजको यो जिकिर पनि साक्षीबाट पुष्टि हुन सकेको छैन । प्रतिवादीले लिएको जिकिरभन्दा पृथक् राजनीतिक आस्थाको कारण देखाई साक्षीले बकपत्र गरेको पाइन्छ ।

तसर्थ, यस मुद्दामा माथि विश्लेषण भए बमोजिम मिति २०६३।८।१४ राति संकेत नं. १०४।२ लाई यी प्रतिवादी शिवु मुखियाले जबर्जस्ती करणी गरेको भन्ने जाहेरी दरखास्त व्यहोरा पीडितको मौकाको कागज,

अदालत समक्ष भएको बकपत्र, जाहेरवाला स्वयंको अदालत समक्ष भएको बकपत्रबाट समेत समर्थित रहेको र घटनास्थल प्रकति, पीडितको भित्री कपडाको जाँच प्रतिवेदनबाट पुष्टि भएको हुँदा र निजले अन्यत्र रहेको भनी लिएको जिकिर पनि प्रमाणित नदेखिँदा निजले अभियोग दाबी बमोजिम जबर्जस्ती करणीको अपराध गरेको स्पष्ट देखिन आयो। यिनै कागजात सबुत प्रमाण एवं योनीमार्गमा रहेका घाउ, कन्याजाली भर्खरैको घाउचोटसहित च्यातिएको अवस्था, left labia majora च्यातिएको, Fourchettle lacerated भएकोबाट उक्त वारदात समूहमा गरिएको समेत पुष्टि हुन आयो।

अब यी प्रतिवादी उपर के कस्तो व्यवहार हुनुपर्ने हो भन्ने सम्बन्धमा विचार गर्दा निजबाट जबर्जस्ती करणीको महलको १ नं मा उल्लिखित जबर्जस्ती करणीको कसुर अपराध भएको शंकारहित तवरले स्थापित भएको देखिँदा निजलाई सोही महलको ३ नं.बमोजिम सजाय हुन्छ। पीडितको उमेर १४ वर्ष रहेको तथ्य मिसिलबाट निर्विवाद देखिंदा प्रतिवादीलाई सोही नं. को देहाय (३) बमोजिम सजाय हुनेमा सो नं. मा **चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दस वर्षसम्म कैदको सजाय हुने** व्यवस्था गरेको देखिन्छ । यसरी कानुनले नै सजायको न्यूनतम र अधिकतम अवधिको व्यवस्था गरेको अवस्थामा कसुर गर्दाको अवस्था, परिस्थिति, प्रतिवादीले मुद्दाको अनुसन्धान र न्यायिक प्रक्रियामा गरेको सहयोग र समर्पण, गाम्भीर्यता बढाउने र घटाउने तत्व आदि समेतलाई मध्यनजर गर्नुपर्ने हुन्छ।

यस मुद्दामा प्रतिवादी फरार रहेकोमा पक्राउ परी उपस्थित गराइएको अवस्था छ। अदालतमा बयान गर्दा भए गरेको कार्य र वारदातको सम्पूर्ण अवस्था बुझिने विवरण इमानदारी पूर्वक व्यक्त गरी न्यायिक कारबाहीलाई सहज बनाएको स्थिति छैन। पीडित स्वयंको व्यवहार यौन आह्वान र यौन तृष्णा जगाउने खालको भएको अवस्था देखिँदैन। अन्य उद्देश्यले उपस्थित हुँदा वा कुनै कार्य गर्दा परिस्थितिले सिर्जना गरेको यौन आवेग नियन्त्रण गर्न नसकी यो वारदात गरे भएको भन्ने पनि देखिँदैन। १४ वर्षीया नाबालिका आफ्नो बाबुआमाको साथमा सुतिरहेको अवस्थामा रातिको समयमा हतियार सहित समूहमा गै, बाबुलाई बाँधछाँध गरी, हतियार, डर धाक धम्की देखाई जबर्जस्ती एकान्त नदीको बगरमा लगी १४ वर्षीया नाबालिकालाई करणी गरेको अवस्था पुष्टि भएको छ। यसले जबर्जस्ती करणी गर्ने उद्देश्यले नै लेखिए बमोजिम गै यो अपराध गरेको स्पष्ट हुन्छ। वारदातपछि पीडितको स्वस्थ्यको सामान्य ख्याल नगरी चिसोको उत्कर्ष हुने समयमा नदीको बगरमै रात्रि बीच छाडिएको देखिन्छ। उल्लिखित तथ्यले यस मुद्दामा कसुरको गाम्भीर्यता झनै बढाएको हुँदा उक्त प्रावधानमा उल्लिखित अधिकतम सजायमा न्यूनीकृत गर्न सकिने आधार देखिन आएन। तसर्थ, निजलाई सोही ३ नं. को देहाय (३) बमोजिम दस वर्ष कैदको सजाय हुन्छ। सामूहिक रूपमा जबर्जस्ती करणी गरेको अवस्था हुँदा सोही महलको ३ क नं. बमोजिम थप पाँच वर्ष कैद समेत हुन्छ। साथै, अभियोगपत्रमा सोही महलको १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने दाबी गरिएको हुँदा यसतर्फ पनि विचार गर्नुपर्ने भएको छ।

जबर्जस्ती करणीको महलको १० नं. मा पीडीत महिलालाई भएको शारीरिक तथा मानसिक क्षति विचार गरी मनासिब ठहराए बमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनुपर्ने व्यवस्था रहेको देखिन्छ। जबर्जस्ती करणी जस्तो शारीरिक, मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक र धार्मिक मान्यतासँग जोडिएको आपराधिक घटनाको कारणबाट पीडित उपर पर्न गएको र पर्न सक्ने शारीरिक तथा मानसिक क्षति यो यति नगद बराबर हुन सक्छ वा यो यति रकमले पूर्ति गर्न सक्छ भनी यकीन गर्न सकिँदैन न त यकीन गर्न उपयुक्त नै हुन्छ। पीडितले यस वारदातबाट गुमाउनुभएको आफ्नो शरीर उपरको सम्प्रभुता तथा आत्मसम्मानको अधिकार एवं निजलाई पुग्न जाने मनसिक आघात यस्तो रकमले परिपूरित हुन सक्छ भनी सोच्न सकिँदैन।

तथापि, यस्तो प्रकृतिको मुद्दामा भराइने क्षतिपूर्तिले पीडितलाई केही राहत दिने तथा आफ्नो पीडालाई राज्यले समेत केही हदसम्म बुझिदिएको छ भन्ने पीडितमा महसुस हुन सक्छ भन्ने अपेक्षासम्म गर्न सकिन्छ।

प्रस्तुत मिसिल हेर्दा पीडितको स्वास्थ्य जाँच प्रतिवेदन बाहेक यस्तो शारीरिक र मानसिक क्षति यकीन गर्नको लागि कुनै आधार मिसिल समेल देखिँदैन। वादी पक्षबाट निजको यस्तो क्षति सम्बन्धमा कुनै विश्लेषण गरी दाबी गरिएको समेत देखिँदैन। यस मुद्दामा सामूहिक रूपमा करणी गरिएको अवस्था देखिएको र अन्य व्यक्तिहरूका सम्बन्धमा निर्णय भै नसकेको अवस्था छ। क्षतिपूर्ति रकमको निर्धारण पीडितलाई पर्न गएको शारीरिक तथा मानसिक क्षति समेतका आधारमा हुनुपर्ने सिद्धान्तलाई इन्कार गर्न नसकिए पनि उक्त १० नं. मा कसुरदारबाटै क्षतिपूर्ति भराउनुपर्ने व्यवस्था भएको परिप्रेक्ष्यमा प्रतिवादीको आर्थिक हैसियत र भरी भराउ हुन सक्ने सम्भाव्यता समेतलाई विचार गर्नुपर्ने हुन्छ। निर्धारित रकम प्रतिवादीले बुझाउनै नसक्ने वा निजको सम्पत्तिबाट असुल उपर हुनै नसक्ने गरी तोक्नुको कुनै अर्थ हुँदैन। निर्धारित रकम तिर्न नसक्ने अवस्थामा पीडितले के कसरी भराई पाउने हो भन्ने स्पष्ट व्यवस्था हाम्रो प्रचलित कानुनमा नभएको तथ्यलाई पनि नजरअन्दाज गर्न मिल्दैन। प्रतिवादीको बयान अनुसार निज माछा व्यापार गरी जीवन निर्वाह गर्ने व्यक्ति भएको देखिन्छ। निज तथा निजका बाबु समेतका नाउँमा जग्गा नदेखिएको भन्ने मालपोत कार्यालय सप्तरीको च. नं. ४०१६ मिति २०६३।९।१३ को पत्र मिसिल सामेल रहेको छ। तसर्थ, उल्लिखित तथ्यहरूलाई मनन गर्दा यी कसुरदार शिवु मुखियाबाट पीडित संकेत नं. १०४।२ लाई रु. ५०,०००। क्षतिपूर्ति बापत रकम भराई दिन उपयुक्त देखिन आएको छ।

उल्लिखित क्षतिपूर्तिको रकम निर्धारणतर्फ विचार गर्ने क्रममा, क्षतिपूर्ति समेतको दाबी गर्ने वादीले कम्तीमा पनि वारदातबाट पुग्न गएको भौतिक र शारीरिक क्षति, लागेको उपचार एवं पुनर्स्थापन खर्च, पीडित र निजको परिवारको क्षतिपूर्ति रकम सम्बन्धमा विचार र दाबी, आश्रितको अवस्था, वारदातबाट पीडितलाई पर्न सक्ने सामाजिक असर आदिको विवरणका साथै अनुसन्धानकै क्रममा अभियुक्तको आर्थिक, समाजिक हैसियत समेत देखिने कुराको समेत अनुसन्धान गरी सोको विवरण सहित दाबी भएको खण्डमा अदालतबाट निर्धारण गरिने क्षतिपूर्ति रकम बढी यथार्थपरक र वस्तुगत हुने हुन्छ भन्ने यस इजलासले महसुस गरेको छ। यसका लागि **पीडितको अवस्था मूल्यांकन विवरण** (Victim Impact Statement) तथा प्रतिवादीको आर्थिक हैसियत समेत देखिने विवरण (सामाजिक अध्ययन प्रतिवेदन) को प्रयोग गर्न सकिने हुन्छ। यस्ता खालका विवरण यस सप्तरी जिल्ला अदालतको प्रादेशिक क्षेत्राधिकारमा मात्र प्रस्तुत नभएको अवस्था नभई हाम्रो देशभित्रका अन्य क्षेत्राधिकारमा समेत प्रस्तुत हुने गरेको पाइँदैन। **संविधानसभा, मौलिक अधिकार तथा राज्यका निर्देशक सिद्धान्त सम्बन्धी समितिले तयार गरेको अवधारणा पत्रमा अपराध पीडितको हक** अन्तर्गत तथा **प्रस्तावित फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**मा समेत अपराध पीडितको क्षतिपूर्ति प्राप्त गर्न पाउने हकलाई UN Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power, 1985 ले पीडितले क्षतिपूर्ति प्राप्त गर्न पाउने हकलाई सुनिश्चित गर्न घोषणा गरेको प्रावधानसँग बढी सामीप्य हुने गरी कानुनी व्यवस्था गर्ने आशय राखेको अवस्था पाइन्छ। यस्तो प्रयासले सार्थकता प्राप्त गर्न समेत उल्लिखित विवरण भएका प्रतिवेदन पेस हुन अझै आवश्यक देखिन्छ। यस सन्दर्भमा, सम्बन्धित निकायका केन्द्रीय स्तरबाटै स्थानीय स्तरका निकायले यस्तो प्रतिवेदन पेस गर्ने व्यवस्था हुनतर्फ नीतिगत पहल हुन आवश्यक देखिन्छ।

विचाराधीन तेस्रो प्रश्नको निवारण समेत माथि भइसकेको छ। तसर्थ सारतः यस मुद्दामा माथि विश्लेषण भए बमोजिम संकेत नं. १०४।२ लाई प्रतिवादी शिवु मुखिया समेतले जबर्जस्ती करणी गरेको देखिँदा जबर्जस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३ नं. को देहाय (३) बमोजिम दस वर्ष कैद र

समूहमा जबर्जस्ती करणी गरेको हुँदा सोही महलको ३क नं. बमोजिम थप पाँच वर्ष कैदको सजाय हुने ठहर्छ । साथै यसै महलको १० नं. बमोजिम पीडितले यी कसुरदार शिवु मुखियाबाट रु. ५०,०००। क्षतिपूर्ति स्वरूप भराई पाउने समेत ठहर्छ । सो ठहर्नाले अन्य कुराका हकमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

प्रतिवादी जगदीश मुखियाका हकमा अदालती बन्दोबस्तको महलको १९० नं. बमोजिम हुने गरी मुद्दा मुल्तवी दायरीमा दर्ता गर्नू ..............................................................................................१

माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी शिवु मुखियालाई जम्मा १५ वर्ष कैदको सजाय हुने ठहरेको हुँदा सोको लगत कसी, निज मिति २०६४।३।२५ मा पक्राउ परी थुनामा रहेको हुँदा उक्त मितिले १५ वर्षसम्म नियमानुसार पाउने सुविधा सहित कैदमा राख्न जिल्ला कारागार कार्यालय सप्तरीमा पठाइदिनू, साथै सोही बमोजिमको कैदी पुर्जी यी प्रतिवादीलाई उपलब्ध गराई निस्सा मिसिल सामेल गर्नू.......................२

पीडित संकेत नं. १०४।२ ले माथि उल्लेख भए बमाजिम रु. ५०,०००। क्षतिपूर्ति भरी पाउने भएकोमा प्रतिवादी शिवु मुखिया तथा निजको बाबुको नाउँमा कुनै जग्गा दर्ता कायम रहेको अवस्था नदेखिएको सन्दर्भमा यो रकम अनिश्चित रहन सक्दैन, देहाय बमोजिम गर्नू.......................................................................................३

- ♦ प्रतिवादीको यसै सरहदको कुनै जेथा देखाई पीडितले निवेदन गरे वा नेपाल सरकारतर्फबाट अनुरोध भै आए उक्त सम्पत्तिबाट कानुन बमोजिम भराइदिनू ।
- ♦ उल्लेख भए बमोजिम निवेदन नपरे वा अनुरोध नभए पनि प्रतिवादी हालसम्म कारागार कार्यालयमा थुनामा बस्दा कुनै तवरबाट सञ्चित भएको रकम भए सोको ७५ प्रतिशत र नभए निज कैद अवधि पूरा नगरुन्जेल जे जुन कारागारमा कैदमा रहँदा काम गरी आर्जन गर्ने अवस्था हुन्छ, सोही आम्दानी रकमबाट ७५ प्रतिशतका दरले कटौती गरी क्षतिपूर्तिको रकम असुल नभएसम्म पीडितको नाउँमा बैंक खाता खोली जम्मा गरी भौचरको १।१ प्रति पीडित र प्रतिवादीले पाउने व्यवस्था गर्नू र यसरी आय आर्जन गर्न निज इच्छुक भए कामको अवसर भएको कारागारमा स्थान्तरणको लागि प्राथमिकता दिई पठाइदिने व्यवस्था गर्नू भनी जिल्ला कारागार कार्यालय सप्तरीमा लेखी पठाउनू ।

यस फैसलामा चित्त नबुझे सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २६ को म्याद ७० दिनभित्र पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गर्नू भनी प्रतिवादिलाई पुनरावेदनको म्याद दिनू.................................४

यस फैसलाले पीडितले भरिपाउने गरी निर्धारण भएको क्षतिपूर्ति रकमको जनाउसाथ यो फैसलाको प्रतिलिपि निःशुल्क रूपमा पीडितलाई दिनू । साथै, जानकारीका लागि कैदमा बस्नुपर्ने प्रतिवादी तथा मुद्दा अनुसन्धान गर्ने निकाय जिल्ला प्रहरी कार्यालय समेतलाई निःशुल्क पठाइदिनू ..........................................................५

उल्लेख भए बमोजिम जुनसुकै कारबाही गर्दा **विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी निर्देशिका, २०६४** अनुरूप हुने गरी गर्नू .......................................................६

अन्तिम दोस्रो अनुच्छेद सम्बन्धमा विचार हुन यो फैसलाको प्रतिलिपि अनुसन्धान शाखा, सर्वोच्च अदालत, नेपालका महान्यायाधिवक्ताको कार्यालय तथा प्रहरी प्रधान कार्यालयमा समेत पठाइदिनू .........................७

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू .....................................................८

जिल्ला न्यायाधीश

**इति संवत् २०६८ साल फागुन  गते रोज  शुभम् ..................**

**श्री मकवानपुर जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री टेकनारायण कुँवर**
**फैसला**
**२०६८-CR-००१३**
**नि.नं. ६६१**

**मुद्दाः- कुटपीट अंगभंग**
**दायर मिति :- ०६८/५/५**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| गोपाल रानाको जाहेरीले नेपाल सरकार...........१ | सन्तबहादुरको छोरा जिल्ला मकवानपुर बेतिनी गा.वि.स.वडा नं. ३ रामेछाप बस्ने वर्ष ३४ को होमबहादुर तुम्सिङ्ग मगर..................................................१ |
| निजको प्रमाण :- | सन्तबहादुरको छोरा ऐ.ऐ.वस्ने वर्ष २४ को सानुबाबु तुम्सिङ्ग मगर..................................................१ |
| कागज :- | सन्तबहादुरको श्रीमती ऐ.ऐ.बस्ने अं.वर्ष ५३ की तीर्थ माया तुम्सिङ्ग..................................................१ |
| साक्षी :- | होमबहादुरको श्रीमती ऐ.ऐ.बस्ने अं.वर्ष ३० की मनसरा भन्ने धनसरी तुम्सिङ्ग..........................................१ |
| | सानुबाबुको श्रीमती ऐ.ऐ.वस्ने अं.वर्ष २० की रिम्की तुम्सिङ्ग............................................................१ |
| | निजको प्रमाण :- |
| | कागज :- |
| | साक्षी :- |

**तथ्य खण्ड**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दाबस्तको महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

**(क) संक्षिप्त तथ्य :-**

१. मिति २०६८।४।१४ गतेका दिन ११:३० बजेको समयमा मेरो भान्जा नाता पर्ने सुव्वा दर्लामी मगर मेरो काममा आएका अवस्थामा निजले मसँग ऋण तिर्न भनी रु.३०,०००।- सापटी समेत लिई आफ्नो घरतर्फ जाने क्रममा बिरुवा काटेको विषयमा रिसइवी राखी अन्यायीहरू होमबहादुर, सानुबाबु समेतले कुटपिट गरी दुवै हातको २/२ ठाउँमा भाँचिने गरी अंगभंग गराई स्थानीय मानिस राम राना र ज्ञानबहादुर राना समेतका मानिसहरू आएकाले निजहरू घटनास्थलबाट भाग्न सफल भए । विपक्षीहरू ५ जनाले घाइतेको

रु.४१००।- पर्ने मोबाइल सेट र रु.३०,०००।- नगद समेत लगेको हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कुटपिट अंगभंग गरेको तर्फ समेत सजाय गरी पाऊँ भन्ने मसेत व्यहोराको गोपाल रानाको जाहेरी ।

२. मिति ०६८।४।१४ गतेका दिन ११:०० बजेको समयमा जि.म. वेतिनी गा.वि.स. वडा नं. ३ स्थित बाटो गोरेटोमा काठ काटेको विषयमा झगडा विवाद गरी होमबहादुरले सुब्बा दर्लामी मगरलाई कुटपिट गरी दुवै हात भाँचिदिएको र टाउको तथा छातीमा चोट हुने गरी कुटपिट गरेको भन्ने समेत व्यहोराको घटनास्थल व्यहोरा ।

३. मिति ०६८।४।१४ गतेका दिन होमबहादुर समेतले कुटपिट गरी सुब्बा दर्लामीलाई अङ्गभङ्ग गराएको घटनास्थलमा भेटिएको काठको जस्तो देखिने चिर्पट बरामद भएको भन्ने समेत व्यहोराको बरामदी मुचुल्का ।

४. सुब्बा दर्लामीको दुवै हातका हड्डीहरू भाँचिन गई अङ्गभङ्ग भएको ठीक हो भन्ने समेत व्यहोराको घाउ जाँच परीक्षण प्रतिवेदन ।

५. मिति ०६८।४।१४ गते जाहेरवाला गोपाल रानाको घरमा मकै भाँच्न गई निजसँग ऋण तिर्नको लागि नगद रु. तीस हजार लिई र रु. ४१००।- मा खरिद गरेको मोबाइल सेट समेत बोकी आइरहेको अवस्थामा घाँसको बिरुवा काटेको विषयमा विवाद गरी झगडा गर्दै आएका होमबहादुर र निजको भाइ सानुबावुले चिर्पट समेतले कुटपिट गरी अरू जाहेरीमा उल्लिखीत आइमाई समेतले गालीगलौज गरी ढुङ्गा समेतले हानी भागी गएका हुन् । मैले गुहार माग्दा ज्यान बच्न गएको हो । हालसम्म करिब १ लाख २५ हजार जति उपचारमा खर्च भइसकेको छ, अरू के कति लाग्छ थाहा छैन, निजहरूले कुटपिट गर्दा मेरो साथमा भएको नगद र मोबाइल समेत लगेका र उपचारमा लागेको खर्च समेत निजहरूबाट दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको पीडित सुब्बा दर्लामीको कागज ।

६. मिति ०६८।४।१४ गते हामी बारीमा काम गरेर बसिरहेको अवस्था घटनास्थलमा मानिस चिच्चाएको कराएको आवाज सुनी सोतर्फ हेर्दा होमबहादुर, सानोबाबु र निजैको घरको आइमाई तीन जना समेत भई चिर्पट भाटा समेतले कुटपिट गरेको देखेपछि हामी घटनास्थलतर्फ जाँदा निजहरू भागिसकेको र घाइतेलाई उठाई उपचारको लागि फापरबारी ल्याएको भन्ने समेत व्यहोराको एकै मिलानको रामबहादुर रानाको कागज ।

७. मिति ०६८।४।१४ गते अन्यायी होमबहादुर समेतले सुब्बा दर्लामीलाई कुटपिट अङ्गभङ्ग गर्दा उपचारमा लागेको हालसम्मको खर्च बिल र नगद समेत गरी रु. १,६३,५१०।- भएकोले उक्त रकम विपक्षीहरूबाट दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको निवेदन तथा बिल भर्पाईको प्रतिलिपि ।

८. मिति ०६८।४।१४ गते जाहेरी दरखास्तको विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरू होमबहादुर , सानोबाबु, तीर्थ माया, मन्सरा भन्ने धनसरी तुम्सिङ्ग समेतका एकै परिवारका पाँच जना मिली चिर्पट तथा बाँसको भाटा समेतले कुटपिट गरी सुब्बा दर्लामी मगरलाई दुवै हात भाँचिदिई अङ्गभङ्ग समेत गराएको ठीक हो । साथमा भएको नगद ३० हजार तथा रु. ४,१००।- को नोकिया सेट समेत लुटी लगेका हुन् । निजहरू उपर कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको निराजन थापा मगरको घटना विवरण कागज ।

**प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान :-**

९. मिति २०६८।४।१४ गते सुब्बा दर्लामी मगरले मलाई मेरो घर अगाडि बाटोमा आई सामुदायिक वनको काठ काटेको विषयमा पूर्वरिसइवीले कुटपिट गर्न थालेकाले तत्काल सहन नसकी म मेरो भाइ सानुबाबु भई चिर्पटले सुब्बा दर्लामीलाई कुटपिट गर्दा निजको हात भाँची अंगभंग भएको हो । जाहेरीमा उल्लिखित

आइमाईहरूले घटनास्थल नजिकै बसी गालीगलौजसम्म गरेका हुन् । निजहरूले कुटपिट गरेका छैनन् भन्ने समेत व्यहोराको प्रतिवादी होमबहादुर तुम्सिङ्ग मगरको अधिकारप्राप्त अधिकारी समक्ष भएको बयान ।

**(ख) अभियोगपत्र माग दाबी :-**

१०. प्रतिवादी होमबहादुर तुम्सिङ्ग समेत भई पीडित सुब्बा दर्लामीलाई दाउरा भाटा ढुङ्गा समेत प्रहार गरी कुटपिट गरी दुवै हात भाँची अङ्ग भङ्ग बनाई नगद र मोबाइल समेत लुटी मु. ऐन कुटपिटको १ नं. र चोरीको १ नं. अनुसारको कसुर अपराध गरेकोले निज प्रतिवादीहरू उपर कुटपिटको ६ नं. बमोजिम सजाय गरी सोही महलको १८ नं. बमोजिम थप सजाय र चोरीको १२ नं. बमोजिम सजाय गरी पाऊँ र चोरी भएको नगद र मोबाइल गरी रु. ३४,१००।- प्रतिवादीबाट चोरीको २१ नं. बमोजिम भराई पाऊँ साथै घाइतेको उपचार गर्दा लागेको रु. १,६३,५१०।- को बिल भर्पाई बमोजिमको रकम समेत दिलाई भराई पाँउ भन्ने अभियोग माग दावी ।

**(ग) प्रतिवादीको अदालतमा भएको बयान :-**

११. मिति ०६८।४।१४ गते घाईते सुब्बा दर्लामी मगर दिनको ११:०० बजेतिर मेरो घरको बाटो भै घर जान भनी आउनु भएको र म घरमा वसीरहेको अवस्थामा निजले मलाई एक्कासी ए धोर्जे तैले मलाई काठ काटेको भनेर किन उजुर गरिस् भनी झम्टेर आए । मैले उजुर गरेको छैन भन्दा निजले एक्कासि मलाई मुक्काले हिर्काए त्यसपछि निज र म घम्सा घम्सी हानाहान हुँदा मैले निजलाई धकेल्दा आँगनमा लड्न गएका थिए । त्यसपछि निजको मानिसहरू आई मलाई पुनः कुटपिट गर्लान् भन्ने डरले म फापरबारी प्रहरी चौकीमा आएको हुँ । मैले निजको नगद तथा मोबाइल लुटेको छैन । निजलाई कुनै हात हतीयार लाठ्ठी कुनै चिजले हिर्काएको होइन । हात भाँचेको पनि होइन के गरी निजको हात भाँचियो मलाई थाहा छैन । म निर्दोष हुँदा अभियोग माग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी होमबहादुर तुम्सिङ्ग मगरले यस अदालतमा गरेको बयान ।

१२. प्रतिवादीहरू सानुबाबु तुम्सिङ्ग मगर, तीर्थ माया तुम्सिङ्ग, मनसरा भन्ने धनसरी तुम्सिङ्ग र रिम्की तुम्सिङ्ग यस अदालतबाट जारी भएको म्यादमा हाजिर नभई फरार रहेको ।

**(घ) बुझिएका प्रमाण :-**

**१३.** **(क)** वादी र प्रतिवादीका साक्षी बुझ्नु भन्ने भएको आदेशानुसार घाइते सुब्बा दर्लामीले म आफ्नो घरतिर आउँदै गर्दा बाटोमा ढुकी छेकी होमबहादुर तुम्सिङ्ग, सानुवावु तुम्सिङ्ग, तीर्थ माया तुम्सिङ्ग, मनसरा भन्ने धनसरी तुम्सिङ्ग र रिम्की तुम्सिङ्ग समेत भई नजिकैको सुंगुरको खोरमा रहेको चिर्पटले मेरो छातीमा हाने, दुवै हातको कुइनाभन्दा माथिको पाखुरामा हानी दुवै पाखुरा भाँचिदिएका हुन् । दाहिने हात होमबहादुरले पहिला हानी भाँचिदिएको र देव्रे हात सानुबाबुले हानी भाँचिदिएका हुन् । प्रतिवादी महिलाहरूले ढुंगामुढा गरी कुट, मार, हातखुट्ट भाँचिदेउ, मारेर भीरबाट फालिदेउँ भनी भनेका थिए । मेरो साथमा रहेको रु.३०,०००।- र नोकिया कम्पनीको मोबाइल सेट १ पनि लुटेर लगे भनी गरेको बकपत्र ।

**(ख)** त्यस्तै प्रतिवादी होमबहादुर तुम्सिङ्गका साक्षी रामबहादुर लामिछानेले सुब्बा दर्लामी र होमबहादुर तुम्सिङ्गबीच होमबहादुरको घरमा साधारण भनाभन भएको हो । त्यसपछि सुब्बा दर्लामी आफ्नो घरमा गएका थिए । होमबहादुरले सुब्बा दर्लामीको हात भाँचिदिएको होइन । सुब्बा दर्लामी घरमा गएर बेसरी कराएका थिए, हुनसक्छ ऊ भऱ्याङबाट लडेर हात भाँचीएको हुनसक्छ । होमबहादुर तुम्सिङ्गले पीडितको

हात भाँचेको नभएकाले निजलाई सजाय हुनुपर्ने होइन । रिसइवीको कारणले झुट्ठा आरोप लगाएका हुन् भनी गरेको बकपत्र ।

**(ग)** यस अदालतको आदेशानुसार पीडित सुब्बा दर्लामीको भरतपुर अस्पताल चितवनका चिकित्सकबाट जाँच परीक्षण भई जाँच परीक्षण प्रतिवेदन मिसिल सामेल रहेको ।

**(ङ) सम्बद्ध कानुन :-**

१४. मुलुकी ऐन कुटपिटको १, ६ र १८ नं., र चोरीको १, १२ र २१ नं. समेत ।

## ठहर खण्ड

१५. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री अनिल कार्की तथा जाहेरवालातर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री एकराज बास्तोलाले प्रतिवादीहरूले पीडित सुब्बा दर्लामीलाई चिर्पट समेतले कुटपिट गरी अंगभंग गराएको हुँदा अभियोग दाबी अनुसार सजाय होस् भनी बहस प्रस्तुत गर्नुभयो । प्रतिवादी होमबहादुर तुम्सिङ्ग मगरको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री गणेशप्रसाद दाहाल, श्री मदनकुमार दाहाल र श्री अमृतकुमार लामाले पीडित भनिएका व्यक्ति हाल पूर्व अवस्थामा रहेका र निजको शरीरमा लागेको घाउचोट निको भइसकेको हुँदा प्रतिवादीले अभियोग दाबी बमोजिम कसुर नगरेकोले सफाइ पाउनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

१६. उपरोक्त बहस, अभियोग माग दाबी र मिसिल सम्लग्न प्रमाणहरूको विश्लेषण गरी हेर्दा निम्न प्रश्नमा केन्द्रित रही निर्णय दिनुपर्ने देखियो :-

(१) **अभियोग दाबी बमोजिम प्रतिवादीहरूले कुटपिट गरेका हुन्, होइनन् ?**

(२) **यदि कुटपिट गरेको भए के कस्तो सजाय हुनुपर्ने हो ?**

(३) **चोरीको अभियोगतर्फ के कसो हुनुपर्ने हो ?**

(४) **पीडितले प्रतिवादीबाट क्षतिपूर्ति पाउनुपर्ने हो, होइन ?**

१७. निर्णयतर्फ प्रवेश गर्दा, माथि उल्लिखित निर्णयार्थ प्रस्तुत प्रश्नहरूको समग्रतामा विवेचना गर्दै सो क्रममा सर्वप्रथम अभियोग दाबी र मुद्दाको तथ्य अवलोकल गर्नु आवश्यक छ । सो अनुसार प्रतिवादी होमबहादुर तुम्सिङ्ग समेत भई पीडित सुब्बा दर्लामीलाई दाउरा भाटा ढुङ्गा समेत प्रहार गरी कुटपिट गरी दुवै हात भाँची अङ्ग भङ्ग बनाई नगद र मोबाइल समेत लुटी मुलुकी ऐन कुटपिटको १ नं. र चोरीको १ नं. अनुसारको कसुर अपराध गरेकोले निज प्रतिवादीहरू उपर कुटपिटको ६ नं. बमोजिम सजाय गरी सोही महलको १८ नं. बमोजिम थप सजाय र चोरीको १२ नं. बमोजिम सजाय गरी पाऊँ र चोरी भएको नगद र मोबाइल गरी रु. ३४,१००।- प्रतिवादीबाट चोरीको २१ नं. बमोजिम भराई पाऊँ । साथै घाइतेको उपचार गर्दा लागेको रु १,६३,५१०।- को बिल भर्पाई बमोजिमको रकम समेत दिलाई भराई पाऊँ भन्ने अभियोग माग दाबी रहेको देखिन्छ ।

१८. मुद्दाको तथ्यतर्फ हेर्दा, प्रतिवादीहरू उपर किटानी जाहेरी परेको छ । सो जाहेरीमा निम्न व्यहोरा उल्लेख छ । "मिति २०६८।४।१४ गतेका दिन ११:३० बजेको समयमा मेरो भान्जा नाता पर्ने सुब्बा दर्लामी मगर मेरो काममा आएका अवस्थामा निजले मसंग ऋण तिर्न भनी रु.३०,०००।- सापटी समेत लिई आफ्नो घरतर्फ जाने क्रममा विरुवा काटेको विषयमा रिसइवी राखी अन्यायीहरू होमबहादुर, सानुबाबु

समेतले कुटपिट गरी दुवै हातको २/२ ठाउँमा भाँचिने गरी अंगभंग गराई स्थानीय मानिस राम राना र ज्ञानबहादुर राना समेतकाले ज्यान मर्ला भनी आएकाले निजहरू घटनास्थलबाट भाग्न सफल भए। विपक्षीहरू ५ जनाले घाइतेको रु.४१००।- पर्ने मोबाइल सेट र रु.३०,०००।- नगद समेत लगेको हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कुटपिट अंगभंग गरेको तर्फ समेत सजाय गरी पाऊँ।"

१९. प्रतिवादी होमबहादुर तुम्सिङ्ग मगरको अधिकार प्राप्त अधिकारी समक्ष भएको बयानमा "मिति २०६८।४।१४ गते सुब्बा दर्लामी मगरले मलाई मेरो घर अगाडि बाटोमा आई सामुदायिक वनको काठ काटेको विषयमा पूर्वरिसइवीले कुटपिट गर्न थालेकाले तत्काल सहन नसकी म मेरो भाइ सानुबाबु भई चिर्पटले सुब्बा दर्लामीलाई कुटपिट गर्दा निजको हात भाँची अंगभंग भएको हो" भन्ने साविती कथन उल्लेख छ। यद्यपि अदालतमा निजले गरेको बयानमा घटनास्थलमा उपस्थित भई विवाद भएको तथ्यलाई स्वीकार गर्दै एकआपसमा घम्साघम्सी हानाहान भएको र पीडित आफैं लडी घाइते भएको भन्ने कुरा उल्लेख गरेको अवस्था छ। अतः निज प्रतिवादीको उपरोक्त बयान व्यहोराबाट पीडित माथि निज प्रतिवादीले कुटपिट गरेको देखिन्छ। पीडितको घा जाँच प्रतिवेदन र दुवै हात भाँचिएको अवस्थालाई स्वयं प्रतिवादीले अन्यथा भन्न नसकेकोले निजै प्रतिवादी समेतका व्यक्तिहरूको कुटपिटबाट सो अवस्था वा परिणाम आएको देखिन्छ। अन्य प्रतिवादीहरू भने फरार रहेको अवस्था छ।

२०. घटनास्थल व्यहोरामा "मिति ०६८।४।१४ गतेका दिन ११:०० बजेको समयमा जि.म. वेतिनी गा.वि.स. वडा नं. ३ स्थित बाटो गोरेटोमा काठ काटेको विषयमा झगडा विवाद गरी होमबहादुरले सुब्बा दर्लामी मगरलाई कुटपिट गरी दुवै हात भाँचिदिएको र टाउको तथा छातीमा चोट हुने गरी कुटपिट गरेको" भन्ने समेत उल्लेख भएको पाइन्छ। साथै सो वारदातका दिन प्रतिवादी होमबहादुर समेतले कुटपिट गरी सुब्बा दर्लामीलाई अङ्गभङ्ग गराएको र घटनास्थलमा भेटिएको काठको जस्तो देखिने चिर्पट बरामद भएको भन्ने समेत व्यहोराको बरामदी मुचुल्का रहेको छ। चिर्पटले हानेको भन्ने पीडितको भनाइ रहेको पाइन्छ। प्रहार गरिएको सो चिर्पट बरामद भएबाट उक्त पीडित माथि प्रहार गरेको हतियार (चिर्पट) समेत निज प्रतिवादीहरू उपरको अभियोग पुष्टि गर्न महत्वपूर्ण भौतिक सवुदको रूपमा रहेको छ। पीडितको घाउ जाँच परीक्षण प्रतिवेदन प्रस्तुत मुद्दाको निर्णायक तत्व रहेकोले सो प्रतिवेदनमा उल्लिखित निम्न कुराहरूलाई मध्यनजर गर्नुपर्ने अवस्था छ :-

**Nature of injury size and site :–**

1. Lt. Arm bone fracture
2. Lt. Forearm bone segmental
3. Cut injury
4. Blunt injury chest

**Type of injury**:

अंगभंग

**अंग फोरिएको वा छिनालिएको वा फुकालिएको :-** दुवै हातका हड्डीहरू भाँचिएकोले अंगभंग भएको।

**Condition of patient : / whether fatal or not :**

Stable (risk for life), not fatal.

२१. यस प्रकार पीडित सुब्बा दर्लामीको दुवै हातका हड्डीहरू भाँचिन गई अङ्गभङ्ग भएको भन्ने घा जाँच प्रतिवेदनको निष्कर्षमा उल्लेख भएबाट घटनाको गम्भीरता स्वतः प्रष्ट भएको छ। निज पीडितको

सो वारदात हुँदाको अवस्थादेखि आज प्रस्तुत मुद्दा फैसला हुँदासम्मका शारीरिक स्वास्थ्य परीक्षणका अवस्थाहरूलाई समेत विचार गरी निष्कर्षमा पुग्नुपर्ने मुद्दा भएकोले सोतर्फ पनि दृष्टिगोचर गर्नुपर्ने वाञ्छनीय हुन आउँछ । यस सिलसिलामा मिति २०६९।३।५ मा भरतपुर अस्पतालका डाक्टर श्रवण कुमार थापा (कल्सल्टेन्ट अर्थोपेडिक सर्जन) समेतले गरिदिएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लिखित व्यहोराबाट पीडितको पछिल्लो अवधिको शारीरिक अवस्था प्रस्ट हुन आएको छ । जो निम्न बमोजिम रहेको छ :-

"सुब्बा दर्लामी मगरको बायाँ हातको Forearm fracture ....... प्लेट र स्क्रु कसेको छ र fracture जोडिइसकेको छ । दाँया हातको humerus fracture मा पनि स्क्रु कसेको छ र त्यसमा पनि fracture जोडिइसकेको छ । fracture जोडिइसके तापनि दायाँ हातको कुहिना केही हदसम्म जाम छ । जुन फिजियोथेरापीले निको हुने देखिन्छ । त्यसतर्फ थप ३ देखि ५ महिनासम्म लाग्न सक्छ । त्यसपछि पनि जाम अलि बाँकी रहेमा बिरामीको अरू जाँच गरेर बेहोस गरी जाम खुलाउनुपर्ने हुन्छ (MUA–Manipulation under anesthesia) ।" त्यस्तै अर्का डा.नारद प्र.थपलिया (कन्सल्टेन्ट सर्जन) ले बिरामी परीक्षण गर्दा "पीडित होसमा भएको र माथि उल्लिखित बाहेक अन्य समस्या पनि नभएको र छातीको X-ray पनि ठिकै भएकोले अन्य सर्जिकल समस्या नभएको Clinically प्रमाणित गरिन्छ" भनी उल्लेख गरेको अवस्था छ ।

२२. यसका अतिरिक्त पीडितले मौकामा कागज गरी दिएको अवस्था छ । जसमा "मिति ०६८।४।१४ गते जाहेरवाला गोपाल रानाको घरमा मकै भाँच्ने गरी निजसँग ऋण तिर्नको लागी नगद रु तीस हजार लिई र रु. ४१ सयमा खरिद गरेको मोबाइल सेट समेत बोकी आइरहेको अवस्थामा घाँसको बिरुवा काटेको विषयमा विवाद गरी झगडा गर्दै आएका होमबहादुर र निजको भाइ सानुबाबुले चिर्पट समेतले कुटपिट गरी अरू जाहेरीमा उल्लिखित आइमाई समेतले गालीगलौज गरी ढुङ्गा समेतले हानी भागी गएका हुन् । मैले गुहार माग्दा ज्यान बच्न गएको हो । हालसम्म करिब १ लाख २५ हजार जति उपचारमा खर्च भइसकेको छ अरू के कति लाग्छ थाहा छैन । निजहरूले कुटपिट गर्दा मेरो साथमा भएको नगद र मोबाइल समेत लगेका र उपचारमा लागेको खर्च समेत निजहरूबाट दिलाई भराई पाऊँ" भन्ने समेत व्यहोरा उल्लेख छ । सोही व्यहोरालाई पुष्टि हुने गरी पीडितले अदालत समक्ष उपस्थित भई बकपत्र गरिदिएकोले यस्तो प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा ३ ले प्रमाणमा लिन मिल्ने नै हुन्छ । पीडित नै घटनाको पहिलो प्रत्यक्षदर्शी हुने र आफ्नो पीडाको सम्बन्धमा प्रत्यक्ष साक्षीको रूपमा निजले व्यक्त गरेको उपरोक्त कथन, निजको शारीरिक अवस्था र चिकित्सकको परीक्षण प्रतिवेदनसँग मिल्न आएको अवस्था छ । वारदातमा यी प्रतिवादी होमबहादुर तुम्सिङ्ग मगर समेतको संलग्नता रहेको तथ्यमा विवाद नरहेकोले माथि विवेचित आधार, प्रमाण र कारणहरूबाट निज प्रतिवादी समेतले पीडितलाई अंगभंग हुने गरी कुटपिट गरेको तथ्य सुस्पष्ट रूपमा प्रमाणित हुन आउँदछ ।

२३. मौकामा बुझिएका रामबहादुर राना समेतका व्यक्तिहरूले हामी बारीमा काम गरेर बसिरहेको अवस्थामा घटनास्थलमा मानिस चिच्चाएको, कराएको आवाज सुनी सोतर्फ हेर्दा होमबहादुर, सानोबाबु र निजैको घरको आइमाई तीन जना समेत भई चिर्पट भाटा समेतले कुटपिट गरेको देखेपछि हामी घटनास्थलतर्फ जाँदा निजहरू भागिसकेको र घाइतेलाई उठाई उपचारको लागि फापरबारी ल्याएको भन्ने समेत व्यहोराको एकै मिलानको कागज गरी दिएको पाइन्छ । यद्यपि निज मौकाको कागज गर्ने व्यक्तिहरू अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्था नभए पनि उनीहरूको सो मौकाको कथन घटनाको तथ्योद्‌घाटनका लागि प्रस्तुत मुद्दाको सन्दर्भमा असान्दर्भिक रहेछ भन्न मिल्न देखिँदैन ।

२४. यसप्रकार प्रतिवादी उपर परेको किटानी जाहेरी, घटनास्थल मुचुल्का, पीडितको कागज र बकपत्र, तत्काल

चिकित्सकले पीडितलाई गरेको शारीरिक जाँच प्रतिवेदन, वारदातमा प्रयोग गरिएको चिर्पट बरामद भई आएको अवस्था, मौकामा बुझिएको मानिसहरूले गरेको कागज, प्रतिवादीको अन्यथा प्रमाणित नभएको अनुसन्धानको क्रममा भएको साविती बयान र हालसम्म पनि पीडितको घाइतको चोट लागेका अंगहरू पूर्ण रूपमा पुर्वावस्थामा आई नसकेको भनी चिकित्सकले गरिदिएको प्रमाणित प्रतिवेदन समेतका माथि विवेचित विभिन्न आधारहरूबाट यी प्रतिवादीहरू होमबहादुर तुम्सिङ्ग मगर, सानुबाबु तुम्सिङ्ग मगर, तीर्थ माया तुम्सिङ्ग, मनसरा भन्ने धनसरी तुम्सिङ्ग र रिम्की तुम्सिङ्ग समेतले पीडित सुब्बा दर्लामीलाई अंगभंग हुने गरी कुटपिट गरी मुलुकी ऐन कुटपिटको महलको १ नं. अनुसारको कसुर तथा अपराध गरेकोले निज प्रतिवादीहरूलाई सोही महलको ६ नं. बमोजिम जनही चार वर्ष कैद र दुई हजार पाँच सय रुपैयाँ जरिवाना समेत हुने ठर्हछ । साथै सो कार्यमा पाँच जना व्यक्तिको संलग्नता रहेको देखिंदा कुटपिटको १८ नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही दुई सय रुपैयाँ थप जरिवाना समेत हुन्छ । प्रतिवादीहरू उपर चोरीको १ नं. र १२ नं. समेतको दाबी लिएकोमा पीडितको धनमाल चोरी भएको प्रमाण अभियोजन पक्षबाट प्रस्तुत गर्न सकेको नदेखिँदा सोतर्फको दाबी पुग्न नसक्ने ठहर्छ ।

२५. वादी नेपाल सरकारको तर्फबाट अभियोगमा प्रस्तुत मुद्दामा कुटपिटको ६ नं. बमोजिमको सजाय प्रस्तावित भई आएकोमा पीडित व्यक्तिको दुवै हात अंगभंग भएको प्रारम्भिक अवस्था भए तापनि सघन उपचारको क्रममा निजको बायाँ हातको घाउचोट निको भई जोडिसकेको अवस्था चिकित्सकको रिपोर्टबाट पुष्टि भएको र दायाँ हातको घाउचोटको अवस्था अझै पनि जोखिमयुक्त अवस्थामा रहेको र बिरामीलाई बेहोस गरी जाम खुलाउनुपर्ने अवस्था अझै कायम रहेको भन्ने चिकित्सकको प्रतिवेदनबाट देखिएकोले उक्त कुटपिटको ६ नं. को कानुनी व्यवस्था अनुसार पूरा सजाय ८ वर्ष कैद र रु. ५,०००।-जरिवाना समेत हुनेमा त्यसको आधा अर्थात् जनही ४ वर्ष कैद र रु.२५००।- का दरले उपरोक्त उल्लेख भए बमोजिम सजाय निर्धारण गरिएको हो ।

२६. वादी नेपाल सरकारको तर्फबाट दायर भएको अभियोगपत्रमा घाइतेको उपचार गर्दा लागेको रु. १,६३,५१०।- (एक लाख त्रिसट्ठी हजार पाँच सय दस रुपैयाँ) पीडितलाई क्षतिपूर्ति बापत भराई पाऊँ भनी निज पीडितले निवेदनसाथ उपचार गर्दा खर्च भएको बिल भर्पाई राखी गरेको अनुरोध अनुसार दाबी लिएको देखियो । प्रस्तुत मुद्दा कुटपिटको महल अन्तर्गत सो महलको दफा १ र ६ नं. को आधारमा अभियोग माग दाबी गरी दायर भएको र उक्त दाबीको कानुनी दफामा बिल बमोजिमको खर्च भराई दिने सन्दर्भमा कुनै व्यवस्था उल्लेख भएको पाइँदैन । कुटपिटको ६ नं.मा जरिवानाको रुपैयाँ तिऱ्यो भने सो जम्मै रुपैयाँ र तिरेन भने कसुरदारको अंश मात्र सम्पत्ति जायजात लिलाम बिक्री गरी उपर भए जति रुपैयाँ घा खर्च बापत घा खत लाग्ने मानिसलाई भराई दिनुपर्छ । उपर नभएको जरिवानाको रुपैयाँ जतिमा १ दिनको रु.२५।- दरले कैद गर्नुपर्छ भन्नेसम्म व्यवस्था भएको देखिन्छ । यस व्यवस्था अनुसार प्रतिवादीहरूलाई ठहर भएको जरिवानाको अंकबाट मात्र सीमित रकम घा खर्च दिलाउन सकिने देखिन्छ । सो जरिवाना पनि दुईवटा अंगभंग भएको स्थितिमा पाँच हजार रुपैयाँभन्दा बढी हुन सक्ने देखिँदैन । प्रस्तुत मुद्दामा पीडितको दुईवटा हातहरू अंगभंग गराइएकोमा एउटा अंग निको भइसकेको र अर्को अंग अझै पनि निको नभई उपचारको क्रममा रहेको स्थितिलाई मध्यनजर गरी माथि विभिन्न प्रकरणमा गरिएको व्याख्या विवेचनाको आधारमा एउटा अंगमात्र अंगभंग भएको मानी कानुनले तोकेको दुईवटा अंगभंग भएमा हुने सजायको आधि सजाय हुने ठहरी फैसला भएकोले सो जरिवानाको रकम पनि आधी गर्दा जम्मा रु.२५००।- कायम गरिएको र ऐ. महलको १८ नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही रु.२००।- जरिवाना थप सजाय भएको स्थिति छ ।

अतः सो जरिवाना अनुसारको क्षतिपूर्ति अर्थात् घा जाँच खर्च भराउँदा अभियोजन पक्षले भराई पाऊँ भनी दाबी लिएको रकम रु.१,६३,५१०।- भरी भराउ हुन सक्ने अवस्था नहुँदा पाँच जना प्रतिवादीहरूबाट जनही लागेको जरिवाना रु. २७००।- बराबरको रकम अर्थात् रु.१३,५००। प्रतिवादीहरूबाट घा खर्च भराइदिने ठहर्छ ।

२७. उक्त बमोजिम बाहेक प्रतिवादीहरूबाट घा खर्च भराई दिने कानुनी व्यवस्था विद्यमान नभएको, यी पीडितको उपचार गर्दा उक्त बिल पेस भएको, बिल बमोजिमको खर्च भएको देखिएको, पीडितलाई लागेको चोटको गम्भीरताको आधारमा सो खर्च मनासिबै देखिएको, सरकारी वकिलबाट घा खर्च भराई दिने दाबी समेत लिइएको तथा पीडित र पीडकको आर्थिक हैसियत समेत विचार गर्दा सो बिल बमोजिमको घा खर्च निजहरूले व्ययभार व्यहोर्न सक्ने अवस्थाको समेत देखिँदैन । एउटा निर्दोष नागरिकले कुटपिटको घटनामा अचानक गम्भीर शारीरिक पीडा भोग्नुपर्ने अवस्था घटनाबाट सिर्जना भएको र सोको व्ययभार समेत निज उपर पर्ने हो भने थप आर्थिक तथा मानसिक चोट पुग्न जाने हुँदा सो स्थितिमा नागरिकको सुरक्षा गर्ने अन्तिम जिम्मेवारी राज्यको हुने हुँदा पीडितको आर्थिक विपन्नतको अवस्था समेतलाई विचार गरी राज्यको तर्फबाट पीडितलाई सो उपचार खर्च दिलाई दिन मनासिब र न्यायोचित देखिएकोले अभियोग दाबीमा उल्लिखित बिल भरपाईमध्ये माथि प्रतिवादीहरूले भरी दिनुपर्ने ठहर भएको बाहेक नपुग रु.१,५०,०१०।- (एक लाख पचास हजार दस रुपैयाँ) नेपाल सरकारको तर्फबाट पीडितलाई भराई दिने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएको छु ।

## तपसिल खण्ड

♦ प्रतिवादी होमबहादुर तुम्सिङ्ग मगरलाई मुलुकी ऐन कुटपिटको महलको १ नं. अनुसारको कसुर तथा अपराध गरेकोले सोही महलको ६ नं. बमोजिम चार वर्ष कैद र दुई हजार पाँच सय रुपैयाँ जरिवाना र ऐ.महलको १८ नं. बमोजिम दुई सय रुपैयाँ थप जरिवानासमेत हुने ठहरेकोले निज प्रतिवादी मिति २०६८।४।१५ गते पक्राउ परी प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६८।५।२९ को आदेशानुसार मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिँदा निज प्रतिवादीलाई लागेको कैद सजाय पक्राउ परेको मितिदेखि नै कैद कट्टी मिनाहा दिई कानुन बमोजिम कैद म्याद ठेकी असुल गर्नू । लागेको जरिवाना बुझाए बुझिलिई कैद भुक्तान भएपछि थुनाबाट छाडिदिनू । लागेको जरिवाना नबुझाए जरिवाना बापत पनि कानुन बमोजिम कैद म्याद ठेकी असुल गर्नू भनी तहसिल फाँटमा लगत दिनू ..१

♦ देहायका प्रतिवादीहरूलाई मुलुकी ऐन कुटपिटको महलको १ नं. अनुसारको कसुर तथा अपराध गरेकोले सोही महलको ६ नं. बमोजिम जनही चार वर्ष कैद र दुई हजार पाँच सय रुपैयाँ जरिवाना र ऐ.महलको १८ नं. बमोजिम जनही दुई सय रुपैयाँ थप जरिवाना हुने समेत ठहरेकोले निज प्रतिवादीहरू अनुपस्थित हुँदा लगत कसी असुल गर्नू भनी तहसिल फाँटमा लगत दिनू................२

- प्रतिवादी सानुबाबु तुम्सिङ्ग मगर
- प्रतिवादी तीथ माया तुम्सिङ्ग
- प्रतिवादी मनसरा भन्ने धनसरी तुम्सिङ्ग
- प्रतिवादी रिम्की तुम्सिङ्ग

♦ पीडित सुब्बा दर्लामीले प्रतिवादीहरूबाट जनही रु.२७००।- का दरले रु.१३,५००।- घा खर्च भराई लिन पाउने ठहरेकाले पुनरावेदनको अवस्था नाघेपछि उल्लिखित घा खर्च भराई पाऊँ भनी प्रतिवादीहरूको यसै सरहदको जेथा देखाई निज पीडितको कानुनका म्यादभित्र दरखास्त परे नियमानुसार गरी घा खर्च

भराइदिनू भनी तहसिल फाँटमा लगत दिनू.......................................................................३

- अभियोग दाबीमा उल्लिखित बिल भरपाई बमोजिमको घा खर्चमध्ये नपुग रु.१,५०,०१०।- (एक लाख पचास हजार दस रुपैयाँ) नेपाल सरकारको तर्फबाट पीडित सुब्बा दर्लामीलाई भराइदिने ठहरेकाले पुनरावेदनको अवस्था नाघेपछि फैसला बमोजिमको उल्लिखित घा खर्च भराई पाऊँ भनी कानुनका म्यादभित्र निज पीडित सुब्बा दर्लामीले यस अदालतमा दरखास्त दिए नेपाल सरकारको सम्बन्धित निकाय मार्फत भराई पाउने गरी नियमानुसार गरी उल्लिखित घा खर्च नेपाल सरकारबाट निज पीडितलाई भराई दिनू...............................................................................................४
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्न जानू भनी फैसलाको प्रतिलिपि सहित जिल्ला सरकारी वकिल कार्यालय मकवानपुरलाई र प्रतिवादी होमबहादुर तुम्सिङ्ग मगरलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम पुनरावेदनको म्याद दिनू। अन्य प्रतिवादीहरू सानुबाबु तुम्सिङ्ग मगर, तीर्थ माया तुम्सिङ्ग मगर, मनसरा भन्ने धनसरी तुम्सिङ्ग मगर र रिम्की तुम्सिङ्ग मगरले सुरु म्याद नै गुजारी बसेको हुँदा मु.ऐ.अ.वं. २०८ नं. बमोजिम पुनरावेदनको म्याद दिनुपरेन...........................................................................................५
- जाहेरवाला गोपाल रानालाई फैसलाको प्रतिलिपि सहित फैसलाको जानकारी दिनू.......................६
- सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू ..........................७
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल पुनरावेदन परे श्री पुनरावेदन अदालत हेटौंडामा पठाइदिनु नपरे सुरक्षितसाथ राख्न अभिलेख फाँटमा बुझाइदिनू ..........................................८

ना.सु. राजन अर्याल **न्यायाधीश**
मुद्दा फाँट (ख)

**इति संवत् २०६९ साल असार २४ गते रोज १ शुभम्..................**

**श्री सप्तरी जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री रितेन्द्र थापा**
**फैसला**
**संवत् २०६६ को सा.फौ.नं. ८७७**

**मुद्दा :- किर्ते जालसाज ।**
**नि.नः ५१३**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला सप्तरी राजविराज न.पा. वडा नं. ३ स्थित रहेको बेलफेयर नेपाल बहुमुखी सहकारी संस्थाका तर्फबाट का.व्य. वसन्तकुमार मण्डल ..............१ | जि.स. राजविराज न.पा. वडा नं. ३ बस्ने ऐनुल हकको छोरा जुवेर अन्सारी .........................................१ |
| साक्षीः- अनवर दफाली , | ऐ.ऐ. गा.वि.स. फर्सेठ वडा नं. ७ बस्ने बदरुल मियाको छोरा मो ताहिर हुसेन ..................................१ |
| कागज.... | ऐ.ऐ. वडा नं. ७ बस्ने कवीर मियाको छोरा बदरुल मियाँ...........................................................१ |
| | ऐ. ऐ. गा.वि.स. वोदे बर्साइन वडा नं. ५ बस्ने रउफको मियाको छोरा मो. इजरायल मिया ........................१ |
| | साक्षी :- प्रतिवादी इजरायलका साक्षी अब्दुल सतार, एनुल हक |
| | कागज................ |

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मु. ऐन अ.वं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र परी दायर भै पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छ :

यस संस्थामा प्र. जुवेर अन्सारी व्यवस्थापक तथा प्रतिवादी ताहिर हुसेन ऋण प्रमुख भई कामकाज गर्दै आएकोमा प्रतिवादी जुवेर अन्सारीले आफ्नो नामको जि.स. रा.वि.न.पा. वडा नं. ३ भलुवाही रोडको प्लट नं. २४।३ को ०-०-२ ऐ.ऐ. प्लट नं. २४।४ को ०-०-२ ऐ. ऐ. प्लट नं. २४।५ को ०-०-३ समेतका जग्गाहरू यस संस्थामा धितो राखी रोक्का गराई मिति २०५७।३।२८ मा रु.१०००००।- मिति २०५७।३।२९ मा रु.९७०००।- मिति २०६७।४।४ मा रु. ५००००।- मिति २०५७।४।५ मा रु.५००००।- गरी जम्मा रु.२९७०००।- ऋण लिएको र प्रतिवादी ताहिर हुसेनले पनि जि.स. गा.वि.स. फर्सेठ वडा नं ७क कि.नं. ५८१ को ०-२-१५ ऐ.ऐ. वडा नं. ७ख कि.नं. १४२ को ०-०-६ समेतको जग्गाहरू धितो राखी मिति २०५७।३।३० मा रु.१०००००।- ऋण लिएकोमा सो ऋण हालसम्म यथावत् रहेकोमा निजहरूले आफ्नो पदको दुरुपयोग गरी संस्थालाई थाहा जानकारी नदिई आफैले लिएको उक्त कर्जा असुली नहुँदै सञ्चालक समितिको मिति २०५९।११।१६ को १२७

औं बैठकबाट भएको निर्णयमा कीर्ते जालसाजीका तवरले निर्णय नं. (३) पछि (क) थप गरी तथा निर्णय नं. ३ र ४ को बीचमा ३(ख) थप गरी व्यहोरा लेखी मिति २०६३।१०।२९ मा आफैं फुकुवा पुर्जी लेखी जग्गा फुकुवा गरेको र प्रतिवादी वदरुल मियाले मिति २०६३।११।६ मा प्र. इजराइल मियालाई राजीनामा पारित गरिदिएको तथ्य संस्थालाई मिति २०६५।८।१२ मा जानकारी भएको हुँदा निजहरूबाट ऋण साँवा ब्याज समेत दिलाई किर्ते कागजको ७ नं. बमोजिम सजाय समेत गरी पाऊँ भन्ने समेत व्यहोराको वादीको फिरादपत्र ।

वादी दाबी बमोजिम ऋण लिएको हो ऋण चुक्ता भएपछि माात्र जग्गा फुकुवा गराएको हुँदा वादी दाबी झुट्टा हो भन्ने समेत व्यहोराको प्रतिवादी जुवेर अन्सारीको प्रतिउत्तर पत्र ।

मैले जग्गा मोल तिरेर खरिद गरेको हुँदा मैले जालसाज गरेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी इजरायल मियाको प्रतिउत्तर पत्र ।

संस्थाको निर्णय बमोजिम जग्गा फुकुवा भएको हुँदा जालसाज गरेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी बदरुल मियाँ समेतको प्रतिउत्तर पत्र ।

प्रतिवादी इजरायलले जालसाज गरेको होइन भन्ने समेत व्यहोराको निजका साक्षी अब्दुल सतारले गरेको बकपत्र ।

प्रतिवादीहरूले जग्गा धितो राखी ऋण लिई सो ऋण चुक्ता नगरी जग्गा फुकुवा गराएको हो भन्ने समेत व्यहोराको वादीका साक्षी अनवर दफालीले गरेका बकपत्र ।

संस्थामा जग्गा रोक्का राखेपछि संस्थामा तत्काल रकम नभएकोले रकम प्राप्त गर्न नसकेको कारणले जग्गा फुकुवा भएको हो भन्ने समेत व्यहोराको प्रतिवादीहरूका साक्षी एनुल हकले गरेको बकपत्र ।

प्रतिवादी ताहिर हुसेन तथा जुवेर अन्सारीले जग्गा धितो राखी ऋण लिई सो ऋण चुक्ता नगरी जग्गा फुकुवा गरी किर्ते जालसाज गरेका हुन् भन्ने समेत व्यहोराको बुझिएका तैयव अन्सारीले गरेको बयान ।

प्रतिवादी ताहिर हुसेन तथा जुवेर अन्सारीले जग्गा धितो राखि ऋण लिई सो ऋण चुक्ता नगरी जग्गा फुकुवा गरी किर्ते जालसाज गरेका हुन भन्ने समेत व्यहोराको बुझिएका जगतप्रसाद यादवले गरेको बयान ।

प्रतिवादी ताहिर हुसेन तथा जुवेर अन्सारीले जग्गा धितो राखी ऋण लिई सो ऋण चुक्ता नगरी जग्गा फुकुवा गरी किर्ते जालसाज गरेका हुन् भन्ने समेत व्यहोराको बुझिएका प्रभात कुमार ललनले गरेको बयान ।

प्रतिवादीहरूले जालसाज गरी जग्गा फुकुवा गरेको हो अक्षर तथा लेखाइको प्रकृतिबाट त्यस्तो देखिन्छ भन्ने समेत व्यहोराको बुझिएका अयोधीप्रसाद यादवले गरेको बयान ।

प्रतिवादीहरूले मिलीमतो गरी जालसाज गरेका हुन भन्ने समेत व्यहोराको बुझिएका गुलाम नवीले गरेको बयान ।

प्रतिवादीहरूले मिलीमतो गरी जालसाज गरेका हुन् भन्ने समेत व्यहोराको बुझिएका अब्दुल मनानले गरेको बयान ।

प्रतिवादीहरूले मिलीमतो गरी जालसाज गरेका हुन् भन्ने समेत व्यहोराको बुझिएका वीरेन्द्रप्रसाद गुप्ताले गरेको बयान ।

प्रतिवादीहरूले मिलीमतो गरी जालसाज गरेका हुन् भन्ने समेत व्यहोराको बुझिएका वीरेन्द्रप्रसाद गुप्ताले गरेको बयान ।

प्रतिवादीहरूले मिलीमतो गरी जालसाज गरेका हुन् भन्ने समेत व्यहोराको बुझिएका हरिमोहन लाल कर्ण वीरेन्द्रले गरेको बयान ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल कागज अध्ययन गरी हेर्दा फैसला गरिदिए हुने देखियो। वादीतर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री शिवकुमार चौधरी र वसन्तकुमार मण्डलले संस्थाको कर्मचारीहरूले २०६५।८।१२ मा निवेदन दिएपछि थाहा भएको हो। कुनै कर्मचारी वा व्यक्तिले थाहा पाउँदैमा संस्थाले थाहा पाएको भन्न मिल्दैन। आफूले लिएको कर्जा रकम जम्मा गरेको भन्ने प्रतिवादीहरू स्वयंकै भनाइ छैन। माइन्युटमा सही गर्ने सबैले उक्त दिन प्रतिवादीहरूको जग्गा फुकुवा गर्ने निर्णय नभएको, प्रतिवादीहरूले जालसाजी कीर्ते गरी पछि थप गरेको भनी बयान गरेका छन्। संस्थालाई ठूलो हानि भएको छ वादी दाबी पुग्नुपर्दछ भनी वहस गर्नुभयो। प्रतिवादीहरू तर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री नवीन सिंहले वादीले यस मुद्दामा २०६५।८।१२ मा थाहा पाएको भनी हद म्यादभित्र रहेको दाबी गरेका छन् तर यही विषयमा मेरो पक्षसँग ०६४।२।२ च. नं. २३८ को पत्रबाट स्पष्टीकरण माग गरिएको थियो, मिति २०६४।४।२४ स्पष्टीकरण पेस भएको छ। सञ्चालक समितिका अध्यक्ष रामआशिष साहले लगाउको ठगी मुद्दामा मिति ०६५।५।२७ मा बयान गर्दा नै यस विषयमा खुलाई बयान गरेका छन्, तर कुनै कारबाही नगरी चुप लागी बसिएको छ त्यसैले यो फिराद हदम्याद नाघी आएको छ, विषयवस्तुभित्र पस्न मिल्दैन, फिरादै खारेज गरी पाऊँ भन्दै वैकल्पिक जिकिरको रूपमा सञ्चालक समितिले स्वाभाविक रूपमा निर्णय गरे अनुरूप जग्गा फुकुवा भएको छ। फुकुवा भएको जग्गा साम्पत्तिक अधिकारको उपभोग गर्दै बिक्री गरेको हो प्रतिवादीहरूको कुनै कार्य जालसाजपूर्वक छैन। सञ्चालक समितिले संस्था भद्रगोल गरी डुबाएका हुँदा मेरो पक्ष उपर प्रवृत्त धारणा लिई यो फिराद दायर गरिएको हो भनी गर्नुभएको बहस समेत सुनियो।

फिराद व्यहोरा र प्रतिउत्तर जिकिर समेतलाई मध्यनजर गर्दा यस मुद्दामा निम्न प्रश्नको निर्क्योल गरी वादी दाबी पुग्ने हो होइन भनी निर्णय गर्नुपर्ने भएको छ।

१. यस मुद्दाको फिराद पत्र हद म्यादभित्र छ, वा छैन ?

२. वादी दाबी बमोजिमको कार्य कीर्ते कागजको महलको ७ नं. बमोजिम सजायको माग दाबी लिइएको वादी दाबी पुग्ने वा नपुग्ने के हो ?

**पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा** – प्रस्तुत मुद्दा वादी वेलफेयर नेपाल सहकारी संस्थाको सञ्चालक समितिको मिति २०६५।८।१२ मा बसेको २६१ औं बैठकबाट निर्णय भए बमोजिम अख्तियार प्राप्त अधिवक्ता श्री वसन्तकुमार मण्डलबाट मिति २०६६।१।२३ मा यो मुद्दाको फिरादपत्र दायर भएको देखिन्छ। फिरादमा उल्लिखित व्यहोरा हेर्दा प्रतिवादीहरूले उक्त संस्थामा कर्जाको सुरक्षण बापत रहेको जग्गाहरू कर्जा असुली नहुँदै सञ्चालक समितिको मिति २०५९।११।१६ को १२७ औं बैठकबाट भएको निर्णयमा कीर्ते जालसाजीका तवरले निर्णय नं. (३) पछि (क) थप गरी तथा निर्णय नं. ३ र ४ को बीचमा ३(ख) थप गरी व्यहोरा लेखी मिति २०६३।१०।२९ मा आफैं फुकुवा पुर्जी लेखी जग्गा फुकुवा गरेको र प्रतिवादी वदरुल मियाले मिति २०६३।११।६ मा प्र. इजराइल मियालाई राजीनामा पारित गरिदिएको भनी मिति २०६६।१।२३ मा यो फिराद दायर गरेको देखियो। प्रतिवादीले यो फिराद हद म्याद नाघेको छ भनी जिकिर गर्दा ०६४।२।२ च.नं. २३८ को पत्र तथा मिति २०६४।४।२४ को निवेदनबाटै वादीले यस विषयमा जानकारी प्राप्त गरिसकेको हुँदा कीर्ते कागजको महलको १८ नं. को हद म्याद नाघेर फिराद दिएको भन्ने उल्लेख गरेको देखिन्छ।

कीर्ते कागजको १८ नं ले यस्तो प्रकृतिको काममा काम भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र नालेस दिनुपर्ने व्यवस्था गरेको छ। प्रतिउत्तरसाथ प्रस्तुत उक्त च. नं. २३८ को पत्र तथा मिति २०६४।४।२४ को निवेदनको व्यहोरा हेर्दा उक्त पत्र तथा निवेदन यस फिरादपत्रमा प्रश्न उठाइए बमोजिम मिति २०५९।११।१६

को १२७ औं बैठकबाट भएको निर्णयमा थप गरेको विषयको हो वा जग्गा फुकुवाको लागि २०६३।१०।२९ मा लेखेको पत्र सम्बन्धमा हो भन्ने स्पष्ट हुँदैन । निवेदनमा लागेको तोक आदेश हेर्दा रकम हिनामिनाको सम्बन्धमा भन्ने बुझिन्छ । यी प्रतिवादीहरू उपर रकम हिनामिना सम्बन्धमा छुट्टै फिराद दायर भै मिति २०६९।३।३ मा फैसला समेत भइसकेको छ । यसै पनि अदालतबाट झिकाइएको निर्णय पुस्तिकाहरू अध्ययन गर्दा सञ्चालक समितिको मिति २०५९।१२।१६ को १२९ मिति २०६४।३।२६ को २३५, मिति २०६४।४।११ को २३९, को बैठकले समेत प्रतिवादीहरू जुवेर अन्सारी तथा ताहिर हुसेन उपर आफूहरूले लिएको कर्जा बुझाउँदै नबुझाई नियम विपरीत धितोमा राखेको जग्गा फुकुवा गरेको विषयलाई लिएर कारबाही गर्ने सम्बन्धमा विभिन्न निर्णय गरेको देखिन्छ । यसबाट प्रतिवादीबाट जिकिर लिइए बमोजिम मिति २०६४।४।२४ मा मात्र नभै यसअघि नै पनि जग्गा फुकुवा गरेको विषयमा संस्थालाई जानकारी भइसकेको भन्ने देखिन्छ ।

तर यस मुद्दामा कीर्ते जालसाज गरिएको भनिएको विषय जग्गा फुकुवा सम्बन्धी पत्र मात्र नभै मूल रूपमा सञ्चालक समितिको मिति २०५९।११।१६ को १२७ औं बैठकबाट भएको निर्णयमा व्यहोरा थप गरेको विषय रहेको छ । स्वयं प्रतिवादीहरूले प्रतिउत्तर फिराउँदा आफूहरूले उक्त जग्गा फुकुवा सोही बैठकको निर्णयको आधारमा गरेको भनी उल्लेख गरेको हुँदा फुकुवाको विषयभन्दा निर्णय पुस्तिकामा गरिएको कामका सम्बन्धमा वादीलाई के कहिले जानकारी प्राप्त भएको थियो ? सो जानकारी भएको मितिले यो फिराद हद म्यादभित्रको रहेको छ छैन भन्ने विषय नै यस मुद्दामा हद म्याद सम्बन्धमा विचार गर्नुपर्ने विषय देखिन आएको छ । अभियोग लगाइए बमोजिम उक्त निर्णयमा व्यहोरा थप गर्ने कार्य यो यस मितिमा भएको भन्ने फिराद पत्रमा खुल्न सकेको छैन, प्रतिवादीतर्फबाट सम्बन्धित बैठकले नै सदाझैं निर्णय गरेको भन्ने जिकिर लिइएको हुँदा स्वाभाविक रूपमा उक्त काम भए गरेको मिति यकिन हुन नसक्ने स्थिति सिर्जना भएको छ । अव यो निर्णयमा थप गरिएको विषय वादीलाई कहिले थाहा भयो भन्नेतर्फ विचार गरौं ।

यस मुद्दाका वादी प्राकृतिक व्यक्ति नभै कानुनी व्यक्ति अर्थात् सहकारी संस्था ऐन, २०४८ को दफा ५ बमोजिम स्थापित भएको देखिन्छ । उक्त ऐनको दफा ७ अनुसार उक्त ऐन अन्तर्गत दर्ता भएका संस्था वा संघ अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने, सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुने, व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, र कुनै प्रकारले बन्दोबस्त गर्न सक्ने, व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्ने, दायित्व सीमित हुने जस्ता संस्थाको प्रकृति रहेको देखिन्छ । यी प्रकृतिबाट संस्थासँग सम्बद्ध मानिसहरूको प्राकृतिक व्यक्तित्व तथा संस्थाको आफ्नो कानुनी व्यक्तित्व अलग अलग रहेको स्पष्ट हुन आउँछ । संस्थाको दायित्वको सीमितताको सिद्धान्त (Principle of corporate limited liability) को पृष्ठभूमिमा तथा संस्थाले थाहा पाउने, हानि नोक्सानी सम्बन्धमा मूल्यांकन गर्ने, महसुस गर्ने, यस सम्बन्धी मुद्दा गर्ने वा नगर्ने विषय संस्थाको सञ्चालक समितिको बैठक नै हुने भएकोले यस्ता विषयमा संस्थाको कुनै एक कर्मचारी वा सञ्चालक समितिका सदस्य वा अध्यक्षले प्रकृतिक व्यक्तित्वका हैसियतले थाहा पाएकोलाई संस्थाले कानुनी व्यक्तित्वका हैसियतले थाहा पाएको भन्न मिल्ने हुँदैन । फलतः संस्थासंग सम्बद्ध प्राकृतिक व्यक्तित्वलाई जानकारी भएको विषय संस्थाको कानुनी व्यक्तित्वलाई जानकारी भएको भन्न मिल्दैन ।

झिकाइएको निर्णय पुस्तिकाहरू अवलोकन गर्दा सञ्चालक समितिको १२९, २३५, २३९, का बैठकले गरेका निर्णयहरूमा प्रतिवादीहरू जुवेर अन्सारी तथा ताहिर हुसेन उपर आफूहरूले लिएको कर्जा बुझाउँदै नबुझाई नियम विपरीत धितोमा राखेको जग्गा फुकुवा गरेको विषयलाई लिएर कारबाही गर्ने सम्बन्धमा मात्र निर्णय गरेको देखिन्छ उल्लेख भए बमोजिम निर्णय पुस्तिकामा सच्याएको र व्यहोरा थप गरेको भनिएको विषय सम्बन्धमा उल्लेख भएको देखिँदैन । यस विषयमा यो यस मितिमा सञ्चालक समितिलाई जानकारी भएको भन्ने प्रतिवादीको

जिकिर रहेको पनि छैन । प्रतिवादीतर्फबाट रहनुभएका विद्वान् अधिवक्ताले अध्यक्ष रामआशिष साहले स.फौ.नं. १६५ को ठगी मुद्दामा मिति २०६५।५।२७ मा अदालतमा बयान गर्दा उल्लेख गरेको व्यहोरालाई उद्धृत गर्नुभएको छ, तर उक्त बयानमा लेखिएको व्यहोरा पनि यो निर्णय सच्याइएको विषयमा रहेको नभै जग्गा फुकुवा र रकम हिनामिना सम्बन्धमा नै रहेको देखिन्छ । वादीको दाबी संस्थाको २६१ औं बैठकमा संस्थाका कर्मचारी दिलीपकुमार मण्डल र श्री कृष्णकुमार देवले दिएको निवेदनबाट थाहा पाई सोही बैठकले निर्णय गरे बमोजिम थाहापाई यो मुद्दा दिएको भन्ने फिरादपत्रबाट देखिन्छ । प्रमाण स्वरूप झिकाइएको निर्णय पुस्तिका हेर्दा सोही २६१ औं बैठकमा उक्त निवेदन पेस भै प्रस्ताव नं. ३ मा श्री वसन्तकुमार मण्डललाई मुद्दा गर्न नियुक्त गरिएको भनी निर्णय गरिएको देखिन्छ । यसरी बैठक पुस्तिकामा थपघट गरेको सम्बन्धमा यसअघि नै सञ्चालक समितिलाई जानकारी भइसकेको भन्ने प्रतिवादीले कुनै तथ्य प्रस्तुत गर्न नसकेको अवस्थामा यही बैठकमा नै संस्थाले कानुनी व्यक्तिको हैसियतले जानकारी पाएको देखिन आयो । यसरी संस्थाको मिति २०६५।८।१२ को सञ्चालक समितिले निर्णय गरे बमोजिम मिति २०६६।१।२३ मा अर्थात् संस्थाले थाहा पाएको ६ महिनाभित्रै यो मुद्दाको फिरादपत्र दायर भइसकेको देखिँदा प्रतिवादी जिकिर बमोजिम हद म्याद नाघी दायर भएको फिराद भन्न मिलेन हद म्यादभित्रैको देखिन आयो ।

**अब, दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा** वेलफेयर नेपाल बहुमुखी सहकारी संस्था लि. को मिति ०५९।११।१६ को १२७ औं बैठकले गरेको निर्णयमध्ये निर्णयमा प्रस्ताव नं. (३) पछि (क) थप गरी तथा निर्णय नं. ३ र ४ को बीचमा ३(ख) थप गरी सोमा लेखिएको व्यहोरा, २०६३।१०।२९ मा मा.पो. का. सप्तरीलाई लेखेको पत्र थान २, सोही पत्रहरूका आधारमा गरिएको फुकुवा, दिने वदरुल मिया पाउने मो. इजराइल मिया भै पारित र. न. ६३८१ मिति २०६३।११।६ लिखत रजिष्ट्रेशन, लगायत सम्पूर्ण काम कारबाही समेत कीर्ते जालसाजी ठहराई शून्य घोषित गरी प्र. जुवेर अन्सारीले खाएको ऋण २,९७,०००। को आजसम्मको संस्थाको नियम बमोजिम हुने ब्याज रु.७,४६,५४४। र ताहिर हुसेनले खाएको ऋण साँवा रु. १,००,०००। र सोको यस संस्थाको नियमले लाग्ने ब्याज रु. ४०,०६३। समेत दिलाई भराई कीर्ते कागजको महलको ७ नं. बमोजिम सजाय समेत गरी पाऊँ भन्ने फिराद दाबी देखिन्छ । प्रतिवादीहरूले आफूले लिएको ऋण र बज समेत सबै चुक्ता भइसकेको हुँदा मिति ०५९।११।१६ को १२७ औं बैठकले गरेको निर्णय अनुरूप संस्थाले नै जग्गा फुकुवा गरिदिएको र फुकुवा भएको जग्गा नै राजीनामा गरिदिएको भनी जिकिर लिएको देखियो ।

वादीले दाबी लिएको कानुनी आधार किर्ते कागजको महलको १ नं. मा हस्ताक्षर वा औंलाको ल्याप्चे सही निसाना र छाप इत्यादि झुट्ठा बनाई गरी वा ऐन बमोजिम रीतपूर्वकको सहीछाप भइरहेको अर्कै विषयको सच्चा लिखतमा लेखिएको व्यहोरा कुनै तरकीवसँग उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने र एउटा कामलाई भनी सहीछाप गरेको लिफा कागज वा छाप लिए दिएकोमा सो काममा नलगाई अर्कै व्यहोराको लिखतमा लगाई वा अर्कै व्यहोराको लिखत लेख्ने इत्यादि काम गरेकोबाट अर्काको जीउ धन वा हक जाने नोक्सान हुने वा सो केही नभए पनि झुट्ठा काम गर्ने मानिस आफैलाई वा अरू कसैलाई फाइदा प्रमाण हुने गरी काम गरेको रहेछ भने त्यस्ता झुट्ठा कागजबाट काम गरी भइसकेको होस् वा नहोस् कीर्ते गरेको ठहर्छ । त्यस्तो कीर्ते गर्ने गराउनेलाई र जानी बुझी कीर्ते कागजमा बस्ने साक्षी मतियार समेतलाई बात लाग्छ भन्ने उल्लेख छ भने २ नं. मा आशिंक कीर्तेको व्यवस्था गरिएको छ भने ३ नं. मा अर्काको हक मेट्ने, हद म्याद तारिख जाने वा कुनै तरहसँग नोक्सान पार्ने इत्यादि जुनसुकै मतलबले होस् नगरे नभएको झुट्ठा कुरा गरे भएको हो भनी वा मिति, अंक वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाए वा बनाउन लगाएमा समेत जालसाजी गरेको ठहर्छ भन्ने उल्लेख भएको पाइन्छ ।

फिराद व्यहोरालाई हेर्दा मूलतः यस मुद्दामा निम्न २ विषयलाई कीर्ते जालसाजी हो होइन भनी निर्क्यौल गर्नुपर्ने देखिन आउँछ :

- मिति ०५९।११।१६ को १२७ औं बैठकले गरेको निर्णयमध्ये निर्णयमा प्रस्ताव नं. (३) पछि (क) थप गरी तथा निर्णय नं. ३ र ४ को बीचमा ३(ख) थप गरी सोमा लेखिएको व्यहोरा,
- जग्गा फुकुवाको लागि लेखिएको दुई थान पत्रहरू एवं यी काम कारबाहीका आधारमा भएको राजीनामा, दर्ता समेतका कार्यहरू ।

प्रतिवादीहरूले वादी संस्थाको सञ्चालक समितिको मिति ०५९।११।१६ को १२७ औं बैठकले गरेको निर्णयमा प्रस्ताव नं. (३) पछि (क) थप गरी तथा निर्णय नं. ३ र ४ को बीचमा ३(ख) थप गरी सोमा लेखिएको व्यहोरा स्वाभाविक रूपमा सञ्चालक समितिको बैठकबाट निर्णय भएको आफूहरूले थपघट नगरेको भनी जिकिर लिएको देखियो । प्रमाणको लागि झिकाइएको सम्बन्धित निर्णय पुस्तिका हेर्दा पृष्ठ ... मा यस विवादित बैठकको निर्णय रहेको देखिन्छ । उक्त निर्णयको पहिलो पृष्ठमा रहेको लेखाइ एक समानको देखिन्छ, भने प्रस्ताव नं. (३) लेखिएको स्थान र पहिलो शब्द "जग्गा" को बीचमा "**(क)**" थप गरी प्रस्ताव नं. ३ लाई **३ (क)** बनाउन खोजिएको देखिन आउँछ । यसैगरी दोश्रो पृष्ठमा शिरदेखि प्रस्ताव नं. ४ लेखिएको स्थान बीचमा लिलाम गरिने जग्गाका साविक धनी, वतन, र जग्गाका विवरण उल्लेख भएको र उक्त विवरण र प्रस्ताव नं. (४) को बीचमा **प्रस्ताव नं. ३(ख)** उल्लेख भै "**ऋणी संख्या १४६६ ऋणी जुवेर अन्सारी र ऋ. सं. १४६७ को मो. ताहिर हुसैनको यस संस्थामा कुनै तमसुक तथा मञ्जुरीनामाहरू नभएको हुँदा निजका रोक्का रहेको जगाहरू फुकुवा गरी भरपाई** सदर गर्ने व्यक्तिबाट सम्पूर्ण ऋण असुल उपर गर्ने निर्णय गरियो" भन्ने उल्लेख भएको देखिन्छ ।

पहिलो पृष्ठमा रहेका व्यहोरामध्ये "(क)" बाहेकका सबै शब्द र अक्षरहरू एवं पृष्ठ २ को प्रस्ताव नं. ४, ५, ६ एउटै कलमको टाँका, समान बनावट र साइजका अक्षरहरू रहेको देखिन्छ । तर माथि गाढा गरिएका अक्षर र शब्दहरू र लिलाम गरिने जग्गाका साविक धनी, वतन र जग्गाका विवरण, अन्य बाँकी अक्षर शब्दहरूभन्दा बनावटमा समान एउटै मानिसको अक्षर जस्तो देखिए पनि अक्षरको आकार साइज सानो तथा गाढा मसीले लेखिएको स्पष्ट रूपमा नांगो आँखाले नै देख्न सकिन्छ । यसबाट विवादित अक्षर शब्द र व्यहोरा तथा बाँकी अक्षर, शब्द र व्यहोरा एकैपटक एकै स्थानमा एउटै कलम र मसीले लेखेको नभई गाढा गरिएका व्यहोरा, सोभन्दा माथि र तलका व्यहोराभन्दा बेगल कलम, मसी र बेग्लै समयमा थप गरी लेखिएको सहजै बुझ्न सकिन्छ । यस सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ७ (ग) अनुरूप प्रमाण बुझिरहनुपर्ने देखिँदैन । फिरादपत्रमा विवादित व्यहोरा प्रतिवादी जुवेर अन्सारीले लेख्ने भनी प्रकरण ५ को अन्तिम वाक्यमा लेखेकोमा निज जुवेर अन्सारीले यसरी थप गरिएका व्यहोरा र अक्षर आफ्नो नभएको वा आफूले नलेखेको भनी जिकिर लिएको नदेखिँदा निजले नै लेखेको स्पष्ट हुन आयो । निज संस्थाको व्यवस्थापक भएको, निर्णय पुस्तिका निजको साथमै रहने गरेको, यसरी थप गरेको व्यहोरा अन्यले थप गरेको भन्ने निजको जिकिर नै नरहेको तथ्यबाट समेत थप गरिएको व्यहोरा, अक्षर र शब्द निजले थप गरेको तथ्य स्पष्ट हुन आयो ।

यसरी थप गरिएको व्यहोराले यी प्रतिवादीहरूले लिएको ऋण बापत रोक्का रहेको जग्गा फुकुवा हुने र भएको तथ्यमा पनि विवाद रहेको छैन, प्रतिवादीहरूको जिकिर नै यसै तथ्यमा रहेको छ । प्रतिउत्तरपत्रमा आफूहरूले लिएको सम्पूर्ण रकम चुक्ता गरेको भन्ने जिकिर रहे पनि सो को कुनै प्रमाण प्रतिवादीहरूले देखाउन सकेको अवस्था छैन । प्रमाण ऐन, २०३१ को दफा २७ मा प्रचलित नेपाल कानुन बमोजिम वादीलाई दिनु वा बुझाउनुपर्ने कुरा सो कानुन बमोजिम दिए वा बुझाएको छ भनी प्रमाणित गर्ने भार प्रतिवादीको हुनेछ भन्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा यस्तो दिए बुझाएको प्रमाण दाखिल गर्न नसकेको अवस्थामा निजहरूले साँवा ब्याज बुझाएको भन्ने मिलेन । प्रतिवादीमध्येका जुवेर अन्सारी वादी संस्थाका व्यवस्थापक तथा प्र इजराइल मिया ऋण अधिकृत भएको तथ्यमा विवाद छैन । विवादित जग्गा सम्बन्धित ऋणी पनि निजहरू नै रहेको तथ्यमा पनि विवाद छैन । यस तथ्यलाई हेर्दा आफू स्वयं संस्थाको कर्जा प्रदायक इकाईमा काम गर्ने मुख्य व्यक्ति भएको, आफैंले कर्जा

लिएको र आफ्नै हस्ताक्षरले व्यहोरा लेख्दा उक्त कर्जा आफूले बुझाएको नबुझाएको आफैंलाई थाहा नहुने भनी कल्पना गर्न सकिंदैन ।

यसै पनि थप गरिएको व्यहोरामा कर्जा चुक्ता भइसकेको कारण जग्गा फुकुवा गर्ने व्यहोरा लेखिएको नभई "कुनै तमसुक तथा मञ्जुरीनामाहरू नभएको हुँदा निजका रोक्का रहेको जगाहरू फुकुवा गरी भरपाई सदर गर्ने व्यक्तिबाट सम्पूर्ण ऋण असुल उपर गर्ने निर्णय गरियो" भनी लेखिएको देखिन्छ । तर, प्रमाण स्वरूप यस अदालतलाई प्राप्त निज प्रतिवादीहरूका नाउँको सक्कलै ऋण फाइलमा तमसुक तथा मञ्जुरीनामाहरू अद्यापि रहेको देखिन्छ । सञ्चालक समितिको बैठकमा निर्णय गर्नुपर्ने विषय सम्बन्धित सामग्री प्रस्तुत गर्नु, वास्तविकता सप्रमाण प्रस्तुत गर्नुपर्ने पदीय जिम्मेवारी पनि प्रतिवादीहरूको समेत विशेषतः प्र. जुवेर अन्सारीकै हुनेमा आफैंले लिएको कर्जा समेतको वास्तविकता नदेखाई गलत व्यहोरा आफैंले उल्लेख गरेबाट पनि निजको कार्य जालसालपूर्ण रहेको देखियो । यी तथ्यहरूले स्वभाविक रूपमा १२७ औं बैठकमा उपस्थित सबैको अगाडि लेखिएको रहेछ भने पनि यी प्रतिवादीहरूको नियत तथा कार्य स्पष्ट रूपमा जालसाज पूर्ण रहेको देखिन आउँछ । व्यहोरा उसै बखत एउटै कलमले नलेखिएको तथ्य माथि स्थापित भइसकेको अवस्थामा पछि लेखिएको यस व्यहोराबाट लेख्ने यी प्रतिवादीको कार्य जालसाजीपूर्ण रहेको झन स्पष्ट हुन आउँछ ।

उल्लिखित व्यहोरा सम्बन्धमा उक्त दिनको निर्णयमा हस्ताक्षर गर्ने प्रभात कुमार ललन, वीरेन्द्रप्रसाद गुप्ता, हरिमोहन लाल कर्ण, जगतप्रसाद यादव, मन्सुर राजा, तैयव अन्सारी, गुलाव नवी, अयोधीप्रसाद यादव, अब्दुल मनान समेतलाई अ.वं. १३९ नं. झिकाई बुझिँदा सबैले सो निर्णयमा उल्लेख भए बमोजिम निर्णय नभएको र यी प्रतिवादीहरूले नै कीर्ते जालसाज गरेको हो भनी लेखाएको देखिन्छ । प्रतिवादी जिकिर बमोजिम विवादित व्यहोरा स्वाभाविक रूपमा निर्णय भएको भए निर्णय नं. ३ पछि ३(क) थप गर्नुपर्ने, थप भएका तथा विवादित व्यहोरा बेग्लै कलम र मसीले लेखिनुपर्ने अवस्था नै आउने थिएन । अब प्रश्न उठ्छ माथि गाढा गरिएका (Highlighted) अक्षर तथा वाक्यहरू लेख्ने स्थान र अवसर प्रतिवादी जुवेर अन्सारीलाई कसरी प्राप्त भयो ?

निर्णय पुस्तिकाको प्रस्ताव नं. ३ मा जग्गा लिलाम रजिष्ट्रेशन बिक्री गर्ने बैठक संख्या १०६ को निर्णयलाई समेत ध्यानमा राखी तपसिलका जग्गाहरू अविलम्ब लिलाम रजिष्ट्रेशन बिक्री सहकारी ऐन विनियम बमोजिम गर्ने भनी निर्णय गरिएको छ । यसैगरी प्रस्ताव नं. ४ ऋण अनुमोदन सम्बन्धित भएको देखिन्छ । यसबाट प्रस्ताव नं. ३ मा निर्णय भए अनुरूप ऋण लिएका र नतिरेको लिलाम गरिने जग्गाका साविक धनी, वतन, र जग्गाका विवरण पछि भर्ने गरी खाली ठाउँ छाडिएको भन्ने देखिन आउाछ । लेखिएको निर्णय नीतिगत निर्णय रहेकोले यस्तो निर्णय लेखिए पनि नीतिगत कुरासँग सम्बन्धित तथ्यगत कुरा भने, पछि यकिन गरेर लेख्ने उद्देश्य राखिएको सम्बन्धित पृष्ठको प्रकृतिबाट स्वाभाविक रूपमा अनुमान गर्न सकिन्छ । निर्णय गर्ने निकाय वा पदाधिकारीले आफ्नो निर्णयमा लेखिनुपर्ने विवरण पहिला स्पष्ट भै खुलाई सहीछाप गर्नुपर्ने कुरामा दुईमत हुँदैन । तथापि, यस मुद्दामा विवादित निर्णय पुस्तिकालाई अवलोकन गर्दा व्यवहारमा सम्बन्धित विवरणहरू पत्ता लगाई उल्लेख गर्नेजस्ता सहयोगी भूमिका कार्यकारी काम गर्नेले गर्ने गरी छाडिएको भन्ने तथ्य पुष्टि हुन आउँछ ।

वादी संस्थाको सञ्चालक समितिको निर्णय पुस्तिका व्यवस्थापक भएको नाताले यी प्रतिवादी जुवेर अन्सार ीसँग रहने हुन्छ । निजले आफूसँग रहेका यो निर्णय पुस्तिका लगायत अन्य कागजात, फाइल मिति २०६४।५।५ मा निवेदन (द.नं. १४) लेखि संस्थामा बुझाएबाट पनि विवादित बैठकको निर्णय हुनुअघि र बुझाउँदाको मितिसम्म निजको साथमै रहेको स्वतः स्थापित हुन्छ । विवादित थप भएका अक्षर, शबद र व्यहोराले वादी संस्थालाई हानि र यी प्रतिवादीहरूलाई फाइदा भएको तथ्यमा विवाद देखिँदैन । तसर्थ थप भएका उल्लिखित अक्षर, शब्द र व्यहोरा लेखी यसैका आधारमा जग्गा फुकुवाका पत्रहरू तयार गरी जग्गा फुकुवा गराई अन्यत्र हस्तान्तरण समेत गरेको कार्य कीर्ते जालसाजपूर्ण रहेको देखिन आयो ।

अतः माथि विश्लेषित आधार प्रमाणबाट नेपाल बहुमुखी सहकारी संस्था लि. को मिति ०५९।११।१६ को १२७ औं बैठकले गरेको निर्णयमा प्रस्ताव नं. (३) पछि (क) थप गरी तथा निर्णय नं. ३ र ४ को विचमा ३(ख) थप गरी सोमा लेखिएको व्यहोरा, सोही आधारमा भनी जग्गा फुकुवा सम्बन्धमा लेखिएका पत्रहरू, उक्त पत्रको आधारमा भएको जग्गा फुकुवा सम्बन्धी कार्य उक्त कार्यको परिणाम स्वरूप दिने वदरुल मिया पाउने मो. इजराइल मिया भै पारित र. नं. ६३८१ मिति २०६३।११।६ मा प्र इजराइल मियालाई पारित गरिदिएको राजीनामा र सोको आधारमा मो. इजराइल मियाका नाउँमा भएको दर्ता समेत कीर्ते कागजको महलको १, २ र ३ नं. अनुरूप कीर्ते जालसाज पूर्ण हुँदा शून्य घोषित हुने ठहर्छ। उल्लिखित कार्य सम्पत्तिका सम्बन्धमा कीर्ते गरी फुकुवा गरी अन्यत्र हक हस्तान्तरण गरी खाइसकेको अवस्था हुँदा सजायका सम्बन्धमा कीर्ते कागजको महलको ७ नं. आकर्षित हुन्छ। यसमा उल्लिखित कीर्तेपूर्ण काम प्रतिवादी तत्कालीन व्यवस्थापक जुवेर अन्सारी र ऋण प्रमुख ताहिर हुसेनको आपसी मिलोमतोबाट भएको देखिन आएको छ। उल्लिखित कार्यबाट वादी दाबी बमोजिम प्र. जुवेर अन्सारीले साँवा रु २,९७,०००। तथा ब्याज रु. ७,४६,०००। गरी जम्मा रु. १०,४३,५४४। तथा ताहिर हुसेनले साँवा रु. १,००,०००। तथा ब्याज रु. ४०,०६३। गरी जम्मा रु. १,४०,०६३। खाएको देखिन आएकोले उक्त आ-आफूले खाएको बिगो वादीलाई भराई मूल सावा विगो बमोजिम जरिवाना हुने समेत ठहर्छ। अन्य प्रतिवादीहरूका हकमा वादी दाबी पुग्न नसक्ने ठहर्छ। सो ठहर्नाले अन्यमा तपसिल बमोजिम हुने गरी प्रस्तुत मुद्दा अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिए।

**तपसिल**

माथि ठहर खण्डमा प्रतिवादीहरू जुवेर अन्सारीलाई रु.२९७०००।- (दुई लाख सन्तानब्बे हजार) तथा प्रतिवादी ताहिर हुसेनलाई रु.१०००००।- (एक लाख) जरिवाना हुने ठहरेकोले लगत कसी असुल गर्नू ............................१

प्रतिवादीहरूबाट भराई पाउने ठहरेको बिगो भराई पाऊँ भनी प्रतिवादीहरूको यसै सरहदको जेथा देखाई वादीले फैसला अन्तिम भएपछि वा पुनरावेदनको अवस्था व्यतीत भएपछि दण्ड सजायको महलको ४२ नं. बमोजिम निवेदन गरेमा प्रतिवादीबाट वादीलाई बिगो भराइदिनू, लाग्ने अढाई दस्तुर वादीबाट दाखिल गराउनू................२

यो फैसलामा चित्त नबुझे पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरू जुवेर अन्सारी तथा ताहिर हुसेनलाई अ.वं. १९३ नं. बमोजिम ३५ (पैंतीस) दिनको पुनरावेदनको म्याद दिनू .........................३

सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल मागेमा रीतपूर्वकको नक्कल दिनू, दायरीको लगत काटी मिसिल अभिलेख शाखामा बुझाईदिनू.........................................................................................................४

**(रितेन्द्र थापा)**
**जिल्ला न्यायाधीश**

इजलास सहायर्के ना.सु. ठाकुरदेव खड्का

**इति संवत् २०६९ साल असार ११ गते रोज २ शुभम्..........**

**श्री अर्घाखाँची जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री माधवेन्द्रराज रेग्मी**
**फैसला**
**संवत् २०६८ सालको स.फौ.नं. ६४-०६८-००२११**
**निर्णय नं. : ४१**

**मुद्दा :- नागरिकता किर्ते (सच्चाएको)**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौंको पत्र समेतको जाहेरीले नेपाल सरकार ................१ | डिलाराम पन्थीको छोरा जिल्ला अर्घाखाँची ढिकुरा गा.वि.स. वडा नं. ३ बस्ने जिल्ला विकास समितिको कार्यालय अर्घाखाँचीमा खरिदार पदमा कार्यरत वर्ष ५२ को देविराम पन्थी......................................१ |
| साक्षी<br>बुझिएका तथा वस्तुस्थिति मुचुल्काका मानिसहरू । | साक्षी<br>जनकराम गौतम, दीनानाथ गौतम, मोती भट्टराई, रघुपति चुँदाली, प्रेमनारायण भुसाल । |
| कागज<br>जन्म मिति २०१८।९।८ भएको प्र. देविराम पन्थीको नामको नेपाली नागरिकताको प्रमाणपत्र । | कागज<br>x |

**अदालतबाट बुझेको**
**साक्षी :- प्रेमनारायण भुसाल, जनकराम गौतम ।**
**कागज :- जन्ममिति २०१८।९।८ भएको प्र. देविराम पन्थीको नामको नेपाली नागरिकताको प्रमाणपत्र ।**

**प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ ।**

जिल्ला अर्घाखाँची ढिकुरा ३ बस्ने देविराम पन्थीले तत्काल जिल्ला विकास समितिको कार्यालय अर्घाखाँचीमा पियन पदमा रही २०/२१ वर्ष सेवा गरी सो पदबाट राजीनामा दिई पियन पदबाट पाउने सम्पूर्ण सरकारी सुविधा भुक्तानी लिई पुनः सोही कार्यालयमा नागरिकतामा जन्ममिति सच्चाई किर्ते गरी खरिदार पदमा नियुक्ति लिई हालसम्म उक्त कार्यालयमा कार्यरत बहाल गरिरहेका छन् भन्ने समेतको अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौंमा परेको उजुरी ।

मेरो नामको सक्कल नेपाली नागरिकता प्रमाणपत्रमा टिपेक्स लगाई सच्चाएको छैन अन्य कुरा मलाई थाहा छैन, कार्यालयले जानोस् भन्ने समेत व्यहोराको देविराम पन्थीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०६७।२।२३ मा गरेको बयान ।

मैले पियन पदमा ५, ६ महिना जति करारमा नोकरी गरेको हुँ । त्यस पछाडि २०५४ सालमा मुखिया पदमा करारमा काम गरी २०५६ मा मुखिया पदमा स्थायी नियुक्ति लिएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी देविराम पन्थीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौंमा गरेको मिति २०६७।१०।५ को अर्को बयान ।

जन्ममितिको महलमा २०१८ को ८ अंकमा डबल अक्षरले सच्चाइएको देविराम पन्थीका नामको सक्कल नेपाली नागरिकता प्रमाणपत्र मिसिल संलग्न रहेको ।

Overwritten at the previous writings भन्ने व्यहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला महाराजगन्ज काठमाडौंको परीक्षण प्रतिवेदन ।

जिल्ला अर्घाखाँची ढिकुरा गा.वि.स. वडा नं. ३ पिहालेस्थित देविराम पन्थी सुत्ने बस्ने कोठाको स्टिल दराजभित्र रहेको मिति २०५६।२।९ गतेको जिल्ला विकास समितिको कार्यालय अर्घाखाँचीको पियन पदको राजीनामा स्वीकृत भएको पत्र, मिति २०३५।२।३ को पियन पद परिवर्तन गरिएको पत्र, मिति २०३३।३।२३ को कुचीकार पदमा नियुक्त गरेको पत्र, पियन पदको परिचयपत्र र लोकसेवा आयोग प्रवेशपत्र समेत बरामद भएको भन्ने समेत व्यहोराको बरामदी खानतलासी मुचुल्का ।

मेरो जन्ममिति २०१८।९।११ हो । मेरो नामको नेपाली नागरिकता प्रमाणपत्र मलाई देखाउँदा हेरी चिनें, मेरो नागरिकता हो । उक्त नागरिकता मलाई जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीले जस्तो दियो त्यस्तै राखेको छु, सच्चाएको हैन । मैले पियन पदमा ५, ६ महिना मात्र नोकरी गरी मिति २०५६।२।९ मा मुखिया पदमा नियुक्ति भएको हुँ । नेपाली नागरिकता प्रमाणपत्रमा मैले जन्ममिति सच्चाएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी देविराम पन्थीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

प्रतिवादी देविराम पन्थीको सक्कल नागरिकता देखाउँदा देखें, जन्ममितिको महलमा २०१८ को ८ अंक दोहोरो अक्षरले सच्चाएको जस्तो देखिन्छ, सच्चाएको कुरा मलाई थाहा भएन । निजको जन्ममिति २०१८ सालमा भएको र हाल ५० वर्ष भएको भन्ने समेत थाहा पाएको छु भन्ने व्यहोराको जनकराम गौतमले गरेको कागज ।

प्रतिवादी देविराम पन्थी चिनजानका मानिस हुन्, निजको जन्ममिति २०१८ साल र उमेर ५० वर्ष भयो भन्ने सुनी थाहा पाएको छु । निजको नेपाली नागरिकता हेर्दा डबल अक्षरले ८ अंक लेखेजस्तो देखिन्छ । सच्चाइएको हो वा त्यस्तै हो थाहा भएन भन्ने समेत व्यहोराको घनश्याम गौतमले गरेको कागज ।

निजको नेपाली नागरिकताको प्रमाणपत्र देखाउँदा देखें, जन्ममितिको महलमा २०१८ को ८ अंक डबल अक्षरबाट लेखिएजस्तो देखियो, सच्चाइएको हो वा त्यस्तै हो थाहा भएन भन्ने समेत व्यहोराको दीनानाथ गौतम, खिमप्रसाद मरासिनी र मुकुन्दहरि घिमिरेले एकै मिलानबाट खुलाई लेखाइदिएको वस्तुस्थिति मुचुल्का ।
प्रतिवादी देविराम पन्थीले मिति २०३३।३।२३ देखि जिल्ला विकास समितिको कार्यालय अर्घाखाँचीको कुचीकारको पद (पियन सरह) मा प्रवेश गरी अविछिन्न रूपमा मिति २०५६।२।९ सम्म कार्यरत रही २२ वर्षभन्दा बढी सेवा गरी सो पदबाट राजीनामा दिई आर्थिक सुविधा सबै लिई अर्को माथिल्लो पदमा रहने लालसाले साविकको नेपाली नागरिकताको प्रमाणपत्रको जन्ममितिको अंकलाई सच्चाई ८ बनाई ३५ वर्षभित्र उमेर हद पर्ने तरिकाले सच्चाएको स्पष्ट हुन आएकोले निज प्रतिवादी देविराम पन्थीको उक्त कार्य नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(४) अनुसारको कसुर अपराध भएको हुँदा उक्त कसुर अपराधमा निज देविराम पन्थीलाई सोही ऐनको सोही दफा २१(४) बमोजिम तीन महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनुका साथै निज प्रतिवादी देविराम पन्थीले सरकारी अड्डाको छाप वा सरकारी काममा सरकारी कर्मचारीको छाप वा दस्तखत वा सो छाप दस्तखत भएको सरकारी कागज नेपाली नागरिकताको प्रमाणपत्रमा रहेका जन्ममितिको अंक सच्चाई मुलुकी ऐन, किर्ते कागजका महलको १२ नं. अनुसारको कसुर अपराध समेत गरेको देखिँदा उक्त कसुरमा निज देविराम पन्थीलाई सोही महलको सोही १२ नं. अनुसार एक वर्ष कैद सजाय गरी पाउन मागदाबी लिइएको अभियोग पत्र ।

मैले दोहोरो नागरिकता लिएको छैन र मसँग कुनै किर्ते सर्टिफिकेट पनि छैन र निवेदनमा उल्लिखित कार्यालयका भौतिक सामग्रीको दुरुपयोग पनि गरेको छैन, सम्पूर्ण व्यहोरा झुट्टा हो । मेरो वास्तविक जन्ममिति २०१८।९।८ गते हो । मैले प्राप्त गरेको नागरिकता यसै अर्घाखाँची जिल्ला प्रशासन कार्यालयबाट २०४२।९।१८ मा लिएको हुँ । मेरो ना.प्र.प. नं. ५२९/११२ हो । म २०३३।३।२३ गतेदेखि कुचीकारमा नियुक्ति भै २०५६।२।९ सम्म यसै कुचीकार पदमा रही काम गरें । त्यसपछि मिति २०५६।२।९ मा उक्त कुचीकार पदबाट राजीनामा दिई पुनः २०५६।२।९ गते मुखिया पदमा स्थायी नियुक्ति पाई काम गरिरहेकोमा २०६४।२।२१ मा मुखिया पदबाट खरिदार पदमा बढुवा भै हालसम्म कार्यरत रहँदै आएको छु भन्ने समेत व्यहोराको प्रतिवादी देविराम पन्थीले यस अदालतमा गरेको बयान ।

प्रतिवादी देविराम पन्थीको जिल्ला प्रशासन कार्यालयबाट नागरिकता वितरण गर्दा नै १ पछिको ८ अंक मोटो देखिएको हो । प्रतिवादीले उनको नियतबस ८ अंक सच्चाएको होइन । प्रतिवादीको जन्ममिति २०१८।९।८ गते भएको हो । उक्त जन्ममितिलाई उनको सर्टिफिकेटले पनि प्रस्ट्याउँछ । निजको जन्ममिति २०१८।९।८ नै हो फरक छैन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी प्रेमनारायण भुसालले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादी देविराम पन्थी २०१८ सालमा जन्मेका हुन् । उक्त नागरिकतामा २०१८ साल नै लेखिएको छ । उक्त नागरिकता जिल्ला प्रशासनले त्यस्तै दिएको हो । प्र. देविरामले सच्चाएको होइन भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने जनकराम गौतमले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादी उपर नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ (४) र मुलुकी ऐन किर्ते कागजको १२ नं. को सजायको माग दाबी भएको अभियोग पत्र देखिन्छ । प्रतिवादीले बयान गर्दा जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्दा नै यस्तै थियो । मैले कुनै केरमेट, फेरबदल गरी सच्चाएको होइन भनी बयान गरेको देखिन्छ । निजको पेस भएको सक्कल नागरिकताको प्रमाणपत्र हेर्दा जन्ममिति २०१८।९।८ भन्ने उल्लेख भएको जन्म साल २०१८ को ८ अंक दोहोरो मसी पारी सच्चाएको देखिन्छ । सो नागरिकताको सच्चिएको अंक ८ लाई केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०६८।१।८ को पत्रसाथ मिसिल संलग्न रहेको परीक्षण प्रतिवेदनमा Overwritten at the previous writings भन्ने देखिन्छ । जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको मिसिल संलग्न रहेको च.नं. १६५९ मिति २०६८र११र१६ को पत्रमा सच्चाइएको अंक तथा अक्षरमा अधिकार प्राप्त अधिकारीको सहीछाप दस्तखत गर्ने गरेको भन्ने उल्लेख देखिएको तर प्रतिवादीको जन्मसाल सच्चाएको दोहोरो मसी पारेको नागरिकताको प्रमाणपत्रमा प्रमाणपत्र दिने अधिकारीको दस्तखत भएको नदेखिँदा कसुरदार हो भन्ने विश्वास गर्ने आधार हुँदा अभियोग दाबीको आधारमा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल अ.वं. ११८ को देहाय दफा ५ र १० बमोजिम प्रतिवादी देविराम पन्थीबाट रु. ५,०००।- (पाँच हजार) नगद धरौट वा सो बराबरको जेथा जमानत दिए तारेखमा राखी र नदिए वा दिन नसके कानुन बमोजिमको सिधा खान पाउने गरी मुद्दा पुर्पक्ष निमित्त अ.वं. १२१ नं. बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न स्थानीय कारागार कार्यालयमा पठाइदिनू भन्ने समेत व्यहोराको मिति २०६८।११।१८ गते यस अदालतबाट भएको थुनछेक आदेश ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. एवं न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेस भएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् जिल्ला न्यायाधिवक्ता श्री आनन्दप्रसाद शर्माले प्रतिवादी उपर नागरिकता किर्ते गरेकोमा उजुरी परेको

छ । प्रतिवादीको नामको नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिको साल २०१८ को १ पछिको अंक सच्चाई ८ बनाएको देखिन्छ, सो ८ को अंक २ पटक लेखी मोटो भएकोबाट पनि सच्चाई किर्ते गरेको भन्ने देखिएको छ, प्रतिवादीको नागरिकता विशेषज्ञबाट परीक्षण हुँदा Overwritten at the previous Writings उल्लेख भएको, निर्वाचन आयोगको मतदाता नामावलीमा प्रतिवादीको जन्ममितिको साल २०१६ देखिएको समेतबाट प्रतिवादीले अभियोग दाबीको कसुर गरेको ठहर हुनुपर्छ भन्ने समेतको बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादी तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री खेमराज खनालले प्रतिवादीले मौकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अधिकार प्राप्त अधिकारी र यस अदालतमा समेत बयान गर्दा निजको नामको नागरिकता जिल्ला प्रशासन कार्यालयबाट जस्तो दियो त्यही हो । जन्ममिति सच्चाई किर्ते गरेको होइन भनि अभियोग दाबीको कसुर गरेमा इन्कार रही बयान गरेको छ, प्रतिवादीको नामको नागरिकता विशेषज्ञबाट परीक्षण हुँदा Overwritten at the previous Writings भन्नेसम्म उल्लेख भएकोबाट प्रतिवादीलाई जस्तो नागरिकता उपलब्ध भयो त्यही रूपमा रहेको भन्ने पुष्टि हुन्छ, नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने कार्यालयले नै मौकामा दोहोरो गरी लेखेको स्थानमा सोही अवस्था सहीछाप गरी दिनुपर्ने सो नभएको कार्यालयको कर्मचारीको मानवीय त्रुटि हो । प्रतिवादीले आफ्नो नागरिकताको जन्ममिति सच्चाई किर्ते गरेको भन्ने ठोस सबुद प्रमाण आउन नसकेकोले प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने समेतको बहस गर्नुभयो ।

विद्वान् कानुन व्यवसायीहरूले गर्नुभएको उपरोक्त बहस समेतलाई दृष्टिगत गरी प्रतिवादीले अभियोग माग दाबी बमोजिम कसुर अपराध गरेको हो होइन सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा यसमा प्रतिवादीले आफ्नो नागरिकतामा उल्लिखित जन्ममिति २०१८।९।८ को सालको १ पछिको अंक सच्चाई ८ बनाई किर्ते गरेबाट निजको सो कार्य नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(४) को कसुर हुँदा सोही दफा २१(४) बमोजिम सजाय हुनका साथै मु.ऐ., किर्ते कागजको महलको १२ नं. को कसुर हुँदा समेत सोही १२ नं. बमोजिम समेत सजाय हुन मागदाबी लिई प्रस्तुत अभियोगपत्र दायर भएको देखिन्छ ।

प्रतिवादीले नागरिकताको प्रमाणपत्र किर्ते बनाई खरिदारमा नियुक्ति लिई जि.वि.स. अर्घाखाँचीमा कार्यरत रहेको समेत भनी बाबुराम घिमिरेले कारबाही गरी पाऊँ भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौंमा निवेदन दिएको र सो निवेदनबाट अनुसन्धान कारबाही भएको सो निवेदनको फोटोकपी प्रस्तुत मिसिल समेत रहेकोबाट समेत देखिन आउँछ । प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान गर्दा प्रतिवादीको नागरिकताको जन्ममितिमा सच्चाएको देखिन्छ भनी सोधनी हुँदा कार्यालयले जानोस् अरू कुरा मलाई थाहा छैन भनी लेखिदिएको समेतबाट प्रस्तुत विषय किर्ते तथा जालसाजी हुन सक्ने भएकोले सरकारवादी मुद्दा सम्बन्धित इलाकाको प्रहरी कार्यालयबाट अनुसन्धान हुने विषय भएकोले प्रचलित कानुन बमोजिम कारबाही अघि बढाउन पठाउने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६८।९।१७ को पत्रसाथ जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीलाई लेखी आए बमोजिम प्रस्तुत मुद्दाको अनुसन्धान कारबाही भई प्रस्तुत अभियोग पत्रसाथ यस अदालतमा पेस हुन आएको देखियो ।

प्रतिवादी देविराम पन्थी आफ्नो नामको आफूसँग भएको नागरिकतामा निजको जन्ममिति सालको २०१८ को १ पछिको अंक सच्चाई ८ बनाई दोहोरो पारी लेखी किर्ते गरेमा इन्कार रही नागरिकता प्रमाणपत्र दिने जिल्ला प्रशासन कार्यालयले त्यस्तै दिएको हो भनी अधिकार प्राप्त अधिकारी र यस अदालतमा समेत बयान गरेको देखिन्छ । मिसिल संलग्न रहेको प्रतिवादीका नाममा जिल्ला कार्यालय अर्घाखाँचीबाट मिति २०४२।९।१८।५ मा जारी भएको नागरिकताको प्रमाणपत्र सक्कलै हेर्दा निजको जन्ममिति २०१८।९।८ उल्लेख भएको देखिन्छ र जन्ममितिको साल २०१८ को अंकको ८ दोहोरो पारी लेखी सच्याएको जस्तो देखिन्छ । प्रतिवादीले

मिति २०३३।३।२३ देखि कुचीकार पदमा कार्यरत रहेको र २०५६।२।९ मा राजीनामा दिई माथिल्लो पदमा रहने लालसाले आफ्नो नागरिकताको जन्ममिति सच्चाएको भन्ने समेत अभियोग दाबी रहेको छ। प्रतिवादीले २०३३।३।२३ देखि जिल्ला पञ्चायत सचिवालयमा कुचीकार पदमा कार्यरत रही २०३५ सालमा पद पियन पदमा परिवर्तन भई २०५६।२।९ मा सो पदबाट राजीनामा दिएको राजीनामा स्वीकृत पत्र, मुखिया पदको प्रवेशपत्र समेत निजको घरबाट बरामद भएको कुरामा विवाद रहेको देखिँदैन। प्रतिवादीको अभिलेख कागजातको सन्दर्भमा अनुसन्धान तहकिकात हुँदा ख. देविराम पन्थीको नोकरी प्रवेश गर्दा पेस गरेका प्रमाणपत्रहरू पठाउन द्वन्द्वको समय २०५९ भदौ २३ गतेको घटनामा परी अभिलेख जली नष्ट भई कार्यालयमा रेकर्ड नभएको, उक्त समययता पेस गरेका प्रमाणपत्रहरूको फोटोकपी सहितको व्यक्तिगत फायल जिल्ला विकास समितिको कार्यालय अर्घाखाँचीको मिति २०६७।२।२१ को पत्रबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको देखिन्छ भने प्र. देविराम पन्थीको नागरिकता प्रमाणपत्रको अभिलेख र अनुसूची लगायतका फारामहरू सोही मितिको द्वन्द्वमा परी जली नष्ट भएको भन्ने समेत जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको मिति २०६७।१।२८ को पत्रबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई र २०६८।११।१५ मा जिल्ला प्रहरी कार्यालयलाई लेखेको देखिन्छ। त्यसैगरी प्र. देविरामले स्वीकृत राजीनामा बमोजिम पाउने सुविधा के कति यकिन भएको थियो भनी अख्तियार दुरुपयोग अनुसन्धान अयोगबाट कोष तथा लेखा नियन्त्रक कार्यालयमा सोधनी भई जिल्ला विकास समिति अर्घाखाँची समेतलाई सोधिएकोमा २०५९ र २०६१ सालमा माओवादीको आक्रमणमा परी स्रेस्ता जली सो सम्बन्धी विवरण उपलब्ध हुन नसकेको भन्ने समेत कोष तथा लेखा नियन्त्रक कार्यालय अर्घाखाँचीको २०६७।३।१४ को पत्र समेत मिसिल संलग्न रहेको देखिन्छ।

त्यसैगरी Double Writing गरेको नागरिकता वितरण गर्ने गरेको छ छैन र सच्चाएको ठाउँमा अड्डाको हाकिमको सहीछाप दस्तखत गराइन्छ वा गरिँदैन भनी अनुसन्धान क्रममा जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीलाई सोधिएकोमा जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको मिति २०६८।११।१६ को पत्रबाट Double Writing गरेको नागरिकता प्रमाणपत्र वितरण गरिएको छ, तर सच्याइएको अंक तथा अक्षरमा सच्चाउनुपरेमा अधिकार प्राप्त अधिकारीको सहीछाप दस्तखत गर्ने गरेको भन्ने समेत उल्लेख भएको देखिन्छ। तर प्रस्तुत विवादित प्रतिवादीको नागरिकताको जन्ममिति सच्चाएको विषयमा निजको सच्चाएको ठाउँमा दस्तखत प्रमाणित भएको थियो थिएन भन्ने यकिन जवाफ दिन आउन सकेको देखिँदैन। विवादित नागरिकतामा उल्लिखित सच्चाइएको भनिएको सालको अंक ८ को सन्दर्भमा विशेषज्ञबाट परीक्षण हुँदा Overwritten at the previous Writings भन्दै के- कुन मिति समयमा र कस्तो सामग्री प्रयोग भएको भन्न नसकिने भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०६८।१।८ को परीक्षण प्रतिवेदनबाट देखिन आउँछ। नागरिकतामा उल्लिखित जन्ममितिको सालको ८ को अंक Over written at the previous Writings भन्ने विशेषज्ञको राय भएकोमा प्रतिवादीले बयानमा नागरिकताको प्रमाणपत्र दिने जिल्ला प्रशासन कार्यालयबाटै जस्तो दियो त्यस्तै त्यही हो भनी राखेको स्थिति हुँदा सो सच्चिएको भनिएको ८ अंकको स्थानमा पहिला के-कुन अंक थियो भन्नेसम्म पनि परीक्षक विशेषज्ञबाट खुलेको सम्म पनि देखिँदैन।

प्रतिवादीले आफ्नो नागरिकतामा उल्लिखित जन्ममिति २०१८।९।८ को सालको अंक सच्चाई किर्ते गरेको होइन भनी बयान जिकिर लिएको र जाहेरवाला घटना विवरण कागज गर्ने, वस्तुस्थिति मुचुल्काका मानिस तथा प्रतिवादीको साक्षी समेत बुझ्ने आदेश भएकोमा वादी पक्षलाई जाहेरवाला बाबुराम घिमिरेलाई उपस्थित गराउन पटक-पटक आदेश गर्दा समेत निजलाई उपस्थित नगराएको र सो नाम गरेको मानिस ढिकुरा गा.वि.स. वडा नं. ४ मा नभएको फेला नपरेको भनी २०६९।४।१० को मुचुल्का जिल्ला सरकारी वकिल कार्यालयको २०६९।४।१५ को पत्रसाथ प्राप्त भएको देखिन्छ। मौकामा बुझिएका घटना विवरण कागज गर्ने

जनकराम गौतम समेतले प्रतिवादीले नागरिकता सच्चाएको होइन जिल्ला प्रशासन कार्यालयले त्यस्तै दिएको हो भनी यस अदालतमा आई बकपत्र गरेको देखिन्छ । प्रतिवादीको साक्षीले प्रतिवादीको जन्ममिति २०१८,९।८ हो, नागरिकता वितरण गर्दा नै १ पछिको ८ अंक मोटो देखिएको हो, प्रतिवादीले सच्चाएको होइन समेत भनी बकपत्र गरेको देखिन्छ । प्रतिवादीले जिल्ला पञ्चायत सचिवालय र जिल्ला विकास समितिमा गरेको सेवा कस्तो प्रकृतिको हो, वैयक्तिक विवरण सिटरोल भर्नुपर्ने भए सो सिटरोल कहाँ-कहाँ पठाउनु रहनुपर्ने हो भन्ने समेत विषयमा यस अदालतबाट जिल्ला विकास समिति अर्घाखाँची बुझिएकोमा प्र. देविराम पन्थी समेतको वैयक्तिक अभिलेख समेत विगतको द्वन्द्वको बखत २०५९।५।२३ मा जली नष्ट भएको, स्थानीय निकायका कर्मचारीको सिटरोल भर्नुपर्ने कानुनी व्यवस्था नपाइएको भन्ने समेत जिल्ला विकास समितिको मिति २०६९।४।१० को पत्र रहेको देखिन आउँछ । त्यसैगरी प्रतिवादीले बयानमा टेस्ट पास भनी उल्लेख गरेबाट निजले पढेको विद्यालय निजैबाट खुलाई जनता मा.वि. पिपरा कपिलवस्तुमा निजको जन्ममिति सम्बन्धमा बुझ्दा सो जनता उच्च मा.वि. वाणगंगा-१, पिपरा, कपिलवस्तुको मिति २०६९।२।१८ को पत्रमा प्रतिवादी देविराम पन्थी मिति २०३९।९।१५ मा सो विद्यालयमा कक्षा ९ मा भर्ना हुँदा निजको जन्ममिति २०१८।९।८ भनी उल्लेख भई भर्ना हुँदाको अवस्थाको विद्यालयको रजिस्टरको प्रतिलिपि समेत प्राप्त भएको देखिन आउँछ । मिसिल संलग्न निर्वाचन आयोगको २०६२ साल चैत मसान्तसम्म १८ वर्ष उमेर पुगेकाको मतदाता नामावलीको फोटोकपीबाट प्रतिवादीको जन्ममिति २०१६।९।२० देखिएकोले प्रतिवादीले आफ्नो जन्ममिति सालको पछाडि अंक ८ सच्चाएको भन्ने वादीको तर्क कथन रहेकोमा निर्वाचन आयोगको मतदाता नामावलीमा उल्लिखित जन्ममिति निर्वाचन आयोगबाट मतदाता नामावली संकलन तयार गर्ने क्रममा खडा हुने भएको र सोमा उल्लेख भएको प्रतिवादीको जन्ममिति विवरण परिवारका सदस्य वा अन्य व्यक्तिबाट अनुमानको भरमा पनि लेखाइदिन सक्ने अवस्था पनि रहन सक्ने भएको, नागरिकतामा उल्लेख भएको जन्ममितिको महिना र गते समेत सो मतदाता नामावलीमा फरक परेको र सो मिति प्रतिवादीले नै लेखाएको भन्ने निश्चय गर्ने आधार प्रमाण समेत वादी पक्षबाट पेस हुन सकेको छैन ।

तसर्थ माथि उल्लिखित आधार कारणबाट प्रतिवादीको नागरिकतामा उल्लिखित जन्ममितिको साल २०१८ को अंक ८ दोहोरो लेखी सच्चाएको जस्तो देखिए पनि सो नागरिकता विशेषज्ञबाट परीक्षण हुँदा पहिले लेखेको माथि लेखिएको भने पनि पहिला के- कुन अंक थियो भन्न लेख्न नसकेको, प्रतिवादीले मिति २०४२।९।१८ मा नागरिकताको प्रमाणपत्र लिएकोमा सो नागरिकताको प्रमाणपत्र लिनुअघि नै निजले अध्ययन गरेको विद्यालयबाट भर्ना हुँदा निजको जन्ममिति २०१८।९।८ नै भनी उल्लेख भई आएको, वादीकै गवाह घटना विवरणका मानिसले प्रतिवादीले सच्चाएको होइन भनी बकपत्र गरेको, प्रतिवादीलाई उपलब्ध गराएको नागरिकतामा सच्चिएको स्थानमा सम्बन्धित अधिकारीबाट दस्तखत सहीछाप प्रमाणित भएको थियो भन्ने किटानसाथ लेखी आएको नदेखिएको, अपितु Double Writing भएको नागरिकता प्रदान गर्ने गरिएको तर सच्चाएको ठाउँमा सम्बन्धित अधिकारीबाट सहीछाप गर्ने गरेको भन्ने जिल्ला प्रशासन कार्यालयको जवाफ रहेकोबाट Double Writing भएको नागरिकता प्रदान हुने गरेको देखिन आयो । प्रतिवादीको नागरिकताको जन्ममितिको सालको अंक ८ दोहोरो लेखी केही सच्चिएको मोटो जस्तो देखिए पनि यिनै प्रतिवादीले नै सच्चाएको किर्ते गरेको भन्ने वस्तुनिष्ठ ठोस सबुद प्रमाणबाट प्रतिवादीको कसुर प्रमाणित गर्ने भर प्रमाण ऐन २०३१ को दफा २५ ले वादी पक्षमा रहेकोमा सो अनुसार वादीले पुष्टि गर्न सकेको देखिएन । बरु प्रतिवादीले जिल्ला प्रशासन कार्यालयबाट यस्तै उपलब्ध गराएको भनी लिएको बयान जिकिरलाई जिल्ला कार्यालयबाट नागरिकता उपलब्ध गराउँदा नै सच्चिएको उपलब्ध गराएको र मानवीय कमजोरी त्रुटिका कारण त्यसरी Double Writing भएको स्थानमा आधिकारिक नागरिकता प्रमाणपत्र वितरण गर्ने व्यक्तिबाट दस्तखतसम्म छुट हुन गएको भन्ने आशंकाको

स्थिति हुन आउँछ । प्रतिवादीको नागरिकतामा उल्लेख भएको जन्ममितिको अलावा निजलाई उपलब्ध गराएको नागरिकतामा जन्ममितिको साल २०१८ को ८ अंकको स्थानमा अन्य कुनै अंक थियो भन्ने विश्वसनीय प्रमाण वादी पक्षबाट पेस हुन नआएको समेतको स्थितिमा फौज्दारी न्यायको मान्य सिद्धान्त शंकाको सुविधा अभियुक्तले पाउने भएको समेतका उल्लिखित आधार कारणहरूबाट प्रतिवादी उपरको वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन । प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । सो ठहर्नाले अरू तपसिलका कुरामा तपसिल बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम आजै अड्डैबाट यो फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी देविराम पन्थीले आरोपित अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएकाले प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि प्रतिवादीले यस अदालतका थुनछेकका आदेशानुसार मिति २०६८।११।१८ गते र.नं. २८९३ बाट राखेको धरौटी रु. ५०००।- (पाँच हजार) फिर्ता पाऊँ भनी कानुनका म्यादभित्र दरखास्त दिए कानुनको रीत पुऱ्याई फिर्ता दिनू.........................................१

प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि मिसिल सामेल रहेको प्रतिवादीको नेपाली नागरिकताको प्रमाणपत्र फिर्ता पाऊँ भनी दरखास्त दिए कानुनको रीत पुऱ्याई फिर्ता दिनू..................................................२

यो इन्साफमा चित्त नबुझे स.मु.स. ऐन, २०४९ को दफा २६ (१) बमोजिम ७० दिनभित्र श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्नू भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय अर्घाखाँचीलाई पुनरावेदनको म्याद दिनू ..............................................................................३

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने नियमानुसारको दस्तुर लिई नक्कल सारी सराइदिनू.......................४

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू.....................................................५

**जिल्ला न्यायाधीश**

फाँटवाला : ना.सु. श्री नारायणबहादुर भट्टराई
टाइप गर्ने : स.क.अ. सीता घिमिरे

**इति संवत् २०६९ साल मार्ग महिना १४ गते रोज ५ मा शुभम्....**

**श्री महोत्तरी जिल्ला अदालत**
**इजलाश**
**माननीय जिल्ला न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ**
**फैसला**
**संवत् २०६७ सालको**
**स.फौ.नं. ३७-०६७-००५७४**

**मुद्दा :- अवैध सिसौ काठ ओसारपसार**
**निर्णय नम्बर :- ५४०**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
| --- | --- |
| सागरनाथ वन विकास परियोजना अन्तर्गत हाथिलेट वन व्यवस्थापन शाखाका स.व.अ. चन्देश्वर यादवको जाहेरीले नेपाल सरकार..............................१ | जिल्ला महोत्तरी, गा. वि. स. बर्दिवास वडा नं. ५ मा वस्ने देवेन्द्र महतो.........................................१ |
| ऐ.को प्रमाण........................................ | ऐ.ऐ. वडा नं. ८ मा बस्ने राजकिशोर साह................१ |
| ऐ.को साक्षी.................... कागज............... | ऐ. सोनामाई गा.वि.स वडा नं. १ मा वस्ने ड्राइभर भरत मण्डल...............................................१ |
| | जि.काठमाडौं, का.म.न.पा. वडा नं. ७ हाल जि.महोत्तरी, बर्दिवास गा.वि.स.वडा नं. ३ मा बस्ने शान्तादेवी क्षेत्री......................................................... १ |
| | ऐ.को प्रमाण...................................... |
| | ऐ.को साक्षी........... कागज................ |

**अदालतबाट बुझेको**
**ऐ.को प्रमाण................**
**ऐ.को साक्षी..... कागज....**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अ.व.२९ नं. समेतको आधारमा यसै अदालतको क्षेत्राधिकारभित्रको भई प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा यसप्रकार रहेको छ :-

जिल्ला महोत्तरीस्थित हाथिलेट वन व्यवस्थापन शाखाको हातिलेट रेन्ज युनिटको प्लट नं.४ को वि. सिसो प्लटमा मिति २०६७।७।७ गतेका दिन बिहान ५:०० बजेको समयमा टुरगस्ती गर्दै जाँदा ३ गोटा सिसौका रूख काटिएको देखि पिच्छा गर्दै जाँदा उत्तरमा राजमार्ग दक्षिणमा ४ कै प्लट पूर्वमा भप्सी खोला पश्चिममा अट्पे खोला यति चार किल्ला क्षेत्रभित्र विश्वकर्मा चोक नजिक पुग्दा ना.९ ख.३९६५ नम्बरको ट्रकमा उक्त नोक्सानी सिसौ टुन टुक्रा गरी लोड गरी राखेको र केही टुक्रा मसलाको ठुटामा ठोकिएर बिग्रेको अवस्थामा मेकानिक ल्याई बनाउँदै गरेको अवस्थामा मेकानिक र ड्राइभर फरार भएको र काठ तस्कर जि.महोत्तरी बर्दिवास गा.वि.स. वडा नं.५ बस्ने देवेन्द्र महतोलाई पक्राउ गरी कारबाहीको लागि स्थलगत मुचुल्का सहित कर्मचारीहरूको जाहेरी प्रतिवेदन ।

मिति २०६७।७।७ गतेका दिन बिहान ५.०० बजेको समयमा मैले सिसौका ३ वटा रूख काटी टुनटुका वनाई ट्रक नम्बर ना.१ ख ३९६५ नम्बरको गाडीमा लोड गरी निकासी गरी विश्वकर्मा चौक नजिकैको प्लटमा गाडी बिग्रेको अवस्थामा पकाउ भई आरा थान २ र बन्चरो थान १ र काठ सहितको ट्रक कारबाहीको लागि पेस गरेको हो भन्ने समेत व्यहोराको देवेन्द्र महतोले अनुसन्धान अधिकारी समक्ष गरेको बयान कागज ।

नोक्सानी बिगो तालिका बमोजिम काठ ८४.० क्यु.फि. र ट्रकमा लोड गरेको बरामद काठ ७२.० क्यु. फि. जि.म. बर्दिवास वडा नं. ५ वस्ने देवेन्द्र महतोले काटी टुनटुका गरी लोड गरी अनियमित तरिकाबाट ओसार पसार गरी ल्याउँदै गरेको अवस्थामा विश्वकर्मा चौक नजिकै कर्मचारीहरूले गस्ती टोलीहरूबाट पकाउ गरेको सत्य साँचो हो भन्ने समेत व्यहोराको बुझिएका रामकिशोर साह समेतले गरेको सर्जमिन मुचुल्का ।

विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरू देवेन्द्र महतो, भरत मिश्र, रामकिशोर साह र ट्रक धनी शान्तादेवी क्षेत्री समेतको अनियमित काठ ओसार पसारमा संलग्नता रहेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरूको उक्त कार्य वन ऐन, २०४९ को दफा ४९ (घ) (ङ) को कसुर अपराध देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ५० (१) (घ) (४) बमोजिम सजाय गरी बरामदी वन पैदावर सोही दफा ५० (१) (६) अनुसार जफत हुन तथा ऐनको दफा ६६  बमोजिम शान्तादेवी खड्का क्षेत्रीको नाउँको ना.१ ख ३९६५ नं. को ट्रक, बरामद आरा र बन्चरो समेत अवैध कार्यमा प्रयोग भएकोले जफत गरी पाऊँ भन्ने समेत व्यहोराको यस अदालतमा दायर भएको अभियोग पत्र ।

ट्रकमा काठ लोड भएको होइन, बिग्रिएको अवस्थामा बरामद भएको हो । प्रतिवेदन झुठा भएकोले अभियोग पत्र अनुसार काठ सहित ट्रक पकाउ नपरेकोले सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी देवेन्द्र महतोले यस अदालतमा गरेको बयान कागज ।

अभियोग पत्र अनुसार ट्रक मैले प्रतिवादी देवेन्द्र महतोलाई बिक्री गरिसकेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी शान्तादेवी क्षेत्रीले यस अदालतमा गरेको बयान कागज ।

यस अदालतबाट भएको थुनछेक आदेशानुसार प्रतिवादी देवेन्द्र महतोसंग माग भएको धरौटी रु.२२,०००।-  वापत मिति २०६७।८।६ गते जेथा जमानत राखी तारेखमा रहेकोमा पुनः धरौट बापत राखेको जेथा फुकुवा गरी नगद बुझी पाऊँ भनी निवेदन दिई आदेशानुसार माग भएको धरौटी रु.२२,०००।- यस अदालतको ध.र.नं. २२५, मिति २०६८।३।१० गतेमा धरौटीमा राखी तारेखमा रहेको देखिन्छ ।

प्रतिवादी शान्तादेवी क्षेत्रीसँग थुनछेक आदेश हुँदा माग भएको धरौटी रु.५,०००।- यस अदालतको ध.र.नं. १२२, मिति २०६७।१०।२८ गते राखी तारेखमा रहेकोमा मिति २०६८।११।१४ गतेबाट निजले तारेख गुजारी थाम्ने थमाउने म्याद समेत व्यतित गरी बसेको देखिन्छ ।

प्रतिवादीहरू राजकिशोर साह र भरत मण्डलको नाममा जारी भएको तमेली म्यादभित्र हाजिर नभई सुरु म्याद नै गुजारी बसेको देखिन्छ ।

प्रतिवेदक चन्देश्वर यादवले यस अदालतमा आई गरेको बकपत्र कागज ।

प्रतिवादी शान्तादेवी क्षेत्रीको साक्षी जयप्रसाद पोखरलले यस अदालतमा आई गरेको बकपत्र कागज ।

## यस अदालतको ठहर

नियम बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान् जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतमले प्रस्तुत गर्नुभएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरूले बरामद भएको सिसौको काठ ओसार पसार गरेको अवस्था छ, छैन ? बरामद भएको

ट्रक जफत हुने हो, होइन ? र वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्ने, नसक्ने के हो ? भन्ने विषयमा निर्णय दिनुपर्ने हुन आएको छ ।

यसमा प्रतिवादीहरू देवेन्द्र महतो, भरत मिश्र, रामकिशोर साह र ट्रक धनी शान्तादेवी क्षेत्री समेतको अनियमित काठ ओसारपसारमा संलग्नता रहेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरूको उक्त कार्य वन ऐन, २०४९ को दफा ४९ (घ) (ङ) को कसुर अपराध देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ५० (१) (घ) (४) बमोजिम सजाय गरी बरामदी वन पैदावर सोही दफा ५० (१) (६) अनुसार जफत हुन तथा ऐनको दफा ६६ बमोजिम शान्तादेवी खड्का क्षेत्रीको नाउँको ना.१ ख ३९६५ नं. को ट्रक, आरा र वन्चरो समेत अवैध कार्यमा प्रयोग भएकोले जफत गरी पाऊँ भन्ने अभियोग दावी रहेको देखिन्छ । प्रतिवादी देवेन्द्र महतोले अदालतमा प्रतिवेदन झुठा भएकोले अभियोग पत्र अनुसार काठ सहित ट्रक पक्राउ नपरेकोले सजाय हुनुपर्ने होइन भनी र अधिकारप्राप्त अधिकारी समक्ष मिति २०६७।७।७ गतेका दिन बिहान ५.०० बजेको समयमा मैले सिसौका ३ वटा रूख काटी टुनटुक्रा बनाई ट्रक नम्बर ना.१ख ३९६५ नम्वरको गाडीमा लोडगरी निकासी गरी विश्वकर्मा चौक नजिकैको प्लटमा गाडी विग्रेको अवस्थामा पक्राउ गरेको हो भनी बयान गरेको पाइन्छ । प्रतिवेदक चन्देश्वर यादवले हाथिलेट रेन्ज युनिट क्षेत्रको ४ को च प्लटमा रहेको सिसौ मिति २०६७।७।७ गते प्रतिवादीहरूले टुनटुक्रा पारी ना. १ ख ३९६५ नं. को ट्रकमा राखी लैजाने क्रममा पक्राउ गरेको हो भनी बकपत्र गरेको देखिन्छ । बरामदी मुचुल्काबाट सिसौको काठ ८४.० क्यु.फिट बरामद भएको देखिएको छ । बरामद भएको काठ ओसार पसार गर्न समेतको लागि इजाजत लिएको मिसिलबाट देखिँदैन । प्रतिवादी देवेन्द्र महतोले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानलाई बरामदी मुचुल्का र प्रतिवेदक चन्देश्वर यादवको बकपत्रबाट समर्थित भएको देखिन आउँछ । यसरी प्रतिवादी देवेन्द्र महतोले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान, बरामदी मुचुल्का र प्रतिवेदक चन्देश्वर यादवले गरेको बकपत्रबाट निज प्रतिवादी बरामद भएको काठ बिनाइजाजत ओसार पसार गर्न संलग्न रहेको देखिएको हुँदा निज प्रतिवादीले अभियोग दाबीको कसुर गरेको देखिन आयो ।

प्रतिवादीहरू शान्तादेवी क्षेत्री, भरत मण्डल र राजकिशोर साहको हकमा विचार गर्दा प्रतिवादी शान्तादेवी क्षेत्रीले अदालतमा अभियोग पत्र अनुसार ट्रक मैले प्रतिवादी देवेन्द्र महतोलाई बिक्री गरिसकेको हुँदा मलाई सजाय हुनु नँ होइन भनी बयान गरेको पाइन्छ । प्रतिवादीहरू भरत मण्डल र राजकिशोर साह म्यादमा हाजिर हुन आएको देखिँदैन । प्रतिवादी देवेन्द्र महतोले अधिकार प्राप्त अधिकारी समक्ष ततिम्बा बयान गर्दा म लगायत वारदातमा राजकिशोर साह समेत ७ जना रहेकोमा अरूको नाम ठेगाना थाहा छैन भनी लेखाएको देखिन्छ । प्रतिवादीहरू शान्तादेवी क्षेत्री, भरत मण्डल र राजकिशोर साह बरामद भएको सिसौको काठ ओसार पसार गर्न संलग्न रहेको भन्ने सम्वन्धमा वादी पक्षबाट प्रमाण प्रस्तुत हुन सकेको देखिँदैन । प्रतिवेदक चन्देश्वर यादव बाहेक बरामदी मुचुल्काका मानिस समेतलाई बकपत्रको लागि वादी पक्षबाट उपस्थित गराउन सकेको पाईदैन । निज प्रतिवादीहरू बरामद भएको काठ ओसार पसार गर्न संलग्न रहेको भन्ने सम्बन्धी प्रतिवादी देवेन्द्र महतोको अधिकार प्राप्त अधिकारी समक्ष भएको ततिम्बा बयानलाई अन्य प्रमाणबाट समर्थित हुन सकेको देखिँदैन । यसस्थितिमा केवल प्रतिवादी देवेन्द्र महतोले अधिकार प्राप्त अधिकारी समक्ष गरेको ततिम्बा बयानको आधारमा मात्र प्रतिवादीहरू शान्ता देवी क्षेत्री, भरत मण्डल र राजकिशोर साहलाई कसुरदार ठहराउन न्यायोचित देखिन आएन ।

बरामद भएको ना. १ ख ३९६५ नं.को ट्रक जफत हुने हो, होइन ? भन्नेतर्फ विचार गर्दा सो ट्रकको ट्रक धनी भनी प्रतिवादी शान्तादेवी क्षेत्रीलाई वादी पक्षबाट प्रतिवादी वनाई अभियोजन गरेको देखिन्छ। यातायात व्यवस्था कार्यालय नारायणी अन्चल, वीरगन्जको च.नं. ६६७, मिति २०६७।७।२९ को पत्रबाट ना.१ ख

३९६५ नं. को भाडा ट्रक शान्तादेवी क्षेत्रीको नाममा दर्ता रहेको भनी लेखी आएको देखिन आउँछ । प्रतिवादी शान्तादेवी क्षेत्रीको नाममा दर्ता रहेको उक्त ट्रक नामसारी नभएसम्मको लागि निज प्रतिवादी नै सवारी धनी रहेको मान्नुपर्ने हुन्छ । त्यसैगरी वादी पक्षबाट निज प्रतिवादीलाई नै सवारी धनी मानी अभियोजन गरेको देखिन्छ । माथि वर्णन गरिए अनुरूप उक्त ट्रकका सवारी धनी प्रतिवादी शान्तादेवी क्षेत्रीको बरामद भएको काठमा संलग्न रहेको देखिन आउँदैन । सर्वोच्च अदालत पूर्ण इजलासबाट रेन्जर विजय कुमार गुप्ता समेतको प्रतिवेदनले नेपाल सरकार प्रतिवादी बेलबहादुर थापा मगर समेत भएको काठ चोरी निकासी मुद्दामा "कसुर गरेको ठहरिएमा" भन्ने वाक्यांशको आशय वन ऐन अन्तरगत घटेको कसुर वा वारदातसंग बरामद भएको वोझवाहक साधनको धनीको कुनै तादात्म्यता नै रहनु नपर्ने भनी व्याख्या गर्न नमिल्ने भनी (ने.का.प. २०६८, अंक ६, नि.नं. ८६२९, पृष्ठ ९०८ मा प्रकाशित) सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यसरी उक्त ट्रकका सवारी धनी प्रतिवादी शान्ता देवी क्षेत्रीको बरामद भएको काठ उक्त ट्रकमा ओसार पसार गर्न मन्जुरी रहेको नदेखिएको र सर्वोच्च अदालतबाट प्रतिपादित माथि उल्लिखित सिद्धान्तबाट समेत उक्त ट्रक जफत हुनु उपयुक्त भएको नदेखिएको हुँदा बरामद भएको ट्रक वन ऐन, २०४९ को दफा ६६ वमोजिम जफत गरी पाऊँ भन्ने अभियोग दाबी पुग्न सक्ने देखिन आएन ।

यसप्रकार, प्रतिवादी देवेन्द्र महतोले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान, बरामदी मुचुल्का र प्रतिवेदक चन्देश्वर यादवको बकपत्रबाट प्रतिवादी देवेन्द्र महतो उपरको अभियोग दाबी समर्थित भएको देखिएको हुँदा प्रतिवादी देवेन्द्र महतोले अभियोग दाबीको कसुर गरेको देखिन आयो । तसर्थ बरामद भएको काठको परिमाण र प्रकृति र प्रतिवादीले गरेको कसुरको मात्राको आधारमा प्रतिवादी देवेन्द्र महतोलाई वन ऐन, २०४९ को दफा ५० (१) (घ) को (४) अनुसार विगोको दोब्बर रु.२५,२००।- (पच्चिस हजार दुई सय रुपैयाँ) जरिवाना हुने ठहर्छ । प्रतिवादीहरू भरत मण्डल, राजकिशोर साह र शान्तादेवी क्षेत्रीले अभियोग दाबीको कसुर गरेको भन्ने सम्बन्धमा वादी पक्षबाट प्रमाण प्रस्तुत हुन सकेको नदेखिएको र सर्वोच्च अदालतबाट फौ.पु.द.नं. ०६७-ॠ-००२४ को रेन्जर विजय कुमार गुप्ता समेतको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी बेलबहादुर थापा मगर समेत भएको काठ चोरी निकासी मुद्दामा प्रतिपादित सिद्धान्त (ने.का.प. २०६८, अंक ६, नि.नं. ८६२९, पू.इ., पृष्ठ ९०८ मा प्रकाशित) अनुसार समेत अभियोग पत्रमा उल्लिखित ट्रक जफत हुने अवस्था नदेखिएको हुँदा प्रतिवादीहरू भरत मण्डल, राजकिशोर साह र शान्तादेवी क्षेत्रीलाई वन ऐन, २०४९ को दफा ५० (१) (घ) को (४) बमोजिम सजाय गरी पाऊँ भन्ने र ना.१ ख ३९६५ नं. को ट्रक जफत गरी पाउँ भन्नेसम्म वादी नेपाल सरकारको अभियोग दावी नपुग्ने र प्रतिवादीहरू भरत मण्डल, राजकिशोर साह र शान्तादेवी क्षेत्रीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन, अ.वं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी देवेन्द्र महतोलाई रु.२५,२००।- (पच्चीस हजार दुई सय रुपैयाँ) जरिवाना हुने ठहरेकोले निज प्रतिवादी मिति २०६७।७।७ गतेदेखि अनुसन्धानको क्रममा हिरासतमा रही मिति २०६७।८।६ गते जेथा जमानत राखी तारेखमा रहेकोमा जेथाजमानत परिवर्तन गरी ध.र.नं. २२५, मिति २०६८।३।१० मा नगद रुपैयाँ रु.२२,०००।- (बाईस हजार रुपैयाँ) धरौटी राखी तारेखमा रहेको देखिँदा निज प्रतिवादी थुनामा रहेको अवधि दिन २९ (उनन्तीस) को दिन एकको रु.२५।- ले हुने रु.७२५।- (सात सय पच्चीस रुपैयाँ) र निजले ध.र.नं. २२५, मिति २०६८।३।१० मा राखेको धरौटी रु.२२,०००।- समेत जम्मा रु.२२,७२५।- (बाईस हजार सात सय पच्चीस रुपैयाँ) निज प्रतिवादीलाई लागेको जरिवानाबाट कट्टा गरी बाँकी

रहन आउने जरिवाना रु.२,४७५।- (दुई हजार चार सय पचहत्तर रुपैयाँ) लगत कसी निज प्रतिवादीबाट असुल गर्नु भनी र उक्त धरौटी रकम रु.२२,०००।- सदर स्याहा गर्नु भनी तहसिल शाखामा लगत दिनु .............१

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी शान्तादेवी क्षेत्रीले अभियोग दाबीबाट सफाइ पाउने ठहरेकोले निजले ध.र.नं. १२२, मिति २०६७।१०।२८ गते रु.५,०००।- (पाँच हजार रुपैयाँ) धरौटी राखी तारेखमा रहेकोमा प्रतिवादी शान्तादेवी क्षेत्रीले तारेख गुजारी बसेको देखिँदा उक्त धरौटी रकम अ.वं. १२४ नं. अनुसार जफत हुने हुँदा उक्त धरौटी रकम रु.५,०००।- (पाँच हजार रुपैयाँ) सदर स्याहा गर्नू भनी तहसिल शाखामा लगत दिनु ..........................................................................................................................२

माथि ठहर खण्डमा लेखिए बमोजिम ना.१ ख ३९६५ नं. को ट्रक जफत गरी पाऊँ भन्नेसम्म वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने ठहरेकोले उक्त ट्रक फिर्ता गरी पाऊँ भनी ट्रक धनीको दरखास्त परे फैसला अन्तिम भएपछि उक्त ट्रक सवारी धनीलाई फिर्ता गरिदिनू भनी उक्त ट्रक जिम्मामा रहेको सम्बन्धित कार्यालयमा लेखी पठाइदिनू .................................................................................................३

माथि ठहर खण्डमा लेखिए बमोजिम हुने ठहरेकाले बरामद भएको काठ, आरा थान २ र वन्चरो १ थान वन ऐन, २०४९ को दफा ५० (१) (घ) र दफा ६६ बमोजिम जफत हुन्छ । सो काठ, आरा र बन्चरो फैसला अन्तिम भएपछि कानुन बमोजिम गरी लिलाम गर्नू भनी सो काठ, आरा र बन्चरो जिम्मा रहेको कार्यालयमा लेखी पठाइदिनू ..........................................................................................................४

यस इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्न जानू भनी प्रतिवादी देवेन्द्र महतोलाई र फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय महोत्तरीलाई अ.वं. १९३ नं. बमोजिम पुनरावेदनको म्याद दिनू.........................................................................५

सरोकारवालाले नक्कल मागे नियमानुसार सारी सराइदिनू.......................................................................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइ दिनू...............................७

माननीय जिल्ला न्यायाधीशज्यू ले
वोली टिपाए बमोजिम टिपी यो
फैसला कम्प्युटर टाइप गर्ने फाँटवाला
ना.सु. विनोदकुमार कार्की.............

(**जिल्ला न्यायाधीश**)

**ईति संवत् २०६९ साल वैशाख २० गते रोज ४ मा शुभम्........................।**

**श्री डडेल्धुरा जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री जगतनारायण प्रधान**

**फैसला**

**नि.नं. : 04**

**संवत् २०६८ सालको स.फौ.नं. १६, मु.र.नं. ९१-०६८-00031**

**मुद्दा :- बिनाइजाजत साल जातका रूख काटे कटाएको**

**वादीको नाम, थर, वतन**

स.व.अ. रामेश्वर खकुरालको प्रतिवेदन जाहेरीले नेपाल सरकार..............................................१

साक्षी :- सिद्धराज जोशी, धीरबहादुर खाती, गणेश सिं ठगुन्ना, जीवछ यादव, रमेशदत्त अवस्थी, रंजीवकुमार यादव, धौल सिं धामी, दामोदर पन्त, तुलबहादुर पौडेल ।

कागज :- अभियोग पत्र समेत ।

**प्रतिवादीको नाम, थर, वतन**

जि. डडेल्धुरा, जोगबुडा गा.वि.स. वडा नं. ९ बस्ने कुलबहादुर घिमिरेको छोरा वर्ष ४७ को छविलाल घिमिरे....................................................१

ऐ.ऐ. बस्ने नरबहादुर खडायत........................१

ऐ.ऐ. बस्ने वीरबहादुर पौडेल..........................१

ऐ.ऐ. बस्ने मोहनबहादुर पौडेल.......................१

ऐ.ऐ. बस्ने टेकबहादुर खत्री...........................१

ऐ.ऐ. बस्ने हरि सिं भाट...............................१

प्र. छविलाल घिमिरेका साक्षीहरू :- जयराज घिमिरे, दीपक घिमिरे, प्रताप सिं महरा ।

कागज :- काठ पुर्जी उपलब्ध गराई पाऊँ भन्ने विषयका विभिन्न व्यक्तिहरूले दिएका निवेदनको फोटोकपी थान-१२, नगदी रसिदका फोटोकपी थान-११, सा.व.को काठ दाउरा फुकुवा सम्बन्धमा विषय उल्लेख भएको जिल्ला वन कार्यालय डडेल्धुराको पत्रको फोटोकपी, सा.व. को २०६८।०८।१५ गतेको बैठकको निर्णयको फोटोकपी पाना-४, मिति २०६८।०७।१५ को बैठकको पाना-२, जोगबुडा रे.पो. मा निर्णयको प्रतिलिपि पेस गरेको सा.व.को पत्रको फोटोकपी-१, सा.व. लाई टाँचा दर्ताको जानकारी गराएको जिल्ला वन कार्यालयको पत्रको फोटोकपी, संकलन सहमति दिएको बारे जिल्ला वन कार्यालयको पत्रको फोटोकपी ।

**अदालतबाट बुझेको**
**सामुदायिक वनको माइन्युट रजिस्टर समेतका सक्कल कागजातहरू**

**मुद्दाको संक्षिप्त तथ्य :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अ.वं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ :

उपरोक्त सम्बन्धमा यस कार्यालय अन्तर्गतको श्री दुर्गा भगवती सामुदायिक वन उपभोक्ता समूह जोगबुडा ९ को आमपानी पश्चिमपट्टिको जंगलमा टुर गस्ती गर्ने क्रममा विभिन्न नाप साइज भएको काँचो सालको रूख कटान भएको पाइएको र कटान भएको ठुटाको नाप साइज लिई कारबाहीको लागि पेस गरेको भन्ने जोगबुडा रेन्ज पोस्ट जोगबुडाका सहायक वन अधिकृत रामेश्वर खकुरालको मिति २०६८।०९।२२ गतेको जाहेरी प्रतिवेदन ।

जोगबुडा रेन्ज पोस्ट अन्तर्गत पर्ने श्री दुर्गा भगवती सामुदायिक वन उपभोक्ता समूह जोगबुडा ९ को वन क्षेत्रमा साल जातका ६३ रूख कटान गरी ठुटाको नाप साइजको विवरणसहित आवश्यक कारबाहीको लागि जोगबुडा रेन्जपोस्टका सहायक वन अधिकृत रामेश्वर खकुरालले यस कार्यालयमा प्रतिवेदन पेस गरेकोले सो सम्बन्धमा थप छानबिन तथा जाँचबुझ गर्नुपर्ने आवश्यक भएकोले उक्त सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष छविलाल घिमिरेलाई पक्राउ गरी थुनी आवश्यक प्रक्रिया अगाडि बढाउनको लागि रेन्जपोस्टबाट प्राप्त प्रतिवेदन यसैसाथ संलग्न राखी पेस गरेको छु भन्ने जिल्ला वन कार्यालय डडेल्धुराका रेन्जर गणेश सिं ठगुन्नाको मिति २०६८।०९।२२ गतेको प्रतिवेदन ।

अनुसन्धान अधिकृत रंजीवकुमार यादवले प्रतिवेदनमा उल्लिखित ठुटाबाट साल ४१२५.०० क्यु.फि. काठको रु.३३,००,०००।- बिगो कायम गरी बिगोको दोब्बर रु.६६,००,०००।- जरिवाना र एक वर्ष कैद उल्लेख भएको बिगो तालिका कागज ।

हाम्रो वनमा अवैधानिक रूपमा साल रूख काटेको छैन । २०६६ सालमा जिल्ला वनबाट छपानी आदेश र कटानी आदेश बमोजिम २१० वटा सालको सुकेको रूखको कटानी आदेश प्राप्त भएको हो । २०६६ सालमा कटान आदेश पाएको मध्ये केही रूख मात्र काटिएको थियो । कञ्चनपुरले मुद्दा हालेकोले बाँकी रहेका रूखहरू काट्न पाइएन । पछि मुद्दा जितेर २०६८ साल कात्तिक महिनामा ५३ साल रूख कटाएको हो, उपभोक्ताले घरकाजको लागि काठ माग गरी निवेदन दिएको र कबुलियती वनमा बोट बिरुवा लगाएको र त्यसमा चौकिदारलाई बस्न घर नभएकोले घर बनाउन तथा घेरबार लगाउन सालका ५३ रूख कटाएको हो, सालको हरियो ६३ थान रूख कटाएकोमा त्यसमध्ये १० थान रूखमा धोद भएकोले काम नलाग्ने भएको हुँदा ५३ थान भनिएको हो भन्ने समेतको प्रतिवादी छविलाल घिमिरेले अनुसन्धान अधिकृत समक्ष बयान ।

सामुदायिक वन क्षेत्रभित्र बिनासहमति घर छाप्रो बनाउन वा प्रोत्साहन दिन सहयोग पुऱ्याउने छैनौं । वन कार्ययोजना विपरीत कार्य गर्ने गराउने र वन कार्ययोजना कार्यान्वयन नगर्ने अवस्था हुन दिने छैनौं । नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, क्षेत्रीय वन निर्देशनालय, जिल्ला वन कार्यालय, इलाका वन कार्यालय तथा रेन्ज पोस्टको आदेश निर्देशन विपरीत कार्य गर्ने गराउने छैनौं भनी समूहको तर्फबाट अध्यक्ष श्री छविलाल घिमिरे र जिल्ला वन कार्यालयको तर्फबाट जिल्ला वन अधिकृत श्री बुद्धि रिजाल बीच २०५६।०३।२२ गतेका दिन भएको सामुदायिक वनको संरक्षण र व्यवस्थापन गर्ने कबुलियतनामा ।

उपरोक्त सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालयको च.नं १३२३ मिति २०६६।१२।२५ र श्री वन विभाग, सामुदायिक वन महाशाखाको च.नं. ११४ मिति २०६७।०१।०७ को पत्र आदेश अनुसार मिति २०६७।०३।०२

गते उप-महानिर्देशकज्यू, तथा श्री सु.प.क्षे. वन निर्देशकज्यू समेतका टोलीको टुरमुकाम जोगबुडाको प्रतिवेदन अनुसार २०६७।०३।०२ गतेभन्दा अगाडि संकलन सहमति दिएका सामुदायिक वनहरूको संकलन सहमति समेत रद्द गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ भनी जि.व.का. डडेल्धुराका जि.व.अ. श्री धनी चन्द ठकुरीले सबैको जानकारीको लागि पत्रिकामा प्रकाशित सूचनाको प्रमाणित प्रतिलिपी ।

मिति २०६८।१०।०७ गतेका दिन जिल्ला डडेल्धुरा जोगबुडा ९ बस्ने वर्ष ३५ को धौल सिं धामी समेतका जना-७ ले तयार गरेको खेस्रा नक्सा मुचुल्का ।

हरियो सालका ६७ थान रूख कटान भै निस्केको २२५ थान गोलियाको हुने परिमाण ३४८१।४७ क्यु.फि. काठ बरामद भएको व्यहोरा उल्लेख गरी प्रेमबहादुर खडायत समेतका जना-५ ले गरिदिएको मिति २०६८।१०।०८ गते को बरामदी मुचुल्का ।

बरामद काठ जोगबुडा रे.पो. का फरेस्टर सिद्धराज जोशी समेतका वन कर्मचारीले मिति २०६८।१०।०९ मा बुझी लिएको भर्पाई ।

सालका रूखहरू प्रतिवादी छविलाल घिमिरेले एक्लै आफूखुसी कटाएका नभई १५ जना उपभोक्ताहरूबाट घरकाजको लागि परेको काठको माग निवेदन तथा सामुदायिक वनभित्रकै कवुलियती वनमा गरिएको वृक्षारोपण संरक्षण गर्न उक्त क्षेत्रमा तारवारको लागि चाहिने काठको पिल्लर र समूहको कार्यालय भवन निर्माण समेतका लागि यकिन मिति थाहा नभएको गत भदौ महिनामा समूहले गरेको निर्णय अनुसार आम-उपभोक्ताहरू मिली गत कात्तिक महिनामा हैसियत बिग्रिएका रूखहरू काटिएका हुन् । उक्त रूखहरू कटानको लागि कुनै कटान समिति गठन भएको छैन । काटिएका रूखका ठुटाहरूमा काटिएका माथिल्लो भागमा समूहको टाँचा किन लगाएका हुन् भन्नेबारे मलाई थाहा छैन । वन कार्यालयको कटान सहमति अनुसार काटिएको पुराना काठहरू तथा हाल सामुदायिक वनमा भएका ढलापडा काठहरू राम्रो नभएकोले उक्त रूखहरू काटिएका हुन् अरू मलाई थाहा छैन भनी जिल्ला डडेल्धुरा गा.वि.स. जोगबुडा वडा नं. ९ बस्ने गगन सिं खत्रीको छोरा वर्ष २५ को टेकबहादुर खत्री समेत जना-६ ले करिब एकै मिलान व्यहोरा उल्लेख गरी लेखाइदिएको मिति २०६८।१०।०८ को सर्जमिन मुचुल्का ।

प्रतिवादीको बयान घटनास्थल एवं बरामदी मुचुल्का तथा बिगो तालिका मूल्याङ्कन समेतका आधार प्रमाणबाट साल जातका ६७ वटा ठुटाको जम्मा क्यु.फि. ३८८६ नोक्सानी बिगो र मिति २०६८।१०।०८ को बरामदी मुचुल्कामा उल्लिखित साल जातका २२५ थान विभिन्न नाप साइजका गोलिया काठको जम्मा क्यु.फि. ३४८१।७४ बरामद काठमध्ये नोक्सानी भएको कुल बिगो ३८८६ क्यु.फि. को प्रति क्यु.फि. रु.८००।- का दरले हुन आउने बिगो रु.३१,०८,८००।- बराबरको साल जातको वन पैदावारविरुद्ध खण्डका प्रतिवादीहरू छविलाल घिमिरे, नरबहादुर खडायत, वीरबहादुर पौडेल, मोहनबहादुर पौडेल, टेकबहादुर खत्री र हरि सिं भाटले ओसार पसार गर्ने उद्देश्यले हानि-नोक्सानी गरी वन ऐन, २०४९ को दफा ४९(घ)(ङ) विपरीत को कार्य गरेकोले निजहरूलाई सोही वन ऐन २०४९ को दफा ५०(१)(घ) को देहाय ४ बमोजिम सजाय हुन र बरामदी काठ वन ऐन, २०४९ को दफा ५०(१)(घ) बमोजिम जफत हुनुका साथै फरार रहेको प्रतिवादीहरूका नाउँमा कानुन बमोजिम अदालतबाटै म्याद जारी गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

मैले अनुसन्धानको क्रममा बयान गर्दा सो बयानको स.ज.नं. ७ मा समितिका मान्छेलाई कारबाही हुनुपर्छ भन्ने व्यहोरा लेखाएको थिएन अरू सबै व्यहोरा ठिकै हो र अनुसन्धानको क्रममा गरेको बयानमा रहेको दस्तखत मेरै हो । ६३ वटा रूख हाम्रो सा.व. मा काटिएको भन्ने व्यहोरा ठीक हो । २०६६ सालको जिल्ला वन कार्यालय डडेल्धुराको संकलन सहमति बमोजिम संकलनको कार्य प्रारम्भ गर्दा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह झलारी कञ्चनपुरले दिएको निवेदनका आधारमा संकलन कार्य रोक्का भएकोमा शुक्लाफाँटा

वन्यजन्तु आरक्षका संरक्षक अधिकृतको संयोजकत्वमा विवाद समाधान भई पुनः जिल्ला वन कार्यालयबाट फुकुवा भए पनि मन्त्रिपरिषद्को निर्णयले रोक्का रहेपछि संकलनको कार्य बन्द गरिएको थियो । २०६८ कात्तिकमा नेपाल सरकारले वन पैदावर कटान ओसार-पसार फुकुवा गरेपछि २०६६।०१।०९ को संकलन इजाजत प्राप्त रूखहरू विधान कार्ययोजना बमोजिम समूहको निर्णयले घर पुर्जीका लागि, समुदायिक भवन निर्माण गर्नका लागि र तारबारका खम्बा बनाउन, हैसियत बिग्रिएका, टाउको सुकेका, रोगी, रूखहरू काटिएका हुन् । काँचो रूख काटिएका होइनन् । अनुसन्धानका क्रममा मिति २०६८।०९।२८ गते भएको तितिम्बा वयान व्यहोरा मैले नभनेको बढाई चढाई लेखिएको छ । अनुसन्धान अधिकृत रञ्जित कुमार यादवले आफूखुसी बयान लेखी अनुसन्धानको सिलसिलामा म प्रहरी हिरासतमा रहेका बेला सो कागजमा सहीछाप गर भनेकाले डरले गरिदिएको हुँ । सो बयान व्यहोरा मलाई सुनाइएको थिएन भन्ने समेत व्यहोराको प्रतिवादी छविलाल घिमिरेले यस अदालतमा गरेको बयान ।

आम-उपभोक्ता भेला, विधान र कार्ययोजना बमोजिम संकलन उप-समिति गठन गरी उपभोक्ताहरूको घरकाजका लागि, सामुदायिक वनभित्रको कवुलियती वनभित्र गरिएको वृक्षारोपण संरक्षण गर्नको लागि तारवार लगाउने खम्बा बनाउन र सामुदायिक भवन बनाउनका लागि आवश्यक पर्ने काठका लागि ती रूखहरू काटिएका हुन् । सो काट्ने कटाउने कार्यमा अध्यक्ष छविलाल घिमिरेको कुनै किसिमको संलग्नता छैन । संकलन उप-समिति गठन गरी संकलनको कार्य गरिएको थियो । सामुदायिक वनको कार्ययोजनाको अवधि बाँकी रहेकोले कार्ययोजना बमोजिम उपभोक्ता माग र आवश्यकता अनुसार घर पुर्जी दिइएको हो भन्ने समेत करिब एकै मिलान व्यहोरा उल्लेख गरी प्रतिवादी छविलाल घिमिरेका साक्षी जयराज घिमिरे, प्रताप सिं महरा र दीपक घिमिरेले यस अदालतमा गरिदिएको बकपत्र ।

सर्जमिन मुचुल्का म समेतको उपस्थितिमा तयार पारिएको हो । घटनास्थलमा म समेत गएको थिएँ । काँचा सालका रूखहरू काटी केही गोलिया पारिएका केही सिङ्गो रूख नै रहेका तथा केही ठुटाहरू थिए । काटिएका रूख गोलिया र ठुटामा टाँचा निस्सा केही लगाइएको थिएन भन्ने समेत करिब एकै मिलान व्यहोराको वादी पक्षका साक्षी सिद्धराज जोशी र धीरबहादुर खातीको वकपत्र ।

२०६८।०९।२२ गतेको पक्राउ प्रतिवेदन व्यहोरा र सोमा परेको सहीछाप मेरै हो । साल जातको ६८ बाट काँचो रूख २०६८ मंसिरभन्दा अघि कटान मुछान भएको भनी रामेश्वर खुकुराल समेतका कर्मचारीले जिल्ला वन कार्यालय, डडेल्धुरामा प्रतिवेदन दिएकाले सो कुरा थाहा पाएको हुँ कटान कार्यमा को कसको संलग्नता हो भन्ने कुरा थाहा भएन भन्ने समेत व्यहोराको गणेश सिं ठगुन्नाको बकपत्र ।

मिसिल संलग्न खेस्रा नक्सा सहितको घटनास्थल प्रकृति मुचुल्का र सर्जमिन मुचुल्कामा उल्लेख भएको व्यहोरा खुलाई म समेतका कर्मचारीले काम तामेल गरेको हुँ । ती कागजमा परेको सहीछाप मेरै हो । २०६८ साल कात्तिक महिनामा छविलाल घिमिरे समेतका प्रतिवादीहरू तथा उपभोक्ताहरूले काटेका ६७ वटा सालका ठुटामा दुर्गा भगवती सामुदायिक वनको टाँचा लगाइएको थियो । सो सामुदायिक वनले २०६६।०१।०९ गते जिल्ला वन कार्यालयबाट संकलन सहमति पाए पनि सो संकलन सहमतिको अवधि ४५ दिन मात्र रहेको र काटिएका रूखहरू २०६८ कात्तिक मंसिरतिर काटिएको जस्तो देखिएकाले अवैध रूपमा काटिएका हुन् भन्ने समेत व्यहोराको जीवछ यादवले गरेको बकपत्र ।

बरामदी मुचुल्का म समेतको उपस्थितिमा तयार भै सहीछाप समेत मैले गरिदिएको हुँ । घटनास्थलमा म गएको थिएन भन्ने समेत व्यहोराको रमेशदत्त अवस्थीको वकपत्र ।

खेस्रा नक्सा सहितको घटनास्थल मुचुल्का तथा सर्जमिन मुचुल्काको म समेतले काम तामेल गरेका हुँ, सहीछाप मेरै हो, रूखहरू काट्न कही कतैबाट इजाजत वा अनुमति प्राप्त भएको थिएन । छविलाल घिमिरे

समेतका प्रतिवादीहरूको संलग्नतामा ती रूखहरू काटिएका हुन् भन्ने समेत व्यहोराको अनुसन्धान अधिकृत रञ्जितकुमार यादवले यस अदालतमा गरिदिएको बकपत्र ।

मुचुल्का म समेतको उपस्थितिमा तयार परिएको हो र सोमा परेको सहीछाप मेरै हो, घटनास्थलमा गएको थिएँ केही रूखहरू काटिई सिङ्गो रहेको केही गोलिया पारिएको हरियो काँचो रूख काटी टाँचा निस्सा केही लागेको थिएन, को कसले के प्रयोजनका लागि ती रूखहरू काटेका हुन् थाहा भएन भन्ने समेत व्यहोराको सर्जमिन मुचुल्काको काम तामेल गर्ने खण्डका साक्षी दामोदर पन्तले गरेको बकपत्र ।

बरामदी मुचुल्का मेरो उपस्थितिमा तयार भै सोमा मैले सहीछाप गरिदिएको हुँ । काटिएका मध्ये एउटा ठुटामा टाँचा निस्सा लागेको देखेको थिएँ, सबै काठ हेरेन । टाढैबाट हेर्दा काटिएका रूख काँचै देखेको हुँ । के, कति परिमाण काठ थियो ? सबै मैले हेरेन । तारबारको खम्बा बनाउन सामुदायिक भवन बनाउन आवश्यक काठका लागि रूखहरू काटिएका हुन् । मुचुल्का तयार पार्ने स्थानमा प्रतिवादी छविलाल घिमिरे उपस्थित थिएनन् । कटान उप-समिति गठन भै सोही समितिले संकलनको काम गरेको हो । प्रतिवादी छविलाल घिमिरे सामाजिक मान्छे हुन् भन्ने समेत व्यहोराको बरामदी मुचुल्काको रोहवरमा बस्ने तुलबहादुर पौडेलले गरिदिएको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् जि.न्या.व. श्री द्रोणदत्त पौडेलले यी प्रतिवादी छविलाल घिमिरे समेतले बिना इजाजत साल जातका रूखका काटे कटाएको भन्ने किटानी जाहेरी प्रतिवेदन, प्रतिवादीले मौका तथा अदालतमा बयान गर्दा रूख काटेको तथ्यमा सावित रही गरिदिएको बयान र जिल्ला वन कार्यालयबाट २०६७।०२।०२ मा पत्रपत्रिकामा सार्वजनिक रूपले सूचना प्रकाशित गरी तथा २०६७।०२।३० गते लिखित पत्राचार गरिसकेपछिको समयमा ती रूखहरू काटिएको मिसिल संलग्न प्रमाणबाट देखिएकोले प्रतिवादीहरूलाई अभियोग माग दाबी बमोजिम हदैसम्मको सजाय होस् भनी र प्रतिवादी छविलाल घिमिरे तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गणेशराज भट्टले २०६७।०१।०९ गते को संकलन सहमति अनुसार २१० वटा रूख काट्ने अख्तियारी सो सामुदायिक वनलाई दिइएको काटिएका रूखहरू त्यति बेला अख्तियारी प्राप्त रूखहरूमध्येबाट नै हाल काटिएका रूखहरू काटिएका र काटिएका रूखहरू उपभोक्तालाई घरकाजका लागि तारबार गर्ने खम्बा बनाउन र सामुदायिक भवन बनाउन उपभोक्ता समितिको निर्णय अनुसार काटिएका, सामुदायिक वनको कार्ययोजनाको म्याद बाँकी नै रहेको र संकलनको काम हरि सिं भाटको अध्यक्षतमा गठित ५ सदस्यीय संकलन उप-समितिले गरेको हुँदा मेरो पक्ष छविलाल घिमिरेको रूख काट्ने कार्यमा कुनै किसिमको दायित्व नहुँदा निजले आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस जिकिर समेत सुनी सम्पूर्ण मिसिल अध्ययन गरी हेर्दा, आरोपित कसुरमा प्रतिवादी छविलाल घिमिरे समेतका प्रतिवादीहरूको के, कुन प्रकारको संलग्नता हो ? निजहरूलाई अभियोग माग दाबी बमोजिम सजाय हुने, नहुने के हो ? भन्ने विषयमा नै निर्णय दिनुपर्ने देखियो ।

यसमा निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू छविलाल घिमिरे, नरबहादुर खडायत, वीरबहादुर पौडेल, मोहनबहादुर पौडेल, टेकबहादुर खत्री र हरि सिं भाट समेतले वन कार्यालयको सहमति नै नलिई सामुदायिक वनको संरक्षण र व्यवस्थापन कवुलियत विरुद्ध राष्ट्रिय वन अन्तर्गतको दुर्गा भगवती सामुदायिक वनमा बिगो रु.३१,०८,८००।- बराबरको साल जातका ठुटा र २२५ थान गोलिया समेत जम्मा क्यु.फि. ३४८१।७४ काठमध्ये कुल ३८८६ क्यु.फि. वन पैदावार ओसार-पसार गर्ने उद्देश्यले अवैध रूपमा रूख काटी कटाई हानि-नोक्सानी

गरी वन ऐन २०४९ को दफा ४९(घ) र (ङ) विपरीतको कार्य गरेकाले निजहरूलाई सोही वन ऐन, २०४९ को दफा ५०(१)(घ) को देहाय (४) बमोजिम सजाय गरी बरामद काठ समेत जफत गरी पाऊँ भन्ने समेत वादी नेपाल सरकारको अभियोग माग दाबी रहेकोमा प्र. छविलाल घिमिरे बाहेकका आरोपित प्रतिवादीहरू नरबहादुर खडायत, वीरबहादुर पौडेल, मोहनबहादुर पौडेल, टेकबहादुर खत्री र हरि सिं भाट समेत जना-५ ले यस अदालतबाट जारी भै रीतपूर्वक तामेल भएको सुरु समाव्हान म्यादै गुजारी बसेको देखिन्छ ।

अब, अनुसन्धानकै क्रममा पक्राउ परी पुर्पक्षका लागि थुनामा रहिरहेका प्र.छविलाल घिमिरेको हकमा विचार गर्दा, निजले अदालत समक्ष बयान गर्दा आफू उक्त दुर्गा भगवती सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष भएको तथ्यलाई स्वीकार्दै हाम्रो वनमा ६३ वटा साल जातका रूख काटिएको हो, २०६६ सालको जिल्ला वन कार्यालय, डडेल्धुराको संकलन सहमति बमोजिम रूख कटानमा विवाद भै रोक्का रहेकोमा पुनः फुकुवा भएपछि २०६६।०१।०९ कै इजाजतमध्येका रूख समूहको विधान कार्ययोजना बमोजिम समूहको निर्णयले घर पुर्जी, सामुदायिक भवन निर्माण र तारबार समेतका लागि काटिएका हुन् । काँचो काटेको होइन हैसियत बिग्रिएका, टाउको सुकेका, रोगी रूखहरू काटिएका हुन्, २०६८।०९।२८ को ततिम्बा बयान राजीखुसीले गरेको होइन, २०६८।०९।२२ को मेरो अनुसन्धानमा भएको बयानको स.ज. ७ मा समितिको मान्छेलाई कारबाही गर्ने व्यहोरा बाहेक अरू व्यहोरा ठिकै हो भनी कसुर गरेकोमा इन्कार रही बयान गरेको देखिन्छ तापनि मौकामा २०६८।०९।०२ मा निजले अनुसन्धानको क्रममा २०६६ सालको संकलन सहमतिका घरकाज र समूह भवनका लागि समितिको निर्णय अनुसार पुर्जी दिई कटान उप-समितिले कटाएको हो भनी बयान गरेका र निजले मिति २०६८।०९।२८ गते अधिकार प्राप्त अधिकारी अनुसन्धान अधिकृत समक्ष २०६८ साल कात्तिकमा २०६६ सालकै अनुमतिमध्येका ५३ साल कटाएको हो, २०६६ सालको संकलन सहमति बाहेक वन कार्यालयको अन्य कुनै कटानी आदेश छैन, कटान बन्द भएको परिपत्र सम्बन्धमा मलाई जानकारी छ । उपभोक्ताले घरकाजका लागि काठ माग गरी निवेदन दिएका र कवुलियती वनमा घेरवार बनाउर र चौकीदार घर बनाउन ५३ रूख कटाएको हो कटान समिति गठन गरेर ६८ थान सालको हरियो रूख कटाएको हो, सरकारी मान्यतामा अवैध रूपमा कटाएको ठहर्छ तर सामुदायिक मान्यतामा घरकाज र सामुदायिक भवन बनाउन कटाएको काठ वैधानिक छ त्यसैले सजाय हुनुपर्ने होइन भनी हरियो साल कटाएको तथ्यमा सावितै रही बयान गरेको देखिन्छ । निज प्र. छविलालले अदालत समक्ष बयान गर्दा हरियो रूख काटिएको होइन अनुसन्धानमा भएको बयान नपढी नसुनाई प्रहरी हिरासतमा रहेका बेला सहीछाप गर भनेकाले डरले बयान गरेको हुँ भनी जिकिर लिए तापनि सो बयान स्वेच्छाले भएको होइन भन्ने सोको कुनै प्रमाण समेत पेस गर्न समेत सकेको देखिँदैन ।

यी प्र.छविलाल घिमिरे अध्यक्ष रहेको दुर्गा भगवती सामुदायिक वन क्षेत्रको जंगलमा टुर गस्ती गर्ने क्रममा ६३ थान काँचो साल रूख कटान भै ठुटा फेला परेका भन्ने स.व.अ. रामेश्वर खकुराल र रेन्जर गणेश सिं ठगुन्नाको प्रतिवेदनबाट प्रस्तुत मुद्दाको अनुसन्धान कारबाही उठान भएको देखिन्छ । अनुसन्धानको क्रममा मिति २०६८।१०।०७ मा भएको घटनास्थलको खेस्रा नक्सा मुचुक्काबाट उक्त वन क्षेत्रमा व्यापक रूपमा काटिएका रूखका ठुटा, काटिएका रूखका गिन्डा र गिन्डा बनाउन बाँकी रूख ढलेको घटनास्थल प्रकृति देखिएको छ । उक्त खेस्रा नक्साबारे अदालतमा प्रतिवादीलाई सोधनी गर्दा, आफूलाई प्राविधिक ज्ञान नभएकोले केही भन्न सक्दिन भनी बयान गरेको देखिन्छ । यी प्रतिवादी स्वयं रोहवरमा रही मिति २०६८।१०।०८ मा भएको बरामदी मुचुल्काबाट ३४८१।४७ क्यु.फि. साल जातको ठुटा र गोलिया काठ समेत बरामद भैरहेको, उक्त काठ उपभोक्ताको माग र सामुदायिक भवनका लागि उपभोक्ताको आम-भेलाबाट काटिएको हो, आफैंले व्यक्तिगत रूपमा काटेको होइन भन्ने निजको बयानबाट देखिएको छ । समूहका अध्यक्ष (यी प्रतिवादी) बाट तारबार, सामुदायिक भवन निर्माण र उपभोक्ताका लागि घर पुर्जी दिनको लागि समूहका गत भदौको निर्णय

अनुसार वन कार्यालयको सहमति अनुसार काटिएका पुराना रूख तथा वनमा भएका ढला पडा काठ राम्रो नभएकोले उक्त रूखहरू काटिएका हुन्, रूखहरू कटान गर्ने कार्यमा वन कार्यालयको कुनै सहमति थिएन र कटान समिति गठन भएको थिएन भनी नयाँ रूख काटिएको तथ्य नै प्रमाणित हुने गरी धौल सिं धामी समेतका मानिसले २०६८।१०।०८ मा सर्जमिन मुचुल्का गरिदिएको देखियो ।

घटनास्थल दुर्गा भगवती सामुदायिक वन जोगबुडा ९ को वन क्षेत्रमा कटान गरिएका रूखहरूको घटनास्थलमा खिचिएको भनी मिसिल संलग्न रहेको १४ कपी फोटोग्राफ समेत हेर्दा, साल जातका अब्बल ठूला रूखहरूको व्यापक रूपमा कटान भैरहेको देखिन आउँछ ।

बुझिएका प्रतिवादी छविलालका साक्षी प्रतापसिंह महरा, जयराज घिमिरे र दीपक घिमिरे समेतले सामुदायिक वन उपभोक्ता समूहको निर्णयले उप-समिति (कटान समिति) गठन गरी उपभोक्ताका लागि घर पुर्जी, सामुदायिक भवन निर्माण र कवुलियती वनको घेरबारका लागि समूहको निर्णयानुसार काटिएका हुन्, बिना इजाजत काटे कटाएको भन्ने आरोप झुट्ठा हो साविकमा रोक्का रहेकोमा वन कार्यालय डडेल्धुराको फुकुवा पत्र पाई पूर्व संकलन इजाजत प्राप्त सुख्खड खडा, टाउको सुकेका, हैसियत बिग्रेका रोगी रूखहरू वन प्राविधिकको उपस्थितिमा छपान भै उप-समितिद्वारा काटिएका हुन् भनी २०६८ कात्तिकतिर साल रूख काटिएको तथ्यलाई स्वीकारै गरी बकपत्र गरिदिएको देखिन्छ भने वादी पक्षका गवाह साक्षी बरामदी मुचुल्का काम तामेल गर्ने एवं मुद्दाका अनुसन्धान अधिकृत रंजितकुमार यादवले छविलाल घिमिरे लगायतका प्रतिवादीहरूको संलग्नतामा काँचो हरियो हाल सालै काटिएको अवस्थाका रूखहरू काटिएका गोलिया तथा ठुटाहरूमा कुनै टाँचा निसाना नभएको र उक्त रूख काट्ने अनुमति रहेको पनि नदेखिएको २०६६ सालको संकलन सहमति रद्द भै सबै सा.व.उ. हरूलाई लिखित मौखिक रूपमा जानकारी गराई सोको सूचना पत्रपत्रिकामा प्रकाशित गराइएको थियो ती रूखहरू अवैध रूपमा काटिएका हुन् जिल्ला वन कार्यालयको सहमतिबेगर सा.व.उ.स. ले निर्णय गरेर घर पुर्जी दिन मिल्दैन भनी किटानी बकपत्र गरिदिएको त्यस्तै बरामदी मुचुल्काको काम तामेल गर्ने खण्डका रेन्जर जीवछ यादवले २०६६।०१।०९ मा वन कार्यालयबाट दिइएको संकलन सहमतिका सुख्खड ढला पडा रूखहरू ४५ दिनभित्र संकलन गर्ने सहमति दिइएको तर बरामद रूखहरू हरियो काँचो २०६८ साल कात्तिकतिर काटिएको जस्तो देखिएको, साल जातका ६७ वटा रूख कटान मुछान भै ३४८१ क्यु.फि. काठ बरामद भएको ठीक हो काठ दाउरा संकलन रोक्का रहेको अवस्था समूहलाई जानकारी हुँदा हुँदै वनसँग समन्वय नगरी काठ पुर्जी दिनु गलत हो भनी किटानी बकपत्र गरिदिएको देखिन्छ । घटनास्थल प्रकृतिका धीरबहादुर खाती, सिद्धराज जोशी, दामोदर पन्त तथा बरामदी र सर्जमिन मुचुल्काका वादी पक्षका अन्य साक्षीहरूले घटनास्थलमा केही काँचा रूखहरू काटी गोलिया पारेको केही ठुटाहरू समेत रहेको तिनमा कुनै टाँचा निस्सा नभएको भनी वादी दाबी समर्थन हुने गरी बकी बकपत्र गरिदिएको देखिन्छ ।

आदेशानुसार झिकाइएको उक्त सामुदायिक वनको माइन्युट (निर्णय पुस्तिका) हेर्दा, यी प्रतिवादी छविलाल घिमिरेको अध्यक्षतामा मिति २०६८।०७।१५ मा बसेको बैठकले उपभोक्ताको माग अनुसार घर पुर्जी र खोर पुर्जीका लागि बूढो हैसियत बिग्रिएको रूख दिने, समूहको भवन र चौकीदार घरका लागि १७ वटा त्यस्तै रूख काट्ने र उक्त कटानका लागि हरि सिं भाटको अध्यक्षतामा कटान समिति चयन गर्ने गरी निर्णय गरेको देखिन आउँछ ।

साथै यी प्रतिवादी अध्यक्ष रहेको उक्त सामुदायिक वनको वन कार्ययोजनामा उपभोक्ता समूह र जिल्ला वन कार्यालयबीच २०६५।०५।२२ मा भएको सम्झौतामा नेपाल सरकार वन तथ भू-संरक्षण मन्त्रालय, वन विभाग, क्षेत्रीय वन निर्देशनालय, जिल्ला वन कार्यालय, इलाका वन कार्यालय तथा रेन्जपोस्ट कार्यालयको

आदेश । निर्देशन विपरीत कार्य गर्न नपाउने कवुलियत सर्तनामा भएको र उक्त वन कार्ययोजनाको भाग-५ मा वन सदुपयोग शीर्षक अन्तर्गत "माथि जे जस्तो लेखिए भए तापनि यस सा.व. बाट ढला-पडा, सुख्खा काठ मात्र संकलन गरिनेछ वार्षिक प्राप्ति परिमाण पूरा गर्न काँचो रूख काटिने छैन, तथा सोही शीर्षक अन्तर्गतको ५.१ मा संकलन गर्नु अगाडि जिल्ल वन कार्यालयबाट अनिवार्य रूपमा संकलन इजाजत लिनुपर्ने" रूखहरूको नियमानुसार छपान गरी वन प्राविधिकबाट मूल्याङ्कन गराउनुपर्ने कार्यक्रम सञ्चालन गर्दा वन प्रविधिकको राय अनुसार रूखमा चिन्ह लगाई लगत लिइने जस्ता प्रक्रिया निर्धारण गरिएको देखिन्छ ।

प्र. छविलालको बयान जिकिर र निजका साक्षीहरूको बकाइ अनुसार कटान संकलन अनुमति पाएकोमा रोक्का रही जिल्ला वन कार्यालयबाट फुकुवा प्राप्त भै कटान गरिएको भन्ने जिकिर सम्बन्धमा हेर्दा, काँचो र खडा रूखको छपान रद्द गरी बाँकी काटिएका रूखहरू मात्र संकलन गर्ने गरी फुकुवा गरिएको भन्ने जि. वन कार्यालयको च.नं. २६२ मिति २०६७।०२।१४ को पत्रबाट देखिएकोले सो फुकुवाबाट नयाँ काँचो खडा रूख काट्न पाउने अनुमति रहेको देखिन आउँदैन ।

त्यस्तै वन मन्त्रालय, वन विभाग, जि.वि.स. र जि. वन कार्यालय समेतको निर्णय पत्र र पत्रिका मा प्रकाशित मिसिल संलग्न सूचनाको प्रमाणित प्रतिलिपिबाट २०६७।०२।०२ बाट सम्पूर्ण कटान मुछान कार्य बन्द गरिएको र २०६७।०२।०२ गतेभन्दा अगाडिका संकलन सहमति समेत रद्द गरिएको र सो अगावै कटान मुछान भएका गोलियाको लगत दुरुस्त राख्ने भन्ने समेत निर्णय भै च.नं. २७८३ मिति २०६७।०२।३० को जिल्ला वन कार्यालयको पत्र बाट देखिएको र प्रतिवादीकै बयान अनुसार सोको जानकारी निजलाई भैरहेको भन्ने देखिन आएको छ ।

उल्लिखित तथ्य प्रमाणहरूलाई विश्लेषण एवं विवेचना गरी हेर्दा, यी प्रतिवादी छविलाल घिमिरे अध्यक्ष रहेको दुर्गा भगवती सामुदायिक वनको कार्ययोजनाको अवधि बाँकी रही रहेको भए तापनि उक्त वन क्षेत्रबाट उपभोक्ताको लागि घर र खोर बनाउन काठ पुर्जी दिने, सामुदायिक भवन बनाउने र सोका लागि कटान समिति गठन गर्ने गरी मिति २०६८।०७।१५ मा निर्णय गराई साल जातका रूख कटान गराइएको तथ्यमा कुनै विवाद देखिएन । उक्त काटिएका रूख काँचो हरिया रूख काटिएको हो होइन ? भन्नेतर्फ हेर्दा, काँचो हरिया सालका रूख काटिएका भन्ने किटानी जाहेरी, घटनास्थल प्रकृति सहितको सर्जमिन मुचुल्का, बरामदी मुचुल्का तथा बरामद काठ र रूखहरूका ठुटा समेत स्पष्ट देखिने फोटोग्राफ, वादी पक्षका साक्षीहरूले बकेको किटानी बकपत्र र ढला-पडा पुराना रूख काठ काम नलाग्ने भै नयाँ काटिएको भन्ने सर्जमिन मुचुल्का, प्रतिवादी छविलाल घिमिरे स्वयंले मौकामा गरेको बयान समेतका प्रमाणबाट नयाँ हरिया सालका ६७ थान रूख काटिएको पुष्टि हुन आएको छ । उक्त कटान कार्य वन कार्यालयबाट सम्पूर्ण कटान मुछान रोक्का भएपछिको अवस्थामा यी प्रतिवादी समेतले समूहको निर्णय गराई कटान समिति मार्फत कटाएको तथ्यमा पनि खासै कुनै विवाद देखिँदैन । वन र सा.वन उपभोक्ता समूहबीचको कवुलियत अनुसार वन मन्त्रालय, वन विभाग तथा जि.व. कार्यालयको आदेश, निर्देशन पालन गर्नुपर्ने दायित्व उक्त सामुदायिक वनको रहेको तथ्यलाई दुई पक्षबीच भएको कवुलियत सम्झौताले स्पष्ट पारेको देखिन्छ । त्यस्तो आदेश निर्देशन दिन पाउने अख्तियारी वन मन्त्रालय, वन कार्यालय समेतलाई रहेभएकै, उक्त सम्झौताबाट स्पष्ट देखिएको छ र सो कार्ययोजना वन ऐन, २०४९ को दफा २५ अन्तर्गत हुनुपर्ने र त्यस्तो वनमा मनाही भएका कार्यहरू गरेमा कसुर हुने भनी सोही ऐनको दफा ४९ मा व्यवस्था रहेको देखिन्छ । सम्पूर्ण कटान मुछान कार्य बन्द गर्ने वन मन्त्रालय, वन विभाग तथा जिल्ला वन कार्यालयको निर्णय तथा परिपत्र र प्रकाशित सूचना समेतका जानकारी यी प्रतिवादीलाई रहँदा रहँदै यी प्रतिवादीले कवुलियत सम्झौता तथा कार्ययोजना विपरीत मिति २०६८।०७।१५ मा निर्णय गराई, वन कार्यालयको अनुमति समेत नलिई काँचो हरिया साल जातको रूखहरू व्यापक रूपमा कटान गराई हानि

नोक्सानी गरेको तथ्य पुष्टि हुन आएको देखिएकाले उल्लिखित आधार प्रमाण एवं बरामद दशी काठबाट यी प्रतिवादी छविलाल घिमिरेले बिगो रु.३१,०८,८००।- बराबरको हानि नोक्सानी गरेको भन्ने समेतको वादी नेपाल सरकारको अभियोग दाबी बमोजिम वन ऐन २०४९ को दफा ४९ (घ) र (ङ) विपरीत को कसुर अपराध गरेको ठहर्छ ।

फरार रहेका प्रतिवादीहरू हरि सिं भाट, नरबहादुर खडायत, वीरबहादुर पौडेल, मोहनबहादुर पौडेल तथा टेकबहादुर खत्रीका हकमा विचार गर्दा, निज प्रतिवादीहरू उपर समेत सोही वन ऐन, २०४९ को दफा ४९(घ)र(ङ) विपरीतको कसुरमा निजहरूलाई सोही ऐनको दफा ५०(१)(घ) को देहाय (४) वमोजिमको सजायको अभियोग माग दाबी रहेकोमा यी प्रतिवादीहरूले यस अदालतबाट जारी भै रीतपूर्वक तामेल भएको सुरु समाव्हान म्याद र थाम्ने थमाउने म्यादमा समेत नआई अभियोग दाबीलाई स्वीकार गरी बसेको देखिन्छ । अभियोग माग दाबी बमोजिमको कसुरमा यी प्रतिवादीहरूको संलग्नता रहे नरहेतर्फ विचार गर्दा, यसै मुद्दाका सह-अभियुक्त प्रतिवादी छविलाल घिमिरेको बयानबाट मिति २०६८।०७।१५ मा समूहको बैठकको निर्णयबाट यी प्रतिवादीमध्येका हरि सिं भाटको अध्यक्षतामा अन्य प्रतिवादीहरू सदस्य भै कटान समिति गठन गरिएको र निजहरू संलग्न कटान समितिबाटै सम्पूर्ण कटानको कार्य भएको भनी पोल गरेको र सोही तथ्यलाई वादी तथा प्रतिवादी छविलाल घिमिरेका साक्षीहरूको बकाइ समेतबाट पुष्टि भैरहेको देखिन्छ । २०६८।०७।१५ मा भएको समूहको निर्णयमा यी प्रतिवादीहरू उपस्थित भै कटान गर्ने निर्णय गराई आफूहरू कटान समितिको अध्यक्ष सदस्य चयन गराई उक्त निर्णयमा सहीछाप (दस्तखत) समेत यी प्रतिवादीहरूले गरेको उक्त निर्णय पुस्तिकाबाट देखिएको छ । ठूलो परिमाणको हरियो काँचो सालको रूखहरू कटान भैरहेको तथ्य माथि नै पुष्ट्याइँ भैसकेको देखिन्छ । तसर्थ उल्लिखित आधार प्रमाणबाट यी प्रतिवादीहरू समेतले प्रतिवादी छविलाल समेतको संलग्नतामा बिगो रु. ३१,०८,८००।-बराबरको हरियो साल रूख काटी, कटाई हानि नोक्सानी गरेको भन्ने समेतको वादी नेपाल सरकारको अभियोग दाबी बमोजिम वन ऐन २०४९ को दफा ४९ (घ) र (ङ) विपरीतको कसुर अपराध गरेको ठहर्छ ।

सो ठहरेकाले सजायको हकमा विचार गर्दा, प्रतिवादी छविलाल घिमिरे समेतका सबै प्रतिवादीहरू उपर वन ऐन, २०४९ तफा ४९ को (घ) र (ङ) को कसूरमा सोही ऐनको दफा ५० (१)(घ) को देहाय (४) मोजिम सजायको माग दाबी रहेको देखिँदा प्रतिवादीहरूलाई समष्टिगत रूपमा १(एक) वर्ष कैद र बिगो रु.३१,०८,८००।- को दोब्बर हुने रु.६२,१७,६००।- रुपैयाँ जरिवानाको समेत सजाय हुने हुँदा निज प्रतिवादीहरूलाई दामासाहीले जनही २(दुई) महिना कैद र रु.१०,३६,२६७- रुपैयाँ जरिवाना समेतको सजाय हुन्छ । बरामद काठ वन ऐन, २ँ०४९को दफा ५० (१) (घ) बमोजिमा जफत हुन्छ । सो ठहरेकाले तपसिलका कुरामा तपसिलै बमोजिम हुने गरी मुलुकी ऐन, अ.वं. १८६ नं. बमोजिम आज अड्डैबाट यो फैसला गरी दियाँ ।

## तपसिल

प्रतिवादी छविलाल घिमिरे के, माथि इन्साफ खण्डमा लेखिए बमोजिम २(दुई) महिना कैद र रु.१०,३६,२६७- जरिवानाको समेत सजाय हुने ठहरेकोमा निजलाई फैसलाले लागेको कैद सजायमा निज अनुसन्धानका क्रममा तथा मुद्दा पुर्पक्षका लागि यस अदालतका आदेशानुसार थुनामा रहँदा व्यतीत गरिसकेको पाइएकोले फैसला अनुसार निजलाई भएको जरिवानाको सजायबाट निज थुनामा बढी बसेको समयको नियमानुसार हुने रकम कट्टा गरी बाँकी जरिवाना रकम दाखिला गरे सोको लगत कसी असुल जनाई अन्य मुद्दा वा व्यहोराबाट कैद वा थुनामा राख्न नपर्ने भए निजलाई आजैबाट कैद मुक्त गरी दिनु भनी निज थुनामा बसेको कारागार कार्यालय जगन्नाथ देवल, काठमाडौंलाई छिटो सञ्चार माध्यमबाट सो कुराको जानकारी लेखी पठाउनू.....................१

प्रतिवादी छविलाल घिमिरे के, निजलाई भएको जरिवानाको रकम तिर्न नसके सो जरिवाना बापत मुलुकी ऐन, दण्ड सजायको ३८ नं. को देहाय (१) अनुसारको कैद ठेकी रीतपूर्वकको कैदी पुर्जी दिई सम्बन्धित कारागर कार्यालयमा कैदमा पठाइदिनू.................................................................................................२

देहायका प्रतिवादीहरू के, बेरुजु हुँदा निम्नानुसार लागेको कैद जरिवानाको लगत कसी नियमानुसार असूल उपर गर्नू भनी लागेको कैद जरिवानाको बेरुजु लगत तहसिल शाखालाई दिनू.....................................३

- प्र.नरबहादुर खडायत के, कैद महिना २ (दुई) र जरिवाना रु.१०,३६,२६७- (दस लाख छत्तिस हजार दुई सय सतसठ्ठी रुपैयाँ) ।
- प्र.वीरबहादुर पौडेल के, कैद महिना २ (दुई) र जरिवाना रु. १०,३६,२६७- (दस लाख छत्तीस हजार दुई सय सतसठ्ठी रुपैयाँ) ।
- प्र.मोहनबहादुर पौडेल के, कैद महिना २ (दुई) र जरिवाना रु. १०,३६,२६७- (दस लाख छत्तीस हजार दुई सय सतसठ्ठी रुपैयाँ) ।
- प्र.टेकबहादुर खत्री के, कैद महिना २ (दुई) र जरिवाना रु.१०,३६,२६७- (दस लाख छत्तीस हजार दुई सय सतसठ्ठी रुपैयाँ) ।
- प्र.हरि सिं भाट के, कैद महिना २ (दुई) र जरिवाना रु.१०,३६,२६७- (दस लाख छत्तीस हजार दुई सय सतसठ्ठी रुपैयाँ) ।

प्रतिवादी छविलाल घिमिरे के, मुद्दा पुर्पक्षका लागि थुनामा बसेको भए तापनि अन्य मुद्दा समेतका कारण कारागार कार्यालय जगन्नाथ देवल, काठमाडौंमा भई निज छलफल पेसीमा स्वयं उपस्थित हुन नसेकाले निजलाई यो इन्साफमा चित्त नबुझे ऐन का म्याद ३५ (पैंतीस) दिनभित्र श्री पुनरावेदन अदालत महेन्द्रनगरमा पुनरावेदन गर्नू भनी पुनरावेदनको म्याद दिनू..........................................................................४

यो इन्साफमा चित्त नबुझे कानुनका म्यादभित्र श्री पुनरावेदन अदालत महेन्द्रनगरमा पुनरावेदन गर्नू भनी फैसलाको जानकारी सहितको पुनरावेदनको म्याद जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुरालाई र फैसलाको जानकारी जिल्ला वन कार्यालय, डडेल्धुरालाई दिनू.......................................................................५

प्रतिवादीहरू मोहनबहादुर पौडेल, वीरबहादुर पौडेल, नरबहादुर खडायत, टेकबहादुर खत्री, हरि सिं भाट के, सुरु समाव्हान म्यादै गुजारी फरार रहेकाले मुलुकी ऐन, अ.वं. २०८ नं. बमोजिम पुनरावेदनको म्याद दिइरहनु परेन...................................................................................................................६

बरामद काठ वन ऐन, २०४९ को दफा ५०(१)(घ) बमोजिम गर्नू भनी जि.व.का. डडेल्धुरालाई देखि पठाउनू..७

नक्कल माग्न आउने सरोकारवालालाई नियमानुसार गरी फैसलाको नक्कल दिनू...................................८

आदेशानुसार झिकाइएका सामुदायिक वनका निर्णय पुस्तिका समेतका सक्कल कागज मुद्दा अन्तिम भएपछि सरोकारवालालाई नियमानुसार फिर्ता दिनू..................... ..........................................................९

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी अभिलेख दर्ता जनाई पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत महेन्द्रनगरमा पठाउने गरी सुरक्षितसाथ राख्न अभिलेख शाखामा पठाइदिनू........................................१०

**(जगतनारायण प्रधान)**
**न्यायाधीश**

मा.जि.न्या. ज्यूले बोली टिपाए अनुसार टिपोट गर्ने
फाँटवाला ना.सु. श्री पुष्पराज जोशी ।

**ईति संवत् २०६९ साल पौष महिना ११ गते रोज ४ मा शुभम्.....................**

**श्री झापा जिल्ला अदालत, भद्रपुर**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री गिरिराज गौतम**
**फैसला**
**संवत् २०६७ सालको स.फौ. नं.१८-०६७-००५९७**

**मुद्दा :- खोटा चलन ।**
**निर्णय नं. ७४**

**वादीको नाम, थर, वतन**

इलाका प्रहरी कार्यलय अनारमनी झापामा कार्यरत प्र.ना.नि. गोविन्द खवास समेतको प्रतिवेदनले नेपाल सरकार........................................................१

ऐ.को प्रमाण

साक्षी :-

कागज :-

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला पाँचथर फाक्तेप गा.वि.स. वडा नं. १ बस्ने लोकबहादुरको छोरा वर्ष २४ को हेमराज नेम्वाङ्ग......१

ऐ.ऐ. वडा नं. ३ बस्ने मनबहादुरको छोरा वर्ष १९ को वसन्त लावती..........................................१

ऐ. सिदिन गा.वि.स. वडा नं. ७ बस्ने भीमबहादुरको छोरा मणी जवेगु भन्ने बुद्धि केरुङ्ग........................१

ऐ.ऐ.को प्रमाण

साक्षी :-

कागज :-

**अदालतबाट बुझेको**
**साक्षी :-**
कागजः-

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन अ.बं.२९ नं.बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार रहेको छ :-

मिति २०६७।९।९ गते साँझको समयमा मेरो कमाण्डमा खटिएको मोबाइल गस्ती टोली गस्ती गर्दै जाँदा होटल लज चेक जाँच गर्ने क्रममा जिल्ला झापा अनारमनी ३ स्थित कञ्चन होटल लजको कोठा नं. १०८ मा पाँचथर फाक्तेप १ बस्ने हेमराज नेम्वाङ्ग, नेपाली नक्कली नोट १,११,४००/- रकम सहित पक्राउ परेको हुँदा कानुन बमोजिम गरी पाऊँ भन्ने व्यहोराको प्रहरीको प्रतिवेदन ।

जिल्ला झापा अनारमनी ३ स्थित पूर्वमा बाटो, पश्चिममा सिर्जना होटल, उत्तरमा राजमार्ग, दक्षिणमा नवदुर्गा हार्डवेयरको गोदाम यति ४ किल्लाभित्र रहेको कञ्चन होटलको कोठा नं. १०८ मा हेमराज नेम्वाङ्ग नक्कली रकम १,११,४००/- सहित पक्राउ परेको भन्ने बरामदी मुचुल्का ।

मिति २०६७।९।९ गते म नक्कली नोट रु १,११,४००/- सहित पक्राउ परेको हुँ । उक्त रकम मलाई बुद्धि केरुङ्गले दिएको हो । वसन्त लावती मार्फत मेरो हातमा आएको हो । बुद्धि केरुङ्गसँग मेरो पाउनुपर्ने पैसा रहेको र मैले पाउने रकम रु. ३५,०००/- को सट्टा साटी चलाउनु भनी १,११,४००/- पठाएको थियो । कमिसन समेत आउँछ भनी चलाउनका लागि साथैमा राख्दा पक्राउ परेको ठीक साँचो हो भन्ने समेत व्यहोराको प्रतिवादी हेमराज नेम्वाङ्गको बयान कागज ।

मिति २०६७।९।९ गते रातिको समयमा पाँचथर फाक्तेप १ बस्ने हेमराज नेम्वाङ्ग बरामद नक्कली पैसा सहित पक्राउ परेको हो उक्त रकम के, कहाँबाट ल्याए थाहा भएन। नक्कली नोटको कारोबार गर्ने हेमराज नेम्वाङ्ग तथा निजको सहयोगी उपर कडा कारबाही होस् भन्ने समेत व्यहोराको कुवेर पराजुलीको कागज।

म झापा अनारमनी ३ मा होटल व्यवसाय गरी बसेको छु। होटलमा विभिन्न किसिमका मानिसहरू खान आउने जाने गर्छन्। यस्तैमा मिति २०६७।८।५ देखि नै हेमराज नेम्वाङ्ग मेरो होटलमा आई बसेका थिए, निजका साथीहरू आउने, जाने, खाने गर्दथे। यस्तैमा मिति २०६७।९।९ मा साँझको समयमा प्रहरी टोली होटलमा गई होटल लज चेक जाँच गर्ने क्रममा हेमराज नेम्वाङ्गको साथबाट विभिन्न दरका नेपाली नक्कली नोट १,११,४००/- रकम सहित प्रहरीले पक्राउ गरी रकम समेत बरामद गरेको हो। निज नक्कली नोटको कारोबार गर्ने मानिस रहेछन्, के, कहाँबाट ल्याए मलाई थाहा भएन, नक्कली नोटको कारोबार गर्ने उपर कारबाही होस् भन्ने व्यहोराको भीमप्रसाद रिजालको कागज।

बरामद भएको रु १००/- दरको थान १२४, रु ५००/- दरको थान ६४ र रु १०००/- दरको थान ६७ रकम जाली ठहर्छ भन्ने व्यहोराको नेपाल राष्ट्र बैंकले गरी दिएको परीक्षण रिपोर्ट।

वारदात मिति २०६७।९।९ गते साझँको समयमा म आफ्नै घरमा थिएँ। झापा अनारमनी ३ स्थितमा रहेको कञ्चन होटलबाट नक्कली नोट सहित हेमराज नेम्वाङ्ग पक्राउ परेको भनी सुनी थाहा पाएको हुँ। घटना बारे बुझ्दै जाँदा पाँचथर फाक्तेप बस्ने हेमराज नेम्वाङ्ग नक्कली नेट रु. १,११,४००/- सहित पक्राउ परेको रहेछ, निजले के कहाँबाट उक्त रकम ल्याए यकिन साथ भन्न सक्दिन तर निज हेमराज नेम्वाङ्ग नक्कली नोटको ओसार पसार कारोबार र सटही गर्ने मानिस रहेछन्। यसमा बुद्धि केरुङ्ग समेतको संलग्नता छ भन्ने सुनी थाहा पाएको हुँ। निजहरूले नक्कली नोटको कारोबार गरेकोमा पूर्ण विश्वास लागेको, रकम सहित पक्राउ परेको हुँदा कारबाही होस् भन्ने समेत व्यहोराको कुष्ण लुइँटेल समेतले लेखाई दिएको बस्तुस्थिति मुचुल्का।

प्रतिवादी हेमराज नेम्वाङ्ग (लिम्बु), मणी जवेगु भन्ने बुद्धि केरुङ्ग र वसन्त लावतीले मुलुकी ऐन खोटा चलनको १ नं. बमोजिम कसुर गरेकोले प्रतिवादीहरूलाई ऐ.ऐ.को ४ नं. को देहाय १ नं. बमोजीम सजाय हुने व्यवस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) बमोजिम प्रतिवादीहरूले गरेको उक्त कार्य कसुर कायम गरी ऐ.ऐ.को ९६(१) बमोजिम सजाय हुने हुँदा बरामद जाली नोट जफत गरी सजाय समेत गरी पाऊँ भन्ने व्यहोराको अभियोग पत्र।

प्रतिवादी बुद्धि केरुङ्गसँग मैले मेरो घरायसी व्यवहारमा रु. १,२५,०००/- पाउनुपर्ने थियो। सो रुपैयाँ बुद्धि केरुङ्गले वसन्त लावती मार्फत पठाइदिएको मैले विर्तामोड कञ्चन होटलमा लिएको हुँ। वसन्त लावती फर्केपछि प्रहरी आई मलाई पक्राउ गरेको हो, रुपैयाँ बरामद गरेको हो, मलाई वसन्त लावतीले दिएको उत्त नोटहरू जाली हुन् भन्ने कुरा थाहा थिएन। मैले नक्कली जाली नोटको कारोबार गरेको होइन, मैले पाएका नोटहरू नक्कली रहेछन्। बरामदी मुचुल्कामा उल्लिखित नोटहरू मेरा साथबाट बरामद भएका हुन्। मौकामा भएको बयानको व्यहोरा फरक पारी लेखिएको रहेछन्, सहीछाप मेरो हो भन्ने समेत व्यहोराको प्रतिवादी हेमराज नेम्वाङ्गले यस अदालतमा आई गरेको बयान।

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल प्रतिवादी हेमराज नेम्वाङ्गलाई अ.वं. ११८ को देहाय २ बमोजिम थुनामा राखी मुद्दा पुर्पक्ष गर्न थुनुवा पुर्जी दिई कारागार कार्यलय झापामा पठाइदिनू भन्ने यस अदालतको २०६७।१०।४ को आदेश।

हेमराज नेम्वाङ्गलाई मैले चिनेको छैन। नचिनेको हुँदा निजसँग के कस्ता नोटहरू बरामद भए भएनन् मलाई थाहा छैन। २०६९।९।९ गते मैले चिनेका नरवीर नेम्वाङ्ग भन्ने दाइले तेरो बाइक छ, अम्बर आङदाम्बे

भन्ने मान्छेलाई इलाम पुऱ्याइदेऊ मोटरसाइकलमा तेल समेत हाल्नु भनी मलाई ने.रु. १००/- दरका १० वटा र भा.रु. १००/- नोट दिएको थियो । मैले राखी इलामतर्फ जाँदै गर्दा प्रहरीले मलाई पक्राउ गरी रुपैयाँ समेत बरामद गरेको हो, सो उपर मुद्दा चली मैले सफाइ समेत पाइसकेको छु । निजलाई मैले कुनै रुपैयाँ दिएको छैन, म उपर पोल गरी कागज गर्ने मानिसहरूलाई म चिन्दिन किन म समेतको संलग्नतामा सो कार्य भयो भनी लेखाए निजहरू नै जानुन्, म नक्कली नोटको कारेबार गर्ने मानिस होइन भन्ने समेत व्यहोराको प्रतिवादी वसन्त लावतीले यस अदालतमा आई गरेको बयान कागज ।

प्रतिवादी वसन्त लावतीलाई मुलुकी ऐन अ. वं. ११८ को देहाय २ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न अ.वं. १२१ नं. बमोजीम थुनुवा पुर्जी दिई जिल्ला कारागार कार्यलय झापामा पठाइदिनू भन्ने यस अदालतको २०६९।२।१६ को आदेश ।

प्रतिवादी मणी जवेगु भन्ने बुद्धि केरुङ्गका नाममा यस अदालतबाट भई गएको म्याद २०६८।१०।२५ मा तामेल भई तामेली मिसिल सामेल रहेको ।

प्रतिवादी हेमराज नेम्बाङ्गले बुद्धि केरुङ्गबाट रु. १,५०,०००/- लिनुपर्ने थियो भन्ने मैले सुनेको थिएँ । प्रतिवादी गाउँघरमा बस्ने खेतीपाती गर्ने इमानदार मानिस हुन्, गाउँबाट हेमराज हिँड्दा बुद्धि केरुङ्गबाट रुपैयाँ लिनु छ भनी हिँडेको थियो, बरामद नक्कली नोट बुद्धि केरुङ्गले पठाएको हो, बरामद भएका नोटहरू नक्कली हुन भन्ने हेमराजलाई थाहा थिएन भन्ने प्रतिवादी हेमराज नेम्वाङ्गका साक्षी सूर्यप्रसाद चेम्जोङ्गको बकपत्र ।

प्रतिवादी त्यस्तो कार्य गर्ने व्यक्ति होइनन्, प्रतिवादी हेमराज नेम्वाङ्गले भनेको वसन्त लावती यी पक्राउ परेको प्रतिवादी होइनन् भन्ने प्रतिवादी वसन्त लावतीका साक्षी सन्तोष थेगिमको बकपत्र ।

२०६७।९।९ मा बेलुका १८ देखि २४ बजेसम्म अनारमनीमा गस्ती खटाएकोमा सुराकीका आधारमा कञ्चन लजको १०८ नं. कोठामा हेमराज नेम्वाङ्गका नक्कली नोट ने.रु. १००/- दरको १२४, रु ५००/- दरको ६४ र रु १०००/- दरको ६७ गरी रु १,११,४००/- पेन्ट तथा ज्याकेटको गोजीमा लुकाई राखेको अवस्थामा पक्राउ गरी नोट बरामद गरी प्रतिवेदन साथ पेस गरेको हो, बरामदी मुचुल्का बारदातस्थलमै तयार गरेको हो भन्ने समेत व्यहोराको प्रतिवेदक गोविन्द खवासको अदालतमा भएको बकपत्र ।

२०६७।९।९ गते साँझ ५ बजेतिर प्रतिवादी हेमराज नेम्वाङ्गसँग विर्तामोड कञ्चन लज कोठा नं. १०८ मा भेट भएको हो सोही समयमा १ जना मानिसले बुद्धि केरुङ्गले पठाएको भनी पत्रिकामा प्याक गरेको पैसा भनी दिएर गयो । प्रतिवादीले खोटा चलन गरेको होइन भन्ने प्रतिवादी हेमराज नेम्वाङ्गका साक्षी देवेन्द्रकुमार आङदाम्बेको बकपत्र ।

फरार प्रतिवादी बुद्धि केरुङ्गका हकमा मिति २०६९।५।९ मा भै आएको अंश रोक्का मुचुल्का मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम दैनिक तथा साप्ताहिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न सम्पूर्ण कागजात अध्ययन गरी बादी नेपाल सरकारतर्फबाट रहनुभएका विद्वान् जिल्ला न्यायाधिवक्ता श्री भानुभक्त काफ्लेले प्रतिवादी हेमराज नेम्वाङ्गबाट बरामद भएको नोट जाली भन्ने राष्ट्र बैकको परीक्षण प्रतिवेदनले देखाएको र उक्त नोटहरू प्रतिवादी वसन्त लावतीले दिएको भन्ने देखिन आएको प्रतिवादी हेमराज नेम्वाङ्गले रकम लिएको कुरालाई अन्यथा भन्न सकेको नदेखिँदा प्रतिवादीहरू उपरको बादी नेपाल सरकारको अभियोग दाबी प्रमाणको रोहमा समर्थित हुन आएकोले माग दाबी बमोजिम सजाय गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादी हेमराज नेम्वाङ्गका तर्फबाट रहनुभएका विद्वान् अधिवक्त श्री अशोककुमार पोखरेलले प्रतिवादी अदालतमा कसुर गरेको कुरामा इन्कार रहेको रकम बढी प्राप्त गर्नु नै प्रतिवादी उपरको अभियोग प्रमाणित गर्ने आधार हुन सक्ने होइन । सहअभियुक्त बुद्धि केरुङ्गले तिर्न बुझाउनुपर्ने रकम नक्कली दिएको अवस्थामा सोको आपराधिक दायित्व मेरो पक्षले वहन गर्नुपर्ने होइन भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादी वसन्त लावतीको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री यज्ञप्रसाद अधिकारीले प्रतिवादी वसन्त लावतीको अदालतमा भएको बयानमा इन्कारी रहेको निजबाट कुनै नोटहरू बरामद हुन नआएको वारदातकै दिन यी प्रतिवादी इलामको फिक्कलबाट पक्राउ भई मुद्दाको कारबाहीमा रही यस अदालतमा आएको सहअभियुक्तको पोलले मात्र यी प्रतिवादी कसुरदार हुन् भनी अनुमान गर्न नमिल्ने हुँदा निजलाई अभियोग दाबीबाट सफाइ हुने गरी इन्साफ गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् कानुन व्यवसायीहरूले गर्नुभएको बहस सुनी मिसिल अध्ययन गरी प्रस्तुत अभियोग पत्रका सम्बन्धमा देहायका विषयहरूमा आधारित भई निर्णयमा पुग्नुपर्ने देखियो :

१.अभियोग दाबीको वारदात कायम हुने नहुने के हो ?

२.प्रस्तुत वारदात सम्बन्धमा नेपाल सरकारको अभियोग दाबीमा पृथक् पृथक् कानुन अवलम्बन गरेको अवस्थामा प्रचलित कुन कानुन यस अभियोगका सम्बन्धमा लागू हुने हो ?

३. कसुर कायम भएको अवस्थामा अभियोग दाबीको कसुरका सम्बन्धमा के कुन प्रतिवादीहरूको के कुन भूमिका रहेको छ र के कुन सजाय हुनुपर्ने हो ?

सर्वप्रथम प्रथम प्रश्न अभियोग दाबीको वारदात कायम हुने नहुने के हो ? भन्ने सम्बन्धमा विचार गर्दा मिति २०६७।९।९ गते साँझको समयमा जिल्ला झापा अनारमनी ३ स्थित कञ्चन होटल लजको कोठा नं. १०८ मा पाँचथर फाक्तेप १ बस्ने हेमराज नेम्वाङ्ग, नेपाली नक्कली नोट १,११,४००/- रकम सहित पक्राउ परेको हुँदा कानुन बमोजिम गरी पाऊँ भन्ने व्यहोराको प्रहरीको प्रतिवेदनबाट प्रस्तुत अभियोगको सम्बन्धमा अनुसन्धान तहकिकात भएको देखियो । प्रतिवादी हेमराज नेम्वाडको साथबाट बरामदी मुचुल्कामा उल्लिखित रकम बरामद भएको तथ्यलाई प्रतिवादी वसन्त नेम्वाडले यस अदालतमा बयान गर्दा समेत स्वीकार गरेको पाईयो । दशीको रूपमा यस अदालतमा अभियोग साथ पेस भएका मिसिल संलग्न बरामदी मुचुल्का मार्फत बरामद भएका रु १००/- दरको थान १२४, रु ५००/- दरको थान ६४ र रु १०००/- दरको थान ६७ नोटहरू रहेको तथ्यमा विवाद देखिँदैन । उक्त बरामद नोटको वैधता परीक्षण गर्न नेपाल राष्ट्रबैक विराटनगरमा पठाइएकोमा  जाली नोटहरू रहेको भन्ने व्यहोराको नेपाल राष्ट्र बैंकले गरी दिएको परीक्षण प्रतिवेदन मिसिल संलग्न देखियो । प्रतिवादीबाट बरामद भएका नोटहरू जाली रहेको परीक्षण रिपोर्टबाट देखिएको र उक्त बरामदी मुचुल्का स्वयं प्रतिवादीको अदालत समेतमा भएको बयान समेतबाट निजबाट भएको तथ्यमा अन्यथा अनुमान गर्न सकिने अवस्था नदेखिँदा अभियोग दाबीको खोटा (जाली) counterfeit चलन गरेको वारदात स्थापित हुन आयो ।

दोश्रो प्रश्न प्रस्तुत वारदात सम्बन्धमा नेपाल सरकारको अभियोग दाबीमा पृथक् पृथक् कानुन अवलम्बन गरेको अवस्थामा प्रचलित कुन कानुन यस अभियोगका सम्बन्धमा लागू हुने हो भन्ने सम्बन्धमा विचार गर्दा सर्वप्रथम अपराधको प्रकृति र तरिकालाई Modes of operandi तथा नेपाल सरकारले प्रतिवादीहरू उपर गरेको अभियोजनलाई हेर्नुपर्ने हुन्छ । प्रतिवादीहरू उपर लगाईएको अभियोग दाबी हेर्दा प्रतिवादी हेमराज नेम्वाङ्ग (लिम्बु), मणी जवेगु भन्ने बुद्धि केरुङ्ग र वसन्त लावतीको मिलेमतो एवम निजहरूको संलग्नतामा बरामद जाली नोटहरू ओसार पसार कारोबार वितरण लेनदेन गरेको भनी प्रतिवादीहरूलाई आरोपित गरिएको पाइन्छ । अभियोग दाबीबाट प्रतिवादीहरूले जाली नोटहरू छपाइ गरी जाली बनाई कारोबार गरेको भन्ने नभई

केवल जाली नोटहरूको कारोबार, वितरण र लेनदेन गरेको भन्नेसम्म देखिई सवुदको रूपमा बरामद जाली नोटसम्म पेस भएको देखिन्छ। जाली नोटहरू छाप्न प्रयोग भएका औजार वा मेसिनहरू दशीको रूपमा पेस हुन सकेको देखिँदैन भने अर्कोतर्फ वादी नेपाल सरकारले प्रतिवादीहरूले जाली नोटहरू छपाई वा स्वयं जाली बनाई चलन कारोबार वितरण लेनदेन गरेको भनी दाबी लिन सकेको अवस्था मिसिलबाट देखिँदैन।

उल्लिखित तथ्यहरू भएको प्रस्तुत अभियोग दाबीका सम्बन्धमा प्रतिवादीहरू उपर वादी नेपाल सरकारले मुलुकी ऐन, खोटा चलनको महलको, १ नं विपरीत कसुर गरेकोले निज प्रतिवादीहरूलाई ४ न. बमोजिम सजाय हुने व्यवस्थालाई नेपाल राष्ट्रबैक ऐन, २०५८ को दफा ९५ (१) बमोजिम प्रतिवादीहरूले गरेको उक्त कार्य कसुर कायम गरी ऐ ऐनको दफा ९६(१) बमोजिम सजाय हुने कानुनी व्यवस्था बमोजिम सजाय हुन भनी दोहोरो कानुनी आधारहरू देखाई अथवा अर्थ लाग्ने गरी माग दाबी लिएको देखियो।

यस अवस्थामा ती ऐन तथा कानुनको व्यवस्था के रहेछ भनी हेर्नुपर्ने देखियो।

मुलुकी ऐन खोटा चलनको १ नं को कानुनी व्यवस्था हेर्दा "सरकारी टक लागेको सिक्का नोट, टिकट, छाप लागेको लिफा, माना, पाथी र निशाना नम्बर लागेको ढक, गज इत्यादि स्थिति चलनका कुरा कसैले वाहिडा टक मारी छाप, नम्बर, निशाना इत्यादि ढाली खोदी बनाउन, बनाउन लगाउन, बनाउन उद्योग गर्न र त्यस्ता माल कसैले जानी जानी खरिद बिक्री गर्न औ सरकारी टक छाप नलागेका लेखिएका मालबाट भर्न नाप जोख तौल गर्नु इत्यादि गरी चलाउन र एक फेरा काम लगाई रद्दी भइसकेको टिकट लिफा इत्यादि टाँसी फेरि काममा लगाउन समेत हुँदैन, गरे खोटा चलन गरेको ठहर्छ" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ उक्त कानुनी व्यवस्थाले जाली नोटहरू Counterfeit बनाउन तथा चलन गर्न निषेध Criminalized गरेको र त्यस प्रकारको कार्य कानुनद्वारा दण्डनीय मानेका देखियो। सोही महलको ४ नं ले सरकारी टक, छाप, नम्बर, निशाना इत्यादि वाहिडा लगाउनेलाई निजबाट बिगो उपर गरी देहायमा लेखिए बमोजिम गर्नुपर्छ भनी देहाय १ मा सिक्का वाहिडा टक मार्ने वा नोट वाहिडा छाप्नेलाई बिगो बमोजिम जरिवाना गरी दस वर्ष कैद गर्नुपर्छ, देहाय २ ले बिक्री हुने टिकट वा लिफा इत्यादि वाहिडा छाप्नेलाई बिगो बमोजिम जरिवाना गरी छ वर्ष कैद गर्नुपर्छ देहाय ३ ले ढक, माना, पाथी, गज इत्यादिमा वाहिडा छाप, नम्बर निशाना लगाउनेलाई बिगो बमोजिम जरिवाना गरी एक वर्ष कैद गर्नुपर्छ र देहाय ४ ले माथि लेखिएका काममा लगाइएको र लाग्ने माल सामान जफत गर्नुपर्छ भनी सजायको व्यवस्था गरेको देखियो।

त्यसैगरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५ ले यस ऐन बमोजम कसुर गरेकेको मानिने : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन विपरीत हुने गरी निक्षेप लिएमा वा कर्जा दिएमा वा डिवेन्चर वा अन्य वित्तीय उपकरण जारी गरेमा वा बैंकले निर्धारण गरेको नीति विपरीत ब्याज लिनु वा दिनु गरेमा वा जाली वा खोटो वा नक्कली वा प्रतिलिपि मुद्रा जारी गरेमा वा त्यस्तो मुद्रा वितरण वा लेनदेनमा संलग्न भएमा, विदेशी विनिमय कारोबार गरेमा वा त्यस्ता कार्यमा संलग्न भएमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ भन्ने कानुनी व्यवस्था गरेको देखियो। माथि उल्लिखित विषयहरूलाई आपराधिक कार्य Criminalized घोषणा गरी त्यस प्रकारको अपराधका लागि दफा ९६. दण्ड सजायको व्यवस्था गरेको छ। दफा ९६ को उपदफा मा (१) दफा ९५ बमोजिमको कसुर गर्ने व्यक्तिलाई उक्त कसुरसँग सम्बन्धित बिगो जफत गरी बिगोको तीन गुणासम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। (२) उपदफा (१) बमोजिम बिगो जफत गरी बिगो कायम गर्न नसकिने अवस्था भएकोमा कसुरको मात्रा हेरी बढीमा दस लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ भन्ने कानुनी व्यवस्था र सजायको व्यवस्था गरेको पाइयो।

दुवै प्रचलित कानुनी व्यवस्थाहरूलाई तुलनात्मक रूपमा हेर्दा मुलुकी ऐनको व्यस्थाले सरकारी टक लागेको सिक्का नोट, टिकट, छाप लागेको लिफा, माना, पाथी र निशाना नम्बर लागेको ढक, गज इत्यादि स्थिति चलनका कुरा कसैले वाहिडा टक मारी छाप, नम्बर, निशाना इत्यादि ढाली खोदी बनाउन, बनाउन लगाउन, बनाउन उद्योग गर्न र त्यस्ता माल कसैले जानी जानी खरिद बिक्री गर्न औ सरकारी टक छाप नलागेका लेखिएका मालबाट भर्न नाप जोख तौल गर्नु इत्यादि गरी चलाउन प्रतिबन्ध गरेको छ भने राष्ट्र बैंक ऐनको व्यवस्थाले अन्य कुराको अलावा जाली वा खोटो वा नक्कली वा प्रतिलिपि मुद्रा जारी गरेमा वा त्यस्तो मुद्रा वितरण वा लेनदेनमा संलग्न भएमा कसुर मानी सजायको व्यवस्था गरेको पाइयो ।

दुवै कानुनले एकैसाथ simultineusly एकै प्रकारको कार्यलाई (Crime in similar contant) अपराधीकरण criminalized गरेको अवस्थामा प्रस्तुत अपराधका सम्बन्धमा के कुन प्रचलित कानुन एचभखर्भाष्लिन बिध आकर्षित हुने हो सो सम्बन्धमा प्रचलित नेपाली कानुनी प्रणालीको Legal system को प्रचलनलाई हेर्नुपर्ने देखियो । यस सम्बन्धमा मुलुकी ऐन प्रारम्भिक कथनको महलको व्यवस्थालाई हेर्नुपर्ने हुन्छ । उक्त महलको ४ न. ले विषय विषयमा छुट्टाछुट्टै बनेका कानुनमा लेखिए जतिमा सोही कानुन बमोजिम र सो कानुनमा नलेखिएकोमा यही मुलुकी ऐन बमोजिम गर्नुपर्छ भन्ने कानुनी व्यवस्था गरेको छ । यसको अर्थ सामान्य कानुनको रूपमा रहेको मुलुकी ऐनको व्यवस्था र विशेष कानुनको रूपमा रहेको राष्ट्र बैंक ऐनको व्यवस्था एकआपसमा समान रहेको अवस्थामा विशेष ऐनको रूपमा रहेको राष्ट्र बैंक ऐनको व्यवस्था आकर्षित हुने देखिन्छ । सामान्य कानुनको रूपमा रहेको रहेको मुलुकी ऐनको व्यवस्था २०२० सालमा जारी भै हालसम्म यथावत् रहेको र सोही विषयमा विधायिकाले पुनः २०५८ सालमा जारी गरेको कानुनको व्यवस्थाको सन्दर्भ र कानुनी क्रमबद्धता hirarcy लाई हेर्दा पनि यस अभियोग दाबीको कसुरलाई विधायिकाले Re criminalized गरेको मान्नुपर्ने फौजदारी कानुनको Criminalization अपराधीकरणको सिद्धान्त समेतलाई हेर्नुपर्ने हुन्छ । उल्लिखित विवेचनाबाट नेपाल सरकारको प्रस्तुत कसुरका सम्बन्धमा पृथक् पृथक् कानुनी व्यवस्थालाई अवलम्बन गरी प्रतिवादी उपर आरोपित गरे पनि प्रचलित कसुरका सम्बन्धमा विशेष ऐनको रूपमा रहेको राष्ट्र बैंक ऐन प्रस्तुत आकर्षित हुने देखिन आयो ।

अब तेश्रो प्रश्न कसुर कायम भएको अवस्थामा अभियोग दाबीको कसुरका सम्बन्धमा के कुन प्रतिवादीहरूको के कुन भूमिका रहेको छ र के कुन सजाय हुनुपर्ने हो ? भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादी मणि जवेगु भन्ने बुद्धि केरुङ्गले यस अदालतबाट जारी भएको म्यादमा हाजिर नभै म्यादै गुजारी बसेको र निजको हकमा अंश रोक्का भई आएको देखिँदा निजको हकमा अ.व. १९० न. प्रस्तुत अभियोग मुल्तवी हुने हुँदा हाल कुनै विवेचना गर्नु परेन ।

अर्का प्रतिवादी हेमराज नेम्वाङ्ग लिम्बुको सम्बन्धमा विचार गर्दा यी प्रतिवादी उपर वादी नेपाल सरकारले जाली नोटको ओसार पसार लेनदेन कारोबारको कार्य गरी मुलुकी ऐन खोटा चलनको १ नं. बमोजिम कसुर गरेकोले प्रतिवादीहरूलाई ऐ.ऐ.को ४ नं. को देहाय १ नं. बमोजिम सजाय हुने व्यवस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) बमोजिम प्रतिवादीहरूले गरेको उक्त कार्य कसुर कायम गरी ऐ.ऐ.को ९६(१) बमोजिम सजाय हुने हुँदा बरामद जाली नोट जफत गरी सजाय समेत गरी पाऊँ भन्ने व्यहोराको अभियोग पत्र रहेका छ । निजले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा आफूले सहअभियुक्त बुद्धि केरुङ्गबाट पाँचथर बस्दाको कारोबार बापतमा लिनुपर्ने रकम वसन्त लावती मार्फत मेरो हातमा आएको हो । बुद्धि केरुङ्गसँग मेरो पाउनुपर्ने पैसा रहेको र मैले पाउने रकम रु ३५,०००/- को सट्टा साटी चलाउनु भनी १,११,४००/- पठाएको थियो । निजले पठाएको रकम सहित म मिति २०६७।९।९ गते पक्राउ परेको हुँ । मेरो लिनुभन्दा बढी भएको रकम मलाई बुद्धिले कमिसन समेत आउँछ भनी चलाउनका लागि साथैमा राख्दा पक्राउ परेको हो, उक्त रकम जाली हो भन्ने जानी जानी लिएको हो भनी बयान गरेको देखियो । निजले अदालतमा आई बयान गर्दा प्रतिवादी

बुद्धि केरुङ्गसँग मैले मेरो घरायसी व्यवहारमा रु. १,२५,०००/- पाउनुपर्ने थियो । सो रुपैयाँ बुद्धि केरुङ्गले वसन्त लावती मार्फत पठाइदिएको मैले विर्तामोड कञ्चन होटलमा लिएको हुँ । वसन्त लावती फर्केपछि प्रहरी आई मलाई पक्राउ गरेको हो, रुपैयाँ बरामद गरेको हो, मलाई वसन्त लावतीले दिएको उक्त नोटहरू जाली हुन् भन्ने कुरा थाहा थिएन । मैले नक्कली जाली नोटको कारोबार गरेको होइन, मैले पाएका नोटहरू नक्कली रहेछन् । बरामदी मुचुल्कामा उल्लिखित नोटहरू मेरा साथबाट बरामद भएका हुन् । मौकामा भएको बयानको व्यहोरा फरक पारी लेखिएको रहेछ, सहीछाप मेरो हो भन्ने समेत व्यहोराको यस अदालतमा आई गरेको बयान गरेको देखिन्छ ।

प्रतिवादी हेमराज नेम्वाङले अदालतमा आई बकपत्र गर्दा अनुसन्धान अधिकारी समक्ष गरेको बयानमध्ये बरामद भएको तथ्यसम्मलाई स्वीकारी बयान गरेको पाइयो भने वसन्त लावली मार्फत रकम लिएको स्वीकार गरी उक्त रकम आफूले बुद्धि केरुङ्गबाट पाउनुपर्ने रकम बापत लिएको भनी जाली नोट भन्ने आफूलाई मौकामा थाहा जानकारी नभएको भनी अपराधमा आफ्नो संलग्नता प्रत्यक्ष नरहेको भनी बयान गरेको देखियो । अनुसन्धान अधिकारी समक्ष बयान गर्दा आफूले सहअभियुक्त बुद्धि केरुङ्गबाट रु. ३५०००। मात्र लिनुपर्नेमा बरामद भएको रकम लिएको भनी बयान गरेको देखियो । अदालतमा अनुसन्धान अधिकारी समक्ष गरेको बयान अन्यथा भनी जिकिर लिएको र अनुसन्धान अधिकारी समक्ष र अदालतमा सहअभियुक्त बुद्धि केरुङ्गसँग लिनुपर्ने कुरामा सावित रहेका, बयानमा रकम पृथक् पृथक् देखाए पनि बरामद भएको रकम १,११,४००/- रहेको र सो रकम आफूले पाउने पर्ने रकम बापत प्राप्त गरेको भनी जिकिर लिएको पाइयो । आफूले बुद्धि केरुङ्गसँग लिनुपर्नेभन्दा बढी रकम प्राप्त गरेको कुरालाई अदालत र अनुसन्धान अधिकारी समक्ष पृथक् पृथक् भनाइ राखे पनि माथि उल्लिखित तथ्यले प्रतिवादी हेमराज नेम्वाङ्गको अदालतमा भएको बयान नै सत्यतामा आधारित रहेछ र निजको अनुसन्धान अधिकारी समक्ष बयान गर्दा रु ३५०००। पाउनुपर्ने अदालतमा बयान गर्दा १,२५,०००। पाउनुपर्ने भनी पृथक् पृथक् जिकिर लिएको र बरामद रकम र दुवै बयानमा लिएका जिकिर एकआपसमा नमिलेकोबाट पनि प्रतिवादीको अदालतमा भएको बयान साचो हो भन्ने आधारहरू मिल्दो देखिएन । प्रतिवेदक प्र.ना.नि. गोविन्द खवासले यस अदालतमा आई बकपत्र गर्दा यी प्रतिवादीबाट अभियोग दाबीको वारदात स्थलबाट बरामदी मुचुल्कामा उल्लिखित रकम बरामद गरेको हो भनी वादी नेपाल सरकारको अभियोग दाबीलाई सर्मथन हुने गरी बकपत्र समेत गरिदिएको र उक्त बरामद रकम जाली रहेको भनी नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयको मिति २०६७।०९।२१ को मिसिल संलग्न प्रतिवादेन समेतको विवेचनाबाट यी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न नमिलि प्रतिवादी हेमराज नेम्वाङ्गले अभियोग माग दाबी बमोजिम राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) विपरीत अपराध कसुर गरेको देखिन सोही ऐनको दफा ९६(१) बमोजिम सजाय हुनुपर्ने देखियो ।

अर्का प्रतिवादी वसन्त लावतीको सम्बन्धमा वादी नेपाल सरकारले यी प्रतिवादी उपर वादी नेपाल सरकारले प्रतिवादीले जाली नोट वितरणको कार्य गरी मुलुकी ऐन खोटा चलनको १ नं. बमोजिम कसुर गरेकोले प्रतिवादीहरूलाई ऐ.ऐ.को ४ नं. को देहाय १ नं. बमोजिम सजाय हुने व्यवस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) बमोजिम प्रतिवादीहरूले गरेको उक्त कार्य कसुर कायम गरी ऐ.ऐ.को ९६(१) बमोजिम सजाय हुने हुँदा बरामद जाली नोट जफत गरी सजाय समेतको माग गरी दाबी लिएको देखियो । अनुसन्धानको सिलसिलामा यी प्रतिवादी एकै दिनको वारदातमा इलामको फिक्कलबाट पक्रउ परी इलाम जिल्ला अदालतमा चलेको खोटा चलन मुद्दामा रही उक्त मुद्दामा फैसलाले भएको सजाय भुक्तान गरी प्रस्तुत मिसिलमा कारबाहीका लागि उपस्थित गराइएको मिसिल संलग्न इलाम जिल्ला अदालतबाट प्राप्त फैसला समेतको प्रतिलिपि समेतबाट देखियो । यी प्रतिवादीले यस अदालतमा उपस्थित भई बयान गर्दा प्रतिवादी

हेमराज नेम्वाङ्गलाई मैले चिनेको छैन । मैले चिनेका नरवीर नेम्वाङ्ग भन्ने दाइले तेरो वाइक छ एकजना अम्बर आङदाम्वे भन्ने मानिसलाई इलामसम्म लगिदेऊ भनी मोटरसाइकलमा तेल समेत हाल्नु भनी मलाई ने रु. १०० दरका १० बटा र भा.रु. १०० एउटा नोट दिएकोले सो रुपैयाँ समेत मैले राखी इलामतर्फ जाँदा प्रहरीले फिक्कल नजिक पक्राउ गरी मुद्दा चलाएको हो भनी बयान गरेको देखियो । यी प्रतिवादी आफूले बयान गर्दा अपराध कसुर गरेको कुरामा इन्कार रहे पनि सहअभियुक्त हेमराज नेम्वाङ्गले यस अदालतमा बयान गर्दा आफूबाट बरामद भएको रकम प्रतिवादी वसन्त लावतीले दिएको भनी सावित रहेको आफूलाई रकम दिने प्रतिवादीको नाम, थर, वतन र बाबुको निजले खुलाएको विवरण र इलाम जिल्ला अदालतमा चलेको मिसिलमा देखिएको विवरण एकआपसमा मिलेको, स्वयं प्रतिवादीले हेमराजलाई विर्तामोडमा रकम दिई इलामतर्फ लागेको कुरा स्वीकार गरेबाट यिनै प्रतिवादी वसन्त लावतीले नै यी प्रतिवादी हेमराज नेम्वाङ्गलाई दिएको नक्कली नोटहरू निजबाट बरामद नोटहरू जाली ठहर counterfeit देखिइसकेको अवस्थामा यी प्रतिवादीलाई पोल गर्ने प्रतिवादी हेमराज नेम्वाङ्ग कसुरदार ठहरी फैसला भै गएको अवस्था यी प्रतिवादीले यस अदालतमा गरेको इन्कारी बयान सत्यतामा आधारित देखिएन ।

यी प्रतिवादीले इलाम जिल्ला अदालतमा चलेको खोटा चलन मुद्दामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा आफूले झापाको बिर्तामोडको कञ्चन होटेलमा हेमराज नेम्वाङ्गलाई मिति २०६७।९।९ गते विभिन्न दरका नोटहरू दिई इलामतर्फ आउने क्रममा बाँकी रहेको नक्कली नोट सहित पक्राउ परेको भनी यस अभियोग दाबीको कसुरलाई इलाम जिल्ला अदालतमा चलेको मुद्दाको सन्दर्भमा स्वीकार confess गरी बयान गरेको मिसिल संलग्न इलाम जिल्ला अदालतबाट प्राप्त बयानको प्रतिलितिबाट देखियो । मिसिल संलग्न इलाम जिल्ला अदालतमा भएको बयानको प्रतिलिपिबाट यी प्रतिवादीले अभियोग दाबीको वारदात स्थलमा अभियोग दाबीको मितिमा प्रतिवादी हेमराज नेम्वाङ्गलाई झापाको विर्तामोडमा रकम दिएको कुरामा सावित रही बयान गरेको समेत देखिन्छ । सोही वारदातस्थलबाट इलाम तर्फ जाँदै गर्दा अपराधको क्रमबद्धता chain of crime का सन्दर्भमा पक्राउ परेको कुरा समेत स्वीकार गरेको पाइयो । विर्तामोडबाट प्रस्तुत कसुरको कार्य घटित गरी इलामतर्फ जाने क्रममा पुनः समान अपराध गरी मिति २०६७।९।९ मा पक्राउ परी मिति २०६९।२।९ को फैसलाले उक्त मुद्दाको कैद भुक्तान गरी प्रस्तुत मुद्दामा कारबाहीका लागि उपस्थित हुन आएको देखियो । यसरी अभियोग दाबीको अपराधको कडीकै रूपमा बेजिल्लामा पक्राउ परी उक्त वारदातका सम्बन्धमा मुद्दाको कारबाही सामना गरी उक्त मुद्दामा व्यक्त भनाइहरूले प्रस्तुत अभियोग दाबीलाई समेत समर्थन हुने गरी समान क्षेत्राधिकारयुक्त अदालतमा व्यक्त गरेका कुराहरूलाई प्रमाणको रूपमा यस अदालतले ग्रहण गर्न मिल्ने नै देखियो । तसर्थ यी प्रतिवादीले विर्तामोडमा सहअभियुक्त हेमराज नेम्वाङ्गलाई पैसा दिएको कुरालाई अन्य जिल्ला अदालतमा चलेको मुद्दामा सावित रही बयान गरेको र यि प्रतिवादीले दिएको नोटहरू सहअभियुक्तबाट बरामद भै परीक्षण प्रतिवेदनले जाली देखाइरहेको अवस्थामा यी प्रतिवादी समेतले वादी नेपाल सरकारको अभियोग माग दाबी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५ विपरीत अपराध कसुर गरेको देखिँदा निजलाई समेत सोही ऐनको दफा ९६(१) बमोजिम सजाय हुनुपर्ने देखिन आयो ।

तसर्थ यसमा प्रतिवादी मणी जवेगु भन्ने बुद्धि केरुङका नाउँमा यस अदालतबाट जारी भएको म्याद रीतपूर्वक तामेल भएकोमा निज प्रतिवादी म्यादमा उपस्थित नभई फरार रहेको देखिँदा निजको अंश रोक्का मुचुल्का भई आएको देखिँदा निजको अंश रोक्का मुचुल्का भई आएको देखिँदा निजको हकमा प्रस्तुत अभियोग दाबी अ.वं. १९० नं. बमोजिम मुल्तवीमा राखिदिने ठहर्छ ।

प्रतिवादी हेमराज नेम्बाङ (लिम्बु) को हकमा विचार गर्दा माथि विवेचना गरिएका आधारमा बरामदी मुचुल्कामा उल्लेख भएका नोट नेपाल राष्ट्र बैंकबाट जाली भन्ने लेखिई आएको र उक्त नोट आफूबाट बरामद

भएको तथ्यमा प्रतिवादी हेमराज नेम्बाङ यस अदालत समेतमा सावित रहेको अवस्थामा प्रतिवादी हेमराज नेम्बाङले माथि विवेचित गरिएका आधारमा नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ९५ विपरीत जाली नोटको कारोबारमा संलग्नता भएको अपराध कसुर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादीलाई सोही ऐनको दफा ९६ को उपदाफा १ बमोजिम कैद महिना २० (बीस) र रु.३५,०००।- (पैंतीस हजार) जरिवाना हुने ठहर्छ ।

प्रतिवादी वसन्त लावतीको हकमा विचार गर्दा निजले यस अदालतमा अपराध कसुर गरेको कुरामा इन्कार गरे पनि निजको हकमा माथि विवेचना गरिएको आधारमा निजको कारोबारमा संलग्नता देखिन आएको अवस्थामा निजले समेत नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५ विपरीत अपाराध कसुर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादी वसन्त लावतीलाई सोही मितिको वारदात देखाई इलाम जिल्ला अदालतमा खोटा चलन मुद्दा चली सजाय समेत भुक्तान गरी आएको अवस्था र निजको अपराधमा संलग्नताको अवस्था समेत विचार गरी उक्त ऐनको दफा ९६ १ बमोजिम ३ महिना १५ दिन कैद हुने ठहर्छ । बरामद जाली नोट सोही दफा बमोजिम जफत हुने ठहर्छ । प्रतिवादी वसन्त लावतीलाई लागेको कैद भुक्तान भइसकेको देखिँदा निजलाई अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट थुनामुक्त गरिदिनू । प्रतिवादी हेमराज नेम्बाङका हकमा निजलाई लागको कैद भुक्तान भएको र जरिवाना असुल हुन आएमा अभियोगमा निजलाई प्रहरी जिम्मा लगाई इलाम जिल्लामा पठाइदिन माग भएको र प्रतिवादी हेमराज लिम्बु समेत भएको इलाम जिल्ला अदालतमा चलेको खोटा चलन मुद्दामा निजले सफाइ पाउने ठहरी फैसला भएको फैसलाको प्रतिलिपि मिसिल संलग्न देखिँदा सो बाहेक अन्य मुद्दामा पठाउनुपर्ने नपर्ने यकिन गरी सो बाहेक अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट थुनामुक्त गरिदिनू भनी कारागार कार्यालयमा लेखी पठाउनू ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी हेमराज नेम्बाङ (लिम्बु) लाई २० महिना कैद र रु.३५,०००।- जरिवाना हुने ठहरेकोले निज प्रतिवादी मिति २०६७।९।९ देखि प्रहरी हिरासतमा राखी यस अदालतको मिति २०६७।१०।४ को आदेशले हालसम्म थुनामा राखी फैसलाले लागेको कैद महिना २० भुक्तान भइसकेको बढी कैदमा बसेको दिन २७ को दिन १ को रु.२५ का दरले रु.६७५।- लागेको जरिवाना रु.३५,०००।- मा कट्टा गरी बाँकी रु.३४,३२५।- तिरे आजै थुनाबाट मुक्त गरिदिनू, लागेको जरिवाना नतिरे दण्ड सजायको ३८,५३ नं. बमोजिम जरिवाना बापत समेत लगत कसी कैद म्याद ठेगी कारागार कार्यालय, झापामा पठाइदिनू .........१

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी वसन्त लावतीलाई ३ महिना १५ दिन कैद हुने ठहरेकोले निज प्रतिवादी यस अदालतको मिति २०६९।२।१६ को आदेशले प्रस्तुत मुद्दामा थुनामा रही हालसम्म थुनामा रहेको देखिँदा फैसलाले लागेको कैद भुक्तान भइसकेकोले अन्य मुद्दाबाट थुनमा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट आजै थुनामुक्त गरिदिनू भनी कारागार कार्यालयमा लेखी पठाउनू । लागेको कैद लगत कसी असुल जनाउनू .......२

माथि इन्साफ खण्डमा लेखिए बमोजिम बरामद जाली नोट जफत हुने ठहरेकोले नियमानुसार गर्नू............३

प्रतिवादी मणी जबेगु भन्ने बुद्धि केरुङ हालसम्म फरार रहेको र फरार प्रतिवादीका हकमा मिति २०६९।५।९ मा पाँचथर जिल्ला अदालतबाट अंश रोक्का मुचुल्का भई आएको देखिँदा अंश रोक्का भई आएका मितिले दुई वर्ष नाघेपछि जगाई कारबाही किनारा गर्ने ठहरेकोले मुल्तवी किताबमा दर्ता गरी नियमानुसार गर्नू............४

यस अदालतको इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत इलाममा पुनरावेदन गर्नू भनी फैसलाको प्रतिलिपि साथ राखी वादी नेपाल सरकारतर्फ जिल्ला सरकारी वकिल कार्यालय झापालाई र प्रतिवादी हेमराज नेम्बाङ, वसन्त लावतीलाई पुनरावेदनको म्याद दिनू..............................................५

सरोकारवालाले फैसलाको नक्कल माग गरी निवेदन दिएमा लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू...........६

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसील नियमानुसार गरी बुझाइदिनू........................................७

**(गिरिराज गौतम)**
**न्यायाधीश**

मा.न्या. ज्यू.ले बोली टिपाए बमोजिम
कम्प्युटर टाइप गर्ने चेतन अधिकारी
फाँटः- शा.अ. मदनप्रसाद पराजुली

**इति संवत् २०६९ साल असोज ३ गते रोज ४ शुभम्......................**

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री भोजराज अधिकारी**
**फैसला**
**सम्वत २०६६ सालको स.फौ.नं.-१८१८**
**निर्णय नं.:- ६७९**

**मुद्दा :- खोटा चलन ।**

**वादीको नाम, थर, वतन**

प्र.नि. पर्शुराम तिवारी समेतको प्रतिवेदनले नेपाल सरकार.................................................१

साक्षी :-
कागज :-

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला भक्तपुर, गा.वि.स. सुडाल, वडा नं. १ बस्ने मेखबहादुर अधिकारीको छोरा वर्ष ३३ को काशीराम अधिकारी.......................................................१

जिल्ला बारा, गा.वि.स. रामपुर टोकनी, वडा नं. ९ घर भई हाल जिल्ला ललितपुर, ल.पु.उप-महानगरपालिका वडा नं. १४ ताल्छीखेल बस्ने सलिम मिया अन्सारीको छोरा बर्ष ३६ को युनुस अन्सारी..........................१

जिल्ला सिन्धुपाल्चोक, गा.वि.स. खुम्पाखर, वडा नं. ४ बस्ने बद्रीराज भण्डारीको छोरा बर्ष २६ को प्रकाश भण्डारी.........................................................१

पाकिस्तानी नागरिक, पासपोर्ट नं. AE5572841 को वर्ष ४० को सज्जाद मोहम्मद खुराम ...........१

पाकिस्तानी नागरिक पासपोर्ट नं. A7341639 को वर्ष ५६ को मोहम्मद इकवाल...........१

साक्षी-
कागज-

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं.बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको सक्षिप्त तथ्य एवं ठहर खण्ड यसप्रकार छ :-

**तथ्य खण्ड**

का.जि.का.म.न.पा.११ थापाथली स्थित पूर्वमा जेसिस बिल्डिङ्गबाट माइतीघरतर्फ जाने सडक बाटो पशिचममा त्रिपुरेश्वरतर्फ जाने बाटो, उत्तरमा थापाथलीचोक सडक बाटो, दक्षिण मुगलमहल तथा आँगन

रेस्टुरेन्ट यति चारकिल्ला भित्र रहेको कुलवीर सिंह तुलाधरले सञ्चालन गरेको व्लू स्टार कम्प्लेक्स भवन रहेको सो भवनको पाँचौं तल्लामा कोठा नं ६११ रहेको, सो कोठा युनुस अन्सारी तथा काशीराम अधिकारी समेतले लिई बस्ने गरेका, सो कोठा खोली हेर्दा कोठाभित्र काशीराम अधिकारी सोफामा बसी रहेको अवस्थामा रहेको, कोठामा सोफासेट नजिक दुईवटा निलो, एकवटा रातो सुडकेस राखिएको, पश्चिमतर्फ ट्वाइलेटसँग जोडिएको अवस्थामा दराज खुल्ला अवस्थामा रहेको, उक्त सुडेकसहरू खोली हेर्दा सुडकेसभित्र विभिन्न जुत्ता चप्पल तथा जुत्ता चप्पलका खाली खोल समेत रहेको, सुडकेसको साइड तथा तलको फल्स बटम खोली हेर्दा हजार, पाँच सय दरका भारतीय नक्कली जस्ता नोटहरू २५,४४,५००।-, न्युज नेपाल नेसनल टेलिभिजनको स्टिकर टासिएको कालो डायरी थान एक, सो डायरीभित्र न्यू नेपाल नेसनलको परिचय पत्र नं ००१ नाम युनुस अन्सारी उल्लेख भएको परिचय पत्रको फोटोकपी, अली समेत लेखेको कागजको टुक्रा समेत फेला परी बरामद गरिएको भन्ने समेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का ।

काशीराम अधिकारी समेतका व्यक्तिहरूले अवैध रूपमा नक्कली भारतीय नोटहरूको कारोबार गर्छन् र निज हाल काठमाडौं एरियामा आई आफ्नो कारोबार सञ्चालन गरिरहेका छन् भन्ने सूचनाको आधारमा मिति २०६६/९/१७ गते का.जि.का.म.न.पा.११ थापाथली स्थित व्लू स्टार कम्प्लेक्सको पाँचौं तल्लाको ६११ नं. कोठामा प्रतिवादी काशीराम अधिकारी फेला परेको र उक्त कोठामा नक्कली जस्ता देखिने भारतीय नोट २५,४४,५००।- बरामद भएको हुँदा कानुन बमोजिम गरी पाऊँ भन्ने समेत व्यहोराको प्रहरी प्रतिबेदन ।

म २०६६ साल असारदेखि नेसनल टि.भी.को अफिसमा गार्डको काम गर्दै आएकोमा गत असोज महिनादेखि सो नेसनल टी.भी.का चेयरमेन युनुस अन्सारीको अंगरक्षकको काम गर्दै आएको छु । मिति २०६६/९/१६ गते निजको डियुटीमा खटीएको अवस्थामा युनुस अंसारीले एउटा कागजको टुक्रामा रेड प्लानेट गेस्टहाउसमा गई गेस्ट हाउसको कोठा नं ३०४ मा बस्ने मोहमद सज्जाद नामका (उपनाम राजु भाइ) व्यक्तिलाई भेट्नु र निजले दिएको गिफ्ट लिएर आउनु, निजलाई आफ्नो नाम अली भन्नु भनी पठाएको हुँदा उक्त कोठामा गई एउटा रातो सुटकेस दिएको हुँदा सो मैले व्लू स्टार कम्प्लेक्सको कोठा नं ६११ मा ल्याई राखी जाने क्रममा पुन: फोन गरी सोही गेस्टहाउसमा गई २०४ नं मा बस्ने आमीर भन्ने मोहमद इकवाल नामको मानिसलाई भेटी म अली हो भन्नु निजलाई मैले दिएको १०,०००।- पनि दिनु निजले कुनै गिफ्ट दिन्छ, सो गिफ्ट सोही ६११ नं कोठामा ल्याई राख्नु भनेको हुँदा सो बमोजिम उक्त २०४ न.कोठाबाट मोहमद इकवाल नामका व्यक्तिले दुईवटा सुटकेस दिएको हुँदा सो सुटकेस समेत उक्त कम्प्लेक्सको कोठा नं.६११ मा राखी बसि रहेको अवस्थामा प्रहरीले खानतलासी गर्दा उक्त सुडकेसहरूबाट भारतीय नक्कली नोट २५,४४,५००।-समेत बरामद गरेका हुन् । उक्त नक्कली नोटहरू सहितका सुटकेट युनुस अन्सारीले लिन पठाएका हुन् भन्ने समेत व्यहोराको प्रतिवादी काशीराम अधिकारीको बयान ।

का.जि.,का.म.न.पा. वडा नं २९ स्थित पाकिस्तानी नागरिक मोहमद इकवाललाई फेला पारी निजको तलासी लिँदा निजको नामको पासपोर्ट थान एक,९८०८३७०३०१ नं को मोबाइल सिम थान एक, नगद रु १०,०००।- समेत फेला परी बरामद गरिएको भन्ने समेत व्यहोराको खानतलासी बरामदी मुचुल्का ।

अनुसन्धानको क्रममा पक्राउ परेका मोहमद सज्जाद खुराम, युनुस अन्सारी र मोहमद इकवाल समेतलाई सनाखत परेडमा राखी देखाउँदा देखी चिनें । मैले बयानमा उल्लेख गरेका व्यक्तिहरू यिनै हुन् भन्ने समेत व्यहोराको काशीराम अधिकारीले गरिदिएको सनाखत कागज ।

मिति २०६६/९/१७ गते बरामद भई आएका नोट नम्बरहरू कम्प्युटर प्रिन्ट गरिएको पाना-८ (आठ) उल्लेख गरेको ठीक हो भन्ने समेत व्यहोराको मुचुल्का ।

मिति २०६६/९/१६ गते प्रतिवादी काशीराम अधिकारीले प्रयोग गर्ने मोबाइल ९८४९३७७६३८ मा युनुस अन्सारीले प्रयोग गर्ने गरेको ९८५१११०४९२ नम्बरबाट चौध (१४) पटक, सज्जाद खुरामले प्रयोग गर्ने गरेको ९८०८२०७१५१ नम्बरको मोबाइलबाट (१२) बाह्रपटक, युनुस अन्सारीले काशीरामलाई दिएको ९८०८३८८१७३ नम्बर मोबाइलबाट मोहमद सज्जादको ९८०८२०७१५१ नम्बरको मोबाइलमा (तीन) ३ पटक, मोहमद इकवालको ९८०८३७०३०१ मोबाइल नम्बरबाट पाकिस्तानमा १२ (बाह्र) पटक सम्पर्क भएको भन्ने व्यहोराको टेलिकमबाट प्राप्त कल डिटेल बिवरण ।

का.जि. थापाथलीस्थित रहेको ब्लू स्टार कम्प्लेक्सका सञ्चालक कुलवीर सिंह तुलाधर हुन् । उक्त कम्प्लेक्सको कोठा नं.६११ नेपाल कुस्ती संघका प्रकाश भण्डारीसँग करारनामा गरी मासिक रु १०,०००।- मा भाडा दिए पनि युनुस अन्सारी नामका व्यक्तिले प्रयोग गर्दै आएको र सोही कोठाबाट मिति २०६६/९/१७ गते प्रहरीले हजार, पाँच सय दरका जम्मा रु २५,४४,५००।- भारतीय नक्कली नोटहरू समेत बरामद गरेको ठीक हो भन्ने समेत व्यहोराको शिव बस्नेतले गरेको कागज ।

ल.पु.जि.ल.उ.म.न.पा.१४ताल्छीखेल स्थित रहेको युनुस अन्सारीको घर कोठा खानतलासी गर्दा निजको साथबाट ९८५१११०४९२ नं को सिमकार्ड र ९८५१११४४०१ को सिमकार्ड र सामसुङ्ग कम्पनीको मोबाइल सेट थान १ फेला पारी बरामद गरेको भन्ने बरामदी मुचुल्का ।

ल.पु.जि.ल.उ.म.न.पा. १४ताल्सीखेलमा रहेको युनुस अन्सारीको घर कोठा खानतलासी गर्दा निजको साथबाट ९८५१११०४९२ नं.को सिमकार्ड र ९८५१११४४०१ को सिमकार्ड तथा सामसुङ्ग कम्पनीको मोबाइल सेट थान-१ फेला परेको हुँदा बरामद गरी निज युनुस अन्सारीलाई पक्राउ गरी पेस गरेको छु भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

पक्राउ परी आएका प्रतिवादी सज्जाद मोहमद खुरामले प्रयोग गरेको आफ्नो मोबाइल नं ९८०८२०७१५१ बाट पाकिस्तानमा १२ (बाह्र) पटक सम्पर्क गरेको देखिएको सोही दिन काशीराम अधिकारी र मो.सज्जाद खुरामबीच तीन (३) पटक कुराकानी भएको र मोहमद इकवालले पाकिस्तानमा ३ (तीन) पटक फोन सम्पर्क गरेको कल डिटेल विवरण ।

मेरो श्रीमान् काशीराम अधिकारी युनुस अन्सारीको अंगरक्षकको रूपमा काम गर्दै आएको र मिति २०६६/९/१६ गते युनुस अन्सारीले श्रीमान्लाई ठमेलस्थित रहेको रेड प्लानेट गेस्टहाउसमा गिफ्ट लिन पठाएको र गिफ्ट भनी दिएको तीनवटा सुटकेस ल्याई थापाथलीमा रहेको ब्लू स्टार कम्पलेक्सको कोठा नं ६११ मा ल्याई राखेको अवस्थामा प्रहरीले फेला पारी नक्कली भारतीय रुपैयाँ बरामद गरी श्रीमान् समेतलाई पक्राउ गरिसकेपछि युनुस अन्सारीलाई पनि पक्राउ गरेकोमा हाल आएर युनुस अन्सारीका मान्छेहरूले मलाई भेटी तथा फोन सम्पर्क गरी तेरो श्रीमान् काशीराम अधिकारीलाई उक्त बरामद गरेको सामान आफैं ल्याएको कुरा स्वीकार गर्न लगा, घर परिवार हेरी दिन्छौं, नस्वीकारे राम्रो हुँदैन भनी धम्काएको भन्ने समेत व्यहोराको दुर्गा अधिकारीको कागज ।

करिब दुई वर्ष अगाडिदेखि कोठामा बस्ने व्यक्ति आउँदा जाँदा निजको गार्ड समेतले सौल्योट हान्ने गर्दथे । मिति २०६६/९/१७ गते उक्त ६११ नं कोठा खानतलासी गर्दा काशीराम अधिकारी पक्राउ परेको र सुटकेस खोली हेर्दा भारु हजार र पाँच सय दरका भारतीय नक्कली जस्ता नोटहरू, न्यूज नेपाल नेसनल टेलिभिजनको परिचय पत्र समेत फेला परेको र उक्त परिचय पत्र हेर्दा पहिला गाडीमा आउने सौल्योट खाने व्यक्ति नै भएको र निजको नाम युनुस अन्सारी भएको थाहा भयो । निजको मिलेमतोमा उक्त भारतीय नोटहरू ल्याएकोमा बिश्वास लाग्छ भन्ने समेत व्यहोराको ब्लू स्टार कम्पलेक्समा गार्डको रूपमा कार्यरत कुमार गुर्माछानको कागज ।

म पाकिस्तानमा रहेको अवस्थामा करिब ३।४ महिना अघितिर हाजी तलाद नामका व्यक्तिसँग परिचय भएको र निजले भारतीय नक्कली नोटको कारोबार गर्छु, एक पटक नेपाल पुऱ्याएमा रु १५,०००।- दिन्छु भनेको हुँदा सोही बमोजिम गत नोभेम्बरमा मैले दुईपटक हाजी तलादले दिएका दुई दुईवटा सुटकेस नेपाल ल्याई युनुस अन्सारीले पठाएका अली नामका व्यक्तिलाई जिम्मा दिई पाकिस्तान फर्किएको थिएँ, पछिल्लोपटक नेपाल आउनुभन्दा केही दिन अगाडि हाजी तलादले फोन गरी ३१ डिसेम्बरको प्लेन टिकट लिइसकेको छु तिमी नेपाल जान तयार होऔ भनेको हुँदा निजलाई भेटी निजले दिएका रातो र कालो दुईवटा सुटकेस लिने क्रममा यसमा भारतीय नोटहरू हुन्, नेपाल लगी ठमेलस्थित रहेको रेड प्लानेट गेस्टहाउसमा गएर बस्नु त्यहाँ नेपालको युनुस अन्सारीको मान्छे अली नाम बताई भेट्न आउँछन्, निजलाई उक्त सुटकेस दिएर पठाउनु भनी नेपालको मोबाइलको सिम समेत दिएर पठाएको हुँदा नेपाल आई हाजी तलादलाई फोन गरी आइपुगेको जानकारी गराउँदा युनुसले पठाएको अलि नामको व्यक्तिलाई रातो सुटकेस दिएर पठाउनु पुनः युनुसले अर्को व्यक्ति पठाएमा अर्को सुटकेस दिनु भनेका हुँदा अलि नाम बताई काशीराम अधिकारी आई म युनुस सरले गिफ्ट लिन पठाउनुभएको हो भनेको हुँदा निजलाई रातो सुटकेस दिएर पठाएको थिएँ। अर्को सुटकेस मसँगै रहेको अवस्थामा प्रहरीले पक्राउ गरी सोबाट लागूऔषध खैरो हेरोइन बरामद गरेका हुन् भन्ने समेत व्यहोराको प्रतिवादी सज्जाद मोहमद खुरामको बयान कागज।

मेरो साथी मोहमद नादिम मार्फत हाजी तलादसँग चिनजान भई परिचय भएको थियो, गत डिसेम्बर २० तारेखमा नेपाल आउने क्रममा निज हाजी तलादसँग भेटघाट भई कुराकानी हुँदा तिमी नेपाल आउने जाने गर्दा रहेछौं, अर्कोपटक मेरो पनि केही सामान नेपाल पठाउनु छ, लगिदिनु भनेका थिए। त्यस पश्चात् नेपालबाट पाकिस्तान फर्की निजसँग सम्पर्क गर्दा ३० तारेखमा नेपाल जानका लागि तयार होऔ भनेका हुँदा सो दिन मैले निजलाई भेट गर्दा निजले दुईवटा सुटकेस देखाई यसमा भारतीय नोट समेत छ, यो सुटकेस नेपाल लगी नेपालको रेड प्लानेट गेस्टहाउसमा गई बस्नु त्यहाँ युनुस अन्सारी नामका व्यक्तिले कुनै मानिसलाई अली नाम बताई सुटकेस लिन पठाउँछन्, तिम्रो नाम आमीर भन्नु निजै व्यक्तिलाई सो सुटकेस दिएर पठाउनु सुटकेस लिन आउने व्यक्तिले रु १०,०००।- नेपाली रुपैयाँ समेत दिन्छन्, त्यो तिमीले राख्नु भनेका र नेपालको सिमकार्ड समेत दिई पठाएकाले उक्त भारु नोटहरू रहेका सुटकेस लिई काठमाडौं एयरपोटमा आइपुगी सो सुटकेसहरू आफै लिएर आउँदा पक्राउ पर्ने डरले भन्सारमा नै रहने गरी छाडी म आफु मात्र ठमेल आई बसी भोलिपल्ट भन्सारमा गई एजेन्टलाई ६,०००।- दिई सुटकेस लिई सोही गेस्टहाउसमा ल्याई राखेको अवस्थामा हाजी तलादले भनेझैं युनुस अन्सारीले पठाएका अली भन्ने काशीराम अधिकारी लिन आएकाले निजबाट रु १०,०००।- लिई उक्त दुवै सुटकेस दिई पठाएको हुँ पछि प्रहरीले उक्त सुटकेसभित्र रहेका भारतीय नोटहरू बरामद गरी काशीराम अधिकारी पनि पक्राउ परी आएकोले निजलाई चिनेको हुँ सो कार्यमा मेरो संलग्नता छ भन्ने समेत व्यहोराको मोहमद इकवालको बयान।

काशीराम अधिकारी मेरो अंगरक्षक हुन् अन्य मेरो विरुद्धमा म आफैं बयान दिन चाहन्न् बरामद भई आएको न्यूज नेपाल नेसनल टेलिभिजनको स्टिकर टाँसिएको कालो डायरी, मेरो नामको परिचय पत्रको फोटोकपी मेरो नै हो, सो डायरीभित्र लेखिएका अक्षर अंकहरू समेत मेरो हो, काशीराम अधिकारीले मलाई उपहार ल्याइदिन्छु भनेका हुँदा निजसँग टेलिफोन सम्पर्क भएको हो। मैले प्रयोग गर्ने गरेको ९५११०४९२ र ९८५१११४४०१ नं को मोबाइल हुन्, पाकिस्तानमा ५।६ पटक जति गएको छु भन्ने समेत व्यहोराको प्रतिवादी युनुस अन्सारीको बयान कागज।

का.जि.का.म.न.पा. ११ त्रिपुरेश्वर स्थित रहेको ब्लू स्टार होटल २ वर्षका लागि करारनामा गरी भाडामा लिएको भन्ने आधिकारिक (संघको बैठक तथा माइन्नुट गरी) नलिएको तथा नभएको तर सो होटलमा

पटक पटक कुस्ती खेल समेतको छलफल साधारण रूपमा भएको थियो । मिति २०६३/१/७ गते देखी ०६३/४/३ सम्म संघको आधिकारिक अध्यक्ष रहेको र मिति २०६६/६/२७ गतेदेखि राष्ट्रिय खेलखुद परिषद नेपाल ओलम्पिक कमिटी नेपाल कुस्ती संघको सम्झौता अनुसार युनुस अन्सारी नेपाल कुस्ती संघको अध्यक्ष रहनुभएको भन्ने समेत व्यहोराको नेपाल कुस्ती संघको पत्र ।

मिति २०६३/१/७ गतेदेखि ऐ ०६३/४/३ गतेसम्म नेपाल कुस्ती संघको अध्यक्ष युनुस अन्सारी रहनुभएको र पुनः मिति ०६६/६/२७ गतेबाट राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटी, नेपाल कुस्ती संघको सम्झौता अनुसार युनुस अन्सारीलाई नै अध्यक्षमा मनोनीत गरिएको हो, प्रकाश भण्डारी नामका व्यक्ति नेपाल कुस्ती संघसँग आवद्ध व्यक्ति होइनन्, सो ब्लू स्टार कम्प्लेक्सको कोठा नं ६११ को बारेमा मलाई थाहा छैन, एकपटक सो कम्प्लेक्सको पाँचौं तल्लामा युनुस अन्सारीसँग छलफलको लागि गएको थाहा छ, उक्त ६११ नं को कोठा कुस्ती संघको नामबाट प्रकाश भण्डारीले लिएका रहेछन्, सो नं को कोठाबाट ०६६/९/१७ गते भारतीय जाली नोटहरू समेत बरामद भएको पछि सुनी थाहा भएको हो भन्ने समेत व्यहोराको विद्यासागर पोखेलको कागज ।

राष्ट्रिय खेलकुद परिषद्ले सार्क गेमको प्रशिक्षणको लागि बोलाएकोले कुस्तीका खेलाडीलाई प्रशिक्षण दिँदै आएको छु, कुस्ती संघको हालको अध्यक्ष युनुस अन्सारी भएको हुँदा निजसँग मेरो राम्रो चिनजान छ । ब्लू स्टार कम्प्लेक्सको कोठा नं ६११ बाट भारतीय नक्कली नोटहरू बरामद भई आएको भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेतको ब्रम्हदेवप्रसाद यादवको कागज ।

करिब ४ महिनाअघि चिनजानका व्यक्ति मार्फत युनुस अन्सारीलाई भेटी कुराकानी गरी गराइएको काम गर्दै आएको छु निज युनुस अन्सारीको घर तथा वडी गार्ड समेतमा म तिलकबहादुर खड्का, काशीराम अधिकारी, मेख बहादुर भण्डारी, नवीनकुमार रामजाली समेत खटिने गर्छौं । मिति २०६६/९/१६ र ०६६/९/१७ गते मेरो डियुटी नपरेको हुँदा म गएको थिइन । १७ गते युनुस अन्सारीले प्रयोग गर्ने गरेको ब्लू स्टार कम्प्लेक्सको ६११ नं कोठाबाट काशीराम अधिकारीलाई प्रहरीले भारतीय जाली नोट सहित पक्राउ गरेको र पछि युनुस अन्सारीलाई पनि पक्राउ गरी लगेको थाहा पाएको हुँ, मिति २०६६/९/१६ गते युनुस अन्सारीसँग बडीगार्ड काशीराम अधिकारी र नवीन रामजाली समेत गएको कुरा तिलक खड्काबाट थाहा पाएको हुँ भन्ने समेतको कृष्णबहादुर के.सी.को कागज ।

म का.जि. ठमेल स्थित रेड प्लानेट गेस्टहाउस सञ्चालन गर्दै आएको छु, मेरो गेस्टहाउसमा मिति २०६६/९/१६ गते पाकिस्तानी नागरिक सज्जाद मोहमद खुराम कोठा नं ३०४ मा र १५ गते २०४ नं. को कोठामा मोहमद इकवाल नामका व्यक्ति आई बसेका हुन् । निजहरूले गेस्टहाउसमा दुई दुईवटा सुटकेस समेत ल्याएका थिए, ती व्यक्तिहरूमध्ये कोठा नं २०४ मा बस्ने व्यक्ति १६ गते नै निस्की गएको भन्ने स्टाफबाट थाहा पाएको हुँ, उक्त १६ गते राति अर्थात् १७ गते बिहानको राति ३०४ नं मा बस्ने सज्जाद मोहमद खुरामलाई पक्राउ गरी कोठा खानतलासी गर्दा सो कोठामा रहेको एउटा सुटकेस खोली हेर्दा लागूऔषध खैरो हेरोइन समेत बरामद गरेका हुन्, निजलाई सोधपुछ गर्दा पाकिस्तानी नागरिक हाजी भन्नेले पाकिस्तानबाट नेपालमा लगी युनुस अन्सारीले पठाएको अली भन्ने व्यक्तिलाई दिनू भनी पठाएका हुन् भनी बताएका थिए । निज पाकिस्तानी नागरिकहरूले ल्याएको चारवटा सुटकेसहरूमध्ये तीनवटा सुटकेस एक व्यक्तिले लिई गएको भन्ने स्टाफबाट थाहा पाएको हुँ, पछि मात्र युनुस अन्सारीले प्रयोग गर्ने गरेको व्लू स्टार कम्प्लेक्सको कोठा नं ६११ बाट निजका बडीगार्ड काशीराम अधिकारी भारतीय नक्कली नोट सहित पक्राउ परेको थाहा पाएको हुँ भन्ने समेत व्यहोराको विनोद खरेलको कागज ।

का.जि. ठमेल स्थित रहेको रेड प्लानेट गेस्टहाउसमा काम गर्दै आएकोमा मिति २०६६/९/१५ गते पाकिस्तानी नागरिक मोहमद इकवाल नामका व्यक्ति दिउँसो आएर २०४ नं कोठामा बसेको कुरा तिलक अधिकारीबाट थाहा पाएको थिएँ। ऐ १६ गते पनि सोही बमोजिम पाकिस्तानी नागरिक मोहमद सज्जाद खुराम नामका व्यक्ति आई ३०४ नं मा बसेको तिलक अधिकारीबाटै थाहा पाएको थिएँ।१६ गते राति एकजना नेपाली मानिस आई २०४ मा बसेका व्यक्तिलाई भेटी दुईवटा निलो सुटकेस लिई गएका र त्यसपछि पाकिस्तानी नागरिक निस्की गएका थिए। सोही राति ३०४ नं मा बस्ने पाकिस्तानी नागरिकको कोठा समेत प्रहरीद्वारा खानतलासी गर्दा सुटकेसभित्रबाट लागूऔषध खैरो हेरोइन समेत बरामद गरेका हुन्। कोठा नं २०४ बाट दुईवटा सुटकेस लिई जाने व्यक्ति काशीराम अधिकारी रहेछन्, निज काशीराम अधिकारीले उक्त कोठाबाट लिन गएका सुटकेसहरू व्लू स्टार कम्प्लेक्सको कोठा नं ६११ मा लगी राखेको अवस्थामा प्रहरीले खानतलासी गर्दा भारतीय नक्कली नोट समेत बरामद गरेका कुरा पछि थाहा भयो। काशीराम अधिकारीलाई युनुस अन्सारी नामका व्यक्तिले लिई पठाएको भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेतको नवराज अधिकारीको कागज।

का.जि. ठमेलस्थित रेड प्लानेट गेस्टहाउसमा काम गर्दै आएकोमा मिति २०६६/९/१५ गते मोहमद इकवाल नामका व्यक्ति आएको हुँदा निजलाई २०४ नं कोठामा बस्न दिएको थिएँ, भोलिपल्ट सामान भन्सारमा छुटेको छ भनी एयरपोर्ट गएका र दुईवटा सुटकेस लिएर सोही कोठामा राखेका थिए, १६ गते पुनः अर्को पाकिस्तानी नागरिक सज्जाद मोहमद खुराम नामका व्यक्ति पनि आई ३०४ नं. कोठामा लगी राखिदिएको हुँ। निज आउँदा एउटा कालो र एउटा रातो सुटकेस पनि लिई कोठामा गएका थिए। बेलुकी पख एकजना नेपाली मानिस आई निजको कोठामा गई रातो सुटकेस लिएर गएको मैले देखेको हुँ, १९:०० बजे मेरो डियुटी सकिएकोले नवराज अधिकारीलाई जिम्मा बुझाएर आफ्नो कोठातर्फ गई भोलिपल्ट गेस्टहाउसमा आउँदा २०४ नं.कोठामा बस्ने व्यक्तिको दुईवटा सुटकेस एक नेपाली मानिस आई लिई गएको र ३०४ नं मा बस्ने मोहमद सज्जाद खुरामलाई प्रहरीले लागूऔषध सहित पक्राउ गरेको र २०४ नं मा बस्ने पाकिस्तानी नागरिक राति नै गेस्टहाउसबाट बाहिर गएको थाहा पाएको हुँ, सुटकेस लैजाने नेपाली मानिस पक्राउ परि आएका काशीराम अधिकारी रहेछन् निजलाई उक्त नक्कली नोट सहितको सुटकेस लिन युनुस अन्सारीले पठाएको भन्ने थाहा पाएको हुँ भन्ने समेत व्यहोराको तिलकप्रसाद अधिकारीको कागज।

युनुस अन्सारीले चावहिलमा सञ्चालन गरेको नेसनल टेलिभिजनमा गार्डको काम गर्दै आएको छु। २०६५ सालमा मैले आफ्नो नामबाट ९८५१११०४९२ नं.को पोस्टपेड मोबाइल लिएको थिएँ। यसै क्रममा सो टी.भी.का सी.ई.ओ. दुर्गानाथ शर्मालाई सो सिम दिएको थिएँ। सो सिमकार्ड नेसनल टी.भी.का सञ्चालक युनुस अन्सारीबाट बरामद भएको कुरा थाहा भयो, युनुस अन्सारी भारतीय नक्कली नोटको कारोबारमा संलग्न भएको भनी पक्राउ परेको भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेतको दीपक दुलालको कागज।

प्रतिवादी युनुस अन्सारीले प्रयोग गर्ने गरेको ९८५११०४९२ बाट मिति २०६६/९/१६ गते अर्थात् २००९-१२-३१ मा काशीराम अधिकारीले प्रयोग गर्ने गरेको ९८४९३७७६३८ मा १४ पटकसम्म र सोही युनुस अन्सारीको मोबाइलमा पाकिस्तानको ९२३२१२३४४८६० बाट पटक पटक सम्पर्क भएको देखिएको कल डिटेल बिवरण।

मिति २०६६/९/१६ प्रकाश भण्डारीले कुस्ती संघको नामबाट लिएको युनुस अन्सारीले प्रयोग गर्ने गरेको कोठा नं ६११ बाट युनुस अन्सारीका बडीगार्ड काशीराम अधिकारीलाई पक्राउ गरी सो कोठाबाट भारु हजार र पाँच सय दरका जम्मा रु २५,४४,५००।- बरामद गरेको भन्ने थाहा पाएको हुँ भन्ने व्लू स्टार कम्प्लेक्सका सञ्चालक कुलवीर सिंह तुलाधर, व्लू स्टार कम्प्लेक्सका कोठा नं ६११ खानतलासी गर्दा सो कोठाभित्र काशीराम अधिकारी बसिरहेको अवस्थामा सो कोठामा रहेको सुटकेसभित्र फल्स बटम बनाई भातरीय

नक्कली नोट २५,४४,५००।- बरामद भएको र निज काशीराम अधिकारीलाई उक्त भारु रुपैयाँ सहितका सुटकेसहरू युनुस अन्सारीले लिन पठाएको हुँदा ल्याई राखेको हुँ भनी बताएका थिए । उक्त नं को कोठा युनुस अन्सारीले नै लामो समयदेखि प्रयोग गर्ने गरेका हुन् । निज युनुस अन्सारीले नै उक्त नक्कली नोट सहितका सुटकेस ल्याई राख्न पठाएकोमा विश्वास लाग्छ भन्ने व्लू स्टार कम्प्लेक्सका सुपरभाइजर पुष्कर श्रेष्ठ, निजै युनुस अन्सारी समेतले उक्त नक्कली नोटहरू ल्याई राखेकोमा पूर्ण विश्वास लाग्छ भन्ने सोही कम्प्लेक्समा काम गर्ने राघव बराल, रामनरेश सिंह समेतको कागज ।

म पी.सी.ओ. सञ्चालन गर्दै आएको हुँदा करिब २।३ महिनाअघि एक विदेशी नागरिक जस्तो देखिने व्यक्ति पसलमा आई सिमकार्ड किन्न माग गरेको हुँदा मैले आफ्नो ना.प्र.प.को फोटोकपी समेत राखी उक्त ९८०८३७०३०१ नं को सिमकार्ड निज व्यक्तिलाई दिएको थिएँ, के कसरी सो सिम मोहमद इकवालले ल्याएका हुन् थाहा भएन, व्लू स्टार कम्प्लेक्सको कोठा नं ६११ बाट भारतीय नक्कली नोट बरामद भएको र सो कार्यमा संलग्न युनुस अन्सारी समेतलाई प्रहरीद्वारा पक्राउ गरेको भन्ने पत्रपत्रिका समेतबाट थाहा पाएका हुँ भन्ने समेत व्यहोराको पार्वती बस्नेतको कागज ।

परीक्षणको लागि पठाइएका अली समेत लेखिएको कागजको टुक्रा, डायरी, युनुस अन्सारीबाट लिएको हस्तलिपि नमुना एकै व्यक्तिका हुन्, मेल खान्छ भन्ने समेतको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन ।

यसमा महानगरीय प्रहरी परिसर, हनुमानढोकाबाट अनुसन्धान कार्य सम्पन्न गरी अभियोजनार्थ प्राप्त मिसिल संलग्न प्र.नि.पर्शुराम तिवारी समेतको प्रतिवेदन, खानतलासी तथा बरामदी मुचुल्का, पक्राउ प्रतिवादीहरूले गरेको बयान, प्रतिवादी काशीराम अधिकारीको सनाखत कागज, अनुसन्धानको क्रममा बुझिएका ब्लु स्टार कम्प्लेक्सको सञ्चालक कुलवीर सिंह तुलाधरको कागज तथा सोही कम्प्लेक्सका इन्चार्ज शिव बस्नेत तथा सोही कम्प्लेक्सका गार्ड कुमार गुर्माछानेले गरिदिएको घटना विवरण कागज त्यस्तै कुलदीप सिंह तुलाधर, पुष्कर श्रेष्ठ, राघव बराल, रामनरेश सिंहले गरिदिएको कागज साथै अनुसन्धानको क्रममा बुझिएका विद्यासागर पोखरेल, ब्रम्हदेव यादव, कृष्णबहादुर के.सी., विनोद खरेल (रेड प्लेट गेस्टहाउसका सञ्चालक) नवराज अधिकारी, तिलकप्रसाद अधिकारी र दीपक दुलाल समेतले गरिदिएको कागज, नेपाल टेलिकमबाट प्राप्त कल डिटेल्स, हस्ताक्षर परीक्षण प्रतिवेदन समेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट मिति २०६६/९/१७ गते बिहान का.जि.का.म.न.पा.११ थापाथलीस्थित व्लु स्टार कम्प्लेक्स भवनको पाँचौं तलामा अवस्थित रुम नं. ६११ को कोठा खानतलासी गर्दा उक्त कोठामा रहेका २ वटा निलो सुटकेस र एउटा रातो सुटकेसमा फल्स बटम बनाई लुकाई छिपाई राखिएको अवस्थामा भा.रु.२५,४४,५००।-बराबरको १००० तथा ५०० दरका खोटो नक्कली भारतीय नोटहरू लगायत अन्य विविध सामग्रीहरू प्रतिवादीमध्येका काशीराम अधिकारीको रोहवरमा बरामद गरिएको तथ्य निर्विवाद रुपमा स्थापित हुन आएकोले सबै प्रतिवादीहरूले बरामद भारतीय नक्कली नोट जारी गरी, उक्त नक्कली नोटको वितरण, लेनदेन तथा कारोबार समेत गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) बमोजिमको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरू युनुस अन्सारी, काशीराम अधिकारी, मोहमद सज्जाद खुराम, मोहमद इकवाल र प्रकाश भण्डारीलाई सोही ऐनको दफा ९६(१) बमोजिम सजाय गरी बरामद बिगो जफत गरी पाऊँ भन्ने समेत व्यहोराको माग दाबी लिई पेस हुन आएको अभियोग पत्र ।

मलाई २०६६ साल पौष १६ गते ठमेलको रेड प्लानेट गेस्टहाउसको कोठा नं.२०४ बाट पक्राउ गरेको हो । मेरो साथबाट मेरो आफ्नै र युनिस अन्सारीले प्रयोग गर्ने मोबाइल गरी २ थान मोबाइल, पर्स, अफिसको मेरो परिचय पत्र र गाडीको लाइसेन्स, नगद रु.७२५। बरामद गरेका हुन् । म पुगेको कोठाबाट एकवटा ब्याग (डुब्लिकेट पैसाको) बरामद गरेका हुन् । मलाई व्लु स्टार कम्प्लेक्स भवनको कोठा नं.६११ मा पक्राउ गरेको

नभई उक्त कोठामा मैले नै प्रहरीलाई लिएर आएको हुँ । उक्त कोठामा भएको सुटकेस थान २ र सो मा रहेको पैसा मैले नै पुऱ्याएर राखेको थिएँ । प्रहरी समक्षको बयान मैले भने बमोजिम नै लेखिएको छ । अन्य प्रतिवादीहरूको बयान बारेमा मलाई थाहा छैन । मैले नक्कली नोटको कारोबार गरेको छैन । उक्त कार्यमा मेरो संलग्नता छैन । मलाई मेरो सर युनिस अन्सारीले मेरो गेस्ट आउँछ मैले दिएको चिटमा लेखिएको व्यक्तिलाई मेरो मोबाइलबाट फोन गरेर निजले दिएको गिफ्ट ल्याएर व्लु स्टार अफिसमा राखिदिनु र मलाई फोन गर्नु भन्नुभएको मात्र उक्त मेरो हाकिमले अराएको काम गरेको हुँ । मलाई नक्कली नोट सम्बन्धमा केही थाहा जानकारी थिएन । मलाई युनिस सर पनि यस कारोबारमा संलग्न छ भन्ने थाहा भएन । पक्राउ परेपछि मात्र थाहा पाएँ । मैले जानी जानी उक्त कार्य गरेको छैन । अह्राएको काम गर्दा घटना भएको हो । मलाई अभियोग दाबी बमोजिमको सजाय हुनपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी काशीराम अधिकारीले अदालत समक्ष गरेको बयान कागज ।

प्रस्तुत मुद्दाको बरामदी मुचुल्काका उल्लिखित भारतीय नक्कली नोटको कारोबार मैले गरेको छैन । यसमा मेरो कुनै संलग्नता छैन । ती नोटहरू प्रहरीले कसबाट के, कसरी के कहाँबाट बरामद गरे मलाई थाहा छैन । हाल मेरो अंगरक्षक हुँदै नभएको मेरो सम्पर्कमा नै नरहेको मान्छेलाई मैले चिन्दै नचिनेका विदेशी नागरिक समक्ष पठाउने कुरै आउँदैन, मलाई फसाउने नियतबाट काशीराम समेतका प्रतिवादीहरूको झुट्ठा बयान प्रहरीले नै जबरजस्ती लेखी सहीछाप गरेको हुनुपर्छ । भारतीय दूतावास समेतको संलग्नतामा मलाई फसाउनका लागि यो परिपञ्च गरिएको हो । झुट्ठा अभियोग लगाई फसाउने षड्यन्त्र गरेको हुँदा सफाइ पाऊँ भनी प्रतिवादी युनुस अन्सारीले यस अदालत समक्ष मिति २०६६/१०/१४ मा गरेको बयान ।

प्रहरीले मेरो साथबाट कुनै चिज बरामद गरेको छैन । ठमेलको होटलबाट राति मलाई पक्राउ गरेको हो । मलाई प्रहरीले किन पक्राउ गरेको हो मलाई थाहा छैन । ९८०८२०७१५१ नं.को सिम कार्ड पाकिस्तानबाट मलाई हाजीले दिएको हुँदा लिएको हुँ । निजले के कसरी प्राप्त गरे मलाई थाहा छैन । उक्त नं.बाट मैले कसैलाई फोन गरेको छैन । मलाई हाजीले २ वटा सुटकेसभित्र गिफ्ट छ, अली नामको व्यक्ति आएमा दिनु भनेका थिए । एउटा अलीले लग्यो र अर्को पछि आएर लान्छु भनेका थिए । सुटकेस लाने व्यक्तिलाई म चिन्दिन । मैले फोन गरेपछि हाजीले उक्त सुटकेस लाने अली भन्ने व्यक्तिलाई पठाएको हो । मैले गैरकानुनी कार्य गरेको छैन, मलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सज्जाद मोहमद खुरामले यस अदालत समक्ष गरेको बयान ।

मैले पाकिस्तानबाट आउँदा नक्कली नोट लिएर आएको होइन । मैले २ वटा सुटकेस ल्याएको थिएँ, त्यसभित्र मेरो लगाउने लुगा र चप्पल जुत्ताहरूको स्याम्पलको लागि लिएर साउदीमा हज गर्न जाँदा मैले लिएको एउटा गिफ्ट थियो त्यही चिज नेपालको मस्जिदमा गिफ्ट दिन ल्याएको थिएँ । काशीराम अधिकारीलाई म चिन्दिन, मैले अली भन्ने व्यक्तिलाई दिएको हुँ । काशीराम अधिकारीलाई होइन । सो सुटकेसभित्र भएको चिज हाजी भन्ने व्यक्तिसंग खरिद गरी ल्याएको हुँ । मैले दिएको ब्यागबाट भारतीय नक्कली नोटहरू बरामद भएको होइन । नेपाल आउँदा हाजी भन्ने व्यक्तिले सामान किनेर व्यापारको लागि ल्याएकोले नेपाल आएपछि हाजीलाई फोन गरेपछि हाजीले नै उक्त व्यक्ति पठाएका हुन् । मैले युनुस अन्सारीलाई पनि चिन्दिन, निजसँग मेरो फोन सम्पर्क, भेटघाट पनि भएको छैन । प्रहरी समक्ष भएको बयान व्यहोरा मेरो होइन । मैले अभियोग दाबी बमोजिम कुनै कसुर गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी मोहम्मद इकवालले यस अदालत समक्ष गरेको बयान ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरू काशीराम अधिकारी, युनुस अन्सारी, मोहम्मद सज्जाद खुराम र मोहम्मद इकवाललाई पुर्पक्षको निमित्त थुनामा राख्नु भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६६/१०/१७ मा भएको आदेश ।

ब्लु स्टार कम्प्लेक्सको कोठा नं. ६११मा नक्कली जस्तो देखिने भारतीय नोट वरामद भएको सम्वन्धमा मलाई केही जानकारी छैन । पहिले युनुस अन्सारी, एभी न्युजका सञ्चालक थिए, निजको घरको गाडी चलाउने काम गर्थे, कार्यालयको ड्राइभर नभएको अवस्थामा युनुस अन्सारीले प्रयोग गर्ने गाडी समेत चलाउने गर्थे, मेरो र युनुस अन्सारीको चिनजान निजको गाडी मैले चलाउने गरेकोले भएको हो । निजको गाडी मैले एक/डेढ वर्ष अगाडिदेखि नै छाडिदिएको हुँ । युनुस अंसारीले प्रयोग गर्ने गाडीको ड्राइभर भएको कारण निज युनुस अन्सारीले पठाएको भाडा बुझाउन गएको हो । कुस्ती संघको तर्फबाट प्रतिनिधित्व गर्ने कुनै पनि पत्र मलाई दिएको छैन । ब्लु स्टार कम्प्लेक्सको कोठा नं. ६११ को भाडा बापत युनुस अन्सारीले पठाएको रु.३०,०००।- ब्लु स्टार होटलमा लिएर गई रकम बुझाएपछि तपाईंले पैसा बुझाएपछि सो पैसा बुझाएबापत यो कागजमा हस्ताक्षर गर्नुपर्छ भनेको हुँदा होटलको तर्फबाट मैले भर्पाई कागज भनी सहीछाप गरेको हुँ । सो भाडा बुझेको भरपाई भनिएको कागज लिएर गई युनुस अन्सारीलाई बुझाइदिएको हुँ । सो बाहेक सो कोठा तथा प्रतिवादी युनुस अन्सारीसँग मेरो कुनै संलग्नता छैन । अभियोग दाबी बमोजिम म खोटा चलनको कारोबारमा संलग्न नभएको हुँदा मलाई अभियोग माग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी प्रकाश भण्डारीले यस अदालत समक्ष गरेको बयान ।

प्रस्तुत मुद्दामा प्रतिवादी प्रकाश भण्डारीलाई मुद्दा पुर्पक्षको निमित्त नगद धरौटी रु.१,००,०००।- वा सो बराबरको जेथा जमानी लिई तारेखमा राख्नु भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६७/०७/२९ मा भएको आदेश ।

प्रतिवादी प्रकाश भण्डारीले यस अदालतको नगद धरौटी रसिद नं. ४९५ बाट मिति २०६७/०७/२९ मा नगद रु.१,००,०००।- धरौट राखी निज प्रतिवादी तारेखमा रहेको ।

प्रस्तुत मुद्दामा बरामदी मुचुल्काका मानिस विनोद खरेल, नवराज अधिकारी, तिलक अधिकारी, शिव बस्नेत, तोरणकुमार कार्की, प्रतिवेदक परशुराम तिवारी, यादव बस्नेत, यम भट्टराई, बुझिएका मानिस विद्यासागर पोखरेल र व्रम्हदेव प्रसाद यादवले र प्रतिवादी काशीराम अधिकारीको साक्षी रामकुमार बुढाथोकी र माधब के.सी.ले, प्रतिवादी युनुस अन्सारीको साक्षी हिफाजत अन्सारी, सूर्यबहादुर खड्का र प्रकाश श्रेष्ठले, तथा प्रतिवादी प्रकाश भण्डारीको साक्षी योगेश भण्डारी र नवराज भण्डारीले यस अदालत समक्ष आई गरेको बकपत्र मिसिल सामेल रहेको ।

## ठहर खण्ड

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दा बुझिएसम्मका प्रमाणहरूको आधारमा फैसला गरीदिए हुने भएकोले मिसिल अध्ययन गर्दा,

प्रतिवादीहरू उपर भारतीय नक्कली नोट जारी गरी, उक्त नक्कली नोटको वितरण, लेनदेन तथा कारोबार समेत गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) बमोजिमको कसुर गरेकोमा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ९६(१) बमोजिम सजाय गरी बरामद बिगो जफत गरी पाउन समेतको मागदाबी रहेको देखिन आयो ।

प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री सीताराम अर्यालले काशीराम अधिकारी र युनुस अन्सारी बस्ने व्लु स्टार होटलको कोठा नं. ६११ बाट

नक्कली भा.रु. राखिएको अवस्थामा ३ वटा सुटकेसहरू बरामद भएको छ। काशीराम अधिकारीले युनुस अन्सारीको निर्देशनमा ठमेलको रेड प्लानेट होटलबाट ३ वटा सुटकेसहरू ल्याई ब्लु स्टार होटलमा राखेको कुरा स्वीकार गरेका छन्। अदालतमा इन्कार रहे तापनि अधिकार प्राप्त अधिकारी समक्ष मो.इकवाल र मो.खुराम पाकिस्तानबाट नक्कली भा.रु.ल्याई काशीरामलाई दिई पठाएको कुरामा सावित छन्। नेपाल आएपछि १२ पटक फोन सम्पर्क गरेको देखिएको छ। युनुस अन्सारी कसुर गरेकोमा इन्कार रहे तापनि युनुसको निर्देशनमा ल्याएको कुरा काशीरामले स्वीकार गरेको र प्रकाश भण्डारीले ब्लु स्टारको कोठा भाडामा लिएको देखिएको अवस्थामा निजको पनि कसुरमा संलग्नता देखिएकोले प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम सजाय होस् भनी वहस प्रस्तुत गर्नुभयो।

प्रतिवादीहरूमध्येका मो.इकवालको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री मोहन बन्जाराले मेरो पक्षबाट नक्कली भा.रु.बरामद भएको छैन। निजको साथबाट १०,०००।- बरामद भएको भए तापनि सो पैसा अलीले नै दिएको हो भन्ने प्रमााण के ? त्यसैले दाबी प्रमाणित नहुँदा उचित न्याय पाऊँ भनी र प्रतिवादी मो.खुरामको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकले प्रतिवादी मेरो पक्ष मौकामा सावित भए तापनि अदालतमा इन्कार छन्। यिनले ल्याएको भनिएको ९ लाख बरामद भएको छ तर २५ लाखको अभियोग छ। यिनको साथबाट नक्कली भा.रु.बरामद भएको पनि छैन। त्यसैले अभियोग दाबीबाट सफाइ दिइयोस् भनी बहस प्रस्तुत गर्नुभयो।

त्यस्तैगरी प्रतिवादी काशीराम अधिकारीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री माधवप्रसाद बास्कोटाले मेरो पक्ष युनुस अन्सारीको अंगरक्षक हुन्। त्यसैले काशीराम र युनुसको सम्बन्ध मालिक र Servent को छ। काशीरामलाई युनुसले ठमेलस्थित रेड प्लानेट होटलको कोठा नं. २०४ र ३०४ मा गिफ्ट लिन जानु, आफ्नो नाम अली भन्नु र निजलाई रु.१०,०००।- दिनु र गिफ्ट लिई आउनु भनेकाले सो गिफ्ट लिई आएका हुन्। सो ल्याएका सुटकेसहरूमा नक्कली भा.रु. थियो भन्ने कुरा बरामद हुनुभन्दा अगाडि काशीरामलाई थाहा थिएन भन्ने कुरा मिसिलबाट प्रमाणित छ। गलत काम हो भनी जान्दा जान्दै गरेको भए निज उत्तरदायी हुनुपर्छ तर निजले जानेर गरेको अवस्था छैन र सबुद प्रमाणबाट पनि प्रमाणित नभएको र प्रस्तुत मुद्दामा लाग्नै नसक्ने राष्ट्र बैंक ऐन बमोजिम अभियोग लगाइएको हुँदा मेरो पक्षलाई सफाइ दिइनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो। त्यस्तै गरी प्रतिवादी प्रकाश भण्डारीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अच्युतम ढकालले मेरो पक्षले 12 Dec.2008 मा ब्लुस्टार होटलको कोठा भाडामा युनुसको निर्देशनमा लिएको हो। भा.रु. बरामद भएको अवस्थामा प्रकाश भण्डारी युनुसकहाँ काम समेत गरेको प्रमाणित छैन। त्यसैले प्रकाश भण्डारीको प्रस्तुत मुद्दामा संलग्नता प्रमाणित नभएको हुँदा अभियोग दाबीबाट सफाइ दिइयोस् भनी बहस प्रस्तुत गर्नुभयो।

त्यस्तैगरी प्रतिवादीमध्येका युनुस अन्सारीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, महादेव यादव र अधिवक्ताहरू श्री कृष्णप्रसाद सापकोटा, लभकुमार मैनाली, रमनकुमार श्रेष्ठ, कृष्णमुरारी रौनियार, प्रेमबहादुर खड्का, मनमोहन तिमल्सिनाले प्रस्तुत मुद्दामा राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१ को कसुर गरेको भनी प्रतिवादी उपर अभियोग लगाइएको छ। नेपाली मुद्राको हकमा मात्र लाग्ने प्रस्तुत ऐन, भारतीय नक्कली मुद्राको सम्वन्धमा लाग्नै नसक्ने हुँदा प्रस्तुत मुद्दा खारेज गरिनुपर्दछ। यदि निर्णय नै हुने हो भने पनि नक्कली मुद्राहरू बनाउने कार्यमा युनुसको संलग्नता छैन। काशीनाथ अधिकारीको पोलको आधारमा मात्रै हाम्रो पक्ष कसुरदार कायम हुन सक्तैन। काशीराम अधिकारी नक्कली भा.रु.को कारोबार गर्ने व्यक्ति हुन् भन्ने कुरा बरामदी मुचुल्काबाट प्रमाणित छ। हाम्रो पक्ष उपरको निज काशीराम अधिकारीको पोल कानुन सम्मत छैन। हाम्रो पक्षले ब्लुस्टार होटलको कोठा नं.६११ भाडामा लिएको भन्ने प्रमाणित छैन। उक्त कोठा

प्रकाश भण्डारीले लिएको देखिन्छ । त्यसैले मिसिलबाट युनुसको संलग्नता प्रमाणित नहुँदा अभियोग दावीबाट सफाइ दिनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

समग्र मिसिल अध्ययन गरी दुवैतर्फका कानुन व्यवसायीहरूको बहस जिकिर समेत सुनिएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम कसुर गरेको ठहऱ्याई सजाय समेत गर्नुपर्ने हो, होइन ? सो सम्वन्धमा निर्णय गर्नुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा, प्रतिवादी युनुस अन्सारी बस्ने गरेको व्लुस्टार कम्प्लेक्सको कोठा नं. ६११ मा मिति २०६६/०९/१६ गते प्रतिवादी युनुस अन्सारीको निर्देशनमा निजैको अंग रक्षक काशीराम अधिकारीले ठमेलस्थित रेड प्लानेट होटलको कोठा नं.३०४ मा बस्ने सज्जाद मोहम्मद खुरामबाट रातो सुटकेस १ र सोही होटलको कोठा नं. २०४ मा बस्ने मो.इकवालबाट निलो सुटकेस थान-२ लिई राखेको मिसिल संलग्न प्रमाणहरूबाट प्रमाणित छ । उक्त सुटकेसहरूमध्ये मो.इकवालबाट ल्याएको निलो रंगको २ वटा सुटकेसमध्ये Bless लेखिएको सुटकेसबाट रु.९,९८,०००।-र Speed लेखिएको सुटकेसबाट रु.५,५०,००।- समेत जम्मा रु.१५,४८,०००।- र मो.खुरामबाट ल्याएको Cellini लेखिएको रातो सुटकेसबाट रु.९,९६,५००।- नक्कली भारतीय नोटहरू बरामद भएको मिति २०६६/०९/१७ को बरामदी मुचल्काबाट देखिन्छ । बरामद नोटहरू COUNTERFEIT भएको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट प्रमाणित छ । साथै सो ब्लुस्टार होटलको कोठा नं. ६११ बाट प्रतिवादी युनुस अन्सारीको परिचय पत्र, डायरी लगायतका सामग्रीहरू फेला परेको देखिन्छ । अदालतमा बयान गर्दा, काशीराम बाहेकका प्रतिवादीहरूले कसूरमा पूर्ण इन्कार भै बयान गरेको भए तापनि अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा, म पाकिस्तानमा रहेको अवस्थामा करिब ३/४ महिना अघितिर हाजी तलाद नामका व्यक्तिसँग परिचय भएको र निजले भारतीय नक्कली नोटको कारोबार गर्छु, एकपटक नेपाल पुऱ्याएमा रु.१५,०००।- दिन्छु भनेको हुँदा सोही बमोजिम गत नोभेम्बरमा मैले दुईपटक हाजी तलादले दिएका दुई दुईवटा सुटकेस नेपाल ल्याई युनुस अन्सारीले पठाएका अली नामका व्यक्तिलाई जिम्मा दिई पाकिस्तान फर्किएको थिएँ, पछिल्लोपटक नेपाल आउनुभन्दा केही दिन अगाडि हाजी तलादले फोन गरी ३१ डिसेम्बरको प्लेन टिकट लिइसकेको छु तिमी नेपाल जान तयार होऔ भनेको हुँदा निजलाई भेटी निजले दिएका रातो र कालो दुईवटा सुटकेस लिने क्रममा यसमा भारतीय नोटहरू छन्, नेपाल लगी ठमेलस्थित रहेको रेड प्लानेट गेस्टहाउसमा गएर बस्नु त्यहाँ नेपालको युनुस अन्सारीको मान्छे अली नाम बताई भेट्न आउँछन्, निजलाई उक्त सुटकेस दिएर पठाउनु भनी नेपालको मोबाइलको सिम समेत दिएर पठाएको हुँदा नेपाल आई हाजी तलादलाई फोन गरी आइपुगेको जानकारी गराउँदा युनुसले पठाएको अली नामको व्यक्तिलाई रातो सुटकेस दिएर पठाउनु पुनः युनुसले अर्को व्यक्ति पठाएमा अर्को सुटकेस दिनु भनेको हुँदा अली नाम बताई काशीराम अधिकारी आई म युनुस सरले गिफ्ट लिन पठाउनुभएको हो भनेको हुँदा निजलाई रातो सुटकेस दिएर पठाएको थिएँ । अर्को सुटकेस मसँगै रहेको अवस्थामा प्रहरीले पक्राउ गरी सोबाट लागूऔषध खैरो हेरोइन बरामद गरेका हुन् भनी प्रतिवादी सज्जाद मोहमद खुरामले अधिकार प्राप्त अधिकारी समक्ष बयान गरेको र अर्का प्रतिवादी महम्मद इकवालले बयान गर्दा, मेरो साथी मोहमद नादिम मार्फत हाजी तलादसँग चिनजान भई परिचय भएको थियो, गत डिसेम्बर २० तारेखमा नेपाल आउने क्रममा निज हाजी तलादसँग भेटघाट भई कुराकानी हुँदा तिमी नेपाल आउने जाने गर्दा रहेछौं, अर्कोपटक मेरो पनि केही सामान नेपाल पठाउनु छ, लगि दिनु भनेका थिए । त्यस पश्चात् नेपालबाट पाकिस्तान फर्की निजसँग सम्पर्क गर्दा ३० तारेखमा नेपाल जानको लागि तयार होऔं भनेका हुँदा सो दिन मैले निजलाई भेट गर्दा निजले दुईवटा सुटकेस देखाई यसमा भारतीय नोट समेत छ, यो सुटकेस नेपाल लगी नेपालको रेड प्लानेट गेस्टहाउसमा गई बस्नु त्यहाँ युनुस अन्सारी नामका व्यक्तिले कुनै मानिसलाई अली नाम बताई सुटकेस लिन पठाउँछन्, तिम्रो नाम आमीर

भन्नु निजै व्यक्तिलाई सो सुटकेस दिएर पठाउनु सुटकेस लिन आउने व्यक्तिले रु. १०,०००।- नेपाली रुपैयाँ समेत दिन्छन्, त्यो तिमीले राख्नु भनेका र नेपालको सिमकार्ड समेत दिई पठाएकाले उक्त भारु नोटहरू रहेका सुटकेस लिई काठमाडौं एयरपोटमा आइपुगी सो सुटकेसहरू आफैं लिएर आउँदा पक्राउ पर्ने डरले भन्सारमा नै रहने गरी छाडी म आफू मात्र ठमेल आई बसी भोलिपल्ट भन्सारमा गई एजेन्टलाई ६,०००।- दिई सुटकेस लिई सोही गेस्टहाउसमा ल्याई राखेको अवस्थामा हाजी तलादले भनेझैं युनुस अन्सारीले पठाएका अली भन्ने काशीराम अधिकारी लिन आएकाले निजबाट रु १०,०००।-लिई उक्त दुवै सुटकेस दिई पठाएको हुँ पछि प्रहरीले उक्त सुटकेसभित्र रहेका भारतीय नोटहरू बरामद गरी काशीराम अधिकारी पनि पक्राउ परी आएकोले निजलाई चिनेको हुँ सो कार्यमा मेरो संलग्नता छ भनी पाकिस्तानमा हाजी तलादले दिएको सुटकेसहरू लिई नेपालमा आई युनुस अन्सारीले पठाएको मानिसलाई दिई पठाएको व्यहोरा स्वीकार गरेको देखिन्छ । प्रतिवादी काशीराम अधिकारीको बयान व्यहोरा हेर्दा, मलाई २०६६ साल पौष १६ गते ठमेलको रेड प्लानेट गेस्टहाउसको कोठा नं.२०४ बाट पक्राउ गरेको हो । मेरो साथबाट मेरो आफ्नै र युनिस अन्सारीले प्रयोग गर्ने मोबाइल गरी २ थान मोबाइल, पर्स, अफिसको मेरो परिचय पत्र र गाडीको लाइसेन्स, नगद रु.७२५। बरामद गरेका हुन । म पुगेको कोठाबाट एकवटा ब्याग (डुब्लिकेट पैसाको) बरामद गरेका हुन् । मलाई ब्लु स्टार कम्प्लेक्स भवनको कोठा नं.६११ मा पक्राउ गरेको नभई उक्त कोठामा मैले नै प्रहरीलाई लिएर आएको हुँ । उक्त कोठामा भएको सुटकेस थान २ र सोमा रहेको पैसा मैले नै पुऱ्याएर राखेको थिएँ । प्रहरी समक्षको बयान मैले भने बमोजिम नै लेखिएको छ । अन्य प्रतिवादीहरूको बयानबारेमा मलाई थाहा छैन । मैले नक्कली नोटको कारोबार गरेको छैन । उक्त कार्यमा मेरो संलग्नता छैन । मलाई मेरो सर युनिस अन्सारीले मेरो गेस्ट आउँछ मैले दिएको चिटमा लेखिएको व्यक्तिलाई मेरो मोबाइलबाट फोन गरेर निजले दिएको गिफ्ट ल्याएर ब्लु स्टार अफिसमा राखिदिनु र मलाई फोन गर्नु भन्नुभएको मात्र हो । उक्त मेरो हाकिमले अह्राएको काम गरेको हुँ । मलाई नक्कली नोट सम्बन्धमा केही थाहा जानकारी थिएन । मलाई युनिस सर पनि यस कारोबारमा संलग्न छ भन्ने थाहा भएन । पक्राउ परेपछि मात्र थाहा पाएँ । मैले जानी जानी उक्त कार्य गरेको छैन । अह्राएको काम गर्दा घटना भएको हो भनी बयान गरेको देखिनुको साथै मिसिल संलग्न प्रतिवादीहरूले प्रयोग गरेको मोबाइलको कल लिस्टबाट प्रतिवादीहरूले एकआपसमा नेपाल र पाकिस्तानमा सम्पर्क गरेको समेत पुष्टि भइरहेको हुँदा मिति २०६६/०९/१७ मा बरामद भएको भारतीय नक्कली नोटको कारोबारमा प्रतिवादीहरू युनुस अन्सारी, सज्जाद मोहम्मद खुराम, मो.इकवाल र काशीराम अधिकारीको संलग्नता रहेको प्रमाणित भएको देखियो ।

अब प्रतिवादीहरूलाई के, कति सजाय हुने हो ? भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादीहरूलाई राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१)को कसूरमा ऐ.को दफा ९६(१) बमोजिम सजाय गरी पाऊँ भनी अभियोग दाबी लिएको देखियो । प्रतिवादीहरूका कानुन व्यवसायीहरूले यस इजलास समक्ष बहस गर्दा भारतीय नक्कली नोटको सम्बन्धमा खोटा चलनको ८ नं.को स्पष्ट व्यवस्था हुँदा हुँदै विदेशी नक्कली मुद्राको सम्बन्धमा लाग्नै नसक्ने राष्ट्र बैंक ऐनको दफा ९५(१) अन्तर्गत प्रस्तुत मुद्दा आएको हुँदा खारेज गरिनुपर्दछ भनी गर्नुभएको बहसका सम्बन्धमा हेर्दा राष्ट्र बैंक ऐनको दफा ९५(१) मा विदेशी नक्कली मुद्राको कारोबारको सम्बन्धमा स्पष्ट व्यवस्था गरेको नभए तापनि विदेशी विनिमेय कारोबार गर्न नहुने कुरालाई इंगित गरेको पाइन्छ । प्रतिवादीहरूले नेपाल कानुनले अवैध ठहऱ्याएको भारतीय नक्कली मुद्राको कारोबार गरेको देखिएको छ । प्रतिवादीहरूले अवैध नक्कली भा.रु.को कारोबार गरेको हुनाले प्रतिवादीहरूले गरेको कानुन विपरीतको उक्त कार्यबाट निजहरूले उन्मुक्ति पाउनु पनि न्यायसम्मत हुने देखिंदैन ।

त्यसैले प्रतिवादीहरू युनुस अन्सारी, मो.इकवाल र सज्जाद मोहम्मद खुरामले अभियोग दाबी बमोजिम राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) विपरस्त नक्कली भा.रु.को कारोबारको कसूर गरेको प्रमाणित

भएको हुँदा निज प्रतिवादीहरू युनुस अन्सारी, मो.इकवाल र मो.खुरामलाई ऐ. ऐनको दफा ९६(१) ले २ वर्ष ६ महिना कैद र प्रतिवादी मो. इकवालले ल्याएको भा.रु. १५,४८,०००।-देखिएको हुँदा सोको बिगो ने.रु.२४,७६,८००।- हुने हुँदा सोही बिगो बमोजिम रु.२४,७६,८००।- जरिवाना हुने र प्रतिवादी सज्जाद मोहम्मद खुरामले ल्याएको भा.रु. ९,९६,५००।- देखिएको हुँदा सोको बिगो ने.रु. १५,९४,४००।- हुने हुँदा सोही बिगो बमोजिम रु.१५,९४,४००।-जरिवाना हुने र प्रतिवादी युनुस अन्सारीको साथबाट सबै नक्कली भा.रु. बरामद भएको र सो निजैको निर्देशनमा आएको हुँदा जम्मा बिगो रु.४०,७१,२००।- हुँदा सोही बिगो बमोजिम रु.४०,७१,२००।- जरिवाना समेत हुने ठहर्छ ।

प्रतिवादी काशीराम अधिकारीको सम्बन्धमा विचार गर्दा, मिति २०६६/०९/१६ गते प्रतिवादी युनुस अन्सारीले काशीरामलाई ठमेलस्थित रेड प्लानेट होटलको कोठा नं. ३०४ र २०४ मा गिफ्ट आएको छ, गएर ल्याउनु भनेबाट २ पटक रेड प्लानेट होटलमा गै ३ वटा सुटकेसहरू लिई ब्लु स्टार होटलको ६११ नं.कोठामा राखेको कुरा निजले स्वीकार गरेका छन् तर सो सामान के थियो बरामद हुनुभन्दा अगाडि थाहा थिएन भनेको अवस्था छ । प्रतिवादी काशीराम प्रतिवादी युनुस अन्सारीको अंगरक्षक भएको कुरा मिसिलबाट प्रमाणित छ । अंगरक्षकले आफ्नो हाकिमले लाए अऱ्हाएको काम गर्नु उसको दायित्वभित्र पर्दछ । तापनि पटक पटक सुटकेस उपहार लिन जानु भनी युनुसले भनेकोमा सो कुरामा सजग रहनुपर्ने दायित्व पनि निजको नै हुन्छ । त्यसैले हाकिमले लाए अह्राए बमोजिम आफूले बोकी ल्याएको सुटकेसहरूमा नक्कली भा.रु. रहेको तथ्य थाहा थिएन भनी निजले आफ्नो बयानमा अनभिज्ञता देखाए पनि निजले अवैध भा.रु. बोकी ल्याएको र कानुनले उक्त कार्यलाई कसुर ठहऱ्याएको हुँदा अज्ञानता रहेको भन्ने आधारमा मात्र निजलाई सो कसूरबाट उन्मुक्ति दिनु पनि न्यायोचित हुने नदेखिएकाले निजले सो कार्य गर्नुपर्ने अवस्था, परिस्थिति समेतलाई विचार गरी निज प्रतिवादी काशीराम अधिकारीलाई २ वर्ष ६ महिना कैद मात्र हुने ठहर्छ । बरामद भा.रु जफत हुने ठहर्छ ।

प्रतिवादी प्रकाश भण्डारीको सम्बन्धमा विचार गर्दा, निजले ब्लुस्टार होटलको कोठा लिँदा सम्झौता गरेको देखिए तापनि नक्कली भा.रु.को कारोबारमा निजको संलग्नता मिसिल संलग्न कुनै पनि प्रमाणबाट पुष्टि नहुँदा निज प्रकाश भण्डारीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ ।

आज यसै इजलास समक्ष पेस भएको स.फौ.नं.१८१८ र १२७७ को मुद्दाहरू एकै प्रकृतिको देखिएको तर दुवै मुद्दाहरूमा २ वटा फरक फरक ऐन (नेपाल राष्ट्र बैंक ऐन, २०५८ र मुलुकी ऐन, खोटा चलनको महल) लगाई अभियोग दाबी लिएको देखिएको छ । यसरी एकै प्रकृतिको मुद्दाहरूमा फरक फरक ऐन लगाई अभियोग लगाउँदा प्रतिवादीहरूले गरेको कसूर अनुसार सजाय गरी न्याय सम्पादन गर्ने कार्यमा जटिलता आउने देखिएको हुँदा अब एकै प्रकृतिका मुद्दाहरूमा एकै प्रकृतिको कसुरमा एउटै ऐन प्रयोग गरी अभियोग लगाउन मातहतका कार्यलयहरूमा निर्देशन दिन महान्याधिवक्ताको कार्यालयमा लेखि पठाउनू । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार प्रतिवादीहरू युनुस अन्सारीलाई २ वर्ष ६ महिना कैद र रु.४०,७१,२००।- जरिवाना, मो.इकवाललाई २ वर्ष ६ महिना कैद र रु.२४,७६,८००।- जरिवाना हुने, सज्जाद मोहम्मद खुरामलाई २ बर्ष ६ महिना कैद र रु.१५,९४,४००।-जरिवाना हुने एवं प्रतिवादी काशीराम अधिकारीलाई २ वर्ष ६ महिना कैद हुने तथा प्रतिवादी प्रकाश भण्डारीले अभियोग दाबीबाट सफाइ पाउने र बरामद नोटहरू जफत समेत हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादीहरूलाई लागेको उक्त कैद र जरिवानाको लगत कसी देहाय बमोजिम गर्नू.........................................................................................................................१

- प्रतिवादी युनुस अन्सारीलाई लागेको कैद र जरिवानाको हकमा निज प्रतिवादी प्रस्तुत मद्दामा मिति २०६६/०९/१७ मा पक्राउ परी अनुसन्धानको क्रममा थुनामा रही यस अदालतको आदेशले हालसम्म थुनामै रहेको देखिएबाट निजलाई लागेको सो कैदका हकमा निज उक्त थुनामा रहेको अवधिका आधारमा मिति २०६९/०३/१७ सम्ममा सो कैद भुक्तान भइसकेको देखिएबाट सो कैदको लगतमा असुली जनाउनु र निजलाई लागेको उक्त जरिवानाको हकमा सो उक्त कैद भुक्तान भएका मिति २०६९/०३/१७ देखि दैनिक रु.२५।-का दरले हुन आउने रकम कट्टा गरी बाँकी हुन आउने जरिवाना रकम निजबाट नियमानुसार असुल उपर गर्नू ।
- प्रतिवादी मो.इकवाललाई लागेको कैद र जरिवानाको हकमा निज प्रतिवादी प्रस्तुत मद्दामा मिति २०६६/०९/१७ मा पक्राउ परी अनुसन्धानको क्रममा थुनामा रही यस अदालतको आदेशले हालसम्म थुनामै रहेको देखिएबाट निजलाई लागेको सो कैदका हकमा निज उक्त थुनामा रहेको अवधिका आधारमा मिति २०६९/०३/१७ सम्ममा सो कैद भुक्तान भइसकेको देखिएबाट सो कैदको लगतमा असुली जनाउनू र निजलाई लागेको उक्त जरिवानाको हकमा सो उक्त कैद भुक्तान भएका मिति २०६९/०३/१७ देखि दैनिक रु.२५।- का दरले हुन आउने रकम कट्टा गरी बाँकी हुन आउने जरिवाना रकम निजबाट नियमानुसार असुल उपर गर्नू ।
- प्रतिवादी सज्जाद मोहम्मद खुरामलाई लागेको कैद र जरिवानाको हकमा निज प्रतिवादी प्रस्तुत मद्दामा मिति २०६६/०९/१७ मा पक्राउ परी अनुसन्धानको क्रममा थुनामा रही यस अदालतको आदेशले हालसम्म थुनामै रहेको देखिएबाट निजलाई लागेको सो कैदका हकमा निज उक्त थुनामा रहेको अवधिका आधारमा मिति २०६९/०३/१७ सम्ममा सो कैद भुक्तान भइसकेको देखिएबाट सो कैदको लगतमा असुली जनाउनू र निजलाई लागेको उक्त जरिवानाको हकमा सो उक्त कैद भुक्तान भएका मिति २०६९/०३/१७ देखि दैनिक रु.२५।- का दरले हुन आउने रकम कट्टा गरी बाँकी हुन आउने जरिवाना रकम निजबाट नियमानुसार असुल उपर गर्नू ।
- प्रतिवादी काशीराम अधिकारीलाई लागेको कैदको हकमा निज प्रतिवादी प्रस्तुत मुद्दामा मिति २०६६/०९/१७ मा पक्राउ परी अनुसन्धानको क्रममा थुनामा रही यस अदालतको आदेशले हालसम्म थुनामै रहेको देखिएबाट निजलाई लागेको सो कैदका हकमा निज उक्त थुनामा रहेको अवधिका आधारमा मिति २०६९/०३/१७ सम्ममा सो कैद भुक्तान भइसकेको देखिएबाट सो कैदको लगतमा असुली जनाई निज प्रतिवादीलाई अन्य कुनै मुद्दा वा निकायबाट थुनामा राखिराख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट मात्र थुनामुक्त गरिदिनू भनी निज थुनामा रहेको कारागार कार्यालयमा लेखी पठाइदिनू ।
- प्रतिवादी प्रकाश भण्डारीले प्रस्तुत मुद्दामा अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएको हुँदा निज प्रतिवादीले प्रस्तुत मुद्दामा यस अदालतको मिति २०६७/७/२९ गतेका आदेशानुसार यस अदालतको नगद धरौट रसिद नं. ४९५ बाट मिति २०६७/०७/२९ मा राखेको नगद रु.१,००,०००।- फिर्ता दिलाई पाऊँ भनी प्रस्तुत मुद्दामा पुनरावेदनको अवस्था नाघे वा अन्तिम किनारा भै आएपछि निजको दरखास्त पर्न आए निज प्रतिवादी प्रकाश भण्डारीलाई सो धरौट रकम फिर्ता दिनू ।
- प्रस्तुत मुद्दामा बरामद भई आएको नक्कली भा.रु.नोटहरू नियमानुसार जफत गरी नष्ट गर्नू ।

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नू भनी यो फैसलाको प्रतिलिपि समेत साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनू र प्रतिवादीहरू युनुस अन्सारी, मो.इकवाल, मो.खुराम तथा काशीराम अधिकारीलाई समेत पुनरावेदनको म्याद दिनू...........................................................................................................२

प्रस्तुत स.फौ.नं.१८१८ र यसै लगाउको स.फौ.नं.१२७७ को मुद्दाहरू एकै प्रकृतिको देखिएको तर दुवै मुद्दाहरूमा २ वटा फरक फरक ऐन (नेपाल राष्ट्र बैंक ऐन, २०५८ र मुलुकी ऐन, खोटा चलनको महल) लगाई अभियोग दाबी लिई एकै प्रकृतिको मुद्दाहरूमा फरक फरक ऐन लगाई अभियोग लगाउँदा प्रतिवादीहरूले गरेको कसुरअनुसार सजाय गरी न्याय सम्पादन गर्ने कार्यमा जटिलता आउने देखिएको हुँदा अब एकै प्रकृतिका मुद्दाहरूमा एकै प्रकृतिको कसुरमा एउटै ऐन प्रयोग गरी अभियोग लगाउन मातहतका कार्यलयहरूमा निर्देशन दिनू भनी यो फैसलाको प्रतिलिपि साथै राखी महान्याधिवक्ताको कार्यालयमा लेखी पठाउनू .....................३

सरोकारवालाले नक्कल मागे नियमानुसार नक्कल दिनू र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू...........................................................................................४

प्रस्तुत पाना १८ को फैसला मा.न्या.ज्यूले
बोली टिपाए बमोजिम टिपी कम्प्युटर टाइप
गर्ने ना.सु सुरथप्रसाद तिमल्सेना, फाँट नं.-१८ ।

**जिल्ला न्यायाधीश**

**ईति संवत् २०६९ साल आषाढ २१ गते रोज ५ शुभम्........**

**श्री मकवानपुर जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री टेकनारायण कुँवर**
**फैसला**
**२०६८-CR-००२१**
**नि.नं. ६१२**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| ज्ञानु सेढाईंको जाहेरीले वादी नेपाल सरकार........१ | पदमबहादुरको छोरा जि.मकवानपुर हे.न.पा वडा नं. २ बस्ने विष्णुकुमार सेढाइँ ......................................१ |
| **निजको प्रमाण :-** | जि.मकवानपुर हे.न.पा वडा नं. ७ माइतीघर भएकी विष्णुकुमार सेढाईंको कान्छी श्रीमती रमाकुमारी चौलागाई ......................................................१ |
| **कागज :-** | निजको प्रमाण :- |
| **साक्षी :-** | कागज :- |
| | साक्षी :- |

**मुद्दा :- वहुविवाह**
**दायर मिति :- 2068/5/25**

## तथ्य खण्ड

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

(क) **संक्षिप्त तथ्य : -**

१. मेरो श्रीमान् विष्णुकुमार सेढाईंले घरमा म जेठी श्रीमती र छोरा छोरी समेत हुँदाहुँदै कान्छी श्रीमती रमा चौलागाईसँग दोश्रो विवाह गरेको भन्ने कुरा हेटौंडा नगरपालिकाको कार्यालयमा गई विवाह दर्ता अभिलेख हेरी थाहा पाएको हुँदा प्रतिवादीलाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको ज्ञानु सेढाईंको मिति २०६८।५।११।१ को जाहेरी दरखास्त ।

२. मैले रमाकुमारी चौलागाईसँग विदेश यु.के. जाने कार्यका लागि मिति २०६४/८/११ गतेका दिन विवाह गरेको र मिति २०६६/८/१५ गतेका दिन हेटौंडा नगरपालिकाको कार्यालयमा गई द.नं.४४७ को विवाह दर्ताको प्रमाणपत्र बनाएको हो । घरमा जेठी श्रीमती छ भन्ने कुरा मैले रमालाई भनेको थिइन । रमालाई पनि मेरो पहिलो विवाह भएको छ भन्ने कुरा थाहा थिएन भन्ने समेत व्यहोराको विष्णुकुमार सेढाईंले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

३. विष्णु सेढाई र जोहरवालाबीच मिति २०५१ साल वैशाख महिनामा विवाह भए पश्चात् एक छोरा र एक छोरीको जन्म भई श्रीमान् श्रीमती मिलीजुली बस्दै आएका थिए । निजले २ वर्ष जति अगाडि विदेश यु.के. जानका लागि प्रयास गरेको थियो । सो प्रयास गर्दा निजले रमा चौलागाईसँग विवाह गरेको भनी हे.न.पा.

मा विवाह दर्ताको प्रमाणपत्र बनाएका थिए । निजसँग विवाह गरेको कुरा जाहेरवालाले थाहा पाई बहुविवाह मुद्दामा जाहेरी दिएकी रहेछिन् । निज प्रतिवादीले रमासँग विदेश जानको लागि पेपर म्यारिज गरेको हुनुपर्छ भन्ने समेत व्यहोराको शान्ति ठकुरी, गायत्री दाहाल र केशवप्रसाद पौडेल समेतका मानिसहरूको कागज ।

४. प्रतिवादी विष्णुकुमार सेढाईं र रमाकुमारी चौलागाईबीच २०६४/८/११ मा विवाह गरेको भन्ने समेत व्यहोराको विवाह दर्ताको प्रमाणपत्र ।

**ख) अभियोग माग दाबी**

५. प्रतिवादी बिष्णु सेढाईंले घरमा जेठी श्रीमती (जाहेरवाला) छँदाछँदै रमाकुमारी चौलागाईसित दोश्रो विवाह गरी मुलुकी ऐन, विहावारीको महलको ९ नं. अनुसारको कसुर अपराध गरेकोले निज प्रतिवादी विष्णुकुमार सेढाईं उपर सोही महलको १० नं. बमोजिम सजाय हुन र प्रतिवादी रमाकुमारी चौलागाईले विष्णुकुमार सेढाईंको घरमा एक छोरा एक छोरीको आमा जाहेरवाला जेठी श्रीमती भएको थाहा पाई जानी जानी निजसँग दोश्रो विवाह गरी मुलुकी ऐन, विहावारीको महलको १० नं. बमोजिमको कसुर अपराध गरेकोले निज रमाकुमारी चौलागाई उपर सोही महलको १० नं. बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग माग दाबी ।

**ग) प्रतिवादीहरूको अदालतमा भएको बयान**

६. **प्र.विष्णुकुमार सेढाईं :-** प्रतिवादी रमाकुमारीसँग मिति २०६६/८/१५ गते विदेश जानको लागि दोश्रो विवाह गरेको हो । मेरो आयश्रोत केही नभएको हुँदा विदेश जान विवाह गरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन । निज रमाकुमारीको शैक्षिक योग्यता भएको हुँदा हामी दुवै विदेश जानको लागि मात्र विवाह गरी विवाह दर्ता समेत गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी विष्णुकुमार सेढाईंले मिति २०६८/५/२६ गते यस अदालतमा गरेको बयान ।

७. **प्र.रमाकुमारी चौलागाई :-** मेरो शैक्षिक योग्यता पुगेको र विदेशमा स्टुडेन्ट भिसामा जान एउटै खर्चले दुई जना जान पाउने र साथी भएको हुँदा कागजी विवाह गरेको हुँ । सो कागजी विवाह गर्नुभन्दा अगाडि मलाई विष्णुकुमार सेढाईंको पहिलो विवाह र बच्चा भएको भन्ने विषयमा थाहा थिएन । मैले निजलाई पटक पटक सोध्दा पनि निजले विवाह गरेको छैन भनी मलाई झुक्याएको र मेरो कागजी विवाह विदेशी प्रयोजनको लागि मात्र भएको हो । तसर्थ अभियोग माग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी रमाकुमारी चौलागाईले मिति २०६८।५।२९ मा यस अदालतमा गरेको बयान ।

**घ) सम्बद्ध कानुन :-**

८. मुलुकी ऐन, विहावरीको महलको ९ र १० नं. ।

**ङ) बुझिएका साक्षी प्रमाणहरू :-**

९. क) वादी नेपाल सरकार तथा प्रतिवादीद्वय विष्णुकुमार सेढाईं र रमाकुमारी चौलागाईका साक्षीहरूको बकपत्र भई मिसिल सामेल रहेको ।

ख) यिनै प्रतिवादीहरूबीच सम्बन्धविच्छेद मुद्दा दायर भई मिलापत्र भएको मिसिल साथै राख्ने आदेश भएकोमा सो आदेश कार्यान्वयन भएको ।

ग) दुवै पक्षका कानुन व्यवसायीहरूद्वारा लिखित बहसनोट प्रस्तुत गर्नू भन्ने आदेशानुसार सो बहसनोट पेस भई मिसिल सामेल रहेको ।

घ) निज प्रतिवादी विष्णुकुमार सेढाईंसँग मेरो मिति २०५१।१।१६ मा विवाह भएको हो । प्रतिवादी विष्णु र प्रतिवादी रमाबीच विवाह भएको कुरा २०६८ साल असार महिनामा थाहा पाएको हुँ । निज पति र मेरोबीच राम्रो सम्बन्ध थियो । निजले बहुविवाह गरेको मैले थाहा पाएपछि सामान्य चिसोपन बढ्यो । निज पतिलाई मैले दोश्रो विवाह गर्न र एकैसाथ बस्न अनुमती दिएको थिइन् । तर विदेश जाने प्रयोजनका लागि कागजी विवाह गर्न भने अनुमति दिएको थिएँ । निजहरूले विदेश जाने प्रयोजनका लागि कागजी विवाह गरे तापनि विदेश नजाने भएपछि पनि सम्बन्धविच्छेद नगरेको हुँदा बहुविवाहमा जाहेरी दिएको हुँ भनी जाहेरवाला ज्ञानु सेढाईले यस अदालतमा गरेको बकपत्र ।

ङ) निज प्रतिवादीहरू विदेश जाने प्रयोजनका लागि कागजी विवाह दर्ता भएको हो । सो विदेश जाने कार्य नभएपछि सम्बन्धविच्छेद गरेका हुन् । ज्ञानु सेढाईंको जाहेरी तथा अभियोग दाबी झुठो हो । बहुविवाह गरेको नहुँदा प्रतिवादी रमा चौलागाई समेतले सजाय पाउनुपर्ने होइन, सफाइ पाउनुपर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादी रमाकुमारी चौलागाईका साक्षी निश्चला श्रेष्ठले यस अदालतमा गरेको बकपत्र ।

च) निज प्रतिवादीहरू विदेश यू.के. जाने प्रयोजनका लागि कागजी विवाह दर्ता गराएको हो । निजहरूबीच साँच्चिकै विवाह नभएकोले निजहरू श्रीमान् श्रीमती होइनन् । ज्ञानु सेढाईंको जाहेरी तथा अभियोग माग दाबी झुठा हो । निजले अभियोग माग दाबी अनुसारको कसुर नगरेको हुँदा सफाइ पाउनुपर्छ भनी प्रतिवादी विष्णुकुमार सेढाईंका साक्षी रामप्रसाद न्यौपानेले यस अदालतमा गरेको बकपत्र ।

## ठहर खण्ड

१०. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटाले जाहेरी दरखास्त, प्रतिवादीहरूको बयान, मौकामा कागज गर्ने मानिसहरूको भनाइ, स्थानीय पञ्जिकाधिकारीको कार्यालय हे.न.पा मकवानपुरबाट जारी भएको विवाह दर्ताको प्रमाणपत्र, जाहेरवाला र स्वयम प्रतिवादीका साक्षीहरूको बकपत्र समेतबाट यी प्रतिवादीहरूले मुलुकी ऐन, विहावरीको ९ नं. विपरीत कार्य गरी बहुविवाहको कसुर गरेको हुँदा अभियोग दाबी अनुसार सजाय हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो । प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री केशवप्रसाद गौतमले विदेश जाने प्रयोजनको लागि कागजी विवाह दर्ता गरेको अवस्थामा विहावारीको ९ नं. आकर्षित हुन सक्दैन । प्रतिवादीहरूबीच भएको विवाह व्यावहारिक रूपको विवाह दर्ता नभई कागजी विवाहसम्म हो । सो विवाह जाहेरवालाको सहमतिबाटै भएको हुनाले अभियोग दाबी अनुसार सजाय हुनुपर्ने होइन । तसर्थ मेरो पक्षहरूले सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो ।

११. यसका साथै माथि उल्लिखित बहस बुँदाहरूलाई नै समर्थन गर्दै दुवै पक्षका विद्वान्हरूले आदेशानुसार प्रस्तुत गर्नुभएको लिखित बहस नोट पनि मिसिलमा रहेकोमा सो अध्ययन गरियो ।

१२. यसप्रकार उपरोक्त अभियोग माग दाबी र वादी प्रतिवादी पक्षका विद्वान्हरूले प्रस्तुत गर्नुभएको बहस छलफल तथा लिखित बहसनोट एवम् मिसिलमा संलग्न प्रमाणहरू समेत अध्ययन गरी निर्णयतर्फ विचार

गर्दा प्रस्तुत मुद्दामा निम्न लिखित प्रश्नमा केन्द्रित रही निर्णय दिनुपर्ने देखियो :-

क) प्रतिवादीहरूले मुलुकी ऐन, विहावारीको ९ नं. विपरितको कार्य गरेका हुन्, होइनन् ?

ख) प्रतिवादी विष्णुकुमार सेढाईं विवाहित व्यक्ति हुन् भन्ने कुरा प्रतिवादी रमाकुमारी चौलागाईलाई पूर्वजानकारी थियो, थिएन ?

ग) प्रतिवादीहरूले जिकिर लिएको कागजी विवाह भनिएको विवाह दर्ता प्रमाणपत्रबाट कानुनी मान्यता प्राप्त विवाह मान्न मिल्ने हो, होइन ?

घ) यदि प्रतिवादीहरूले गरेको कार्य विहावारीको ९ नं. विपरीतको कसुर हो भने प्रतिवादीहरूलाई के कस्तो सजाय हुनुपर्ने हो ?

१३. सर्वप्रथम उपरोक्त निर्णयार्थ उल्लिखित प्रश्नहरूको निरोपण गर्नुभन्दा पहिले प्रस्तुत मुद्दाको संक्षिप्त तथ्यमा प्रकाश पारिनु महत्वपूर्ण र उपयुक्त हुन आउँछ । सो सम्बन्धमा हेर्दा, जाहेरवाला ज्ञानु सेढाईं प्रतिवादी विष्णुकुमार सेढाईंको विवाहित श्रीमती रहेकोमा कुनै विवाद छैन । जाहेरवालाका क्रमशः १६ र १४ वर्षका छोराछोरी समेत रहेको अवस्था छ । यस्तैमा प्रतिवादी विष्णुकुमार सेढाईंले घर परिवारको कुनै वास्ता नगरेको र घरमा समेत नआई लापरबाही गरी हिँड्ने गरेको हुँदा निजको पिछा लागी चालचलन बुझ्दा अर्का प्रतिवादी रमाकुमारी चौलागाईसँग विवाह गरी स्थानीय निकायमा विवाह दर्ता समेत गरेको हुँदा कानुनी कारबाही गरी पाऊँ भनी ज्ञानु सेढाईं (प्र.विष्णुकुमार सेढाईंको विवाहित श्रीमती) को जाहेरी परेको अवस्था छ । प्रतिवादीहरूको विचमा दर्ता विवाह भएको भन्ने तथ्य हेटौंडा नगरपालिका, स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको दर्ता नं. ४४७ मिति २०६६।८।१५ को विवाह दर्ताको प्रमाणपत्रबाट पुष्टि हुन्छ । सो विवाह दर्तालाई प्रतिवादीहरूले इन्कार गर्न सकेको अवस्था छैन । बरु विदेश जाने प्रयोजनको लागि कागजी विवाह गरेको, वास्तविक विवाह होइन भनी विवाह दर्तालाई थप पुष्टि गरको स्थिति छ । यसैबीच प्रतिवादी रमाकुमारी चौलागाईले प्रतिवादी विष्णुकुमार सेढाईं उपर यस अदालतमा सम्बन्धविच्छेद दायर गरी मिति २०६८।५।३० मा मिलापत्र गरी लोग्ने स्वास्नीको सम्बन्धविच्छेद गरेको समेत अवस्था छ ।

१४. यसरी मुद्दाको तथ्यमा प्रकाश पारिसकेपछि अब माथि निर्णयार्थ प्रस्तुत पहिलो प्रश्न **प्रतिवादीहरूले मुलुकी ऐन, विहावारीको ९ नं. विपरीतको कार्य गरेका हुन्, होइनन् ?** भन्ने सम्बन्धमा विचार गर्दा, सर्वप्रथम मुलुकी ऐन, विहावारीको ९ नं. मा उल्लिखित कानुनी व्यवस्थालाई अवलोकन गर्नुपर्ने हुन्छ । सोतर्फ हेर्दा विहावारीको ९ नं. मा निम्न बमोजिम उल्लेख भएको पाइन्छ :-

**९ नं.** ॥ ॥ देहायका अवस्थामा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानुन बमोजिम लोग्ने स्वास्नीको सम्बन्धविच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्की स्वास्नी राख्न हुँदैन ........................................................ १
स्वास्नीलाई यौन सम्बन्धी कुनै सरुवा रोग भै निको नहुने भएमा ...........................१
स्वास्नी निको नहुने गरी बौलाएमा ..................................................................१
स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा..........................................................................१
स्वास्नी हिँडडुल गर्न नसक्ने गरी कुँजी भएमा ...................................................१
स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा ..........................................................१
अंशबण्डाको महलको १० नं बमोजिम स्वास्नीले अंश लिई भिन्न बसेमा ....................१

१५. उपरोक्त कानुनी व्यवस्था अनुसार कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा लोग्ने स्वास्नीको महल बमोजिम सम्बन्धविच्छेद नहुँदै विवाह गर्न वा अर्की स्वास्नी राख्न निषेध गरेको पाइन्छ। यसका अतिरिक्त उक्त ९ नं. मा आफ्नो स्वास्नी जीवित भएको अवस्थामा वा सम्बन्धविच्छेद नभएको भए पनि अर्की स्वास्नी मानिससँग विवाह गर्न पाइने केही पूर्वसर्तहरू तोकिदिएको पाइन्छ, जुन पूर्वसर्तहरू माथि उल्लेख गरिएको छ। सो बाहेक अन्य कुनै पनि आधार र कारण प्रस्तुत गरी गरिएको विवाह सो ९ नं. विपरीतको कार्य हुन जाने प्रस्ट छ। प्रस्तुत मुद्दामा विहावारीको ९ नं. बमोजिम तोकिएको कुनै पनि अवस्था विद्यमान भएको भन्ने जिकिर प्रतिवादीहरूले लिन सकेको पाइँदैन। अर्थात् उक्त ९ नं. मा उल्लिखित पूर्वसर्तहरूको विद्यमानता नहुँदा नहुँदै पनि यी प्रतिवादीहरूले सम्बन्धित निकायमा गई कानुनतः विवाह दर्ता गरेको अवस्था छ। सो दफा ९ मा उल्लिखित सर्तअनुसार घरमा विवाहित श्रीमती छँदाछँदै अर्को श्रीमती विवाह दर्ता गरेर होस् वा अन्य कुनै पनि प्रकारबाट श्रीमती बनाई ल्याउन पाउने भन्ने कानुनको मनसाय देखिन आउँदैन। त्यस्तो अवस्थामा यदि कसैले सो ९ नं. मा उल्लिखित कानुनी व्यवस्थाको विपरीत हुनेगरी विवाह गर्दछ भने उसले गरेको त्यस्तो कार्य फौजदारी कसुरको रूपमा स्थापित हुन्छ र सो कार्य गर्नेले त्यस्तो फौजदारी कसुर वा आपराधिक कार्यबाट उन्मुक्ति पाउन सक्दैन।

१६. प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादीहरू विष्णुकुमार सेढाईं र रमाकुमारी चौलागाईको बीचमा दर्ता विवाह भएको भन्ने तथ्य हेटौंडा नगरपालिका, पञ्जिकाधिकारीको कार्यालयबाट द.न. ४४७ मिति २०६६।८।१५ मा जारी भएको विवाह दर्ताको प्रमाणपत्रबाट पुष्टि हुन आएको छ। उक्त प्रमाणपत्रमा निम्न व्यहोरा उल्लेख छ :-

"श्री रूपबहादुर सेढाईंको नाती श्री पदमबहादुर खत्री सेढाईंको छोरा मकवानपुर जिल्ला हेटौंडा न.पा., वडा नं. २ मा बस्ने वर्ष ३१ को विष्णुकुमार सेढाईंसँग श्री टीकाप्रसाद चौलागाईको नातिनी श्री ज्ञानप्रसाद चौलागाईको छोरी मकवानपुर जिल्ला हेटौंडा न.पा., वडा नं. ७ मा बस्ने वर्ष ३७ की सुश्री रमाकुमारी चौलागाईको मिति २०६४।८।११ मा सामाजिक परम्परा/विवाह दर्ता ऐन, २०२८ अनुसार विवाह भएको हो।"

१७. उक्त विवाह दर्ताको प्रमाणपत्रमा उल्लिखित व्यहोराबाट प्रतिवादीहरू विष्णुकुमार सेढाईं र रमाकुमारी चौलागाई पति पत्नीको नाताका व्यक्ति हुन् भन्ने स्पष्ट रूपमा प्रमाणित हुन आउँदछ। यसका अतिरिक्त जाहेरवालाले निज प्रतिवादीहरूले विवाह गरेकोमा बहुविवाहको कसुरमा कारबाही गरी पाऊँ भनी जाहेरी दिएको, सो जाहेरीलाई पुष्टि हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरिदिएको, स्वयम् प्रतिवादीहरूले पनि सो दर्ता विवाहलाई अन्यथा नभनी केवल कागजी विवाह हो भन्नेसम्म जिकिर लिएको र प्रस्तुत बहुविवाह मुद्दा परिसकेपछि प्रतिवादी रमाकुमारी चौलागाईले लोग्नेस्वास्नीको सम्बन्धविच्छेद गरी पाऊँ भन्ने निवेदन दिई मिलापत्रद्वारा सम्बन्धविच्छेद गरेको समेत अवस्था रहेको छ। निज प्रतिवादीको सम्बन्धविच्छेद गरी पाऊँ भन्ने सो निवेदनको प्रकरण नं. १ मा निम्न बमोजिमको व्यहोरा लेखिएको छ :-

"म निवेदिका विदेश जाने सल्लाहको प्रसंगमा विपक्षी विष्णुकुमार सेढाईंसँग मिति २०६६।८।१५ मा विवाह दर्ता भएको हो। विवाह दर्ता पश्चात् विपक्षीले निजको घरमा लानुभएको थिएन र म गएको पनि छैन। विपक्षीले मलाई श्रीमतीको रूपमा कहिल्यै कुनै सहयोग गर्नुभएन। निजसँग विवाहदर्ता भए तापनि श्रीमतीको रूपमा कुनै सहयोग व्यवहार भएन। हाल आएर मात्र निज विवाहित भन्ने थाहा पाएको हो। अंश र मानाचामल लिने मेरो इच्छा नभएकोले सोतर्फ दाबी गरेको छैन। म गर्भवती छैन। निजसँग विवाह दर्ता र वैवाहिक सम्बन्ध कायम राख्न मलाई मानसिक यातनामय भएकोले लोग्ने स्वास्नीको १ नं. को देहाय २ नं. को आधारमा लोग्ने स्वास्नीको नाता सम्बन्धविच्छेद गरी पाऊँ।"

१८. यसप्रकार स्वयम् यी प्रतिवादी रमाकुमारी चौलागाईले अर्का प्रतिवादी विष्णुकुमार सेढाइसँग लोग्ने स्वास्नीको सम्बन्धविच्छेद गरी पाऊँ भनी निवेदन दिई मिलापत्रको माध्यमबाट सो सम्बन्धविच्छेद भइसकेको तथ्यबाट यी प्रतिवादीहरूको बीचमा विवाह भएको भन्ने जाहेरवालाको जाहेरी व्यहोरा शंकारहित तवरबाट पुष्टि हुन्छ । तसर्थ निजहरूको सो कार्य विहावारीको ९ नं. विपरीतको कार्यको रूपमा ठहर हुन आउँदछ ।

१९. अब, दोश्रो प्रश्नः **प्रतिवादी विष्णुकुमार सेढाईं विवाहित व्यक्ति हुन् भन्ने कुरा प्रतिवादी रमाकुमारी चौलागाईलाई पूर्वजानकारी थियो थिएन ?** भन्नेतर्फ निर्णयार्थ हेर्दा, प्रतिवादी रमाकुमारी चौलागाईले आफूलाई प्र.विष्णुकुमार सेढाईंको घरमा श्रीमती छोराछोरी भएको थाहा थिएन भनी जिकिर लिएको पाइन्छ । तर यसै सिलसिलामा प्रतिवादीमध्येका रमाकुमारी चौलागाईले यस अदालतमा गरेको बयानको स.ज. ३ मा उल्लिखित व्यहोरा महत्वपूर्ण देखिन्छ । सो स.ज. ३ मा निज रमाकुमारी चौलागाईले एकातिर आफ्नो विवाह विदेश जाने प्रयोजनको लागि गरेको कागजी विवाह मात्र हो भनी दर्ता विवाह जस्तो साधिकार निकायमा अभिलेख रहने गरी गरेको विवाहलाई सामान्य खेलबाडको रूपमा लिन खोजेको देखिन्छ भने अर्कोतर्फ "मलाई विष्णुकुमार सेढाईंको पहिलो विवाह र बच्चा भएको भन्ने विषयमा थाहा थिएन । मैले निजलाई पटक पटक सोध्दा पनि निजले विवाह गरेको छैन भनी मलाई झुक्याएको हुँदा" भनी आफ्नो बयानमा उल्लेख गरेको अवस्था छ । यदि निज प्रतिवादीले विदेश जाने प्रयोजनकै लागि कागजी विवाहसम्म गरेको भन्ने मान्ने हो भने के कुन कारणबाट प्रतिवादी विष्णुकुमार सेढाईंको पहिलो विवाह र बच्चा भए नभएको विषयमा पटक पटक सोध्नुपर्ने बाध्यता पर्न गएछ भन्ने सन्दर्भमा भने आफ्नो कुनै विश्वासनीय आधार र कारण खुलाउन सकेको पाइँदैन । कागजी विवाह मात्र गरेको हुँ भनी जिकिर लिने निज प्रतिवादीले पटक पटक सोध्दा पनि विवाह गरेको छैन भनी झुक्याएको भन्ने उल्लेख गरेबाट निज प्रतिवादी सो विवाहको सम्बन्धमा पूर्वसचेतना अपनाउन उद्यत रहेको भन्ने देखिन्छ । शिक्षक जस्तो मर्यादित पेसामा संलग्न रहेका यी प्रतिवादीले अञ्जानमा सो कार्य गरेको भन्ने अनुमान गर्न मिल्ने देखिँदैन । यसरी निजले प्र.विष्णुकुमार सेढाईंको पूर्वपारिवारिक अवस्थाको बारेमा जानकारी राख्न चासो राखेको निजकै बयानबाट देखिएको छ । त्यस्तै निज प्रतिवादी रमाकुमारी चौलागाईको घर ठेगाना हे.न.पा वडा नं. ७ नागस्वतीमा रहेको देखिन्छ भने अर्का प्रतिवादी विष्णुकुमार सेढाईंको घर ठेगाना पनि सोही हे.न.पा वडा नं. २ मा रहेको देखिन्छ । स्थानीय रूपमा प्रतिवादीहरूको पारिवारिक अवस्थाबारे जानकारी राख्न असम्भव अवस्था रहेको भन्ने यसबाट पुष्टि हुँदैन । त्यस्तै प्रतिवादी रमा चौलागाईंले साथी भएको नाताले आफू शैक्षिक योग्यता भएको व्यक्ति भई प्र.विष्णुकुमार सेढाईंलाई समेत विदेश यू.के. लैजानको लागि विवाह दर्ता प्रमाणपत्र लिएको भनी बयानमा खुलाइरहेको समेतका आधारबाट त्यस्तो नजिकको मित्र वा साथीको पारिवारिक अवस्थाको बारेमा अनभिज्ञ थिएँ भनी लिएको जिकिर विश्वासयोग्य देखिन आउँदैन । निजको सो इन्कारी भनाइलाई केवल निजले सम्भाव्य कानुनी कारबाहीको दायराबाट उम्कने दृष्टिकोणले मात्र व्यक्त गरेको कथन रहेछ भनी मान्नुपर्ने हुन्छ । अतः यसबाट प्रतिवादी रमाकुमारी चौलागाईलाई प्रतिवादी विष्णुकुमार सेढाईं विवाहित व्यक्ति हुन् भन्ने कुरा पहिलै नै जानकारी थियो भन्ने प्रमाणित हुन आउँछ ।

२०. अब, तेश्रो प्रश्न, **प्रतिवादीहरूले जिकिर लिएको कागजी विवाह कानुनी मान्यता प्राप्त विवाह हो, होइन ?** भन्ने सम्बन्धमा विचार गर्दा बहुविवाहको सम्बन्धमा हाम्रो विद्यमान कानुनी व्यवस्थालाई नै पुनः फर्केर हेर्नुपर्ने हुन्छ । मुलुकी ऐन, विहावारीको ९ नं. ले के कस्तो अवस्थामा बहुविवाह गर्न हुन्छ र के कस्तो अवस्थामा गर्न हुँदैन भन्ने सम्बन्धमा स्पष्ट रूपमा आधारहरू किटान गरेको पाइन्छ । सो कानुनी

व्यवस्था अनुसार सामान्यतया कुनै लोग्ने मानिसले निम्न दुई अवस्थामा अर्को विवाह गर्नलाई निषेध गरिएको छ :-

क) आफ्नो स्वास्नी जीवितै भएको अवस्थामा, र

ख) सम्बन्धविच्छेद नभएको अवस्थामा ।

२१. उपरोक्त दुई अवस्थामा अर्को विवाह गर्न पाइँदैन । तर कानुनतः केही सर्तहरू तोकिएका छन् जुन अवस्थामा लोग्नेले अर्की स्वास्नी मानिससँग विवाह गर्न वा स्वास्नी राख्न पाउँछ । ती अवस्थाहरू निम्नबमोजिम छन्:-

क) स्वास्नीलाई यौन सम्बन्धी कुनै सरुवा रोग भै निको नहुने भएमा,

ख) स्वास्नी निको नहुने गरी बौलाएमा,

ग) स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा,

घ) स्वास्नी हिँडडुल गर्न नसक्ने गरी कुँजी भएमा,

ङ) स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा,

च) अंशबण्डाको महलको १० नं बमोजिम स्वास्नीले अंश लिई भिन्न बसेमा ।

२२. उपरोक्त उल्लिखित अवस्थामा बाहेक अर्को विवाह गर्ने कुनै पनि आधार र कारण कानुनले निर्धारण गरेको पाइँदैन । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट कानुन बमोजिम विवाह दर्ता गरी गरेको विवाहलाई कागजी विवाह मात्र भएको र त्यस्तो कागजी विवाह वास्तविक रूपमा विवाह नै नभएकोले बहुविवाहको कसुर हुन सक्दैन भनी जिकिर लिएकोमा विहावारीको ९ नं को कानुनी व्यवस्था अनुसार सो जिकिर खम्बिर हुन सक्ने देखिएन ।

२३. न्याय सम्बन्धी अवधारणामा कानुन संगतता (lawfullness) एउटा महत्वपूर्ण आधार हो । जहाँ कानुनले स्पष्ट रूपमा व्यवस्था गरिदिएको छ, त्यहाँ व्याख्याको जरुरत पर्दैन । प्रस्तुत मुद्दामा प्रतिवादीका विद्वान् अधिवक्ताले कानुनमा जे सुकै उल्लेख भए पनि व्यवहारलाई न्यायको खातिर हेरिनुपर्छ भनी तर्क राख्नुभएकोमा कानुनले प्रष्ट रूपमा गरेको व्यवस्थालाई नजरअन्दाज गरी व्यवहारलाई मात्र जोड दिने हो भने न्यायसंगत निष्कर्षमा अवश्य पनि पुग्न सकिँदैन । विद्वान् अधिवक्ताले यी प्रतिवादीहरूको बहुविवाह गर्नुपर्ने कुनै आवश्यकता नरहेको, वास्तविक रूपमा विवाह गरी प्रतिवादीहरू लोग्ने स्वास्नीको रूपमा बसेको वा अर्को श्रीमतीको रूपमा राखेको स्थिति नभएको, विदेश जाने प्रयोजनको लागि बनाएको प्रमाणपत्र सम्बन्धविच्छेदको मिलापत्र गरी खारेज गरिसकेको र जाहेरवालाकै सहमतिमा त्यस्तो प्रमाणपत्रसम्म लिएको कार्यलाई विहावारीको ९ नं. विपरीतको कार्य मान्न नमिल्ने हुँदा सफाइ पाउनुपर्छ भनी जिकिर गर्नुभएकोमा सो जिकिरलाई कानुनी आधार दिने अवस्था विद्यमान कानुनको कुनै पनि प्रबन्धबाट देखिन आएको छ भनी विद्वान्ले पुष्टि गर्न सक्नुभएको छैन । केवल भावनात्मक रूपमा र मनोगत आधारहरू उल्लेख गरी गरिएको यसप्रकारको प्रतिवाद जिकिरलाई कानुनले प्रष्टतया समर्थन नगरेसम्म र प्रचलित कानुनमा स्पष्ट रूपमा कसुरको परिभाषा गरिएको कानुनी प्रावधानलाई अनदेखा गर्न मिल्दैन ।

२४. प्रस्तुत मुद्दाका प्रतिवादीहरूले दर्ता विवाह गरी सम्बन्धविच्छेद समेत गर्नुका पछाडि रहेका कारणहरूलाई हेर्दा जाहेरवालाको जाहेरी व्यहोरालाई यहाँ एकपटक पुनः स्मरण गर्नुपर्ने हुन्छ । जाहेरवालाले आफ्नो १६ र १४ वर्षको छोराछोरी हुँदाहुँदै परिवारलाई वास्ता नगरी लापरबाही गरी हिँडेको र प्रतिवादी रमाकुमारी चौलागाईसित विवाह गरी सो विवाह दर्ता समेत गरेको भनी जाहेरी दिएको अवस्था छ । जसलाई प्रतिवादीहरूले इन्कार गर्न सकेको पाइँदैन । कागजी विवाहसम्म हो भनी जिकिर गरेकोमा निज प्रतिवादीहरूका साक्षीहरू रामप्रसाद

न्यौपाने र निश्चला श्रेष्ठले निजहरूबीच विदेश यू.के. जाने प्रयोजनको लागि कागजी विवाह दर्ता गराएको हो, साँच्चिकै विवाह होइन भनी बकपत्र गरे तापनि जाहेरवालाले गरेको बकपत्रमा "निज पति र मेरोबीच राम्रो सम्बन्ध थियो। मैले उनीहरूले बहुविवाह गरेको थाहा पाएपछि सामान्य चिसोपन बढ्यो" (स.ज.६) भनी उल्लेख गरेको पाइन्छ। साथै "निजहरूले विदेश जाने प्रयोजनका लागि कागजी विवाह गरे पनि विदेश नजाने भइसकेपछि पनि सम्बन्धविच्छेद नगरेको हुँदा बहुविवाहमा जाहेरी दिएकी हुँ" (स.ज. ८) भनी उल्लेख गरेको देखिँदा र यी प्रतिवादीहरूले फौजदारी कसुरबाट बच्ने मनसायले दर्ता विवाहलाई कागजी विवाहको संज्ञा दिई सम्बन्धविच्छेद समेत गरेबाट सो विवाह अकाट्य रूपमा प्रमाणित हुन आएको छ। जहाँसम्म प्रतिवादीहरूले विदेश जानको लागि कागजी विवाह गरेको भन्ने प्रश्न छ, विदेश जाने व्यक्तिहरूको लागि कुन कानुन अन्तर्गत कागजी विवाह गर्न मिल्ने हो ? र त्यस्तो कागजी विवाह के का लागि आवश्यक पर्ने हो ? सो कुराको यथार्थ प्रतिवादीहरूले पुष्टि गर्न सकेको पाइँदैन। तसर्थ कसुरबाट बच्ने र इन्कारी जिकिर लिने प्रयोजनका लागि मात्र विदेश जान विवाहको कागज बनाइएको भन्ने प्रतिवादीहरूको कोरा जिकिरलाई विहावारीको ९ नं. अन्तर्गतको विवाह गर्न पाउने सर्तभित्रको कार्य मान्न मिल्दैन। तसर्थ उक्त विवाह कानुनी मान्यता प्राप्त विवाह नदेखिई विहावारीको ९ नं. विपरीतको निषेधित कार्यको रूपमा देखिन आयो।

२५. अब, चौथो प्रश्न, **यदि प्रतिवादीहरूले गरेको वैवाहिक कार्य विहावारीको ९ नं. विपरीतको कार्य हो भने प्रतिवादीहरूलाई के कस्तो सजाय हुनुपर्ने हो ?** भन्ने सम्बन्धमा निर्णयतर्फ हेर्दा, सर्वप्रथम आपराधिक दायित्वको सैद्धान्तिक विवेचना गरिनु उपयुक्त हुन्छ। यस्तो दायित्वको सम्बन्ध अपराधीको आपराधिक क्रियाको लागि दण्ड गर्ने प्रक्रियासँग रहेको हुन्छ। वास्तवमा अपराध गरेको कारणबाट बहन गर्नुपर्ने जिम्मेवारी नै फौजदारी दायित्व हो। यस्तो दायित्व सिर्जना गर्ने फौजदारी अपराध सम्पूर्ण समाज विरुद्ध गरिएको भन्ने मानिन्छ। तसर्थ त्यस्ता क्रियाकलापको विरुद्ध राज्य नै अपराधीलाई दायित्व पालन गर्न लगाउनको लागि फौजदारी प्रक्रिया अपनाई न्यायालय समक्ष पुगेको हुन्छ। यस्तो अपराध गर्ने व्यक्तिलाई सजाय गर्नु विद्यमान कानुनको मुख्य उद्देश्य रहेको हुन्छ। फौजदारी दायित्वको निर्धारण गर्दा सामान्यतया गरिएको कार्यको साथसाथै अपराधकर्ताको मनसायलाई पनि हेर्नुपर्ने हुन्छ।

२६. प्रस्तुत मुद्दामा कसुर वा अपराधलाई दण्ड प्रक्रियाबाट अलग गरी हेर्न मिल्दैन। उक्त अनुसार सो दण्डात्मक दायित्व "Actus non facit, nisi mens sit rea" भन्ने रोमन सिद्धान्तमा आधारित छ। यसको अर्थ कुनै कार्य मात्रले अपराधको सिर्जना गर्दैन। अपराध हुनको लागि दुराशय पनि हुनुपर्छ भन्ने हो। यी प्रतिवादीहरूले गरेको कार्य प्रचलित कानुनले निषेध गरेको कार्य हो भन्नेमा विवाद नभएको र घरमा जेठी श्रीमती हुँदाहुँदै जानीजानी प्रतिवादीहरूले बहुविवाह गरेको शंकारहित किसिमबाट प्रमाणित हुन आएकोले सो कार्य गर्ने यी प्रतिवादीहरूको दुराशय समेत स्पष्ट हुन आएको छ। सो अनुसार हेर्दा प्रतिवादीहरू मिल्ने साथी भन्ने देखिएको, प्रतिवादी विष्णुकुमार सेढाइको आफ्नो जेठी श्रीमतीसँग सुमधुर सम्बन्ध नरहेको, घरमा श्रीमती तथा छोराछोरीलाई समुचित रेखदेख नगरेको र जेठीमाथि सौता हाली दुःख दिने नियत रहेको साथै सो दुराशययुक्त कार्यमा सहमति जनाई प्रतिवादी रमा चौलागाईंले विष्णुकुमार सेढाईंसँग बहुविवाह गरेको देखिन्छ।

२७ अतः उपरोक्त सैद्धान्तिक आधारमा प्रस्तुत मुद्दामा प्रतिवादीहरूको कार्य र दुराशयको आधारमा निजहरूको कानुनी दायित्व निर्धारण गर्नुपर्ने भएको र यस्तो अपराधमा मुलुकी ऐन, विहावारीको १० नं. ले एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने कानुनी व्यवस्था भएकोमा निज प्रतिवादीहरू विष्णुकुमार सेढाईं र रमाकुमारी चौलागाईलाई कैद सजायतर्फ कानुनले निर्धारण गरेको न्यूनतम सजाय मात्र गर्दा नै कानुनको मकसद पूरा हुने देखिँदा निज प्रतिवादीहरूलाई जनही एक वर्ष

कैद र रु. १०,०००।- (दस हजार रुपैयाँ) जरिवाना समेत हुने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं. बमोजिम आजै यो फैसला गरिदिएको छु।

## तपसिल खण्ड

- प्रतिवादी विष्णुकुमार सेढाईंलाई मुलुकी ऐन, विहावारीको १० नं. अनुसार १ (एक) वर्ष कैद र रु. १०,०००।) (दस हजार रुपैयाँ) जरिवाना हुने ठहरेकाले निज प्रतिवादी मिति २०६८।५।१२ गते पक्राउ परी अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६८।५।२६ को आदेशानुसार माग भएको धरौट रु.२५,०००।- सोही मितिमा र.नं.१० बाट दाखिला गरी मुद्दा पुर्पक्षको लागि तारेखमा छुटेको देखिँदा निज थुनामा बसेको अवधि चौध दिन निज प्रतिवादीलाई लागेको कैद सजायमा कट्टा गरी बाँकी हुने कैद सजाय ११ महिना १६ दिन निज प्रतिवादी अनुपस्थित हुँदा लगत कसी कानुन बमोजिम असुल गर्नू। निज प्रतिवादीलाई लागेको जरिवाना रु.१०,०००।- उल्लिखित प्रतिवादीले राखेको धरौटीबाट सदर स्याहा गर्नू भनी तहसिल फाँटमा लगत दिनू..........१
- प्रतिवादी रमाकुमारी चौलागाईलाई मुलुकी ऐन, विहावारीको १० नं. अनुसार १ (एक) वर्ष कैद र रु. १०,०००।- (दस हजार रुपैयाँ) जरिवाना हुने ठहरेकोले निज प्रतिवादी मिति २०६८।५।२९ गते हाजिर हुन आई सोही मितिमा निज प्रतिवादीसँग यस अदालतको आदेशानुसार माग भएको धरौट रु.१५,०००।- र.नं.१२ मिति २०६८।५।२९ वाट दाखिला गरी मुद्दा पुर्पक्षको लागि तारेखमा छुटेको देखिँदा निज प्रतिवादीलाई लागेको कैद सजाय निज प्रतिवादी अनुपस्थित हुँदा लगत कसी कानुन बमोजिम असुल गर्नू। निज प्रतिवादीलाई लागेको जरिवाना रु.१०,०००।- उल्लिखित प्रतिवादीले राखेको धरौटीबाट सदर स्याहा गर्नू भनी तहसिल फाँटमा लगत दिनू..........२
- प्रतिवादी विष्णुकुमार सेढाईंले यस अदालतको मिति २०६८।५।२६ को आदेशानुसार र.नं. १० मिति २०६८।५।२६ बाट दाखिल गरेको धरौटी रु.२५,०००।- मध्ये निज प्रतिवादीलाई लागेको जरिवाना रु.१०,०००।- कट्टा गरी बाँकी हुने रु.१५,०००।- फिर्ता पाउने हुँदा निज प्रतिवादीलाई लागेको कैद सजाय असुल भएपछि उल्लिखित फिर्ता पाउने रु.१५,०००।- फिर्ता पाऊँ भनी कानुनका म्यादभित्र निज प्रतिवादीले दरखास्त दिए नियमानुसार गरी धरौटीवाट फिर्ता दिनू..........३
- प्रतिवादी रमाकुमारी चौलागाईले यस अदालतको मिति २०६८।५।२९ को आदेशानुसार र.नं. १२ मिति २०६८।५।२९ बाट दाखिल गरेको धरौटी रु.१५,०००।- मध्ये निज प्रतिवादीलाई लागेको जरिवाना रु.१०,०००।- कट्टा गरी बाँकी हुने रु.५,०००।- फिर्ता पाउने हुँदा निज प्रतिवादीलाई लागेको कैद सजाय असुल भएपछि उल्लिखित फिर्ता पाउने रु.५,०००।- फिर्ता पाऊँ भनी कानुनका म्यादभित्र निज प्रतिवादीले दरखास्त दिए नियमानुसार गरी धरौटीबाट फिर्ता दिनू..........४
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनू र फैसलाको प्रतिलिपि सहित जिल्ला सरकारी वकिल कार्यालय मकवानपुर हेटौँडालाई पुनरावेदन प्रयोजनार्थ फैसलाको जानकारी दिनू..........५
- फैसलाको प्रतिलिपि सहित जाहेरवाला ज्ञानु सेढाईंलाई फैसलाको जानकारी दिनू..........६
- सरोकारवालाले नक्कल माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू..........७

- दायरीको लगत कट्टा गरी मिसिल पुनरावेदन परेमा पुनरावेदन अदालत हेटौंडामा पठाइदिनू र पुनरावेदन नपरे सुरक्षितसाथ राख्न अभिलेख फाटमा बुझाइदिनू.............................................................८

ना.सु. राजन अर्याल

**न्यायाधीश**

मुद्दा फाँट (ख)

**इती संवत् २०६९ साल असार १५ गते रोज ६ शुभम्............**

**श्री सप्तरी जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री रितेन्द्र थापा**
**फैसला**
**संवत २०६७ को cr ००३८**

**मुद्दा :- बोक्सीको आरोप ।**
**नि.नः २८८**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
| --- | --- |
| जि. स.गा.वि.स. इनर्वा वडा नं. ५ बस्ने मञ्जुदेवी देवको जाहेरीले नेपाल सरकार ................१ | जि.स. गा.वि.स. इनर्वा वडा नं. ५ बस्ने लखन मण्डलको छोरा जुगती मण्डल............................................१<br>ऐ.ऐ. बस्ने लखन मण्डलको छोरा राजाराम मण्डल...........१<br>ऐ.ऐ. बस्ने बच्चा मण्डलको छोरा रामेश्वर मण्डल............१<br>ऐ.ऐ. बस्ने भरत मण्डलको छोरा प्रमोदकुमार मण्डल........१<br>ऐ.ऐ. बस्ने भरत मण्डलको छोरा परमानन्द मण्ड.............१<br>ऐ.ऐ. बस्ने लक्षमण मण्डलको छोरा दीपक भन्ने विपत मण्डल............................................................१<br>ऐ.ऐ. बस्ने राम विकास मण्डलको छोरा ब्रह्मदेव मण्डल...१ |
| **साक्षी :-** जाहेरवाली मञ्जुदेवी देव, घटना विवरण कागज गर्ने जाकिर हुसेन वस्तुस्थिति मुचुल्काका मानिस शिवनारायण देव, घटनास्थल मुचुल्काका मानिस इन्द्र देव<br>कागज :- | **साक्षी :-** प्रतिवादी प्रमोद कुमारको साक्षी राजेन्द्रकुमार साह, प्रतिवादी परमानन्द मण्डलको साक्षी रमेश देव, दीपक मण्डलको साक्षी भरत मण्डल, रामेश्वर मण्डलको साक्षी विन्देश्वर मण्डल, राजाराम मण्डलको साक्षी नागेश्वर मण्डल, जुक्ति मण्डलको साक्षी सुर्य देव मण्डल, ब्रह्मदेवको साक्षी कुशेश्वर यादव<br>**कागज:-** |

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मु. ऐन अ.वं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र परी दायर भै पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं निर्णयाधारहरू निम्नानुसार रहेका छन् :-

मिति २०६८।६।१२ गतेको बेलुका अ.८.३० बजेको समयमा म घरमा एक्लै भएकी अवस्थामा प्रमोदकुमार मण्डल, परमानन्द मण्डलले यो बोक्सी हो, यसले गाउँका बच्चाहरू तथा वस्तुलाई बोक्सी मन्त्र

लगाई बिरामी पारिसकेको छ, हाम्रो भाइ भतिजहरूलाई खाइसकेको छ, यसलाई मरणासन्न गरी कुटपिट गर, मानव मलमूत्र खुवाउ नखाए नग्न पारी गाउँ डुलाऊ भनी भनेपछि अभियुक्तहरू जुगती मण्डल, राजाराम मण्डल, रामेश्वर, मण्डल, प्रमोदकुमार मण्डल, परमानन्द मण्डल, दीपक मण्डल र ब्रह्मदेव मण्डल समेतले मलाई बोक्सी भन्दै कुटपिट गरी मानव मलमूत्र खुवाउने प्रयास गरेको भन्ने समेत व्यहोराको जाहिरी दरखास्त ।

जिल्ला सप्तरी इनर्वा गा.वि.स. वडा नं. ५ दिनेशप्रसाद देवको आँगनमा जुगती मण्डल समेतले मञ्जुदेवी देवलाई कुटपिट गरी मानव मलमूत्र खुवाउने प्रयास गरेको भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०६८।६।१२ गते जाहेरवालालाई अभियुक्तहरू जुगती मण्डल, राजाराम मण्डल, रामेश्वर मण्डल, प्रमोदकुमार मण्डल, परमानन्द मण्डल, दीपक मण्डल र ब्रह्मदेव मण्डल समेतले कुटपिट गरी मानव मलमूत्र खुवाउन खोजेको हो भन्नी व्यहोराको टेकनारायण देव र जाकिर हुसैन बाँकी घटना विवरण कागज ।

मिति २०६८।६।१२ गते बेलुका ८.३० बजेको समयमा जाहेरवालीलाई अभियुक्तहरू जुगती मण्डल समेतले बोक्सीको आरोप लगाएर कुटपिट गरी मानव मलमूत्र खुवाउने प्रयास गरेको हो भन्ने व्यहोराको घटना सम्बन्धी वस्तुस्थिति मुचुल्का कागज ।

प्रतिवादी जुगती मण्डल समेतका प्रतिवादीहरूले जाहेरवाली मञ्जुदेवी देवलाई बोक्सीको आरोप लगाई कुटपिट गरी मानव मलमूत्र समेत खुवाउने काम क्रिया गरेको पुष्टि हुन आएको हुँदा विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरू जुगती मण्डल, राजाराम मण्डल, रामेश्वर मण्डल, प्रमोदकुमार मण्डल, परमानन्द मण्डल, दीपक मण्डल र ब्रह्मदेव मण्डल समेतले मुलुकी ऐन अदलको महलको १० (ख) नं. को कसुर अपराध गरेको पुष्टि हुन आएको हुँदा निज समेत-७ जना प्रतिवादीहरूलाई ऐ. ऐनको ऐ. महलको १० (ख) नं. अनुसार सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

म मिति २०६८।६।१२ मा गाउँघरमा थिइन । मेरो छोरीको घर भगवतपुरमा छ । तिनी बिरामी भएकोले निजलाई लिएर म दरभंगा उपचार गराउन गएको थिएँ । ५-७ दिनपछि मात्र म फर्किएको हुँ । मैले जाहेरवालीलाई कुटपिट गरेको तथा बोक्सीको आरोप समेत लगाएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी रामेश्वर मण्डलले गरको बयान ।

वारदात मिति २०६८।६।१२ मा म गाउँघरमा थिइन, सो दिन म ट्रक लिएर रम्पुरा मल्हनिया गएको थिएँ । गाउँमा झगडा भए नभएको समेत मलाई थाहा छैन । मैले जाहेरवालीलाई कुटपिट गरेको तथा बोक्सीको आरोप समेत लगाएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी परमानन्द मण्डलले गरको बयान ।

म ०६८।६।१२ गते गाउँ घरमा थिइन । १० गते नै गाडी लिएर सखडा गएको थिएँ, १४ गते मात्र म घर पुगेको हुँ, प्रायः म सखडामा नै बस्छु जाहेरी व्यहोरा मुद्दा हो । वारदात मिति २०६८।६।१२ मा म गाउँघरमा थिइन, सो दिन म ट्रक लिएर रम्पुरा मल्हनिया गएको थिएँ । गाउँमा झगडा भए नभएको समेत मलाई थाहा छैन । मैले जाहेरवालीलाई कुटपिट गरेको तथा बोक्सीको आरोप समेत लगाएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी प्रमोद मण्डलले गरको बयान ।

म ०६८।६।१२ गते म ओम शान्तिको ब्रह्माकुमारी राजयोग सेवा केन्द्र राजविराजको कार्यक्रममा ४।४ दिन पहिले नै त्यही थिएँ १६-१७ गते पछि मात्र गाउँ गएको हुँ मैले कुटपिट तथा बोक्सीको आरोप लगाएको होइन भन्ने समेतको व्यहोराको जुक्ति मण्डलले गरेको बयान ।

वारदातको दिनभन्दा ४-५ दिन पहिले म रामपुर जमुवा गा.वि.स. मा सालाले बोलाएकोले गएको थिएँ । १६-१७ गतेतिर घर फर्केको हुँ । सित्तैमा काम नगरिदिएको रिसले ममाथि जाहेरी दिएको हो, मैले कुटपिट लगायत बोक्सीको आरोप लगाएको होइन भन्ने समेत व्यहोराको राजाराम मण्डलले गरेको बयान ।

वारदात मिति ०६८।६।१२ गते म देउरी भरुवा गा.वि.स. मा थिएँ, सो गाउँमा २ दिन पहिले नै गई

१६-१७ गतेतिर मात्र आफ्नो गाउँ फर्किएको हुँ, त्यहाँ ससुराली घरमा पूजापाठ भएकोले गएको थिएँ । मैले जाहेरवालीलाई कुटपिट गरेको तथा बोक्सीको आरोप समेत लगाएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी ब्रह्मदेव मण्डलले गरको बयान ।

म ०६८।६।१२ गते गाउँघरमा थिइन, सो १० गते नै म आफ्नो ससुराली कुशहा गएको थिएँ । १५ गते मात्र म गाउँघरमा फर्केको हुँ । जाहेरी दरखास्त देखे सुनेकोमा भएको व्यहोरा झुठ्ठा हो । मैले जाहेरवालीलाई कुटपिट गरेको तथा बोक्सीको आरोप समेत लगाएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी दीपक भन्ने विपत मण्डलले गरको बयान ।

२०६८ साल आश्विन १२ गते राति ९ बजेको समयमा जाहेरीवालीको घरमा जाहेरवाली बोक्सी छ भनी प्रमोद मण्डल, रामेश्वर मण्डल, जुक्ति मण्डल, राजाराम मण्डल, दिपक भन्ने विपद मण्डल, ब्रह्मदेव मण्डल समेत ७ जना मिलेर बयान दिने प्रमोदको भाइको नाम थाहा भएका यिनीहरू मिलेर तँ बोक्सी होस् भनी विभिन्न गालीगलैज गर्दै कुटपिट मलमूत्र खुवाउँदै निजको घरको पूर्वपट्टि बाँसको फेदीमा लगी मलमूत्र मिलाए, परमानन्द पनि थिए, त्यहाँ होहल्ला भएपछि प्रतिवादीहरू भागी गए त्यसपछि बेहोसी अवस्थाको हुँदा राजविराज सगरमाथा अस्पताल ल्याएको हो भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काको मानिस शिवनारायण देवले गरेको बकपत्र ।

प्रतिवादी प्रमोदकुमार मण्डल आश्विन ११ देखि १२ गते मेरो घरमा थिए र १३ गते विहान ट्रकमा धान लोड गरी कठौना गई १३ गते साँझ मेरो घरमा आए । पुनः गाडी लिई गई १४ गते मेरो घरमा आई ट्रक राखेर आफ्नो घर गए । निजले अभियोग माग दाबी बमोजिम जाहेरवालालाई कुटपिट गरी मलमूत्र खुवाएको होइन, अभियोग दाबी झुठा हो, निजलाई सजाय हुनुपर्ने होइन, सफाइ पाउनुपर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादी प्रमोदकुमार मण्डलको साक्षी राजेन्द्रकुमार साहको बकपत्र ।

मिति ०६८।६।१२ गते प्रतिवादी परमानन्द मण्डल रम्पुरा मल्हनियामा थिए, निजले जाहेरवालीलाई बोक्सी आरोप लगाई कुटपिट गरेको होइन । भन्ने समेत व्यहोराको निजको साक्षी रमेश देवले गरेको बकपत्र ।

मिति २०६८।६।१२ मा गाउँघरमा कुनै घटना भएको थिएन, प्रतिवादी दीपक मण्डलले जाहेरवालालाई बोक्सीको आरोप लगाई कुटपिट गरेको होइन भन्ने समेतको व्यहोराको निजको साक्षी भरत मण्डलले गरेको बकपत्र ।

वारदात मिति समयमा प्रतिवादी रामेश्वर मण्डल छोरीको उपचार गर्न दरभंगा गएका थिए । निजले जाहेरवालालाई बोक्सीको आरोप लगाई कुटपिट गरेको होइन भन्ने समेत व्यहोराको निजको साक्षी विन्देश्वर मण्डलले गरेको बकपत्र ।

मिति २०६८।६।१२ गते अन्दाजी ९ बजे रातिको समयमा प्रतिवादीहरू जुगती मण्डल, राजाराम मण्डल, रामेश्वर मण्डल, विपत मण्डल, प्रमोद मण्डल, परमानन्द मण्डल र ब्रह्मदेव मण्डल मिली ९ बजे राति मञ्जुदेवी आफ्नो घरको बरण्डामा बसिरहेको बेलामा बोक्सी हो भनी होहल्ला गरे । प्रमोद मण्डल र परमानन्द मण्डलले बोक्सी हुन्, निज मञ्जुलाई मानव मलमूत्र खुवाऊ भनी आदेश दिए । बाँसघारीमा जबरजस्ती लगी कुटपिट गरी मलमूत्र खुवाउने अवस्थामा हामीहरू पुग्यौं । निज कुटपिटका कारण बेहोस भई राजविराज अस्पतालमा उपचारको लागि ल्याइयो । ४ दिनसम्म अस्पतालमा भर्ना भइन्, ऐ. १६ गते डिस्चार्ज भइन् भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्काका मानिस इन्द्रनारायण देवले गरेको बकपत्र ।

वारदात मिति समयमा प्रतिवादी राजाराम मण्डल आफ्नो ससुराली रामपुर जमुवामा भागवत भएको हुँदा निजको सालाले निम्तो दिएका हुँदा गएका थिएँ । निजले जाहेरवालीलाई बोक्सीको आरोप लगाई कुटपिट गरेको होइन भन्ने समेत व्यहोराको निजको साक्षी नागेश्वर मण्डलले गरेको बकपत्र ।

वारदात मिति समयमा प्रतिवादी जुक्ति मण्डल ब्रह्माकुमार राजयोग राजविराजमा कार्यक्रममा व्यस्त थिए । निजले जाहेरवालीलाई बोक्सीको आरोप लगाई कुटपिट गरेको होइन भन्ने समेत व्यहोराको निजको साक्षी सूर्यदेव मण्डलले गरेको बकपत्र ।

वारदात मिति समयमा प्रतिवादी ब्रह्मदेव मण्डल आफ्नो ससुराली देउरी भरुवामा थिए । निजले जाहेरवालीलाई बोक्सीको आरोप लगाई कुटपिट गरेको होइन भन्ने समेत व्यहोराको निजको साक्षी कुशेश्वर यादवले गरेको बकपत्र ।

मिति २०६८।६।१२ गते ऊ ९ गते रातिको समयमा पीडित मञ्जुदेवीको आँगनमा प्र. रामेश्वर मण्डल, जुक्ति मण्डल, राजाराम मण्डल, विपत (दीपक) मण्डल, प्रमोद मण्डल, परमानन्द मण्डल, ब्रह्मदेव मण्डल समेत ७ जना भई पीडितको आँगनमा एक्कासि पसी तिमी बोक्सी हो, तिमी तन्त्र, मन्त्रको विद्याले गाउँ घरमा मानिसहरूलाई दुःख दिन्छौं, धेरैलाई मारिसक्यौ, गाई वस्तुहरूलाई बिरामी पारी दिन्छौं, बच्चा समेतलाई मारिदिन्छौं । यसलाई मलमूत्र खुवाई बोक्सी विद्या हजम गर्नुपर्छ । पुगेन भने नाङ्गो पारी बस्तीमा घुमाउने, भन्दै निजको चुल्ठो समाती घिसार्दै, लाठी, मुक्काले हान्दै बाँसको झ्याङतिर लगे । त्यहाँ मलमूत्र खुवाए भन्ने समेत व्यहोराको घटनास्थलमा कागज गर्ने जाकिर जाकिर हुसेनले गरेको बकपत्र ।

मिति २०६८ साल आश्विन १२ गते बिहीबार राति नौ बजेको समयमा मेरो आफ्नै आँगनको ओछ्यानमा बसिरहेको समयमा यी ७ जना प्र. जुगती मण्डल, राजाराम मण्डल, ब्रह्मदेव मण्डल, विपत मण्डल, प्रमोद मण्डल, परमानन्द मण्डल, रामेश्वर मण्डलहरूले मिली प्रमोद र परमानन्दले समेत यो बोक्सी हो भनी मलाई भने । यसै बोक्सीको कारणले गाउँहरूमा गोरु मरेको हो भनी आरोप लगाए, गाउँका बालबच्चा बिरामी हुँदा वा मर्दा मलाई नै बोक्सी विद्याबाट गरेकी हो भनी भने । यसलाई घरबाट निकाली मारपिट गर भनी भने । यसलाई मलमूत्र खुवाई गाउँ घरमा नाङ्गो नचाऊ भने त्यसपछि मेरो चुल्ठो समाती लात, मुक्का, लाठी समेतले मलाई कुट्न थाले । मलाई कुटपिट गर्दै घिसार्दै बाँस झ्याङतिर लगे । बाँस झ्याङमा लगी मलमूत्र मुखमा कोच्चाए । तर मैले खाइन, बेहोस भएँ । म बेहोस भएपछि मलाई अस्पताल पुर्‍याए । अस्पतालमा ५ दिनसम्म भर्ना भै उपचार गराए । त्यसपछि म आफ्नो घर आएँ भन्ने समेत व्यहोराको जाहेरवाली मञ्जुदेवी देवको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागज अध्ययन गरी हेर्दा अंग पुगी फैसला गरिदिए हुने देखियो । वादी नेपाल सरकारतर्फबाट उपस्थित हुनुभएका विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री रामहरि भट्टराई तथा जाहेरवालातर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरू श्री डा. सर्वेशचन्द्र मिश्र, महेन्द्रप्रसाद चौधरी तथा कृष्णानन्द देवले मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा महिलाविरुद्ध हुने हरेक प्रकारमा भेदभाव विरुद्दको संयुक्त राष्ट्र सघीय महासन्धिले महिलालाई यातना विरुद्धको हक सुनिश्चित गरेको छ, यी प्रतिवादीहरूले बोक्सीको आरोप लगाई जाहेरवालालाई महिलालाई कुटपिट गरी मलमूत्र समेत खुवाउने प्रयास गरेको तथ्य जाहेरवालाको बकपत्र, प्रत्यक्षदर्शी रहेका शिवनारायण देव, इन्द्रकुमार देव र जाकिर हुसेन समेतको बकपत्रबाट स्थापित छ, घाउ जाच केस फारमले कुटपिट गरेको प्रमाणित गरेको छ, प्रतिवादीहरू अन्यत्र रहेको भन्ने जिकिर वस्तुगत् प्रमाणबाट पुष्टि भएको छैन, तसर्थ निजलाई सजाय हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादीहरूका तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरू श्री नवराजकुमार क्षत्री तथा शशिकुमार कर्णले सामान्य कुटपिट तथा गाली बेइज्जतीको वारदातलाई बंग्याई यो गम्भीर प्रकृतिको आरोप लगाइएको छ,

मुखले चालचलनको गाली स्वरूप 'बोक्सी' भनेको कुराले अभियोजित कानून लाग्न सक्दैन । जाहेरवाला कथित वारदातमा बेहोस भै सगरमाथा अञ्चल अस्पतालमा उपचार गराएको भनेकोमा जाहेरी दरखास्तमै प्रहरीलाई फोन गरी जानकारी गराएको भनी उल्लेख गरेको देखिँदा व्यहोरा बनावटी रहेको छ, जाहेरवालाको प्रारम्भिक निवेदन, जाहेरी दरखास्त तथा बकपत्र आपसमा मेल खाँदैनन् । यसैगरी जाहेरवाला तथा बुझिएका जाकिर हुसेन र शिवनारायण देव समेतको बकपत्र विरोधाभासपूर्ण छ । यस्ता बकपत्रको आधारमा फौजदारी मुद्दामा कसुरदार ठहर गर्न मिल्दैन, प्रतिवादीहरूले सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो ।

अभियोग माग दाबी, प्रतिवादीहरूको बयान, विद्वान् कानुन व्यवसायीहरूको बहस जिकिर समेतलाई मध्यनजर गर्दा यस मुद्दामा अभियोग पत्रमा दाबी लिइए बमोजिमको वारदात भएको हो होइन ? वारदातमा प्रतिवादीहरूको संलग्नता छ, छैन ? भए निजहरूका प्रति के कस्तो व्यवहार हुनुपर्ने हो ? भन्नेतर्फ नै निर्णय गर्नुपर्ने देखिन आयो ।

यसमा प्रतिवादीहरू जुगती मण्डल, राजाराम मण्डल, रामेश्वर मण्डल, प्रमोदकुमार मण्डल, परमानन्द मण्डल, दीपक भन्ने विपत मण्डल र ब्रह्मदेव मण्डल समेतले जाहेरवाला मञ्जुदेवी मण्डललाई बोक्सीको आरोप लगाई कुटपिट गरी मानव मलमूत्र समेत खुवाउने कामक्रिया गरेको हुँदा निजहरूलाई अदलको महलको १०.ख नं. को कसुर अपराधमा सोही नं. बमोजिम सजाय हुनको लागि वादी नेपाल सरकारतर्फबाट अभियोग पत्र प्रस्तुत भएको देखिन्छ । अभियोजित १०.ख नं. मा कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोपमा निजलाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने, सामाजिक बहिष्कार गर्ने वा अन्य कुनै अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने काम गरेमा ... तीन महिनादेखि दुई वर्षसम्म कैद वा पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था भएको पाइन्छ ।

उल्लिखित प्रावधानका सन्दर्भमा यस मुद्दाको तथ्यहरूलाई विश्लेषण गर्दा जाहेरवालाले सगरमाथा अञ्चल अस्पतालमा उपचार गराई मिति २०६८।६।१९ मा दिएको निवेदन अनुरूप वारदातको १३ दिनपछि भएको घा जाँच केस फारमबाट समेत निजको शरीरमा Swelling over occipital bone, abrasion over occipital bone, swelling over skin of hypogastric region खालका चोटपटक रहेको देखिन्छ । जाहेरी दरखास्तसाथ संलग्न सगरमाथा अञ्चल अस्पतालबाट मिति २०६८।६।१६ मा जारी भएको डिस्चार्ज टिकेटबाट निज Physical assault को कारण २०६८।६।१२ देखि २०६८।६।१६ सम्म भर्ना भै डिस्चार्ज गरिएको भन्ने देखिन्छ । यसबाट जाहेरवाला उपर कुटपिट गरी निजलाई शारीरिक यातना दिइएको पुष्टि हुन आउँछ । प्रतिवादीहरूतर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरूले यो सामान्य कुटपिटको वारदात मात्र रहेको भनी तर्क गर्नुभएको छ । यसतर्फ हेर्दा वारदातको प्रकृतिबाट उक्त वारदातमा जाहेरवाला, बुझिएका व्यक्तिहरू तथा प्रतिवादीहरूको नै उपस्थिति हुने अवस्था हुन्छ । अनुसन्धानको क्रममा प्रतिवादीहरूको उपस्थिति देखिँदैन । यस अदालतमा उपस्थित भै बयान गर्दा निजहरूले वारदातस्थलमा आफूहरू नरही अन्यत्र रहेको भनी जिकिर लिएको हुँदा निजहरूको भनाइबाट वारदातको प्रकृति बुझिने अवस्था छैन । यो यस कारणबाट यो वारदात हुन पुगेको भन्ने प्रतिवादीहरूको बयान रहेको र सो अनुरूपको प्रमाण प्रस्तुत गरेको अवस्थामा नभएबाट वारदातको प्रकृति, पीडितको भनाइ र देख्ने व्यक्तिहरूको भनाइको विश्लेषणको आधारमा नै वारदातको किसिम निर्क्यौल गर्नुपर्ने हुन आएको छ ।

जाहेरी दरखास्तमा मिति २०५८।६।१२ गते राति ९.०० बजेको समयमा प्रतिवादीहरूको हूल आई प्रतिवादीमध्येका प्रमोद मण्डल र परमानन्द मंडलले "यो मञ्जुदेवी बोक्सी हो यसले कति जनाको बालबच्चाहरू तथा वस्तुहरूलाई बिरामी पारिदिएको छ र हाम्रो भतिजी छोरीहरूलाई खाइसकेको छ, यसलाई मरणासन्न हुने गरी कुटपिट गर, मानव मलमूत्र खुवाऊ नखाए नग्न पारी गाउँ डुलाऊ" भनी वचन दिनासाथ प्रतिवादीहरूले हात, लात्ती, लाठी समेतले कुटपिट गरी घिसार्दै बाँसघारीमा लगी मानव मलमूत्र खुवाउन लाग्दा कराएकोले

मानिसहरू आई अन्यायीहरूलाई लखेटी मलाई सगरमाथा अञ्चल अस्पतालमा उपचार गराएको भन्ने उल्लेख भएको देखिन्छ भने उक्त दरखास्त दिनुअघि घाउ जाँचको लागि जाहेरवालाले दिएको दरखास्तमा समेत "बोक्सीको आरोप लगाई मरणासन्न हुने गरी कुटपिट गरेकोमा सोही रात सगरमाथा अञ्चल अस्पतालमा भर्ना भै इलाज गराएको" भन्ने उल्लेख गरेको देखिन्छ । जाहेरवालाले यस अदालतमा बकपत्र गर्दा समेत जाहेरी दरखास्तमा उल्लिखित व्यहोरा र सहीछाप आफ्नो भएको भनी सनाखत गरिदिएको अवस्था छ । निजले बकपत्र गर्दा जाहेरी दरखास्तको व्यहोरा अनुरूप सारभूत रूपमा एउटै व्यहोरा अर्थात् बोक्सीको आरोप लगाई गाउँघरका वस्तु तथा बच्चाहरू बिरामी हुँदा वा मर्दा बोक्सीको विद्याबाटै भएको भनी भने, मलमूत्र खुवाई नांगै नचाऊ भन्दै कुट्न थाले, मलमूत्र कोच्याए तर मैले खाइन, बेहोस भएँ भनी लेखाइदिएको पाइयो । प्रतिवादीहरूतर्फका कानुन व्यवसायीबाट जिरह समेत गरिएको उक्त बकपत्रको व्यहोरा प्रमाण योग्य रहेकै देखियो ।

प्रत्यक्षदर्शी साक्षीका रूपमा वादी पक्षबाट उपस्थित गराइएका घटना विवरणको कागज गर्ने जाकिर हुसेन, इन्द्रनारायण देव तथा शिवनारायण देवले यस अदालतमा उपस्थित भई बकपत्र गर्दा अनुसन्धान तहकिकातको क्रममा भएको कागजमा उल्लिखित व्यहोरा तथा सहीछाप आफ्नै रहेको भनी लेखाएको देखिन्छ भने जाहेरी दरखास्त र जाहेरवालाको बकपत्रको व्यहोरामा सारभूत रूपमा मेल खाने गरी जाहेरवालालाई प्रतिवादीहरूले यो बोक्सी हो, बोक्सीको तन्त्रमन्त्रले गाउँका बच्चा तथा वस्तुहरूलाई मारेको जस्ता आरोप लगाउँदै कुटपिट गरेको तथा मलमूत्र खुवाउन लागेको बेला आफूहरू समेत गै छुट्याएको भनी लेखाइदिएको देखिन्छ । यसरी जाहेरी दरखास्तमा उल्लिखित व्यहोरालाई पीडित जाहेरवाला स्वयंले अदालतमा गरेको बकपत्र, प्रत्यक्षदर्शी रहेका बुझिएका व्यक्तिहरूको बकपत्र समेतले पुष्टि गरिरहेको देखिन आयो । यसबाट उल्लिखित वारदात जानाजान जाहेरवाला महिलालाई बोक्सीको आरोपमा कुटपिट गरी यातना समेत दिइएको वारदात भएको स्थापित हुन आएको छ । जुन कार्य अदलको महलको १०ख नं. ले परिभाषा अनुरूपको कसुर भएको देखिन आयो । कुटपिट मात्र वा गाली बेइज्जतीको वारदात हो भन्ने प्रतिवादीतर्फका विद्वान्हरूको जिकिरसँग सहमत हुन सकिएन ।

प्रतिवादीहरूले माथि उल्लिखित कागज तथा बकपत्रहरूलाई झुठ्ठा भई फसाउन खोजिएको भन्दै वारदातको समयमा आफूहरू वारदातस्थलमै नरहेको भनी बयान गरेको देखिन्छ । प्रतिवादी रामेश्वर मण्डलले आफू छोरीको उपचारको लागि भारतको दरभंगा गएको, प्र. परमानन्द मण्डलले ट्रक लिएर रामपुर मलहनिया गएको, प्र. प्रमोद मण्डलले पनि ट्रक लिएर सखडा गएको, जुक्ति मण्डलले ओम शान्तिको कार्यालयमा गएको, राजाराम मण्डलले रामपुर जमुवा सालाको घरमा गएको, ब्रह्मदेव मण्डलले देउरी भसुवा ससुरालीमा गएको, प्र. दीपक भन्ने विपतकुमार मण्डलले पनि कुशाह ससुरालीमा गएको भनी अन्यत्र रहेको जिकिर लिएको देखिन्छ ।

तर, यी प्रतिवादीहरूले प्रमाण स्वरूप पेस गरेका साक्षीहरू निजहरू गएको भनिएका ठाउँका बासिन्दा भई निजहरूले तत् तत् स्थानमा भेटे, देखेको अवस्था छैन । उपचारका लागि गएका प्रतिवादीले उपचार गराएको कागजात, ट्रक लिई गएकाले सो सम्बन्धी कागजात् वा अन्य वस्तुगत निस्सा प्रमाण तथा ससुराली जानेले सोही घरका सदस्य, त्यहाँ भए गरेका घटना, कार्य, भेटघाट आदि विश्वसनीय रूपमा देखाई पेस गर्न सकेको देखिंन्दैन । यसबाट प्रतिवादीहरूले लिएको अन्यत्र रहेको भन्ने जिकिर (plea of alibi) तथ्यपरक, निश्चयात्मक तथा वस्तुगत आधारमा प्रमाणित भएको भन्न मिलेन । अर्कोतर्फ माथि उल्लेख गरिए बमोजिम यिनै प्रतिवादीहरू सातै जनाले गरेको भूमिका सहित निजहरूको उपस्थितिलाई जाहेरी व्यहोरा, जाहेरवालाको बकपत्र, प्रारम्भिक निवेदन (मिति २०६८।६।१९ को) तथा प्रत्यक्षदर्शी शिवनारायण देव, इन्द्रनारायण देव र जाकिर हुसेनको बकपत्रले पुष्टि गरिदिएको तथा जाहेरवालाको घा जाँच केस फारमले वस्तुगत रूपमा कुटपिट

गरी यातना दिएको कुरालाई पुष्टि गरिदिएको देखिन आउँदा प्रतिवादीहरू जुगती मण्डल, राजाराम मण्डल, रामेश्वर मण्डल, प्रमोदकुमार मण्डल, परमानन्द मण्डल, दीपक भन्ने विपत मण्डल र ब्रह्मदेव मण्डल समेत संलग्न भई जाहेरवालालाई बोक्सीको आरोपमा कुटपिट गरेको देखिन आयो ।

अब, प्रतिवादीहरूलाई के कस्तो व्यवहार हुनुपर्ने हो भन्ने सम्बन्धमा विचार गर्दा बोक्सीको आरोपमा अमानवीय अमर्यादित व्यवहार गरी वा यातना दिइने कार्यलाई अपराध परिभाषित गरिएको अदलको महलको १०.ख नं. मा तीन महिनादेखि दुई वर्षसम्म कैद वा पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ । सजायको प्रकृतिमा विकल्प सहित परिमाणको क्षेत्र तोकिएको हुँदा के कति सजाय हुने हो भन्नेतर्फ हेर्नुपर्ने भएको छ । यस सम्बन्धमा वादी तथा जाहेरवालाका तर्फबाट रहनुभएका विद्वान् कानुन व्यवसायीहरूले एक्लो महिलालाई घरमै गै बोक्सीको आरोपमा यातना दिइएको छ, भविष्यमा निजहरू तथा समाजमा यसप्रकारको अपराध गर्नबाट हतोत्साह गर्न समेत हदैसम्मको कैद तथा जरिवाना हुनुपर्दछ भनी आफ्ना भनाइ राख्नुभएको छ भने प्रतिवादीहरूतर्फबाट रहनुभएका विद्वान्हरूले उक्त प्रावधान आकर्षित नै नहुने भनी टुंग्याउनुभएको छ । बोक्सीको अस्तित्व र यसको प्रभावमाथिको विश्वास पूर्णतः

रुढीवादी सोच र परम्पराको उपज हो, यसको वैज्ञानिक आधार रहेको पाइँदैन । वैज्ञानिक आधार नभएको कुराले स्वास्थ्य र जीवनमा असर पुऱ्याउन सक्छ भन्ने विश्वासमा यसको नियन्त्रणको नाममा विशेषतः महिलामाथि हुने हिंसाले निरन्तरता पाउनु बोक्सीमाथिको विश्वासभन्दा पनि वेशी जोखिमपूर्ण देखिन्छ । लिङ्ग र लैङ्गिकताका आडमा हुने कुनै पनि व्यक्तिका विरुद्ध लक्षित कुनै शारीरिक, मानसिक वा सामाजिक यातनाजन्य कार्यलाई लैङ्गिकतामा आधारित हिंसा भनिने हुँदा बोक्सीको आरोपमा हुने यातनाजन्य कार्य पनि नितान्त महिला माथि हुने लैंगिक हिसां नै हो । यस्तो अवैज्ञानिक र अन्धविश्वासमा आधारित व्यवहारबाट अझै पनि महिलाहरू प्रताडित हुनुपरेको तथ्यलाई मध्यनजर गरी सम्मानित सर्वोच्च अदालतबाट अधिवक्ता रेश्मा थापा विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको उत्प्रेषण समेत विषयक रिटमा (ने.का.प. २०६२ नि. नं. ७४९८ पृष्ठ २०५) मा बोक्सीको आरोपमा दिइने यातनालाई निन्दनीय, आपराधिक तथा कडा सजायको भागीदार भनी बोलिँदै नियन्त्रण एवं सजाय गर्ने प्रभावकारी ऐनको निर्माण गर्न विपक्षीका नाउँमा निर्देशनात्मक आदेश समेत जारी भएको थियो ।

नेपालको अन्तरिम सविंधान, २०६३ को धारा २० ले यस्तो भेदभाव र हिंसाजन्य कार्य विरुद्धको महिलाको हकलाई सुनिश्चित गर्दै यस्ता कार्यलाई दण्डनीय वनाएको छ । महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को धारा १ ले महिला विरुद्धको भेदभावलाई निषेध गरेकोमा उक्त महासन्धि सम्बन्धित समितिको General recommendation no 19 को बुँदा नं. ६ ले महिला विरुद्धको हिंसालाई उक्त धारा १ को उल्लंघन भनी व्याख्या गरेको छ भने बुँदा नं. २४ ले यस्ता लिंगमा आधारित हिंसा अन्त्य गर्न उपयुक्त र प्रभावकारी उपाय अपनाउन सिफारिस गरेको छ ।

बोक्सीको आरोपमा यातना दिने कार्यलाई अपराधको रूपमा लिँदै सजायको व्यवस्था गर्ने गरी २०६३ सालमा उल्लिखित अदलको महलमा १०.ख नं. थप भए पनि अहिलेसम्म यो व्यवहार नियन्त्रण हुन नसकेको र उल्लिखित राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनी दायित्वलाई मध्यनजर गर्दा एवं ७ जना पुरुषहरू मिली एक्लो महिलामाथि गरिएको अपमानजनक व्यवहारलाई मनन गर्दा यी प्रतिवादीहरू हदैसम्मको सजायका भागीदार हुनुपर्ने भन्ने विद्वान् जिल्ला न्यायाधिवक्ताको विचार अन्यथा देखिन आउँदैन । अर्कोतर्फ, कसुर गर्दा कुनै अन्य लाभ लिनको लागि गरिएको देखिन नआई नितान्त रुढीवादी सोच र अन्धविश्वासका कारण गरिएको व्यवहार भएको देखिन आएको छ । दुर्गम तथा अशिक्षित समाजमा यो व्यवहार परम्पराको रूपमा लिइने गरिएको तर अपराध घोषित गर्ने कानुन २०६३ सालमा बने पनि यस्ता समाजमा जानकारी नहुनु स्वाभाविक देखिन्छ । साथै,

संस्कारमै सुधार हुने गरी चेतनामूलक कार्यक्रम पुऱ्याउन सकिएको महसुस हुन नआएको अवस्थालाई समेत नजरअन्दाज गर्न मिल्ने देखिँदैन । यसका अतिरिक्त यी प्रतिवादीहरूले यस प्रकारको व्यवहार यसअघि पनि गर्ने गरेको भन्ने मिसिलबाट देखिन आउँदैन ।

पीडित जाहेरवालाको शरीरमा गम्भीर प्रकृतिको चोट देखिँदैन । मलमूत्र खुवाउने प्रयास गरिएको भन्ने बकपत्रहरूमा उल्लेख भए पनि सो सम्बन्धी सबुत प्रमाण मिसिलबाट नदेखिएको हुँदा अमानवीय व्यवहार भएको स्थापित भएको अवस्था छैन । सबै किसिमका कसुरदारलाई एकै ठाउँमा कैदमा राख्ने हाम्रो कारागार प्रणालीमा यस प्रकारका व्यक्तिहरूमा अन्य गम्भीर प्रकृतिका कैदीबाट पर्न सक्ने नकारात्मक असरलाई समेत ध्यानमा राख्नुपर्ने हुन्छ भने जरिवानाका हकमा प्रतिवादीहरूको आर्थिक हैसियतलाई पनि बिर्सन मिल्दैन । जरिवाना बुझाउन नसकी कैदमा बस्नुपर्ने अवस्था Principle of minimum intervention का विपरीत हुने हुन्छ । साथै यसबाट हदैसम्मको सजाय गर्दा कसूरको प्रकृति र अवस्था तथा सजायको मात्रामा अनुपातिकता (proportionate) नहुने देखिन्छ । तथापि यस्तो व्यवहारलाई नियन्त्रण गर्न व्यक्तिगत तथा सार्वजनिक हतोत्साह समेत हुने गरी सजाय गर्नैपर्ने पनि देखिन्छ । यी परिस्थितिलाई मध्यनजर गर्दा प्रतिवादीहरूलाई छ महिनाका दरले कैद र रु ७,५००। का दरले जरिवाना हुन सन्तुलित र उपयुक्त हुने देखियो ।

अतः प्रस्तुत मुद्दामा प्रतिवादीहरू जुगती मण्डल, राजाराम मण्डल, रामेश्वर मण्डल, प्रमोदकुमार मण्डल, परमानन्द मण्डल, दीपक भन्ने विपत मण्डल र ब्रह्मदेव मण्डल समेतले जाहेरवालालाई बोक्सीको आरोपमा कुटपिट गरी अदलको महलको १०.ख नं. को कसुर गरेको देखिन आएकोले निजहरूलाई सोही नं.बमोजिम जनही छ महिनाका दरले कैद र रु ७,५००।- का दरले जरिवानाको सजाय हुने ठहर्छ । सो ठहर्नाले अन्यमा तपसिल बमोजिम हुने गरी प्रस्तुत मुद्दा अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा प्रतिवादीहरूलाई जनही रु.७५००।- जरिवाना र जनही ६ महिना कैद हुने ठहरेकोले देहाय बमोजिम लगत कसी असुल गर्नू ...............................................................................................१

| | |
|---|---|
| प्रतिवादी जुगती मण्डललाई जरिवाना | रु.७५००।- र ६ महिना कैद |
| प्रतिवादी राजाराम मण्डललाई जरिवाना | रु.७५००।- र ६ महिना कैद |
| प्रतिवादी रामेश्वर मण्डललाई जरिवाना | रु.७५००।- र ६ महिना कैद |
| प्रतिवादी प्रमोदकुमार मण्डललाई जरिवाना | रु.७५००।- र ६ महिना कैद |
| प्रतिवादी परमानन्द मण्डललाई जरिवाना | रु.७५००।- र ६ महिना कैद |
| प्रतिवादी दीपक भन्ने विपत मण्डललाई जरिवाना | रु.७५००।- र ६ महिना कैद |
| प्रतिवादी ब्रह्मदेव मण्डललाई जरिवाना | रु.७५००।- र ६ महिना कैद |

प्रतिवादी रामेश्वर मण्डलले मिति २०६८।८।१९ मा धरौटी र.नं. ९५ बाट रु. ५५००।- नगद घरौटी राखेकोमा निजको हकमा सो धरौटी रकमबाट जरिवाना असुल गरी बाँकी हुने रु.२०००।- लगत कसी असुल गर्नू । प्रतिवादी दीपक भन्ने विपत मण्डलले मिति २०६८।१०।२५ मा धरौटी र.नं. १४४ बाट नगद रु. ५५००।- दाखिल गरेकोमा निजलाई हुने जरिवाना सोही धरौटीबाट कट्टा गरी बाँकी हुने रु. २०००।- लगत कसी असुल गर्नू । ब्रह्मदेव मण्डल, राजाराम मण्डल, जुगती मण्डल, परमानन्द मण्डल तथा प्रमोद मण्डलले लागेको जरिवाना तथा कैद भुक्तान गरेमा निजहरूले राखेको तारावती नामको जि.स. गा.वि.स. २ नं. जोगिनियाँ वडा नं. ६ कि.नं. ५४५ को ०-८-२ मध्ये पश्चिमतर्फबाट ०-२-० जग्गा फुकुवा गरिदिनू भनी मालपोत कार्यालय सप्तरीमा लेखी पठाइदिनू ...............................................................................................२

प्रस्तुत फैसलामा चित्त नबुझ्े सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम ७० दिनभित्र पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनू ...........३

प्रस्तुत फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालयलाई दिनू ...........................................४

सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल मागेमा रीतपूर्वकको नक्कल दिनू, दायरीको लगत काटी मिसिल अभिलेख शाखामा बुझ्ाइदिनू ...........................................................................................५

**जिल्ला न्यायाधीश**

कम्प्युटर टाइप गर्ने ना.सु. ठाकुरदेव खड्का ।
इजलास सहायक

**इति संवत् २०६९ साल माघ ९ गते रोज ३ शुभम्.........................।**

**श्री सुर्खेत जिल्ला अदालत**
**बन्द इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री कुलप्रसाद शर्मा**
**फैसला**
**निर्णय नं:१९३**
**र.नं.७८/०६७/०१५१२**

**मुद्दा : घरेलु हिंसा ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| सुर्खेत छिन्चु गा.वि.स.वडा नं.७ को हाल बस्ने गंगा गिरी ..........................................................। | जिल्ला सुर्खेत छिन्चु गा.वि.स.वडा नं.७ ऐ.ऐ. वडा नं.५ बस्ने धनबहादुर गिरी ..............................। |
| साक्षीः ५ जना । | साक्षीः १ जना । |
| कागजः | कागजः |

**अदालतबाट बुझेको :**
**वादीका साक्षी : मानबहादुर पुन ............**
**कागज : लगाउको मु.र.नं.७८-०६७-०१५११ को अंश मुद्दाको मिसिल ।**

**प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र तथ्य यस प्रकार रहेको छ :**

मिति २०६८।१।१७ गते राति अं.८.०० बजेको समयमा घरको कोठाको ढोका बन्द गरी थुनी हात मुक्का र कुच्चाले मेरो टाउको, दायाँ हात पाखुरा, बायाँ हातको पन्जा, कम्मर लगायत शरीरका अंगहरूमा प्रहार गरी नीलडाम पारी बायाँ हात भाँच्चिई मर्काइदिएको अवस्थामा टोल छिमेकका मानिसहरू आई छुट्याइदिएकाले मेरो ज्यान बच्न गएको र मेरो उपचार नगरी खान बस्न नदिई तत्कालै घरबाट निकाला गरिदिएकोले माइतीको संरक्षणमा बसेकी छु । मेरो बायाँ हातको पञ्जाको हड्डी भाँच्चिई चलाउन नमिल्ने भएको, टाउको शरीर दुख्ने गरेकोले यसरी मानसिक चोट पुऱ्याई कुटपिट गरी हात भाँच्चिई कुटपिट गरी निकाला गरी घरेलु हिंसा कसुर र सजाय ऐन, २०६६ को दफा ३(१)(२(३) कसुर गरी अन्याय गरेकाले ऐ. ऐनको दफा १३ (१)(२(३) बमोजिम सजाय गरी ऐ. ऐनको दफा ९ बमोजिम उपचार विपक्षीबाट गराई ऐ. ऐनको दफा १० बमोजिम क्षतिपूर्ति दिलाई पाऊँ भन्ने समेत व्यहोराको **फिराद दाबी** ।

फिराद दाबीमा उल्लिखित सम्पूर्ण कुराहरू झुट्टा एवं कपोलकल्पित हुन विपक्षीलाई मैले त्यसरी कुटपिट गरी घरबाट निकाला गरेको होइन छैन । भएको सत्य व्यहोरा के हो भने म प्रतिवादी सुर्खेतमै नोकरीमा हुँदा बारम्बार मसँग छुट्टीभिन्न भै बस्नु पऱ्यो यो घरमा बसी म घर गरी खान सक्दैन भनी बारम्बार मसँग झगडा बबाल गरी आफू खुसी माइत जाने आउने गर्दै आएकी थिइन्, त्यति बेलै मैले निज श्रीमतीलाई घर गरी खानुपर्छ यस्तो नगर भनी सम्झाउँदा समेत मानेकी थिइनन् । म जागिरको क्रममा भैरहवास्थित सीमा प्रहरी चौकीमा रहँदाका अवस्थामा मलाई सोधपुछ नै नगरी मेरा बुवा आमासँग अनावश्यक झगडा ववाल गरी आफूखुसी घर छाडी बाहिर बसेको कुरा मलाई मेरी दिदीले खबर गरेकीले फोन मार्फत मैले विपक्षी श्रीमतीलाई मैले म घरमा नभएको अवस्थामा किन यसरी घर छाडी गएको भनी भन्दा तिम्रा घरमा म बस्दै बस्दैन जे गर्छौ

गर भनी भन्दा समेत नमानी उल्टै म तिमीसँग बस्दैन मलाई अंश दिनुपर्‍यो भनी भन्दाका समयमा तत्कालीन समयमा मैले अंश दिँदैन भनी भनेको कुरालाई नै मुख्य विवाद गरी ममाथि अनावश्यक झुट्टा व्यहोरा बनाई प्रस्तुत मुद्दा दर्ता गराएकी मात्र हुन् । म जागिरको क्रममा विपक्षीले कथित रूपमा उल्लेख गरेको मिति समयमा म आफ्ना घरमा नभई भैरहवास्थित सीमा प्रहरी चौकी सुनौलीमा कार्यरत रहेको व्यक्तिले विपक्षीलाई त्यसरी कुटपिट गठरी घरबाट निकाला गर्ने अवस्था नै आउँदैन । केवल मलाई दुःख दिने बदनियतले झुट्टा फिराद गरेकोले फिराद खारेज गरी पाऊँ भन्ने व्यहोराको **प्रतिउत्तर पत्र** जिकिर ।

वादीको दाबी बमोजिम प्रतिवादीले वादीलाई कुटपिट गर्ने शारीरिक यातना दिने गरेका र वादीको हात समेत भाँच्चिइदिएकोले प्रतिवादीलाई सजाय हुनुपर्ने हो भन्ने समेत व्यहोराको वादीका साक्षी मानबहादुर पुनले गरेको **बकपत्र** ।

प्रतिवादीले तारेख गुजारी बस्दा प्रतिवादीका साक्षीको बकपत्र हुन नसकेको ।

लगाउको मु.र.नं.७८-०६७-०१५११ को अंश मुद्दाको मिसिल साथै पेस भएको रहेछ ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन अ.वं.२९ नं.ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई वादीलाई छलफलमा राखी मिसिल अध्ययन गरी हेर्दा यसमा निम्न विषयमा न्याय निरुपण हुनुपर्ने देखियो ।

- प्रतिवादीले घरेलु हिंसाजन्य अपराध गरेको हो होइन ?
- वादीको दाबी बमोजिम प्रतिवादीलाई सजाय हुनुपर्ने नपर्ने के हो ?

यसमा मिति २०६८।१।१७ गते राती अं.८.०० बजेको समयमा घरको कोठाको ढोका बन्द गरी थुनी हात मुक्का र कुच्चाले मेरो टाउको, दायाँ हात पाखुरा, वायाँ हातको पञ्जा, कम्मर लगायत शरीरका अंगहरूमा प्रहार गरी नीलडाम पारी वायाँ हात भाँच्चिई मर्काइदिएको अवस्थामा टोल छिमेकका मानिसहरू आई छुट्याइदिएकाले मेरो ज्यान बच्न गएको र मेरो उपचार नगरी खान बस्न नदिई तत्कालै घरबाट निकाला गरिदिएकोले माइतीको संरक्षणमा बसेकी छु । मेरो वायाँ हातको पञ्जाको हड्डी भाँच्चिई चलाउन नमिल्ने भएको, टाउको शरीर दुख्ने गरेकोले यसरी मानसिक चोट पुर्‍याई कुटपिट गरी हात भाँच्चिई कुटपिट गरी निकाला गरी घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ३(१)(२(३) को कसुर गरी अन्याय गरेकाले ऐ. ऐनको दफा १३ (१)(२(३) बमोजिम सजाय गरी ऐ. ऐनको दफा ९ बमोजिम उपचार खर्च विपक्षीबाट भराई ऐ. ऐनको दफा १० बमोजिम क्षतिपूर्ति दिलाई पाऊँ भन्ने समेत व्यहोराको मुख्य फिराद दाबी भएकोमा वादीले मलाई दुःख दिने बदनियतले झुट्टा फिराद गरेकोले फिराद खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिउत्तर जिकिर रहेको देखियो ।

निर्णयतर्फ विचार गर्दा यसमा वादी प्रतिवादी लोग्ने स्वास्नी नाताका मानिस हुन् भन्ने कुरा दुवै पक्षको मुख मिलेकै पाइन्छ । वादीका साक्षीको बकपत्र र छिन्चु गा.वि.स.को मिति २०६८।१।२० को सिफारिस पत्रबाट पनि वादीसँग प्रतिवादीको विवाह २०६५ फाल्गुण १७ गते सम्पन्न भएको हो भन्ने फिराद साथ संलग्न कागजबाट पनि नातामा विवाद देखिँदैन ।

मिसिल संलग्न फिराद लेख हेर्दा मुख्यतः वादी प्रतिवादी बीच पारिवारिक बेमल भएको कारणमा खासगरी प्रतिवादीले वादीलाई घरबाट निकाला गर्ने, दोस्रो विवाह गर्ने योजना बनाई हेला गरी मानसिक यातना दिने, घर खर्च नपठाउने, अर्को मानिससँग विवाह गरी जाऊ भनी धम्की दिने जस्ता कार्य गरेको भन्ने

देखिन्छ । घरको कोठा बन्द गरी हात मुक्का र कुच्चोले टाउकोमा, दायाँ हात पाखुरा, दायाँ हातको पञ्जा कम्मर लगायत शरीरका अंगहरूमा प्रहार गरी प्रतिवादीले कुटपिट गर्दा लागेको चोट पटकको इलाका प्रहरी कार्यालय छिन्चु मार्फत घा जाँच केश फाराम गराई उपचार गरी माइतीका संरक्षणमा बसेकी छु भन्ने फिराद देखिन्छ । विपक्षी पतिको कुटाइबाट हातको पञ्जाको हड्डी भाँचिएर चलाउन नमिल्ने र टाउको दुख्ने, शरीरभरि नीलडाम भएकाले शरीर दुख्ने गरेको छ, प्रतिवादीको कुटाइबाट टोल छिमेकीले बचाइदिएको हुँदा ज्यान बच्न गएको हो भन्ने वादीको कथन रहेको छ । पतिले मानसिक, शारीरिक, आर्थिक यातना दिई गाली बेइज्जती गरी खान, बस्न नदिई घरबाट निकाला गरेको हुँदा विपक्षीलाई घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ३ को १,२,३ को कसुर गरी अन्याय गरेकोले सोही ऐनको दफा १३(१)(२)(३) नं. बमोजिम सजाय गरी सोही ऐनको दफा ९ बमोजिम मानसिक एवं शारीरिक उपचारको खर्च विपक्षीबाट गराउन लगाई ऐ.को दफा १० नं. बमोजिम खाने, बस्ने व्यवस्था गराउन लगाई क्षतिपूर्ति समेत दिलाई संरक्षणात्मक आदेश गरिपाऊँ भन्ने वादीको मुख्य फिराद दाबी रहेको पाइन्छ ।

प्रतिवादीले पेस गरेको प्रतिउत्तर पत्र हेर्दा वादी घरमा नबसी बारम्बार झगडा बबाल गरी आफूखुसी माइतीघर जाने आउने गरेको र मेरा आमा बुवासँग अनावश्यक झगडा गरी आफूखुसी घर छाडी बाहिर बसेको हो । मलाई दुःख दिने बदनियतका साथ यो फिराद दिएकाले झुट्टा दाबी खारेज गरी पाऊँ भन्ने मुख्य प्रतिउत्तर जिकिर रहेको देखिन्छ ।

अदालत समक्ष वादी प्रतिवादीका साक्षी परीक्षण गर्ने क्रममा **वादीका साक्षी मानबहादुर**को बकपत्र हुँदा निजलाई सोधिएको सवालको जवाफमा प्रतिवादीले वादीलाई कुटपिट गर्ने, शारीरिक यातना दिने गरेका हुन् र मगरको छोरी भनी हेला गरेको हुन् । प्रतिवादीले वादीको हात समेत भाँचिदिएर एक्सरे समेत गरेको छ । वादीले खाने लाउने व्यवस्थाका लागि प्रतिवादीबाट उचित रकम पाउनुपर्ने हो भनी लेखाइदिएको पाइन्छ भने प्रतिवादीले यस अदालतबाट तोकी पाएको साक्षीलाई हाजिर गराउन भनी लिएको मिति २०६९।०१।०४ को तारेख गुजारी कानुनले थाम्ने थमाउने अवधि समेत व्यतीत गरी बसेबाट कुनै साक्षी प्रमाण प्रस्तुत भए गरेको देखिँदैन ।

यसरी उपरोक्त तथ्य रहेको प्रस्तुत मुद्दामा मुद्दाको विषयवस्तु र कसुरको गम्भीरतालाई हेरी न्याय निरुपण गर्नुपर्ने सन्दर्भमा ऐनको उद्देश्य के हो ? र यसले व्यक्ति र समाजलाई के कस्तो मार्ग निर्देशन गरेको छ भनी त्यसलाई विचार गर्दा प्रस्तावनामा भनिएको पाइन्छ कि “प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने” उद्देश्यले घरेलु हिंसा (कसुर सजाय) ऐन, २०६६ को तर्जुमा भएको भन्ने देखिन्छ ।

ऐनले भनेको घरेलु हिंसा, घरेलु सम्बन्ध, शारीरिक यातना, मानसिक यातना र आर्थिक यातना भनेको के हो ? भनी त्यसतर्फ हेर्दा घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई सम्झनुपर्दछ भन्ने देखिन्छ । प्रस्तुत मुद्दामा पारिवारिक घरेलु सम्बन्ध भएकी वादी आफ्नो पत्नीलाई उचित रेखदेख नपुऱ्याउने र उचित स्याहार सम्भार एवं संरक्षण नदिने प्रतिवादीले आफू कार्यरत रहेको प्रहरी कार्यालयबाट टेलिफोन धम्की दिने, अन्यत्र अरू नै लोग्ने मानिससँग पोइल जान भनी अमानवीय एवं संवेदनहीन व्यवहार गरेको भन्ने फिराद कथन देखिन्छ, जुन कथनलाई पुष्टि गर्ने वादीको बकपत्र समेतबाट प्रतिवादीले वादीलाई मानसिक एवं शारीरिक रूपमा यातना दिएको भन्ने फिराद कथनलाई अन्यथा भन्ने अवस्था देखिएन ।

वादी प्रतिवादीबीच २०६५ सालमा प्रेम विवाह भए पश्चात् लगत्तै अर्को वर्षदेखि नै प्रतिवादीले वादीलाई हेला गर्ने, भरण पोषणका लागि आवश्यक आर्थिक व्ययभार हुने रकम नदिने, घरमा कुटपिट गर्ने, शारीरिक चोट पुऱ्याउने, यातना दिने, डर, धाक देखाउने, त्रासपूर्ण व्यवहार गरी गालीगलौज गरी घरबाट निकाला गर्ने, अन्य परपुरुषसँग पोइल जान भनी दुर्व्यवहार गर्ने आदि इत्यादि अमर्यादित व्यवहार (Misbehave) गरेको भनी पीडित वादीले फिरादमा उल्लेख गरेको यथार्थलाई कानुनतः प्रतिवादीले घरेलु हिंसाजन्य कसुर गरेको माध्यमबाट महिला उपरको हिंसाजन्य कसुर गरेको भन्ने देखिन्छ। पीडित फिरादीको फिरादमा उल्लिखित अर्को तत्व (Element) प्रतिवादी लोग्नेले आफूलाई मानसिक यातनाजन्य हिंसाको कसुर गरेको भन्ने देखिन्छ। फोन गर्दा वादीलाई प्रतिवादी लोग्नेले तँ मेरो श्रीमती होइनस् भन्ने जस्ता व्यवहार गरेको, घरबाट निक्लेर अन्यत्र जान उर्दी गरेको जस्ता प्रतिवादीका व्यवहारबाट फिरादीलाई मानसिक तनाव अर्थात् यातना परेको देखिन्छ।

**हाम्रो पारिवारिक सम्बन्धको अर्थ पारस्परिक प्रेम, सद्भाव, समानता र स्वतन्त्रतामा सीमित नभई पति संरक्षक र पत्नी संरक्षित** (Patron-client realtion) **हावी भएको देखिन्छ। यस्तो सामाजिक एवं पारिवारिक सम्बन्धप्रतिको जिम्मेवारी विशेषतः अहम् महत्वको रहन्छ। खान, लाउन, शिक्षा दीक्षा र स्वास्थ्य उपचारका महत्वपूर्ण सवालमा घर परिवारको मुख्य मानिसले कानुनी दायित्व निर्वाह गर्नुपर्ने हाम्रो कानुन प्रणाली विद्यमान छ। त्यसैले यी पति प्रतिवादीले आफ्नो पत्नीलाई रेखदेख एवं संरक्षण गर्नुपर्ने पारिवारिक दायित्वका साथै कानुनी कर्तव्य पनि हुन आउँछ। परिवारका पिता एवं पतिले आफूलाई परिवारका मालिक ठान्ने र उनीहरूले परिवारको स्वामि आफूहरू हौं भन्ने मान्यतालाई लिएर गर्ने पारिवारिक उदार तानाशाह (वेनी भोलेन्ट डिक्टेटरसिप) को रबैयालाई मुलुकको घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ले अब उप्रान्त मान्यता दिने स्थिति देखिँदैन। अब परिवारमा एक अर्का सदस्यबीच अर्थपूर्ण सम्बन्ध** (Meaningfull relation) **देखिनुपर्दछ। अन्तर्राष्ट्रिय कानुनको मान्यता पाइसकेको** Convention on Elimination of all forms of Discrimination Against women,1979 **लाई हेर्दा पनि उक्त अनुबन्धले महिलाविरुद्धका भेदभावहरू, महिलाविरुद्ध हुने हिंसाजन्य अपराधहरूलाई नियन्त्रण र निर्मूल गर्ने प्रतिबद्धता जनाएको छ। जुन अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पक्षधर भई बन्धनकारी रूपमा उक्त कानुनी व्यवस्थालाई परिपालना गर्ने सहमति जनाइसकेको पाइन्छ।** (CEDAW) **महासन्धिमा मुलुकले हस्ताक्षर गरेपछि अब प्रत्येक मानिसले परम्परागत मान्यतालाई अस्वीकार गर्दै सम्मानजक सम्बन्ध र व्यवहारलाई पालना गर्ने, वचनबद्धतालाई पालन गरी कानुनी कर्तव्य निर्वाह गर्नुपर्ने दायित्व वहन गर्नुपर्दछ। महासन्धिले असमानता र विभेदलाई उन्मूलन गर्ने प्रतिबद्धता जनाएको र घरेलु हिंसा सम्बन्धी नेपाल कानुनले त्यस्तो असमानता र विभेदलाई अन्त गरी परस्परको मर्यादापूर्ण सम्बन्धलाई स्थापित गरेको पाइन्छ।**

**केही अन्तर्राष्ट्रिय सन्धि सम्झौता र महासन्धिहरूलाई अध्ययन गर्दा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र** (Universal Declaration of Human Rights 1948) **को धारा १ प्रदत्त अधिकारले सबै मानिस जन्मजात स्वतन्त्र र मर्यादा एवं अधिकारमा समान छन्। उनीहरूमा चेतना, विवेक, र सद्विचार भएकाले एक आपसमा भातृत्व भावले व्यवहार गर्नुपर्दछ** (All human are beings are born free and equal rights. They are endowed with reason and conscience and should act towards on another in a sprit of brotherhood) **भनेको पाइन्छ जुन व्यवस्थाबाट "मानिसलाई आत्मसम्मानका साथ बाँच्न पाउने अधिकार छ भने धारा ४ प्रदत्त अधिकारले दासत्वविरुद्धको अधिकार छ" भन्ने विश्वव्यापी मान्यतालाई अंगीकार गरेको छ। यी वादीलाई आत्मसम्मानका साथ बाँच्न पाउने अधिकार छ। यिनलाई दासत्वबाट मुक्ति पाउने अधिकार**

छ । स्वतन्त्रता समानता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारले सुरक्षित रहेकी वादीलाई प्रतिवादीले टेलिफोनबाट धम्की दिने, प्रत्यक्ष भेटघाट हुँदा यातना एवं कुटपिट गर्नेजस्ता अमानवीय कार्य गर्नाले वादीको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको अपहरण भएको छ ।

त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ (International covenent on civil and political Rights 1966) को धारा १ ले आत्मनिर्णयको अधिकार ८(१) ले दासत्व विरुद्धको अधिकार राख्दछ भने उक्त ICCPR को धारा ७ ले कसैलाई पनि यातना क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाइने छैन । (No one shall be subjected to torture or to cruel, inhuman or degrading treatment or punishment) भन्ने प्रस्ट व्यवस्था गरेको पाइन्छ । जुन अन्तर्राष्ट्रिय अनुबन्धमा नेपालले हस्ताक्षर गरिसकेको हुँदा त्यस्तो व्यवस्था नेपाल र नेपालीका लागि राष्ट्रिय कानुन सरह लागू हुनेछ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (CEDAW) १९७९ ले गरेको प्रावधान विपरीत प्रतिवादीले महिला यी वादी उपर गरेको हिंसाजन्य अमानवीय व्यवहारलाई कुनै पनि दृष्टिले न्यायोचित भन्न सकिँदैन । Victim perspective justice system लाई मध्यनजर गर्दा प्रतिवादी धनबहादुरको व्यवहारलाई सामान्य दुर्व्यवहार (Misbeheave) मात्र नभएर पीडित उपरको शारीरिक आक्रमण, प्रत्यक्ष अप्रत्यक्ष धाक धम्कीले फौजदारी दायित्व सिर्जना हुनेसम्मको कसुर गरेको भन्नेसम्मकै अवस्था देखिन आउँदछ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal declaration of Human Rights 1948) को धारा ३ ले हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार छ (Every one has the right to life, liberty and sccurity of persons) भन्ने मान्यता राखेको छ । यसबाट पनि प्रत्येक मानिसको आ-आफ्नै मर्यादा छ । अधिकारमा सबै समान छन्, समानता, स्वतन्त्रता र सुरक्षा प्रत्येक मानवको सुरक्षित मौलिक अधिकार रहेको पाइन्छ । तर यहाँ प्रतिवादीले आफ्नो पत्नीलाई मानवीय व्यवहार नगरी मानवता विरुद्धको दुस्कर्म गरेको पाइन्छ । आज इजलास समक्ष छलफलमा रहेकी वादीले देखाएको शारीरिक यातनाबाट सिर्जित भएका शरीरका घाउ चोटहरूलाई दृष्टिगत गर्दा पनि प्रतिवादीको व्यवहार साधारण कुटपिट र सामान्य हिंसाको श्रेणीको कसुर मान्न सकिने अवस्थाको देखिँदैन ।

प्रतिवादीको धम्की तथा शारीरिक आक्रमणले वादीको जीवन, मर्यादा र सामाजिक सुरक्षालाई खतरामा पारेको देखिन्छ । वादी निर्भयपूर्वक विवाहित जीवन व्यतीत गर्न नसकी बाबुको घरमा आश्रय लिई जीवनयापन गरेको देखिन्छ जसलाई वादीका साक्षीको बकपत्रले समर्थन गरेको पाइन्छ ।

वादीलाई फोन गरी यातना (Torture) दिने गरेको र प्रत्यक्ष हुँदा अमानविय (Inhuman) व्यवहार गरी भौतिक आक्रमण समेत गर्ने गरेको भन्ने फिराद लेखबाट देखिएको र वादीले संरक्षणात्मक आदेश गरी पाऊँ भनी दिएको फिराद व्यहोराबाटै प्रतिवादीको क्रिया फौजदारी स्वरूपको रहेछ भन्ने देखिन्छ । वादीको निवेदन विषम् परिस्थितिमा परेको भन्ने तथ्यलाई अदालतले अनुमान गर्नुपर्ने विषय भएको छ । वादीका साक्षीको बकपत्र र वादीको फिराद लेखलाई एकसाथ अध्ययन गर्दा प्रतिवादीको तर्फबाट भएको व्यवहारलाई घरेलु हिंसाको कसुर होइन भन्ने ठाउँ देखिँदैन ।

महिलाहरू उपर हुने सबै खाले भेदभाव विरुद्धको महासन्धि (CEDAW) र महिला हिंसा उन्मूलन गर्ने सम्बन्धी घोषणापत्र (Declaration on Elimination Violence Against Women) ले महिलाहरूलाई सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता गरेको छ र यस्तै अन्तर्राष्ट्रिय कानुन र महासन्धिका कानुनी व्यवस्थालाई आत्मसात् गरेको हाम्रो कानुनी राज्यले महिलाहरूलाई हिंसाबाट संरक्षण दिने कुरा स्वीकार गर्दागर्दै पनि

**प्रहरी सेवामा रहेका राष्ट्र सेवक यी प्रतिवादीले आफ्नै घर र परिवारभित्र हिंसाजन्य कसुर गरी कानुन र समाजलाई चुनौती दिएको देखिन्छ। जुन कदापि क्षम्य हुन सक्दैन।**

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** (ICCPR) **को धारा ६ (१) ले हरेक व्यक्तिको बाँच्न पाउने अन्तरनिहित अधिकारलाई स्वीकार गर्दै यस अधिकारको रक्षा कानुनद्वारा गरिनेछ र कसैलाई पनि जीवनबाट जथाभावी वञ्चित गरिने छैन** (Every human being has the inherent right to life. This right shall be protected by law. No one shall be arbitrarily deprived of his life) **भनी मानवीय जीवनको मूल्य र मान्यतालाई संरक्षित गरेको सन्दर्भमा यी वादीले बिनाभय, त्रासमा आफ्नो जीवन जिउने अधिकारलाई सुरक्षित राख्न पाउनुपर्दछ।**

**वादीले दाबी लिएको घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को कानुनी व्यवस्थालाई ऐनको दफा २ (क) को परिभाषा खण्डमा दृष्टिगत गर्दा घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्दछ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ भनेको देखिन्छ भने ऐनको दफा २(घ) लाई हेर्दा उक्त खण्डमा मानसिक यातनाको बारेमा उल्लेख भई मानसिक यातना भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्ठा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने कार्यलाई जनाउँछ भन्ने देखिएबाट पनि प्रतिवादीले वादी उपर गरेको व्यवहारले घरेलु हिंसाको कसुरलाई सम्पुष्टि गरेको पाइन्छ।**

**त्यसैले प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्ने हेतुले बनेको घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को प्रतिकूल व्यवहार प्रतिवादीबाट भएको भन्ने तथ्य पुष्टि भइरहेको हुँदा वादीको फिराद दाबीलाई अन्यथा भन्न मिल्ने देखिएन। तसर्थ, सभ्यता र मानवता** (Civilization and humanity) **को वर्तमान युग** (Current era) **मा प्रतिवादी आफ्नै लोग्नेले श्रीमतीप्रतिको जवाफदेहिता र पारिवारिक कर्तव्यको भूमिकालाई निर्वाह नगरी मानव अधिकारको सभ्यता विपरीत व्यवहार गरेको देखिन्छ। वादीको फिराद पत्रको मुख्य सार एवं वादीका साक्षीको यस अदालत समक्ष भएको बकपत्रको कथनबाट प्रतिवादीलाई कानुनी दण्डको दायराभित्र सजाय नहुनुपर्ने कुनै कारण देखिँदैन। त्यसैले** प्रहरीको पोसाक एवं पदमा राष्ट्र सेवा गर्ने पुनीत कार्यमा लागेका प्रतिवादीले आफू कार्यरत सीमा प्रहरी कार्यालय भैरहवाबाट फोन गरी यी वादीलाई दूरभाष (Telephone) को माध्यमबाट धाकधम्की दिई हिंसाजन्य कसुर गर्ने र प्रत्यक्ष हुँदा यिनै प्रतिवादीले वादी आफ्नो जीवनसाथी पत्नीलाई भौतिक आक्रमण गरी शारीरिक हिंसा गर्ने जस्ता कसुरजन्य अपराध गरेको भन्ने फिराद दाबी रहेको र उक्त दाबीलाई प्रत्यक्षदर्शी साक्षी (Eye witnese) को बकपत्र समेतले समर्थन गरिरहेको हुँदा फिराद दाबी बमोजिम घरेलु हिंसा (कसुर र सजाय) ऐनको दफा ३(१)(२)(३) को कसुरमा सोही **ऐनको दफा १३(१) बमोजिम रु. ५०००। (पाँच हजार) जरिवाना र एक महिना कैद भई सार्वजनिक जवाफदेहीको प्रहरी पदमा बहाल व्यक्ति भएकाले सोही दफा १३(४) ले थप रु. ५००। र जरिवाना र थप कैद दिन ३ (तीन) समेत रु. ५,५००। जरिवाना र कैद दिन ३३ हुने ठहर्छ** र ऐ. ऐनको दफा १० बमोजिम पीडितलाई विवाह पश्चात् गरेको घृणा, अमानवीय व्यवहार दिएको धाक धम्की, शारीरिक यातना र निर्वाह गर्नुपर्ने कर्तव्य एवं दायित्व पूरा नगरी पीडितलाई पर्न गएको **शारीरिक मानसिक एवं आर्थिक क्षति** समेतलाई विचार गर्दा पीडकबाट पीडितले **रु.५०,०००। (पचास हजार) क्षतिपूर्ति भराई लिन पाउने ठहर्छ।** प्रतिवादीबाट वादी उपर हुन सक्ने सम्भावित हिंसाबाट संरक्षण दिलाउनका लागि

प्रतिवादी कार्यरत रहेको सशस्त्र प्रहरी बल मुख्यालयमा प्रस्तुत फैसलाको प्रतिलिपि प्रेषित गरी दिई अरूमा तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन अ.वं.१८६ नं. बमोजिम यो फैसला गरिदिएको छु ।

**तपसिल**

माथि इन्साफ खण्डमा प्रतिवादी धनवहादुर गिरीलाई घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ को दफा ३(१)(२(३) बमोजिमको कसुरमा दफा १३(१) बमोजिम रु. ५०००।- (पाँच हजार) जरिवाना र १ (एक) महिना कैद भई सोही ऐनको दफा १३(४) ले थप हुने जरिवाना रु.५००। (पाँच सय) र कैद दिन ३ समेत जम्मा रु. ५,५००। जरिवाना र ३३ (तेत्तीस) दिन कैद भएकोले उक्त जरिवाना र कैद असुल गर्न लगत कस्नू ....................१

प्रतिवादीबाट पीडित वादीले रु.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराई लिन पाउने समेत ठहरेकोले प्रस्तुत मुद्दा अन्तिम भएपछि उक्त क्षतिपूर्ति रु.५०,०००। भराई पाऊँ भनी वादीले प्रतिवादीको नेपाल सरहदको जेथा देखाई मुलुकी ऐन द.स.का ४२ नं. का म्यादभित्र रीतपूर्वकको दरखास्त दिए कानुन बमोजिम लाग्ने दस्तुर लिई उक्त क्षतिपूर्ति रकम प्रतिवादीबाट वादीलाई भराइदिनू ...............................................................२

सशस्त्र प्रहरी बल मुख्यालयमा प्रस्तुत फैसलाको प्रतिलिपि प्रेषित गरिदिनू.........................................३

यस अदालतको इन्साफमा चित्त नबुझे ऐनका म्याद ३० (तीस) दिनभित्र श्री पुनरावेदन अदालत सुर्खेतमा पुनरावेदन गर्नू भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू ........................................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नू.................................................५

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू.......................................६

**कुलप्रसाद शर्मा**
**(जिल्ला न्यायाधीश)**

फैसला तयार गर्न सहयोग गर्ने
फाँटवाला :- ना.सु. रत्नप्रसाद उपाध्याय
टाइप : ना.सु. दीपकबहादुर रास्कोटी

**इति संवत् २०६९ साल माघ ३ गते रोज ४ शुभम् ।**

**श्री गोरखा जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री लिप्तबहादुर थापा क्षेत्री**
**फैसला**
**संवत् २०६८ सालको दु.फौ.नं.६/३२ नि.नं.५४**

**मुद्दा :- सम्बन्ध विच्छेद ।**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जिल्ला गोरखा च्याङली गा.वि.स.वडा नं.९ बस्ने गंगाबहादुरको छोरा वर्ष ६८ को बमबहादुर क्षेत्री.........१ | जिल्ला कास्की चापाकोट गा.वि.स.वडा नं.२ बाट बसाइ सरी आई हाल जिल्ला गोरखा च्याङली गा.वि.स.वडा नं.९ बस्ने बमबहादुर क्षेत्रीको जेठी श्रीमती वर्ष ६३ की हविकला क्षेत्री....................१ |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.वं.२९ नं.बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र दर्ता भै पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यस प्रकार छ :-

म निवेदक र विपक्षी हविकला क्षेत्रीबीच २०२२।१०।१९ मा विवाह भएको हो । विवाह पश्चात् करिब एक वर्षसम्म हाम्रो दाम्पत्य जीवन सुखसँग नै बितेको थियो । निजसँगको घर व्यवहार बिग्रेकाले पुनः मैले भीमकुमारी क्षेत्रीसँग मिति २०३७।३।३० मा दोस्रो विवाह गरी बसें । तत् पश्चात् जेठी श्रीमती हवीकला क्षेत्रीले म उपर कास्की जिल्ला अदालतमा अंश मुद्दा दिई अंश पाउने ठहरी फैसला भै सो उपर मैले गण्डकी अञ्चल अदालतमा पुनरावेदन दिई मुद्दा चल्दैको अवस्था मिति २०३९।२।७ मा श्री गण्डकी अञ्चल अदालतमा मिलापत्र भै सोही मिलापत्रको आधारमा अंश लिई जेठी श्रीमती छुट्टी बसेकी थिइन् । अंश लिई धेरै वर्षदेखि मबाट अलग भई बसेकी निजसँग सम्बन्ध विच्छेद हुने नै श्रेयस्कर देखी यो निवेदन गरेको छु । लोग्ने स्वास्नीको ४ क नं.अनुसार श्रीमती (जेठी) हविकला क्षेत्रीले अंश बुझी छुट्टी बसेको अवस्था हुँदा विपक्षीले मबाट कुनै चल अचल सम्पत्ति पाउने अवस्था छैन । अतः मेरा साक्षी प्रमाण बुझी विपक्षी जेठी श्रीमती हविकला क्षेत्रीसँग भएको श्रीमतीको सम्बन्ध विच्छेद गरी पाऊँ भन्ने समेत व्यहोराको निवेदक वादी बमबहादुर क्षेत्रीले च्याङली गाउँ विकास समितिको कार्यालय च्याङली गोरखामा चढाएको निवेदन ।

बमबहादुर क्षेत्रीले सम्बन्ध विच्छेद गरी पाऊँ भनी दिनुभएको मुद्दा उपर एक वर्षसम्म तारेख दिई तारेखमा नियमित हाजिर हुनुभएको र निजको श्रीमती पत्राचार गर्दा समेत केही जानकारी नदिएकाले मिति २०६८।५।१९ को गा.वि.स.को संयन्त्र बैठकले सम्बन्ध विच्छेद गर्न मनासिब देखिएको भन्ने समेत व्यहोरा उल्लेख गरी मिति २०६८।५।१९ मा च्याङली गा.वि.स.ले सम्पूर्ण कागजात सहितको फाइल यस अदालतमा पठाएको ।

विपक्षीले दोस्रो विवाह गरेको कारण नानाथरी कुरा लेखी सम्मानित अदालतलाई भ्रममा पार्न खोज्नुभएको छ । विपक्षीले श्रीमतीहरू बटुलेको कारणले मैले अंश माग्न बाध्य भए पनि विपक्षी पतिसँग यो वृद्ध र अशक्त अवस्थामा सम्बन्ध विच्छेद गरी बस्न मञ्जुरी छैन । विपक्षीको नियत म जेठी श्रीमती भएको कारण विपक्षी भारतीय पेन्सनरको अभिलेखमा मेरो नाम भएकाले झुट्टा र जालसाजी प्रपञ्च रची कागज खडा गरी मेरो

पेन्सनको हक मेटाउने नियत मात्र हो । म जेठी र वैध श्रीमती भएको नाताले उक्त पेन्सनमा मेरो अधिकार सुरक्षित रहन्छ । अतः कुनै पनि हालतमा विपक्षीसँग सम्बन्ध विच्छेद गरी बस्न चाहन्न । विपक्षीको झुट्टा दाबीबाट अलग फुर्सद दिलाई विपक्षीसँगको पति पत्नीको सम्बन्ध यथावतै कायम राखी न्याय पाउँ भन्ने समेत व्यहोराको विपक्षी प्रतिवादी हविकला क्षेत्रीले यस अदालत समक्ष दिएको प्रतिउत्तर पत्र ।

एकै ठाउँमा नबस्ने भएपछि सम्वन्ध रही रहन आवश्यक छैन भन्ने समेत व्यहोराको वादीका साक्षी अग्निधर पराजुलीबाट यस अदालतबाट भएको बकपत्र ।

वृद्ध उमेरमा वादी प्रतिवादीबीच सम्बन्ध विच्छेद हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी नन्दलाल लामिछानेबाट यस अदालत समक्ष भएको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा वादी बमबहादुर क्षेत्रीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सप्तकुमार श्रेष्ठले मेरो पक्षसँग प्रतिवादीले ३० वर्षअघि देखि अंश लिई छुट्टीभिन्न भै बसेको अवस्था छ । त्यसपछि निजसँग मेरो पक्षको कुनै सम्बन्ध रहेको छैन । मेरो पक्ष भारतीय पेन्सनर भएको हुँदा निजले पाउने पेन्सन मृत्युपछि दुवै श्रीमतीले खाने गरी सिफारिस र मञ्जुरी बनाउँ भनी भन्दा पनि प्रतिवादी हविकला क्षेत्रीले नमानेको अवस्था छ । यस स्थितिमा मेरो पक्षको मृत्युपछि पेन्सन रकम त्यसै अलपत्र पर्ने अवस्था रहेको छ । तसर्थ सम्बन्ध विच्छेद हुनुपर्छ भनी बहस गर्नुभयो ।

प्रतिवादी हविकला क्षेत्रीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पदमपाणि देवकोटा र पूर्णप्रसाद श्रेष्ठले हाम्रो पक्ष उपर वादीको नियत नै खराब रहेको पाइन्छ । गा.वि.स.मा सम्बन्ध विच्छेद को निवेदन दिंदा बसाइ सरेको कीर्ते कागज तयार गरी गलत ठेगानामा म्याद तामेल भएको अवस्था छ । हाम्रो पक्षले अदालतबाट जारी भएको म्याद सही वतनमा तामेल भएको कारणबाट मुद्दामा प्रतिवाद गर्ने मौका पाएको स्थिति छ । वादीले हाम्रो पक्षलाई जानकारी नै नदिई सम्बन्ध विच्छेदको मुद्दा एकतर्फी फैसला गराउने षड्यन्त्र गरी वतन गलत लेखाएको स्थिति छ । हाम्रो पक्षका तर्फबाट छोराहरू रहेको र वादीको सँगै बस्ने कान्छी श्रीमतीतर्फ छोरा नभएकोले वादीको मृत्यु हुँदा पनि हाम्रो पक्षबाट जन्मेका छोराहरूले पितृ उद्धार गर्ने जिम्मेवारी रहेको र वादी र प्रतिवादी छुट्टीभिन्न भएर बसेको भए पनि साविक लोग्ने स्वास्नीको र बाबु छोराको सम्बन्धलाई निरन्तरता दिई मृत्युपछिका किरियाकाज समेतका सस्कारहरू पूरा गर्ने जिम्मेवारी रहेका र नाता पनि यथावत् राखी रहने इच्छा भएकाले लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गर्न हाम्रो पक्षले मञ्जुर नगर्नुभएको हो । वादीको मनसाय पक्षलाई सम्बन्ध विच्छेद गराएर कान्छी श्रीमतीको नाममा एकलौटी पेन्सन सार्ने कलुषित मनसाय रहेको छ । हाम्रो पक्षको कुनै स्वार्थ रहेको छैन । यस लोक र परलोक समेतको विचार गरी हाम्रो पक्षले सम्बन्ध विच्छेद गर्न इन्कार गरेको हुँदा वादी दाबी पुग्न सक्ने स्थिति छैन भनी बहस गर्नुभयो ।

उक्त बहस जिकिरलाई ध्यानमा राख्दै मिसिल अध्ययनबाट देखिएका तथ्य र प्रमाणहरूको आधारबाट यस मुद्दामा उठेका निम्न लिखित प्रश्नहरूको निरुपण गर्नुपरेको छ :-

- वादीले फिराद दाबीमा सम्बन्ध विच्छेद गर्न लिएका कानुनी आधार वादी र प्रतिवादीहरू छुट्टीभिन्न भै सकेको सन्दर्भमा आकर्षित हुन सक्छन् वा सक्दैनन् ?
- वादी सफा हात र शुद्ध मनका साथ अदालतमा प्रवेश गरेको अवस्था छ वा छैन ?
- प्रतिवादीले सम्बन्ध विच्छेद गर्न इन्कार गरिएका विषयवस्तु न्यायको रोहमा विचारणीय छ वा छैनन् ?
- दुवै पक्षको दाबी, जिकिर एवं कानुनी पृष्ठभूमिमा वादी र प्रतिवादीबीच रहेको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गर्न मिल्ने अवस्था छ वा छैन ?

वादी बमबहादुर क्षेत्री लोग्ने नाताको र प्रतिवादी हविकला क्षेत्री जेठी श्रीमती नाताको व्यक्ति भएको तथ्य निजहरूको वर्णनबाट स्पष्ट हुन आउँछ । निजहरूबीच कास्की जिल्ला अदालतमा अंश मुद्दा दायर भै मिति २०३९।२।७ मा श्री गण्डकी अञ्चल अदालतमा मिलापत्र भै सोही मिलापत्रको आधारमा अंश लिई जेठी श्रीमती र निजतर्फबाट जन्मेका छोराहरू छुट्टीभिन्न भएको देखिन आउँछ । त्यसरी अंश लिँदा प्रतिवादी हविकला क्षेत्रीले कास्की जिल्लाको सम्पत्ति आफ्नो अंश भागमा लिएको र यी वादी र निजको कान्छी श्रीमती समेतले गोरखा जिल्ला अन्तर्गत पर्ने जग्गा अंश बापत सम्पत्ति लिने दिने गरी मिलापत्र गरेको देखिन्छ । यस परिप्रेक्ष्यमा वादी र प्रतिवादीहरू लामो समयदेखि अंश छुट्टयाई वेगल वेगल बसोवास गर्दै आएको र वादी बमबहादुर क्षेत्री कान्छी श्रीमती भीमकुमारी क्षेत्रीसँग बस्दै आएको तथ्य मिसिल संलग्न कागजातबाट स्पष्ट हुन आउँछ । यस्तो पारिवारिक पृष्ठभूमि र व्यवहार भएको स्थितिमा वादी बमबहादुर क्षेत्रीले प्रतिवादी हविकला क्षेत्रीसँगको लोग्ने स्वास्नीको सम्बन्ध मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं.को देहाय १ नं.मा उल्लेख भए बमोजिम लोग्ने स्वास्नीको मञ्जुरी बेगर लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि छोडी अलग बस्ने गरेको भन्ने कानुनी आधारमा लोग्ने स्वास्नीको बीचको सम्बन्ध विच्छेदको माग गरेको देखिन आयो । वादी बमबहादुर क्षेत्री कान्छी श्रीमतीसँग लामो समयदेखि गोरखामा बस्दै आएको र प्रतिवादी हविकला क्षेत्री पनि लामो समयदेखि आफूतर्फका छोराहरूसँग कास्की जिल्लाको चापाकोटमा बस्दै आएको पाइन्छ । वादी र प्रतिवादीहरू कानुन अनुरूप छुट्टीभिन्न भै भिन्दाभिन्दै जिल्लामा लामो समयदेखि बस्दै आइरहेको अवस्थामा तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग अलग बस्दै आएको कारण सम्बन्ध विच्छेद गरी पाऊँ भनी लिएको फिराद दाबी कानुनमा रहेको प्रावधान अनुरूपको दाबी देखिएन । तसर्थ सो दाबी प्रस्तुत विषयवस्तुसँग आकर्षित हुन सक्ने पाइएन ।

अब वादी सफा हात र शुद्ध मनका साथ अदालतमा प्रवेश गरेको अवस्था छ वा छैन ? भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, वादीले सम्बन्ध विच्छेद गराई पाउँ भनी च्याङली गा.वि.स.को कार्यालयमा मिति २०६८।५।२१ मा दिएको निवेदनपत्रमा प्रतिवादी हविकला क्षेत्रीको वतन लेख्दा कास्की जिल्ला चापाकोट गा.वि.स.वडा नं.२ बाट बसाइ सरी आई हाल जिल्ला गोरखा च्याङली गा.वि.स.वडा नं.९ वस्ने भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ । प्रतिवादी हविकला क्षेत्रीले दायर गरेको प्रतिउत्तरपत्र हेर्दा निजले आफ्नो वतन कास्की जिल्ला चापाकोट गा.वि.स.वडा नं.२ उल्लेख गरेको देखिन्छ । सोही प्रतिउत्तरपत्रको प्रकरण नं.१ (ख) मा म कास्की जिल्ला चापाकोट गा.वि.स.वडा नं.२ मा स्थायी बसोबास गरी अन्यत्र कहीं कतै वा विपक्षीसँग बसाइ गरी नगएकी जेठी श्रीमतीलाई बसाइ सरेको भनी मलाई दुःख दिने र व्यक्तिगत लाभ लिने नियत मनसायले मलाई थाहाँ नदिई यस गोरखा जिल्लाको च्याङली गा.वि.स.मा बसाइ सरी आएको भनी झुट्टा कागज पेस गरेको कारण उक्त गा.वि.स. कार्यालयमा मेरो प्रतिनिधित्व हुन सकेन । मेरो कृत्रिम ठेगाना देखाई भएका म्याद तामेली समेतका काम कारबाही र गा.वि.स.को राय समेत गैरकानुनी र अ.वं.२९ नं.मा उल्लिखित क्षेत्राधिकारविहीन छ भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ ।

यसरी प्रतिवादीले अंश मुद्दाबाट कास्की चापाकोट गा.वि.स.को जग्गा अंश बापत बुझी लिई मिलापत्र गरेको देखिएको, निज हालसम्म त्यसै ठाउँमा स्थायी बसोबास गर्दै आइरहेको निजकै प्रतिउत्तरपत्र व्यहोराबाट देखिन्छ । यस्तो स्थितिमा निज प्रतिवादी गोरखा जिल्लाको च्याङली गा.वि.स.मा बसाइ सरेको भनी वादीले सम्बन्ध विच्छेद निवेदनमा उल्लेख गरेको वतन र सोही वतनमा उल्लेख गरी भएको म्याद तामेल समेतका कार्यहरू वास्तविक तथ्य र यथार्थमा आधारित भएको पाइएन । प्रतिवादी यसरी बसाइ सर्नुपर्ने र सरेको विश्वसनीय आधार र कारण वादी पक्षले खुलाउन सकेको पाइँदैन । माथि उद्धृत आधारहरूबाट वादी सम्बन्ध विच्छेदको निवेदन लिई गा.वि.स.मा प्रवेश गर्दा सफा हात र शुद्ध मनका साथ न्यायको माग गर्न आएको पाइएन ।

प्रतिवादी हविकला क्षेत्रीले सम्बन्ध विच्छेद गर्न इन्कार गरेको विषयवस्तुहरू न्यायको रोहबाट ग्रहण योग्य छन् वा छैनन् भन्ने सम्बन्धमा विचार गर्दा, निज हविकला क्षेत्री र निजतर्फबाट २ छोराहरू वादी वमबहादुर क्षेत्रीसँग २०३९ सालमा मिलापत्र गरी अंश लिई कास्की चापाकोटमा बसोबास गर्दै आएको देखिन्छ । वादी बमबहादुर क्षेत्रीको माइली श्रीमतीतर्फ १ छोरा र कान्छी श्रीमतीतर्फ ३ छोरी रहेको प्रतिवादी हविकला क्षेत्रीको प्रतिउत्तरपत्रको १(ग) मा उल्लिखित व्यहोराबाट देखिन्छ । मिलापत्रबाट अंश लिई करिब ३० वर्षअघिदेखि छुट्टै जिल्लामा बसोबास गरिराख्नुभएको प्रतिवादी हविकला क्षेत्रीसँग वादीको भौतिक र साम्पत्तिक दृष्टिबाट पृथक् रहे बसेको देखिन आउँछ । लोग्ने स्वास्नीको सम्बन्ध कानुनले निर्दिष्ट गरेको आधारमा मात्र विच्छेद हुन सक्ने विषयवस्तु रहेको र मानव अधिकारको विश्वव्यापी घोषणपत्र १९४८ को धारा १६ मा विवाहको लागि वैवाहिक जीवन र त्यसको विच्छेदमा समेत समान हकदार हुन भन्ने व्यवस्था रहेबाट प्रतिवादी हविकला क्षेत्रीले सम्बन्ध विच्छेद गर्न इन्कार गरेको विषयलाई अदालतले गम्भीरतापूर्वक हेर्नुपर्ने देखिएको छ । प्रतिवादी हविकला क्षेत्रीले आफ्नो प्रतिउत्तरपत्रको प्रकरण नं.१(घ) मा पतिले श्रीमतीहरू बटुलेको कारणले मैले अंश माग्न बाध्य भए पनि विपक्षी पतिसँग यो वृद्ध र अशक्त अवस्थामा सम्बन्ध विच्छेद गरी बस्न मञ्जुरी छैन भन्ने व्यहोरा लेखाएको पाइन्छ । वादीले सम्बन्ध विच्छेदको दाबी लिँदा लोग्ने स्वास्नीको १ नं.को देहाय १ अनुसारको दाबी लिएको तर सो दाबी अंश लिई भिन्न बसेको श्रीमतीको सन्दर्भमा आकर्षित हुन सक्ने नदेखिएको र सम्बन्ध विच्छेद गर्न प्रतिवादीको मञ्जुरी भएको नपाईदा प्रतिवादीलले पतिसँग सम्बन्ध विच्छेद गर्न इन्कार गरेको विषयवस्तु न्यायको रोहबाट विचारणीय देखिन आएको छ

अब वादी बमबहादुर क्षेत्री र प्रतिवादी हविकला क्षेत्रीबीच लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गर्न मिल्ने अवस्था छ, छैन भन्ने अन्तिम प्रश्नका सम्बन्धमा विचार गर्दा, प्रतिवादीले वादीसँग अंश लिई छुट्टी अलग रहे बसेको भए पनि अंश लिएकै आधारमा सम्बन्ध विच्छेदको कानुनी आधार लोग्ने स्वास्नीको महलको १ नं.को देहाय १ बाट सिर्जना हुन सक्ने अवस्था रहँदैन । एका सगोलमा रहेको श्रीमती पतिको मञ्जुरीबिना लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि छोडी अलग बस्ने गरेको भन्ने आधारमा स्वास्नीसित लोग्नेले सम्बन्ध विच्छेद गर्न पाउने प्रावधान उक्त नं.मा रहेको पाइन्छ । वादी र प्रतिवादीबीच उक्त कानुनी प्रावधानमा उल्लेख गरे अनुरूपको अवस्था नभई निजहरू छुट्टीभिन्न भै अलग अलग जिल्लामा रहे बसेको र वादी अर्कै श्रीमतीसँग रहे बसेको अवस्था देखिँदा यस्तो अवस्थामा सम्बन्ध विच्छेदको कानुनी आधार र कारण बन्न सक्ने अवस्था नदेखिँदा श्रीमती हविकला क्षेत्रीसँग सम्बन्ध विच्छेद गरी पाऊँ भन्ने वादी बमबहादुर क्षेत्रीको दाबी उक्त कानुनी प्रावधान, पारिवारिक पृष्ठभूमि, अन्तर्राष्ट्रिय कानुनी सिद्धान्त समेतका आधारमा पुग्न सक्ने अवस्था देखिएन । तसर्थ सो दाबी पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नू ।

**तपसिल** :

वादी बमबहादुर क्षेत्री र प्रतिवादी हविकला क्षेत्रीबीचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुने ठहरी फैसला भएकोले लोग्ने स्वास्नीको महलमा खास सजायको व्यवस्था नहुँदा वादी बमबहादुर क्षेत्रीलाई केही सजाय गरी रहन परेन.........................................................................................................१

यस इन्साफ उपर चित्त नबुझे ३५ (पैंतीस) दिनभित्र श्री पुनरावेदन अदालत पोखरामा पुनरावेदन गर्नू भनी अनुपस्थित वादी बमबहादुर क्षेत्रीलाई पुनरावेदनको म्याद जारी गर्नू.................................................२

सरोकारवाला व्यक्तिले फैसला सहितको नक्कल माग गरे ऐन नियमले लाग्ने दस्तुर लिई नक्कल दिनू..................... ..........................................................................................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन परे पुनरावेदन अदालत पोखरामा पठाउने गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू ..........................................................................................४

मानानीय जिल्ला न्यायाधीशज्यूले बोली
टिपाए अनुसार टिपी कम्प्युटर टाइप
गर्ने फाँटवाला ना.सु माधव घिमिरे.।

**न्यायाधीश**

**ईति संवत् २०६९ साल मार्ग १४ गते रोज ५ शुभम्...............**

**श्री गोरखा जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री लिप्तबहादुर थापा छेत्री**
**फैसला**
**संवत् २०६८ सालको दु.फौ.नं.७/३४ नि.नं.११४**

**मुद्दा :- करकाप ।**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| गोरखा जिल्ला गोरखा न.पा.वडा नं.६ बस्ने बुद्धिविलास वाग्लेको छोरा वर्ष ५७ को शुक्रराज वाग्ले शर्मा......१ | गोरखा जिल्ला गोरखा न.पा.वडा नं.६ बस्ने गिरिराज अर्यालको छोरा वर्ष ३८ को विनोद अर्याल...........१ |
| | ऐ.ऐ.बस्ने खिला शर्मा खनालको छोरा वर्ष ४२ को रमेश रमण खनाल........................................१ |
| | गोरखा जिल्ला घ्याल्चोक गा.वि.स.वडा नं.५ बस्ने तोयनाथ तिमिल्सिनाको छोरा वर्ष ३६ को दीपक तिमिल्सिना...................................................१ |
| | झापा जिल्ला अनारमणि गा.वि.स.वडा नं.६ बस्ने लक्ष्मीप्रसाद पाठकको छोरी वर्ष ३० की वन्दना पाठक ....................................................१ |
| | रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.वडा नं.८ बस्ने हुमनाथको छोरा वर्ष ३१ को विमल अधिकारी .....१ |
| | कास्की जिल्ला पोखरा उप म.न.पा. वडा नं.८ बस्ने मानबहादुर बानियाको छोरा वर्ष ३५ को भक्तबहादुर बानिया ....................................................१ |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.बं. २९ नं.समेतले यसै अदालतको क्षेत्राधिकारभित्र दर्ता भै पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यस प्रकार छ :-

२०६८ सालको भाद्र महिनाको १४ गते तीज पर्वको दिन अं.९ बजेको समयमा माओवादी पार्टी कार्यालय हरमटारी चोकमा मलाई विपक्षीहरू सबै मिली विपक्षीमध्येको विनोद अर्यालले कागज लेखी तयार गरी अहिले रुपैयाँ नदिने हो भने यो भाखा पत्रमा सही गर्नुहोस् नत्र छुट्कारा पाउनु हुन्न भनी डर, त्रास देखाई उक्त कागजमा जबरजस्ती जोर जुलुमसँग मलाई सही गर्न बाध्य पारी मिति २०६८।५।१४ गते बिहान अ.११ बजेको समयमा सोही ठाउँमा करकापसँग कागज गराउनुभएकोले विपक्षीहरूबाट उक्त कागज दाखेल गर्न लगाई मेरो साक्षी प्रमाण बुझी उक्त मिति २०६८।५।१४ को करकापसँग गरेको कागज अ.वं.२४ नं.विपरीत हुँदा सोही बमोजिम उक्त कागज करकापबाट गरेको ठहर गरी उक्त कागज निष्क्रिय बदर घोषित गरी विपक्षीहरूलाई दण्ड सजायको १२ नं.बमोजिम सजायँ समेत गरी पाऊँ भन्ने समेत व्यहोराको वादी शुक्रराज वाग्ले शर्माको फिराद दाबी ।

हामीहरूले विपक्षी वादीसँग तिर्नु बुझाउनुपर्ने रकमको भाखाको विषयमा छलफल गरी कुरा गर्दा विपक्षीले मलाई एक महिना भाखा दिनुहोस् भनी मिति २०६८।५।१४ मा विपक्षी आफ्नै राजीखुसीबाट प्रतिवादीमध्येका म विनोद अर्यालले कागज लेखी किनाराका साक्षी राखी कागज गरी भाखा आफंले १ महिना मिति २०६८।६।१५ गते तिर्नेछु भनी कागज गरेका हुन् । मिति २०६८।५।१४ मा कागज गरेपछि यदि करकाप भएको भए तत्काल उजुर गर्नुपर्ने, सो गरेको अवस्था छैन । गोरखा बजारको हरमटारी चोकमा करकापमा कागज भयो भन्ने कुरालाई विश्वास गर्न सक्ने अवस्था छैन । यी विपक्षी द्रव्य शाह बहुमुखी क्याम्पसका प्राध्यापक हुन्, प्राध्यापकजस्तो मान्छेले अरूले भन्यो भन्दैमा कागज गरे भन्नु र मूल सडकको चिया पसलमा बलजफ्ती कागज गराए भन्नु यी वादीको सरासर झुट्टा नाटक मात्र हो । यी विपक्षीले रुपैयाँ नतिर्ने मनसायले पैसा तिर्नुपर्नेलाई उजुरी हाली जनता ठग्ने परिपञ्च बाहेक केही नभएकाले विपक्षीको फिराद दाबी झुट्टा हो । उक्त फिराद दाबी खारेज गरी प्रतिवादीमध्येकी बन्दना पाठकका नाउँमा गरिएको कागज सदर गरी न्याय पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी विनोद अर्याल समेतको संयुक्त प्रतिउत्तर जिकिर ।

मलाई भाइ शुक्रराजले रिपोर्ट गरे अनुसार मिति २०६८।५।१४ मा भएको कागज करकापपूर्ण तरिकाबाट भएको हो । उनले एक्लै थिएँ मेरो कुरा सुनिएन भनेका थिए भन्ने समेत व्यहोराको वादीका साक्षी जीवनराज वाग्ले समेतले यस अदालत समक्ष गरेको बकपत्र ।

खाली वादीले पैसा नतिर्ने बहाना मात्र हो । कुनै करकापमा कागज बनेको थिएन । उक्त कागजमा म समेत साक्षी छु भन्ने समेत व्यहोराको लिखतमा साक्षी रहेका कृष्णबहादुर रानाबाट यस अदालतमा भएको बकपत्र ।

मिति २०६८।५।१४ मा भएको कागज करकाप गरी भएको होइन, वादी शुक्रराज वाग्लेले विदेश पठाइदिने भनी प्रतिवादी वन्दना पाठकसँग ४/५ लाख लिएको र बाहिर पठाउन नसकेको हुँदा उक्त पैसाको विषयमा कागज भएको भन्ने सुनेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी टंकबहादुर राना समेतबाट यस अदालत समक्ष भएको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा वादी शुक्रराज वाग्ले शर्माका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामबहादुर पोखरेलले मेरो पक्षसँग जबरजस्ती र करकापसँग कागज गराएको तथ्य प्रतिवादीबाट पेस भएको भौचरमा अंक अक्षर नभएको र प्रभु फाइनान्सबाट पेस भएको भौचर र प्रतिवादीहरूले पेस गरेको भौचरबीच अंक अक्षर छाप फरक परेको देखिएको छ । भौचरबाट वन्दना पाठकले रकम जम्मा गरेको नदेखिएको तर लिखत बन्दना पाठकबाट गराइएको कार्यले पनि कागज करकापबाट गराएको अवस्था स्पष्ट छ । मेरो पक्षको साक्षीले पनि कागज करकापबाट गराएको व्यहोरा खुल्न आएको छ । मेरो पक्षले करकापबाट भएको कागजमा को को व्यक्ति साक्षी रहेका थिए भन्ने विषय जानकारी हुने कुरा पनि भएन । त्यसैले साक्षीमध्येका कृष्ण राना मगरलाई विपक्षी वनाउन नसकिएको हो । मेरो पक्षले तिर्न बुझाउन नपर्ने रकमको सम्बन्धमा दबाबमा पारी कागज गरेको अवस्था हुँदा दाबी अनुसार करकापबाट भएको कागज बदर गरी प्रतिवादीहरूलाई सजाय समेत हुनुपर्दछ भनी बहस गर्नुभयो ।

प्रतिवादी विनोद अर्याल समेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री यादवप्रसाद शर्मा र अभिवक्ता श्री देवीदत्त खनालले हाम्रो पक्षहरूले जबरजस्ती तथा करकापसँग कागज गराएको भन्ने कुरा सवै झुट्टा हुन् । हाम्रो पक्ष वन्दना पाठकलाई तिर्नु बुझाउनुपर्ने रकम तिर्न बुझाउन ढिलो गर्ने, झुलाउने अभिप्रायले राजीखुसी एवं मञ्जुरीका साथ भएको कागजलाई करकापबाट गराएको भनेर आएको अवस्था छ । हाम्रो पक्षले

वादीको खातामा रकम जम्मा गरेको र रकम लिएको कुरालाई स्वीकार गरिएको अवस्था छ । लिखतमा साक्षी रहेका तीनजनामध्ये दुईजनालाई प्रतिवादी बनाई मुद्दा दायर गरिएको छ भने एकजना कृष्ण राना मगरलाई प्रतिवादी बनाइएको छैन । सो कागजका साक्षी वस्ने कृष्ण राना मगरले यस अदालतमा उपस्थित भै लिखत स्वतन्त्रपूर्वक हरमटारीस्थित चिया पसलमा भएको भनी बकपत्र गरिदिएको अवस्था छ । लिखत भएको एक महिनापछि रकम तिर्ने बुझाउने सर्त कागजमा भएको र सो समय आएपछि रकम नदिई झुलाउने मनसायबाट प्रस्तुत मुद्दा दिइएको छ । गोरखा बजारको केन्द्रबिन्दु हरमटारीको चिया पसलमा दिउँसोको ११:०० बजे भएको कागजका सम्बन्धमा करकापबाट भएको भन्ने भनाइ सबै झुट्टा हुन् । वादी द्रव्य शाह क्याम्पसमा प्राध्यापन कार्य गर्ने प्राध्यापक जस्तो व्यक्तिलाई करकापबाट कागज गराए, गराइयो भन्ने भनाइ नै पत्यारिलो छैन । लिखतमा लेखिएको व्यहोरा, अक्षर, अंक र सहीछाप स्वाभाविक देखिन्छ । फिरादपत्रमा परेको वादीको सहीछाप र लिखतमा रहेको सहीछाप समान किसिमका छन् । यस स्थितिमा करकापको दाबी निरर्थक छ । वादीका नाउँमा पैसा जम्मा भएको देखिएको छ । हाम्रो पक्षले वादीसँग कुनै नाता, सम्बन्ध भएको कारणले पैसा जम्मा भएको अवस्था छैन । वादीको व्यवहार र दरौदी पत्रिकामा निजले लेखेको लेखबाट हाम्रो पक्षबाट जम्मा भएको नगद पचाउने नियत राखेको स्पष्ट हुन आउँछ । वादीले आफ्नो छोराबाट व्यवहार मिलिसकेको भने पनि छोरालाई उपस्थित गराई सो कुरा स्पष्ट पार्न सकेको अवस्था छैन । हाम्रो पक्षले वादीसँग पैसा लिने सम्बन्धमा प्रहरीमा समेत छलफल गराएको कुरा वादी पक्ष स्वयंले स्वीकार गरेको हुँदा जबरजस्ती कागज गराए भन्ने भनाइ झुट्टा र अर्काको रकम भुस बनाउने नियतमात्र हो । तसर्थ जोरजुलुमबाट कागज नगराएको अवस्थामा सो लिखत बदर हुनुपर्ने र हाम्रो पक्षलाई सजाय हुनुपर्ने अवस्था नहुँदा वादी दाबी निरर्थक ठहर गरी आरोपबाट हाम्रो पक्षहरूले सफाइ पाउनुपर्दछ भनी वहस गर्नुभयो ।

उक्त बहस जिकिरलाई ध्यानमा राख्दै मिसिल अध्ययन गरी हेर्दा देखिएका तथ्यहरूबाट मिति २०६८।५।१४ मा भएको भाखापत्र कागज प्रतिवादीहरूले करकापसँग गराएका हुन् होइनन् ? सो कागज अदालती बन्दोबस्तको २४ नं.अनुसार बदर भई निजहरूलाई दण्ड सजायको १२ नं.अनुसार सजाय हुने अवस्था छ, छैन ? सो सम्बन्धमा निर्णय दिनुपरेको छ ।

डर त्रास देखाई मिति २०६८।५।१४ गते बिहान अन्दाजी ११:०० बजेको समयमा माओवादी पार्टी कार्यालय हरमटारी चोकमा जबर्जस्ती जोरजुलुमसँग करकापसँग कागज गराएकोले सो कागज प्रतिवादीहरूबाट दाखेल गर्न लगाई मेरो साक्षी प्रमाण बुझी सो करकापबाट भएको कागज अ.वं.२४ नं.विपरीत हुँदा सो कागज करकापबाट गरेको ठहऱ्याई निष्क्रिय वदर घोषित गरी प्रतिवादीहरूलाई दण्ड सजायको १२ नं.बमोजिम सजाय समेत गरी पाऊँ भन्ने वादी शुक्रराज वाग्लेको फिरादपत्रको संक्षिप्त सार रहेको पाइयो ।

वादी शुक्रराज वाग्लेले तिर्नु बुझाउनुपर्ने रकमको सम्बन्धमा छलफल गरी निजले एक महिना भाखा दिनुहोस् भनी मिति २०६८।५।१४ मा निजकै राजीखुसीबाट प्रतिवादीमध्येको म विनोद अर्यालले कागज लेखी किनाराका साक्षी राखी कागज गरी भाखा आफैंले एक महिना मिति २०६८।६।१५ गतेसम्ममा तिर्नेछु भनी कागज गरेका हुन् । करकापबाट कागज गरेको भए तत्काल उजुर गर्नुपर्नेमा त्यसो गरेको अवस्था छैन । वादी द्रव्य शाह बहुमुखी क्याम्पसको प्राध्यापक मान्छेले गोरखा बजार हरमटारी चोकमा करकापमा कागज गऱ्यो भन्ने कुरा विश्वासलायक छैन । बजारको मूल सडकको चिया पसलमा बलजफ्ती कागज गराए भन्ने फिराद दाबी झुट्टा र नाटक मात्र हो । वादीको अरूलाई तिर्नुपर्ने पैसा नतिर्ने मनसायले जनता ठग्ने परिपञ्चबाहेक केही छैन । तसर्थ वन्दना पाठकका नाउँमा गरेको कागज सदर गरी न्याय पाऊँ भन्ने प्रतिवादीहरूको संयुक्त प्रतिउत्तरपत्रको संक्षिप्त सार रहेको पाइयो ।

वादीको तर्फबाट उपस्थित साक्षी जीवनराज वाग्लेले वादी दाबीलाई समर्थन गर्दै र प्रतिवादीको साक्षी टेकबहादुर राना समेतले प्रतिउत्तर जिकिरलाई समर्थन गर्दै बकपत्र व्यहोरा लेखाएको पाइन्छ। त्यसैगरी भाखापत्र लिखतमा साक्षी रहेका कृष्ण राना मगरको बकपत्रमा घटनाको विवरण दिँदै सो लिखत करकापबाट भएको होइन भन्ने व्यहोरा लेखाएको देखिन्छ।

माथि उल्लिखित फिरादपत्र, प्रतिउत्तरपत्र, एवं साक्षीको बकपत्र व्यहोरा एवं मिसिल संलग्न अन्य कागजातहरूको अध्ययनबाट वादी र प्रतिवादीबीच मिति २०६८।५।१४ मा लिखत भएको तथ्यलाई दुवै पक्षले स्वीकार गरेको अवस्था विद्यमान हुँदा त्यसतर्फ थप विवेचना गरिरहन आवश्यक परेन। सो लिखत माओवादी पार्टी कार्यालयमा प्रतिवादीहरू सवै मिली जबरजस्ती, जोरजुलुम एवं करकापसँग वादीलाई कागजमा सही गर्न बाध्य पारी सहीछाप गराइएको हो, होइन ? सो सम्बन्धमा लिखतमा रहेको व्यहोरा, त्यहाँ परेका सहीछाप, लिखतमा रहेका साक्षीहरू र वादी र प्रतिवादीबीचको सम्बन्ध, हैसियत र बसोवास गरेको ठाउँसमेतको समग्र विश्लेषणबाट यस मुद्दामा उठेका प्रश्नहरूको निरुपण गर्नुपरेको छ। यस मुद्दाका वादी गोरखा न.पा.वडा नं.६ बस्ने शुक्रराज वाग्लेले झापा जिल्ला अनारमणि गा.वि.स.वडा नं.७ घर भै हाल काठमाडौं बस्ने वन्दना पाठकलाई पाँच लाख साँवा र एक लाख ब्याज मिति २०६८।६।१५ गते सम्ममा बुझाउने सर्तमा २०६८।५।१४ मा कागज भएको देखिन्छ। सो कागजमा वन्दना पाठक आफू इजरायल वैदेशिक रोजगारमा जाने प्रयोजनमा वादी शुक्रराज वाग्लेको छोरा सिलोज वाग्ले इजरायलमा रहेकोले सो ठाउँमा पठाउनका लागि वादी शुक्रराज वाग्लेले वन्दना पाठक मार्फत पाँच लाख रुपैयाँ सन् २००८।११।१४ मा वादीको खातामा जम्मा गरी सो रकम वादीको खातामा जम्मा भएपछि निजहरूबीच भएको समझदारी अनुरूप इजरायल पठाउने काम पनि नभएको र त्यहाँ पठाउन लिएको रकम पनि फिर्ता नभएपछि ३० अगस्ट २०१२ का दिन अर्थात् करिब ४ वर्षपछि प्रस्तुत लिखत भएको तथ्य घटनाक्रमले देखाएको पाइयो। सक्कल लिखत हेर्दा कृष्ण राना मगर, रमेश रमण खनाल समेत दुईजना व्यक्तिहरू किनारामा साक्षीहरू रकेको देखिएको र विनोदबाबु अर्याल लेखक साक्षी रहेको देखिन्छ। वादीले फिरादपत्र दायर गर्दा लिखत लेख्ने लेखक साक्षी विनोद अर्याल र अर्का किनारामा बस्ने साक्षी रमेश खनाललाई प्रतिवादी बनाई प्रस्तुत करकाप मुद्दा दायर गरिएको देखिन्छ। तर किनारामा बस्ने अर्का साक्षी कृष्ण राना मगरलाई प्रतिवादी कायम गरी मुद्दा दायर गरिएको देखिँदैन। निज कृष्णकुमार मगर यस अदालतमा प्रतिवादीको साक्षीको रूपमा उपस्थित भै बकपत्र गरेको देखिन आउँछ। सो बकपत्र व्यहोराको स.ज.४ मा हरमटारीस्थित चिया पसलमा शुक्रराज वाग्लेले सजिलै स्वीकार्नुभयो, एक महिना पछि ६ लाख तिर्ने सहमति बन्यो, तर एक महिना पछाडि उहाँले पैसा फिर्ता पनि गर्नु भएन, सम्पर्कमा पनि आउनु भएन, त्योभन्दा पछि मुद्दा हाल्नुभयो, त्यो चाहिँ खालि पैसा नतिर्ने बहाना मात्र हो भन्ने लाग्छ भन्ने व्यहोरा लेखाएको पाइन्छ। यस सन्दर्भमा वादी पक्षका कानुन व्यवसायीले बहसको क्रममा मेरो पक्षले करकापसँग भएको कागजमा को को व्यक्ति साक्षी थिए भन्ने विषय जानकारी हुने कुरा पनि भएन, त्यसैले साक्षीमध्येका कृष्ण राना मगरलाई विपक्षी नबनाइएको हो भन्ने बहस जिकिर लिएको पाइन्छ। यद्यपि लिखतमा रहेका तिनजना साक्षीहरूमध्ये दुईजनालाई मात्र प्रतिवादी बनाइएको र एकजनालाई प्रतिवादी नबनाइएको अवस्थामा सो बहस जिकिर ग्रहणयोग्य देखिएन।

वादीको ल्याप्चे सहीछाप र हस्ताक्षर सहीछाप अध्ययन गरी हेर्दा, निज वादीको यस करकाप मुद्दाको फिरादपत्रमा रहेको हस्ताक्षर, सहीछाप र विवादित भनिएको लिखतमा परेको सहीछाप एकै प्रकृतिको र स्वाभाविक किसिमले सहीछाप भएको देखिन आउँछ। ल्याप्चे सहीछाप पनि स्वाभाविक किसिमको देखिई करकाप, बलजफ्ती किसिमले गराएको जस्तो लतपतिएको, पोतिएको, नवुझिने खालको अवस्थामा रहेको अवस्था पनि देखिँदैन। वादी गोरखा न.पा.स्थित द्रव्य शाह बहुमुखी क्याम्पसको प्राध्यापकजस्तो शैक्षिक पदमा

कार्यरत व्यक्तिलाई निजले भनेझै जबरजस्तीसँग दबाबमा पारी कागज गराएको भए निजले गरेको ल्याप्चे र हस्ताक्षर सहीछापमा कुनै न कुनै खालको थरथराहट कम्पन र हस्ताक्षरमा फरकपन देखिनुपर्ने अवस्था आउनु स्वाभाविक थियो । त्यस्तो अवस्था रहेको पनि पाइएन । प्रभु फाइनान्स कम्पनी लिमिटेडमा जम्मा गरेको पाँच लाखको नगदी भौचर स्पष्ट छैन, वन्दना पाठकले रकम जम्मा गरेको छैन, विमल अधिकारीले रकम जम्मा गरेको देखिन्छ भन्ने सन्दर्भ फिरादपत्र र वादीको कानुन व्यवसायीको बहसको क्रममा आए पनि फिरादपत्रको प्रकरण नं.१ को मध्यभागमा प्रतिवादीमध्येको विमल अधिकारी र मेरो छोरा सिजल वाग्ले विदेश इजराइलमा सँगै बस्दा विमललाई विदेशमा पैसा चाहिएएकोले विमलको दिदी दुर्गाले मेरो खातामा पाँच लाख राखेको हो, सो रकम विदेशमा विमललाई छोरा सिजल वाग्लेले भुक्तानी दिएकोले मैले कोही कसैलाई रुपैयाँ दिनुपर्ने छैन भन्ने व्यहोरा लेखाएको र प्रकरण नं.२ मा अघि छोरामार्फत मिलाएको व्यवहारलाई मतर्फ देखाउने षड्यन्त्र रची विपक्षीमध्येकै विमल अधिकारीले विपक्षीमध्येको वन्दना पाठक तथा अर्का विपक्षी भक्ति वानियालाई लिई गोरखामा आई म उपर उजुरी गरेको कुरा सोही बखत थाहा पाएको हुँ । छोरासँग फोन गर्दा मैले रुपैयाँ लिएको छैन भन्दछ मलाई किन दुःख दिनुहुन्छ । मेरो छोरा सिजल वाग्ले २०६४ साल असोज महिनामा घरमा आई एक महिना बसी पुनः विदेश इजराइल गएको आजतक घरमा आएको छैन । त्यसैगरी फिरादपत्रको स.ज.३ को सुरुमा छोराको व्यवहार हो भने उसले मिलाउँछ । उसले लिए खाएको हो भनेर आएर भन्छ भने सो बखत तिर्न मञ्जुर छु भन्ने व्यहोरा लेखाएको पाइन्छ । विमल अधिकारीको नामबाट पाँच लाख रुपैयाँ यी वादी शुक्रराज वाग्लेको नाममा जम्मा भएको भौचरबाट देखिए पनि फिरादपत्रको प्रकरण नं.१ मा विमलको दिदी दुर्गाले पाँच लाख राखेको भन्ने भनाइले वादी दाबी संदिग्ध र दुविधाजनक देखिन आएको छ । यस अवस्थामा प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौज्दारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्न भार वादीको हुने भन्ने व्यवस्था रहेको अवस्थामा प्रतिवादीहरूले गरेको कसुर स्थापित गराउन र निजहरूलाई सजाय गराउनका लागि वादी पक्षले त्यस्ता स्वतन्त्र र भर गर्न सकिने प्रमाण पेस गरेको र वादीले आफ्नो छोरालाई उपस्थित गराई विवादित विषयमा छलफल गराएको अवस्था समेत नहुँदा निजको फिराद दाबी विश्वस्त प्रमाणबाट समर्थन हुन आएको पाइएन ।

त्यसैगरी वादी र प्रतिवादीबीच भएको कागज मिति २०६८।५।१४ मा गोरखा न.पा.को केन्द्रस्थल हरमटारी भन्ने ठाउँमा भएको देखिन्छ । यदी सो लिखत वादीले दाबी लिएझैं हरमटारीस्थित माओवादीको पार्टी कार्यालयमा गरिएको भए त्यससँग सम्बन्धित विषयवस्तु गोरखामा सञ्चालित सञ्चार साधन पत्रपत्रिका र रेडियो एफ.एम. जस्ता सञ्चार साधनमा तत्काल उपलब्ध गराउन सकेको पाइएन र त्यसरी सञ्चार साधनमा दिन सक्ने अवस्था थिएन भन्ने भनाइ वादी पक्षबाट आएको पनि पाइएन । लिखत भएको ठाउँबाट करिब ५०० मिटरको दूरीमा रहेको गोरखास्थित जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र जिल्ला सरकारी वकिल कार्यालय समेतका सरकारी कार्यालयहरू अवस्थित रहे भएको पाइन्छ । यी कुनै पनि कार्यालयहरूमा वादीले आफूलाई जबरजस्ती कागज गराएको कुराहरू जानकारी दिएको अवस्था पनि देखिँदैन । गोरखाबाट प्रकाशित हुने दैनिक दरौदीको बुधबार असोज २५, २०६८ मा प्रकाशित अंकमा यस मुद्दाका वादी शुक्रराज वाग्लेले "यसरी म अपहरणमा परें" भन्ने शीर्षक राखी लेखेको एउटा लेख प्रकाशित भएको पाइन्छ । सो लेखमा आफ्नो छोरा सिलोज वाग्लले इजरायलबाट भिसा पठाउने, विमल अधिकारीले यता (नेपाल) बाट मान्छे पठाउने काम यिनीहरू मिलेर गरेका हुन् । अहिले भिसा पठाउन सकेन । यो केसअघि पनि दुई तीन पटक आइसकेको हो । आर्थिक कारोबारको विषयमा म गोरखा जिल्ला अदालतमा पनि उजुरी दिन्छु र अपहरणको विषयमा चितवनमा पनि मुद्दा दिने तयारीमा छु भन्ने समेत व्यहोरा उल्लेख गरेको पाइन्छ । यस लेखमा लेखिए बमोजिम वादी अपहरणमा परेको सम्बन्धमा चितवनमा मुद्दा दिएको भन्ने तथ्य यस मुद्दाको

किनारा हुने बेलासम्म निज वादीबाट सप्रमाण प्रस्तुत हुन आएको पाइँदैन । उक्त लेखमा रहेको तथ्यहरूबाट पनि २०६८।५।१४ मा भएको लिखतमा लेखिएको व्यहोरा र त्यहाँ भएको सहीछाप वादीले साजीखुसीसँग गरेको तथ्यलाई समर्थन र पुष्ट्याइँ गराएको देखिन आउँछ ।

वादीको फिरादपत्रको प्रकरण नम्बर १ मा २०६८।५।१४ मा भएको लिखतको सम्बन्धमा ३५ दिनभित्र अर्थात् २०६८।६।१७ भित्र फिराद गर्न पर्नेमा २०६८।६।११ देखि २०६८।११।२४ सम्म दसैं बिदा परी अड्डा खुलेको दिन मिति २०६८।६।२५ मा अ.वं.४५ नं.बमोजिम फिराद गर्न आएको भनी विवादित कागज भएको बयालीसौं दिनका दिन प्रस्तुत मुद्दाको फिरादपत्र दायर हुन आएको देखिन्छ । अदालतमा फिरादपत्र दायर हुन आएको दिनमा नै माथि उल्लिखित दरौदी पत्रिकामा वादी शुक्रराज वाग्लेको लेख प्रकाशित भएको देखिन्छ । यस फिरादपत्रमा आफू अपहरणमा परेको तथ्यहरू कहीं कतै उल्लेख गरेको अवस्था पनि देखिँदैन । प्रतिवादीहरूका कानुन व्यवसायीले बहसको क्रममा उक्त दरौदी पत्रिका इजलास समक्ष पेस हुन आएको पाइन्छ । तर वादी पक्षले पत्रिकामा लेखेको अपहरण सम्बन्धी सूचना अदालतलाई जानकारी नगराएका र अपहरण गरिएको सम्बन्धमा चितवन जिल्लामा उजुर दिए नदिएको सम्बन्धमा अदालतलाई कुनै जानकारी दिएको अवस्था नदेखिँदा निजले फिरादपत्रमा उल्लेख गरेको व्यहोरा सत्य तथ्यमा आधारित रहेको हो रहेछ भनी विश्वस्त प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था देखिएन । वादीको भनाइ बीच रहेको दुविधा र विरोधाभास कथनले यस मुद्दामा व्यापक शंका सिर्जना गरेको पाइन्छ यसको अतिरिक्त वादीले आफू लिखत भएको मितिभन्दा करिब एक महिनापछि अपहरणमा परेको भनी पत्रिकामा लेख लेख्ने व्यक्तिले तत्सम्बन्धी विषयवस्तु फिरादपत्रमा उल्लेख नगरेको कार्यबाट निज सफा हात र शुद्ध मनका साथ अदालतमा न्याय माग गर्न आएको अवस्था देखिँदैन । यसको अतिरिक्त वादीले फिरादपत्र दायर गर्ने हदम्यादको अवधिभित्र दसैं बिदा परेकाले बयालीसौं दिनमा फिराद गरेको देखिन्छ । आफूलाई अन्याय भएको भए अन्यायमा पर्ने व्यक्तिले कानुनले निर्धारित गरेको हदम्यादभित्र नालेस दिन पाउने उसको कानुनी अधिकार हो । न्यायको ढोका हदम्यादसम्म सदैव खुला रहन्छ भन्ने न्यायिक सिद्धान्त यसभित्र अन्तर्निहित रहेको देखिन्छ । यद्यपि न्यायको माग गर्ने व्यक्तिले आफूलाई परेको पीर, मर्का र अन्यायका कुराहरू जतिसक्दो छिटो सम्बन्धित निकायमा प्रस्तुत गर्न सक्नुपर्दछ । अन्यथा मुद्दाको विषयवस्तुको गम्भीरतामा असर पर्न सक्ने, प्रमाणहरू नष्ट हुन सक्ने, प्रतिवादीहरू कानुनी पञ्जाबाट उम्कन सक्ने यथार्थलाई पनि सदैव अदालतमा आउने व्यक्तिले ख्याल राख्नुपर्ने हुन आउँछ । गोरखा नगरपालिकाको केन्द्र स्थलमा रहेको हरमटारीमा भएको घटनाको सम्बन्धमा यी वादी लामो समयसम्म मौन रही लिखतको अस्तित्वलाई लामो अवधिसम्म स्वीकार गरी बसेको देखिएको र बयालीसौं दिनमा मात्र फिरादपत्र दायर गर्ने र त्यसै दिन पत्रिकामा लेख प्रकाशित गर्ने र सो प्रकाशित गरिएको विषयमा अदालतलाई कुनै पनि जानकारी दिने कार्य वादीले नगरेबाट वादीको दाबी सन्देहास्पद र विश्वस्त प्रमाणहरूको पृष्ठभूमिमा आधारित भै आएको पाइएन ।

माथि उल्लिखित आधार एवं पृष्ठभूमिबाट मिति २०६८।५।१४ मा भएको लिखत र सो लिखतमा रहेको सहिछाप वादी शुक्रराज वाग्लेले गोरखास्थित हरमटारी चोकमा रहेको चिया पसलमा निजको राजीखुसीबाट तयार भएको तथ्य प्रमाणित हुन आयो । सो लिखतमा भएको सहीछाप जबरजस्ती, जोरजुलुम, करकापसँग बाध्य गरी मेरो इच्छा विपरीत अमानवीय र अपमानजनक तरिकाले गरेको हुँदा अ.वं.२४ नं.अनुसार निष्क्रिय बदर घोषित गरी दण्ड सजायको १२ नं.अनुसार प्रतिवादीहरूलाई सजाय गरी पाऊँ भन्ने फिराददाबी स्वतन्त्र र विश्वसनीय प्रमाणबाट समर्थन गराउन वादी पक्षले नसकेकोले सो दाबी पुग्न सक्दैन । तसर्थः आरोपित

कसुरबाट सबै प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ । दण्ड सजायको १८ नं को अन्तिम वाक्यांश अनुसार वादी पक्षलाई कुनै सजाय गरिरहनु परेन । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले वादीलाई सजाय गर्नुपर्छ कि भन्नलाई मु.ऐन दण्ड सजायको १८ नं.को अन्तिम वाक्यांश बमोजिम केही सजाय गरिरहन परेन............१

यस इन्साफमा चित्त नबुझे ३५ (पैंतीस) दिनभित्र श्री पुनरावेदन अदालत पोखरामा पुनरावेदन गर्नू भनी अनुपस्थित वादी शुक्रराज वाग्ले शर्मालाई पुनरावेदनको म्याद जारी गर्नू............................................२

सरोकारवाला व्यक्तिले फैसला सहितको नक्कल माग गरे ऐन नियमले लाग्ने दस्तुर लिई नक्कल दिनू.........३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन परे श्री पुनरावेदन अदालत पोखरामा पठाउने गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू .........................................................................................४

माननीय जिल्ला न्यायाधीशज्यूले बोली
टिपाए अनुसार टिपी कम्प्युटर टाइप
गर्ने फाँटवाला ना.सु माधव घिमिरे.।

**न्यायाधीश**

**ईति संवत् २०६९ साल माघ २१ गते रोज १ शुभम्.....................**

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री भोजराज अधिकारी**
**फैसला**
**संवत् २०६६ सालको सं.फौ.नं.-००३२**
**निर्णय नं.:- ७००**

**मुद्दा :- यातना क्षतिपूर्ति ।**

**वादीको नाम, थर, वतन**

जिल्ला गोरखा, गा.वि.स. लापु, वडा नं. ८ आरुघाट घर भई हाल जिल्ला काठमाडौं, वनस्थलीमा डेरा गरी बस्ने वर्ष २६ को अर्जुन गुरुङ ..........................१
साक्षी :-
कागज :-

**प्रतिवादीको नाम, थर, वतन**

महानगरीय प्रहरी वृत्त, बालाजुका प्रमुख, प्रहरी नायब उपरीक्षक वसन्तबहादुर कुँवर ................१
महानगरीय प्रहरी वृत्त बालाजुमा कार्यरत प्रहरी जवान गिरिराज अर्याल .................................१
साक्षी-
कागज-

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं.बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको सक्षिप्त तथ्य एवं ठहर खण्ड यसप्रकार छ :-

**तथ्य खण्ड**

मिति २०६६ साल भाद्र १६ गतेका दिन म वनस्थली, काठमाडौंमा रहेको मेरो आफ्नै पसलको माथिपट्टि रहेको मेरो कोठामा बिहान करिब ७ बजे चिया चुरोट खाइसकेर कोठा सफा गर्दै थिएँ । त्यही बेला २ जना ड्रेस लगाएका प्रहरी आई मलाई चौकी हिंड भनी समातेर चौकीमा लगी बाहिर प्रतीक्षालयमा राखियो । एकजना असई आएर मलाई हिरासत अगाडिको खाली ठाउँमा लगी राख्न आदेश दिएकोमा मलाई खाली ठाउँमा लगेपछि म त्यहीं बसें । त्यही बेला एकजना असईले तैंले चोरी गरेको हो भन्दै मेरो देब्रे खुट्टाको नलीमा एक बुट हाने । साँझ ६:०० बजेपछि मलाई हिरासतमा लगी राखियो । हिरासतमा राखेको करिब ३ घन्टापछि मलाई हत्कडी लगाएर प्रहरी जवान गिरीराज अर्यालले कुटपिट गरी कार्यालय प्रमुख डी.एस.पी. वसन्तबहादुर कुँवरको कोठामा लगी निजले पाइप निकाली मलाई शरीरका विभिन्न भागमा कुटपिट गरी यातना दिई विपक्षीहरूले मलाई मिति २०६६/५/१७ मा थुनाबाट मुक्त गरिदिएको हो । थुनामुक्त भएपछि मलाई यातना दिएको बारेमा बताएपछि कानुनी शासन र मानवअधिकारको पक्षमा क्रियाशील संस्था एडभोकेसी फोरमको सहयोगमा गराएको स्वास्थ्य जाँचको रिपोर्टबाट मलाई विपक्षीहरूले मानसिक तथा शारीरिक यातना दिएको प्रमाणित हुन्छ । कानुन विपरीत

मलाई हिरासतमा रहँदा मानसिक तथा शारीरिक यातना दिई अपूरणीय क्षति पुऱ्याई यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३(१) को कसुर गरेकोले यातनाको कारण मलाई पुग्न गएको क्षति र भविष्यमा पुग्न जाने क्षति समेतको मूल्यांकन गरी यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ६(१) बमोजिम रु.१,००,०००।- क्षतिपूर्ति भराई ऐ.ऐनको दफा ७ बमोजिम विपक्षीहरूलाई कानुन बमोजिम विभागीय कारबाहीको लागि आदेश समेत गरी पाऊँ भन्ने समेत व्यहोराको फिराद दाबी ।

मिति २०६६/४/२४गते शान्ति खड्गीको डेरा कोठामा बिहान अं.६:०० बजेको समयमा डेरा कोठामा कोही नभएको अवस्थामा अज्ञात चोरहरूले दराज फोडी, दराजभित्र रहेको नगद, गरगहना तथा अन्य सामानहरू समेतको बिगो रु.४,१३,२९३।- बराबरको धनमाल चोरी गरेको र पीडित शान्ति खड्गीको र विपक्षीको डेरा नजिकै हुँदा विपक्षी माथि शंका गरी हुलिया उल्लेख गरी पीडित शान्ति खड्गी र स्थानीयजनहरूले नै निजलाई नियन्त्रणमा लिई आक्रोशित स्थानीय व्यक्तिहरूले सामान्य कुटपिट समेत गरी यस महानगरीय प्रहरी वृत्तमा निवेदनसाथ निजलाई पेस गरेकोले सोबारे के कसो भएको रहेछ भनी अनुसन्धानको क्रममा निजलाई यस वृत्तमा सामान्य सोधपुछ गरी सोही दिन नै जिम्मा लगाई छोडिएकोमा निज अर्जुन गुरुङले पुनःजाहेरवालीलाई धाक धम्की, डर, त्रास दिन थालेपछि निज शान्ति खड्गीले पुनः थप अनुसन्धान गरी पाऊँ भनी मिति २०६६/५/१६ गते यस वृत्तमा निवेदन दिएको र सोबारे के कसो भएको भनी निज विपक्षीलाई यस वृत्तमा ल्याई सोधपुछ पश्चात् प्रमाण लाग्ने चोरी सम्बन्धी कुनै दशी प्रमाणहरू समेत नभएकोले मिति २०६६/५/१७ गते विनोद गुरुङले यस प्रहरी वृत्तबाट विपक्षीलाई जिम्मा लिँदा विपक्षी सकुशल अवस्थामा गइसकेपछि स्थानीय व्यक्तिबाट पर्न गएको घाउ चोटलाई नै केस फारम भराई नभए, नगरेको आरोप लगाई हामी उपर दिएको फिराद दाबी खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादीहरूको संयुक्त प्रतिउत्तर पत्र ।

यस अदालतको आदेशानुसार वादीका साक्षी वसुनारायण महर्जन र वादीको स्वास्थ्य परीक्षण गर्ने डा.हरिहर वस्तीले र विशेषज्ञ वासदेव के.सी.ले गरेको बकपत्र मिसिल सामेल रहेको ।

## ठहर खण्ड

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दा बुझिएसम्मका प्रमाणहरूको आधारमा फैसला गरिदिए हुने भएकोले मिसिल अध्ययन गर्दा, मिति २०६६ साल भाद्र १६ गतेका दिन बिहान करिब ७ बजे म आफ्नै कोठामा रहेका बखत २ जना प्रहरी आई मलाई समातेर चौकीमा लगी हिरासतमा राखी मलाई हत्कडी लगाएर प्रहरी जवान गिरिराज अर्यालले कुटपिट गरी कार्यालय प्रमुख डी.एस.पी. वसन्तबहादुर कुँवरको कोठामा लगी निजले पाइप निकाली मलाई शरीरका विभिन्न भागमा कुटपिट गरी यातना दिई विपक्षीहरूले मलाई मिति २०६६/५/१७ मा थुनाबाट मुक्त गरिदिएकोले मलाई यातना दिएको बारेमा बताएपछि कानुनी शासन र मानवअधिकारको पक्षमा क्रियाशील संस्था एड्भोकेसी फोरमको सहयोगमा स्वास्थ्य जाँच समेत गराएको हुँदा सो स्वास्थ्य जाँचको रिपोर्टबाट मलाई विपक्षीहरूले मानसिक तथा शारीरिक यातना दिएको प्रमाणित भइरहेको अवस्था हुँदा निज विपक्षीहरूले मानसिक तथा शारीरिक यातना दिई अपूरणीय क्षति पुऱ्याई यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३(१) को कसुर गरेकोले यातना क्षतिपूर्ति सम्बन्धी ऐन, २०५३ को दफा ६(१) बमोजिम क्षतिपूर्ति भराई विपक्षीहरूलाई कानुन बमोजिम विभागीय कारबाहीको लागि आदेश समेत गरी पाऊँ भन्ने समेत व्यहोराको फिराद दाबी रहेकोमा मिति २०६६/४/२४ गते शान्ति खड्गीको डेरा कोठामा अज्ञात चोरहरूले बिगो रु.४,१३,२९३।- बराबरको धनमाल चोरी गरेको र पीडित शान्ति खड्गीको र विपक्षीको डेरा नजिकै हुँदा विपक्षीमाथि शंका गरी हुलिया

उल्लेख गरी पीडित शान्ति खड्गी र स्थानीयजनहरूले नै निजलाई नियन्त्रणमा लिई आक्रोशित स्थानीय व्यक्तिहरूले सामान्य कुटपिट समेत गरी यस महानगरीय प्रहरी वृत्तमा निवेदनसाथ निजलाई पेस गरेकोले सोबारे के, कसो भएको हो भनी अनुसन्धानको क्रममा निजलाई यस वृत्तमा सामान्य सोधपुछ गरी सोही दिन नै जिम्मा लगाई छोडिएकोमा निज अर्जुन गुरुङले पुनः जाहेरवालीलाई धाक धम्की, डर, त्रास दिन थालेपछि निज शान्ति खड्गीले पुनः थप अनुसन्धान गरी पाऊँ भनी मिति २०६६/५/१६ गते यस वृत्तमा निवेदन दिएको र निज विपक्षीलाई यस वृत्तमा ल्याई सोधपुछ पश्चात् प्रमाण लाग्ने चोरी सम्बन्धी कुनै दशी प्रमाणहरू समेत नभएकोले मिति २०६६/५/१७ गते विनोद गुरुङले यस प्रहरी वृत्तबाट विपक्षीलाई सकुशल अवस्थामा जिम्मा लिई गएको हुँदा निज विपक्षीलाई स्थानीय व्यक्तिहरूबाट पर्न गएको घाउ चोटलाई नै केस फारम भराई नभए नगरेको आरोप लगाई हामी उपर दिएको फिराद दाबी खारेज गरी पाऊँ भन्ने प्रतिउत्तर जिकिर रहेको देखियो ।

वादी अर्जुन गुरुङको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री भोजराज आचार्य, विनोद श्रेष्ठ, पुष्पराज पौडेल र नानिबाबु खत्रीले प्रतिवादीहरूले वादीलाई मिति २०६६/०५/१६ मा हिरासतमा राखी चरम यातना दिई मिति २०६६/०५/१७ मा छाडिदिएपछि मिति २०६६/०५/१९ मा स्वास्थ्य जाँच गर्दा दिएको डाक्टरको Report, हिरासतबाट वादीलाई बुझी लाने निजको भाइ विनोद गुरुङको बकपत्र र वादीलाई जाँच गर्ने डाक्टरको अदालत समक्ष भएको बकपत्रबाट वादीलाई चरम यातना दिएको प्रमााण्ति छ । मिसिल संलग्न वादीका फोटोहरूबाट पनि वादीको शरीरमा यातना दिएको चोटहरू देखिएको छ । कुनै पनि व्यक्तिलाई आफ्नो हिरासतमा राखी यातना दिने छुट कसैलाई पनि छैन र यातना दिएमा मानवअधिकारको घोर उल्लंघन मानिन्छ । अन्तर्राष्ट्रिय महासन्धिहरूलाई नेपालले स्वीकार गरेको, सो महासन्धिहरूमा यातना दिनै नहुने कुरा उल्लेख गरिएको छ र सन्धि ऐनको दफा ९ ले सो महासन्धिहरू अनुसारको कर्तव्य पालना गर्न नेपाल बाध्य छ । हिरासतमा लिएको अवस्थामा वादीको स्वास्थ्य परीक्षण गरिएको छैन । प्रतिवादीहरूले विनोद गुरुङले जिम्मा बुझी लिएको कागजलाई आफ्नो प्रमाण मानेको देखिन्छ तर सो कागजमा पछि प्रतिवादीले थप गरी आफ्नो हित अनुकूलको बनाएको मिसिल संलग्न प्रमाणबाट प्रमाणित छ । त्यसैले नेपालको अन्तरिम संविधान, यातना तथा क्षतिपूर्ति ऐन र अन्तर्राष्ट्रिय महासन्धिहरूले समेत यतना दिनु नहुने, दिएमा मानव अधिकारको घोर उल्लंघन हुने बताइएको अवस्थामा यी प्रतिवादीहरूले वादीलाई चरम यातना दिएको मिसिलबाट देखिइरहेको हुँदा वादीलाई यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ६ र ७ बमोजिम क्षतिपूर्ति दिलाई प्रतिवादीहरूलाई विभागीय कारबाही गर्ने आदेश समेत होस् भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यस्तैगरी प्रतिवादी वसन्तबहादुर कुँवरको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शेरबहादुर के.सी., कृष्णप्रसाद सापकोटा, रामबहादुर खड्का, योगेन्द्रबहादुर अधिकारी, सुनिल पोखरेल, यदुनाथ खनाल, हरि पौडेल र बाबुराम कुँवरले हाम्रो पक्षले प्रहरी ऐन, नियम अन्तर्गत रही कार्य गरेको छ, मिति २०६६/०४/२४ को जाहेरीबाट यो घटनाको उठान भएको भए तापनि सो समयमा पक्राउ गरी छाडिदिएको कुरा फिरादमा उठाइएको छैन । मिति २६६/०५/१६ मा पक्राउ गरी म्याद थप गरिदिएको भए यातना दिएको भन्ने कुरा हुँदैनथ्यो तर सदाशयता देखाई ऐ.१७ गते छाडिदिएको कारणले यो मुद्दा आएको अवस्था छ । मिति २०६६/०५/१९ मा स्वास्थ्य जाँच गराएकोमा तुरुन्त फिराद नदिई मिति २०६६/०६/०२ मा मात्र फिराद दिएको र सम्बन्धित व्यक्तिले आफ्नो स्वेच्छाले फिराद दिएको नभै एड्भोकेसी फेरमको दबाबमा उजुरी दिएको फिराद लेखबाटै प्रमाणित छ । घाउ जाँच यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ५ विपरीत गरिएको छ । अदालत समक्ष चिकित्सकले गरेको बकपत्रमा जिरह गर्न नपाएको हुँदा उक्त बकपत्र प्रमाणयोग्य छैन । स्वास्थ्य जाँच प्रतिवेदनबाट पनि सामान्य नीलडामहरू देखिएको छ । फिरादमा धेरै व्यक्तिहरूले कुटेको भनी उल्लेख गरिएको छ । तर २ जना उपर मात्र मुद्दा चलाइएको हुँदा रिसईवीले मुद्दा चलाएको प्रमाणित हुन्छ । डाक्टरको

प्रतिवेदनमा वादीको पैतालामा चोट देखाइएको छैन तर हाम्रो पक्षले पैतालामा पिटेको भनिएको छ । कार्यालय प्रमुखको हैसियतले मात्र सजाय गर्न मिल्दैन । प्रहरीले अनुसन्धान गर्न कसैलाई बोलाएको आधारमा निज उपर उजुरी पर्ने हो भने कुनै पनि कार्यालय प्रमुखले कसरी काम गर्न सक्छ । फिरादीलाई विनोद गुरुङले कागज गरी सकुशल अवस्थामा बुझेर लगेको छ । लेख्नुपर्ने कुरा छुट्यो भने थप्न पनि सकिने नै हुन्छ, सो थपेको व्यहोरा सोही समयमा थप गरिएको हो । प्रहरीले गरेको कागजलाई अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिनुपर्ने हुन्छ । विनोद गुरुङले बकपत्रमा सो कागजको सम्बन्धमा कुनै कुरा उल्लेख नगरेको हुँदा र प्रमाण ऐनको दफा ६(ग) मा सरकारी कागजलाई अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिन मिल्छ भन्ने कानुनी व्यवस्था भएको हुँदा उक्त विनोद गुरुङले बुझी लिएको कागजलाई अन्यथा भन्न मिल्दैन । मिति २०६६/०५/१७ गते AIG कल्याण तिमल्सिनाको संयोजकत्वमा बसेको बैठकमा हाम्रो पक्ष वसन्त कुँवर उपस्थित रही भाग लिएको समेत हुँदा फिराद दाबी प्रमाणित हुन आउँदैन, तसर्थ फिराद दाबी बमोजिम हुनुपर्ने अवस्था छैन भनी बहस प्रस्तुत गर्नुभयो ।

उपरोक्त बमोजिमको मिसिल अध्ययन गरी वादी र प्रतिवादी पक्षका कानुन व्यवसायीहरूले पेस गरेको बहस नोट समेत हेरी वादी प्रतिवादी दुवै तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरूको बहस जिकिर समेत सुनी प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूमा निर्णय दिनुपर्ने देखिन आयो ।

- वादी अर्जुन गुरुङले यातना पाएका हुन् होइनन् ?
- निजको माग बमोजिम निजलाई क्षतिपूर्ति दिनुपर्ने हो, होइन ?
- प्रतिवादीहरूलाई विभागीय कारबाही गर्ने आदेश दिनुपर्ने हो, होइन ?

वादीले यातना पाएका हुन् होइनन् भन्ने पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा यी वादी अर्जुन गुरुङका विरुद्ध शान्ति खड्गीको मिति २०६६/०४/२४ मा जाहेरी परेपछि निज वादी अर्जुन गुरुङलाई पक्राउ गरी महानगरीय प्रहरी वृत्त बालाजुले छलफलपछि सोही दिन मिति २०६६/०४/२४ मा नै विनोद गुरुङलाई जिम्मा बुझाई छाडिदिएकोमा पुनः शान्ति खड्गीले मिति २०६६/०५/१६ मा दिएको निवेदनको आधारमा निज वादीलाई सोही मितिमा पक्राउ गरी छलफल गरी मिति २०६६/०५/१७ मा छाडिएको कुरामा वादी प्रतिवादी दुवै पक्षको मुख मिलेको छ, विवाद छैन । जहाँसम्म सो अवधिमा आफूलाई प्रतिवादीहरूले शारीरिक यातना दिएको भन्ने वादी दाबी छ, त्यसलाई प्रतिवादीहरूले यातना दिएको छैन, छलफल गराई चोरी सम्बन्धको कुनै पनि दशी प्रमाण प्राप्त हुन नआएपछि स-सम्मान सकुशल अवस्थामा छाडिएको भन्ने प्रतिउत्तर जिकिर लिएको अवस्था हुँदा प्रहरी वृत्त बालाजुको हिरासतमा रहेको अवस्थामा वादी दाबी बमोजिम वादीले यातना पाएको हो, होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आएको अवस्था छ । यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३(२) मा कुनै पनि व्यक्तिलाई थुनामा राख्दा वा छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैंले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नुपर्दछ" भन्ने कानुनी व्यवस्था भएको देखिन्छ । तर निज वादीलाई मिति २०६६/०५/१६ मा हिरासतमा लिएपछि निजको शारीरिक परीक्षण गरिएको भन्ने मिसिलबाट देखिँदैन । त्यसैले मिति २०६६/०५/१६ मा पक्राउ परी १७ गते छाडिएको बीचमा प्रतिवादीहरूले यातना दिएको भनी मिति २०६६/०५/१९ मा एड्भोकेसी फोरमको सहयोगमा स्वास्थ्य जाँच गराएको प्रतिवेदनसाथ प्रस्तुत फिराद दिएको देखिन्छ । हिरासतबाट मिति २०६६/०५/१७ मा कागज गरी विनोद गुरुङले बुझिलिएपछि यी वादीले मिति २०६६/५/१९मा त्रि.वि.वि.शिक्षण अस्पताल, फरेन्सिक मेडिसिन विभागमा डा.हरिहर वस्तीसँग स्वास्थ्य जाँच गराएको मिसिल संलग्न स्वास्थ्य जाँच प्रतिवेदनबाट देखिन्छ । उक्त स्वास्थ्य जाँच प्रतिवेदन हेर्दा, वादी अर्जुन गुरुङको शरीरमा विभिन्न नाप साइजका घाउ चोट र नीलडामहरू रहेको देखिएको अवस्था

छ । उक्त वादीको स्वास्थ्य जाँच गर्ने चिकित्सक हरिहर वस्तीले यस अदालत समक्ष बकपत्र गर्दा, निजको शरीरमा छाती पछाडि ढाडमा, माथिदेखि तलसम्म देव्रे पाखुरा, खुट्टामा, घुँडाको पछाडि, नली खुट्टामा अगाडि र पछाडि विभिन्न साइजका केही लम्बाकार, कोही गोलाकार र कतिपय ठाउँमा एकपछि अर्को खप्टिएको नील र छालाको घाउहरू पाइयो । सबै चोटहरू धार नभएको र लम्बाकार वस्तुको प्रहारबाट भएका हुन् । चोटको उमेर ३ देखि ४ दिनको हुन सक्छ । यस्ता प्रकृतिका चोटहरू कुनै दुर्घटनाबाट हुन नसक्ने र आफैं बनाउन असम्भव हुने भनी उल्लेख गरी बकपत्र गरिदिएको अवस्था छ । प्रहरी वृत्त बालाजुले वादी अर्जुन गुरुङलाई मिति २०६६/०५/१७ मा विनोद गुरुङलाई बुझाउँदा भरपाई गरेर बुझाएको देखिन्छ । उक्त भरपाई कागजमा "निज अर्जुन गुरुङलाई सकुशल अवस्थामा जिम्मा बुझिलिएँ" भनी सहीछाप गर्ने भन्ने व्यहोरा पछि थप गरिएको भन्ने वादी पक्षको भनाइ हुँदा सो व्यहोरा पछि थप गरिएको हो होइन भन्ने सम्वन्धमा यकिन गर्न आदेश हुँदा उक्त लिखतको व्यहोरा लेखिसकेपछि उपरोक्त हरफ थपिएको बुझिन्छ भनी विशेषज्ञले राय दिई अदालत समक्ष उक्त राय प्रमाणित हुने गरी बकपत्र गरिदिएको पाइयो । वादी अर्जुन गुरुङलाई मिति २०६६/०५/१७ मा छाड्दा विनोद गुरुङले बुझी भरपाई गरिदिएको प्रतिवादीहरूको प्रतिउत्तर व्यहोरा र मिसिल सामेल भरपाई कागजबाट प्रमाणित छ । निज विनोद गुरुङलाई यस अदालतबाट अ.वं. १३९ नं. बमोजिम बुझी बयान गराउँदा निजले अघिल्लो दिन सही सलामत सद्दे पक्राउ गरिएका अर्जुन गुरुङलाई भोलिपल्ट मलाई जिम्मा लगाउँदा अशक्त अवस्थामा बुझाएका हुन् । निजको शरीरमा यत्रतत्र ठाउँमा निलो डामहरू प्रशस्त थिए भनी बयान गरेको देखिन्छ ।

त्यसैले उपरोक्त बमोजिमको डा.हरिहर वस्तीको स्वास्थ्य जाँच प्रतिवेदन र सोको समर्थनमा गरिएको बकपत्र, विनोद गुरुङको बयान र विशेषज्ञको बकपत्र सहितको मिसिल संलग्न प्रमाणहरूबाट यी वादी अर्जुन गुरुङलाई प्रहरी वृत्त बालाजुले हिरासतमा लिई मिति २०६६/०५/१७ मा छाड्दा वादीले यातना पाएको देखिनाले फिराद दाबीलाई अन्यथा भन्न सकिएन ।

अनुसन्धान तहकिकात वा पुर्पक्षको लागि हिरासतमा रहँदा शारीरिक वा मानसिक यातना दिन नहुने कुरा सभ्य राष्ट्रहरूले स्वीकार गरी आएका छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ७ र यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा हकविरुद्धको महासन्धि, १९८४ ले कुनै पनि व्यक्तिलाई यातना दिइने वा क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन, गरेमा यातनाबाट पीडित व्यक्तिले उचित क्षतिपूर्ति पाउनुपर्ने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ । उक्त महासन्धिलाई नेपाल सरकारले १४ मई सन्, १९९१ मा अनुमोदन गरिसकेकोले नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम ती दस्तावेजहरू नेपाल कानुन सरह लागू हुने देखिन्छ । त्यस्तै गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६मा "यातनाविरुद्धको हक"को व्यवस्था गरी उपधारा १ मा "अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भनी र उपधारा २ मा उपधारा १ बमोजिमको कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपुर्ति दिइनेछ" भन्ने व्यवस्था गरी यातना नपाउने कुरा मौलिक हकको रूपमा नै प्रत्याभूत गरिएको छ । उल्लिखित संविधान र महासन्धिहरू समेत कार्यान्वयन गर्ने क्रममा आएको यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले यातनाको परिभाषा गरी यातना दिएमा क्षतिपूर्ति समेत पाउने व्यवस्था गरेको पाइयो ।

उपरोक्त बमोजिमको मिसिल संलग्न प्रमाणहरूको विश्लेषणबाट वादी अर्जुन गुरुङले यातना पाएको देखिएको, नेपालको संविधान, कानुन र अन्तर्राष्ट्रिय महासन्धिहरूले यातना दिन नहुने, दिएमा पीडितले क्षतिपूर्ति

पाउने कुरा व्यक्त गरेको हुनाले मिसिल संलग्न प्रमाणहरूबाट वादीले हिरासतमा रहँदा यातना पाएको भन्ने देखिएको हुँदा यी वादी अर्जुन गुरुङलाई क्षतिपूर्ति ऐन, २०५३ को दफा ४ र ६ बमोजिम ऐ.ऐनको दफा ८ समेतलाई मध्यनजर गरी रु.३०,०००।- (तीस हजार रुपैयाँ) क्षतिपूर्ति भराइदिने ठहर्छ ।

अब वादीले दाबी लिएको ऐनको दफा ७ बमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा, वादी हिरासतमा रहँदा यी प्रतिवादीहरूबाटै वादीले यातना पाएको हो होइन भन्ने कुरा निश्चित एवं शंकारहित तवरबाट स्थापित पनि हुनुपर्ने हुन्छ । हिरासतमा रहेको अवस्थामा वादीले यातना पाएको देखिएकोले निजले क्षतिपूर्ति पाउने ठहर भइसकेकोमा उक्त यातना दिने कार्यमा हिरासतमा रहँदा के कुन प्रहरी कर्मचारीको के कस्तो संलग्नता थियो भन्ने कुरा न्यायको रोहमा अत्यन्त विचारणीय कुरा हुँदा वादीको फिराद दाबी एवं प्रस्तुत मुद्दामा सम्बद्ध तथ्यहरूको न्यायिक विश्लेषण गर्नुपर्ने हुन्छ । उजुरवाली शान्ति खड्गीले मिति २०६६।४।२४ गते वादी उपर चोरीको अभियोगमा प्रहरी वृत्त बालाजुमा दिएको हुलिया जाहेरीमा उक्त वृत्तकै कार्यालय प्रमुख प्रतिवादीमध्येका प्र.ना.उ. वसन्तबहादुर कुँवरले कानुन बमोजिम आ.का. गर्ने भन्ने तोक आदेश लगाएको र सोही दिन विनोद गुरुङको जिम्मा लगाई वादीलाई बालाजु वृत्तले छोडेको देखिन्छ । सो मिति र विषयमा यी वादीले यातना सम्बन्धी कुनै विवाद उठाएको देखिँदैन । शान्ति खड्गीले दिएको उक्त मितिको हुलिया जाहेरीमा चोरीको सम्बन्धमा वादीलाई स्थानीय मानिसहरूले सामान्य कुटपिट समेत गरी चोर यही हो भनी प्रहरीको जिम्मा लगाएको हुँदा यो निवेदन जाहेरी लेखी पेस गर्न आएकी छु भन्ने उल्लेख गरेकोमा समेत त्यस विषयमा यी वादीको कुनै प्रतिक्रिया नरही मिति २०६६।४।२४ मा बालाजु वृत्तबाट छुटी गएपछि उजुरवाली शान्ति खड्गीलाई वादीले पटक पटक विभिन्न गाली गलौज तथा धाक धम्की समेत दिई आएको र चोरी गर्ने कार्यमा अर्जुन गुरुङकै संलग्नता छ भनी छरछिमेकमा बुझ्दा बताएकोले पुनः पक्राउ गरी अनुसन्धान गरी पाऊँ भनी मिति २०६६।५।१६ गते उजुरवाली शान्ति खड्गीले बालाजु वृत्तमा दिएको निवेदनमा उक्त वृत्तका प्रहरी निरीक्षकको कानुन बमोजिम आ.का. गर्ने भन्ने आदेशवाट वादीलाई मिति २०६६।५।१६ देखि मिति २०६६।५।१७ सम्म हिरासतमा लिएको र सोही निवेदन र तोक आदेश बमोजिमको हिरासतको समयभित्र वादीले आफूलाई हिरासतमा यातना दिएको फिराद दाबी लिएको पाइन्छ । मिति २०६६।५।१६ देखि मिति २०६६।५।१७ सम्म प्रहरी निरीक्षकको आदेशले हिरासतमा लिइँदा र हिरासतमा बालाजु प्रहरी वृत्तमा कार्यरत प्रहरी कर्मचारीहरूमध्ये के कुन प्रहरी कर्मचारीको के कस्तो संलग्नता थियो भन्ने सम्बन्धमा वादीले २ जना व्यक्तिहरूलाई मात्र प्रतिवादी बनाएको देखिन्छ । (१) कार्यालय प्रमुखः- प्र.ना.उ.वसन्तबहादुर कुँवर र (२) प्रहरी जवान गिरिराज अर्याल । तर फिरादीको फिराद अध्ययन गर्दा :- मिति २०६६/५/१६ मा शान्ति खड्गीले दिएको निवेदनमा बालाजु वृत्तमा प्रहरी निरीक्षकले "कानून बमोजिम आ.का.गर्ने भन्ने तोक लगाएपछि शाह थरका स.ई. र गुरुङ थरका हवल्दारले पक्राउ गरी ल्याए । हिरासत अगाडिको खाली ठाउँमा लगी राखे । त्यो काम एकजना महिला हवल्दारले गरिन् । त्यहाँ एकजना अ.स.ई.ले तैंले चोरी गरेको हो भन्दै मेरो देब्रे खुट्टाको नलीमा एक बुट हाने । साँझ ६ बजेपछि मलाई हिरासतमा लगी राखियो । साँझ परेपछि प्रहरी गिरिराज अर्यालले कुटपिट गरे । गिरी भन्ने नाम मैले मलाई कुटपिट गरिरहँदै गर्दा सुनेको थिएँ । मलाई बाहिर निकाली मुद्दा शाखामा लगियो । एउटा प्रहरीले करेन्ट लगाउनुपर्‍यो भनी तार मागे । दुईजना प्रहरीले यताबाट हानेर उता पुर्‍याउने र उताबाट यता पुर्‍याउने गरे र दुवै प्रहरीले पालोपालो गरी कुटपिट गरे । मिति २०६६/५/१७ गते १.३०.बजे गुरुङ थरको हवल्दारले प्रहरी नायब उपरीक्षकको कोठामा पुर्‍यायो । प्रहरी नायब उपरीक्षकको कार्य कक्षको पर्दा चौधरी थरको प्रहरीले लगायो । त्यसपछि प्रहरी नायब उपरीक्षक वसन्तबहादुर कुँवरले पनि कुटपिट गरे भनी वादीलाई यातना दिने कार्यमा प्रतिवादी बनाइएका यी दुई प्रतिवादीभन्दा बढी प्रहरी कर्मचारीको संलग्नता रहेको उल्लेख गरिएको छ । तर बालाजु प्रहरी वृत्तका कार्यालय प्रमुख वसन्तबहादुर कुँवर र प्र.ज.गिरिराज

अर्याल दुईजनालाई मात्र प्रतिवादी बनाइएको छ । फिरादको प्रकरण नं ४ मा मलाई १६ गते नै धेरै पिटियो भन्ने कुरा उल्लेख गर्नुका साथै प्रहरी नायब उपरीक्षक वसन्त कुँवरले मिति २०६६/५/१७ गते १.३० बजे कोठामा बोलाई पर्दा लगाउन लगाई कुटपिट गरेको, त्यसपछि खोरमा हालिदे भनी चौधरी थरको प्रहरीलाई आदेश दिएको भन्ने फिराद लेखमा उल्लेख छ । साथै सोही दिन थुनाबाट मुक्त गरी दिए पनि भनिएको छ तर १.३० बजे प्र.ना.उ.को कोठामा लगेको भन्ने फिरादीले सोही दिन कति बजे कसको आदेशले थुनामुक्त गरियो फिरादमा उल्लेख गर्न सकेको पाइँदैन । उक्त फिरादमा उल्लिखित व्यहोराबाट दिनको १.३० बजे अफिसको व्यस्त समयमा पर्दा समेत लगाई यी वादीलाई प्रतिवादी वसन्तबहादुर कुँवरले यातना दिएको भन्ने भनाइ विश्वसनीय र पत्यारलाग्दो पनि देखिन आउँदैन ।

त्यसैले हिरासतमा रहेको अवस्थामा यातना पाएको देखिए तापनि फिराद अध्ययन गर्दा, हिरासतमा रहेको बेला यी वादीले धेरैजना नाम नखुलेका प्रहरी कर्मचारीबाट यातना पाएको देखिए पनि अरू कसैलाई प्रतिवादी नबनाई कार्यालय प्रमुख र एकजना प्रहरी जवानलाई मात्र प्रतिवादी बनाएको, यी प्रतिवादीहरूले मात्र यातना दिएको भन्ने निश्चत र प्रस्ट दाबी नभएको, प्रतिवादीहरूले निश्चित आफ्नो स्वार्थपूर्ति गर्न वादीलाई यातना दिएको भन्ने नदेखिएको, फिरादमा प्रतिवादीहरूको यातना दिनमा यो यस्तो स्वार्थ थियो भन्ने पनि उल्लेख नभएको । वादीलाई यातना दिई जबरजस्ती सावित गराई निज उपर मुद्दा चलाइएको समेत नदेखिएको अवस्था हुँदा र यातना दिने प्रतिवादीहरू उपर ऐ.ऐनको दफा १२ बमोजिम छुट्टै कारबाही चलाउन सकिने कानुनी व्यवस्था भएको समेत देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले यातना दिएको भन्ने फिराद दाबी शंकारहित ढंगमा प्रमाणित नहुँदा प्रतिवादी प्र.ना.उ.वसन्तबहादुर कुँवर र प्र.ज.गिरिराज अर्यालले यातना दिएको हुँदा निजहरूलाई सोही ऐनको दफा ७ बमोजिम विभागीय सजायको आदेश जारी गरी पाऊँ भन्ने हदसम्मको फिराद दाबी पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नू ।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए अनुसार वादी अर्जुन गुरुङलाई रु.३०,०००।- (तीस हजार रुपैयाँ) क्षतिपूर्ति भराइदिनुपर्ने ठहरी फैसला भएको हुँदा पुनरावेदनको अवस्था नाघे वा अन्तिम किनारा भई आएपछि सो बमोजिमको क्षतिपूर्ति भराई पाऊँ भनी वादीको दर्खास्त पर्न आए उक्त रकम वादीलाई दिनू भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा लेखी पठाउनू...........................................................................१

यो इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नू भनी वादी, प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनू...........................................................................२

सरोकारवालाले नक्कल मागे नियमानुसार नक्कल दिनू र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू...........................................................................३

प्रस्तुत पाना ९ को फैसला मा.न्या.ज्यूले
बोली टिपाए बमोजिम टिपी कम्प्युटर टाइप
गर्ने ना.सु सुरथप्रसाद तिमल्सेना, फाँट नं.-१८ ।

**जिल्ला न्यायाधीश**

ईति संवत् २०६९ साल आषाढ २५ गते रोज २ शुभम्..........।

**श्री महोत्तरी जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री नरिश्वर भण्डारी**
**फैसला**
**संवत् २०६७ सालको फौ.नं.३७-०६६- ०११६६**
**कम्प्युटर नं.-069-CG-0016**

**मुद्दा :- जालसाजी ।**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जिल्ला महोत्तरी बथनाहा गा.वि.स वडा नं.३ मा बस्ने पिताश्वर झाको छोरा नवीनकुमार झा....१<br>ऐ.को प्रमाण.....................<br>ऐ.को साक्षी :-रामश्रेष्ठ वैठा , अनिलकुमार झा<br>कागज.......... | जिल्ला महोत्तरी बथनाहा गा.वि.स. वडा नं. ३ बस्ने रामनारायण रायको छोरा बलिराम राय भूमिहार........१<br>ऐ.ऐ.वडा नं. ४ बस्ने रामेश्वर ठाकुरको छोरा अरविन्द कुमार ठाकुर ..................................................१<br>ऐ.ऐ.वडा नं.६ बस्ने रामचन्द्र मिश्रको छोरा रघुनाथ मिश्र............................................................१<br>ऐ.ऐ.वडा नं. ३ बस्ने कैलाश कापडको छोरा भोगेन्द्र कापड केवर...................................................१<br>ऐ.ऐ.वडा नं. ६ बस्ने विल्टु राउतको छोरा शिवलाल राउत कुर्मी....................................................१<br>ऐ.ऐ.वडा नं.३ बस्ने ललन राय भूमिहारको छोरा समिर कुमार राय भूमिहार...........................................१<br>ऐ.ऐ.वडा नं.२ बस्ने विन्देश्र रायको छोरा सुनिलकुमार राय.............................................................१<br>जि.म.रतौली गा.वि.स.वडा नं.६ बस्ने वीरेन्द्र ठाकुरको श्रीमती ववता कुमारी.......................................१<br>ऐ.ऐ.इटहर्वा कट्टी गा.वि.स.वडा नं.९ बस्ने कामेश्वर चौधरीको श्रीमती ववताकुमारी भूमिहार.................१<br>ऐ.को प्रमाण.........<br>ऐ.को साक्षी :- श्यामकिशोर सिंह, धर्मराज कोइराला<br>कागज...... |

**निर्णय नम्बर :- ११**
**अदालतवाट वुझेको प्रमाण**
**साक्षी :माथि उल्लिखित साक्षीहरू**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.बं.२९ नं.बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ : -

जिल्ला महोत्तरी, गा.वि.स. बथनाहा वडा नं. ५ स्थित भै.गु.लो.ज.मा.वि. बथनाहाको व्यवस्थापन समितिले विज्ञापन नं. १, २, ३ बाट २०६६।९।९ गते तीन शिक्षक पदको विज्ञापन प्रकाशित गरे गराएकोमा उक्त विद्यालयको शिक्षक छनौट समितिको निर्णय बमोजिम मिति २०६६।११।३० गतेमा परीक्षा सञ्चालन गर्ने भनी निर्णय गरिसकेपछि पुनः जालसाजी प्रक्रियावाट मिति २०६६।११।२३ मा परीक्षा लिएको, नभएको नगरेको परीक्षालाई गरेको भनी झुट्टा व्यहोरा दर्साई मिति २०६६।११।२३ गतेमा आफ्नो मिलोमतोका विपक्षीहरू समिर कुमार राय भूमिहार, सुनिल राय यादव र वविता कुमारीलाई नियुक्ति दिएकोले शिक्षक पेसा गर्ने मेरो तथा नेपाली नागरिकको हक हनन हुन गई विपक्षीहरूले जालसाजी क्रिया गरे गराएकोले मिति २०६६।११।२३ गतेमा दिएको लिएको दूषित नियुक्तिपत्र स्वतः वदरयोग्य नै हुँदा विपक्षीहरूलाई कीर्ते कागजको १० नं. बमोजिम दण्ड सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको वादीको फिराद दाबी ।

हामीले कुनै किसिमको जालसाजी गरे गराएको छैन । जिल्ला महोत्तरी, गा.वि.स. बथनाहा वडा नं. ५ स्थित भै.गु.लो.ज.मा.वि. बथनाहामा ३ जना शिक्षक नियुक्तिको लागि विज्ञापन निस्किएकोमा विद्यालय व्यवस्थापन समितिले छनौट समिति गठन गरी सोही मुताविक विधिवत रूपमा लिखित तथा मौखिक परीक्षा लिई उच्च नम्बर प्राप्त भएको व्यक्तिलाई नियुक्ति दिएकोले झुठा दाबी खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी बलिराम राय भूमिहार समेतको प्रतिउत्तर जिकिर ।

जि.महोत्तरी, रतौली गा.वि.स.वडा नं. ६ मा बस्ने प्रतिवादी बविता कुमारीको नाममा जारी भएको तामेली म्यादभित्र प्रतिउत्तर नफिराई सुरु म्याद नै गुजारी बसेको देखिन्छ ।

वादीका साक्षी राम श्रेष्ठ बैठा र अनिल कुमार झाले फिराद दाबीलाई समर्थन गरी तथा प्रतिवादीका साक्षी श्यामकिशोर सिंह र धर्मराज कोइरालाले प्रतिउत्तर जिकिरलाई समर्थन गरी गरेको बकपत्र मिसिल संलग्न रहेको ।

## अदालतको ठहर

निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फवाट विद्वान् अधिवक्ता श्री वीरेश्वर झाले वादीलाई शिक्षक हुनबाट बन्चित गर्ने बद्नियतले प्रतिवादीहरूले मिलेमतो गरी आफू निकटका व्यक्तिहरूलाई शिक्षक छनोट गरी नियुक्ति दिए दिलाएको कार्य जालसाजीपूर्ण हुँदा सो नियुक्ति बदर गरी विपक्षीहरूलाई जालसाजीमा सजाय हुनुपर्छ भनी  र प्रतिवादी तर्फवाट विद्वान् अधिवक्ता श्री उद्धवबहादुर क्षेत्रीले कानुनले तोकेको सम्पूर्ण प्रक्रिया पूरा गरी रिक्त शिक्षक पदमा नियुक्ति भएको, यी वादी प्रतियोगितामा सामेल नभएको, निजको हक मेटाउने सम्मको कामकारबाही प्रतिवादीहरूबाट नभएको र वादीले उठाएको विवाद नियमित उपचारबाट निरोपणयोग्य समेत नभएकोले झुट्टा दाबीबाट प्रतिवादीहरूले फुर्सद पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा वादीको फिराद दाबी बमोजिम हुन पर्ने नपर्ने सम्बन्धमा निर्णय गर्नुपर्ने हुन आयो ।

निर्णयतर्फ विचार गर्दा, विपक्षीहरूको मिलेमतोमा श्री भै.गु.लो.ज.मा.विद्यालयमा रिक्त शिक्षक पद ३ को पदपूर्ति गर्दा खुला विज्ञापन नगरी लिखित र मौखिक परीक्षाको मिति समेत नतोकी सार्वजनिक नगरी गुपचुपमा परीक्षा लिए दिएको कागज बनाई आफ्नो मिलेमतोका मानिसहरूलाई छनौट गरी नियुक्ति दिई वादी समेतको खुला प्रतिस्पर्धाबाट छनौट भई शिक्षक बन्ने हक मेटाउने काम गरेकोले विपक्षीहरूलाई कीर्ते कागजको १० नं. वमोजिम सजाय गरी पाऊँ भन्ने फिराद दाबी र विधिवत् रूपमा विज्ञापन भई लिखित र मौखिक

परीक्षा समेत लिई उच्च नम्बर प्राप्त गरेका व्यक्तिलाई रिक्त शिक्षक पदमा नियुक्त गरिएको र उम्मेदवार समेत नरहेका वादीले लाञ्छना मात्र लगाउन खोजेकोले झुठा दाबी खारेज गरी पाऊँ भन्ने समेतको प्रतिउत्तर जिकिर देखिन्छ ।

वादीले मूलत : कानुन बमोजिमको प्रक्रिया पूरा नगरी गुपचुपमा रिक्त शिक्षक पदको पदपूर्ति गरी वादीलाई सो पदमा छनोट हुने अवसरवाट बन्चित गरेको भन्ने प्रश्न उठाउनुभएको छ । यस अदालतको आदेश बमोजिम प्राप्त भएको पदपूर्ति सम्बन्धी फाइल अध्ययन गर्दा ०६६।९।९ मा विज्ञापन १, २, र ३ नं. मा क्रमशः मा.वि. शिक्षक सामाजिक शिक्षा -१, प्रा.वि.तृतीय -१ र प्रा.वि. सी.सी.एफ -१ समेत गरी ३ पदको सूचना सार्वजनिक रूपमा प्रकाशन गरी मुचुल्का समेत गराइराखेको देखिन्छ । सो सूचना शिक्षा कार्यालय, गा.वि.स. कार्यालय तथा अन्य स्थानमा समेत टाँस गरी मुचुल्का गरिएको देखिन्छ । पदपूर्ति गरिने पदका लागि प्रतिस्पर्धीहरू भने पूर्ति गरिनुपर्ने संख्याभन्दा बढी नै देखिन्छन् तर वादी सो प्रक्रियामा संलग्न रहेका देखिँदैनन् । फाइलमा रहेका पदपूर्ति सम्बन्धी कागजातवाट वादीलाई बन्चित गर्ने गरी काम कारबाही भए गरेको भन्न सकिने आधार देखिँदैन । सार्वजनिक सूचनाको जानकारी लिने र आफू सो सूचना बमोजिम सहभागी हुने प्रक्रियामा वादीको अग्रसरता रहेको देखिन आएको छैन ।

यस अदालतले जालसाजी भनी विवादमा ल्याएको विषयमा विधिसम्मत् प्रक्रिया पूरा भएको छ छैन र वादीको हक मेटाउनेसम्मको कार्य भएको छ, छैन भन्नेसम्म हेर्ने हो । स्थानीय स्तरको पदपूर्ति प्रक्रियामा सबै कुराहरू ठीक दुरुस्त पनि नहुन सक्छन् । समष्टिगत रूपमा आधारभूत प्रक्रिया पूरा भएको छ छैन भन्ने कुरा नै महत्वपूर्ण हुन आउँछ । प्रस्तुत विवादमा सो आधारभूत प्रक्रिया पूरा भएको देखिन्छ । कानुन बमोजिम गरिएको काम कारबाहीबाट कसैलाई मर्का पर्ने अवस्था भएमा त्यसको उपचार अदालतबाट सम्भव नहुन  सक्छ ।

वादीतर्फका विद्वान् अधिवक्ताले पदपूर्ति/छनौट समितिले पछिल्लो दिनमा परीक्षा सञ्चालन गर्ने भनी माइन्युट लेखी अघिल्लो दिनमा नै परीक्षा लिएको कार्य बद्नियतपूर्ण र त्रुटिपूर्ण रहेको भनी बहसमा विशेष जोड दिनुभएको छ । सार्वजनिक हक र सरोकारका शन्दर्भमा यो जिकिर उपयुक्त भएपनि शिक्षक पदपूर्तिको प्रतिस्पर्धामा नै नरहेका वादीका तर्फबाट यो जिकिर लिनुको कुनै औचित्यपूर्ण र तर्कसंगत आधार देखिँदैन । प्रस्तुत विवाद निरोपणका लागि यस अदालतको यो नियमित उपचार उपयुक्त होइन । अनियमित र त्रुटिपूर्ण निर्णय बदर गर्ने र सच्चाउने अन्य विशेष उपचारतर्फ वादी उन्मुख भएको पनि देखिँदैन ।

अत : माथि उल्लिखित आधारहरुबाट विवादित शिक्षक पदको पदपूर्तिमा वादीले फिरादमा उल्लेख गरे जस्तो लुकीछिपी काम गरी वादीको हक मेटाउनेसम्मको कार्य गरेको भन्ने अवस्था विद्यमान देखिन नआएकोले शिक्षक पदपूर्ति सम्बन्धी कारबाहीलाई जालसाजी घोषित गरी विपक्षीहरूलाई कीर्ते जालसाजीमा सजाय गरी पाऊँ भन्ने वादीको फिराद दाबी पुग्न सक्तैन ।

फिराद दाबी पुग्न नसके बापत वादीलाई सजाय गर्नुपर्छ कि भन्नलाई गाउँघरमा शिक्षक नियुक्तिमा हुन सक्ने अनियमिततालाई चुनौती दिने र कसुरदारलाई दण्डित गर्ने प्रयोजनका लागि वादीले नालिस दिएको विषयलाई स्वाभाविक मान्नुपर्ने र त्यस्तो विषयमा दाबी नपुगेको कारणले सजाय गर्दा वादी जस्ता जो कोही व्यक्ति निरुत्साहित भई यस्तै प्रकृतिका विवादित विषय ओझेलमा परी दण्डहीनता बढ्ने सम्भावनालाई मध्यनजर राख्दा वादीलाई सजाय गर्न मनासिब नहुँदा दण्ड सजायको १८ नं. को अन्तिम वाक्यांश अनुसार वादीलाई कुनै सजाय समेत हुँदैन । अरू तपसिल बमोजिम गर्नू ।

## तपसिल

१. माथि ठहर खण्डमा लेखिए वमोजिम वादी दाबी नपुग्ने ठहरेकोले वादीलाई केही सजाय गर्नुपर्छ कि भन्नलाई मिसिल प्रमाणवाट वादीलाई सजाय गर्न उपयुक्त भएको नदेखिँदा मुलुकी ऐन, दण्ड सजायको महलको १८ नं. को अन्तिम वाक्यांश अनुसार केही गरिरहनु परेन ।

२. यो इन्साफमा चित्त नवुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्न जानु भनी वादीहरूको नाममा मुलुकी ऐन, अ.वं. १९३ नं. बमोजिम पुनरावेदनको म्याद जारी गर्नू ।

३. सरोकारवालाले फैसलाको नक्कल माग्न आए नियमानुसार सारी सराइदिनू ।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

फैसला तयार गर्ने डिट्ठा : सुनिता कार्की

**(जिल्ला न्यायाधीश)**

ईति संवत् २०६९ साल श्रावण २३ गते रोज ३ मा शुभम्............।

**श्री सुनसरी जिल्ला अदालत**
**इजलास**
**अतिरिक्त जिल्ला न्यायाधीश ब्रजेश प्याकुरेल**
**फैसला**
**संवत् २०६६ सालको सा.फौ.नं. २६-०६६-००७२१**
**निर्णय नं.५४३**

**मुद्दा :- जालसाज ।**

**वादीको नाम, थर, वतन**

बयानबहादुर गोदारको छोरा वुहारी, महेन्द्रवहादुर गोदारको श्रीमती पोखरा उप महानगरपालिका वडा नं. ११ रानीपौवा बस्ने किशोरी गोदार ..........१

ऐ. को प्रमाण :-
साक्षी :-
कागज :-

**प्रतिवादीको नाम, थर, वतन**

देवीप्रसाद उप्रेतीको छोरा कोसी अञ्चल सुनसरी जिल्ला इटहरी न. पा. वडा नं. ४ मा मुख्य कार्यालय रहेको नेमुनी हाउजिङ्ग कम्पनी प्रा.लि. का एकल संस्थापक तथा अध्यक्ष नारद उप्रेती ................................१
निज नारद उप्रेतीको एकाघरकी श्रीमती ऐ. ऐ. वडा नं. ४ बस्ने चन्द्रकला उप्रेती.................................१
निज नारद उप्रेतीकी विवाहिता छोरी तथा निर्मलकुमार रिजालकी श्रीमती ऐ. ऐ. वडा नं. १ बस्ने श्रीमती निर्मला रिजाल..............................................१

ऐ. को प्रमाण :-
साक्षी :-
कागज :-

**अदालतबाट बुझेको**
**साक्षी :-**
**प्रमाण :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकार अन्तर्गतको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ ।

**मुद्दाको संक्षिप्त तथ्य**

१. जिल्ला सुनसरी इटहरी न.पा. वडा नं. १(ग) कि. नं. २३१५, २३१३, २३१०, र २३१२ समेतको १-१२-० जग्गा ११ एघार लाख कट्ठाका दरले ३ करोड ५२ लाखमा म फिरादीले खरिद गर्ने गरी बैना बापत रु. १ करोड साविक जग्गाधनी महेशबहादुर सिंहलाई बुझाई बैना गरेको थिएँ । सो जग्गा मैले बैना गरेको थाहा पाई मिलीजुली लगानी गरौं भनी विपक्षी नेमुनी हाउजिङ्ग प्रा.लि. का संस्थापक नारद उप्रेतीले प्रस्ताव गरेकाले सोही प्रा.लि. को नाउँमा जग्गा खरिद गरी लिन म समेत सहमत भई मिति २०६२।१०।२३।१

मा मा.पो.का. सुनसरीबाट बैना गरिएको जग्गाहरू रजिस्ट्रेसन पारित गराई सोही जग्गा माछापुच्छ्रे बैंक इटहरीमा धितो राखी ऋण लिई प्लटिङ्ग गरी सोही जग्गा बिक्री समेत गरी ऋण चुक्ता गर्ने र बाँकी रहेको मुनाफा विपक्षी र म फिरादीले बाँडफाँड गर्ने सहमति भई मिति २०६२।१०।२९ मा करारनामा सम्पन्न भएको थियो । प्राप्त हुन आउने नाफामध्ये ५१% म फिरादीलाई र ४९% विपक्षीमध्येका नेमुनी हाउजिङ्ग कम्पनीका एकल संस्थापक अध्यक्ष नारद उप्रेतीलाई प्राप्त हुने सर्त उक्त करारनामामा उल्लिखित छ । विपक्षीले करार बमोजिम पारदर्शी व्यवहार नगरेकोले इटहरी गै बुझ्दा उल्लिखित जग्गाहरूमध्ये धेरैजसो बिक्री गरिसकेको केवल ०-४-१२¾ जग्गा बाँकी रहेको र सो जग्गामध्ये कित्ताकाट गरी कि. नं. २७१७ को ०-१-० जग्गा आफ्नी श्रीमती चन्द्रकला उप्रेती र २७१८ को ०-१-६ जग्गा विवाहिता छोरी निर्मला रिजाललाई बिक्री गरेको हुँदा करारनामाका प्रावधानहरू प्रतिकूल मलाई जानकारी नै नदिई आफूखुसी जग्गा बिक्री गरी लक्ष्य गरिएको भन्दा अत्यधिक मुनाफा गरी सो मुनाफा एकलौटी रूपमा उपभोग गरिसकेको र करारनामामा उल्लिखित सर्तहरू अनुसार मलाई जानकारी नै नगराई मेरो समेत हक लाग्ने गरी कम्पनीका नाममा रहेका सो जग्गाहरू मेरो स्वीकृतिबिना नै विपक्षीले आफ्ना एकाघरकी श्रीमती तथा विवाहिता छोरीका नाममा बिक्री तथा नामसारी गरी दिनु लिनु एवं बाँकी जग्गाहरू बैना गर्नेसम्मका कार्यहरू विपक्षीहरूबाट भएकोले सो जग्गाको वास्तविक मूल्य तथा वास्तविक मुनाफा सम्बन्धमा विपक्षीले मलाई गुमराहमा राखी लक्षित नाफा प्राप्त गर्नबाट वञ्चित गर्ने कार्य गरेका एवं सो जग्गा प्लटहरूलाई आफ्नो निजी स्वार्थमा जालसाजीपूर्ण रूपमा अन्यथा उपभोग गरी मेरो हक कुण्ठित गर्ने, मेटाउने समेतको कार्य गरेकोले विपक्षीहरूले जानीजानी मिलीजुली मेरोविरुद्ध मुलुकी ऐन किर्ते कागजको महलको ३ नं. को कसुर गरेकाले विपक्षीहरूलाई ऐजन महलको ७ नं. एवं १० नं. बमोजिम हदैसम्मको सजाय गरी पाऊँ भन्ने व्यहोराको वादीको मुख्य फिराद दाबी रहेको देखिन्छ ।

२. वादी दाबी सम्पूर्ण झुट्ठा हो, वादीलाई फिराद गर्ने हकदैया नै कुनै कानुनले नदिएका अवस्थामा विपक्षी वादीको हकै नपुग्ने जग्गा विपक्षी बनाइएका व्यक्तिहरूले बैंकबाट पारदर्शी ढंगबाट ऋण लिई कम्पनीबाट खरिद गरी लिएका जग्गालाई जालसाजी भन्नु हास्यास्पद हो । वादी दाबी बमोजिमको त्यस्तो कुनै काम कुरा कम्पनीबाट भए गरेको नहुँदा मेरो साक्षी सबुद प्रमाण बुझी वादी दाबी खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी नेमुनी हाउजिङ्ग प्रा.लि. का अधिकार प्राप्त अध्यक्ष नारद उप्रेतीले फिराएको प्रतिउत्तर पत्र ।

३. हामीले मिश्रित दायित्व भएको कम्पनीबाट जग्गा लिएका हौं । नारद उप्रेतीबाट लिएका होइनौं । विपक्षी र कम्पनीबीच सम्बन्ध छ छैन हामीलाई थाहा हुने कुरा पनि होइन, सरोकारको विषय पनि होइन । हामीले पारदर्शी ढंगबाट बैंकमा जग्गा धितो बन्धक राखी ऋण लिई जग्गा खरिद गरेकोलाई जालसाज भन्नु त्योभन्दा ठूलो मूर्खता केही हुन सक्दैन । हामी सरहका कैयौं व्यक्तिले कम्पनीसँग जग्गा सोही मितिमा लिनु दिनु गरेका छन् । अन्य व्यक्ति उपर जालसाज भयो भनी मुद्दा दायर नगरी हामी उपर मात्र जालसाजी भयो भनी गरिएको फिराद दाबी झुट्ठा हो । कम्पनीको दर्ता श्रेस्ता भएको तर विपक्षीको कुनै हक अधिकार नभएको जग्गा हामीले खरिद गरी लिएको हुँदा झुट्ठा वादी दाबी खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादीहरू निर्मला रिजाल र चन्द्रकला उप्रेतीको संयुक्त प्रतिउत्तर पत्र रहेको देखिन्छ ।

४. यस अदालतको आदेशानुसार बादीका साक्षी हरि भण्डारी प्रतिवादीका साक्षी सुरेन्द्र गुरागाईले बकेको बकपत्र मिसिल संलग्न रहेको देखिन्छ । यस अदालतको आदेशानुसार माग भएको विवादित राजीनामाको प्रमाणित प्रतिलिपि मिसिल संलग्न रहेको देखिन्छ । साथै यिनै वादीले प्रतिवादीहरूमध्ये नारद उप्रेती

प्रतिवादी भएको करारको परिपालना गराई रकम असुल उपर गराई पाऊँ भन्ने २०६६ को दे. नं. १४७१ को मुद्दा समेत यसै लगाउमा रहेको देखिन्छ ।

## अदालतको ठहर

५. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता माधवप्रसाद कोइराला तथा मणिराज दुलालको र प्रतिवादी तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता विपुलेद्र चक्रवर्ती तथा विद्वान् अधिवक्ता प्रकाश उप्रेतीको बहस सुनियो । वादीले फिरादपत्रमा उल्लेख गरे अनुसार प्रतिवादीहरूले जालसाज गरेका हुन् वा होइनन् ? प्रतिवादीहरूलाई सजाय गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

६. निर्णयतर्फ विचार गर्दा यसमा जिल्ला सुनसरी इटहरी न.पा. वडा नं. १(ग) कि. नं. २३१५, २३१३, २३१० र २३१२ समेतको १-१२-० जग्गा प्रतिकट्ठा ११ एधार लाखका दरले ३ करोड ५२ लाखमा म फिरादीले खरिद गर्ने गरी बैना बापत रु. १ करोड साविक जग्गाधनी महेशबहादुर सिंहलाई बुझाई बैना गरेकोमा सोही जग्गा माछापुच्छ्रे बैंक इटहरीमा धितो राखी ऋण लिई प्लटिङ्ग गरी बिक्री समेत गरी ऋण चुक्ता गर्ने र बाँकी रहेको मुनाफा विपक्षी र म फिरादीले बाँडफाँड गरी लिने सहमति भई मिति २०६२।१०।२९ मा करारनामा सम्पन्न भएको थियो । तर विपक्षीले करारनामाका प्रावधानहरू प्रतिकूल पारदर्शी व्यवहार नगरी धेरैजसो जग्गाहरू बिक्री गरिसकेको र सो जग्गामध्ये कित्ताकाट गरी कि.नं. २७१७ को ०-१-० जग्गा आफ्नी श्रीमती प्रतिवादी चन्द्रकला उप्रेती र कि.नं. २७१८ को ०-१-६ जग्गा आफ्नै विवाहितत छोरी प्रतिवादी निर्मला रिजाललाई बिक्री गरेको एवं बाँकी जग्गाहरू बैना गर्नेसम्मका कार्यहरू विपक्षीहरूबाट भएकोले मलाई गुमराहमा राखी लक्षित नाफा प्राप्त गर्नबाट वञ्चित गर्ने कार्य गरेको एवं सो जग्गा प्लटहरूलाई आफ्नो निजी स्वार्थमा जालसाजीपूर्ण रूपमा अन्यथा उपभोग गरी मेरो हक कुण्ठित गर्ने, मेटाउने समेतको कार्य गरेकोले विपक्षीहरूले जानीजानी मिलीजुली मेरोविरुद्ध मुलुकी ऐन किर्ते कागजको महलको ३ नं. को कसुर गरेकाले विपक्षीहरूलाई ऐ. महलको ७ नं. एवं १० नं. बमोजिम हदैसम्मको सजाय गरी पाऊँ भन्ने व्यहोराको वादीको मुख्य फिराद दाबी रहेको देखिन्छ ।

७. वादी दाबी सम्पूर्ण झुट्टा हो । वादीलाई फिराद गर्ने हकदैया नै कुनै कानुनले नदिएका अवस्थामा विपक्षी वादीको हकै नपुग्ने जग्गा प्रतिवादी बनाइएका व्यक्तिहरूले बैंकबाट पारदर्शी ढंगबाट ऋण लिई कम्पनीबाट खरिद गरी लिएका जग्गालाई जालसाजी भन्नु हास्यास्पद हो । वादी दाबी बमोजिमको त्यस्तो कुनै काम कुरा कम्पनीबाट भए गरेको नहुँदा मेरो साक्षी सवुद प्रमाण बुझी वादी दाबी खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी नेमुनी हाउजिङ्ग प्रा.लि. का अधिकार प्राप्त अध्यक्ष नारद उप्रेतीले फिराएको प्रतिउत्तर पत्र । हामीले मिश्रित दायित्व भएको कम्पनीबाट जग्गा लिएका हौं । नारद उप्रेतीबाट लिएका होइनौं । विपक्षी र कम्पनीबीच सम्बन्ध छ छैन हामीलाई थाहा हुने कुरा पनि होइन । सरोकारको विषय पनि होइन । हामीले पारदर्शी ढंगबाट बैंकमा जग्गा धितो बन्धक राखी ऋण लिई जग्गा खरिद गरेकोलाई जालसाज भन्नु त्योभन्दा ठूलो मूर्खता केही हुन सक्दैन । हामी सरहका कैयौं व्यक्तिले कम्पनीसँग जग्गा सोही मितिमा लिनु दिनु गरेका छन् । अन्य व्यक्ति उपर जालसाज भयो भनी मुद्दा दायर नगरी हामी उपर मात्र जालसाजी भयो भनी गरिएको फिराद दाबी झुट्टा हो । कम्पनीको दर्ता श्रेस्ता भएको विपक्षीको कुनै हक अधिकार नभएको जग्गा हामीले खरिद गरी लिएको हुँदा झुट्टा वादी दाबी खारेज गरी पाऊँ भन्ने व्यहोराको प्रतिवादीहरू निर्मला रिजाल र चन्द्रकला उप्रेतीको संयुक्त प्रतिउत्तर पत्र रहेको देखिन्छ ।

८. वादीको फिराद दाबी प्रतिवादीहरूको प्रतिउत्तर जिकिर एवं साक्षीहरूको बकपत्र समेत भएको प्रस्तुत

मुद्दामा वादीले फिराद दाबी गरेको कि.नं. २७१७ को क्षे. ०-१-० जग्गा र कि. नं. २७१८ क्षे ०-१-६ का जग्गाहरू प्रतिवादी नारद उप्रेतीले आफू एकल सञ्चालक अध्यक्ष रहेको नेमुनी हाउजिङ्ग कम्पनीको नाउँबाट आफ्ना एकासगोलका श्रीमती चन्द्रकला उप्रेती तथा आफ्नी विवाहिता छोरी निर्मला रिजालको नाउँमा हक हस्तान्तरण गरेको देखियो । त्यस्तै प्रतिवादीहरू चन्द्रकला उप्रेती तथा निर्मला रिजालले पनि एउटै परिवारको र नजिकको नाताको पतिपिताबाट व्यावसायिक सरोकार र संलग्नताको गलत फाइदा उठाई जानाजान जग्गाहरू खरिद गरेको देखियो । कुनै पनि कम्पनी कानुनी व्यक्ति हुने र यसका संस्थापक एवं सञ्चालकले कम्पनीले गरेको कार्यको दायित्व (Corporate Liability) बहन गर्नुपर्ने सर्वमान्य सिद्धान्त रही आएको छ । कम्पनीका सञ्चालकले यसका सेयरहोल्डर, लगानीकर्ता, अन्य सञ्चालक, हिस्सेदार वा सरोकार राख्ने व्यक्तिको समेत अहित हुने गरी अपारदर्शी रूपले गरेको कार्यलाई पर्दा पछाडि गरेको कार्यको संज्ञा दिई गैरकानुनी ठहराउने (Lifting the Corporate Veil) पद्धतिको विकास कम्पनी कानुनको क्षेत्रमा व्यापक रहे भएको पाइन्छ । प्रस्तुत मुद्दामा पनि प्रतिवादी नारद उप्रेती नेमुनी हाउजिङ्ग कम्पनीको एकल संस्थापक अध्यक्ष रहेको र जग्गा खरिद गरिलिने प्रतिवादीहरू चन्द्रकला उप्रेती तथा निर्मला रिजाल आफ्नै परिवारको सदस्य रहेको अवस्थामा निजहरूले विवादित वादी दाबीको जग्गाहरू खरिद मूल्यभन्दा कम मूल्यमा लिने दिने गरी गरेको कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिको हकमा कानुनसम्मत व्यवहार भएको मान्न सकिने अवस्था देखिँदैन ।

९. तसर्थ वादीले फिराद दाबी गरेको कि. नं. २७१७ को क्षे. ०-१-० जग्गा प्रतिवादी नारद उप्रेतीले आफ्नी श्रीमती चन्द्रकला उप्रेतीको नाउँमा र कि.नं. २७१८ क्षे ०-१-६ को जग्गा आफ्नी विवाहिता छोरी निर्मला रिजालको नाउँमा मिति २०६५।८।१६ मा खरिद मुल्यभन्दा कम मूल्यमा राजीनामा पारित गरी लिने दिने गरेको व्यवहार शुद्ध एवं कानुन सम्मत ढंगले गरेको मान्न सकिएन । अतः प्रतिवादीहरूले मुलुकी ऐन किर्ते कागज महलको ३ नं. अनुसार वादीको हक मेट्ने तथा नोक्सान पर्ने गरी जालसाज पूर्ण कार्य गरेको देखियो । तसर्थ प्रतिवादीहरूलाई निजहरूले उल्लिखित जग्गा पारित गरी दिँदा लिँदा लिखतमा खुलाएको बिगोलाई मूल बिगो कायम गरी किर्ते कागजको महलको ऐ १० नं. बमोजिम जरिवाना हुने ठहर्दछ । साथै वादीले किर्ते कागजको ७ नं. बमोजिम बिगो भराउने समेतको दाबी गरेको भए तापनि वादीले लगाउको दे.नं. १४७१ को करारको परिपालना गराई रकम असुल उपर गराई पाऊँ भन्ने मुद्दामा प्रतिवादीबाट रकम भराई पाउने ठहर भै आजै फैसला भएको हुँदा त्यस सम्बन्धमा केही गरिरहनुपर्ने देखिएन । सो ठहर्नाले अरू तपसिल बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरूलाई लिखतमा खुलेको बिगोको सयकडा २५ प्रतिशतले हुने देहायको रकम किर्ते कागजको १० नं. ले जरिवाना हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादीहरूका नाममा जरिवानाको लगत कसी असुल उपर गर्नू ..........................................................................१

क) प्रतिवादी चन्द्रकला उप्रेतीले पारित गरी लिएको कि.नं. २७१७ को क्षे. ०-१-० जग्गा को पारित लिखतमा उल्लिखित रकम रु. ८ लाखको २५ प्रतिशतले हुने रकम रु. २,००,०००।- (रुपैयाँ दुई लाख) प्रतिवादी चन्द्रकला उप्रेतीलाई जरिवाना हुने ठहरेको हुँदा लगत कसी निजबाट असूल उपर गर्नू ।

ख) प्रतिवादी निर्मला रिजालले पारित गरी लिएको कि.नं. २७१८ को क्षेत्रफल ०-१-६ को जग्गा को पारित लिखतमा उल्लिखित रकम रु. १० लाख ४० हजारको २५ प्रतिशतले हुने रकम रु.

२,६०,०००।- (रुपैयाँ दुई लाख साठी हजार) प्रतिवादी निर्मला रिजाललाई जरिवाना हुने ठहरेको हुँदा लगत कसी निजबाट असूल उपर गर्नू ।

ग) प्रतिवादी नारद उप्रेतीले प्रतिवादी चन्द्रकला उप्रेती तथा प्रतिवादी निर्मला रिजाललाई पारित गरिदिएको दुवै लिखतमा उल्लिखित रकम जम्मा १८ लाख ४० हजारको २५ प्रतिशतले हुने रकम रु. ४,६०००,०००।- (रुपैयाँ चार लाख साठी हजार) प्रतिवादी नारद उप्रेतीलाई जरिवाना हुने ठहरेको हुँदा लगतकसी निजबाट असुल उपर गर्नू ।

२ यो फैसलामा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन गर्नू भनी प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनू ..........................................................................२

३. सरोकारवालाले नक्कल मागे कानुनको रीत पुऱ्याई सारी सराइदिनु र मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू .......................................................................... ३

यो पाना ५ को फैसला माननीय जि.न्या.
ज्यूबाट बोली टिपाए बमोजिम लेख्ने
ना.सु. लेखबहादुर कोइराला, फाँट
कम्प्युटर : कान्त

**जिल्ला न्यायाधीश**

**ईति संवत् २०६९ साल वैशाख १० गते रोज १ शुभम् ...........**

**श्री सुनसरी जिल्ला अदालत**
**इजलास**
**अतिरिक्त जिल्ला न्यायाधीश ब्रजेश प्याकुरेल**
**फैसला**
**संवत् २०६६ सालको स.फौ.नं. २६-०६६-२६३९**
**निर्णय नं. १०३**

**मुद्दा :- झुठ्ठा विवरण पेस गरी नागरिकता लिएको ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| प्र.स.नि.बलबहादुर थापाको प्रतिवेदनले नेपाल सरकार..............................................१ | भारत विहार बस्ने वासुदेव साहको छोरा हाल क्षेत्रीय कारागार झुम्कामा थुनामा रहेका चन्देश्वर साह......१<br>ऐ. ऐ. स्थायी घर भई हाल जि.सु.सत्तेरझोरा वडा नं. ६ बस्ने निजै चन्देश्वर साहको छोरा दिलीपकुमार साह ..................................................... |
| ऐ. ऐ. को प्रमाण :-<br>साक्षी :-<br>कागज :- | ऐ. ऐ. को प्रमाण :-<br>साक्षी :-<br>कागज :- |

**अदालतबाट बुझेको**
**साक्षी :-**
**प्रमाण :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकार अन्तर्गतको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य ठहर यस प्रकार छ ।

१. मिति २०६६।२।२७ गते जिल्ला सुनसरी सत्तेरझोरा गा.वि.स. वडा नं. ६ बस्ने चन्देश्वर साहको छोरा दिलीपकुमार साहले झुट्ठा विवरण पेस गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको भन्ने कुरा जि.स.व.का.को पत्र समेतबाट खुल्न आएको र सो सम्बन्धमा निज उपर आवश्यक कारबाही गरी पाउन प्रतिवेदन पेस गरेको छु भन्ने समेत व्यहोराको प्र.स.नि.बलबहादुर थापाको प्रतिवेदन ।

२. मेरो जन्म जिल्ला सुनसरी इनरुवा न.पा. वडा नं. ७ अन्तर्गत भएको भए पनि मैले हाम्रो परिवार सत्तेरझोरा ६ मा बसाइ सरी गए पश्चात् जन्म दर्ता गरेको र मेरो बुवा चन्देश्वर साहले नेपाली नागरिकताको प्रमाणपत्र लिएपछि मलाई समेत बुवाले नागरिकता बनाइदिन्छु भनी वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र बनाएको र सोकै आधारमा पासपोर्ट समेत बनाएको हुँ । सो क्रममा मलाई मेरो बुवाको नागरिकता प्रमाणपत्र झुट्ठा विवरण पेस गरी प्राप्त भएको भन्ने जानकारी थिएन भन्ने समेत व्यहोराको दिलीपकुमार साहको बयान ।

३. प्रतिवादी दिलीपकुमार साहको परिवार भारतबाट आई इनरुवामा बसोबास गर्दै २ वर्ष पहिला निजहरू इनरुवाबाट सत्तेरझोरा बसाइ सरी आएको र निज दिलीपकुमारको जन्म के कहाँ भएको हो सो थाहा

भएन निजले नेपाली नागरिकताको प्रमाणपत्र बनाएका हुन् भन्ने समेत व्यहोराको समिम खाँ समेतले लेखाइदिएको वस्तुस्थिति मुचुल्का ।

४. झुठ्ठा विवरण पेस गरी नेपाली नागरिकताको प्रमाणपत्र लिने प्रतिवादी दिलीप कुमार साहको उक्त कार्य नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) बर्खिलाप कसुर देखिँदा निज प्रतिवादी दिलीपकुमार साहलाई ऐ को २१(१) नं. बमोजिम सजाय हुन र निज दिलीपकुमारलाई नागरिकता दिलाउने निजका बाबु चन्देश्वर साहलाई ऐ ऐनको दफा २१(२) नं. बमोजिम सजाय गरी प्रतिवादी दिलीपकुमार साहले झुठ्ठा विवरण पेस गरी लिएको नागरिकताको आधारमा सुनसरी जिल्ला प्रशासनबाट राहदानी बनाएको हुँदा निज दिलीपकुमार साहको उक्त कार्य राहदानी ऐन, २०२४ को दफा ५ बर्खिलाप कसुर देखिँदा सोही ऐनको दफा ५ बमोजिम सजाय हुनका लागि समेत लिइएको मिति २०६६।१२।२४ को अभियोग पत्र ।

५. मेरो जन्म मिति २०५०।७।१४ मा इनरुवा ७ सुनसरीमा भएको हो । पछि बसाइ सरी सत्तेरझोरा गा.वि.स ६ सुनसरीमा गै हालसम्म त्यही बसोवास छ । मैले वंशजको आधारबाट सुनसरी जिल्ला प्रशासनबाट नागरिकता लिई राहदानी समेत लिएको हुँ । अभियोग दाबी बमोजिम मलाई सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी दिलीपकुमार साहले अदालतमा गरेको बयान ।

६. मेरा बाबु वासुदेव नै इनरुवा न.पा. ७ सुनसरीमा बसोवास गर्दै आएका र मेरो जन्म समेत त्यहीँ भएको हो । म नेपाली नागरिक हुँ । हाल सत्तेरझोरा गा.वि.स. ६ सुनसरीमा बसोवास छ । मैले २०६३।१०।१४ मा नागरिकता टोलीबाट नागरिकता लिएको हुँ । दिलीपकुमार समेतले सत्तेरझोरा गा.वि.स वडा नं. ६ बाट नागरिकता लिएको हो । विद्यालयको प्रमाणपत्र सम्बन्धित गा.वि.स. को सिफारिस र अनुसूचीमा मैले सनाखत गरी दिलीपले नागरिकता लिएको हो । झुठ्ठा विवरण पेस गरी नागरिकता लिएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी चन्देश्वर साहले अदालत समक्ष गरेको बयान ।

७. प्रतिवादीहरूका साक्षी लक्ष्मी सरदार र गणेशी पण्डितले र वादीका साक्षी जुगेश्वर यादव, धीरेन्द्र यादव जमसेद खाँले गरेको बकपत्र मिसिल सामेल रहेको ।

## अदालतको ठहर

८. नियम बमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी प्रतिवादी तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस सुनियो ।

९. प्रतिवादी दिलीपकुमार साहले झुठ्ठा विवरण पेस गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको कार्य नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) बर्खिलाप कसुर देखिँदा निज प्रतिवादीलाई ऐ दफा २१(१) नं. बमोजिम सजाय हुन र निज प्रतिवादी दिलीप कुमारलाई नागरिकता दिलाउने निजका बाबु चन्देश्वर साहलाई ऐ ऐनको दफा २१(२) नं. बमोजिम सजाय गरी प्रतिवादी दिलीपकुमार साहले उक्त नागरिकताको आधारमा सुनसरी जिल्ला प्रशासनबाट राहदानी समेत बनाएको कार्य राहदानी ऐन, २०२४ को दफा ५ बर्खिलाप कसुर देखिँदा सोही ऐनको दफा ५ बमोजिम समेत सजाय हुन समेतको अभियाग दाबी भएको प्रस्तुत मुद्दामा अभियोजन पक्षले लिएको अभियोग दाबी, प्रतिवादीहरूको बयान एवं विद्वान् कानुन व्यवसायीहरूको बहस जिकिर तथा मिसिल संलग्न प्रमाणहरू समेत अध्ययन गर्दा प्रस्तुत मुद्दामा मुख्यतया निम्न प्रश्नहरूमा निर्णय गर्नुपर्ने देखियो ।

(क) प्रतिवादी दिलीपकुमार साहले झुट्ठा विवरण दिई नेपालको नागरिकता प्राप्त गरेको हो वा होइन ? र सो कार्यमा निजका बाबु चन्देश्वर साहले जानीजानी मद्दत एवं सहयोग गरेको हो वा होइन ?

(ख) प्रतिवादीहरूलाई अभियोग दाबी अनुसार सजाय हुनुपर्ने हो वा होइन ?

१०. पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा प्रतिवादी दिलीपकुमार साहले अदालत समेतमा बयान गर्दा मेरो जन्म मिति २०५०।७।१४ मा इनरुवा ७ सुनसरीमा भएको र पछि बसाइ सरी सत्तेरझोरा गा.वि.स. ६ सुनसरीमा गै बसोवास गरेको छु। बुवा चन्देश्वर साहले नेपाली नागरिकताको प्रमाणपत्र लिएपछि मलाई समेत नागरिकता बनाइदिन्छु भनी निजको सहयोगमा वंशजको आधारबाट सुनसरी जिल्ला प्रशासनबाट नागरिकता लिई राहदानी समेत लिएको हुँ। अभियोग दाबी बमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्ने बयान गरेको पाइन्छ।

११. अर्का प्रतिवादी चन्देश्वर साहले अदालतमा बयान गर्दा बाबु वासुदेव जिल्ला सुनसरी इनरुवा न.पा. ७ मा बसोवास गर्दै आएका र मेरो जन्म समेत त्यहीँ भएको हो। म नेपाली नागरिक हुँ। हाल सत्तेरझोरा गा.वि.स. ६ मा बसोवास छ। मैले २०६३।१०।१४ मा नागरिकता टोलीबाट नागरिकता लिएको हुं। मेरो छोरा दिलीपकुमार समेतले सत्तेरझोरा गा.वि.स वडा नं. ६ बाट नागरिकता लिएको हो। झुट्टा विवरण पेस गरी नागरिकता लिएको होइन भन्ने समेत व्यहोराको बयान गरेको पाइन्छ।

१२. मिसिल संलग्न प्रतिवादी दिलीपकुमार साहको नागरिकता हेर्दा निजले जिल्ला प्रशासन कार्यालय सुनसरीबाट मिति २०६६।२।२७ मा ना.प्र.नं. ०६१०२३।३८४३९ नं.को वंशजको नागरिकता लिएको देखिन्छ। उक्त नागरिकतामा निजको जन्ममिति २०४८।७।१४ भन्ने उल्लेख भएको समेत पाइन्छ। तर निज प्रतिवादी दिलीपकुमार साहले अदालत समेतमा बयान गर्दा आफू २०५०।७।१४ मा जन्मेको हुँ भनी फरक व्यहोरा लेखाएको पाइन्छ।

१३. कुनै पनि व्यक्तिले नेपालको प्रचलित कानुन अनुसार वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने आधार के रहेछ भन्ने सम्बन्धमा विचार गर्दा प्रचलित नेपाल नागरिकता ऐन, २०६३ को व्यवस्था हेर्नु उपयुक्त हुने देखिन्छ जुन यस प्रकार छ :

**नेपाल नागरिकता ऐन २०६३ को दफा ३ को व्यवस्था**

**दफा ३. वंशजको नाताले नेपाली नागरिकता प्राप्ति :**

(१) कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा दफा ५ को उपदफा (२) बमोजिम हुनेछ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ।

१४. उल्लिखित नेपाल कानुनले गरेको व्यवस्था अनुसार कुनै पनि व्यक्ति वंशजको आधारमा नेपालको नागरिक हुन निज नेपाल सरहदभित्र जन्मँदा निजको बाबु वा आमा नेपालको नागरिक हुनुपर्ने अनिर्वाय व्यवस्था गरेको पाइन्छ। वंशजको नागरिकता हुन व्यक्तिको राज्यसँगको नाता सम्बन्ध वंशाणुगत हुनुपर्ने मान्यताले निर्देशित छ यो व्यवस्था। अर्थात् मातृभूमिसँग वंशको नाता सम्बन्ध हुनु जरुरी छ। वंशजको नाता सम्बन्ध एवं आधार नभएको तर नेपालको नागरिक हुने अन्य हैसियत धारण गर्ने व्यक्तिको सम्बन्धमा प्रचलित कानुनले छुट्टै व्यवस्था गरेको हुन सक्दछ। तर कुनै व्यक्ति आफूलाई वंशजको नाता र सम्बन्धको आधार देखाई नेपालको नागरिक बन्न चाहन्छ भने निजले कानुनद्वारा निर्धारित आधार र प्रक्रिया पूरा गर्नैपर्दछ। अर्थात् निजले आफू जन्मँदा आफ्नो बाबु वा आमा नेपालको नागरिक हो भन्ने कुरा प्रमाणद्वारा

पुष्टि गर्नैपर्ने हुन्छ । अन्यथा निजले प्राप्त गरेको वंशजको नागरिकता कानुन सम्मत मान्न सकिँदैन ।

१५. प्रस्तुत मुद्दामा निज प्रतिवादी दिलीपकुमार साहले बयान गर्दा बाबु चन्देश्वर साहले नागरिकता लिएपछि बुवाले मेरो पनि वंशजको नागरिकता बनाइदिएको हो । मैले वंशजको आधारमा नागरिकता लिएको र राहदानी समेत बनाएको छु भनी बयान गरेको पाइन्छ । निजको जन्म निजकै बयान अनुसार २०५०।७।१४ भएको तर निजले लिएको नागरिकता प्रमाणपत्रमा २०४८।७।१४ भन्ने उल्लेख भएको पाइन्छ । निज प्रतिवादी दिलीपकुमार साहका बाबु प्रतिवादी चन्देश्वर साहले २०६३।१०।१४ मा नेपालको जन्मको आधारमा नागरिकता प्राप्त गरेको समेतका आधार प्रमाण हेर्दा निज प्रतिवादी दिलीपकुमार साहको जन्म हुँदाको अवस्थामा निजको बाबु तथा आमा कोही पनि नेपालको नागरिक नभए नरहेको भन्ने तथ्य प्रस्ट भइरहेको देखिन्छ ।

१६. प्रतिवादीले वंशजको आधारमा नागरिकता प्राप्त गर्न पेस गरेको विवरणमा बाबु नेपालको नागरिक भएको भन्ने आधार देखाए पनि आजै फैसला भएको स.फौ.नं.२३२० को झुट्ठा विवरण पेस गरी नागरिकता लिएको भन्ने मुद्दामा निजका बाबु चन्देश्वर साहको नागरिकता झुट्ठा विवरण पेस गरी लिएको भन्ने ठहर भै निजलाई सजाय समेत हुने गरी फैसला भएको हुँदा त्यस्तो दूषितढंगबाट नागरिकता लिने बाबुको नागरिकतालाई प्रमाणको रूपमा पेस गरी सोही आधारमा निज प्रतिवादी दिलीपकुमार साहले प्राप्त गरेको वंशजको नागरिकता पनि सत्य साँचो विवरण उल्लेख गरी प्राप्त गरेका रहेछन् भनी मान्न सकिने अवस्था देखिँदैन ।

१७. प्रतिवादी दिलीपकुमार साहलाई बाबुको वास्तविक हैसियत जानकारी नहुन सक्दछ तर निजलाई थाहा जानकारी नभएकै कारणले मात्र दूषित स्रोत तथा प्रमाणको आधारबाट निजले प्राप्त गरेको वंशजको नागरिकता वैधानिक हुन सक्दैन । किनकि दूषित स्रोतबाट प्राप्त प्रतिफल पनि दूषित नै हुन्छ भन्ने सिद्धान्तले पनि यस कुरालाई निषेधित गर्दछ । दूषित प्रतिफलको सिद्धान्त Fruit of poisonous tree doctrine को सन्दर्भमा Rolando V. Del Carmen ले आफ्नो पुस्तक Criminal Procedural for law Enforcement Personnel मा यस प्रकार विवेचना गरेका छन् :

Any evidence (verbal or physical) that is the direct or indirect result of the initial illegally obtained evidence is known as fruit of the poisonous tree and must also be excluded. The "fruit of the poisonous tree" doctrine states that once the primary source (the "tree") is shown to have been unlawfully obtained, any secondary evidence –the "fruit") derived from it is also inadmissible (Silverthorne Lumber Co., Inc. v. United States, 251 U. S. 385 (1920). This rule is based on the principle that evidence illegally obtained should not be used to gain other evidence because the original illegally obtained evidence "taints" all evidence sub-sequently obtained. The tainted secondary or derivative evidence can take various forms. Criminal Procedural for law Enforcement Personnel, Rolando V. Del Carmen, Sam Huston State University, 1987.

अर्थात् प्रारम्भिक रूपमा गैरकानुनी ढंगबाट प्रत्यक्ष वा अप्रत्यक्ष परिणामको रूपमा प्राप्त गरिएको कुनै पनि मौखिक वा भौतिक प्रमाण नै विषाक्त वृक्षको फल (fruit of the poisonous tree) समान हो जसलाई अनिवार्य रूपमा बाहेक गरिनुपर्दछ भन्ने भनाइ रहेको छ । यो सिद्धान्तले के कुरामा जोड दिन्छ भने प्रारम्भिक स्रोत (primary source) को रूपमा प्राप्त गरिएको प्रमाण गैरकानुनी ढंगबाट प्राप्त गरिएको छ भने त्यो दूषित प्रमाण हो र त्यस्तो प्रमाणको आधारमा संकलन वा सिर्जना गरिएको अन्य तथा सहायक प्रमाण पनि दूषित प्रमाणको रूपमा ग्रहण योग्य हुन सक्दैन ।

१८. प्रस्तुत मुद्दामा पनि प्रतिवादी दिलीपकुमार साहले जिल्ला प्रशासन कार्यालय सुनसरीबाट प्राप्त गरेको वंशजको नागरिकता निजले बाबु चन्देश्वर साह नेपालको नागरिक भएको आधारमा सोही विवरण

उल्लेख गरी नागरिकता लिएको देखिएको छ । तर निजको जन्म हुँदा निजको बाबु चन्देश्वर साह नेपालको नागरिक नभएको र अर्कोतर्फ निजको बाबु प्रतिवादी चन्देश्वर साहले जन्मको आधारमा लिएको नागरिकता पनि आजै फैसला भएको स.फौ.नं. २३२० को झुट्ठा विवरण पेस गरी नागरिकता लिएको भन्ने मुद्दामा कसुर ठहर भै प्रतिवादी चन्देश्वर साह समेतलाई सजाय हुने ठहर भएको अवस्थामा निज प्रतिवादी दिलीपकुमार साहले नागरिकता प्राप्त गर्न पेस गरेको विवरणमा उल्लिखित बाबुको नागरिकता नै गैरकानुनी र कसुरजन्य भएको अवस्थामा विषाक्त वृक्षको फल (fruit of the poisonous tree) समान निजको नागरिकता पनि कानुन सम्मत र सही विवरण पेस गरी प्राप्त गरेको भनी मान्न सकिने अवस्था हुँदैन । जसको बाबु नेपालमा नागरिक हुन सक्ने हैसियत नभएको व्यक्ति हो त्यस्ता बाबुको छोरा वंशजको नागरिक हुन सक्ने कानुनी व्यवस्था नेपाल कानुनमा रहे भएको पनि पाइँदैन ।

१९. कुनै पनि व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्ने आधार धारण गर्नु र वंशजको आधारमा नागरिकता प्राप्त गर्ने आधार दाबी गर्नु फरक फरक कुरा हुन् । नागरिकता प्राप्त गर्ने विभिन्न आधार हुन सक्दछन् । तर वंशजको आधारमा नागरिकता प्राप्त गर्न कानुनले निर्देशित गरेको आधार र प्रमाण पर्याप्त र शंकारहित हुन आवश्यक हुन्छ । किनकि नागरिकता पाउने हैसियत भएका सबै नेपाली नागरिक वंशजको आधारमा नागरिक हुन सक्दैनन । न त सबै व्यक्ति नेपालमा बसोवास गरेको वा जन्मेको आधारमा नै नेपालको नागरिक हुन सक्दछन् । नेपालको नागरिक हुन तत्काल प्रचलित वा हाल प्रचलित नेपाल नागरिकता ऐनले निर्धारण गरेको कानुनी आधार र प्रक्रिया अवलम्बन गरेको हुनु आवश्यक छ ।

२०. तसर्थ माथि प्रकरण प्रकरणमा विवेचना गरिएको आधारबाट प्रस्तुत मुद्दामा निज प्रतिवादी दिलीपकुमार साहले वंशजको आधारमा नागरिकता प्राप्त गर्न लिएको आधार स्रोत नै कानुन विपरीत भै दूषित देखियो । निजले झुट्ठा विवरण पेस गरी नागरिकता लिएको हुँदा अभियोग दाबी अनुसार नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) को कसुर गरेको देखियो । अर्का प्रतिवादी चन्देश्वरले आफूले गैरकानुनी ढंगबाट झुट्ठा विवरण पेस गरी नागरिकता लिएको तथ्यलाई लुकाई छोराको वंशजको नागरिकता प्राप्त गर्ने कार्यमा झुट्ठा विवरण देखाई दिएको कारणबाट निज प्रतिवादी चन्देश्वर साहले पनि अभियोग दाबी अनुसार ऐ. दफा २१(२) को कसुर गरेको देखियो ।

२१. अब दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा प्रतिवादी दिलीपकुमार साहले लिएको नेपालको वंशजको नागरिकता झुट्ठा विवरण दिई लिएको देखिएको हुँदा अभियोग दाबी अनुसार नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) को कसुर गरेको देखिँदा सजाय सम्बन्धमा विचार गर्दा निजलाई सोही दफा २१(१) बमोजिम ३ वर्ष कैद हुने र निजले प्राप्त गरेको वंशजको नागरिकता रद्द हुने ठहर्दछ । अभियोजन पक्षले राहदानी सम्बन्धमा लिएको अभियोगतर्फ विचार गर्दा झुट्ठा विवरण दिई लिएको नागरिकता सम्बन्धी कसुरमा सजाय हुने भएपछि सानो खत बापतमा छुट्टै सजाय गरिरहनु नपर्ने हुँदा केही गरिराख्नुपर्ने देखिएन । अर्का प्रतिवादी चन्देश्वर साहको हकमा निजले ऐ. दफा २१(२) को कसुर गरेको देखिँदा ऐ. दफा अनुसार रु. २५ हजार जरिवाना हुने ठहर्दछ । अरूमा तपसिल बमोजिम गर्ने गरी अदालती बन्दोबस्तको १८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

(१) प्रस्तुत इन्साफमा चित्त नबुझे ऐनका म्याद ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन गर्नू भनी प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनू ..................................................१

(२) प्रतिवादी दिलीपकुमार साहके माथि ठहर खण्डमा लेखिए बमोजिम नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिम ३ वर्ष कैद हुने ठहरेको हुँदा निज प्रतिवादी दिलीपकुमार साह मिति २०६६।१२।८ देखि प्रहरी हिरासतमा रही यस अदालतको २०६६।१२।२५ का आदेशले माग भएको धरौटी राखी तारेखमा रहेकाले प्रहरी हिरासतमा रहेको दिन १७ सत्र कट्टा गरी बाँकी कैद वर्ष २।११।१३ को लगत कसी निज प्रतिवादी बेरुजु हुँदा जिल्ला प्रहरी कार्यालय सुनसरीमा बेरुजुको लगत पठाइदिनू ...........................२

(३) निज प्रतिवादी दिलीपकुमार साहले लिएको नागरिकता नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिम बदर समेत हुने ठहरेको हुँदा सोको जानकारी जिल्ला प्रशासन कार्यालय सुनसरीलाई दिनू ......३

(४) प्रतिवादी दिलीपकुमार साहके माथि ठहर खण्डमा लेखिए बमोजिम निजलाई तीन वर्ष कैद हुने ठहरेकाले निजले यस अदालतका २०६६।१२।२५ को आदेशले राखेको र. नं. १३१८३ मिति २०६६।१२।२५ मा राखेको धरौटी नगद रु. ५,०००।- (पाँच हजार) प्रस्तुत मुद्दा अन्तिम भै निजलाई लागेको कैद भुक्तान भएपछि नियानुसार फिर्ता दिन लेखा शाखामा लेखी पठाइदिनू ............................................................४

(५) प्र.चन्देश्वर साहके माथि ठहर खण्डमा लेखिए बमोजिम नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(२) बमोजिम रु. २५,०००।- (पच्चीस हजार) जरिवाना हुने ठहरेकाले निज प्रतिवादीको यसै लगाउको स.फौ.नं. २३२० को मुद्दामा सजाय भै कारागार कार्यालय झुम्कामा थुनामा रहेको देखिँदा निजलाई लागेको जरिवानाको लगत कसी क्षेत्रीय कारागार कार्यालय झुम्कामा जरिवाना असुलीको लागी लेखी पठाइदिनू ..५

(६) सरोकारवालाले नक्कल माग गरे कानुन बमोजिम गरी नक्कल दिई दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू .........................................................................................६

यो पाना ७ को फैसला माननीय जि.न्या.
ज्यूबाट बोली टिपाए बमोजिम लेख्ने
निधिराम दाहाल, फाँट २
कम्प्युटर : कान्त

**जिल्ला न्यायाधीश**

**ईति संवत् २०६८ साल कार्तिक २ गते रोज ४ शुभम्.....**

**श्री वागलुङ जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री डिल्लीरमण तिवारी**
**फैसला**
**संवत् २०६८ सालको ०६८-CR-००११ -र.न.०६२-०६८-०००४६) नि.नं.३११**

**मुद्दाः- लागूऔषध ।**

**वादीको नाम, थर, वतन**

प्र.ह.सुरेश कुमार सिंह समेतको जाहेरी प्रतिवेदनले नेपाल सरकार ...........................................१

**प्रतिवादीको नाम, थर, वतन**

वागलुङ जिल्ला वा.न.पा २ बस्ने याम बहादुर रोको मगरको छोरा टार्जन रोका मगर ..........................१

कपिलवस्तु जिल्ला गजेहडा गा.वि.स वडा नं१, घर भै हाल पर्वत जिल्ला शिवालय गा.वि.स वडा नं. ५ दुर्लुङ चोकमा बस्ने मोहोम्मद हुसेन फातामा खातुनको छोरा वव्लु अली मसुलमान.........................................१

पर्वत जिल्ला वाजुङ गा.वि.स वडा नं. ७ घर भै हाल कपिलवस्तु जिल्ला गजेहडा गा.वि.स वडा न १ बस्ने कृष्णबम मल्लको छोरा दिनेश बम मल्ल भन्ने विनेश बम मल्ल .....................................................१

**साक्षी**

जाहेरवाला प्रतिवेदक प्र.ह. सुरेश कुमार सिंह र शिवबहादुर थापा समेतका प्रहरीमा कागज गर्ने मानीसहरू ...................................१

**कागज**

अभियोग पत्रसाथ प्राप्त भएका कागजातहरू

**साक्षी**

दलबहादुर मल्ल, गंगाबहादुर थापा, विक्रम मल्ल, सम्मरबहादुर मल्ल, प्रेम कुमारी मल्ल, केशव वभ्फा, मेमबहादुर पुन, लोकेन्द्रबहादुर के.सी, रमेश खड्का, मोहम्मद स्माइल, प्रवीण थापा, मदन शर्मा, टीकाराम थापा, कृष्णबहादुर थापा, माया थापा

**कागज** X

**अदालतबाट बुझेको साक्षी**

**जाहेरवाला प्रतिवेदक प्र.ह. सुरेश कुमार सिंह, प्र.ज ढकबहादुर क्षेत्री, रामबहादुर क्षेत्री, प्र.ना.नि. आनन्द बस्नेत, गंगाबहादुर थापा, प्रेम कुमारी मल्ल, दलबहादुर मल्ल, विक्रम मल्ल,**

**कागज**

**X**

मुलुकी ऐन अ.व.२९ नं.तथा न्याय प्रशासन ऐन २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

मिति २०६८।३।१५ गते १२.५० बजेको समयमा वा.न.पा वडा नं.१ मालढुंगाको अस्थाई पोष्ट अगाडि

सडकमा पर्वतदेखि वागलुङ बजारतर्फ आईरहेको ग५प ७१७४ नं को मोटर साइकल टार्जन रोका मगरले लगाएको हेल्मेटभित्र लुकाई छिपाई ल्याएको अवस्थामा डाइजेपाम एम्पुल थान २, फेनारगन एम्पुल थान २, नरफिन २ एम्पुल फेला पारी स्थानीय मानिसहरूको रोहवरमा सो सामान बरामद गरी कारबाहीको लागि दाखिला गरेको भन्ने प्रहरीको प्रतिवेदन ।

वागलुङ जिल्ला वा.न.पा वडा नं. १ मालढुंगास्थित पूर्वमा कालिगण्डकी नदीको पुल, पश्चिममा कालिका मन्दिरको भीर, उत्तरमा वागलुङ बजारतर्फ जाने पक्की मोटरबाटो, दक्षिणमा कुश्मिसेरातर्फ जाने कच्ची मोटरबाटो यति ४ किल्लाभित्र रहेको अस्थायी प्रहरी पोष्ट मालढुंगा अगाडिको पक्की सडकमा पर्वतदेखि वागलुङतर्फ आउन लागेको टार्जन रोका मगरले चलाएको ग.५प ७१७४ नं. को मोटरसाइकल रोकी चेकजाँच गर्ने क्रममा निजले लगाएको हेल्मेटभित्र बाइनरफिन एम्पुल थान २, डाइजेपाम थान २ र फेनारागन एम्पुल थान २ बरामद भई आएको भन्ने खानतलासी तथा बरामदी मुचुल्का ।

मैले ३।४ वर्ष अगाडिदेखि विभिन्न किसिमका लागूऔषध सेवन गर्दै आएको छु । त्यस्तैमा मिति २०६८।३।१५ गते दिउँसो १२।५० बजेको समयमा जिल्ला वागलुङ वा.न.पा वडा नं १, मालढुंगास्थित अस्थायी प्रहरी पोष्ट अगाडि पर्वतदेखि वागलुङ बजारतर्फ मैले चलाई ल्याएको ग.५प ७१७४ नं. को मोटरसाइकल प्रहरीले रोकी तलासी गर्न लागे । मैले मेरो टाउकोमा लगाएको हेल्मेटभित्र लुकाई छिपाई राखिएको बरामदी मुचुल्कामा उल्लेख भएको विनोरफिन एम्पुल थान २, डाइजेपाम एम्पुल थान २, र फेनारगन एम्पुल थान २ प्रहरीले बरामद गरेका हुन् । मैले उक्त लागूऔषध कपिलवस्तु जिल्ला गजेहडा गा.वि.स वडा नं.१ घर भै हाल पर्वत जिल्ला शिवालय गा.वि.स वडा नं ५, दुर्लुङ चोकमा टेन्टहाउस सञ्चालन गरी बस्ने बब्लु अली मुसलमानसँगबाट रु.१६००। मा खरिद गरी ल्याएको हुँ भन्ने समेत व्यहोराको टार्जन रोकामगरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

मिति २०६८।३।१८ गतेका दिन जिल्ला कपिलवस्तु गजेहडा गा.वि.स वडा नं. १ घरभै हाल जिल्ला पर्वत शिवालय गा.वि.स वडा नं. ५ दुर्लुङ चोक बस्ने वर्ष २९ को बब्लु अली मुसलमानको कोठा तलासी गर्ने क्रममा निजको कोठाभित्र लुकाई छिपाई राखेको अवस्थामा नरफिन थान ६, डाइजेपाम थान ६ र फेनारगन थान ६ बरामद भएको खानतलासी तथा बरामदी मुचुल्का सहित निजलाई दाखिला गरेको भन्ने प्रहरीको प्रतिवेदन ।

जिल्ला पर्वत शिवालय गा.वि.स वडा नं. ५ दुर्लुङ चोकस्थित वेदप्रसाद शर्माको ३ तले घरको दोश्रो तलामा बब्लु अली मुसलमानको टेन्टहाउसका सामान रहेको र सामान रहेको बीच भागको दक्षिण भागमा सानो ऱ्याक रहेको टेबुल, सो टेवुलको दोस्रो घर्रामा कालो प्लाष्टिकको झोलामा सेतो प्लाष्टिकले मोडिएको अवस्थामा नरफिन थान ६, डाइजेपाम थान ६ र फेनारगन थान ६ बरामद भएको खानलासी तथा बरामदी मुचुल्का ।

मिति २०६८।३।१५ गतेका दिन जिल्ला वागलुङ वा.न.पा वडा नं. २, बस्ने टार्जन रोका मगरले म संगबाट नरफिन एम्पुल थान २, डाइजेपाम एम्पुल थान २, फेनारगन एम्पुल २ थान लगेको हुन् । मैले दिएको हुँ । मैले उक्त सामानको रु.२०००। मागेकोमा रु.१६००। दिई लगेका हुन् । उक्त रकम खाजा नास्ता गरी मासें । सो रकम विनेश बम मल्ललाई पठाउने रकम हो । मिति २०६८।३।१८ गतेका दिन मेरो टेन्ट पसल खानतलासी गर्ने क्रममा प्रहरीले विनारफिन थान ६, डाइजेपाम थान ६ र फेनारगन थान ६ बरामद गरेका हुन् । उक्त लागूऔषध मैले कपिलवस्तु गजेहडा गा.वि.स वडा नं. १, बस्ने वर्ष ३० को दिनेश बम मल्ल भन्ने विनेश बम मल्लबाट लिएको हुँ । निजले ओसार पसार र बिक्री वितरण गर्ने गर्दछन् । उक्त लागूऔषध समेत

निज विनेशको नै हो । एक सेटलाई रु. १०००। मा बिक्री गर्नू भनी निज विनेश बम मल्लले भनी दिई गएका हुन् । निज विनेश बम मल्ल मिति २०६८।३।१९ गतेका दिन अरू लागूऔषध लिई पर्वत जिल्लाको पातीचौर डिमुवा भन्ने स्थानमा आउँछु तिमी पातीचौरमा आउनु । म कपिलवस्तुबाट डाइजेपाम, फेनारगन र नोरफिन लिई आउँछु भनी मलाई भनेका थिए । निजको घर र मेरो घर नजिकै पर्दछ र हामीले सँगै पढेका हौं भन्ने समेत व्यहोराको प्रतिवादी बब्लु अली मुसलमानले मिति २०६८।३।१९ गते अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

पर्वत जिल्ला तिलाहर गा.वि.स वडा नं ६ डिमुवास्थित पूर्वमा राम्जा चित्रे जाने बाटो, पश्चिममा प्रहरी चौकी, उत्तरमा पोखरातर्फ जाने मोटरबाटो, दक्षिण वागलुङ कुश्मा जाने मोटरबाटो यति ४ किल्लाभित्र प्रहरी चौकी डिमुवा भवन अगाडि सडकमा जिल्ला कपिलवस्तु गजेहडा गा.वि.स वडा नं. १ बस्ने दिनेश बम मल्ललाई तलासी गर्दा- निजको सँगबाट नरफिन थान १८, डाइजेपाम थान १८ र फेनारगन थान १८ फेला परेको भन्ने मिति ०६८।३।१९ को खानतलासी तथा बरामदी मुचुल्का ।

मेरो वास्तविक नाम दिनेश बम मल्ल हो । मैले भारतमा गै लागूऔषध खरिद गरी ल्याई पर्वत जिल्लाको पातीचौर डिमुवा धवलागिरीका सप्लाई गर्ने सप्लायर्स बब्लु अली मुसलमानलाई दिन्छु । निजले वागलुङमा टार्जन रोकामगरलाई दिन्छन्, अन्य निजले को कसलाई दिन्छन् । मलाई जानकारी छैन । मैले खुद्रा बिक्री गर्दिन । बब्लु अली र मेरो पार्टनरसिपमा उक्त लागूऔषध डाइजेपाम, फेनारगन, नरफिन मिलाई एक सेटलाई रु. १०००। मा बिक्री गर्दछौं । भारतबाट उक्त लागूऔषध ल्याई पातीचौरमा निज बब्लुलाई बोलाइदिई म घरतिर जान्छु । निज बब्लुले बिक्री गरी रकम मलाई दिन्छन् । एक दुई वर्ष पहिलादेखि नै निज र मैले उल्लिखित विजनेश गर्दै आएका छौं । मिति २०६८।३।१९ गतेका बिहान मैले सुनौलीको बसबाट लागूऔषध लिई बस चढी आउने र निज बब्लु पातीचौरमा आई उक्त निजले अर्डर गरेको लागूऔषध लैजाने भन्ने पूर्वसल्लाह अनुसार उक्त मितिमा मैले उक्त लागूऔषध डाइजेपाम एम्पुल १८, नरफिन एम्पुल १८ र फेनारागन एम्पुल १८ ल्याई आउँदै गर्दा प्रहरीले उक्त लागूऔषध सहित पक्राउ गरेका हुन् भन्ने समेत व्यहोराको दिनेश बम मल्ल भन्ने विनेश बम मल्लले मिति २०६८।३।२२ मा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

परीक्षणको लागि पठाइएका नमुनाहरूमा लागूऔषध पाइएको भन्ने व्यहोराको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटार ललितपुरबाट प्राप्त प्रतिवेदन ।

यस मुद्दाका प्रतिवादी वा.न.पा २ बस्ने टार्जन रोकामगर जिल्ला कपिलवस्तु गजेहडा गा.वि.स वडा नं. १ घर हाल पर्वत जिल्ला शिवालय गा.वि.स वडा नं ४ दुर्लुङ चोकमा टेन्ट हाउस सञ्चालन गर्ने बब्लु अली मुसलमान, ऐ कपिलवस्तु गजेहडा गा.वि.स वडा नं १ बस्ने विनेश बम मल्ल लागूऔषध ओसार पसार गर्ने व्यक्तिहरू हुन् । निजहरूलाई लागूऔषध ओसार पसार सञ्चय गरी राखेको अवस्थामा प्रहरीले बरामद गरी पक्राउ गरेका हुन् । निजहरूमध्ये विनेश बम मल्लले भारतबाट लागूऔषध खरिद गरी ल्याई धवलागिरी अञ्चलका सप्लायर्स बब्लु अली मुसलमानलाई दिने र निज बब्लु अलीले डिलरको काम गरी वागलुङमा समेत सप्लाई गर्ने, टार्जन रोका मगरलाई दिने । निज टार्जन रोका मगरले वागलुङ बजारमा बिक्री गर्ने कहिले काँही बब्लु अली मुसलमान र विनेश बम मल्ल वागलुङ बजारमा आई लागूऔषध बिक्री वितरण गर्ने गरेका रहेछन् । यिनीहरू जना ३ ले लागूऔषध बिक्री वितरण गरी समाजका युवा वर्गहरूलाई बिगार्ने । निज प्रतिवादीहरू ३ जनालाई कानुन बमोजिम कडा सजाय हुनुपर्दछ भन्ने समेत व्यहोराको तिलकबहादुर लुगेली, रसमाया रोका, शिवबहादुर थापा, समेतले लेखी लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

कहिले कृष्णनगर नाकाबाट, कहिले भारतको औषधि पसलमा गै खरिद गरी ल्याउने कहिले सुनौली नाकाबाट भारतको औषधि पसलमा गै खरिद गरी ल्याउने गर्दथें । सो लागूऔषध खरिद गर्ने पैसा दिदी आमाले

दिएको मेरो पाकेट खर्च र कपडा किन्ने खर्चले खरिद गरी ल्याउने गर्दथें । बब्लु अली मुसलमान मेरो छिमेकी हुन् । निजसँग मेरो चिनजान छ । एउटै स्कुलमा पढेका हौं भन्ने समेत व्यहोराको विनेश बम मल्लले गरेको मिति २०६८।५।२६ को ततिम्बा बयान ।

फेनारागन एक एम्पुल, डाइजेपाम एक एम्पुल र नरफिन एक एम्पुल गरी जम्मा ३ एम्पुल सिरिन्जमा मिसाएपछि १ डोज हुन्छ । मैले यी तिनै चिज मिसाई प्रयोग गर्दछु । उक्त तिनै चिज एक डोजलाई ८००। मा मैले यस मुद्दाका प्रतिवादी बब्लु अली मुसलमानसँग २ डोज रु. १६००। मा खरिद गरी ल्याएको हुँ । निजले २०००। भनेका थिएँ । चिनजानको साथी भएको हुँदा रु. ४००। डिसकाउन्ट गरी दिएका हुन् भन्ने समेत व्यहोराको टार्जन रोकामगरको मिति २०६८।५।२६ को ततिम्बा बयान ।

प्रतिवादीहरूले निषेधित लागूपदार्थ खरिद गर्ने सञ्चय गर्ने र बिक्री गर्ने कार्य लागूऔषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को खण्ड(घ)(ङ)(च) मा वर्णित प्रकृतिको कसुर अपराध हुँदा त्यस्तो अपराध गर्ने यि प्रतिवादीहरूलाई सोही लागूऔषध (नियमन्त्रण ऐन) २०३३ को दफा १४ को उपदफा(१) को खण्ड(झ) अनुसार सजाय हुन र त्यस्तो लागूपदार्थ ओसार पसार गर्ने कार्यमा प्रयोगमा ल्याएको प्रतिवादी टार्जन रोकाको ग.५प ७१७४ नं को मोटरसाइकल सोही ऐनको दफा १८ अनुसार जफत हुन तथा प्रतिवेदक प्रहरी कर्मचारीलाई सोही ऐनको दफा १८घ अनुसार पुरस्कारको व्यवस्था हुन समेत माग दाबी लिइएको छ । माग दाबी अनुसार हुन पक्राउमा परेका प्रतिवादीहरू र सक्कल मिसिल यसै अभियोग पत्रसाथ प्रस्तुत गरिएको छ । माग दाबी अनुसार होस । साथै प्रतिवादी बल्लु अली मुसलमान र विनेश बम मल्लले पर्वत जिल्लामा रहेर पनि यस प्रकारको अपराध यसभन्दा पूर्व पनि उच्च गतिमा गर्न सक्ने व्यक्ति भएकै हुनाले निजहरूबाट लागूपदार्थ बरामद गरिएको मिति २०६८।३।१८ र २०६८।३।१९ को सक्कल बरामदी मुचुल्काहरू आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय वागलुङमा बुझाइएको व्यहोरा समेत जानकारीको लाीग अनुरोध छ भन्ने समेत व्यहोराको अभियोगपत्र ।

मिति २०६८।३।१५ गतेका दिन म पर्वत जिल्ला वाजुङ गा.वि.स वडा नं. ७ मा घरमा नै बसेको थिएँ । गाउँ घरमा साथी भाइसँग भेटघाट भयो । बब्लु अली मुसलमान र टार्जन मगरसँग मेरो चिनाजान थिएन । मिति २०६८ साल आषाढ १६ गते बिहान मेरो अंकल कपिलवस्तुमा बितेको हुनाले कपिलवस्तु गएको थिएँ । म लागूऔषध सेवन गर्ने हुदा भाद्र १८ गतेका बिहान कृष्णनगर टी.टी. सेवन गर्न गएको थिएँ । म आफैंले प्रयोग गर्नका लागि ४ सेट किनेर भाद्र १८ गते साँझ ६ बजे म कृष्णनगरबाट बस चढेर बुटवल हुँदै भाद्र १९ गते बिहान ६ बजे पर्वत वाजुङको डिमुवामा आइपुग्दा डिमुवा चेक पोष्टमा प्रहरीले समाती मलाई वागलुङ प्रहरी कार्यालयमा ल्याएका हुन् । उक्त लागूऔषध मैले आफैं प्रयोग गर्नका लागि ल्याएको हो । बिक्री वितरण गर्नका लागि होइन । म आजभन्दा ८ महिना अगाडि कपिलवस्तुको आस्था समूह (सुधार गृह) मा ३ महिना जति बसेको थिएँ । मिति २०६८।३।१९ गतेका दिन बिहान डिमुवा चौकीमा प्रहरीले खान तलासी गर्दा मेरो साथमा डाइजेपाम एम्पुल ४, लुपेजिसिक ४ थान, फेनारागन ४ थान बरामद गरेका हुन । कहिलेकाहीँ प्रयोग गर्ने हुँदा आफ्नै लागि ल्याएको हुं । बिक्री वितरण गर्न होइन । अन्य प्रतिवादीहरूलाई बिक्री वितरण गरी पैसा लिएको पनि होइन । अभियोग दावी बमोजिम सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी विनेश बम मल्लले यस अदालतमा आई गरेको बयान ।

मिति २०६८।३।१५ गतेका दिन म मेरो पसल पर्वत शिवालय चोकमा नै थिएँ । उक्त दिनभर कपडाहरू सफा गर्ने मिलाउने काम गरेर व्यस्त भए । कोहीसँग भेटघाट भएको होइन । मिति २०६८।३।१८ गते मेरो साथमा मैले खान राखेको नरफिन थान ३, डाइजेपाम ३ र फेनारगन ३ थान मात्र हो । १ महिनामा १५ दिनमा २ सेट मैले प्रयोग गर्दथें । मैले उक्त लागूऔषध सुनौलीबाट ल्याउने गर्दथे । किनी ल्याउने मानिस चिन्दिन ।

सुनौलीबाट किनेर ल्याउँदा १ सेटको रु १५०। पर्दथ्यो । म पर्वत जिल्ला कुश्मा बजारमा २०६८ साल वैशाख २७ गतेदेखि बसी आषाढ ८ गते बुटवल गएर २०६८।३।१५ गते पर्वत, वागलुङ आएको थिएँ । मैले टार्जन रोकालाई चिन्दिन । मैले निजलाई लागूऔषध बिक्री वितरण गरेको होइन । मैले लागूऔषधको बिक्री वितरण कारोबार खरिद बिक्री वितरण गर्ने गरेको होइन । मैले लागूऔषध आफ्नो प्रयोगको लागि कहिलेकाहीँ प्रयोग गर्ने गर्दथ्ये । बिक्री वितरण नगरेको हुँदा । मैले सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको बब्लु अली मुसलमानले यस अदालतमा आई गरेको बयान ।

उक्त मिति २०६८।५।१५ गतेका दिन म पोखराबाट वागलुङ घर आउँदै थिएँ । मिति २०६८।३।१४ गतेका दिन पोखरा गएको थिएँ । पोखरामा चिनेको साथी थियो । मिति २०६८।३।१५ गते पोखराबाट आउने क्रममा मालढुंगामा चेक गर्दा मेरो खल्तीमा डाइजेपाम एम्पुल २ थान, फेनारगन एम्पुल २ थान र नरफिन २ थान मेरो साथमा थियो । उक्त लागूऔषध मैले प्रयोग गर्ने गर्दथें । लागूऔषध ३ वटा मिसाउँदा १ डोज हुन्छ । सिरिन्जमा तानेर नसामा लगाइन्छ । चेक गर्दा मेरो खल्तीमा उक्त लागूऔषध भेटिएपछि प्रहरीले गाडी बोलाएर मलाई जि.प्र.का वागलुङमा ल्याएका हुन् । कसैले सुराकी लगाइदिएर प्रहरीले मलाई चेक गरेको हुनुपर्छ । उक्त मिति २०६८।३।१५ गतेका दिन म पोखराबाट बाइकमा आएको होइन । गाडीमा आएको थिएँ । बरामदी तथा खानतलासी मुचुल्कामा उल्लिखित लागूऔषध मेरो खल्तीमा थियो । उक्त मोटरसाइकल मेरो नै हो । उक्त दिन उक्त मोटरसाइकल मेरो घरमा नै थियो । मेरो मोटरसाइकल के कसरी बरामद भयो मलाई थाहा भएन । मैले उक्त लागूऔषध पोखराको वागलुङ बसपार्कबाट लिएको हुम् । खाने साथीबाट ल्याएको हो । हाल कुश्मा बस्ने बब्लु अली मुसलमानलाई मैले चिन्दिन उनीसँगबाट ल्याएको होइन । मैले लागूऔषध सेवनमात्र गरेको हो । बिक्री गर्ने होइन मैले सेवन गर्न लागेको १, २ वर्ष जति भयो । म वागलुङ नगरपालिकास्थित नयाँ जीवन पुनर्स्थापन केन्द्र कुडुलेमा ३ महिना बसेको थिएँ । मेरो मोटरसाइकल मेरो घरमा नै थियो । जफत हुने होइन । मैले फिर्ता पाउनुपर्दछ । मैले अभियोगबाट सफाइ पाउनुपर्दछ भन्ने समेत व्यहोराको प्रतिवादी टार्जन रोकामगरले यस अदालतमा गरेको बयान ।

कपिलवस्तु जिल्ला गजेहडा गा.वि.स १ घर भै पहाड घर बाजुङ पर्वतमा कहिलेकाहीँ आउँदा प्रतिवादी विनेश बम मल्लले लागूऔषध खाएको देखिन्थ्यो । उनी बिक्री वितरण गर्ने मानिस होइनन् । निजलाई सुधार केन्द्र तराईमा राखेको सुनेको हुम् भनी प्रतिवादी साक्षी गंगाबहादुर थापा, प्रेमकुमारी मल्ल, दलबहादुर मल्ल, विक्रम मल्लले मिति २०६८।७३ मा गरेको बकपत्र मिसिल सामेल रहेछ ।

प्रतिवादी टार्जन रोका मगरले १।२ वर्ष अगाडिबाट लागूऔषध सेवन गर्ने गरेको कुरा निजका बाबुआमाले भन्दा सुनेको हुम् । निजलाई नयाँ जीवन पुनर्स्थापना केन्द्र कुडुलेमा ३ महिना जति राखेका हुन् । निजको मोटरसाइकल बिग्रेको हुँदा बसबाट पोखरा गएको बेलामा आफूले सेवन गर्नका लागि थोरै लागूऔषध ल्याएका रहेछन् । व्यापार व्यबसाय गर्नका लागि होइन भनी मिति २०६८।७३ मा निजका साक्षीहरू कृष्णबहादुर थापा, टीकाराम थापा, मदननाथ शर्मा, माया थापाले गरेको बकपत्र मिसिल सामेल रहेछ ।

प्रतिवादी बब्लु अली मुसलमान लागूऔषध बिक्री वितरण गर्ने व्यक्ति होइनन् । निज बब्लु अली वा.न.पा. ३, मा बस्दै आएको १२ वर्ष जति भएको हुँदा निजले लागूऔषध सेवन गरेको समेत थाहा छैन भनी निजका साक्षी रमेश खड्का, मेमबहादुर पुन, लोकेन्द्रबहादुर के.सी र केशव ओझाले मिति २०६८।७३ मा गरेको बकपत्र मिसिल सामेल रहेछ ।

म जिल्ला प्रहरी कार्यालय वागलुङमा कार्यरत हुँदा मिति २०६८।३।१५ गते गोप्य सुराकी पाएकोले पर्वतबाट वागलुङतर्फ आई रहेको टार्जन रोकालाई पक्राउ गरी निज चढेको मोटरसाइकल सहितको हेल्मेट मालढुंगा चेकपोष्टमा खोली हेर्दा- हेल्मेटभित्र डाइजेपाम २ पिस, नरफिन २ पिस, फेनारागान २ पिस गरी

जम्मा ६ पिस ल्याएको अवस्थामा भेटाई जि.प्र.का वागलुङमा जाहेर गरी निज टार्जन रोकालाई ल्याएका हौं । निज टार्जन रोका चढेको ग.५प ७१७४ नं को कालो पल्सर मोटरसाइकल म समेत चढी जि.प्र.का. वागलुङमा ल्याएका हौं । जि.प्र.का. वागलुङमा दिएको प्रतिवेदन सुनी पाएँ । उक्त जाहेरी प्रतिवेदन म समेतले दिएको व्यहोरा तथा सहीछाप समेत मेरै हो । प्रतिवेदनमा उल्लेख भए बमोजिम निजका साथबाट लागूऔषध बरामद भएको हो भनी प्रतिवेदक प्र.ह. सुरेश कुमार सिंहले मिति २०६८।९।३ मा गरेको बकपत्र ।

प्रतिवादी टार्जन रोकालाई लागूऔषध सहित पक्राउ गरिसकेपछि निजको बयानबाट बिक्री गरेको भन्ने खुलेपछि मात्र बब्लु अली मुसलमानलाई टेन्ट हाउस कुश्माबाट लागूऔषध १८ एम्पुल सहित पक्राउ गरी कार्यालयमा दाखेल गरेको हुँ र बब्लु अलिको बयान पश्चात् विनेश बम मल्ललाई पर्वत तिलाहरबाट पक्राउ गर्दा निजसँग ५४ एम्पुल लागूऔषध बरामद गरी कारबाहीको लागि दाखेल गरेको हुम् । मिति २०६८।३।१८ र मिति २०६८।३।१९ गते जि.प्र.का. समक्ष छुट्टाछुट्टै जाहेरी प्रतिवेदन दिएको हुम् । त्यसमा भएको व्यहोरा सहीछाप मेरो हो । प्रतिवादी विनेश बम मल्लसँग डाइजेपाम १८ एम्पुल, नोरफिन १८ एम्पुल, फिनारागन १८ एम्पुल र बब्लु अलीसँगबाट डाइजेपाम ६ एम्पुल, नोरफिन ६ एम्पुल, फेनारागन ६ एम्पुल बरामद गरी दाखेल गरेको हुम् । निजहरूले लागूऔषध बिक्री गर्ने उद्देश्यले लिएर हिँडेको हुनुपर्दछ भनी जाहेरवाला प्रतिवेदक प्र.ना.नि. आनन्द बस्नेतले मिति २०६८।११।२३ मा गरेको बकपत्र ।

बब्लु अली मुसलमानको बयानबाट विनेश बम मल्लले धौलागिरीको वागलुङ र पर्वतमा लागूऔषध सप्लाई गर्छन् भन्ने खुल्न आएको हुँदा प्र.ना.नि. आनन्द बस्नेत र मलाई खटाई उल्लिखित स्थानमा गई निजलाई तलासी गर्दा बरामदी मुचुल्कामा उल्लेख भएको परिमाण सबै १८, १८ थान लागूऔषध बरामद भै निज प्रतिवादी विनेश बम मल्ल बरामदी मुचुल्कामा उल्लिखित सडकबाट बिहान अं. ५.०० बजेतिर पक्राउ परेका हुन् । म समेतले मिति २०६८।३।१९ मा जि.प्र.का. वागलुङमा दिएको जाहेरी प्रतिवेदनको व्यहोरा पढी सुनें, देखें । उक्त व्यहोराको सहीछाप मेरो हो भनी जाहेरवाला प्रतिवेदक रामबहादुर क्षेत्रीले मिति २०६८।११।२३ मा गरेको बकपत्र ।

मिति २०६८।३।१५ मा गोप्य सुराक पाए अनुसार वा.न.पा. १ को मालढुंगा चेकपोष्टमा हामी गई पर्वतबाट आउँदै गरेको ग.५प ७१७४ नं को पल्सर मोटरसाइकलमा चढी आएका टार्जन रोकामगरलाई चेक जाँच गर्दा हेल्मेटमा लुकाई ल्याएका ६ वटा इन्जेक्सन बरामद गरी निजलाई जि.प्र.का. वागलुङमा ल्याई जाहेरी समेत गरेको हो । प्रतिवेदनको व्यहोरा ठीक हो । सहीछाप मेरो हो भनी वादी पक्षका गवाह प्र.ज. ढकबहादुर क्षेत्रीले मिति २०६८।९।३ मा गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस भएको प्रस्तुत लागूऔषध मुद्दामा प्रतिवादीहरू टार्जन रोकामगर, बब्लु अली मुसलमान र दिनेश बम मल्ल भन्ने विनेश बम मल्लले निषेधित पदार्थ खरिद गर्ने, सञ्चय गर्ने, बिक्री गर्ने कार्य गरेकोले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) मा वर्णित प्रकृतिको कसुर अपराध गरेको हुँदा त्यस्तो कार्य गर्ने यी प्रतिवादीहरूलाई सोही ऐनको दफा १४ को उपदफा (१) को खण्ड (झ) अनुसार सजाय हुन र त्यस्तो लागूऔषध पदार्थ ओसार पसार गर्ने काममा प्रयोगमा ल्याएको प्रतिवादी टार्जन रोकाको ग.५प ७१७४ नं को मोटरसाइकल सोही ऐनको दफा १८ अनुसार जफत हुन तथा प्रतिवेदक प्रहरी कर्मचारीलाई दफा १८ (घ) अनुसार पुरस्कारको व्यवस्था समेत हुन भनी अभियोगपत्र दायर भएको देखिन्छ ।

यसमा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री रमानाथ पौडेल र प्रतिवादी टार्जन रोकामगरका तर्फवाट उपस्थित विद्वान् अधिवक्ता श्री हरिप्रसाद शर्मा प्रतिवादी विनेश बम मल्लका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री केशवराज पराजुली र प्रतिवादी बब्लु अली मुसलमानका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री राजुप्रसाद गौतम र श्री भूमिश्वर गौतमले गर्नुभएको बहस जिकिर समेत सुनी, अभियोगपत्र सहितका मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन गरी निम्न विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१) सर्वप्रथमतः प्रतिवादीमध्येका बल्लु अली मुसलमान र दिनेश बम मल्ल भन्ने बिनेश बम मल्ल उपरको अभियोग माग दाबी यस अदालतको क्षेत्राधिकारभित्र पर्ने हो वा होइन ?

२) अभियोग दाबी बमोजिम प्रतिवादीहरूलाई सजाय हुने हो वा होइन ?

३) लागूऔषध ओसार पसार गर्ने कार्यमा प्रयोग भएको मोटरसाइकल जफत हुने हो होइन ?

यसमा सर्वप्रथमतः कानुन व्यबसायीहरूबाट बहसको क्रममा प्रतिवादी बब्लु अली मुसलमान र विनेश बम मल्लबाट पर्वत जिल्लामा लागूऔषध बरामद भएकोले यस अदालतको क्षेत्राधिकारभित्र नपर्ने भनी बहस गर्नुभएकोमा सोतर्फ विचार गर्दा सुरुमा प्रतिवादी टार्जन रोकामगरको सँगसाथबाट यसै अदालतको क्षेत्राधिकारभित्र रहेको वा.जि. वा.न.पा. १ मालढुंगाबाट निजको साथबाट लागूऔषध बरामद भै निजको बयानमा खुलाइएका सहअभियुक्त बब्लु अली मुसलमानलाई पोल गरेको र प्रतिवादी बब्लु अली मुसलमानले सहअभियुक्त विनेश बम मल्ललाई पोल गरेको पाइयो । प्रस्तुत मुद्दाको सुरु उठान यसै अदालतको क्षेत्राधिकारभित्र रहेको र अनुसन्धानको क्रममा पोलिएका सहअभियुक्तहरूको खोजतलासको क्रममा मात्र पर्वत जिल्लामा निजहरू फेला परी सोही स्थानमा लागूऔषध बरामद भएको देखिँदा र यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने मालढुंगाबाट लागूऔषध सहित बरामद भई टार्जन रोकामागर पक्राउ परेका निजहरू तीनै जना प्रतिवादीहरूको संयुक्त मिलेमतोमा संगठित रूपमा संगठित गिरोहको माध्यमबाट लागूऔषधको कारोबार समेत भएको अवस्थामा अपराध भएको जिल्ला पर्वत भनी मान्न सकिने अवस्था समेत विद्यमान देखिन आएन । तसर्थ निजहरू उपरको अभियोग माग दाबीका सम्बन्धमा पनि यसै अदालतबाट सुनुवाइ हुन सक्ने नै देखियो ।

वा.जि.वा.न.पा. १, मालढुंगास्थित पूर्वमा कालीगण्डकी नदीको पक्की पुल, पश्चिम कालिका मन्दिरको भीर पाखो, उत्तर वागलुङ बजार आउने बाटो र दक्षिण बलेवा कुश्मिसेरा जाने बाटो यति ४ किल्लाभित्र रहेको अस्थायी प्रहरी पोष्ट मालढुंगा अगाडिको पक्की सकडकमा पर्वतदेखि वागलुङ बजारतर्फ आइरहेको प्रतिवादी टार्जन रोकामगरले चलाएको ग.५प ७१७४ नं को मोटरसाइकललाई चेकजाँच गर्दा- निजले टाउकोमा लगाएको क्ल्भी लेखिएको कालो रातो रंगको हेल्मेट खोली हेर्दा वाइनरफिन एम्पुल-२ थान, डाइजेपाम एम्पुल-२ थान र फेनारगन एम्पुल-२ थान लागूऔषध उक्त हेल्मेटकोभित्र रुई कपडामा लुकाई छिपाई राखिएको अवस्थामा प्रहरीले बरामद गरेको भन्ने प्रतिवादी टर्जन रोकामगरकै रोहवरमा निजको समेत सही दस्तखत भएको मिसिल सामेल रहेको मिति २०६८।३।१५ गतेको खानतलासी मुचुल्काबाट देखिन्छ भने निज टार्जन रोकामगरले मैले चढी आएको ग.५प७१७४ नं को मोटरसाइकलमा मैले लगाएको हेल्मेटको भित्र लुकाई छिपाई राखेको नरफिन एम्पुल २ थान, डाइजेपाम २ थान, फेनरागन २ थान, मेरो साथबाट उक्त स्थानमा प्रहरीले बरामद गरी पक्राउ गरेको हुन् । पर्वत जिल्ला कुश्मा दुर्लुङ चोकमा रोसन टेन्ट हाउस सञ्चालन गर्ने बब्लु अली मुसलमानबाट उक्त लागू पदार्थ रु. १६००। मा मैले खरिद गरी ल्याएको हुँ । मैले बिक्री गरी आएको पैसाले निज बब्लु अली मुसलमानबाटै खरिद गर्दछु भनी उक्त लागूऔषधको कारोबार गर्ने कुरामा स्वीकार गरी प्रतिवादी टार्जन रोकामगरले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष साविती बयान गरेको पाइन्छ । अदालत समक्ष बयान गर्दा भने उक्त लागूऔषध बिक्री वितरण गर्न नभै सेवनको निमित्त ल्याएको हुँ भनी बयानमा

उल्लेख गरी बयानको क्रममा दुर्व्यसनको उपचार गर्न आवश्यक हुनाले दुर्व्यसन खाने मात्र हो भन्ने व्यहोरा उल्लेख गरेको मिति समेत सच्याइएको नयाँ जीवन पुनःस्थापन केन्द्र वागलुङको पत्र पेस गरे तापनि सो जिकिरलाई मनासिव मान्न सकिने देखिँदैन । किनभने यदि उपचारको निमित्त उक्त लागूपदार्थ सेवन गर्ने गरेको भए सो कुरा मौकामा नै अनुसन्धानको क्रममा खुलाउन सक्नुपर्नेमा सो प्रमाण पेस गर्न सकेको पाइँदैन । यदि सेवनको निमित्त ल्याएको भए मोटरसाइकलको हेल्मेटको भित्रपट्टि रुईभित्र लुकाई छिपाई राख्नुपर्ने अवस्था समेत आउँदैन । साथै सेवन गर्ने गरेको भए निज मौकामा पक्राउ पर्दाको अवस्थामा निजको शारीरिक जाँच अर्थात् स्वास्थ्य परीक्षण गराउँदा लागूऔषधको गन्ध लक्षण समेत परीक्षण हुँदा देखिनुपर्ने त्यो देखिएको पनि पाइँदैन । मिसिल सामेल रहेको निजको स्वास्थ्य परीक्षण हेर्दा निजको स्वास्थ्य सामान्य रहेको भन्ने उल्लेख भई लागू पदार्थ सेवन गर्ने भन्ने देखिन आएको छैन ।

साथै यी प्रतिवादी टार्जन रोकामगरले पर्वत जिल्ला कुश्मा दुर्लुङ चोकमा रोसन टेन्ट हाउस सञ्चालन गर्ने बब्लु अली मुसलमानबाट उक्त लागू पदार्थ खरिद गरेको हुँ भनी अनुसन्धान अधिकारी समक्ष गरेको साविती बयान अनुसार प्रतिवादी बब्लु अली मुसलमानको उक्त टेन्ट पसलको टेवुलको घर्रामा लुकाई छिपाई राखेको अवस्थामा नरफिन एम्पुल ६ थान, फेनारागन एम्पुल ६ थान, डाइजेपाम एम्पुल ६ थान समेत फेला पारी बरामद गरी निज बब्लु अली मुसलमानलाई पक्राउ गरी कारबाही गरी पाऊँ भन्ने प्र.ना.नि आनन्द बस्नेत समेतको जाहेरी प्रतिवेदन समेत मिसिल सामेल रहेको र निज बब्लु अली मुसलमानले उक्त लागूऔषध मेरो टेन्ट पसलबाटै बरामद गरी मलाई पक्राउ गरेका हुन् भनी साविती बयान गर्नुका साथै मैले प्रतिवादी विनेश बम मल्लबाट खरिद गरी ल्याएको लागूऔषध प्रतिवादी टार्जन रोकामगरलाई बिक्री गर्ने गर्दछु । टार्जन रोकामगरबाट बिक्री भई आएको लागूऔषध रुपैयाँ प्रतिवादी विनेश बम मल्ललाई दिने गर्दछु भनी अनुसन्धान अधिकारी समक्ष लागूऔषध खरिद, ओसार पसार, बिक्री गर्ने कार्य समेत गर्दछु भनी प्रतिवादी बब्लु अली मुसलमानले साविती बयान गरेको पाइन्छ । निजले अदालत समक्ष बयान गर्दा समेत मैले खान राखेको नरफिन ३ थान, डाइजेपाम ३ थान र फेनारगन ३ थान मात्र हो । उक्त लागूऔषध सुनौलीबाट ल्याउने गर्दथे, किनी ल्याउने मानिस चिन्दिन, सुनौलीबाट किनेर ल्याउँदा १ सेटको १५० रुपैयाँ पर्दथ्यो भनी लागूऔषध आफूबाट बरामद भएकोमा स्वीकार गरी केवल बरामदको परिमाणमा मात्र फरक देखाएको देखिन्छ । यसरी खरिद गरी ओसार पसार बिक्री गर्ने नभई सेवनको निमित्त मात्र खरिद गरेको हुँ भनी अदालत समक्ष बयान गरे तापनि, सेवनको लागि मात्र ल्याएको हो भन्ने कुनै प्रमाण आधारहरू पेस गर्न सकेको नपाइएकोले यी प्रतिवादीको यस्तो भनाइलाई मनासिव मान्न सकिँदैन ।

त्यसै गरी प्रतिवादी विनेश बम मल्लले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा- मैले भारतमा गई उल्लिखित लागूऔषध डाइजेपाम, फेनारगन, नरफिन खरिद गरी ल्याउँछु र पर्वत जिल्लाको पातीचौर डिमुवामा ल्याई पर्वत कुश्मामा रोशन टेन्ट हाउस सञ्चालन गरी बस्ने धौलागिरीका सप्लायर्स बब्लु अली मुसलमानलाई दिन्छु । निजले वागलुङका टार्जन रोकामगरलाई दिन्छन् । निज बब्लु अली मुसलमान र मेरो पार्टनरसिपमा उक्त लागूऔषध डाइजेपाम, फेनारगन, नरफिन १ सेटलाई रु. १०००। (एक हजार) मा बिक्री गर्दछौं । भारतबाट उक्त चिज वस्तु लागूऔषध ल्याई पर्वतको पातीचौर डिमुवा भन्ने स्थानमा निज बब्लु अली मुसलमानलाई दिई म घरमा जान्छु । निज बब्लुले बिक्री गरी रकम मलाई दिन्छन् । १, २ वर्ष पहिलेदेखिबाटै निज र मैले उल्लिखित बिजनेस गर्दै आएका छौं । मिति २०६८।३।१९ गतेका बिहान मैले सुनौलीको बसबाट लागूऔषध लिई आउने निज बब्लु पातिचौर डिमुवामा आउने र अर्डर गरेको लागूऔषध लैजाने भन्ने सल्लाह अनुसार उक्त मितिमा मैले उक्त लागूऔषध डाइजेपाम एम्पुल १८, नरफिन एम्पुल १८, फेनारगन एम्पुल १८ ल्याई आउँदै गर्दा प्रहरीले उक्त लागूऔषध सहित मलाई पक्राउ गरेका हुन् । निज प्रतिवादीले आफ्नो बयान

कागजमा खुलाइदिएको व्यहोरा ठीक हो । मिति २०६८।३।१९ गतेका दिन मेरो साथबाट बरामद हुन आएका उल्लिखित लागूऔषध मैले हेरें देखें चिनें । बरामदी मुचुल्कामा उल्लेख भएका सबै लागूऔषध मेरो साथबाट प्रहरीले बरामद गरेका हुन् । टार्जन रोकामगरले वागलुङ जिल्लामा सप्लायर्स गर्छन् । निजले अरू को कोलाई दिन्छन् । मलाई जानकारी छैन । मैले सुनौली नाकाबाट भारत गई उक्त लागूऔषध १ एम्पुललाई रु. १००। (एक सय) का दरले जम्मा रु ५४००। तिरी ल्याएको हुँ । उक्त सबै सामान बब्लु अलीलाई दिए बापत मलाई रु. २०,०००। (बीस हजार) दिने गर्छन् र निजले प्रतिएम्पुल १ लाई रु. १०००। मा बिक्री गर्दछन् । कोही कसैलाई दिए काउन्ट गरिदिन्छु भनी मलाई भनेका थिए । मैले खुद्रा बिक्री गर्दिन, बब्लुले अर्डर गरेको मालसम्म ल्याउने गर्दछु । कहिलेकाहीं वागलुङमा आई बब्लुलाई बुझाउने गर्दथे । नगद रकम मसँग छैन । कमाउने साथीभाइसँग बस्ने खाने रमाइलो गरी सकियो । अन्य कोही कसैलाई थाहा छैन भनी साविती बयान गरेको पाइन्छ ।

मिति २०६८।३।१५ गते गोप्य सुराकी पाएकोले पर्वतबाट वागलुङतर्फ आइरहेको टार्जन रोकालाई पक्राउ गरी निज चढेको मोटरसाइकल सहितको हेल्मेट मालढुंगा चेकपोष्टमा खोली हेर्दा- हेल्मेटभित्र डाइजेपाम २ पिस, नरफिन २ पिस, फेनारगन २ पिस गरी जम्मा ६ पिस ल्याएको अवस्थामा भेटाई जि.प्र.का वागलुङमा जाहेर गरी निज टार्जन रोकालाई ल्याएका हौं । जाहेरी प्रतिवेदनमा म समेतले दिएको व्यहोरा तथा सहीछाप समेत मेरै हो । प्रतिवेदनमा उल्लेख भए बमोजिम निजका साथबाट लागूऔषध बरामद भएको हो भनी प्रतिवेदक प्र.ह. सुरेश कुमार सिंहले मिति २०६८।९।३ मा गरेको बकपत्र ।

प्रतिवादी टार्जन रोकाको बयानको आधारबाट बब्लु अली मुसलमानलाई टेन्ट हाउस कुश्माबाट लागूऔषध १८ एम्पुल सहित पक्राउ गरी कार्यालयमा दाखेल गरेको हुँ र बब्लु अलीको बयान पश्चात् विनेश बम मल्ललाई पर्वत तिलाहरबाट पक्राउ गर्दा निजसँग ५४ एम्पुल लागूऔषध बरामद गरी कारबाहीको लागि दाखेल गरेको हुम् । मिति २०६८।३।१८ र मिति २०६८।३।१९ गते जि.प्र.का. समक्ष छुट्टाछुट्टै जाहेरी प्रतिवेदन दिएको हुम् । त्यसमा भएको व्यहोरा सहीछाप मेरो हो । प्रतिवादी विनेश बम मल्लसँग डाइजेपाम १८ एम्पुल, नरफिन १८ एम्पुल, फेनारगन १८ एम्पुल र बब्लु अलीसँगबाट डाइजेपाम ६ एम्पुल, नरफिन ६ एम्पुल, फिनारगन ६ एम्पुल बरामद गरी दाखेल गरेको हुम् । निजहरूले लागूऔषध बिक्री गर्ने उद्देश्यले लिएर हिंडेको हुनुपर्दछ भनी जाहेरवाला प्रतिवेदक प्र.ना.नि. आनन्द बस्नेतले मिति २०६८।११।२३ मा अदालतमा गरेको बकपत्र ।

बब्लु अली मुसलमानका बयानबाट विनेश बम मल्लले धौलागिरीको वागलुङ र पर्वतमा लागूऔषध सप्लाई गर्छन् भन्ने खुल्न आएको हुँदा प्र.ना.नि. आनन्द बस्नेत र मलाई खटाई उल्लिखित स्थानमा गई निजलाई तलासी गर्दा बरामदी मुचुल्कामा उल्लेख भएको परिमाण सबै १८ थान लागूऔषध बरामद भै निज प्रतिवादी विनेश बम मल्ल बरामदी मुचुल्कामा उल्लिखित सडकबाट बिहान अं. ५.०० बजेतिर पक्राउ परेका हुन् । म समेतले मिति २०६८।३।१९ मा जि.प्र.का. वागलुङमा दिएको जाहेरी प्रतिवेदनको व्यहोरा पढी सुनें, देखें । उक्त व्यहोराको सहीछाप मेरो हो भनी जाहेरवाला प्रतिवेदक रामबहादुर क्षेत्रीले मिति २०६८।११।२३ मा अदालतमा गरेको बकपत्र ।

मिति २०६८।३।१५ मा गोप्य सुराक पाए अनुसार बा.न.पा. १ को मालढुंगा चेकपोष्टमा हामी गई पर्वतबाट आउँदै गरेको ग.५प ७१७४ नं. को पल्सर मोटरसाइकलमा चढी आएका टार्जन रोकामगरलाई चेकजाँच गर्दा हेल्मेटमा लुकाई ल्याएका ६ वटा इन्जेक्सन बरामद गरी निजलाई जि.प्र.का. वागलुङमा ल्याई जाहेरी समेत गरेको हो । प्रतिवेदनको व्यहोरा ठीक हो । सहीछाप मेरो हो भनी वादी पक्षका गवाह प्र.ज. ढकबहादुर क्षेत्रीले मिति २०६८।९।३ मा यस अदालतमा गरेको बकपत्र ।

यसमा यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष आफूहरूको सँगसाथबाट बरामदी मुचुल्कामा उल्लेख भए बमोजिमको लागूऔषध बरामद गरी प्रहरीले पक्राउ गरेका हुन् भनी स्वीकार गरी साविती बयान गरेका, निजहरूको सँगसाथ तथा घर डेराबाट समेत लागूपदार्थ बरामद भएको भन्ने कुरा मिसिल सामेल रहेका बरामदी मुचुल्काबाट समेत पुष्टि भएको पाइन्छ। जाहेरवाला प्रतिवेदक प्रहरी कर्मचारी प्र.ह. सुरेश कुमार सिंह, प्र.ज. ढकबहादुर क्षेत्री, प्र.ना.नि. आनन्द बस्नेत, प्र.ज. रामबहादुर क्षेत्री समेतले यी प्रतिवादीहरूको सँगसाथ एवं घरडेराबाट समेत बरामदी मुचुल्कामा उल्लेख भए बमोजिमको लागूपदार्थ बरामद भएको वारदात पुष्टि हुने गरी अदालतमा उपस्थित भई बकपत्र समेत गरिदिएको पाइन्छ। यी प्रतिवादीहरू स्वयम्ले र निजहरूका साक्षीहरू समेतले यी प्रतिवादीहरूबाट लागूपदार्थ बरामदै भएको होइन भन्न नसकी केवल लागूपदार्थका मात्रा (परिमाण) मा मात्र कम परिमाण देखाई बरामद भएको भन्ने कुरामा स्वीकार गरी बयान, बकपत्र समेत गरेबाट पनि निजहरूबाट लागूपदार्थ बरामद भएको कुरामा विवाद देखिँदैन। राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको आ.व. ०६८।०६९ च.नं. १९६ मिति २०६८।५।१२ को पत्रसाथ प्राप्त भई मिसिल संलग्न रहेको परीक्षण प्रतिवेदन हेर्दा T1, T4 र T7 नमुनामा एन्टिहिस्टामिन ड्रग पोमिथाइजिन र T2, T5 र T8 नमुनामा साइकोट्रोपिक ड्रग डाइजेपाम पाइयो। T3, T6 र T9 नमुनामा लागूऔषध ब्रुपेनोरफिन पाइएन भनी प्रयोगशालाका प्रमुख वैज्ञानिक अधिकृत श्री वीरेन्द्रराज शाक्यले उल्लेख गर्नुभएको परीक्षण प्रतिवेदन। मुद्दा सुनुवाइको क्रममा कानुन व्यवसायीले एन्टिहिस्टामिन ड्रग प्रोमिथाजिन लागूऔषधभित्र पर्दैन, लागूऔषध नै होइन भनी बहसको क्रममा उल्लेख गरेबाट उक्त पदार्थ लागूऔषधभित्र पर्छ, पर्दैन भनी उक्त प्रयोगशालामा बुझ्दा उक्त राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारको आ.व. ०६८।०६९ च.नं. ९२३ मिति २०६८।११।१८ गतेको पत्रबाट यस प्रयोगशालाको मिति २०६८।५।१२ च.नं. १९६ को पत्रसाथ पठाइएको परीक्षण प्रतिवेदनमा उल्लेख गरिएको T1, T4, T7 मा पाइएको एन्टिहिस्टामिन ड्रग प्रोमिथाजिन लागूऔषध( नियन्त्रण) ऐन २०३३ अनुसार लागूऔषध (Narcotics) तथा मनोदीपक पदार्थहरू (Psychotropic Substances) भित्र नपरेको पदार्थ भएको व्यहोरा अवगत गराउँदछु भनी उक्त प्रयोगशालाको पत्रबाट खुलिआएको पाइन्छ तापनि यी प्रतिवादीहरूबाट बरामद भएको लागूपदार्थमध्ये साइकोट्रोपिक ड्रग डाइजेपाम समेत पाइयो भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला ललितपुरको प्रतिवेदनबाट पुष्टि भएको पाइन्छ। यी प्रतिवादीहरू स्वयम्ले र निजहरूका साक्षीहरूले समेत यी प्रतिवादीहरूबाट बरामद भएको लागूपदार्थ बिक्री वितरण गर्ने प्रयोजनको नभई निजहरूले सेवन गर्नको निमित्त खरिद गरी साथमा राखेका हुन् भनी बयान, बकपत्रको क्रममा जिकिर लिए तापनि मिसिल संलग्न कुनै पनि प्रमाण आधारबाट सो जिकिर पुष्टि हुन सकेको भने पाइँदैन। किनभने यी प्रतिवादीहरूले लागूऔषध सेवन गर्ने गरेको भए निजहरू मौकामा लागूपदार्थ सहित पक्राउ पर्दाको अवस्थामा निजहरूको शारीरिक जाँच एवं स्वास्थ्य परीक्षण गराउँदा निजहरूको स्वास्थ्य सामान्य ठीक छ। लागूपदार्थ सेवन गरेका छैनन् भन्ने उल्लेख भई लागूपदार्थ सेवन गरेको भन्ने नपाइएको भन्ने मिसिल सामेल रहेको धौलागिरी अञ्चल अस्पताल वागलुङका मेडिकल अधिकृतबाट भएको प्रतिवादीहरूको स्वास्थ्य परीक्षणबाट देखिन्छ। यदि प्रतिवादीहरूले लागूपदार्थ सेवन गर्ने गरेकै भए लागूऔषधको गन्ध लक्षण समेत परीक्षण हुँदा अवश्य पनि त्यस्तो लक्षणहरू देखा पर्नुपर्ने, नदेखिएको। यी प्रतिवादीहरूले सेवन गर्नको निमित्त उपचारको लागि साथमा राखेको भन्ने कुनै भरपर्दो ठोस आधार प्रमाणबाट पनि सेवन गर्ने प्रयोजनको लागिमात्र लागूऔषध खरिद गरी साथमा राखेको भन्ने प्रतिवादीहरूको जिकिर पुष्टि हुन सकेको पाइँदैन।

प्रतिवादीहरूका कानुन व्यवसायीहरूले प्रतिवादीहरूबाट नगन्य रूपमा थोरै मात्र (थोरै परिमाण) मात्र बरामद भएको र बरामद भएका लागूपदार्थ सम्पूर्ण लागूऔषध नभएकोले अभियोग माग दाबी बमोजिमको कसुर अपराध यी प्रतिवादीहरूबाट नभएकोले दाबी अनुसारको सजाय हुनुपर्ने होइन भनी बहसको क्रममा

जिकिर लिए तापनि बरामद भएको लागूऔषधको परिमाण जे जति भए पनि यी ३।३ जना प्रतिवादीहरूको समूहले मिलोमतो गरी संगठित गिरोहको सञ्जालमा संगठित रूपमा लागूऔषध खरिद गर्ने, ओसार पसार, बिक्री वितरण गर्ने समेतका कार्य निजहरूबाट भए गरेको देखिँदा कानुन व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिने अवस्था देखिँदैन । अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादीहरूले छुट्टाछुट्टै गरेको बयान व्यहोरा समेतबाट प्रतिवादी दिनेश बम मल्ल भन्ने विनेश बम मल्लले भारतबाट लागूपदार्थ खरिद गरी ल्याई प्रतिवादी बब्लु अली मुसलमानलाई बिक्री गरी, प्रतिवादी बब्लु अली मुसलमानले प्रतिवादी टार्जन रोकामगरलाई बिक्री गरी टार्जन रोकामगरले बिक्री गरेको रकम प्रतिवादी बब्लु अली मुसलमानलाई दिने गरेको भन्ने कुरा यी प्रतिवादीहरूको एकआपसको बयान व्यहोराबाट समेत पुष्टि हुन आएको छ । यसरी यी ३।३ जना प्रतिवादीहरूको संगठित गिरोहको सञ्जालबाट लागूऔषधको कारोबार सञ्चालन भइरहेको रहेछ भन्ने पुष्टि हुन आउँछ । त्यसकारण प्रतिवादीहरूबाट बरामद भएको परिमाणलाई मात्र आधार मान्नु पनि कानुन संगत देखिँदैन । यसमा लागूऔषधको कारोबार कस्तो हो, के कसरी लागूऔषधको कारोबार सञ्चालन भइरहेको छ, त्यो नै मुख्य प्रमाण मान्नुपर्ने हुन्छ ।

प्रतिवादीमध्येका टार्जन रोकामगरले थुनछेक प्रयोजनको क्रममा अदालतमा बयान गर्दा "नयाँ जीवन पुनर्स्थापना केन्द्र वागलुङको मिति समेत सच्याइएको पत्रमा निजलाई दुर्व्यसनको उपचार गर्न दुर्व्यसन खाने मात्र हो भन्ने व्यहोरा उल्लेख गरेको पत्र अदालतमा पेस गरेको देखिन्छ । यदि निजले दुर्व्यसनको उपचार गरिरहेको भए मौकामा नै अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारी समक्ष या त अदालतमा म्याद थप गर्न ल्याउँदाको बखतमा सो पत्र पेस गर्न सक्नुपर्नेमा सो समेत पेस गरेको पाइँदैन भने लागूऔषधको उपचार गरिरहेको भन्ने डाक्टर (चिकित्सक) को औषधि उपचारको प्रेस्किप्सन सहितको पत्र पनि पेस नभएको, चिकित्सा केन्द्रमा ३ महिनासम्म उपचार गराउने गरी त्यस्तो दुर्व्यसनीलाई जिम्मा लिने संस्थाले जिम्मा लिएको कागज समेत गरिदिएको पनि देखिँदैन । त्यसकारण यी प्रतिवादीले सेवनको लागि मात्र खरिद गरेका, सञ्चय गरेका हुन् भन्न सकिएन । त्यस्तैगरी अन्य प्रतिवादीहरूले त कुनै त्यस्तो सेवन गर्ने गरेको र लागूऔषधको उपचार गराइरहेको भन्ने भरपर्दो ठोस प्रमाण कागज समेत पेस गर्न नसकेको र केवल सेवन गर्नको निमित्त मात्र खरिद गरी साथमा राखेका हौं भनेको आधारमा मात्र निजहरूलाई लागूऔषध जस्तो गम्भीर प्रकृतिको कसुर अपराधबाट उन्मुक्ति दिन सकिने अवस्था समेत देखिँदैन ।

यसमा मिसिल सामेल रहेका लागूऔषध बरामद भएको बरामदी मुचुल्कामा यी प्रतिवादीहरू रोहवरमा बसेका र उक्त मुचुल्कामा आफूहरूले गरेको सही हस्ताक्षर आफूहरूको होइन भन्न सकेको पनि पाइँदैन । उक्त बरामदी मुचुल्कामा रहेका प्रतिवेदक प्रहरीहरूले प्रतिवादीहरूको संगसाथबाट लागूऔषध बरामद भएको वारदात पुष्टि हुने गरी अदालतमा आई बकपत्र समेत गरिदिएको देखिन्छ । यी प्रतिवादीहरूले बरामदी मुचुल्कामा उल्लेख भएको लागूऔषध आफूहरूबाट बरामद भएको हो भनी अधिकार प्राप्त अधिकारी समक्ष गरेको निजहरूको एकआपसको मौकाको साविती बयान एवं अदालतमा निजहरूले गरेको बयानमा समेत लागूऔषधको परिमाण कम देखाए पनि लागूऔषध बरामद भएकोमा भने स्वीकार गरेको पाइन्छ । यसरी प्रतिवादीहरूबाट लागूऔषध बरामद भएको रहेछ भन्ने कुरामा विवाद देखिएन । निजहरूको सँगसाथबाट बरामद भएका लागूपदार्थमध्ये साइकोट्रोपिक ड्रग डाइजेपाम पाइयो भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला ललितपुरको प्रतिवेदनबाट समेत पुष्टि भएकै पाइन्छ ।

प्रतिवादीमध्येका टार्जन रोकामगरबाट लागूऔषध सहित मोटरसाइकल बरामद गरी निज पक्राउ परेका र निजको बयान व्यहोराबाट खुलेका प्रतिवादी बब्लु अली मुसलमान लागूऔषध सहित पक्राउमा परी निजको बयान व्यहोराबाट खुलेका प्रतिवादी विनेश बम मल्ल पनि लागूपदार्थ सहित पक्राउ परेको देखिन्छ ।

यसरी एउटाले अर्कोलाई बिक्री गर्ने र अर्कोले अर्कोलाई बिक्री गर्दै प्रतिवादी टार्जन रोकामगरलाई बिक्री गरेको भन्ने मौकाको निजहरूको एकआपसको बयानबाट पुष्टि हुन्छ। यी तीनै जनाको बयानबाट एकपछि अर्को लागूऔषध सहित पक्राउ परेका समेत मिसिलबाट देखिन्छ। यदि यी ३।३ जनाको संगठित समूहबाट लागूऔषधको कारोबार हुने गरेको नभए यसरी एकपछि अर्को लागूऔषध सहित पक्राउ नपर्नुपर्ने, यसबाट समेत यी तीनै जना प्रतिवादीहरूको समूहबाट प्रस्तुत मुद्दामा लागूऔषधको कारोबार भएको रहेछ भन्ने पुष्टि हुन आउँछ।

तसर्थ यसरी माथि उल्लिखित विभिन्न आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू ३।३ जनाको समूहबाट एउटा संगठित गिरोहको रूपमा लागूऔषध कारोबार समेत भएको देखिँदा प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू कसुरदार होइनन् भन्न सकिने अवस्था समेत नदेखिएबाट निजहरूले अभियोग दाबी बमोजिमको कसुर गरेको देखिन्छ। तसर्थ यी प्रतिवादीहरूबाट बरामद भएको लागूपदार्थ ठूलो धेरै परिमाणको भएको भए वा बरामद भए जति परीक्षण हुँदा लागूऔषध भेटिएको भए १० (दस) वर्षसम्म कैद र २० (बीस) लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने प्रस्तुत मुद्दाको अभियोग दाबीमा निजहरूबाट कम मात्रामा लागूऔषध बरामद भएको र बरामद भएको मध्ये केही पदार्थ मात्र लागूऔषध भएको, तर बरामद भएको सबै पदार्थ लागूऔषध नभएको भन्ने कारणले मात्र यी ३।३ जना प्रतिवादीहरूको संगठित गिरोहको सञ्जालबाट लागूऔषधको कारोबार गर्ने यी प्रतिवादीहरूलाई लागूऔषधको कारोबारको प्रकृति समेतका आधार समेतबाट अभियोग माग दाबीभन्दा कम सजाय हुने ऐनको दफालगाई वा कसुर अपराधबाट उन्मुक्ति दिन सकिने अवस्था समेत देखिँदैन।

तसर्थ यी प्रतिवादीहरू टार्जन रोकामगर, बब्लु अली मुसलमान र दिनेश बम मल्ल भन्ने विनेश बम मल्लले अभियोग दाबी बमोजिको लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) बमोजिमको कसुर गरेको ठहर्छ। सो ठहरेकाले निजहरूलाई जनही अभियोग दाबी बमोजिम सोही ऐनको दफा १४ को उपदफा (१) को खण्ड(झ) अनुसार बरामद भएको लागूऔषधको परिमाण (मात्रा) समेतको आधारमा २ (दुई) वर्ष कैद र १(एक) लाख रुपैयाँ जरिवाना हुने ठहर्छ। साथै अभियोग पत्रमा प्रतिवादी टार्जन रोकामगरले लागूपदार्थ सहित चढी आएको ग.५प ७१७४ नं. को पल्सर मोटरसाइकल र हेल्मेट समेत सोही ऐनको दफा (१८) बमोजिम जफत गरी पाऊँ भन्ने अभियोग माग दाबी रहेको र प्रतिवादी टार्जन रोकामगरबाट मौकामा नै लागूपदार्थ सहित उक्त मोटरसाइकल, हेल्मेट समेत बरामद भई प्रतिवादी पक्राउ परेको देखिँदा उक्त हेल्मेट सहित मोटरसाइकल उक्त कारोबारमा प्रयोग भएको देखिएको अवस्था हुँदा मोटरसाइकल हेल्मेट समेत सोही ऐनको दफा (१८) बमोजिम जफत हुने ठहर्छ। साथै अभियोगपत्रमा सोही ऐनको दफा १८(घ) अनुसारको समेत माग दाबी गरेतर्फ अदालतबाट सोही ऐनको दफा १८(घ) अनुसार नै अदालतबाट केही बोल्न मिलेन। अरू तपसिलका कुरामा तपसिल बमोजिम नै गर्ने गरी अ.वं. १८६ नं बमोजिम यो फैसला गरिदिएँ।

## तपसिल

१) माथि इन्साफ खण्डमा लेखिए अनुसार प्रतिवादी टार्जन रोकामगर, बब्लु अली मुसलमान र दिनेश बम मल्ल भन्ने विनेश बम मल्ललाई अभियोग दाबी बमोजिम लागूऔषध (नियन्त्रण) ऐन २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) बमोजिम कसुर गरेको ठहरी निजहरूलाई जनही अभियोग दाबी बमोजिम सोही ऐनको दफा १४ को उपदफा खण्ड १ को खण्ड (झ) अनुसार बरामद भएको लागूऔषधको परिमाण (मात्रा) समेतको आधारमा जनही २ वर्ष कैद र रु. १,००,०००। (एक लाख) जरिवाना हुने ठहरेकाले निज प्रतिवादीहरू हाल हिरासतमा रहेकाले देहाय बमोजिम लगत कसी कैद जरिवाना असुल उपर गर्नू ......१

क) प्रतिवादी टार्जन रोकामगर के मिति २०६८।३।१५ देखि प्रहरी हिरासतमा रही यस अदालतका

मिति २०६८।५।३० का आदेशले पूर्पक्षका लागि थुनामा रहेको देखिँदा हिरासतमा रहेको मितिदेखि नै कैद असूल हुने गरी कैद वर्ष २ र जरिवाना रु. १,००,०००। (एक लाख) असुल उपर गर्नू .१

ख) प्रतिवादी बब्लु अली मुसलमान के मिति २०६८।३।१९ देखि प्रहरी हिरासतमा रही यस अदालतका मिति २०६८।५।३० का आदेशले पुर्पक्षका लागि थुनामा रहेको देखिँदा हिरासतमा रहेको मितिदेखि नै कैद असुल हुने गरी कैद वर्ष २ र जरिवाना रु. १,००,०००। (एक लाख) असुल उपर गर्नू ...१

ग) प्रतिवादी दिनेश बम भन्ने विनेश बम मल्ल के मिति २०६८।३।१९ देखि प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६८।५।३० का आदेशले पुर्पक्षका लागि थुनामा रहेको देखिदा हिरासतमा रहेको मितिदेखि नै कैद असुल हुने गरी कैद वर्ष २ र जरिवाना रु. १,००,०००। (एक लाख) असुल उपर गर्नू ..........................................................................................१

२) अभियोगपत्र साथ दाखेल हुन आई यस अदालतका आदेशले जिन्सीमा आम्दानी बाँधी राखिएको ग.५प ७१७४ नं को पल्सर मोटरसाइकल हेल्मेट समेत लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ ले जफत हुने ठहरी फैसला भएको हुनाले पुनरावेदनको अन्तिम अवस्था नाघेपछि उक्त मोटरसाइकल र हेल्मेट कानुन बमोजिम लिलाम गर्नू ..........................................................................................१

३) बरामद भै अभियोग पत्रसाथ दाखेल हुन आएको लागूऔषध प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो लागेपछि कानुन बमोजिम नष्ट गर्नू ..........................................................................................१

४) यस अदालतको इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालतमा वागलुङमा पुनरावेदन गर्नू भनी प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनू ..................................................१

५) प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी श्री जि.स.व.का. वागलुङलाई दिनू ..........................................................................................१

६) सरोकारवाला व्यक्तिले प्रस्तुत मुद्दाको फैसालाको प्रतिलिपि माग गरेमा लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू ..........................................................................................१

७) प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत वागलुङमा पठाइदिने गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ..........................................................१

मा. जि.न्या. ज्यूले बोली टिपाए बमोजिम टिपी टाइप गराउने
ना.सु झिल्के श्रेष्ठ
क.अ. होमनाथ शर्मा

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल असार महिना २८ गते रोज ५ शुभम्।**

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री भोजराज अधिकारी**
**फैसला**
**सम्वत २०६६ सालको स.फौ.नं.-२०४४**
**निर्णय नं. :- ६८१**

**मुद्दा :- लागूऔषध खैरो हेरोइन ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| प्रहरी प्रतिवेदनले नेपाल सरकार...........१<br>साक्षी :-<br>कागज :- | पाकिस्तानी नागरिक, पासपोर्ट नं. AE5572841 को वर्ष ४०को सज्जाद मोहम्मद खुराम .......................१<br>जिल्ला सुनसरी, पकली गा.वि.स. वडा नं. ६ बस्ने देवनारायण शाहको छोरा हाल जिल्ला काठमाडौं, सामाखुसी टाउन प्लानिङ्ग, बस्ने वर्ष २७ को अमित शाह..............................................................१<br>जिल्ला बारा, गा.वि.स. रामपुर टोकनी, वडा नं. ९ स्थायी घर भई हाल जिल्ला ललितपुर, ल.पु.उप-महानगरपालिका वडा नं. १४ ताल्छीखेल बस्ने सलिम मिया अंसारीको छोरा वर्ष ३६ को युनुस अन्सारी...........१<br>जिल्ला दाङ्ग, त्रिभुवन न.पा.वडा नं. ९ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा.३ बस्ने बलराम भट्टको छोरा वर्ष ४२ को शर्मा भन्ने यादवराज भट्ट.............१<br>सेरालियन नागरिक जोहानको छोरा वर्ष ३० को अस्टिन इब्राहिम .......................................................१<br>गिनी नागरिक जर्जको छोरा पासपोर्ट नं. RO234008 बाहक वर्ष ३७ को क्यामरा इब्राहिम.......................१<br>साक्षी-<br>कागज- |

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं.बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको सक्षिप्त तथ्य एवं ठहर खण्ड यसप्रकार छ :-

## तथ्य खण्ड

sf=lh=sf=d=g=kf=j*f g.29 &d]hl:yt <]*Ksnfg\ u]^ xfp;sf] sf&f g.304 g. kfls:tfgL gful<s ;Hhfb dxdb v'fd a;]sf] ;f] sf&f vfgtnf;L ubf{Jn]; n]vPsf] sfnf] <usf] ;^s]; kmhf k<]sf]df ;f] ;^s]; vf]hL xbf{3 s]hL. 700 ufd v}f]x{f0]gh:tf] kbfy{kmhf k<]sf] eGg] ;dft Joxf]{fsf] a<fdbL d'rNsf .

&d]hl:yt <]*Ksnfg\ u]^ xfp;sf] sf&f g.304 kfls:tfgL gful<s ;Hhfb dxdb v'fd a;]sf] ;f] sf&f vfgtnf;L ub{ An]; n]vPsf] sfnf] <usf] ;^s]; kmhf k<]sf]df vf]hL xbf{3 s]hL.700 ufd v}f]x{f0]gh:tf] kbfy{kmhf k<]sf] xF lghnf0{kqmfp u<L o;}k|tj]bg ;fy bflvn u<]sf %f}eGg] ;dft Joxf]<fsf] kk<L k|tj]bg .

dnf0{kfls:tfgL gful<s xflhb tnfbn]ldlt 2066/9/16 ut]sf lbg b0{^f ;^s]; lbP< kfls:tfgjf^ sf&df*f}k&fPsf lyP . lghn]dnf0{sf&df*f}cfpg] a]hfdf <]* Ksnfg\ x]^nsf] sf*{ g.98082071151 g.sf] l;dsf*{ ;dt lbPsf lyP . ;^s]; ln0{kL.cf0{P.sf] hxfhaf^ sf&df*f} Po<kf]^{cf0{Toxf]F^ ^bfS;Ldf r(L <]*Ksnfg\sf]u]^xfp;df cf0{sf&f g.304 df a;L d}f] ;fydf <x]sf] 98082071151 sf] df]af0naf^ xflhb tnfbsf] df]af0n 00923212332366 df ;Dks{u<L d <]* Ksnfg\sf] sf&f g.304 df a;]sf] s'f atfPkl% lghn]ltdLnf0{og';  cG;f<Ln] k&fPsf] cnL gfd u<]sf] JolQm ltdf]] df]af0ndf ;Dks{ul<cfPkl% <]* sn<sf] ;^s]; k&f0lbg' eg]sf]< ;f]xL lbg s]xL a}kl% cnL eGg] JolQm xfn gfd yfxf kfPsf sfzL<fd clwsf<L cfPkl% lghn]d og';  ;<n] k&fPsf] cnL xFeg] kl% d]h] lghnf0{<]*sn<sf] ;^s]; lb0{k&fPsf]< sfzL<fd clwsf<L cfpF dnf0{cfkmbf] df]af0n g. 9808388173 af^ kmf]g ;Dks{u<]sf lyP . cfkmbf] af]; og'; cG;f<L;F ;dt s'fsfgL u<fPsf lyP lgh cnLn] ;^s]; lnP< u0;s]kl% ;f]s'f d]h] cfkmbf] af]; tfnbnf0{ atfPkl% lghn]dnf0{csf]{sfnf]<usf] ;^s]; lng klg og'; cG;f<Lsf] csf]{JolQm ef]n cfpF eg]{ kmf]g <flvlbPkl% d vfgf vfP< ;'t]ef]nkN^ 2066/9/17 ut]kk<L ^f]hL d a;]sf]u]^ xfp;df cf0{ d}f] sf&f g.304 vfgtnf;L ubf{sfnf]<usf] ;^s]; kmhf kf<L vf]hL xbf{;f]eq 3 s]hL. 700 ufd v}f]x{f0]g tyf df]af0n < l;dsf*{;dt kk<Ln] a<fdb u<L NofPsf] xf] . kl% dnf0{kk<Ln] kqmfp u<L xflhb tnfb;F ;Dks{u<fpF lgh tnfbn] og';sf] dfG%] cfpF]g zdf{eGg] ofbj<fh e§sf] dfG%]ltdLnf0{;Dks{ug{cfPkl% ;fdfg lbP< k&f0lbg' eg]sf]< To;kl% zdf{eGg] JolQmn] k&fPsf] egL cldt zfx eGg] JolQmn] dnf0{kmf]g u<L ;fdfg lng cfPsf] cj:yfdf lghnf0{klg kk<Ln] kqmfp u<L NofPsf] xf] eGg] ;dft Joxf]{fsf] k|tjfbL ;Hhfb df]xdb v'fdn] clwsf< kf|t clwsf<L ;dIf u<]sf] aofg sfuh .

;fdfv';Ll:yt rf]sdf zdf{eGg] ofbj<fh e§, Sofd<f 0jf]lxd < cl:^g 0jf]lxdnf0{kmhf kf<L lghx¿sf] z<L< tnf;L lnbf df]af0n tyf l;dsf*{¿ ;dt kmhf k<]sf] eGg] ;dft Joxf]{fsf] a<fdbL d'rNsf .

xflQ;f<l:yt kL.cf0{P.clkm; cufl* cldt zfxnf0{kmhf kf<L lghsf] z<L< tnf;L lnbF 9808217480 g.sf] df]af0n ;lxt kmhf k<]sf] eGg] Joxf]{fsf] a<fdbL d'rNsf .

ldlt 2066/9/19 ut]lugL gful<s Sofd<f 0af]lxd < ;}flng gful<s cl:^g 0af]lxdn] cldt zfxsf] df]af0n g.df ;Dks{u<L nfu'cf}iw v}f]x{f0]g lng cfPsf] cj:yfdf ;fdfv';L rf]sdf

km]nf kf<L lghsf] ;fydf <x]sf] dfafOn ;d]t a<fdb u<L lghx¿nfO{kqmfp u<L sf<afxLsf nflu bflvnf u<]sf %f}eGg] ;d]t Joxf<fsf] kl<<L kl t j]bg ==

ldlt 2066/9/19 ut] kfls:tfgL gful<s ;Hhfb df]xdb v'<fd;F nfu'cf}Fw lngsf] nflu sf.d.g.kf.1 kL.cfO{P.clk= ; cufl* cfPsf cldt zfxnfO{km]nf kf<L ;fydf <x]sf] dfafOn ;d]t a<fdb u<L lghnfO{kqmfp u<L sf<afxLsf] nflu bflvn u<]sf %f}eGg] ;d]t Joxf<fsf] kl<<L kl t j]bg ==

ldlt 2066/9/23 ut]sf] :kfO; g]kfn kf.ln.sf] kq ;fy kl<t xF cfPsf] dfafOn g.9808015803, 9803911739, 9808355422, 9803453282, 9808217480 < 98082207151 g.sf] sn lj j<)f ==

ldlt 2066/9/17 ut]sf lbg dnfO{zdf{eGg]ofb j<fh e§n]d<f]dfafOn g.9841938505 df km]g u<L kfls:tfgjf^ Pp^f dfG%]h] ;fdfg lnP< cfPsf]<x]%, p;sf]dfafOn g.9808207151 df ;Dks{u<] d zdf{h] k&fPsf] dfG%] xFeg] ;Dks{u<L lghn] lbPsf] nfu'cf}Fw v}sf] x}fOgdW]o] 1/1 lsnf] Sofd<f Oafldxd < cl:^g OJfflxdnfO{lbO{ jfFL <x]sf] ;fdfg lnP< cfpg' egL eg]sf] xF dh] ;f]xL cg';f< kfls:tfgaf^ cfPsf] JolQm <fh' eGg] df]xdb ;Hhfb v'<fdnfO{lghsf] dfafOndf ;Dks{u<L ;fdfg lng xflQ;f<l:yt kL.cfO{P.clk= ; cufl* hfF dnfO{kl<<Ln]kqmfp u<L NofPsf]xf] < To;kl% dh]kg == kl<Ls}<f]j<df kl<LnfO{;xofu ug{p@Zon] cl:^g Oafldxd < Sofd<f Oafldxd tyf ofbj<fh e§ ;d]tnfO{km]g u<L ;fdfg lng cfpg' egL af]hfpF lghx¿ ;fdfv';L rf]sdf cfPsf] cj:yfdf lghx¿nfO{klg kl<Ln]kqmfp u<L NofPsf]xf] dh] kbfl ug{df]g.9803453282 g.sf]l;dsf*{klg dnfO{lgh}zdf{eGg]ofb j<fhn]g}lbPsf xF\eGg] ;d]t Joxf<fsf]kl t jfbL cldt zfxn]clwsf< kl<t clwsf<L ;dIf u<]sf]aofg ==

d cfheGbf 4 dlxgf cufl*bl v oF'; cG;f<Lsf]#<df uf*]sf]¿kdf sfd ub{cfPsf]%' == lghsf]a*Luf*]sf]¿kdf sfzL<fd clwsf<L < d]vaxfb' e)*f<L sfo{t lyP == 066/9/16 < P].17 ut] *b^L ckm ePsf]h]cfkm]g}sf]&fdf <x]sf] cj:yf oF'; cG;f<Ln]kbfl ug{u<]s] yfkfynLsf]Jn' jN*{ sDkn}$;af^ kl<Ln]lghsf]uf*{sfzL<fd clwsf<LnfO{gSsnL ef<tLo gf]^ ;lxt kqmfp u<]sf]xf] == oF'; cG;f<Ln]kfls:tfgL gful<s;F ;DKfs{u<L gSsnL ef<tLo gf]^ tyf nfu'cf}Fw ;d]t g]kfndf NofO{sf<f]af< ug{u<]sf]egL ;gL yfxf kfPsf]%' eGg] ;d]t Joxf<fsf] s])f a. s];L.sf] sfuh ==

ldlt 2066/9/17 ut]<f]*Knfg]^ u]^ xfp;sf]sf&f g.304 df ;Hhfb df]xdb v'<fd a:g] u<]sf lyP == ;f]sf&fsf] kl<<Ln] tnf;L lnbF 3 lsnf]700 u|d nfu'cf}Fw a<fdb u<]sf]xf]eGg] ;d]t Joxf<fsf]ljgf]b v<]hn]ul<lbPsf] sfuh ==

ldlt 2066/9/17 ut]<f]*Knfg]^ u]^ xfp;sf]sf&f g.304 df ;Hhfb df]xdb v'<fd a:g] u<]sf lyP == sf&fsf] kl<<Ln] tnf;L lnbf 3 lsnf]700 u|d nfu'cf}Fw a<fdb u<]s] s'f dh]yfxf kfPsf]xFeGg] ;d]t Joxf<fsf]ltnskl;fb clwsf<Ln]u<]sf] sfuh ==

ldlt 2066/9/17 ut]<f]*Knfg]^ u]^ xfp;sf]sf&f g.304 df ;Hhfb df]xdb v'<fd a:g] u<]sf lyP == sf&fsf] kl<<Ln] tnf;L lnbf 3 lsnf]700 u|d nfu'cf}Fw a<fdb u<]sf] s'f dh]yfxf kfPsf]xFeGg] ;d]t Joxf<fsf]gj<fh clwsf<Ln]u<]sf] sfuh ==

d 4 slffdf k(bfbl v g}g]^ dfkm{ Sofd<f Oafldxd;F lrghfg ePsf]xf]== o;}qmddf lgh sf&df*f}cfPkl% dh]cfkm\gf]gfddf lgsfn]sf] 9808073614 g.sf]l;dsf*{lbPsf]xf], d lghsf]

;fyL ePsf]h]lgh ;Fu a:g]uby{_lghsf] sf&f ;fdfv';Ldf cfpg]hfg]uy{_xfn kqmfp k<L cfPsf] cldt zfx klg lghsf] sf&fdf cfpg]hfg] u<]sf] b]v]sf] xFeGg] ;d]t Joxf{fsf] Pgy dfQmfgsf] sfuh ॥

d kfls:tfgL gful<s ;Hhfb dfxdb v|fd tyf cnLnfO{lrlGbg ;fy}sfzL<fd clwsf<LnfO{ lr^ n]v{ lbPsf]%\g eGg] ;d]t Joxf{fsf]k|tjfbL og'; cG;f<Lsf]aofg sfuh ॥

ldlt 2066/9/19 ut]dnfO{cldt zfxn]kmfg u<L sf.lh.;fdfv';L rf]sdf nfu"cf}fw v}sf]x{fQg lng af]hfPsf]cj:yfdf ;f]rf]sdf ;fdfg lng hfbF cldt zfx;Fu al;<x]sf]kk<Ln]d ;d]tnfO{kqmfp u<L NofPsf]xf]eGg] ;d]t Joxf{fsf]k|tjfbL cl:^g Oaf|lxdsf]aofg sfuh ॥

k<Llf)fsf nflu kf|Kt xg cfPsf]bzL k<Llf)f ubf{ef}t s ;j't g.1 df x}fQg kfOPsf]% eGg] ;d]t Joxf]<fsf]s]blo kk<L ljlw lj!fg kbf{uzfnfaf^ kf|Kt xg cfPsf]k<Llf)f k|tjbg ॥

ldlt 2066/9/19 ut]dnfO{cldt zfxn]kmfg u<L ;fdfv';L rf]sdf nfu"cf}fw v}sf]x{fQg lng af]hfPsf]cj:yfdf ;f]rf]sdf ;fdfg lng hfbF cldt zfx;Fu al;<x]sf]kk<Ln]d ;d]tnfO{kqmfp u<L NofPsf]xf]eGg] ;d]t Joxf{fsf]k|tjfbL Sofd<f Oaf|lxdsf]aofg sfuh ॥

d cldt ;fx, cl:^g Oaf|lxd, Sofd<f Oaf|lxd tyf og'; cG;f<L < kfls:tfgL gful<s xfhL tnfbnfO{lrlGbg, dnfO{;fdfv';L rf]saf^ kk<Ln]kqmfp u<L ;fydf <x]sf]dfaf0n tyf l;dsf*{¿ ;d]t a<fdb u<L NofPsf]xf]eGg] ;dt]Joxf]<fsf]k|tjfbL zdf{eGg]ofbj<fh e§sf]aofg sfuh ॥

ldl;n ;nUg kk<L k|tjbg, vfgtnf;L Pj_a<fdbL d'rNsf, cg';Gwfgsf]qmddf alemPsf s])faxfb| s];L., ljgf]b v<h, ltnsk|;fb clwsf<L, Pgy dfQmfg ;d]tn] ul<lbPs] sfuh, k|tjfbLx¿sf]aofg, k<Llf)f k|tjbg Pj_^]nsd ;d]tjf^ kf|Kt sn ljj<)f ;d]tsf ldl;n ;nUg sfuh k|df)fx¿af^ oL k|tjfbLx¿sf]sfo{nfu"cf}fw lgoGq)f Pg, 2033 sf]bkmf 4 sf]bkfo (#) (a) (r) sf]s;|df P]bkmf 14 (1) sf]bkfo (%) (3) jdf]hd ;hfo u<L kfpFeGg] ;d]t Joxf{fsf]cleoftu bfaL ॥

dh]k|tjfbLx¿nfO{s;hfO{lrg]sf] ;d]t %g ॥ kfls:tfgdf <x]sf xfldb tnfb eGg]dflg; ;d]t s;hfO{lrg]sf]%g ॥ ldlt 2066/9/19 ut]d %f{Lsf]hGdlbg dgfpg cfkmg}*{f sf&f ;fdfv';Ldf al;<x]sf]cj:yfdf lbgsf]11 ah]sf];dodf kk<L cfO{dnfO{kqmfp u<L nu]sf xg\॥ dh]lsg ;dft]sf]egL kk<L;Fu eGbf hjfkm}glbO{kqmL nuL uPsf xg\॥ dh]sg}nf.cf}v}sf]x{fQgsf] sf<faf< Pj_vl<b laqmL s]xL u<]sf]%g ॥ d dfly nufPsf]cf<fk s;| em&f xf]॥ d Ps ;fdfGo Jofkf< ug{JolQm xFdnfO{cgfjZos d@f nufPsf]xf]eGg] ;d]t Joxf{fsf]k|tjfbL cldt zfxn]o; cbfnt ;dlf u<]sf]aofg ॥

dh]sg}nf.cf}sf]sf<faf< u<]sf]%g, dh]sg}k|tjfbLnfO{lrg]sf] ;d]t %g d dfly nufPsf] cf<fk em&f xf]eGg] ;d]t Joxf{fsf]k|tjfbL zdf{eGg]ofbj<fh e§n]o; cbfntdf u<]s] aofg ॥ d rr{df sfd u<L *{fdf kmsL{hfg]qmddf af^f]df kk<Ln]kqmfp u<L d{f]cfvFfdf k§L afWL nu]sf] xf]. dh]nf.cf}sf]sf<faf< s]xL u<]s] xf]g ॥ d dfly nfu]sf]cf<fk em&f xf]eGg] ;d]t Joxf{fsf] k|tjfbL cli^g Oaf|lxdn]o; cbfntdf u<]sf]aofg ॥

d{f]bz lugLdf u{o$ eO<x]sf]sf<)f z<)ffyL{:j¿k cu:^ 009 df d{f]bzaf^ sf&df*f}cfO{uf]ladf *{f sf&f ef*f lnO{a:b}cfPsf]%'॥ hgj<Lsf]bf];f]xKtf dnfO{k'tnL ;*ssf]

&fpaf^ kk<Ln]kqmfp u<L nu]sf]xf]| k|tjfbLx¿ s;}sF dkf]lrghfg ;d]t gePsf]< nf.cf}vf]x}f]gsf]sf<f]af< s]xL u<]sf]xf]g, d dfly nufPsf]cf<f]k em&f xf]eGg] ;d]t Joxf]<fsf]k|tjfbL Sofd<f 0af|lxdn]o; cbfntdf u<]sf]aofg |

&d]hdf <x]sf]<]*Knfgf^ xf]^n sf]304 g.sf]sf]&faf^ <flt xf]olsg ;do yfxf ePg, kk<Ln]kqmfp u<]sf]xf], lsg kqmfp u<];f]dnf0{yfxf ePg | a<fdbL d'rNsfdf plNnlvt df]afOn < ;^s];d]t d]f]cGo sfuhft ePsf];fdfg kk<Ln]daf^ a<fdb u<]sf]xf]| t< ;^s];df d]f sk*f lyP, nf.cf}x]f]g xf]g, lsg kk<Ln]x]f]g egL pNnl]v u<], pQm ;Dk'f{em&f xf]| daf^ nf.cf}vf]x]f]g a<fdb ePsf]xf]g eGg] ;d]t Joxf]<fsf]k|tjfbL ;hfb dfxdb vkfdn]o; cbfntdf u<]sf]aofg |

d]h]sg}k|tjfbL ;d]tnf0{lrg]sf]%g | kfls:tfgdf <x]sf]xflhb tnfb eg]sf]dflg; ;d]t d s;}nf0{lrlGbg | d Ps Joj;fo u<L vfg]dflg;nf0{grflxF]em&f cf<f]k nufPsf]xf]| d]h]nf.cf}sf]sf<f]af< ;d]t s]xL ulbg | d dfly nufPsf]cf<f]k em&f xf]| d]f]cg';Gwfgsf]qmddf ePsf]aofg Joxf]f l&s}xf]| d]h]eg]adfl]hd nl]vPsf]xf]. ;f]df ePsf];xL%fk d]}xf]eGg] ;d]t Joxf]<fsf]k|tjfbL og'; cG;f<Ln]o; cbfntdf u<]sf]aofg |

k|t't मुद्दामा प्रतिवादी युनुस अन्सारीको साक्षी शिवनाथप्रसाद पटेल, सूर्य खड्काले, प्रतिवादी अमित साहको साक्षी आङदाजी महर्जन शेर्पा, माकुरी पौडेलले, प्रतिवादी यादवराज भट्टको साक्षी ऋषिकेश सुवेदी, बमबहादुर थापाले, प्रतिवेदक प्र.नि. परशुराम तिवारी, प्र.स.नि.यादव बस्नेत, र प्र.स.नि. हनुमान राउत, प्रेमसागर के.सी.ले, बुझिएका मानिस विनोद खरेल, नवराज अधिकारी, तिलकप्रसाद अधिकारीले यस अदालत समक्ष उपस्थित भई गरेको बकपत्र मिसिल सामेल रहेको ।

**ठहर खण्ड**

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दा बुझिएसम्मका प्रमाणहरूको आधारमा फैसला गरिदिए हुने भएकोले मिसिल अध्ययन गर्दा, प्रतिवादीहरू उपर लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (ङ) र (च) बमोजिमको कसुरमा ऐ.ऐनको दफा १४(१) को देहाय (छ) (३) बमोजिम सजाय गरी प्रतिवादी युनुस अन्सारी र यादवराज भट्ट र निजहरूको परिवार समेतका नाममा रहेको चल अचल सम्पत्ति ऐ. ऐनको दफा १८(क) बमोजिम जफत गरी पाउन एवं प्रतिवादी मो.सज्जाद खुरामलाई दफा १८(ग) बमोजिम निजलाई हुने सजायमा आंशिक छुट गरी पाउन समेतको मागदाबी रहेको देखिन आयो ।

प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री सीताराम अर्यालले प्रतिवादीहरू मौकामा सावित भएका छन् । प्रतिवादी मो. सज्जाद खुरामको साथबाट ३ के.जी. ७०० ग्राम लागूऔषध खैरो हेरोइन बरामद भएको छ । प्रतिवादी अमित साहको सहयोगबाट अन्य प्रतिवादीहरू पक्राउमा परेका छन् । प्रतिवादी युनुस अन्सारीको मानिस आएपछि उसलाई कालो सुटकेस दिई पठाउनु भनी हाजीले भनेबाट युनुस र युनुसका मानिस हेरोइन लिन नआएपछि उसको समेत संलग्नता देखिएको छ । त्यसैले प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम सजाय होस् भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादीहरूमध्येका अमित साहको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रामप्रसाद श्रेष्ठले लागूऔषध बरामद भएको र नभएका व्यक्तिलाई एउटै ऐनको दाबी लिई अभियोग दायर भएको हुँदा कस्तो विडम्बनायुक्त अभियोग दाबी भन्ने देखिन्छ । मिसिलबाट प्रतिवादीहरूको बीचमा फोन सम्पर्क भएको देखिए तापनि लागूऔषधको कारोबारको सम्बन्धमा नै फोन सम्पर्क भएको भन्ने प्रमाण के छ ? फोन गर्ने बाहेक मेरो

पक्षले के कसुर गऱ्यो प्रस्ट छैन । तयसैले मेरो पक्ष अमित साहको लागूऔषधको कारोबारमा संलग्नता नहुँदा अभियोग दाबीबाट सफाइ दिइयोस् भनी र प्रतिवादी यादवराज भट्टको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकले मेरो पक्षको साथबाट लागूऔषध बरामद भएको छैन । मिति २०६६/०९/१८ मा मेरो पक्षलाई पक्राउ गरेको भए तापनि मिति २०६६/१०/०८ मा ८१ दिनपछि बयान गराइएको छ । ८१ दिनपछि बयान गराउँदा पनि मेरो पक्ष कसुर गरेकोमा मौकामा र अदालतमा समेत इन्कार छन् । आफ्नै घरबाट पक्राउ गरिएकोमा सामाखुसीमा पक्राउ गरेको भनिएको छ । ९८०८०१५००३ र ९८४१४२०५१२ नं.को मोबाइल मेरो पक्षको नाममा दर्ता नै छैन । अनुमान, आशंका र मनोगत आधारमा मुद्दा चलाइएको छ । कुनै पनि प्रमाणबाट अभियोग प्रमाणित नहुँदा र सम्पत्ति अवैध रूपमा कमाएको भन्ने प्रमाणित भएको अवस्था समेत नहुँदा मेरो पक्षलाई अभियोग दाबीबाट सफाइ दिइयोस् भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यस्तैगरी प्रतिवादी अस्टिन इब्राहिम र क्यामरा इब्राहिमको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री बिराट न्यौपाने, श्री लभकुमार मैनाली र श्री गणेश श्रेष्ठले प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले कारोबार गरेको भन्ने अभियोग लगाइएको छ तर कारोबार भइसकेको अवस्था छैन । लिने नलिने दुवै सम्भावना छ । अर्थात् कार्य भएकै देखिएको छैन भने केको कसुरमा सजाय गर्ने ? प्रस्तुत मुद्दामा मौकाको थपिएको बयान बाहेक कुनै पनि प्रमाण छैन । प्रतिवादी अस्टिनको बयानको स.ज.१८ को अन्तिम वाक्यांश पनि पछि थपिएको हो । मेरो पक्षबाट बरामद भएको छैन । सहअभियुक्तको पोललाई प्रमाणमा लिन मिल्दैन । काला जातिका मानिसहरू भएकाले फसाएको हो । लागूऔषध किन्न आएको भए ऊसँग रुपैयाँ बरामद हुने थियो तर रुपैयाँ बरामद भएको छैन । त्यसैले प्रस्तुत वारदातमा यी प्रतिवादीहरूको संलग्नता कहींबाट प्रमाणित नहुँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी र प्रतिवादी मो.सज्जाद खुरामको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकले मेरो पक्षले पाकिस्तानबाट २ वटा सुटकेस ल्याएकोमा विवाद छैन । स्वीकार गरेका छन् । सुटकेस बरामद हुनु मात्र कसुर कायम हुने आधार हुन सक्तैन । किनकि तथ्य स्वीकार गर्नु र अपराध स्वीकार गर्नु फरक कुरा हो । तथ्य स्वीकार गर्दैमा कसुर हुन सक्तैन । तसर्थ मेरो पक्षलाई अभियोग दाबीबाट सफाइ दिइयोस् भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यस्तैगरी प्रतिवादीमध्येका युनुस अन्सारीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, महादेव यादव र अधिवक्ताहरू श्री कृष्णप्रसाद सापकोटा, लभकुमार मैनाली, रमनकुमार श्रेष्ठ, कृष्णमुरारी रौनियार, प्रेमबहादुर खड्का, मनमोहन तिमल्सिनाले प्रतिवादी युनुस अन्सारीसँग लागूऔषध बरामद भएको छैन । लागूऔषधमा संलग्न प्रतिवादीहरू कसैले पनि पोल गरेको अवस्था पनि छैन । युनुसको गार्ड काशीरामले रातो सुटकेस लिई आउँदा कालो सुटकेस पनि युनुसको हुन्थ्यो भने सोही बखत लिएर आउने थिए साथै मोहम्मद सज्जाद खुरामलाई समातिसकेपछि यदि सो कालो सुटकेस युनुसको हुन्थ्ये भने मो.सज्जादले युनुसलाई नै फोन गर्ने थिए । किनकी अगाडि पनि युनुसको मान्छे लिन आउँछ भनी हाजीले भनेका थिए भनिएको छ तर युनुसलाई फोन नगरी पछि शर्मा भन्ने व्यक्तिको मान्छे आउँछ भनेको अवस्था भएकोले पछि युनुसले मगाएको लागूऔषध भए अर्कोले कसरी लान पाउँछ । यदि युनुसको सामान थियो भने अमित साहले पनि युनुसलाई पोल गर्ने थिए तर त्यो नहुँदा फसाउन मेरो पक्षको नाम उल्लेख गरिएको मात्र हो । भारतीय दबाबमा मुद्दा चलाइएको छ । युनुसले मगाएको लागूऔषध हामीले खरिद गर्ने भयौं भन्ने भनाइ कुनै प्रतिवादीको बयानमा छैन । आफ्नो रुपैयाँ लगानी भएपछि आज लिने, भोलि नलिने भन्ने कहीं हुन्छ ? त्यसैले लागूऔषधको सन्दर्भमा मेरो पक्षको कुनै पनि संलग्ना नहुँदा अभियोग दाबीबाट सफाइ दिइयोस् । साथै कुनै पनि सम्पत्ति जफत हुन सो अवैध हिसाबले कमाएको प्रमाणित हुनुपर्दछ । यिनले लागूऔषधमा पहिले सजाय पाएका छैनन् । मुद्दा समेत चलेको अवस्था छैन । यो यो हिसाबले यसरी अवैध रूपमा कमाएको भन्ने प्रमाणित हुने कुनै पनि प्रमाण मिसिल

सामेल नहुँदा सम्पत्ति समेत जफत गरी पाऊँ भन्ने दाबी समेत पुग्न सक्तैन भनी बहस प्रस्तुत गर्नुभयो ।

मिसिलको अद्योपान्त अध्ययन गरी वादी र प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरूको बहस जिकिर समेत सुनी प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम कसुरदार ठहऱ्याई सजाय गर्नुपर्ने हो, होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा, पाकिस्तानी नागरिक हाजी तलाद मार्फत मिति २०६६/०९/१६ मा नेपाल आएका सज्जात मोहम्मद खुराम बसेको काठमाडौं ठमेलस्थित रेडप्लानेट होटलको कोठा नं. ३०४ बाट BLESS लेखिएको कालो रंगको सुटकेसभित्र राखेको अवस्थामा ३ के.जी.७०० ग्राम लागूऔषध खैरो हेरोइन बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ । सो बरामद चिज हेरोइन भएको कुरा परीक्षण प्रतिवेदनबाट प्रमाणित छ । प्रतिवादीले यस अदालत समक्ष बयान गर्दा मबाट हेरोइन बरामद भएको होइन भने पनि पाकिस्तानबाट २ वटा सुटकेस लिई आएको कुरा स्वीकार गरेका छन् भने अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा उक्त लागूऔषध आफूले पाकिस्तानबाट लिई आएको र म बसेको रेडप्लानेट होटलको कोठा नं.३११ बाट सो लागूऔषध बरामद भएको हो भनी बरामदीलाई स्वीकार गरेको देखिएको र होटलवाला विनोद खरेल र बरामदी मुचुल्काका यादव बस्नेत समेतले अदालत समक्ष मो. सज्जाद खुरामबाट बरामद भएको हो भनी बकपत्र गरिदिए समेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी सज्जाद मोहम्मद खुरामले अभियोग दाबी बमोजिम लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ) (ङ) र (च) को कसुर गरेको प्रमाणित भएको हुँदा निज प्रतिवादी मो.सज्जाद खुरामलाई ऐ. ऐनको दफा १४(१)(छ)(३) वमोजिम १७ वर्ष कैद र रु.२०,००,०००।-(बीस लाख रुपैयाँ) जरिवाना समेत हुने ठहर्छ ।

प्रतिवादीहरू अमित साह, शर्मा भन्ने यादवराज भट्ट, अस्टिन इब्राहिम र क्यामरा इव्राहिमको अभियोग दाबी बमोजिमको कसुरमा संलग्नता छ, छैन भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादीमध्येका शर्मा भन्ने यादवराज भट्ट अधिकार प्राप्त अधिकारी समक्ष समेत र सबै प्रतिवादीहरू अदालत समक्ष कसुर गरेकोमा इन्कार रहे तापनि अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा प्रतिवादी अमित साह र अस्टिन इब्राहिम र क्यामरा इब्राहिमले एक अर्कामा चिनजान उठबस भएको, फोन सम्पर्क हुने गरेको स्वीकार गरेको र सो कुरा मिसिल संलग्न कल डिटेलबाट प्रमाणित भएको देखिन्छ । प्रतिवादीमध्येका पाकिस्तानाी नागरिक सज्जाद मोहम्मद खुरामले हाजी मार्फत पाकिस्तानबाट काठमाडौ ल्याएको लागूऔषधको सुटकेस दिने सम्बन्धमा हाजी र सज्जादबीच कुराकानी हुँदा शर्मा भन्ने व्यक्तिको मानिसलाई दिनु भनेपछि यादवराज भट्टले अमित साहलाई फोन गरी हाजीले पठाएको हेरोइन खुरामबाट लिई १/१ के.जी. अस्टिन र क्यामरालाई दिई बाँकी लिएर आउनु भनेपछि अमितले खुरामलाई फोन गरी निजले भनेको स्थान हात्तिसारमा सो सामान लिन जाँदा निज अमित पक्राउ परेको र अमित मार्फत फोन गरी अन्य प्रतिवादीहरू क्यामरा इब्राहिम, अस्टिन इब्राहिम र यादवराज भट्ट समेत पक्राउ परेको प्रतिवादहरूको मौकाको बयानबाट देखिएको छ ।

प्रतिवादीहरूबाट लागूऔषध बरामद भएको नभए तापनि प्रतिवादी मोहम्मद सज्जाद खुरामले हाजी मर्फत पाकिस्तानबाट लिई आएको लागूऔषध हेरोइन खुरामसँग लिई आपसमा बाँडफाँड गर्ने कुरामा प्रतिवादीहरूको सहमति र संलग्नता रहेको कुरा मिसिल संलग्न मौकाको बयान र कल डिटेल समेतबाट प्रतिवादीहरूको लागूऔषध कारोबारमा एक अर्कामा सम्पर्क रहेको देखिएको र वरामद नभए तापनि खरिद बिक्री वितरण गर्ने कार्यमा यी प्रतिवादीहरूको संलग्नता र सहमति रहेको देखिएको हुँदा लागूऔषध बरामद नभएको र कसुरमा संलग्नताको अवस्था समेतलाई विचार गरी प्रतिवादीहरूलाई लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४(१)(छ)(३) बमोजिम प्रतिवादीहरू अमित साह,

शर्मा भन्ने यादवराज भट्ट, अस्टिन इब्राहिम र क्यामरा इब्राहिमलाई १५ (पन्ध्र) वर्ष कैद र रु.१०,००,०००।- (दस लाख रुपैयाँ) जरिवाना हुने ठहर्छ ।

प्रतिवादीमध्येका युनुस अन्सारीको हकमा हेर्दा, निजले लागूऔषधको कारोबारमा आफ्नो संलग्नता नभएको भनी मौकामा र अदालतमा समेत कसुर गरेकोमा पूर्ण इन्कार भै बयान गरेको देखिन्छ । प्रतिवादी सज्जाद मोहम्मद खुरामले आफूले ल्याएको २ वटा सुटकेसमध्ये हाजीको निर्देशनमा युनुसको मानिसलाई रातो सुटकेस दिई पठाएपछि हाजीलाई सम्पर्क गर्दा कालो सुटकेस लिन युनुसको मानिस भोलि आउँछ भनेको थियो भने तापनि सो सुटकेस लिन युनुसको मानिस नआएको भन्ने सज्जाद खुरामको बयानमा नै उल्लेख छ । अन्य प्रतिवादीहरू कसैले पनि निज युनुस अन्सारीलाई पोल गरेको अवस्था छैन । होटलवाला विनोद खरेलले मो.सज्जाद खुरामको बयानको समर्थनमा कागज गरेको भए तापनि अदालत समक्ष बकपत्र गर्दा सो कुरा उल्लेख गरेको पाइँदैन भने प्रतिवेदकहरूले मौकामा प्रतिवेदन दिंदा र अदालत समक्ष बकपत्र गर्दा समेत युनुसले पठाएको मानिसलाई दिनु भनी हाजीले मो.सज्जाद खुरामलाई भनेको भनी भन्न सकेको अवस्था छैन । सज्जाद मोहम्मद खुरामले ल्याएको २ वटा सुटकेसमध्ये रातो सुटकेस युनुसको अंगरक्षक काशीरामले ल्याएको देखिएको छ । यदि २ वटै सुटकेस युनुसको थियो भने युनुसले पठाएको मानिसलाई एकैचोटि सुटकेस पठाउनुपर्ने र निजले ल्याइदिनुपर्ने भन्ने कुरालाई समेत नकार्न सकिने अवस्था हुँदैन । युनुस र हाजीबीच १३ पटक सम्पर्क भएको भन्ने कल डिटेलबाट देखिन्छ । अन्य प्रस्तुत मुद्दाका प्रतिवादहिरू कसैसँग पनि युनुसको फोन सम्पर्क भएको मिसिलबाट देखिंदैन । युनुसले नक्कली नोटको कारोबार हाजीसँग फोन सम्पर्क गरी गरेको भन्ने प्रमाणहरूको आधारमा यसै लगाउको स.फौ.नं. १८१८ र १२७७ को मुद्दाहरूमा प्रतिवादी युनुस अन्सारीलाई कसूरदार ठहऱ्याई आज यसै इजलासबाट फैसला भएको छ ।

त्यसैले मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी युनुस अन्सारीको मानिस कालो सुटकेस लिन मोहम्मद सज्जाद खुराम समक्ष नगएको, अन्य प्रतिवादीहरू कसैले पनि यी प्रतिवादीलाई पोल गरेको नदेखिएको र कल डिटेलबाट पनि उनीहरूसँग सम्पर्क भएको नदेखिएको समेतका मिसिल संलग्न प्रमाणहरूबाट अभियोग दाबी बमोजिम लागूऔषधको कारोबारमा निजको संलग्नता रहेको देखिन आएन । तसर्थ प्रतिवादी युनुस अन्सारीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । निज प्रतिवादीलाई पनि सजाय गरी पाऊँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्तैन ।

अभियोगपत्रमा प्रतिवादीहरू युनुस अन्सारी र यादवराज भट्टको नामको र निजको परिवार समेतको नाममा रहेको सम्पत्ति लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८(क) बमोजिम जफत गरी पाऊँ भन्ने दाबीका सम्बन्धमा विचार गर्दा, प्रतिवादी युनुस अन्सारीले प्रस्तुत मुद्दाबाट सफाइ पाएको र यादवराज भट्ट कसुरदार ठहरी फैसला भएको भए तापनि मिसिल संलग्न प्रमाणहरूबाट पहिले लागूऔषधको कारोबारमा सजाय पाएको मिसिलबाट नदेखिएको, अभियोजनकर्ताले यो यो समयमा यो यो हिसाबले लागूऔषधको कारोबारबाट प्रतिवादीहरूले सम्पत्ति आर्जन गरेको भन्ने पनि प्रस्ट खुलाई दाबी लिन सकेको अवस्था समेत नहुँदा प्रतिवादी युनुस अन्सारी र यादवराज भट्ट र निजहरूको परिवारको नाममा रहेको सम्पत्ति जफत गरी पाऊँ भन्ने दाबी पनि पुग्न सक्तैन ।

प्रतिवादी मोहम्मद सज्जाद खुरामलाई ऐनको दफा १८(ग) बमोजिम सजायमा छुट दिइयोस् भन्ने अभियोग दाबीका सम्बन्धमा विचार गर्दा, निजको मौकाको बयान अध्ययन गर्दा, अन्य प्रतिवादीलाई निजले फोन गरी बोलाएको नभै अन्य प्रतिवादीहरूले निजलाई फोन गरेको आधारमा निजहरू पक्राउ परेको अवस्था छ । यस अदालत समक्ष बयान गर्दा निजले सो कुरा उल्लेख गर्न सकेका छैनन् । त्यसैले समग्र न्याय सम्पादन

गर्ने कार्यमा सहयोग पुऱ्याए बापत सुविधा दिन विधायिकाले निर्माण गरेको कानुन बमोजिमको हदसम्मको सहयोग यी प्रतिवादीले गरेको मिसिल सम्लग्न प्रमाणबाट नदेखिंदा अभियोग दाबी बमोजिमको सजायको छुटको सुविधा प्रतिवादी मोहम्मद सज्जाद खुरामलाई दिन सकिएन । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार देहायमा उल्लिखित प्रतिवादीहरूलाई देहाय बमोजिम कैद र जरिवाना समेत हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादीहरूलाई लागेको सो कैद र जरिवानाको लगत देहाय बमोजिम कसी देहायमा लेखिए अनुसार गर्नू..........................................................................................१

- प्रतिवादी सज्जाद मोहम्मद खुराम के, कैद १७/०/० (सत्र वर्ष) तथा जरिवाना रु.२०,००,०००।- (बीस लाख रुपैयाँ )...........
- प्रतिवादी अमित साह के, कैद १५/०/० (पन्ध्र वर्ष) तथा जरिवाना रु.१०,००,०००।- (दस लाख रुपैयाँ)...........
- प्रतिवादी यादवराज भट्ट के, कैद १५/०/० (पन्ध्र वर्ष) तथा जरिवाना रु.१०,००,०००।- (दस लाख रुपैयाँ)...........
- प्रतिवादी अस्टिन इब्राहिम के, कैद १५/०/० (पन्ध्र वर्ष) तथा जरिवाना रु.१०,००,०००।- (दस लाख रुपैयाँ)...........
- प्रतिवादी क्यामरा इब्राहिम के, कैद १५/०/० (पन्ध्र वर्ष) तथा जरिवाना रु.१०,००,०००।- (दस लाख रुपैयाँ)...........
- प्रतिवादी सज्जाद मोहम्मद खुरामलाई लागेको उक्त कैद र जरिवानाको हकमा निज प्रतिवादी प्रस्तुत मद्दामा मिति २०६६/०९/१७ मा पक्राउ परी अनुसन्धानको क्रममा थुनामा रही यस अदालतको आदेशले हालसम्म थुनामै रहेको देखिएबाट निजलाई लागेको सो कैदका हकमा निज उक्त थुनामा परेको मिति २०६६/०९/१७ गतेदेखि नै लागू हुने गरी कैद असुल उपर गर्न कैद म्याद ठेकी पठाउनू र निजबाट जरिवाना रकम समेत असुल उपर गर्नू, सो जरिवाना रकम निजबाट असुल नभए सो जरिवानाको समेत नियमानुसार कैदबाट असुल उपर गर्न सोको समेत कैद म्याद ठेकी पठाउनू,
- प्रतिवादीहरू अमित साह, यादवराज भट्ट, अस्टिन इब्राहिम र क्यामरा इब्राहिमलाई लागेको सो कैदका हकमा निज प्रतिवादीहरू प्रस्तुत मुद्दामा मिति २०६६/०९/१९ मा पक्राउ परी अनुसन्धानको क्रममा थुनामा रही यस अदालतको आदेशले हालसम्म थुनामै रहेको देखिएबाट निजहरूलाई लागेको सो कैद उक्त थुनामा परेको मिति २०६६/०९/१९ गतेदेखि नै लागू हुने गरी कैद असुल उपर गर्न कैद म्याद ठेकी पठाउनू र निजहरूबाट जरिवाना रकम समेत असुल उपर गर्नू, सो जरिवाना रकम असुल नभए सो जरिवानाको समेत नियमानुसार कैदबाट असुल उपर गर्न सोको समेत कैद म्याद ठेकी पठाउनू,

प्रतिवादी युनुस अन्सारीले प्रस्तुत मुद्दामा अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएको हुँदा निज प्रतिवादीलाई प्रस्तुत मुद्दाबाट मात्र थुनामुक्त गरिदिनू भनी निज थुनामा रहेको कारागार कार्यालयमा लेखी पठाउनू..........................................................................................................२

प्रस्तुत मुद्दामा अनुसन्धानका क्रममा रोक्का राखी जफतको दाबी लिइएका प्रतिवादी युनुस अन्सारी र यावदर

ाज भट्ट तथा निजका परिवारका नाउँको सम्पत्तिमा सो जफतको दाबी पुग्न नसक्ने ठहरी फैसला भएको हुँदा पुनरावेदनको अवस्था नाघे वा अन्तिम किनारा भई आएपछि सो सम्पत्तिहरू प्रस्तुत मुद्दाबाट फुकुवा गरिदिनू.......................................................................................................................३

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नू भनी यो फैसलाको प्रतिलिपि समेत साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनू र प्रतिवादीहरू युनुस अन्सारी बाहेकका अन्य प्रतिवादीहरूलाई समेत पुनरावेदनको म्याद दिनू....................४

सरोकारवालाले नक्कल मागे नियमानुसार नक्कल दिनू र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू..............................................................................................५

प्रस्तुत पाना १२ को फैसला मा.न्या.ज्यूले
बोली टिपाए बमोजिम टिपी कम्प्युटर टाइप
गर्ने ना.सु सुरथप्रसाद तिमल्सेना, फाँट नं.-१८ ।

**जिल्ला न्यायाधीश**

**ईति संवत् २०६९ साल आषाढ २१ गते रोज ५ शुभम्...........**

## श्री काठमाडौं जिल्ला अदालत
## इजलास
## माननीय जिल्ला न्यायाधीश श्री भोजराज अधिकारी
## फैसला
## संवत् २०६८ सालको स.फौ.नं.-२३०२
## निर्णय नं.:- ५२२

**मुद्दा :- लागूऔषध चरेस ।**

**वादीको नाम, थर, वतन**

अमेरिकन राजदूतावासका U.S. Department of Justice Criminal Divisionको Senior Law enforcement advisor Denver H Fleming को पत्र जाहेरीले नेपाल सरकार................................१

साक्षी-

कागज-

**प्रतिवादीको नाम, थर, वतन**

Benard Stiegler को नाति Kenneth Stiegler को छोरा 316 Mound AUE. New Orleans,LA 70124 U.S.A.घर हुने पासपोर्ट नं.453709001 र 085598322 बाहक वर्ष २८ को Stiegler Kristian Peter ..........१

मदन के.सी.को छोरा काठमाडौं जिल्ला सीतापाइला गा.वि.स.वडा नं.१ घर हुने वर्ष ४५ को राजेन्द्र के.सी.........................................................१

साक्षी -

कागज-

**अदालतबाट बुझेको**

**साक्षी**

**कागज**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं.बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर खण्ड यसप्रकार छ :-

### तथ्य खण्ड

तपाईको सँगसाथमा लागूऔषध लुकाई छिपाई राखेको छ भन्ने विशेष सुराकबाट जानकारी प्राप्त हुन आएको हुँदा तपाईको शरीर (जीउ) कानुन बमोजिम खानतलासी गर्न दिनुहोला भन्ने व्यहोरा समेतको मिति २०६८/०९/१४गते Stiegler Kristian Peterलाई दिएको खानतलासी पुर्जी ।

का.जि.,का.म.पा.,वडा नं.१५, स्वयम्भू चक्रपथ चोकमा आज मिति २०६८/०९/१४ गते साँझ १८:०० वजेको समयमा फेला परेका U.S.A. नागरिक Kristian Peter Stiegler लाई तत्काल नियन्त्रणमा लिई आफ्नो परिचय समेत दिई नियन्त्रणमा लिन पर्ने कारण समेत बताई उपस्थित मानिसहरूकै उपस्थितिमा निज Kristian Peter Stiegler को शरीर तलासी लिँदा निजको साथमा कुनै अवैध चिज वस्तु केही फेला नपरेको,

निजले लगाएको हरियो रङको ज्याकेटको दाहिने खल्तीमा अमेरिकाबाट जारी भएको Kristian Peter Stiegler को नामको ४५३७०९००१ र ०८५५९८३२२ नम्बरको २ थान राहादानी फेला परेकोले फेला परेको राहदानी बरामद गरी Kristian Peter Stiegler लाई प्रहरीले पक्राउ गरेको ठीक साँचो हो भन्ने व्यहोरा समेतको मिति २०६८/०९/१४ गतेको खानतलासी/बरामदी मुचुल्का ।

नेपालमा रहेको फेडेक्स एक्सप्रेसले दुबईमा रहेको फेडेक्स एक्सप्रेस हुँदै अमेरिकाको Kerianne Stiegler New Orleansla 70124 U.S.A. Tel.5049085790 ले पाउँने गरी पठाएको सामान दुबई फेडेक्सले अमेरिकातर्फ पठाउन लाग्दा दुबई कस्टममा चेक जाँच हुँदा लागूऔषध फेला परेको भनी दुबई फेडेक्सले नेपालमा रहेको फेडेक्स एक्सप्रेसलाई इमेलबाट जानकारी गराए अनुसार नेपालमा रहेको फेडेक्स एक्सप्रेसलाई अमेरिका पठाउन दिएको उक्त सामान Speed Way Cargo ले दिएको र Speed Way Cargo लाई पनि सो सामान अमेरिकन नागरिक Kristian Peter Stiegler ले दिएको र निज अमेरिकन नागरिक Kristian Peter Stiegler लाई काठमाडौं स्वयम्भूतिर भेट हुन्छ भनी खुल्न आए अनुसार Speed Way Cargo का कर्मचारीलाई साथमा लिई निज Kristian Peter Stiegler को खोजतलास गर्दै जाँदा आज मिति २०६८/०९/१४ गते साँझ १८:०० बजे का.जि.का.म.पा.वडा नं.१५ स्वयम्भूस्थित स्वयम्भू चोकमा शंकास्पद रूपमा उभिइरहेको अवस्थामा Speed Way Cargo का कर्मचारीले देखाई चिनाई दिए अनुसार फेला परेका U.S.A. नागरिक Kristian Peter Stiegler लाई नियन्त्रणमा लिई निजलाई आफ्नो परिचय समेत दिई नियन्त्रणमा लिन पर्ने कारण समेत बताई निजको शरीर (जीउ) कानुनको रीतपूर्वक तलासी लिँदा निजको साथमा कुनै अवैध चिज वस्तु केही फेला नपरेको, निजले लगाएको हरियो रङको ज्याकेटको दाहिने खल्तीमा निज Kristian Peter Stiegler को नामको ४५३७०९००१ नं.र ०८५५९८३२२ नं.को गरी २ थान राहदानी फेला परेकोले बरामद गरी निज Kristian Peter Stiegler लाई पक्राउ गरी Kristian Peter Stiegler ले Speed Way Cargo मा बुक गराई फेडेक्स एक्सप्रेस मार्फत पठाएको भनिएको सामान पठाएको INVOICE पेपर लगायतका ५ थान कागजातको प्रतिलिपि समेत Fedex Cargo सँग समन्वय गरी आवश्यक कारबाहीको लागि यसै प्रतिवेदनसाथ पेस गरेको छु । निज Kristian Peter Stieglerले अमेरिका पठाउन दिएको सामानमा फेला परेको भनिएको लागूऔषध के, कहाँबाट के, कसरी ल्याई के कस्तो सामानमा लुकाई को कसको के कस्तो सल्लाह र योजनामा लागूऔषध निकासी गरी पठाएका हुन् खुलाई कानुन बमोजिम गरी पाऊँ भन्ने समेत व्यहोराको मिति २०६८/०९/१४ गतेको प्र.स.नि.लोकेन्द्रबहादुर रावत समेतको प्रतिवेदन । नेपालमा रहेको Speed Way Cargo मा बुक भई Speed Way Cargo बाट फेडेक्स एक्सप्रेसलाई पठाउन दिएको, फेडेक्स एक्सप्रेसले अमेरिकाको Kerianne Stegler ले पाउने गरी नेपालबाट फेडेक्स एक्सप्रेसको एयर बिल नं.१११२१०८९४बाट दुबईमा रहेको फेडेक्स एक्सप्रेसलाई अमेरिका पठाउन पठाएको सामानमा लागूऔषध फेला परेको भन्ने दुबई फेडेक्सबाट नेपालमा रहेको फेडेक्स एक्सप्रेसलाई जानकारी भई सोतर्फ अनुसन्धान हुँदा सो लागूऔषध फेला परेको भनेको सामान U.S.A. नागरिक Kristian Peter Stiegler ले अमेरिका पठाउन दिएको भन्ने खुल्न आई U.S.A. नागरिक Kristian Peter Stiegler अनुसन्धानको क्रममा पक्राउमा परी अनुसन्धान भइरहेकोले निज U.S.A. नागरिक Kristian Peter Stiegler ले अमेरिकाको Kerianne Stegler ले पाउने गरी पठाएको सामानमा के कस्तो प्रकारको के कति परिमाणमा लागूऔषध फेला परेको हो, सो फेला परेको लागूऔषध सम्बन्धमा के भइरहेको छ जानकारी उपलब्ध गराइदिन हुन भन्ने व्यहोरा समेतको मिति २०६८/०९/१८ गते गृह मन्त्रालय सिंहदरबार, काठमाडौंलाई लेखिएको पत्र ।

म नेपाल घुम्न र नेपाली खुकुरी, माने, सिङ्गिङ बललगायतका क्युरियो सामानको व्यापार समेत गर्न भनी नेपाल आएकोमा २ महिना अगाडि ठमेल घुम्दा लागूऔषध चरेस सहित पक्राउमा परेका राजेन्द्र के.सी.सँग चिनजान भएपछि मैले रु.४००।-मा सेवन गर्न भनी ८० ग्राम लागूऔषध चरेस खरिद गरी लिएपछि मैले

बुद्धको मूर्तिको टाउकोमा लागूऔषध चरेस लुकाई छिपाई राखी INVOICE पेपरमा बुद्धको मूर्ति उल्लेख नगरी अमेरिकामा रहेको मेरो बहिनी Kerianne Stegler ले पाउने गरी कपर पेयर, हर्वल, उलन ह्याट्स, ट्राउजर, ग्लास, बुक लगायतका सामान अमेरिका पठाउन भनी Speed Way Cargo मा लगि Cargo का कर्मचारीलाई झुक्काई लागूऔषध चरेस अमेरिकामा निकासी गरी पठाएको हुँ भन्ने व्यहोरा समेतको मिति २०६८/०९/१९ गते प्रतिवादी Kristian Peter Stieglerले गरेको बयान कागज ।

लागूऔषध निकासी समेत मुद्दामा पक्राउमा परेका Kristian Peter Stiegler को बयान पोलमा परेका राजेन्द्र के.सी. भन्ने व्यक्ति लागूऔषध चरेससहित मिति २०६८/०९/१६ गते पक्राउमा परी आएको र निज प्रतिवादी राजेन्द्र के.सी. U.S.A नागरिक Kristian Peter Stiegler कै सहयोग र सूचनाको आधारमा पक्राउमा परी आएकोले निज राजेन्द्र के.सी. लाई यस मुद्दामा समेत बयान लगायतका अनुसन्धान कार्य गरी पाऊँ भन्ने व्यहोरा समेतको मिति २०६८/०९/२२ गतेको प्र.स.नि.रामकाजी थापाको प्रतिवेदन ।

मैले पहिलादेखि टुरिस्ट गाइड काम गर्ने भएकोले प्रायः काठमाडौं ठमेल एरियामा घुमफिर गर्दा म पक्राउमा पर्नुभन्दा २ महिना अगाडि ठमेलमा अमेरिकन नागरिक Kristian Peter Stiegler सँग चिनजान भई कुराकानी हुँदा निज Kristian Peter Stiegler ले लागूऔषध चरेस चाहियो भनी माग गरेकोले मैले पहिलादेखि चिनेका कृष्णबहादुर लामासँग मेरो लागूऔषध चरेस खरिद, बिक्री गर्नको लागि भएको सर सल्लाह अनुसार निज कृष्णबहादुर लामासँग सम्पर्क गरी रु.६,०००।- मा लागूऔषध चरेस ४०० ग्राम खरिद गरी रु.१,२००।- मा Kristian Peter Stiegler लाई बिक्री गरेकोमा मसँग खरिद गरी लिएको लागूऔषध चरेस निज Kristian Peter Stiegler ले अमेरिकामा पठाउने सामानमा लुकाई पठाएको रहेछन्, निज Kristian Peter Stiegler ले लुकाई अमेरिका पठाएको सामानमा दुबईमा लागूऔषध फेला परी नेपालमा जानकारी भई लागूऔषध लुकाई पठाउने Kristian Peter Stiegler पक्राउमा परेपछि निजले मलाई पक्राउ गराउने उद्देश्यले प्रहरीलाई सहयोग गरी मलाई पुनः लागूऔषध चरेस चाहियो भनी मसँग माग गरी साथमा प्रहरी ल्याई मलाई लागूऔषध चरेस ५ किलो २४० ग्राम सहित पक्राउ गराइदिएका रहेछन्, निज Kristian Peter Stiegler ले लागूऔषध चरेस माग गरेकोले मैले कृष्णबहादुर लामासँग खरिद गरी निज Kristian Peter Stiegler लाई लागूऔषध चरेस बिक्री गरेको हुँ भन्ने व्यहोरा समेतको पक्राउमा परेका प्रतिवादी राजेन्द्र के.सी.ले मिति २०६८/०९/२४ गते गरेको बयान कागज ।

The following FedEx express box, MAWB- 176- 00084420, flight no. FZ 573, HAWB no.876333272803, weight: 14.5 G. is authorized to be delivered to and handed over to only the Nepal Police NDCLEU as criminal evidence in an ongoing case between the United States Government and the Government of Nepal through the USDOJ-DEA and the NP- NDCLEU. The NDCLEU has full authority under the laws and regulations of Nepal to take custody of the criminal evidence contained in the FedEx box described above.भन्ने व्यहोरा समेतको अमेरिकन राजदूतावासका U.S. Department of Justice Criminal Division को Senior Law enforcement advisor Denver H Fleming को January 15-2012 को पत्र ।

U.S.A. नागरिक Kristian Peter Stiegler ले अमेरिकाको Kerianne Stegler ले पाउने गरी काठमाडौंमा रहेको Speed Way Cargo मा बुक गराई Speed Way Cargo ले अमेरिकामा पठाइदिन भनी FedEx express लाई दिएको सामानमा लागूऔषध समेत फेला परेको भनी दुबई फेडेक्सले नेपालमा जानकारी गराए अनुसार लागूऔषध फेला परेको सामान पठाउने अमेरिकन नागरिक Kristian Peter Stiegler मिति २०६८/०९/१४ गते नेपालमा पक्राउमा परेकोमा दुबईमा लागूऔषध फेला परेको भनिएको सामान नेपालबाट अनुसन्धान हुन भनी USDOJ-DEA ले नेपालमा रहेको अमेरिकन राजदूतावासको U.S. Department of Justice Criminal Division को Senior Law enforcement advisor Denver H Fleming को नाममा सामान फिर्ता पठाएको FedEx

express box, MAWB- 176- 00084420, flight no. 876333272803, weight: 14.5 G.सामान उपर अनुसन्धान हुन भनि सन् 2012-01-15 को पत्रद्वारा लेखी आएकोले उक्त सामान नियमानुसार चेक जाँच गरी लागूऔषध लगायतका चिज वस्तु फेला परेमा बरामद गरी पठाइदिन हुन भन्ने व्यहोरा समेतको मिति २०६८/१०/०२ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौंलाई लेखिएको पत्र ।

U.S.A. नागरिक Kristian Peter Stiegler ले काठमाडौंबाट अमेरिका पठाउन भनी Speed Way Cargo मा बुक गराई FedEx express बाट दुबई पुगेको सामानमा लागूऔषध फेला परेको भनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको निकासी पैठारी गोदाममा फिर्ता आएको खैरो रङको कागजको एक थान कार्टुन खोली हेर्दा सोभित्र evidence लेखिएको ३ वटा प्लास्टिकमा सामानहरू रहेको, तीनवटा नै प्लास्टिक खोली हेर्दा एउटा प्लास्टिकमा सेतो नरम प्लास्टिकले र्‍यापिङ्ग गरिएको कालो रङको स-साना १९ वटा लागूऔषध चरेस फेला परेकोले मान्यता प्राप्त तराजुमा तौल गर्दा जम्मा ६४० ग्राम लागूऔषध चरेस भएको, अर्को प्लास्टिकमा दुईवटा बुद्धको मूर्तिको टाउकोभित्र लागूऔषध चरेस रहेकोले बाहिर निकाली प्लास्टिक हटाई दुवै टाउकाबाट निकालिएको लागूऔषध चरेस एकमुष्ट मान्यता प्राप्त तराजुमा तौल गर्दा जम्मा ५०० ग्राम लागूऔषध चरेस भएको, उक्त कार्टुनमा फेला परेको लागूऔषध चरेस जम्मा १ किलो १४० ग्राम, झोलाहरू, मेरो मोबाइलको सिमकार्ड, माने ३ वटा, चस्मा २ वटा, चाँदीको जस्तो लकेट २ थान, किताब १ थान, नक्सा १ थान, सिडी चक्काहरू, घडी १ थान, उनी टोपी २ थान, तिब्बतियन ज्याकेट २ थान, ट्राउजर १ थान, टिसर्ट १ थान, टोपी-१ थान, आयुर्वेदिक औषधि २ बट्टा, उलन ह्याट क्याप-१ थान, लामा किताब ५ थान, वाइफाई डिभाइस १ थान, Air way bill लगायतका फेला परेको चिज वस्तु समेत प्रहरीले कानुन बमोजिम बरामद भएको भन्ने व्यहोरा समेतको मिति २०६८/१०/०३ गतेको खानतलासी बरामदी मुचुल्का ।

माग बमोजिम बाक्सा खोल्दा बरामदी मुचुल्कामा उल्लेख भए बमोजिम ११४० ग्राम लागूऔषध चरेस फेला परेकोले लागूऔषध चरेस सहितको बरामदी सामान पठाइएको भन्ने व्यहोरा समेतको मिति २०६८/१०/०३ गतेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौंको पत्र ।

अमेरिकन राजदूतावास काठमाडौंका U.S. Department of Justice Criminal Division को Senior Law enforcement advisor Denver H Fleming को नाममा आएको FedEx express box, MAWB- 176-00084420, flight no. 876333272803, weight: 14.5 G. सामान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय निकासी पैठारी गोदाममा चेक जाँच गर्दा बरामदी मुचुल्कामा उल्लेख भए बमोजिम लागूऔषध चरेस १ किलो १४० ग्राम लगायतका सामानहरू फेला परी बरामद भएकोले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको च.नं.२४५८ मिति २०६८/१०/०३ गतेको पत्र सहितको बरामदी लागूऔषध चरेस लगायतका सामानहरू आवश्यक कारबाहीको लागि दाखिला गराएको छौं । कानुन बमोजिम गरी पाऊँ भन्ने व्यहोरा समेतको मिति २०६८/१०/०३ गतेको प्र.ना.नि.नवराज सिलवाल समेतको प्रतिवेदन

U.S. Department of Justice Criminal Division को Senior Law enforcement advisor Denver H Fleming को नाममा आएको FedEx express box, MAWB- 176-00084420, flight no. 876333272803, weight: 14.5 G.सामान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय निकासी पैठारी गोदाममा मिति २०६८/१०/०३ गते चेक जाँच गर्दा एउटा प्लास्टिकमा ६४० ग्राम र २ वटा बुद्धको मूर्तिको टाउकोभित्र फेला परेको ५०० ग्राम लागूऔषध चरेसमध्येबाट छुट्टाछुट्टै ३/३ ग्रामको दरले ३/३ ठाउँमा नमुना निकाल्न पर्ने भएकोले सो नमुना निकाल्नको लागि एक जना प्रतिनिधि खटाइदिन हुन भन्ने व्यहोरा समेतको मिति २०६८/१०/०४ गते काठमाडौं जिल्ला अदालतलाई लेखिएको पत्र ।

U.S. Department of Justice Criminal Division को Senior Law enforcement advisor Denver H

Fleming को नाममा आएको FedEx express box, MAWB- 176-00084420, flight no. 876333272803, weight: 14.5 G. सामान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय निकासी पैठारी गोदाममा मिति २०६८/१०/०३ गते चेक जाँच गर्दा एउटा प्लास्टिकमा ६४० ग्राम र २ वटा बुद्धको मूर्तिको टाउकोभित्र फेला परेको ५०० ग्राम लागूऔषध चरेसमध्येबाट छुट्टाछुट्टै ३/३ ग्रामको दरले३/३ ठाउँमा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को (संशोधन सहित) दफा ११ क.बमोजिम नमुना निकालिएको भन्ने व्यहोरा समेतको मिति २०६८/१०/०४ गते नमुना निकालिएको मुचुल्का ।

U.S. Department of Justice Criminal Division को Senior Law enforcement advisor Denver H Fleming को नाममा आएको FedEx express box, MAWB- 176-00084420, flight no. 876333272803, weight: 14.5 G.सामान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय निकासी पैठारी गोदाममा मिति २०६८/१०/०३ गते चेक जाँच गर्दा एउटा प्लास्टिकमा ६४० ग्राम र २ वटा बुद्धको मूर्तिको टाउकोभित्र फेला परेको ५०० ग्राम लागूऔषध चरेसमध्येबाट कानुन बमोजिम निकालिएको नमुनालाई संकेत A र B दिई परीक्षणको लागि पठाइएको भन्ने व्यहोरा समेतेको मिति २०६८/१०/०८ गते राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमल्टार ललितपुरलाई लेखिएको पत्र ।

U.S. Department of Justice Criminal Division को Senior Law enforcement advisor Denver H Fleming को नाममा आएको FedEx express box, MAWB- 176-00084420, flight no. 876333272803, weight: 14.5 G.सामान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय निकासी पैठारी गोदाममा मिति २०६८/१०/०३ गते चेक जाँच गर्दा एउटा प्लास्टिकमा ६४० ग्राम र २ वटा बुद्धको मूर्तिको टाउकोभित्र फेला परेको ५०० ग्राम लागूऔषध चरेसमध्येबाट नमुना निकाली बाँकी रहेको क्रमशः ६३१ ग्राम र ४९१ ग्राम लागूऔषध चरेस नष्ट गर्नुपर्ने भएकोले मिति २०६८/१०/१५ गतेका दिन एक/एक जना प्रतिनिधि खटाई पठाइदिन हुन भन्ने व्यहोरा समेतको मिति २०६८/१०/१२ गते काठमाडौं जिल्ला अदालतलाई समेत लेखिएको पत्र ।

मेरो रोहवरमा बरामद भएको लागूऔषध चरेस ५०० ग्राम मैले बुद्धको मूर्तिको टाउकोभित्र र ६४० ग्राम लागूऔषध चरेस ३ वटा तामाको मानेमा लुकाई छिपाई अमेरिकामा निकासी गरी पठाएको हुँ, उक्त लागूऔषध चरेस फिर्ता आउँदैन होला भनी मैले फरक पारी बयान गरेको हुँ भन्ने व्यहोरा समेतको मिति २०६८/१०/१२ गते प्रतिवादी Kristian Peter Stiegler ले गरेको ततिम्बा (थप) बयान कागज ।

मैले कृष्णबहादुर लामासँग खरिद गरी लिएको लागूऔषध चरेस १ किलो १४० ग्राम नै U.S.A. नागरिक Kristian Peter Stiegler लाई बिक्री गरेको हुँ, निज Kristian Peter Stiegler ले अमेरिकामा Kerianne Stegler ले पाउने गरी Speed Way Cargo मार्फत बुक गराई निकासी गरी पठाएको सामान नेपालमा फिर्ता आउँदैन होला भन्ने सोची लागूऔषध चरेस बिक्री गरेको परिमाण कम देखाएमा आफूलाई हुने सजायमा कम हुन्छ भनी ४०० ग्राम लागूऔषध चरेस मात्र Kristian Peter Stiegler लाई बिक्री गरेको भनी बयानमा खुलाई दिएको हुँ भन्ने व्यहोरा समेतको मिति २०६८/१०/१३ गते प्रतिवादी राजेन्द्र के.सी.ले गरेको ततिम्बा (थप) बयान कागज ।

U.S. Department of Justice Criminal Division को Senior Law enforcement advisor Denver H Fleming को नाममा आएको FedEx express box, MAWB- 176-00084420, flight no. 876333272803, weight: 14.5 G.सामान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय निकासी पैठारी गोदाममा मिति २०६८/१०/१० गते चेक जाँच गर्दा एउटा प्लास्टिकमा ६४० ग्राम र २ वटा बुद्धको मूर्तिको टाउकोभित्र फेला परेको ५०० ग्राम लागूऔषध चरेसमध्येबाट नमुना निकाली बाँकी रहेको क्रमशः ६३१ ग्राम र ४९१ ग्राम

लागूऔषध चरेस लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को (संशोधन सहित) दफा ११ क. बमोजिम जलाई नष्ट गरिएको भन्ने व्यहोरा समेतको मिति २०६८/१०/१५ गतेको मुचुल्का ।

अमेरिकन नागरिक Kristian Peter Stiegler ले अमेरिकामा पठाउन भनी ताँहा Cargo मा बुक गराएको सामानको Invoice पेपरमा बुद्धको मूर्ति पठाएको नदेखिएको, लागूऔषध चरेस फेला परी नेपालबाट अनुसन्धान हुन भनी फिर्ता आएको सामान कानुन बमोजिम खानतलासी हुदा दुईवटा बुद्धको मूर्तिको टाउकोभित्र लुकाई राखिएको अवस्थामा ५०० ग्राम लागूऔषध चरेस र अर्को छुट्टै ६४० ग्राम लागूऔषध चरेस टिबेटियन कलात्मक वस्तुहरूमा लुकाइएको भन्ने खुल्न आएकोले Invoice पेपरमा नै नभएको बुद्धको मूर्तिको टाउकोभित्र लागूऔषध चरेस राखी निकासी गर्न सफल भएको हो ? सामान बुक गराउन आएपछि सामान चेकजाँच नगरी के कसरी बुक गरिएको हो ? खुलाई पठाई दिन हुन भन्ने व्यहोरा समेतको मिति २०६८/१०/१८गते Speed Way Cargo ठमेल काठमाडौंलाई लेखिएको पत्र ।

Speed Way Cargo ले FedEx express मार्फत अमेरिका निकासी गर्न दिएको सामान Invoice पेपरमा नभएको लागूऔषध चरेस लुकाइएको बुद्धको मूर्तिको टाउको समेत हाली निकासी गरी पठाएको देखिँदा ताँहा FedEx express मा Speed Way Cargo बाट सामान पठाउन दिएपछि सामान चेक जाँच नगरी पठाएकोले के कसरी सामानमा लागूऔषध चरेस निकासी गरी पठाउन सफल भएको हो ? खुलाई पठाइदिन हुन भन्ने व्यहोरा समेतको मिति २०६८/१०/१८ गते FedEx express कमलादी काठमाडौंलाई लेखिएको पत्र ।

अमेरिकन नागरिक Kristian Peter Stieglerले कम्पनीको गोदाममा उपस्थित भई सामान प्याकिङ्ग गरी निजले भने बमोजिम Invoice तयार गर्ने क्रममा निजले छल गरी राखिएको बुद्धको मूर्तिको टाउको नदेखिएकोले Invoice मा छुट हुन गएको हो । निजले प्याकिङ्ग गर्दा झुक्काई अन्य सामानमा बुद्धको मूर्तिको टाउको समेत निज अमेरिकन नागरिकले प्याकिङ्ग गरी पठाएको हुँदा उक्त गैरकानुनी कार्यमा यस कम्पनी वा कम्पनीको कर्मचारीको कुनै संलग्नता नरहेको भन्ने व्यहोरा समेतको मिति २०६८/१०/२३ गतेको Speed Way Cargo ठमेल काठमाडौंको पत्र ।

पत्रमा उल्लिखित बुद्धको मूर्तिको टाउको समेतका सामानहरू अमेरिकन नागरिक Kristian Peter Stiegler ले अमेरिका पठाउन भनी Speed Way Cargo मा बुक गराई उक्त Cargo ले यस कम्पनीमा बुक गराएको र Speed Way Cargo पुरानो स्थापित कम्पनी भएकोले यस कम्पनीमा नियमित रूपमा सामान पठाउने गरेकोले उक्त कम्पनीले प्याकिङ्ग गरी बुक गराएको सामान विश्वासको आधारमा सामान्य चेक जाँच गरी पठाएको र Speed Way Cargo को Invoice को आधारमा एयरवे बिल तयार गरेको हो, उक्त गैरकानुनी कार्यमा कम्पनी र कम्पनीको कर्मचारीहरूका कुनै संलग्नता नरहेको भन्ने व्यहोरा समेतको मिति २०६८/१०/२५ गतेको FedEx Express को पत्र ।

U.S. Department of Justice Criminal Division को Senior Law enforcement advisor Denver H Fleming को नाममा आएको FedEx express box, MAWB- 176-00084420, flight no. 876333272803, weight: 14.5 G.सामान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय निकासी पैठारी गोदाममा मिति २०६८/१०/१० गते चेक जाँच गर्दा एउटा प्लास्टिकमा ६४० ग्राम र २ वटा बुद्धको मूर्तिको टाउकोभित्र फेला परेको ५०० ग्राम लागूऔषध चरेसमध्येबाट कानुन बमोजिम निकालिएको नमुनाहरू “लागूऔषध चरेस हो” भन्ने व्यहोरा समेतको मिति २०६८/११/०२ गतेको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमल्टार ललितपुरको परीक्षण प्रतिवेदन ।

पक्राउमा परेका प्रतिवादी राजेन्द्र के.सी.को बयान पोलमा परी फरार रहेका प्रतिवादी कृष्णबहादुर लामाको खोजतलास गर्दा फेला नपरेको भन्ने व्यहोरा समेतको मिति २०६८/११/०४ गतेको प्र.स.नि.रामकाजी

थापाको प्रतिवेदन ।

प्रस्तुत मुद्दामा मिसिल संलग्न रहेको बरामदी/खानतलासी मुचुल्का, प्र.स.नि.लोकेन्द्रबहादुर रावत समेतको प्रतिवेदन, पक्राउमा परेको प्रतिवादी Kristian Peter Stiegler, राजेन्द्र के.सी.को बयान कागज, खानतलासी/बरामदी मुचुल्का, प्रतिवादी Kristian Peter Stiegler, राजेन्द्र के.सी.को ततिम्बा (थप) बयान कागज, प्रयोगशालाबाट परीक्षण भई आएको परीक्षण प्रतिवेदन समेतका प्रमाण कागजातहरूबाट मिति २०६८/०९/१२ गते तदानुसार Dec-27-2011 तारेखका दिनमा Kristian Peter Stiegler ले अमेरिकामा रहेको आफ्नो बहिनी Kerianne Stegler ले पाउने गरी Speed Way Cargo मा बुक गराएको सामान FedEx Express मार्फत दुबई हुदै अमेरिकातर्फ निकासी गरी पठाएको सामानमा लागूऔषध फेला परेकोले नेपालबाट अनुसन्धान हुन भनी फिर्ता आएको सामान मिति २०६८/१०/०३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय निकासी, पैठारी गोदाममा चेक जाँच हुँदा दुईवटा बुद्धको मूर्तिको टाउकोबाट ५०० ग्राम र अर्को छुट्टै ६४० ग्राम गरी जम्मा १ किलो १४० ग्राम लागूऔषध चरेस सहितको सामानहरू फेला परी बरामद भएको र उक्त बरामदी लागूऔषध चरेस निकासी गरी पठाउने अमेरिकन नागरिक Kristian Peter Stiegler र Kristian Peter Stiegler लाई लागूऔषध चरेस बिक्री गर्ने नेपाली नागरिक राजेन्द्र के.सी. रहेको भन्ने देखिन आएकोले यी प्रतिवादीहरू Kristian Peter Stiegler, राजेन्द्र के.सी. समेतको उपरोक्तानुसारको कसुरजन्य कार्य लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को (संशोधन सहित) दफा ४ को खण्ड (क) अनुसार लागूऔषध चरेस खरिद, बिक्री, ओसार पसार एवं निकासी समेतको निषेधित कसुरजन्य कार्य गरेको देखिँदा उक्त कसुरजन्य कार्यमा यी प्रतिवादीहरू Kristian Peter Stiegler र राजेन्द्र के.सी. उपर लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को (संशोधन सहित) दफा १४ को उपदफा १ को खण्ड (घ) को देहाय ३ बमोजिम सजाय हुन, प्रतिवादी राजेन्द्र के.सी. लागूऔषध चरेस ५ किलो २४० ग्राम सहित पक्राउमा परी आएकोमा उक्त लागूऔषध चरेस मुद्दाको अभियोग पत्र आजै सम्मानित अदालतमा प्रस्तुत गरिएको हुँदा निज प्रतिवादी राजेन्द्र के.सी.ले पटक पटक लागूऔषध चरेस खरिद, बिक्रीको कारोबार गरेको देखिँदा निज प्रतिवादीहरू राजेन्द्र के.सी. उपर लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को (संशोधन सहित) दफा १६ बमोजिम थप सजाय हुन, यी प्रतिवादी Kristian Peter Stiegler लागूऔषध चरेस निकासी समेत २ थान मुद्दामा संलग्न भए तापनि निज प्रतिवादी Kristian Peter Stiegler ले आफूले निकासी गरी पठाएको लागूऔषध चरेसको परिमाणभन्दा बढी ५ किलो २४० ग्राम लागूऔषध चरेस सहित आफूलाई लागूऔषध चरेस बिक्री गर्ने भनिएका राजेन्द्र के.सी.को सम्बन्धमा जानकारी र सुराक दिई पक्राउ गराउन सहयोग गरेकोले निज प्रतिवादी Kristian Peter Stiegler को हकमा यस मुद्दामा हुने सजायमा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८(ग) बमोजिम आंशिक छुट हुन, समेतको मागदाबी लिई पेस हुन आएको अभियोग पत्र ।

प्रतिवादी स्टेइग्लर क्रिस्टयन पेटर काठमाडौं आउँदा मैले उसलाई विभिन्न स्थानहरूमा घुमाई दिएको थिएँ, घुमाउने क्रममा चरेस खान मन छ पाइयो भने मिलाइदेऊ भनेका र चिनजानका धोवीचौरमा डेरा भएका कृष्णबहादुर लामा भन्ने व्यक्तिले तपाईंले टुरिस्ट गाइड गर्नुहुन्छ कोही विदेशीले चरेस खान मन गरे मलाई भेटाइदिनुहोस् भनेकाले निज प्रतिवादी स्टेइग्लरलाई कृष्णबहादुर लामाको कोठा देखाइदिएकोसम्म हो । चरेसको कारोबार उनीहरूबीच भएकोले मैले देखिन तर उनीहरूले नै लागूऔषध चरेस लिनुदिनु गरेको जस्तो लाग्छ । निज विदेशीलाई मैले चरेस दिएको होइन । मैले लागूऔषध चरेस सेवन, खरिद बिक्री, ओसार पसार, निकासी पैठारी कुनै पनि किसिमको कारोबार नगरेको हुँदा झुट्टा अभियोग माग दाबीबाट सजाय पाउनुपर्ने होइन । मैले विदेशी नागरिक यी प्रतिवादीलाई चरेस दिएको होइन । रामकाजी थापा समेतका प्रहरीले किन प्रतिवेदन दिए थाहा भएन । मैले स्टेइग्लरलाई लागूऔषध चरेस बिक्री गरेको होइन । निजले कृष्णबहादुर लामासँग खरिद गरे

जस्तो लाग्छ । निज कृष्णबहादुरको धोवीचौरस्थित कोठा देखाउन र चिनाउन सक्छु तर उसको अन्य वतन समेतको वारेमा थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी राजेन्द्र के.सी.ले यस अदालत समक्ष गरेको बयान । म करिव १ वर्ष अगाडि पर्यटक भिसामा नेपाल आएको हुँ । म करिब २० वर्षको हुँदादेखि नै कहिलेकाहीं लागूऔषध चरेस सेवन गर्दै आएको छु तर बिक्री वितरण कहिले पनि गरेको छैन । मेरो राज्यमा कहिलेकाहीं चरेस सेवन गर्दा सजाय हुँदैन । म काठमाडौं घुम्ने क्रममा मिति २०६८/८/९ गते ठमेलमा यी प्रतिवादी राजेन्द्र के.सी.सँग भेट भई ११४० ग्राम लागूऔषध चरेस मात्र आफ्नो व्यक्तिगत सेवनका लागि निज राजेन्द्रलाई रु.२५,०००।-दिई निजसँग खरिद गरी आफ्नो घर पठाउन लाग्दा बरामद भई पक्राउमा परेको हुँ । यस कार्यमा अन्य कसैको पनि संलग्नता छैन । यस्तो कार्य गर्दा नेपाली कानुन बमोजिम सजाय हुन्छ भने म त्यसको क्षमाप्रार्थी छु र कमभन्दा कम सजाय गरी पाउन अनुरोध गर्छु र अब यस्तो गल्ती गर्ने छैन । आफ्नो सेवनको लागि लागूऔषध चरेस खरिद गरी आफ्नो घरमा पठाउने गल्ती बाहेक केही पनि गल्ती नगरेको हुँदा कानुन बमोजिम न्यूनतम सजाय होस् भनी आग्रह गर्दछु । मुचुल्काहरूको व्यहोराहरू साँचो हो । बुद्धको मूर्ति समेतका सामानहरू देखाउँदा देखी चिनी पाएँ । मैले मेरो घरमा पठाउन लाग्दा फेला पारिएको मेरो आफ्नो सामानहरू हुन् । मौकाको सबै बयानहरूको व्यहोराहरू सत्य साँचो हो भन्ने समेत व्यहोराको प्रतिवादी स्टेइग्लर क्रिस्टियन पेटरको यस अदालत समक्ष भएको बयान ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई मुद्दा पुर्पक्षको निमित्त थुनामा राख्नू भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६८/११/२९मा भएको आदेश ।

प्रस्तुत मुद्दामा प्रतिवादी राजेन्द्र के.सी.को साक्षी राजु बुढाथोकीले र प्रतिवेदक प्र.स.नि.लोकेन्द्रबहादुर राउत तथा प्र.ना.नि.रामकाजी थापाले यस अदालत समक्ष उपस्थित भई गरेको बकपत्र मिसिल सामेल रहेको ।

## ठहर खण्ड

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी Kristian Peter Stiegler को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नारायण श्रेष्ठले र प्रतिवादी राजेन्द्र के.सी.को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नारायणप्रसाद तिवारीले गर्नुभएको बहस जिकिर समेत सुनी प्रस्तुत मुद्दा बुझिएसम्मका प्रमाणहरूको आधारमा फैसला गरिदिए हुने भएकोले मिसिल अध्ययन गर्दा, यी प्रतिवादीहरू Kristian Peter Stiegler र राजेन्द्र के.सी.ले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को संशोधन सहित) दफा ४ को खण्ड (क) अनुसार लागूऔषध चरेस खरिद, बिक्री, ओसार पसार एंव निकासी समेतको निषेधित कसुरजन्य कार्य गरेकोमा यी प्रतिवादीहरू Kristian Peter Stiegler र राजेन्द्र के.सी.उपर लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को (संशोधन सहित) दफा १४ को उपदफा १ को खण्ड (घ) को देहाय ३ बमोजिम सजाय हुन र प्रतिवादी राजेन्द्र के.सी. र Kristian Peter Stiegler ले खरिद बिक्री गरी अमेरिकामा निकासी गरी पठाएको सामानमा लागूऔषध फेला परेको भनी नेपालबाट अनुसन्धान हुनको लागि फिर्ता आएको सामानमा लागूऔषध चरेस १ किलो १४० ग्राम फेला परी बरामद भएको र राजेन्द्र के.सी. पक्राउमा पर्दा ५ किलो २४० ग्राम लागूऔषध चरेस फेला परी बरामद भएको लागूऔषध चरेस समेतका २ थान मुद्दाको अभियोग पत्र आजै प्रस्तुत गरिएकोले निज प्रतिवादीहरूले पटक पटक लागूऔषध चरेसको कारोबार गरेको देखिँदा निज प्रतिवादीहरू उपर लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को (संशोधन सहित) दफा १६ बमोजिम थप सजाय हुन एवं यी प्रतिवादी Kristian Peter Stiegler ले आफूलाई लागूऔषध चरेस बिक्री गर्ने भनिएका राजेन्द्र के.सी.उपर जानकारी र सुराक दिई मूख्य अपराधी पक्राउ गर्न सहयोग गर्ने व्यक्ति निज प्रतिवादी Kristian Peter Stiegler को हकमा यस मुद्दामा हुने सजायमा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को

दफा १८ ग.बमोजिम आंशिक छुट हुन समेतको मागदाबी रहेको प्रस्तुत मुद्दामा निज प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसुर गरेका हुन् होइनन् ? र निजहरूलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा, सर्वप्रथम यी प्रतिवादीहरूले लागूऔषध (नियन्त्रण) ऐन,२०३३ को (संशोधन सहित) दफा ४ को खण्ड(क) अनुसारको कसुर गरेका हुन् होइनन् भन्ने सम्बन्धमा हेर्दा, प्रस्तुत मुद्दामा प्रतिवादी राजेन्द्र के.सी.ले यस अदालत समक्ष बयान गर्दा, प्रतिवादी Kristian Peter Stiegler काठमाडौं आउँदा मैले उसलाई विभिन्न स्थानहरूमा घुमाइदिएको थिएँ, घुमाउने क्रममा चरेस खान मन छ पाइयो भने मिलाइदेऊ भनेको र चिनजानका धोबीचौरमा डेरा भएका कृष्णबहादुर लामा भन्ने व्यक्तिले तपाईंले टुरिस्ट गाइड गर्नुहुन्छ कोही विदेशीले चरेस खान मन गरे मलाई भेटाइदिनुहोस् भनेकाले निज प्रतिवादी स्टेइग्लरलाई कृष्णबहादुर लामाको कोठा देखाइदिएकोसम्म हो । चरेसको कारोबार उनीहरूबीच भएकोले मैले देखिन तर उनीहरूले नै लागूऔषध चरेस लिनु दिनु गरेको जस्तो लाग्छ । निज विदेशीलाई मैले चरेस दिएको होइन । मैले लागूऔषध चरेस सेवन, खरिद बिक्री, ओसार पसार, निकासी पैठारी कुनै पनि किसिमको कारोबार नगरेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा, मैले कृष्णबहादुर लामासँग खरिद गरी लिएको लागूऔषध चरेस १ किलो १४० ग्राम नै U.S.A. नागरिक Kristian Peter Stiegler लाई बिक्री गरेको हुँ, भनी आरोपित कसुरमा सावित रही बयान गरेको र प्रतिवादी Kristian Peter Stiegler ले अधिकार प्राप्त अधिकारी र यस अदालतमा बयान गर्दा उक्त लागूऔषध प्रतिवादी राजेन्द्र के.सी.सँग खरिद गरी घर पठाउन लाग्दा बरामद भएको भनी बयान गरेको देखियो । Kristian Peter Stiegler ले अमेरिका पठाउँन दिएको सामानमा लागूऔषध चरेस फेला परेको, Kristian Peter Stiegler को बयान पोलमा परेका राजेन्द्र के.सी.अन्य लागूऔषध चरेस सहित पक्राउमा परेको भन्ने प्रहरी प्रतिवेदनहरू रहेको देखिन्छ । निज प्रतिवादी Kristian Peter Stiegler ले काठमाडौंबाट अमेरिका पठाउन भनी Speed way cargo मा बुक गराई Fedex express बाट दुवई पुगेको सामानमा लागूऔषध फेला परेको भन्ने खानतलासी बरामदी मुचुल्का रहेको, फेला पारिएको लागूऔषध चरेसबाट निकालिएको नमुनाहरू लागूऔषध चरेस हो भन्ने लागूऔषध परीक्षण प्रतिवेदन रहेको देखिएको छ । मौकामा लागूऔषध चरेस बरामद गर्ने एवं प्रतिवेदन गर्ने प्र.स.नि. लोकेन्द्रबहादुर राउत तथा प्र.ना.नि. रामकाजी थापाले यस अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा सो बरामदी मुचुल्काको व्यहोरा एवं प्रतिवदेदन व्यहोरा समेतलाई समर्थन हुने गरी बकपत्र समेत गरिदिएको देखियो ।

यसरी सो बरामद भएको ११४० ग्राम लागूऔषध चरेस आफूले प्रतिवादी राजेन्द्र के.सी.सँग खरिद गरी कुरियर गरी पठाएको हुँ भनी प्रतिवादी Kristian Peter Stiegler ले कसुरमा पूर्ण सावित रही बयान गरेको र प्रतिवादी राजेन्द्र के.सी.ले समेत यी प्रतिवादी Kristian Peter Stiegler सँग भेट भई निजले लागूऔषधको सेवनको लागि आफूसँग सहयोग गर्न सक्छौ भनी सोध्दा आफूले कोसिस गर्छु निज प्रतिवादी Kristian Peter Stiegler लाई सो लागूऔषध खरिद गरिदिने वचन दिएको तथ्य समेतमा स्वीकार गरेको अवस्था विद्यमान देखिएको हुँदा निजलाई उक्त लागूऔषध खरिदको निमित्त उनाउ व्यक्ति कृष्णबहादुर लामासँग भेटसम्म गराइदिएको हुँ भनी निज प्रतिवादी राजेन्द्र के.सी.ले यस अदालत समक्ष गरेको सो इन्कारी व्यहोरा प्रतीतलायक देखिन नआएकोले बरामद सो ११४० ग्राम लागूऔषध चरेस यिनै प्रतिवादी राजेन्द्र के.सी.बाट निज प्रतिवादी Kristian Peter Stiegler ले खरिद गरी लगेको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट प्रमाणित हुन आएकोले प्रतिवादीहरू Kristian Peter Stiegler र राजेन्द्र के.सी.ले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) बमोजिमको कसुर गरेको प्रमाणित हुँदा निजहरूलाई सोही ऐनको दफा १४(१)(घ) (३) बमोजिम ६ महिना कैद

र रु.२,०००।-(दुई हजार रुपैयाँ) जरिवाना समेत हुने ठहर्छ ।

अब यी प्रतिवादीहरूले पटक पटक लागूऔषध चरेसको कारोबार गरेको देखिँदा निज प्रतिवादीहरू राजेन्द्र के.सी. र Kristian Peter Stiegler उपर लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को (संशोधन सहित) दफा १६ बमोजिम थप सजाय हुन समेतको मागदाबी लिएको सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीहरूलाई यसअघि कुनै लागूऔषध मुद्दामा सजाय भइसकेपछि पनि निजहरूले पुनः अर्को कसुर गरेको भन्ने नदेखिई यी प्रतिवादीहरूले गरेको लागूऔषध चरेसको कारोबारका सम्बन्धमा यसै अदालतमा यसै मुद्दाका साथ अन्य मुद्दा समेत चलेको तर निज प्रतिवादीहरूले गरेको लागूऔषधको कारोबारबाट यसअघि निजहरूले कसुरमा सजाय पाइसकेपछि पनि पुनः सोही बमोजिमको यो कसुर गरेका हुन् भन्ने देखिन नआएबाट निज प्रतिवादीहरूलाई सो दफा १६ बमोजिम थप सजाय गरी पाऊँ भन्ने वादी नेपाल सरकारको सो हदसम्मको अभियोग दाबी पुग्न सक्तैन ।

यी प्रतिवादी Kristian Peter Stiegler ले आफूले निकासी गरी पठाएको लागूऔषध चरेसको परिमाणभन्दा बढी ५ किलो २४० ग्राम लागूऔषध चरेससहित आफूलाई लागूऔषध चरेस बिक्री गर्ने भनिएका राजेन्द्र के.सी.उपर जानकारी र सुराक दिई मुख्य अपराधी पक्राउ गर्न सहयोग गर्ने व्यक्ति निज प्रतिवादी Kristian Peter Stiegler को हकमा यस मुद्दामा हुने सजायमा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ग.बमोजिम आंशिक छुट हुन समेतको मागदाबी रहेको सन्दर्भमा हेर्दा, निज प्रतिवादी Kristian Peter Stiegler ले प्रस्ततुत मुद्दामा अनुसन्धानको क्रमदेखि नै लागूऔषधको खरिद गरी आफूले आफ्नो घरको ठेगानासम्म पठाएको घटनाक्रम समेतलाई सिलसिलाबद्ध रूपमा स्वीकार गरी सो कार्यमा संलग्न रहेका सह-अभियुक्त राजेन्द्र के.सी.को संलग्नताको सम्बन्धमा समेत पोल गर्दै यस अदालत समक्ष समेत सोही व्यहोराको बयान गरेको देखिन आएकोले निजले अनुसन्धानको क्रमदेखि नै सो बमोजिम अनुसन्धान एवं न्यायिक प्रक्रिया समेतलाई सहयोग पुऱ्याएको देखिन आएबाट निज प्रतिवादी Kristian Peter Stiegler ले प्रस्तुत मुद्दामा पाएको सजायमा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ग.बमोजिम ४५ दिन (एक महिना पन्ध्र दिन) कैद सजाय छुट पाउने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार प्रतिवादीहरू Kristian Peter Stiegler र राजेन्द्र के.सी.ले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) बमोजिमको कसुर गरेको प्रमाणित हुँदा निजहरूलाई सोही ऐनको दफा १४(१)(घ) (३) बमोजिम ६ महिना कैद र रु.२,०००।- (दुई हजार रुपैयाँ) जरिवाना समेत हुने ठहरी एवं प्रतिवादी Kristian Peter Stiegler लाई ४५ दिन कैद सजाय छुट समेत हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादीहरूलाई लागेको सो कैद र जरिवानाको लगत कसी निज प्रतिवादीहरूमध्येका Kristian Peter Stiegler प्रस्तुत मुद्दामा मिति २०६८/०९/१४ गतेदेखि थुनामा रही यस अदालतको आदेशानुसार मुद्दा पुर्पक्षको निमित्त हालसम्म कारागार कार्यालय, डिल्लीबजारमा थुनामा रहिरहेको देखिएबाट निज प्रतिवादीलाई लागेको सो कैद उक्त थुनामा रहेको अवधि तथा निजले सजायमा पाएको छुट समेतका आधारमा निजबाट असूल गर्नुपर्ने कैद भुक्तान भैसकेको देखिँदा निज प्रतिवादी Kristian Peter Stiegler लाई अन्य कुनै मुद्दा वा निकायबाट थुनामा राखिराख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट थुनामुक्त गरिदिनू र प्रतिवादी राजेन्द्र के.सी. प्रस्तुत मुद्दामा मिति २०६८/०९/१६ गतेदेखि थुनामा रहेको देखिएबाट निजलाई लागेको सो कैद उक्त थुनामा रहेको मितिदेखि नै लागू हुनेगरी कैद असुल गर्न कैद म्याद ठेकी पठाई निजलाई लागेको उक्त जरिवाना रकम समेत नियमानुसार असुल उपर गर्नू.........................................................................................................१

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नू भनी प्रतिवादी राजेन्द्र के.सी.लाई पुनरावेदनको म्याद दिनू र यो फैसलाको प्रतिलिपि समेत साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई समेत पुनरावेदनको म्याद दिनू.............................................................२

सरोकारवालाले नक्कल मागे नियमानुसार नक्कल दिनू र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू...................................................................................................................................३

प्रस्तुत पाना १२ को फैसला मा.न्या.ज्यूले
बोली टिपाए बमोजिम टिपी कम्प्युटर टाइप
गर्ने ना.सु सुरथप्रसाद तिमल्सेना, फाँट नं.-१८ ।

**जिल्ला न्यायाधीश**

**ईति संवत् २०६९ साल जेष्ठ ०१ गते रोज २ शुभम्..........**

**श्री अर्घाखाँची जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री माधवेन्द्रराज रेग्मी**
**फैसला**
**संवत् २०६७ सालको दु.दे.नं. ६४-०६७-००११६**
**निर्णय नं.:- ३७**

**मुद्दा - अंश ।**

**वादीको नाम, थर, वतन**
जिल्ला अर्घाखाँची धातिवाङ्ग गा.वि.स. वडा नं. ८ बस्ने ठानेश्वरको छोरा वर्ष ५० को गणेशप्रसाद पौडेल.......................................................१

**साक्षी**
सालिकराम बेल्वासे, प्रकाश ज्ञवाली, हरिप्रसाद घिमिरे ।

कागज
x

**प्रतिवादीको नाम, थर, वतन**
जिल्ला अर्घाखाँची धातिवाङ्ग गा.वि.स. वडा नं. ८ बस्ने ठानेश्वरको छोरा वर्ष ६३ को हरिप्रसाद पौडेल.......................................................१
ऐ.ऐ. बस्ने ऐ.को छोरा वर्ष ६३ को दीनबन्धु पौडेल....१
ऐ.ऐ. बस्ने ऐ.को छोरा वर्ष ४२ को खगेन्द्र पौडेल...१

**साक्षी**
थानेश्वर पौडेल, मणिराम पौडेल, भेषराज पौडेल, चूडामणि पौडेल ।

कागज
**x**

**अदालतबाट बुझेको**
**साक्षी:– x**

**प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।**

बाबु ठानेश्वर र आमा पदम कुमारीबाट जम्मा ४ भाइ छोराहरू जेठो विपक्ष हरिप्रसाद, माइलो दीनबन्धु, साइलो वादी म गणेश र कान्छो विपक्ष खगेन्द्र जन्मेका, बाबु ठानेश्वरको र आमा पदम कुमारीको धेरै पहिले नै मृत्यु भइसकेकोले हाम्रो परिवारमा जेठा दाजु हरिप्रसाद, माइला दाजु दीनबन्धु, साइलो म फिरादकर्ता कान्छो खगेन्द्र आजसम्म एकाघर संगोलमा बस्दै आइरहेका छौं । २०४१ सालको अर्घाखाँची जिल्लामा सर्वे नापी हुँदा हाम्रा सम्पूर्ण जग्गाहर बाबु ठानेश्वरका नाममा मात्र नापी गराउँदा हदबन्दीमा परी झन्झट हुने भएकाले बाबुका नाममा धातिवाङ्ग गा.वि.स.का ५३-१२-०२-०३ क्षेत्रफल भएका जग्गाहरू त्यस्तै जेठा दाजु विपक्ष हरिप्रसादका नाममा धातिवाङ्गकै ४९ रोपनी क्षेत्रफल भएका जग्गाहरू नाप नक्सा गरियो भने संगोलका परिवारमा ज-जसका नाममा जग्गा नाप नक्सा गरी जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरिए पनि अरु अंशियारहरूको हक अधिकारमा फरक नपर्ने हुँदा साइलो भाइ म वादी गणेश र कान्छो भाइ खगेन्द्रका नाममा

कुनै पनि जग्गाहरू नाप नक्सा गरिएको छैन । हामी ४ भाइ दाजुहरू हालसम्म अतुलनीय रूपमा मेलमिलाप गरी हामी भाइहरूको एकता बाह्य रूपमा पनि उदाहरण बन्ने गरी हामी ४ भाइहरू एकाघर संगोलमा बस्दै आइरहका छौं । विपक्ष जेठा दाजु हरिप्रसाद मावि स्कुलका अवकाश प्राप्त शिक्षक, अर्का विपक्ष माइला दाजु दीनबन्धु अवकाश प्राप्त गा.वि.स. सचिव हुनुहन्छ भने म फिरादकर्ता मा.वि. स्कुलको शिक्षक र अर्को भाइ कान्छो खगेन्द्र स्नातकोत्तर पास गरी कपिलवस्तु जिल्लाको मोतीपुर गा.वि.स.मा खोलिएको आवासीय स्कुलको सञ्चालक तथा शिक्षक छन् । यसरी म समेतका भाइले आ-आफ्नो नोकरी गरी बुझेको रुपैयाँ धन पैसा सम्पूर्ण जेठा दाजु हरिप्रसाद र माइला दीनबन्धुलाई दिने र निज दाजुहरूले पनि उक्त धन पैसाबाट सबै भाइहरूका छोराछोरीहरूलाई अध्ययन खर्च दिने बचत रुपैयाँबाट तराईमा जग्गा किनी कुनै जग्गा दाजु हरिप्रसादका नाममा रजिष्ट्रेशन गर्ने कुनै जग्गा दीनबन्धु र खगेन्द्रका नाममा रजिष्ट्रेशन पास गर्ने गर्नुभएको छ । स्वः बाबु ठानेश्वर पौडेलका नाममा रहेका जग्गाहरू पनि नामसारी दा.खा. केही गराएको छैन । मेरी पत्नी ज्ञानुले मसँग अंश मागी म उपर कपिलवस्तु जिल्ला अदालतमा अंश मुद्दा दायर गरेकी छन् र प्रतिवादी खगेन्द्र भट्टराईले यस अदालतमा अंश मुद्दा दायर गर्नुभएको छ । यस्तो अवस्थामा मैले जेठा दाजू प्र. हरिप्रसाद र माइला दाजु प्र. दीनबन्धुलाई घरायसी विवाद मेटाऔं, तपाईंहरूले पनि आ-आफ्नो अंश राखी मलाई र कान्छो भाइ खगेन्द्रलाई अंश दिनुहोस्, त्यसपछि मेरी पत्नीसँगको मेरो मुद्दा मिलाउन पनि सजिलो हुन्छ भन्दा हामीहरूले कागजपत्र मिलाइसकेका छौं । तिमीहरूलाई अंश दिन बाध्य छैनौं भनी विपक्षहरूले भन्नुभएकोमा मिति २०६७।९।१ गते प्रमाणका छिमेकी राखी विपक्षहरूलाई जुटाई जम्मा सम्पत्तिलाई ४ भाग लगाई १ भाग अंश दिनुहोस् भन्दा दिन्नौं, जानेको गर भनी घरबाट निकाला गरेकाले यो फिराद लिई आएको छु । मेरा साक्षी प्रमाण बुझी जम्मा चल अचल सम्पत्तिलाई चार भाग लगाई चार भागको १ भाग अंश मलाई दिलाई पाऊँ भन्ने समेत व्यहोराको फिराद दाबी ।

वादी दाबी झुट्ठा हो । प्रतिवादी म दीनबन्धु पिताजी ठानेश्वर जीवित छँदै जेठा दाजी प्र. हरिप्रसादको मप्रतिको अपहेलना र यिनै वादीसँगको मनमुटावको कारण सगोलमा बस्नुभन्दा भिन्न भई बस्ने मनसाय भएकोले बाबुआमा र प्र. हरिप्रसाद समेतसँग मेरो अंश माग्दा बाबुआमालाई पनि हरि प्रसाद र यी वादी समेतले बिन कारण बाबुआमा टेढिने, रिसाउने गराई खेत अहिले १ अंशियारका निम्ति टुक्रिइन्न, पाखो जे दिन्छौं लिई छुट्टिने भए हुन्छ भन्ने बाबु र प्र. हरिप्रसाद र आमा समेतको भनाइमा मैले विवाद नगरी खेत अंश छाडी अन्य उब्जा हुने मात्र क्षे.फ. ४-६-१-० बारी र अरू क्षे.फ. ३२-९-३-३ समेत जम्मा क्षे.फ. ३७-०-०-३ जग्गा अंश बुझी २०३७।३।२४ मा अंश भर्पाई गरी पिताजीलाई रजिष्ट्रेशन गरिदिन भनी मा.पो.कार्यालय अर्घाखाँचीबाट पारित गरियो । बाबु ठानेश्वरको २०४८ सालमा र आमाको ०६५ सालमा मृत्यु भएको हो । म दीनबन्धु अहिलेसम्म सगोलै भए, मेरा नाममा नापी भएका जग्गा हदबन्धी हुने डर भए आमा समेत अन्य अंशियारका नाममा नापी हुनुपर्ने, म बस्ने घरको घर कर मैले बुझाई प्राप्त गरेका रसिदहरू छन् । बाबु, आमा, दाजु, छँदा-छदै मैले घर कर मेरा नामबाट कसरी बुझाएँ । अहिलेसम्म म सगोलमै रहेको हो भने जि.क.व. मोतीपुर गा.वि.स वडा नं. ५ ख मा पर्ने क्षे.फ. १-४-५ को खेत सगोलकै धनबाट किनेको भए आफ्ना नाममा जग्गा हुने आमा हुनुहुन्थ्यो । धातिवाङ्ग गा.वि.स.मा दामोदर पौडेलबाट २ कित्ता जग्गा क्षे.फ. ६-१४-२-३ खेत, बालानन्द पौडेलबाट १-९-३-१ बारी मैले लिएको छु र मैले मात्र भोगचलन गरेको छु । अंश भर्पाई घरायसी भए लेनदेन व्यवहारको १ नं बमोजिम बाबुआमाका मृत्युपछि अर्को लिखत गराउन दाजु हरिप्रसाद उपर दाबी उजुर गर्ने हो । सगोलै भए मेरा अंशका जग्गा मेरा नाउँमा मात्र कसरी नापी दर्ता भए । म प्र. खगेन्द्र भट्टराईको व्यहोरा के भने प्र. दाजु दीनबन्धु २०३७ सालमा अंश भर्पाई रजिष्ट्रेशन पारित गरी छुट्टीभिन्न भै कमाई ऋण कर्जा गरी तराईमा उस बखत सस्तोमा लिनुभएको, हाल मूल्य वृद्धि भै धेरै पर्ने धातिवाङ्ग गा.वि.स.मा पनि दीनबन्धुले

खेत बारी किनी उहासँग हाल जग्गा पनि मजबुद भएको, वादीका दम्पतीले अहिलेसम्म कमाएको धन नदेखाई गोप्य सम्पत्ति मलाई नदिई दाजी हरिप्रसाद र वादीका दम्पतीले मात्र खाने कुनियतबाट मेरा उपर वादीहरूले पालैपालो मुद्दा दिएका छन् र अंश गर्नुपर्ने सम्पत्ति मसँग छैन। वादीका २ दम्पती र प्र. हरिप्रसादसँग मैले अंश खोज्ने, उनीहरूले मलाई दिने हो भन्ने समेत व्यहोराको प्रतिवादीहरू दीनबन्धु पौडेल, खगेन्द्र पौडेलको संयुक्त प्रतिउत्तर पत्र।

यसमा बाबु ठानेश्वर र आमा पदमकुमारीबाट जेठा हरिप्रसाद, महिला दीनबन्धु, साहिला गणेशप्रसाद र कान्छा खगेन्द्र जम्मा चार भाइ छौं। बाबुआमाको मृत्युपछि पनि हामी सगोलमै छौं। हामी दाजुभाइको नाउँमा जग्गा खरिद भएको र बाबुको नाउँको जग्गा पनि नामसारी दा.खा. भएको छैन। मेरी पत्नी ज्ञानुकुमारीले म समेत उपर अंश मुद्दा दायर गरेकी छन्। मिति २०६७/०९/०१ मा प्रतिवादीहरूसँग अंश माग्दा अंश दिँदैनौं भनी घरबाट निकाला गरेकाले चार भागको १ भाग अंश पाऊँ भन्ने फिराद दाबी। पिताजीबाट २०३७/०३/२४ मा अंश भर्पाई पारित गरी अंश लिई भिन्न बसेको छु। २ प्रति लिखतमा एक प्रति मालपोतमा रहेकोमा अग्नि काण्ड भै खरानी भएको र अर्को प्रति बाबु ठानेश्वरको जिम्मा रहेकोमा निजको मृत्युपछि जेठो दाजु हरिप्रसादको हातमा छ। अंश भर्पाईबाट पाएको जग्गा समेत मेरै नाउँमा नापी नक्सा भएको छ। यो वादीले कहिले श्रीमतीबाट कहिले आफैं अंश मुद्दा दिएका छन। २०३७ सालमा छुट्टीभिन्न भएपछि मेरै नाउँबाट तालुकदारलाई तिरो बुझाएको, जि.वि.स.मा घर कर तिरेको रसिद मसँग छ। छुट्टीभिन्न भइसकेको मबाट वादीले अंश पाउनुपर्ने होइन भन्ने प्रतिवादी दीनबन्धुको र २०३७ सालमै छुट्टीभिन्न भएका दाजु दीनबन्धु सगोलका हुन् भनी इमान धर्म छाडी परलोक बिगार्न म सक्तिन। प्रतिवादी हरिप्रसाद र वादी गणेशप्रसादबाट मैले पनि ३ भागको १ भाग अंश पाउनुपर्छ भन्ने प्रतिवादी खगेन्द्रको प्रतिउत्तर देखियो। प्रतिवादी हरिप्रसादले यस अदालतबाट जारी भएको म्याद मिति २०६७/१०/१६ मा हातैमा बुझेकोमा म्याद गुजारी प्रतिउत्तर नलगाई बसेको देखियो।

वादीले ४ भागको १ भाग अंश पाऊँ भन्ने र उपस्थित प्रतिवादीहरूले प्रतिवादी दीनबन्धु २०३७ सालमै अंश भर्पाई पारित गरी भिन्न भएकाले ३ भागको १ भाग वादीले अंश पाउने भन्ने प्रतिउत्तर जिकिर देखिन्छ। वादी प्रतिवादीहरू एका बाबु आमाका अंशियार छोराहरू भएकोमा विवाद देखिएन। वादीले प्रतिवादी दीनबन्धु समेत सगोलमा छन् भनी दाबी गरे तापनि प्रतिवादी दीनबन्धुले २०४३ सालदेखिको छुट्टै घरमा बसेको भनी घर कर तिरेको रसिद पेस गरेका छन्। नापीका बखत जग्गा धेरै हुँदा हदबन्दीबाट जोगाउन प्रतिवादी दीनबन्धुको नाउँमा समेत सर्भे नापी गराएको भन्ने दाबी भए तापनि नापी हुनुभन्दा अगावै मोही दीनबन्धुबाट तालुकदार मुखिया भक्तिप्रसाद पौडेलले तिरो बुझी गरिदिएका रसिद पेस भएको छ। मालपोत कार्यालयबाट पारित अंश भर्पाईको लिखत जलेर नष्ट भएकाले पठाउन नसकेको भन्ने मालपोत कार्यालय, अर्घाखाँचीको च.नं. ८९८ मिति २०६८/३/२८ को पत्र देखिन्छ। सो लिखतका लेखकको मृत्यु भइसकेको र सो अंश भर्पाई पारित गर्दाका देखी जानेका र लिखतमा साक्षी समेत बसेको छु भनी धातिवाङ्ग गा.वि.स. का तत्कालीन प्रधानपञ्च मणिराम पौडेलले अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ।

उल्लिखित आधार कारणबाट अंश भर्पाईको पारित लिखत मालपोत कार्यालयको जलेर नष्ट भएको र अर्को प्रति प्रतिवादी हरिप्रसाद जिम्मा छ भनेकोमा निजले गुजारी बसेको भए तापनि नापी हुनुभन्दा अगाडि देखिकै छुट्टै जग्गाको तिरो तिरेको, घर कर बुझाएको एवं छुट्टै जग्गाधनी दर्ता कायम भएको अंश भर्पाईको लिखत पारित हुँदा साक्षी बस्नेले गरेको बकपत्र समेतका आधारहरूबाट प्रतिवादी दीनबन्धु व्यवहार प्रमाणबाट यी वादीसँग सगोलमा रहे बसेको देखिएन। निजबाट तायदाती फाँटबारी माग गरिरहनु परेन।

अन्य वादी र प्रतिवादी हरिप्रसाद पौडेल, खगेन्द्र पौडेलबाट अंशबण्डाको महलको २०, २१, २२, २३ नं. को प्रक्रिया पूरा गरी बण्डा गर्नु पर्ने सम्पत्तिको तायदाती फाँटबारी दाखेल गराई परस्पर सुनाई अचल सम्पत्तिको दर्ता श्रेस्ताको प्रतिलिपि पेस गराई नपुग कोर्ट फी समेत लिई लगाउका अंश मुद्दाहरूसाथ नियमानुसार पेस गर्नू भन्ने समेत व्यहोराको मिति २०६८।५।२६ को यस अदालतको आदेश ।

वादी गणेश पौडेलले आफू जिम्मा वण्डा गर्नुपर्ने कुनै पनि चल अचल सम्पत्ति नभएको भनी मिति २०६८।६।८ गते दिएको फाँटबारी प्रतिवादी दीनबन्धु पौडेलले आफू २०३७ सालमा छुट्टीभिन्न भएकोले आफ्नो सम्पत्ति बण्डा नलाग्ने भनी मिति २०६८।१०।२ गते दिएको फाँटबारी र वादी गणेश पौडेल तथा प्रतिवादी खगेन्द्र पौडेलले स्वः ठानेश्वर पौडेल तथा हरिप्रसाद पौडेलका नाउँ दर्ता जिम्माको मिति २०६८।११।१४ गते दिएको अंशको तायदाती फाँटबारी मिसिल सामेल रहेको ।

प्रतिवादी दीनबन्धु पौडेलबाट तायदाती फाँटबारी माग गरिरहनु परेन भन्ने यस अदालतका मिति २०६८।५।२६ गतेका आदेश उपर बेरीतको आदेश बदर गरी पाऊँ भनी वादी गणेशप्रसाद पौडेलले श्री पुनरावेदन अदालत वुटवलमा अ.वं. १७ नं. बमोजिमको निवेदन दिएकोमा श्री पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।८।२९ गते दीनबन्धु पौडेल सहित सबै वादी प्रतिवादीबाट अंशको तायदाती फाँटबारी लिई कानुन बमोजिम गर्नू भन्ने व्यहोराको आदेशानुसार प्रतिवादी दीनबन्धु पौडेलबाट पेस हुन आएको अंशको तयदाती फाँटबारी मिसिल सामेल रहेको देखियो ।

## अदालतको ठहर

नियम बमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. एवं न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई मिसिल संलग्न कागजात अध्ययन गरी वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री शर्मलाल पन्थी र श्री नारायण बेल्वासेले गर्नुभएको बहस सुनी प्र. दीनबन्धु पौडेलको तर्फबाट अधिवक्ता श्री टंकप्रसाद पोखेलले पेस गर्नुभएको बहस नोट समेत अध्ययन गरी आज निर्णय सुनाउने तारेख तोकिएकोले वादी दाबी बमोजिम वादीले प्रतिवादीहरूबाट अंश पाउने हो होइन, भन्ने निर्णय दिनुपरेको छ ।

निर्णयतफ विचार गर्दा स्वः ठानेश्वर पौडेलका हामीहरू ४ भाइ छोरा हुँदा ४ भागको १ भाग अंश पाऊँ भन्ने वादी गणेश पौडेलको फिराद दाबी । मैले पिताजीबाट २०३७।३।२४ गते अंश भर्पाई पारित गरी अंश लिई भिन्न बसेको छु भन्ने प्र. दीनबन्धु पौडेल र दाजु दीनबन्धु पौडेल २०३७ सालमै छुट्टीभिन्न हुनुभएको हो । मैले ३ भागको १ भाग अंश पाउनुपर्ने हो भन्ने समेत व्यहोराको खगेन्द्र पौडेलको संयुक्त प्रतिउत्तर जिकिर रहेको देखियो ।

वादी प्रतिवादीहरू स्वः ठानेश्वर पौडेलका छोराहरू जेठो प्रतिवादी हरिप्रसाद, माहिलो प्र. दीनबन्धु, साहिलो वादी गणेशप्रसाद र कान्छो प्र. खगेन्द्र पौडेल ४ दाजुभाइ रहेको देखिएबाट वादी र प्रतिवादीबीच दाजुभाइ नातामा विवाद देखिँदैन । नापी हुनुअघिदेखिकै छुट्टै जग्गाको तिरो, घर कर बुझाएको छुट्टै जग्गा धनी दर्ता कायम भएको व्यवहार प्रमाण समेतबाट प्र. दीनबन्धु वादीसँग सगोलमा रहे बसेको नदेखिँदा निज दीनबन्धुबाट सम्पत्तिको फाँटबारी लिन परेन, निज बाहेकको वादी प्रतिवादीहरूबाट फाँटबारी लिने भनी यस अदालतबाट मिति २०६८।५।२६ मा भएको आदेश उपर यिनै वादी गणेशप्रसादले र वादी ज्ञानु कुमारीले पुनरावेदन अदालत बुटवलमा अलग-अलग निवेदन दिई प्र.दीनबन्धु पौडेलबाट पनि सम्पत्तिको तायदाती फाँटबारी लिनू भनी मिति २०६८।८।२९ मा आदेश भै आए बमोजिम प्र. दीनबन्धुबाट पनि सम्पत्तिको फाँटबारी पेस भएको देखिन्छ । स्वः ठानेश्वर पौडेलका ४ छोराहरू वादी प्रतिवादी भई दाजुभाइ नातामा विवाद देखिँदैन ।

वादीले अंश लिए पाएको भन्न र सोको प्रमाण समेत प्रतिवादीहरूले दिन सकेका छैनन् । प्रस्तुत मुद्दामा वादीले आफू जिम्मा केही छैन भनी २०६८।६।८मा फाँटबारी पेस गरेका, प्र. दीनबन्धुबाट २०६८।१०।२ मा फाँटबारी पेस भएको र तारेख गुजारी बस्ने प्र. हरिप्रसाद जिम्माको सम्पत्तिको फाँटबारी वादी गणेशबाटै २०६८।११।१४ मा पेस भएको देखिन्छ । त्यसैगरी यिनै प्रतिवादी खगेन्द्र पौडेलले वादी भई यिनै वादी गणेश पौडेल समेत उपर दिएको ६४-०६६-००२०४ को अंश मुद्दामा वादी खगेन्द्रले आफू जिम्मा बण्डा गर्नुपर्ने केही नभएको भन्दै आफ्नो नाममा कि.नं. ४०४ को जग्गा रहेको सो निजी आर्जन हुँदा बण्डा नलाग्ने भनी उल्लेख गरी २०६८।६।८ मा फाँटबारी दिएको र प्र. हरिप्रसाद जिम्माको र स्व. बाबु ठानेश्वर नामको सम्पत्तिको फाँटबारी २०६८।११।१४ मा पेस गरेको तथा यिनै वादी गणेशकी श्रीमती ज्ञानु कुमारीले यिनै वादी प्रतिवादी समेत उपर दिएको ६४-०६८-००१९२ को अंश मुद्दामा निज ज्ञानु कुमारीले आफू जिम्मा कुनै सम्पत्ति नभएको, कि.नं. १९५६ को जग्गा बहिनी सरस्वती बेल्वासेले हालैको बकसपत्र पाएको निजी आर्जन हुँदा बण्डा नलाग्ने भनी उल्लेख गरी २०६८।१०।२ मा फाँटबारी पेस गरेको र प्र. हरिप्रसाद जिम्माको सम्पत्तिको फाँटबारी निज वादीबाटै २०६८।११।१४ मा पेस गरेको समेत देखिन्छ । उल्लिखित फाँटबारीहरू यिनै वादी प्रतिवादीहरूलाई परस्पर सुनाएको मिति २०६८।१०।२ को कागज मिसिल संलग्न रहेकोबाट देखिन आउँछ । पेस भएका उल्लिखित सम्पत्तिको फँटबारी सम्बन्धमा सुरु म्यादै गुजारी बस्ने प्र. हरिप्रसादका नाममा जारी भएको सूचना म्याद मिति २०६८।१२।२६ मा तामेल भएकोमा हामी ४ दाजुभाइ छुट्टीभिन्न भएका छैनौं, संगोलमा छौं, संयुक्त कमाइबाट आर्जित जग्गाहरू पहाड तराईमा छन् भनी निज हरिप्रसादले दिएको मिति २०६८।१२।१७ को निवेदन पनि मिसिल संलग्न रहेको देखिन्छ । मानो छुट्टिएको मिति सम्बन्धमा यकिन हुने ठोस प्रमाण वादी प्रतिवादीबाट पेस हुन नआएको अवस्था हुँदा यिनै वादीकी श्रीमती ज्ञानु कुमारीले यिनै वादी प्रतिवादी समेत उपर २०६६।११।३ मा अंश मुद्दा दिई आजै साथै पेस भइरहेको समेतको परिप्रेक्ष्यमा सोभन्दा अघिल्लो दिन २०६६।११।२ लाई मानो छुट्टिएको मिति कायम गर्नुपर्ने हुन आएबाट वादी प्रतिवादीबीच २०६६।११।२ लाई मानो छुट्टिएको मिति कायम हुन्छ । उल्लिखित फाँटबारीहरूमा उल्लेख भएको सम्पत्ति सम्बन्धमा प्र. दीनबन्धुले आफू २०३७ सालमा छुट्टीभिन्न भएको भन्ने र सहप्रतिवादी खगेन्द्र पौडेलको सोही मिलानको प्रतिउत्तर रहेकोमा प्र. दीनबन्धु २०३७ सालमा छुट्टीभिन्न भएको सो पछि आफूले खरिद आर्जन गरेको ठोस सबुद लिखत प्रमाण दिन सकेको देखिँदैन । प्र. दीनबन्धु २०३७।३।२४ मा अंश भर्पाई पारित गरी छुट्टीभिन्न भएको र नापीमा अंशका जग्गा नापी दर्ता गराएको, छुट्टै तिरो तिरेको घर कर बुझाएको भन्ने समेत प्रतिउत्तर जिकिर रहेकोबाटै २०३७।३।२४ पछि सर्वे नापी भएको भन्ने देखियो । मुलुकी ऐनमा २०३४।९।२७ मा भएको संशोधनले सो पश्चात् भएको अंश बण्डाको लिखत अनिवार्य रजिष्ट्रेशन पारित गर्नुपर्ने मुलुकी ऐन, रजिष्ट्रेशनको महलको १ नं. मा कानुनी व्यवस्था भएको देखिन्छ । पारित अंश भर्पाईको लिखत २ प्रतिमध्ये १ प्रति बाबु ठानेश्वरसँग रहेको निजको मृत्युपछि हरिप्रसादको कब्जामा रहेको, एक प्रति मालपोत कर्यालयमा रहेकोमा मालपोत कार्यालयमा आगजनी भई श्रेष्ता जली नष्ट भएको भन्ने प्र. दीनबन्धुको जिकिर रहेकोमा लिखतको प्रकृतिबाट निजसँग सो लिखतको सक्कल प्रति नरहे पनि सोको प्रमाणित नक्कल रहन सक्ने देखिन्छ, सोसम्म पनि निजले पेस दाखेल गर्न सकेको देखिँदैन । मालपोत तिरो, घरकर बुझाएको, जग्गा आफ्नो नाममा भएको कारणबाट मात्रै सो जग्गा प्रतिवादी दीनबन्धुको अंशबाट पाएको निजको मात्र हक लाग्ने बण्डा नलाग्ने भन्न मिल्ने देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा ६क ले संगोल परिवार जो जसको नाममा रहे पनि अन्यथा प्रमाणित नभएसम्म त्यस्तो सम्पत्ति सगोलको सम्पत्ति हुने कानुनी व्यवस्था रहेको देखिन्छ । यस स्थितिमा अंश भर्पाई पारित गरी छुट्टीभिन्न भएको हुँ भनी कुनै प्रतिवादीले जिकिर लिन्छ र त्यस्तो जिकिर लिने प्रतिवादी छुट्टीभिन्न भएको हो भनी अर्को सहप्रतिवादीले पनि जिकिर लिन्छ भने त्यस्तो जिकिर लिने प्रतिवादीले नै सो कुराको पुष्टि हुने गरी प्रमाण पुर्‍याउनुपर्ने हुँदा

अंश भर्पाई पारित भएको भन्ने लिखत प्रमाण पेस गर्न नसकेको स्थितिमा प्रतिउत्तर जिकिर र साक्षीको मौखिक भनाइको आधारमा छुट्टीभिन्न भएको भन्न कानुनतः मिलेन । प्र. दीनबन्धु छुट्टीभिन्न भएको पारित लिखत समेतको ठोस निश्चयात्मक प्रमाण पेस हुन नआएबाट निज व्यवहार प्रमाणबाट छुट्टीभिन्न भएको भन्ने यस अदालतको उल्लिखित मिति २०६८।५।२६ को आदेशसँग सहमत हुन नसकिएबाट प्र. दीनबन्धु पौडेल छुट्टीभिन्न भएको भन्न मिलेन । निजको फाँटबारीमा उल्लिखित निजका नाउँमा रहेका जग्गाहरू बण्डा नलाग्ने ठोस सबुद प्रमाण पेस हुन नआएबाट बण्डा नलाग्ने भन्न नमिलेबाट बण्डा लाग्ने देखियो । खगेन्द्रले पेस गरेको फाँटबारीमा आफ्नो नाममा रहेको कि.नं. ४०४ को जग्गा आफ्नो निजी आर्जनको हो, बण्डा नलाग्ने भने पनि सोको ठोस सबुत प्रमाण लिखत प्रमाण दिन नसकेको हुँदा सो बण्डा नलाग्ने भन्न मिलेन । ज्ञानु कुमारीले पेस गरेको सम्पत्तिको फाँटबारीमा आफ्नो नामको जिल्ला रुपन्देही, सेमलार गा.वि.स. हाल बु.न.पा. वडा नं. २ कि.नं. १९५६ को जग्गा बहिनी सरस्वती बेल्वासेबाट र.नं. २२०८ क बाट मिति २०६६।८।१५ मा बकसपत्र पाएको बण्डा नलाग्ने निकीर लिएकोमा मालपोत कार्यालय रुपन्देहीको मिति २०६९।२।२६ को पत्रसाथ प्राप्त सो बमोजिम बकसपत्र पाएको प्रमाणित लिखतबाट देखिँदा सो जग्गा अंशबण्डाको महलको १८ नं. ले निज ज्ञानुकुमारीको आफूखुसी गर्न पाउने निजी आर्जनको भन्ने देखिन आएकोले सो बण्डा लाग्ने भन्न मिलेन । सो बाहेक उल्लिखित फाँटबारीहरूमा देखाएको ऋणको हकमा साहुको नालेस परेका बखत ठहरे बमोजिम हुने नै हुँदा उल्लिखित फाँटबारीहरूमा उल्लिखित सम्पत्तिबाट वादीले ४ भागको १ भाग अंश छुट्टाई लिन पाउने ठहर्छ । सो ठहर्नाले अरू तपसिलका कुरामा तपसिल बमोजिम हुने गरी अ.वं.१८६ नं. बमोजिम आजै अड्डैबाट यो फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम वादी गणेश पौडेलले पेस भएको फाँटबारीबाट ४ भागको १ भाग अंश छुट्टाई लिन पाउने ठहरी फैसला भएकाले दण्ड सजायको ४६ नं. का म्यादभित्र बण्डा छुट्टाई पाऊँ भनी वादीले दरखास्त दिए दर्ता श्रेष्ता भिडेको देहाएका उल्लिखित फाँटबारीबाट ४ भागको १ भाग अंश छुट्टाई दिनू र छुट्टाइएको बिगोको लाग्ने अढाई दस्तुर वादीबाट लिनू.....................................................................१

वादी गणेश पौडेल, वादी ज्ञानु कुमारी र प्र. खगेन्द्र पौडेलबाट पेस भएको स्वः ठानेश्वर पौडेल नाम दर्ताको र प्र. हरिप्रसाद पौडेल नाम जिम्माको फाँटबारीमा उल्लिखित जग्गाहरू:-

| जिल्ला | गा.वि.स. वडा नं. | कि.नं. | क्षे.फ. | किसिम |
|---|---|---|---|---|
| अर्घाखाँची | धातिवाङ्ग ८ | ६२ | ०-६-१-१ | ख.चा. |
| अर्घाखाँची | धातिवाङ्ग ८ | ६३ | ०-३-०-२ | ख.चा. |
| अर्घाखाँची | धातिवाङ्ग ८ | ६५ | १२-१-२-२ | पा.दो. |
| अर्घाखाँची | धातिवाङ्ग ९ | ६२ | १०-११-१-२ | ख.चा. |
| अर्घाखाँची | धातिवाङ्ग ९ | १२९ | ०-११-३-१ | खे.चा. |
| अर्घाखाँची | धातिवाङ्ग ९ | २१२ | १३-३-१-२ | ख.चा. |
| अर्घाखाँची | धातिवाङ्ग ९ | २१३ | ५-१०-२-१ | पा.सी. |
| अर्घाखाँची | धातिवाङ्ग ९ | २१६ | १०-१२-२-३ | ख.चा. |

**हरि प्रसाद पौडेलका नाउँमा रहेका जग्गाहरू:-**

| जिल्ला | गा.वि.स. वडा नं. | कि.नं. | क्षे.फ. | किसिम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| कपिलवस्तु | मोतीपुर ५ (ख) | ३० | ०-१-१० | खेत अब्बल |
| कपिलवस्तु | मोतीपुर ५ (ख) | १२० | ०-७-१३ | खेत अब्बल |
| अर्घाखाँची | धातिवाङ्ग १ | १४२ | १४-१०-०-० | खे.सी. |
| अर्घाखाँची | धातिवाङ्ग ९ | २४५ | ३५-१-१-३ | ख.चा. |

**दीनबन्धु पौडेलका नाउँमा रहेका निजले पेस गरेको सम्पत्तिको फाँटबारीमा उल्लेखित जग्गाहरू:-**

| जिल्ला | गा.वि.स. वडा नं. | कि.नं. | क्षे.फ. | किसिम |
|---|---|---|---|---|
| अर्घाखाँची | धातिवाङ्ग ५ | ४ | ३०-१२-१-२ | ख.चा. |
| अर्घाखाँची | धातिवाङ्ग ५ | ८७ | २-१-२-२ | पा.सी. |
| अर्घाखाँची | धातिवाङ्ग ५ | १२६ | १-१३-२-१ | पा.चा. |
| अर्घाखाँची | धातिवाङ्ग ८ | ७६ | २-४-२-२ | पा.दो. |
| अर्घाखाँची | धातिवाङ्ग १ | १४३ | ३-१४-३-२ | खे.सी. |
| अर्घाखाँची | धातिवाङ्ग २ | १ | २-१५-३-१ | ख.सी. |
| अर्घाखाँची | धातिवाङ्ग ८ | ७७ | १-९-३-१ | पा.दो. |
| कपिलवस्तु | मोतीपुर ५ (ख) | २८३ | ०-९-$६^{१}\div_{२}$ | खेत अब्बल |
| कपिलवस्तु | मोतीपुर ५ (ख) | २८२ | ०-९-$६^{१}\div_{२}$ | खेत अब्बल |
| कपिलवस्तु | मोतीपुर ५ (ख) | ३९५ | ०-५-१२ | खेत सिम |

**खगेन्द्र पौडेलका नाउँमा रहेका निजले पेस गरेको फाँटबारीमा उल्लिखित जग्गाहरू:-**

| जिल्ला | गा.वि.स. वडा नं. | कि.नं. | क्षे.फ. | किसिम |
|---|---|---|---|---|
| कपिलवस्तु | मोतीपुर ५ (ख) | ४०४ | ०-२-१० | खेत अब्बल |

वादीले फिरादसाथ राखेको कोर्ट फी रु.१००।- र मिति २०६८।१२।१९ मा राखेको नपुग कोर्ट फी रु.१०,३२०।- गरी जम्मा रु.१०,४२०।- कोर्ट फी ऐन, २०१७ को दफा १५(११) का म्यादभित्र प्रतिवादीहरूको यसै सरहदको जेथा देखाई वादीले कोर्ट फी भराई पाऊँ भनी दरखास्त दिए केही दस्तुर नलिई प्रतिवादीबाट वादीलाई भराइदिनू ..........२

फाँटबारीमा उल्लिखित बण्डा हुने ठहरेको सम्पत्तिमध्ये प्रस्तुत मुद्दाको प्रतिवादी खगेन्द्र पौडेलका नाममा दर्ता रहेको जिल्ला कपिलवस्तु मोतीपुर गा.वि.स. वडा नं. ५ ख को कि.नं. ४०४ क्षे.फ. ०-२-१० अब्बल जग्गाको कोर्ट फी मूल्य नखुलेको कारण कोर्ट फी असुल हुन बाँकी देखिँदा बण्डा छुट्टाउँदाको बखत उक्त जग्गाको मूल्य खुलाई खुलेका मूल्यको कोर्ट फी बण्डा छुट्टाउने, सबै अंशियारबाट आफ्नो हक हिस्सामा लाग्ने कोर्ट फी असुल गर्नू..........३

यो इन्साफमा चित्त नबुझ्े मुलुकी ऐन अ.वं. १९३ नं. का म्याद ३५ दिनभित्र श्री पुनरावेदन अदालत, बुटवलमा पुनरावेदन गर्नू भनी वादी तथा प्रतिवादीहरू दीनबन्धु पौडेल र खगेन्द्र पौडेललाई पुनरावेदनको म्याद दिनू.....४
प्रतिवादी हरिप्रसाद पौडेलले सुरु म्यादै गुजारी बसेकोले निजलाई अ.वं. २०८ नं. ले पुनरावेदनको म्याद दिनुपरेन ..........५

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने नियमानुसारको दस्तुर लिई नक्कल सारी सराइदिनू.......................६

यो मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू .........................................७

**जिल्ला न्यायाधीश**

फाँटवालाः- ना.सु.नारायण ब. भट्टराई
टाइप गर्नेः-स.क.अ. सीता घिमिरे

**इति संवत् २०६९ साल आषाढ महिना १५ गते रोज ६ मा शुभम् .........**

**श्री डडेल्धुरा जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री जगतनारायण प्रधान**

**फैसला**

**नि.नं.४४**

**संवत् २०६६ सालको दे. नं. ९१-०६६-०००0८**

**मुद्दा :- अंश**

**वादीको नाम, थर, वतन**

जिल्ला डडेल्धुरा अमरगढी नगरपालिका वडा नं. ४ तल्लो खलंगा बस्ने भजनसिंह रावलकी श्रीमती वर्ष ६८ की धानादेवी रावल.................................१

ऐ.ऐ. बस्ने भजनसिंह रावलको छोरा वर्ष ३१ को लोकेन्द्रबहादुर रावल .............................१

ऐ.ऐ. बस्ने ऐ.ऐ. को छोरा डम्बरबहादुर रावल.........१

साक्षी : ह

कागज : विवादित जग्गाको ज.ध.प्र. पुर्जाको नक्कल

**प्रतिवादीको नाम, थर, वतन**

जि. डडेल्धुरा अ.न.पा. वडा नं. ४ तल्लो खलंगा बस्ने भजनसिंह रावलको छोरा वर्ष ५८ को धनबहादुर रावल...........................................................१

ऐ.ऐ. र जि. कैलाली ध.न.पा. १, पशुपति टोल बस्ने वर्ष ३४ को शरद रावल.............................१

ऐ.ऐ. बस्ने ऐ.ऐ. को छोरा वर्ष ३२ को राजीव रावल.....१

जि.डडेल्धुरा अ.न.पा. वडा नं. ४ तल्लो खलंगा बस्ने भजनसिंह रावलको छोरा अ. वर्ष ४८ को सुरतबहादुर रावल..........................................१

ऐ.ऐ.सुरतबहादुर रावलको छोरा अ. वर्ष २३ निरज रावल..................................................१

ऐ.ऐ. ऐ.ऐ. को छोरा अ. वर्ष १९ को निरन्जन रावल......१

साक्षी जवान :X

कागज : विवादको जग्गाको ज.ध.प्र.पुर्जाको नक्कल.........१

नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि...............१

**अदालतबाट बुझेको**

दमयन्ती रावल--१, माया देवी रावल--१, वादी प्रतिवादीको पुर्ख्यौली सम्पत्तिको ज.ध.द.प्र.पुर्जा उतारको प्रतिलिपि--१, कि.नं. २५५ को जग्गा सम्बन्धमा मालपोत कार्यालयको जवाफ समेत, स्व. भजनसिंह रावल र प्र. धनबहादुर रावलबीचको कुटपिट मुद्दाको मिसिल ।

**मुद्दाको संक्षिप्त तथ्य :**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अ.वं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ :

हामी फिरादी र विपक्षीहरूसँगै एकाघरमा बस्दै आएका र ध.न.पा. वार्ड नं. २ मा बस्ने हाम्रा

परिवारका अंशियारहरू पनि सगोलमा बस्दै आएका छौं । हामी फिरादीका पति/पिताको मृत्युपछि घरका लोग्ने मान्छेमा मूली विपक्षी धनबहादुर रावल र सुरत रावल दुवै भएका हामी फिरादीहरू र हाम्रा पति पिताको परिश्रम मिहिनेतले जंगल बाँझो झाडी फाडी आवाद गरी जग्गा जमिन र घर सबै कुरा बनाएका हौं र आजसम्म पनि हामी सगोलमा बस्दै आएका छौं । हाल आएर हाम्रो छोरा/दाइको विवाह भएर केटाकेटी भइसकेका र म फिरादीमध्येको डम्बरबहादुरको पनि विवाह भई केटाकेटी भइसकेको हुँदा ठूलो संख्याको परिवार भएकोले सगोलमा बसी व्यवहार चलाउन गाह्रो अप्ठेरो परि विपक्षीसँग हामीहरूले अंशबण्डा गरी अलग-अलग भई जाउभन्दा निजहरूले हुन्छ हुन्छ भन्दै आएकामा मिति २०६६/४/७ गते हामीहरूले विपक्षीलाई अंश देउ भन्दा घर जग्गा जमिन तराई पहाडको सबै हाम्रो नाउँमा छ । हामी तिमीहरूलाई अंश दिँदैनौं भनी भनेका र हामी र हाम्रा पति पिताको परिश्रम मेहनतबाट बनाएको घरबाट पनि निकाला गर्न यस अदालतमा हाम्रा उपर मुद्दा दायर गरेका र हाम्रो घरको भत्काएको भागको क्षति बापत सडक कार्यालय कुलपातेले दिएको क्षतिपूर्ति पनि विपक्षीहरूमध्येका धनबहादुर र सुरतले खाएका तथा हाम्रो आवादी जग्गाभित्र हामीहरूले संरक्षण गर्दै आएका रूखहरू समेत विपक्षी धनबहादुरले काटी फाँडी बिक्री गरेका र सोबाट आएको रुपैयाँ समेत निजले नै खाएका हुँदा हामीहरू माथि साह्रै अन्याय परी न्यायका लागि अदालतको शरणमा आएका छौं । विपक्षीहरू र हामीबीच फिराद दर्ता भएको अघिल्लो दिनलाई मानो छुट्टिएको दिन मिति कायम गरी विपक्षीहरूका नाममा, निजका श्रीमतीहरूको नाममा र अन्य अंशियारका नाममा तराई, पहाड (डडेल्धुरा, कैलाली, कञ्चनपुर, डोटी) मा रहेको सम्पूर्ण सम्पत्तिको अंशबण्डाका २०, २१, २२, २३, २४ नं. बमोजिम तायदाती फाँटबारी मागी ५ भागको तीन भाग हामी फिरादीहरूलाई अंश दिलाई पाऊँ भन्ने समेत व्यहोराको धानादेवी रावल समेतका जना ३ को संयुक्त फिरादपत्र ।

बाबु भजनसिंह रावलले डडेल्धुरा अ.न.पा. ४ तल्लो खलंगा बस्ने नैनसिंह रावल र बेसरी रावलको कान्छी छोरी बाबुको आफ्नै सालीसँग विवाह गरी सासू ससुरा जेठी श्रीमती राजकुमारी कान्छी श्रीमती मेरी आमा समेत सँगै बस्दै आएका हुन्, बाबुको जेठी श्रीमतीबाट छोराहरू स्व. प्रेमबहादुर र यसै मुद्दाका प्र. धनबहादुर रावलको जायजन्म भएको तथा दोस्रो श्रीमती मेरी आमापट्टिबाट म एक मात्र छोरा सुरत रावलको जायजन्म भएको हो । बाजे नैनसिंह रावल र बज्यै बेसरी रावलको एक मात्र छोराको मृत्यु पश्चात् आफ्नो चल अचल सम्पत्ति बाबु भजन सिंह र जेठी आमा राज कुमारीका नाउँमा शेषपछिको बकस पत्र गरी दिएको अवस्था हो । मेरी आमाको म जन्मेको ११ औं दिनमा २०१८ सालमा र जेठी आमा राज कुमारीको २०१९ सालमा मृत्यु भएपछि हामीलाई बज्यै बेसरीले लालन पालन गरिरहेको अवस्थामा २०२५ सालमा कारागार शाखा डडेल्धुरामा रहेकी धनादेवी हाल धानादेवी यस मुद्दाकी वादीसँग बाबुले तेस्रो विवाह गरेको अवस्था हो । बाबु र कान्छी आमा धना भन्ने धाना देवीले हाम्रो र वृद्ध अवस्थाकी बज्यै बेसरी समेतको हेरचाह नगरी कुटपिट गरी बाबुले अब उप्रान्त म तपाई छोराहरू र सासू बेसरी सँग बस्दैन अलग्गै बस्छु भनी २०३३ सालको नापीमा कि.नं. २५५ कायम भएको जग्गा अंश बापत रोजी म र दाजुलाई बज्यै बेसरीबाट बकस पत्र पाएको जग्गा हिस्सा भाग छोडी सरी गएका हुन् । पछि हाम्रो बण्डामा परेको मावली बाजे बज्यैले बकसपत्र गरी दिएको बाबुको नाउँमा रहेको जग्गा २०३० सालमा बाबुको इच्छा मञ्जुरीले जीवित बज्यै बेसरीले दाजु धनबहादुर रावलका नाउँमा शेषपछिको बकस पत्र गरी दिएकी र सोही जग्गा हामी दाजुभाइ धनबहादुर र सुरतबीचको सहमतिले केही जग्गा दाजु धनबहादुर र केही म सुरतका नाउँमा अलग-अलग र केही सगोल राखी ज.ध.द.प्र.पुर्जा लिई छुट्टीभिन्न भई आ-आफ्नो खति उपति गरी बसेको अवस्था हो । दाजु धनबहादुरले स्वआर्जनबाट तराईमा जग्गा जोडेका हुन् । यसरी २०२८ सालमा बाबु र कान्छी आमासँग अंशबण्डा गरी छुट्टीभिन्न बसेको र २०३३ सालको सर्भे नापीमा दाजु धनबहादुर रावलका नाउँको बकस पत्रले मेरा नाममा समेत जग्गा राखी अंशबण्डा गरी

बसेको अवस्थामा हाल अंशबण्डा गरेका छैनौ सगोलमै छौं भनी गरेको फिराद झुट्टा र बनावटी हो । विपक्षी आमाले २०२८ सालमै अंश लिई बसेको र अंश माग गर्दा भिन्न भएका सौतापट्टिका छोराहरूबाट नमागी आफ्ना लोग्ने वा छोराबाट अंश माग गर्नुपर्ने हो । साथै पैतृक सम्पत्तिमा अंश माग दाबी गर्दा सगोलका बाबुका वंशजभित्रका अंशियारहरूबीच बण्डा गरिने हुँदा विपक्षीमध्येका लोकेन्द्र र डम्बर बाबुको वंशजभित्रका हुन् होइनन् भनी यकिन गर्न म सुरतबहादुरसँग निजहरूको डी.एन.ए. परीक्षण गराई विपक्षीहरूको झुटा फिराद दाबीबाट फुर्सद दिलाई पाऊँ भन्ने समेत व्यहोराको प्र. सुरत, निरज र निरञ्जनको सयुक्त प्रतिउत्तर पत्र र फिरादीमध्येकी धाना देवी २०२८ सालमै हामीहरूसँग भागबण्डा लिई छुट्टीभिन्न भएकीले हामीसँग अंश माग्ने र पाउने होइनन् । छुट्टीभिन्न भैसकेपछि जन्मेका सगोलमा नरहेका के कहाँ कहिले जन्मे थाहा पत्तो नभएका लोकेन्द्रबहादुर र डम्बरबहादुरले आफ्नो बाबु आमासँग अंश भाग माग्नुपर्ने र बाबुको पैतृक सम्पत्तिमा निजको अंश भाग लाग्ने हुँदा हामी छुट्टीभिन्न भएका दाजुभाइसँग अंश लाग्ने, माग्ने र पाउने अवस्था होइन । विपक्षी धाना र हाम्राबीचमा २०२८ सालमा, भाइ सुरत र म धनबहादुरबीच २०३४ सालमा, भाइ सुरतका छोरा र मेरो छोराहरूबीच समेत २०६४ सालमा अंशबण्डा भैसकेको अवस्थामा समयमा कुनै उजुर बाजुर नगरी चित्त बुझाई बसेकोमा हाल मुद्दा गरेको अवस्था भएकाले अंशबण्डाका ३२ नं. भित्र नालिस नगरेको अवस्थामा फिराद दाबी खारेज गरी पाऊँ । बाबु बाजेको पुर्ख्यौली पैतृक सम्पत्तिमा दाबी गर्ने अवस्थामा अंशियार एकै बाबुका हो होइनन् सो समेत सत्य तथ्य पत्ता लगाई अंशियार ठहर गरी पैतृक सम्पत्तिमा अंश लाग्ने हुँदा र सोका लागि डी.एन.ए. परीक्षण गर्ने गराउने भइरहेको हुँदा डी.एन.ए. परीक्षण समेत गराई पाऊँ । म धनबहादुर रावलका नाउँमा मावली बज्यैबाट बकस पत्र प्राप्त जग्गाका अलावा मैले स्वआर्जनबाट खरिद गरेको कि.नं. २०८ को नर बहादुर विष्टका नाउँबाट खरिद गरी पछि २०३३ सालको नापी हुँदा बकसपत्रको र मैले राजीनामा खरिद गरी लिएको जग्गा मिसाई दुई भाइहरू धनबहादुर र सुरतबहादुरका नाउमा अलग-अलग ज.ध.द.प्र. पुर्जा र केही सगोल राखेकोले विपक्षीहरूको अंश दाबी पुग्न सक्ने होइन फिराद खारेज गरी फुर्सद दिलाई पाऊँ भन्ने समेत व्यहोराको प्र. राजीव रावल, शरद रावल, सन्तोष रावलको वारेस भई आफ्ना हकमा समेत धनबहादुर रावलको संयुक्त प्रतिउत्तर पत्र ।

वादी प्रतिवादीको अंशियार म पनि हुँ, यी वादी प्रतिवादी र म बाहेक वादी प्रतिवादीका अन्य अंशियार छैनन् । मेरा नाउँको जग्गा डाक्टर महेन्द्र विष्टबाट बकस-पत्रद्वारा पाएकी हुँ, ससुरा भजनसिंह रावलका ३ वटा श्रीमती भएकामा ससुरा भजन सिंह र २ वटा सासूको मृत्यु भैसकेको र जीवित सासू धानादेवी रावल वादी प्रतिवादीका मूल अंशियार हुन भन्ने समेत व्यहोराको मु.ऐन, अ.वं. १३९ नं. बमोजिम बुझिएकी मायादेवी रावलले र उल्लिखित वादी प्रतिवादीहरूको अंशियार म पनि हुँ, सगोलका अन्य अंशियारहरूको अंश लाग्ने सम्पत्ति मेरो नाममा छैन, मेरो नाममा दर्ता रहेको जग्गा मेरो स्वआर्जनको हो भन्ने समेत व्यहोराको मु. ऐन, अ.वं. १३९ नं. बमोजिम नै बुझिएकी दमयन्ती रावलले गरी दिएको बयान ।

आदेशानुसारका वादी प्रतिवादीहरूबाट पेस भएका तथा यस अदालतका आदेशानुसार बुझिएका कागज प्रमाणहरू मिसिल सामेल रहेका ।

वादी प्रतिवादीहरूले आ-आफ्ना प्रमाण खण्डमा दिएका साक्षीहरू उपस्थित गराई बकपत्र गराउन नसकेको ।

आदेशानुसार वादी प्रतिवादीहरूबाट अंशको तायदाती फाँटवारी पेस भई सो तायदाती फाँटवारी र सो फाँटवारी परस्परमा सुनी गरी दिएका कागज समेत मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको हेर्दाहेर्दैको दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा बुझिएसम्मका प्रमाणबाट छिनी किनारा गरिदिए हुने भै वादीहरूका तर्फबाट उपस्थित विद्वान् अभिवक्ता श्री लालबहादुर जाग्रीले वादी प्रतिवादीहरू सगोलमै रहेकाले फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी वादीहरूलाई ५ भागको ३ भाग अंश दिलाई पाउँ, वादी प्रतिवादीहरू सगोलमै रहेको तथ्यलाई प्रतिवादी धनबहादुर रावल वादी भई चलेको घर बहाल भराई पाऊँ भन्ने यसै लगाउको मुद्दामा मिति २०६४ सालभन्दा अगाडिको घर भाडा दाबी गर्न निजले नसकेबाट समेत प्रतिवादीहरूको मिति २०२८ सालमा छुट्टीभिन्न भएका हौं भन्ने जिकिर खण्डित भएको अवस्था छ, साथै मिति २०२८ सालमा छुट्टीभिन्न भएको प्रमाण वादीहरूले पेस गर्न सकेका छैनन् । स्वर्गीय भजनसिंह रावलको सम्पत्ति निजका नजिकका हकवाला ज-जसका नाउँमा रहे तापनि यी वादी प्रतिवादीहरूको समेत अंश लाग्ने भएकाले फिराद दाबी अनुसार मेरो पक्ष वादीलाई ५ खण्डको ३ खण्ड अंश दिलाई पाऊँ भनी, प्रतिवादी सुरतबहादुर रावलका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नरेन्द्र रोकायाले वादी प्रतिवादीहरूबीच नाता पुस्ता र अंशियार हुन् भन्ने तथ्यमा विवाद नरहे तापनि वादीका छोराले प्रतिवादीका छोराबाट अंशको दाबी गर्नु, पैतृक सम्पत्ति के कति हो ? भन्ने खुलाउन नसक्नु तथा वादी धाना देवीले मिति २०२५ सालमा भजन सिंहसँग विवाह गरी मिति २०२८ सालमा सौतापट्टिका छोराहरू धनबहादुर र सुरतबहादुर रावलसँग छुट्टीभिन्न भई अलग बसिसकेको अवस्थामा मेरो पक्ष प्रतिवादीले मावलीपट्टिका बज्यैबाट बकसपत्र गरी पाएको सम्पत्तिमा यी वादीहरूको हक पुग्ने होइन दाबी खारेज गरी पाऊँ भनी तथा प्रतिवादी धनबहादुर रावलका तर्फबाट उपस्थित रहनुभएका विद्वान् अधिवक्ता श्री गणेशराज भट्टले डोटी घण्टेश्वरमा रहेको घर जग्गा बाहेक अन्य सम्पत्ति यी वादी प्रतिवादीबीच अंशबण्डा भइसके पश्चात् केही बकस-पत्रबाट र केही नोकरी समेतको आम्दानीबाट आर्जन गरेको निजी सम्पत्ति हो । तसर्थ, सोमा वादीहरूले दाबी गरे अनुसार अंश भाग पाउने होइनन् भनी गर्नुभएको बहस समेत सुनी मिसिल अध्ययन गरी हेर्दा निम्न विषयहरूमा इन्साफ दिनुपर्ने देखिन आयो ।

१. वादीहरू सगोलका अंशियार हुन होइनन् ? र निजहरूका बीच अंशवण्डा भै मिति २०२८ सालमा नै घरसारमा मानो छुट्टिई भिन्न भई बसेका हुन् होइनन् ?
२. वादी प्रतिवादीले तायदातीमा पेस गरेको सम्पत्तिमध्ये के कुन सम्पत्ति बण्डा गर्नु नपर्ने निजी आर्जन र के कुन सम्पत्ति बण्डाबाट वादीले के कति अंश भाग पाउनुपर्ने हो ? भन्ने विषयमा नै इन्साफ गर्नुपर्ने देखिन आयो ।

यसमा पहिलो प्रश्नमा इन्साफतर्फ विचार गर्दा, हाम्रो समेत हक अंश लाग्ने हाम्रा पिता/पतिले मेहनत परिश्रमले आर्जन गरेको र सोबाट बढे बढाएको तराई पहाडको जग्गा जमिन ५ खण्डको ३ खण्ड हामी वादीहरूलाई दिलाई पाऊँ भन्ने समेत वादीको फिराद दाबी रहेकोमा, वादी दाबी झुटा हो वादीहरू मिति २०२८ सालमै अंश लिई छुट्टीभिन्न बसेका हुन्, डडेल्धुरा खलंगाको जग्गा हामीले मावलीपट्टिका बाज्ये बज्यैबाट बकस-पत्र पाएका हौं । सो सम्पत्तिमा वादीको अंश भाग लाग्ने होइन भन्ने समेत प्रतिवादी सुरतबहादुर रावल समेतको प्रतिउत्तर जिकिर, वादी दावी झुटा हो जि. डडेल्धुरा खलंगा गा.वि.स. अन्तर्गतको जग्गा मैले मावलीपट्टिकी बज्यैबाट बकसपत्र पाएको हुँ, त्यस्तै जि. कैलालीको धनगढीको घरघडेरी मैले नोकरीबाट आर्जन गरेको तथा निजी ज्ञान सीपबाट आर्जन गरेको स्वआर्जनको सम्पत्ति हो । वादीहरूको ती दुवै सम्पत्तिमा अंश लाग्ने होइन भन्ने समेत प्रतिवादी धनबहादुर रावल समेतको छुट्टाछुट्टै प्रतिउत्तर जिकिर रहेको देखिन्छ । वादी धानादेवी रावल, लोकेन्द्रबहादुर रावल, डम्बरबहादुर रावल र प्रतिवादी धनबहादुर रावल तथा प्रतिवादी सुरतबहादुर रावलबीच नाता पुस्ता र अंशियार रहेकोमा कुनै विवाद देखिँदैन । अंश दिनु नपर्ने भनी वादीहरूको

पति/पिता स्व. भजनसिंह रावल र प्रतिवादीहरूबीच मिति २०२८ सालमै घरसारमा अंशबण्डा भई वादीका पति/पिताका भागमा जि. डडेल्धुरा बसपार्क नजिकको कि.नं. २५५ को जग्गा अंशभाग परेको र सोही मितिदेखि बज्यै बेसरी रावलबाट पाएको शेषपछिको बकस-पत्रको जग्गा र अन्य स्वआर्जनको जग्गा हामीले उपभोग गरी नापीमा केही जग्गा दुई दाजुभाइका नाउँमा छुट्टाछुट्टै र केही सगोलमा दर्ता गरी अलग-अलग बसेका हौं भन्ने प्रतिवादीको जिकिर रहेकोमा मिति २०२८ सालमा घरसारमा अंशबण्डा भएको हो भन्नेसम्म प्रतिवादीहरूको जिकिर रहेको, यसै अदालतमा पहिला अंश मुद्दा परेको भनी प्रतिवादी धनबहादुर रावल समेतले प्रतिउत्तरमा लेखे तापनि सो अंश मुद्दा परेको नदेखिएको भन्ने अभिलेख फाँटको प्रतिवेदनबाट देखिएको, मिति २०२८ सालमा बण्डा भएको भन्ने प्रतिवादीहरूको जिकिर सम्बन्धमा हेर्दा, कुनै पनि आधिकारिक लिखत प्रमाण प्रतिवादीहरूबाट पेस हुन आएको नदेखिएको, आ-आफ्ना अंश भागको जग्गा ०३३/३४ सालको नापीमा दर्ता गराई खति उपति कमाइ आ-आफ्नै गरी आएको भन्ने प्रतिवादीहरूको जिकिर रहे तापनि, पुर्ख्यौली सम्पत्ति यी वादीहरूको भागमा बाँडफाँड भएको नदेखिएको, कि.नं. २५५ को जग्गासम्म पनि स्व. भजनसिंह रावलका नाउँमा कित्ता काटसम्म भई नाप नक्सासम्म भएको फिल्ड बुकबाट देखिए तापनि निज स्व. भजनसिंह रावलका नाउँमा दर्ता श्रेस्ता कायम भएको नदेखिएकोले नापीमा अंशियारमध्येका व्यक्तिहरूका नाउँमा छुट्टाछुट्टै नापी दर्ता हुँदैमा त्यसैलाई मात्र बण्डा छुट्टिएको मान्न सकिने हुँदैन । यसबारे सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त एवं नजिरले पनि नापी दर्तालाई मात्र अंशबण्डाको आधार मान्न नमिल्ने भन्ने स्पष्ट नै देखिन्छ। त्यस्तै मानो छुट्टिई अलग बसेको भन्ने सम्बन्धमा पनि मु.ऐन, अंशबण्डाको १८ नं. र ३० नं. को कानुनी प्रावधान बमोजिम मानो छुट्टिएको देखिने कुनै लिखत प्रमाण वा अवस्था समेत प्रतिवादीबाट पेस दाखिल भएको देखिँदैन । मानो छुट्टिएको मिति सम्बन्धमा वादी प्रतिवादीको मुख मिल्न आएको नदेखिएमा र प्रमाणबाट मानो छुट्टिएको तथ्य पुष्टि हुन नसकेको अवस्थामा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम हुने भन्ने सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम समेत प्रस्तुत मुद्दामा फिराद परेको अघिल्लो दिन मानो छुट्टिएको मिति कायम हुन्छ । वादी का पति/पिता भजनसिंह रावलले मिति २०२८ सालमा अंश भाग लिएको भनिएको जग्गा छ त्यो वादीका पति/पिता स्व. भजनसिंह रावल स्वयंले नापीमा आफैं उपस्थित भई आफ्नो अंश भागमा परेको भनी नाप नक्सा गराएको मिसिल संलग्न फिल्डबुक उतारबाट देखिन नआउनुका साथै उक्त जग्गा पुर्ख्यौली सम्पत्ति हो भन्ने पनि खुल्न सकेको पनि नदेखिएको र वादी प्रतिवादीका नाउँको पुर्ख्यौली सम्पत्ति भनिएको डोटी घण्टेश्वरको कि.नं. २२, १८१, १९५, २१२, २९७, २९९, ३०१, ३२९, ३६१, ६३४, ६९९, ७७१ का जग्गा समेत यिनै प्रतिवादीहरूकै नाउँमा साझा दर्ता कायम रही रहेको देखिएको र सो बाहेक अन्य कुनै चल अचल सम्पत्ति वादीको भागमा परेको वा बण्डा भएको भन्ने कुनै पनि प्रमाण प्रतिवादीबाट पेस दाखेल हुन सकेको नदेखिएको र लगाउको आजै पेस भइरहेको घर बहाल भराई पाऊँ भन्ने मुद्दा र प्रमाणको रूपमा आएको कुटपिट मुद्दाको मिसिलबाट समेत यी वादी प्रतिवादीहरू २०२८ सालपछि पनि साविक खलंगास्थित एकै घरमा एकासगोलमा बसिरहेको देखिन आएकोले यी वादीहरूले फिराद दाबी बमोजिम फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम भई दाबी बमोजिम अंश पाउने नै देखिन आयो ।

अब वादी प्रतिवादीहरू दुवै पक्षबाट पेस भएको तायदाती फाँटबारीबाट के कुन सम्पत्ति बण्डा गर्नु नपर्ने निजी आर्जनका हुन् र के कुन सम्पत्तिबाट के कति अंश वादीहरूले पाउनुपर्ने हो भन्ने दोस्रो प्रश्नमा विचार गर्दा, अंश पाउने वादीहरूबाट आफ्ना नाउँमा कुनै चल अचल सम्पत्ति नभएको भनी तायदाती फाँटवारी पेस भइरहेकोमा प्रतिवादीले त्यसलाई अन्यथा प्रमाणित गर्न सकेको देखिँदैन । प्रतिवादीमध्येका सुरतबहादुर रावलले आफू र आफ्ना छोराहरूको नाउँमा दर्ता रहेका भनी पेस गरेका तायदाती फाँटवारीका जग्गा बण्डा हुनुपर्ने यति नै हो सो बाहेक हामीसँग बण्डा गर्नुपर्ने कुनै सम्पत्ति बाँकी छैन भनी, प्रतिवादी धनबहादुर रावल समेतको

नाउँमा संयुक्त दर्ता रहेका पुर्ख्यौली जग्गा समेतका जग्गाको विवरण खुलाई पेस गरेको देखिएबाट उक्त जग्गा सम्पत्तिबाट यी वादीहरूले दाबी बमोजिमको अंश पाउने नै देखिन आयो । साथै प्रतिवादी सुरतबहादुर रावलले बज्यैबाट दाजु धनबहादुर रावलले प्राप्त गरेको बकस बमोजिमको जग्गा समेत मिति २०३३/३४ को नापीमा दाजुको नाउँमा नापी दर्ता कायम भएको घरजग्गाहरू दाजु धनबहादुरसँग साझा राखेकोमा मिति २०६४ सालमा छुट्याएको हो भन्नेसम्म जिकिर लिएको र उक्त जग्गा बण्डा लाग्दैन भन्ने जिकिरसम्म पनि प्रतिउत्तरमा लिन सकेको देखिँदैन । त्यस्तै कि.नं. २५१ र २५८ को जग्गा सञ्चयकोष रकम झिकी श्रीमती मायादेवी रावलका नाउँमा पास गरेको भनी प्रतिउत्तर जिकिर लिएकोसम्म देखियो । उक्त जग्गाको तायदाती निजबाट पेस हुन सकेको देखिँदैन । प्रस्तुत मुद्दामा अंशियार निज सुरतबहादुरकै एकासगोलकी श्रीमती माया देवीलाई अ.वं. १३९ नं. बमोजिम बुझी प्रतिवादी कायम भएकी मायादेवी रावलले बयानको क्रममा उल्लिखित कि.नं. २५१ र २५८ को जग्गा महेन्द्रबहादुर विष्टबाट मिति २०६५/१०/१९ मा हालैको बकस-पत्रबाट आएको जग्गा हो, मेरो निजी आर्जन हो भनी उल्लेख गरी सोको प्रमाण ज.ध.द.प्र.पुर्जा र हालैको बकस-पत्रको लिखतको प्रतिलिपि पेस गरेको देखिन्छ । निज माया देवीले निजी आर्जन भनेको हालैको बकस-पत्रको जग्गालाई वादीले कुनै दाबी जिकिर लिएको पनि नदेखिएको र मु.ऐन, अंशबण्डाको महलको संशोधित १८ नं. ले दान बकस पाएको जग्गा बण्डा गर्नु नपर्ने कानुनी प्रावधान रहेको देखिँदा सो जग्गासम्म निज प्र. माया देवीको निजी आर्जन ठहरी सोबाट वादीले अंश पाउने देखिन आएन । सो बाहेक निज प्रतिवादी सुरतबहादुरका छोराहरूको नाउँको जग्गा निजहरूले सगोलकै सम्पत्तिबाट अंशबण्डा गरी लिए दिएको देखिन आएको र निजी आर्जन भन्ने निजहरूको कुनै दाबी जिकिर पनि रहेको नदेखिँदा निजहरू निरज रावल र निरञ्जन रावलका नाउँमा कायम रहेको सम्पत्तिलाई प्रमाण ऐन, २०३१ दफा ६ (क) बमोजिम सगोलकै सम्पत्ति मान्नुपर्ने हुँदा सोबाट समेत वादीले दाबी बमोजिम ५ भागको ३ भाग अंश छुट्याई लिन पाउने देखिन्छ ।

अब प्रतिवादी धनबहादुर रावलबाट पेस हुन आएको तायदाती फाँटवारीमा उल्लिखित डडेल्धुरा खलंगाका कि.नं. १९० र सो मा बनेको घर, कि.नं. १९५, २६३, २५६ का जग्गा मिति २००४/२/१९ मा मावली बज्यैबाट शेषपछिको बकस-पत्र र बाबु भजन सिंहको मञ्जुरीनामाबाट मिति २०३०/२/१९ मा दा.खा. नामसारी भई मेरा नाउँमा आएको बण्डा हुनुपर्ने होइन भनी लिएको प्रतिउत्तर जिकिर र निजतर्फका विद्वान् कानुन व्यवसायीको बहस जिकिर सम्बन्धमा विचार गर्दा, उक्त जग्गा बज्यैबाट यी प्रतिवादीले सोझै बकस-पत्र पाएको प्रमाण पनि पेस गर्न सकेको नदेखिएको, बाबुको मञ्जुरीबाट आफ्ना नाउँमा दा.खा. नामसारीसम्म गराई लिएको देखिएको र मु.ऐन, अंशबण्डाको १८ नं. मा मिति २०३४/९/२७ मा भएको सातौं संशोधन अघिसम्मको तत्कालीन अंशबण्डाको १८ नं. ले एकासगोलको अंशियारले जुनसुकै व्यहोराबाट प्राप्त गरेको सम्पत्ति पनि बण्डा लाग्ने कानुनी व्यवस्था रहेकाले उक्त जग्गाहरू बकस-पत्रबाटै पाएको भए पनि अंशियारबीच बण्डा लाग्ने प्रकृतिको सम्पत्ति हुँदा बण्डा नलाग्ने भन्ने प्रतिवादीको जिकिर र निजतर्फका विद्वान् कानुन व्यवसायीको बहससँग यो इजलास सहमत हुन सकेन । सोही कानुनी व्यवस्था सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६७, नि.नं. ८२९३ पृष्ठ ४८ (अङ्क १, भाग ५२) मा प्रतिपादित सिद्धान्त समेतका आधारमा उक्त घर जग्गाबाट समेत वादीले दाबी बमोजिम अंश पाउने देखिन्छ । जहाँसम्म सोही जग्गामध्येको कि.नं. १९० मा बनेको पक्की घर मेहनत बन्द व्यापार तथा पारिश्रमिक र क.सं. कोषबाट सापटी लिई निर्माण गरेको भन्ने जिकिर छ । त्यसतर्फ यी प्रतिवादीले यो यस मितिमा यो यति सापटी रकम निकाली यो यस्तो बन्द व्यापारबाट यति आर्जन गरी घर निर्माण गरेको हुँ भनी आधार प्रमाण पेस गर्नुपर्नेमा सो गर्न यी प्रतिवादीले सकेको नदेखिएको र प्रतिवादी सुरतबहादुरले प्रतिउत्तरमा सो घरजग्गा बाबुको नाममा रहेको भनी जिकिर लिएको र वादीहरूले समेत आफ्नो

समेत लगानी रहेको भनी दाबी लिएको देखिँदा सो घर वादी प्रतिवादीहरूको सगोलकै सम्पत्तिबाट बढे बढाएको देखिन आएको हुँदा सो घर समेतमा वादीहरूको अंश भाग कायम हुने देखिन्छ ।

सो बाहेक प्रतिवादीले पुर्ख्यौली सम्पत्ति बण्डा गर्न बाँकी भनी उल्लेख गरेको डोटी घण्टेश्वर गा.वि.स. वार्ड नं. ७, छहराको कि.नं. २२, १८१, १९५, २१२, २९७, ३०१, २९९, ३२९, ३६१, ६३४, ६९९ र ७७१ का जग्गा बण्डा हुनुपर्ने तथ्य यी प्रतिवादी धनबहादुर र सुरतबहादुर रावलले स्वीकारै गरी प्रतिउत्तर तथा तायदाती फाँटवारी पेस गरेको देखिँदा उल्लिखित जग्गाबाट समेत वादी दाबी बमोजिम अंश पाउने देखिन्छ ।

यस अतिरिक्त निज प्रतिवादी धनबहादुर रावलले सरकारी सेवा, व्यवसाय, मेहनत तथा कर्मचारी सञ्चयकोष घर सापटी समेतबाट खरिद गरी श्रीमती दमयन्ती रावलका नाउँमा दर्ता भएको कैलाली ध.न.पा. वडा नं. १क को कि.नं. ५८ र ४ख को कि.नं. ६८ को जग्गा र घर बण्डा नलाग्ने निजी स्वआर्जन भनी तायदाती पेस गरेको र सोही घरजग्गामध्ये १ कट्ठामात्र घरेडी जग्गा आफ्नो नाउँमा परिवारबाट अलग्गै बसी स्वआर्जनबाट जोडेको अरूको अंश नलाग्ने भनी निज दमयन्ती रावलले बयान गरेको समेत देखिएको छ । कि.नं. ५८ मिति २०५०/१/१० मा र कि.नं. ६८ मिति २०३९ सालमा राजीनामाबाट खरिद गरेको सम्म देखिएको छ । सोमा बनेको घर आफ्नै स्वआर्जन, सञ्चयकोष सापटी समेतबाट निर्माण गरेको भन्ने प्रतिवादी धनबहादुर रावलको जिकिर र निजको कानुनी व्यवसायीको बहस जिकिर समेत रहेको देखिन्छ । सोको प्रमाणको रूपमा निजले निजामती सेवामा लामो समय अवधिसम्म नोकरी गरेको, सञ्चयकोष घर सापटीका लागि कारबाही उठाएको प्रमाण कागज पेस गरेको देखिएको र सो घर जग्गा समेत बण्डा हुनुपर्ने हो, सगोलको सम्पत्तिबाट बढे बढाएको भन्ने ठोस प्रमाण वादी पक्षबाट पेस दाखेल हुन सकेको र तायदाती फाँटवारी सुनाउँदा सोको खण्डन जिकिर समेत वादीले लिन सकेको नदेखिएको र उक्त दुवै कित्ता जग्गा मु. ऐन, अंशबण्डाको महलको १८ नं. मा भएको सातौं संशोधनपछि खरिद गरी घर निर्माण गरेको प्रमाणबाट देखिन आएकोले उक्त जग्गा र घरसम्म निज प्रतिवादी धनबहादुर र दमयन्ती रावलको निजी स्वआर्जन ठहरी सोबाट वादीले अंश पाउने देखिएन । सो बाहेक यी प्रतिवादी धनबहादुर रावलले आफ्ना छोराहरूका नाउँमा दर्ता कायम रहेको भनी मिति २०६८/१२/१३ मा छुट भनी पेस गरेको तायदाती बमोजिमको जग्गा यिनै प्रतिवादीका छोराहरूले अंशबण्डा गरी प्राप्त गरेको र सोही जग्गाहरू छिपाएको भनी वादीबाट मिति २०६८/१२/१९ गतेमा दिएको निवेदनमा उल्लिखित जग्गाहरू यी शरद, सन्तोष र राजीव रावलबीच परस्परमा मिति २०६५/४/२३ मा राजीनामा र मिति २०६८/८/२० गतेमा अंशबण्डा गरी लिएको देखिई अंशियारभित्रकै सदस्यका नाउँमा जग्गा रहेको र प्रमाण ऐन, २०३१ को दफा ६(क) ले एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने कानुनी व्यवस्था गरेको देखिँदा प्रस्तुत मुद्दामा एकासगोल परिवारका सदस्य अंशियारका नाउँमा जग्गा गए पनि छोराहरू शरद, सन्तोष र राजीव समेतलाई प्रतिवादी कायम गरी फिराद दायर भइरहेको समेत देखिएबाट निजहरूका नाउँको जग्गाबाट समेत वादीहरूले दाबी बमोजिम अंश पाउने होइन, सो जग्गा यी प्रतिवादी शरद, सन्तोष र राजीव जना ३ को निजी आर्जनको हो भन्ने प्रतिवादी धनबहादुर रावल समेतले जिकिर दाबी समेत लिन सकेको तायदाती फाँटवारीबाट देखिन नआएकोले सो जग्गाबाट समेत वादीहरूले दाबी बमोजिम अंश पाउने देखिन्छ । जहाँसम्म प्रतिवादी धनबहादुर रावलले निजी आर्जन भनी प्रतिउत्तरमा जिकिर लिई दाबी लिएको मिति २०३०/७/३ गतेमा नरबहादुर विष्टबाट र.पा. गरी लिएको खलंगाको साविक कि.नं. २०८ को जग्गा सम्बन्धमा हेर्दा, निजले सो जग्गाको तायदाती दिएको पनि नदेखिएको र वादीबाट समेत सोबारे कुनै जिकिर दाबी लिन सकेको पनि नदेखिँदा त्यसतर्फ केही बोली रहनु परेन ।

तसर्थ यी वादी प्रतिवादीहरू कुल ५ अंशियार भएको, नाता पुस्तामा कुनै विवाद रहेको नदेखिएको, मिति २०२८ सालमै अंशबण्डा भई छुट्टिएको भन्ने कुनै ठोस लिखत प्रमाण प्रतिवादीबाट पेस दाखेल हुन नसकेको, लगाउको घरबाट उठाई बहाल भराई पाऊँ भन्ने मुद्दाबाट समेत यी वादी प्रतिवादी एकासगोलकै घरमा बसिरहेको देखिएको, पहिल्यै मानो छुट्टिएको भन्ने सम्बन्धमा सोको प्रमाण समेत प्रतिवादीहरूबाट पेस हुन सकेको नदेखिइरहेको समेतका माथि उल्लिखित आधार प्रमाणबाट फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी यी वादीहरूले तायदातीमा उल्लिखित घर जग्गामध्ये प्रतिवादी मायादेवी रावलले बकसबाट पाएको कि.नं. २५१ र २५८ को जग्गा तथा प्रतिवादी दमयन्ती रावल र प्रतिवादी धनबहादुर रावलले लामो समय सरकारी सेवा, बन्द व्यापार गरी सञ्चय कोषबाट घर सापटी समेत लिई खरिद गरी घर निर्माण गरेको समेतका जिल्ला कैलाली ध.न.पा. वडा नं. ४ख को कि.नं. ६८ को क्षे.फ. ०-१-० को जग्गा र सोमा बनेको घर तथा ऐ. वडा नं. १ क को कि.नं. ५८ को ०-०-१४ $^{३}/_{४}$ को जग्गा मु.ऐन, अंशबण्डाको संशोधित १८ नं. बमोजिम निजी ठहरी सो बाहेकको वादी प्रतिवादीबाट पेस भएको तायदाती र प्रतिउत्तरमा उल्लेख भएको दर्ता बाँकी कि.नं. २५५ को जग्गाको हकमा दर्ता कायम भएपछि र अन्य तायदातीमा उल्लिखित श्रेस्तासँग भिडेको वादी प्रतिवादीका नाउँमा दर्ता कायम रहेको जग्गाबाट वादीले दाबी बमोजिम ५ भागको ३ भाग अंश पाउने ठहर्छ । प्रतिवादीले तायदातीमा उल्लेख गरेको ऋणको हकमा साहुको नालेस परेका बखत ठहरे बमोजिम हुने नै हुँदा त्यसतर्फ केही बोली रहनु परेन । सो ठहरेकाले तपसिलका कुरामा तपसिलै बमोजिम गर्ने गरी मु.ऐन, अ.वं. १८६ नं. बमोजिम आज अड्डैबाट यो फैसला गरिदियाँ ।

## तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरूको स्वआर्जनको बण्डा नलाग्ने ठहरेको तायदाती फाँटवारीमा उल्लिखित जग्गा बाहेक देहायको श्री सम्पत्तिवाट प्रस्तुत मुद्दा अन्तिम भएपछि ५ खण्डको ३ खण्ड अंश छुट्याई पाऊँ भनी ऐनका म्यादभित्र वादीको निवेदन परे लाग्ने अढाई दस्तुर लिई नियमानुसार वादीहरूलाई बण्डा छुट्याइदिनू...............................................................................................................१

## तपसिल

**प्रतिवादी सुरतबहादुर रावल नाउँमा दर्ता कायम रहेको**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| डडेल्धुरा | साविक खलंगा | १ख | १९१ | ०-२-३-० |
| " " | " " | २ | २१ | ०-७-२-३ |
| " " | " " | २ | २६४ | ०-६-२-१ |
| " " | " " | २ | २५ | १-१-०-० |
| " " | " " | १ ख | २५२ | ०-०-२-२ |
| " " | " " | १ ख | २५४ | ०-०-२-२ |
| " " | " " | १ ख | २४६ | ०-०-३-१ |
| " " | " " | १ ख | २४९ | ०-०-२-३ |
| " " | " " | १ ख | २७१ | ०-११-१-२ |

निरञ्जन रावलका नाउँमा दर्ता कायम रहेको

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| डडेल्धुरा | साविक खलंगा | १ख | २४२ | १-६-०-० |
| " " | " " | २ | २६३ | १-८-०-० |
| " " | " " | २ | २६५ | ०-४-०-० |
| " " | " " | १ख | २७३ | ०-९-३-२ |

निरज रावलका नाउँमा दर्ता कायम रहेको

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| डडेल्धुरा | साविक खलंगा | १ख | २४३ | १-५-३-२ |
| " " | " " | २ | २६५ | १-८-०-० |
| " " | " " | २ | २६६ | ०-४-०-० |
| " " | " " | १ख | २५३ | १-१-१-२ |

धनबहादुर रावलका नाउँमा दर्ता कायम रहेको

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| डडेल्धुरा | साविक खलंगा | १ख | १९० | ०-२-२-१ र ऐ.मा बनेको पक्कि घर |
| " " | " " | १अ | १९५ | ०-६-०-० |
| " " | " " | १ख | २६३ | ०-३-२-० |
| " " | " " | २ | २५६ | २-८-१-० |

सरद र सन्तोष रावलका नाउँमा संयुक्त दर्ता कायम रहेको

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| डडेल्धुरा | साविक खलंगा | १ख | १९२ | १-१४-१-२ |
| " " | " " | १ख | १९४ | ०-६-१-० |

राजीव रावलका नाउँमा दर्ता कायम रहेको

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| डडेल्धुरा | साविक खलंगा | १ख | १९८ | ०-२-३-२ |
| " " | " " | २ | २५५ | २-८-१-० |

धनबहादुर र सुरतबहादुर रावलका नाउमा संयुक्त दर्ता कायम रहेको

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| डोटी | घण्टेश्वर | ७ | २२ | ०-५-१-२ |
| " " | " " | ७ | १८१ | ०-४-२-३ |
| " " | " " | ७ | १९५ | ०-७-२-१ |
| " " | " " | ७ | २१२ | ०-९-३-० |
| " " | " " | ७ | २९७ | १-१-१-१ |
| " " | " " | ७ | २९९ | ०-२-३-१ |
| " " | " " | ७ | ३०१ | ०७-३-२ |
| " " | " " | ७ | ३२९ | १-१-३-३ |
| " " | " " | ७ | ३६१ | ०-४-१-२ |
| " " | " " | ७ | ६३४ | ३-१५-२-३ |
| " " | " " | ७ | ६९९ | ०-४-०-१ |
| " " | " " | ७ | ७७१ | ०-३-३-३ |

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादीले दाबी बमोजिम ५ खण्डको ३ खण्ड अंश पाउने ठहरेकाले वादीले फिराद दायर गर्दा राखेको कोर्ट फी १००।- र नपुग कोर्ट फी रु. ४६२६७०६ गरी जम्मा ४६३६७०६ मध्ये वादीको अंश भागको हुने कोर्ट फी रु. ३६१३।७५ मुद्दा अन्तिम भएपछि प्रतिवादीहरूबाट भराई पाऊँ भनी ऐनका म्यादभित्र वादीको निवेदन परे केही दस्तुर नलिई प्रतिवादीहरूबाट वादीलाई भराइदिनू..........................२

प्रस्तुत इन्साफमा चित्त नबुझे ऐनका म्याद ३५ दिनभित्र श्री पुनरावेदन अदालत महेन्द्रनगरमा पुनरावेदन गर्नू भनी वादीप्रतिवादीहरूलाई मु.ऐन, अ.बं. १९३ नं. बमोजिम पुनरावेदनको म्याद दिनू.............................३

प्रस्तुत फैसलाको नक्कल माग्न आउने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनू .......................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी अभिलेख दर्ता जनाई पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत महेन्द्रनगरमा पठाउने गरी सुरक्षितसाथ राख्न अभिलेख शाखामा पठाइदिनू .................................५

मा.न्या.ज्यू ले बोली टिपाए अनुसार टिप्ने
फाँटवाला ना.सु. श्री पुष्पराज जोशी

**(जगतनारायण प्रधान)**
**न्यायाधीश**

कम्प्युटर : श्री देवराज भट्ट

**ईति सवत् २०६९ साल आषाढ २५ गते रोज २ मा शुभम् .........**

**श्री अर्घाखाँची जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री माधवेन्द्रराज रेग्मी**
**फैसला**
**संवत् २०६८ सालको दु.दे.नं. ६४-०६८-००१२३**
**निर्णय नं.:- २४**

**मुद्दा :- जग्गा खिचोला ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
| --- | --- |
| जिल्ला अर्घाखाँची ठाडा गा.वि.स. वडा नं. ३ बस्ने भुवानन्द भट्टराईको छोरा वर्ष ६४ को नारायणप्रसाद भट्टराई.....................................................१ | जिल्ला अर्घाखाँची ठाडा गा.वि.स. वडा नं. ३ बस्ने गंगाधर बेल्वासेको छोरा वर्ष ५७ को मणिराम बेल्वासे........................................................१ |
| **साक्षी** | **साक्षी** |
| दधिराम बन्जाडे, कृष्णकुमार गहतराज, लक्ष्मण पन्थी, चिन्तामणि पौडेल, सुरथ बेल्वासे । | सीताराम वर्मा, मेघबहादुर बेल्वासे, चिरञ्जीवी बेल्वासे, जनकराज बेल्वासे, मोतीलाल बेल्वासे । |
| कागज | कागज<br>x |

**अदालतबाट बुझेको**
**साक्ष :– x**

**प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।**

मेरा दाता शालिकराम सुनारबाट मिति २०४४।११।१३ गतेका दिन घरायसी राजीनामा गरी लिएको ठाडा गा.वि.स. वडा नं. ३ को साविक ल.नं. २०३ नापीको कि.नं. ४९५ हाल कित्ता काट भई १७२३ कायम भएको जग्गाको पूर्व सुरथ आलेको घर बलेनी र सुरथकै घरको उत्तरतर्फको हक बाहेकको पछाड जग्गा, पश्चिम सोही बारीको डोरो र ऋणीकै बाँकी जग्गा, उत्तर मैते कामीको बारीको ढिक, दक्षिण मोटरबाटो यति चार किल्लाभित्रको दक्षिण मोटरबाटोतर्फ पूर्व पश्चिम लम्बाइ ३८ हात पछाडिपट्टिको पूर्व पश्चिम लम्बाइ ४० हाल उत्तर दक्षिण चौडाइ ४२ हाल भएको जग्गा खरिद गरी लिई सोही राजीनामालाई २०४४।१२।१७ मा अ.खाँ. मालपोत कार्यालयबाट रजिष्ट्रेशन पारित गरी लिई सुरथ आलेबाट २०४४।१२।२९ गते मैले सट्टा पट्टा लिखत पारित गरी लिएको पूर्व कुमार केशव सिंको घर जग्गा, पश्चिम उत्तर म फिरादीले यिनै शालिकराम सुनारसँग खरिद गरेको माथि उल्लिखित जग्गा, दक्षिण मोटरबाटो यति चार किल्लाभित्रको दक्षिण मोटरबाटोतर्फ नै मोहडा भएको पूर्व पश्चिम लम्बाइ १२ हात उत्तर दक्षिण चौडाइ २० हात भएको जग्गा खरिद गर्दा २ कित्ता देखिए पनि एकै चाक्ला मिलेको पूर्व पश्चिम लम्बाइ ५० हात पछाडिपट्टिबाट पूर्व पश्चिम ६० हात उत्तर दक्षिण ६२ हात मेरो जग्गा उक्त पारित लिखत २ कित्ताबाट कायम छ । यही जग्गा कित्ताभित्र कुमार केशव सिं को

घर पछाडि २४ हात लम्बाइ १० हात मोहडा भएको आरसीसी पक्की घर र अगाडि मोटरबाटोमा मोहडा १३ हात, पिछाड २८ हात भएको ढुङ्गाको छानोको घर बनाई बाँकी जग्गामा खाने पानी ट्याङ्की तरकारी तथा फलफूलका बिरुवा लगाई भोगी आएको छु। उक्त चार किल्लाको जग्गा समेत जोडिएको नापी कि.नं. ४९५ बाट कि.का. गरी कि.नं. १९६१ को क्षे.फ. ००२१५ व.मि. र कि.नं. १९६२ को क्षे.फ. ००२१५ व.मि.का जग्गा सबै चाक्ला मिलेको पूर्व पश्चिम लम्बाइ ३५ हात, उत्तर दक्षिण चौडाइ ६० हातको जम्मा क्षे.फ. ००४३० व.मि. को जग्गा मेरै दाता शालिकराम सुनारले जनकराज बेल्वासेलाई बिक्री गरी जनकराज बेल्वासेबाट विपक्षी मणिराम बेल्वासेले राजीनामा गरी लिई विपक्षकै हक भोगका एकै चाक्ला मिलेका जग्गा हुन्। कि.नं. १९६२ को जग्गा मेरै जग्गाको पश्चिमी साँधमा रहेको जग्गा कित्ता हो। विपक्ष मणिराम बेल्वासेले माथि उल्लिखित जग्गामा बनाएको घरको पूर्वतर्फ ४ हात जग्गा हुदै बीचमा ७ हात फैलिएको जग्गा विक्षले खरिद गर्न मसँग बारम्बार माग गरेका थिए, मैले उक्त जग्गा बिक्री गर्न आवश्यक छैन भनी दिएको थिइन। यस्तै अवस्थामा मिति २०६८।५।१९ गतेका दिन साँझ अ. ५ बजेतिर म घरमा नभएको मौका छोपी विपक्ष मणिराम बेल्वासेले मेरो उक्त जग्गामा मैले नै लगाएको पिँडालु उखेल्ने, केराका रूख काट्ने, ढाल्ने गरी साँध सिमाना समेत मिचेको कुरा साँझपख मैले थाहा पाई किन मेरो जग्गामा लगाएका पिँडालु उखेल्ने केराका रूख ढाल्ने गर्नुभयो भनी सोध्दा यो जग्गा मलाई खरिद गर्न देऊ मूल्य दिन्छु भन्दा पनि दिएनौ, यति जग्गा मलाई नभई नहुने भएकाले साँध सिमाना पूर्वतर्फ सारी मेरो जग्गाभित्र उक्त जग्गा पारेको छु। बढी विवाद नगर, के खोजेको छस् तेरो ज्यानै समेत मारे पनि म बच्न सक्छु भन्दै हातपात, कुटपिट समेत गरी मेरो हकभोगको जग्गाको पश्चिमतर्फको आँठो विपक्षको जग्गाबाट पूर्वतर्फ आँठो सिमाना सारी रु.२५,०००।- मूल्य पर्ने ३ आना जति जग्गा ज्यापी मिची विपक्षको कि.नं. १९६२ को जग्गाभित्र घुसाई मैले नै लगाएका केरा, पिँडालु समेतको खेती नष्ट पारी जग्गा हटक खिचोला गरेकाले यो फिराद लिई आएको छु। साक्षी प्रमाण बुझी मेरो उल्लिखित फिराद दाबी जग्गाको नक्सा सर्जमिन गरी मेरो साँध सिमाना मिची विपक्षको कि.नं. १९६२ मा ३ आना जति जग्गा घुसाई खिचोला गरेकाले उक्त खिचोला मेटाई पाऊँ भन्ने समेत व्यहोराको मिति २०६८।६।३ को फिराद दाबी।

वादी दाबी झुट्टा हो। वादीले शालिकरामबाट मिति २०४४।१२।१७ मा लिएको राजीनामाको जग्गा पूर्व पश्चिम लम्बाइ ३८ हात पछाडपट्टिको ४० हात उत्तर दक्षिण ४२ हात भन्ने दाबी छ। ती वादीले उल्लेख गरेको हात न त वादीको राजीनामामा उल्लेख छ न त अन्य कुनै श्रेस्तामा देखिन्छ। यस्तो निराधार हात खुलाई दाबी गर्ने वादीको आधार के हो ? वादीले मिति २०४४।१२।१७ मा शालिकराम वर्माबाट खरिद गरी लिएको जग्गा के कति हो भन्नेतर्फ सम्मानित अदालतले चासो लिने र मनन गर्ने प्रमुख कुरा हुन्छ। वादीले लिएको र फिरादसाथ पेस गरेको राजीनामामा अध्ययन गर्दा पूर्व सुरथ आलेको बलेनी र सुरथकै घरको उत्तरतर्फको हकभोग बाहेक को पछाड २३ हात जग्गा साँध पश्चिम सोही बारीको डोराको ढिक र ऋणीकै साँध उत्तर मैते कामीको बारीको ढिक दक्षिण मोटरबाटो चार किल्लाभित्रको लम्बाइ हात २४, चौडा हात २४ को अमराई भन्ने घडेरी मात्र हो। हाल वादीले नाजायज फाइदा लिन मुद्दा दिएका हुन्। ठाडा गा.वि.स. वडा नं. ३ अमराईमा पर्ने नापीको कि.नं. ४९५ को क्षे.फ. ५-३-१-१ जग्गा साविक जग्गावाल शालिकराम वर्माका नाममा नापी दर्ता भयो। त्यसपछि शालिकराम वर्माले गाउँकै जनकराज बेल्वासेलाई दोश्रोपटक नापी नहुँदै मिति २०४७।१०।६ मा क्षे.फ. ५-३-१-१ मध्ये क्षे.फ. ०-१३-३-१ हक छाडी चार किल्ला खोली पूर्व पश्चिम लम्बाइ ४५ हात दक्षिण उत्तर ४५ हात भन्ने किटान गरी राजीनामा दिई जनकराजले लिनुभयो। त्यसपछि जनकराज बेल्वासेले मेरो सहोदर दाजु मोतीलाल बेल्वासेलाई मिति २०५०।३।४मा उक्त कि.नं. ४९५ भित्रैको ०-१३-३-१ जग्गा लxचौडाइ ४५ हात नै उल्लेख गरी हक छाडी राजीनामा दिनुभयो। त्यसपछि दोस्रोपटक सर्वे नापी हुँदा साविक कि.नं. ४९५ बाट १७२४ कायम भई क्षे.फ. ०-१३-३-१ जग्गा दाजी मोतीलालका नाममा दर्ता भयो। मिति २०५८।१०।१५ गते दाजु मोतीलाल र म छुट्टीभिन्न हुँदा उक्त कि.नं. १७२४ को जग्गा दुई भाइबीच आधा आधा हुन गई कि.नं. १९६१ क्षे.फ. ००२१५ को जग्गा दाजु मोतीलालका नाममा

र कि.नं. १९६२ क्षे.फ. ००२१५ मेरो अंशमा पर्न गयो । त्यसपछि दाजीका अंशको कि.नं. १९६१ को जग्गा मिति २०५९।२।१५ मा मेरो रिज गुण बापत दाजु मोतीलालले मलाई हा.व. पारित गरिदिदाँ दाजीको उक्त अंश जग्गा पनि मेरै हक स्वामित्वमा आएकोले हाल उक्त दुवै कित्ताका जग्गा मेरो हक स्वामित्व र निरन्तर भोगचलनमा रहेको छ । कसैको दाबी खिचोला छैन । वादीले मलाई जग्गा खिचोला गऱ्यो भन्ने निराधार आरोप लगाउँदा आफ्नो जग्गाको पूर्वतर्फ ४ हात हुँदै बीचमा ७ हात जग्गा खिचोला गरे भनी खिचोला भएको क्षे.फ. ३ आना देखाई यो उजुर दर्ता गर्नुभएको छ । यस मुद्दामा विचारणीय कुरा के छ भने मैले कि.नं. १९६१ र १९६२ को एक चाक्ल मिलेको जग्गामा पश्चिमतर्फ २० हात मोहडाको र त्यसभन्दा पूर्वतर्फ मात्र ११ हात मोहडा गरी २ वटा पक्की ३ तले घर निर्माण गरी चर्चेको छु । मेरो श्रेष्ता रेकर्ड राजीनामा समेतमा देखिने लम्बाइ हात ४५ र चौडा हात ४५ का जग्गामध्ये घर बनाएको बाहेक पूर्वतर्फ १४ हात जग्गा बाँकी छ । सो जग्गा वादीको नभै मेरै हकभोग स्वामित्वको हो त्यसदेखि पूर्व वादीको जग्गा हुनाले मैले वादीको जग्गाको सिमाना सार्ने र खिचोला गर्ने कुरै आउँदैन भन्ने समेत व्यहोराको मिति २०६८।१०।३ को प्रतिउत्तर पत्र ।

यस अदालतका आदेशानुसार डोर मार्फत मिति २०६८।१२।१९ गते भै आएको नक्सा सर्जमिन मुचुल्का मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. एवं न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई मिसिल संलग्न कागजात अध्ययन गरी वादी प्रतिवादीका वारेसलाई रोहवरमा राखी छलफल गरी हेर्दा दाता शालिकराम सुनारबाट २०४४।११।१३ गते घरायसी राजीनामा गरी लिएको अर्घाखाँची, ठाडा गा.वि.स. वडा नं. ३ को साविक ल.न. २०३ नापीको कि.नं. ४९५ हाल कित्ताकाट भई १७२३ कायम भएको पूर्व सुरथ आलेको घर बलेनी र सुरथकै घरको उत्तरतर्फको हक भोग बाहेकको पछाड जग्गा, पश्चिम सोही बाटोको डोरो र ऋणीकै बाँकी जग्गा उत्तर मैते कामीको बारीको ढिक दक्षिण मोटरबाटो यति चार किल्लाभित्रको दक्षिण मोटरबाटोतर्फ पूर्व पश्चिम लम्बाइ ४० हात र उत्तर दक्षिण चौडाइ ४२ हात भएको जग्गा खरिद गरी लिई सोही राजीनामालाई २०४४।१२।१७ मा अ.खाँ. मालपोत कार्यालयबाट रजिष्ट्रेशन पारित गरी लिएको जग्गा कित्ता १ र यिनै दाता शालिकराम सुनारबाट २०४२।७।२१ मा सुरथ आलेले रजिष्ट्रेशन पारित गरी लिई सुरथ आलेबाट २०४४।१२।२९ मा सट्टापट्टा लिखत पारित गरी लिएको पूर्व कुमार केशव सिं को घर जग्गा पश्चिम उत्तर म फिरादीको यिनै शालिकराम सुनारबाट खरिद गरेको उक्त जग्गा, दक्षिण मोटरबाटो यति ४ किल्लाभित्रको दक्षिण मोटरबाटो नै मोहडा भएको जग्गा खरिद गर्दा २ कित्ता देखिए पनि एकै चक्ला मिलेको पूर्व पश्चिम लम्बाइ ५० हात पछाडिपट्टिबाट पूर्व पश्चिम ६० हात र उत्तर दक्षिण ६२ हात मेरो जग्गा उक्त पारित लिखत २ कित्ताबाट कायम भएको छ । त्यही जग्गाभित्र आर.सी.सी. घर, ढुङ्गाको छानोको घर, खानेपानी टंकी समेत भै भोगी आएको छु । मेरो सो जग्गाको पश्चिमपट्टि कि.नं. ४९५ बाट कि.का. गरी कि.नं. १९६१ को क्षे.फ. ००२१५ व.मि. र कि.नं. १९६२ को क्षे.फ. ००२१५ व.मि. का जग्गा एकै चाक्ला मिलेको जग्गा क्षे.फ. ००४३० व.मि.को जग्गा मेरै दाता शालिकराम सुनारले जनकराज बेल्वासेलाई बिक्री गरी जनकराजबाट विपक्षीमा आएको भई कि.नं. १९६२ मेरो जग्गाको पश्चिम साँधमा रहेको छ । २०६८।५।१९ गते विपक्षीले मेरो उक्त जग्गाको पश्चिमतर्फको आँठो विपक्षको जग्गाबाट पूर्वतर्फ सारी कि.नं. १९६२ मा ३ आना जति जग्गा घुसाई खिचोला गरेकाले खिचोला मेटाई हक कायम गरी पाऊँ भन्ने समेत फिराद दाबी रहेको देखिन्छ । विपक्षको जग्गा खिचोला गरेको छैन । वादीले २०४४।१२।१७ मा खरिद गरेको लिखतको ४ किल्लाको लम्बाइ हात २४ चौडाइ हात २४ को अमराई घडेरी भएकोमा लम्बाइतर्फको २४ हातलाई निराधार ५४ बनाई कीर्ते गरेको देखिन्छ । ठाडा

गा.वि.स. वडा नं. ३ अमराईमा पर्ने नापी कि.नं. ४९५ को क्षे.फ. ५-३-१-१ जग्गा शालिकराम वर्माको नाममा नापी भई निजले दोश्रो नापी नहुँदै २०४७।१०।६ मा क्षे.फ.ज.रो. ५-३-१-१ मध्ये ०-१३-३-१ को लम्बाइ ४५ चौडाइ ४५ हात उल्लेख गरी राजीनामा गरी जनकराज बेल्वासेलाई दिई जनकराजबाट दाजु मोतीलाल बेल्वासेले २०५०।३।४ मा सो कि.नं. ४९५ भित्रैको ०-१३-३-१ लम्बाइ÷चौडाइ ४५ हात नै उल्लेख गरी लिनुभएको जग्गा दोश्रोपटक सर्वे नापी हुँदा साविक कि.नं. ४९५ बाट कि.नं १७२४ कायम भई क्षे.फ. ०-१३-३-१ मोतीलालका नाममा दर्ता भएकोमा २०५८।१०।१५ गते दाजु मोतीलालसँग छुट्टीभिन्न हुँदा सो. कि.नं. १७२४ कोजग्गा बण्डा हुँदा कि.नं. १९६१ क्षे.फ. ००२१५ मोतीलाल र कि.नं. १९६२ क्षे.फ. ००२१५ मेरो अंशमा पर्न गयो । दाजु मोतीलालको अंशको कि.नं. १९६१ को जग्गा २०५९।२।१५ मा मलाई हा.व. पारित गरी दिई उक्त दुवै कित्ता जग्गा मेरो भोग स्वामित्वमा रहेको छ । सोमा २ वटा पक्की घर बनाई भोग चलन गरेको छु । सोभन्दा पूर्व वादीको जग्गा छ, खिचोला गरेको छैन भन्ने समेत प्रतिउत्तर जिकिर देखिन्छ । वादीले आफ्नो हक भोगको प्रमाणमा २०४४।११।१३ को घरायसी राजीनामा र २०४४।१२।१७ को शालिकराम सुनारबाट पारित गरी लिएको राजीनामा तथा सुरथ आलेबाट २०४४।१२।२९ मा सट्टापट्टा गरी लिएको लिखतहरू पेस गरेको देखिन्छ । सुरथ आलेबाट सट्टापट्टाबाट वादीले लिएको कि.नं. ४९५ को तिरो रु.।१ पैसा क्षेत्रफलको पूर्व कुमार केशव सिं को घर जग्गा समेत ४ किल्लाको पूर्व पश्चिम लम्बाइ हात १२ उत्तर दक्षिण चौडाइ हात २० को अमराई भन्ने घर घडेरी सहित भन्ने उल्लेख भएको र २०४४।१२।१७ को पारित राजीनामा वादीबाट पेस भएकोमा कि.नं. ४९५ मध्येबाट पूर्व सुरथ आलेको घरको बलेनी समेतको ४ किल्ला उल्लेख गरिएको लम्बाइ चौडाइमा पहेंलो दाग लाग्नुको साथै प्वाल समेत परेबाट लम्बाइ चौडाइ कति हो भन्ने यकिन हुन सक्ने अवस्था देखिँदैन । उक्त लिखतहरूको प्रतिलिपि मा.पो.का. अर्घाखाँचीबाट झिकाउने आदेश भएकोमा सो लिखतहरू २०५९।५।२३ को घटनामा परी जली नष्ट भएको भन्ने २०६९।१।२२ को च.नं. ७७५ को पत्र मिसिल संलग्न रहेको देखिन्छ । वादीले आफ्नो नाममा ती लिखत बमोजिमको जग्गा सर्वे नापीमा के कुन कि.नं. मा नापी दर्ता भएको हो भन्नेसम्म उल्लेख गर्न र ज.ध.प.पू. पेस गर्न समेत सकेको देखिँदैन । प्रतिवादीले शालिकराम वर्माबाट २०४७।१०।५ मा कि.नं. ४९५ को ५-३-१-१ मध्येबाट ०-१३-३-१ जनकराज बेल्वासेले राजीनामा गरी लिई निजबाट सोही जग्गा वादीको दाजु मोतीलाल बेल्वासेले २०५०।३।४ मा राजीनामा गरी लिएको र सो जग्गा दोश्रो सर्वे नापीमा कि.नं. १७२४ कायम भई दर्ता भई मोतीलालसँग अंशबण्डा हुँदा सो कि.नं. १७२४ कि.का. भई कि.नं. १९६१ को क्षे.फ. ००२१५ को जग्गा मोतीलालको भागमा र कि.नं. १६६२ को क्षे.फ. ००२१५ व.मि. को जग्गा वादीका नाममा अंशमा परेको र दाजू मोतीलालको नामको कि.नं. १९६१ को जग्गा २०५९।२।१५ मा हा.व. गरी लिएको भन्ने उल्लेख गरी ती लिखतहरूको फोटोकपी तथा मणिरामका नामको कि.नं. १९६१ र १९६२ को जग्गाधनी दर्ता प्रमाण पुर्जाको फोटोकपी समेत पेस गरेको देखिन्छ । यसबाट वादीले फिरादमा आफ्नो जग्गाको पश्चिमपट्टि प्रतिवादीको कि.नं. १९६२ को को जग्गा रहेको भनी उल्लेख गरेकोबाट वादी दाबीको जग्गा प्रतिवादीको कि.नं. १९६२ को जग्गासँगै जोडिई पूर्वपट्टि रहेको कुरामा मुख मिलेकै देखिएको छ । अब जहाँसम्म वादीले आफ्नो उल्लिखित राजीनामाबाट आफ्नो हक भएको उक्त जग्गाको पश्चिमपट्टिको ३ आना जति जग्गा प्रतिवादीले खिचोला गरे भनी दाबी लिएको छ, त्यसतर्फ यस अदालतबाट मिति २०६८।१२।१९ मा भई आएको नाप नक्सा मुचुल्का हेर्दा वादीको दाबी बमोजिमको जग्गा प्रतिवादीले खिचोला गरेको छैन भनी लक्ष्मण पन्थी समेतले सर्जमिन व्यहोरा लेखाएको देखिन्छ । भै आएको सर्जमिन सहितको नाप नक्सा मुचुल्का हेर्दा न.नं. १ मा सन्धिखर्क गोरुसिङ्गे मोटरबाटो जनिएको देखिन्छ । सो को उत्तरपट्टि न.नं. २ मा प्रतिवादीको कि.नं. १९६१ र १९६२ को जग्गा जनिई सोमा प्रतिवादीको न.नं. ३ का २ वटा घर देखिएको र सो घर १७५।६९ व.मि. मा बनेको र घर बाहेकको २५४३१ व.मि. को जग्गा समेत प्रतिवादीले भोग गरेको देखिन्छ । प्रतिवादीको उक्त कि.नं. १९६२ को पूर्वपट्टि न.नं. १ को मोटरबाटोको उत्तरपट्टी वादीको टंकी पसल, टिनको छाना भएको घर सोको पूर्वपट्टिको घर सोको पनि पूर्वपट्टि घर सोको पूर्व उत्तरतर्फ अर्को घर रहेको

भन्दै सो टंकी पसल घरहरू क्रमश: ४, ५, ६, ७, ८ मा वादीको कि.नं. १७२३ को जग्गामा बनेको घर जग्गा समेत जनाएको र सो नक्सा नं. ७ को पूर्वपट्टि र न.नं. ८ को दक्षिणपट्टि कि.नं. १७२२ को कुमार केशवको घर रहेको भनी जनाई आएको देखिन्छ। यस प्रकार उक्त नाप नक्साबाट कि.नं. १७२३ को जग्गामा बनेको नं.नं. ४ टंकी पसल ६.८ व.मि.मा, न.नं. ५ टिनको छाना भएको घर ५३.२ व.मि. मा न.नं. ६ को घर ५८.९७ व.मि. मा, न.नं. ७ को घर ६१.४५ व.मि., न.नं. ८ को घर ३५.१४ व.मि. मा बनेको र सो न.नं. ९ को जग्गामा बनेको उल्लिखित टंकी पसल घरहरू बाहेकको जग्गा ५४४.४४ व.मि. रहेको भन्ने देखिन आउँछ। वादीले दाबी लिएको जग्गाको नापी दर्ता भएको जग्गा दर्ता भएको जग्गा दर्ता श्रेष्ता पेश गर्न सकेको देखिँदैन र प्रतिवादीले खिचोला गरेको भनी वादीले दाबी लिएको विवादित जग्गा भनी भै आएको उक्त नक्सामा वादीले देखाउनसम्म पनि सकेको देखिँदैन। प्रतिवादीले निजको नामको कि.नं. १९६१ र १९६२ को जग्गाधनी दर्ता प्रमाण पुर्जा पेस गरेको र सोमा कि.नं. १९६१ मा ००२१५ व.मि. र कि.नं. १९६२ मा पनि ००२१५ व.मि. रहेको सो ज.ध.प्र.पुर्जाको फोटोकपीबाट देखिन आएको र भै आएको उक्त नापनक्सा मुचुल्काबाट पनि प्रतिवादीको कि.नं. १९६१ र १९६२ को जग्गामा बनेको घर बाहेकको जग्गा २५४.३१ व.मि. र सोमा बनेको २ वटा घर १७५.६९ व.मि. मा रहको भन्ने देखिन आई दुवै घर जग्गाको क्षेत्रफल प्रतिवादीको ज.ध.प्र.पुर्जामा उल्लेख भए बमोजिम ००४३० व.मि. रहेको देखिन आई प्रतिवादीको जग्गा दर्ता श्रेष्तामा उल्लिखित क्षेत्रफलसँग मिलेको देखिन आएकोले प्रतिवादीले वादी दाबी बमोजिम खिचोला गरेको भन्न नमिलेकोले खिचोला गरे भन्ने वादीको दाबी पुग्न सक्दैन। सो ठहर्नाले अरू तपसिलका कुरामा तपसिल बमोजिम हुने गरी अ.वं.१८६ नं.बमोजिम आजै अड्डैबाट यो फैसला गरिदिएँ।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादीले वादी दावी बमोजिम खिचोला गरेको भन्न नमिलेकोले खिचोला गरे भन्ने वादीको दाबी पुग्न नसक्ने गरी फैसला भएकाले वादीलाई केही सजाय गर्नुपर्छ कि भन्नलाई निजले मिति २०६८।६।३ मा फिराद दायर गर्दा राखेको कोर्ट फी रु.१०२०।- जफत हुन्छ। अरू केही गर्नु परेन......................१

यो इन्साफमा चित्त नबुझे अ.वं. १९३ नं. का म्याद ३५ दिनभित्र श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्नू भनी वादीलाई पुनरावेदनको म्याद दिनू..........................................................................................२

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने नियमानुसारको दस्तुर लिई नक्कल सारी सराइदिनू...............................३

यो मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू ................................................४

**जिल्ला न्यायाधीश**

फाँटवाला :- ना.सु.नारायण ब. भट्टराई
टाइप गर्ने :- स.क.अ. सीता घिमिरे

**इति संवत् २०६९ साल आषाढ महिना ६ गते रोज ४ मा शुभम् ..**

**श्री बाँके जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री अर्जुन अधिकारी**
**फैसला**
**संवत् 2066 सालको कोड न 74-066-01150 दे.न 1459**

**मुद्दा :- हक फिर्ता ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| तिलकबहादुर खड्काको छोरा जि.रुकुम पोखरा गा.वि.स. वडा नं.४ पोखरा गाउँ बस्ने कमलाल खड्का............१ | झुपलाल पुनको छोरी जि.बाँके रझेना गा.वि.स. वडा नं.७ बस्ने पवित्रा पुन खड्का ...............१ |

| **साक्षी :-** | **साक्षी :-** |
|---|---|
| देवीसिंह खड्का १, लोकबहादुर के.सी. १ | राधा गिरी १ पिनु थापा १ |
| चंखवहादुर खड्का १ | परशुराम लामिछाने १ |
| कागजः- | **कागज :-** |
| नागरिकता र राजीनामा लिखतको छायाप्रति | नागरिकताको छायाप्रति |

**अदालतबाट बुझेको प्रमाण**
**साक्षी :**
पिनु थापा
**कागज :-**

**दे.नं.१४५८ को लिखत दा.खा.दर्ता बदर**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मु. ऐन अ.वं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर भै पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ ।

प्र.मध्ये पवित्रा पुन खड्काले म उपर दिएको अंश नलिई सम्बन्धविच्छेद गरी पाऊँ भन्ने मुद्दा मिति ०६६।१०।२४ मा वादी दाबी पुग्ने गरी फैसला भएकोमा प्र.पवित्रा पुन खड्का म फिरादीको श्रीमती भई बस्दा निजलाई जि.बाँके रझेना गा.वि.स.वडा नं.७क कि.नं.१७३४ ज.वि.०-१-१० को जग्गा र ऐ.वडा नं.७ अन्तर्गत पूर्वमा बाटो पश्चिममा नारायणी काफले, उत्तरमा टेकेन्द्र दक्षिणमा नारायणी काफले, यति ४ किल्लाभित्र २ कट्ठा जग्गा र सोमा बनेको इँटाको देवाल टायलको छानो भएको घर समेत निजको नाउँमा खरिद गरिदिएको । उल्लिखित घरजग्गा निजकै भोग चलनमा रहेको थियो । सो सम्पत्ति यी विपक्षी प्र.पवित्रा पुनको निजी आर्जनको नभई मैले विदेश मलेसियामा काम गरी आर्जन गरेको रकमबाट खरिद गरिदिएको सो सम्पत्तिमा म फिरादीको अंश हक रहेको छ । सम्बन्धविच्छेद मुद्दा विचाराधीन रहेकै अवस्थामा मैले पवित्रा पुन खड्कालाई खरिद गरिदिएको जग्गा समेत मैले बिक्री गरिसकेकी छु भनी जवाफ दिएकीले सो सम्बन्धमा मालपोत कार्यालयमा आई हेर्दा जि.बाँके रझेना गा.वि.स.वडा नं.७क कि.नं.१७३४ को जग्गा र.नं.५०२० बाट प्र.मध्येका टीकाराम

शर्मालाई ०६६।१२।१६ मा र ऐ.२२ मा प्र.टीकारामबाट प्र.मध्येकी अनुशा पुनले रु. ६००००। मा र.नं.५१३२ग बाट हालैदेखिको बकसपत्रबाट पारित गरि लिएको । विपक्षीले मेरो एकलौटी हकभोगको सम्पत्तिलाई बिक्री गरी ६ दिनभित्रै पुन हालैदेखिको बकसपत्र गरी मेरो हक मेट्ने कार्य गरेको हुँदा लेनदेन व्यवहारको १०, ४० नं., लोग्ने स्वास्नीको ४क, अंशबण्डाको १,२ ,१८, ३५ तथा ज.प.को २क १७ नं.तथा कोर्ट फी ऐन २०१७ को दफा ५,६, दानबकसको १, ५ को कानुनी व्यवस्थाका आधार हद म्यादभित्र फिराद दिएको छु। विपक्षी पवित्रा पुन खड्काको माग दाबी बमोजिम अंश नलिने गरी सम्बन्धविच्छेद हुने फैसला भइसकेको र मैले खरिद गरिदिएको सगोलको घरजग्गामा एकलौटी हक मात्र रहेको हुँदा प्र.टीकाराम शर्माले प्र.अनुशा पुनलाई ०६६।१२।२२ मा र.नं.५१३२ग बाट पारित गरको हालैदेखिको बकसपत्रको लिखत र सो लिखतको आधारमा भएको दा.खा.दर्तासमेत बदर गरी दाबी बमोजिम अंश नलिने गरी सम्बन्धविच्छेद हुने फैसला भइसकेको मैले खरिद गरिदिएको सगोलको जग्गामा विपक्षीको हक समाप्त भई म फिरादीको एकलौटी हक मात्र रहेको हुँदा माथि उल्लिखित सम्पत्तिको मोल बिगो रु.१८०००००। पर्ने घरजग्गामा मेरो एकलौटी हक कायम गरी मेरो नाउँमा हक फिर्ता दा.खा.नामसारी गरी चलन चलाइपाऊँ भन्ने फिरादपत्र ।

दाबीमा उल्लिखित जग्गा मेरो बुवा र दाजुले खरिद गरेको दाइजो प्राप्त गरेको सम्पत्ति हो । विपक्षी वादीको उक्त सम्पत्तिमा अंश हक नलाग्ने हुँदा म प्र.पवित्रा पुन खड्काले विपक्षी वादीसँग अंश नलिने गरी सम्बन्धविच्छेद गरेकी हुँ । विपक्षी वादी र प्र.पवित्रा पुनबीच मिति ०६६।१०।२४ गते लोग्ने स्वास्नीको सम्बन्धविच्छेद हुने ठहरी फैसला भइसकेको हुँदा विपक्षी वादी सगोलको अंशियार भएको अवस्था छैन । तसर्थ प्रतिवादी पवित्रा पुनले राजीनामाबाट प्राप्त गरेको कि.नं.१७३४ को जग्गालाई वादीको स्वामित्वको हो भनी मान्न मिल्दैन । सोही आधारमा म प्र.पवित्रा पुनको एकलौटी हक स्वामित्वको कि.नं.१७३४ को जग्गा विपक्षी वादीसँगको सम्बन्धविच्छेद पश्चात् म प्र.टीकाराम शर्माले खरिद गरी लिएको र सो जग्गालाई ०६६।१२।२२ मा र.नं.५१३२ग बाट हालैदेखिको बकसपत्रको लिखत अनुशा पुनलाई गरिदिएको कार्य मुलुकी ऐन दानबकसको महलको १,५ नं.अनुसार कानुन बमोजिम नै रहेको हुँदा उक्त लिखतको दर्ता बदर हुनुपर्ने होइन । मुलुकी ऐन अ.बं.को.१८० नं.बमोजिम फिराद खारेज गरी पाऊँ भन्ने प्रतिउत्तरपत्र ।

वादी प्रतिवादीबीच मुख नमिलेको कुरामा वादी प्र.को साक्षी बुझी नियम बमोजिम पेस गर्नू भन्ने आदेश ।

जि.बाँके रझेना गा.वि.स.वडा नं.७क कि.नं १७३४ को जग्गा पवित्रा पुनले माइतीबाट प्राप्त गरेकी हुन् र उक्त जग्गामा वादीको हक रहेको छैन भनी प्र.का साक्षी पिनु थापाले गरेको बकपत्र ।

फिरादमा उल्लिखित घरवास मिन्हाको जग्गामा बनेको घर जग्गाको सम्बन्धमा हक भोगसँग सम्बन्धित कागजात वादीबाट दाखिला गर्न लगाई नियमानुसार लगाउ मुद्दा साथै पेस गर्नू भन्ने आदेश ।

घरवास मिन्हाको घरजग्गाको हक भोगको कागजात वादीले दाखिल गर्न नसकेकोले गा.वि.स.का.बाट बुझिपाऊँ भनी ०६९।१।१२ मा निवेदन दिई मिसिल सामेल रहेको तथा आदेश बमोजिम लगाउका मुद्दा साथै राखिएको ।

दुवै पक्षका कानुन व्यवसायीहरूबाट बहसनोट पेस गर्नका लागि समय पाऊँ भनी इजलास समक्ष अनुरोध गरेकोले पेसी तारेख तोकी सो अगावै दुवै पक्षका का.व्य.बाट बहसनोट समेत पेस गर्न लगाई नियम बमोजिम पेस गर्नू भन्ने आदेश ।

वादी प्रतिवादीका कानुन व्यवसायीले क्रमशः मिति ०६९।२।२२ र ०६९।२।२८ मा बहसनोट पेस गरी मिसिल सामेल रहेको ।

घरवास मिन्हाको जग्गा र घरमा प्रतिवादी पवित्रा पुन खड्काको भोगचलन छ, छैन र निजको भोगचलनमा भए कुन मितिदेखि निज पवित्रा पुन खड्काको भोगचलनमा छ भन्ने सम्बन्धमा सम्बन्धित गा.वि.स.का. बुझी पेस गर्नू भन्ने आदेश ।

उल्लिखित आदेश बमोजिम पत्राचार भई रझेना गा.वि.स.का.को च.नं.४५३९ मिति ०६९।२।३१ को पत्रद्वारा जवाफ प्राप्त भई मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता लोकबहादुर शाहले वादी र प्रतिवादी पवित्रा पुन खड्काबीच अंश नलिने गरी सम्बन्धविच्छेद भएको छ । दाबीको घर जग्गा प्रतिवादी पवित्रा पुन खड्काले वादीसँग लोग्ने स्वास्नीको नाता सम्बन्ध रहेको अवस्थामा खरिद गरेको सम्पत्ति हो । यस्तो सम्पत्तिलाई अंश नलिने गरी सम्बन्धविच्छेद गरिसकेपछि स्वत स्वास्नीको हकबाट लोग्नेको हकमा आउनुपर्दछ । दाबीको घर जग्गा प्रतिवादी पवित्रा पुन खड्काको निजी आर्जनमा खरिद भएको पुष्टि भएको छैन । वादी दाबी ठहर गरिपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो । साथै सोही व्यहोराको वादीतर्फबाट विद्वान् अधिवक्ता शतिशचन्द्र थारूले बहस नोट प्रस्तुत गर्नुभयो । प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता शालिकराम सापकोटाले वादीले प्रतिवादी पवित्रा पुन खड्कासँग भएको सम्बन्धविच्छेदको अन्तिमतालाई स्वीकार गरी वादीले प्रस्तुत हक कायम मुद्दा दिने हकदैया रहँदैन । कानुनतः लोग्ने स्वास्नीबीचको नाता सम्बन्धविच्छेद भइसके पश्चात् लोग्ने स्वास्नी कायम रहेको अवस्थाबाट सिर्जित भएका अन्य कानुनी हक अधिकारहरू स्वतः विच्छेद हुन्छ । दाबीको जग्गा प्रमाणको रोहबाट हेर्दा प्रतिवादी पवित्रा पुनले माइतीतर्फबाट दाइजोको रकमबाट खरिद गरेको देखिन्छ । वादीले आफ्नो साक्षी हाजिर गराई वादी दाबी समर्थित गराउन सकेको पाइँदैन । वादी दाबी खारेज गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो । साथै सोही व्यहोराको लिखित बहसनोट प्रस्तुत गर्नुभयो ।

उपरोक्त बहस सुनी तथा बहसनोट समेतका मिसिल संलग्न कागजातहरू अध्ययन गरी प्रस्तुत मुद्दामा निम्नलिखित प्रश्नहरू सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

(१) दाबीमध्ये कि.नं.१७३४ को जग्गाको श्रोत र प्रकृति के हो ? उक्त जग्गा प्रतिवादी पवित्रा पुन खड्काले दाइजोबाट प्राप्त आफूखुसी गर्न पाउने जग्गा हो वा सबैको हक लाग्ने सगोलको जग्गा हो ?

(२) दाबीको जग्गामा प्र.पवित्रा पुन खड्काको समेत हक थियो भने निजले आफ्नो हक परित्याग गरेको हो, होइन ? दाबीको जग्गामा निज प्रतिवादीको हक निहित छैन ?

(३) वादी दाबीमध्ये घरवास मिन्हाको घरजग्गाको अस्तित्व वादीले पुष्टि गराउन सकेको हो, होइन ? सोतर्फको वादी दाबी पुग्न सक्ने हो होइन,

(४) वादी दाबीमध्ये कि.नं.१७३४ को जग्गाको वादी दाबी पुग्न सक्ने हो, होइन ?

निर्णयतर्फ सर्वप्रथम पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा, प्र.मध्ये पवित्रा पुन खड्काले म उपर दिएको अंश नलिई सम्बन्धविच्छेद गरिपाऊँ भन्ने मुद्दा मिति ०६६।१०।२४ मा वादी दाबी पुग्ने गरी फैसला भएकोमा प्र.पवित्रा पुन खड्का म फिरादीको श्रीमती भई बस्दा निजलाई जि.बाँके रझेना गा.वि.स.वडा नं.७क कि.नं.१७३४ ज.वि.०-१-१० को जग्गा र ऐ.वडा नं.७ अन्तर्गत पूर्वमा बाटो पश्चिममा नारायणी काफले, उत्तरमा टेकेन्द्र दक्षिणमा नारायणी काफले यति ४ किल्लाभित्र २ कट्ठा जग्गा र सोमा बनेको इँटाको देवाल टायलको

छानो भएको घर समेत निजको नाउँमा खरिद गरिदिएको थिएँ । उल्लिखित घरजग्गा निजकै भोगचलनमा रहेको थियो । सो सम्पत्ति यी विपक्षी प्र.पवित्रा पुनको निजी आर्जनको नभई मैले विदेश मलेनियामा काम गरी आर्जन गरेको रकमबाट खरिद गरिदिएको सो सम्पत्तिमा म फिरादीको अंश हक रहेको छ । कि.नं.१७३४ को जग्गा प्र.पवित्रा पुनले र.नं.५०२० बाट प्र.मध्येका टीकाराम शर्मालाई ०६६।१२।१६ मा र ऐ.२२ मा प्र.टीकारामबाट प्र.मध्येकी अनुशा पुनले रु.६००००। मा र.नं.५१३२ग बाट हालैदेखिको बकसपत्रबाट पारित गरेकोले मैले खरिद गरिदिएको सगोलको जग्गामा एकलौटी मेरो हक मात्र रहेको हुँदा पवित्रा पुन खड्काले मिति ०६६।१२।१६ मा र.नं.५०२०ग बाट पारित गरेको राजीनामाको सम्पूर्ण लिखत र सो लिखतको आधारमा भएको दा.खा.दर्ता समेत बदर गरी सो सम्पूर्ण जग्गामा मेरो एकलौटी हक कायम गरी मेरो नाउँमा दा.खा.नामसारी गरी चलन चलाई पाऊँ भन्ने फिराद दाबी देखिन्छ । दाबीमा उल्लिखित जग्गा मेरो बुवा र दाजुले खरिद गरेको दाइजो प्राप्त गरेको सम्पत्ति हो । विपक्षी वादीको उक्त सम्पत्तिमा अंश हक नलाग्ने हुँदा म प्र.पवित्रा पुन खड्काले विपक्षी वादीसँग अंश नलिने गरी सम्बन्धविच्छेद गरेकी हुँ । विपक्षी वादी र प्र.पवित्रा पुनबीच मिति ०६६।१०।२४ गते लोग्ने स्वास्नीको सम्बन्धविच्छेद हुने ठहरी फैसला भइसकेको हुँदा विपक्षी वादी सगोलको अंशियार भएको अवस्था छैन । फिराद खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रतिवादीहरूको सयुंक्त प्रतिउत्तर जिकिर देखिन्छ ।

प्रतिवादी पवित्रा पुन खड्काको वादी कमलाल खड्कासँग २०५५ सालमा विवाह भएको र एकजना छोरा विधान खड्काको जन्म भएको भन्ने तथ्यमा विवाद देखिँदैन । विपक्षी पवित्रा पुन खड्काले यसै अदालतमा वादी कमला खड्कालाई प्रतिवादी बनाई मिति ०६६।४।२२ मा सम्बन्धविच्छेद मद्दा दायर गरी यस अदालतबाट मिति ०६६।१०।२४ मा अंश नलिने गरी वादी प्रतिवादीको लोग्ने स्वास्नीको सम्बन्धविच्छेद हुने ठहरी फैसला भएको पाइन्छ । वादी प्रतिवादीको वैवाहिक जीवनकालमा नै मिति ०६२।१२।१ मा र.नं.६५०८ बाट दाबीको कि.नं.१७३४ को ०-१-१० जग्गा दाता सुदीपनरसिंह राणाबाट पवित्रा पुन खड्काको नाउँमा खरिद गरेको देखिन्छ । सो जग्गा माइतीतर्फबाट बाबु र दाजुले खरिद गरिदिएको एकलौटी हकको र आफूखुस गर्न पाउने सम्पत्ति भन्ने प्रतिवादी पवित्रा पुनको प्रतिउत्तर जिकिर रहेको पाइन्छ । पवित्रा पुन खड्काले मिति ०६६।१०।२४ मा खरिद गरी लिएको लिखत हेर्दा उक्त राजीनामाको लिखतमा दाइजोबाट खरिद गरेको भन्ने जस्ता कुनै व्यहोराहरू उल्लेख भएको देखिँदैन । साथै उक्त लिखतमा पवित्रा पुनका पिता दाजु समेत माइतीतर्फका कोही साक्षी बसेको वा कसैको सहीछाप आदि रहे भएको पनि देखिन आउँदैन । यस्तो प्रतिवादी पवित्रा पुन खड्काले माइती बाहेक अन्य व्यक्तिबाट राजीनामाबाट खरिद भएको र लिखतबाट दाइजोबाट प्राप्त जग्गा भन्ने नदेखिँदा दाइजोबाट खरिद गरेको भन्ने समेतको प्रतिवादीको जिकिर मनासिब देखिएन । दाबीको उक्त जग्गा खरिद भएको अवधिमा प्र.पवित्रा पुन खड्का आफ्ना पति वादी कमलाल खड्कासँग नै रहे बसेको अवस्था भएको साथै सो राजीनामा लिखतमै पवित्रा पुन खड्काका पति कमलाल खड्का भन्ने उल्लेख भएको अवस्था हुँदा अन्यथा प्रमाणित नभएसम्म प्रतिवादी पवित्रा पुन खड्काले आफ्नो पतिको तर्फबाट नै सो जग्गा निजको नाममा खरिद भएको मान्नुपर्ने हुन्छ । प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार एकाघरसँगका अंशियारमध्ये जुनसुकै अंशियारहरूका नाममा रहेको सम्पत्तिलाई अन्यथा प्रमाणित नभएसम्म सगोलको भनी अदालतले अनुमान गर्नुपर्ने हुँदा सो जग्गा अंशियार सबैको हक लाग्ने सगोलको जग्गा मान्नुपर्ने हुन आयो ।

अब, दोश्रो प्रश्न सम्बन्धमा विचार गर्दा प्रतिवादी पवित्रा पुन खड्काले आफ्नो पतिसँग सम्बन्ध कायम रहिरहेको अवस्थामा खरिद भएको जग्गामा यी पवित्रा पुन खड्काको समेत अंश हक लाग्ने जग्गा रहेको देखिए पनि यिनै पवित्रा पुन खड्काले वादी कमलाल खड्कालाई प्रतिवादी बनाई दायर गरेको सम्बन्धविच्छेद मुद्दामा यी पवित्रा पुन खड्काले अंश नलिने गरी सम्बन्धविच्छेद गर्ने गरी मिति ०६६।१०।२४ मा फैसला भै सो फैसला अन्तिम भएर रहेको अवस्थामा प्रतिवादी पवित्रा पुन खड्काले स्वेच्छाले आफना पूर्वपति कमलाल

खड्कातर्फबाट पाउनुपर्ने आफ्नो अंश हक परित्याग गरेकोले अब यी प्रतिवादी पवित्रा पुन खड्काको दाबीको जग्गामा समेत कुनै अंश हक आदि रहेको देखिन आउँदैन । जसबाट प्रतिवादी पवित्रा पुन खड्काको दाबीको जग्गामा हक समाप्त भै हकवाला अर्थात् पूर्वपति वादी कमलाल खड्काको हकको भएको देखिन आयो ।

तेश्रो प्रश्न सम्बन्धमा विचार गर्दा वादीले फिरादको प्रकरण नं.३ मा घरवास मिन्हाको घरजग्गा समेतमा दाबी लिएको देखिन्छ तर वादीले फिरादसाथ सो घर जग्गा प्रतिवादीको नाउँमा रहे भएको भन्ने ठोस सबुद दिन गुजार्न सकेको देखिँदैन । अदालतको आदेशानुसार वादीबाट दाबीको घरवास मिन्हामा बनेको भनेको घर जग्गाको सम्बन्धमा हक भोगसँग सम्बन्धित कागजात दाखेल गराउन तोक्दा समेत वादीले कुनै ठोस प्रमाण दाखिला गराउन सकेको पाइँदैन । सो दाबीको घरवास मिन्हाको भनेको घर जग्गा सम्बन्धमा सम्बन्धित गा.वि.स. बुझ्दा सम्बन्धित रझेना गा.वि.स.कार्यालयको मिति ०६९।२।३१ को पत्रबाट दाबीको घर जग्गा घरवास मिन्हाको नभई ऐलानी जग्गामा घर बनेको भन्ने देखियो । यस्तो ऐलानी सरकारी जग्गामा बनेको घर जग्गालाई घरवास मिन्हाको घर जग्गा मान्न नमिल्ने हुँदा वादी दाबीमध्ये घरवास मिन्हाको घर जग्गा फिर्ता गराई पाऊँ भन्नेतर्फको वादी दाबी भने पुग्न नसक्ने ठहर्छ ।

अब, अन्तिम तथा चौथो प्रश्न सम्बन्धमा विचार गर्दा माथि विवेचित आधार कारण तथा सम्मनित सर्वोच्च अदालतबाट वादी विमलादेवी पोखरेल समेत विरुद्ध ललितादेवी श्रेष्ठ समेत भएको लिखत दर्ता बदर मुद्दामा ( ने.का.प.२०६४ नि.नं.७८७०) मा प्रतिपादित सिद्धान्त समेतबाट प्रस्तुत मुद्दामा वादी दाबीमध्ये दाबीको कि.नं.१७३४ को जग्गाको प्रतिवादी पवित्रा पुन खड्काको हक समाप्त भै वादीको नाउँमा हक फिर्ता दा.खा.नामसारी समेत हुने ठहर्छ। लगाउको यिनै वादी तथा प्रतिवादी पवित्रा पुन खड्का समेत भएको २०६६ सालको दे.नं.१४५८ को लिखत दा.खा.दर्ता बदर तथा दे.नं.१४५० को हा.व.लिखत बदर मुद्दामा आज यसै इजलासबाट क्रमशः प्रतिवादी पवित्रा पुन खड्काले मिति २०६६।१२।१६ मा र.नं.५०२०ग बाट प्रतिवादी टीकाराम शर्मालाई पारित गरेको लिखत र सो लिखतका आधारमा भएको दा.खा.दर्ता समेत बदर हुने एवं प्र.टीकाराम शर्माले प्र.अनुशा पुनलाई मिति २०६६।१२।२२ र.नं.५१३२ग बाट पारित गरेको हा.व.लिखत र सो लिखतका आधारमा भएको दा.खा.दर्ता समेत बदर हुने ठहरी फैसला भइरहेकोले प्रस्तुत मुद्दाबाट सो लिखतहरूका सम्बन्धमा केही बोलिरहन परेन । सो ठहर्नाले अरू तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.वं.१८६ नं.बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादी दाबीमध्ये दाबीको कि.नं.१७३४ को जग्गाको प्रतिवादी पवित्रा पुन खड्काको हक समाप्त भै वादीको नाउँमा हक फिर्ता दा.खा.नामसारी समेत हुने ठहरेकोले प्रस्तुत फैसला अन्तिम भएपछि सो बमोजिम गरिपाऊँ भनी वादीले ऐनका म्यादमा दरखास्त दिए लाग्ने दस्तुर लिई दा.खा.को लागि मा.पो.का. बाँकेमा लेखी पठाइदिनू.....................................................................................१

वादीले फिराद दायर गर्दा राखेको कोर्ट फी रु.२१९७। अन्य दस्तुर रु.१०। वादीले प्रतिवादीबाट भरी पाउने हुँदा कोर्ट फी ऐन, २०१७ को म्यादभित्र प्रतिवादीको यसै सरहदको जेथा देखाई दरखास्त दिए केही दस्तुर नलिई प्र.बाट वादीलाई भराइदिनू.....................................................................................२

यो फैसलामा चित्त नबुझे मुलुकी ऐन, अ.वं.१९३ नं.का म्याद ३५ दिनभित्र श्री पुनरावेदन अदालत नेपालगन्जमा पुनरावेदन गर्नू भनी वादी प्रतिवादी दुवैथरीलाई पुनरावेदनको म्याद दिनू.............................................३

नक्कल माग्ने सरोकारवालालाई नियमले लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू..............................४

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू....................................................५

फाटवाला :- ना.सु.जनकप्रसाद शर्मा
कम्प्युटर टाइप गर्ने :- हरिमान श्रेष्ठ

**(अर्जुन अधिकारी)**
**जिल्ला न्यायाधीश**

इति संवत् २०६९ साल आषाढ ५ गते रोज ३ शुभम्.....................

**श्री महोत्तरी जिल्ला अदालत**
**इजलाश**
**माननीय जिल्ला न्यायाधीश श्री नरिश्वर भण्डारी**
**फैसला**
**सम्वत् २०६५ सालको सा.दे.नं. ३७-०६५- ००२८१**
**कम्प्युटर नं. 068–CP–00312**

**मुद्दा :- अपुताली हक कायम ।**
**निर्णय नम्बर :- १६९**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला महोत्तरी, खैरबन्नी गा.वि.स. वडा नं. ८ मा बस्ने जुलुम रायको छोरी मर्नी देवी ग्वारनी.........................१ | जिल्ला महोत्तरी, खैरबन्नी गा.वि.स.वडा नं. ८ मा बस्ने गुलुम रायको छोरा जीवछ राय यादव....................................................१ |
| ऐ.को प्रमाण...... | ऐ.को प्रमाण..... |
| ऐ.को साक्षी....... कागज...... | ऐ.को साक्षी.......... कागज....... |

**अदालतबाट बुझेको**
**ऐ.को प्रमाण................**
**ऐ.को साक्षी..... कागज....**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अ.व.२९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा यसप्रकार रहेको छ :-

मूल पुरुष लक्ष्मण रायको २ छोरा जेठा गुलुम राय कान्छा जुलुम राय रहेकोमा गुलुम रायको एक मात्र छोरा प्रतिवादी जीवछ राय रहेको र जुलुम रायको एक मात्र छोरी म वादी मरनी देवी हुँ । मेरी आमा २०६० सालमा र पिताजी २०६४ साल कार्तिक १५ गतेमा स्वर्गीय भएपछि श्राद्ध कृया समाप्त भएपछि विपक्षीले मेरो पिता अंश भोग चलनको खेत जग्गाहरू सगोलको मेरो वावुको अंशको जग्गा समेत प्रतिवादी नाउँमा दर्ता रही आधी जग्गा बाबुले निज पछि मैले भोगेको छु। आधी प्रतिवादीले भोग गरेका छन् । बाबुको अंश हक भोगको प्रतिवादी जीवछ राय यादवको नाउँमा दर्ता रहेको कि.नं. २३४, २३८, ५८४, ५९३, ५९४, ६६, ४८३ र कि.नं. ९९ को जग्गामा मेरो अपुताली हक भएकोमा भोग गर्न नदिएकोले जम्मा ४-१-६ मध्येको २ भागको १ भाग मा पर्ने फिराद दाबीको तपसिलमा उल्लेख भएको तर्फवाट २-०-१३ जग्गा र ज.१ त २३९९ नं. को रु.२,००,०००।- को ट्याक्टरको आधा अपुताली हक कायम गरी दर्ता गराई चलन चलाई पाऊँ भन्ने समेत व्यहोरा फिरादपत्र ।

वादीको बाबु आमाका बीच २०३६ सालको दे.नं. ५४० को अंश मुद्दा र म समेत उपर दे.नं. १०७ को लिखत बदर मुद्दा परी मिलापत्र भै अंश लिनु दिनु गरी २०३७७२८ मा मिलापत्र भैसकेको र तत्पश्चात् वादीका बाबु एवं मेरो काका स्व. जुलुम रायले आफ्नो अंशको जग्गा म जीवछ रायलाई हक हस्तान्तरण

गरिसक्नुभएकोले वादीका बाबु, आमाका नाउँमा जग्गा नै नरहेकोले वादीले अपुताली पाउने अवस्था समेत विद्यमान नभएकोले गैरकानुनी दाबीबाट फुर्सत दिलाई पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी जीवछ यादवको प्रतिउत्तर जिकिर ।

लगाउको मुद्दाहरू फौ.नं.०११०३, दे.नं.००५९७, दे.नं.००९३७, दे.नं.००७९० र फौ.नं.००७९१ को मुद्दाहरू र प्रमाणको ०३७/दे.१०७ र ०३७/दे.९९ साथै रहेको देखिन्छ ।

## अदालतको ठहर

निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट विद्वान् अधिवक्ताद्वय श्री आनन्दमोहन लाल र श्री योगनारायण यादव तथा प्रतिवादीतर्फवाट विद्वान् वरिष्ठ अधिवक्ता श्री गुणबहादुर राउतले गर्नुभएको बहस सुनियो । बहसको क्रममा वादीतर्फका अधिवक्ताहरूले फिराद दाबीलाई समर्थन गर्दै वादीका बाबु प्रतिवादीसँग अंशबण्डा नहुँदै परलोक भएको र हाल प्रतिवादीका नाउँको सबै सम्पत्तिको आधा सम्पत्तिमा यी वादीको अपुताली हक हुने स्पष्ट छ भन्दै ने.का.प.२०५६ अंक २ पृष्ठ १२४, ने.का.प. २०६४ अंक ६ पृष्ठ ७५० र ने.का.प.२०६६ अंक २ पृष्ठ ३४४ मा प्रतिपादित सिद्धान्त समेत प्रस्तुत गर्नुभएको छ भने प्रतिवादी तर्फका वरिष्ठ अधिवक्ताले अंश र अपुताली दुई अलग अलग कुरा हुन् । यी वादी विवाहित छोरी हुन् र यिनका बाबु सगोलका अंशियार होइनन् । प्रमाणमा आएको २०३७ सालको दे.नं. ५४० को अंश मुद्दा र ५४१/१०७ को लिखत बदर मुद्दाको मिसिलबाट वादीका बाबु छुट्टीभिन्न भई आफ्नो भागको सम्पत्ति समेत बकसपत्रवाट प्रतिवादीलाई हस्तान्तरण गरिसकेकोले निजको नाउँमा कुनै सम्पत्ति नहुँदा वादीले अपुताली पाउन सक्ने अवस्था छैन भनी आफ्नो बहसमा जोड दिनुभएको छ ।

उपरोक्तानुसारको तथ्यगत पृष्ठभूमि र कानुन व्यवसायीहरूको बहस बुँदा समेतवाट प्रस्तुत मुद्दामा देहायका प्रश्नमा निर्णय हुनुपर्ने देखिएको छ ।

(१) यी वादी र प्रतिवादीबीच पुस्तावली र नाताको अवस्था के हो ?
(२) वादीका बाबु र प्रतिवादी एकासगोलकै हुन् वा छुट्टीभिन्न भएका हुन् ?
(३) वादीले आफ्नो बाबुआमाबाट केही सम्पत्ति प्राप्त गरेकी छन् वा छैनन् ? अब प्राप्त गर्नुपर्ने बाँकी सम्पत्ति छ, छैन ?
(४) दाबीका विषयमा सान्दर्भिक नजिर के के छन् र प्रस्तुत विवादमा मेल खाने प्रकृतिका छन् छैनन् ?
(५) वादीको फिराद दाबी बमोजिम अपुताली हक कायम हुनुपर्ने हो, होइन ?

**पहिलो प्रश्न :** यो प्रश्न वादी र प्रतिवादीहरूको पुस्तावारी र नातासँग सम्बन्धित छ । फिराद, प्रतिउत्तरपत्र र प्रमाण मिसिल समेतबाट मूल पुर्खा स्व. लक्ष्मण रायका २ छोराहरू जेठा स्व. गुलुम र कान्छा स्व.जुलुम राय रहेको, जेठा गुलुमका छोरा यी प्रतिवादी जीवछ राय र कान्छा जुलुमका छोरा नभई यी वादी छोरी रहेकी र निजको विवाह समेत भइसकेको देखिन्छ । यी वादी र प्रतिवादी दुई भाइका सन्तति देखिन्छन् । यसमा कुनै विवाद रहेको पनि देखिँदैन ।

**दोस्रो प्रश्न :** वादीका बाबु र प्रतिवादी एकासगोलकै हुन् वा छुट्टीभिन्न भइसकेका छन् भन्ने दोस्रो प्रश्न रहेको छ, जुन प्रस्तुत मुद्दाको निर्णयमा महत्वपूर्ण रहेको छ । वादी र प्रतिवादीका कानून व्यवसायीबीच यसै प्रश्नमा बढी दाउपेच चलेको छ । वादीले आफ्नो बाबु प्रतिवादीसँग छुट्टीभिन्न नभई एकासगोलमै रहेकै अवस्थामा मृत्यु भएकोले निजको अंश भाग जति आफुले अपुताली पाउनुपर्ने भनी ०३१ सालको डिसमिस

फैसला, २०४० सालको फौ.नं. ८८ को लुटपिट मुद्दा र हाल चालु फौ.नं. ११०३ को जालसाजी मुद्दाको फिरादको प्रकरण (३) मा उल्लेख भएको व्यहोरालाई आधार लिनुभएको छ भने प्रतिवादीले २०३७ सालको दे.नं. ५४० को अंश मुद्दाको फिरादपत्र र दे.नं.५४१/१०७ को लिखत बदर मुद्दालाई आधार लिनुभएको छ। २०३७ सालको अंश मुद्दा र लिखत बदर मुद्दामा यी वादीकी आमा र पिताबीच मिलापत्र भई अंश लिनु दिनु समेत भएकोले अन्य मुद्दाहरूमा उल्लेख भएका कुराहरू भन्दा यी मुद्दाहरूमा उल्लेख भएका तथा लिए पाएका कुराले विशेष महत्व राख्छन्। दे.नं. ५४० र ५४१ को अंश मुद्दा तथा लिखत बदर मुद्दा वादीकी आमा झलकिया देवीले आफ्नो पति उपर दिएको देखिन्छ र यिनीहरूबीच लिनु दिनु हुने गरी मिलापत्र भएको देखिन्छ। एकआपसमा भाग लगाई सम्पत्ति लिनु दिनु गरेपछि त्यो ती अंशियारबीच प्रत्यक्ष वा परोक्ष जे जस्तो अवस्था रहे पनि अंश भाग लिई अलग भएको मान्नुपर्छ। वादीका पिताले आफ्नो भागको सबै सम्पत्ति प्रतिवादी जीवछलाई बकसपत्र गरी हक हस्तान्तरण गरेको देखिन आउँछ। हक प्राप्त व्यक्ति स्वयंले आफ्नो सम्पत्ति हक हस्तान्तरण गरेकोलाई अन्यथा भन्न सकिने अवस्था समेत हुँदैन।

**तेस्रो प्रश्न :** यो प्रश्न वादीले आफ्नो बाबु आमाबाट केही सम्पत्ति लिए पाएको छ, छैन भन्ने विषयसँग सम्बन्धित रहेको छ। माथि उल्लेख भएको प्रमाणमा आएको ०३७ सालको दे.नं. ५४० को अंश मुद्दामा ०३७।७।२८।५ मा मिलापत्र भई कि.नं. २९० को ०-१५-१५ जग्गा तथा दे.नं. ५४१/१०७को लिखत बदर मुद्दामा भएको सोही मितिकै मिलापत्रबाट कि.नं.२६३ मध्येबाट ०-०-५ जग्गा यी वादीको आमाले अंश बापत प्राप्त गरी र.नं.४७४६ मिति ०४०।३।२९ मा तथा र.नं. १८४३ मिति ०४४।१०।११ मा बकसपत्र पारित गरी यी वादीलाई दिएको देखिन्छ। वादीका पिताले आफ्नो नाउको बाँकी सबै जग्गा प्रतिवादी जीवछ रायलाई हक छोडिदिएको देखिन्छ। सो क्रियाबाट यी वादीका पिताले आफ्नो अंश हकको सबै सम्पत्ति परित्याग गरेको मान्नुपर्छ र निजको नाउमा कुनै पनि सम्पत्ति रहेको दिखिँदैन। सगोलको सम्पत्तिवाट आमाले केही सम्पत्ति लिई मिलापत्र गरेको र बाबुको नाउँको बाँकी सबै सम्पत्ति निजले प्रतिवादी भतिजा जीवछ रायलाई हक हस्तान्तरण गरिदिएकोबाट यी वादीले अपुतालीमा पाउने सम्पत्ति केही पनि बाँकी रहेको देखिँदैन। प्रमाणको दे.नं. ५४० को अंश मुद्दाको प्रतिउत्तर पत्र अध्ययन गर्दा यी वादी तथा आमाले जुलुम रायलाई धेरै दुःख दिई हेलाहोचो गरेको र भतिज जीवछले राम्रोसँग लालन पालन गरेको भन्ने समेत देखिन्छ। सो व्यहोराबाट यी वादीले बाबुको अपुताली पाउने नैतिक आधार समेत गुमाएको देखिन्छ।

**चौथो प्रश्न :** यो प्रश्न वादी दाबीका विषयमा रहेका सम्बद्ध नजिरको विवेचनासँग सम्बन्धित छ। वादीतर्फका अधिवक्ताबाट ने.का.प.२०५६ अंश २ पृष्ठ १२४, ने.का.प. २०६४ अंक ६ पृष्ठ ७०५ र ने.का.प.०६६ अंक २ पृष्ठ ३४४ का नजिर प्रस्तुत भएका छन्। प्रतिवादी तर्फबाट कुनै पनि नजिर पेस भएका छैनन्। अध्ययनको क्रममा ने.का.प.०६५ अंक ५ पृष्ठ ६१३ मा प्रकाशित नजिर समेत प्रस्तुत विवादसँग सम्बद्ध रहेको इजलासले ठानेको छ। २०५६ सालको नजिरले सगोलका अंशियारको सहमति र मञ्जुरीबेगर सगोलकै अन्य अंशियारले बकसपत्र गरिदिएमा बेमञ्जुर अंशियारको भाग बदर हुने कुरामा जोड दिएको देखिन्छ भने २०६४ सालको नजिरले संगोलका अंशियार मरेमा छोरीहरूले अपुताली पाउने र सम्पत्ति नछुट्टिएको कारणले छोरीलाई अपुतालीवाट वञ्चित गर्न नहुने भन्ने कुरामा जोड दिएको देखिन्छ। २०६६ सालको नजिरले अंश नलिई सगोलमा रहेका बेला कुनै अंशियारको नाममा नामसारी भए पनि वा संयुक्त नाममा रहे पनि त्यसबाट सबै अंशियारलाई भाग लाग्ने भन्ने कुरामा जोड दिन खोजेको देखिन्छ। यसैगरी २०६५ सालको नजिर अलि पृथक् ढंगको देखिन्छ। यसले अंशलाई अपुतालीको माध्यमबाट प्राप्त गर्न कुनै सम्पत्तिमा जो व्यक्तिको अपुताली परेको छ भन्ने दाबी छ उसको स्वामित्व कायम भइसकेको हुनुपर्छ। अपुताली पाउनेले अपुताली प्राप्त गर्ने हकको आधारमा मरिसकेको अंशियारलाई अंश दिलाउन वा अंशको

दाबी गर्न नपाउने, अंश लिई भिन्न नहुँदै परलोक भएपछि छोरा नहुने र अविवाहिता छोरी नहुने त्यस्ता अंशियारहरूको अंशको हक निजहरूको देहावसानसँगै समाप्त भइसकेको मान्नुपर्ने, त्यस्तो पैतृक सम्पत्ति विवाहिता छोरीहरूमा बन्डा लाग्ने अवस्था नै नआउने भन्दै बाबु आमाको अंश कायम भै नसक्दै विवाह भै आ-आफ्नो घर गइसकेका छोरीहरूले बाबु वा आमाको अपुतालीमा दाबी गर्न पाउने अवस्था नहुने भनी सिद्घान्त स्थापित गरेको देखिन्छ । माथि उल्लिखित अन्य नजिरहरू भन्दा प्रस्तुत नजिर यो मुद्दामा बढी सान्दर्भिक र मेल खाने देखिन्छ ।

**पाँचौं प्रश्न** : यो प्रश्न अन्तिम हो जो वादीको फिराद दाबी बमोजिम अपुताली हक कायम हुन सक्ने हो, होइन भन्ने विवेचनासँग सम्बन्धित छ । माथि विभिन्न प्रकरणमा उल्लेख भएका तथ्य, प्रमाण र नजिर समेतका आधारमा वादीका पिता २०३७ सालको अंश मुद्दा र लिखत बदर मुद्दामा भएको मिलापत्र समेतबाट प्रकारान्तरले अलग भएको देखिएको, आफ्नो नाउको बाँकी सबै सम्पत्ति भतिजो जीवछ रायलाई बकसपत्रबाट हक हस्तान्तरण गरी दिई आफ्नो नाउमा कुनै सम्पत्ति बाँकी नराखेको, वादी सोभन्दा अगावै विवाहित भइसकेकी र आमाले अंश बापत पाएको जग्गा समेत निजले बकसपत्रबाट प्राप्त गरिसकेको, बाबुलाई अंश नलिएको मानिएको अवस्थामा पनि ०६५ सालको माथि उल्लिखित नजिरबाट मृत्युसँगै निजको अंश हक समाप्त भएको मानिनुपर्ने भएको र यी वादी र निजको आमाले पिता पति जुलुम रायलाई हेलोहोचो गरेकै कारणले आफ्नो नाउको सबै सम्पत्ति प्रतिवादीलाई हक हस्तान्तरण गरिदिएको परिप्रेक्ष्यमा वादीले दाबी गरे अनुसार अपुताली हक कायम गर्न मिल्ने अवस्था देखिएन । प्रतिवादीको नाउको सम्पत्तिमध्ये मृतक बाबुको अंश हकको सम्पत्तिमा अपुताली हक कायम गरी पाउँ भन्ने वादीको फिराद दाबी पुग्न सक्तैन । सो ठहर्नाले अरूमा तपसिलमा लेखिए बमोजिम हुने गरी अ.वं. १८६ नं. वमोजिम फैसला गरिदिएँ ।

## तपसिल

१. माथि ठहर खण्डमा लेखिए बमोजिम वादी दाबी नपुग्ने ठहरी फैसला भएकोले वादीले फिराद पत्रसाथ दाखिल गरेको कोर्ट फी जफत हुन्छ, अरू केही गरिरहनु परेन ।
२. यस इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्न जानु भनी वादीको नाउमा अ.वं. १९३ नं. बमोजिम पुनरावेदनको म्याद जारी गर्नू ।
३. सरोकारवालाले फैसलाको नक्कल माग्न आए नियमानुसार सारी सराइदिनू ।
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

फैसला तयार गर्ने डिट्ठा :- सुनिता कार्की

**(जिल्ला न्यायाधीश)**

**ईति संवत् २०६९ साल मंसिर २० गते रोज ४ मा शुभम्...................।**

**श्री गोरखा जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री लिप्तबहादुर थापा छेत्री**
**फैसला**
**संवत् २०६८ सालको सा.दे.नं.८/५८ नि.नं.९४**

**मुद्दा :- जग्गा खिचोला मेटाई चलन चलाई पाऊा ।**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| गोरखा जिल्ला मनकामना गा.वि.स.वडा नं.२ वस्ने दुर्गाबहादुरको छोरा वर्ष ५७ को भुपालबहादुर थापा......................................................१ | गंगावहादुरको छोरा गोरखा जिल्ला मनकामना गा.वि.स.वडा नं.१ वस्ने वर्ष ४२ को रोशनबाबु थापा..........................................................१<br>ऐ.को छोरा ऐ.ऐ.बस्ने वर्ष ३६ को सानुभाइ थापा.......१<br>ऐ.को छोरी ऐ.ऐ. बस्ने वर्ष ३२ की जुना थापा.........१<br>लिलाम्बर थापाको छोरा ऐ.ऐ.बस्ने वर्ष ५६ को गंगाबहादुर थापा ..........................................१<br>जितबहादुर र देवकुमारीको छोरा गोरखा जिल्ला मनकामना गा.वि.स.वडा नं.१ घर भै हाल विदेश भारततर्फ गै फर्की आउने ठेगाना नभएको वर्ष ३३ को ईश्वर थापाको हकमा मु.ऐन अ.वं.८३ नं.बमोजिम अदालतको अनुमति प्राप्त भै आफ्नो हकमा समेत जितबहादुरको श्रीमती गोरखा जिल्ला मनकामना गा.वि.स.वडा नं.१ बस्ने वर्ष ५९ की देवकुमारी थापा मगर..................................................१ |

न्याय प्रशासन ऐन २०४८ को दफा ७ र अ.वं.२९ नं.समेतले यसै अदालतको क्षेत्राधिकारभित्र दायर भएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार छ ।

कि.नं.८५६ क्षे.फ.०.१.०.०. मध्ये बीचको कि.नं.८९८ क्षे.फ.०.०.१.३.को जग्गा मिति २०५८।९।२३ र.नं.७५७ बाट मालपोत कार्यालय गोरखाबाट कजिनी श्रेष्ठसँग राजीनामा पारित गरी हक हुन आएको मेरो हक भोग स्वामित्वको जग्गामा घर समेत निर्माण गरी भोग चलन गरि आएको यसअघि कोही कसैको खरखिचोला नभएको उक्त जग्गामा विपक्षीहरू सबै मिली मेरो घर जग्गामा आई मेरो घर जग्गा मलाई उपभोग गर्न नदिने उद्देश्यले मिति २०६८।२।५ गते दिनको अ.११ बजेको समयमा मेरो उक्त गोरखा जिल्ला मनकामना गा.वि.स.वडा नं.१ को कि.नं.८९८ को जग्गामा हटक खिचोला गर्न आउनुभएकाले मेरो साक्षी प्रमाण बुझी नक्सा सर्जमिन समेत गरी उक्त जग्गामा विपक्षीहरूको खिचोला मेटाई चलन समेत चलाई पाऊँ भन्ने समेत व्यहोराको वादी भुपालबहादुर थापाको फिराद दाबी ।

विपक्षीको फिरादमा उल्लिखित सम्पूर्ण व्यहोरा विल्कुल निराधार र काल्पनिक व्यहोरामा आधारित छ ।

हामीले विपक्षीको जग्गामा खिचोला गरेका छैनौं । केवल विपक्षीले हामीलाई दुःख हैरानी दिने नियतले मात्र हामीहरू उपर प्रस्तुत मुद्दा दायर गर्नुभएको हो । विपक्षीको गोरखा मनकामना वडा नं.१ को कि.नं.८९८ क्षे.फ.०.०.१.३. को जग्गा विपक्षीले निर्बाध रूपमा उपभोग गरिरहनुभएको छ, त्यसमा हामीले कुनै खरखिचोला गरेका छैनौं । विपक्षीले आफ्नो कि.नं.८९८ को दर्ताको नाताले सो कि.नं.को आडको सार्वजनिक जग्गामा घरटहरा समेत निर्माण गरी दाबी गर्न आउनुभएको र विपक्षीले सार्वजनिक जग्गामा दाबी गर्न आउनुभएको कारण हाम्रो बाटो निकास समेतमा बाधा परेको कारण हामीले विपक्षीलाई सार्वजनिक जग्गामा अतिक्रमण नगर्न अनुरोध गर्दा समेत अटेर गर्नुभएको र नापी कार्यालय गोरखाबाट डोर माग गरी जग्गाको साँध सिमाना छुट्टयाउँदा समेत विपक्षीले सार्वजनिक जग्गामा दाबी गर्न नछोडी अटेर गर्दै आउनुभएकोमा हाल आएर उल्टै विपक्षीले हामी उपर जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ भनी फिराद दायर गरेको पाउँदा आश्चर्यमा परेका छौं । विपक्षीको फिराद झुट्टा हो । तसर्थ : विपक्षीको झुट्टा फिराद खारेज गरी विपक्षीको झुट्टा फिराद दाबीबाट अलग फुर्सद दिलाई न्याय दिलाई पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी गंगाबहादुर थापा समेतको संयुक्त प्रतिउत्तर जिकिर ।

यस अदालतको मिति २०६८।११।१८ मा भएको आदेशानुसार सम्बन्धित जग्गाको नाप नक्सा तथा सर्जमिन मुचुल्का मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा वादी भुपालबहादुर थापाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामबहादुर पोखरेलले प्रतिवादीहरूको जग्गासँग मेरो पक्षको जग्गाको साँध सिमाना नै जोडिएको छैन । यस अदालतबाट भएका दुईवटा नक्सा मुचुल्का मध्ये पहिले भएको नक्सा मुचुल्काबाट न.नं.११, १२, १३, १४ का जग्गाहरू प्रतिवादीहरूले हटक खिचोला गरेको अवस्था देखिएको छ । न.नं.१६ र १७ का जग्गाहरू कि.नं.२१४ को जग्गाभित्र पर्दछन् । आफ्नो हकै नभएको कि.नं.२१४ भित्र पर्ने न.नं.१७ को जग्गा भोग गर्न आएको नाताले मेरो पक्षको हक भोगको जग्गामा हटक खिचोला गर्न आई न.नं.१७ बाट बाटोसम्म जानको लागि मेरो पक्षको जग्गाबाट निकास बाटो खोजेको अवस्था छ । सर्जमिनका सबै मानिसहरूले मेरो पक्षको जग्गा प्रतिवादीहरूले हटक खिचोला गरेको भनी लेखिदिएका छन् । प्रतिवादी गंगावहादुर थापा मगरको कि.नं. ९५९ को जग्गामा निजको छोरीले पक्की घर बनाई बसेको अवस्था छ । न.नं.१७ को जग्गालाई कि.नं.९५९ भित्रको जग्गा भनी आएको अवस्था छ । जुन नापी नक्साबाट मिल्न भिड्न आउँदैन । मेरो पक्षले सार्वजनिक जग्गा मिचेको भन्ने प्रतिवादीहरूको भनाइ भए कताबाट मिची खाएको हो सो सबै व्यहोरा खुलाई फिरादपत्र लिई सो खिचोलातर्फ आउनुपर्दथ्यो, त्यस्तो अवस्था पनि छैन । मेरो पक्षको जग्गा जति बेला हटक खिचोला भयो त्यसपछि मुद्दा दायर गरेको हुँदा हदम्यादभित्र फिराद परेको छ । सार्वजनिक जग्गा मिचेको भए पनि मोहोडातर्फ खिचोला हुनुपर्ने हो पछाडि मिचेको देखिएको छ । लगाउका छुट्टाछुट्टै मुद्दाका वादी मेरा पक्षहरू रहेकाले निजहरूको दर्ताहकको जग्गा प्रतिवादीहरूले हटक खिचोला गरेको नक्सा मुचुल्का लगायतका प्रमाणहरूबाट समर्थन र पुष्टयाइँ भएकाले दाबी अनुसार न.नं.११, १२, १३, १४ का जग्गाहरू प्रतिवादीहरूले खिचोला गरेको ठहर हुनुपर्दछ भनी बहस गर्नुभयो ।

प्रतिवादी गंगाबहादुर थापा मगर समेत जना ६ को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री स्थानेश्वर दुवाडीले चारवटा मुद्दाका वादीहरूले सार्वजनिक जग्गा हटक खिचोला गरेकाले सो जग्गा खान प्रयोग गर्नका लागि वादीहरूका फिरादपत्रहरू आएको अवस्था छ । वादीहरूले फिरादपत्रमा जग्गा मिच्नेको १, १२, १४ र १८ नं.अनुसारको दाबी लिई आएको देखिन्छ । जुन यी मुद्दामा उठाएका प्रसंग र विवादसँग मेल खाँदैन ।

वादी र मेरा पक्षहरूवीच २०६३ सालभन्दा अघि, २०६३ सालमा र २०६६ सालपछि समेत विवाद परी नापी कार्यालय समेतबाट नाप नक्सा भै प्रतिवेदन समेत तयार भएको अवस्था छ । यस सन्दर्भमा वादीहरू सबैको फिरादपत्र जग्गा मिच्नेको १८ नं.मा उल्लिखित हदम्यादभित्र नपरेकाले हदम्यादकै आधारमा खारेज हुनुपर्दछ । यस अवस्थामा तथ्यभित्र प्रवेश गरी मुद्दाको विवेचना गर्न आवश्यक छैन । लगाउका मुद्दाका वादीहरू सबैको जग्गाहरू निजहरूको नाउँमा दर्ता रहेको क्षेत्रफलभन्दा धेरै बढेको अवस्था हुँदा मेरा पक्षहरूले खिचोला गरे भन्ने भनाइ झुट्ठा सावित भएको छ । मेरा पक्षहरूले वादीहरूको दर्ता श्रेस्ताभित्रको जग्गालाई मात्र स्वीकार गरेका हुन्, सोभन्दा वढी जग्गामा स्वीकार गरेको अवस्था छैन । मेरा पक्ष गंगाबहादुर थापाको छोरा छोरी, सम्धिनी समेतका एकै परिवारका व्यक्तिहरूलाई प्रतिवादी बनाई मुद्दा दायर गरी दुःख दिने नियतले आएको स्थिति छ । मेरो पक्षहरूले सार्वजनिक जग्गामा फिरादपत्र दायर नगरे पनि सार्वजनिक जग्गा मिचेर खाने अवस्था रहँदैन । सीमित दर्ताको जग्गाको अवस्थामा सोभन्दा बढी सार्वजनिक जग्गा कब्जा गरेकाले त्यस्तो भन्न मिल्दैन । पाइँदैन । वादीहरूले आफ्नो दर्ताको जग्गा निर्बाध रूपमा भोग गरी आएका छन । सोभन्दा वढी सार्वजनिक माग गर्न पाइँदैन । छुट्टाछुट्टै मुद्दाका वादीहरूमध्ये मोतीलाल थापाले मात्र पिछाडतर्फ खिचोला गरेको दाबी छ । अन्य वादीहरूको पिछाडतर्फको दाबी छैन । यी सबै तथ्य र पृष्ठभूमिको आधारबाट लगाउका चारवटा मुद्दाहरूका वादीहरूका जग्गा मेरो पक्षहरूले हटक खिचोला गरेको अवस्था नहुँदा प्रथमतः सबै मुद्दामा हदम्यादको आधारमा खारेज हुनुपर्दछ । इन्साफ हुने नै भए पनि दाबी नपुग्ने गरी फैसला हुनुपर्दछ भनी बहस गर्नुभयो ।

उक्त बहस जिकिरलाई ध्यानमा राख्दै मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा यस मुद्दामा निम्नलिखित प्रश्नहरू उठेका हुँदा ती प्रश्नहरूको निरुपण उपलब्ध तथ्य र प्रमाणहरूको विश्लेषबाट गर्नुपर्ने देखिएको छ ।

१ मुद्दा हदम्यादभित्र दायर भएको छ, छैन ?

२ वादीको दाबी आफ्नो दर्ता हकभित्र सीमित छ, छैन ?

३ वादीको नाममा दर्ता कायम रहेको कि.नं.८९८ क्षे.फ.०.०.१.३.को जग्गा भित्र प्रतिवादीहरूले हटक खिचोला गरेको देखिन्छ, देखिँदैन ?

४ हटक खिचोला गरेको देखिए के कति जग्गा प्रतिवादीहरूले हटक खिचोला गरेको देखिन आउँछ ?

५ निकास बाटोतर्फ यस मुद्दा र लगाउका मुद्दाहरूका वादीहरूले सार्वजनिक जग्गा च्यापी उपभोग गरेको भनी प्रतिवादीहरूले उठाएको प्रसंग प्रस्तुत मुद्दा र लगाउका मुद्दाहरूबाट विचार हुन सक्छ, सक्दैन ?

यस मुद्दामा प्रतिवादीहरूले उठाएको हदम्यादको प्रश्नतर्फ विचार गर्दा वादीहरूले आफ्नो जग्गा मिति २०६८।२।५ गते दिनको अ.१:०० बजेको समयमा मेरो घर जग्गामा प्रतिवादीहरूले खिचोला गर्न आएको भन्ने आधारमा मिति २०६८।४।४ मा प्रस्तुत मुद्दाको फिरादपत्र दायर गर्न आएको पाइन्छ । प्रतिवादीहरूले २०६३ भन्दा पहिले नै वादी र प्रतिवादीहरूबीच यसै जग्गाको विषयमा विवाद परी नापी कार्यालय समेतबाट नाप नक्सा प्रतिवेदन तयार भएको परिप्रेक्ष्यमा जग्गा मिच्नेको महलको १८ नं.अनुसार जग्गाको कुरामा थाहाँ पाएको मितिले ६ महिनाभित्र नालेस दिनुपर्ने व्यवस्था भएकोमा लामो समयावधि व्यतीत भएपछि फिरादपत्र पर्न आएकोले हदम्यादको आधारमा खारेज हुनुपर्छ भन्ने बहस जिकिर प्रतिवादीहरूका कानुन व्यवसायीले लिएको पाइयो । यसै सन्दर्भमा वादीका कानुन व्यवसायीले जुन मितिको हटक खिचोलाको कार्यबाट मेरा पक्षहरू प्रभावित हुनुभयो सोही मितिलाई घटना भएको मिति कायम गरी फिराद दायर भएको अवस्था हुँदा हदम्यादको

प्रश्न आकर्षित हुन सक्दैन भनी आफ्नो तर्क राखेको पाइयो । यस परिप्रेक्ष्यमा वादीले आफ्नो हक भोगको घर जग्गा यस मितिमा हटक खिचोला गरे भनी तथ्यगत आधारमा समय समेत उल्लेख गरी हदम्यादको उल्लेख सहित फिरादपत्र दायर गरेको देखिन्छ । वादीको हक अधिकार जति बेला प्रभावित बन्न पुग्यो, त्यो समयलाई उल्लेख गरी आफ्नो दाबी लिई आएको अवस्थामा त्यसलाई इन्कार गर्नु न्यायको रोहबाट उपयुक्त भएन । यसर्थ वादीको फिरादपत्र हदम्यादभित्र दायर भएको पाइदा प्रतिवादी तर्फबाट उठाइएको हदम्यादको प्रश्न ग्रहणयोग्य देखिएन ।

अब वादीको दाबी आफ्नो दर्ता हकभित्र सीमित छ, छैन ? भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, वादीले आफ्नो हक भोग स्वामित्वको घर जग्गामा हटक खिचोला गरेको भनी कि.नं.८९८ को जग्गाको हकको स्रोतसहित दाबी लिएको देखिन्छ । सो दाबी अनुरूप नापीको नक्सा  र यस अदालतबाट दुई छुट्टाछुट्टै मितिमा भएका दुईवटा नक्सा मुचुल्कामा रहेको वादीको कित्ताको नक्साको आकृति र स्वरूप एक अर्कासँग मिले भिडेको अवस्था देखिन्छ । यस परिप्रेक्ष्यमा वादीको दाबी आफ्नो दर्ता हकभित्र सीमित रहेको देखिन आयो ।

अब वादीको नाममा दर्ता कायम रहेको कि.नं.८९८ क्षे.फ.०.०.१.३. जग्गाभित्र प्रतिवादीहरूले हटक खिचोला गरेको देखिन्छ, देखिँदैन भन्ने तेस्रो प्रश्नका सन्दर्भमा विचार गर्दा, वादीले आफ्नो हक रहेको जग्गासँग साँध सिमाना नै नजोडिएका प्रतिवादीहरूले पश्चिमतर्फको पिछाडबाट खिचोला गरेको भनी नापीको नक्सा समेतको आधारमा दाबी लिएको देखिन्छ । सो दाबीलाई यस अदालतबाट भएका दुईवटा नक्सा मुचुल्काले नक्साको आकार र स्वरूपलाई समर्थन गरिरहेको देखिन्छ । यसैको पृष्ठभूमिमा मिति २०६९।१।७ मा यस अदालतबाट भएको नक्सा मुचुल्कामा यस मुद्दा र लगाउका तीन थान मुद्दाका वादीहरूको न.नं.११, १२, १३, १४ का जग्गाहरू प्रतिवादीहरूले हटक खिचोला गरेको भनी रातो मसीले रेखाङ्कन गरी छुट्याएको देखिन्छ । यस पृष्ठभूमिमा वादीको हक रहेको जग्गामा प्रतिवादीहरूले हटक खिचोला गरेको तथ्यलाई प्रमाणित गरेको देखिन आएको छ ।

हटक खिचोला गरेको देखिए के कति जग्गा प्रतिवादीहरूले हटक खिचोला गरेको देखिन आउँछ भन्ने चौथो प्रश्नतर्फ विचार गर्दा, यस अदालतबाट पछिल्लो पटक मिति २०६९।८।८ मा भएको नक्सा मुचुल्काबाट न.नं.६ र १४ को क्षे.फ.०.१.०.२. जग्गा वादीको भोगमा रहेको देखिन आउँछ । यसबाट वादीको नाममा दर्ता रहेको क्षेत्रफलभन्दा २ पैसा ३ दाम क्षेत्रफल जग्गा बढी भोग गरी आएको देखिन आउँछ । यस अदालतबाट मिति २०६९।१।७ मा भएको नक्सा मुचुल्कालाई यथावत् कायम राख्दै सो नक्सामा नखुलेका कुराहरू थप खुलाउने प्रयोजनका निम्ति यस अदालतबाट पुनः नक्सा मुचुल्का गर्ने आदेश भै सो अनुसार मिति २०६९।८।८ मा भएको नक्सा मुचुल्का समेत दुवै नक्सा मुचुल्का एवं नापीको नक्सा समेतलाई एकआपसमा भिडाई तुलनात्मक रूपमा विश्लेषण र विवेचना गरेपछि मात्र प्रस्तुत मुद्दामा र यसै लगाउका मुद्दाहरूमा उठाइएका हटक खिचोला सम्बन्धी प्रश्नहरू निरुपण गर्न सकिने अवस्था देखिन्छ । यस मुद्दाबाट वादीको हक रहेको कि.नं.८९८ को क्षे.फ. ०.०.१.३. घर जग्गा रहेकोमा सो हक भोगको क्षे.फ.मध्ये मिति २०६९।१।७ मा भएको पहिलो नक्सा मुचुल्काबाट न.नं.१२ क्षे.फ.०.०.०.१ वादीको हक रहेको जग्गासम्ममा प्रतिवादीहरूले हटक खिचोला गरेको स्पष्टतः देखिन आएको छ । यस सन्दर्भमा हामीले वादीको जग्गा हटक खिचोला गरेका छैनौं भन्ने प्रतिवादीहरूको प्रतिउत्तर जिकिर र निजहरूका तर्फबाट उपस्थित कानुन व्यवसायीले बहसको क्रममा लिएको बहस जिकिर समेत नापीको नक्सा, वादीको हकको स्रोत, यस अदालतबाट भएका नक्सामा उल्लिखित तथ्यमा आधारित भएको नपाइँदा त्यस्तो जिकिर न्यायको रोहबाट ग्रहणयोग्य देखिएन ।

निकास बाटोतर्फ यस मुद्दा र लगाउका मुद्दाहरूमा वादीहरूले सार्वजनिक जग्गा च्यापी उपभोग गरेको भनी प्रतिवादीहरूले उठाएको प्रसंग प्रस्तुत मुद्दा र लगाउका मुद्दाहरूबाट विचार हुन सक्छ, सक्दैन भन्ने पाँचौं प्रश्नका सन्दर्भमा विचार गर्दा, यस अदालतबाट मिति २०६९।८।८ मा भएको नक्सा मुचुल्काको न.नं.१२ देखि १६ सम्मका जग्गाहरू कसैको नाममा दर्ता नभएका सार्वजनिक प्रकृतिका जग्गाहरू यस मुद्दा र लगाउ मुद्दाका वादीहरूले उपभोग गरी आएको देखिन आउँछ। ती जग्गाहरूका सम्बन्धमा यस मुद्दा र लगाउका मुद्दाहरूका वादीहरू उपर कसैको नालेस उजुर नपरेको र परेको अवस्थामा विचार हुन सक्ने नै अवस्था विद्यमान हुँदा हाल सो विषयमा यस मुद्दाबाट विचार गर्न मिल्ने अवस्था देखिएन ।

माथि विवेचना गरिएका तथ्य एवं आधारहरूबाट वादी भुपालबहादुर थापाको हक भोगको कि.नं.८९८ को क्षे.फ.०.०.१.३. जग्गाभित्र पर्ने पश्चिम पिछाडतर्फ रहेको मिति २०६९।१।७ मा भएको नक्साको न.नं.१२ को ०.०.०.१. क्षे.फ. जग्गा प्रतिवादीहरूले हटक खिचोला गरेको देखिँदा सो जग्गाको हटक खिचोला मेटाई चलन समेत चलाई लिन पाउने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादीको कि.नं.८९८ को जग्गाको पश्चिम पिछाडतर्फ रहेको मिति २०६९।१।७ मा भएको नक्साको न.नं.१२ को क्षे.फ.०.०.०.१ को जग्गा प्रतिवादीहरूले हटक खिचोला गरेको देखिँदा सो जग्गाको खिचोला मेटाई चलन समेत चलाई पाऊँ भनी मुद्दा अन्तिम भएपछि वा पुनरावेदनको अवस्था नाघेपछि ऐनका म्यादभित्र वादीको रीतपूर्वकको दरखास्त परेमा लाग्ने अढाई दस्तुर लिई चलन चलाइदिनू.........................................................................................................१

वादी भुपालबहादुर थापा के निजले फिराद साथ राखेको कोर्ट फी रु ३४०।- भराई पाऊँ भनी प्रतिवादीहरूको यसै सरहदको जेथा देखाई कोर्ट फी ऐन, २०१७ को दफा १५ को म्यादभित्र दरखास्त दिए केही दस्तुर नलिई प्रतिवादीहरूबाट भराई दिनू.............................................................................................२

यस इन्साफ उपर चित्त नबुझे ३५ (पैंतीस) दिनभित्र श्री पुनरावेदन अदालत पोखरामा पुनरावेदन गर्नू भनी अनुपस्थित प्रतिवादीहरूका नाउमा पुनरावेदनको म्याद जारी गर्नु .............................................३

सरोकार वाला व्यक्तिले फैसलासहितको नक्कल माग गरे ऐन नियमले लाग्ने दस्तुर लिई नक्कल दिनु ..........४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन परे पुनरावेदन अदालत पोखरामा पठाउने गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू ....................................................................................५

माननीय जिल्ला न्यायाधीशज्यूले बोली
टिपाए अनुसार टिपी कम्प्युटर टाइप
गर्ने फाँटवाला ना.सु माधव घिमिरे.।

**न्यायाधीश**

**ईति संवत् २०६९ साल पौष ४ गते रोज ४ शुभम्..................।**

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश चन्द्रबहादुर सारु**
**फैसला**
**संवत २०६६ सालको दु.दे.नं.३९-०६६-०४९८०**

**मुद्दा :- दूषित दर्ता बदर दर्ता ।**
**नि.नं. :- ९४**

**वादीको नाम, थर, वतन**

स्व.हर्षबहादुर कपाली र स्व. मोतीमाया कपालीको छोरा बुहारी स्व.शिवप्रसाद कपालीको श्रीमती का. जि. का. म. न. पा. वडा नं. ३० मा बस्ने लक्ष्मी देवी कपाली.......................................................१
ऐ.ऐ.बस्ने स्व.शिवप्रसाद कपालीको छोरा लक्ष्मीप्रसाद कपाली .......................................................१
ऐ.ऐ.बस्ने ऐ.को नै छोरा नरेन्द्र कपाली.......................१
ऐ.ऐ.बस्ने निज शिवप्रसादको नै छोरा रमेश कपाली.....१
ऐ.ऐ.बस्ने स्व.नारायणप्रसाद कपालीको श्रीमती वर्ष ७४ की श्रीमती छोरी कपाली.............................१
ऐ.ऐ.बस्ने स्व.नारायणप्रसादको छोरा अनिल कपाली....१
ऐ.बस्ने निज स्व.नारायण कपालीको छोरी सुश्री निर्मला कपाली .......................................................१
ऐ.ऐ.बस्ने निज नारायण कपालीकै छोरा सुनिल कपाली.........................................................१
ऐ.को प्रमाण...साक्षी ...कागज..........

**प्रतिवादीको नाम, थर, वतन**

अखण्ड शम्शेर ज.ब.रा.को नाति कुमुद शम्शेर ज. ब. रा. को छोरा का. जि. का. म. न. पा. वडा नं. १५ स्वयम्भु छाउनी मार्ग बस्ने वर्ष ४१ को कपिल शम्शेर जङ्गबहादुर राणा.................................१
ऐ.को प्रमाण....साक्षी ...कागज

**अदालतबाट बुझेको**
**साक्षी ..कागज ....**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं.२९ नं.बमोजिम प्रस्तुत मुद्दा यसै अदालतको क्षेत्राधिकारभित्रको भै टिपोट तथ्य यस प्रकार रहेको छ :-

फिरादी हामी अंशियारहरूको ससुरा तथा बाजे स्व हर्षबहादुर कपाली तथा सासू तथा बजै स्व.मोतीमाया कपाली (कुस्लेनी) को पहिले नै आफ्नो कालगतिले मृत्यु भइसकेको अवस्था छ। उहाँहरूको कोखबाट २ छोराहरूको जायजन्म भएकोमा जेठा छोरा शिवप्रसाद कपाली तथा कान्छो छोरा नारायणप्रसाद कपाली भई निजहरूको पनि पहिले नै आफ्नो कालगतिले मृत्यु भइसकेको अवस्था छ। हामी फिरादीहरूको पैतृक सम्पत्ति अबण्डा हुँदा उचित नहुने भएकाले हामी फिरादीहरूले हाम्रो पैतृक सम्पत्ति खोज्दा हाम्रो सासू तथा

बज्यै स्व.मोतीमाया कपाली (कुस्लेनी) को नाममा साविक वडा नं.२६ हाल का.म.न.पा.वडा नं.१ दरबारमार्ग अन्नपूर्ण होटल परिसरमा २-४-०-० जग्गा भएको सोमध्येको केही भाग हक हस्तान्तरण भइसकेको र केही जग्गा हालसम्म पनि बाँकी नै छ भनि हामी फिरादीहरूबीच छलफल तथा इष्टमित्रहरूले समेत भनेको हुँदा सम्बन्धित मालपोत कार्यालयमा गई मिति २०६६।११।३ का दिन नक्कल सारी हेर्दा, हाम्री अंशियारसासु तथा बजै स्व.मोतीमाया कपालीले मिति २०२३।९।२८।५ का दिन श्री देवेन्द्र शम्शेरको नाममा कायम भएको जग्गामध्ये साविक काठमाडौं वडा नं.२६ पूर्व सडक पश्चिम होटल डेला अन्नपूर्णको उत्तर डेला अन्नपूर्ण जाने मूलबाटो दक्षिण टोवाको कम्पनी रहेको साविक काठमाडौं दोस्रो मालमा दर्ता रहेको ७६७ नं.मौजा नाराहिटी सेतो दरबार खेत रोपनी २-४-०-० जग्गा हाम्री सासू तथा बज्यै स्व.हर्कबहादुर कपालीको श्रीमती स्व.मोतीमाया कपालीले उक्त जग्गा राजिनामाबाट खरिद गरी लिनुभएको रहेछ । स्व.मोतीमाया कपालीले विपक्षी प्रतिवादीकी बजै हेलेन शाहबाट रु.२७,०००।- कर्जा लिई मिति २०२५।७।२ मा निज हेलेन शाहले मोतीमायासँग लिखत गराएकी र सो लिखतको आधारमा मुद्दा चली मिति २०२६।११।२६ मा फैसला भई सो फैसला अनुसार हाम्री सासू तथा बजै स्व.मोतीमाया कपालीको नाममा कायम रहेको साविक २-४-०-० जग्गामध्येबाट ०-१२-१-१ जग्गा मिति २०२५।७।२ को लिखतलाई मिति २०२७।३।२७ मा र. नं.४३४४ बाट रजिष्ट्रेशन पारित भएको रहेछ ।

मोतीमाया कपालीको नामको साविक २-४-०-० जग्गामध्येबाट ०-१२-१-१ जग्गा मात्र कित्ताकाट गराई हेलेन शाहको नाममा दा.खा.गराई बाँकी १-७-३-१ जग्गा हाम्री सासू तथा बजै मोतीमायाको नाममा बाँकी राख्नुपर्नेमा निज हेलेन शाहले जालसाजी गरी विभिन्न प्रपञ्च रची सम्पूर्ण २-४-०-० जग्गा नै आफ्नो नाममा दर्ता गराई हाल कि.नं.११७ को क्षेत्रफल २-१३-३-१ कायम गरी आफ्नो तुल्याई जग्गाधनी प्रमाण पुर्जा समेत बनाएकी रहिछन् ।

हाम्रो सासू तथा बजैको नामको दर्ता भोगको बाँकी १-७-३-१ जग्गा समेतलाई हेलने शाहले आफ्नो नाममा कायम गरी हाल का.म.न.पा.वडा नं.१ कि.नं.११७ क्षेत्रफल २-१३-३-१ कायम गरी मिति २०६२।५।२६ गतेका दिन र.नं.३५३५ बाट विपक्षी प्रतिवादी कपिल शम्शेर जङ्गबहादुर राणालाई हालै देखिको बकसपत्र लिखतबाट हक हस्तान्तरण समेत गरी दिएकी रहिछन् ।

यसरी मोतीमाया कपालीको नामको साविक २-४-०-० जग्गामध्येबाट ०-१२-१-१ जग्गा मात्र कित्ताकाट गराई हेलेन शाहको नाममा दा.खा.गराई बाँकी १-७-३-१ जग्गा हाम्री सासू तथा बजै मोतीमायाको नाममा बाँकी राख्नुपर्नेमा सो नगरी हाल प्रतिवादी कपिल शम्शेर जङ्गबहादुर राणाको नाममा दर्ता रहेको जग्गा दाता हेलेन शाहले तत्कालीन आफ्नो पद र हैसियत तथा शक्तिको चरम दुरुपयोग गरी मोतीमायाबाट लिखत बापत पाएको ०-१२-१-१ जग्गाको आडमा मोतीमायाको सम्पूर्ण २-४-०-० जग्गा नै हडपिएर मिति २०३८।१२।११ मा दूषित श्रेस्ता कायम गरेर उक्त जग्गा यी प्रतिवादीलाई मिति २०६२।५।२६ का दिन र.नं.३५३५ को हालैदेखिको बकसपत्र गरी दिएको कार्य प्रारम्भदेखि नै शून्य बदर हुने हुँदा सो बदर गरी हाल यी प्रतिवादीका नाममा का.जि.का.म.न.पा.वडा नं. १ कि.नं.११७ को क्षेत्रफल २-१३-३-१ जग्गामध्ये हेलेन शाहले मोतीमायाबाट पाएको ०-१२-१-१ जग्गा कटाई बाँकी हुने १-७-३-१ जग्गा स्व.मोतीमायाको हक हुनेमा निज मोतीमाया कपाली (कुस्लेनी) को मृत्य भइसकेकोले निजको हक खाने हामी अंशियारहरू फिरादीहरूको नाममा दर्ता समेत गरी पाऊँ भन्ने समेत ब्यहोराको वादीहरूको फिराद दाबी ।

वादी दाबी अनुसारको दर्ता बदर हुनुपर्ने होइन । होटल डेला अन्नपूर्णको स्वामित्वमा हाल कायम रहेको कि.नं.१५५५ को क्षेत्रफल ४०-६-१-१ को अधिकांश भाग तथा तत्कालीन कान्छी महारानी (श्री ५ अधिराजकुमारी) हेलेन शाहको नाममा दर्ता कायम रहेको कि.नं.११७ को क्षेत्रफल २-१३-३-१ जग्गा समेत साविकमा हेलेन शाहकै नाममा विभिन्न मितिमा विभिन्न ब्यक्ति तथा कम्पनीबाट हक प्राप्त भएको जग्गा हो ।

मोतीमाया कुस्लेनीको नाममा २-४-०-० जग्गा रहे पनि आफ्नो अधिकांश जग्गा राजदरबार अगाडिको बाटोमा परी बाँकी रहेको ०-१२-१-१ जग्गा निजबाट मिति २०२५।७।२ मा घरसारमा राजीनामा गरी २०२७।३।२८ मा र.नं.४३९५ बाट रजिष्ट्रेशन पास भएको जग्गा हो । कि.नं.११७ को साविक स्रोत के कुन हो भनी हेरिँदा मोतीमाया कुस्लेनीले देवेन्द्र शम्शेर ज.ब.रा.बाट मिति २०२३।९।२८।५ मा हक प्राप्त गरेको लिखतको चार किल्लामा पूर्व शुर शम्शेर ज.ब.रा.को पर्खाल र आफ्नै जग्गाबाट मोटर हिँड्ने बाटो, पश्चिम अन्नपूर्ण होटल उत्तर अन्नपूर्णमा जान र देवेन्द्र शाहको जग्गा र चुडा शम्शेरको दरबार, दक्षिण आफ्नै जग्गा र लिला शम्शेरको दरबार यति चार किल्लाभित्रको जग्गा रहेको र निज मोतीमायाबाट मेरो दाता हेलेन शाहले २०२५।७।२ मा प्राप्त गरेको लिखतको ४ किल्लामा पूर्व सडक, पश्चिम होटल डेला अन्नपूर्णको हाल बनेको पर्खाल, उत्तर होटल डेला अन्नपूर्ण जाने मूलबाटो, दक्षिण टोवाको कम्पनीको जग्गा उल्लेख भएको र दक्षिणतर्फ टोवाको कम्पनी उल्लेख भएकोमा टोवाको कम्पनीले देवेन्द्र शम्शेर ज.व.रा.बाट २०२५।३।३१ मा र.नं.१५०५ मार्फत पारित गरी प्राप्त गरेको क्षेत्रफल १-१४-०-० जग्गा नै २०२५।९।१३ मा हेलेन शाहले प्राप्त गर्नुभएको जग्गा हो । उक्त लिखतको चार किल्लामा पूर्व सडक, पश्चिम हेलेन शाह र विश्वनाथको सांध उत्तर मोतीमायाको साँध, दक्षिण लीला शम्शेर ज.व.रा. र देवेन्द्र शम्शेर ज.ब.रा.को सांध उल्लेख भएको छ । लीला शम्शेर र देवेन्द्र शम्शेर भनेको हाल कि.नं.११६ कान्तिपुर होटलको नाममा कायम छ । वादीले दाबी गरेको कि.नं.११७ को जग्गा मिति २०२७।३।२८ र २०२५।९।१३ मा रजिष्ट्रेशन पारित उपरोक्त राजीनामाभित्रको जग्गा हो भन्नेमा विवाद छैन । वादीको बाँकी जग्गाको श्रोत मालपोत कार्यालयमा छैन । वादी पक्षले नापीमा जग्गा बाँकी छ भनी लेखाउन देखाउन सकेका छैनन् र श्रेस्ता कायम गराउन पनि सकेका छैनन् । मालपोत कार्यालयमा वादी दाबीको जग्गाको लगत छैन । हेलेन शाहलाई ०-१२-१-१ जग्गा बिक्री गरी सकेपछि बाँकी जग्गा कायम छ भनी सोही लगतमा बाँकी भनी उल्लेख हुनुपर्नेमा सो उल्लेख छैन । २०३३ सालको सर्भे नापीमा उक्त दुई लिखत अनुसारको जग्गा कि.नं.११७ को क्षेत्रफल २-१३-३-१ कायम भएको हो । कि.नं.११७ मा २०३३ सालअघि नै घर बनिसकेको छ । जुन नापी नक्सामा प्रस्ट देखिन्छ । प्रस्तुत फिराद पत्र हकदैया र हदम्यादविहीन छ । २०३३ सालमा सर्भे हुनुअघि नै घर बनाई हक भोग गरेकोमा घर बनाउनेको ११ नं.को हदम्यादभित्र दाबी गर्नुपर्नेमा सो हुन सकेको छैन । तत्काल बहाल रहेको ज.मि.को १८ ज.प.को १७ नं.को म्यादभित्र फिराद दायर भएको छैन । श्रोत व्यक्तिले कुनै दाबी नगरी स्वीकारी बसेको विषयमा तेस्रो पुस्ताका यी विपक्षी वादीहरूले चुनौती दिन सक्ने होइनन् । मिति २०६२।५।२६ को र.नं.३५३५ को हा.व. लिखत बदरतर्फ वादीहरूले दाबी गर्न सकेका छैनन् । फिराद पत्र अ.वं.१८० नं.बमोजिम खारेज गरी पाऊँ भन्ने समेत ब्यहोराको प्रतिवादीको प्रतिउत्तर जिकिर ।

यस अदालतका आदेशानुसार विभिन्न कार्यालयबाट प्रमाणका रूपमा प्राप्त लिखतका प्रमाणित प्रतिलिपि तथा दर्ता श्रेस्ताहरू मिसिल सामेल रहेको ।

यस अदालतको मिति २०६८।८।१४, तथा २०६९।३।१९ का आदेशानुसार मिति २०६९।४।२६ मा भै आएको नापनक्सा तथा सर्जमिन मुचुल्का मिसिल सामेल रहेको ।

यस अदालतको मिति २०६९।५।२४ का आदेशानुसार अमिन दिवाकर भट्टराईले दिएको प्रतिवेदन मिसिल सामेल रहेको ।

## यस अदालतको ठहर

नियमानुसार साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी बेन्च समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी दाबी बमोजिम कि.नं.११७ मध्येको जग्गा क्षेत्रफल १-७-३-१ जग्गा वादीहरूका नाममा दर्ता हुने हो होइन? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन्छ ।

यसमा वादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिबक्ताहरू श्री अच्युतराज बुढाथोकी, श्री राजाराम भट्टराई, श्री जुजुकाजी महर्जन र श्री शशिविनोद प्याकुरेलले "वादी दाबीको कि.नं.११७ को जग्गा वादीहरूको हजुरआमा मोतीमाया कपालीले देवेन्द्र शम्शेरबाट मिति २०२३।९।२१ मा राजिनामा गरी लिएको जग्गा हो । उक्त जग्गा नारायणहिटी मौजाअन्तर्गत हा.नं.७६७ को जग्गा हो । उक्त लिखत अनुसार सो जग्गाको क्षेत्रफल २-४-०-० रहेकोमा सोमध्ये मोतीमायाले हेलेन शाहलाई मिति २०२५।७।२ मा क्षे.फ.०-१२-१-१ बिक्री गरी बाँकी क्षेत्रफल १-७-३-१ जग्गा लगतमा बाँकी नै रहेकोमा हेलेन शाहले उक्त ०-१२-१-१ जग्गाको स्रोत देखाई मिति २०३८।१२।११ मा मालपोत कार्यालयबाट मोतीमायाको बाँकी रहेको सम्पूर्ण जग्गा आफ्ना नाममा श्रेस्ता कायम गराएको प्रष्ट देखिन्छ । प्रतिवादीले प्रतिवाद गर्दा कि.नं.११७ मा हेलेन शाहले टोवाको कम्पनीबाट मिति २०२५।९।१३ को लिखत अनुसार प्राप्त गरेको जग्गा समेत रहेको भन्ने कुरा बताए पनि उक्त जग्गा हेलेन शाहले अन्नपूर्ण होटललाई २०२९ सालमा हस्तान्तरण गरी सकेकोमा तत्पश्चात् कि.नं.११७ मा सो जग्गा कायम हुने अवस्थै देखिँदैन । मोतीमायाले उक्त २ रोपनी जग्गाको तिरो तिरेको अवस्था देखिन्छ । हाल अन्नपूर्ण होटलको नाममा दर्ता रहेको कि.नं.१५५५ (साविक ९४) को जग्गाहरूको स्रोत भिडाई हेरेमा पनि दाबीको श्रोतभन्दा बढी जग्गा रहेको अवस्थाबाट कि.नं.११७ मा मोतीमायाको जग्गा रहेको स्पष्ट देखिन्छ । यसरी मोतीमायाको जग्गा सो कि.नं.११७ मा रहेको अवस्था वादीहरूले निरन्तर भोग गरे नगरेको भन्ने प्रश्नबाट जग्गा उपरको कानुनी स्वामित्व समाप्त हुन सक्दैन । थोरै जग्गाको श्रोत देखाई मोतीमायाको बाँकी रहेको जग्गा समेत दर्ता गराएको क्रिया दूषित गैरकानुनी र स्वतः बदरभागी हुने हुँदा यसमा हदम्यादको प्रश्न नै रहँदैन भन्ने बहस प्रस्तुत गरी सम्मानित सर्वोच्च अदालतबाट ने.का.प.२०६६ अंक ३ पृष्ठ ४८५ नि.नं.८१०५ मा प्रतिपादित नजिर लगायतका विभिन्न नजिरहरू समेत पेस गर्नुभयो ।

प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री श्याम खरेल र विद्वान् अधिवक्ता श्री नारायणप्रसाद दवाडीले "प्रस्तुत फिराद पत्र हचुवा र अनुमानको भरमा दायर भएको छ । हदम्यादविहीन फिराद पत्रबाट इन्साफ प्राप्त हुन सक्दैन । मोतीमायाले देवेन्द्र शम्शेरबाट खरिद गरेको जग्गाको साविक चारकिल्ला अनुसार हाल कहाँ कता पर्दछ ? भनी वादीहरूले खुलाउन सकेका छैनन् । हेलेन शाहलाई राजीनामा गरी दिँदा कुन कतातर्फ बाँकी राखी कुनतर्फ बिक्री गरेको हो ? सो फिरादमा स्पष्ट उल्लेख गर्न सकेको देखिँदैन । हालको कि.नं.११७ भित्र मोतीमायाले देवेन्द्र शम्शेरबाट खरिद गरेको जग्गा पर्दछ भनी पुष्टि गर्ने तथ्ययुक्त प्रमाण वादीहरूले पेस गर्न सकेका छैनन् । यो कि.नं.११७ को जग्गामा २०३३ सालको नापीमा पूरै जग्गामा घर जनिएको छ । वादी दाबीको जग्गामा प्रतिवादीले घर बनाएको भए तत्कालै कानुनी उपचारको लागि वादीहरू आउन सक्नुपर्नेमा सोलाई अनादेख गरी वादीहरू बस्नुले उक्त कि.नं.११७ मा वादी दाबीको जग्गा पर्दैन भन्ने प्रस्ट छ । घर बनाउनेको ११ नं.बमोजिम समेत प्रस्तुत फिराद पत्र कानुन प्रतिकूल छ । जहाँसम्म हेलेन शाहले मोतीमायाबाट क्षेत्रफल ०-१२-१-१ जग्गा मात्र राजीनामा गरी लिएकोमा क्षेत्रफल २-१३-३-१ जग्गा दर्ता भयो भन्ने प्रश्न छ हेलेन शाहले टोवाको कम्पनीबाट २०२५।९।१३ मा खरिद गरेको क्षेत्रफल १-१४-० जग्गा समेत कि.नं.११७ मा समावेश भएको तथ्यलाई अन्यथा भन्न मिल्ने होइन । हेलेन शाहले मोतीमायाबाट खरिद गरेको जग्गाको चौकिल्ला र टोवाको कम्पनीबाट खरिद गरेको चौकिल्लामा उल्लिखित तथ्यले यसलाई थप पुष्टि गर्दछ । अदालतबाट भएको नक्सा मुचुल्कामा उल्लेख भएको प्रकृतिबाट कि.नं.११७ मा टोवाको कम्पनी र

मोतीमायाबाट हेलेन शाहले खरिद गरेको जग्गा समावेश भएको देखिन्छ, वादीले दाबीको जग्गा हाल कतातर्फ पर्छ भनी नक्सा हुँदा किटान गर्न नसक्नु, कि.नं.११७ को कुन कतातर्फ बदर माग गरेको हो ? फिरादमा खुलाउन नसक्नु, हेलेन शाहले कपिल शम्शेरलाई गरी दिएको मिति २०६२।५।२६ को हा.व. लिखत उपर बदर दाबी नगर्नु समेतबाट वादी दाबी पुग्न सक्ने अवस्था छैन भन्ने बहस जिकिर प्रस्तुत गर्दै सम्मानित सर्वोच्च अदालतबाट ने.का.प.२०६६ अंक १ पृष्ठ १५१ नि.नं.८०६३ मा प्रतिपादित नजिर र विभिन्न अन्य नजिरहरू समेत उल्लेख गर्नुभयो ।

विद्वान् कानुन व्यवसायीहरूले गर्नुभएको उपरोक्त बहस जिकिर सुनी वादीको फिराद पत्र, प्रतिवादीको प्रतिउत्तर ब्यहोरा, अदालतबाट भएको नक्सा मुचुल्का समेतको अध्ययन गरी इन्साफतर्फ विचार गर्दा, "हाम्रो सासू तथा बजै स्व.मोतीमाया कपाली (कुस्लेनी) ले मिति २०२३।९।२८।५ का दिन देवेन्द्र शम्शेरको नाउँमा कायम भएको जग्गामध्येबाट साविक काठमाडौं वडा नं. २६ पुर्व सडक पश्चिम होटल डेला अन्नपूर्ण, उत्तर डेला अन्नपूर्ण जाने मूलबाटो दक्षिण टोवाको कम्पनी रहेको साविक काठमाडौं दोश्रो मालमा दर्ता भएको ७६७ नं.मौजा नाराहिटी सेतो दरबार खेत रोपनी २-४-०-० जग्गा राजीनामाबाट खरिद गरी लिनुभएको रहेछ। उक्त जग्गामध्येबाट ०-१२-१-१ जग्गा मिति २०२७।३।२७ मा हेलेन शाहलाई रजिष्ट्रेशन पारित गरी दिएकोमा बाँकी रहने क्षेत्रफल १-७-३-१ जग्गा स्व. मोतीमायाको नाममा बाँकी रहनुपर्नेमा सो बमोजिम भएको मालपोत कार्यालयमा रहेको श्रेस्ता तथा अन्य कागजातबाट देखिएन। निज हेलेन शाहले स्व.मोतीमाया कपालीको नाममा कायम रहेको २-४-०-० सम्पूर्ण जग्गालाई हाल कि.नं.११७ क्षेत्रफल २-१३-३-१ कायम गरी आफ्नो तुल्याई मिति २०३८।१२।११ मा जग्गाधनी प्रमाण पुर्जा बनाई मिति २०६२।५।२६ मा र.नं.३५३५ बाट विपक्षी कपिल शम्शेरलाई हालै देखिको बकसपत्र गरी दिएकी रहिछन्। साविक २-४-०-० मध्येको ०-१२-१-१ जग्गा कटाई बाँकी हुने १-७-३-१ जग्गा निज मोतीमाया कपालीको मृत्यु भइसकेकोले हामी अंशियार फिरादहरूको नाममा दर्ता गरी पाऊँ भन्ने समेत वादीको फिराद दाबी रहेको छ।

होटल डेला अन्नपूर्णको स्वामित्वमा हाल कायम रहेको कि.नं.१५५५ को क्षेत्रफल ४०-६-१-१ को अधिकांश भाग तथा तत्कालीन कान्छी महारानी (श्री ५ अधिराजकुमारी) हेलेन शाहको नाममा दर्ता कायम रहेको कि.नं.११७ को क्षेत्रफल २-१३-३-१ जग्गा समेत साविकमा हेलेन शाहकै नाममा विभिन्न मितिमा विभिन्न व्यक्ति तथा कम्पनीबाट हक प्राप्त भएको जग्गा हो। मोतीमाया कुस्लेनीको नाममा २-४-०-० जग्गा रहे पनि आफ्नो अधिकांश जग्गा राजदरबार अगाडिको बाटोमा परी बाँकी रहेको ०-१२-१-१ जग्गा निजबाट मिति २०२५।७।२ मा घरसारमा राजीनामा गरी २०२७।३।२८ मा र.नं.४३९५ बाट रजिष्ट्रेशन पास भएको जग्गा हो। कि.नं.११७ को साविक श्रोत के कुन हो भनी हेरिँदा मोतीमाया कुस्लेनीले देवेन्द्र शम्शेर ज.ब.रा.बाट मिति २०२३।९।२८।५ मा हक प्राप्त गरेको लिखतको चार किल्लामा पूर्व शुर शम्शेर ज.ब.रा.को पर्खाल र आफ्नै जग्गाबाट मोटर हिँड्ने बाटो, पश्चिम अन्नपूर्ण होटल उत्तर अन्नपूर्णमा जान र देवेन्द्र शाहको जग्गा र चुडा शम्शेरको दरबार, दक्षिण आफ्नै जग्गा र लीला शम्शेरको दरबार यति चार किल्लाभित्रको जग्गा रहेको र निज मोतीमायाबाट मेरो दाता हेलेन शाहले २०२५।७।२ मा प्राप्त गरेको लिखतको ४ किल्लामा पूर्व सडक, पश्चिम होटल डेला अन्नपूर्णको हाल बनेको पर्खाल, उत्तर होटल डेला अन्नपूर्ण जाने मूलबाटो, दक्षिण टोवाको कम्पनीको जग्गा उल्लेख भएको र दक्षिणतर्फ टोवाको कम्पनी उल्लेख भएकोमा टोवाको कम्पनीले देवेन्द्र शम्शेर ज.ब.रा.बाट २०२५।३।३१ मा र.नं.१५०५ मार्फत पारित गरी प्राप्त गरेको क्षेत्रफल १-१४-०-० जग्गा नै २०२५।९।१३ मा हेलेन शाहले प्राप्त गर्नुभएको जग्गा हो। उक्त लिखतको चार किल्लामा पूर्व सडक, पश्चिम हेलेन शाह र विश्वनाथको साँध उत्तर मोतीमायाको साँध, दक्षिण लीला शम्शेर ज.ब.रा. र देवेन्द्र शम्शेर ज.ब.रा.को साँध उल्लेख भएको छ । लीला शम्शेर र देवेन्द्र शम्शेर भनेको हाल कि.नं.११६ कान्तिपुर

होटलको नाममा कायम छ । वादीले दाबी गरेको कि.नं.११७ को जग्गा मिति २०२७।३।२८ र २०२५।९।१३ मा रजिष्ट्रेशन पारित उपरोक्त राजीनामाभित्रको जग्गा हो भन्नेमा विवाद छैन । वादीको बाँकी जग्गाको श्रोत मालपोत कार्यालयमा छैन । वादी पक्षले नापीमा जग्गा बाँकी छ भनी लेखाउन देखाउन सकेका छैनन् र श्रेस्ता कायम गराउन पनि सकेको छैनन् । मालपोत कार्यालयमा वादी दाबीको जग्गाको लगत छैन । हेलेन शाहलाई ०-१२-१-१ जग्गा बिक्री गरिसकेपछि बाँकी जग्गा कायम छ भनी सोही लगतमा बाँकी भनी उल्लेख हुनुपर्नेमा सो उल्लेख छैन । २०३३ सालको सर्भे नापीमा उक्त दुई लिखत अनुसारको जग्गा कि.नं.११७ को क्षेत्रफल २-१३-३-१ कायम भएको हो । कि.नं.११७ मा २०३३ सालअघि नै घर बनिसकेको छ । जुन नापी नक्सामा प्रस्ट देखिन्छ । प्रस्तुत फिराद पत्र हकदैया र हदम्यादविहीन छ । २०३३ सालमा सर्भे हुनुअघि नै घर बनाई हक भोग गरेकोमा घर बनाउनेको ११ नं.को हदम्यादभित्र दाबी गर्नुपर्नेमा सो हुन सकेको छैन । तत्काल बहाल रहेको ज.मि.को १८ ज.प.को १७ नं.को म्यादभित्र फिराद दायर भएको छैन । श्रोत व्यक्तिले कुनै दाबी नगरी स्वीकारी बसेको विषयमा तेस्रो पुस्ताका यी विपक्षी वादीहरूले चुनौती दिन सक्ने होइनन् । मिति २०६२।५।२६ को र.नं.३५३५ को हा.व. लिखत बदरतर्फ वादीहरूले दाबी गर्न सकेका छैनन् । फिराद पत्र अ.वं.१८० नं.बमोजिम खारेजभागी छ भन्ने प्रतिउत्तर जिकिर प्रतिवादीको छ ।

उपरोक्त अनुसारको वादीको फिराद पत्र र प्रतिवादीको प्रतिउत्तर ब्यहोरा अध्ययन गर्दा, लगत नं.७६७ मौजा नारायणहिटी सेतो दरबार अन्तर्गतको खेत रोपनी २-४-०-० जग्गा मोतीमाया कुस्लेनीले देवेन्द्र शम्शेरबाट राजीनामा गरी लिएको र सोमध्येबाट हेलेन शाहलाई ०-१२-१-१ जग्गा पारित गरी दिई बाँकी १-७-३-१ जग्गा हालको कि.नं.११७ मा रहेको भन्ने वादी, कि.नं.११७ मा वादी दाबीको जग्गा पर्दैन त्यसमा मोतीमाया कपालीबाट प्राप्त गरेको ०-१२-१-१ र टोवाको कम्पनीबाट प्राप्त गरेको १-१४-०-० को जग्गा पर्दछ भन्ने प्रतिवादीको जिकिर रहेको देखिन्छ ।

स्व.मोतीमाया कपालीले देवेन्द्र शम्शेरबाट २-४-०-० जग्गा प्राप्त गरी त्यस मध्ये ०-१२-१-१ जग्गा हेलेन शाहलाई पारित गरी दिएकोमा विवाद देखिँदैन । हेलेन शाहलाई पारित गरी दिएको जग्गा बाहेक अन्य जग्गाको अस्तित्व कहाँ कुन अवस्थामा रहेको छ ? सोको भौतिक अस्तित्व देखिन्छ देखिँदैन ? कि.नं.११७ मा सो जग्गा परेको छ छैन ? कि.नं.११७ मा के कुन जग्गा परेको छ ? भन्ने कुरा यकिन गर्न सर्वप्रथमतः मोतीमायाले देवेन्द्र शम्शेरबाट प्राप्त गरेको जग्गाको चौकिल्ला कुन हो ? हेलेन शाहले मोतीमाया र टोवाको कम्पनीबाट प्राप्त गरेको जग्गाको चौकिल्ला कुन हो ? अदालतबाट भएको नक्सा मुचुल्काबाट के कस्तो प्रकृति खुल्न आएको छ ? भन्ने कुराहरूको विश्लेषण हुनु आवश्यक छ ।

मोतीमायाले देवेन्द्र शम्शेरबाट प्राप्त गरेको जग्गाको चार किल्लामा पूर्व शुर शम्शेर ज.ब.रा.को पर्खाल र आफ्नै जग्गाबाट मोटर हिँड्ने बाटो, पश्चिम अन्नपूर्ण होटल, उत्तर अन्नपूर्ण जान र देवेन्द्र शाहको जग्गा र चुडा शम्शेरको दरबार, दक्षिण आफ्नै जग्गा र लीला शम्शेरको दरबार भन्ने उल्लेख भएको छ । सोही चारकिल्लाको जग्गामध्येबाट मोतीमायाले प्राप्त गरेको लिखतको चारकिल्लामा पूर्व सडक, पश्चिम होटल डेला अन्नपूर्ण हाल बनेको पर्खाल, उत्तर होटल डेला अन्नपूर्ण जाने मुल बाटो, दक्षिण टोवाको कम्पनीको जग्गा भन्ने उल्लेख छ । त्यस्तै हेलेन शाहले टोवाको कम्पनीबाट प्राप्त गरेको जग्गाको चारकिल्लामा पूर्व सडक, पश्चिम हेलने शाह र विश्वनाथको साँध, उत्तर मोतीमाया साँध, दक्षिण लीला शम्शेर ज.ब.रा. र देवेन्द्र शम्शेर ज.ब.रा.को साँध भन्ने उल्लेख भएको छ ।

वादी दाबी बमोजिम कि.नं.११७ मा मोतीमायाको बाँकी जग्गा समेत पर्दछ भनी मान्ने हो भने पहिला त वादीले देवेन्द्र शम्शेरबाट स्व.मोतीमायाले प्राप्त गरेको जग्गाको लिखत अनुसारको चारकिल्लाले हालको के कुन स्थान किल्लालाई समाउँछ ? भन्ने विषय प्रष्ट रूपमा बताउन सक्नुपर्दछ । उक्त कुरा वादीहरूले न त

फिराद पत्रमा खोल्न सकेका छन, न त अदालतबाट भएको मिति २०६९।४।२६ को नक्सा सर्जमिन मुचुल्कामा नै लिखत अनुसारको साविक चारकिल्लाले हाल यो यो स्थान ठाउँलाई समाउँछ भनी भन्न लेखाउन खुलाउन नै सकेका छन् । वादी दाबीको जग्गा हाल कहाँ कुन रूपमा अवस्थित छ भन्ने कुरामै वादीहरू निश्चित हुन सकेको पाइँदैन । त्यस्तै हेलेन शाहलाई ०-१२-१-१ जग्गा दिई बाँकी जग्गा कतातर्फ बाँकी राखेको हो सो पनि लिखतमा खुल्दैन । अनुमानको आधारमा बाँकी जग्गा कि.नं.११७ मा छ भनी दाबी गरेको देखिन्छ ।

हेलेन शाहले मोतीमायाबाट प्राप्त गरेको चार किल्लाको दक्षिणतर्फ टोवाको कम्पनीको जग्गा भन्ने उल्लेख छ । त्यस्तै हेलेन शाहले टोवाको कम्पनीबाट प्राप्त गरेको जग्गाको चारकिल्लाको उत्तरतर्फ मोतीमायाको साँध भन्ने उल्लेख छ । मोतीमायाले देवेन्द्र शम्शेरबाट जग्गा प्राप्त गरेको लिखतमा दक्षिण आफ्नै जग्गा (देवेन्द्र शम्शेर) भनेकोमा दक्षिणतर्फको देवेन्द्र शम्शेरको जग्गा टोवाको कम्पनीले मिति २०२५।३।३१ मा पारीत गरी लिएको हुँदा हेलेन शाहले मोतीमायाबाट २०२५।७।२ मा जग्गा प्राप्त गर्दा दक्षिण टोवाको कम्पनी भनी उल्लेख गरेकोबाट हेलेन शाहले मोतीमाया र टोवाको कम्पनीबाट प्राप्त गरेको जग्गाहरू उत्तर/दक्षिणका जोडिएका चाक्ला जग्गा रहेछ भन्नेमा विवाद देखिँदैन ।

अदालतबाट भएको नक्सा मुचुल्कामा कि.नं.११७ लाई न.नं.३ मा जनाइएको छ । **यसको दक्षिणतर्फ २०२५।३।३१ र २०२५।९।१३ को लिखत अनुसार दक्षिणतर्फको कि.नं.११६ (न.नं.६)** हाल कान्तिपुर होटल, उत्तरतर्फ मोतीमायाबाट हेलेन शाहले खरिद गरी लिएको जग्गाको ४ किल्लामा उल्लिखित उत्तरतर्फको सँधियार हाल कि.नं.१५५५ को अन्नपूर्ण होटलभित्र प्रवेश गर्ने मेन गेट (न.नं.१), पूर्वतर्फ उपरोक्त लिखत अनुसारको बाटो हाल दरबारमार्ग रहेको छ भने पश्चिमतर्फ हाल कि.नं.१५५५ रहेको देखिन्छ । यसबाट कि.नं.११७ भित्र हेलेन शाहले मोतीमाया र टोवाको कम्पनीबाट खरिद गरेको जग्गा पर्नेमा विवाद देखिँदैन । वादी पक्षका विद्वान् कानुन ब्यवसायीहरूबाट हेलेन शाहले टोवाको कम्पनीबाट प्राप्त गरेको जग्गा २०२९।६।२ को लिखत अनुसार साविक कि.नं.९४ हाल कि.नं.१५५५ मा परेको हुँदा कि.नं.११७ मा यो जग्गा छैन भन्ने बहस जिकिर प्रस्तुत गर्नुभएको तर्फ विचार गर्दा, हालको कि.नं.१५५५ कि.नं.११७ को पश्चिमतर्फ रहेकोमा विवाद छैन । तर हेलेन शाहले टोवाको कम्पनीबाट प्राप्त गरेको जग्गा नक्सा मुचुल्का अनुसार न.नं.६ (कि.नं.११६ कान्तिपुर होटल) देखि उत्तर र हेलेन शाहले मोतीमायाबाट प्राप्त गरेको जग्गाको दक्षिण (हालको कि.नं.११७ को दक्षिणी भाग) हो भन्ने कुरा लिखतमा उल्लेख भएको चारकिल्लाबाट पुष्टि भएको देखिँदा कि.नं.११७ को पश्चिमतर्फ रहको कि.नं.१५५५मा टोवाको कम्पनीबाट खरिद गरेको जग्गा पर्छ भनी मान्न मिल्ने देखिँदैन ।

हाल कि.नं.११७ मा रहेको जग्गाको क्षेत्रफल २-१३-३-१ रहेको देखिन्छ । कि.नं.११७ मा मोतीमायाको बाँकी जग्गा क्षे.फ.१-७-३-१ समेत रहेको भए कि.नं.११७ मा टोवाको कम्पनीबाट हेलेन शाहले खरिद गरेको जग्गा क्षेत्रफल १-१४-०-० रहेको पुष्टि हुन आएपछि हाल कि.नं.११७ मा मोतीमायाको साविक पूरै जग्गा २-४-०-० र टोवाको कम्पनीको १-१४-०-० गरी कुल ४-२-०-० हुनुपर्ने हो तर उक्त कि.नं.११७ मा हाल २-१३-३-१ जग्गा मात्र रहनुले कि.नं.११७ मा वादी दाबीको जग्गा क्षे.फ.१-७-३-१ जग्गा पर्दछ भन्ने पुष्टि हुन सकेको छैन ।

मिति २०३८।१२।११ मा कि.नं.११७ को श्रेस्ता कायम गर्दा यसको श्रोत ०-१२-१-१ देखाइएकोमा जग्गाधनी श्रेस्तामा भने २-१३-३-१ कायम भएकोले यसमा मोतीमायाको बाँकी जग्गा समेत समावेश गरिएको भन्ने वादीहरूको दाबीतर्फ हेर्दा पनि माथि विवेचना भए अनुसारको तथ्य प्रमाणबाट कि.नं.११७ मा हेलेन शाहले टोवाको कम्पनीबाट खरिद गरेको जग्गा समेत समावेश भएको प्रष्ट देखिएको अवस्थामा जग्गा दर्ताको श्रोत ०-१२-१-१ देखाएकै कारणले मात्र कि.नं.११७ मा कायम भएको बढी जग्गा मोतीमायाकै रहेछ भनी विश्वास गर्न सकिने आधार समेत देखिँदैन ।

अर्को महत्वपूर्ण पक्ष के देखिन्छ भने २०३३ सालको नापी नक्सामा कि.नं.११७ को जग्गामा पूरै घर रहे भएको देखिन्छ। सो कि.नं.११७ मा वादी दाबीको जग्गा पर्ने भए सो नापीको समयमा किन दाबी विरोध गरिएन, वादी दाबीको जग्गामा २०३३ सालपूर्व नै घर निर्माण भएको अवस्थामा दाबी विरोध गर्न नसक्नुको कारण के हो ? सोको तथ्ययुक्त कारण वादीहरूले खुलाउन सकेको पाइँदैन। एकाको जग्गामा अर्कोले नापी दर्ता गर्ने, एकाको जग्गामा अर्कोले घर निर्माण गरी भोग चलन गर्दै आउने सो उपर कानुनले निर्दिष्ट गरेको हदम्यादभित्र प्रतिवाद नगरी वादीहरू चुप लागी बसी लामो समयको अन्तराल पश्चात् २०३३ सालपूर्व नै घर बनिसकेको कि.नं.११७ को जग्गा मेरो हो भनी दाबी गर्ने वादीहरूलाई अदालतले कानुनी उपचार प्रदान गर्न सक्ने अवस्था रहँदैन। जग्गा पजनीको १७ नं., जग्गा मिच्नेको १८ नं. (तत्कालीन व्यवस्था अनुसार २ वर्षभित्र) र घर बनाउनेको ११ नं.को हदम्याद समेत नघाई दायर भएको प्रस्तुत फिराद पत्रबाट वादीहरूले कानुनी उपचार प्राप्त गर्न सक्ने अवस्था देखिँदैन।

जहाँसम्म वादीहरूले प्रस्तुत मुद्दालाई दर्ता बदर नामकरण गरी सम्मानित सर्वोच्च अदालतबाट (ने.का.प.२०६६ अंक ३, पृ.४८५ नि.नं.८१०५ ) मा प्रतिपादित सिद्धान्तको आधारमा प्रस्तुत विषयमा फिराद गर्न हदम्याद लाग्दैन भन्ने दाबी लिएका छन्। उक्त मुद्दाको तथ्य र प्रस्तुत मुद्दाको तथ्य समान नरही पृथक् देखिएको, वादी दाबीको कि.नं.११७ को जग्गा हक श्रोतविहीन दर्ता नभई हेलेन शाहले टोवाको कम्पनी र मोतीमायाबाट खरिद गरी लिएको जग्गा प्रस्तुत कि.नं.११७ मा समावेश भएको अवस्थाबाट यसलाई दूषित दर्ता भन्न मिल्ने देखिएन।

सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा माथि विवेचना भएको तथ्य प्रमाणसँग संगति राख्ने निम्न नजिरहरू प्रतिपादन गरेको पाइन्छ। यसबाट पनि वादीहरूको फिराद दाबी पुग्ने अवस्था देखिँदैन ।

**(क)** मुद्दा गर्ने पक्षले दूषित दर्ताको हवाला दिई अरूको नाम दर्ता भोगको जग्गा बदर गर्ने मागदाबी जहिले पनि गर्न पाउने भनी अर्थ गर्न नमिल्ने, जग्गाको हक स्वामित्व राख्ने व्यक्तिले त्यसको जिम्मेवारी पनि बहन गर्नुपर्ने, मुद्दा पर्दा पर्दैको अवस्थामा हक हस्तान्तरण भएको तथा सार्वजनिक सम्पत्ति समेत अन्य विषयको दर्तामा लिइने दूषित दर्ताको अर्थलाई पक्षले जुनसुकै अवस्थामा मुद्दा गर्न पाउने खुला हदम्यादको सिद्धान्तबाट हेरिनु हुँदैन। त्यस्तो हुन गए हदम्याद सम्बन्धी कानुनी व्यवस्था निष्प्रयोजित हुन गई न्यायको मर्ममाथि आधात पर्न जाने हुन्छ। यसरी हदम्याद नघाई परेको फिरादलाई दूषित दर्ता देखिएको भनी फिराद हदम्यादभित्रकै कायम गरी भएको निर्णय मिलेको नदेखिने। (**ने.का.प.२०६६, अंक १, पृष्ठ १५१, नि.नं.८०६३** )

**(ख)** लामो समयदेखि अविच्छिन्न भोग चलन उपर कुनै कसैको उजुर बाजुर नभई २०१३ सालदेखि नै भोग चलन गरी तिरो समेत तिरी आएको विवादित घर जग्गामा चिर भोगको सिद्धान्त ालयलन तषभ गलमष्कउगतभम उयककभककयचथ चष्नजत) समेतबाट प्रतिवादीको भोग स्वामित्व देखिन आउने। (**ने.का.प.२०६६ अंक ४, पृष्ठ ६२० नि.नं.८१२५** )

**(ग)** हदम्यादको विषय मुद्दाको कुनै पक्षले आफ्नो इच्छा अनुकूल संकुचित वा विस्तार गर्न नसक्ने। (**ने.का.प. २०६९, अंक १ पृष्ठ १, नि.नं.८७४४**)

**(घ)** जुन समयको घटना वा क्रिया हो, सोही समयको कानुनको आधारमा उपचार खोज्नुपर्छ। २०२६ सालको दर्ता दा.खा.निर्णयको सम्बन्धमा तत्कालीन ऐनको व्यवस्था नै लागू हुन्छ। तत्कालीन ऐनको व्यवस्थाबाट हदम्याद समाप्त भएपछि नयाँ संशोधन भएको ऐनको आधारमा तत्कालीन काम कारोबारको सम्बन्धमा हदम्याद कायम गर्न नमिल्ने। (**ने.का.प.२०६८ अंक १ पृष्ठ ४० नि.नं.८७५१**)

(ङ) कसैले कुनै सम्पत्ति आफ्नो भन्ने हैसियतमा निरन्तर रूपमा भोग गरिरहेको हुन्छ र त्यस उपर वैध स्वामित्ववालाले थाहा पाएर पनि त्यस्तो भोगलाई मौन सम्मती प्रदान गर्दछ भने त्यसबाट भोगकर्ताको भोगाधिकार हुन सक्ने । (**ने.का.प.२०६९ अंक २ पृष्ठ ३३५ नि.नं.८७७४**)

अतः वादीहरूले दाबीको जग्गाको हालको चारकिल्ला यकिन गर्न नसकेको, अदालतबाट भई आएको नक्सा मुचुल्कामा वादी दाबीको जग्गा यही हो भनी वादीहरूले किटान गरी चारकिल्ला खुलाउन नसकेको, भई आएको नक्सा मुचुल्कामा कि.नं.११७ मा हेलेन शाहले टोवाको कम्पनी र मोतीमायाबाट प्राप्त गरेको जग्गा परेको देखिएको, २०३३ सालको नापीको वादी दाबीको कि.नं.११७ पुरैमा घर देखिएकोमा त्यस उपर समयमै वादीहरूले उजुर गर्न नसकेको, कि.नं.११७ को जग्गा वादीहरूले निरन्तर भोग चलन गरेको भन्ने समेत नदेखिएको, मोतीमायाले हेलेन शाहलाई गरी दिएको लिखतमा बाँकी जग्गा कतातर्फ रहेको हो यकिन खुल्न नसकेको र दाबीको कि.नं. ११७ को जग्गामध्ये कुनतर्फको बदर माग गरी कुनतर्फको दर्ता माग गरेको हो सो समेत वादीहरूले प्रस्ट खुलाउन नसकेको एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित माथि उल्लिखित सिद्धान्तहरूको आधारबाट समेत कि.नं.११७ मध्येको जग्गा क्षेत्रफल १-७-३-१ जग्गाको दर्ता बदर गरी दर्ता गरी पाऊँ भन्ने वादीहरूको दाबी पुग्न नसक्ने ठहर्छ । अरू तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा आज अ.वं.१८६ नं.बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार वादी दाबी पुग्न नसक्ने ठहरेकोले वादीहरूलाई सजाय गर्न पर्छ कि भन्नलाई वादीहरूले फिरादसाथ रु.३००।- कोर्ट फि राखेको देखिँदा सोही कोर्ट फी रु.३००।- जफत हुन्छ अरू केही गरी रहन परेन ..........................................................................................................१

यस इन्साफमा चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन गर्न श्री पुनरावेदन अदालत पाटन जानू भनी वादीहरूलाई अ.वं.१९३ नं.बमोजिम पुनरावेदनको म्याद जारी गरी पठाउनू.........................................................२

सरोकारवालाले नक्कल मागे नियमानुसार सारी सराइदिनू र प्रस्तुत मुद्दाको दायरीको लगत काटी मिसिल अभिलेख संरक्षण फाँटमा बुझाइदिनू ..........................................................................................३

मा.जि.न्या.ज्यूले बोली टिपाए बमोजिम टिपी
लेख्ने ना.सु.नवराज घिमिरे ।

**न्यायाधीश**

**इति संवत् २०६९ साल असोज १७ गते रोज ४ शुभम्......................**

**श्री काभ्रेपलाञ्चोक जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश रमेशकुमार खत्री**

**फैसला**

**संवत् २०६७/०६८ सालको फौ.मि.नं. :-२२६**

**निर्णय नम्बर :- ४२९**

**मुद्दा :- नाता कायम गरी न्वारन गराई पाऊँ ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| सागर प्रधानको श्रीमती काभ्रेपलाञ्चोक जिल्ला चलाल गणेशस्थान वडा नं. १ बस्ने वर्ष १६ की अञ्जु श्रेष्ठ..........................................................१ | सुन्दर श्याम प्रधानको छोरा काभ्रेपलाञ्चोक जिल्ला चलाल गणेशस्थान वडा नं. १ बस्ने वर्ष २४ को सागर प्रधान ............................................१ |
| प्रमाणः- | प्रमाणः- |
| साक्षी :- | साक्षी :- |
| लिखतः- | लिखतः- |

**अदालतबाट बुझेको**

**साक्षीः-**

**लिखतः-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं.२९ नं.बमोजिम यसै अदालतभित्रको क्षेत्राधिकार भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :-

म फिरादी र विपक्षी सागर प्रधान एक आपसमा धेरै नजिक थियौं । हाम्रो घर पनि नजिक थियो । म स्थानीय श्री सरस्वती मा.वि. मा कक्षा १० पढ्थें । विपक्षी सागर काठमाडौंमा पढे पनि बेलाबेलामा भेट भइरहन्थ्यो । २०६५ सालको मंसिरमा विपक्षी र म प्रायः सँगै हिँड्ने डुल्ने गर्दा विपक्षीले मलाई प्रेम प्रस्ताव राख्नुभएकोले मैले स्वीकार गरी हाम्रो मिति २०६६।१।५ मा प्रेम विवाह भयो । विवाह भए तपानि पढाइ र घर परिवारको डरले म पिताकै घरमा र विपक्षी निजकै घरमा बस्ने गरेका थियौं । मिति २०६६ भाद्र महिनाको पहिलो सातातिर विपक्षीको आमा बुबा उपचारको लागि बनेपामा गएको बेला विपक्षीले मलाई घरमा बोलाउनुभयो । घरमा कोही नभएकाले हामीले सँगै रात बितायौं । हाम्रो शारीरिक सम्पर्क भयो । विपक्षीसँगको शारीरिक सम्बन्धबाट म गर्भवती भएछु । विपक्षीले मलाई गाउँको घर चलाल गणेशस्थान १ मा मिति २०६६।८।२३ मा भित्र्याउनुभयो । विपक्षीले मलाई घरमा भित्र्याए तापनि निजले घरका अन्य सदस्य र विवाहित दिदीहरूको कुरा सुनेर मलाई हेला गर्ने, गाली गर्ने र कुटपिट समेत गरी मिति २०६७।२।१० मा घरबाट निकाला गरेकाले हाल दिदी भिनाजुकोमा बस्दै आइरहेकी छु । मेरो गर्भबाट मिति २०६७।२।१९ गते भक्तपुर अस्पतालमा छोराको जन्म भयो । मैले अस्पतालबाट विपक्षी सागर प्रधानलाई बोलाउँदा निजले मेरो वीर्य होइन, मलाई मतलब छैन

भनी भनेकोले यो फिराद गरेकी छु । विपक्षी सागर प्रधान र म फिरादीबीच नाता कायम गरी छोराको न्वारन गराई पाऊँ भन्ने समेत व्यहोराको फिराद दाबी ।

फिराद लेख अनुसार प्रतिवादीसँग प्रेम सम्बन्ध रही वादीको र मेरो मिति २०६६।१।५ मा प्रेम विवाह भएको होइन । परिवार मिति २०५५।४।४ मा नै चलाल गणेशस्थानमा भएको घर जग्गा बिक्री गरी बसाइ सरी साविकदेखि नै का.प.जि. ढुंखर्क ९ मा बस्दै आएका छौं । पेसाले सञ्चारकर्मी भएकाले घर परिवारलाई छोडी म भने ल.पु.जि. सिद्धिपुर गा.वि.स. २ मा डेरा गरी बस्दै आएको छु । विपक्षीसँग मेरो प्रेम सम्बन्ध त के ? निज कस्ती छिन् ? के गर्छिन् ? त्यो समेत थाहा जानकारी नभएको अवस्थामा प्रेम सम्बन्धको हवाला दिंदै मसँग शारीरिक सम्बन्ध भई एक सन्तानको जन्म भएको भन्ने विपक्षीलाई मैले के कसरी कुन माध्यमले कहिले प्रेम प्रस्ताव राखें भन्ने समेतका तथ्यहरू नखुलाई मेरो व्यक्तित्व र चरित्रहत्या गर्ने निहित उद्देश्य राखी गरिएको फिराद खारेजभागी छ । मसँग नाता सम्बन्ध केही नभएकी व्यक्तिगत रूपमा हालसम्म पनि चिनजान नभएकी विपक्षीले म प्रतिवादीको गर्भ भनी दाबी लिंदैमा दाबी बमोजिम हुनुपर्ने होइन । जातक छोराको डी.एन.ए. परीक्षण गरी मेरो चरित्रहत्या गर्ने उद्देश्यले दायर गरेको प्रस्तुत फिराद खारेज गरी विपक्षी वादीलाई हदैसम्म सजाय गरी पाऊँ भन्ने ब्यहोराको प्रतिउत्तर जिकिर ।

सागर प्रधानको घर चलाल गणेस्थानमा छैन । सागरको घर ढुंखर्क ९ मा हो । सागरसँगको शारीरिक सम्पर्कबाट अञ्जुले एक सन्तानको जन्म दिएको भन्ने सरासर झुठ्ठो हो । यदि अञ्जुलाई सागरले विवाह गरेर भित्र्याएको भए अञ्जुले आफ्नै काभ्रे जिल्लामा सुविधा सम्पन्न अस्पतालहरू हुँदाहुँदै लुकीलुकी भक्तपुर गएर बच्चा जन्माउनुपर्ने नै थिएन । समाजले थाहा हुने गरेर विवाह भएको भए बच्चा जन्मको ५।६ महिनासम्म पनि गाउँ र माइतीमा फर्की आउनुपर्नेमा उनी आइनन् । अञ्जुलाई सागरले विवाह गरेर भित्र्याएको होइन । सागरमाथि लगाइएको आरोप झुठ्ठो हो । सागरको चरित्रहत्या गर्ने उद्देश्यले प्रस्तुत फिराद दायर गरिएको हो भन्ने समेत व्यहोरा उल्लेख गरी अ.वं. ८० नं. बमोजिम प्रतिवादी सागर प्रधानको वा. सजना प्रधानले यस अदालतमा नातातर्फ गरेको बयान ।

म फिरादी विपक्षी सागर प्रधान र उसको परिवारसँग मेरो एकदमै नजिकको सम्बन्ध थियो । हाम्रो घर पनि नजिक थियो । म स्थानीय श्री सरस्वती मा.वि. मा कक्षा १० पढ्थें । २०६५ साल मंसिरमा विपक्षी र मसँगै हिंड्ने गर्दा विपक्षीले मलाई प्रेम प्रस्ताव राख्नुभएकोले मैले स्वीकारी गरी हाम्रो मिति २०६६।१।५ मा प्रेम विवाह भयो । विवाह भए तापनि पढाइ र घर परिवारको डरेले म पिताकै घरमा र विपक्षी निजकै घरमा बस्ने गरेका थियौं । मिति २०६६ भाद्र महिनाको पहिलो सातातिर विपक्षीको आमा बुबा उपचारको लागि बनेपामा गएको बेला विपक्षीले मलाई घरमा बोलायो । घरमा कोही नभएकाले हामीले सँगै रात बितायौं । हाम्रो शारीरिक सम्पर्क भयो । विपक्षीसँगको शारीरिक सम्बन्धबाट म गर्भवती भएछु । विपक्षीले मलाई गाउँको घर चलाल गणेशस्थान १ मा मिति २०६६।८।२३ मा भित्र्याउनुभयो । विपक्षीले घरका अन्य सदस्यहरू र विवाहित दिदीहरूको कुरा सुनेर मलाई हेला गर्ने, गाली गर्ने र कुटपिट समेत गरी मिति २०६७।२।१० मा घरबाट निकाला गरेकाले हाल दिदी भिनाजुकोमा बस्दै आइरहेकी छु । मेरो गर्भबाट मिति २०६७।२।१९ गते भक्तपुर अस्पतालमा छोराको जन्म भयो । मैले अस्पतालबाट विपक्षी सागर प्रधानलाई बोलाउँदा निजले मेरो वीर्य होइन, मलाई मतलब छैन, यो बच्चा मेरो नभएर अरू कसैको हो भनी मलाई धम्की समेत दिनुभयो । हाल म माइतीको संरक्षणमा छु । त्यसपछि विपक्षी सागर प्रधानसँग मेरो सम्पर्क छैन । यो बच्चा सागर प्रधानकै भएको हुँदा बच्चाको न्वारन गराई पाऊँ भन्ने समेत व्यहोराको वादी अञ्जु श्रेष्ठले अ.वं. ८० नं. बमोजिम यस अदालतमा गरेको नातातर्फको बयान ।

अञ्जु र सागर श्रीमान् श्रीमती हुन् । उनीहरूबीच प्रेम विवाह भई निजहरूको एक छोराको जन्म भएको छ । अञ्जु गर्भवती भएपछि आमा, दाजु, सजना र ज्वाइँ समेत बसेर कसको गर्भ हो भनेर अञ्जुलाई सोध्दा सागरको हो भनेपछि सागर लुभुमा दिदीकोमा बस्थे, दुवै परिवारको सहमतिमा सागरले अञ्जुलाई विवाह गरेर पत्नी बनाई दिदीको भरमा भित्र्याएका हुन् भन्ने समेत व्यहोरा उल्लेख गरी वादीका साक्षी मोतीलाल श्रेष्ठले यस अदालतमा गरेको बकपत्र ।

विपक्षी पति सागर प्रधानसँग म वादी अञ्जु श्रेष्ठको मिति २०६६।१।५ मा प्रेम विवाह भै निजसँगको शारीरिक सम्बन्धबाट मिति २०६७।२।१९ मा छोरा जायजन्म भएको र निज पतिले छोराको न्वारन गर्न नमानेकोले न्वारन समेत गराई पाऊँ भन्ने वादी दाबी र यी वादी अञ्जु श्रेष्ठलाई चिनेको छैन, निजसँग विवाह भएको होइन, मेरो शारीरिक सम्पर्कबाट बच्चाको जन्म भएको होइन भन्ने प्रतिवादी सागर प्रधानको प्रतिउत्तर जिकिर भएको प्रस्तुत मुद्दामा वादी अञ्जु श्रेष्ठ, निजबाट जन्मेको नाबालक र प्रतिवादी सागर प्रधानको नाता सम्बन्धको बारेमा यकिन गर्न निजहरूको DNA परीक्षण गराउनू भन्ने यस अदालतबाट मिति २०६८।१।२५ मा भएको आदेश ।

वादी अञ्जु श्रेष्ठ, निजबाट जन्मेको नाबालक र प्रतिवादी सागर प्रधानको नाता सम्बन्धको बारेमा यकिन गर्न निजहरूको DNA परीक्षण गराउनू भन्ने यस अदालतबाट मिति २०६८।१।२५ मा भएको आदेशानुसार निजहरूको DNA परीक्षण भई प्राप्त प्रतिवेदन मिसिल सामेल रहेको ।

मिति २०६८।१२।१४ गतेको केस नं. २०६७।६८ DNA ३२ को परीक्षण मैले गरेको हो । सो परीक्षणमा वादी प्रतिवादीबाट नमुना संकलनका लागि अपनाइएका प्रक्रिया, सो नमुनाको विवरण, सो नमुनाहरू परीक्षणका लागि अपनाइएका प्रविधि, सो बाट प्राप्त नतिजा तथा सो नतिजाका आधारमा व्यक्त गरिएका राय समेत परीक्षण प्रतिवेदन, सोसँग संलग्न तालिका तथा व्यक्तिगत विवरण फारममा उल्लेख गरिएको छ । प्राप्त तालिकाका आधारमा आमा अञ्जु श्रेष्ठ (नमुना A को रक्तदाता) बाट जन्मेको वच्चा संघर्ष श्रेष्ठ (नमुना B को रक्तदाता) को जैविक बाबु सागर प्रधान (नमुना C को रक्तदाता) होइन भन्ने समेत व्यहोरा उल्लेख गरी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका DNA परीक्षण गर्ने वरिष्ठ वैज्ञानिक अधिकृत दिनेशकुमार झाले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियमानुसार दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस भएको प्रस्तुत मुद्दामा वादीतर्फबाट विद्वान् अधिवक्ता श्री नवराज बडालले मेरो पक्ष प्रतिवादीको श्रीमती हुन् भन्ने कुरा निजसँगको शारीरिक सहवासबाट छोराको जन्म भएको तथ्य पुष्टि गरेको छ । मेरो पक्षले प्रतिवादीलाई पति भनी त्यसै आरोप लगाएको होला भन्न मिल्दैन । यस सम्बन्धमा श्री सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतका आधारमा मेरो पक्षको दाबीलाई प्रमाणमा ग्रहण गरी प्रतिवादीसँग मेरो पक्षको नाता कायम गर्नुका साथै प्रतिवादीबाट छोराको न्वारन गर्ने गरी फैसला गरी पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो । त्यस्तै प्रतिवादीतर्फबाट विद्वान् अधिवक्ता श्री सागर विष्टले मेरो पक्षसँग वादीको विवाह भएको भन्ने कुरा झुठा हो, वादीसँग विवाह भएको छैन, विवाह नभएपछि शारीरिक सम्पर्क हुने कुरा भएन । वादीले जन्माएको छोरा मेरो पक्षसँगको शारीरिक सम्पर्कबाट जन्मेको नहुँदा मेरो पक्षले न्वारन गरिदिनुपर्ने होइन । विवादित तथ्यको वैज्ञानिक विश्लेषण गर्ने प्रविधि नभएको समयमा हिन्दु संस्कार, प्रचलन आदिलाई मध्यनजर गरी प्रतिपादन भएका नजिर सिद्धान्त आजको समयमा सान्दर्भिक छैनन् । वादी, मेरो पक्ष र वादीले जन्माएको DNA परीक्षणबाट निज छोरा मेरो पक्षसँगको शारीरिक

सहवासबाट जन्मेको होइन भन्ने पुष्टि भएको हुँदा वादी दाबी खारेज गर्ने गरी फैसला गरी पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् अधिवक्ताहरुको बहस सुनी सम्बद्ध मिसिल अध्ययन गरी हेर्दा फिराद दाबीमा प्रतिवादी छिमेकी भएको, प्रतिवादी काठमाडौंमा गए पनि सँगै हिँड्ने, भेट गर्ने हुँदा एकापसमा प्रेम भई मिति २०६६।१।५। मा विवाह भएको हो । घर परिवारको कारणले सो कुरा प्रकाशमा ल्याएको थिएन । ०६६ साल भाद्र महिनामा प्रतिवादीको घरमा कोही नभएकाले मलाई घरमा बोलाए । रातिसँगै सुत्यौं । शारीरिक सहवास भयो । गर्भवती भएँ । प्रतिवादीले मिति ०६६।८।२३। मा घरमा भित्र्याएकोमा परिवारका अन्य सदस्यको कुरामा लागी घरबाट निकाला गरेकाले अन्यत्र बसी आएकी छु । मैले जन्माएको छोराको न्वारन गर्न इन्कार गरेकाले प्रतिवादीसँग लोग्ने-स्वास्नीको नाता कायम गरी छोराको न्वारन गरी पाऊँ भन्ने समेत उल्लेख भएकोमा वादीले सोही अनुसारको व्यहोरा उल्लेख गरी नातातर्फ समेत यस अदालतमा बयान गरेको देखिन्छ । प्रतिवादी सागर प्रधानले वादीसँग प्रेम सम्बन्ध भई विवाह गरेको भन्ने दाबी सत्य होइन । वादीसँग कतै सँगै बसेको होइन । वादीलाई देखेको र चिनेको समेत छैन । पेसाले सञ्चारकर्मी भएकाले ललितपुर जिल्लामा बस्दै आएको छु । मेरो चिनजान नै नभएकी वादीले चरित्रहत्या गर्ने उद्देश्यले फिराद गरेकी हुँदा वादी दाबी सरासर झुट्टा भएकाले DNA परीक्षण गरी न्याय निरुपण गरी पाऊँ भन्ने समेत जिकिर लिई वादी दाबीको प्रतिवाद गरेको पाइएकोमा नातातर्फको बयानमा भने वादीसँग चिनजान भएको कुरा उल्लेख गर्दै अन्य कुरामा भने प्रतिवाद जिकिर अनुसारकै व्यहोरा उल्लेख गरी वादी दाबीको प्रतिवाद गरेको पाइन्छ ।

उपरोक्त वादी दाबी, प्रतिवाद जिकिर र मिसिल संलग्न प्रमाण अध्ययन गरी इन्साफतर्फ विचार गर्दा फिराद दाबीमा प्रतिवादीसँग लोग्ने-स्वास्नीको नाता कायम गरी छोरा संघर्ष श्रेष्ठको प्रतिवादीबाट न्वारान गरी पाऊँ भन्ने उल्लेख भएकोमा प्रतिवादीले वादीसँग विवाह भएको कुरा नै इन्कार गरेको अवस्था हुँदा मिसिलबाट दुवै पक्षका अभिभावकको स्वीकृति लगायत सार्वजनिक समारोह वा उत्सव आयोजना गरी विधि विधान अनुसार वैवाहिक कार्य सम्पन्न गरेको भन्ने समेत देखिन नआएकोले प्रस्तुत मुद्दामा वादी दाबी, प्रतिवाद जिकिर, संकलित प्रमाण र स्थापित मान्यता (Rule of prudence) समेतको विवेचना गरी निष्कर्षमा पुग्नुपर्ने देखिन आएको छ ।

उपरोक्त सन्दर्भमा विचार गर्दा वादीतर्फका विद्वान् अधिवक्ताले पितृत्वको ठेगान आमाको भनाइबाट यकिन गर्नुपर्ने मान्यता हाम्रो न्यायिक पद्धतिले लामो समयदेखि आत्मसात् गरिसकेको अवस्था छ । प्रस्तुत मुद्दामा समेत आमा वादीले छोराको बाबु प्रतिवादी हुन् भनी दाबी गर्नुका साथै नातातर्फ समेत सोही अनुसार बयान गरेकाले वादी आमाको कथनलाई आधार लिई न्याय निरुपण हुनुपर्छ भन्ने समेत बहसमा उल्लेख गर्नुभएको हुँदा प्रस्तुत मुद्दामा निहित विवाद निरुपणका लागि श्री सर्वोच्च अदालतबाट प्रतिपादित सान्दर्भिक नजिर सिद्धान्तबारे विवेचना गर्नुपर्ने देखिन आएको छ ।

“कुनै दुई युवक युवतीका बीचमा राजीखुसीले भएको करणी सर्वसाधारणले देख्ने गरी भएको नहुने हुँदा यो तथ्य प्रमाणित गर्ने प्रत्यक्षदर्शी साक्षी पनि नपाइने । तसर्थ करणीको तथ्य यकिन गर्न पक्षहरूको आचरण र परिस्थितिजन्य अन्य प्रमाणमा भर पर्नुपर्ने”

“पितृत्वको कुरा सधैं अनुमानमा आधारित हुने र त्यस सम्बन्धमा अन्यथा प्रमाणित नभएसम्म आमाले भनेको कुरालाई साँचो मान्नु पर्ने”

(बच्ची बिष्ट विरुद्ध कबिन्द्रबहादुर बिष्ट समेत मुद्दा लोग्ने कायम गरी अंश मानाचामल पाऊँ ने.का.प. २०३४)

"जन्मेको बच्चाको पितृत्वको ठेगान गर्नुपर्दा आमाको भनाइले महत्व पाउने"
(दयानिधि गोल्ने वि. मंगलकुमारी नि.नं. २३०० ने.का.प. २०४२
अंक ३ पृष्ठ २६२)

"नाता कायम मुद्दाको लागि आमाको भनाइको अधिक मात्रामा हुने भए तापनि दाबीको पुष्ट्याइँको समर्थनका लागि परिस्थितिजन्य प्रमाणको अपरिहार्य त्यत्तिकै रहने"
(चन्द्रप्रसाद रेग्मी वि. लोकराज रेग्मी मुद्दा अंश ने.का.प. २०५७ पू.इ नि.नं. ६९२८ पृष्ठ ५९७)

माथि उल्लिखित नजिर सिद्धान्तबाट पितृत्वको यकिन गर्दा आमाको भनाइको महत्व रहन्छ भन्ने देखिन आउँछ। यद्यपि ती नजिर सिद्धान्तहरूले आमाको भनाइ मात्र नभई अन्य प्रमाणको आवश्यकता र समर्थन रहनुपर्ने कुरामा समेत उत्तिकै जोड दिएको पाइन्छ। हाम्रो समाजको अवस्था, नैतिक मूल्य, मान्यता र सामाजिक परिवेश आदिका आधारमा बच्ची बिष्ट विरुद्ध कबिन्द्र बिष्ट भएको लोग्ने कायम गरी अंश मानाचामल पाऊँ भन्ने मुद्दामा पितृत्वको कुरा अनुमानमा आधारित हुने र त्यस सम्बन्धमा अन्यथा प्रमाणित नभएसम्म आमाले भनेको कुरालाई साँचो मान्नुपर्ने भनी नजिर कायम भएको पाइन्छ। उक्त फैसलामा प्रयुक्त वाक्यांशबाट आमाको भनाइ हुनेबित्तिकै त्यसले अकाट्य प्रमाणको स्थान ग्रहण गर्ने नभई त्यस्तो कुराबाट आमाको भनाइ सत्य हुने कुराको अनुमानसम्म गरिने र अन्यथा प्रमाणित नभएको अवस्थामा सम्म प्रमाणमा ग्राह्य हुने भन्ने कुरा न्याय निरुपण रोहमा महत्वपूर्ण एवं विचारणीय देखिन्छ। त्यस्तै "जन्मेको बच्चाको पितृत्वको ठेगान गर्नुपर्दा आमाको भनाइले महत्व पाउने "भन्ने दयानिधि गोल्ने वि. मंगल कुमारीको मुद्दामा (नि.नं. २३०० ने.का.प. २०४२ अंक ३ पृष्ठ २६२) संयुक्त इजलासबाट सिद्धान्त प्रतिपादन भएको देखिएकोमा पूर्ण इजलासबाट चन्द्रप्रसाद रेग्मी विरुद्ध लोकप्रसाद रेग्मी भएको नाता कायम मुद्दामा आमाको भनाइको महत्व अधिक हुने भए पनि दाबीको पुष्ट्याइँका लागि परिस्थितिजन्य प्रमाणको अपरिहार्यता त्यत्तिकै रहने भन्ने सिद्धान्त प्रतिपादन भएकाले पितृत्वको ठेगान गर्ने मामिलामा आमाको भनाइ मात्र निर्णायक हुन नसक्ने भन्ने स्पष्ट हुन जान्छ।

प्रस्तुत मुद्दाको विवादलाई उपरोक्त परिप्रेक्ष्यमा मूल्यांकन गर्दा वादीको दाबीमा वादी, प्रतिवादीको घर नजिकै रहेको सधैं भेटघाट हुने र अन्यत्र बस्दा पनि बराबर भेट गरी आपसमा माया प्रेम भई विवाह गरी शारीरिक सहवासबाट गर्भवती भएको, घर भित्र्याए तापनि पछि निकाला गरेको र छोरा जन्मिए तापनि न्वारान नगरेको भन्ने समेत उल्लेख भएको पाइन्छ। प्रतिवादीले प्रतिवाद गर्दा वादीले उल्लेख गरेको सबै कुरा झुट्टा बनावटी भनी इन्कारी गरेको अवस्था छ। वादी दाबीमा प्रतिवादीसँगको सहवासबाट गर्भ रही छोराको जन्म भएको समेत उल्लेख भएकोमा गर्भ रहेको कुरा प्रकाशमा आएपछि समाजमा दुवै पक्ष राखी छलफल भएको वा यो, यसको गर्भ भनी टुङ्गो लगाएको आदि जस्ता आधारभूत कुरा उक्त दाबीमा उल्लेख भएको पाइँदैन। वादीको दाबी पुष्टिका लागि वादी, प्रतिवादी माया प्रेम गरी वा विवाह गरी साथै बसेको, हिँडेको देख्ने साथीसंगी कोही पनि प्रमाणको रूपमा प्रस्तुत गरेको अवस्था छैन। वादी, प्रतिवादीसँगै बस्दा खिचिएका छविचित्र आदि केही प्रस्तुत हुन सकेको छैन। वादीका साक्षी मोतीलाल श्रेष्ठले बकपत्र गर्दा वादीले गर्भ बोकेको प्रकाशमा आएपछि कसको गर्भ भनी सोध्दा वादीले सागर प्रधानको गर्भ भनेपछि दुवै परिवारको सहमति भएपछि सागरले वादीलाई दिदीको घर लुभुमा भित्र्याएका हुन् भन्ने समेत उल्लेख गरेको पाइन्छ। उल्लिखित साक्षीको बकपत्रमा वादीले सागर प्रधानको गर्भ भनी उल्लेख गरेकोमा सागर समेतलाई राखी छलफल गरेको र सागरले समेत स्वीकार गरेको भन्ने उल्लेख हुन सकेको छैन। सागरले लामाटार लुभुमा भित्र्याएको भन्ने उल्लेख गरेकोमा लुभुका कुनै मानिस प्रस्तुत गरी त्यहाँ वादी, प्रतिवादी लोग्ने-स्वास्नी भई बसेको कुराको प्रमाण वादीले गुजार्न सकेको अवस्था समेत छैन। वादी दाबीमा प्रतिवादीले गाउँको घर चलाल गणेशस्थान वार्ड नं. १ मा भित्र्याएको

भन्ने रहेको, साक्षीले दिदीको घर लामाटार लुभुमा भित्र्याएको भनी बकपत्र गरेको देखिँदा वादी दाबी साक्षीको बकपत्रबाट पुष्टि भएको भन्न मिल्ने अवस्था छैन ।

प्रस्तुत मुद्दामा विवाद निरुपणका लागि साक्षी प्रमाण बुझ्ने लगायत वादी, प्रतिवादी र वादीले जन्माएको छोरा समेतको रगतको नमुना लिई त्यसको DNA (Deoxyribonucleic acid) परीक्षण गर्ने आदेश भई सो अनुसार परीक्षण गरिएको विशेषज्ञको राय प्रतिवेदन मिसिल सामेल रहेको हुँदा सो परिस्थितिजन्य प्रमाण (Circumstantial evidence) को समेत विश्लेषण गर्नुपर्ने देखिन आएको छ । DNA परीक्षण के का लागि भन्ने सम्बन्धमा "Every contact leaves a trace, and Every trace is unique "भन्ने Edmond Locard बाट प्रतिपादित सिद्धान्तलाई मनन गर्नु उपयुक्त हुन जान्छ । यही सिद्धान्त अन्तर्गत विश्व न्याय प्रणालीमा अपराध अनुसन्धान वा नाता यकिन गर्ने विषयमा DNA परीक्षणलाई अखण्डनीय प्रमाण (Irrefutable evidence) को रूपमा ग्रहण गर्ने गरिएको पाइन्छ । बाबु आमाबीचको सहवासबाट जन्मेको सन्तानमा बाबु आमाको DNA सरेर आउने भन्ने वैज्ञानिक रूपमा प्रमाणित तथ्यलाई न्याय निरुपण रोहमा सर्वत्र स्वीकार गरिएको यथार्थलाई हामीले समेत मनन गर्नु वाञ्छनीय हुन जान्छ । यस परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत मुद्दाका वादी,प्रतिवादी र वादीले जन्माएको छोराको DNA परीक्षण भई विशेषज्ञबाट राय प्रतिवेदन प्राप्त भएकोमा प्राप्त राय प्रतिवेदनसाथ संलग्न Table को Data हेर्दा वादीले जन्माएको छोरामा आमाबाट 16 different location मा सबै alleles (numbers) दुरुस्त मिल्ने, भिड्ने गरी सरेर आएको देखिएको तर प्रतिवादी भनिएको बाबुबाट 16 different location मध्ये आठवटा location मा आएको alleles (numbers) छोरामा विद्यमान alleles (numbers) सँग मिल्न भिड्न आएको पाइँदैन । प्रतिवादी सागर प्रधान बाबु हो भन्ने यकिन हुन निजबाट 16 different location मा आएको alleles (numbers) हुबहु छोरामा विद्यमान alleles (numbers) देखिनु अपरिहार्य हुन जान्छ । यही वस्तुगत तथ्यका आधारमा विशेषज्ञ वरिष्ठ वैज्ञानिक अधिकृत दिनेश कुमार झाले विवादित बच्चा संघर्ष श्रेष्ठ (नमुना B को रक्तदाता) आमा अञ्जु श्रेष्ठ (नमुना A को रक्तदाता) र दाबी गरिएको बाबु सागर प्रधान (नमुना C को रक्तदाता) को DNA profile तुलना गर्दा आमा अञ्जु श्रेष्ठबाट जन्मेको बच्चा संघर्ष श्रेष्ठको जैविक बाबु सागर प्रधान होइन भनी दिएको राय र तदनुसार नै यस अदालतमा गरेको बकपत्रलाई अन्यथा भन्न मिल्ने देखिन आएन ।

यसरी प्रस्तुत मुद्दाको वादी, निजले जन्माएको छोरा र प्रतिवादीको समेत DNA परीक्षण भई विशेषज्ञबाट राय प्रतिवेदन प्राप्त भएको भए तापनि वादीतर्फका विद्वान् अधिवक्ताले DNA परीक्षण प्रतिवेदनलाई श्री सर्वोच्च अदालतबाट राजीव गुरुङको हकमा देवी गुरुङ विरुद्ध निता गुरुङ भएको नाता कायम मुद्दामा प्रतिपादित नजिर सिद्धान्त अनुसार प्रमाणमा ग्रहण गर्न नमिल्ने भन्ने समेत जिकिर प्रस्तुत गर्नुभएको हुँदा यस सम्बन्धमा प्रतिपादित नजिर सिद्धान्त र सो नजिर सिद्धान्त यस मुद्दामा आकर्षित हुने, नहुने सो कुराको बिश्लेषण गर्नु सान्दर्भिक देखिन आउँछ ।

"जन्मेको बच्चाको पितृत्वको ठेगान गर्नुपर्दा आमाको भनाइले महत्व पाउने"
(दयानिधि गोल्ने वि. मंगलकुमारी नि.नं. २३०० ने.का.प. २०४२
अंक ३ पृष्ठ २६२)

"नाता कायम मुद्दाको लागि आमाको भनाइको अधिक मात्रामा हुने भए तापनि दाबीको पुष्ट्याइँको समर्थनका लागि परिस्थितिजन्य प्रमाणको अपरिहार्य त्यत्तिकै रहने"
(चन्द्रप्रसाद रेग्मी वि. लोकराज रेग्मी मुद्दा अंश ने.का.प. २०५७ पू.इ नि.नं. ६९२८ पृष्ठ ५९७)

माथि उल्लिखित नजिर सिद्धान्तबाट पितृत्वको यकिन गर्दा आमाको भनाइको महत्व रहन्छ भन्ने देखिन आउँछ । यद्यपि ती नजिर सिद्धान्तहरूले आमाको भनाइ मात्र नभई अन्य प्रमाणको आवश्यकता र समर्थन रहनुपर्ने कुरामा समेत उत्तिकै जोड दिएको पाइन्छ । हाम्रो समाजको अवस्था, नैतिक मूल्य, मान्यता र सामाजिक परिवेश

आदिका आधारमा बच्ची बिष्ट विरुद्ध कबिन्द्र बिष्ट भएको लोग्ने कायम गरी अंश मानाचामल पाऊँ भन्ने मुद्दामा पितृत्वको कुरा अनुमानमा आधारित हुने र त्यस सम्बन्धमा अन्यथा प्रमाणित नभएसम्म आमाले भनेको कुरालाई साँचो मान्नुपर्ने भनी नजिर कायम भएको पाइन्छ । उक्त फैसलामा प्रयुक्त वाक्यांशबाट आमाको भनाइ हुनेबित्तिकै त्यसले अकाट्य प्रमाणको स्थान ग्रहण गर्ने नभई त्यस्तो कुराबाट आमाको भनाइ सत्य हुने कुराको अनुमानसम्म गरिने र अन्यथा प्रमाणित नभएको अवस्थामा सम्म प्रमाणमा ग्राह्य हुने भन्ने कुरा न्याय निरुपण रोहमा महत्वपूर्ण एवं विचारणीय देखिन्छ । त्यस्तै "जन्मेको बच्चाको पितृत्वको ठेगान गर्नुपर्दा आमाको भनाइले महत्व पाउने "भन्ने दयानिधि गोल्ने वि. मंगल कुमारीको मुद्दामा (नि.नं. २३०० ने.का.प. २०४२ अंक ३ पृष्ठ २६२) संयुक्त इजलासबाट सिद्धान्त प्रतिपादन भएको देखिएकोमा पूर्ण इजलासबाट चन्द्रप्रसाद रेग्मी विरुद्ध लोकप्रसाद रेग्मी भएको नाता कायम मुद्दामा आमाको भनाइको महत्व अधिक हुने भए पनि दाबीको पुष्ट्याइँका लागि परिस्थितिजन्य प्रमाणको अपरिहार्यता त्यत्तिकै रहने भन्ने सिद्धान्त प्रतिपादन भएकाले पितृत्वको ठेगान गर्ने मामिलामा आमाको भनाइ मात्र निर्णायक हुन नसक्ने भन्ने स्पष्ट हुन जान्छ ।

प्रस्तुत मुद्दाको विदलाई उपरोक्त परिप्रेक्ष्यमा मूल्यांकन गर्दा वादीको दाबीमा वादी, प्रतिवादीको घर नजिकै रहेको सधैं भेटघाट हुने र अन्यत्र बस्दा पनि बराबर भेट गरी आपसमा माया प्रेम भई विवाह गरी शारीरिक सहवासबाट गर्भवती भएको, घर भित्र्याए तापनि पछि निकाला गरेको र छोरा जन्मिए तापनि न्वारान नगरेको भन्ने समेत उल्लेख भएको पाइन्छ । प्रतिवादीले प्रतिवाद गर्दा वादीले उल्लेख गरेको सबै कुरा झुट्टा बनावटी भनी इन्कारी गरेको अवस्था छ । वादी दाबीमा प्रतिवादीसँगको सहवासबाट गर्भ रही छोराको जन्म भएको समेत उल्लेख भएकोमा गर्भ रहेको कुरा प्रकाशमा आएपछि समाजमा दुवै पक्ष राखी छलफल भएको वा यो, यसको गर्भ भनी टुङ्गो लगाएको आदि जस्ता आधारभूत कुरा उक्त दाबीमा उल्लेख भएको पाइँदैन । वादीको दाबी पुष्टिका लागि वादी, प्रतिवादी माया प्रेम गरी वा विवाह गरी साथै बसेको, हिँडेको देख्ने साथीसंगी कोही पनि प्रमाणको रूपमा प्रस्तुत गरेको अवस्था छैन । वादी, प्रतिवादीसँगै बस्दा खिचिएका छविचित्र आदि केही प्रस्तुत हुन सकेको छैन । वादीका साक्षी मोतीलाल श्रेष्ठले बकपत्र गर्दा वादीले गर्भ बोकेको प्रकाशमा आएपछि कसको गर्भ भनी सोध्दा वादीले सागर प्रधानको गर्भ भनेपछि दुवै परिवारको सहमति भएपछि सागरले वादीलाई दिदीको घर लुभुमा भित्र्याएका हुन् भन्ने समेत उल्लेख गरेको पाइन्छ । उल्लिखित साक्षीको बकपत्रमा वादीले सागर प्रधानको गर्भ भनी उल्लेख गरेकोमा सागर समेतलाई राखी छलफल गरेको र सागरले समेत स्वीकार गरेको भन्ने उल्लेख हुन सकेको छैन । सागरले लामाटार लुभुमा भित्र्याएको भन्ने उल्लेख गरेकोमा लुभुका कुनै मानिस प्रस्तुत गरी त्यहाँ वादी, प्रतिवादी लोग्ने-स्वास्नी भई बसेको कुराको प्रमाण वादीले गुजार्न सकेको अवस्था समेत छैन । वादी दाबीमा प्रतिवादीले गाउँको घर चलाल गणेशस्थान वार्ड नं. १ मा भित्र्याएको भन्ने रहेको, साक्षीले दिदीको घर लामाटार लुभुमा भित्र्याएको भनी बकपत्र गरेको देखिँदा वादी दाबी साक्षीको बकपत्रबाट पुष्टि भएको भन्न मिल्ने अवस्था छैन ।

प्रस्तुत मुद्दामा विवाद निरुपणका लागि साक्षी प्रमाण बुझ्ने लगायत वादी, प्रतिवादी र वादीले जन्माएको छोरा समेतको रगतको नमुना लिई त्यसको DNA (Deoxyribonucleic acid) परीक्षण गर्ने आदेश भई सो अनुसार परीक्षण गरिएको विशेषज्ञको राय प्रतिवेदन मिसिल सामेल रहेको हुँदा सो परिस्थितिजन्य प्रमाण (Circumstantial evidence) को समेत विश्लेषण गर्नुपर्ने देखिन आएको छ । DNA परीक्षण के का लागि भन्ने सम्बन्धमा "Every contact leaves a trace, and Every trace is unique" भन्ने Edmond Locard बाट प्रतिपादित सिद्धान्तलाई मनन गर्नु उपयुक्त हुन जान्छ । यही सिद्धान्त अन्तर्गत विश्व न्याय प्रणालीमा अपराध अनुसन्धान वा नाता यकिन गर्ने विषयमा DNA परीक्षणलाई अखण्डनीय प्रमाण (Irrefutable evidence) को रूपमा ग्रहण गर्ने गरिएको पाइन्छ । बाबु आमाबीचको सहवासबाट जन्मेको सन्तानमा बाबु आमाको DNA सरेर आउने भन्ने वैज्ञानिक रूपमा

प्रमाणित तथ्यलाई न्याय निरुपण रोहमा सर्वत्र स्वीकार गरिएको यथार्थलाई हामीले समेत मनन गर्नु वाञ्छनीय हुन जान्छ। यस परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत मुद्दाका वादी,प्रतिवादी र वादीले जन्माएको छोराको DNA परीक्षण भई विशेषज्ञबाट राय प्रतिवेदन प्राप्त भएकोमा प्राप्त राय प्रतिवेदनसाथ संलग्न Table को Data हेर्दा वादीले जन्माएको छोरामा आमाबाट 16 different location मा सबै alleles (numbers) दुरुस्त मिल्ने, भिड्ने गरी सरेर आएको देखिएको तर प्रतिवादी भनिएको बाबुबाट 16 different location मध्ये आठवटा location मा आएको alleles (numbers) छोरामा विद्यमान alleles (numbers) सँग मिल्न भिड्न आएको पाइँदैन। प्रतिवादी सागर प्रधान बाबु हो भन्ने यकिन हुन निजबाट 16 different location मा आएको alleles (numbers) हुबहु छोरामा विद्यमान alleles (numbers) देखिनु अपरिहार्य हुन जान्छ। यही वस्तुगत तथ्यका आधारमा विशेषज्ञ वरिष्ठ वैज्ञानिक अधिकृत दिनेश कुमार झाले विवादित बच्चा संघर्ष श्रेष्ठ (नमुना B को रक्तदाता) आमा अञ्जु श्रेष्ठ (नमुना A को रक्तदाता) र दाबी गरिएको बाबु सागर प्रधान (नमुना C को रक्तदाता) को DNA profile तुलना गर्दा आमा अञ्जु श्रेष्ठबाट जन्मेको बच्चा संघर्ष श्रेष्ठको जैविक बाबु सागर प्रधान होइन भनी दिएको राय र तदनुसार नै यस अदालतमा गरेको बकपत्रलाई अन्यथा भन्न मिल्ने देखिन आएन।

यसरी प्रस्तुत मुद्दाको वादी, निजले जन्माएको छोरा र प्रतिवादीको समेत DNA परीक्षण भई विशेषज्ञबाट राय प्रतिवेदन प्राप्त भएको भए तापनि वादीतर्फका विद्वान् अधिवक्ताले DNA परीक्षण प्रतिवेदनलाई श्री सर्वोच्च अदालतबाट राजीव गुरुङको हकमा देवी गुरुङ विरुद्ध निता गुरुङ भएको नाता कायम मुद्दामा प्रतिपादित नजिर सिद्धान्त अनुसार प्रमाणमा ग्रहण गर्न नमिल्ने भन्ने समेत जिकिर प्रस्तुत गर्नुभएको हुँदा यस सम्बन्धमा प्रतिपादित नजिर सिद्धान्त र सो नजिर सिद्धान्त यस मुद्दामा आकर्षित हुने, नहुने सो कुराको बिश्लेषण गर्नु सान्दर्भिक देखिन आउँछ।

"कुनै जातकको पितृत्वको विवादमा आमाको भनाइले महत्वपूर्ण स्थान रहन्छ। अन्य कुरासंग बाझिँदैन भने आमाको भनाइलाई नाताको विवादमा महत्वपूर्ण प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने।"

"Intimate sample कारणीबाट नै निकालिएको भन्नेमा विवाद नभई निर्विवाद रूपले कारणीबाट नै निकालिएको अवस्थामा प्रमाणमा लिनुपर्ने।"

"Paternity सम्बन्धी विवाद, अपराध अनुसन्धान आदिमा DNA महत्वपूर्ण हुन्छ। तर DNA प्रतिवेदन प्रमाणमा लिन प्रयोगशाला, कोठाभित्र sample निकाल्न कारणी र सम्बन्धित विशेषज्ञ मात्र प्रवेश गर्नुपर्ने।"
(ने.का.प. २०६६, नि.नं. ८५७८ अंक ३ पृष्ठ ४५४)

विद्वान् अधिवक्ताले बहसमा उल्लेख गर्नुभएको उपरोक्त फैसलामा DNA परीक्षणलाई प्रमाणमा ग्रहण गर्न नै नमिल्ने गरी Ruling भएको भन्न मिल्ने अवस्था छैन। फैसलामा sample collection मा नै त्रुटि भएमा DNA report पनि स्वतः त्रुटिपूर्ण हुने भनी DNA परीक्षणको वैधानिकता र प्रामाणिक मूल्यमा नभई Process अर्थात् sample collection मा हुन सक्ने त्रुटि, contaminated sample बाट परीक्षणको परिणाममा नै असर हुन जाने आदि सन्दर्भ औंल्याएको देखिन्छ। Tampered or contaminated sample बाट परीक्षणको परिणाम यथार्थ नआउने कुरा निश्चित हुन्छ। यसप्रकार गरिने DNA परीक्षण प्रतिवेदन र तत्सम्बन्धी रायबाट स्वाभाविक रूपमा न्याय भ्रमित हुन जाने कुरामा दुईमत हुन सक्दैन। तर प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा मिसिलबाट DNA परीक्षणका लागि सम्बन्धित व्यक्तिहरूको रगतको नमुना (sample) लिंदा अन्यथा हुन गएको (Contaminated or Tampered sample) भन्ने कोही कसैको जिकिर छैन। मिसिलबाट यस अदालतका कर्मचारी समेत साथमा खटी गई सम्बद्ध पक्षहरूको रगतको नमुना लिने समेतका कार्य सम्पन्न भएको देखिएको छ। परीक्षण प्रतिवेदनसाथ प्राप्त अभिलेख हेर्दा वादी, प्रतिवादी र वादीले जन्माएको छोरा समेतको छविचित्र सहितको छुट्टा छुट्टै फाराम भराई रगतको

नमुना लिई DNA परीक्षणको कार्य सम्पन्न भएको देखिन आएको हुँदा बेग्लै तथ्य भएको प्रस्तुत मुद्दामा उल्लिखित नजिर सिद्धान्त आकर्षित हुने देखिन आएन ।

प्रस्तुत मुद्दामा प्रतिवादीतर्फका विद्वान् अधिवक्ताले बहसको क्रममा प्रस्तुत मुद्दामा पूर्णा सुनार वि. इन्द्रबहादुर भण्डारी भएको लोग्ने नाता कायम गरी पाऊँ भन्ने मुदद्दामा श्री सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त आकर्षित हुनपर्ने भन्ने उल्लेख गर्नुभएको हुँदा उल्लिखित नजिर सिद्धान्त आकर्षित हुने नहुने के हो ? विश्लेषण गर्नु वाञ्छनीय देखिन्छ ।

"सामान्यतया जातकका सम्बन्धमा आमाको भनाइ विश्वसनीय हुने भए पनि सोको पुष्ट्याइँ हुने पर्याप्त आधार हुन जरुरी हुन्छ । सोको अभावमा एउटी नारीले उनाउ ब्यक्तिलाई लोग्ने भन्दैमा लोग्ने स्वास्नीको नाता कायम हुने भनी सम्झन न्यायिक दृष्टिकोणबाट मिल्ने नदेखिने ।"
(ने.का.प. २)५२ नि.नं. ६)४६ अंक ७ पृष्ठ ६४७)

उपरोक्त नजिर सिद्धान्तबाट पितृत्वको ठेगान सम्बन्धमा आमाको भनाइ मात्र निर्णायक हुने भन्ने देखिन आउँदैन । प्रस्तुत मुद्दामा वादी दाबी अन्य कुनै प्रमाणबाट समर्थित हुन नसकेको कुराको माथि विवेचना भइसकेको छ । पितृत्व यकिन गर्ने सम्बन्धमा अन्यथा प्रमाणित नभएसम्म आमाको भनाइको महत्व रहने हो । प्रस्तुत मुद्दामा DNA परीक्षण प्रतिवेदनबाट वादीको दाबी अन्यथा प्रमाणित भएको छ । यस अदालतबाट Paternity test का लागि वादी लगायत सम्बद्ध पक्षहरूको DNA परीक्षण गर्ने आदेश भई सो अनुसार विशेषज्ञबाट जाँच गरी DNA परीक्षण प्रतिवेदन प्राप्त भएको हुँदा त्यसको परिणामलाई यस अदालतले सहजतापूर्वक ग्रहण गर्नु यस अदालतको कर्तव्य हुन जान्छ ।

अत उपरोक्त आधारहरूबाट वादीको दाबी साक्षीको बकपत्र लगायतका प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएकोमा वादी अञ्जु श्रेष्ठ, प्रतिवादी सागर प्रधान र वादीबाट जन्मेको छोरा संघर्ष श्रेष्ठको DNA परीक्षण हुँदा संघर्ष श्रेष्ठको जैविक बाबु सागर प्रधान होइन भन्ने पाइयो भन्ने विशेषज्ञबाट राय प्राप्त भई सो अनुसार विशेषज्ञले अदालतमा बकपत्र समेत गरको देखिँदा विवेचित यी प्रमाणको रोहबाट प्रस्तुत मुद्दामा प्रतिवादी सागर प्रधानसँग नाता कायम गरी छोराको न्वारान गरी पाऊँ भन्ने वादी अञ्जु श्रेष्ठको दाबी पुग्न नसक्ने ठहर्छ । तपसिलका कुरामा तपसिल बमोजिम गर्नू ।

## तपसिल

- यो इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानू भनी वादीका नाउँमा पुनरावेदनको म्याद जारी गर्नू.............................................................१
- वादी दाबी पुग्न नसक्ने ठहरेकोले वादीलाई सजाय गर्नुपर्छ कि भन्नलाई मुलुकी ऐन दण्ड सजायको १८ नं.को अन्तिम बाक्यांशले केही गरिरहनु परेन.............................................................२
- सरोकारवालाले नक्कल मागे कानुन बमोजिम लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू....................३
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू .............४

माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने :- ना.सु.छायालाल मोक्तान **(जिल्ला न्यायाधीश)**
फाँटवाला ना.सु :- ना.सु राजन हमाल

**इति संवत् २०६९ साल असार महिना ६ गते रोज ४ शुभम्..................**

**श्री नवलपरासी जिल्ला अलालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री बिनोदमोहन आचार्य**
**फैसला**
**संवत् २०६८ सालको दे.नं ६६–०६७–०१०८२**
**निर्णय नं. : ३३९**

**मुद्दा : लेनदेन ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| उत्तम बालहित प्रा.वि. नवलपरासीको तर्फबाट अख्तियार प्राप्त ऐ. ऐ. का प्रधानाध्यापक जिल्ला नवलपरासी पाल्ही गा.वि.स. वार्ड नं १ वस्ने परमहंस प्रसाद कहार गौड ..१ | जिल्ला नवलपरासी सनई गा.वि.स. वार्ड नं ३ सनई बस्ने प्रेमसागर बढई ..........................१ |

**प्रस्तुत मुद्दाको संक्षिप्त विवरण :**

उत्तम बालहित प्रा.वि. उजैनिको २ कोठे भवन बनाउन स्वीकृत भै आएकोमा वल्क निर्माणको लागि ट्रस र कर्कट पाता तथा अन्य सामग्री खरिद गर्नको लागि प्रतिवादीलाई पेस्की सापट बापतमा चेक नं १४८९३७ बाट रु. १४२५००।– बाट दिएकोले सो चकेमा उल्लिखित रकम विपक्षीले रा.वा. बैंक शाखा कार्यालय नवलपर ासीबाट भुक्तानी लिइसक्नुभएको छ । सो रकम लिए पश्चात् विपक्षी विद्यालयको सम्पर्कमा नआई पेस्की सापटी लिए बापतको कार्य नगरी रकम खाने पचाउने नियत राखेकोले विपक्षीले ब्लक निर्माणको लागि लिएको साँवा रु. १४२५००।– तथा कोर्ट फी समेतको रकम विपक्षीबाट दिलाई भराई पाऊँ भन्ने वादी दाबी ।

प्रतिवादीले यस अदालतबाट जारी भएको तामेली म्यादभित्र प्रतिउत्तर नलगाई थाम्ने थमाउने म्याद समेत गुजारी बसेको देखियो ।

यस अदालतका आदेशानुसार २०६८/१०/२६ गते सर्जमिन भै मुचुल्का मिसिल सामेल रहेको ।

वादीका साक्षी मेघा वेल्दारको वकपत्र भै मिसिल सामेल रहेको ।

दाबीको चेक सम्बन्धमा रा.वा. बैंक शाखा कार्यालय नवलपरासीको मिति २०६८/११/२४ च. नं ७१५ को पत्र मिसिल सामेल रहेको ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा मु. ऐन अ.वं २९ नं तथा न्याय प्रशासन ऐन २०४८ को दफा ७ ले यसै अदालतको अधिकार क्षेत्रभित्रको भै बुझिएसम्मका कागज प्रमाण अध्ययन गरी निर्णय गरिदिए हुने भएको प्रस्तुत मुद्दामा वादीतर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री बाबुराम पौडेलले उत्तम बालहित प्रा.वि. उजैनी नवलपरासीको भवन बनाउन स्वीकृत भै आएकोमा ब्लक निर्माणको लागि ट्रस र कर्कट पाता तथा अन्य सामग्री खरिद गर्नको लागि विपक्षीलाई पेस्की सापट बापतमा चेक नं १४८९३७ बाट रु. १४२५००।– दिएकोले सो चकेमा उल्लिखित रकम विपक्षीले रा.वा. बैंक शाखा कार्यालय नवलपरासीबाट भुक्तानी लिई सो रकम लिए पश्चात् विपक्षी विद्यालयको सम्पर्कमा नआई पेस्की सापटी लिएबापतको कार्य नगरी रकम खाने पचाउने नियत राखेकोले विपक्षीले ब्लक निर्माणको लागि

लिएको साँवा रु. १४२५००।– तथा कोर्ट फी समेतको रकम विपक्षीबाट दिलाई भराई पाऊँ भनी गर्नु भएको बहस समेत सुनी प्रतिवादीले प्रतिउत्तर नलगाई कानुनले थाम्ने थमाउने म्याद समेत गुजारी बसिरहेको प्रस्तुत मुद्दामा वादी दाबी अनुसार वादीले प्रतिवादीबाट साँवा तथा सोको ब्याज पाउने नपाउने के हो ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा निर्णयतर्फ विचार गरी हेर्दा श्री उत्तम बालहित प्रा. लि. उजैनी नवलपरासीको २ कोठे भवन बनाउन स्वीकृत भै आए अनुरूप ब्लक निर्माणका लागि ट्रस र कर्कट पाता तथा अन्य सामग्री खरिद गर्नु भनी प्रेमसागर बढईलाई मिति २०६६/३/२८ मा रु. १४२५००।– रकमको राष्ट्रिय वाणिज्य बैंक नवलपरासीको चेक दिई पठाएकोमा निज प्रतिवादीले उक्त चेकको रकम उक्त बैंकबाट भुक्तानी लिइसकेपछि पनि उपरोक्त सामानहरू खरिद गरी नल्याइदिएको र सो रकम पनि फिर्ता नगरेको हुँदा लेनदेन व्यवहारको २, ४० नं बमोजिम यो फिराद गरेको छु । उक्त रकम निज प्रतिवादीबाट दिलाई भराई पाऊँ भन्ने व्यहोरामा सो विद्यालयका तर्फबाट प्र.अ. का हैसियतले वादीले फिराद दाबी लिनुभएको पाइन्छ ।

प्रतिवादीका नाउँको म्याद निजैका बाबुले बुझी लिएकोमा तोकिएका म्यादभित्र प्रतिवाद नै नगरी सुरु म्याद नै गुजारी बसेको मिसिलबाट देखिन्छ भने आदेश बमोजिम वादीका साक्षीको बकपत्र एवम् सम्बन्धित बैंकबाट प्राप्त जवाफ मिसिल सामेल रहेको पाइन्छ ।

वादीले मूल रूपमा आफू कार्यरत विद्यालयको २ कोठे भवन निर्माण गर्न स्वीकृत भै आए अनुसार ट्रस, कर्कट पाता तथा अन्य सामग्री समेत खरिद गरी ल्याउन भनी पेस्कीको रूपमा प्रतिवादीलाई रु. १४२५००।– को चेक दिई पठाएकोमा सो सामग्री पनि नल्याएको, रकम फिर्ता पनि नगरेकोले लेनदेनको महल अन्तर्गत बिगो भराई पाउन दाबी लिई फिराद दिएको देखियो ।

यसरी वादीले प्रतिवादीलाई उक्त रकम पेस्की दिँदा कुनै लिखत सम्झौता गराएको भन्ने मिसिलबाट देखिँदैन । तथापी चेक मार्फत प्रतिवादीले सो रकम बुझेकोमा पनि विवाद वा शंका देखिँदैन । विद्यालय सार्वजनिक सम्पत्ति भएकोले सार्वजनिक भवन निर्माण गर्न भनी कुनै रकम पेस्की स्वरूप कसैलाई दिँदा, काम गराउँदा न्यूनतम सर्त उल्लेख गरी दुईपक्षीय रूपमा कागज लिखत गराउनुपर्नेमा त्यसतर्फ केही भए गरिएको पाइएन ।

लेनदेनको महल अन्तर्गत दाबी गर्दा आफूहरूले गरेको लेनदेनको कार्य प्रचलित कानुन बमोजिम भएको, भाखा राखिएको, ब्याजबारेमा कुनै सर्त उल्लेख भएको साक्षी राखिएको समेत देखिने गरी कुनै लिखत गराइएको हुनुपर्छ । त्यस्तो अवस्थाको विद्यमानतामा मात्र त्यस्तो कारोबार अनुरूपको दायित्व पूरा नगर्ने पक्षलाई कानुनी दायरामा ल्याई सो रकम भराइदिनेतर्फ विचार गर्न सकिने हुन्छ ।

तर प्रस्तुत मुद्दामा सो लेनदेनको कार्य गर्दा यी आवश्यक तत्वहरू विद्यमान रहे भएको भन्ने कतैबाट देखिन नआएको, सरकारी रकम लिएर सो अनुरूप दायित्व पूरा नगर्ने व्यक्ति उपरमा प्रचलित कानुन बमोजिम त्यस्तो सरकारी रकम हिनामिना गर्ने उपरमा कानुनी कारबाही गर्ने गराउने प्रयास गरेको भन्ने पनि मिसिलको रोहबाट देखिन आएको छैन । विवादित रकम यी वादीको व्यक्तिगत नभई सरकारी कार्यालयबाट सार्वजनिक (सरकारी संस्था) विद्यालयको कोठा निर्माण बापत प्राप्त रकम हो भन्ने देखिन आएको छ । त्यस्तो रकम (करार गरिएकोमा बाहेक) व्यक्ति व्यक्तिबीच कर्जा, सापट, लिए दिएको सरह मानिने वा मान्य हुन गरी सो रकम फिर्ता नगरेको भन्ने आधारमा मात्र लेनदेनको महल अन्तर्गत फिराद दाबी गर्नुलाई कानुनसम्मतको कार्य मान्न सकिएन । यसप्रकार सरकारी रकम पेस्की स्वरूप लिएको कारोबारको विषय लेनदेनको महल अन्तर्गतको परिभाषाभित्र पर्न सक्ने वा परेको हुन्छ भनी अनुमान गरी तथ्य एवम् इन्साफमा प्रवेश गरी ठहर

गर्न कानुनतः नमिल्ने हुँदा हकदैया एवम् क्षेत्राधिकारविहीन हुँदा वादीको फिराद दाबी अ.वं १८० नं बमोजिम खारेज हुने ठहर्छ ।

अपितु प्रतिवादीले उक्त रकम बुझी लिएर पनि कवुल गरे अनुरूपको कार्य दायित्व पूरा नगरेको मात्र नभई निजले त्यसबारेमा प्रतिवादसम्म गर्न नआएको कारण त्यस्तो सरकारी रकम निजबाट हिनामिना वा दुरुपयोग हुन सक्ने सम्भावनालाई नकार्न भने सकिएन । तसर्थ सो वादी दाबी बमोजिमको कारोबारको विषयको छानबिन गर्ने पेस्की बुझ्ने व्यक्तिलाई झिकाई बुझ्ने बाँकी सरकारी रकम निज प्रतिवादीबाट प्रचलित कानुन बमोजिम असुल उपर गर्ने वा गर्न लगाउने समेत कार्यका लागि शिक्षा कार्यालय नवलपरासी एवम् जिल्ला प्रशासन कार्यालय नवलपरासीमा यो फैसलाको प्रतिलिपि समेत साथै राखी लेखी पठाइदिने समते ठहर्छ । सो ठहर्नाले तपसिलका कुरामा तपसिलमा लेखिए बमोजिम हुने गरी प्रस्तुत मुद्दा मु. ऐन अ.वं १८६ नं बमोजिम फैसला गरिदियाँ ।

## तपसिल

१. वादी बालहित प्रा.वि. नवलपरासीको तर्फबाट सोही विद्यालयका प्र.अ. परमहंस प्रसाद गौडके माथि ठहर खण्डमा लेखिए बमोजिम वादी दाबी अ.व. १८० नं बमोजिम खारेज हुने ठहरी फैसला भएकोले वादीले फिराद दर्ता गर्दा राखेको ४१२०।– जफत हुन्छ अरू केही गरिरहनु परेन ....................................१

२. जिल्ला प्रशासन कार्यालय नवलपरासी तथा जिल्ला शिक्षा कार्यालय नवलपरासीलाई फैसलाको प्रतिलिपि सहितको जानकारी दिनू ...............................................................................................१

३. वादी बालहित प्रा.वि. नवलपरासीको तर्फबाट सोही विद्यालयका प्र.अ. परमहंस प्रसाद गौडके वादीको यस फैसला उपर चित्त नबुझे श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्न जानू भनी ३५ दिने पुनरावेदनको म्याद दिनू...............................................................................................१

४. सरोकारबाला पक्ष फैसलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई सारी सराइदिनू.........१

५. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ................१

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाए
बमोजिम कम्प्युटर टाइप गर्ने ना.सु. युवराज
पन्थी फाँट नं १

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल जेठ ९ गते रोज ३ मा शुभम् ..............**

**श्री बाँके जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री अर्जुन अधिकारी**
**फैसला**
**संवत 2068 सालको को ८ नं. 74-068-00145 दे.न 895**

**मुद्दा :- ऋणको दायित्व निश्चित गरी पाऊँ ।**

**वादीको नाम, थर, वतन**

स्व.गौरीशंकर सुनारको छोरी जि.बाँके ने.गं.न.पा.वडा नं.८बस्ने सुनिता सुनार ................................१

**साक्षी :-**

असफाक सिद्दिकी ........................................१
इकवाल अहमद सिद्दिकी अमानउल्ला खाँ .............१
फलबहादुर गौतम .......................................१
कृष्णप्रसाद सत्याल .......................................१

**कागज:-**

नेपाली नागरिकता ,दे.नं.८५६, १६२०, ८५७, १६३१ को लेनदेन मुद्दाको फोटोकपी ।

**प्रतिवादीको नाम, थर, वतन**

छैलविहारीको छोरा जि.बाँके ने.गं.न.पा. वडा नं.४ बस्ने सुरेशकुमार सुनार ............................... १
विश्वनाथ टण्डनको छोरा ऐ.ऐ.वडा नं. १३ बस्ने विनोद कुमार टण्डन ....................................१
राधेश्यामसुनारको छोरा ऐ.ऐ.वडा नं.१५ बस्ने केदारनाथ सुनार .........................................१
गौरीशंकर सुनारको छोरा ऐ.ऐ.वडा नं.८ घरभई हाल ऐ.वडा नं.४ बस्ने विनोद कुमार सुनार ..............१

**साक्षी:-**

कुवेर सोनी १, मनोज सोनी १, केदारनाथ वैश्य १, नारायण सोनी १, कौशल सोनी १, रामकुमार सोनी १, राजेन्द्रकुमार हलवाई १,

**कागज :-**

नागरिकताको फोटोकपी ।

**अदालतबाट बुझेको प्रमाण**
**साक्षी :**
**मनोज सोनी**
**असफाक सिद्दिकी**
**बाद्री कौशल**
**कागज:-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मु. ऐन अ.वं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र परी दायर भै पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

मूलपुर्खा बुबा स्व.गौरीशंकर सुनार र आमा स्व.रामप्यारी सुनारबाट ९ सन्तान ज्ञाना, जानकी, माधुरी, सकुन्तला, प्रेमा, प्र.विनोद, मालती र म वादी सुनिता सुनार भएका, म वादी बाहेक सबै दिदीहरू

र दाजुको विवाह भइसकेको म बादी र प्र.विनोदमात्र जीवित अंशियार भएको दाजु प्र.विनोदले मप्रति संरक्षकले गर्नुपर्ने व्यवहार नगरी शारीरिक यातना समेत दिएकोले जि.प्र.का. बाँकेमा मैले उजुरी निवेदन गरेको प्र.विनोदले पु.वे.अ.ने.गं.मा ०६७ सालको वि.दे.नं.००१३४ को निषेधाज्ञा मुद्दा दायर गरेको र मैले यसै अदालतमा ०६४ सालको दे.नं.८९९ को अंश मुद्दामा जम्मा समान २ अंशियार कायम भै २ भागको १ भाग अंश पाउने ठहरी फैसला भएको, सो फैसला बमोजिम मेरो बण्डा छुट्याउने निवेदन परी बण्डा छुट्याउने कार्य सम्पन्न भएको । प्र.विनोदकुमार सुनारका वारेसले जम्मा रु.५२०००००। को ऋण कर्जाको फाँटवारी पेस गर्नुभएकोमा सो कथित ऋण कर्जा लिने भएको भनिएको कार्यमा मेरो सहमति मञ्जुरी नभएको । सो बेदामे लिखत मलाई अंशबाट वञ्चित गर्ने मनसायले सुन, चाँदी व्यवसायीहरूसँग मिली खडा गरेको र लिखतको मिति हेरिँदा विभिन्न मिति अर्थात् ७ महिनामा रु. ५२ लाख कर्जाको व्यवहार गरेको लिखत खडा गरिएको छ । जम्मा बण्डा गर्नुपर्ने अचल सम्पत्ति रु.२९,४६,३७१। भएकोमा मलाई अंश दिन नपरोस् दिनै परे पनि आफ्ना मतियारसँग मिलोमतो गरी खडा गरेको बेदामे लिखतमा उल्लिखित साँवा ब्याज तिर्न नपुगोस् भन्ने मनसायले सो कर्जाको फाँटवारी पेस गरेको भए पनि सो कर्जामा मेरो सहमति नभएको कारणबाट सो कथित कर्जाको दायित्व मैले बेहोर्नु नपर्ने र अंश मुद्दामा भएको फैसलाले समेत ऋणको हकमा साहुको उजुरी परेका बखत ठहरे बमोजिम हुने हुँदा त्यसतर्फ बोलिरहन परेन भनी भएको फैसला अन्तिम भै बसेको छ । ०६६ सालको दे.नं.८५६ को दृष्टिबन्धकको जग्गा चलन चलाई पाऊँ भन्ने मुद्दा दायर गरी ०६७।३।२० मा विनोदकुमार टण्डनले प्र.विनोदकुमार सुनारका उपरमा ०६६ सालको दे.नं.१६२० को लेनदेन मुद्दा दायर गरी ०६७।८।१९ मा प्र.केदारनाथ सुनारले प्र.विनोदकुमार उपरमा ०६६ सालको देनं. ८५७ को लेनदेन मुद्दा दायर गरी ०६७।३।२० मा र प्र.केदारनाथ सुनारले प्र.विनोदकुमारका उपरमा ०६६ सालको देनं.१६३१ को लेनदेन मुद्दा दायर गरी ०६७।८।१९ मा फैसला भएको मुद्दाहरूमा बिगो कोर्ट फी समेत प्र.विनोदकुमार सुनारबाट भराइदिने भनी फैसला भएको छ । प्र.विनोदले मलाई अंश दिन नपरोस् भन्ने मुरादबाट बेदामे लिखत खडा गरी आफू माथि लेनदेन मुद्दा दायर गर्न लगाई र सो मुद्दाहरूमा समेत प्र.विनोदबाटै सो ऋण कर्जा असुल उपर हुने भनी फैसला भएको अवस्थामा म वादीबाट ऋण तिराउने नियतले कारबाही गर्न लागेको कुरा वादी केदारनाथ सुनार, प्र.विनोद सुनार भएको लेनदेन मुद्दामा बिगो भरिभराउ गर्न दिएको निवेदनमा ७ दिनभित्र हाजिर हुन आउन भनी जारी भएको म्यादमा तामेल भै उक्त फैसलाहरूको तहसिलदारको आदेश र प्र.विनोदकुमार सुनारले दिएको निवेदन र प्र.केदारनाथ सुनारले दर्ता गराएको निवेदन समेतका कागजातको नक्कल सारी लिँदा यकिन हुन आएको । मलाई अंशबाटै वञ्चित गर्ने मनसायले बेदामे लिखत र सोही आधारमा भएको फैसलाले समेत सो दायित्व प्र.विनोदकुमार सुनारले नै बेहोर्नुपर्ने ठहर गरेको र कानुनी प्रावधान लेनदेन व्यवहारको ८।९ समेतले प्रस्ट गर्दछ । प्र.हरूको सो कार्य व्यवहारले गर्दा म अंश हक जस्तो नैसर्गिक हकवाटै वञ्चित हुने अवस्थाको सिर्जना भएको र प्र.हरूको सो कार्यवाट मर्कामा पर्न गै अदालतको शरणमा आएको छु । प्र.हरूलाई तलब गरी सबुद प्रमाण बुझी प्र.हरूले उक्त आपसमा मिलोमतो गरी लेनदेन मुद्दा दायर गरी हारजितको फैसला गराई बिगो भरिभराउ गर्न कारबाही समेत चलाएको हुँदा सो कथित ऋण घरव्यवहार चलाउने प्रयोजनार्थ नलिएको र प्र.हरूले ऋण कर्जा लिखत खडा गरी मबाट समेत ऋण असुल उपर गर्ने मनसायले हालसम्म गरेको कार्य लेनदेन व्यवहारको ८/९ नं.द.स.को २१।२६ नं.को प्रतिकूल भएको र सो ऋणमा मेरो सहमति नभएको र मुद्दाको फैसलाहरूले समेत प्रतिवादी विनोदकुमार सुनारबाटै बिगो भराइदिने भनी फैसला समेत भएको हुँदा लेनदेन व्यवहारको ८/९ नं.द.स.को २१।२६ नं. र कोर्ट फी ऐन २०१७ को दफा ६(ख)(२) वमोजिम सो ऋण प्र.विनोद सुनारले मात्र तिर्नुपर्ने ठहर गरी हक इन्साफ गरी पाऊँ भन्ने समेत व्यहोराको फिराद दाबी ।

अंशको तायदाती फाँटवारीमा पनि भएका ऋणहरूको विवरण आएका सो सबै कुराहरू यी वादीले मौकैमा सुनी फाँटवारी फैसला आदिको नक्कल मौकामा लिई थाहा पाएकोले नक्कल लिई थाहा पाएँ भन्ने दाबी सत्य होइन । वादीको दाबी दण्ड सजायको २६ नं.लेनदेन व्यवहारको ८ नं.अंशबण्डाको १८ नं.समेतको प्रतिकूल भएकोले खारेजभागी छ । अलग अलग धनी ऋणी भै अलग अलग मितिमा भएको लेनदेन कारोबारमा वादीले एकैमा नालेस दिएको अ.वं.७२ नं.को प्रतिकूल भएको र वादीको दाबी कुन ऐनको कुन दफा अनुसार वादीले उपचार पाउने हो । सो पनि यकिन छैन । अ.वं.३६ नं.प्रचलन हुनको लागि उपचार पाउने ऐनमा हदम्याद नभएको अवस्थामा मात्र प्रयोग हुने हो । वादीले दाबीमा लेखेको द.स.को २६ नं.लेनदेन व्यवहारको ८।९ नं.प्रस्तुत मुद्दा लाई सान्दर्भिक छैन । द.स.को. २१ नं.पनि देवानी कार्यविधि अन्तर्गतको होइन र कोर्ट फी ऐन ०१७ को दफा ६(ख)(२) पनि कोर्ट फीको दर कायमको लागि भएको त्यसमा पनि १ देखि १४ सम्म उप-दफाहरू रहेकोमा दाबी ६(ख)(२) को कुन देहाएको हो सो पनि नभएबाट दाबी अस्पष्ट एवं हचुवा भएकोले खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको प्र.केदारनाथ सुनारको प्रतिउत्तरपत्र ।

सगोलमा ऋण लिई आफनो घरव्यवहारको खर्च चलाई पछि विनोदले मात्र ऋण तिर्ने गरी पाऊँ भनी गरिएको दाबी प्रमाण ऐन ०३१ को दफा ३४ र अलग अलग मितिमा भएको लेनदेन अलग अलग धनी भएका लेनदेन कारोबारमा वादीले एउटैमा नालेस दिएको अ.वं.७२ नं.प्रतिकूल भै बादीले कुन ऐनको कुन दफा अनुसार उपचार पाउने हो सो पनि दाबीमा छैन । द.स.को २१/१६ नं.लेनदेन व्यवहारको ८।९ ले प्रस्तुत मुद्दामा सान्दर्भिक छैन । द.स.का. २१ नं.पनि देवानी कार्यविधि अन्तर्गतको होइन । सो नभएबाट दाबी अप्रस्ट एवं हचुवा भएकोले खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको प्र.सुरेशकुमार सुनार, विनोदकुमार टण्डनले फिराएको एकै व्यहोराको प्रतिउत्तरपत्र ।

घर खर्चको जिम्मेवारी म प्र.विनोदकुमार सुनारको उपर पर्न गएको र मैले सातवटी दिदीबहिनीहरूको विवाह तथा आफ्नो विवाह समेत गर्नुपरेको । घर जीर्ण भई जगैदेखि खनाई भत्काई घर बनाउनुपरेको । विवाहमा दाइजो बढी दिनुपर्ने प्रचलनमा रहेको । आमा बाबु प्यारालाइसिस रोगबाट ग्रसित भएकोले मैले नै व्यहोर्नुपरेको हुँदा पैसाको खाँचो पर्छ भन्ने कुरा यी वादीले पनि स्वीकार गरेकी । यिनै वादीले दिएको अंश मुद्दाबाट पनि ऋणहरू सगोलको भएको पुष्टि भएको बाबु गौरीशंकरको मृत्युपछि म प्र.नै मुख्य भई कारोबार गर्दै आएको कुरा वादीको अंश मुद्दाबाट पनि प्रस्टै हुन्छ । वादीको दाबी प्रमाण ऐन ०३१ को दफा ३४ को प्रतिकूल भई खारेज भागी छ खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको प्र.विनोदकुमार सुनारको प्रतिउत्तरपत्र ।

वादी प्रतिवादीका साक्षी बुझ्नू । फिरादपत्रको कागजखण्डमा उल्लिखित लेनदेन मुद्दाका फैसला सहितका मिसिलहरू साथै राख्नू । प्रतिवादीको प्रतिउत्तरपत्रको कागजखण्डमा उल्लिखित वादी सुनीता सुनार, प्र.विनोदकुमार सुनार समेत भएको अंश मुद्दा कुन सालको कति नं.मुद्दा तथा फैसला मिति समेत प्र.हरूवाटै उल्लेख गर्न लगाई सो मिसिल तथा सो मिसिलको फैसला कार्यान्वयनको अंशबण्डा मिसिल समेत साथै राख्नू भन्ने आदेश ।

बुवा बाजेको सुन चाँदीको गहना मर्मतको पसल थियो सो पसल नै आयस्रोतको रूपमा थियो । वादीलाई करिब ३।४ वर्षदेखि चिन्छु ७ वटा दिदीबहिनी छन् । वादी प्रतिवादीको निजी सम्पत्ति सम्बन्धमा मलाई थाहा छैन भन्ने समेत व्यहोराको वादी साक्षी असफाक सिद्दिकीले गरेको बकपत्र ।

मिति मलाई याद छैन । ०६३ र ०६४ सालतिरका हुन् । कुनै कपाली लिखत छन्, कुनै दृष्टिबन्धक पनि छन्, सहमति मञ्जुरी लिएको कुरा थाहा हुने कुरा भएन । बण्डा गर्नुपर्ने सम्पत्तिमा २ वटा घर गगनगन्जका वडा नं.४ को नयाँ बनेको १ वटा घर, नगर अन्तर्गतकै करिब १२ कट्ठा जति जग्गा थियो । ऋण करिब ५२ लाख जति थियो । बाबुआमाको मृत्यु कहिले भयो, मिति याद भएन ७, ८ वर्ष जति भयो होला । वादी प्र.को ७

जना दिदीबहिनी थिए, विवाह मिति मलाई थाहा भएन, सबैको भारतमा विवाह भएको थियो । घर निर्माणको मिति याद छैन, ५।६ वर्ष जति भयो घर बनाएको प्रमाण विनोदसँग हुनुपर्ने हो । ३ वटा दिदीबहिनीको नाम थाहा छैन । विवाह भएको मिति पनि मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्र.को साक्षी मनोज सोनीले गरेको बकपत्र ।

ऋण लेनदेन भएको हो । ऋण तिर्ने दायित्व दुवैको हो । भन्ने समेत व्यहोराको प्र.विनोद कुमार सुनारको साक्षी बद्री कौशलले गरेको बकपत्र ।

आदेश बमोजिमको कागजात मिसिल साथै रहेको ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता भोलासिंह हमालले दावीको लेनदेन मुद्दाहरू वादीले अंश मुद्दा दिई अंश पाउने ठहर भइसकेपछि दायर भै फैसला भएकोले सो मुद्दामा निश्चित भएको दायित्व सम्बन्धित ऋणकर्जाकै मात्र हुन्छ । वादीले सो ऋणको दायित्व तिर्न पर्दैन । वादी दाबी ठहर गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो । प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता अम्बिकाप्रसाद न्यौपानेले वादी र प्रतिवादीमध्ये विनोदकुमार सुनार दाबीको लेनदेनको ऋण लिँदा एकासगोलका छन । एकासगोलमा लिएको ऋणको दायित्व अंशियारले तिर्न नपर्ने भन्न मिल्दैन । वादी दाबी खारेज गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो ।

उपरोक्त बहस समेत सुनी मिसिल संलग्न कागजातहरू अध्ययन गरी प्रस्तुत मुद्दामा वादी दाबी पुग्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा यिनै वादी सुनिता सुनारले प्रतिवादी विनोदकुमार सुनारलाई प्रतिवादी बनाई मिति ०६४।८।४ मा दे.नं.७४-०६४-००४६५-८९९ को अंश मुद्दा दायर गरी यस अदालतबाट वादीले फिराद परेको अघिल्लो दिन अर्थात् ०६४।८।३ लाई मानो छुट्टिएको मिति कायम गरी २ भागको १ भाग अंश पाउने गरी मिति ०६५।८।२२ मा फैसला भइरहेको र प्रस्तुत मुद्दामा वादीले दाबी गरेको ऋणको हकमा साहँका उजुरी परेका बखत कानुन बमोजिम हुने समेत भनी ठहर फैसला भइरहेको पाइन्छ । प्रस्तुत मुद्दामा वादीले दाबी लिएका प्र.सुरेशकुमार सुनारले प्र.विनोदकुमार सुनारका उपर दिएको संवत् ०६६ सालको दे.नं.००४२/८५६ को दृष्टिबन्धकको जग्गा चलन चलाई पाऊँ भन्ने मुद्दा मिति ०६६।४।१५ मा दायर भई मिति ०६७।३।२० मा साँवा रु.६०००००। समेत लिखतको जग्गा चलन चलाइदिने ठहरी फैसला भएको पाइन्छ । यसका अतिरिक्त प्र.विनोदकुमार टण्डनले प्र.विनोदकुमार सुनारका उपरमा दे.नं.१४३५/१६२० को लेनदेन मुद्दा मिति ०६७।३।८ मा दायर गरी साँवा रु.२००००००। समेत प्रतिवादीबाट वादीले भराइलिन पाउने ठहरी मिति ०६७।८।१९ मा प्र.केदारनाथ सुनारले प्र.विनोदकुमार सुनारका उपरमा दे.नं.४३/८५७ को लेनदेन मुद्दा मिति ०६७।४।१४ मा दायर गरी साँवा रु.७०००००। समेत प्रतिवादीबाट वादीले भराई लिन पाउने ठहरी मिति ०६७।३।२० मा प्र.केदारनाथ सुनारले प्र.विनोदकुमार सुनारका उपरमा दे.नं.१४३६/१६३१ को लेनदेन मुद्दा मिति ०६७।३।१८ मा दायर गरी साँवा रु.१००००००। समेत प्रतिबादीबाट वादीले भराई लिन पाउने गरी मिति ०६७।८।१९ मा यस अदालतबाट फैसला भई उक्त फैसलाहरू अन्तिम भएर रहेको पाइन्छ । उक्त लेनदेन तथा दृष्टिबन्धकको जग्गा चलन समेत मुद्दामा वादीले दाबी गरेका मिति ०६४।३।२७ , ०६४।३।२८, ०६३।९।५ र मिति ०६३।१०।२९ का क्रमशः रु.६०००००। को दृष्टिबन्धक लिखत रु.२००००००। को दृष्टिबन्धक लिखत, रु.७०००००। को दृष्टिबन्धक लिखत र रु.१००००००। को कपाली तमसुक लिखतमा यी अंश मुद्दाका बादी सुनिता सुनार साक्षी बसेको वा निजको सो लेनदेन व्यवहारमा सहमति भएको देखिँदैन । यिनै लेनदेन रकम

समेतका सम्बन्धमा उक्त अंश मुद्दाका प्रतिवादीले फाँटवारी देखाएकोमा साहुको उजुरी परेका बखत कानुन बमोजिम हुने तथा सम्बन्धित साहुले दिएको उल्लिखित लेनदेन समेतका मुद्दाहरूको फैसलाबाट समेत साहुले ऋणीसँगबाट नै आफ्नो लेनदेन समेत भराई लिने गरी फैसला भई सो अन्तिम भइरहेको समेत देखिन्छ। उल्लिखित अवस्थामा वादी सुनिता सुनारले अंश मुद्दा दायर गरी फैसला समेत भइसकेपछि अर्थात् मिति ०६६।४।१५ समेतमा लेनदेन मुद्दा दायर भई उक्त मुद्दा फैसला भएको देखिँदा अंश मुद्दा परी अंशमा विवाद रहेको स्थितिमा अंश मुद्दा परेपछि दायर भएको लेनदेन मुद्दामा उक्त अंश मुद्दा पर्नुभन्दा अगाडि दायर भएको लेनदेन मुद्दाको दायित्व मात्र उक्त अंश मुद्दाका वादीले व्यहोर्नुपर्ने समेत भनी स.अ.बुलेटिन २०६६, चैत २ पूर्णाङ्क ४२६ पृष्ठ १० मा प्रतिपादित सिद्धान्त समेतबाट प्रस्तुत मुद्दामा वादीले दाबी गरेका अंश मुद्दा दायर भएपछि परेका लेनदेन समेतका मुद्दाबाट प्रतिवादी विनोदकुमार सुनारले ऋणको दायित्व तिर्ने गरी फैसला भएका दाबीका लेनदेनसँग सम्बन्धित ऋणको दायित्व वादीले व्यहोर्नुपर्ने देखिएन। तसर्थ, वादी दाबी बमोजिम दाबीको लेनदेनको दायित्व वादीले व्यहोर्नु नपर्ने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी अ.वं.१८६ नं.बमोजिम फैसला गरिदिएँ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादीले दाबीमा उल्लिखित लेनदेन मुद्दाको ऋणहरूको दायित्व व्यहोर्न नपर्ने गरी ठहर फैसला भएकोले सो उपर चित्त नवुझे मुलुकी ऐन अ.वं.१९३ नं.का म्याद ३५ दिनभित्र श्री पुनरावेदन अदालत नेपालगन्जमा पुनरावेदन गर्नुहोला भनी प्र.लाई पुनरावेदनको म्याद दिनू ..................१

नक्कल माग्ने सरोकारवालाबाट नियमले लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू ..............................२

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ......................................................३

फाटवाला :- ना.सु.बलबहादुर विष्ट
कम्प्युटर टाइप गर्ने :- हरिमान श्रेष्ठ

**अर्जुन अधिकारी**
**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल वैशाख ५ गते रोज ३ शुभम्...............**

**श्री मकवानपुर जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री टेकनारायण कुँवर**
**फैसला**
**संवत् २०६७ सालको स.दे.नं. ३।४**
**नि.नं. १७७**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| रामेश्वर बर्तौलाको श्रीमती जि.मकवानपुर हे.न.पा वडा नं. ११ घर भई हाल ऐ. गढी गा.वि.स वडा नं. ४ माइतीघर बस्ने पार्वती बर्तौला (चापागाई) ............................१ | चेतनाथ बर्तौलाको छोरा जि.मकवानपुर हे.न.पा वडा नं. ११ बस्ने रामेश्वर बर्तौला ..............१ |
| ऐ को प्रमाण | ऐ को प्रमाण |
| साक्षी ............................ | साक्षी ............................. |
| कागज .......................... | कागज ........................... |

**मुद्दा :- मानाचामल ।**
दायर मिति :- २०६७।५।९

**तथ्य खण्ड**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्त को महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :

**क. संक्षिप्त तथ्य :**

१. मुल पुरुष चेतनाथ बर्तौलाको ६ भाई छोराहरूमा सबै मूल अंशियारहरूबीच अंशबण्डा भई छुट्टीभिन्न भइसक्नुभएको छ। विपक्षी रामेश्वर बर्तौला मेरो पति हुनुहुन्छ। निज पतिसँग २०६३।५।५ गते मेरो प्रेमविवाह भएको हो। हाम्रो दाम्पत्य जीवनबाट १ छोरी निर्मला बर्तौलाको जायजन्म भएको छ। विपक्षी पतिको जेठी श्रीमतीतर्फबाट ३ छोराछोरी रहेको, मलाई घरमा जेठी श्रीमती छ भन्ने कुरा थाहा दिनुभएन। मेरो छोरीको जन्म भएपछि विपक्षी र सौताले हेलाँ गर्दै आए। विपक्षी पति पिताबाट हुनुपर्ने माया ममता, पालन पोषण, औषधि उपचारको दायित्व पाएको छैन। छोरी पनि ठूली भई, पढ्ने बेला भयो, पालन पोषण गर्न मलाई गाह्रो भयो। मलाई नागरिकता बनाइदिनुहोस् भनी छलफल गराउँदा अंश चाहिँदैन भनी कागज गर नत्रभने तिमिलाई अंश दिन र तेरो छोरीको जन्मदर्ता बनाउन म सक्दिन, जे गर्छस् गर भन्नुभयो। मेरो अंश दिनुहोस् भन्दा अंश दिन मलाई कर छैन भनी भन्नुभएकोले विपक्षी पतिका विरुद्धमा मिति २०६७।५।२ गते अंश मुद्दा दिएकी छु। जग्गा रोक्का राख्न भनी मिति २०६७।५।६ गते मा.पो.का. मकवानपुरबाट जग्गा श्रेस्ताको नक्कल सारी हेर्दा विपक्षी पतिले जेठी श्रीमती रमा बर्तौला, छोरीहरू रश्मी र रस्ना बर्तौलालाई २०६३।४।१५ गते र.नं. १९ (ख) बाट बण्डापत्र पारित गरी दिएको कुरा थाहा पाएँ। हामीहरू बीच २ भाग अंशबण्डालगाउनुपर्ने अवस्था छ। विपक्षी पति चितवन जिल्ला वन कार्यालयमा फरेष्टर पदमा कार्यरत हुनुहुन्छ। निजले मासिक रूपमा तलव रु.९,९९९।-, अन्य तलब भत्ता रु.६,०००।- समेत रु.१५,९९९।-

बुझ्नुहुन्छ । घरको खेतीपाती तथा घरभाडाबाट थप रु.१०,०००।- गरी मासिक रु.२५,९९१।- आम्दानी हुन्छ । विपक्षी पतिको आम्दानीलाई ४ भाग लगाउनुपर्ने हुँदा म फिरादीलाई मासिक रूपमा लाग्ने खर्चमा खाना खाजातर्फ रु.२,५००।-, कपडा औषधितर्फ रु.५००।-, कोठा भाडातर्फ रु. ५००।- समेत गरी मासिक रूपमा हुने खर्च रु.३,५००।- ले वार्षिक रूपमा रु.४२,०००।- मानाचामल बापत खर्च दिलाई पाऊँ भन्ने समेत व्यहोराको वादी पार्वती बर्तौला चापागाईको मिति २०६७।५।९ गतेको फिराद पत्र ।

**ख. प्रतिउत्तर जिकिर :**

२. विपक्षीको दाबी झुट्टा हो । छोरी निर्मला म प्रतिवादी रामेश्वर बर्तौला र विपक्षी पार्वती चापागाईको सम्बन्धबाट जन्मिएको समेत होइन । मेरो पत्नी प्रतिवादी रमा बर्तौला हुँदा हुँदै मैले विपक्षी पार्वती चापागाईसँग विवाह गरेको भन्ने कुरासम्म सत्य हो तर विपक्षी पार्वती चापागाई हाल निजको पति बद्री सापकोटाका संगसाथमा रहेकी छन् । निजसँग मेरो विवाह पश्चात् सम्बन्ध राम्रो हुन नसकी सोही मितिबाटै विपक्षी बद्री सापकोटासँग बसेकी हुन् । आफू पहिलाको पतिसंग बसी निजको श्रम खाने गरेकी हुँदा मैले अंश तथा मानाचामल बापत खर्च व्यहोनुपर्ने होइन । विपक्षीहरू आफ्नै पतिकै संरक्षणमा रहेका छन् । निजहरूसँगको नाता सम्बन्ध स्वतः विच्छेद भइसकेको छ । विपक्षीले आफ्नो पति बद्री सापकोटासंग अंश र मानाचामल पाउने हो । मबाट पाउने होइन भन्ने समेत व्यहोराको प्रतिवादी रामेश्वर बर्तौलाको मिति २०६७।६।३ को प्रतिउत्तर पत्र ।

**ग. सम्बद्ध कानुन :**

३. न्याय प्रशासन ऐन, २०४८ को दफा ७, मुलुकी ऐन, २९ र अंशबण्डाको १० नं. ।

**घ. बुझिएका प्रमाणहरू :**

४. यी वादीले प्रतिवादीबाट दैनिक गुजाराको लागि मानाचामल भराई लिन पाउने हो भन्ने समेत व्यहोराको वादीका साक्षी लक्ष्मी थापाले यस अदालतमा गरेको बकपत्र ।

५. वादी घरमा गएर नबसेकी हुँदा मानाचामल भर्नुपर्ने होइन, मानाचामल भर्न त घरमा बस्नुपर्‍यो भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी सावित्री बर्तौलाले यस अदालतमा गरेको बकपत्र ।

६. प्रतिवादीको मासिक तलब भत्ताको सम्बन्धमा जिल्ला वन कार्यालय, चितवनसँग बुझिएको ।

## ठहर खण्ड

७. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद अर्यालले यी वादीलाई इज्जत आमद अनुसार खान लाउन, शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने दायित्व भएको हुँदा दाबी अनुसार मानाचामल भराई दिनुपर्दछ भनी बहस गर्नुभयो । प्रतिवादी तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पुष्कबहादुर थापा क्षेत्रीले यी वादी पार्वती बर्तौलासंग प्रतिवादीको हाल कुनै नाता रिस्ता नभएको हुँदा मानाचामल भराउनुपर्ने होइन भनी बहस गर्नुभयो । विद्वान्हरूले उपरोक्त अनुसार प्रस्तुत गर्नुभएको बहस समेत सुनी मिसिल संलग्न कागज प्रमाण हेरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा मूलतः निम्न प्रश्नमा नै केन्द्रित रही निर्णय दिनुपर्ने देखियो ।

**क. वादी प्रतिवादीबीच नातामा उठेको विवादमा के कसो हुनुपर्ने हो**
**ख. वादीले दाबी बमोजिम प्रतिवादीबाट मानाचामल बापतको खर्च भराई लिन पाउने नपाउने के हो**
**ग. यदि पाउने हो भने के कति रकम भराइ दिनुपर्ने हो**
**घ. भराई पाउने ठहर भएको रकम के, कसरी, कहिलेबाट भराई दिनुपर्ने हो**

८. अब, निर्णयतर्फ प्रवेश गर्नुभन्दा अगाडि सैद्धान्तिक प्रष्टताको लागि मानाचामल **(Alimony)** भनेको भनेको के हो भन्ने सम्बन्धमा संक्षिप्त चर्चा गर्नु प्रस्तुत मुद्दाको परिप्रेक्ष्यमा उपयक्त हुने देखिन्छ। सो तर्फ हेर्दा मानाचामल (**Alimony**) ल्याटिन भाषाको Alimonia बाट आएको शव्द हो। जसको अर्थ "nourishment, sustenance" वा "to nourish" अर्थात् "relating to food, nutrition or digestion" भन्ने हुन्छ। यसको अर्थ "rule of sustenance to assure the wife's lodging, food, clothing and other necessities after divorce" भन्ने पनि हो।[३] मानाचामललाई बेलायतमा "maintenance" र अमेरिकामा "Spousal support" भनिन्छ। ती मुलुकमा पहिला पहिला मुख्यतः वैवाहिक सम्बन्ध विच्छेद पश्चात् पतिको तर्फबाट पत्नीलाई दिइने आर्थिक सहायताको रूपमा मानाचामललाई लिइएको पाइन्छ, जुन तत् सम्बन्धी कानुनद्वारा नै व्यवस्थित रहेको छ। यस सम्बन्धी उठेको विवादमा अमेरिकी अदालतले माना चामललाई निम्नानुसार परिभाषित गरेको छ। "Alimony is “an economic right that arises out of the marital relationship and provides the dependent spouse with a level of support’” that approximates the standard of living that existed during the marriagem"[४]

९. धेरैजसो मुलुकमा खासगरी सम्बन्ध विच्छेदको कानुन (Divorce Law) अथवा पारिवारिक कानुन (Family Law) ले यस विषयलाई व्यवस्थित गरेको पाइन्छ। कतिपय मुलुकमा भने वैवाहिक सम्बन्ध कायमै रहेको अवस्था वा सम्बन्ध विच्छेद पश्चात्को अवस्थामा पतिले पत्नीलाई बहन गर्नुपर्ने कानुनी दायित्वको रूपमा मानाचामललाई लिइने गरेको छ। अमेरिकी सन्दर्भलाई संक्षिप्त अवलोकन गर्दा त्यहाँको सर्वोच्च अदालतले लैंगिक पूर्वाग्रहको विरुद्धमा सन् १९७० देखि नै महत्वपूर्ण आदेशहरू जारी गर्दै आएको छ। जसको फलस्वरूप सन् २००६ सम्म आइपुग्दा मानाचामल भरी पाउने पुरुषको संख्या ३.६ प्रतिशतले वृद्धि भएको छ।[५] म्यासाच्युसेटस् र लुजियाना राज्यमा पूर्व जोडी (Ex-partner) को मानाचामल नयाँ दम्पतीको तलब (Salary) बाट निर्धारण गर्ने गरिन्छ।[६] अमेरिकामा पछिल्लो समयमा कुनै क्षेत्रमा उच्चस्तरको नाम कमाएका तर सम्बन्ध विच्छेद गरेका महिलाहरू जस्तै Britney Spears, Victoria Priciple / Jessica Simpson ले आफ्ना पूर्वपतिलाई मानाचामल बापत लाखौं डलर भक्तानी गरेको उदाहरण छ। यद्यपि ती पतिहरू आफैंमा धनी व्यक्ति थिए।[७] अमेरिकामा पत्नीलाई मानाचामल भराउनुपर्ने विषयलाई निजको "right to support" को रूपमा लिइन्छ, जसमा पतिको दुर्व्यवहारलाई मुख्य आधार मानिएको पाइन्छ। हाल आएर पति पत्नीमध्ये जुनसुकै व्यक्तिले पनि त्यस्तो मानाचामलको दाबी लिन सक्दछन्।

१०. हाम्रो सन्दर्भमा मानाचामलको व्यवस्था आफ्नो अधीनमा पैतृक सम्पत्ति रहेको घरको मुख्य मानिस मूलतः बाबु वा लोग्नेले पत्नी वा छोराछोरीलाई खान लाउन दिए नदिएको कार्यसँग सम्बन्धित छ। यद्यपि मुलुकी

---

३ The Honorable David A Hardy " Neveda Alimony : An Important Policy in Need of a Coherent Policy Purpose, Nevada Law Journal (Winter 2009) 9 Nev.LJ.325 )
४ Mani v. Mani, 183 N.J. 70, 80 (2005) (quoting Stiffler v. Stiffler, 304 N.J. Super. 96, 98 (Ch. Div. 1997)).
५ Raghavan, Anita (2008-04-01) "Men Recieveng Alimony Want a Little Respect, The Wall Street Journal.
६ Walker Adrien (2009-11-13) "Alimony Agony", The Boston Globe; "Wife No.2, Paying for Wife No.1" ?, Join the Club ABC News .
७ "Gal-imony: Celeb Women Who Pay in the Divorce; Role Reversal: Ex Wives Agony Over Paying Alimony, ABC News.

ऐन, अंशबण्डाको १० (ख) नं. ले सो दायित्व खान लाउन नपुग्ने अशक्त बाबुआमालाई खान लाउन दिनु छोराछोरीको पनि कर्तव्य रहन्छ भनी उल्लेख गरेको छ। साथै अंशबण्डाको महलको १० नं. ले आफ्नो श्रीमती र छोराछोरीलाई इज्जत आमद अनुसार खान लाउन दिनुपर्ने, आवश्यकता अनुसार उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था समेत गर्नुपर्ने गरी बाबु र पतिलाई कर्तव्य तोकिदिएको छ। यसरी अंशबण्डाको महलको १०, १० (ख) (ग) र लोग्ने स्वास्नीको महलको २ (क) र (ख) मा मानाचामल सम्बन्धमा लोग्ने र बाबुआमाको दायित्व र छोराछोरीको कर्तव्य समेतको व्यवस्था गरेको पाइन्छ। यसप्रकार मानाचामलको अवस्था त्यस्ता व्यक्तिलाई आई पर्दछ जसलाई आफ्नो आयस्ताले खान लाउन पुग्दैन, जसको आफ्नो हकमा सम्पत्ति रहेको छैन, जसले सम्बन्ध विच्छेद गरेको छ र जसले आफ्नो अंश प्राप्त गरिसकेको छैन।

११. अब, उपरोक्त सैद्धान्तिक विवेचना पश्चात **वादी प्रतिवादीबीच नातामा उठेको विवादमा के कसो हुनुपर्ने हो** भन्ने पहिलो प्रश्नमा विचार गर्दा प्रथमतः यी वादीले प्रतिवादी रामेश्वर बर्तौला उपर निज प्रतिवादीबाट मासिक रु.३५००।- का दरले अंश प्राप्त नगरेसम्म वार्षिक रु.४२,०००।- माना चामल बापत रकम भराई पाउँ भनी प्रस्तुत मुद्दादायर गरेकोमा प्रतिवादीले नातामा नै विवाद उठाई सो दाबीको रकम भराई दिनुपर्ने होइन भनी प्रतिवाद गरेको देखिन्छ। यद्यपि यी प्रतिवादीले वादी पार्वती बर्तौलासँग विवाह भएको तथ्यसम्म स्वीकार गरी हाल निज वादी पुनः आफ्नो पूर्व पति बद्री सापकोटासँगै पत्नीको रूपमा रहे बसेको छन् भनी प्रतिवाद गरेको अवस्था छ। वादी पार्वती बर्तौलाले आफ्नो हकमा यिनै प्रतिवादी उपर छुट्टै अंश र नाबालक छोरीको हकमा छुट्टै मानाचामल मुद्दासमेत दायर गरेको देखिन्छ। उपरोक्त दुवै मानाचामल मुद्दालगाउमा राखी प्रतिवादीको मासिक आयश्रोत यकिन गरी दुवै मुद्दाको हकमा जम्मा रु.६,५००।- प्रतिमहिनाका दरले प्रतिवादीको मासिक तलब भत्ताबाट रोक्का राख्ने आदेश समेत भई सो आदेश कार्यान्वयन भइरहेको अवस्था समेत मिसिलबाट देखिन्छ।

१२. यस अवस्थामा प्रतिवादीले नाताको विवाद उठाई प्रतिवाद गरेकोमा साक्षीहरूको भनाइ, वादीले पेस गरेको विवाह दर्ता र जन्म दर्ताको प्रमाणपत्रलाई आधार मानी यसै लगाउको अंश मुद्दामा यी पक्षहरूबीच पति पत्नीको नाता कायम गरिएको अवस्था समेत रहेको छ। साथै यी वादी प्रतिवादीहरूलाई एकासगोलका अंशियार मानी उक्त अंश मुद्दामा तायदाती फाँटवारी माग गर्ने आदेश समेत भएको छ। जुन आदेशलाई प्रतिवादीले चुनौती नदिई स्वीकार गरी बसेको अवस्था छ। अंश मुद्दामा दुवै पक्षबाट तायदाती फाँटबारी समेत पेस भएको छ। सो सन्दर्भलाई प्रस्तुत मुद्दामा महत्वपूर्ण रूपमा विचार गर्नुपर्ने अवस्था रहेको छ। यसप्रकार वादी प्रतिवादीको बीचमा प्रतिवादीले नातामा विवाद उठाई मुख नमिलेको भए पनि अंश मुद्दामा भएको उपरोक्त आदेशानुसार यी वादी प्रतिवादीहरू लोग्ने स्वास्नी नाताका व्यक्ति नै हुन् भन्ने प्रमाणित भएकोले निजहरूबीच पुनः नाताको विवाद कायम रहने अवस्था भएन। अतः यी वादी प्रतिवादीहरू पति पत्नी नाताका व्यक्ति हुन् भन्ने तथ्य निर्विवाद रूपमा स्थापित भइसकेकोले प्रस्तुत मानाचामल मुद्दामा नातामा उठेको विवादलाई अंश मुद्दामा भएको पूर्व आदेशानुसार समाधान भएको मान्नुपर्ने हुन्छ।

१३. यस पश्चात्, लगाउको अंश मुद्दामा वादी प्रतिवादीहरू सगोलका अंशियार कायम गरी मुद्दाको थप प्रक्रिया अघि बढाइसकेको अवस्थामा **प्रतिवादीबाट वादीले मानाचामल बापतको खर्च भराई लिन पाउने नपाउने के हो** भन्ने दोस्रो प्रश्नमा निर्णय दिनुपर्ने भएको छ। यस सन्दर्भमा हेर्दा यी वादी हाल आफ्नो पति रामेश्वर बर्तौलाबाट अपहेलित भएर माइतीमा बस्न बाध्य भएको स्थिति देखिन्छ। निजको साथमा नाबालक छोरी समेत रहेकी छन्। निजको कुनै आयश्रोत वा पेसा व्यवसाय रहे भएको भन्ने देखिँदैन। प्रतिवादीले अंश मुद्दादायर गरी आफ्नो अंश हक माग गरिरहेको अवस्था छ। अंश प्राप्त गर्न अनिश्चित समयसम्म पर्खनुपर्ने

कानुनी बाध्यता रहेको छ। यसो त अंश मुद्दामा विशेष गरी अंशियारहरू यकिन गरी वादीको भागमा पर्ने अंश हकको सम्पत्ति छुट्याइदिने दिलाउने कार्य मात्र गरिन्छ भने मानाचामल मुद्दामा वादी प्रतिवादीहरूको आर्थिक हैसियत समेतलाई विचार गरी सगोलका अंशियारहरूबाट वादीलाई भरणपोषणको लागि आवश्यक पर्ने मानाचामल भराउने कार्य गरिनुपर्दछ। तसर्थ मानाचामल सगोलको समग्र सम्पत्तिको आयश्रोतलाई समेत मध्यनजर राखी भराउने कार्य हो। यसमा अंश मुद्दामा जस्तो अंश भाग छुट्याउने कार्यको रूपमा मानाचामललाई हेरिँदैन।

१४. कुनै पनि सगोलको अंशियारले उसको परिवारको अन्य सदस्य सरह इज्जत आमद अनुसार खान लाउन पाउनु निजको कानुनी एवम जन्मसिद्ध अधिकारको कुरा हो। यस अधिकारलाई हाम्रो मुलुकी ऐन, अंशबण्डाको १० नं. र लोग्नेस्वास्नीको २ नं. ले समेत संरक्षण गरेको पाइन्छ। त्यसकारण सगोलको परिवारले आफू जस्तै सगोलको अर्को सदस्यलाई इज्जत आमद अनुसार खान लाउन दिनुपर्ने विषय कानुनी दायित्व मात्र होइन कर्तव्यको रूपमा समेत रहेको पाइन्छ। सो कानुनी कर्तव्य पूरा नगरेको अवस्थामा अंश नै दिनुपर्दछ। तर त्यसरी अंश प्राप्त गर्ने प्रक्रिया लामो र झन्झटिलो छ। अतः सो सन्दर्भलाई समेत हेर्दा समान हक अधिकार भएका परिवारका सदस्यमध्ये कसैले आफ्नो पैत्रिक सम्पत्तिको निर्बाध उपभोग गरिरहेको अवस्था कायम हुनु र कसैले घरमा नै बस्न नसक्ने स्थिति सिर्जना हुनु अत्यन्त संवेदनशील एवम् विचारणीय प्रश्न हो। प्रस्तुत मुद्दामा यी वादीले आफूप्रतिको दुर्व्यवहारको कारण घर छाड्न बाध्य भई आफ्नो अंश भागको याचना गरिरहेको अवस्था छ। तर कानुनको औपचारिक प्रक्रिया पूरा गरी सो अंश भाग प्राप्त गर्न लामो समय पर्खनुपर्ने बाध्यता भएकोले अन्तरिम राहतको रूपमा मानाचामल जस्तो कानुनी उपचारको माध्यमबाट वादी पक्षको बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्नुपर्ने अवस्थालाई यस अदालतले संवेदनशील भएर मनन गर्नुपर्ने हुन्छ। सो संवेदनशीलताको अभावमा यी वादीको जीवनको अधिकार नै कुण्ठित हुन पुग्दछ। तसर्थ वादीले आफ्नो अंश हक छुट्याई उपभोग गर्न नपाएसम्मलाई निजको परिवारको आर्थिक हैसियत समेत विचार गरी मानाचामल बापत रकम भराई दिनु न्यायोचित हुन्छ भन्ने मेरो दृष्टिकोण रहेको छ। यसै प्रसंगमा सर्वोच्च अदालतबाट मेनका बस्नेत समेत विरुद्ध सुजन बस्नेत समेत भएको मानाचामल भराई पाऊँ भन्ने मुद्दामा निम्न बमोजिम व्याख्या भएको पाइन्छ। जुन व्याख्या प्रस्तुत मुद्दामा पनि सान्दर्भिक हुने देखिन्छ।[८]

"छोराको स्वास्थ एवम् शिक्षा दीक्षामा परिवारको संरक्षक रहेका सासू ससुरा तथा पतिले विशेष ध्यान पुर्‍याउनुपर्ने अवस्थाबाट परिवारका अग्रजहरू नै विमुख हुन चाहने हो भने पनि उनीहरू आफ्नो जिम्मेवारीबाट मक्त हुन सक्दैनन्। उनीहरूले आफूलाई तोकिएको साथसाथै कानुनी बाध्यताहरू पूरा गर्नुपर्ने।"

"बण्डा नछुट्याएसम्म अंश बापतको सम्पत्ति वास्तविकतामा उपभोग गर्न पाउने अवस्था नै नहुने हुँदा फैसला मितिसम्मको मात्र मानाचामल भराउनु तर्कसंगत एवम् विवेक संगत नहुने।"

"तथ्यगत रूपमा अंश पाई नसकेको एवम् नाबालक छोराको भरणपोषण, शिक्षा, स्वास्थ्यका लागि दैनिक रूपमा रकमको आवश्यकता पर्ने नै हुँदा यस प्रयोजनका लागि समेत मानाचामल बापत केही रकम भरी पाउनु अनिवार्य आवश्यकताको रूपमा रहने।"

१५. मानाचामल जस्तो कुरा सर्सरती हेर्दा साधारणजस्तो देखिने तर महिला र पुरुषबीचको समानताको हक सम्बन्धी प्रश्न समावेश भएको र मानिसको बाँच्न पाउने अधिकार (Right to Life) सँग जोडिएको विषय हो। यसलाई अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको परिप्रेक्ष्यमा समेत आत्मसात् गरिनु आवश्यक छ। यस सिलसिलामा हेर्दा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, 1948 (Universal Declaration of Human

८ ने.का.प. 2066, अंक 12, पृ. 1994

Rights, 1948) ले सबै मानव कानुन समक्ष समान हुने र कानुनको समान संरक्षणको अधिकार हुने कुराको उद्‌घेष गरेको छ। यसै अनुसार महिला र पुरुष मानव भएको नाताले सबै अधिकार समान रूपमा उपभोग गर्न योग्य, सक्षम र स्वतन्त्र छन्। मानव अधिकारको उक्तघोषणापत्रको धारा १ ले मानिसलाई आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। त्यस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, 1966 (International Convention on Civil 7 Political Rights, 1966) को धारा २६ मा सवै व्यक्तिहरू कानुनको दृष्टिमा समान छन् र कुनै भेदभावबिना कानुनको समान संरक्षणका हकदार छन् भन्ने उल्लेख छ। त्यस्तै नागरिकलाई सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति यस महासन्धिले गरेको छ। सोही महासन्धिको धारा ६ ले जीवनको अधिकार (Right to Life) लाई प्रत्याभूति दिएको छ। महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (Convention on Elemination of all forms of Discrimination Against Women) १९७९ ले महिला तथा पुरुषको बीचमा रहेका सवै प्रकारका भेदभावलाई उन्मूलन गर्ने र उनीहरूबीच सबै क्षेत्रमा समानता कायम गर्ने उद्देश्य लिएको छ। उक्त महासन्धिको धारा १ मा मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहे तापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई क्षति वा शून्यकरण गर्ने कार्यलाई अस्वीकार गरेको छ। त्यस्तै उक्त महासन्धिले धारा ७ मा महिला विरुद्ध सामाजिक जीवनमा हुने भेदभाव अन्त्य गर्ने व्यवस्था समेत गरिएको पाइन्छ। सोही महासन्धिको धारा १५ ले पक्ष राष्ट्रहरूले महिलाहरूलाई कानुनको दृष्टिमा पुरुष सरहको समानता प्रदान गर्नेछन् भन्ने व्यवस्था गरेको छ। उक्त धारा १५(२) मा महिलालाई सम्पत्ति संचालन गर्न पाउने समान अधिकारको प्रत्याभूति गरिएको छ। सोही महासन्धिको धारा १६ को उपधारा (१) (ग) मा विवाह पश्चात्को अवस्थामा समान अधिकार तथा उत्तरदायित्वहरू सुनिश्चित गर्नुपर्ने दायित्व राज्यलाई तोकिएको छ। त्यस्तै धारा १६ को (१) (ज) मा "सम्पत्तिको स्वामित्व प्राप्ति व्यवस्थापन, संचालन, भोगचलन र बेचबिखनका सम्बन्धमा निःशुल्क वा मूल्यवान प्रतिफल बापत जे भए पनि पति र पत्नी दुवैको समान अधिकार हुने" उल्लेख छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले सम्पूर्ण नागरिकलाई समानताको अधिकार र संरक्षण समेतको प्रत्याभूति दिएको छ। हाम्रो संविधानको प्रस्तावनाले मानव अधिकारको संरक्षण गर्ने प्रतिबद्धता जनाएको छ। समानताको अधिकार कुनै पनि प्रजातान्त्रिक राष्ट्रको कानुनी राज्यको मेरुदण्ड हो। यसरी उपरोक्त संवैधानिक व्यवस्था र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा उल्लिखित व्यवस्थाबाट परिवारको साझा सम्पत्तिमा परिवारकै सदस्य रहेको पत्नीको नाताले यी वादीको समान अधिकार उपलव्ध नभएसम्मका लागि सोही सम्पत्तिको प्रतिफलको रूपमा मानाचामलको माध्यमबाट अन्तरिम राहत स्वरूप केही रकम भरी पाउने अख्तियारी निजलाई रहने हुन्छ। यसरी उपरोक्त प्रावधानहरूले सबै व्यक्तिबीच कानुनको समान प्रयोग हुनुपर्ने र विशेषगरी महिलालाई सम्पत्ति सम्बन्धी अधिकारमा पुरुष सरह समान व्यवहार गर्ने, पुरुष सरह महिलाले पनि समान हक उपभोग गर्न पाउने तथा भेदभाव गर्न नहुने र मानिसको बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्ने दायित्व सो महासन्धिका पक्ष राष्ट्रहरूलाई सुम्पिएको छ। नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र भएकोले सो महासन्धिमा व्यवस्थित प्रावधानलाई विशेष महत्वका साथ हेरिनु आवश्यक छ।

१६. विवाहको नाताले श्रीमतीले र जन्मको नाताले छोराछोरीले पति वा बाबुआमाबाट अंश पाउने भए तापनि पति र बाबुआमाले कानुनले तोकेको सर्त पूरा गरुन्जेल त्यस्तो अंशमा दाबी गर्न नसक्ने हो। प्रस्तुत मुद्दामा यी प्रतिवादीले अंशबण्डाको १० नं. मा व्यवस्थित कानुनले तोकेको सर्त पूरा गरेको अवस्था मिसिल प्रमाणबाट पुष्टि हुन आउँदैन। यसरी समान हक अधिकार भएका परिवारका सदस्यमध्ये कसैले आफ्नो पैत्रिक सम्पत्तिको निर्बाध उपभोग गरिरहेको अवस्था हुनु र यी वादीले अदालत समक्ष आफ्नो अंश भाग दिलाई पाऊँ भनी

याचना गरिरहेको तर कानुनको औपचारिक प्रक्रिया पूरा गरी सो अंश भाग प्राप्त गर्न लामो समय पर्खनुपर्ने बाध्यता रहेकोले अन्तरिम राहतको रूपमा निजलाई मानाचामलको रकम भराई दिनुपर्ने हुन्छ। यदि तत्काल अन्तरिम राहतको व्यवस्था वादीलाई नहुने हो भने निजको सम्मानपूर्वक बाँच्न पाउने हक कुण्ठित हुन पुग्दछ। तसर्थ आफ्नो अंश हक निजले प्राप्त गरी उपभोग गर्न नपाएसम्मलाई मानाचामल बापत वादी प्रतिवादीको आर्थिक हैसियत समेत विचार गरी भराई दिनु न्यायोचित हुन्छ। प्रस्तुत मुद्दामा फिराद दाबीमा अंशबण्डाको महलको १० नं. समेतको आधारमा मानाचामलको दाबी लिएको, सो नं. मा प्रतिवादीलाई खानलाउन नदिए अंश दिनुपर्ने बाध्यता रहेको तथा यी वादीले वास्तविक रूपमा अंश पाई उपभोग नगरेको अवस्थासम्म मानाचामल भराई दिनुपर्ने अनिवार्यतालाई माथि उल्लिखित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी व्यवस्था र सर्वोच्च अदालतले गरेको सैद्धान्तिक विवेचना समेतका आधार तथा कारणहरूबाट वादीले प्रतिवादीबाट मानाचामल भराई पाउने ठहर्छ।

१७. यसका अतिरिक्त प्रस्तुत मुद्दामा **यदि मानाचामल भराई पाउने हो भने के कति रकम भराई दिनुपर्ने हो** भन्ने तेश्रो प्रश्नको सन्दर्भमा बीचार गर्नुपर्ने भएको छ। यस सन्दर्भमा रहेको एरिजोना राज्यस्थित अमेरिकी अभ्यासलाई हेर्दा निम्न लिखित आधारहरूलाई मानाचामल निर्धारण गर्ने मानक तत्वको रूपमा लिइएको पाइन्छ। जुन हाम्रो सन्दर्भमा पनि कतिपय अवस्थामा अनुकरणीय र सान्दर्भिक हुन सक्दछ।[९]

- 10 Lacks sufficient property to provide for his or her reasonable needs; or
- 20 Is unable to support himself or herself through appropriate employment or is the custodian of a child whose age is such that the custodian should not be required to seek employment outside the home; or
- 30 Contributed to the educational opportunities of the other spouse; or
- 40 Had a marriage of long duration and is of an age which May preclude the possibility of gaining employment adequate to support himself or herself.
- The maintenance order shall be in such a.ounts and for such periods of time as the court deems just, without regard to marital misconduct, and after considering all relevant factors including:[10]
- 10 The standard of living established during the marriage;
- 20 The duration of the marriage;
- 30 The age and employment history and earning ability and physical condition of the spouse seeking maintenance;
- 40 The ability of the spouse from whom maintenance is sought to meet his or her needs while meeting those of the spouse seeking maintenance;
- 50 The comparative financial resources of the spouses including their co.parative earning abilities;
- 60 The contribution of the spouse seeking maintenance to the earning ability of the other spouse;
- 70 The extent to which the spouse seeking .aintenance has reduced his or her income or career opportunities for the benefit of the other spouse;
- 80 The ability of both parties after the dissolution to contribute to the future educational costs of their mutual children;
- 90 The financial resources of the party seeking .aintenance and that party's ability to meet his or her needs...

मानाचामलको रकम निर्धारण गर्दा यसको उद्देश्य र पक्षको अन्तर्निहित आवश्यकतालाई समेत विचार गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा अमेरिकी अदालतको दृष्टिकोण यस्तो छ।

---

९ See at http://www.tedlock.com/faq/alimony.html, visited onMarch 19, 20012.

१० The monthly amount and length of time for payment of spousal maintenance is based on these factors. The judge considers the length of time that the spouse receiving the spousal maintenance will need to become employable and/or self-supporting, if this is possible.

"The goal of a proper alimony award is to assist the supported spouse in achieving a lifestyle that is reasonably comparable to the one enjoyed while living with the supporting spouse during the marriagem"[11]

"The objective of alimony is the continuation of a standard of living enjoyed by the parties prior to the separation and the obligation of the supporting spouse should be set at a level that would maintain that standard. Both parties have the right to live that lifestyle, finances permitting."[12]

"The primary source to be considered in setting the amount of alimony is the supporting spouse's incomem Central factors to be considered in awarding alimony are the duration of the award and the need for one spouse to receive and the other to pay."[13]

यसप्रकार अमेरिकी अभ्यासमा मानाचामलको रकम निर्धारण गर्दा मुख्यतः निम्नलिखित कुराहरूलाई मुख्य रूपमा नै मध्यनजर गर्ने गरेको पाइन्छ ।[१४]

- The actual need and ability of the parties to pay;
- The duration of the marriage or civil union;
- The age, physical and emotional health of the parties;
- The standard of living established in the marriage or civil union and the likelihood that each party can maintain a reasonably comparable standard of living;
- The earning capacities, education levels, vocational skills, and employability of the parties;
- The length of absence from the job market of the party seeking maintenance; and
- The parental responsibilities for the children.

१८. प्रस्तुत मुद्दामा माथि पहिलो र दोश्रो प्रश्नमा विवेचित आधारहरू समेतबाट प्रतिवादीले वादीलाई दैनिक भरणपोषण, जीवनयापन र स्वास्थ समेतका कुराहरूलाई आफ्नो आर्थिक हैसियत अनुसार पूरा गर्नुपर्ने दायित्वलाई इन्कार गर्न वा पन्छाउन मिल्ने देखिँदैन । मानाचामल बापतमा के कति भराई दिने भन्ने सन्दर्भमा निजको परिवारको आयश्रोत र हैसियतलाई समेत विचार गरी निर्णय गर्नुपर्ने हुन्छ । वादीले आफ्नो फिराद दाबी अनुसार मासिक रु.३,५०००।- का दरले मानाचामल भराई पाउँ भन्ने दाबी लिएको अवस्था छ । वादीको आफ्नै मासिक आयश्रोत भने केही पनि देखिन आउँदैन । प्रतिवादीको आर्थिक अवस्था हेर्दा निज हाल चितवन जिल्ला वन कार्यालयको फरेष्टर पदमा कार्यरत रहेको देखिन्छ । निजको उक्तसरकारी सेवा स्थायी प्रकृतिको भएकोले सोबाट हुने आय आर्जन निरन्तर र सुनिश्चित छ । यी प्रतिवादीको उमेर अनुसार तत्काल रिटायर्ड हुने स्थिति पनि देखिँदैन । निजले जम्मा जम्मी मासिक रु.८,९००।- तलब, रु.९८०।- ग्रेड, रु.१,२००।- भत्ता र दैनिक रु.७४।३३ (मासिक रु.२,२२९।९०।- रासन बापत भक्तानी पाउने गरेको स्थिति निज कार्यरत कार्यालयबाट प्राप्त विवरणमा खुलाइएको पाइन्छ । उक्तअनुसार प्रतिवादीले रु.१३,३०९।९०।-क मासिक आयआर्जन गर्ने देखिन्छ । सो मासिक आयमा दशैं खर्च, तालिम भत्ता, फिल्ड भत्ताजस्ता संभावित आयश्रोतहरू जोडिएको छैन । निज प्रतिवादीको अन्य खेती र घरभाडा समेतको आयस्ता खुलाईएको स्थिति वादीले गरेको कागजबाट देखिए तापनि त्यसलाई प्रतिवादीले इन्कार गरेको अवस्था छ । यद्यपि प्रतिवादीको उपरोत्त। जिकिरबाट घर वासका लागि भाडा तिर्नुपर्ने अवस्था नरहेको र केही खर्च यी प्रतिवादीको घर खेतीबाट पनि प्राप्त हुन सक्ने नै हुन्छ भनी अनुमान गर्न सकिन्छ ।

१९. उपरोक्त आधारहरूबाट निज प्रतिवादीको माथि उल्लिखित सरकारी सेवाबाट हुने मासिक आम्दानीलाई नै मुख्य र सुनिश्चित आयश्रोत मान्नुपर्ने हुन्छ । यसैलाई मध्यनजर राखी तलब रोक्का गर्ने त्राममा यी वादीको हकमा प्रतिमहिना रु.३,५००।- का दरले तलब समेत रोक्का राखिएको अवस्था विद्यमान छ । अत। उपरोक्त

११ Crews v. Crews, 164 N.J. 11, 16 (2000), available at http://www.matrimoniallawnj.com/alimony/
१२ Innes v. Innes, 117 N.J. 496 (1990); Lepis v. Lepis, 83 N.J. 139 (1980).
१३ Steneken v. Steneken, 183 N.J. 290, 299 (2005).
१४ Available at http://www.matrimoniallawnj.com/alimony/ (visited on March 20, 2012)

वस्तुगत अवस्था समेतलाई मध्यनजर राखी यी वादीलाई निजले यिनै प्रतिवादी समेत उपर दिएको अंश मुद्दाअन्तिम किनारा भई कानुन बमोजिम आफ्नो अंश चलन छुट्याई नलिएसम्मका लागि फिराद परेको मितिदेखि नै वादीले प्रतिवादीबाट मासिक रु.३,५००।- का दरले मानाचामल बापतको रकम भराई दिने ठहर्छ ।

२०. अब अन्त्यमा, **भराई पाउने ठहर भएको रकम के, कसरी, कहिलेदेखि भराई दिनुपर्ने हो** भन्ने अन्तिम प्रश्नमा छलफल गरौं । माथि नै व्याख्या गरिए बमोजिम मानाचामल जस्तो विषय मानिसको जीवनको अधिकार जस्तो आधारभूत मानवअधिकारको रूपमा जोडिएको विषय भएको हुनाले वादीले यस्तो विषयमा तत्काल कानुनी उपचार प्राप्त गर्नुपर्ने आवश्यकतालाई यस इजलासले गम्भीरतापूर्वक लिएको छ । अंश वा अन्य मुद्दाजस्तो तह तह प्रकृया पूरा गरी अन्तिम किनारा लागेपछि मात्र मानाचामल भराई पाउने हुन्छ भन्ने हो भने वादीको बिहान बेलुका हातमुख जोर्ने समस्यासँग सम्बन्धित रहेको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सारभूत संरक्षण हुन सक्दैन । सो अधिकारको वास्तविक प्रत्याभूतिको लागि वादीले तत्काल मानाचामल बापतको रकम भराई पाउनुपर्ने नै हुन्छ । सो भरी पाउनको निम्ति कुनै समयावधि पर्खिरहनुपर्ने अवस्थाको कुनै औचित्य रहँदैन । वादी पक्षको हातमुख जोर्ने समस्यासँग सम्बन्धित रहेको विषय हुनाले मानाचामलको रकम भराई पाउन पुनरावेदनको अवस्था नाघ्नुपर्ने गरी यस प्रकृतिका मुद्दामा भरि भराउको म्याद तोकिनु मानवीयताको दृष्टिकोणबाट समेत उपयक्त हुन आउँदैन । यदि पुनरावेदन तहबाट यस अदालतले भरी भराउ गर्नुपर्ने भनी ठहराएको मानाचामलको रकम थप घट हुन गएमा अंशतर्फ वादीले पाउने सम्पत्तिबाट सोको हिसाब मिलान हुन सक्ने नै हुँदा निज वादीलाई तत्काल राहत स्वरूप माथि ठहर भएको मानाचामल रकम यसै फैसलाको आधारमा तत्कालै भराई दिन मुनासिब ठहर्छ ।

२१. यसै आधारभूत अधिकारलाई महसुस गरेर विधायिकाले यस्ता मुद्दालाई संक्षिप्त कार्यविधि अन्तर्गत राखी न्याय निरोपण हुनुपर्ने कानुनी व्यवस्थाको परिकल्पना गरेको हो । यस परिप्रेक्ष्यमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूलाई समेत मध्यनजर राख्नुपर्ने हुन्छ । यसैत्रममा माथि उद्धृत गरिएको **उर्मिलादेवी विश्वकर्मा**को मुद्दामा "विधायिकाले अंश मुद्दालाई भन्दा मानाचामल मुद्दालाई प्राथमिकता दिई छिटोछरितो किनारा गर्नुपर्ने गरी संक्षिप्त कार्यविधि अन्तर्गत समेटेको पाईन्छ । यस्तो छिटो छरितो किनारा गर्नुपर्ने प्रकृतिको मानाचामल मुद्दामा अंश मुद्दामा जस्तो अंशभाग यकिन गरिरहनु नपर्ने हुँदा वादीको अंश भाग के कति हुने हो भन्ने प्रश्न उठाउन र निरोपण गर्न मिल्दैन । केवल प्रतिवादीहरूले वादीलाई इज्जत आमद अनुसार खानलाउन दिएको छ छैन भन्ने यकिन गर्ने र नदिएको भए मानाचामल भराई दिने विषय संन्निहित रहेको हुन्छ"[१५] भनी व्याख्या गरेको पाइन्छ ।

२२. अतः माथि विवेचित सम्पूर्ण आधारहरूबाट यी वादीलाई फिराद परेको मितिदेखि नै लागू हुने गरी कानुनी प्रत्रिया पूरा गरी आफ्नो अंश छुट्याई नलिएसम्म दैनिक जीवनयापन गर्नको लागि आवश्यक आर्थिक आधारको तत्काल प्रत्याभूति हुन अनिवार्य भएकोले प्रस्तुत मुद्दामा प्रतिवादीको रोक्का राखिएको तलबमध्येबाट माथि ठहर भएको रकम रु.३,५००।- तीन हजार पाँच सय) का दरले प्रत्येक महिना यी वादीले पाउने गरी बुझाइदिनू र सोको भर्पाई यस अदालतमा पठाइदिनू भनी सम्बन्धित कार्यालयमा जानकारी गराइदिने ठहर्छ । यदि यी प्रतिवादीको अन्यत्र सरुवा भएमा सोही कार्यालयबाट फैसलाले तोकिदिएको रकम भराई दिनुपर्ने भनी निजको रमानापत्रमा उल्लेख गर्नू भनी सो कार्यालयलाई जानकारी गराई हालसम्म रोक्का भएको रकमको हकमा यी वादीलाई सो रकम एकमुष्ट बुझाइदिनू भनी सम्बन्धित कार्यालयमा आजै पत्र लेखी सो रकम सम्बन्धित व्यक्तिलाई बुझाएको भर्पाईको प्रतिलिपि यस अदालतमा पठाइदिनू भनी लेखी पठाइदिने समेत

---

१५ ने.का.प. २०६३, अंक १०, पृ. १३१७

ठहर्छ । वादीले अंश नपाउँदैको स्थितिमा प्रतिवादीले कुनै कारणबस आफ्नो पदबाट अवकास लिएमा उक्त अनुरुप तोकिएको रकम निजले अवकाश पश्चात पाउने सुविधा लगायत अन्य सम्पत्तिबाट भराई लिन पाउने ठहर्छ । सो ठहर्नाले अरू तपसिलमा लेखिए बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम फैसला गरी दिएको छु ।

## तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादी पार्वती बर्तौला चापागाई) ले आफ्नो अंश भाग छुट्याई नलिएसम्म फिराद परेको मिति २०६७।५।९ देखि मासिक रु.३,५००।- तीन हजार पाँच सय. का दरले प्रतिवादी रामेश्वर बर्तौला कार्यरत रहेको कार्यालय जिल्ला वन कार्यालय, चितवनमा यस अदालतका आदेशले मिति २०६७ साल असोज देखि रोक्का रहेको रकम समेतबाट भराई लिन पाउने र निज त्यस कार्यालयबाट अन्यत्र कार्यालयमा सरुवा भई गएमा रमानापत्रमा तोकिएको रकम भराई दिनुपर्ने भनी उल्लेख गरी रमाना दिने गरी र निजले अवकाश पाए पश्चात् पाउने सुविधा लगायत अन्य सम्पत्तिबाट समेत मानाचामल बापत उल्लिखित रकम भराई लिन पाउने ठहरेकाले रोक्का रहेको रकम समेतबाट हालसम्मको एकमुष्ट रकम र त्यसपछि प्रत्येक महिना उल्लिखित रकम वादीलाई बुझाई भर्पाई यस अदालतमा पठाइदिनू भनी सम्बन्धित कार्यालयलाई पत्र लेखी पठाइदिनू ..........................१

फिराद दर्ता गर्दा राखेको कोर्ट फी रु.१,५३०।- अन्य दस्तुर रु.१८।- समेत जम्मा रु.१,५४८।- वादीले प्रतिवादीबाट भराई लिन पाउने हुँदा पुनरावेदनको अवस्था नाघेपछि उल्लिखित रकम भराई पाऊँ भनी प्रतिवादीको यसै सरहदको जेथा देखाई कोर्ट फी ऐन, २०१७ को दफा १५ (११) का म्यादभित्र वादीको दरखास्त परे प्रतिवादीबाट वादीलाई कोर्ट फी भराइदिनू .........................................................................................................२

यस अदालतको इन्साफमा चित्त नबुझे कानुनका म्याद ३० दिनभित्र श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्नुहोला भनी अ.व. १९३ नं. बमोजिम प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू ..........................................३

सरोकारवालाले नक्कल माग्न आए कानुनको रीत पुऱ्याई नक्कल दिनू ..................................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख फाँटमा बुझाइदिनू ........................५

**डि.कपिल अर्याल**
**कम्प्युटर टाइप गर्ने टा.ना.सु शोभा थापा**
**मुद्दाफाँट (क)**
**पाना १३ को फैसला**

**न्यायाधीश**

**इति संवत् २०६८ साल पौष महिना २० गते रोज ४ शुभम् ..........।**

# श्री महोत्तरी जिल्ला अदालत
## इजलास
## माननीय जिल्ला न्यायाधीश नरिश्वर भण्डारी
## आदेश
## रिट नं. :-३७-०६८-०००३३

**मुद्दा :- निषेधाज्ञा ।**
**निर्णय नम्बर :- ४२**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जिल्ला महोत्तरी खैरबनी गा.वि.स. वा नं.१ हाल ३ मा बस्ने प्रेमलाल ठाकुरको छोरा वर्ष ५५ को चन्देश्वर ठाकुर ........................................१ | जिल्ला महोत्तरी खैरबनी गा.वि.स.वा.नं.१ हाल ३ मा बस्ने रामअशिष राय यादवको छोरा वर्ष ४५ को प्रमेश्वर राय यादव ..........................................१ |
| | जिल्ला प्रशासन कार्यालय महोत्तरी .......................२ |
| | जिल्ला प्रहरी कार्यालय महोत्तरी ..........................३ |
| | इलाका प्रहरी कार्यालय महोत्तरी ..........................४ |
| | ऐ.का स. इन्चार्ज ..........................................५ |
| | ऐ.का प्र.ह. प्रमोद यादव ..................................६ |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ (२) अन्तर्गत परेको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ ।

म निवेदकको श्रीमती बदनियादेवी हजामनीको नाममा रहेको जिल्ला महोत्तरी गा.वि. स.खैरवनी वा.नं.९(घ) कि.नं. २९४ को ०-१-० जग्गामा  आँप, कटहर, सिमलको मोटो मोटो रूखहरू रहेकोमा विपक्षी प्रमेश्वर राय यादवले २०६९।३।१० गते बिहान ८.०० बजेको समयमा उक्त जग्गा र सोमा भएका रूखहरू कब्जा खिचोला गर्नुभई विपक्षी इलाका प्रहरी कार्यालय खैरबनीका इन्चार्ज तथा विपक्षी प्र.ह. प्रमोद यादवलाई प्रभावमा पारी उक्त जग्गामा भएको दुईवटा रूखहरू काट्नुभएकोले सो रूखहरू काटेको विषयमा निज इन्चार्ज तथा प्र.ह.लाई भन्दा बढी नबोल् बोलिस् भने थुनिदिन्छु भनी २०६९।३।२३ गते निज विपक्षी प्र.ह.ले बोलाई मलाई विपक्षी स.इन्चार्ज कहाँ लगी निजले मलाई तिमीले २० वर्षपहिले उक्त जग्गा बेचेका छौ, हाल परमेश्वर यादवलाई उक्त जग्गा पास गरिदेउ, १० दिनको समय दिएको छु, लिखत पास गरी दिएनौ भने दण्डस्वरूप रु.४०,०००।- तैंले तिर्नुपर्नेछ भनी मलाई छाडिदिएकाले उक्त जग्गा पास गराइदिने, नगरिदिए थुन्नेजस्ता कारबाही गर्ने अधिकार विपक्षीहरूलाई नरहेको भए पनि सो काम कारबाही विपक्षीहरूले गर्ने प्रबल सम्भावना भई नागरिक अधिकार ऐन, २०१२ को दफा ३, ६(६) ले प्रदान गरेको मेरो हक विपक्षीहरूबाट कुठाराघात हुने प्रवल सम्भावना रहेको हुँदा म निवेदकलाई नथुन्नु, लेनदेन र जग्गाजस्ताको विषयमा कारबाही नगर्नु, कुनै कागज नबनाउनु, नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी सोही ब्यहोराको निषेधाज्ञाको आदेशसमेत जारी गरी पाऊँ भन्ने निवेदकको निवेदन पत्र ।

विपक्षीहरूबाट लिखित जवाफ मगाउनु र सुविधा सन्तुलनसमेतको आधारमा अन्तरिम आदेश जारी हुनु उपयुक्त रहेको देखिँदा लिखित जवाफ नपरेसम्म वा लिखित जवाफ पर्ने अवस्था व्यतीत नभएसम्मको अवधिको लागि कानुनबमोजिमबाहेक लेनदेन सम्बन्धमा निवेदकलाई पक्राउ नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १८ञ बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ भन्ने यस अदालतको मिति २०६९।३।३१ को आदेश ।

विपक्षी रिट निवेदकले रिट निवेदन मार्फत दाबी लिए अनुसार कानुन विपरीत अन्य विपक्षीसँग मिलेमतो गरी धाक धम्की दिने दिलाउने, जग्गा पास गराई दिने तथा पक्राउ गरी ल्याउने निर्देशन समेत यस कार्यालयबाट नभएको नगरिएकोले यस कार्यालयसमेतलाई विपक्षी बनाई दिएको झुट्टा व्यहोराको कपोलकल्पित रिट निवेदन खारेज गरी पाऊँ भन्ने जिल्ला प्रशासन कार्यालय महोत्तरीको लिखित जवाफ ।

निवेदकले मिति २०५६।११।१ मा रु.४०,०००।- बुझी लिई दाबीको जि.म.खैरवनी गा.वि.स.वा.नं.९(ख) कि.नं.२९४को जग्गा मेरो नाममा राजीनामा गरी दिने वाचा गर्नुभएको हुँदा सोही मितिदेखि मैले रूख बिरुवा लगाई भोग चलन गरी आएको छु । विपक्षीलाई उक्त जग्गा रजिस्ट्रेसन पारित गरी दिनु भन्दा विपक्षीले मेरो ज्यान मारी फाली दिने धम्की दिएको सम्बन्धमा इलाका प्रहरी कार्यालय खैरवनीमा शान्ति सुरक्षाको लागि निवेदन दिएको छु । निज निवेदकलाई कसैले पक्राउ गरेको, थुनामा राखेको, धाक धम्की दिएको छैन । गाउँ समाजमा छलफल हुँदा विपक्षी स्वयंले रु.४०,०००।- जग्गा बापत लिएको फिर्ता गरिदिन्छु, जग्गा पारित गरी दिन्न भनी गाउँ समाजको सामुन्नेमा राजी खुसीसाथ सहीछाप गर्नुभएको छ । विपक्षीले जग्गा खिचोलामा मुद्दा नगरी रिट निवेदन दिएको र जारी भएको अन्तरिम आदेश विपरीत रहेकोले खारेज गरी पाऊँ भन्ने प्रमेश्वर राय यादवको लिखित जवाफ ।

जि.म. खैरवनी वा.नं. ३ बस्ने प्रमेश्वर राय यादवले ऐ.बस्ने चन्देश्वर ठाकुर हजाम समेतलाई विपक्षी बनाई कुटपिट गरी ज्यान मार्ने तात्पर्य गरेकोले शान्ति सुरक्षा प्रदान गरी पाऊँ भनी यस कार्यालयमा दिएको निवेदनको सन्दर्भमा दुवै पक्षलाई यस कार्यालयमा मिति २०६९।३।१२ मा उपस्थितिको लागि जानकारी गराउँदा कुनै पक्ष यस कार्यालयमा हाजिर नभएका र मिति २०६९।३।२३ गतेका दिन सो गाउँको स्थानीय भद्रभलाद्मीहरू बसी छलफल गरी दुवै पक्षलाई मञ्जुर गराई निर्णय गरी यस कार्यालयमा ल्याए पश्चात् अब आइन्दा शान्ति सुरक्षामा खलल नपर्ने गरी ब्यहोरा दर्शाई दुवै पक्षको मञ्जुरीले कागजसम्म गराएको हो, निवेदकलाई थुनेको छैन, कुनै व्यक्तिको नामको दर्ता जग्गा अरूको नाममा रजिस्ट्रेसन गर्ने कार्य जग्गाधनीको इच्छा अनुसार मात्र हुने हुँदा विपक्षीको हक भोगमा प्रभाव पर्ने कुनै कार्य नभएकोले विपक्षीले सम्मानित अदालतलाई भ्रममा पारी कपोलकल्पित ब्यहोरा दर्शाई दिएको निवेदन खारेज गरी पाऊँ भन्ने इलाका प्रहरी कार्यालय खैरवनीको लिखित जवाफ ।

विपक्षी चन्देश्वर ठाकुरलाई यस कार्यालयबाट पक्राउ गरी थुन्ने जस्ता कार्य नभएको र निज उपर कोही कसैको निवेदन समेत यस कार्यालयमा नपरेको हुँदा यस कार्यालयलाई विपक्षी बनाइरहन नपर्ने अवस्थामा विपक्षी बनाई दिएको निवेदनको ब्यहोरा भ्रमित र झुट्टा एवं कपोलकल्पित हुँदा खारेज गरी पाऊँ भन्ने जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्र.उ.सुरज के.सी.को लिखित जवाफ ।

निर्णयार्थ पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट विद्वान् अधिवक्ता श्री रामशंकरप्रसाद साह र विपक्षी सरकारी निकायका तर्फबाट विद्वान् जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम र विपक्षी परमेश्वर राय यादवका तर्फबाट विद्वान् अधिवक्ता श्री योगनारायण यादवले गर्नुभएको बहस समेत सुनी मिसिल अध्ययन गरी हेर्दा निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने, नपर्ने सम्बन्धमा निर्णय गर्नुपर्ने हुन आयो ।

निर्णयतर्फ विचार गर्दा विपक्षीहरूले २०६९।३।२३ गतेका दिन इलाका प्रहरी कार्यालय खैरवनीमा बोलाई रु.४०,०००।- दस दिनभित्र तिर्नुपर्ने भन्ने ब्यहोराको लेनदेन सम्बन्धी कारबाही गरी नागरिक अधिकार ऐन, २०१२ को दफा ६(६) र १२ बमोजिमका हकाधिकारमा कुठाराघात हुने प्रवल आशंका भएकोले निवेदकसँग लेनदेन र जग्गाको विषयमा कारबाही नगर्नु, कुनै कागज नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश सहितको निषेधाज्ञा जारी गरी पाऊँ भन्ने निवेदन दाबी र निवेदकको हकमा आघात पुऱ्याउने काम नभएको भन्ने जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको तथा निवेदकले जग्गा पारित गरी दिने भनी रुपैयाँ लिई जग्गा पनि पारित नगरेको, रुपैयाँ पनि फिर्ता नगरेको र सो गर्न अनुरोध गर्दा इन्कार गरी ज्यान मार्नेसम्मको धम्की दिई असुरक्षा भएकोले शान्ति सुरक्षाको लागि निवेदनसम्म दिई त्यसमा कारबाही भएको हो भन्ने व्यहोराको विपक्षी परमेश्वर राय यादवको लिखित जवाफ देखिन्छ ।

इलाका प्रहरी कार्यालय खैरवनीको लिखित जवाफबाट २०६९।३।२३ गतेका दिन गाउँका स्थानीय भद्र भलाद्मीसहित निवेदक र परमेश्वर यादवलाई सो कार्यालयमा बोलाई शान्ति सुरक्षामा खलल नपर्ने गरी मञ्जुरीको कागज गराइएको भन्ने समेतको ब्यहोरा उल्लेख गरी सो लिखित जवाफसाथ परमेश्वर राय यादवले दिएको निवेदन र सो कार्यालयमा भएको रु.४०,०००।- निवेदकले विपक्षी परमेश्वर राय यादवलाई फिर्ता गर्ने ब्यहोराको कागजको प्रतिलिपि समेत पेस भएको अवस्था छ । सो मेलमिलापको कागजमा "१५ वर्ष पहिला म निवेदक चन्देश्वरले परमेश्वर रायसँग जग्गा बापतको रकम रु.४०,०००।-लिएको उक्त पैसा मात्र फिर्ता गर्छु जग्गा रजिस्ट्री गर्दिन भनेमा उक्त रुपैयाँ आज मिति २०६९।२।२३ गते सहमति भएको मितिबाट १० दिनभित्रमा फिर्ता गर्नेछु" भन्ने समेत व्यहोरा परेको देखियो । यसरी यी निवेदक र विपक्षी परमेश्वर राय यादवबीच जग्गाको रजिस्ट्रेसन र लेनदेन समेतका विषयमा भएको विवादका सम्बन्धमा इलाका प्रहरी कार्यालय खैरवनीमा कागज गराई सहमति भएको भन्ने देखियो । कानुनतः इलाका प्रहरी कार्यालयलाई लेनदेन र जग्गाका विषयमा निवेदन लिई कारबाही गर्ने अधिकार रहँदैन । कागजको ब्यहोराबाट निवेदक उपर तोकिएको अवधिभित्र र तत्पश्चात् पनि रकम बुझाउन पर्ने प्रवल आशंकाको अवस्था रहेको देखियो ।

तसर्थ कानुन विपरीत हुने गरी निवेदकलाई लेनदेन र जग्गाको विषयमा कुनै कारबाही नगर्नु र धर पकड नगर्नु नगराउनु भनी विपक्षी इलाका प्रहरी कार्यालय खैरवनीका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ । आफ्नो मातहत इलाका प्रहरी कार्यालयले लेनदेन र जग्गाको विवादको विषयमा कारबाही गर्न नपाउने हुँदा सो नपाउने विषयमा स्पष्ट निर्देशन दिने प्रयोजनका लागि जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय महोत्तरीको ध्यानाकर्षणको लागि लेखी पठाउने समेत ठहर्छ । सोको जानकारी जिल्ला सरकारी वकिल कार्यालय महोत्तरी मार्फत लेखी पठाई दिनू । प्रस्तुत आदेशमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्न जानु भनी अ.वं. १९३ नं. बमोजिम विपक्षीहरूलाई पुनरावेदनको म्याद दिनू । सरोकारवालाले प्रस्तुत आदेशको नक्कल मागे नियमानुसार सारी सराई दिनू र प्रस्तुत रिट निवेदनको दायरीबाट लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

आदेश तयार गर्ने फाँट डी. बद्रीप्रसाद पोखरेल ।

**न्यायाधीश**

**इति संवत् २०६९ साल भाद्र २१ गते रोज ५ शुभम् ............**

Serial No. 37-II

Mailing Address:
**National Judicial Academy (NJA)**
Hariharbhawan, Lalitpur, Nepal
Tel: 977-1-5549057/5549067
Fax: 977-1-5530662
E-mail: info@njanepal.org.np
URL: njanepal.org.np